CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काव्य १८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१४२

# सरल
# नेपाली शब्दकोश

रत्न पुस्तक भण्डार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Dic. ~~75~~
74

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# सरल नेपाली शब्दकोश

सम्पादन :
अनुभवी उपप्राध्यापक

रत्न पुस्तक भण्डार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्ण आरक्षित

प्रकाशक
रत्न पुस्तक भण्डार
भोटाहिटी, काठमाडौं ।
फोन ११८१८

प्रथम संस्करण : २०३६ वि. सं.

मूल्य २६।-

5646

मुद्रक
रूपायन प्रेस
ढोकाटोल, काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# प्रस्तावना

भाषाको अध्ययन तथा ज्ञान-सञ्चयका क्रममा शब्दकोशको हत्त्वपूर्ण भूमिका हुन्छ । नेपाली भाषाका शब्दकोश दुई हातका औंला भाँच्न किने स्थितिमा छन् । यसैले नेपाली भाषामा विभिन्न दृष्टिकोणले ब्दकोशको सम्पादन हुनु वाञ्छनीय छ । त्यसै क्रममा प्रस्तुत कोश पनि ाएको छ ।

यस कोशको मुख्य उद्देश्य लेख्य रूपमा प्रयुक्त हुने नेपाली ाषालाई बुझन, तिनको अर्थ ठम्याउन र भाषाको खुटकिलो उक्लन सघाउ ्याओस् भन्ने हो । विद्यालयदेखि क्याम्पससम्ममा पढ्ने छात्रछात्राहरूलाई ध्ययनमा सुविधा प्राप्त होस् भन्ने दृष्टि पनि यसमा रहेको छ । यसै शैक्षिक योजनका निम्ति पछाडि रूपान्तरित शब्द (अंग्रेजीबाट नेपालीमा) पनि िइएका छन् ।

प्रस्तुत कोश सरल र उपयोगी होस् भन्ने कुरामा ध्यान रहेको र शब्दसङ्कलनमा पनि प्रचलित तथा लेखाइमा प्रयुक्त हुन सक्ने शब्दमा शेष जोड दिइएको छ । वर्णविन्यासका रूप तथा अर्थ दिंदा पनि सकभर ्ी क्रमको अनुसरण गरिएको छ । क्रियाका शब्दमा साधित रूप छुट्टै नदिई ्ी अपवादबाहेक मूल क्रिया मात्र समावेश गरिएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो 'सरल नेपाली शब्दकोश' को सम्पादन गर्दा पूर्व प्रका
नेपाली भाषाका शब्दकोशहरू, श्री ५ को सरकारद्वारा तयार पारि
रूपान्तर गरिएका शब्दहरू, हिन्दी-अंग्रेजीका शब्दकोश र पत्र-पत्रिकाबाट
यथायोग्य सहयोग मिलेको छ । त्यसका निम्ति सम्बन्धित सबैप्रति प्रस्तुत
ऋणी छ ।

सीमित साधन र सहयोगका भरमा कोशजस्तो गहन वि
तयार पार्नु निश्चय नै कठिन हुन्छ तापनि सम्पादनका निम्ति यसमा प्रश
पसीना परेको छ । त्यस आधारमा प्रस्तुत कोश सर्वसाधारण विद्यार्थीहरू
निकै उपयोगी होला भन्ने पूर्ण आशा लिइएको छ । भाषाप्रेमी अध्येताहरू
स्नेह, शुभेच्छा र सुझाव पाएमा आगामी संस्करणमा अझै पूर्णता र परिष्
लिएर आउने कुरामा यो विश्वस्त पनि छ । अस्तु ।

—सम्पा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# सङ्केतसूची

| | | |
|---|---|---|
| अ० क्रि० | — | अकर्मक क्रिया |
| अव्य० | — | अव्यय |
| उप० | — | उपसर्ग |
| क्रि० यो० | — | क्रियायोगी |
| ना० | — | नाम |
| प्रत्य० | — | प्रत्यय |
| वि० | — | विशेषण |
| वि० बो० | — | विस्मयादिबोधक |
| संयो० | — | संयोजक |
| स० क्रि० | — | सकर्मक क्रिया |
| सर्वना० | — | सर्वनाम |

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरल नेपाली शब्दकोश : १–६३९
रूपान्तरित शब्दहरू : ६३९–६७२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# सरल
# नेपाली शब्दकोश

## अ

अ–देवनागरी वर्णमालाको पहिलो स्वर-वर्ण, उच्चारणस्थान कण्ठ ।

अ–(अव्य०) बेवास्ता वा नाइँ जनाउने शब्द । (उप०) शब्दका अगाडि लागी अभाव, भिन्नता आदि बुझाउने शब्द । जस्तै- अयोग्य, अबाटो, अमिल्दो आदि ।

अँ–(वि० बो०) कुराको मर्म बुझ्दा स्वीकार, सम्झना आदि जनाउने शब्द ।

अँकाइ–(ना०) आँक्ने किसिम, काम वा भाव ।

अँगरखा–(ना०) बाहिरपट्टि लाउने कोटका किसिमको लामो लुगा ।

अँगार–(ना०) गोल; कोइला; अङार ।

अँगारे–(वि०) अँगारसरिको कालो ।

अँगालाइ–(ना०) अँगाल्ने किसिम, काम वा भाव ।

अँगालिनु–(स०क्रि०) अँगालो हालिनु; अँगालो मार्नु; शरणमा लिइनु ।

अँगालो–(ना०) दुई हातले खाम्ने फेरो; दुवै हातले बेरी छातीमा लगाउने काम; अङ्कमाल ।

अँगाल्नु–(स० क्रि०) प्रेमपूर्वक अँगालो हाल्नु; आलिङ्गन गर्नु; अँगालोमा लिनु; ग्रहण गर्नु ।

अँगुठी–(ना०) औंठी ।

अँगेठी–(ना०) आगो राख्ने भाँडो; मकल ।

अँगेरी–(ना०) एक जातको रूख ।

अँगोछा–(ना०) आङ पुछ्ने रुमाल; गम्छा ।

अँचेटाइ–(ना०) अँचेट्ने किसिम, काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वा भाव ।

**अँचेट्नु**–(स० क्रि०) बल गरेर च्याप्नु; ठेल्नु; किच्नु ।

**अँजुली**–(ना०) दुई हात मिलाएर कोप्रो पार्दा बन्ने आकार; दुनोका आकारको हात; त्यसमा अटाउनेजति वस्तु ।

**अँजुल्नु**–(स० क्रि०) अँजुली पार्नु; अँजुलीले हुत्याउनु; अँजुलीमा भर्नु ।

**अँटाइ**–(ना०) आँट्ने किसिम, काम वा भाव ।

**अँठिलो**–(वि०) आँट भएको; दह्रो, बलियो, आँटिलो ।

**अँठ्याइ**–(ना०) अँठ्याउने किसिम, काम वा भाव ।

**अँठ्याउनु**–(स० क्रि०) फुत्कन नसक्ने गरी समात्नु; करेप्नु; थिच्नु ।

**अँडीर**–(ना०) एक प्रकारको वृक्ष वा त्यसको फल ।

**अँडुवा**–(वि०) आँडे; नसुमरेको ।

**अँडेरी**–(ना०) अँडीर ।

**अँधेर**–(ना०) अँध्यारो ।

**अँधेरी**–(वि०) अँध्यारो; कृष्णपक्षको (रात)। (ना०) नसधिएको पशुको आँखामा लाउने पर्दा ।

**अँध्यार**–(ना०) उज्यालो नहुनु; अन्धकार ।

**अँध्यारखाउडे**–(वि०) अँध्यारो अनु- हारको; अँध्यारमुखे ।

**अँध्यारमुखे**–(वि०) अँध्यारो मुख भएको ।

**अँध्यारो**–(ना०) अन्धकार; प्रकाश नहुनु; मलिनता; अज्ञान; नैराश्य। (वि०) उज्यालो नभएको; चहक नभएको; निस्तेज ।

**अंश**–(ना०) टुक्रा; भाग; पैतृक सम्पत्तिको भागबन्डा ।

**अंशतः**–(अव्य०) केही अंशमा ।

**अंशपत्र**–(ना०) बन्डापत्र ।

**अंशबन्डा**–(ना०) पैतृक सम्पत्ति भाइ-भाइका बीचमा भागबन्डा गर्ने काम ।

**अंशभागी**–(ना०) अंशियार ।

**अंशियार**–(ना०) अंश पाउने कानुनी अधिकार पाएको व्यक्ति ।

**अंशुमाली**–(ना०) सूर्य ।

**अइना**–(ना०) ऐना; दर्पण ।

**अऋणी**–(वि०) ऋण नभएको; ऋण तिरिसकेको ।

**अकड**–(ना०) आफ्नो कुरामा अडेर नछाड्नु; जिद्दी; ढिपी ।

**अकडिनु**–(अ० क्रि०) आफ्नो विच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



र कुरामा अड्नु; डटेर रहनु; ठर्रो हुनु ।

**अकडचाइ**–(ना०) अकडिने किसिम वा काम ।

**अकण्टक**–(वि०) कुनै प्रकारको बाधा-अड्काउ नभएको; निर्विघ्न; काँढा नभएको ।

**अकथनीय**–(वि०) अकथ्य; भन्न-बताउन नसकिने ।

**अकथित**–(वि०) नभनिएको ।

**अकथ्य**(वि०)-भन्न नहुने ।

**अकबर**–(ना०) भारतमा मध्यकालमा राज्य गर्ने तेस्रा मुगल सम्राट् ।

**अकबरी**–( वि० ) उम्दा; उत्तम; असल; नम्बरी ।

**अकबरे**–(ना०) ज्यादै पीरो खालको खुर्सानी ।

**अकमकाइ**–( ना० ) अकमकाउने किसिम, काम वा भाव ।

**अकमकाउनु**–(अ० क्रि०) अकमक्क हुनु; अकमकाउने काम गरिनु; अलमलिनु ।

**अकमक्क**–(क्रि० यो०) वाल्ल; जिल्लं; छक्क; पक्क ।

**अकम्पित**–(वि०) नकामेको; स्थिर ।

**अकर**–(वि०) हात नभएको; कर नलागेको ।

**अकरकला**–(ना०) एक किसिमको बूटी वा बनस्पति औषधी ।

**अकरण**–(ना०) व्याकरणमा निषेध वा अस्वीकार जनाउने अंश ।

**अकरणीय**–(वि०) गर्न नहुने; अकर्तव्य ।

**अकर्ण**–(ना०) अकर्न । (वि०) कान नभएको; बहिरो ।

**अकर्तव्य**–(वि०) गर्न अनुचित; गर्न नहुने ।

**अकर्न**–(ना०) अड्डा-अदालतमा हाल र साबिकका कर्मचारीहरूद्वारा बरबुझारथ गरी लेखिने भर्पाई ।

**अकर्म**–(ना०) गर्न नहुने काम; कुकर्म ।

**अकर्मक**–(वि) व्याकरणका नियमानुसार कर्म नहुने क्रिया ।

**अकर्मण्य**–(वि०) अल्सी; निष्क्रिय; अयोग्य ।

**अकर्मी**–(वि०) काम नगर्ने; पापी ।

**अकल**–(ना०) तुरुन्तै उत्पन्न हुने विचार; समझ; बुद्धि; विवेक ।

**अकलङ्क**–( वि० ) कलङ्करहित; निर्दोष ।

**अकलङ्कित**–(वि०)निष्कलङ्क; निर्दोष ।

**अकलदार**–(वि०)बुद्धि-विवेकले युक्त;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अकल भएको ।

**अकलमन्द**–(वि०) बुद्धिमान्; चतुरो ।

**अकल्पित**–(वि०) नचिताइएको; कल्पना नगरिएको ।

**अकल्याण**–(ना०) अहित; खराबी; कुभलो ।

**अकस्मात्**–(क्रि० यो०) एकाएक; अपर्झट; अचानक ।

**अकाट्य**–(वि०) काट्न नसकिने; टुक्र्याउन नहुने; अखण्डनीय; दह्रो ।

**अकाट्यता**–(ना०) अकाट्य हुनाको भाव ।

**अकाण्ड**–(वि०) हाँगाबिगा नभएको । (क्रि० यो) अकस्मात्, अचानक ।

**अकाम**–(ना०) खराब काम, दुष्कर्म; निष्काम । (वि०) कामना नभएको; इच्छारहित ।

**अकामी**–(वि०) काम नगर्ने; रतिराग नभएको ।

**अकार**–(ना०) स्वरवर्णको पहिलो अक्षर; 'अ' अक्षर । (वि०) बेकार ।

**अकारण**–(क्रि० यो०) विनाकारण; व्यर्थ । (वि०) कारण नभएको ।

**अकारादि**–(वि०) 'अ'-बाट प्रारम्भ भएको ।

**अकारादिक्रम**–(ना०) 'अ'-बाट प्रारम्भ भएको क्रम ।

**अकारान्त**–(वि०) अन्त्यमा 'अ' भएको ।

**अकार्थ**–(क्रि० यो०) व्यर्थ; बिनसित्ति ।

**अकार्य**–(वि०) गर्न नहुने । (ना०) खराब काम ।

**अकाल**–(ना०) बेमौका; कुसमय; अनिकाल ।

**अकाल-कुसुम**–(ना०) असमयमा फुलेको फूल ।

**अकाल-मृत्यु**–(ना०) उमेर नपुगी भएको मृत्यु; दुर्घटनाबाट भएको मृत्यु ।

**अकास**–(ना०) आकाश ।

**अकासद्वीप**–(ना०) आकाशद्वीप ।

**अकासिनु**–(अ० क्रि०) आकाशमा उचाइमा पुग्नु; माथि-माथि जानु ।

**अकासी**–(वि०) आकाशको जस्तै रङ्ग भएको; आकाशतिर हेरिरहने ।

**अकासे**–(वि०) उड्वा तालको; आकाश रङ्गको; अस्मानी ।

**अकास्याइ**–(ना०) अकासिने किसिम वा काम ।

**अकिञ्चन**–(वि०) धन-सम्पत्ति नभएको; गरीब; कङ्गाल; त्यागी ।

**अकिल**–(ना०) अकल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अकीर्ति–(ना०) खराब कुरा फैलिनु; कुख्याति; नराम्रो काम ।

अकुटिल–(वि०) सोझो; निष्कपट ।

अकुण्ठ–(वि०) प्रवाह नरोकिएको ।

अकुण्ठित–(वि०) नरोकिएको ।

अकुलाइ–(ना०) अकुलाउने किसिम, काम वा भाव ।

अकुलाउनु–(स० क्रि०) आकुलव्याकुल हुनु; आत्तिनु ।

अकुलीन–( वि० ) नराम्रो कुलको; छोटो खानदानको ।

अकुशल–(वि०) कौशलरहित; सीप नभएको; अशुभ; अभागी ।

अकृत–( वि० ) नगरिएको; नबनाएको ।

अकृतज्ञ–(वि०) अर्काले गरेको उपकार नसम्झने; कृतघ्न; बेगुनी ।

अकृतार्थ–(वि०) कामबाट असन्तुष्ट; अरूको उपकारबाट प्रसन्न नभएको ।

अकृत्य–(वि०) गर्न नहुने; अकर्तव्य । (ना०) अपराध, नराम्रो काम ।

अकृत्रिम–(वि०) प्राकृतिक; स्वाभाविक; साँचो; जस्तो छ त्यस्तै ।

अकेला–(वि०) एकलो; ठिङ्गो; साथी नभएको ।

अकौशल–(ना०) सीप नहुनु; चतुरताको अभाव ।

अक्कनबक्क–( क्रि० यो० ) वाल्ल; जिल्ल; अलमल्ल ।

अक्कर–(ना०) भीर, पहिरो वा खोंच; अप्ठ्यारो स्थिति ।

अक्करिलो–( वि० ) अक्करजस्तो; अप्ठ्यारो ।

अक्कल–(ना०) अकल ।

अक्कली–(वि०) अकल भएको; अकलदार ।

अक्कास–(ना०) आकाश ।

अक्किल–(ना०) अकल ।

अक्टोबर–(ना०) ईसवी वर्षको दशौं महीना ।

अक्रनु–(अ० क्रि) कक्रिनु; कक्रक्क पर्नु ।

अक्रम–(वि०) क्रम नमिलेको ।

अक्रिय–(वि०) सुस्त; निष्क्रिय; राम्रो काम नगर्ने ।

अक्रूर–( वि० ) दयालु; कमलो । (ना०) कृष्णका कान्छा बाबु ।

अक्रोध–(वि०) सहिष्णु; रिस नभएको । ( ना० ) सहिष्णुता; रिस नहुनु ।

अक्रोधी–( वि० ) सहिष्णु; क्रोध नभएको ।

अक्लान्त–( वि० ) नथाकेको; नओइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लाएको ।

**अक्लेश**–( वि० ) दुःखरहित; क्लेश नभएको । (ना०) दुःख नहुनु; कष्ट नहुनु ।

**अक्ष**–( ना० ) पासा; आंखा आदि; धुरा; गाडा; अक्षरेखा ।

**अक्षत**–(ना०) देवताको पूजामा प्रयोग हुने चामल, अछेता; जौ। (वि०) घा-चोट नलागेको ।

**अक्षता**–(ना०) पूजालाई छुट्ट्याइएको चामल; सग्लो चामल; अछेता ।

**अक्षम**–( वि० ) क्षमता नभएको; असमर्थ ।

**अक्षम्य**–( वि० ) क्षमा गर्न वा सहन नसकिने ।

**अक्षय**–(वि०) नाश नहुने; अविनाशी । (ना०) ईश्वर ।

**अक्षय-तृतीया**–(ना०) वैशाख शुक्ल तृतीया (सर्बत-पानी आदि खाइने चाड) ।

**अक्षर** (ना०) वर्ण; अकारादि अक्षर; अ-आ, क-ख इत्यादि । (वि०) नाश नहुने; अविनाश ।

**अक्षरक्रम**–(ना०) अकारादिक्रम ।

**अक्षरजीवी**–(ना०) लेख्ने पेशा भएको व्यक्ति ।

**अक्षरविन्यास**-( ना० ) वर्णविन्यास; हिज्जे ।

**अक्षरशः**–(अव्य०) अक्षर-अक्षर गरेर; एक-एक गरी ।

**अक्षरारम्भ**–(ना०) पढाइको आरम्भ; पढाइको शुरू ।

**अक्षरेखा**–( ना० ) उत्तरी ध्रुवबाट दक्षिणी ध्रुवसम्म खिचिएको कल्पित रेखा ।

**अक्षांश**–(ना०) पूर्वबाट पश्चिमतिर गएको कल्पित भौगोलिक रेखा ।

**अक्षि**–(ना०) आंखा; लोचन ।

**अक्षुण्ण**–( वि० ) जस्ताको तस्तो; सग्लो; पूरा ।

**अक्षौहिणी**–(ना०) निश्चित संख्यामा मनुष्य, घोडा, रथ, हात्ती इत्यादि समावेश भएको सैन्यसमूह ।

**अक्सर**–(क्रि० यो०) प्रायः; धेरैजसो; फन्डै ।

**अक्सिजन**–(ना०) प्राणवायु ।

**अखटो**–( ना० ) रूख, भीर, पहरो आदि चढ्न सजिलो होस् भनेर बनाइएको खोपा; खुड्किलो; डोरी आदिको भऱ्याङ ।

**अखट्ट**–( क्रि० यो० ) चौपट्ट; बिछट्ट; ज्यादै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अखडा**–( ना० ) कुस्ती खेल्ने स्थान; जोगी बस्ने स्थान; पुलिस चौकी; नियत स्थान ।

**अखण्ड**–(वि०) अटूट; सग्लो; सिङ्गो। ( क्रि० यो० ) निरन्तर; लगातार; ज्यादै ।

**अखण्डनीय**–( वि० ) छुट्ट्याउन वा खण्डन गर्न नसकिने ।

**अखण्डित**–( वि० ) नटुटेको; सग्लो; खण्डन नगरिएको ।

**अखबार**–(ना०) समाचारपत्र; खबर-कागत ।

**अखबारी**–(वि०) अखबारसँग सम्बन्धित; अखबारको ।

**अखाडा**–(ना०) अखडा ।

**अखाडिया**–( वि० ) पहलमानीमा सिपालु; अखाडामा प्रसिद्ध ।

**अखाद्य**–(वि०) खान नहुने । (ना०) कुअन्न ।

**अखानु**–( ना० ) कचकच; करकर; घोचपेच; अप्ठ्यारो स्थिति ।

**अखिल**–( वि० ) समस्त; सम्पूर्ण; सबै ।

**अखिलेश**-( ना० ) परमेश्वर; सबैका मालिक ।

**अख्तियार**–(ना०) अधिकार; हैकम ।

**अख्तियारनामा**–(ना०) अधिकारपत्र ।

**अख्तियारवाला**–( वि० ) अधिकार पाएको; हैकम चलाउन सक्ने ।

**अख्तियारी**–( ना० ) अधिकार; अख्तियार ।

**अखृनु**–(अ० क्रि०) अलि-अलि सुक्नु; दरसुको हुनु ।

**अखृाइ**–(ना०) अखृने किसिम, काम वा भाव ।

**अखिृनु**–(अ० क्रि०) अखृनु ।

**अख्यृाइ**–( ना० ) अखिृबे किसिम वा काम ।

**अगडमबगडम**–(ना०) खत्र्याकखुत्रुक, जेतेमेते । (क्रि० यो०) जथाभावी ।

**अगणित**–( वि० ) गन्न नसकिने; अनगिन्ती; असङ्ख्य; नगनिएको ।

**अगण्य**–(वि०) असङ्ख्य; नगण्य ।

**अगति**–(ना०) खराब गति; दुर्गति; मृत्युउपरान्तको परिणाम; अकालमृत्यु ।

**अगम**–(वि०) जान नसकिने; दुर्गम; जान्न-बुझ्न नसकिने; धेरै ।

**अगम्य**–(वि०) अगम ।

**अगम्या**–(वि०) परम्परा, नियम, धर्म र कानूनले सम्भोग गर्न नहुने ।

**अगरु**–(ना०) धूपी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अगलबगल**–(ना०) दायाँ-बायाँको ठाउँ; छरछिमेक ।

**अगल्चो**–(वि०) अधकल्चो; अपूर्ण ।

**अगस्त**–(ना०) ईसवी वर्षको आठौं महीना ।

**अगस्ति**–(ना०) एक प्रसिद्ध ऋषि । (वि०) जति खाए पनि नअघाउने; खन्चुवा ।

**अगस्त्य**–(ना०) अगस्ति; एक प्रसिद्ध तारा ।

**अगाडि**–(ना० यो०) सामुन्ने; अगिल्तिर; अगि ।

**अगाध**–(वि०) गहीरो; गम्भीर; अपार; अथाह ।

**अगावै**–(क्रि० यो०) पहिले नै ।

**अगि**–(क्रि० यो०) पहिले; उहिले । (ना० यो०) सामुन्ने; मुखेम्जी ।

**अगिल्तिर**–(ना० यो०) सामुन्ने; रोहबरमा ।

**अगिल्लो**–(वि०) पहिलोचाहिं; सम्मुखको ।

**अगुण**–(वि०) निर्गुण; अज्ञ । (ना०) अवगुण ।

**अगुणी** (वि०) निर्गुणी ; अनपढ ।

**अगुल्टो**–(ना०) बल्दो दाउरा; बलेको काठ ।

**अगुवा**–(वि०) अगि लाग्ने; बाटो देखाउने । (ना०) नेता; नाइके; बाटो देखाउने व्यक्ति ।

**अगेनु**–(ना०) ताप्न, सामान्य काम चलाउन र आगो जोगाइराख्न घरमा आगो बाल्ने ठाउँ ।

**अगोचर**–(वि०) इन्द्रियद्वारा स्पर्श गर्न नसकिने; अविषय ।

**अगोड**–(ना०) हात्ती कस्ने डोरी ।

**अगोत्री**–(वि०) भिन्न गोत्रको ।

**अगौटे**–(ना०) अघि लाउने र पाक्ने बाली; सठिया ।

**अग्नि**–(ना०) आगो; अनल; वैदिक युगका देवता ।

**अग्निकर्म**–(ना०) दाह-संस्कार ।

**अग्निकाण्ड**–(ना०) आगलागी ।

**अग्निकुमार**–(ना०) एक किसिमको आयुर्वेदिक औषधी ।

**अग्निपरीक्षा**–(ना०) कठोर जांच ।

**अग्निपूजक**–(ना०) आगोको पूजा गर्ने व्यक्ति ।

**अग्निबाण**–(ना०) क्षेप्यास्त्र ।

**अग्निबोट**–(ना०) बाफले चल्ने जहाज ।

**अग्निहोत्र**–(ना०) नित्य गरिरहने वैदिक होम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अग्निहोत्री–( ना० ) अग्निहोत्र गर्ने व्यक्ति ।

अग्न्यास्त्र–( ना० ) आगो ओकल्ने अस्त्र; अग्निबाण ।

अग्र–(वि०) पहिलो; मुख्य । (ना०) अगाडिको हिस्सा वा भाग ।

अग्रगण्य-(वि०) कुनै विषयमा पहिले गनिने; प्रमुख ।

अग्रगामी–( वि० ) अगुवा; नेता; अग्रसर ।

अग्रज–(ना०) अगि जन्मेको व्यक्ति; दाजु; ब्राह्मण; उत्तम ।

अग्रणी–(ना०) नायक, नेता; प्रधान ।

अग्रदूत–( ना० ) भावी विषयमा पूर्व सूचना दिने दूत ।

अग्रलेख–(ना०) समाचार-पत्रको सम्पादकीय लेख; प्रधान विषयको लेख ।

अग्रवर्ती–( वि० ) सबभन्दा पहिले रहेको ।

अग्रसर–( वि० ) अगि सर्ने; अगुवा; नेता ।

अग्रसारित-(वि०) अगाडि सारिएको वा बढाइएको ।

अग्राख–(ना०) साल वृक्ष । (वि०) धेरै साह्रो, बलियो ।

अग्राह्य–(वि०) लिन नहुने; ग्रहण गर्न नसकिने ।

अग्रिम–(वि०) अगाडिको; पहिलो । (ना०) पेस्की; बैना ।

अग्लाइ–(ना०) अग्लोपन, उँचाइ ।

अग्लिनु–(अ० क्रि०) अग्लो हुनु; उँचो बन्नु ।

अग्लो–(वि०) ऊँचो; उन्नत ।

अग्ल्याइ–(ना०) अग्ल्याउने किसिम वा काम ।

अग्ल्याउनु–(स० क्रि०)अग्लो लाउनु, अग्लो पार्नु ।

अघच–(ना०) घच्चा वा ठक्कर नलाग्ने ठाउँ ।

अघटित–( वि० ) नघटेको; अगाडि नभएको ।

अघाइ–(ना०) अघाउने किसिम वा भाव ।

अघाउनु–(अ० क्रि०) तृप्त हुनु; डम्म हुनु; पेट भर्नु; सन्तुष्ट हुनु, मन मर्नु ।

अघाउँजी–(क्रि० यो०) अघाउन्जेल; अघाएसम्म ।

अघि–(क्रि० यो०) अगि ।

अघिल्तिर–(क्रि० यो०) अगिल्तिर ।

अघिल्लो–(वि०)अगिल्लो ।

अघोर–(वि०) डरलाग्दो; भयङ्कर;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



घेरै । (ना०) महादेवको एक रूप; एक शैव-सम्प्रदाय; अघोरी ।

अघोर-पन्थ–( ना० ) कालामुख औ कापालिक नाउँका शैव-सम्प्रदाय ।

अघोर-पन्थी–( ना० ) कालामुखी औ कापालिक शैव-सम्प्रदायका अनुयायी ।

अघोरी–(ना०) कुनै पनि वस्तुमा घीन नमानी ग्रहण गर्ने एकथरी शैव-सम्प्रदायका साधु; निर्घिणी; सर्वभक्षी ।

अघोऱ्याइँ–( ना० ) अघोरी हुनाको भाव, अघोरीपन; हठ ।

अङभर-( ना० ) उत्तरदायित्व लिनु; ऐभारा लिने काम; जिम्मा ।

अङालाइ–(ना०) अँगालाइ ।

अङालो–(ना०) अँगालो ।

अङालिनु–(स० क्रि०) अँगालिनु ।

अङाल्नु–(स० क्रि०) अँगाल्नु ।

अङेठी–(ना०) अँगेठी ।

अङोछा–(ना०) अँगोछा ।

अङ्क–(ना०) संख्या-चिह्न; नाटकको परिच्छेद ।

अङ्कगणित–( ना० ) जोड, घटाउ, गुणा, भाग आदि सिकाउने विद्या; हिसाब ।

अङ्कन–(ना०) चिनु लाउनु; छाप लाउनु; लेख्नु ।

अङ्कमाल–(ना०) अँगालो हाल्नु ।

अङ्कित–( वि० ) चिह्न लगाइएको; छाप लगाइएको; चित्रित ।

अङ्कुर–(ना०) टुसो; गाभो; मुना।

अङ्कुरित ( वि० ) टुसाएको; पलाएको ।

अङ्कुश–(ना०) अङ्कुसे ।

अङ्कुसी–(ना०)अङ्कुसे ।

अङ्कुसे (ना०) चोके वा कापे परेको र अड्काउन हुने घोचो; अरूको सम्पत्ति हत्याउने जुक्ति ।

अङ्गे–(वि०) अङ्ग भएको ।

अङ्ग–(ना०) जीउ; शरीर; आङ; शरीरका भिन्न अवयव; भाग; अंश ।

अङ्गज–(वि०) अङ्गबाट निस्केको; जीउबाट पैदा भएको ।

अङ्गद–(ना०) हनुमानको भतिजो; बाजू ।

अङ्गना–(ना०) अङ्ग सुन्दर भएकी आइमाई; सुन्दरी ।

अङ्ग-प्रत्यङ्ग–( ना० ) शरीरका विभिन्न अवयव; साना ठूला अङ्ग वा भाग ।

अङ्गभङ्ग–( ना० ) शरीरको कुनै हानि; तरुनीका छटाहरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अङ्गरक्षक–(ना०) राजा महाराजा आदिको शरीरको रक्षा गर्ने व्यक्ति; आठपहरिया ।

अङ्गरक्षा–(ना०) शरीरको रक्षा ।

अङ्गरेज–(ना०) अङ्ग्रेज ।

अङ्गरेजी–(वि०) अङ्ग्रेजी ।

अङ्गार–( ना० ) गोल; कोइला; अँगार ।

अङ्गीकार–(ना०) स्वीकृति; मन्जूरी; ग्रहण ।

अङ्गीकृत–(वि०) स्वीकार गरिएको; स्वीकृत ।

अङ्गुल–(ना०) एक औंलाका चौडाइको नाप; अमल; औंलो ।

अङ्गूर–( ना० ) एक स्वादिलो दानादार फल; ठूलो जातको दाख ।

अङ्ग्रेज ( ना० ) बेलायतमा बस्ने जाति ।

अङ्ग्रेजी–(ना०) अङ्ग्रेजी भाषा; इङ्गलिश । ( वि० ) बेलायती; अङ्ग्रेजसम्बन्धी ।

अच्–( ना० ) स्वरवर्ण, अ, आ, इ, उ आदि वर्ण ।

अचकन–(ना०) पहिले-पहिलेको एक किसिमको लामो दौरा ।

अचकल्टिनु–(अ० क्रि०) कचमचिनु; अधकल्चो हुनु ।

अचकल्टो-(वि०) अपूरो; कट्मिरो; अधकल्चो; अर्ध शिक्षित ।

अचकाली-( क्रि० यो० ) ज्यादा; चौपट्ट; अचाक्ली ।

अचम्म–( ना० ) आश्चर्य; छक्क; उदेक; गजब ।

अचर–(वि०) नचल्ने; गति नभएको; स्थावर ।

अचल–(वि०) गतिरहित; नचल्ने; बोकेरलान नहुने । (ना०) पर्वत; पहाड ।

अचल-सम्पत्ति-( ना० ) घर जग्गा आदि सम्पत्ति ।

अचला-( वि० ) स्थिर; नचल्ने । (ना०) पृथ्वी ।

अचाइ-(ना०) अचाउने प्रकार वा भाव ।

अचाउनु–(स० क्रि०) आचमन गर्नु; थोरै पानी खानु ।

अचाक्ली–( वि० ) अति; औधी । (क्रि० यो०) ज्यादै; सीमा नाघेर ।

अचाड़ू–(वि०) नमिल्दो स्वभावको; जिद्दीवाल; निहुँ खोजाहा ।

अचानक–( क्रि० यो० ) एकाएक; एक्कासि; अनायास ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अचानु–(ना०) मासु काट्दा हतियारको बचाउका निम्ति राखिने काठ; थुँगनी ।

अचार–( ना० ) भोजन रुचिकर बनाउने तिक्खर स्वादको खाद्य पदार्थ; चटनी ।

अचिन्तनीय–(वि०) मनले चिताउन नसकिने; सोचेभन्दा बढीको; आशातीत ।

अचिन्त्य–( वि० ) मनले चिताउन नहुने वा नसकिने; विचार गर्न नहुने वा नसकिने ।

अचूक–(वि०) नचुक्ने; खेर नजाने ।

अचेत–( वि० ) बेहोश; बिसूर । बिचेन; चेत नभएको ।

अचेतन–( वि० ) चेतना नभएको; ज्ञानरहित ।

अचेल–( क्रि० यो० ) हिजोआज; आजकाल ।

अचेलभरि–(क्रि० यो०) आजकाल; अचेल ।

अच्छेर–(ना०) अक्षर ।

अच्छ्यूँ–(ना०) बारुलोजस्तो बिखालु कीरो ।

अच्युत–(वि०) नचुक्ने; नबिराउने ।

अछापे–( वि० ) छाप नलागेको; छापबिनाको ।

अछूत–( वि० ) छुन नहुने; पानी नचल्ने ।

अछूती–(ना०) अछूत जाति ।

अछेता–(ना०)अक्षता ।

अजग–(ना०) अघच ।

अजङ–(वि०) अतिशय ठूलो; अगम।

अजनबी–(वि०) अपरिचित; अज्ञात।

अजब–( वि० ) अनौठो; गजबको; विलक्षण ।

अजमाइस–(ना०) पारख; जाँच; तर्जुमा ।

अजमाउनु–(स० क्रि०) अजमाइस गर्नु ; जाँची हेर्नु ; कल्पना गर्नु ।

अजम्मरी–( वि० ) अमर; चिरञ्जीवी ।

अजम्मरे–(वि०) अजम्मरी ।

अजय–(ना०) हार; पराजय । (वि० जित्न नसकिने ।

अजर–( वि० ) सदा तरुनो रहने; अविनाशी ।

अजस्र–( क्रि० यो० ) लगातार; निरन्तर; सधैं ।

अजात–(वि०) नजन्मेको; जाति नभएको । (ना०) सानो जात ।

अजात-शत्रु–(वि०) शत्रु हुँदै नभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(ना०) युधिष्ठिर; बौद्धकालीन मगध राजा ।

**अजाति**–(वि०) जातिबाट खसेको वा भिन्न जातिको ।

**अजान**–(वि०) केही नजान्ने; अनजान; अज्ञानी ।

**अजायबघर**–(ना०) अनौठा र कलाकौशलयुक्त वस्तु राखिएको घर; म्यूजियम ।

**अजिङ्गर**–(ना०) ठूलो जातको र विष नभएको सर्प । (वि०) अजङ्को; अल्सी ।

**अजिङ्गरे**–(वि०) अजिङ्गरसम्बन्धी ।

**अजिमा**–(ना०) बालरोग हटाउन पुजिने एक बौद्ध देवी ।

**अजिमाना**–(ना०) लेदो जाँड ।

**अजिर**–(वि०) हेपाहा; अटेर; जिराहा ।

**अर्जिनिनु**–(अ० क्रि०) ज्यास्ती खाएर अजीर्ण हुनु ।

**अजीर्ण**–(ना०) खाएको वस्तु नपच्नु; अपच ।

**अजीव**–(वि०) अनौठो; अद्भुत; गजबको ।

**अजेय**–(वि०) जित्न नसकिने ।

**अजोड**–(वि०) जोडा नभएको; बेजोड; ठूलो ।

**अजोडी**–(वि०) जोडा नभएको ।

**अज्यौली**–(ना०) निहुँ; अर्घेली ।

**अज्ञ**–(वि०) केही नजान्ने; मूर्ख ।

**अज्ञता**–(ना०) अज्ञ हुनाको भाव; मूर्खता ।

**अज्ञात**–(वि०) नजानेको; नचिनेको; नदेखिएको; अपरिचित ।

**अज्ञान**–(ना०) ज्ञानको अभाव; मूर्खता; अविवेक ।

**अज्ञानी**–(वि०) लट्ठक; मूर्ख; अबोध ।

**अज्ञेय**–(वि०) जान्न नसकिने ।

**अझ**–(क्रि० यो०) अहिलेसम्म; फेरि पनि ।

**अझक**–(ना०) अजग; अघच ।

**अझ्यौली**–(ना०) अज्यौली ।

**अञ्चल**–(ना०) सारीको छेउ; आँचल; नेपालका चौध राजनीतिक विभाग; (मेची, कोसी, सगरमाथा, जनकपुर, नारायणी, वाग्मती, गण्डकी, लुम्बिनी, धौलागिरि, राप्ती, भेरी, सेती, कर्णाली, महाकाली) ।

**अञ्जलि**–(ना०) अँजुली ।

**अञ्जली**–(ना०) अँजुली ।

**अटकल**–(ना०) अडकल; अन्दाज; लख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अटपट–( क्रि० यो० ) गडबड; गोलमाल ।

अटल–(वि०) नडग्ने । (ना०) लुगा-धुने भाँडो; ठूलो मकल ।

अटाइ–( ना० ) अटाउने क्रिया वा भाव ।

अटाउनु–( अ० क्रि० ) सबै सामेल भैसक्नु; खामिनु ।

अटाली–(ना०) कौसी; छत ।

अटूट–( वि० ) नटुटेको; सग्लो । (क्रि० यो०) निरन्तर; लगातार ।

अटेर–(वि०) भनेको नमान्ने; हेपाहा ।

अटेरी–(वि०) अटेर ।

अटेर्नु–( ना० ) एक प्रकारको घाँसे कीरो; ठेट्नो ।

अटेर्याइँ–(ना०) अटेर हुनाको किसिम वा भाव ।

अटेसमटेस–(क्रि० यो०) ठेलमठेल ।

अटकाउ-(ना०) अड्काउ ।

अट्को–(ना०) अड्को ।

अट्टहास–(ना०) ठूलो हाँसो; खित्का ।

अट्टालिका–(ना०) अटाली ।

अट्ठाइस–( वि० ) बीस र आठको जोडमा हुने सङ्ख्या ।

अठचालीस–(वि०) चालीस र आठको जोडमा हुने सङ्ख्या ।

अठतीस–( वि० ) तीस र आठको जोडमा हुने सङ्ख्या ।

अठन्नी–(ना०) पहिले चलेको भारतीय आठ आनाको सिक्का ।

अठबा–(ना०) दोठ्याङ, असजिलो स्थिति । (ना०) अप्ठ्यारो; अस-जिलो ।

अठसट्ठी–( वि० ) साठी र आठको जोडमा हुने सङ्ख्या ।

अठहत्तर–( वि० ) सत्तरी र आठको जोडमा हुने सङ्ख्या ।

अठार–(वि०) सत्रपछिको अङ्क वा सङ्ख्या ।

अठासी–( वि० ) असी र आठको जोडमा हुने सङ्ख्या ।

अठिँगर–( ना० ) शरीरका अङ्गको जोर्नी ।

अठिङर–(ना०) अठिँगर ।

अठेङ-(ना०) अठ्याङ ।

अठेसो–(ना०) ह्रातो ।

अठोट–(ना०) निधो; निश्चय ।

अठोटाइ–(ना०) अठोट्ने प्रकार क्रिया ।

अठोट्नु–( स० क्रि० ) निधो गर्नु, पक्का गर्नु ।

अठ्याङ–( ना० ) असजिलो स्थिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कठिनाइ ।

अडकल–(ना०) लख; अन्दाज; अनुमान ।

अडकलगीता-(ना०) खालि अनुमान; कोरा अन्दाज ।

अडकलपच्चू–(ना०) कपोलकल्पना ।

अडकलाइ–(ना०) अडकल्ने प्रकार वा भाव ।

अडकल्नु–(स० क्रि०) अन्दाज गर्नु; अनुमान गर्नु ।

अडभङ्गी–( वि० ) अर्द्धाङ्गी; अमिल्दो ।

अडाइ–( ना० ) अड्ने क्रिया वा प्रकार ।

अडाउ–(वि०) टिकाउ; स्थायी ।

अडान–( ना० ) बिसौना; आश्रय; ढिपी; जिद्दी ।

अडिग–(वि०) नडग्ने; स्थिर ।

अडिनी–( ना० ) राजदरबारका भान्सेकी नाइकेनी ।

अडिनु–(अ० क्रि०) रोकिनु; थामिनु; अड्कनु ।

अडियल–(वि०) हिँड्दा-हिँड्दै अड्ने खालको ।

अडिलो–( वि० ) अडेर हिँड्ने; अडियल ।

अडेरी–(ना०) लामा-लामा काँढा हुने एक झार ।

अडेस–(ना०) आड लिने वस्तु वा ठाउँ; आडा; बालिस्ट ।

अडेसा–(ना०) अडेस ।

अडेसो–( ना० ) अङ्कुसे; चुकुल; ठचौको ।

अड्कनु–( अ० क्रि० ) रोकिनु; थामिनु; अल्कनु; खाँचो हुनु; हर्जा हुनु ।

अड्काइ–(ना०) अड्कने प्रकार वा भाव ।

अड्काउ–(ना०) खाँचो; अड्को ।

अड्काउनु–(स० क्रि०) अल्झाउनु; जोल्टचाउनु; रोक्नु ।

अड्को–( ना० ) अड्काउ; बाधा; हर्ज; खाँचो; रोकावट; भाँजी; खोते ।

अड्कोपड्को–(ना०) खनखाँचो ।

अड्डा–( ना० ) कार्यालय; कचहरी; अदालत; अखाडा ।

अड्डाखाना–( ना० ) धेरै अड्डाको समुदाय ।

अड्डासार–( ना० ) सरकारवादी मुद्दामा अभियुक्तलाई पक्राउ गरेर एक अड्डाले अर्को अड्डा बुझाउँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



निश्चित स्थानमा लैजाने कार्य ।

**अड्डी**–(ना०) ढिपी; जिद्दी ।

**अड्नु**–(अ० क्रि०) रोकिनु; थामिनु; अडिनु; अड्डी लिनु ।

**अढाई**–(वि०) साढे दुई ।

**अढैया**–( ना० ) अढाई सेर तौलको ढक; अढाई अङ्कको दुनोट ।

**अणिमा**-(ना०) सानो हुनाको भाव; सूक्ष्मता; शिवका अष्ट सिद्धिमध्ये एक ।

**अणु**-(ना०) आठ परमाणुको समूह; अत्यन्त सानो टुक्रा; कण ।

**अणुबम** ( ना० ) अणुशक्तिको विस्फोट हुने सार्है डरलाग्दो बम ।

**अणुवाद**-(ना०) जीव र आत्मालाई अणु मान्ने सिद्धान्त ।

**अणुवादी**–( वि० ) अणुवाद मान्ने व्यक्ति ।

**अण्ड**-(ना०) आँडा; शुक्र; कामदेव; चरा आदिको फुल; विश्व; ब्रह्माण्ड ।

**अण्डकोष**–(ना०) पुरुषको लिङ्गमनि झुन्डिएको र वीर्य बग्ने नाडी भएको दुइपाटे थैली ।

**अण्डज**–(वि०) फुलबाट जन्मने वा पैदा हुने ।

**अण्डा**–( ना० ) चरा आदिको फुल; डिम्बा ।

**अण्डाकार**–(वि०) फुलका आकारको वा त्यस्तै बान्की परेको ।

**अतः**–(क्रि० यो०) यसैले; यस कारण।

**अतल**–(ना०) सात पातालमध्ये एक। (वि०) अथाह गहिरो ।

**अतलस्पर्शी**–( वि० ) ज्यादै गहिरो; पाताल छुने ।

**अतालिनु**–( अ० क्रि० ) कहालिनु; अलल्लिनु; आत्तिनु ।

**अतास**–( ना० ) आत्तिनु; त्रास; कहाली ।

**अतासिनु**–(अ० क्रि०) अतासमा पर्नु; कहालिनु; तर्सिनु ।

**अति**-(वि०) ज्यादा । (अव्य०) धे वा श्रेष्ठता बुझाउने उपसर्ग । जस्तै अतिरिक्त, अतिवृष्टि, अतिसा अतिशय आदि ।

**अतिक्रम**–(ना०) मर्यादाको उल्लङ्घ काल बित्नु ।

**अतिक्रमण**–(ना०) मर्यादा वा अ कारको सीमा नाघ्नु ।

**अतिचार**–(ना०) अरूलाई बाधा किसिमले मर्यादा छोड्नु; अत्याचा

**अतिथि** ( ना० ) पाहुनु; अभ्याग आगन्तुक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अतिथिनिवास**–( ना० ) पाहुनाघर; अतिथिशाला ।

**अतिथिशाला**–(ना०) पाहुनाघर ।

**अतिथिसेवा**–( ना० ) पाहुनाको सेवा-सत्कार ।

**अतिरञ्जक**–(वि०) बढी प्रशंसा गर्ने; कुरो फर्माउने ।

**अतिरञ्जन**–(ना०) बढी प्रशंसा गर्नु; ज्यादा बयान गर्नु ।

**अतिरञ्जित**–(वि०) अति नै प्रशंसा गरिएको; बढ्ता फर्माइएको ।

**अतिरिक्त**–(वि०) बाहेकको; बढ्ता; थपिएको ।

**अतिरिक्तपत्र**–( ना० ) गँसुवापत्र; थपुवापत्र ।

**अतिरिक्ताङ्क**–(ना०) पत्र-पत्रिकाको सामान्य अङ्कबाहेकको अङ्क ।

**अतिरेक**–(ना०) अतिशयता; अधिकता ।

**अतिवृष्टि**–(ना०) अति वर्षा; चाहिनेभन्दा बढी परेको हानिकारक वृष्टि ।

**अतिशय**–(वि०) ज्यादै; धेरै ।

**अतिशयोक्ति**-(ना०) स्वाभाविकभन्दा बढ्ता वर्णन ।

**अतिसार**–( ना० ) कुखाद्य खानाले बरोबर पातलो दिसा हुने एक रोग ।

**अतीत**–( वि० ) गएको; बितेको; व्यतीत ।

**अतीन्द्रिय**–( वि० ) इन्द्रियले अनुभव गर्न नसकिने; अप्रत्यक्ष ।

**अतीव**–(क्रि० यो०) खूब; अत्यन्त; ज्यादा ।

**अतुल**–(वि०) तौलन नसकिने; असमान ।

**अतुलनीय**–( वि० ) तुलना गर्न नसकिने; दाँज्न नसकिने ।

**अतृप्त**–( वि० ) तृप्त नभएको; नअघाएको ।

**अतृप्ति**–(ना०) तृप्त नहुनु; नअघाउनु ।

**अत्तर**–(ना०) फूल आदिको बासनादार रस; खुश्बू ।

**अत्तो**–( ना० ) झूटो दोष; फत्तुर; अड्को ।

**अत्तोपत्तो**–( ना० ) पहिल्याउने स्थितिको बोध; पत्तोफाँट ।

**अत्यधिक**–( वि० ) अत्यन्तै; धेरै; औधी ।

**अत्यन्त**–(क्रि० यो०) ज्यादा; बिछट्ट; चौपट्ट; खूब ।

**अत्याइ**–(ना०) आत्तिने वा अत्याउने किसिम वा काम ।

**अत्याउनु**–(स० क्रि०) आत्तिने पार्नु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तर्साउनु ।

**अत्याचार**–( ना० ) आफ्नो स्वार्थका लागि अरूलाई दुःख दिनु; अन्याय; कुकर्म ।

**अत्याचारी**–(वि०) अन्यायी; कुकर्मी ।

**अत्यास**–(ना०) ठूलो त्रास; आतुरी ।

**अत्याहट**–(ना०) आतुरी; अत्यास; ठूलो डर ।

**अत्युक्ति**–( ना० ) नभएका कुराको वर्णन गर्नु; चाहिंदोभन्दा बढ्ता बयान गर्नु ।

**अत्रि**–(ना०) सात ऋषिमध्येका एक ।

**अथ**–(ना०) आरम्भ; मङ्गल ।

**अथक**–(वि०) नथाक्ने । (क्रि०यो०) निरन्तर; लगातार ।

**अथकित**–(वि०) नथाकेको ।

**अथर्व**–( ना० ) चार वेदमध्येको एक वेद ।

**अथवा**–(संयो०) अर्कोतिर बुझाउँदा भनिने शब्द; वा; किंवा ।

**अथारी**–( ना० ) शहनाईको बीचमा घुंगुर्किएको काठको भाग ।

**अथारे**–(वि०) बढ्ता ठूलो वा बाक्लो (रोटी आदि) ।

**अथारो**–(वि०) अथारे ।

**अथाह**–(वि०) थाहा नपाइने; गहिरो; अगाध ।

**अथुलाइ**-( ना० ) अथुलाउने किसिम वा भाव ।

**अथुलाउनु**–( अ० क्रि० ) धेरै मोटो हुनु; थसुल्लिनु ।

**अथुल्लो**–( वि० ) साह्रै मोटो; अजङ्को ।

**अदना**–(वि०) केही नजान्ने; सामो किसिमको ।

**अदब**–( ना० ) आदर; मर्यादा; अनुशासन ।

**अदम्य**–(वि०) दमन गर्न नसकिने; उग्र ।

**अदल**–( ना० ) न्याय; सदाचारको नियम ।

**अदलबदल**–(ना०) हेरफेर; सट्टापट्टा।

**अदलीबदली**–( ना० ) हेरफेर; अदलबदल ।

**अदाग**–( वि० ) दाग नलागेको; बेदाग ।

**अदाच्छे**–( वि० ) साह्रै धनी; धनाढ्य ।

**अदालत**–( ना० ) न्याय दिइने ठाउँ; न्यायालय ।

**अदालती**– वि०) अदालतसम्बन्धी ।

**अदुवा**–(ना०) जमीनमनि फल्ने एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रकारको कन्द ।
अदूरदर्शी–(वि०) भविष्य नदेख्ने; पछिको विचार नगर्ने ।
अदृश्य–(वि०) नदेखिने; बिलाएको ।
अदृष्ट–(वि०) नदेखिएको; लुप्त ।
अदेख–(वि०) देखा नपरेको; नदेखिने ।
अदेखा–(वि०) अदृष्ट; नदेखिने ।
अदौरी–(ना०) मस्यौरा ।
अद्भुत–(वि०) अनौठो; विलक्षण; अजीव; उदेकलाग्दो ।
अद्यापि–(क्रि० यो०) आजसम्म; अहिलेसम्म ।
अद्यावधि–(क्रि० यो०) आजसम्म; अद्यापि ।
अद्वितीय–(वि०) जोडा नभएको; सबैभन्दा उम्दा; परब्रह्म ।
अद्वैत–(वि०) दोस्रो नभएको; अनुपम । (ना०) ब्रह्म ।
अद्वैतवाद–(ना०) आत्मा र परमात्मा एउटै मान्ने सिद्धान्त ।
अद्वैतवादी–(वि०) अद्वैतवाद मान्ने; ब्रह्मवादी ।
अधकट्टी–(ना०) रसीदको आधा भाग ।
अधकल्चो–(वि०) आधा पाकेको र आधा काँचै; पूर्ण नभएको ।
अधन्नी–(ना०) आधा आनाको सिक्का; दुईपैसे सिक्का ।
अधपक्की–(वि०) आधा पाकेको ।
अधपिल्टो–(ना०) ठूलो कनिका; टुक्रा चामल ।
अधबेस्रो–(ना०) लठेप्रो; बेसुरो ।
अधबैंसे–(वि०) आधा उमेर ढल्केको ।
अधम–(वि०) नीच; खराब ।
अधमरो–(वि०) आधा मरेको; अधकल्चो ।
अधर–(ना०) तल्लो ओठ; अधरोष्ठ ।
अधरोष्ठ–(ना०) तल्लो ओठ; अधर ।
अधर्म–(ना०) धर्मविरुद्धको काम; पाप ।
अधर्मी-(वि०) धर्मविरुद्ध काम गर्ने; पापी ।
अधिक–(वि०) धेरै; प्रशस्त ।
अधिकता–(ना०) धेरै हुनाको भाव ।
अधिकमास–(ना०) वर्षमा बाह्रभन्दा बढी हुने महीना; मलमास ।
अधिकरण–(ना०) आधार; सातौं कारक ।
अधिकांश–(ना०) बढ्ता अंश; बढी हिस्सा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अधिकार**–(ना०) हक; अख्तियार ।
**अधिकारपत्र** (ना०) अख्तियारनामा ।
**अधिकारी**–(ना०) अफिसर; अधिकार प्राप्त व्यक्ति; योग्य ।
**अधिकृत**–(वि०) अधिकार पाएको; अधिकारमा ल्याइएको ।
**अधिक्रम**–(ना०) चढाइ; आक्रमण; आरोहण ।
**अधिग्रहण**–(ना०) अधिकारपूर्वक कसैको सम्पत्ति प्राप्त गर्नु ।
**अधिग्रो**–(ना०) तुहिएको गर्भ; तुहेत्रो ।
**अधित्यका**–(ना०) पहाडमाथिको समथर जमीन ।
**अधिदेव**–(ना०) इष्टदेव; कुलदेव ।
**अधिनायक**–(ना०) सर्वेसर्वा भएको शासक वा व्यक्ति ।
**अधिनायकत्व**–(ना०) अधिनायक हुनाको भाव ।
**अधिनायकवाद**–(ना०) हुकुमी शासन; निरङ्कुश शासन ।
**अधिनायकवादी**–(वि०) अधिनायकवादमा लाग्ने ।
**अधिपति**–(ना०) मालिक; स्वामी; नायक; प्रमुख अधिकारी ।
**अधिमास**–(ना०) अधिकमास; मलमास ।
**अधियाँ**–(ना०) उब्जाउ आधा गरी बाँड्नु; बच्छी ।
**अधिराज**–(ना०) शासक; महाराज ।
**अधिराजकुमार**–(ना०) राजगद्दीको उत्तराधिकारीबाहेक अन्य राजपुत्र ।
**अधिराज्य**–(ना०) सार्वभौमिक प्रभुसत्तासम्पन्न राज्य ।
**अधिवेशन**–(ना०) कुनै सङ्घ-संस्थाका विभिन्न प्रतिनिधिको ठूलो सम्मेलन ।
**अधिष्ठाता**–(ना०) संस्थापक ।
**अधिष्ठान**–(ना०) बस्ने ठाउँ; निवास; आधार ।
**अधीन**–(वि०) ऐंचमा परेको; काबूमा आएको; वशमा परेको ।
**अधीर**–(वि०) धैर्य नभएको; हडबडाएको; चञ्चल ।
**अधूरो**–(वि०) अपूर्ण; अधकल्चो ।
**अधेली**-(ना०) रुपियाँमा आधा मूल्यको सिक्का ।
**अधो**–(ना० यो०) तलतिर; उँधो ।
**अधोगति**–(ना०) पतन; अवनति गएगुज्रेको अवस्था ।
**अधोगामी**–(वि०) तलतिर लागेको; खस्कन थालेको ।
**अधोमति**–(ना०) छोटो बुद्धि; सानो विचार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अधोमुख–( वि० ) मुख तलतिर फर्काएको; मुहार धोप्टिएको।

अधौ–(ना०) कपडाको आधा थान ।

अध्यक्ष–(ना०) कुनै संस्थाको प्रमुख; मुख्य संचालक ।

अध्यक्षता–(ना०) अध्यक्षको काम; अद्धक्ष हुनाको भाव; हाकिमी ।

अध्ययन–( ना० ) ज्ञान प्राप्त गर्नु; पढ्नु ।

अध्यवसाय–( ना० ) उद्योग; बुद्धिले गरिने परिश्रम ।

अध्यात्म (ना०) आत्मज्ञान ।

अध्यात्मवाद–( ना० ) आत्मा वा ब्रह्मसम्बन्धी विचार मान्ने सिद्धान्त ।

अध्यात्मवादी–( वि०) अध्यात्मवादको अनुयायी ।

अध्यादेश–(ना०) राष्ट्रिय पञ्चायतको अधिवेशन नबसेको समयमा श्री ५ बाट जारी गरिबक्सने ऐनसरहको आदेश।

अध्यापक–(ना०) शिक्षक; गुरु ।

अध्यापन–(ना०) शिक्षक ।

अध्यापिका–(ना०) शिक्षिका ।

अध्याय–( ना० ) पुस्तकको विभाग; सर्ग; परिच्छेद; खण्ड ।

अध्याहार–(ना०) वाक्य पूरा गर्न कुनै शब्द थप्नु ।

अध्येता–(ना०) अध्ययन गर्ने व्यक्ति ।

अनकनाइ–( ना० ) अनकनाउने किसिम, काम वा भाव ।

अनकनाउनु–(अ० क्रि०)अकमकाउनु; गन्हुकाउनु ।

अनकनाहट–( ना० ) अनकनाउने किसिम; अनकनाइ ।

अनकन्टार–( ना० ) एकान्त वा सूनसानको डरलाग्ने ठाउँ ।

अनगन्ती–(वि०) अनगिन्ती ।

अनगिन्ती–( वि० ) गनिनभ्याइने; वेगिन्ती; असङ्ख्य ।

अनजान–(वि०) केही नजान्ने; अजान; अबोध ।

अनदी ( ना० ) एक जातको धान; चीनियाँ धान ।

अनधिकार–(ना०) अधिकार नहुनु ।

अनधिकारी–( वि० ) अधिकार नभएको ।

अनन्त–(वि०) अन्त नभएको; असीम; अनगिन्ती; अथाह; कहिल्यै नष्ट नहुने । (ना०) आकाश; ईश्वर ।

अनन्य–( वि० ) एक मात्र; जोडा नभएको ।

अनपढ–( वि० ) नपढेको; अपढ; निरक्षर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अनपत्यार**–( ना० ) पत्यार नगर्नु; बेपत्यार; अविश्वास ।

**अनपराध**–(वि०) निरपराध; निर्दोष ।

**अनभिज्ञ**–(वि०) केही नजान्ने; अजान; मूर्ख; अपरिचित ।

**अनभिज्ञता**–(ना०) मूर्खता; अज्ञता ।

**अनभ्यस्त**--(वि०) अभ्यास नगरिएको वा नभएको ।

**अनमेल**–(ना०)बेमेल; फाटो । (वि०) नमिलेको; मेल नभएको ।

**अनमोल**–(वि०) अमूल्य; मोलतोल गर्न नसकिने; बहुमूल्य ।

**अनरसा**-(ना०) घिउ, चीनी र चामलको पीठो मुछी घिउमै बनाइने एक प्रकारको रोटी ।

**अनरीत**–( ना० ) अनुचित व्यवहार; कुरीति ।

**अनरीति**–( ना० ) कुरीति; नराम्रो व्यवहार ।

**अनरेरी**–(वि०) अवैतनिक; इज्जतदार वा सम्मानपूर्ण ।

**अनर्गल**–( वि० ) अनियन्त्रित; जथाभावी; बेसिलसिला ।

**अनर्थ**–(ना०) उल्टो अर्थ; अर्थ न बर्थ; अनुचित; उत्पात; उपद्रो ।

**अनर्थक**–( वि० ) निरर्थक; अर्थ नभएको ।

**अनर्थकारी**–( वि० ) अनर्थ गर्ने; उल्टो अर्थ लाग्ने ।

**अनवरत**–( क्रि० यो० ) निरन्तर; लगातार; सतत ।

**अनशन**–(ना०) कुनै माग पूरा गराउन र आत्मशुद्धिका लागि भोको बस्नु; उपवास; निराहार ।

**अनसूया**–(ना०) अत्रि ऋषिकी पत्नी; रिस नहुनु ।

**अनस्तित्व**–(ना०) अस्तित्वको अभाव; नहुनु ।

**अनाकार**–( वि० ) निराकार; आकार नभएको ।

**अनाकाल**–(ना०) कुसमय; अकाल; अनिकाल ।

**अनाक्रमण**–(ना०) आक्रमण वा धावा नगर्नु ।

**अनागत**–(वि०) नआएको ।

**अनाचार**–(ना०) खराब आचरण; नराम्रो व्यवहार; भ्रष्टाचार ।

**अनाचारी**–( वि० ) भ्रष्टाचारी; दुराचारी ।

**अनाज**–( ना० ) अन्न; धान; खाने पदार्थ ।

**अनाडी**–(वि०) समझ नभएको; गँवार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अकुशल । (ना०) मर्मस्थल ।

अनाथ-(वि०) टुहुरो; बेवारिस ।

अनाथालय-( ना० ) टुहुराहरूको पालनपोषण गरिने घर; बेवारिसहरू बस्ने घर ।

अनादर-(ना०) आदर नगर्नु; हेंला; बेवास्ता ।

अनादृत-(वि०) आदर नगरिएको ।

अनाधार-(वि०) निराधार ।

अनादि-(वि०) आदि नभएको; धेरै पहिलेदेखिको; उत्पत्ति नहुने ।

अनाम-(वि०) नाम नचलेको; नाम नभएको; दुर्नाम ।

अनामिका-(ना०) साहिंली औंलो ।

अनायास-( क्रि० यो० ) अकस्मात्; एक्कासि; अचानक; बिनाप्रयास ।

अनार-( ना० ) रसिला र मसिना दानादार स्वादिलो फल; असल दारिम ।

अनार्य-( ना० ) आर्यदेखि भिन्न वर्ग वा जाति ।

अनावरण-( ना० ) पर्दा हटाउनु; उघार्नु; उद्‌घाटन ।

अनावश्यक-( वि० ) आवश्यक नभएको; नचाहिने ।

अनावृत-( ना० ) पर्दा हटाइएको; उघारिएको ।

अनाश्रित-( वि० ) आश्रय नभएको; निराधार ।

अनासक्त-(वि०) आसक्ति नभएको ।

अनाहक-(क्रि०यो०) व्यर्थ; बिनसित्ति; बित्था ।

अनिकाल-( ना० ) अन्नको हाहाकार भएको समय; सुक्खा ।

अनिकाली-(वि०) धेरै खाने; असन्तोषी; अनिकाल लागेको ।

अनिकाले-(वि०) अनिकाली ।

अनिकाले-कीरो-(ना०) सलह ।

अनिच्छा-(ना०) इच्छा नहुनु; चाह नहुनु ।

अनिच्छित-( वि० ) इच्छा नभएको; चाह नगरिएको ।

अनित्य-( वि० ) नित्य नभएको; अस्थायी ।

अनिदो-(वि०) ननिदाएको; उनिदो ।

अनिधो-(ना०) निधो नहुनु; टुङ्गो नलाग्नु ।

अनिन्द्य-(वि०) निन्दा गर्न अयोग्य ।

अनिमेष-(ना०) आँखा झिम्म नगर्नु; पलक नमार्नु । (क्रि० यो०) निरन्तर; लगातार ।

अनियत-( वि० ) नियम नभएको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सिलसिला नमिलेको ।

**अनियन्त्रण**–( ना० ) नियन्त्रण नभएको ।

**अनियन्त्रित**–( वि० ) रोकटोक नभएको ।

**अनियम**–( ना० ) नियम र व्यवस्था नहुनु; बेनियम ।

**अनियमित**–(वि०) नियमित नभएको; नियम नपुगेको ।

**अनिरुद्ध**–( ना० ) कृष्णका नाति । (वि०) नरोकिएको ।

**अनिर्दिष्ट**–(वि०) निर्देश नगरिएको; नतोकिएको वा नदेखाइएको ।

**अनिर्वचनीय**–(वि०) भन्न नसकिने; वर्णन गर्न नसकिने ।

**अनिवार्य**–(वि०) हटाउन नसकिने; नभई नहुने ।

**अनिश्चय**–( ना० ) निश्चय नहुनु; बेटुङ्गो ।

**अनिश्चित**–(वि०) निश्चय नभएको ।

**अनिष्ट**–(वि०) इष्ट नभएको; अहितकर; अमङ्गलकारी ।

**अनीति**–(ना०) नीतिको अभाव; नीति नहुनु ।

**अनीश्वरवाद**–( ना० ) शून्यवाद; नास्तिकवाद ।

**अनीश्वरवादी**–(वि०) अनीश्वरवादको सिद्धान्त मान्ने ।

**अनु**–(उप०) शब्दका अगाडि लाग्ने एक उपसर्ग । जस्तो– अनुवाद, अनुमान, अनुहार आदि ।

**अनुकम्पा**–(ना०) दया; कृपा ।

**अनुकरण**–( ना० ) नकल; सिको; टिपो; देखासिकी ।

**अनुकरणीय**–( वि० ) अनुरण गर्न योग्य; सिक्न-बुझ्न लायक ।

**अनुकूल**–(वि०) मिल्दो; सुहाउँदो; हितकर ।

**अनुकृति**–( ना० ) नकल गरिएको वस्तु; प्रतिमा; चिह्न ।

**अनुक्रम**–(ना०) क्रम; सिलसिला ।

**अनुक्रमणिका**–(ना०) विषयक्रमको निर्देशिका ।

**अनुगमन**–(ना०) अनुसरण; पछ्याउनु ।

**अनुग्रह**–(ना०) कृपा; दया; अनुकम्पा

**अनुचर**–(ना०) नोकर; चाकर ।

**अनुचारिका**–(ना०) दासी; नोकर्नी

**अनुचित**–( वि० ) उचित नभएको बेमनासिब ।

**अनुच्छेद** (ना०) दफा; कण्डिका ।

**अनुत्तर**–( वि० ) जवाफ नभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



निरुत्तर ।

अनुत्तरदायित्व–( ना० ) जवाफदेही नहुनु; गैरजिम्मेदारी ।

अनुत्तरदायी–( वि० ) जवाफदेही नभएको ।

अनुत्तरित–(वि०) जवाफ नदिइएको ।

अनुत्तीर्ण– (वि०) सफल नभएको; असफल; फेल ।

अनुत्साह–( ना० ) उत्साह नहुनु; जाँगर वा हौसलाको अभाव ।

अनुत्साही–(वि०) जाँगर नभएको ।

अनुदान–(ना०) सेवाबापत कर्मचारीले पाउने पुरस्कार; चन्दा; दान ।

अनुदार–( वि० ) उदार नभएको; कन्जूस; सङ्कीर्ण ।

अनुद्विग्न–(वि०) नआत्तिएको ।

अनुद्वेग–(ना०) धैर्य; शान्ति ।

अनुनय–(ना०) फुल्याउनु; अनुरोध ।

अनुनासिक–(ना०) नाकद्वारा उच्चारित हुने वर्ण; ङ, ञ, ण, न, म र अनुस्वार ।

अनुपम–(वि०) उपमा दिन नसकिने; अनुपमेय ।

अनुपमेय–(वि०) अनुपम ।

अनुपयुक्त–( वि० ) अयोग्य; काम नलाग्ने ।

अनुपयोग–(ना०) काममा नल्याउनु ।

अनुपयोगिता–(ना०) व्यर्थता; काम नलाग्नेपन ।

अनुपयोगी–( वि० ) काम नलाग्ने; उपयोगमा नआउने ।

अनुपस्थित–( वि० ) उपस्थित नभएको; गयल ।

अनुपस्थिति–(ना०) उपस्थित नहुनु; सामेल नहुनु ।

अनुपात–( ना० ) नापो; परिमाण; दाँजो; तुलना ।

अनुपान–( ना० ) औषधीसँगै खाइने वस्तु वा त्यसको मात्रा ।

अनुपाम–(ना०) अनुपान ।

अनुप्रास–( ना० ) शब्दको चमत्कारद्वारा लालित्य झल्कने अलङ्कार; एक शब्दालङ्कार ।

अनुबन्ध–( ना० ) ग्रन्थको शुरूमा छोटकरीमा देखाइएको विषय; परिणाम; उद्देश्य ।

अनुभव–( ना० ) पढेर वा भोगेर अर्जित गरिएको ज्ञान; यथार्थ ज्ञान ।

अनुभवी–(वि०) भुक्तभोगी; अनुभव पाएको ।

अनुभाव–(ना०) महिमा; अधिकार; प्रभाव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अनुभूत**–(वि०) अनुभव भएको ।

**अनुभूति**–( ना० ) आन्तरिक बोध; भित्री अनुभव ।

**अनुमति**–(ना०) स्वीकृति; मन्जूरी; मत ।

**अनुमान**–( ना० ) अन्दाज; लख; अड्कल ।

**अनुमानित**–(वि०) अन्दाज गरिएको; लख काटिएको ।

**अनुमित**–(वि०) अनुमानित ।

**अनुमोदन**–(ना०) समर्थन; सहमति ।

**अनुमोदित**–(वि०) समर्थित ।

**अनुयायी**–( वि० ) पछि लाग्ने; अनुगामी ।

**अनुरक्त**–( वि० ) लहसिएको; आसक्त ।

**अनुरक्ति**–( ना० ) प्रेम; मोह; अनुराग; आसक्ति ।

**अनुराग**–( ना० ) आकर्षणयुक्त प्रेम; भक्ति; श्रद्धा ।

**अनुरागी**–( वि० ) अनुराग भएको; प्रेमी; स्नेही ।

**अनुराधा**–( ना० ) सत्ताइसमध्ये एक नक्षत्र ।

**अनुरूप**–( वि० ) समानरूपको; सुहाउँदो; योग्य ।

**अनुरोध**–( ना० ) प्रार्थना; आग्रहपूर्ण याचना; प्रेरणा; रोकावट ।

**अनुरोधक**–( वि० ) अनुरोध गर्ने; प्रार्थी ।

**अनुवाद**–( ना० ) एक भाषाको कुरो अर्को भाषामा उतार्नु; भाषान्तर गर्नु; उल्था ।

**अनुवादक**–( वि० ) अनुवाद गर्ने; उल्था गर्ने ।

**अनुशासन**–(ना०) ठीकसँग रहने व काम गर्ने लगाउने नियम; शिष्टा चारको नियम ।

**अनुशीलन**–(वि०) बारम्बार गरिएको अध्ययन; चिन्तन; मनन ।

**अनुश्रुति**–(ना०) जनश्रुति; परम्परा गत कुरा ।

**अनुष्टुप्**–( ना० ) आठ अक्षरको ए पाउ हुने एक प्रसिद्ध छन्द ।

**अनुष्ठान**–( ना० ) कुनै फलप्राप्तिका निम्ति गरिने आराधना; नियमपूर्वक गरिने कुनै काम; व्रत; विशेष कामको आरम्भ ।

**अनुसन्धान**–(ना०) खोज; अन्वेषण ।

**अनुसरण**–(ना०) पछि लाग्नु; अनुसरण ।

**अनुसार**–(ना० यो०) माफिक; बमो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जिम; मुताबिक; समान ।
अनुसूची–(ना०) परिशिष्टमा दिइएको विषय वा सूत्री ।
अनुस्वार–(ना०) अनुनासिक वर्ण-सङ्केत; शिरबिन्दु; थोप्लो चिह्न (ं)।
अनुहार–(ना०) चेहरा; मुहार; आकृति; रूप ।
अनेक-(वि०) धेरै; कैयौं ।
अनैतिक–(वि०) नीतिविरुद्ध ।
अनौ–(ना०) हलोको मूठ वा हातो ।
अनौठो–(वि०) अद्भुत; नौलो; विचित्र ।
अनौपचारिक–(वि०) औपचारिक नभएको ।
अन्जाम–(न०) अन्दाज; अनुमान; लख ।
अन्तःशुल्क–(ना०) भन्सार महसूल ।
अन्त–(ना०) आखिरी; अरू ठाउँमा; समाप्ति ।
अन्ततः–(क्रि० यो०) अन्तमा; आखिरमा ।
अन्ततोगत्वा–(क्रि० यो०) अन्तमा ।
अन्तर–(ना०) फरक; भेद; बेग्लो ।
अन्तरकुन्तर–(ना० यो०) कुना-काप्ची; यताउति ।
अन्तरङ्ग–(वि०) आत्मीय ।
अन्तरात्मा–(ना०) प्राण; जीवात्मा; परमात्मा ।
अन्तराप–(ना०) ताल्चा अड्याउने धातुको वस्तु ।
अन्तराल–(ना०) माझ; बीच; अन्तर ।
अन्तरिक्ष–(ना०) वायुमण्डल; आकाश; नभ ।
अन्तरिम–(वि०) दुई बेग्लाबेग्लै समयका बीचको; मध्यवर्ती ।
अन्तरीप–(ना०) तीनैतिर समुद्रले ढाकिएको पृथ्वीको भाग ।
अन्तरे–(वि०) जन्मक्रमले पाँचौं ।
अन्तर्गत–(वि०) मातहतको; भित्र परेको ।
अन्तर्दृष्टि–(ना०) ज्ञानचक्षु; भित्री-हेराइ ।
अन्तर्देशीय–(वि०) कुनै देशभित्रको; दुई वा दुईभन्दा बढी देशको ।
अन्तर्मुखी–(वि०) आत्मज्ञानी ।
अन्तर्यामी–(ना०) ईश्वर; परमात्मा । (वि०) मनको कुरा वा भेद थाहा पाउने ।
अन्तर्राष्ट्रिय–(वि०) धेरै राष्ट्रहरूको; धेरै राष्ट्रहरूसम्बन्धी ।
अन्तर्वार्ता–(ना०) मौखिक रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लिइने परीक्षा; मौखिक कुराकानी ।

अन्तिम–(वि०) पछिल्लो; आखिरी ।

अन्तिमेत्थम्–(ना०) अल्टिमेटम ।

अन्ती–(ना०) रक्सी राख्ने माटोको सुराहीजस्तो भाँडो ।

अन्त्य–(वि०) अन्तिम; पछिल्लो; समाप्त ।

अन्त्येष्टि–(ना०) मरेपछि गरिने कृया-कर्म; अन्तिम संस्कार ।

अन्दाज–(ना०) अडकल; अन्जाम; लख; जोख ।

अन्दाजी–(ना०) अनुमानअनुसारको परिमाण ।

अन्ध–(कि०) आँखा नभएको; अन्धो; मूर्ख; अज्ञानी । (ना०) अन्धकार ।

अन्धकार–(ना०) उज्यालो नहुनु; अँध्यारो; तम; अज्ञान ।

अन्धपरम्परा–(या०) रूढि; पुरानो अवैज्ञानिक चालचलन ।

अन्धमुष्टि–(ना०) निस्पट्ट अन्धकार; गाढा अँध्यारो ।

अन्धविश्वास–(ना०) विचारै नगरी पुरानो चलनमा गरिने भरपत्यार; असत्य कुराको विश्वास ।

अन्धाधुन्ध–(क्रि० यो०) वेगले; जोड-सित; अचाक्ली; चौपट्ट ।

अन्धेर–(ना०) अँध्यारो; अन्धकार

अन्धो–(वि०) आँखा नदेख्ने; अज्ञानी (ना०) अन्नो ।

अन्न–(ना०) अनाज; खाद्य वस्तु ।

अन्नजल–(ना०) खाने-पिउने सामान अन्नपानी ।

अन्नदाता–(ना०) खुवाउने मान्छे पालनपोषण गर्ने मान्छे ।

अन्नपात–(ना०) अनाज; अन्न सागपात ।

अन्नपानी–(ना०) खाने-पिउने वस्तु दानापानी ।

अन्नपूर्णा–(ना०) अन्नकी देवी; गण्ड अञ्चलको उत्तरमा स्थित प्रसि हिमाल ।

अन्नप्राशन–(ना०) पास्नी ।

अन्नाधुन्न–(क्रि० यो०) अन्धाधुन्ध

अन्नो–(ना०) आँखाका डीलमा आ खटिरो; अन्धो ।

अन्भरिनु–(अ० क्रि०) मन नपर्ने मानिस आउनु वा जानु; खस तन्कनु ।

अन्भन्याइ–(ना०) अन्भरिने किसि काम वा भाव ।

अन्भन्याउनु–(स० क्रि०) मन नपर्ने दिनु; पन्छाउनु; मन्सनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अन्भाइ–(ना०) अन्भाउने किसिम वा काम ।

अन्भाउनु–( स० क्रि० ) बिहेमा विधिपूर्वक दुलही बिदा गर्नु; आउनु (रिसको बोलीमा) ।

अन्य–(वि०) अर्को; पराई ।

अन्यत्र–( अव्य० ) कतै; अन्त; अर्कैतिर ।

अन्यत्री–( वि० ) परचक्री; पराई; बिरानो ।

अन्यथा–( वि० ) विपरीत; उल्टो । (ना० यो०) यसो नभए ।

अन्यमनस्क–(वि०) मन अन्तै लागेको; उदासिलो ।

अन्याय–( ना० ) बेइन्साफ; न्याय नहुनु; अत्याचार; खराब काम ।

अन्यायी–( वि० ) अन्याय गर्ने; बेइन्साफी ।

अन्योन्याश्रय–( ना० ) एक-अर्कोमा आश्रित हुनु ।

अन्योल-( क्रि० यो० ) अलमल्ल; विलखबन्द; रुमलो । (ना०) मनको ताप; पीर; बेसुद्धी ।

अन्वेषण-(ना०) खोज; अनुसन्धान ।

अन्सार–( ना० ) अन्दाज; लख; इशारा ।

अपकार–(ना०) हानि; कुभलो ।

अपकारी–(वि०) अपकार गर्ने ।

अपच-(ना०) नपच्नु; अजीर्ण ।

अपढ–(वि०) नपढेको; अनपढ ।

अपत्यार–( ना० ) नपत्याउनु; अविश्वास ।

अपभ्रंश–(वि०) बिग्रेको; बेग्लिएको ।

अपमान–( ना० ) हेला; अनादर; तिरस्कार ।

अपराध–( ना० ) गर्न नहुने काम; दोषपूर्ण कार्य ।

अपराधी–(वि०) अपराध गर्ने; पापी ।

अपराण्ह–(ना०) दिनको तेस्रो प्रहर; बाह्र बजेपछिको समय ।

अपरिचित-(वि०) चिनजान नभएको; चिनारी नभएको ।

अपरेटर–(ना०) यन्त्रचालक ।

अपर्झट–( क्रि० यो० ) अचानक; अब्कट; अकस्मात् ।

अपर्याप्त-(वि०) नपुगेको; अपुग्दो ।

अपवाद–(ना०) निन्दा; दोष; बात लाग्नु ।

अपवित्र–(वि०) बिटुलो; अशुद्ध ।

अपव्यय–(ना०) फजूल खर्च ।

अपशकुन–( ना० ) खराब लक्षण; कुलक्षण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अपशब्द-(ना०) गाली; दुर्वाच्य ।

अपसव्य-(वि०) दायाँ; उल्टो ।

अपसोच-(ना०) खेद; पछुताउ; सुर्ता ।

अपहत्ते-(ना०) हिरिक्क हुन खोज्नु; अपहत्या ।

अपहत्या-(ना०) आफैंद्वारा गरिएको आफ्नो हत्या; आत्महत्या ।

अपहरण -(ना०) जबर्जस्ती हरण गर्नु; खोस्नु; चोर्नु ।

अपाङ्ग-(वि०) कुनै अङ्ग भाँचिएको वा साबुत अङ्ग नभएको ।

अपात्र-(ना०) कुपात्र; नराम्रो व्यक्ति ।

अपाम्मे-(वि०) ज्यादै; धेरै ।

अपार-(वि०) पार पाइनसकिने; बेजोड; असीम ।

अपितु-(संयो०) तर; किन्तु ।

अपील-(ना०) तल्लो अड्डाको निर्णय-विरुद्ध माथिल्लो अड्डामा गरिने फिराद; उजूरी ।

अपुग-(वि०) नपुग्दो ।

अपुग्दो-(वि०) नपुग्दो; अपुग; अपर्याप्त ।

अपुङ्गो-(ना०) घिउ, दूध, चीनी, केरा र गहुँको पीठो मिसाई बनाइएको नैवेद्य ।

अपुताली-(ना०) सन्तान नहुनेको जेथा वा सम्पत्ति; औताली ।

अपूतो-(वि०) छोरा-छोरी नभएको सन्तान नभएको ।

अपूरो-(वि०) पूरा नभएको; अधूरो

अपूर्व-(वि०) पहिले नभएको; अनौठो उत्तम ।

अपेक्षा-(ना०) आकाङ्क्षा; आवश्यकता; तुलना ।

अपेक्षित-(वि०) आशा गरिएको आवश्यक ।

अप्ठेरो-(वि०) असजिलो; गाह्रो कठिन ।

अप्ठ्यारो-(वि०) अप्ठेरो ।

अप्रत्याशित (वि०) एक्कासि भएको आशा नै नगरिएको ।

अप्राकृतिक-(वि०) प्राकृतिक नभएको अस्वाभाविक ।

अप्रिय-(वि०) मन नपरेको; प्यारो नभएको ।

अप्रेशन-(ना०) चिरफार; शल्य चिकित्सा ।

अप्सरा-(ना०) इन्द्रको सभाका सुन्दरी हरू; सुन्दरी आइमाई ।

अफवाह-(ना०) हल्ला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अफाप–(वि०) नफापेको; हानि गर्ने ।
अफिस–(ना०) अड्डा; कार्यालय ।
अफिसर–(ना०) अधिकृत; हाकिम ।
अफिम–(ना०) एक प्रकारको नशा ।
अफीमची-(ना०) अफीम धेरै खाने व्यक्ति; अफीमको अम्मली ।
अफ्रिका–(ना०) पृथ्वीको पूर्वी गोलार्द्धमा पर्ने एक महाद्वीप ।
अब–(संयो०) अनि; यसपछि; यस बेला ।
अबगाल–(ना०) भनाउ; गाल; अबजस ।
अबजस-(ना०) जस नपाउनु; अपयस ।
अबरे (ना०) ज्यादै पीरो गोलो खुर्सानी; अकबरे ।
अबला–(वि०) बल नभएकी; निर्बल (आइमाई) ।
अबस्से–(क्रि० यो०) अवश्य ।
अबाटो-(ना०) कुबाटो; बाटो नभएको वा बाटो नपरेको ठाउँ ।
अबाध–(वि०) बाधा-अड्काउ नभएको; निर्विघ्न । (क्रि० यो०) बिनारोकटोक ।
अबिजालो–(ना०) एक प्रकारको भुइँक्षार वा बूटी; असाध्य पिरो वस्तु ।
अबीर–(ना०) पूजा वा टीकामा प्रयोग हुने रातो धूलो ।
अबूझ–(वि०) जति बुझाए पनि नबुझ्ने; बोधो; नासमझ ।
अबेर–(क्रि० यो०) बेर; विलम्ब; वियाँलो; ढीलो ।
अबेला-(ना०) खराब वेला; वेमौका । (क्रि० यो०) अबेर ।
अबोध-(वि०) केही नजान्ने; अनजान; अज्ञानी ।
अबोला–(वि०) नबोल्ने स्वभावको; मौनी ।
अब्झट-(क्रि० यो०) अपझट; एक्कासि; अचानक ।
अभक्ष्य–(ना०) खान नहुने बस्तु; अखाद्य पदार्थ ।
अभच्छे–(ना०) खान नहुने वस्तु; अभक्ष्य ।
अभद्र–(वि०) अशिष्ट; अशुभ ।
अभय–(ना०) भय नहुनु; निडर; शरणमा लिनु ।
अभाग-(ना०) दुर्भाग्य; खोटो कर्म ।
अभागी–(वि०) भाग्य नभएको; भाग्यहीन ।
अभाव–(ना०) नहुनु; नपाइनु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अप्राप्ति ।

**अभिघात**–(वि०) ज्यादा; अत्यन्त; धेरै ।

**अभिजात**–( वि० ) उच्च कुलमा जन्मेको ।

**अभिनन्दन**–(ना०) स्वागत; प्रशंसा; बधाई; अभिवादन ।

**अभिनय**–(ना०) हाउभाउ; नकल; अनुकरण ।

**अभिनव**–(ना०) नयाँ; ताजा; साजी ।

**अभिनीत**-(वि०) अभिनय गरिएको; खोलिएको ।

**अभिनेता**–(ना०) अभिनय गर्ने व्यक्ति; नायक ।

**अभिनेत्री**–( ना० ) अभिनय गर्ने आइमाई; नायिका ।

**अभिन्न**–( वि० ) भिन्न नभएको; मिलेको; सम्बद्ध ।

**अभिप्राय**–(ना०) आशय; मतलब; तात्पर्य ।

**अभिभारा**–(ना०) जिम्मेदारी; उत्तरदायित्व ।

**अभिभावक**–(वि०) पालनपोषण गर्ने; संरक्षक ।

**अभिभूत**–( वि० ) हराइएको; पराजित । पीडित; वशीभूत ।

**अभिमत**-( वि० ) वाञ्छित; प्रिय; सम्मति ।

**अभिमन्यु**–( ना० ) महाभारतप्रसिद्ध अर्जुनका छोरा ।

**अभिमान**–(ना०) घमन्ड; शेखी ।

**अभिमानी** ( वि० ) घमन्डी; शेखीवाल ।

**अभियन्ता**–(ना०) इन्जिनीयर ।

**अभियान**–( ना० ) सैनिक यात्रा; आरोहण; संचालन; जानु-आउनु; फड्को ।

**अभियुक्त**–(वि०) अभियोग लागेको; विद्वान्; कुनै काममा व्यस्त ।

**अभियोक्ता**–(वि०) अभियोग लगा... उने; वादी ।

**अभियोग**-( ना० ) दोष; फत्तु... फरेब; आक्रमण; उद्योग ।

**अभिरुचि**–( ना० ) इच्छा; चाहना; अभिलाषा ।

**अभिलाषा**–( ना० ) आशा; इच्छा; कामना ।

**अभिलेख**–( ना० ) लेखोट; प्राचीन लेख; प्रामाणिक लेख ।

**अभिलेखालय**–(ना०) अभिलेख रा... ठाउँ ।

**अभिवक्ता**–( ना० ) सहायक वकील

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अघि सरेर बोल्ने बक्ता ।
अभिवृद्धि–(ना०) उन्नति; बढिबढाउ ।
अभिव्यक्त–(वि०) प्रकट गरिएको; भनिएको; व्यक्त ।
अभिव्यक्ति–(ना०) प्रकट गर्नु; व्यक्त गर्नु ।
अभिशाप–(ना०) सराप; दोष ।
अभिसेक-(ना०) सेचन गर्नु; शुद्ध हुन मन्त्र पढेर पानी छर्कनु ।
अभीष्ट (ना०) चिताइएको; इच्छा गरिएको; वाञ्छित ।
अभूतपूर्व–(वि०) पहिले नभएको ।
अभेक-(ना०) बाटो नपर्ने ठाउँ ।
अभेद–(वि०) भेद नभएको; अभिन्न ।
अभेद्य–(वि०) छेड्न वा प्वाल पार्न नसकिने ।
अभ्यन्तर–(ना०) भित्री मन; माझ; गुप्त कुरा वा कथा ।
अभ्यर्थना–(ना०) प्रार्थना; बिन्ति ।
अभ्युत्थान–(ना०) उदय; पदोन्नति; स्वागतार्थ उठ्नु ।
अभ्यास–(ना०) रफत; बानी; आदत ।
अभ्रख (ना०) आगोले नजल्ने पारदर्शी खनिज ।
अमन-(ना०) खान मन नहुनु; मन मर्नु; अरुचि ।
अमर–(वि०) नमर्ने; बाँचिरहने ।
अमरता–(ना०) अमर हुनाको भाव ।
अमरावती–(ना०) सुन्दर स्थान; स्वर्ग ।
अमर्यादा–(ना०) मर्यादा नहुनु; अवहेलना ।
अमल–(ना०) नशा; मादक पदार्थ; लत; बानी; औंलाको नापो ।
अमलतुनु–(ना०) सूचीकारले लुगा सिउँदा लाउने औंठी; लक्खु; भ्रम्तनु ।
अमलदार–(ना०) पिउठसरहको जङ्गी दर्जा ।
अमलपित्त–(ना०) खाएको वस्तु अमिलो हुने वा पित्त छाद्ने एक रोग ।
अमला–(ना०) गोल दाना हुने एक गुणकारी फल ।
अमलेख–(ना०) दासत्वको मुक्ति; कमारा-कमारीको छुटकारा ।
अमात्य–(ना०) मन्त्री; सचिव ।
अमानत–(ना०) धरौटी; जिम्मा ।
अमानवीय–(वि०) मानिसले गर्न नहुने वा नसक्ने; दानवी ।
अमानवीयता–(ना०) अमानवीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुनाको भाव; दानवीयता ।

**अमिलिनु**–(अ० क्रि०) अमिलो हुनु; मन पिरोलिनु ।

**अमिलो**–( ना० ) निबुवा, कागती आदिको रस; चूक । ( वि० ) अमिल्दो ।

**अमिल्दो**–( वि० ) चूकको जस्तो स्वादको ।

**अमीन**–(वि०) अमानत राख्ने । (ना०) जग्गा नाप्ने जाँचकी ।

**अमीनी**–(ना०) पहिलेको मधेस-तराई-को शुरू अदालत; अमीन ।

**अमूल्य**–(वि०) मोल गर्न नसकिने; मोल नभएको; अनमोल ।

**अमृत**–( वि० ) नमरेको । ( ना० ) सुधा; अति मीठो वस्तु; पानी; खाँदा अमर हुने पदार्थ ।

**अमृसो**–( ना० ) कूचो बनाइने एक प्रकारको घाँस ।

**अमेरिकन**–(वि०) अमेरिकी; अमेरिकाली ।

**अमेरिका**–(ना०) एक विभक्त महाद्वीप ।

**अमेरिकाली**–( वि० ) अमेरिकाको; अमेरिकासम्बन्धी ।

**अमोठ**–(ना०) आँपको माडा ।

**अम्तर्नु**–( ना० ) सूचीकारले लु सिउँदा औंलामा लाउने औंठी अमलतुनु ।

**अम्बर**–(ना०) आकाश; नभ; वस्त्र

**अम्बा**–(ना०) आमा; दुर्गा; गोलो लाम्चिलो दाना हुने पहेँलो एक फल बेलौती ।

**अम्बिका**–( ना० ) आमा; भवानी पाण्डवकी आमा ।

**अम्लेट**–(ना०) चराका फुलको रोटी

**अयु**–( वि० बो० ) छक्क पर्दा । त्रसिकदा भनिने शब्द ।

**अयोग्य**–(वि०) योग्य नभएको; नि नभएको; नालायक ।

**अयोध्या**–( ना० ) भारतको प्राचीन शहर ।

**अरक**–(ना०) कुनै चीज उमाली निकालेको पानी; अर्क; रक्सी तेजाब ।

**अरकच्च**–(क्रि० यो०) जिल्ल; वाल अलमल्ल ।

**अरघट्ट**–( क्रि० यो० ) ठसमस्स ढसमस्स ।

**अरट्ठो**–(वि०) फर्रो; अररो ।

**अरण्य**–(ना०) जङ्गल; वन ।

**अरथी**–(ना०) मुर्दा बोक्ने खट; टां

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शवयान ।

अरनी–(ना०) खाजा; जलपान ।

अरब–(ना०) दक्षिण-पश्चिम एशियामा पर्ने प्रख्यात एक भूभाग । (वि०) एक करोडको सङ्ख्या ।

अरबी–(वि०) अरब देशको; अरब देशसम्बन्धी; तेजिलो र ठूलो जातको (घोडा) ।

अरर्रिनु–(अ० क्रि०) कक्रिनु; ठर्रिनु ।

अररो–(वि०) ठर्रो; झर्रो; जकँटो ।

अरल्लिनु–(अ० क्रि०) अतालिनु ।

अराजक–(वि०) राजा वा राज्य नभएको; शासन-व्यवस्था खलबल्याउने ।

अराजकता–(ना०) राज्य वा शासनको व्यवस्था नमिल्नु ।

अराल्नु–(स० क्रि०) अधकच्चो भुट्नु ।

अरिङ्गाल–(ना०) एक विषालु कीरो; अच्छ्यूँ ।

अरिमुठे–(ना०) एक प्रकारको कीरो । (वि०) मोटो जुँगा भएको ।

अरिष्ट–(ना०) आपत्ति; दुःख; दशा; अशुभ ।

अरुचि–(ना०) रुचि नहुनु; वेमन ।

अरुण–(ना०) सूर्य; बिहान-बेलुकी आकाशमा देखिने रातो आभा; सिन्दूर; पूर्वी नेपालको एक प्रसिद्ध नदी ।

अरुणिमा–(ना०) रातोपन; लाली ।

अरुन्धती–(ना०) वशिष्ठकी पत्नी ।

अरुवा (ना०) धान नउसिनी कुटेको चामल ।

अरू–(संयो०) अनि; फेरि । (वि०) अर्को; अन्य ।

अरे–(अव्य०) आश्चर्य वा सङ्केत बताउँदा प्रयोग हुने शब्द ।

अरेट्नु–(ना०) ठेट्नो ।

अर्को–(वि०) दोस्रो; अन्य ।

अर्खौलो–(ना०) ठेट्नु; एक प्रकारको घाँस ।

अर्गज्ज–(क्रि० यो०) आफूलाई ठूलो ठानेर बस्ने किसिम; गजक्क; गमक्क ।

अर्गेली–(ना०) नेपाली कागत बनाउने एक प्रकारको वृक्ष ।

अर्घ–(ना०) पूजामा चढाइने जल; जल चढाइने भाँडो; अर्घौंतो ।

अर्घेली–(ना०) बिजाइँ; उपध्रो । (वि०) मन नपरेकी (आइमाई) ।

अर्घेलो (वि०) नचाहिँदो; वाहियात ।

अर्घेल्याइँ–(ना०) उपध्रो; बिजाइँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अर्चना**–(ना०) पूजा ।

**अर्चनीय**–(वि०) पूजनीय; मान्य ।

**अर्चले**·(ना०) एक प्रकारको रूख वा त्यसको फल ।

**अर्जाप्नु**–(स० क्रि०) धारिलो पार्नु; उध्याउनु; पाइन हाल्नु ।

**अर्जित**–( वि० ) आर्जन गरिएको; कमाएको ।

**अर्जी** (ना०) तारीख थाम्ने दरखास्त; निवेदन; उजूर ।

**अर्ती**-( ना० ) भलो कुरा; उपदेश; शिक्षा ।

**अर्थ**–( ना० ) तात्पर्य; हेतु; धन; सम्पत्ति; ऐश्वर्य ।

**अर्थशास्त्र**–(ना०) धनसम्बन्धी विवेचना र व्याख्या भएको शास्त्र ।

**अर्थशास्त्री**–( वि० ) अर्थशास्त्रको ज्ञाता ।

**अर्थात्**–( संयो० ) विवरण दिंदा वा प्रसङ्ग बुझाउंदा प्रयोग हुने शब्द ।

**अर्थी**–(वि०) चाहने; माग्ने; प्रयोजन राख्ने; धनी ।

**अर्थुङ्ग**–(ना०) अथुङ्गो ।

**अर्थुङ्गो**–(संयो०) एक जातको कुरो घाँस ।

**अर्थ्याइ**–( ना० ) अर्थ्याउने किसिम, काम वा भाव ।

**अर्थ्याउनु**–(स० क्रि०) अर्थ लाउनु मतलब बताउनु ।

**अर्दली**–(ना०) पिउन; सिपाही ।

**अर्द्ध**–(वि०) आधा; अर्ध ।

**अर्ध**–(वि०) अर्द्ध; खण्ड; टुक्रा ।

**अर्धङ्गी**–( वि० ) बाउँटो; वेढङ्गी एकोहोरो ।

**अर्धसिल्ली**–( वि० ) आधा म खुस्केको ।

**अर्धाङ्गिनी**–(ना०) पत्नी; स्वास्नी

**अर्धानो** ( वि० ) आधा सड्दे बा पुरानो; फाट्ने वेला भएको ।

**अर्ना**–(ना०) जङ्गली भैंसी वा रां

**अर्नालिनु**–(अ० क्रि०) भोक्रले पी हुनु ।

**अर्निको** ( ना० ) तेह्रौं शताब्दी प्रसिद्ध नेपाली कलाकार; नेपाल एक राष्ट्रिय विभूति ।

**अर्नी**–(ना०) अरनी ।

**अर्पण**–(ना०) श्रद्धापूर्वक दिनु; उनु ।

**अर्पित**–( वि० ) अर्पण गरिए

**अर्मल**–(ना०) वस्तुले खाएको नोक्सानीको हर्जाना ।

**अर्मले**–(ना०) एक प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अर्माली–(ना०) पाली ।

अर्वाचीन–(वि०) हालसालको; आधुनिक ।

अर्सा–(ना०) एक प्रकारको मिठाई रोटी ।

अलकतरा–(ना०) अलकत्रा ।

अलकत्रा–(ना०) पत्थरकोइलाको चोब; एक प्रकारको कालो रोगन ।

अलख–(ना०) जोगी-सन्न्यासीले भिक्षा माग्दा भन्ने शब्द ।

अलखधारी–(वि०) अलख जगाएर निर्वाह गर्ने; माग्ने ।

अलग–(क्रि० यो०) अलग्गै; भिन्नै; छुट्टै ।

अलङ्कार–(ना०) गहना; आभूषण; काव्यलाई सिंगार्ने शैलीविशेष ।

अलङ्कृत–(वि०) सिंगारिएको; सजाइएको ।

अलच्छिन–(ना०) कुलच्छिन; खराब लच्छिन ।

अलच्छिनी–(वि०) पिराहा; कुलच्छिनको ।

अलत्र–(ना०) अलपत्र; लथालिङ्ग ।

अलप–(ना०) गायब; लोप ।

अलपक्का–(ना०) एक प्रकारको कपडा ।

अलपत्र–(क्रि० यो०) बेथितिसँग रहने किसिम ।

अलपत्रिनु–(अ० क्रि०) अलपत्र पर्नु ।

अलपत्रे–(वि०) अलपत्र पार्ने ।

अलबम–(ना०) तस्वीर, टिकट आदि सजाइराख्ने किताब ।

अलबल्ले–(वि०) ज्यादै ठूलो (भेल); सँभाल्न नसकिने ।

अलमल–(क्रि० यो०) कामकाजको झमेला ।

अलमलिनु–(अ० क्रि०) अलमलमा पर्नु; लर्बरिनु; रुमलिनु ।

अलमल्ल–(क्रि० यो०) जिल्ल; वाल्ल; रनभुल्ल; बिलखबन्द ।

अलमस्त–(वि०) मगनमस्त; मनमोजी ।

अलमस्ती–(ना०) बेफिक्री; मगनमस्ती ।

अलाप–(ना०) रुवाइ; बिलौना ।

अलापविलाप–(ना०) रुवाबासी ।

अलाप्नु–(स० क्रि०) गानाको ताना छोड्नु ।

अलि–(वि०) थोरै; अलिकता; कम ।

अलिकता–(वि०) थोरै; केही ।

अलिकति–(वि०) थोरै; केही;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अलिकता ।

**अलिखित–** वि०) नलेखिएको ।

**अलिखेर–(** क्रि० यो० ) एक छिन; अलिबेर ।

**अलिनु–(** ना० ) लुगा टाँग्ने डोरी; अलिनो ।

**अलिनो–(** वि० ) नून नहालेको वा नपुगेको; बिलिनो; खल्लो ।

**अलिबेर–** (क्रि० यो०) एक छिन; थोरै बेर ।

**अलेख**·(वि०) सम्पन्न; धनाढ्य ।

**अलैंची–(** ना० ) एक किसिमको मसलादार सुगन्धी फल ।

**अलौकिक–**(वि०) लोकमा नभएको; संसारमा नपाइने ।

**अलौटो–**(वि०) नसुक्तै छोडाएको; भुट्टा फूल नउठेको ।

**अल्छाउनु–**(अ० क्रि०) अल्सी हुनु; जाँगर मर्नु ।

**अल्छी–(** वि० ) जाँगर नभएको; आलसी ।

**अल्फनु–**(अ० क्रि०) अड्कनु; फँस्नु ।

**अल्फाइ–**(ना०) अल्कने किसिम, काम वा भाव ।

**अल्फिनु–**(अ० क्रि०) अल्फो लाग्नु; रोकिनु; अड्कनु ।

**अल्फो–(** ना० ) बाधा; अड्काउ; फ्याउलो ।

**अल्प–**(वि०) थोरै; कम्ती; सानो।

**अल्पज्ञ–(** वि० ) थोरै ज्ञान भएको; कम्ती जान्ने ।

**अल्पता**·(ना०) थोरै हुनाको भाव।

**अल्पनु–(** अ० क्रि० ) अलप हुनु; छिप्नु ।

**अल्पायु–**(वि०) थोरै समय बाँच्ने; कम्ती आयुको ।

**अल्पिनु–(** अ० क्रि० ) अलप होइनु; छिपिनु ।

**अल्याङमल्याङ–(** क्रि० यो० ) आल टाल ।

**अल्लारिनु–(** अ० क्रि० ) बेकाममा लर्खरिनु; बरालिनु ।

**अल्लारे–**(वि०) बेकाममा यताउता भौंतारिने; बरालिएर हिँड्ने ।

**अल्लो–(** ना० ) नेपाली कागज धोक्रो बनाउन काम लाग्ने वृक्ष विशेष ।

**अल्साउनु–**(अ० क्रि०) अल्सी हुनु

**अल्सी–**(वि०) काममा मन नलाउने जाँगरमरुवा; अल्छी ।

**अल्सेशियन–**(ना०) ब्वाँसो र कुकुर को संयोगबाट जन्मने कुकुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अव**–( उप० ) शब्दका अगिल्तिर आउने उपसर्ग । जस्तै– अवगुण; अवहेलना ।

**अवकाश**–( ना० ) फुर्सदको समय; छुट्टी; बिदा ।

**अवगत**–(वि०) जानेको; विदित; ज्ञात ।

**अवगुण**–(ना०) खराब गुण; बेगुण; दोष ।

**अवचेतन**–(वि०) पूरा चेतना नभएको वा नहुने ।

**अवज्ञा**–( ना० ) तिरस्कार; हेला; कानून वा आज्ञाको उल्लङ्घन ।

**अवतरण**–( ना० ) जन्म लिनु; प्रादुर्भाव ।

**अवतरित**–( वि० ) जन्म लिएको; प्रादुर्भूत ।

**अवतार** (ना०) जन्म लिनु; शरीर धारण गर्नु; ईश्वरका अवतारहरू; ओर्लनु; सिँढी ।

**अवध**–( ना० ) अयोध्या र समवर्ती क्षेत्र ।

**अवधि**–(ना०) सीमा; म्याद; हद; निर्धारित समय ।

**अवधूत**–(वि०) साधु; अटेर ।

**अवनति**–( ना० ) खस्केको अवस्था; अधोगति ।

**अवनि**–(ना०) पृथ्वी; धरती ।

**अवनी**–(ना०) अवनि ।

**अवमूल्यन**–(ना०) भाउ घटाउनु ।

**अवयव**–(ना०) शरीरको कुनै अङ्ग; अंश; भाग; हिस्सा ।

**अवरुद्ध**–( वि० ) रोकिएको; बन्द गरिएको ।

**अवरोध**–( ना० ) बाधा; रोकावट; अन्तःपुर ।

**अवलम्ब**-(ना०) सट्कनु; आश्रय; आधार; लिनु ।

**अवलम्बन**–(ना०) आधार; आश्चर्य; ग्रहण गर्नु ।

**अवलम्बित**–(वि०) लट्केको; आश्रय लिएको ।

**अवलोकन**–(ना०) हेर्नु; निरीक्षण ।

**अवलोकितेश्वर**–( ना० ) एक वोधिसत्त्व ।

**अवशिष्ट**-( वि० ) बचेको; बाँकी रहेको; शेष ।

**अवशेष**–(वि०) बचेको; अवशिष्ट; समाप्त; शेष ।

**अवश्य**–(क्रि० यो०) निश्चय; जरूर; पक्का ।

**अवश्यमेव**– (क्रि० यो०) निश्चय नै ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अवश्यम्भावी** ( वि० ) नभइनरहने; निश्चय हुने ।

**अवसर**–(ना०) बेला; समय; मौका; औसर ।

**अवसरवाद**–( ना० ) मौका छोप्ने सिद्धान्त; ताक छोप्ने काम ।

**अवसरवादी**–(वि०) आफ्नै लाभको मात्र मौका हेर्ने; ताकछोपुवा ।

**अवसाद**–(ना०) क्षय; खेद; दीनता ।

**अवसान**-( ना० ) समाप्ति; अन्त; विराम; विश्राम; मृत्यु ।

**अवस्था**–( ना० ) स्थिति; हालत; दशा; समय; काल ।

**अवस्थित**–(ना०) रहेको; उपस्थित ।

**अवस्थिति**-(वि०) रहनु; उपस्थिति; घर; डेरा ।

**अवहेलना**-( ना० ) हेला; अपमान; तिरस्कार ।

**अवाक्**–(वि०) चूप; मौन; चकित ।

**अवाच्य**–(वि०) बोल्न ठीक नहुने ।

**अवाल**–(ना०) ईंट पोल्ने भट्टा ।

**अवाले**–(ना०) ईंट पोल्ने काम गर्ने मानिस ।

**अविकल**–(वि०) जस्ताको तस्तो; टूट-फूट नभएको ।

**अविकार**–(वि०) विकार नभएको ।

**अविघ्न**–(वि०) विघ्न नभएको ।

**अविचलित**–( वि० ) विचलित नभ- एको; अटल ।

**अविचार**–( ना० ) कुविचार; अवि- वेक ।

**अविच्छिन्न**– (क्रि० यो०) निरन्तर; लगातार; अटूट ।

**अविच्छेद**–(वि०) विच्छेद नभएको ।

**अविनाशी**–(वि०) कहिल्यै नाश नहुने; अक्षय ।

**अविभाज्य**–(वि०) भाग लाउन नहुने; नटुक्रिने ।

**अविरल**–(वि०) एकनाससित चल्ने; नरोकिएको । (क्रि० यो०) लगा- तार; निरन्तर ।

**अविराम** (वि०) नरोकिएको; अवि- रल । ( क्रि० यो० ) निरन्तर; लगातार ।

**अविलम्ब**–( वि० ) ढीलो नभएको; तुरुन्त; शीघ्र ।

**अविवाहित** (वि०) विवाह नभएको; कुमार ।

**अविवाहिता**–(वि०) विवाह नभएकी; कुमारी ।

**अविवेक**–(ना०) विवेक नहुनु; ना- मझ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**अविवेकी**–( वि० ) विवेक नभएको; विवेकहीन ।

**अविश्वसनीय**–( वि० ) विश्वास गर्न योग्य नभएको ।

**अविश्वस्त**–( वि० ) विश्वास गर्न नसकिने ।

**अविश्वास**–( ना० ) विश्वास नहुनु; अनपत्यार ।

**अविश्वासी**–(वि०) विश्वास नभएको; पत्यार गर्न नसकिने ।

**अवैज्ञानिक**–( वि० ) विज्ञानअनुसार नभएको ।

**अवैतनिक**–(वि०) बेतलबी ।

**अवैध**–(वि०) कानूनविरुद्ध; नियम-विपरीत; अवैधानिक ।

**अवैधानिक**–( वि० ) विधानविरुद्ध; गैरकानूनी ।

**अव्यक्त**–(वि०) व्यक्त नभएको; प्रकट नभएको; अज्ञात ।

**अव्यय**–(ना०) लिङ्ग, वचन आदिमा एकनास रहने शब्द ।

**अव्यवस्था**–( ना० ) व्यवस्था नहुनु; गोलमाल ।

**अव्यवस्थित**–(वि०) व्यवस्था ठीक नभएको वा नमिलेको ।

**अव्वल**–( वि० ) उत्तम; असल; उम्दा ।

**अशकुन**–(ना०) बिच्छुक; अपशकुन ।

**अशक्त**–(वि०) निर्बल; नसक्ने ।

**अशरफी**–(ना०) स्वर्णमुद्रा ।

**अशान्त**–(वि) शान्त नभएको; बेचैन; अस्थिर ।

**अशान्ति** ( ना० ) शान्ति नहुनु; चञ्चलता; खैलाबैला ।

**अशिक्षित**–( वि० ) शिक्षा नपाएको; अनपढ ।

**अशिष्ट**–( वि० ) शिष्ट नभएको; असभ्य; ठाडो ।

**अशिष्टता**–( ना० ) शिष्ट नहुनु; असभ्यता; ठाडोपन ।

**अशुद्ध**–( वि० ) शुद्ध नभएको; अपवित्र ।

**अशुद्धि**–(ना०) शुद्ध नहुनु; बिराम; भूल ।

**अशुभ**–(वि०) शुभ नहुने; अमङ्गल ।

**अशेष**–(वि०) बाँकी नरहेको; सम्पूर्ण; सबै ।

**अशोक**–( वि० ) शोक नभएको । (ना०) एक वृक्षविशेष; मौर्यवंशी एक प्रसिद्ध राजा ।

**अश्रु**–(ना०) आँसु ।

**अश्रुग्याँस**–( ना० ) आँखा पीरो हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एक किसिमको ग्याँस ।
**अश्लील**–(वि०) लज्जाजनक; लाज-भाँड हुने; फोहर ।
**अश्व**-(ना०) घोडा; अत्यन्त कामुक पुरुष ।
**अश्वत्थामा**–( ना० ) द्रोणाचार्यका छोरा ।
**अश्वारोही**–( वि० ) घोडचढी; घोड-सवार ।
**अश्विनीकुमार**–(ना०) देवताका वैद्य ।
**अष्ट**–(वि०) आठ ।
**अष्टकुल**–( ना० ) शेष, वासुकि, कम्बल, कर्कोटक, पद्म, महापद्म, शङ्ख र कुलिक आठ नाग ।
**अष्टदल**-(ना०) आठपत्रे कमल ।
**अष्टधातु**–( ना० ) सुन, चाँदी, तामा, राङ, जस्ता, फलाम, सीसा, पारो ।
**अष्टपाद**–(वि०) आठखुट्टे ।
**अष्टमण्डप**–( ना० ) चामल, मुँग, अदुवाको रस, सिँधे नून, धनियाँ, पिप्ला, हिङ, बेसार र जीरा समेतको, सन्तुलित पथ्य ।
**अष्टमूर्ति**–(ना०) महादेव ।
**असंयम**–(ना०) इन्द्रिय वशमा राख्न नसक्नु ।

**असंस्कृत**–(वि०) संस्कार नभएको सुधार नगरिएको ।
**असङ्ख्य**–( वि० ) थुप्रै; अनगन्ती
**असङ्गत**–( वि० ) सिलसिला नमि-लेको ।
**असजिलो**–(वि०) अप्ठ्यारो; गाह्रो अमिल्दो ।
**असत्**–(वि०) सत्य नभएको; झूटो
**असत्ती**–( वि० ) मन कालो भएको दुष्ट; धूर्त; बेइमान; दुराचारी।
**असत्य**–( ना० ) सत्यताको अभाव झूटो; मिथ्या ।
**असन्तुष्ट**–(वि०) सन्तुष्ट नभएको चित्त नबुझेको; अतृप्त; अप्रसन्न
**असन्तोक**–(ना०) सन्तोक नहुनु।
**असन्तोकी**–(ना०) सन्तोक नहुने।
**असन्तोष**–( ना० ) सन्तोष नहुनु असन्तोक ।
**असन्तोषी**–( वि० ) सन्तोष नहुने असन्तोकी ।
**असन्दिग्ध**–( वि० ) सन्देह नभएको निश्चित ।
**असपट्ट**–(क्रि० यो०) असमट्ट ।
**असफल**–(ना०) विफल; अनुत्तीर्ण फेल ।
**असबाब**–( ना० ) मालमत्ता;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सामान ।

असभ्य–( वि० ) सभ्य नभएको; गँवार; पाखे; अशिष्ट ।

असमञ्जस–( ना० ) दोधार; द्विविधा ।

असमट्ट–( क्रि० यो० ) उकुसमुकुस; असरट्ठ ।

असमय–(ना०) बेमौका; कुबेला ।

असमर्थ–( वि० ) सामर्थ्यहीन; अशक्त; दुर्बल ।

असमान–(वि०) बराबर नभएको ।

असम्बद्ध–( वि० ) सम्बन्ध नभएको; असङ्गत ।

असम्भव -(वि०) सम्भव नभएको ।

असर–(ना०) प्रभाव; परिणाम ।

असरल्ल–( क्रि० यो० ) अलपत्र; भताभुङ्ग ।

असर्द–( वि० ) ऋतुमती; नछुने भएकी ।

असर्दो–( वि० ) सर्दो नभएको; अपायक । (ना०) गर्ज; खाँचो ।

असर्फी–( ना० ) सुनको मुद्रा; अशरफी ।

असल–(वि०) उम्दा; बेस; बढिया; उत्तम ।

असहाय–( वि० ) सहायता गर्ने नभएको; सहारा नभएको ।

असह्य–(वि०) सहनै नसकिने ।

असाधारण–( वि० ) विशेष किसिमको; बेजोड ।

असाध्य–( वि० ) साध्य नभएको; ज्यादा; धेरै ।

असामयिक–( वि० ) ठीक समयमा नभएको; समयभन्दा बाहिरको ।

असामी–( ना० ) रिनी; कर्जावाल व्यक्ति ।

असार–( ना० ) नेपालीको तेस्रो महीना; आषाढ । ( वि० ) सार नभएको; खाली ।

असारे–( वि० ) असार महीनाको । (ना०) असार महीनामा फुल्ने एक फूल; रोपाइँमा गाइने एक लोकगीत ।

असावधान–( वि० ) सावधान नभएको ।

असिना–(ना०) वर्षा हुँदा झर्ने पानीको सेतो र मसिनु डल्ला; ओला ।

असिस्टेन्ट–(ना०) सहायक; कामदार ।

असीम -(वि०) सीमा नभएको; अपार ।

असुद्धी–(वि०) चेतना कम्ती भएको; बेहोशी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**असुर**–(ना०) दैत्य; दानव; राक्षस; रात; राहु ।

**असूल**–(ना०) लिनुपर्ने नगद लिनु; उपर गर्नु; चुक्ति; दाखिला ।

**असोज**–( ना० ) नेपालीको छैटौं महीना; आश्विन ।

**असौं**–(क्रि० यो०) यस पाली ।

**अस्ट्रेलिया**–( ना० ) पृथ्वीका पाँच महाद्वीपमध्ये सबभन्दा सानो महाद्वीप ।

**अस्त**–( वि० ) अस्ताएको; अदृश्य । (ना०) अलप हुनु; लोप ।

**अस्तबल**–( ना० ) तबेला; घोडा बाँध्ने ठाउँ ।

**अस्तर**–( ना० ) सिरक आदिमा बाहिरी खोलभित्रको कपडा ।

**अस्तव्यस्त**–(वि०) लथालिङ्ग परेको; भताभुङ्ग भएको ।

**अस्ताउनु**–( अ० क्रि० ) अस्त हुनु; नदेखिनु; डुब्नु ।

**अस्ति**–(क्रि० यो०) तीन दिनअगाडि; केही दिनपहिले ।

**अस्तित्व**–(ना०) सत्ता; विद्यमानता; प्रभाव ।

**अस्तु**–(ना०) दाह-संस्कारपछि नदीमा सेलाइने मुर्दाको बचेको हाड । (अव्य०) होस् ।

**अस्त्र**–(ना०) फ्यांकेर हान्ने हतिया[र]; क्षेप्यास्त्र ।

**अस्त्रागार**–( ना० ) हतियार रा[ख्ने] ढुकुटी; तोपखाना ।

**अस्थायी**–( वि० ) थोरै दिन[को]; म्यादी ।

**अस्थि**–(ना०) हाड; हड्डी ।

**अस्थिपञ्जर**–(ना०) कङ्काल ।

**अस्थिर**-( वि० ) स्थिर नभए[को]; चञ्चल; अनिश्चित ।

**अस्पट**–(क्रि० यो०) छटपट; उ[कु]मुकुस ।

**अस्पटाइ** -(ना०) अस्पटाउने कि[या] वा भाव ।

**अस्पटाउनु**–(अ० क्रि०) छटपटा[उनु]; बेचैन हुनु ।

**अस्पटिनु**–(अ० क्रि०) छटपटिनु ।

**अस्पटी**–(ना०) असजिलोपन ।

**अस्पताल**–(ना०) बिरामीको उप[चार] गर्ने ठाउँ; चिकित्सालय ।

**अस्मानी**–(ना०) नेपालको पश्चि[म] पहाडी इलाकामा लाग्ने कर । (वि०) आकाश रङ्गको; अकाश[े]

**अस्मेल**–(वि०) ज्यादै ठूलो; सँभा[ल्न] नसकिने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अस्वस्थ–( वि० ) विरामी; रोगी; निर्बल ।

अस्वाभाविक–( वि० ) बनावटी; कृत्रिम ।

अस्वीकार–(ना०) नामन्जूरी ।

अहँ–( अव्य० ) निषेधार्थक शब्द; उहुँ ;

अहङ्कार (ना०) अभिमान; घमन्ड; रिस ।

अहङ्कारी–(वि०) घमन्डी; रिसाहा ।

अहमत्याइँ–(ना०) मात; घमन्ड ।

अहा–(वि० बो०) खुशी, प्रशंसा आदि जनाउने शब्द ।

अहान–(ना०) आह्वान ।

अहार–(ना०) आहार ।

अहाल–(ना०) आहाल ।

अहिंसक–( वि० ) हिंसा नगर्ने; मारकाट नगर्ने ।

अहिंसा–( ना० ) हिंसा नगर्नु; मारकाट नगर्नु ।

अहित–(ना०) कुभलो; अकल्याण ।

अहिरो–(ना०) शिकार खेलिने जन्तु; शिकार ।

अहिले–( क्रि० यो० ) यस बखत ; हाल ।

अहीर–(ना०) गाईवस्तु पाली जीविका गर्ने व्यक्ति; ग्वाला ।

अहो–(वि० बो०) आश्चर्य, खेद आदि जनाउने शब्द ।

अहोरात्र–( ना० ) रात-दिन; रातो-दिन ।

अह्लाइ–( ना० ) अह्लाउने काम, अह्लोट ।

अह्लाउनु–( स० क्रि० ) आज्ञा दिनु; खटाउनु; काम लगाउनु ।

अह्लाउपह्लाउ–( ना० ) काममा लाउनु; खटनपटन ।

अह्लावट–( ना० ) अह्लाउने काम; अह्लोट ।

अह्लोट–(ना०) खटन, अह्लावट ।

अह्लौटे (वि०) अह्लोट मान्ने; अह्लाएको काम गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# आ

आ–देवनागरी वर्णमालाको दोस्रो स्वरवर्ण; 'अ'-को दीर्घरूप । उच्चारणस्थान कण्ठ ।

आँ–( अव्य० ) मुख बाउने किसिम; नानी रुँदाको अनुकरण शब्द ।

आँक–( ना० ) हिम्मत; आँट; एक किसिमको बोट; अर्क ।

आँकुरी–(ना०) घाँसविशेष ।

आँकुरो–( ना० ) आँकुरी; पिपिरो; टुसो; मुनो ।

आँकुस–(ना०) अङ्कुसे ।

आँखा–( ना० ) नजर; नेत्र; हेर्ने इन्द्रिय ।

आँखाचिकुवा–(ना०) एक किसिमको सानो कीरो; भुसुनु ।

आँखातरुवा–( ना० ) एक प्रकारको फूल ।

आँखी–( ना० ) कुदृष्टि; डाहालाग्दो हेराइ ।

आँखीगेडी–( ना० ) आँखाको गेडी; रातीगेडी ।

आँखीझ्याल–(ना०) साना-साना प्वाल भएको पुरानो ढाँचाको झ्याल ।

आँखीतरे–(ना०) एक जातको अँडीर ।

आँखीभुइँ–(ना०) आँखामाथि ढीलको तेर्सो रौंको रेखा; आँखीभौं ।

आँखो–(ना०) आँखा; आँख्लो ।

आँख्लो–( ना० ) उखु, बाँस, निगालो आदिको जोर्नीको गाँठो ।

आँग–(ना०) अङ्ग; जीउ; पिठिउँ ।

आँगन–(ना०) घरअगिल्तिरको खुला भाग; चोक; पटाङ्गिनी ।

आँगा–(ना०) कमसल खालको एक किसिमको कालो धान ।

आँच–(ना०) राप; ताप; तातोपन ।

आँचल–( ना० ) पछ्यौरा; किनारा ।

आँचिला–(ना०) खेतको आली ताछ्ने काम; छरी ।

आँट–(ना०) साहस; हिम्मत ।

आँटा–(ना०) पीठो ।

आँटिलो–(वि०) आँटी; हिम्मतदार ।

आँटी–(ना०) सानो गाह्रो; आँट (वि०) आँट भएको ।

आँटो–(ना०) आँटा ।

आँट्नु–(स० क्रि०) काम गर्न खोज्नु; साहस गर्नु ।

आँठ–(ना०) करङको जोर्नी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आँठी–(ना०) सानो मूठो ।
आँठो–( ना० ) कपालको चुल्ठाको भाग; साँध; डील वा आली ।
आँड–(ना०) आँडो; अण्डकोष ।
आँडा-(ना०) अण्ड; आँड ।
आँडे–( वि० ) एउटा मात्र अण्डकोष भएको; अण्डकोष ठूलो भएको ।
आँडो–(ना०) अण्डकोष ।
आँत-(ना०) शरीरको भित्री भाग; अन्तःकरण; आशय ।
आँधी–(ना०) ठूलो हुरी ।
आँधो–(ना०) एक किसिमको लामो माछो । (वि०) अधबैस्रो; अन्धो ।
आँप–(ना०) ठूलठूला दाना हुने एक स्वादिष्ट फल; आम्र ।
आँपफुप्पे–(ना०) एक प्रकारको धान ।
आँसी–(ना०) धारिलो हँसिया ।
आँसु–( ना० ) दुःख-पीर आदिमा आँखाबाट बग्ने पानी; अश्रु ।
आँसुपुछौनी–( ना० ) दुःखमा परेका व्यक्तिप्रति गरिने सान्त्वना ।
आंशिक–(वि०) अंशको; थोरै; केही ।
आः–(वि० बो०) खुशी; उदेक आदि बुझाउने शब्द ।
आइन्दा-(क्रि० यो०) अबदेखि; यस-पछि ।
आइमाई–( ना० ) स्त्री-जाति; स्वास्नीमान्छे ।
आइँ–(ना०) भैंसी कराउने आवाज; बालबोलीमा भैंसी ।
आउँ–(ना०) दिसासम्बन्धी एक रोग; मासी ।
आउँदो–(वि०) आउने; आगामी ।
आउती–(ना०) बिहेमा आरतीस्याउँली गर्ने दिदी-बैनीले कन्चटमा लाउने चामलका पीठोको टीका ।
आउनी–(ना०) आउने काम; आगमन ।
आउनु–(अ० क्रि०) आइपुग्नु; आगमन हुनु ।
आकण्ठ–( क्रि० यो० ) घाँटीसम्म; कण्ठप्रमाण ।
आकर्षक–(वि०) तान्ने; लोभलाग्दो ।
आकर्षण–(ना०) घिच्याउनु; तान्नु; खिच्ने काम; मोहनी ।
आकर्षित–(वि०) तानिएको; खिचिएको ।
आकलझुकल–(क्रि० यो०) कहिलेकाहीं; कुनै कुनै बेला ।
आकस्मिक-(वि०) अचानक भएको; एक्कासि घटेको ।
आका–( ना० ) बालबोलीमा दिसा;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आची ।

**आकाङ्क्षा**–( ना० ) इच्छा; अभिलाषा ।

**आकाङ्क्षित**–(वि०) इच्छा गरिएको; चिताइएको ।

**आकार**–( ना० ) स्वरूप; आकृति; बान्की; सङ्केत ।

**आकाश**–(ना०) अन्तरिक्ष; गगन ।

**आकाशकुसुम**–(ना०) आकाशको फूल; असम्भव कुरा ।

**आकाशगङ्गा**–( ना० ) आकाशमा उत्तर-दक्षिण फैलिएको देखिने नक्षत्र-समूह; नीहारिका ।

**आकाशदीप**–( ना० ) कात्तिकमा बाँसमा झुन्ड्याएर बालिने बत्ती ।

**आकाशवाणी** ( ना० ) वायुमण्डलबाट आउने आवाज; रेडियोमा सुनिने स्वर ।

**आकाशवृत्ति**–( ना० ) आम्दानीको अनिश्चित स्रोत ।

**आकुल**–(वि०) हडबडाएको; आत्तिएको; विह्वल ।

**आकुलव्याकुल**–(वि०) अतासिएको; उद्विग्न ।

**आकृति**-(ना०) आकार; स्वरूप ।

**आकृष्ट**–( वि० ) खिचिएको; आकर्षित ।

**आक्रमण**–( ना० ) बलपूर्वक अ... राज्यमाथि हमला गर्नु; जाइलाग्नु; धावा ।

**आक्रोश**-(ना०) रिस; सराप; गाली; निन्दा ।

**आक्षेप**–(ना०) दोष; आरोप ।

**आखिर**–(वि०) पछिको; अन्तिम । (क्रि० यो०) अन्त्यमा । (ना०) हर्जा ।

**आखिरी**–(वि०) पछिल्लो; अन्ति...

**आखेट**–(ना०) शिकार खेलिने जा... वर; शिकार ।

**आखेटक**–(वि०) शिकार गर्ने ।

**आख्यान**–(ना०) वर्णन; वृत्तान्त ।

**आख्यायिका**–( ना० ) सिलसि... मिलेको सानो कथा वा वृत्तान्त ।

**आगत**-(वि०) आएको; पाएको ।

**आगन्तुक**-(वि०) अचानक आए... (ना०) अतिथि; पाहुना ।

**आगमन**–(ना०) आउनु; आइपु... प्रवेश गर्नु ।

**आगरी**-(ना०) आग्री ।

**आगलागी**–(ना०) घर, बस्ती आ... आगो लाग्नु; अग्निकाण्ड ।

**आगामी**–(वि०) आउँदो; भावी

**आगे** ( क्रि० यो० ) अगि; अगा...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



यसपछि; उपरान्त ।

आगो–(ना०) अग्नि; रिस ।

आग्नेय–(ना०) आगोसम्बन्धी; पूर्व-दक्षिण कुना ।

आग्रह–( ना० ) प्रेमपूर्ण ढिपी; अनुरोध ।

आग्रही–( वि० ) आग्रह गर्ने; ढिपीवाल ।

आग्री–( ना० ) ढुङ्गाको काम गर्ने कालीगड । (वि०)असन्तोकी ।

आग्लो–(ना०) खापा लगाउँदा गाँडको दुईतिर प्वालमा छिराउने तेर्सो मोटो चुकुल ।

आघात– ( ना० ) ठक्कर; चोट; धक्का ।

आघौं– (क्रि० यो०) आगामी वर्ष ।

आङ–(ना०) जीउ; शरीर; अङ्ग ।

आचमन–( ना० ) मन्त्रपूर्वक पानी अचाउनु ।

आचमनी–(ना०) पञ्चपात्रको चम्चा ।

आचरण–( ना० ) चालचलन; व्यवहार ।

आचार–( ना० ) चरित्र; बेहोर; चालचलन; रीति; सदाचार ।

आचार्य–( ना० ) गुरु; अध्यापक; पुरोहित; संस्कृत परीक्षाको एक उपाधि ।

आचार्या–(ना०) स्त्री आचार्य ।

आची–(ना०) बालबोलीमा दिसा; आका ।

आच्चे–( वि० बो० ) भूल, उदेक आदि जनाउँदा निस्कने शब्द ।

आच्छु–( वि० बो० ) पानी, बरफ आदिले छुँदा निस्कने शब्द ।

आच्छु-आच्छु–( क्रि० यो० ) मुश्किल हुने किसिम; धौधौ ।

आज–( अव्य० ) यो दिन; अहिलेको समय ।

आजकाल–(क्रि० यो०) हिजोआज; अचेल ।

आजन्म–(अव्य०) आजीवन; जिन्दगीभरि ।

आजाद–(वि०) स्वाधीन ।

आजीवन–( क्रि० यो० ) जन्मभर; आजन्म ।

आजीविका–(ना०) पेशा; रोजगार ।

आजु–( ना० ) तेलकासा, लुकामारी आदि खेल्दा छोइने ढुङ्गो ।

आज्ञा–( ना० ) मान्यजनले भनेको कुरो; आदेश; अह्राेट ।

आज्ञाकारी–( वि० ) भनेको कुरो मान्ने; आदेश पालन गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**आज्ञापालक**–(वि०) आज्ञाकारी ।
**आज्ञापालन**–( ना० ) आदेश पालन गर्नु ।
**आट**–(ना०) होचो गाह्रो वा डील ।
**आठ**–(वि०) सातपछिको संख्या ।
**आठपहरिया**-( ना० ) आठै प्रहर साथमा रहने अङ्गरक्षक ।
**आठाङ**–(वि०) आठ दोब्बर ।
**आड**–(ना०) अडेस; भरोसा ।
**आडभरोस**–(ना०) मदत; सहायता; आश्रय ।
**आडम्बर**–( ना० ) स्वाङ; ढाँचा; घमन्ड ।
**आडर**–(ना०) अह्राेट; आदेश ।
**आडा**-(ना०) आधार; टेको; टेवा ।
**आडिलो**–( वि० ) आड भएको; खँदिलो; दर्बिलो ।
**आणविक**–(वि०) अणुसम्बन्धी ।
**आतङ्क**–( ना० ) कठोर अत्याचार; त्रास; भय; उत्पात; होहल्ला ।
**आतङ्कवाद**–(ना०) राजनीतिक उद्देश्य पूरा गर्न हत्याको सहारा लिनुपर्छ भन्ने मान्यता ।
**आतङ्कवादी**–( वि० ) आतङ्कवादको अनुयायी ।
**आततायी**–( वि० ) उपद्रो गर्ने; दुष्कर्मी ।
**आतस**–(ना०) अत्यास; त्रास ।
**आतिथ्य**–(ना०) अतिथिको सत्कार; पाहुनाको मानभाउ ।
**आतुर**–(वि०) हडबडाएको; बेचैन ।
**आतुरी**–(ना०) हडबड; हतपत ।
**आतेपाते**–( ना० ) हडबडको पूजा; मन नलगाई गरिएको काम ।
**आत्तिनु**– ( अ० क्रि० ) अत्यासमा पर्नु; डराउनु; तर्सनु ।
**आत्था**–(वि० बो०) आगोले पोल्दा, काँढाले घोच्दा र कमिला आदिले चिल्दा निस्कने पीडाको शब्द ।
**आत्मकथा**–( ना० ) आफैंले लेखेको वा भनेको आफ्नो जीवनी ।
**आत्मगत**–(वि०) मनको; दिलको ।
**आत्मगौरव**–(ना०) आत्मसम्मान ।
**आत्मघात**–(ना०) आत्महत्या ।
**आत्मज्ञान**–(ना०) भित्री ज्ञान; ब्रह्मज्ञान ।
**आत्मज्ञानी**–(वि०) आत्मज्ञान भएको
**आत्मनिर्भर**–(ना०) आफ्नै भरोसामा अड्नु ।
**आत्मबल**–( ना० ) मनको बल; आत्माको शक्ति ।
**आत्मरक्षा**–(ना०) आफ्नो रक्षा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आत्मवाद–(ना०) अध्यात्मवाद ।

आत्मवादी–(वि०) अध्यात्मवादी ।

आत्मविश्वास–(ना०) आफ्नै बल र खूबीमा हुने विश्वास ।

आत्मविश्वासी–(वि०) आत्मविश्वास गर्ने वा भएको ।

आत्मसमर्पण–(ना०) आफूलाई अरूको हातमा सुम्पने काम ।

आत्मसात्–(वि०) आफूमा गाभिएको वा मिलाइएको ।

आत्महत्या–(ना०) आफूले आफैंलाई मार्ने काम ।

आत्मा–(ना०) मन; चित्त; प्राण; हृदय ।

आत्मीय–(वि०) निजी; आफ्नो ।

आत्मीयता–(ना०) आफ्नोपन; स्नेह-सम्बन्ध ।

आत्रामात्रा–(क्रि० यो०) जेतेमेते; खत्र्याकखुत्रुक ।

आत्रेय–(वि०) अत्रि गोत्रको । (ना०) दत्तात्रेय ।

आदत–(ना०) स्वभाव; बानी ।

आदमारा-(ना०) लेक र बेसीका बीचको बस्ती बस्ने ठाउँ ।

आदर–(ना०) सत्कार; सम्मान ।

आदरणीय–(वि०) आदर गर्न लायक; सम्माननीय ।

आदरभाउ–(वि०) मानभाउ; सम्मान; सत्कार ।

आदर्श–(ना०) उत्तम गुण; नमूना; ऐना ।

आदर्शवाद–(ना०) 'सत्यं-शिवं-सुन्दरम्'-को सिद्धान्त ।

आदर्शवादी–(वि०) आदर्शवाद मान्ने ।

आदि–(ना०) शुरू; आरम्भ । (वि०) पहिलो ।

आदिकवि–(ना०) प्रथम कवि; परम्परा कायम गर्ने प्रारम्भका कवि; वाल्मीकी; भानुभक्त ।

आदित्य–(ना०) सूर्य; आइतवार ।

आदिपुरुष–(ना०) सृष्टिको प्रथम पुरुष; परमेश्वर ।

आदिम–(वि०) प्राचीन; पहिलो ।

आदिवासी–(ना०) आदिम निवासी ।

आदेश–(ना०) आडर; आज्ञा; ।

आद्योपान्त–(क्रि० यो०) शुरूदेखि पुछारसम्म ।

आधा–(वि०) कुनै वस्तुको बराबर दुई भागमा एक; अर्द्ध ।

आधार–(ना०) आश्रय; टेको ।

आधारित-(वि०) आधारमा रहेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आधिकारिक–( वि० ) साधिकार; अख्तियार भएको ।
आधिक्य–( ना० ) अधिक हुनाको भाव ।
आधिपत्य–(ना०) प्रभुत्व; स्वामित्व ।
आधी–(वि०) आधा ।
आधुनिक–(वि०) आजकाल प्रचलित; नयाँ; अचेलको ।
आधुनिकता–(ना०) आधुनिक हुनाको भाव; नवीनता ।
आध्यात्मिक–( वि० ) अध्यात्म-सम्बन्धी ।
आनका-तान–( वि० ) ठूलो फरक; धेरै फरक ।
आनन्द–(ना०) प्रसन्नता; हर्ष; खुशी; सन्चो ।
आनन्ददायी–( वि० ) आनन्द दिने; हर्षप्रद ।
आनन्दित–(वि०) प्रसन्न; हर्षित ।
आनन्दी–(वि०) सोखी; मनमोजी; हर्षित ।
आना–(ना०) चार पैसाको समुदाय; रुपियाँको पच्चीसौं भाग ।
आनाकानी–(ना०) आलटाल; आने-काने ।
आनामानी–(वि०) यता न उताको; अलपत्र परेको ।
आनीबानी–( ना० ) चालचलन; बानीबेहोर; शील-स्वभाव ।
आन्तरिक–( वि० ) भित्री मनको; मानसिक; आफ्नै सीमाको ।
आन्दोलन–( ना० ) हलचल; उथल पुथल; हल्लनु ।
आन्दोलित–(वि०) हलचल भएको; हल्लाइएको ।
आन्द्रो–( ना० ) पेटभित्रको म निकाल्ने नली; आँत ।
आपत्–( ना० ) फसाद; सङ्कट मुश्किल ।
आपत्काल–(ना०) दुःखको बेला।
आपत्ति–( ना० ) आपद्; बाधा बिचल्ली ।
आपस–(ना०) आफू-आफू; परस्प
आपसी–( वि० ) आफू-आफू मिलेको ।
आफन्त–( ना० ) आपस; नातेदा कुटुम्ब ।
आफलताफल–( ना० ) छेलोखेलो प्रशस्त ।
आफलतोरी–(ना०) तरकारी ख सागविशेष ।
आफलसिङ–(वि०) फाल्तू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आफल्नु–(स्व० क्रि०) पर्याक्नु; मिल्काउनु ।
आफू–( सर्वना० ) स्वयम्; आफैं; तपाईं ।
आफूखुशी–(क्रि० यो०) इच्छानुसार; मनमाफिक ।
आफ्नो– (वि०) निजी; स्वकीय ।
आबद्ध–(वि०) बाँधिएको ।
आबरू–(ना०) इज्जत; मान; लाज ।
आबहवा–(ना०) हावापानी ।
आबाद–(वि०) बस्ती बसेको; खेतीपाती भएको ।
आबादी–(ना०) बस्ती; जनसङ्ख्या ।
आबानकाबा–(वि०) बेहोशी; बुद्धि न शुद्धिको ।
आभा–( ना० ) चमक; कान्ति; झलक ।
आभार–(ना०) भारी; बोझ; कृतज्ञता ।
आभारी–( वि० ) अरूको उपकार मान्ने; कृतज्ञ ।
आभास–( ना० ) झलक; झल्को; छनक ।
आभिजात्य(ना०) कुलीनता; श्रेष्ठता ।
आभूषण–(ना०) शृङ्गार; गहना; अलङ्कार ।
आभूषित–(वि०) सिंगारिएको ।
आमन्त्रण–(ना०) निमन्त्रणा; निम्तो ।
आमन्त्रित–( वि० ) आमन्त्रण गरिएको; निम्त्याइएको ।
आमरण–(अव्य०) नमरेसम्म; बाँचुन्जेल ।
आमा–( ना० ) आफूलाई जन्माउने-हुर्काउने स्त्री; माता; जननी ।
आमाजू–(ना०) पोइकी दिदी ।
आमोद–(ना०) आनन्द; खुशी ।
आमोदप्रमोद–( ना० ) मोजमज्जा; भोगविलास; मन-बहलाउ ।
आम्खोरा–(ना०) पानी खाने भांडो ।
आम्खोरी -(ना०) सानो आम्खोरा ।
आम्दानी–(ना०) आउने धन; आय; कमाइ; लाभ ।
आम्मै– ( वि० बो० ) डराउँदा वा छक्क पर्दा निस्कने शब्द ।
आय–(ना०) आम्दानी; लाभ ।
आयकर–( ना० ) आम्दानीमा लाग्ने कर ।
आयतन–(ना०) घर; स्थान; मन्दिर; यज्ञ-मण्डप; परिधि ।
आय-व्यय–( ना० ) आम्दानी-खर्च; लभा-हानि ।
आयस्ता–( ना० ) जग्गा-जमीनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुने आम्दानी; स्थायी आय; कमाइ।
**आयात**–( वि० ) भित्र आउने; आएको। (ना०) पैठारी।
**आयाम**–(ना०) लम्बाइ; विस्तार; फैलावट।
**आयु**–(ना०) वय; उमेर।
**आयुक्त**–(ना०) आयोगको सदस्य वा अध्यक्ष।
**आयुर्दा**–(ना०) आयु; उमेर।
**आयुष्मान्**–(वि०) चिरञ्जीवी।
**आयुर्वेद**–(ना०) आयुसम्बन्धी शास्त्र; चिकित्सा-शास्त्र।
**आयोग**–(ना०) तोकिएको कुनै काम गर्न खटाइएका कर्मचारीहरूको समूह वा सङ्गठन।
**आयोजक**–(वि०) आयोजन गर्ने।
**आयोजन**–(ना०) कुनै कामको लागि गरिएको पूर्व बन्दोबस्त; प्रबन्ध।
**आयोजना**–(ना०) आयोजन।
**आयोजित**-( वि० ) आयोजना गरिएको।
**आरति**–(ना०) देवताको पूजामा बत्ती बालेर घुमाउने क्रिया; धेरै मुख भएको बत्ती बाल्ने भाँडो; देवताको बेलुकीको पूजा।
**आरति-स्याउँली**–( ना० ) विवाहमा दुलही भित्र्याउँदा दुलहाका दिदी बहिनीले गर्ने आरति।
**आरती**–( ना० ) झ्याल-ढोकाको माथिल्लो खुरा अड्याउने प्वाल भएको तेर्सो काठ; आरति।
**आरन**–( ना० ) कौ, कामी आदिले फलाम पोल्ने, काम गर्ने अगेनु।
**आरम्भ**–( ना० ) शुरू; उठान; थालनी।
**आरम्भिक**–(वि०) शुरूको; पहिलेको
**आरसी**–(ना०) धातुको नेपाली पुरानो ऐना।
**आरा**–(ना०) ठूलो करौंती।
**आराधन**–(ना०) पूजा; उपासना।
**आराधना**–(ना०) पूजा; सम्मान।
**आराध्य**–( वि० ) आराधना गर्न योग्य।
**आराम**–(ना०) थकाइ मार्नु; विश्राम बिसाइँ; सन्चो; सुख।
**आरामी**–( वि० ) आरामको; सन्त हुने; विलासी; अल्सी।
**आरारुट**–(ना०) बिस्कुट आदि बन्ने काममा उपयोग हुने पीठो।
**आरिसे**–(वि०) डाहे; ईर्ष्यालु।
**आरिस्याइँ**–(ना०) आरिसेपन।
**आरी**–(ना०) काठ वा माटोको अ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हाल्ने भाँडो ।

आरु–( ना० ) एक प्रकारको फुस्रो फल वा त्यसको बोट ।

आरूढ–(वि०) चढेको; बसेको ।

आरो–(ना०) जुत्ता सिउने सियो ।

आरोग्य (ना०) स्वास्थ्य; तन्दुरुस्ती ।

आरोप–( ना० ) दोष; अभियोग; फरेब ।

आरोपित–( वि० ) अभियोग लगाइएको; दोष दिइएको ।

आरोह–(ना०) चढ्ने मानिस; सवार; उच्च स्थान; सङ्गीतको एक धून ।

आरोहण ( ना० ) चढ्नु; उक्लनु; सिंढी; मञ्च ।

आरोही–( वि० ) चढ्ने; उक्लने; सवार ।

आर्घो–( ना० ) गुरुङ जातिको शुद्धशान्ति; घेवा ।

आर्जन–( ना० ) कमाइ; आम्दानी ।

आर्त–(वि०) दु:खी; पीडित ।

आर्तनाद–( ना० ) करुण क्रन्दन; दु:खको आवाज ।

आर्तव- (वि०) ऋतुसम्बन्धी; ऋतुमा हुने । (ना०) नछुने हुँदा निस्कने रगत ।

आर्थिक–(वि०) अर्थसम्बन्धी; धनसम्बन्धी ।

आर्द्र–(वि०) भिजेको; चिसो; नरम; पग्लेको ।

आर्द्रता–( ना० ) आर्द्र हुनाको भाव ।

आर्य–(वि०) उत्तम; पूज्य । (ना०) श्रेष्ठ पुरुष; एक प्राचीन सभ्य जाति ।

आर्या–(ना०) पार्वती; मान्य स्त्री; सासू; एक मात्रिक छन्द ।

आर्यावर्त्त–( ना० ) विन्ध्याचलदेखि हिमालयसम्म र पश्चिमीदेखि पूर्वी समुद्रसम्मको विस्तृत भूमि; आर्यहरूको वासस्थान ।

आर्ष–(वि०) ऋषिसम्बन्धी; वैदिक ।

आलङ्कारिक–( वि० ) अलङ्कारसम्बन्धी; अलङ्कारयुक्त ।

आलटाल–(क्रि० यो०) आनाकानी; टारटुर ।

आलपिन–( ना० ) कागतपत्र नत्थ्याउने टाउके सियो ।

आलमारी–(ना०) दराज ।

आलमाल–(ना०) किटीमिटी; मालताल ।

आलस–( ना० ) तेल निस्कने अन्नविशेष; तिसी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**आलसतालस**–( क्रि० यो० ) पीडाले बेचैन; सिकिस्त; लखतरान ।

**आलस्य**–(ना०) अलसीपन; सुस्ती ।

**आलाप**–(ना०) बातचीत; सङ्गीतको तान ।

**आलिङ्गन**–( ना० ) अँगालो; अङ्क-माल ।

**आली**–(ना०) खेतको डील; आँठो ।

**आलु**–(ना०) माटोमनि फल्ने, तर-कारी खाइने एक प्रसिद्ध कन्दमूल ।

**आलुचा**–(ना०) सानो आलुबखडा ।

**आलुबखडा**–(ना०) रूखमा फल्ने एक प्रकारको बर्खे फल ।

**आलो**–(वि०) ताजा; नओइलाएको ।

**आलोक**–( ना० ) प्रकाश; उज्यालो; हेराइ ।

**आलोकित**–(वि०) उज्यालो भएको; चम्किलो; हेरिएको ।

**आलोचक**-( वि० ) आलोचना गर्ने; समीक्षा गर्ने ।

**आलोचना**–(ना०) गुण-दोषको विवे-चना; ठीक-बेठीक छुट्ट्याउने काम; समीक्षा ।

**आलोच्य**–( वि० ) आलोचना गर्न योग्य ।

**आल्तूफाल्तू**–(वि०) अनावश्यक ।

**आवतजावत**- ( ना० ) आउनु-जानु ओहोर-दोहोर ।

**आवरण**–(ना०) ढाक्नु; छोप्नु; पर्दा; छेको; गाता ।

**आवश्यक**–(वि०) चाहिएको; जरुरी

**आवश्यकता**–(ना०) जरूरत; आ-श्यक हुनाको भाव वा अवस्था ।

**आवागमन**–( ना० ) आउनु-जानु आतवजावत ।

**आवाज**–(ना०) शब्द; ध्वनि; बोली

**आवारा**–( वि० ) लम्फू; बदमाश घर-गृहस्थी नभएको ।

**आवास**–(ना०) घर; निवास; कोठा

**आवाहन**–( ना० ) मन्त्रद्वारा गरि प्रार्थना; आह्वान ।

**आविष्कार**–( ना० ) नयाँ वस्तु सिर्जना ।

**आविष्कारक**–( वि० ) आविष्का गर्ने ।

**आवृत्ति**–(ना०) दोहोऱ्याउनु; सं रण ।

**आवेग**–(ना०) मनको वेग; जो मनोविकार ।

**आवेदक**–(वि०) आवेदन गर्ने ।

**आवेदन**–(ना०) कुनै कामका निमि को प्रार्थना; दरखास्त; निवेदन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आवेदित–(वि०) आवेदन गरिएको ।

आवेश–(ना०) जोश; आवेग; मनको झोक ।

आशङ्का–(ना०) डर; शङ्का; भय ।

आशङ्कित–( वि० ) शङ्का गरिएको; सन्दिग्ध ।

आशय–(ना०) मन्साय; अभिप्राय; वासना; स्थान; नीयत ।

आशा–(ना०) पाउने इच्छा; अभिलाषा; लोभ ।

आशाजनक–(वि०) आशायुक्त ।

आशातीत–( वि० ) आशा गरेभन्दा बढी ।

आशिष्–( ना० ) मङ्गल वचन; आशीर्वाद; आसीक ।

आशीर्वाद–(ना०) आफूभन्दा सानालाई गरिने कल्याणको कामना; मङ्गल वचन; आसीक; आशिष् ।

आशु–(क्रि० यो०) चाँडो; शीघ्र ।

आशुकवि–( ना० ) तत्काल कविता लेख्न सक्ने प्रतिभाशाली कवि ।

आशौच–( ना० ) जूठो; बरखी; सुत्केरो ।

आश्चर्य–( ना० ) छक्क; गजब; उदेक ।

आश्रम–(ना०) ऋषिमुनि बस्ने कुटी; तपोवन; हिन्दू समाजमा प्रचलित चार आश्रम ।

आश्रय–( ना० ) आधार; भरोसा; ओत; घर ।

आश्वासन–(ना०) कुनै कुरा पुऱ्याउने वचन; दिलासा ।

आश्विन–(ना०) असोज महीना ।

आषाढ–(ना०) असार महीना ।

आस–(ना०) आशा ।

आसक्त–( वि० ) लग्गू भएको; तल्लीन ।

आसक्ति–( ना० ) आसक्त हुनाको भाव ।

आसन–(ना०) बस्ने वस्तु वा ठाउँ ।

आसनी–(ना०) शुभ कार्यमा ओछ्याइने कुश आदिको आसन ।

आसपास–(ना० यो०) वरपर; नजीकपुँडो ।

आसमान–(ना०) अकास; आकाश ।

आसमानी–(वि०) अकासी; अस्मानी ।

आसरा–( ना० ) आधार; आश्रय; आशा ।

आसीक–(वि०) आशीर्वाद ।

आसुरी–( वि० ) असुरको; असुरसम्बन्धी ।

आसे–( वि० ) आस गर्ने बानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएको; आसमा परेको ।

**आसपासे**–(ना०) आसमा रहने व्यक्ति; छरछिमेकी ।

**आसेराँड**–(ना०) गायब भएको लोग्ने फर्कन्छ कि भनी आशा गरेर बस्ने स्त्री ।

**आस्तिक**–(वि०) ईश्वरमा विश्वास राख्ने ।

**आस्ते-आस्ते**–(क्रि० यो०) बिस्तारै-बिस्तारै ।

**आस्था**–(ना०) श्रद्धा; विश्वास ।

**आस्वादन**–(ना०) चाख्नु, स्वाद ।

**आहत**–(वि०) पिटिएको; घाइते ।

**आहान**–(ना०) उखान; लोकोक्ति; कहावत ।

**आहार**–(ना०) खानेकुरा; खा[द्य] पदार्थ; भोजन ।

**आहारविहार**–(ना०) खानपान, रह[न] सहन ।

**आहारा**–(ना०) पशुको दाना; पक्षी[को] चारा; खानेकुरा; आहार ।

**आहाल**–(ना०) सुँगुर; भैंसी आ[दि] वस्तु नुहाउने वा बस्ने पोखरी; र[ह]... पानी आदि जमेको ठाउँ ।

**आहुति**–(ना०) होम; हवन; बलिदा[न] ।

**आह्रिसे**–(वि०) आरिसे ।

**आल्हाद**–(ना०) खुशीयाली; आनन्द ।

**आह्लादित**–(वि०) प्रसन्न; आनन्दि[त] ।

**आह्वान**–(ना०) बोलाउनु; पुका[र]; हाँक ।

# इ

**इ**– देवनागरी वर्णमालाको तेस्रो स्वर-वर्ण, उच्चारणस्थान तालु ।

**इ**–(अव्य०) हिस्याएर वा लोप्पा खुवाउँदा प्रयोग गरिने शब्द ।

**इँजार**–(ना०) कमरमा सुरुवाल वा पेटीकोट बाँध्ने डोरी ।

**इँजारघर**–(ना०) नेफाभित्र इँजार रहने भाग ।

**इकार**–(ना०) 'इ' अक्षर; बाइमात्रा (ि) चिह्न ।

**इक्ष्वाकु**–(ना०) प्रथम सूर्यवं[शी] राजा ।

**इखालु**–(वि०) ईख लिने; ईर्ष्या[लु] ।

**इखिनु**–(अ० क्रि०) अर्काको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



देखेर मुरमुरिनु ।

**इख्याइ**–( ना० ) इख्याउने किसिम, काम वा भाव ।

**इख्याउनु**–(स० क्रि) लोभ्याउनु ।

**इङ्गलिश**–( ना० ) अंग्रेजी भाषा; इङ्गल्यान्डसम्बन्धी ।

**इङ्गल्यान्ड**–(ना०) बेलायत ।

**इङ्गित**–(ना०) सङ्केत; इशारा ।

**इच्छा**–( ना० ) कामना; लालसा; चाहना ।

**इच्छाधीन**– वि०) इच्छामा अडेको; रोजी; ऐच्छिक ।

**इच्छापत्र**–( ना० ) खुशीले कुनै कुरा कसैलाई दिन गरिदिने कागज ।

**इच्छित**–(वि०) इच्छा गरिएको ।

**इच्छ्याउनु**–( स० क्रि० ) चिताउनु; इच्छानुसार कुनै कुरा लेखेर दिनु ।

**इजलास**–(ना०) कचहरी; न्यायालय; सभा; बैठक ।

**जाजत**–(ना०) स्वीकृति; आज्ञा; आदेश ।

**ज्जत**–( ना० ) मान; प्रतिष्ठा; हुर्मत ।

**ज्जतदार**–( वि० ) इज्जत भएको; भलादमी ।

**टाचपली**–(ना० ) नेपालको पुरानो फौजदारी अदालत ।

**इतर**–( वि० ) अर्को; दोस्रो; साधारण ।

**इतरिनु**–( अ० क्रि० ) गिजिनु; छिल्लिनु ।

**इतलायनामा**–(ना०) देवानी मुद्दामा अदालतले झगडियालाई खिच्ने सूचना ।

**इतह्रिनु**–( अ० क्रि० ) छिल्लिनु; जिस्किनु; इतरिनु ।

**इति**–(ना०) समाप्ति; पूर्णता ।

**इतिवृत्त**–( ना० ) प्राचीन कहानी; पूरा वर्णन ।

**इतिश्री**–(ना०) खतम; नाश; निर्मूल; समाप्ति ।

**इतिहास**–( ना० ) बितेका समयमा घटेका प्रसिद्ध घटनाहरू लेखिएको पुस्तक; पुख्र्यौली; वंशावली ।

**इतिहास-शिरोमणि**–(ना०) नेपालका ठूला इतिहासज्ञलाई दिइने एक पदवी ।

**इत्थम्**–(अव्य०) यसरी; यस किसिमले ।

**इत्यादि**–(अव्य०) यस्तै; अरू पनि ।

**इदमित्थम्**–( ना० ) पक्कापक्की; निधो; ठेगाना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



इनाम–(ना०) पुरस्कार; बकस।

इनामेल–(ना०) फलाम, ढुङ्गा आदिमा लगाउने पालिश।

इनार–(ना०) पानी निकाल्ने गहिरो कुवा; खाल्डो।

इनेगिने–(वि०) गनिएका केही; छानिएका दुई-चार।

इन्कार–(ना०) अस्वीकार; नामन्जूरी।

इन्च–(ना०) एक फुटको बाह्रौं भाग।

इन्ची–(ना०) इन्च।

इन्जन–(ना०) इन्जिन।

इन्जिन–(ना०) बाफबाट चल्ने भद्दा किसिमको कल; शक्ति-उत्पादक यन्त्र।

इन्जिनीयर–(ना०) सडक; घर; पुल इत्यादि बनाउने शिल्पविद्यामा स्नातकोपाधि प्राप्त व्यक्ति; यन्त्रविद्या विशेषज्ञ।

इन्जिनीयरिङ्ग–(ना०) इन्जिनीयरको कामसम्बन्धी।

इन्जेक्शन–(ना०) सियोद्वारा शरीरमा प्रवेश गराइने औषधी; सुई।

इन्तजाम–(ना०) चाँजोपाँजो; बन्दोबस्त।

इन्तिजाम–(ना०) प्रबन्ध; व्यवस्था।

इन्तुनचिन्तु–(वि०) होशहवास नभएको; अचेत; चेतनाशून्य।

इन्दीवर–(ना०) नीलो कमल।

इन्दु–(ना०) चन्द्रमा; एकको सङ्ख्या; कपूर।

इन्द्र–(ना०) स्वर्गलोकका राजा; देवताका राजा; पानी पार्ने वैदिक देवता। (वि०) ऐश्वर्यवान्; शक्तिशाली।

इन्द्रजात्रा–(ना०) भाद्र शुक्ल चतुर्दशीका दिन काठमाडौंमा हुने कुमारीको प्रसिद्ध रथ यात्रा।

इन्द्रजाल–(ना०) आँखा छली देखाइने अनौठो चटक; जादू।

इन्द्रजाली–(वि०) इन्द्रजाल गर्ने।

इन्द्रजित्–(वि०) इन्द्रलाई जित्ने। (ना०) रावण-पुत्र।

इन्द्रधनु–(ना०) इन्द्रेनी।

इन्द्रप्रस्थ–(ना०) पाण्डवहरूको राजधानी।

इन्द्रलोक–(ना०) स्वर्ग।

इन्द्राणी–(ना०) इन्द्रकी पत्नी; एक किसिमको लता।

इन्द्रावती–(ना०) जुगल हिमालबाट निक्लने एक नदी; सप्तकोसीमध्ये एक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



इन्द्रासन–(ना०) इन्द्रको सिंहासन; राज-सिंहासन ।

इन्द्रिय–(ना०) विषय ज्ञान गराउने शरीरका अङ्ग (आँखा, कान, जिब्रो, नाक, त्वचा, वाणी, हात, गोडा, चाक, लिङ्ग इत्यादि) ।

इन्धन–(ना०) शक्ति प्राप्त हुने साधन; दाउरा वा त्यसको सट्टा बालिने अरू वस्तु ।

इन्सपेक्टर–(ना०) निरीक्षक; जाँचकी ।

इन्साफ–(ना०) न्याय; निसाफ; निर्णय; फैसला ।

इन्साफी–(वि०) इन्साफ गर्ने ।

इबी–(ना०) धेरै दिनदेखि रहेको ईख; दगा ।

इमारत–(ना०) ठूलो पक्की घर; महल ।

इर्यारिङ्ग–(ना०) यारिङ ।

इरादा–(ना०) कामना; सङ्कल्प; विचार ।

इलम–(ना०) ज्ञान; विद्या; काम; धन्दा; रोजगार ।

इलमी–(वि०) इलम गर्ने ।

इलाका–(ना०) सिमाना; हाता; कुनै अधिकार क्षेत्र ।

इलाज–(ना०) उपचार; चिकित्सा ।

इलाम–(ना०) नेपालको पूर्वी सीमानाको एक जिल्ला ।

इलो–(ना०) थाम अड्याउने ढुङ्गो; आधारशिला ।

इशारा–(ना०) सान; सङ्केत; अस्पष्ट सूचना ।

इश्तिहार–(ना०) सरकारद्वारा जनतालाई दिइएको सूचना; सरकारी आदेश ।

इष्ट–(ना०) मन पर्ने व्यक्ति; मानिएका देवता; मित्र; कुटुम्ब ।

इष्टदेवता–(ना०) आराध्य देवता ।

इष्टमित्र–(ना०) हितैषी; नातेदार; साथी-भाइ ।

इसबगोल–(ना०) एक प्रकारको बोट वा औषधीमा उपयोग हुने त्यसको फल ।

इस्कुल–(ना०) तरकारी खाइने एक फल ।

इस्कुस–(ना०) इस्कुल ।

इस्टकोट–(ना०) बाउला नभएको कोटभित्र लाउने सानो कोट ।

इस्तिरी–(ना०) इस्त्री ।

इस्तीफा–(ना०) त्यागपत्र; राजीनामा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



इस्त्री–(ना०) तताएर लुगा सम्म्याउने वस्तु ।

इस्पात–( ना० ) खारिएको असल फलाम ।

इस्लाम–( ना० ) मुसल्मानी धर्म वा मत ।

इस्लामी–(वि०) मुसल्मानी धर्म वा मत मान्ने ।

# ई

ई–देवनागरी वर्णमालाको चौथो स्वर-वर्ण । उच्चारणस्थान तालु । 'इ'-को दीर्घरूप ।

ईंट–( ना० ) साँचोमा माटो ढाली बनाइने गाह्रो लाउने चेप्टो-लाम्चो साधन ।

ईकार–( ना० ) 'ई' अक्षर; दाहिने मात्रा (ी) ।

ईख–( ना० ) साटो फेर्ने भावना; इबी ।

ईथर–( ना० ) एक रासायनिक पदार्थ ।

ईमान–( ना० ) व्यवहारमा गरिने सत्यता; असल नीयत ।

ईमानजमान–( ना० ) सत्य निष्ठा; व्यावहारिक काम-कुराको ठीक पालना ।

ईमानदार–(वि०) ईमान भएको ।

ईर्ष्या–(ना०) डाह; द्वेष ।

ईर्ष्यालु(वि०) ईर्ष्या गर्ने ।

ईश–(ना०) ईश्वर, मालिक; स्वामी; राजा; पति; शिव ।

ईशान–(ना०) मालिक; एघारमध्ये एक रुद्र; पूर्वोत्तर दिशा ।

ईश्वर–( ना० ) पुरुष; परमेश्वर; भगवान्; मालिक ।

ईश्वरी–(ना०) दुर्गा; लक्ष्मी ।

ईश्वरीय–(वि०) ईश्वरसम्बन्धी ।

ईसवी-(वि०) ईसासम्बन्धी ।

ईसा–(ना०) ईसाई धर्म गुरु ।

ईसाई–(ना०) ईसाले चलाएको धर्म मान्ने; क्रिश्चियन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# उ

उ–देवनागरी वर्णमालाको पाँचौं स्वर-वर्ण, उच्चारणस्थान ओष्ठ ।

उ–(सर्वना०) त्यो; ऊ ।

उँग-( ना० ) निद्राको तन्द्रा; झुकाइ ।

उँगाइ–( ना० ) उँग्ने किसिम, काम वा भाव ।

उँग्नु– ( अ० क्रि ) निद्राले झुल्नु; तन्द्रामा पर्नु ।

उँघ–(ना०) उँग ।

उँघाइ–(ना०) उँगाइ ।

उँघ्नु–(अ० क्रि०) उँग्नु ।

उँचाइ–(ना०) उचाइ ।

उँधो–(ना० यो०) तल; मनितिर ।

उँधौली–(वि०) तलतिरको ।

उँभो– ( ना० यो० ) माथि; उचाइमा ।

उँभौली–( वि० ) उँभोको; माथितिरको ।

उः–(अव्य०) सङ्केतले देखाई बोलिने शब्द ।

उइँटनु–(स० क्रि०) कपास केलाउनु ।

उइँटाइ–(ना०) उइँटने काम ।

उइँटो- (ना०) कपास केलाउने, फट्कने यन्त्र

उकल्चिनु–(अ० क्रि०) उकुज पल्टिनु; निको भइसकेको घाउ-खटिरा फेरि निस्कनु ।

उकार–(ना०) 'उ' अक्षर; तर्कुले; ( ु ) चिह्न ।

उकालो–(ना०) उकालो ।

उकालो–( ना० ) माथितिर लाग्ने बाटो; चढाउ ।

उकास–( ना० ) भागभुरो लगाउँदा उब्रेको वस्तु; बचत; शेष; जगेडा ।

उकास्नु–( स० क्रि० ) अग्ल्याउनु; उठाउनु ।

उकुच–(ना०) उकुज ।

उकुज–(ना०) निको नभएको घाउ; सइन ।

उकुसमुकुस–( क्रि० यो० ) गर्मी वा असजिलोले बेचैन हुने किसिम ।

उकेरा–(ना०) गोडमेल गरी बोटको फेदमा माटो दिने काम; कुरा लाएर जगाउने काम ।

उकेल्नु–( स०क्रि० ) खाएको पदार्थ मुखबाट ओकल्नु; पोख्नु ।

उक्कनु–(अ० क्रि०) उफ्रनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**उक्काउनु**–(स० क्रि०) उप्काउनु ।
**उक्त**–(वि०) भनिएको; कथित ।
**उक्ताइ**–(ना०) उच्चाट लाग्ने किसिम वा भाव ।
**उक्ताउनु**–(अ० क्रि०) उच्चाट लाग्नु ।
**उक्ति**–(ना०) भनाइ; कथन ।
**उक्लनु**–(अ० क्रि०) माथितिर जानु; चढ्नु ।
**उक्सनु**–(अ० कि० ) फुलेर आउनु; भुक्लुक्क हुनु; घाउ सुनिनु; राम्रो स्थितिमा आउनु ।
**उक्साइ**–(ना०) उक्सने किसिम, काम वा भाव ।
**उखडा**–(ना०) एक प्रकारको जमीनदारी व्यवस्था ।
**उखरमाउलो**–( ना० ) टन्टलापुर घाम; भाबर; अति चञ्चलता ।
**उखाड्नु**–(स० क्रि०) जरैंदेखि उखेल्नु; हटाउनु ।
**उखान**–(ना०) कहावत; आह्वान ।
**उखु**–(ना०) गुलियो रसदार सुरिलो बोट (चिनी, सखर इ० बनाउने काममा प्रयोग हुने) ।
**उखुम**–( ना० ) साह्रै गर्मी हुने किसिम । (वि०) सहिनसकिने ।
**उखेलाइ**–( ना० ) उखेल्ने किसिम, काम वा भाव ।
**उखेल्नु**–( स० क्रि० ) जरैंस[illegible] झिक्नु; उखाड्नु ।
**उखोधर्म**–(ना०) खुरन्धार कुनै काम[illegible] लागिरहनु ।
**उगाल**–( ना० ) धातुको भाँड[illegible] अमिलो हाल्दा बिग्रेको स्वा[illegible] मात्तिनु; कान्ति क्षीण हुनु ।
**उगालाइ**–( ना० ) उगाल्ने किसि[illegible] काम वा भाव ।
**उगाल्नु**–(स० क्रि) बोट-बिरुवा [illegible] निर्मूल पार्नु; उगाल आउने [illegible] उनु ।
**उग्र**–(वि०) चर्को; जन्डो; भय[illegible] तीव्र; प्रचण्ड ।
**उग्रता**–( ना० ) उग्र हुने [illegible] प्रचण्डता ।
**उग्रतारा**–(ना०) एक प्रसिद्ध [illegible] दस महाविद्यामध्ये एक ।
**उग्राउनु**–( स० क्रि० ) पशुले [illegible] वस्तु मुखमा फर्काई फेरि [illegible] पागुर मार्नु ।
**उग्लनु**–(अ० क्रि०) धातुका [illegible] अमिलो वस्तु राख्दा बिग्रनु; [illegible] स्वादको हुनु; मिमूर्ल हुनु; [illegible]
**उगिलदो**–(वि०) उग्लिएको; [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



व्यवस्था ।

उघाउनी–( ना० ) उघाउने भाँडो; सङ्ग्रह; देन ।

उघाउनु–(स० क्रि०) उभाउनु ।

उघारो–(ना०) खुला ।

उघार्नु–(स० क्रि०) खोल्नु; उद्घाटन गर्नु; खुला पार्नु ।

उघ्रनु–( अ० क्रि० ) खुला हुनु; उघारो हुनु ।

उङ–(ना०) उँग; निद्राको तन्द्रा ।

उङाइ–(ना०) उँगाइ ।

उङनु–( अ० क्रि० ) निद्राले झुल्नु; उँग्नु ।

उचनीच–(ना०) भूलले भएको त्रुटि; भूलचूक ।

उचाइ–(ना०) उचोपना; अग्लाइ ।

उचाल्नु–(स० क्रि०) उठाउनु; चुल्याउनु; उराल्नु ।

उचित–( वि० ) मुनासिब; ठीक; योग्य ।

उचेरो–(ना०) नङको फेद वा कुनामा उप्केको छाला; उप्किएको छालाको पाप्रो ।

उचेर्नु–(स० क्रि०) छाला फेर्न उधार्नु; छिक्नु ।

उच्च–(वि०) अग्लो; उँचो ।

उच्चतम–( वि० ) सबैभन्दा अग्लो; हद अग्लो; श्रेष्ठ; सर्वश्रेष्ठ ।

उच्चता–(ना०) उचाइ; श्रेष्ठता ।

उच्चाट–( ना० ) उराठ; विरक्ति; नरमाइलोपन ।

उच्चारण–( ना० ) बोलाइ; शब्द व्यक्त गर्ने ढाँचा ।

उच्चारणीय–(वि०) बोल्न योग्य ।

उच्चारित–( वि० ) उच्चारण गरिएको; बोलिएको ।

उच्छृङ्खल–(वि०) नियममा नरहने; उत्ताउलो; छाडा; क्रमबद्ध नभएको ।

उच्छ्वास–(ना०) माथितिर तानेको सास; सुस्केरा ।

उछारपछार–( क्रि० यो० ) उचाल्दै पछार्दै गर्ने किसिम ।

उछिट्टिनु–( अ० क्रि ) ठीक ठाउँमा नरही पर पुग्नु; उफ्रनु; फुत्कनु; उम्कनु ।

उछित्तो ( ना० ) सर्वनाश; चौपट; सत्यानाश; मृत्यु ।

उछिनपाछिन–(ना०) परस्पर उछिन्ने काम ।

उछिन्नु–( स० क्रि० ) अगाडिकालाई जितेर अघि लाग्नु; पालो मिच्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उछ्रनु–(अ० क्रि०) छालामा मसिना बिमिरा वा डाबर उठ्नु ।

उजराती–(ना०) स्याहामा हिसाब राख्न नमिली उब्रेको रकम ।

उजाउनु–(स० क्रि०) हतियारले हिर्काउन ताक्नु; मच्चाउनु ।

उजाड–(ना०) भत्कनु; बिग्रनु; उट्ठा लाग्नु; निर्मूल हुनु । (वि०) नरमाइलो; बालीनाली नलाग्ने ।

उजिल्याउनु–(स० क्रि०) उज्यालो पार्नु; चहकिलो तुल्याउनु ।

उजूर–(ना०) फिराद; नालिश; शिकायत; गुनासो ।

उजूरी–(ना०) उजूर ।

उजेली–(वि०) जून लागेको; जुनेली; अँध्यारो ठाउँमा झल्कने; उज्यालो ।

उज्जन्ड–(ना०) कडा स्वभावको; अटेरी; उद्धत ।

उज्जर–(वि०) सफा; सुकिलो; खुल्दो; टल्कने ।

उज्ज्वल–(वि०) उज्यालो; चम्किलो; स्वच्छ; निर्मल; बेदाग ।

उज्यालो–(वि०) अन्धकार नभएको; प्रकाशयुक्त । (ना०) प्रकाश ।

उझिन्डिनु–(अ०क्रि०) झुन्डिनु; पासो लाएर आत्महत्या गर्नु ।

उझिन्डो–(ना०) कीला; घाँडो ।

उटपटचाङ–(वि०) उटुङ्गयाहा; उरन्ठेउलो; चञ्चल स्वभावको ।

उटुङ्गी–(वि०) ठट्यौलो ।

उटुङ्ग्याइँ–(ना०) हँसीठट्टा ।

उट्ठा–(ना०) उठीबास लाग्नु ।

उठती–(ना०) आसामी वा मोहीबाट आउने ब्याज ।

उठतीपुठती–(ना०) उठती; आयस्ता

उठबस–(ना०) बसाउठी ।

उठाइ–(ना०) उठ्ने ढाँचा वा काम

उठाउनु–(स० क्रि०) बिउँझनु; उभ्याउनु; उट्ठा लाउनु; असूल गर्नु; थाल्नु; प्रेरणा दिनु; सहायता गर्नु; उचाल्नु ।

उठान–(ना०) प्रारम्भ; थालनी ।

उठिचिल्ली–(ना०) उठीबास; बिचल्ली ।

उठीबास–(ना०) बसेको ठाउँ जबर्जस्ती उठाउनु; टाट उल्टनु ।

उठ्नु–(अ० क्रि०) उभिनु; बिउँझनु; उन्नति हुनु; उँभो लाग्नु; असूल हुनु ।

उडन्ता–(वि०) उडुवा; खर्चालु; हल्लाबाज ।

उडन्ते–(वि०) उडन्ता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उडाउनु–(स० क्रि०) उराल्नु; आकाशमा माथि पुऱ्याउनु; अपव्यय गर्नु ।

उडाइ–(ना०) उड्ने किसिम, काम वा भाव ।

उडान–(ना०) उडाइ ।

उडुवा–(वि०) उडन्ता; आधार नभएको ।

उडुस–(ना०) कपडामा हुने रगत चुस्ने कीरोविशेष ।

उड्कनु–(स० क्रि०) अर्काको दोष देखाइरहनु; चिल्लो भाँडो भूस आदिले सफा पार्नु; आत्मप्रशंसा गर्नु ।

उड्डयन–(ना०) उडान ।

उड्नु–(अ० क्रि०) आकाशमार्गले जानु; नासिनु; मेटिनु; खर्च हुनु ।

उर्तासिनु–(अ० क्रि०) फर्कनु; च्याँठिनु ।

उता–(ना० यो०) त्यता; त्यहाँ; वहाँ ।

उताउति–(क्रि० यो०) यताउति ।

उतार–(ना०) नकल; टिप्पणी; उद्धरण; अवरोह ।

उतार्नु–(अ० क्रि०) फिक्नु; उकास्नु; नक्कल सार्नु ।

उति–(वि०) त्यति; जति ।

उतिन्जेल–(क्रि० यो०) त्यति समयसम्म ।

उतिस–(ना०) एक प्रकारको वृक्ष ।

उत्कट–(वि०) तीव्र; उग्र; विकट ।

उत्कटता–(ना०) तीव्रता ।

उत्कण्ठा–(ना०) चौचौ; रहर; उत्सुकता; प्रबल इच्छा ।

उत्कण्ठित–(वि०) उत्कण्ठा भएको; उत्सुक ।

उत्कर्ष–(ना०) उठाउनु; प्रशंसा; उन्नति; श्रेष्ठता ।

उत्कृष्ट–(वि०) माथि उठेको; चढेको; उम्दा; उत्तम ।

उत्खनन–(ना०) खनेर बाहिर झिक्नु ।

उत्तम–(वि०) असल; बेस; उम्दा ।

उत्तर–(ना०) जवाफ; चार दिशामध्ये एक; पछिको समय ।

उत्तरदायित्व–(ना०) जवाफदेही ।

उत्तरदायी–(वि०) जवाफदेही हुने; जिम्मेदार ।

उत्तराधिकार–(ना०) कोही मरेपछि कसैलाई प्राप्त हुने हक ।

उत्तराधिकारी–(वि०) उत्तराधिकार पाउने; हकदार ।

उत्तरायण–(ना०) सूर्य उत्तर दिशातिर ढल्कने समय; माघे सङ्क्रान्ति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



देखि साउने सङ्क्रान्तिसम्मको समय ।

उत्तरार्द्ध–( ना० ) पछिल्लो आधा भाग ।

उत्तरी–(वि०) उत्तरपट्टिको ।

उत्तरोत्तर–( क्रि० यो० ) झन्-झन् बढी ।

उत्ताउलो–(वि०) उचितभन्दा बढ्ता; नचाहिँदो ढाँचा देखाउने; निर्लज्ज ।

उत्तानाटाङ–( ना० ) चित हुनु; हरेस; जिल्लाराम; हार ।

उत्तीर्ण–( वि० ) सफल; उत्रेको; निस्केको ।

उत्तेजक–( वि० ) उत्तेजना दिने; जगाउने ।

उत्तेजना–( ना० ) प्रेरणा; रोष; भड्काउनु; जगाउनु; उठाउनु ।

उत्तेजित–( वि० ) प्रेरित; रुष्ट; भड्काइएको; जगाएको ।

उत्तोलन–(ना०) खडा गर्नु; उठाउनु ।

उत्थान–( ना० ) उभिनु; आरम्भ; उन्नति ।

उत्निखेर–(क्रि० यो०) तुरुन्तै; झट्टै; तत्काल ।

उत्पत्ति–( ना० ) जन्म; निस्कनु; देखा पर्नु ।

उत्पन्न–(वि०) जन्मेको; प्रकट भएको ।

उत्पात–(ना०) उपद्रव; अशान्ति; हूलचल; दङ्गा; मारमुङ्ग्री ।

उत्पाती–( वि० ) उत्पात गर्ने; उपद्रवी ।

उत्पादक–(वि०) उत्पादन गर्ने; पैदा गर्ने ।

उत्पादन–(ना०) उब्जा; पैदावार ।

उत्पादित–(वि०) उब्जाइएको; पैदा गरिएको; बनाइएको ।

उत्पीडन–(ना०) छटपटी ।

उत्प्रेषण–(ना०) माथिल्लो अधिकार क्षेत्रको अदालतबाट तल्लो अधिकार क्षेत्रको अदालतलाई प्रमाणको निमित्त दोहऱ्याउन मिसिल पठाउन दिइने आदेश ।

उत्रनु–( अ० क्रि ) पार हुनु; पानी माथि निस्कनु; उम्कनु; उक्सनु ।

उत्रो–(वि०) ऊजत्रो; त्यत्रो ।

उत्सर्ग–(ना०) त्याग; दान ।

उत्सव–( ना० ) सार्वजनिक मङ्गल कार्य; चाड-पर्व ।

उत्साह–( ना० ) साहस; हिम्मत; उमेद; उमङ्ग ।

उत्साहित–(वि०) हौसला पाएको ।

उत्साही–( वि० ) साहसिलो; जाँगरिलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उत्सुक–( वि० ) जिज्ञासु; अत्यन्त इच्छुक ।

उथलपुथल–( ना० ) हेरफेर; ठूलो हलचल ।

उदजन–(ना०) हाइड्रोजन ।

उदय–(ना०) निस्कनु; प्रकट हुनु; उदाउनु; उन्नति ।

उदर–(ना०) भुँडी; पेट; शरीरको मध्य स्थल ।

उदाउनु–( अ० क्रि० ) उदय हुनु; झुल्कनु ।

उदाङ्ग–(वि०) उदाङ्गो ।

उदाङ्गो–(वि०) उघ्रिएको; खुला; नाङ्गो ।

उदार–( वि० ) फुक्का; दिलदार; दाता; श्रेष्ठ ।

उदारता–(ना०) उदार हुनाको भाव; दानशीलता; फुक्कापन ।

उदास–( वि० ) दिक्दार; विरक्त; तटस्थ; दुःखी ।

उदासी–(वि०) विरक्त; उदास ।

उदासीन–(वि०) अरूको पक्ष नलिएको; विरक्त ।

उदाहरण–(ना०) नमूना; दृष्टान्त ।

उदित–(वि०) उदाएको ।

उद्रेक–( ना० ) आश्चर्य; अचम्म; छक्क ।

उद्गम–(ना०) उदय भएको ठाउँ; मुहान ।

उद्गार–( ना० ) मनको भाव प्रकट गर्नु; हर्ष-बिस्मातका शब्द पोख्नु ।

उद्घाटन–( ना० ) कुनै समारोहको आरम्भ हुनु; खोल्नु; प्रकट गर्नु ।

उद्घाटित–(वि०) प्रकट भएको ।

उद्घोषणा–(ना०) सार्वजनिक रूपमा दिइने सूचना; घोषणा ।

उद्दण्ड–(वि०) निडर; निर्भय; कडा स्वभावको; जन्डो ।

उद्देश्य–(ना०) ध्येय; लक्ष्य; चाहना ।

उद्धत–(वि०) कडा स्वभावको; चपचन्ड; धक नभएको ।

उद्धरण–(ना०) कुनै रचनाको अंश; उक्ति; उठाउनु; मुक्त हुनु ।

उद्धार–(ना०) उतार्नु; पार लाउनु; भलाइ; मुक्ति ।

उद्धृत–(वि०) झिकिएको; उघारिएको; उठाइएको ।

उद्बोध–(ना०) ज्ञान प्राप्त हुनु ।

उद्भट–(वि०) श्रेष्ठ; उत्तम; प्रचण्ड; ज्यादै ठूलो ।

उद्भव–( ना० ) जन्म; उत्पत्ति; वृद्धि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उद्भिद्–( वि० ) भुइँबाट उम्रने; टुसाउने । ( ना० ) टुसा; मुना; बिरुवा ।

उद्भूत–(वि०) पूरा भएको; उत्पन्न ।

उद्यत–(वि०) तत्पर ।

उद्यम–( ना० ) प्रयास; उद्योग; परिश्रम; इलम ।

उद्यमी-(वि०) उद्यम गर्ने; उद्योगी ।

उद्यान-(ना०) बगैंचा; उपवन ।

उद्योग–( ना० ) कोशिश; मेहनत; काम-धन्दा ।

उद्विग्न–( वि० ) मन हडबडाएको; चिन्तित ।

उद्वेलन–(ना०) अटाई-नअटाई बग्नु; छचल्किनु ।

उद्वेलित (वि०) प्रवाहित; छचल्किएको ।

उधमुन्टे–(वि०) मुख तलतिर फर्केको; घोसे; घोप्टे ।

उधारो-(ना०) पछि नगद दिने गरी लिइने जिन्सी ऋण ।

उधिन्नु–( स० क्रि० ) खोतल्नु; खोस्नु ।

उधुम-(वि०) ज्यादा; अति; औधी ।

उध्याइ–( ना० ) उध्याउने किसिम, वा काम ।

उध्याउनु–(स० क्रि०) धारिलो पा... धान लाउनु ।

उध्रनु–(अ० क्रि०) सिउनी खुल...

उन–(सर्वना०) 'उनी'-को रूप...

उनन्चालीस–( वि० ) तीस ... जोड्दा हुने अङ्क ।

उनन्चास–( वि० ) चालीस ... जोड्दा हुने अङ्क ।

उनन्तीस–(वि०) बीस र नौ ... हुने अङ्क ।

उनहत्तर-(वि०) साठी र नौ ... हुने अङ्क ।

उनाइ–(ना०) उन्ने किसिम वा...

उनाऊ–(वि०) बाहिरिया; अ...

उनानब्बे-(वि०) असी र नौ ... हुने सङ्ख्या ।

उनान्सय-(वि०) नब्बे र नौ ... हुने सङ्ख्या ।

उनान्साठी ( वि० ) पचास ... जोड्दा हुने सङ्ख्या ।

उनासी–(वि०) सत्तरी र नौ ... हुने सङ्ख्या ।

उनी–(सर्वना०) तिनी ।

उन्जेल–( प्रत्य० ) धातुको ... गाँसिई 'सम्म' अर्थ बुझाउने ... जस्तै– गरुन्जेल, बसुन्जेल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उन्नत–(वि०) उन्नति भएको; अग्लो; श्रेष्ठ; समृद्ध ।

उन्नति–(ना०) बढिबढाउ; उद्योग ।

उन्नाइस–( वि० ) अठारपछिको सङ्ख्या ।

उन्नु–( स० क्रि० ) सियोमा धागो छिराउनु; माला गाँस्नु; गुँथ्नु ।

उन्मत्त–(वि०) मात्तिएको; मदान्ध; बौलाहा ।

उन्माद–( ना० ) मन र बुद्धि कावूमा नरहने रोग; बौलट्टी; पागलपन ।

उन्मुक्त–( वि० ) छाडिएको; स्वतन्त्र ।

उन्मुख– (वि०) लागेको; ऊर्ध्व मुख ।

उन्मूलन–( ना० ) जरैसुद्ध उखेल्नु; सबै नाश गर्नु ।

उन्यू–(ना०) उनिऊँ; एक झार ।

उप–(अव्य०) अतिरिक्तता; सहायक भाव आदि बुझाउने उपसर्ग । जस्तै– उपहार, उपसचिव, उपकुलपति आदि ।

उपकरण–(ना०) सामान; साधन ।

उपकार–(ना०) भलाइ; हित; मदत ।

उपकारी–(वि०) उपकार गर्ने ।

उपकृत–( वि० ) उपकार गरिएको; कृतज्ञ ।

उपक्रम–( ना० ) शुरू; आरम्भ; भूमिका; प्रस्तावना ।

उपग्रह–(ना०) ग्रह वा पृथ्वीको चारैतिर घुम्ने पिण्ड; मानिसले बनाएको अन्तरिक्षमा जाने विमान ।

उपचार–( ना० ) औषधी गर्नु; इलाज ।

उपज–( ना० ) उब्जनी; उत्पादन; कल्पना ।

उपती–(ना०) कमाइ; फाइदा ।

उपत्यका–( ना० ) पहाडका फेदीको भूमि; बेसी; खाल्डो ।

उपदफा–(ना०) सानो दफा; उपबन्ध ।

उपदान–( ना० ) भेट; ग्रहण; सेवा निवृत्तिपछि कर्मचारीलाई दिइने पुरस्कार ।

उपदेश–( ना० ) असल र उपकारी कुरा, हितका कुरा; चेतावनी; गुरुद्वारा दिइने खास शिक्षा; अर्ती ।

उपदेशक–(वि०) उपदेश दिने; गुरु; शिक्षक ।

उपदेशी–(वि०) उपदेशक ।

उपद्रव–( ना० ) बिजाइँ; उपद्रो; सङ्कट ।

उपद्रवी–(वि०) उपद्रव गर्ने ।

उपद्रो–( ना० ) उत्पात; उपद्रव;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिजाइँ ।

**उपद्र्याहा**–(वि०) उपद्रो गर्ने ।

**उपद्वीप**–(ना०) सानो द्वीप ।

**उपधातु**–(ना०) मुख्य धातुभन्दा छुट्टै धातु; धाउ ।

**उपधारा**–(ना०) ऐन-नियम आदिको मुख्य धाराअन्तर्गतको अर्को धारा ।

**उपनगर**–(ना०) शहरको बाहिरी भागमा बनेको शहर । (उदा०–चाबहिल, बौद्ध, बानेश्वर ई० काठमाडौंका उपनगर हुन् ।)

**उपनदी**–(ना०) ठूलो नदीमा मिसिएको सानो नदी ।

**उपनयन**–(ना०) व्रतबन्ध; ब्राह्मणको जनै लगाउने संस्कार ।

**उपनाम**–(ना०) वास्तविकबाहेकको अर्को नाम; छद्म नाम; थर ।

**उपनायक**–(ना०) सहायक नायक ।

**उपनियम**–(ना०) नियमको अर्को सहायक नियम ।

**उपनिर्वाचन**–(ना०) निर्वाचित व्यक्तिको स्थान कुनै कारणले खाली भएपछि बाँकी समयको लागि फेरि हुने निर्वाचन ।

**उपनिवेश**–(ना०) कुनै देशको दबाव वा प्रभावमा परेको क्षेत्र; पराधीन देश ।

**उपनिवेशवाद**–(ना०) अर्काको देश... शासन गर्ने सिद्धान्त ।

**उपनिवेशवादी**–(वि०) उपनिवे... वादको अनुयायी ।

**उपनिषद्**–(ना०) आत्मा र परमात्मा... को सूक्ष्म विवेचन गरिएको वे... शाखा; सूत्र र ब्राह्मण ग्रन्थपछि... अन्तिम दर्शन-ग्रन्थ ।

**उपनेता**–(वि०) सहायक नेता ।

**उपन्यास**–(ना०) अनेक अध्या... विभाजित र जीवनलाई सम्पूर्णता... प्रस्तुत गर्ने गद्यमा लेखिएको ... कथा ।

**उपन्यासकार**–(ना०) उपन्यास... लेखक ।

**उपपत्ति**–(ना०) व्युत्पत्ति; ... स्थान; प्रमाण ।

**उपपत्नी**–(ना०) ल्याइते स्वास्नी...

**उपपुराण**–(ना०) अठार पुराण... बेग्लै पुराण ।

**उपप्रश्न**–(ना०) प्रश्नअन्तर्ग... प्रश्न ।

**उपबन्ध**–(ना०) संयोग; मेल; दफा ।

**उपभाषा**–(ना०) मुख्यभन्दा...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भाषा; शाखा भाषा; अविकसित भाषा ।

**उपभोक्ता**–(वि०) उपभोग गर्ने ।

**उपभोग**–(ना०) कुनै वस्तुको भोग गर्नु; भोजन गर्नु ।

**उपभोगी**–(वि०) उपभोग गर्ने; उपभोक्ता ।

**उपभोग्य**–(वि०) उपभोग गर्न योग्य ।

**उपभोज्य**-(वि०) खान लायक ।

**उपमण्डल**–(ना०) कुनै परिषद्भित्रको सानो विभाग ।

**उपमन्त्री**–(ना०) मन्त्रीभन्दा तल्लो मन्त्री ।

**उपमा**–(ना०) तुलना; दृष्टान्त; उदाहरण ।

**उपयुक्त**–(वि०) मुनासिब; लायक; सुहाउँदो ।

**उपयोग**–(ना०) कुनै चीजलाई कायम राख्नु; काममा ल्याउनु; व्यवहार; प्रयोग ।

**उपयोगिता**–(ना०) उपयोगी हुनु; काम लाग्ने हुनु ।

**उपयोगी**–(वि०) योग्य; काम लाग्ने; फायदाजनक ।

**उपर**–(ना०) लिनुपर्ने वस्तु उठाउनु; असूल गर्नु । (क्रि० यो०) मा; माथि ।

**उपरतली**–(ना०) अजीर्ण हुनु; धेरै खाएर अटेसमटेस हुनु; हैजा ।

**उपरान्त**-(अव्य०) त्यसपछि; अबदेखि ।

**उपरि**–(ना० यो०) माथि; उपर ।

**उपरिया**–(ना०) उनाउ व्यक्ति वा वस्तु ।

**उपर्ना**–(ना०) मर्दाना ओढ्ने; पछ्यौरा ।

**उपर्युक्त**–(वि०) माथि भनिएको ।

**उपलक्ष्य**–(ना०) अवसर; उद्देश्य; चिह्न ।

**उपलब्ध**–(वि०) पाइएको; प्राप्त; ज्ञात ।

**उपलब्धि**–(ना०) प्राप्ति; पाउनु ।

**उपल्लो**–(वि०) माथिल्लो; उँभोको ।

**उपवन**–(ना०) फूलबारी; बगैंचा ।

**उपवाचक**–(वि०) वाचकको सहायक ।

**उपवास**–(ना०) भोको बस्नु; निराहार; अनशन ।

**उपशाखा**–(ना०) सानो शाखा; शाखाको शाखा ।

**उपसंहार**–(ना०) समाप्ति; अन्तिम भाग; सारांश ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**उपसभापति**–( ना० ) सभापतिको सहायक ।

**उपसमिति**–( ना० ) कुनै समितिको सहायक समिति ।

**उपसम्पादक**–( ना० ) सम्पादकको सहायक ।

**उपसर्ग**–(अव्य०) कुनै शब्दको अगाडि लागेर भिन्न अर्थ बुझाउने शब्द ।

**उपस्थित**–( वि० ) हाजिर भएको; सामेल भएको ।

**उपस्थिति**–(ना०) हाजिरी; सामेल हुनु ।

**उपहार**–(ना०) सौगात; कोसेली; भेट ।

**उपहास**–( ना० ) हँस्सी; गिल्ली; खिसीटिउरी ।

**उपाख्यान**–( ना० ) पुरानो कथा; प्राचीन वृत्तान्त; ठूलो कथाभित्रको सानो कथा ।

**उपाङ्ग**–(ना०) अङ्गको भाग ।

**उपादेय**–(वि०) उपयोगी; उत्तम; ग्रहण गर्न योग्य ।

**उपादेयता**–( ना० ) उपादेय हुनाको भाव ।

**उपाधि**–(ना०) पदवी; मान ।

**उपाधिधारी**–(वि०) उपाधि पाएको ।

**उपाध्यक्ष**–(ना०) कुनै संस्थाको सहायक अध्यक्ष ।

**उपाध्याय**–( ना० ) अध्यापक; पढाउने गुरु; संस्था वा राज... विद्वान्लाई दिइने उपाधि ।

**उपाम्मे**–(वि०) अपाम्मे ।

**उपाय**–(ना०) प्रयत्न; अप्ठेरो ... सजिलोसँग गर्ने जुक्ति; काइदा ।

**उपार्जक**–( वि० ) कमाउने; ... गर्ने ।

**उपार्जन**–( ना० ) कमाउनु; ... गर्नु ।

**उपासक**–(वि०) बुद्धद्वारा प्रति... धर्मको अनुयायी; उपासना ... भक्त ।

**उपासना**–( ना० ) पूजा; स... आराधना ।

**उपास्य**–(वि०) पूज्य; आराध्य ...

**उपिउँ**–(ना०) उपियाँ ।

**उपियाँ**–(ना०) जुम्राजत्रो रगत... एक कीरो । (वि०) फड्केर हि...

**उपेक्षा**–(ना०) अनादर; बेवास्...

**उपेक्षित**–( वि० ) उपेक्षा गरि... हेला गरिएको ।

**उपेन्द्र**–(ना०) इन्द्रको भाइ; ...

**उप्कनु**–( अ० क्रि० ) टाँसिएको ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



छुट्टिनु; पाप्रा निस्कनु ।

**उप्काइ**–(ना०) उप्कने वा उप्काउने काम ।

**उप्काउनु**–(स० क्रि०) उप्कन लाउनु; उक्काउनु ।

**उप्यूँ**–(ना०) उपियाँ ।

**उप्रान्त**– (अव्य०) अबदेखि ।

**उप्रीथुप्री**–(क्रि० यो०) टम्माटम्मी; खापाखाप ।

**उफाराइ**–(ना०) उफार्ने किसिम ।

**उफार्नु**–(स० क्रि०) माथितिर हुयाउनु; उराल्नु ।

**उफ्रनु**–( अ० क्रि० ) जमीन छोडेर जीउमाथि उफार्नु; फड्कनु; उर्लनु; बाऊनु ।

**उफ्राउफ्री**–(ना०) वाफ्राबाज; चर्काचर्की ।

**बाइ**–(ना०) उबाउने किसिम, काम वा भाव ।

**बाउनु**–( स० क्रि० ) पानी वा अन्न हातमा लिनु ।

**बार**–(ना०) उब्रेको वस्तु; बचत ।

**बार्नु**–(स०क्रि०) उब्राउनु; जोगाउनु ।

**जनी**–( ना० ) उब्जा; अन्न हुनु; यसैको परिमाण ।

**उब्जनु**–(अ० क्रि०) बालीनाली फल्नु; प्रकट हुनु ।

**उब्जा**–(ना०) खेतीपातीको आयस्ता; उब्जनी ।

**उब्जाउ**–(वि०) प्रशस्त उब्जा हुने; उर्वर ।

**उब्जिलो**–(वि०) उब्जा हुने ।

**उभय**–(क्रि० यो०) दुवै ।

**उभयार्थी**–(ना०) दुई अर्थ लाग्ने ।

**उभाउनु**–( स० क्रि० ) अँजुली वा भाँडोले पानी, अनाज आदि झिक्नु ।

**उभिनु**–( अ० क्रि० ) ठाडो हुनु; उठ्नु ।

**उभिन्डिनु**–( अ० क्रि० ) उल्टिनु; टाउको तल र खुट्टा माथि पर्नु ।

**उभिन्डो**–(वि०) घोप्टो; उल्टो ।

**उम**–(ना०) उँग ।

**उमङ्ग**–(ना०) उत्साह; उल्लास ।

**उमठ्नु**–( अ० क्रि० ) मडारिनु; पेट नराम्ररी दुख्नु ।

**उमा**–( ना० ) पार्वती; महादेवकी पत्नी ।

**उमार**–(ना०) टुसा निस्कनु; उम्रनु ।

**उमाल**–(ना०) उम्लने काम; उम्लाइ ।

**उमाल्नु**–( स० क्रि० ) पानी, दूध इत्यादि तरल पदार्थ तताएर उम्लने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पार्नु; मत्याउनु; पुलपुल्याउनु ।

**उमेद**–(ना०) उम्मेद ।

**उमेदवार**–(वि०) उम्मेदवार ।

**उमेदवारी**–(ना०) उम्मेदवारी ।

**उमेर**–(ना०) वर्ष; आयु; यौवन ।

**उम्कनु**–(अ० क्रि०) बन्धनमुक्त हुनु; फुत्कनु; जोगिनु; भाग्नु ।

**उम्दा**–(वि०) असल; उत्तम ।

**उम्मेद**–(ना०) आशा; भरोसा; उत्साह ।

**उम्मेदवार**–(वि०) उम्मेद राख्ने; आशा गर्ने; कुनै पदमा छानिन प्रयत्न गर्ने ।

**उम्मेदवारी**–(ना०) उम्मेदवार हुनाको भाव; उम्मेदवार हुनु; आशा ।

**उम्रनु**–(अ० क्रि०) बीजबाट टुसा आउनु; अङ्कुरित हुनु ।

**उम्लनु**–(अ० क्रि०) पन्यालो कुरा पाकेर भुल्कनु; मात्तिनु ।

**उम्लाइ**–(ना०) उम्लने किसिम, काम वा भाव ।

**उर**–(ना०) छाती; वक्षस्थल ।

**उरन्ठेउलो**–(वि०) चकचके; केटा-केटी र युवावस्थाका बीचको; काँचो बुद्धिको; अल्लारे ।

**उराठ**–(ना०) नरमाइलोपन; दिक्दारी; विरक्ति ।

**उराठिलो**–(वि०) उराठलाग्दो ।

**उराल्नु**–(स० क्रि०) फ्याँक्नु; उफा… मत्याउनु ।

**उरिलो**–(ना०) एक प्रकारको …

**उरोज**–(ना०) स्तन; दूध ।

**उर्गल**–(ना०) ओखल ।

**उर्दी**–(ना०) सरकारी आज्ञा; … स्थितिको आदेश ।

**उर्दू**–(ना०) एक भाषा ।

**उर्लनु**–(अ० क्रि०) नदीमा भे… छाल आउनु; मात्तिनु ।

**उर्वर**–(वि०) मलिलो; धेरै … हुने ।

**उर्वशी**–(ना०) एक प्रख्यात अप्सरा …

**उलटपुलट**–(ना०) परिवर्तन; … फेर ।

**उलिनी**–(ना०) प्राचीन का… नेपाली हतियार ।

**उलिन्काठ**–(ना०) छत नभएको … दान ।

**उल्कनु**–(अ० क्रि०) जिस्कनु; … रिनु; गिजिनु ।

**उल्का**–(ना०) धूम्रकेतु; अकस्मा… घटना; अगुल्टो ।

**उल्फनु**–(स० क्रि०) उभाएर …

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुत्याउनु ।

**उल्टनु**–( अ० क्रि० ) उल्टो हुनु; पल्टिनु ।

**उल्टा**–( ना० ) दोष हटाउन खानेकुरामा मन्त्रेर फुक्ने विधि ।

**उल्टापाल्टी**–( ना० ) हेरफेर; उलटपुलट ।

**उल्टो**– (वि०) विपरीत; बिब्लेंटो ।

**उल्टोपाल्टो**–(ना०) उल्टापाल्टी ।

**उल्टचाउनु**–(स० क्रि०) उल्टो पार्नु ।

**उल्था**–(ना०) अनुवाद; भाषान्तर ।

**उल्फत**–(वि०) नचाहिंदो; फजूल ।

**उल्लङ्घन**–( ना० ) नियम नमान्नु; मर्यादा छोड्नु ।

**उल्लास**–( ना० ) आनन्द; खुशी; चमक; अध्याय ।

**उल्लिनु**–( अ० क्रि० ) जिस्किनु; उल्लू बन्नु ।

**उल्लीबिल्ली**–(ना०) मर्मान्तक ठट्टा; उडाउने तालको ठट्टा ।

**उल्लू**–(ना०) भुल्का; लाटोकोसेरो । (वि०) मूर्ख; वेकूफ ।

**उल्लेख**–( ना० ) वर्णन; विवरण; उद्धरण; चर्चा ।

**उल्लेखनीय**–( वि० ) विवरण दिन योग्य; लेखन योग्य ।

**उल्ल्याइँ**–(ना०) उल्लू हुनाको भाव; उल्लूपना ।

**उवा**–(ना०) एक जातको रातो जौ ।

**उषा**–( ना० ) सूर्योदयको समय; प्रभात; बिहानको लालिमा ।

**उष्ण**–(वि०) असाध्यै गरम; तातो ।

**उष्णता**–(ना०) गर्मी; ताप ।

**उसरी**–( क्रि० यो० ) उसै गरी; त्यसरी ।

**उसिनपसिन**–( क्रि० यो० ) असाध्यै गर्मी हुने किसिम; चापाचाप ।

**उसिना**–(वि०) उसिनेको ।

**उसिन्नु**–(स० क्रि०) बफाउनु; उमाल्नु ।

**उसै**–(क्रि० यो०) बिनसित्ति; त्यसै ।

**उसो**–(वि०) त्यसो; ऊजस्तो ।

**उस्ताद**–( ना० ) गवैया । (वि०) निपुण; धूर्त; चलाख ।

**उस्तो**–(वि०) त्यस्तो; त्यत्तिको ।

**उहाँ**–(सर्वना०) 'ऊ'-को सम्मानार्थक शब्द । (ना० यो०) त्यहाँ ।

**उहिले**–( क्रि० यो० ) धेरै पहिले; प्राचीन समयमा ।

**उहुँ**–(वि० बो०) नाइँ जनाउने शब्द; अहँ ।

**उहू**–( वि० बो० ) धेरै पीडामा निक्लने शब्द ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ऊ

**ऊ**–देवनागरी वर्णमालाको छैटौं स्वर-वर्ण । 'उ'- को दीर्घरूप । उच्चारण-स्थान ओष्ठ ।

**ऊ**–( सर्वना० ) प्रथम पुरुषको एक वचन; त्यो ।

**ऊँचनीच**–(ना०) भूलचूक; उचनीच ।

**ऊँचो**–(वि०) उच्चो ।

**ऊँट**–( ना० ) घाँटी र खुट्टा लामा भएको मरुभूमिमा हुने एक पशु ।

**ऊकार**–( ना० ) 'ऊ' अक्षर; बर्धन्ने; ( ू ) मात्रा ।

**ऊन**–( ना० ) भेडा-च्याङ्ग्राको रौं; पश्मीना ।

**ऊनी**–(वि०) ऊनको; ऊनबाट बनेको।

**ऊरू**–(ना०) जांघ; तिघ्रा ।

**ऊर्जा**–(ना०) भोजन; शक्ति ।

**ऊर्ध्व**–(वि०) माथिल्लो ।

**ऊर्ध्वगामी**–( वि० ) मास्तिर जाने; चढ्ने ।

**ऊर्ध्वरेखा**–(ना०) हात वा पैंतलाको माझमा हुने सौभाग्यसूचक ठाडो रेखा; भाग्यरेखा ।

**ऊसर**–( ना० ) नुनिलो माटो भएको वा रूखो र बांझो जमीन ।

# ऋ

**ऋ**–देवनागरी वर्णमालाको सातौं स्वर-वर्ण, उच्चारणस्थान मूर्द्धा ।

**ऋक्**–(ना०) ऋचा; ऋग्वेद ।

**ऋकार**–(ना०) 'ऋ' अक्षर; व्यञ्जन-वर्णको खुट्टा फर्काउने चिनु ( ृ ) ।

**ऋग्वेद**–(ना०) चार वेदमध्येको एक; पहिलो वेद ।

**ऋचा**–(ना०) पद्यमा लेखिएका वेद-मन्त्र ।

**ऋजु**–(वि०) सरल; सज्जन ।

**ऋण**–(ना०) सापट; कर्जा; रिन।

**ऋणचिह्न**–( ना० ) घटाउको चिह्न (—) ।

**ऋणी**–(वि०) ऋण लिने; असामी कृतज्ञ ।

**ऋतु**–( ना० ) प्रत्येक दुई महीनाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फेरिने वर्षको छ भाग (वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर); रजस्वला ।

**ऋतुमती**–(वि०) नछुने भएकी ।

**ऋतुराज**–(ना०) वसन्त ऋतु ।

**ऋद्धि**–(ना०) धन; सम्पत्ति; सफलता ।

**ऋषभ**-(ना०) बयल; सङ्गीतको एक स्वर ।

**ऋषि**–(ना०) वेद मन्त्र प्रकाश गर्ने व्यक्ति; तपस्वी; ऋषि ।

**ऋषिकुल**–(ना०) ऋषिको वंश वा आश्रम; विद्यालय ।

**ऋषितर्पणी**–(ना०) श्रावण शुक्ल पूर्णिमा; जनैपुर्ने ।

**ऋषिपञ्चमी**–(ना०) भाद्र शुक्ल पञ्चमी ।

(देवनागरी वर्णमालाको आठौं स्वरवर्ण ॠ, नवौं ऌ र दसौं ॡ नेपाली वर्णमालामा प्रचलित छैनन् ।)

# ए

**ए**–देवनागरी वर्णमालाको एघारौं (नेपाली वर्णमालाको आठौं) स्वरवर्ण, उच्चारणस्थान कण्ठतालु ।

**ए**–(अव्य०) सम्बोधन, सम्झना, रिस आदि जनाउने शब्द ।

**एउटा**-(वि०) एक मात्र; यौटा ।

**एक**–(वि०) एउटा; १-को अङ्क ।

**एकचालीस**–(वि०) चालीस र एकको जोडमा हुने सङ्ख्या; दुई बीस एक ।

**एकचित्त**–(क्रि० यो०) एकाग्र भएर; तल्लीन भईकन ।

**एकछत्त**–(वि०) एकनास; छ्यासमिसे ।

**एकछत्र**-(वि०) अरू कसैको अधिकारमा नपरेको; एकै जनाको मात्र हुकुम चलेको (राज्य) ।

**एकछाके**–(वि०) एक छाक खाने ।

**एकजाइ**–(ना०) एकलौटी; एकाधिकार ।

**एकजात**–(वि०) अलिकति पनि; कत्ति पनि; समान जात ।

**एकझमट**–(क्रि० यो०) एकै चोटि । (ना०) वेग; ताक ।

**एकटक**–(क्रि० यो०) आँखा झिम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नगरीकन; नियालेर ।

**एकट्ठा**–(वि०) जम्मा; भेला; एकत्र ।

**एकड**–(ना०) ४८४० वर्गगज जमीनको नाप ।

**एकतन्त्र**–( वि० ) अरू कसैको नभएको । (ना०) एक जनाको इच्छामा चल्ने खासन; हुकुमी शासन ।

**एकतन्त्रवाद**–( ना० ) एकतन्त्रको सिद्धान्त ।

**एकतन्त्रवादी**–( वि० ) एकतन्चवाद मान्ने ।

**एकतमास**–( ना० ) कस्तो-कस्तो हुने किसिम; अनौठोपन ।

**एकतर्फी**–(वि०) एक पक्षको मात्र ।

**एकता**–(ना०) एक हुने भाव; समानता ।

**एकतारे**–(ना०) एक प्रकारको स्वर-वाजा ।

**एकतारै**–( क्रि० यो० ) निरन्तर; लगातार ।

**एकतीस** ( वि० ) तीस र एकको जोडमा हुने सङ्ख्या ।

**एकत्र**–(ना०) भेला; जमघट ।

**एकत्रित**–( वि० ) भेला गरिएको; जमघट भएको ।

**एकदन्त**–(ना०) गणेश ।

**एकदम**–( क्रि० यो० ) तत्काल; एक्कासि ।

**एकनास**–( क्रि० यो० ) निरन्तर। (वि०) एकै रूपको ।

**एकन्नी**–(ना०) एक आनाको सिक्का।

**एकमत**–(वि०) एउटै राय भएको; मतो मिलेको ।

**एकमुख**–(वि०) एउटै रायले बोल्ने; चोचोमोचो मिलेको ।

**एकमुस्ट**–(क्रि० यो०) एक पटकमा दिइएको ।

**एकमेलो**–(ना०) एक जनाको लागि एक दिनको काम ।

**एकरूपता**–(ना०) एक रूप हुने भाव।

**एकलकाँटे**–(वि०) अरूसित नमिल्ने स्वभावको ।

**एकलख**–(ना०) ए-को चिह्न (ˋ)

**एकलास**–( ना० ) एकान्त स्थान (क्रि० यो०) सूनसान; निछ्याम

**एकले**–(वि०) एकलो ।

**एकलेबीर**–( ना० ) हांगा नहुने एक प्रकारको झार ।

**एकलो**–( वि० ) आफन्त कोही नभएको; ठिङ्गो ।

**एकलौटी**–( वि० ) अरूको हक नभएको एकलैको; बाँडनु नपर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**एकवचन**–(ना०) व्याकरणमा यौटा बुझाउने शब्द ।

**एकसट्ठी**–( वि० ) साठी र एकको जोडमा हुने सङ्ख्या; तीन बीस एक ।

**एकसरो**–( वि० ) भित्री नहालेको; दोहोरो नभएको ।

**एकहत्तर**–( वि० ) सत्तरी र एक जोडदा हुने सङ्ख्या ।

**एकहाते**–( वि० ) एक हात नापोको; एउटासँग मात्र रत्तिएको (पशु); एउटा मात्र हात भएको ।

**एकाई**–( ना० ) समूहभित्रको पूरा खण्ड; निकाय ।

**एकाउन्टेन्ट**–(ना०) लेखापाल ।

**एकाउन्न**–( वि० ) पचास र एक जोड्दा हुने सङ्ख्या ।

**एकाएक**–( क्रि० यो० ) अपर्झट; एक्कासि ।

**एकाकार**–(वि०) एकै रूपको ।

**एकाकी**–(वि०) एकलो; अकेला ।

**एकाग्र**–( वि० ) एक चित्त भएको; तल्लीन ।

**एकाघर**–( ना० ) अंश नबाँडिएको एउटै परिवार; भिन्न नभएको जहान ।

**एकाङ्की**–( ना० ) दसमध्येको एक रूपक; एकअङ्के नाटक ।

**एकाङ्गी**–(वि०) एक अङ्ग नभएको; हठी ।

**एकात्म**–( वि० ) अभिन्न; एक भएको ।

**एकात्मकता**–( ना० ) एकता; समानता ।

**एकादशी**–(ना०) शुक्ल र कृष्ण दुवै पक्षको एघारौं तिथि ।

**एकाध**–(वि०) एक वा आधा; एक-दुई; केही-केही ।

**एकाधिक**–( वि० ) एकभन्दा धेरै; कैयौं ।

**एकाधिकार**–( ना० ) एकलौटी अधिकार ।

**एकान**–(वि०) एक (दुनोटमा प्रयोग हुने) ।

**एकान्त**–(वि०) एकलास; निर्जन । (क्रि० यो०) सूनसान ।

**एकान्नबे**–( वि० ) नब्बे र एकको जोडमा हुने सङ्ख्या ।

**एकाबिहान**–(ना०) सखार; सबेर ।

**एकाम्य**–(वि०)एकनास; एकछत ।

**एकार**–(ना०) 'ए' अक्षर; एत्रलख; ( े ) मात्रा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**एकासी**–( ना० ) असी र एकको जोडमा हुने सङ्ख्या; चार बीस एक।

**एकाह**–( वि० ) एक दिनमा पूरा हुने वा सम्पन्न गरिने। (ना०) एक दिनको पाठ।

**एकीकरण**–(ना०) सबै मिलाएर एउटै बनाउनु।

**एकीकृत**–(वि०) एकीकरण गरिएको।

**एकुन्द्रो**–(वि०) एक दिन बिराएर आउने वा हुने (जरो, काम आदि)।

**एकेउटा**–(क्रि० यो०) एक-एकवटा।

**एकेक**–(वि०) एक-एक; हरेक।

**एकेडेमी**–(ना०) प्रज्ञा-प्रतिष्ठान।

**एकोतार**–( क्रि० यो० ) वार-वार; तारनतार।

**एकोहोरो**–( वि० ) आफ्नै कुरामा लागिरहने; एकसुरे; दुई तह नभएको। (क्रि० यो०) एकै खेप; एक चित्त भएर।

**एकोहोऱ्याइँ**–( ना० ) एकोहोरो काममा लाग्ने किसिम।

**एक्का**–( ना० ) तासमा एक फुट्टी भएको पत्ता; एउटा घोडाले तान्ने बग्गी। (वि०) मुख्य।

**एक्काइस**–( ना० ) बीस र एकको जोडमा हुने सङ्ख्या; एक बीस एक।

**एक्कावान**–(ना०) एक्का (टमटम) चलाउने मान्छे।

**एक्कासि**–( क्रि० यो० ) एकाएक; एकदम।

**एघार**–(वि०) दसपछिको सङ्ख्या।

**एजेन्ट**–(ना०) दलाल; वारिस।

**एजेन्सी**–(ना०) एजेन्ट रहने स्थान; एजेन्टको कार्यालय।

**एत्तेरी**–(ना०) एरात्तै।

**एभरेस्ट**–(ना०) पुर्वी नेपालमा रहेको संसारको सर्वोच्च हिमशिखर; सगरमाथा; क्यामोलोङमा।

**एम्बुलेन्स**–( ना० ) बिरामी ओसार्ने गाडी।

**एरात्तै**–( वि० बो० ) आश्चर्य, उल्लास र उमङ्गमा बोलिने शब्द।

**एवम्**–( अव्य० ) यस प्रकार; अनि; तथा।

**एशिया**–(ना०) पृथ्वीको पूर्वी गोलार्धको सबैभन्दा ठूलो महाद्वीप।

**एशियाली**–(वि०) एशियासम्बन्धी।

**एहे**–( वि० बो० ) आश्चर्य, ... आदिमा बोलिने शब्द।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ऐ

ऐ–देवनागरी वर्णमालाको बाह्रौं (नेपाली वर्णमालाको नवौं) स्वर-वर्ण, उच्चारणस्थान कण्ठ र तालु ।

ऐ–(वि० बो०) बोलाउँदा एकलै वा नामअगाडि लाग्ने शब्द; ए ।

ऐंच–(ना०) काबू; वश, दबाउ ।

ऐंचनु–(स० क्रि०) काबूमा ल्याउनु; अधीनमा राख्नु ।

ऐंचाइ–(ना०) ऐंचने किसिम, काम वा भाव ।

ऐंचोपैंचो–(ना०) सरसापट; पैंचो लिने-दिने काम ।

ऐंठन–(ना०) निद्रामा कुनै किसिमले सासको गति थामिएर खराब सपनाले हुने कष्ट; दबाउ; थिचाइ ।

ऐंठनु–(स० क्रि०) थिच्नु; दबाउनु; अँठ्याउनु ।

ऐंठिनु–(स० क्रि०) बटारिनु; निसासिनु; फुइँ देखाउनु; यौवनले मत्त हुनु ।

ऐंठे–(ना०) एक प्रकारको हलुवाई रोटी ।

ऐंसेलु–(ना०) काफलजत्रै पहेंलो एक जातको जङ्गली फल ।

ऐकार–(ना०) 'ऐ' अक्षर; दोलख; (ै) मात्रा ।

ऐच्छिक–(वि०) आफ्नो इच्छामा रहेको; इच्छाधीन ।

ऐजन–(अव्य०) 'माथि लेखिएनुसार' वा 'सोही बमोजिम' भन्ने बुझाउने शब्द ।

ऐजेरु–(ना०) अर्कै रूखमा उम्रने एक जातको बूटी; शरीरमा उठ्ने फोका ।

ऐतिहासिक–(वि०) इतिहासको; इतिहाससम्बन्धी ।

ऐन–(वि०) ठीक । (ना०) सरकारी नियम; कानून ।

ऐनसवाल–(ना०) ऐन र त्यससम्बन्धी नियम ।

ऐना–(ना०) अनुहार देखिने काँचको साधन; दर्पण ।

ऐब–(ना०) दोष; खोट; कलङ्क ।

ऐबी–(वि०) खोटो; दोषी ।

ऐभाँत–(ना०) सधवापन; स्त्रीको सौभाग्य ।

ऐभाँती–(वि०) सधवा, सौभाग्यवती ।

ऐया–(अव्य०) दुख्दा प्रकट गरिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शब्द ।

**ऐयाश**–(वि०) ऐयाशी गर्ने; भोगी ।

**ऐयाशी**–( ना० ) विषय-वासनामा लिप्त रहने भाव ।

**ऐरावत**–(ना०) इन्द्रको हात्ती; इन्द्रको धनुष; एक प्रकारको फल । पो० ऐरावती ।

**ऐरेगैरे**–( वि० ) चानचुने; महत्त्व नभएको; जथाभावी ।

**ऐरेलु**–(ना०) जङ्गली काँक्रो ।

**ऐरो**–(ना०) अहिरो; रिस; डाहाड; खेदो ।

**ऐले**–(क्रि० यो०) अहिले ।

**ऐश**–( ना० ) आराम; चैन; भोग विलास ।

**ऐशी**–( वि० ) बढी ऐश गर्नु पर्ने; विलासी ।

**ऐश्वर्य**–( ना० ) सम्पत्ति; वैभव; शक्ति; प्रमुख ।

**ऐश्वर्यवान्**–( वि० ) सम्पत्तिवाल; धनवान् ।

**ऐश्वर्यशाली**–(वि०) सम्पत्तिवाल ।

# ओ

**ओ**–देवनागरी वर्णमालाको तेह्रौं (नेपाली वर्णमालाको दसौं) स्वर-वर्ण; उच्चारण स्थान कण्ठ र तालु ।

**ओ**-( अव्य० ) सम्बोधन गर्ने शब्द; ए ।

**ओं**-(ना०) 'ॐ' अक्षर वा ध्वनि ।

**ओइरनु**–( स० क्रि० ) पकाउनका निम्ति भाँडोमा पाक्ने कुरा हाल्नु; ओइरो लाउनु; रिसले धेरै दिनु ।

**ओइराइ**-( ना० ) ओइरने किसिम वा भाव ।

**ओइरान**–( ना० ) भिरालो जग पाखो बारी ।

**ओइरालो**–(वि०) जति भने पनि ह छेलोखेलो ।

**ओइरिनु**–(अ० क्रि०) धारो ला खनिनु; तल झर्नु; ठाडै खस्नु ।

**ओइरो**–( ना० ) निरन्तर खस्ने वस्तुको धारो; मानिसको ताँती ।

**ओइरोपहिरो**–( वि० ) प्रश छेलोखेलो; आफलताफल ।

**ओइलिनु**–(अ० क्रि०) ताजा नर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



साजीपन हट्नु ।
**ओकल-दोकल**–( ना० ) केटाकेटीको एक खेल ।
**ओल्कनु**–(स० क्रि०) मुखबाट बाहिर निकाल्नु; उकेल्नु ।
**ओकार**–( ना० ) 'ओ' अक्षर; लख-कानो; ( ो ) मात्रा ।
**ओखती**–( ना० ) रोग निको पार्ने वस्तु; उपाय; ओखती ।
**ओखर**–( ना० ) बाहिर साह्रो भित्र गुदी हुने एक प्रकारको फल ।
**ओखल**–(ना०) चिउरा आदि कुट्ने ढुङ्गा वा काठको खोबिल्टो परेको साधन; उर्गल ।
**ओखली**–(ना०) सानो उर्गल ।
**ओगट्नु**–( स० क्रि० ) ठाउँ लिनु; छेक्नु; ढाक्नु ।
**अछाउनु**–( अ० क्रि० ) कुनै काम कुरामा जाँगर मर्नु ।
**ओछिनु**–( अ० क्रि० ) शरण पर्नु; बिछिनु ।
**ओछ्याउनु**–(स० क्रि०) बिछ्याउनु; छर्नु ।
**ओछ्यान**–(ना०) सुबिस्तासँग बस्न, सुत्न बिछ्याइने रुवाद्वारा बनेको डस्ना ।
**ओज**–(ना०) प्रताप; तेज; फूर्ति ।
**ओजन**–(ना०) तौल ।
**ओजस्वी**–(वि०) प्रतापी; तेजस्वी ।
**ओजेल**–(ना०) छाया; सियाँल ।
**ओझाउनु**–(स० क्रि०) आगोको आँच कम गर्नु ।
**ओझिनु**–( अ० क्रि० ) आगोको राप घट्नु ।
**ओझेल**–(ना०) छाया; ओत ।
**ओट**–(ना०) पक्ष, तरफ लाग्नु ।
**ओटा**–(ना०) गोटा; सङ्ख्या ।
**ओठ**–( ना० ) मुखको तलमाथिको ढकनी; ओष्ठ ।
**ओठे**–( वि० ) भद्दा ओठ भएको; मुखाले ।
**ओडा**–(ना०) क्षेत्र; सीमा; वार्ड ।
**ओडार**–(ना०) गुफा; भ्वाङ ।
**ओडालिनु**–(स० क्रि०) ओडाल्ने काम गरिनु । ( अ० क्रि० ) मनमा धेरै पीर गर्नु ।
**ओडाल्नु**–(स० क्रि०) हुँडल्नु; मस्काउनु ।
**ओढाउनु**–(स० क्रि०) ओढ्नेले ढाक्नु; ओढ्न लाउनु ।
**ओढो**–( ना० ) ओढ्ने वस्तु; घुम-छाता आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**ओत**–( ना० ) घाम-पानीबाट बच्ने ठाउँ; आड; आश्रय ।

**ओतप्रोत**–( वि० ) छुट्ट्याउन नसकिने गरी मिसिएको; सबैतिर फिंजिएको ।

**ओतिनु**–(अ० क्रि०) घाम-पानीबाट जोगिनु; ओत लाग्नु ।

**ओथाउनु**–(स० क्रि०) थरक मार्नु; सेलाउनु ।

**ओथारो**–( ना० ) चराले फुल वा चल्ला छोपेर बस्ने क्रिया ।

**ओथिनु**–( अ० क्रि० ) पाकेको खानेकुरो केही चिसो हुनु; सेलाउनु ।

**ओथ्रनु**–( स० क्रि० ) चराहरूले फुल छोपेर बस्नु; ओथारो बस्नु ।

**ओथ्रा**–(ना०) ओथारो ।

**ओदान**–( ना० ) फलामको तीनखुट्टे चूलो ।

**ओदार्नु**–(स० क्रि०) खोस्नु; भत्काउनु; बिगार्नु ।

**ओबाउनु**–(अ० क्रि०) ओबानो पार्नु; सुकाउनु ।

**ओबानो**–(वि०) चिसोपन हराएको; ओवाएको ।

**ओभरकोट**–(ना०) लामो कोट ।

**ओभरसियर**–(ना०) इन्जिनीयरभन्दा तल्लो दर्जाको कर्मचारी ।

**ओराली**–(ना०) ओरालो ।

**ओरालो**–(ना०) भिरालो ठाउँ; उँधो; ओन्हालो ।

**ओर्लनु**–( अ० क्रि० ) झर्नु; खस्नु; तल उत्रनु ।

**ओलक**–( ना० ) मोहीले जग्गावालालाई दिने कोसेली ।

**ओलन**–(ना०) बाछाको निम्ति थुनो छोडिएको वा पछि खान छुट्ट्याइएको दूध ।

**ओला**–( ना० ) चीनीको डल्लो; असिना ।

**ओली**–(ना०) थरी; प्रकार ।

**ओलेंसी**–(ना०) सिलन ।

**ओल्टनुपल्टनु**–( ना० ) ओर्कनु फर्कनु ।

**ओल्टी**–(ना०) बाँधा; बन्धक राख्नु

**ओल्टोपोल्टो**–( ना० ) यताउता छेउछाउ ।

**ओष्ठ**–(ना०) ओठ ।

**ओस**–(ना०) शीत; सेप ।

**ओसरा**–(ना०) दलान; पिंढी ।

**ओसारपसार**–( ना० ) यताको उता गर्ने काम ।

**ओसार्नु**–(स० क्रि०) माल यता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लैजानु; खेप गर्नु ।

ओसिनु–(अ० क्रि०) ओसिलो हुनु ।

ओसिलो–( वि० ) ओस लाग्ने; सेपिलो ।

ओहदा–(ना०) पद; दर्जा ।

ओहो–( वि० बो० ) हर्ष, बिस्मात जनाउने शब्द ।

ओहोरदोहोर–( ना० ) जानु-आउनु; आवतजावत ।

ओह्राली–(ना०) ओराली ।

ओन्हालो–(ना०) ओरालो ।

ओर्ह्लनु–(अ० क्रि०) ओर्लनु ।

ओन्हाल्नु–(स० क्रि०) ओराल्नु ।

# औ

औ–देवनागरी वर्णमालाको चौधौं (नेपाली वर्णमालाको एघारौं) स्वर-वर्ण, उच्चारणस्थान ओष्ठ । लखकानो; ( ौ ) मात्रा ।

औ–(संयो०) र; अरू ।

औंटर्नु–(ना०) अम्तनु; औंटारिएको सिलाइ ।

औंटार्नु–( स० क्रि० ) बम्बू, सेप्टी आदि हातले सिउनु ।

औंठाछाप–(ना०) बूढीऔंलाको छाप; ल्याप्चे छाप ।

औंठी–(ना०) हातका औंलामा लाउने मुन्द्रो ।

औंठो–(ना०) बूढीऔंलो ।

औंरो–(ना०) बच्चा जन्मँदा आउने साल; काँढो ।

औंलो–(ना०) हात, गोडाको अगिल्लो भागमा रहेको शाखा ।

औंल्याइ–(ना०) औंल्याउने किसिम वा भाव ।

औंल्याउनु–( स० क्रि० ) औंलाले देखाउनु; इशारा गर्नु ।

औंसा–( ना० ) सडेको वस्तु वा घाउ-खटिरामा पर्ने सेता मसिना कीरा ।

औंसी–( ना० ) कृष्णपक्षको अन्तिम तिथि ।

औंस्याहा–(ना०) औंसीमा जन्मेको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पिराहा ।

**औकात**–(ना०) सावगास, हैसियत ।

**औचित्य**–( ना० ) उचित हुनाको भाव ।

**औजार**–(ना०) ज्याभल; हतियार ।

**औडाहा**–(ना०) छटपटी; पोहोलो; रन्थनी ।

**औताउनु**–(अ० क्रि०) आत्तिनु; अ-त्यासमा पर्नु ।

**औतार**–(ना०) रूप; अवतार ।

**औतारी**–( वि० ) अनौठो; विचित्रको ।

**औताली**–(ना०) अपुताली ।

**औद्योगिक**–(वि०) उद्योगसम्बन्धी ।

**औद्योगिकीकरण**–( ना० ) उद्योगमा प्रगति गर्नु; कलकारखानाको उन्नति गर्नु ।

**औधी**–(वि०) धेरै; ज्यादा ।

**औपचारिक**–( वि० ) शिष्टाचार-पूर्वकको; नियम वा व्यवहार मिला-इएको ।

**औपनिवेशिक**–(वि०) उपनिवेशको; उपनिवेशसम्बन्धी ।

**औपन्यासिक**–( वि० ) उपन्यास-सम्बन्धी; उपन्यासका ढाँचाको; अनौठो ।

**औल**–(ना०) खराब हावापानी भएको गर्मी ठाउँ; खोंच; कामज्वरो ।

**औलाद**–(ना०) छोरा-छोरी; सन्तान ।

**औलादौला**–( ना० ) छेलोखेलो सम्पत्ति र सुख ।

**औलिया**–(वि०) औंलो लाग्ने ।

**औलो**–(ना०) औल ।

**औषधी**–(ना०) ओखती; जरीबूटी ।

**औसत**–(ना०) सरदर; सालाखाला ।

**औसर**–( ना० ) अवसर; बेला; मौका ।

**औसानी** -(ना०) अप्सानी ।

# क

**क**–देवनागरी वर्णमालाको पहिलो व्यञ्जनवर्ण, उच्चारणस्थान कण्ठ ।

**कँठिनी**–(वि०) काँठमा बस्ने (स्त्री) ।

**कँडाली**–( ना० ) ढक्की; चोया‍… टोकरी ।

**कँधेउली**–(ना०) भारी बोक्ता काँ…

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुन्डयाइने साधन; नोल ।

**कँधेरी**–(ना०) काँधे लुगा ।

**कँध्याहा**-(वि०) अरूलाई बहकाउने व्यक्ति; बोकाहा ।

**कँपाइ**–(ना०) काँप्ने किसिम, काम वा भाव ।

**कँपाउनु**–(स० क्रि०) थरथर काँप्ने पार्नु; कम्प गराउनु ।

**कंस**-(ना०) कृष्णका मामा । (वि०) दुष्ट ।

**ककडी**–(ना०) गर्मी ठाउँमा फल्ने घिरौलाजस्तै एक किसिमको काँक्रो ।

**कका**–(ना०) चङ्गामा तलमाथि लगाइने दोहोरी धागो ।

**ककार**–(ना०) 'क' अक्षर; व्यञ्जन-वर्णको पहिलो अक्षर ।

**कक्कड**–(ना०) धूलो तमाखु ।

**कक्कु**-(ना०) घाँटी; गलो; कठालो ।

**कक्रक्क**–(क्रि० यो०) रोग वा जाडोले हात, गोडा आदि कक्रिने किसिम; एकदम सुक्ने किसिम ।

**कक्रनु**–(अ० क्रि०) कक्रक्क पर्नु; गँगरिनु ।

**कक्रिनु**–(अ० क्रि) कक्रने होइनु; कक्रनु; अररिनु ।

**कक्ष**–(ना०) कोठा; काखी; दर्जा; पटुका ।

**कक्षा**–(ना०) श्रेणी; दर्जा; घेरा; घरको कोठो; काखी; कमर; धोतीकी एक छेउ ।

**कखहरा**–(ना०) क, ख आदि व्यञ्जनवर्ण; वर्णमाला ।

**कखौतो**-(ना०) काखीमा आउने खटिरो ।

**कङ्कड**–(ना०) गेगर; ढुङ्गाका मसिना टुक्रा ।

**कङ्कण**–(ना०) नारीमा लाउने सुन-चाँदीको बालो; चुरो ।

**कङ्कला**–(वि०) कङ्कालको जस्तो ।

**कङ्कलाशब्द**–(ना०) कङ्काल बोलेजस्तो शब्द; कहालिएको रुवाइ; डाँको ।

**कङ्कलासुर**–(ना०) ठूलो स्वर; डाँको छोड्नु ।

**कङ्काल**–(ना०) मासु, छाला र नसा नभएको हाडको शरीर; अस्थि-पञ्जर ।

**कङ्कालिनी**–(ना०) दुर्गा । (वि०) चर्को स्वभावकी (आइमाई) ।

**कङ्क्रीट**–(ना०) चून, बालुवा र ईंटका टुक्रा मिसाई बनाइएको मसला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कङ्गाल**–( वि० ) गरीब; निर्धन; दरिद्र; नहुने ।

**कङ्गाली**–( ना० ) दरिद्रता; निर्धनता ।

**कच**–( ना० ) कुनै वाक्य वा शब्दको तलतिर तानिने धर्को ।

**कचकच**–(ना०) नचाहिंदा कुरा गरिरहनु; करकर; फतफत ।

**कचकचाउनु**–( स० क्रि० ) कचकच गर्नु; झिज्याउनु ।

**कचकचे**–(वि०) कचकच गर्ने; फतफते ।

**कचपच**–( ना० ) काँचो न पाको; कचमच ।

**कचपचिनु**–(अ० क्रि०) काँचो न पाको हुनु; बिग्रनु ।

**कचमच**–(ना०) खिचोला; गडबड ।

**कचमचिनु**–(अ० क्रि०) बीचमा अलमलिनु; गडबडिनु ।

**कचरपचर**–(ना०) शरीरलाई हानि गर्ने खाद्य पदार्थ । ( क्रि० यो० ) कचमच गर्ने किसिम ।

**कचहरी**–( ना० ) अड्डा; अदालत; सभा; गोष्ठी ।

**कचिङ्गल**–( ना० ) कलह; झगडा; बाझो; खिचोला ।

**कचिया**–(ना०) दाँते हँसिया। (वि० काँचो वा नसुकेको ।

**कचिलो**–(वि०) राम्ररी नछिप्पिएको छिप्पिने बेला नभएको ।

**कचेट्नु**–(स० क्रि०) करकापले ... नलागेको थलोमा बसाउनु ।

**कचेरा**–(ना०) चिम्रा ।

**कचौडी**–(ना०) एक प्रकारको पूरी कचौरी ।

**कचौरा**–( ना० ) दाल, तिहुन ... खाने भाँडो ।

**कचौरी**–( ना० ) सानो कचौरा झुल्कने टीका; एक किसिमको पूरी ।

**कच्चावारी**–(ना०) स्रेस्तामा ... कलमको देहाय; फाँटवारी ।

**कच्ची**–(वि०) कमसल; काँचो ई... बनेको (घर आदि); नकली ।

**कच्चेट**–( ना० ) कामको भीड; ... काम ।

**कच्चो**–( वि० ) काँचो; नपाकेको पूरा नभएको ।

**कच्छ**–(ना०) छेउ; किनारा ।

**कच्याककुचुक**–( क्रि० यो० ) ... कपडा आदि खुम्चने किसिम; ... बिग्रने किसिम; खानेकुरा आदि नमिल्दो किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कच्याङकुचुङ–(ना०) कचरपचर ।
कछाड–(ना०) छोटो धोती; पर्वत वा नदीका छेउको भूमि ।
कछार–(ना०) तटभूमि; कछाड ।
कछुवा–(ना०) हाडले पिठ्यूँ ढाकिएको जल र थलमा हिँड्ने एक जन्तु ।
कजाइँ–(ना०) काजीको काम ।
कजाउनु–(स० क्रि०) काममा लदाउनु; जोत्नु ।
कजिनी–(ना०) काजीकी स्वास्नी; काजीको पोथी रूप ।
कजिया–(ना०) नोकर-चाकर ।
कञ्चन–(ना०) सुन; पवित्र; शुद्ध ।
कञ्चनजङ्घा–(ना०) नेपालको पूर्वोत्तर सीमामा रहेको एक प्रसिद्ध हिमशिखर ।
कट–(ना०) जाँडको छोक्रा; अनुहार वा शरीरको भाव; काँट ।
कटकट–(क्रि० यो०) दाह्रा किट्दा अथवा कुनै ठोस वस्तुसँग चल्दा आवाज आउने किसिम ।
कटकटाउँदो–(वि०) सुकेर साह्रो भएको ।
कटकटिनु–(अ० क्रि०) भात, हिलो आदि सुकेर वा टाँसिएर साह्रो हुनु ।
कटकिना–(ना०) ठेकदारसँग ठेक्कामा लिइने ठेक्का वा काम ।
कटकिन्दार–(वि०) कटकिना लिने; ठेक्कामा काम लिने ।
कटक्क–(क्रि० यो०) काटिने, दुख्ने, टोक्ने, ठिहिन्याउने आदि किसिम ।
कटनी–(ना०) काट्नु; कटाइ; हिँडाइ ।
कटनीमटनी–(ना०) छिनाफाना; काटकुट ।
कटबाँस–(ना०) गुदी हुने बाँस ।
कटहर–(ना०) काँचोमा तरकारी र पाकेपछि गुदी खाइने एक प्रकारको फल ।
कटाइ–(ना०) नघाइ; छिचोलाइ; जवाइ ।
कटाक्ष–(ना०) कर्के आँखाले हेर्नु; टेढो हेराइ; वक्र दृष्टि ।
कटाच्छे–(ना०) बाक्लाक; बाक्लो ।
कटारी–(ना०) कटार; कर्द; दुवैतिर धार भएको हतियार ।
कटारो–(ना०)कामको चटारो; हडबड ।
कटाहा–(वि०) छुच्चो ।
कटि–(ना०) कमर; चाकको फिला; हात्तीको गण्डस्थल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कटिबद्ध**–(वि०) तत्पर; जुटेको ।

**कटु**–(वि०) तीतो; अप्रिय ।

**कटुवाल**–(ना०) गाउँघरमा सरकारी सूचना, आदेश आदि सुनाउने व्यक्ति ।

**कटुस**–(ना०) एक प्रकारको फल ।

**कटेरो**–(ना०) बारबेर नभई छानोमात्र भएको टहरो; गोठ ।

**कटौरा**–(ना०) बटुको; कचौरा ।

**कटौरी**–(ना०) सानो बटुको; कचौरी ।

**कट्टर**–(वि०) हठ गर्ने; दुराग्रही; रूढिवादी ।

**कट्टीमट्टी**–(ना०) छिनाफाना; काटकुट ।

**कट्टु**–(वि०) घुँडासम्म आउने लुगा (हाफ पायन्ट); जाँघे ।

**कट्टो**–(वि०) कट्मिरो; नपाकेको; अधकल्चो ।

**कट्ठा**–(ना०) बिघाको बीसौं भाग जमीन ।

**कट्मिरो**–(वि०) राम्रोसँग नपाकेको; कट्टो; राम्ररी नसुकेको (काठ) ।

**कटयाककुटुक**–(ना०) भुटेका गेडागुडी ।

**कठघर**–(ना०) काठको घर ।

**कठपत्र**–(ना०) प्रमाणका लागि अक्षर खोपिएको काठको फल्याक ।

**कठपुतली**–(ना०) कपडाको पुतली; अर्काले जे भन्यो त्यही गर्ने ।

**कठालो**–(ना०) कोट, कमीज आदिमा गाँसेको घाँटी छोप्ने घेरा ।

**कठिन**–(वि०) गाह्रो; मुश्किल; कडा ।

**कठिनाइ**–(ना०) कठिन हुनाको पना ।

**कठुवा**–(ना०) पानी, रक्सी, जाँड आदि राख्ने काठको आह्री ।

**कठै**–(वि० बो०) सहानुभूति प्रकट गर्दा प्रयोग गरिने शब्द ।

**कठैबरा**–(वि० बो०) कठै ।

**कठैबरी**–(वि० बो०) कठै ।

**कठोर**–(वि०) गाह्रो; कठिन; कडा

**कठोरता**–(ना०) निर्दय हुनाको भाव ।

**कठौती**–(ना०) काठको आह्री ।

**कठौतो**–(ना०) पुस्तक राख्ने काठको कापे ।

**कडा**–(ना०) भाँडा वर्तनमा लागे समाउने मुन्द्री । (वि०) साह्रै कठिन ।

**कडाइ**–(ना०) कडा हुने किसिम काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कडाकडी–( ना० ) कडा व्यवहार; चर्काचर्की ।

कडी–(ना०) युक्ति; उपाय; किल्ली; कुनै वस्तु समाउने जडिएको मुन्द्रो ।

कड्कनु–(अ० क्रि०) चर्केर बोल्नु; घिउ, तेल आदि तातेर पड्कनु ।

कड्काकड्की–( ना० ) बाझाबाझ; भनाभन ।

कढी–(ना०) दहीबाट बन्ने एक प्रकारको तरल खानेकुरो ।

कण–( ना० ) मसिनु वस्तु; दाना; गेडा; अणु ।

कणिका–( ना० ) सानो वस्तु; सानु अंश वा कण ।

कण्ठ–( ना० ) घांटी; गलो; पशुका घांटीको सेतो घेरो । (वि०) मुखाग्र; आउँदो ।

कण्ठश्री–( ना० ) घांटीमा लाउने सुनको गहना; प्यारो वस्तु ।

कण्ठी–(ना०) घांटीमा लाइने तुलसी आदिको माला; गलामा बाँधिने दाम्लो वा डोरी ।

कण्ठे–( वि० ) घाँटीमा सेतो घेरो भएको (भैंसी आदि) ।

कता–( क्रि० यो० ) कहाँ ?; कुन ठाउँमा ?

कताइ–( ना० ) धागो आदि कात्ने किसिम वा काम ।

कतार–(ना०) ताँती; पंक्ति; लाम ।

कति–(वि०) परिमाण सोधिने शब्द; के जति; धेरै ।

कतिपय–( वि० ) केही; अनेक; कैयौं ।

कतुवा–(ना०) धागो कात्ने साधन ।

कतै–(क्रि० यो०) कुनै ठाउँमा ।

कत्तल–(ना०) हत्या; काट्नु ।

कत्ति–(क्रि० यो०) थोरै पनि ।

कत्रो–(वि०) कति ठूलो ।

कत्ला–(ना०) माछाको शरीरमा हुने टुक्रे हाड ।

कथङ्कदाचित्–( क्रि० यो० ) केही गरी; कुनै कारणले ।

कथङ्काल–( अ० व्य० ) कसै गरी; कसै गर्दा पनि ।

कथन–(ना०) भन्नु; बताउनु; उक्ति; आहान ।

कथनीय–( वि० ) बताउन योग्य; भन्नलायक; कहनुपर्ने ।

कथा–(ना०) कहानी; किस्सा ।

कथाइ–( ना० ) कथ्ने काम वा किसिम ।

कथाकार–( ना० ) कथा लेख्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मानिस ।

कथा-कुथुङ्ग्री–(ना०) ससाना कथा-हरूको समुदाय ।

कथानक–(ना०) कथाको घटनाक्रम; किस्सा ।

कथुवा–( वि० ) कथ्ने मान्छे । पो० कथुवी ।

कथ्नु–(स० क्रि०) सिलोक बनाउनु; रचना गर्नु; लेख्नु ।

कथ्य–( वि० ) भन्न योग्य; बताउन लायक ।

कद–(ना०) शरीरको अग्लाइ; शारीरिक बनोट ।

कदम–(ना०) रूखविशेष; पाइलो; फड्को ।

कदर–(ना०) आदर; सम्मान ।

कदाचित्–( क्रि० यो० ) केही गरी; कुनै कारणले ।

कदापि–(क्रि० यो०) कहिल्यै पनि; किमार्थ ।

कन–(अव्य०) द्वितीयाको अर्थबोधक विभक्ति; लाई । (ना०) गहुँको कूस ।

कनकचम्पा–( ना० ) राम्रो बास्ना आउने एक जातको फूल ।

कनकटुवा–( वि० ) कानकटुवा ।

कनचिर्नु–(ना०) दुईपाते एक झार

कनपट–( ना० ) कानको अगाडि भाग; कनपारो ।

कनपारो–(ना०) कनपट; कन्चट ।

कनफट्टा–(ना०) कान चिरेको जोगी; कृतघ्न व्यक्ति ।

कनसुत्लो–( ना० ) एक प्रकार लामो कीरा; लुकेर अर्काको कुरा सुन्ने व्यक्ति ।

कनाइ–( ना० ) कन्ने काम किसिम ।

कनिका–(ना०) चामलका टुक्रा गेडा ।

कनिके–(वि०) कनिकाजस्तो सा मसिनु ।

कनिकेकुरो–( ना० ) एक प्रकार झार ।

कनिष्ठ–( वि० ) कान्छो; सा तुच्छ ।

कनीकुथी–( क्रि० यो० ) कनी बल्लतल्ल ।

कनुवा–( ना० ) एक पाउको भागको एक भाग; छटाक ।

कन्चट–( ना० ) कान र आँ बीचको भाग ।

कन्जरो–(ना०) साह्रै मधिनो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



र यस्तै फल ।

कन्जूस–(वि०) साह्रै लोभी; छुच्चो।

कन्जूस्याइँ–( ना० ) कृपणता; छुच्च्याइँ ।

कन्ट्रोल–(ना०) मालसामान वितरण गर्ने सरकारी व्यवस्था; नियन्त्रण ।

कन्डेउलो–(ना०) चाकको फिला ।

कन्तबिजोग–( ना० ) सत्यानाश; चिल्लीबिल्ली ।

कन्ती–(ना०) कराही ।

कन्तुर–( ना० ) रुपियाँ, गहना र सिंगारका सरजाम राख्ने खण्डे भाँडो ।

कन्दमूल–(ना०) फलफूल ।

कन्दरा–(ना०) गुफा; ओढार ।

कन्धनी–( ना० ) लँगौटी लगाउन कम्मरको तल्लो भागमा बाँधिने डोरी ।

कन्नु–( अ० क्रि० ) रोग, पीडा आदिले कष्ट हुँदा घाँटीबाट शब्द निकाल्नु; सकी-नसकी पढ्नु ।

कन्ने–(ना०) बिहे नभएका केटो वा केटी ।

कन्या–(ना०) छोरी; कुमारी; बिहे नभएकी वा बिहेभन्दा पहिलेकी केटी ।

कन्याउनु–(स० क्रि०) चिलाइ मार्न शरीरको कुनै भागमा नङ्ले कोतर्नु ।

कन्याकुमारी–(ना०) दक्षिण भारतको अन्तरीप; दुर्गा; कुमारी ।

कन्याकेटी–( ना० ) बिहे नभएकी केटी ।

कन्याकेटो–( ना० ) बिहे नभएको केटो ।

कन्यादान–(ना०) विवाहमा सङ्कल्प-पूर्वक वरलाई कन्या सुम्पने धार्मिक संस्कार ।

कन्यार्थी–(ना०) केटी माग्ने ।

कप–( ना० ) चिया खाने भाँडो; शिल्ड ।

कपट–(ना०) छल; धोका; प्रपञ्च ।

कपटी–( वि० ) कपट गर्ने; धोखा दिने ।

कपडा–( ना० ) लुगा; धागोद्वारा बुनिएको वस्तु ।

कपरदार–(ना०) राजदरबारको एक कर्मचारी ।

कपर्दी–( ना० ) दौंतर साथी मिली खेलिने प्रसिद्ध एक नेपाली खेल । (वि०) जटाधारी ।

कपाकप–(क्रि० यो०) धमाधम खाने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कपाल**–(ना०) टाउको; शिरको रौं; केश ।

**कपाली**–(ना०) धितो नलिई दिइने ऋणको तमसुक ।

**कपास**–(ना०) एक जातको वृक्ष र त्यसैको भुवा; रुवा; रुई ।

**कपि**–(ना०) बाँदर; वानर ।

**कपिल**–(ना०) साङ्ख्य दर्शनका प्रवर्तक एक प्रसिद्ध ऋषि ।

**कपूत**–(ना०) आचरणहीन छोरो; कुपुत्र ।

**कपूर**–(ना०) एक प्रकारको वृक्ष र त्यसैको चोबबाट बन्ने द्रव्य ।

**कपोत**–(ना०) परेवा ।

**कपोल**–(ना०) गुलाफी गाला ।

**कपोल-कल्पना**–(ना०) मनगढन्त कुरो ।

**कप्टेरो**–(ना०) दाउरा, बाँस इत्यादिको फग्लेंटो ।

**कप्तान**–(ना०) एक फौजी दर्जा ।

**कप्नु**–(स० क्रि०) काठ, ढुङ्गा, ईंट र धातुमा बुट्टा भर्नु ।

**कप्लक्क**–(क्रि० यो०) एकै चोटि खाने किसिम ।

**कफ**–(ना०) खकार; थूक ।

**कफल्ल**–(वि०) खल्लो; रद्दी; कमसल ।

**कफी**–(ना०) चियाजस्तै एक पदार्थ ।

**कबुल्नु**–(स० क्रि०) कबूल गर्नु; प्रतिज्ञा गर्नु; मन्जूर गर्नु ।

**कबूल**–(ना०) प्रतिज्ञा; स्वीकृति ।

**कबूलियत**–(ना०) कबूल गरी लेखिएको कागत; प्रतिज्ञापत्र ।

**कब्जा**–(ना०) काबू; वश; ढोकाको चौकोसमा जोडिने फ… आदिको साधन ।

**कब्जियत**–(ना०) दिसा रोकि… गोटा पर्नु ।

**कम**–(वि०) थोरै; अल्प ।

**कमजोर**–(वि०) निर्धो, दुर्बल ।

**कमजोरी**–(ना०) निर्धोपना; …लता ।

**कमण्डलु**–(ना०) साधुहरूको पात्र ।

**कमनीय**–(वि०) अति … सुन्दर; कामना गर्न योग्य ।

**कमनीयता**–(ना०) सुन्दरता, …यता ।

**कमर**–(ना०) शरीरको … भाग; कटि ।

**कमरपेटी**–(ना०) कमरमा …

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फित्ता; पेटी; कमरबन्दी ।

**कमरबन्दी**–( ना० ) कमरमा बाँध्ने पटुका; कमरपेटी ।

**कमल**–(ना०) पानीमा उम्रेर फुल्ने एक प्रकारको फूल; पद्म ।

**कमलगट्टा**–(ना०) कमलको फल वा गेडा ।

**कमलनयन**–( वि० ) कमलदल जस्ता आँखा भएका ।

**कमलपित्त**–( ना० ) शरीर पहेंलिने एक प्रकारको पित्त रोग ।

**कमला**–(ना०) लक्ष्मी; सम्पत्ति ।

**कमलो**–(वि०) नरम; कलिलो ।

**कमसल**–( वि० ) असल नभएको; नअसल ।

**कमाइ**–( ना० ) आम्दानी; आय; कमाउने वा काम्ने किसिम र काम ।

**कमाउनु**–(स० क्रि०) आम्दानी गर्नु; आर्जनु ।

**कमान**–(ना०) हुकम; फौजी आदेश; चियाबारी ।

**कमानी**–( ना० ) दम दिइने साधन; यान्त्रिक पुर्जा ।

**कमानीदार**–(वि०) कमानी भएको ।

**कमान्डर**–( ना० ) सैनिकलाई अनुशासनको आज्ञा दिने फौजी अधिकृत ।

**कमारी**–( ना० ) नोकर्नी; कमराको पोथीरूप ।

**कमारो**–( ना० ) किनेको नोकर; करिया; दास ।

**कमार्तन**–( ना० ) कमाराले खप्नुपर्ने वुहार्तन; कमाराको जीवन ।

**कमाल**–(वि०) अचम्मलाग्दो; अद्भुत ।

**कमिनी**–(ना०) कामीकी पोथी; कामी जातकी आइमाई ।

**कमिलो**–( ना० ) गुलियोभोगी र परिश्रमी सानो कीरा ।

**कमी**–(ना०) कम हुनु; अल्पता ।

**कमीज**–(ना०) एक प्रकारको लुगा ।

**कमेरो**–(ना०) घर पोतिने लेसाइलो सेतो माटो ।

**कमोत**–(वि०) खेती गरेको; कमाइ गरेको ।

**कम्थाला**–( ना० ) काँचो केराउको पिंधेको अचार ।

**कम्ता**–(वि०) थोरै; घटी; कम्ती ।

**कम्ती**–(वि०) थोरै; घटी; कम्ता ।

**कम्प**–(ना०) काँप्नु; कम्पन ।

**कम्पन**–(ना०) काँप्नु; कम्प ।

**कम्पनी**–(ना०) व्यापारिक सङ्गठन; भारतीय रुपियाँ; सैनिक विभाग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कम्पाउन्ड**–(ना०) गिर्दा; क्याम्प ।

**कम्पाउन्डर**–(ना०) डाक्टरको निर्देशनमा औषधीको काम गर्ने सहायक कर्मचारी ।

**कम्पास**–(ना०) दिशा छुट्ट्याउने यन्त्र; दिग्दर्शक यन्त्र ।

**कम्पु**–(ना०) सिपाही; फौजी विभाग ।

**कम्पुकोत**–(ना०) असवावखाना ।

**कम्पोज**–(ना०) छाप्ने अक्षर मिलाउनु ।

**कम्बल**–(ना०) राडी-पाखी; काम्लो ।

**कम्यूनिज्म**–(ना०) मार्क्सद्वारा प्रतिपादित आर्थिक-राजनीतिक सिद्धान्त; साम्यवाद ।

**कम्यूनिस्ट**–(वि०) साम्यवादी सिद्धान्तको अनुयायी ।

**कम्लाइ**–(ना०) कम्लाउने किसिम वा काम ।

**कम्लाउनु**–(स० क्रि०) पेट बोकाउनु; मैथुन गर्नु । (अ० क्रि०) पेट वोक्नु ।

**कर**–(ना०) सरकारलाई बुझाइने रकम; मालपोत; हात; जबर्जस्ती; हात्तीको सूँड; प्रत्ययको एक रूप, जस्तो–पानीकर; बत्तीकर आदि ।

**करकर**–(क्रि० यो०) कचकच; फतफत ।

**करकरे**–(वि०) करकर गर्ने; कच-कचे; फतफते ।

**करकाप**–(ना०) बलजफती; जबर्जस्ती ।

**करक्क**–(क्रि० यो०) दह्रो व[स्तु] भाँचिदा आवाज आउने किसिम ।

**करङ**–(ना०) धडनसाबाट छाती[मा] जोडिने घुमेका लामा हाड ।

**करङ्ग**–(ना०) एक प्रकारको मा[छा]... सानो ओह्यान ।

**करछुली**–(ना०) घिउ छिक्ने सा[नो] डाडु ।

**करण**–(ना०) व्याकरणमा स्वी[कार] जनाउने अंश; काम गर्नु; इन्द्रि[य]

**करणी**–(ना०) बलात्कार; अनु[चित] सम्भोग ।

**करणीय**–(वि०) गर्न योग्य; गर्नु[पर्ने]

**करतल**–(ना०) हत्केलो ।

**करतल-ध्वनि**–(ना०) थपडी; ता[ली]

**करताली**–(ना०) कीर्तन-भज[नमा] बजाइने काठको बाजा; थपडी ।

**करतूत**–(ना०) खराब काम ।

**करनाल**–(ना०) फुकेर बजाइने किसिमको ठूलो लामो बाजा ।

**करनी**–(ना०) करणी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



करबल–( ना० ) जबर्जस्ती; जोड; सास्ती ।

कराँत–(ना०) बल; शक्ति ।

कराँतिलो–( वि० ) बलियो; दह्रो; दर्बिलो ।

कराँसो–( ना० ) घरको वरिपरि छानाले ओतिनेजति ठाउँ ।

कराइ–( ना० ) कराउने किसिम वा काम ।

कराउनु–( अ० क्रि० ) ठूलो स्वरले बोल्नु ।

करामत–(ना०) अनौठो काम; चमत्कार ।

करार–( ना० ) प्रतिज्ञा; ठेक्का ।

कराही–(ना०) फराकिलो मुखको र कडावाल पकाउने भाँडो; एक प्रकारको वृक्ष ।

करिया–( ना० ) किनेको दास, कमारो ।

करीब–( क्रि० यो० ) लगभग; पुगनपुग; झण्डै ।

करु–(ना०) जौजस्तो लेकाली अन्न ।

करुण–( ना० ) करुणा; दया; भगवान् ।

करुणा–(ना०) दया; माया ।

करुवा–(ना०) टुटी भएको पानीको भाँडो; दुई वा तीनखुट्टे कीला ।

करेटो–( वि० ) करेट्ने स्वभावको; अर्कालाई मर्का पार्ने; वेमेलको ।

करेट्नु–( स० क्रि० ) करौंतीले झैं रेट्नु; अर्कालाई मर्का पार्नु ।

करेन्ट–( ना० ) बिजुलीको प्रवाह वा तरङ्ग; प्रवाह; धारा ।

करेप्नु–( स० क्रि० ) हलचल गर्न नसक्ने गरी अँठ्याउनु; करकाप गर्नु ।

करेली–( ना० ) घोडाको टाउकोमा लाउने साज; लगाम ।

करेलो–( ना० ) एक प्रकारको तरकारी ।

करेसो–(ना०) कराँसो ।

करोड–(वि०) सय लाखको सङ्ख्या ।

करोडपति–( ना० ) करोड रुपियाँको मालिक ।

करौंती–( ना० ) रेतेर काठ चिर्ने हतियार; सानो आरा ।

करौंते–( ना० ) पानीढूबो; एक जातको बाँस ।

कर्कटपाता–( ना० ) टिनको पाता; जस्तापाता ।

कर्कनु– ( अ० क्रि० ) नदेखेझैं गरी अन्त; फर्कनु; कर्के हुनु; टेढिनु; मन्टो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फर्काउनु ।

**कर्कलो**–(ना०) लामा, ठूला पात हुने तरकारीविशेष; पिँडालुको बोट र पात ।

**कर्कश**–(वि०) कडा; खस्रो ।

**कर्कशा**–( वि० ) करकरे स्वभावकी (आइमाई) ।

**कर्काइ**–( ना० ) कर्कने किसिम वा काम ।

**कर्काउली**–( ना० ) घिउ-तेल झिक्ने सानो डाडु; करछुली ।

**कर्किनु**–( अ० क्रि० ) कर्के होइनु; कर्कनु ।

**कर्के**–(वि०) छड्के; टेढो; बाङ्गो ।

**कर्कोटक**–( ना० ) पुराणप्रसिद्ध एक नाग ।

**कर्खा**–( ना० ) वीर-प्रशंसामा गाइने विशेष किसिमको गीत ।

**कर्जा**–(ना०) रिन; सापट; पैंचो ।

**कर्ण**–(ना०) कान; नाउको पतवार; महाभारतकालीन एक प्रसिद्ध वीर । (वि०) महादानी ।

**कर्णकटु**–(वि०) सुन्नमा कठोर ।

**कर्णफूल**–(ना०) कानमा लगाउने फूल-जस्तो गहना ।

**कर्णेल**–(ना०) एक फौजी दर्जा ।

**कर्तन**–(ना०) काटछाँट गर्नु ।

**कर्तनी**–(ना०) कैंची; चक्कू; छुरा ।

**कर्तरी**–(ना०) कर्तनी ।

**कर्तव्य**–( ना० ) गर्नुपर्ने काम; गर्न-योग्य काम; निश्चित कार्य; अभि-भारा; करतूत (टुना, मोहनी इत्यादि) ।

**कर्तव्यपरायण**–(वि०) आफ्नो कर्तव्य वा काम राम्ररी पूरा गर्ने ।

**कर्तव्यपालन**–( ना० ) कर्तव्य पूरा गर्नु ।

**कर्ता**–(वि०) गर्ने; बनाउने । (ना०) व्याकरणमा प्रथम कारक; ईश्वर; ब्रह्मा ।

**कर्ताधर्ता**–(वि०) सर्वेसर्वा ।

**कर्तृवाच्य**–(ना०) व्याकरणमा कर्ता मुख्य हुने क्रिया ।

**कर्द**–(ना०) सानो खुकुरी; नदोब्रिने खालको चक्कू ।

**कर्नाली**–( ना० ) नेपालको पश्चिम भागमा बग्ने प्रसिद्ध नदी ।

**कर्नेल**–(ना०) कर्णेल ।

**कर्म**–(ना०) काम; कृत्य; प्रारब्ध; धार्मिक संस्कार; व्याकरणमा दोस्रो कारक ।

**कर्मकाण्ड**–( ना० ) गृहस्थीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नित्य कार्य; वेदको एक खण्ड ।

**कर्मचण्डाल**-( ना० ) तुच्छ काम गर्ने व्यक्ति ।

**कर्मचारी**-(ना०) काम गर्ने व्यक्ति; कामदार ।

**कर्मठ**-( वि० ) काम नठग्ने, कर्मनिष्ठ ।

**कर्मनिष्ठ**-(वि०) धार्मिक कर्म गर्ने; राम्रो काम गर्ने; कर्मठ ।

**कर्मवाच्य**-( ना० ) व्याकरणमा कर्म मुख्य हुने क्रिया ।

**कर्मवाद**-(ना०) कर्ममा विश्वास गर्ने सिद्धान्त; भाग्यवाद ।

**कर्मवादी**-( वि० ) कर्मवादको अनुयायी; भाग्यवादी ।

**कर्मी**-(वि०) काम गर्ने; कर्मनिष्ठ; कालिगड; सिकर्मी; डकर्मी ।

**कर्मेन्द्रिय**-( ना० ) हात, गोडा, जिभ्रो, गुदद्वार, लिङ्ग— यी पांच इन्द्रिय ।

**कर्‍याँसो**-(ना०) कराँसो ।

**कर्‍याङकुरुङ**-(ना०) कुनै अङ्ग हांसको र कुनै अङ्ग कुखुराको जस्तो भएको, आकाशमा ताँती लागेर उड्ने एक जातको पक्षी ।

**कल**-( ना० ) यन्त्र; कलह; मन; नबुझिने मधुरो वा सुरिलो शब्द ।

**कलकल**-(ना०) धेरैको बोली मिसिएको अस्पष्ट गुञ्जन, पानी बग्दाको मीठो शब्द ।

**कलकलाइ**-( ना० ) कलकल आवाज आउने किसिम वा क्रिया ।

**कलकलाउँदो**-(वि०) नछिप्पिएको; कलिलो; कलकल शब्द गर्ने ।

**कलघर**-(ना०) कल राखिएको घर; यन्त्रशाला ।

**कलङ्क**-(ना०) दाग; दोष; खिया ।

**कलङ्कित**-(वि०) कलङ्क लागेको ।

**कलङ्की**-(ना०) कलङ्क भएको; दोषी; कल्की अवतार ।

**कलचौंडो**-(वि०) कालो वर्णको ।

**कलप**-( ना० ) कपाल, जुंगा आदि कालो पार्ने औषधी; खिजाब; कपडा दरो पार्न लाइने माड ।

**कलबिख**-(ना०) असाध्य तीतो ।

**कलम**-( ना०) लेख्ने साधन; महल; निगालो; हाँगाहरू छाँट्ने र सार्ने काम ।

**कलमदान**-( ना० ) कलम राख्ने भाँडो ।

**कलमी**-( वि० ) कलम गरी सारिएको ।

**कलमुखा**-( वि० ) कालो अनुहार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएको; अँध्यारमुखे ।

**कलवार**–(ना०) नेपालको तराईमा रहने एक जाति ।

**कलश**–( ना० ) घडा; मन्दिरको गजूर ।

**कलस्यौली**–( ना० ) बिहेमा कलश बोक्ने आइमाई ।

**कलह**–( ना० ) कल; झगडा; भनाभन ।

**कलाँट**–(ना०) एक प्रकारको बाजा ।

**कला**–( ना० ) कुनै काम राम्रोसित गर्ने कुशलता; सीप; ढङ्ग; साहित्य, सङ्गीत, चित्र, मूर्ति आदि विद्या ।

**कलाकार**–(वि०) कलापूर्ण काम गर्ने; कलामा पोख्त ।

**कला-कौशल**–(ना०) शिल्प; सीप; कलामा निपुणता ।

**कलि**–(ना०) सत्य, त्रेता, द्वापरपछिको पछिल्लो युग; वर्तमान युग; झगडा; पाप; सङ्ग्राम ।

**कलियो**–( ना० ) विवाह-सम्बन्ध निश्चित गर्दा वर वा वधूपक्षबाट दिइने कोसेली ।

**कलिलो**–( वि० ) नरम; कमलो; कोमल ।

**कलेजी**–( वि० ) कलेजोजस्तै (रङ्ग) ।

**कलेजो**–( ना० ) फोक्सोमनि रहे शरीरको एक भाग; यकृत् ।

**कलेरा**–( ना० ) हैजा; झाडावान्ता

**कल्की**–(ना०) श्रीपेचमा रहने प्वाँ चराका टाउकाको सिउर ।

**कल्चौंडो**–( ना० ) पशुको दुध भाग; थुन झुन्डिने अङ्ग ।

**कल्छे**–( ना० ) एक जातको चाँ एक किसिमको तरुल ।

**कल्प**–(ना०) विधि; विधान; वे छ अङ्गमध्ये एक अङ्ग; सम लामो अवधि ।

**कल्पना**–(ना०) नयाँ विचार; कुराको तर्कना; मौलिक चिन सिर्जना ।

**कल्पनु**–( अ० क्रि० ) औधी चा लोभिनु ।

**कल्पाइ**–(ना०) कल्पने वा कल किसिम र काम ।

**कल्याङकुलुङ**–(क्रि० यो०) धेरै बोल्दा गानगुन शब्द आउने कि खल्याङबल्याङ ।

**कल्याण**–( ना० ) भलो; हित राग ।

**कल्याणकारी**–(वि०) कल्याण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भलाइ गर्ने ।

**कल्याहा**–( वि० ) कलह गर्ने; झगडालु; रुन्चे ।

**कल्लिया**–( ना० ) केटी माग्न जाने व्यक्ति; लमी ।

**कल्ली**–(ना०) स्त्रीले गोडामा लाउने गहनु; परालको मूठो; दौराको फेर ।

**कवच**–( ना० ) लडाइँमा लगाइने फलामे भोटो; आवरण; शरीररक्षाका निम्ति पाठ गरिने मन्त्र; मुलुकीखाना अड्डाबाट दिइने रसीद ।

**कवयित्री**–(ना०) स्त्री कवि ।

**कवर्ग**–( ना० ) क, ख, ग, घ, ङ अक्षर ।

**कवल**–(ना०) थामका बीचको पसल आदि राख्न हुने तल्लो कोठा ।

**कवाज**–(ना०) फौजले नियमित गर्ने अभ्यास; फौजी तालीम ।

**कवि**–(ना०) कविता र काव्य रच्ने व्यक्ति; पण्डित; विद्वान् ।

**कविकेशरी**–(ना०) कविहरूलाई दिइने नेपालको एक राष्ट्रिय पदवी ।

**कविता**–(ना०) मनलाई प्रभावित पार्ने रमणीय वर्णन; जीवनको सङ्गति-विसङ्गति वर्णन गर्ने माध्यम, काव्य; पद्य ।

**कविराज**–( ना० ) उच्च वैद्य वा निजको उपाधि ।

**कविशिरोमणि**–(ना०) विशिष्ट कविलाई दिइने नेपालको राष्ट्रिय पदवी ।

**कवीन्द्र**–( ना० ) कविहरूमा श्रेष्ठ; महाकवि ।

**कवैं**–(क्रि० यो०) कहिल्यै पनि ।

**कश्मीर**–( ना० ) भारतको उत्तरीय भूभाग ।

**कश्मीरा**–(ना०) विशेष ऊनले बुनेको कपडा ।

**कश्यप**–(ना०) एक प्रसिद्ध ऋषि ।

**कष्ट**–(ना०) पीडा; दुःख; सङ्कट ।

**कस**–(ना०) धूवाँको कसर; दाग; खिया ।

**कसम**–(ना०) किरिया; शपथ ।

**कसर**-( ना० ) कुनै पनि पदार्थमा रहेको फाल्ने वस्तु; कसिङ्गर; थिग्रो ।

**कसरत**–(ना०) शरीर हृष्टपुष्ट पार्ने गरिने अभ्यास; व्यायाम ।

**कसरती**–(वि०) कसरत गर्ने ।

**कसरी**–( क्रि० यो० ) के गरी; कुन प्रकारले ।

**कसाइ**-(ना०) कस्ने किसिम वा काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कसाई**–(ना०) मासु बेच्ने एक जाति। (वि०) घातक; निठुरी।

**कसाकस**–(ना०) धमाधम कस्ने काम; घटाघट।

**कसार**–(ना०) खट्टेको पीठो र खुदो मिलाई बनाएको लड्डू।

**कसिकसाउ**–(ना०) तम्तयार; सजि-सजाउ; कसाकस।

**कसाहा**–(वि०) कस्ने स्वभावको।

**कसिङ्गर**–(वि०) धूलोमूलो; फोहर वस्तु; पात-पतिङ्गर; मन नपरेको मानिस।

**कसिनु**–(अ० क्रि०) तम्सिनु; आँट्नु; ठाँट पार्नु; बाँधिनु।

**कसिलो**–(वि०) कसिएको; गठिलो।

**कसी**–(ना०) कसौटी; सुन-चाँदी जाँच्ने ढुङ्गो।

**कसुर**–(ना०) सुपारीजस्तो एक फल।

**कसूर**–(ना०) दोष; भूल; त्रुटि।

**कसूरदार**–(वि०) दोषी; अपराधी।

**कसै**–(क्रि० यो०) कुनै प्रकारले पनि। (सर्वना०) कुनै; कोही।

**कसैलो**–(वि०) टर्रो।

**कसो**–(सर्वना०) क्या हो; कस्तो। (वि० बो०) शङ्का, प्रश्न आदि बुझाउने शब्द।

**कसौंडी**–(ना०) भात पकाउने ढ... वा पित्तलको पेट फुकेको र ... फर्केको भाँडो।

**कसौटी**-(ना०) कसी।

**कस्तरी**–(क्रि० यो०) कसो ग... कसरी।

**कस्तूरी**–(ना०) हिमाली प्रदेशमा ... एक प्रकारको मृग; त्यसैका नाभि... हुने सुगन्धी द्रव्य।

**कस्तै**–(क्रि० यो०) जस्तोसुकै।

**कस्तो**–(वि०) के जस्तो।

**कस्नु**–(स० क्रि०) मस्काउनु; बाँ... कन्जूसी गर्नु।

**कहतारो**–(ना०) माटाको ... आह्री।

**कहनु**–(स० क्रि०) बताउनु; भन्...

**कहर**–(ना०) दुःख; विपद्; हैरा...

**कहलिनु**–(अ० क्रि०) प्रसिद्ध ... नाउँ चल्नु।

**कहाँ**–(क्रि० यो०) कता; ... ठाउँमा।

**कहानी**–(ना०) कथा; किस्... कथानक।

**कहार**–(ना०) डोली, भारी ... बोकेर ज्यान पाल्ने एक जाति।

**कहालिनु**–(अ० क्रि०) कहाली ला...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आत्तिनु; डराउनु ।

**कहाली**–(ना०) अग्लो ठाउँबाट तल हेर्दा लाग्ने रिंगटा वा अत्यास ।

**कहिले**–(क्रि० यो०) कुन समयमा; कुन बेला ।

**कहिलेकाहीं**–(क्रि० यो०) कुनै-कुनै समयमा; आकलझुकल ।

**कहिल्यै**–(क्रि० यो०) कहिले पनि ।

**कहीं**–(क्रि० यो०) कतै; कुनै ठाउँमा ।

**का**–(विभ०) षष्ठी विभक्ति 'को'-को आदरार्थी र बहुवचन जनाउने रूप ।

**काँक्री**–(ना०) सानो काँक्रो ।

**काँक्रीबीयाँ**–(ना०) काँक्राका बीयाँ-जस्तो बुट्टा ।

**काँक्रो**–(ना०) एक प्रकारको पन्यालो फल ।

**काँच**–(ना०) ऐना; शीशा ।

**काँचुली**–(ना०) सर्प आदिको सालै-पिच्छे फेरिने बाहिरी पातलो खोल ।

**काँचो**–(वि०) नपाकेको; अपरि-पक्व ।

**काँचो-पात**–(ना०) एक जातको सुर्ती ।

**काँजो**–(ना०) हतियारको बींडमा लगाइने धातुको मुन्द्रीजस्तो वस्तु ।

**काँट**–(ना०) छाँट; ढाँचा; समा-नता; औकात ।

**काँटा**–(ना०) तुलो; तराजु; एक किसिमको काँढादार चम्चा; आइ-माईको कपाल अड्याउने सेप्टी; पानीमा खसेको माल झिक्ने यन्त्र ।

**काँठ**–(ना०) शहर वरपरको गाउँ; कछाड; देहात ।

**काँठे**–(वि०) काँठमा बस्ने; सभ्यता नभएको ।

**काँठो**–(ना०) दाल-भात पकाउने भाँडामा टाँसिने फीँजको लेउ ।

**काँठोभोटो**–(ना०) न्वारनका दिन नानीलाई लाइदिने भोटो र जन्तर ।

**काँड**–(ना०) तीर; बाण ।

**काँडा**–(ना०) औषधीको अनुपातमा पकाइने झोल; मिस्री आदि पकाइ-एको पानी ।

**काँढावाल**–(वि०) काँढे ।

**काँढे**–(वि०) काँढा भएको; काँढा-वाल ।

**काँढो**–(ना०) तीखो टुप्पो भएको घोच्ने वस्तु; बाधा; साल ।

**काँध**–(ना०) कुम र गर्धनका माझको भाग ।

**काँधे**–(वि०) काँध थाप्ने; कँध्याहा ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



काँप्नु–(अ० क्रि०) हल्लनु; काम्नु ।
काँश- (ना०) सेतो फूल फुल्ने छार ।
काँस–(ना०) तामो र राङ मिसाई बनाएको धातु ।
काँसे–(वि०) काँसको ।
काइँकुइँ-( क्रि० यो० ) आनेकाने; नाइँनास्ति; चुँक्क ।
काइँयो–(ना०) काङ्गियो ।
काइते–(ना०) कागजपत्र लेख्ने एक जाति; लेखनदास ।
काइदा–(ना०) ढाँचा; रीत; किसिम ।
काइना–(ना०) बोट-वृक्षका भर्खर पलाएका मुना वा पात ।
काई–(ना०) ऊयाउ; लेउ; कस ।
काउकुती–( ना० ) शरीरमा अनुभव हुने सगसगी; कुतकुती ।
काउछो–( ना० ) शरीरमा लाग्दा चिलाउने एक प्रकारको छार ।
काउली–(ना०) कोबी; फूलकोबी ।
काकताली–(ना०) सन्जोग; एक्कासि मिल्ने घटना ।
काकपाते–(ना०) अक्षर छुटी थपेका ठाउँमा दिइने चिह्न (^) ।
काका–(ना०) बाबुका दाजुभाइ ।
काकाकुल–( ना० ) जमीनको पानी नखाने एक किसिमको चरा ।
काकी–(ना०) काकाकी स्त्री ।
काकुल–(ना०) पछाडि छाँटी अगाडि पालेको कपाल ।
काख–(ना०) पलेँटी मार्दाको भाग; तिघ्राको अघिल्लो फेरो ।
काखी–(ना०) कुममनिको खोपिल्टो भाग ।
काखे–(वि०) काखमा ठिक्क हुने वा काखमा मात्र बस्न खोज्ने ।
काग–(ना०) कौवा; शीशीमा लगाइने नरम काठको बिर्को ।
कागखुट्टे–( वि० ) सिकटे; खीना खुट्टा हुने ।
कागजात–( ना० ) कागतपत्रको समूह ।
कागत–( ना० ) विभिन्न वस्तुको मिश्रणबाट बनेको लेखिने वा छापिने साधन; कागत ।
कागतपत्र–(ना०) कागतहरूको थुप्रो ।
कागतिहार–( ना० ) कार्तिक कृष्ण त्रयोदशीको दिन ।
कागती–(ना०) अमिलो रस हुने एक गुणी फल ।
कागे–(ना०) भेडाको एक जात ।
कागेठेकी–(ना०) बिहेमा दुलहापट्टि बाट दुलहीकहाँ लैजाने दहीको ठेकी;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



साइपाटा ।

काङ्गियो–(ना०) कपाल कोर्ने साधन; एक प्रकारको रूख ।

काछ–( ना० ) तिघ्रा र भुँडीको जोर्नी ।

काज–(ना०) काम; कार्य ।

काज-किरिया–(ना०) मरेको तेह्र-दिनभित्र गरिने अन्त्येष्टि क्रिया ।

काजी–( ना० ) विशिष्ट निजामती कर्मचारी; क्षत्रीलाई प्रयोग गरिने आदरार्थी शब्द ।

काजू–(ना०) सेतो गेडा हुने बदाम-जस्तो एक फल ।

काटकुट–(ना०) काटेर ससाना टुक्रा पार्ने काम ।

काटमार–(ना०) काट्ने र मार्ने काम; काटाकाट ।

काटाकाट–( ना० ) मारामार; ठूलो शत्रुता ।

काटिनु–( स० क्रि० ) काट्ने काम गरिनु; टुक्र्याइनु ।

काटीकुटी–(ना०) उस्तै; दुरुस्त ।

काटोछिनु–(ना०) कटाच्छे; काटा-काट ।

काट्टे–(वि०) काट्टो खाने (मान्छे) ।

काट्टो–(ना०) मरेको एघारौं दिनमा गरिने श्राद्धको दान र त्यसमा खाइने अन्न ।

काट्नु–( स० क्रि० ) हतियारले कुनै वस्तुलाई छुट्ट्याउनु; केर्नु; गुजार्नु; नाघ्नु; खण्डन गर्नु ।

काठ–(ना०) रूख र लहराका बोक्रा-भित्रको साह्रो भाग; दारु; छिप्पिएका मूला आदिको गुदीमा उब्जने साह्रो जालो ।

काठगोदाम–(ना०) काठ जम्मा गर्ने अड्डा ।

काठपात–( ना० ) काठको समूह; काठहरू; काठ र पात ।

काठमाडौं–(ना०) नेपाल अधिराज्यको राजधानी; काष्ठमण्डप; कान्तिपुर।

काठिनु–( अ० क्रि० ) अरट्ठिनु; कठाङ्ग्रिनु ।

काठी–( ना० ) सवारीमा कसिने आसन; काठाको स्त्रीलिङ्ग ।

काठे–(वि०) भित्र काठ भएको वा काठ पसेको ।

काढ्नु–(स० क्रि०) कोरल्नु; भन्नु; हट्कनु; उखेल्नु; फिक्नु ।

काण्ड–( ना० ) हाँगा; प्रकरण; घटना ।

कातर–(वि०) आँट नभएको; धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



डराउने; डरछेरुवा ।

**काती**–( ना० ) तेलको थिग्रेनी । (वि०) ज्यादै मैलो ।

**कात्तिक**–( ना० ) नेपाली सातौं महीना; कार्तिक ।

**कात्तिके**–(वि०) कार्त्तिकको; कात्तिकमा पर्ने वा हुने ।

**कात्नु**–(स० क्रि०) धागो वा बत्ती बनाउनु ।

**कात्रो**–(ना०) मुर्दा ढाक्ने कपडा ।

**कादम्बिनी**–(ना०) बादलको पङ्क्ति; मेघमाला ।

**कान**–(ना०) शरीरको सुन्ने इन्द्रिय; कर्ण ।

**कानकटुवा**–(वि०) कान काटिएको अथवा चिरिएको ।

**कानाकौडी**–(ना०) एक पैसा (नहुनुको अर्थमा) ।

**कानून**–(ना०) शान्ति र व्यवस्था कायम राख्ने नियम; ऐनको समूह ।

**कानूनी**–(वि०) कानूनसम्बन्धी ।

**कानेकाने-पिच्च**–(ना०) बालकहरूको एक प्रकारको खेल ।

**कानेकोर्सि**–(क्रि० यो०) चार रातपछि आउने दिन; निपर्सिको भोलिपल्ट ।

**कानेखुसी**–(ना०) अरूले नसुन्ने गरी गरिएको कुरा; साउती ।

**कानेगुजी**–( ना० ) कानभित्र जमे मयल ।

**कानेटोपी**–(ना०) कान ढाक्ने तु वाल टोपी ।

**कानो**–( वि० ) एकआँखे; एउ आँखाले मात्र देख्ने ।

**कान्छी**–( वि० ) सबैभन्दा पछि जन्मेकी ।

**कान्छो**–(ना०) सबैभन्दा पछि जन्मे कम उमेरको ।

**कान्तिपुर**–(ना०) काठमाडौं ।

**कान्दानी** (ना०) आकारको म ( ा ) ।

**कान्लो**–(ना०) खेत-बारीको डील ।

**काप**–(ना०) कापो; अन्तर ।

**कापालिक**–(ना०) अघोर सम्प्रदा एक उपसम्प्रदाय ।

**कापाली**–(वि०) कापालिक सम्प्र को अनुयायी ।

**कापी**–(ना०) प्रति; अभ्यास लि प्रतिलिपि; उतार ।

**कापे**–(वि०) कापो भएको वा प

**कापो**–(ना०) काप ।

**काफल**-(ना०) एक लेकाली फ

**काफलचरी**–( ना० ) काफल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मौसममा कराउने चरो ।
**काश्रो**–(ना०) औषधीको लागि काम लाग्ने एक वृक्ष ।
**काम**–(ना०) कर्म; कार्य; कम्प; भोगको इच्छा ।
**कामकाज**–(ना०) काम; इलम; रोजगार ।
**कामचलाउ**–(वि०) जिनतिन काम-सम्म चल्ने ।
**कामचोर**–(वि०) काम छल्ने वा ठग्ने; अल्सी ।
**कामजरो**–(ना०) औलको जरो ।
**कामदार**–(ना०) काम गर्ने व्यक्ति; कर्मचारी; मजदूर ।
**कामदेव**–(ना०) वासना र प्रेमका देवता; वासनाको वेग ।
**कामधेनु**–(ना०) स्वर्गकी गाई । (वि०) चाहेको वस्तु दिन सक्ने ।
**कामना**–(ना०) इच्छा; मनोरथ ।
**कामशास्त्र**–(ना०) सम्भोग विषयको शास्त्र ।
**कामसूत्र**–(ना०) महर्षि वात्स्यायन-द्वारा रचित काम-शास्त्र ।
**कामातुर**–(वि०) काम-वासनाले व्याकुल ।
**कामिनी**–(ना०) कामवती स्त्री ।
**कामी**–(ना०) फलामको काम गर्ने जाति । (वि०) काम गर्ने; विषय-लम्पट; कामुक ।
**कामुक**–(वि०) बढी सम्भोगको इच्छा राख्ने ।
**काम्रो**–(ना०) हातगोडा भाँचिदा र मर्किंदा सोझो पार्न बाँधिने पट्टी-सहितको आडा; पीङमा राखिने आसन ।
**काम्लो**–(ना०) राडी; पाखी; मोटो ऊनी कपडा ।
**काय**–(ना०) शरीर; जीउ ।
**कायदा**–(ना०) तरीका; नियम; रीति ।
**कायम**–(वि०) स्थिर; स्थायी; साबित ।
**कायममुकायम**–(वि०) मुख्य कर्म-चारी नहुँदा सो पदमा काम चलाउन नियुक्त हुने ।
**कायर**–(वि०) कातर ।
**कायल**–(वि०) साबित; लाचार ।
**कायलनामा**–(ना०) साबिती कागत ।
**कायस्थ**–(ना०) काइते जातिविशेष ।
**काया**–(ना०) काय ।
**कायापलट**–(ना०) भारी हेरफेर ।
**कार**–(ना०) सवारीको साधन; मोटर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कारक–( ना० ) व्याकरणमा कर्ता, कर्म आदिको सगोल नाम ।

कारकेर–(ना०) सोधपूछ गर्ने काम; केरकार ।

कारखाना–(ना०) यन्त्रद्वारा काम हुने ठूलो ठाउँ; कार्यालय ।

कारचोब–(ना०) जरी भरिएको ।

कारण–( ना० ) निमित्त; प्रयोजन; हेतु ।

कारणी–( वि० ) मुख्य; प्रधान; अगुवा ।

कारतूस–(ना०) टोटा ।

कारबार–(ना०) कामकाज; लेनदेन; व्यापार ।

कारवाई–(ना०) काम; कृत्य; कारबार; व्यवहार ।

कारा–(ना०) बन्धन; झ्यालखाना ।

कारागार–(ना०) झ्यालखाना ।

कारागृह–(ना०) कारागार ।

कारिन्दा–(ना०) तल्लो कर्मचारीको समूह; स्रेस्ताको काम गर्ने व्यक्ति ।

कारीगर–(ना०) शिल्पी; कालिगड ।

कार्चोप–(ना०) कपडामा धागो वा जरीद्वारा भरिएको बुट्टा ।

कार्चोपी–(वि०) कार्चोप भरिएको ।

कार्जे–(ना०) कार्य; विशेष धार्मिक काम ।

कार्टून–(ना०) व्यङ्ग्य चित्र ।

कार्त्तिक–( ना० ) विक्रमी संवत्‌को सातौं महीना; कात्तिक ।

कार्य–(ना०) काम; काज ।

कार्यकर्ता–(ना०) काम गर्ने ।

कार्यालय–( ना० ) कुनै काम गर्ने स्थान ।

काल–(ना०) समय; मृत्यु; मौका ।

कालकूट–(ना०) कडा विष ।

कालकोठरी–(ना०) भयानक अपराधीलाई थुनिने अँध्यारो साँघुरो कोठा ।

कालगति–( ना० ) समयको गति; मृत्युको पाइला ।

कालरात्रि–(ना०) दसैंको महाष्टमीको रात; त्यो रात गरिने देवीको पूजा ।

कालान्तर–( ना० ) धेरै समयपछि वा पछि; कुनै बेला ।

कालापानी–( ना० ) कालो पानी; त्यस्तो पानी भएको ठाउँ ।

कालिका–(ना०) कालस्वरूप देवकी शक्ति; काली ।

कालिगड–(ना०) कारीगर ।

कालिज–(ना०) कुखुराजस्तो चरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कालिदास**–(ना०) संस्कृत साहित्यका महाकवि ।

**कालिमा**–(ना०) कालोपन; कालो भाव; दाग ।

**काली**–(ना०) चण्डी; दुर्गा । (वि०) कालो रङ भएकी; कालोको पोथी-रूप ।

**कालीआँप**-( ना० ) एक प्रसिद्ध आँप ।

**कालीज्यामीर**–(ना०) एक किसिमको अमिलो ज्यामीर ।

**कालीमाटी**–(ना०) मल हाल्न र ईंट बनाउन प्रयोग हुने कालो माटो ।

**कालू**–( ना० ) माया गर्दा कालो मानिसलाई गरिने सम्बोधन ।

**काले**–(ना०) हेला गर्दा कालो मानिसलाई गरिने सम्बोधन ।

**कालो**–( वि० ) अँध्यारो रङको; अँगारजस्तो ।

**कालोबजार**-( ना० ) लुकीछिपी वा चोरी गरी भाउ घटबढ पारेर व्यापार गर्ने काम वा ठाउँ ।

**काशी**–(ना०) भारतको एक प्रसिद्ध तीर्थस्थान । ( वि० ) उज्यालो; राम्रो ।

**काष्ठमण्डप**–(ना०) काठमाड़ौं ।

**काहिली**–(वि०) जन्मक्रमले चौथी; काहिलाकी स्त्री ।

**काहिलो**–( वि० ) जन्मक्रमले चौथो; साहिलोभन्दा पछिको ।

**कि**–(संयो०) वाक्यलाई जोड्ने शब्द; वा।

**किंकर्तव्यविमूढ**–(वि०) के गरूँ, के गरूँ भएको; बिलखबन्द परेको ।

**किंवदन्ती**–( ना० ) परम्परादेखि चलेको कुरा; जनश्रुति ।

**किक्क**–(क्रि० यो०) बाडुली लाग्दा वा सास रोकिंदा आवाज निस्कने किसिम; हिक्क ।

**किचकन्नी**–(ना०) स्त्री प्रेतात्मा ।

**किचकाच**–( ना० ) किच्ने र थिच्ने काम; किचमिच ।

**किचकिच**–(ना०) कचकच; गनगन; घिडघिड ।

**किचाकिच**–( ना० ) एक-अर्कामा किच्ने काम ।

**किचाघान**–( ना० ) धेरै जना एकै ठाउँमा थिचिने काम ।

**किच्च**-( क्रि० यो० ) दाँत देखाएर हाँस्ने किसिम ।

**किटाइ**–( ना० ) किट्ने किसिम वा काम ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किटान–(ना०) तोक्नु; निधो गर्नु ।
किट्वा–(वि०) किट्ने; किटिएको ।
किट्नु–( स० क्रि० ) तोक्नु; रिसले दाँत बजाउनु ।
किताप–(ना०) किताब ।
किताब–(ना०) पुस्तक; ग्रन्थ; बही ।
किताबखाना–( ना० ) किताब राख्ने ठाउँ; एक अड्डा ।
किताबी–(वि०) किताबको; किताब सम्बन्धी ।
कित्ता–(ना०) स्तर; श्रेणी; किसिम; खण्ड; स्थान ।
किन–(क्रि० यो०) के कारणले ।
किनबेच–(ना०) खरिद-बिक्री ।
किनभने–(संयो०) कारण के त भने ।
किनमेल–(ना०) किन्ने काम ।
किनार–(ना०) छेउ; किनारा ।
किनारा–(ना०) नदीको तट; धोती आदिको फेर; टुङ्गो ।
किन्तु–(संयो०) तर; परन्तु ।
किन्नर–(ना०) नृत्य- सङ्गीतकलामा निपुण एक जाति ।
किन्नरी–(ना०) किन्नर स्त्री ।
किन्नु–( स० क्रि० ) खरीद गर्नु; बेसाउनु ।
किपट–( ना० ) सरकारद्वारा बिर्ता दिइएको एक किसिमको पाखो ज... कम्ती उब्जा हुने जग्गा ।
किफायत–(ना०) मितव्यय; फा...
किफायती–( वि० ) किफायत ... फारो गर्ने ।
किमार्थ–(क्रि० यो०) केही गरे... पटक्क ।
किम्बु–(ने०) पात रेशम कीरा... खुवाइने एक फल ।
किम्मत–(ना०) मूल्य; मोल ।
किम्मती–( वि० ) बढ्ता मोल... बहुमूल्य ।
किरण–(वि०) प्रकाश; तेज; ...
किरन्टोकी–(वि०) कन्जूस; खि...
किरमिर–(क्रि० यो०) गज्या... वा मसिनु हुने किसिम ।
किरमिरे–(वि०) किरमिर भए...
किराँत–( ना० ) पूर्वी नेपाल... प्रदेश ।
किराँती–( वि० ) किराँत ... रहने; किरात-वंशको ।
किरात–(ना०) नेपालको एक ... जाति; पूर्वी नेपालको एक ...
किराना–(ना०) दैनिक चाहि... मसला आदि ।
किराया–(ना०) भाडा; बह...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किरिया–(ना०) शपथ; कसम; मरेको तेह्र दिनसम्म गरिने श्राद्ध आदि कर्म ।

किरीट–(ना०) मुकुट; श्रीपेच ।

किर्कौंलो–(ना०) अन्नको साह्रै सानो दानु वा गेडो ।

किर्नु–(ना०) गाईवस्तुको शरीरमा लाग्ने कीरो ।

किलकिले-(ना०) लिगलिगे; घाँटी ।

किलिप–(ना०) कपाल च्याप्ने गहना; कागत च्याप्ने वस्तु ।

किल्ला–(ना०) सिमाना; गढी; कोट ।

किशमिश–(ना०) सानो जातको बीयाँ नभएको दाख ।

किशोर (ना०) बाल्यावस्था र युवावस्थाका बीचको उमेर; एघारदेखि पन्ध्र वर्षभित्रको केटो । (वि०) त्यो अवस्था वा उमेरको ।

किशोरी–(ना०) किशोरको स्त्रीरूप ।

किश्ती–(ना०) एक किसिमको ठूलो रिकापी ।

किसान–(ना०) खेतीवाल ।

किसानी–(ना०) किसानको काम; खेती ।

किसिम–(ना०) प्रकार; ढाँचा ।

किस्ता–(ना०) महीनावारी; तलब; ऋण वा ठेक्का बुझाइने पटक ।

कीट–(ना०) फलाम पोल्दाको कसर; कीरो ।

कीटपतङ्ग–(ना०) कीरा-फटयाङ्ग्रा ।

कीप–(ना०) तीतो-अमिलो स्वादको फलविशेष ।

कीमत–(ना०) किम्मत ।

कीमती–(वि०) किम्मती ।

कीरो–(ना०) ससानो प्राणी; चितुवा ।

कीर्तन–(ना०) ईश्वरको गुणगान; भजन ।

कीर्ति–(ना०) ख्याति; प्रसिद्धि ।

कीर्तिमान्–(वि०) कीर्ति भएको ।

कीर्ते–(वि०) बनावटी; जाली; नकली ।

कीलो–(ना०) गाड्न, ठोक्न प्रयोग हुने टुप्पो तीखो भएको फलाम वा काठको डन्डी ।

कु–(उप०) खराब बुझाउने उपसर्ग । जस्तो– कुपुत्र, कुभावना आदि ।

कुँजिनु–(अ० क्रि०) रोग वा बन्धनले चलन-चटपटाउन नसक्नु ।

कुँडार–(ना०) घरवरिपरिको घाँसपात राख्ने सुरक्षित ठाउँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुँडिनु–(अ० क्रि०) अमिलोले दाँतको शक्ति क्षीण हुनु; मन दुख्नु; चिढिनु; हतियारको धार नलाग्नु ।

कुँडे–(ना०) दूध तताउने भाँडो ।

कुँडो–(ना०) गाईवस्तुको खोले ।

कुँवर–(ना०) क्षत्रिय जातको एक उपाधि (थर)।

कुइगन्ध–(ना०) तीखो दुर्गन्ध ।

कुइनाइन–(ना०) औलो निको पार्ने डाक्टरी ओखती ।

कुइरे–(वि०) कैलो ।

कुइरो–(ना०) जलकणको समुदाय; हुस्सु ।

कुकर्म–(ना०) खराव काम ।

कुकर्मी–(वि०) खराब काम गर्ने ।

कुकुना–(ना०) अङ्कुर; मुनु; कौ, कामीको आगो चलाउने टुप्पो घुमेको साधन ।

कुकुर–(ना०) घरेलु पशु; कुत्ता ।

कुकुरडाइनु–(ना०) एक प्रकारको काँढे झार ।

कुकुरी–(ना०) धागाको डल्लो ।

कुखुरीकाँ–(क्रि० यो०) कुखुरो बास्ने किसिम ।

कुखुरे-बैंस–(ना०) उरन्ठेउलो जवानी ।

कुखुरो–(ना०) टाउकोमाथि सि[illegible] हुने घरपाला चरा ।

कुख्यात–(वि०) नराम्रो नाम क[illegible] एको ।

कुङ्कुम–(ना०) एक किसिम[illegible] सुगन्धी केशर ।

कुच–(ना०) स्तन ।

कुचक्र–(ना०) षड्यन्त्र ।

कुचाल–(ना०) दुराचार; ग[illegible] बानी ।

कुचुक्क–(क्रि० यो०) खु[illegible] किसिम ।

कुचेष्टा–(ना०) खराब कु[illegible] चेष्टा; नजाती बानीबेहोर ।

कुजात–(ना०) नीच जाति । (वि[illegible] कुकर्मी; पतित ।

कुटमिरो–(ना०) एक प्रकारको [illegible]

कुटाइ–(ना०) कुट्ने किसिम काम; पिटाइ ।

कुटाकुट–(ना०) परस्परमा [illegible] काम ।

कुटामारी–(ना०) कुटाकुट ।

कुटिल–(वि०) बाङ्गो; टेढो; [illegible]

कुटिलता–(वि०) दुष्टता ।

कुटी–(ना०) जोगी-संन्यासीको [illegible] सानो घर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुटीर–(ना०) छाप्रो ।

कुटीर-उद्योग–(ना०) घरेलु उद्योग ।

कुट्कुट्–(ना०) अन्न टोक्ने, खपाउने किसिम; पेट दुख्ने किसिम ।

कुट्नी–(ना०) आइमाई फकाई अर्को पुरुषसँग लगाई दिने स्त्री; दाम्लाको गाँठो ।

कुटुम्ब–(ना०) जहान; बन्धुवर्ग; नातादार ।

कुटुरो–(ना०) सानो पोको; पोको-पन्तरो ।

कुटुलीकोसा–(ना०) आँकुरो ढारमा फल्ने केराउका जस्तै साना कोसा ।

कुट्वा–(वि०) ढिकीमा कुटिएको; कुट्ने खालको ।

कुटो–(ना०) गोडमेल गर्ने सानो कोदालो ।

कुट्नु–(स० क्रि०) पिट्नु; प्रहार गर्नु; ठोक्नु; पिध्नु ।

कुठाउँ–(ना०) नजाती ठाउँ; मर्मस्थल ।

कुठार–(ना०) बन्चरो ।

कुठाराघात–(ना०) बन्चराको चोट ।

कुड्का–(ना०) सानो टुक्रा ।

कुण्ठा–(ना०) अवरोध; बाधा; सङ्कोच ।

कुण्ठित–(वि०) भुत्ते; सुस्त; मूर्ख ।

कुण्ड–(ना०) सानो पोखरी ।

कुण्डल–(ना०) आइमाईले कानमा लगाउने मुन्द्राजस्तो गहना; साधु-हरूले कानमा लगाउने काठ, सीङ आदिको मुन्द्रो ।

कुतकुती–(ना०) अङ्गमा छुँदा हुने सगसगी; उत्कण्ठा ।

कुतर्क–(ना०) खराब तर्क ।

कुतर्की–(वि०) कुतर्क गर्ने ।

कुतकुत्याउनु–(स० क्रि०) कुतकुती लाउनु; उत्तेजित पार्नु; कालले तान्नु ।

कुती–(ना०) बालबोलीमा कुकुर ।

कुतूहल–(ना०) उत्सुकता; कौतुक ।

कुत्ता–(ना०) कुकुर ।

कुथुर्के–(ना०) सानो खालको निहुँरो; एक थरी चरा ।

कुदिन (ना०) खराब दिन; दशा लागेको बेला ।

कुदृष्टि–(ना०) खराब दृष्टि; नराम्रो हेराइ ।

कुद्नु–(अ० क्रि०) दगुर्नु; दौडनु ।

कुव्रत–(ना०) खूबी; बल; सामर्थ्य ।

कुन–(सर्वना०) के; को ।

कुना–(ना०) कुनु ।

कुनाउरो–(ना०) कोसादार अन्नका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गेडा छुट्ट्याइएका कोसा, पात आदि घाँस ।

**कुनाकानी**–(ना०) छेउछाउ; अन्तर-कुन्तर ।

**कुनाकाप्चा**–(ना०) कुनाकानी ।

**कुनाम**–(ना०) बदनामी; अपयश ।

**कुनिउँ**–(ना०) पराल वा मकैको चाङ ।

**कुनु**–(ना०) कोप्चो ठाउँ; दुई ठाउँ वा दिशाको अन्तर ।

**कुने**–(वि०) कुनु परेको ।

**कुनै**–(सर्वना०) यही भनेर नतोकिएको; कोही ।

**कुन्ती**–(ना०) पाण्डवकी आमा ।

**कुन्नि**–(वि० बो०) थाहा नभएको जनाउने शब्द ।

**कुपात्र**–(ना०) खराब मानिस ।

**कुपित**–(वि०) रिसाएको; क्रुद्ध ।

**कुपुकुपु**–(क्रि० यो०) खुरुखुरु खाने किसिम ।

**कुपुत्र**–(ना०) खराब छोरो ।

**कुप्रथा**–(ना०) नराम्रो चालचलन ।

**कुप्रे**–(वि०) कुप्रिएको; कुप्रो ।

**कुप्रो**–(वि०) बुढ्यौली वा शारीरिक असमर्थताले शरीर मिहुरिएको ।

**कुप्लुक्क**–(क्रि० यो०) एकै चोटि खाने किसिम ।

**कुफत**–(ना०) नपच्ने खाना ।

**कुबाटो**–(ना०) खराब बाटो; कुल...

**कुबुद्धि**–(ना०) खराब बुद्धि; कुमति (वि०) खराब बुद्धि भएको ।

**कुबेर**–(ना०) धनका र उत्तर दिशा... मालिक देवता ।

**कुभलो**–(ना०) अहित; खराबी ।

**कुभिन्डो**–(ना०) फर्सीजस्तो ... फल ।

**कुम**–(ना०) काखीमाथि हात... फेदको भाग ।

**कुमति**–(ना०) कुबुद्धि ।

**कुमाईं**–(ना०) कुमाउँ प्रदे... बासिन्दा; जातिविशेष ।

**कुमान्छे**–(ना०) घरज्वाइँ; घ... मान्छे ।

**कुमार**–(ना०) केटो; छोरो; युव... (वि०) बिहे नभएको ।

**कुमारी**–(ना०) छोरी; पुत्री; क... एक देवी । (वि०) बिहे नभए...

**कुमुद**–(ना०) राती फुल्ने कमल...

**कुमुदिनी**–(ना०) सेतो जातको क...

**कुमेरु**–(ना०) दक्षिणी ध्रुव ।

**कुम्भकर्ण**–(ना०) रावणको ... (वि०) सुताहा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुम्भीपाक–(ना०) साह्रै दुःख भोग्नुपर्ने एक नरक वा त्यस्तो ठाउँ ।

कुम्लो–(ना०) पोको; कुटुरो ।

कुम्ल्याउनु–(स० क्रि०) कुम्लो पार्नु; सबै हातलागी गर्नु ।

कुयेंत्रो–(ना०) कोरेर लुगा च्यातिएको ठाउँ ।

कुर–(ना०) माछाको गुँड ।

कुरकुरे–(ना०) एक प्रकारको घांस । (वि०) नरम; कुरुमकुरुम गर्ने ।

कुरमुऱ्याउनु–(स० क्रि०) कुम्ल्याउनु; गमक्याउनु ।

कुरा–(ना०) बातचीत; बोल; वचन; वस्तु ।

कुराउनी–(ना०) उढेको दूधको पाप्रो; दूधको खुवा ।

कुराकानी (ना०) बोलचाल; बातचीत ।

कुरिकुरी–(ना०) तुलबुली ।

कुरिन–(ना०) हतियारमा सान लाउने ढुङ्गो ।

कुरिलो–(ना०) एक प्रकारको स्वास्थ्यवर्द्धक तरकारी ।

कुरो–(ना०) बालवालीमा कीरो; कोक्रो; बाली कुर्ने छाप्रो ।

कुरुवा–(वि०) पर्खने, हेर-विचार गर्ने; कुरुवाका परिणामको । (ना०) दुर्गै माने भांडो ।

कुरूप–(वि०) अनुहार नपरेको; नराम्रो ।

कुरेत–(ना०) बूढी र चौरऔंलाको नापो ।

कुरो–(ना०) एक किसिमको बिक्ने क्वार; कुरा ।

कुरौटे–(वि०) नचाहिंदो वा ज्यादा कुरा गर्ने ।

कुर्कुच्चो–(ना०) पैतालाको पछिल्लो डल्लो भाग ।

कुर्चा–(ना०) एकै ठाउँको असजिलो बसाइ ।

कुर्ता–(ना०) कठालो नभएको कमीज ।

कुर्नेस–(ना०) साइकलको गेडी अडयाउने ढिम्री; निहुरेर गरिने सलाम ।

कुर्लनु–(अ० क्रि०) ठूलो स्वरले कराउनु; चर्केर बोल्नु ।

कुर्सी–(ना०) मेच; आसन ।

कुल–(ना०) वंश; पुर्खा; जम्मा ।

कुलघर–(ना०) पुख्र्यौली घर; वंशको मुख्य घर ।

कुलघरान–(ना०) राम्रो कुल र बेस घरान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुलच्छिन–(ना०) अलच्छिन; अमङ्गल।
कुलटा–(ना०) वेश्या; रण्डी।
कुलत–(ना०) खराब बानी।
कुलदेवता–(ना०) पहिलेदेखि मानिएका देवता।
कुलाङ्गार–(वि०) कुलमा कालो लाउने।
कुलाचार–(ना०) कुलमा चलेको आचार वा धर्म।
कुलायन–(ना०) कुलदेवता।
कुलिन–(ना०) गोल्फु।
कुलीन–(वि०) ठूलो कुलको; घरानियाँ।
कुलेलम–(ना०) थाहै नदिई भाग्नु; सुइँकुच्चा।
कुलेसो–(ना०) सानो कुलो; खोल्सी।
कुलो–(ना०) पानी पटाउन बनाइएको खोल्सो; सानो नहर।
कुल्चनु–(स० क्रि०) टेक्नु; गोडाले थिच्नु।
कुल्ला–(ना०) पानीले मुख सफा गर्ने काम।
कुल्ली–(ना०) भरिया; मजदूर।
कुवा–(ना०) पानीको खाल्डो; पनेरो।
कुवाच्य–(ना०) बिझने वचन; दुर्वचन।
कुश–(ना०) सबै कर्ममा उपयोग हु... काँसजस्तो घाँस।
कुशल–(ना०) सन्चो; आराम (वि०) सिपालु; पोख्त।
कुशासन–(ना०) कुशको आसन; खराब शासन।
कुशेऔंसी–(ना०) भाद्र अमावस्या... दिन।
कुश्ती–(ना०) पछार्ने खेल; म... युद्ध; पहलमानी।
कुष्ठ–(ना०) कोर; महारोग।
कुसङ–(ना०) कुसङ्गति।
कुसङ्गति–(ना०) खराब सङ्गति।
कुसमय–(ना०) खराब समय।
कुसाइत–(ना०) खराब साइत।
कुसाउरो–(ना०) कुनाउरो।
कुसुण्डो–(ना०) जङ्गली एक जा...
कुसुम–(ना०) फूल; पुष्प।
कुसुमे–(वि०) कुसुमको जस्तो रङ्ग...
कुसेत्रो–(ना०) पुरानो घुम; घा...
कुहुनु–(अ० क्रि०) सड्नु; ब... (ना०) पाखुराका बीचको जो...
कूँच–(ना०) फूर्तिको हिँडाइ; दौ...
कूँजो–(वि०) रोगले वा अरू ... हात-गोडा नचल्ने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कूची**–(ना०) तुलिका; सानो कूची; हात्तीको दाना ।

**कूचो**–(ना०) फोहोर बढार्ने वस्तु ।

**कूट**–( ना० ) नबुझिने कविता वा पहेली ।

**कूटनीति**–(ना०) परस्परको दाउ; गुप्त चाल; दुई राष्ट्रका बीचको राजनीतिक सम्बन्ध ।

**कूटनीतिज्ञ**–(वि०) कूटनीतिको ज्ञाता ।

**कूत**–(ना०) बाली; तिरो ।

**कृतघ्न**–(वि०) बेगुनी ।

**कृतज्ञ**–(वि०) गुन मान्ने ।

**कृत्रिम**–(वि०) नकली; बनावटी ।

**कृदन्त**–(ना०) धातुमा 'कृत्' प्रत्यय लागि बन्ने शब्द ।

**कृपण**–(वि०) कन्जूस; चुइय्याँ ।

**कृपया**–(क्रि० यो०) कृपा गरेर; दया गरेर ।

**कृपा**–(ना०) अनुग्रह; दया; निगाह ।

**कृपाण**–(ना०) खड्ग ।

**कृपापात्र**–( वि० ) दयायोग्य; कृपा गरिएको; कृपा वा दया प्राप्त ।

**कृपालु**–(वि०) कृपा गर्ने; दया-माया भएको ।

**कृषक**–(ना०) खेतीवाल; किसान ।

**कृषि**–(ना०) किसानको काम; खेती ।

**कृष्ण**–(ना०) विष्णुको एक अवतार; गोविन्द, गोपाल । (ना०) कालो वर्णको ।

**कृष्णपक्ष**–(ना०) परेवादेखि औंसी-सम्म १५ दिनको अँध्यारो पक्ष ।

**कृष्णभोग**–(ना०) असल जातको एक धान ।

**कृष्णसार**–(ना०) असल जातको एक मृग ।

**कृष्णाष्टमी**–( ना० ) कृष्ण जन्मेको दिन भाद्र कृष्ण अष्टमी; कृष्णपक्षको अष्टमी ।

**के**–( सर्वना० ) प्रश्नवाचक शब्द; कुन ।

**केक**–(ना०) एक प्रकारको रोटी ।

**केटाकेटी**–(ना०) छोरा-छोरी; बाल-बच्चा ।

**केटी**–(ना०) सानी ठिटी; बालिका; सुसारे ।

**केटो**–(ना०) कुमार; ठिटो; गैंडाको बच्चो ।

**केटौली**–( ना० ) केटाकेटीपन; ठिटौली ।

**केतकी**–(ना०) क्यात्तुके; एक प्रकारको सेतो फूल ।

**केन्द्र**–(ना०) मुख्य वा बीचको ठाउँ;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मातहतको विभाग ।

केन्द्रित–( वि० ) केन्द्रमा जम्मा भएको ।

केन्द्रीय–(वि०) केन्द्रसम्बन्धी ।

केरकार–(ना०) केर्ने काम; कारकेर।

केरा–(ना०) एक स्वादिष्ट फल ।

केराउ–(ना०) ससाना गेडा भएको तरकारी, दाल र अचार खाने अन्न ।

केरो–(ना०) केराको तुच्छार्थक शब्द; लिङ्ग ।

केर्नु–(स० क्रि०) मेट्नु; खोऱ्याउनु ।

केलाइकुलाइ–(ना०) केलाउने काम; छानबीन ।

केलाउनु–(स० क्रि०) छान्नु; बिन्नु।

केवँरा–(ना०) एक सुगन्धित फूल ।

केवल–(अव्य०) खाल; मात्र ।

केश–(ना०) टाउकाको रौं; कपाल ।

केशर–(ना०) एक प्रकारको सुगन्धित मसला; फूलको भुवा ।

केशरी–(ना०) सिंह; एक प्रकारको पहेंलो चन्दन ।

केशव–(ना०) बिष्णु; ब्रह्म ।

केस्रो–( ना० ) फलफूल (सुन्तला आदि)-को भित्रपट्टिको तह वा टुक्रा ।

केस्याउनु–(स० क्रि०) केस्रा छुट्ट्याउनु ।

केही–(वि०) थोरै; अलिकति ।

कैंची–(ना०) कपडा, कपाल आदि काट्ने हतियार; दुई काठ क्रस पारी बनाएको चेपुवा साधन ।

कैंडा–(ना०) थकाइले गर्दा तिघ्रामा पर्ने सुम्ला ।

कैंडो–(ना०) फर्सीको सानो फल।

कैकेयी–(ना०) दशरथकी एक पत्नी; (वि०) डाहिल्ले ।

कैद–(ना०) बन्धन; कारावास।

कैदखाना–(ना०) झ्यालखाना।

कैदी–(वि०) थुनुवा; बन्दी।

कैफत–( ना० ) बिगार; खराबी; कपट; कैफियत ।

कैफियत–(ना०) विशेष विवरण; थप बेहोरा; कैफत ।

कैयौं–(वि०) अनेक; अनगन्ती।

कैलास–(ना०) शिवको वासस्थान।

कैलासपति–(ना०) महादेव ।

कैली–(वि०) कपाल वा वर्ण खैरो भएकी (आइमाई) ।

कैले–(क्रि० यो०) कहिले ।

कैलो–(वि०) खैरो रङ्गको ।

को–(विभ०) षष्ठीको सामान्य एक वचन विभक्ति । (सर्वना०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वाचक शब्द ।
कोइरालो–(ना०) फूलको अचार खान हुने एक वृक्ष ।
कोइला–(ना०) प्राकृतिक ठोस इन्धन; गोल; अँगार ।
कोइली–(ना०) वसन्तमा कुहू-कुहू गरी बोल्ने कालो चरो; कोकिल ।
कोकले–(ना०) एक प्रकारको मांसाहारी चरो ।
कोकशास्त्र–(ना०) कामशास्त्र ।
कोका–(ना०) तानको यन्त्र; एक किसिमको पेय पदार्थ ।
कोकोहोलो–(ना०) धेरै मानिसको आवाज; कोहोलो ।
कोक्किनु–(अ० क्रि०) ठूलो पीरले हिक्क-हिक्क आवाज आउने गरी रुनु ।
कोक्याउनु–(अ० क्रि०) काँचो पिँडालुको स्वादले जिब्रो सकसकाउनु ।
कोक्रो–(ना०) बालकलाई सुताउने चोयाको झुलना ।
कोख–(ना०) पाठेघर; कोखो ।
कोखो–(ना०) शरीरको काखमनिको भाग ।
कोख्ल्याँटो–(वि०) मूर्ख; नासमझ ।
कोचाकोच–(ना०) खाँदाखाँद ।
कोचेलो–(ना०) झगडा; कचिङ्गल ।
कोचेल्नु–(स० क्रि०) कुनै तरल वस्तुमा हातले हुँडल्नु ।
कोजाग्रत–(ना०) आश्विन शुक्ल पूर्णिमाको दिन ।
कोट–(ना०) लुगाबाहिर लगाइने प्रसिद्ध पोशाक; किल्ला ।
कोटा–(ना०) कुनै पटके हिस्सा ।
कोटि–(ना०) श्रेणी; टुप्पो । (वि०) कोटी ।
कोटी–(वि०) करोड ।
कोठरी–(ना०) सानो र असजिलो कोठा ।
कोठी-(ना०) जीउमा निस्कने कालो दाग; व्यापारीको घर-पसल; वेश्यालय ।
कोठे–(वि०) कोठैकोठा भएको; कोठैमा बसिरहने ।
कोठेरानी–(ना०) कोठामा सिंगारिएर बस्ने आइमाई ।
कोठो-(ना०) घरको खण्ड-खण्ड ।
कोण-(ना०) कुनु; उपदिशा ।
कोत–(ना०) खरखजाना राख्ने घर; कोट ।
कोतपर्व-(ना०) १९०३ वि. सं. मा नेपालमा घटेको एक राजनीतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



घटना ।

**कोतर्नु**–(स० क्रि०) कोपर्नु; कोटचाउनु ।

**कोते**–(ना०) बन्दूक राख्ने फौजी जागीरदार ।

**कोत्रे**–(वि०) छ्याकटे; कोत्र्याहा ।

**कोत्र्याहा**–(वि०) कोत्रिएको ।

**कोथा**–(ना०) वस्तुको सीङमा रहेको, मासुमा नजोरिएको टुप्पो ।

**कोथी**–(ना०) तरबारको म्यनमा जडिने वस्तु ।

**कोथो**–(ना०) धान, गहुँ आदिको बाला निस्कने गर्भ ।

**कोदाली**–(ना०) छोटो बींड भएको खन्ने हतियार ।

**कोदाले**–(वि०) कोदालो खनेर पेट पाल्ने ।

**कोदालो**–(ना०) लामो बींड भएको खन्ने हतियार ।

**कोदे**–(वि०) कोदो खाएर ज्यान पाल्ने; असभ्य; पाखे ।

**कोदो**–(ना०) एक प्रकारको ससाना कलेजी गेडा हुने अन्न ।

**कोप**–(ना०) रिस; ईख; इबी ।

**कोपरा**–(ना०) दिसा-पिसाबका निम्तिको भाँडो ।

**कोपर्नु**–(स० क्रि०) चिथोर्नु; दा...

**कोपिला**–(ना०) फुलिनसकेको फू...

**कोपी**–(ना०) काउली; गोभी ।

**कोप्चाकाप्ची**–(ना०) अन्तरकुना कुनाकाप्चा ।

**कोप्चे**–(वि०) कोप्चो आँखा भए... अनुहार नपरेको ।

**कोप्चो**–(वि०) बान्की नपरे... चिम्से; कोप्चे ।

**कोमल**–(वि०) कमलो; नरम ।

**कोमलता**–(ना०) कोमल हुना... भाव; कमलोपन ।

**कोयो**–(ना०) फलको बीयाँ; रे... कीराको गुँड ।

**कोरकार**–(ना०) कोर्ने काम; स... सानो लेखापढी ।

**कोरली**–(वि०) साँढेसँग नमिलि... (गाई) ।

**कोरलो**–(वि०) बच्चो; पाठो ।

**कोरल्नु**–(स० क्रि०) फुलबाट ब... निकाल्नु ।

**कोरा**–(ना०) बाक्लो र तल्लो... सेतो कपडा ।

**कोरी**–(ना०) बीस ढेब का... ठेली; एक बीस । (वि०)... रोग लागेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कोरेंसो–(ना०) कोन्याँसो ।

कोरो–( ना० ) किरियापुत्री बस्ने ठाउँ ।

कोर्ली–(वि०) असभ्य; बेसोमती; पाखे ।

कोर्नु–( स० क्रि० ) धर्का पार्नु; कोत्रनु; कपाल बाट्नु ।

कोर्ने–(ना०) जमीनको अग्लाइ र होचाइ जाँच्ने यन्त्र ।

कोन्याँसो–(ना०) मूला र अन्य तरकारी मसिनो पार्ने यन्त्र ।

कोर्रा–(ना०) काठको डाँठ र छालाको छोटो डोरीले बनेको पिट्ने साधन; छडी; चाबुक ।

कोल–(ना०) उखु, तोरी आदि पेल्ने ठाउँ ।

कोलाकोला–(ना०) नानीलाई मुहाउँदा नतर्सियोस् भनी बोलिने शब्द ।

कोलाहल–(ना०) कोकोहोलो ।

कोल्टे–(ना०) कोल्टो भाग । (वि०) कोल्टो ।

कोल्टो–(ना०) कोखाले टेकेर सुत्ने तरीका । (वि०) पाही नपरेको ।

कोविद–(वि०) पण्डित, पोख्त ।

कोश–(ना०) शब्दढुकुटी; भण्डार; दाप; फुल; अण्डकोश ।

कोशिश–( ना० ) प्रयत्न; जमर्को ।

कोष–(ना०) कोश ।

कोषाध्यक्ष–(ना०) ढुकुटीको हाकिम; खजान्ची ।

कोस–(ना०)आँखाको कुनु; गाजलको छेस्को; दुई माइलको नापो ।

कोसी–(ना०) नेपालका प्रसिद्ध सात नदी; काठको आरी ।

कोसेली–(ना०) उपहार; सौगात ।

कोसो–( ना० ) अन्नको दाना रहने खोल ।

कोही–(सर्वना०) कुनै ।

कोहेनूर–(ना०) एक मूल्यवान् हीरा ।

कोहोलो–(ना०) कोलाहल ।

कौ–(ना०) फलामको काम गर्ने एक जाति ।

कौंटी–(ना०) उडेको चङ्गालाई तलतिर फर्काउनु ।

कौटिल्य–( ना० ) ई. पू. तेस्रो शताब्दीका कुटनीति, राजनीति र अर्थनीतिका विद्वान्; चाणक्य ।

कौडा–(ना०) समुद्री कीराको हाड ।

कौडी–(ना०) सानो कौडा; थोरै मूल्य ।

कौडे–(वि०) कौडा झुन्ड्याइएको । (वि०) दास; कमारो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**कौडो**–(ना०) खुकुरीको काँजोनिर बनेको अर्धचन्द्राकार घेरा ।
**कौतुक**–(ना०) इच्छा; आश्चर्य ।
**कौपीन**–(ना०) धोती; लँगौटी ।
**कौमुदी**–(ना०) संस्कृतको व्याकरण-ग्रन्थ ।
**कौलास्नु**–(स० क्रि०) टाढाबाट कसैलाई ठूलो स्वरले बोलाउनु; हपार्नु ।
**कौवा**–(ना०) काग ।
**कौशल**–(ना०) सीप; कुशलता ।
**कौसल**–(ना०) एक अड्डा; सभा ।
**क्याँकी**–(ना०) गलो; घोक्रो ।
**क्याँक्नु**–(स० क्रि०) घोक्रो समाउनु; पक्रनु ।
**क्याँट**-(ना०) रुपियाँको बिटो ।
**क्याबात**–(वि० बो०) खुशी, प्रशंसा आदि जनाउने शब्द; स्याबास ।
**क्यामरा**–(ना०) छवियन्त्र ।
**क्यामुनु**–(ना०) नस लिने काम लिइने एक प्रकारको फूल वा त्यसको रूख ।
**क्यार**–(अव्य०) क्यारे ।
**क्यारे**–(अव्य०) संशय जनाउने शब्द ।
**क्रन्दन**–(ना०) रोदन; विलाप ।
**क्रम**–(ना०) पालो; मेलो; नियम ।
**क्रमशः**–(अव्य०) पालैसँग; मेलैसित ।
**क्रमसङ्ख्या**–(ना०) सिलसिला नम्बर ।
**क्रमागत**–(वि०) क्रमैले आए परम्परागत ।
**क्रमाङ्क**–(ना०) क्रमसङ्ख्या ।
**क्रमिक**–(वि०) क्रमागत ।
**क्रयविक्रय**–(ना०) खरीदबिक्री;
**क्राइस्ट**–(ना०) ईशाइ धर्मका एक महात्मा ।
**क्रान्ति**–(ना०) गति; चाल; वर्तन ।
**क्रान्तिकारी**–(वि०) क्रान्ति गर्ने ।
**क्रिया**–(ना०) काम; कार्य; चे
**क्रियाकर्म**–(ना०) अन्त्येष्टि काज-किरिया ।
**क्रियाकलाप**–(ना०) कामहरूको आचरण ।
**क्रियान्वयी**–(वि०) क्रियाको बुझाउने ।
**क्रियापद**–(ना०) कुनै काम शब्द; क्रिया ।
**क्रियायोगी**–(ना०) क्रियापद सँग सम्बन्ध हुने शब्द ।
**क्रियाविशेषण**–(ना०) विशेषणको गुण जनाउने शब्द
**क्रीडा**–(ना०) खेल; खेलबाड ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



क्रुद्ध–(वि०) रिसाएको ।
क्रूर–(वि०) निर्दय; क्रोधी; रिसाहा; डरलाग्दो ।
क्रूरता–(ना०) क्रूर हुनाको भाव ।
क्रेता–(वि०) किन्ने ।
क्रोध–(ना०) झोक; रिस; उद्वेग ।
क्रौञ्च–(ना०) कन्याङकुरुङ पक्षी ।
क्लान्त–(वि०) थाकेको; ओइलाएको ।
क्लान्ति–(ना०) थकाइ ।
क्लिप–(ना०) च्याप्ने साधन ।
क्लिष्ट–(वि०) पीडित; कठिन; मुश्किल; अर्थ बुझ्न गाह्रो ।
क्लेश–(ना०) व्यथा; डाहा; दुःख ।
क्वाँटी–(ना०) दाल-जातिका गेडाहरू भिजाएर खाने तरकारीविशेष ।
क्वारक्वारती–(क्रि० यो०) एकोहोरो हेरिरहने किसिम ।
क्ष– देवनागरी वर्णमालाको चौतीसौं अक्षर । 'क' र 'ष'-को संयुक्त रूप । उच्चारणस्थान कण्ठ-मूर्द्धा ।
क्षण–(ना०) थोरै समय; छिन; मौका; बेला ।
क्षणभङ्गुर–(वि०) छिनभरमा नाश हुने; अल्प समयमै नष्ट हुने ।
क्षत–(वि०) घाउ लागेको; चोट लागेको ।
क्षति–(ना०) हानि; नोक्सानी ।
क्षतिपूर्ति–(ना०) नोक्सान भराइदिनु ।
क्षत्र–(ना०) राज्य; राष्ट्र ।
क्षत्रपति–(ना०) राजा ।
क्षत्रिय–(ना०) हिन्दूका चार वर्णमध्ये द्वितीय वर्ण; क्षत्री; छेत्री ।
क्षत्री–(ना०) क्षत्रिय ।
क्षमता–(ना०) शक्ति; सामर्थ्य ।
क्षमा–(ना०) माफ; सहनशीलता; छेमा ।
क्षमापन–(ना०) क्षमा; माफीको प्रार्थना ।
क्षमा-प्रार्थना–(ना०) क्षमा माग्नु; क्षमा-याचना ।
क्षमा-याचना–(ना०) क्षमा-प्रार्थना ।
क्षमावान्–(वि०) माफी दिने ।
क्षमाशील-(वि०) क्षमा गर्ने ।
क्षय–(ना०) नाश; ह्रास; प्रलय ।
क्षयकाल–(ना०) प्रलयकाल ।
क्षयपक्ष–(ना०) कृष्णपक्ष ।
क्षयमास–(ना०) एक महीनाभित्र दुई सङ्क्रान्ति पर्ने चन्द्रमास ।
क्षयरोग–(ना०) मुटु र फोक्सामा बिगार हुने रोग; राजरोग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



क्षयी–(वि०) नाश हुने ।

क्षार–(ना०) खार; खरानी; नून; सोडा । (वि०) नुनिलो ।

क्षितिज–(ना०) रूख; वृक्ष; मङ्गल ग्रह; आकाश र पृथ्वी जोरिएझैं देखिने ठाउँ ।

क्षीण–(वि०) दुब्लो; पातलो; खिएको ।

क्षीर–(ना०) दूध; दुग्ध ।

क्षुद्र–(वि०) तुच्छ; नीच; जाबो ।

क्षुधा–(ना०) भोजनको इच्छा; भोक; छुद्दे ।

क्षेत्र–(ना०) खेत; जग्गा; जमीन; स्थान ।

क्षेत्रपति–(ना०) जमीनको मालिक ।

क्षेम–(ना०) कुशल; मङ्गल; आनन्द ।

क्षेम-कुशल–(ना०) भलाकुसारी; सन्चो-बिसन्चो ।

क्षोभ–(ना०) व्याकुलता ।

क्षौर–(ना०) छुराले कपाल खौरने काम; क्षौर कर्म गर्नु ।

## ख

ख– देवनागरी वर्णमालाको दोस्रो व्यञ्जनवर्ण । उच्चारणस्थान कण्ठ ।

खँगार–(ना०) खँगार्ने काम ।

खँगाराइ–(ना०) खँगार्ने किसिम वा काम ।

खँगार्नु–(स० क्रि०) पानी र घिउ-तेल नहाली भुट्नु; बफाउनु; तल झार्नु; खसाल्नु; खुरमुर्‍याउनु ।

खँचाइ–(ना०) खाँच्ने किसिम वा काम ।

खँजाहा–(वि०) खोरन्डो; लङ्गडो ।

खँडियो–(ना०) मसिनु कनिका मियाँ ।

खँडेउली–(ना०) आधा टुक्रिएका चामल; कनिका ।

खँड्गेली–(ना०) खड्गेली ।

खँड्यौलो–(ना०) खँडेउली ।

खँदाइ–(ना०) खाँद्ने काम ।

खँदिलो–(वि०) खूब खाँदिएको; कसिलो ।

खँदुवा–(वि०) भित्र खोक्रो नभएको; कसिएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खई**–(ना०) फलाम, पीतल र दाँतमा लाग्ने कस; खिया ।

**खकन**–(ना०) डोको बोक्न काखी-मनिबाट काँधमा अड्याइने सानो नाम्लो वा डोरी; काँधे फित्ता ।

**खकार**–(ना०) 'ख' अक्षर; कफ वा थूकको डल्लो ।

**खकाराइ**–(ना०) खकार्ने किसिम वा काम ।

**खकार्नु**–(स० क्रि०) खोकेर कफ वा थूकको डल्लो निकाल्नु ।

**खकालखुकुल**–(क्रि० यो०) भाँडाकुँडा पखाल्ने काम ।

**खकालाइ**–( ना० ) खकाल्ने किसिम वा काम ।

**खगर**–(ना०) तीन महीना मात्र हिउँ सुक्ने स्थान; लेक ।

**खगाम**–(ना०) लम्बा-चौडा बराबर हुने कपडाको टुक्रा ।

**खगालेहाड**–(ना०) कुम र घाँटीका बीचको हाड ।

**खगालो**–(ना०) फाटेर खगाल्नु देखिने भएको लुगा ।

**खगाल्नु**–(ना०) खगाले हाड ।

**खगोल**–(ना०) आकाशमण्डल ।

**खगौंतो**–( ना० ) गैंडाको खागबाट बनेको तर्पण-पात्र ।

**खग्गड**–(वि०) खूब बाठो; खपिस्र ।

**खग्गू**–(वि०) खग्गड ।

**खग्रास**–(ना०) सूर्य-चन्द्रलाई सम्पूर्ण ढाक्ने ग्रहण ।

**खङार**–(ना०) खँगार ।

**खङाराइ**–(ना०) खँगाराइ ।

**खङार्नु**–(स० क्रि०) खँगार्नु ।

**खङ्ग्रङ्ग**–(क्रि० यो०) जम्मै सुक्ने किसिम; तर्सने वा आत्तिने किसिम ।

**खङ्ङ्ङ्ङ**–(क्रि० यो०) खङ्ग्रङ्ग ।

**खङ्‍्याङखुङ्रुङ**–( क्रि० यो० ) एकै पटक खस्ने वा होशहवास उड्ने किसिम ।

**खचमच**–(ना०) नचाहिंदो खिचोला; कचमच; गडबड ।

**खचाखच**–(क्रि० यो०) भरिभराउ; ठेलमठेल ।

**खचिखचाउ**–(क्रि० यो०) ठेलमठेल; टनाटन ।

**खचित**–(वि०) जडिएको; भरिएको; पूरापूर ।

**खच्कनु**–(अ० क्रि०) हच्कनु; दच्कनु; उत्साह मर्नु ।

**खच्काइ**–(ना०) खच्कने किसिम वा काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खच्चड**–(वि०) ठिमाहा; खच्चर ।

**खच्चर**–(ना०) गधा र घोडीको योग-बाट जन्मेको पशु । (वि०) ठिमाहा; खच्चड ।

**खच्याकखुचुक**–(ना०) खजमजिने किसिम ।

**खच्याङखुचुङ**–(ना०) सानोतिनो काम; अप्ठेरो ठाउँ वा बाटो ।

**खजमज**–(ना०) बेथितिसँग यताउति हुनु; छासमिस ।

**खजमजिनु**–(अ० क्रि०) यताको उता भएर छरिनु वा मिसिनु; छासमिस हुनु ।

**खजाना**–(ना०) ढुकुटी; भँडार; लडाइँका सामान ।

**खजान्ची**–(ना०) कोषाध्यक्ष; सम्पत्तिको जिम्मा लिने अधिकारी ।

**खजित**–(वि०) खचित ।

**खजुरी**–(ना०) पीठो, घिउ र चीनी मुछेर पकाइने रोटी ।

**खजूर**–(ना०) एक प्रकारको फल ।

**खजूरो**–(ना०) कनसुत्लोजस्तो एक कीरो ।

**खज्याङमज्याङ**–(क्रि० यो०) खजमजिने किसिम वा अवस्था ।

**खट**–(ना०) बोकेर हिंडाउने देवताको रथ; अर्थी; टाँड ।

**खटखट**–(क्रि० यो०) खटखटाउने किसिम ।

**खटखटाइ**–(ना०) खटखटाउने किसिम वा काम ।

**खटखटाउनु**–(अ० क्रि०) खटखट आवाज गरी झ्याल-ढोका चल्नु; घिउ-तेल तातेर कट्कनु ।

**खटन**–(ना०) खटाउने काम; आशा; अडकल ।

**खटनपटन**–(ना०) अह्राउपह्राउ; आज्ञा ।

**खटपट**(ना०) छटपट; ठाकठुक ।

**खटपटी**–(ना०) च्टपटी ।

**खटपटे**–(वि०) खटपट गर्ने खालको; बेमेलको ।

**खटप्वाल**–(ना०) खट बाँध्नका निम्ति गाह्रोमा राखिने प्वाल ।

**खटाइ**–(ना०) खटाउने किसिम वा काम ।

**खटाउनु**–(स० क्रि०) अह्राउनु; काममा पठाउनु; अड्कलेर दिनु ।

**खटाखट**–(क्रि० यो०) फूर्तिसाथ काम गर्ने किसिम; खराखर ।

**खटिया**–(ना०) सानो खाट; पुस्तक राख्ने सानो टेबुल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खटिरो–(ना०) शरीरमा कुनै विकार पैदा भई निस्कने फोको ।

खटौली–(ना०) मानिस बोकिने खाट-जस्तो काठको डोली ।

खट्कनु-(अ० क्रि०) खट्को लाग्नु; असजिलो हुनु; शङ्का लाग्नु ।

खट्को–(ना०) खट्कने काम; आपत्तिको शङ्का ।

खट्टा–(ना०) खाँचो; हर्जा ।

खट्टे–(ना०) चामल भुटेको खानेकुरा । (वि०) ठिमाहा ।

खट्नु–(अ० क्रि०) काममा लाग्नु; परिश्रम गर्नु ।

खटाक्क–(क्रि० यो०) आवाज आउने वा खट्कने किसिम ।

खडबड–(ना०) गोलमाल; मनोमालिन्य; बेमेल ।

खडा–(वि०) ठिङ्ग उभिएको; हाजिर; निर्मित ।

खडाउ–(ना०) काठको खुला जुत्ता; कठपाउ ।

खडाखडी–(क्रि० यो०) उभिएको-उभियै; उत्तिखेरै ।

खडारस–(ना०) अमिलो र गुलियोको मिश्रित स्वाद ।

खडेरी–(ना०) पर्नु पर्ने बेला पानी नपरेको अवस्था; सुख्खा; अनावृष्टि ।

खड्कुँलो–(ना०) दुईतिर कडा हालेको ठूलो भाँडो ।

खड्कुँली–(ना०) सानो खड्कुँलो ।

खड्ग–(ना०) एक प्रसिद्ध हतियार; गैंडाका नाकको हाड ।

खड्गी–(ना०) खड्ग लिने व्यक्ति; कसाई ।

खड्गेली–(ना०) ढोकाबाहिरको जमीन वा खुट्किलो ।

खड्गो–(ना०) मर्नेसम्मको बिरामी हुने दशा ।

खडचाङखुडुङ–(ना०) ठाकठुक ।

खण्ड–(ना०) टुक्रा; भाग; तह; तला; खाना; अवस्था ।

खण्डकाव्य-(ना०) सानो अंशको तर पूर्ण काव्य ।

खण्डन–(ना०) कुनै मत वा कुरा काट्ने काम; टुक्र्याइ ।

खण्डवृष्टि–(ना०) सानो भूखण्डमा परेको पानी ।

खण्डशः–(क्रि० यो०) खण्ड-खण्ड गरेर ।

खण्डित–(वि०) खण्ड भएको; टुटेको; कुड्किएको; फेरिएको ।

खण्डे–(वि०) खण्ड-खण्ड परेको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खण्डसम्बन्धी ।

**खत**–( ना० ) घाउको दाग; सजाय पाउने कसूर ।

**खतबात**–(ना०) दोष; बापत ।

**खतम**–( ना० ) सिद्धिनु; पूरा; समाप्ति ।

**खतरनाक**–( वि० ) डरलाग्दो; जोखिमी ।

**खतरा**–( ना० ) जोखिम; डर; आशङ्का; सन्देह ।

**खति**–( ना० ) हानि; नोक्सान; अपव्यय ।

**खतोखात**–( ना० ) पक्कापक्की; निश्चय ।

**खत्तिनु**–(अ० क्रि०) एकदम खनिनु; ह्वात्त पोखिनु; ओइरिनु ।

**खत्याइ**–(ना०) खत्तिने किसिम ।

**खत्याउनु**–( अ० क्रि० ) खन्याउनु; धेरै दिनु ।

**खत्रक्क**–(क्रि० यो०) कुनै वस्तु खस्दा आवाज आउने किसिम; लाचार वा निराश हुने किसिम ।

**खत्री**–( ना० ) दुई बेग्लै जातका आमाबाबुबाट जन्मेको सन्तान; वर्ण-शङ्कर ।

**खत्र्याकखुत्रुक**–( क्रि० यो० ) सानो-तिनो वस्तु चलाउँदा आवाज आउने किसिम । ( ना० ) सानोतिनो मालताल वा कामकाज ।

**खद्दर**–( ना० ) खस्रो मोटो सूती कपडा ।

**खनखन**–(ना०) कचकच, फतफत ।

**खनखाँचो**–( ना० ) गाह्रोसाह्रो; हर्जा; असर्दो ।

**खनजोत**–( ना० ) खेत-बारी खन्ने जोत्ने काम; खनाइ र जोताइ ।

**खनाइ**–( ना० ) खन्ने किसिम वा काम ।

**खनाखन**–(क्रि० यो०) रुपियाँ गन्ने किसिम ।

**खनाति**–(ना०) नातिको पनि नाति ।

**खनायो**–(ना०) एक प्रकारको वृक्ष ।

**खनिउँ**–(ना०) रूखका जरामा फल्ने एक फल ।

**खनिज**–(वि०) खानिबाट निस्कने धातु आदि ।

**खन्चुरो**–( वि० ) धेरै खाने; चुभुर चुभुर खाइरहने ।

**खन्चुवा**–(वि०) धेरै खाने; खन्चुरो ।

**खन्जर**–(ना०) छुरी; कटारी ।

**खन्तरे**–(वि०) जन्मक्रमले नवौं ।

**खन्ती**–( ना० ) जमीन ख्वाल पार्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हतियार; गल ।

खन्नु–( स० क्रि० ) हतियारले माटो काट्नु; उधिन्नु; गुप्त रूपमा दुःख दिनु ।

खन्यू–(ना०) खनिउँ ।

खपटे–( वि० ) पातलो; दुब्लो; खपटोजस्तो ।

खपटो–(ना०) माटा आदि भाँडाको फुटेको टुक्रो; बाँसको बोक्रो ।

खपडा–(ना०) फिङ्टी ।

खपत–(ना०) टिक्ने काम; बिक्री; खर्च ।

खपरू–( ना० ) नरिवलको खपटो; भिक्षापात्र ।

खपाइ–( ना० ) खप्ने वा खाप्ने किसिम ।

खपाउ–( वि० ) धेरै समय खप्ने; टिकाउ ।

खपाखप–( क्रि० यो० ) छिटो-छिटो खाने किसिम ।

खपिस–( वि० ) अनुभवी; कुशल; खग्गू ।

खपुवा–( वि० ) खप्ने किसिमको; टिकाउ ।

खप्कनु–( स० क्रि० ) खाँदेर भर्नु; खम्कनु ।

खप्काइ–( ना० ) खप्कने किसिम वा भाव ।

खप्की–(ना०) हप्की; फँटाइ ।

खप्टनु–(स० क्रि०) एकमाथि अर्को राख्नु; थप्नु; खात लाउनु ।

खप्तरी–( ना० ) एक किसिमको निगालो ।

खप्नु–( अ० क्रि० ) दिगो हुनु; टिक्नु ।

खप्पर–( ना० ) टाउकाको हाड; कपाल; भाग्य ।

खप्परे–(वि०) ठूलो वा अग्लो खप्पर भएको ।

खप्पू–(वि०) खप्टाइ ।

खप्लक्क–(क्रि० यो०) कप्लक्क ।

खबटो–(ना०) खपटो ।

खबर–( ना० ) समाचार; हाल; सूचना ।

खबरदार–( ना० ) सावधान; होशियार ।

खबरदारी–(ना०) होशियारी ।

खमारी–(ना०) हात्ती बाँध्ने कीलो; एक रूख ।

खम्कनु–( स० क्रि० ) खाँदेर भर्नु, खप्कनु ।

खम्बा–(ना०) खामो; थाम; मौलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खम्सनु–( स० क्रि० ) मैथुन गर्नु; रुनु; खँगारिनु ।

खम्साइ–(ना०) खम्सने किसिम वा काम ।

खम्साखम्सी–(ना०) धमाधम खम्सने काम ।

खयर–(ना०) एक प्रकारको वृक्ष वा त्यसैको पकाएको सार ।

खर–(ना०) घर छाउने एक प्रकारको क्षार ।

खरकस–( ना० ) सिकर्मीको एक औजार ।

खरखजाना–(ना०) लडाइँका सर-सामान; मालमत्ता ।

खरखरी–( क्रि० यो० ) खुरुखुरु; धमाधम ।

खरखिचोला–( ना० ) विघ्नबाधा; खिचोला ।

खरबूजो–(ना०) कुभिन्डोका आकारको एक फल ।

खररा–(ना०) घोडा मल्ने बुरुश ।

खराइ–(ना०) खराउने किसिम वा काम ।

खराउ–(ना०) खडाउ ।

खराउनु–(अ० क्रि०) भुटेर वा सुकाएर खरो पार्नु; वेसरी तताउनु वा सुकाउनु ।

खरानी–(ना०) गोलको धूलो ।

खराने–(वि०) खरानीजस्तो; रद्दी; बेकम्मा ।

खराब–(वि०) नजाती; ननिको ।

खराबी–( ना० ) दोष; नोक्सानी; बाधा ।

खरायो–(ना०) एक जातको जङ्गली प्राणी; चौघडा ।

खरिगाँठे–( ना० ) असभ्य; पाखे ।

खरिदार–(ना०) राजपत्र अनङ्कित द्वितीय श्रेणीको कर्मचारी; खर्दार ।

खरी–(ना०) सेतो लेख्ने पत्थर; एक प्रकारको रूख; मृदङ्गको छालामा लगाइने कालो मसला । (वि०) खरो स्वभावको ।

खरीघसाइ–(ना०) एक-एक दामको हरहिसाब ।

खरीद–(ना०) किनमेल; किन्ने बेसाउने काम ।

खरेटो–(ना०) एक जातको बूटो ।

खर्क–( ना० ) गाईवस्तु चर्ने जमीन ।

खर्च–(ना०) कुनै कामका निम्ति दि नगद वा सामान; व्यय ।

खर्चनु–( स० क्रि० ) खर्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मास्नु ।
खर्दार–(ना०) खरिदार ।
खर्पन–( ना० ) नोलमा झुन्ड्याएर बोकिने टोकरी ।
खर्पने–(वि०) खर्पन बोक्ने ।
खल–(ना०) बहस; छलफल; मसला वा औषधी कुट्ने खोपिल्टो परेको फलाम वा ढुङ्गाको सानो ओखल ।
खलक–(ना०) सन्तान; वंश; परिवार ।
खलखल–(क्रि० यो०) पानी बग्ने वा पसीना आउने किसिम ।
खलखली–(क्रि० यो०) खलखल ।
खलङ्गा–( ना० ) धेरै मानिस वा नोकरचाकर बस्ने घर; टहरो ।
खलबल–(ना०) झगडा गरेको आवाज; खल्याङमल्याङ ।
खलबली–( ना० ) खल्याङमल्याङ; खैलाबैला ।
खलबले–( वि० ) धेरै बोल्ने; हल्ला गर्ने ।
खलमल–(क्रि० यो०) प्रशस्त नुहाउने किसिम ।
खलल–(ना०) विघ्न; बाधा ।
खलाँती–(ना०) आरनमा आगो फुक्ने छालाको थैलो ।
खलास–( वि० ) समाप्त; मरेको; सफा ।
खलासी–(ना०) काठ चिर्ने औजार; पिपासरहको सरकारी चाकर; ट्रक ड्राइभरको सहायक ।
खलिखपुर–(वि०) भएभरको; जम्मै ।
खलिपा–( वि० ) पोख्त; सिपालु; धूर्त; बाठो ।
खलियो–( ना० ) काठ वा दाउराको चाङ ।
खली–(ना०) आगाको थुप्रो; धामीझाँक्रीले तन्त्रमन्त्रद्वारा आगोमा पस्ने विधि; अनुभव ।
खलो–(ना०) दाईं गर्न वा अन्न सुकाउन बनाएको आँगनजस्तो थलो ।
खलोफुलो–(ना०) पुरोहितले पाउने सिधा र नगद रकम ।
खल्को–( ना० ) जूठो सुनेर गरिने स्नान ।
खल्ती–(ना०) बगली; जेब ।
खल्पी–(ना०) काँक्राको अमिल्याएको अचार ।
खल्मा–(ना०) ताल्चा मार्न ढोकामा जडेको गोल कब्जा; पाखाबाली राख्ने ठाउँ ।
खल्याङखुट्टी–(ना०) एक खुट्टा टेकेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खेलिने एक खेल ।

**खल्यातखुलुत**–(क्रि० यो०) एकै पटक निस्कने वा उखेलिने किसिम ।

**खल्लर**–( वि० ) स्वाद नभएको; खल्लो; बूढो ।

**खल्लो**–( वि० ) नून वा चीनी नपुगेको ।

**खल्वाट**–( वि० ) टाउकोमा रौं खुइलेको ।

**खवाइ**–(ना०) खाने किसिम ।

**खवासे**–(ना०) शारीरिक सेवा गर्ने नोकर ।

**खवैया**–(वि०) धेरै खाने ।

**खस**–( ना० ) क्षत्रीको एक प्रसिद्ध जाति ।

**खसकुरो**–( ना० ) नेपाली भाषाको पुरानो नाउँ ।

**खसक्क**–(क्रि० यो०) सर्ने किसिम; खस्कने किसिम; लुसुक्क ।

**खसखस**–(क्रि० यो०) घाँटीमा हुने असजिलोपन । (ना०) घासो ।

**खसखसे**–( वि० ) नचाहिंदो कुराको चासो लिने ।

**खसम**–(ना०) पोइ; लोग्ने ।

**खसरमसर**–(ना०) गडबड ।

**खसाइ**–( ना० ) खस्ने किसिम वा काम ।

**खसाल्नु**–(स० क्रि०) अरूलाई होच्याएर बोल्नु ।

**खसिपा**–(ना०)काठका चारपाटे टुक्रा ।

**खसी**–(ना०) नपुंसक बनाइएको बोको।

**खसोखास**–(वि०) जस्ताको तस्तो; सफासफी; यथार्थ; सत्य ।

**खस्कनु**–( अ० क्रि० ) खस्नु; पतित हुनु; उंधो लाग्नु; कमजोर हुनु ।

**खस्काइ**–(ना०) खस्कने किसिम वा काम ।

**खस्नु**–( अ० क्रि० ) तलतिर झर्नु; गिर्नु; मर्नु ।

**खस्याकखुसुक**–(क्रि० यो०) कानेखुसी गर्ने किसिम; खासखुस ।

**खस्रो**–(वि०) दरफन्याउने; कडा; पेटमा कपट नभएको ।

**खस्र्याङमस्र्याङ**–(क्रि० यो०) कागतपत्र वा पातहरू चलाउँदा शब्द आउने किसिम ।

**खहरिनु**–(अ० क्रि०) बोट-बिरुवाहरू सुक्नु; बिग्रँदै जानु; पाकेर झर्न खोज्नु ।

**खहरे**–(ना०) वर्षामा बाढी आउने खोल्सो ।

**खाँखाँ**–( ना० ) खाऊँ-खाऊँ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जनाउनु ।

**खाँच**–(ना०) बट्टाई बोक्ने पिंजरा; कपडा चुन्दा पर्ने बुट्टा ।

**खाँचो**–(ना०) हर्जा; गर्ज; अभाव ।

**खाँड**–(ना०) सेतो सखर ।

**खाँडसारी**–(ना०) खैरो रङ्गको चीनी ।

**खाँडी**–(ना०) मोटो सूती कपडा; खाडी; खद्दर ।

**खाँडो**–(ना०) वीरगाथा; तरवार; भाग्य ।

**खाँद**–(ना०) खेतबारीमा चाहिने पानी फाल्न बनाइएको खोल्सो ।

**खाँदाखाँद**–(क्रि० यो०) ठसाठस; ठेलमठेल ।

**खाँदोपिंदो**–(वि०) हुँदोखाँदो; धनी ।

**खाँद्नु**–(स० क्रि०) कोच्नु; थिच्नु; गोद्नु ।

**खाँभो**–(ना०) थाम; खम्बा ।

**खाइखुइ**–(वि०) निम्न स्तरको; तल्लो हैसियतको ।

**खाइजीविका**–(ना०) जीवन-निर्वाह ।

**खाइदेउ**–(वि०) काम नगरी खाने ।

**खाइद्यौ**–(वि०) खाइदेउ ।

**खाइपाइ**–(ना०) खाने र भोग्ने काम ।

**खाइबा**–(वि०) कामधाम नगरी खाइ मात्र रहने ।

**खाइहाल्दो**–(वि०) हुँदोखाँदो; घर-गृहस्थी राम्रो भएको ।

**खाई**–(ना०) खाल्डो; खाडल ।

**खाक**–(ना०) खरानी; भस्म ।

**खाका**–(ना०) चित्र; नक्शा आदिको नमूना; रूपरेखा ।

**खाकी**–(वि०) खैरो । (ना०) सैनिक पोशाकको कपडा ।

**खाग**–(ना०) गैंडाको सीङ । (वि०) खपिस; चतुर ।

**खाग्सी**–(ना०) खस्रा पात हुने एक वृक्ष; कागज वा कपडामा काँचको धूलो टाँसी बनाएको काठ र धातुको कस सफा गर्ने वस्तु ।

**खाक्सी**–(ना०) खाग्सी ।

**खाजा**–(ना०) पोते उन्दा छिरलिएका गेडा; दिउँसोको चमेना; अर्नी ।

**खाजाफाँक**–(ना०) फुको खाजा ।

**खाट**–(ना०) मानिस बस्ने वा सुत्ने पलङ ।

**खाटा**–(ना०) घाउ-खटिरा निको भएर बसेको पाप्रो ।

**खाडल**–(ना०) भङ्खारो ।

**खाडी**–(ना०) धाप; भास; दलदले सिमसार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खात**–(ना०) पोखरी; खाडल; चाङ; तह; रास ।

**खाता**–( ना० ) हरहिसाब लेख्ने किताब; बही ।

**खातापाता**–(ना०) दुवै गालामा आउने दाह्री ।

**खातिर**–( ना० ) आदर; सम्मान; निम्ति; लागि ।

**खाद**-(ना०) मल ।

**खादी**–(ना०) खाँडी; खद्दर ।

**खाद्य**–(वि०) खान योग्य । (ना०) खानेकुरो ।

**खाद्यान्न**–(ना०) अनाज ।

**खानगी**–( ना० ) तलब; वेतन; खवाइ ।

**खानतलाशी**–( ना० ) शङ्का लागेको अभियुक्त वा अवैध मालका निम्ति र कसैको सर्वस्व लिनुपर्दा सरकारले गर्ने घरको छानबीन ।

**खानदान**–(ना०) कुलघरान; उत्तम वंश; खानेकुरा राख्ने तह मिलाइएको भाँडो ।

**खानदानी**–( वि० ) कुलीन; घरानियां ।

**खानपान**–( ना० ) खाने र पिउने काम; खुवाइ र पियाइ; अन्नपानी ।

**खाना**–(ना०) खानेकुरा; खाद्य वस्तु; खण्ड; कोठा; घर ।

**खानि**–(ना०) प्राकृतिक सम्पदा रहेको ठाउँ ।

**खानी**–(ना०) खानि ।

**खानु**-(स० क्रि०) भोजन गर्नु; हसुर्नु; घिच्नु; बेहोर्नु ; पचाउनु ।

**खानेकुरो**-( ना० ) खाद्य पदार्थ; चमेना ।

**खान्की**–(ना०) खानगी ।

**खाप**–(ना०) पत्र; तह ।

**खापा**–(ना०) फेरि भर्दा नपुग्ने परिमाण; झ्याल-ढोकाको खोल्ने र बन्द गर्ने फग्ल्यांटो ।

**खापाखाप**–( क्रि० यो० ) एकमाथि अर्को भएर खप्टिने किसिम ।

**खापी**–(ना०) नैनसूतजस्तो पातलो एक थरी कपडा ।

**खाप्नु**–(स० क्रि०) एउटामाथि अर्को राख्नु; गाभ्नु; खप्टनु ।

**खाप्सियो**–(ना०) राडी, धोक्रो आदि सिउने ठूलो सियो ।

**खाम**–(ना०) चिठीपत्र हाल्ने कागतको थैलो; लिफाफा ।

**खामस**–(ना०) खामोश ।

**खामो**–(ना०) खाँभो; थाम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खामोश–(ना०) धैर्य; चूप; क्षमा ।
खायल–(ना०) एक घरले चर्चेको जग्गा; किसिम; खण्ड ।
खायस–(ना०) चाह; रुचि; प्रयोजन ।
खायोजियो–(ना०) जीविका; गुजारा; पेटपालो ।
खार–(ना०) खनिज नून; खारिलो गन्ध; जलन ।
खारिज–(वि०) हटाइएको; बरखास्त गरिएको ।
खारिजी–(ना०) खारेज हुनु; बरखास्त हुनु ।
खारिलो–(वि०) खारलाग्दो; खारको स्वादको ।
खारेज–(ना०) खारिज ।
खारेजी–(ना०) खारिजी ।
खार्नु–(स० क्रि०) बेसरी पकाउनु; शुद्ध पार्नु; शिक्षाद्वारा बुद्धि पाको बनाउनु; अग्लो जमीन खनेर सम्याउनु ।
खार्पा–(ना०) भोटो, दौरा आदिको काखीमनि गाँसिने तीनकुने अंश ।
खाल–(ना०) जूवा खेल्ने ठाउँ; श्रेणी; स्तर; छाला; बोक्रो ।
खाला–(ना०) बाहिरी पातलो छाला; बोक्रो ।
खालि–(क्रि० यो०) केवल; मात्र ।
खाली–(वि०) रित्तो ।
खालीखण्ड–(ना०) खालीखाल्सा ।
खालीखाल्सा–(ना०) खाली भएको ठाउँ; बहाल नरहेको ठाउँ ।
खाले–(ना०) खाल थाप्ने व्यक्ति; दाउ लिएर खेल्ने खेलाडी ।
खाल्टो–(ना०) खाडल; भड्खारो; भ्वाँग ।
खाल्डो–(ना०) खाल्टो ।
खावा–(ना०) बाक्लो दूध; भाका; शहरको बचाउका निम्ति बाहिरी भागमा बनाइने पानीको खाडल ।
खास–(वि०) जस्ताको तस्तो; यथार्थ; मुख्य ।
खासखुस–(ना०) कानेखुसी; साउती; गामगुम ।
खासा–(वि०) असल; बेस; उत्तम ।
खासी–(ना०) धातुको ठूलो भाँडो । (वि०) मन परेको; भरपर्दो ।
खास्टो–(ना०) बाक्लो सूतीको पछ्यौरा ।
खिचातान–(ना०) तानातान; खिचातानी ।
खिचातानी–(ना०) एउटै कुरोमा दुई थरीको विरोधी प्रयास; तानातान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खिच्नु**–( स० क्रि० ) तान्नु; छोट्टयाउनु; खर्च कम गर्नु; चित्र उतार्नु ।

**खिइनु**–( अ० क्रि० ) घोटिएर घट्दै जानु; खिया लाग्नु; दुब्लाउनु ।

**खिका**–( ना० ) धोती आदिको किनारा ।

**खिचखिच**–( क्रि० यो० ) खिचोला भिक्ने किसिम ।

**खिचडी**–( ना० ) दाल र चामल पकाएको खाद्य पदार्थ; छ्यासमिस ।

**खिचडीमिचडी**–( ना० ) जेतेमेते; खत्र्याकखुत्रुक ।

**खिचाखिच**–( ना० ) खिचातानी; तानातान ।

**खिचोला**–( ना० ) झगडा गर्ने निहुँ; कचिङ्गल; गंडबड ।

**खिच्चुक**–(वि०) सानो चित्त भएको; खिचखिच गर्ने; छुच्चो; कृपण ।

**खिच्चो**–( ना० ) झर्को लाग्ने गरी कचकचाउने मान्छे; व्यर्थै भुकिरहने कुकुर ।

**खिच्रीमिच्री**–(ना०) खत्र्याकखुत्रुक ।

**खिच्रो**–(ना०) खिचडी ।

**खिजाब**–(ना०) फुलेको कपाल, जुंगा आदि रंगाई कालो बनाउनु ।

**खिजिनु**–(स० क्रि०) दिग्दारी हुनु; रिस उठ्नु ।

**खितखित**–( क्रि० यो ) मधुर स्वरमा हाँस्ने किसिम ।

**खित्का**–( ना० ) बेसरी हाँस्दाको आवाज ।

**खिन्न**–( वि० ) दिक्दार; विरक्त; उदास ।

**खिन्नता**–(ना०) उदास हुनाको भाव।

**खिपाइ**–( ना० ) खिप्ने किसिम वा काम ।

**खिपाडोरी**–(ना०) मसिनो डोरी।

**खिपुवा**–( बि० ) खिपिएको ।

**खिप्नु**–( स० क्रि० ) कसेर बुन्नु; मसिनो गरी सिउनु ।

**खिया**–(ना०) धातुको भांडामा लाग्ने कस; काई ।

**खियाइ**–(ना०) खिइने वा खियाउने किसिम ।

**खियाउनु**–( स० क्रि० ) ढुङ्गा चलाउनु; घोटेर पातलो पार्नु; खिया लाग्ने पार्नु ।

**खिरखिरे**–( ना० ) घट्टमा अन्न झार्ने ढूंड थर्काउने वस्तु; पुतली; इनारबाट पानी झिक्ने पाङ्ग्रो; घिर्नी।

**खिरिखिरी**–( ना० ) चुरिफुरी; तुजुक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खिरिलो–(वि०) मसिनो तर दह्रो; दबिलो ।
खिर्नी–(ना०) एक किसिमको रूख ।
खिर्रो–(ना०) एक किसिमको रूख; एक खेलौना । (वि०) सानोतिनो ।
खिलाफ–(वि०) विरुद्ध ।
खिल्नु–(स० क्रि०) बारुला, अरिङ्गाल आदिले टोक्नु; रोप्नु; उन्नु ।
खिल्लत–(ना०) बकस; इनाम ।
खिल्ली–(ना०) हँसी; दिल्लगी; पानको बीडा ।
खिसिक्क–(क्रि० यो०) निराश हुने किसिम; दिक्क; बिस्तार हाँस्ने किसिम ।
खिसी–(ना०) गिल्ला; हेला ।
खिसीटिउरी–(ना०) हँसीठट्टा; गिल्ला; दिल्लगी ।
खिस्याउनु–(स० क्रि०) जिस्क्याउनु; हिस्स पार्नु; गिज्याउनु ।
खिस्सा–(ना०) खुकुरीको दापमा रहने थैली ।
खिहिरो–(ना०) चिल्लो पदार्थ कुहुँदा आउने नमीठो स्वाद ।
खिहि्याउनु–(अ० क्रि०) खिहिरो स्वादको हुनु ।
खीप–(ना०) पेटी आदि अल्झाउने साधन; क्लिप ।
खीर–(ना०) चामल, मसला, चीनी आदि दूधमा पकाएको खाद्य पदार्थ ।
खील–(ना०) काँडो; सुइरो; तुस ।
खुँगा–(ना०) चोयाको बल्छी ।
खुँगे–(ना०) अप्ठेरो कुरा ।
खुँडा–(ना०) एक किसिमको ठूलो खड्ग ।
खुँडाइ–(ना०) खुँड्ने किसिम वा वा काम ।
खुँडे–(वि०) ओठ काटिएको; खुँडो ।
खुँडो–(वि०) खुँडे ।
खुँड्नु–(स० क्रि०) डाडुले थिचेर टुक्र्याउनु; धुल्याउनु; कुल्चनु ।
खुँदाइ–(ना०) खुँद्ने किसिम वा काम ।
खुँद्नु–(स० क्रि०) कुल्चीमिल्ची पार्नु ।
खुइय्य–(ना०) थकाइ लाग्दा निक्लने शब्द ।
खुइले–(वि०) खुइलिएको; तालुमा रौं नभएको ।
खुई–(ना०) बिस्कुन चलाउने फल्याक; फ्याउरी; सुस्केराको शब्द; खई; ढुसी ।
खुकुम्डी–(ना०) काखी; त्यसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आउने पसीनाका गन्ध ।

**खुकुन्डो**–(ना०) काठ हालेर बनाएको गाई-वस्तु बाँध्ने दाम्लो; तिनैलाई नभागून् भनी घाँटीमा झुन्ड्याउने कीलो ।

**खुकुरी**–( ना० ) नेपालको राष्ट्रिय हतियार ।

**खुकुलो**–(वि०) नकसिएको; होलो ।

**खुच्चिङ**–(ना०) कसैको बिगारमा खुशी मानेर बोलिने शब्द ।

**खुट**–(ना०) ठेगाना; निधो ।

**खुटी**–(ना०) लुगा झुन्ड्याउने कीलो ।

**खुटुवा**–(वि०) बलियोसँग सिइएको ।

**खुट्किलो**–(ना०) खुट्टाले टेकी उक्लने सिंढी ।

**खुट्को**–(ना०) मनमा गडेको कुरा; सुर्को ।

**खुट्टिनु**–(अ० क्रि०) ठम्मिनु; निश्चय हुनु; ठहरिनु ।

**खुट्टी**–(ना०) साना र दुब्ला खुट्टा; काटेका बोका, खसी आदिका खुट्टा ।

**खुट्टेँसो**–( ना० ) गाईवस्तुको खुट्टा बाँध्ने सानो दाम्लो ।

**खुट्टे**–(वि०) गोडा सुनिएको; खुट्टा भएको (खाट, पिर्का आदि) ।

**खुट्टो**–(ना०) गोडा; पाउ ।

**खुट्नु**–(स० क्रि०) बलियो र मसिनो पारी सिउनु ।

**खुड्किलो**–(ना०) खुट्किलो ।

**खुतुतुतु**–(क्रि० यो०) हाँस्ने किसिम ।

**खुत्तिनु**–(अ० क्रि०) छाला जानु; खुइलिनु; नासिनु; मर्नु; उम्कनु ।

**खुत्रुक्क**–( क्रि० यो० ) सानोतिनो माल खस्ने किसिम; भुतुक्क ।

**खुद**–(वि०) आफैं; खास ।

**खुदो**–(ना०) बाक्लो पारी पकाएको उखुको रस ।

**खुद्रा**–(ना०) सानोतिनो वस्तु; फुटकर; चानचुन ।

**खुन**–(ना०) दोष; खोट ।

**खुनी**–(वि०) दोषी; कन्जूस ।

**खुन्याहा**–(वि०) अङ्गभङ्ग भएको ।

**खुन्रिनु**–(अ० क्रि०) बुढ्याइँले सुकेर खुम्चिनु ।

**खुन्रे**–(वि०) खुन्रिएको ।

**खुन्रो**–(वि०) काम नलाग्ने; बेकम्मा (हतियार आदि) ।

**खुप**–(वि०) खूब ।

**खुपिया**–(ना०) कडा नभएको पकाउने ठूलो भाँडो ।

**खुपी**–(ना०) खूबी ।

**खुम्चा**–(ना०) मुजा; चाउरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खुम्चिनु–(अ० क्रि०) साँघुरिनु; चाउरिनु; लज्जित हुनु ।

खुम्रे–(वि०) खुन्रे ।

खुम्रो–(वि०) खुन्रो ।

खुन्सिनु–(अ० क्रि०) ठुस्सिनु ।

खुर–(ना०) पशुका खुट्टाको टेक्ने भाग ।

खुरन्धार–(ना०) एकोहोरो लाग्नु; तल्लीन हुनु ।

खुरा–(ना०) जुत्ताको कुर्कुच्चा ।

खुराक–(ना०) तागत दिने खाना; ओखतीको मात्रा ।

खुराकी–(ना०) खुराक खानलाई दिइएको रुपियाँ ।

खुराकिलो–(वि०) पोसिलो ।

खुरुक्क–(क्रि० यो०) तुरुन्त काम गर्ने किसिम; सजिलोसित ।

खुरुखुरु–(क्रि० यो०) सरासर; धमाधम ।

खुरुङ्गो–(वि०) पातलो र सानो; धेरै खिइएको ।

खुर्कनु–(स० क्रि०) बोक्रा फाल्नु; भुइँ ताछ्नु; उप्काउनु; मेट्नु ।

खुर्ची–(ना०) भारी लाद्ने थैलो ।

खुर्पा–(ना०) दाउरा, स्याउला आदि काट्ने ठूलो हँसियाजस्तो हतियार ।

खुर्पानी–(ना०) एक जातको स्वादिलो फल ।

खुर्पी–(ना०) सानो खुर्पा ।

खुर्पे–(वि०) खुर्पाका बान्कीको ।

खुर्पेचाँद–(ना०) खुर्पाका आकारको चन्द्रमा ।

खुर्पेटो–(ना०) खुर्पेठचाक ।

खुर्पेठचाक–(ना०) खुर्पा राख्ने खोल ।

खुर्र–(क्रि० यो०) छिटो दगुर्ने किसिम ।

खुर्रो–(वि०) पातलो र सानो; ज्यादै खिइएको ।

खुर्लुप्प–(क्रि० यो०) अर्काको जम्मै धन हडप्ने किसिम; सबै निल्ने किसिम ।

खुर्सानी–(ना०) पीरो हुने प्रसिद्ध एक फल ।

खुर्सानि–(ना०) एक प्रकारको क्षार; सर्पको विषनाशक बूटी ।

खुलखुल–(क्रि० यो०) पानी थोरै बग्ने किसिम ।

खुलखुले–(ना०) उपर्तली; हैजा ।

खुलदुली–(ना०) जिज्ञासा; तुलबुल ।

खुलस्त–(वि०) स्पष्ट; सफा ।

खुला–(वि०) उघारो; उदाङ्ग; बन्द नभएको; खुलस्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खुलाउनु–(स० क्रि०) खुला पार्नु; उघारो पार्नु; मुक्त गर्नु; बाधा फुकाउनु।

खुलेआम–(क्रि० यो०) सबैको अगाडि; खुल्लमखुल्ला।

खुल्किनु–(अ० क्रि०) रौं वा छाला जानु; खुइलिनु; चम्किनु; नापिनु; मात्तिनु।

खुल्नु–(अ० क्रि०) उघ्रनु; फुक्का हुनु; प्रकाशित हुनु; सुहाउनु; छर्लङ्ग हुनु।

खुवा–(ना०) दूध पकाएर बनाएको खावा; कुराउनी; एक किसिमको बिर्ता।

खुश–(वि०) प्रसन्न; हर्षित। (ना०) इच्छा।

खुशबू–(ना०) मीठो बास्ना; सुगन्ध।

खुशामद–(ना०) चाकरीपूर्ण कोशिश; मुलाहिजा।

खुशी–(ना०) हर्ष; प्रसन्नता; आनन्द; इच्छा।

खुशीयाली–(ना०) हर्षबढाइँ।

खुसखुस–(क्रि० यो०) साउती गर्ने किसिम।

खुसखुसे–(वि०) साउती गर्ने; छुल्याहा; घुसघुसे।

खुसुक्क–(क्रि० यो०) गडबड नगरी; सुरुक्क।

खुस्कनु–(अ० क्रि०) फुस्कनु; खुल्नु; मुक्त हुनु; भाग्नु; भुल्नु; मर्नु; बित्नु।

खुस्रुक्क–(क्रि० यो०) घुस्रने किसिम; खुसुक्क।

खुस्स–(क्रि० यो०) कानमा बिस्तारै कुरा गर्ने किसिम।

खूट–(ना०) दिशा; हाता; साल्मीको तेल भर्ने आधामाने भाँडो।

खून–(ना०) हिंसा; हत्या; रगत।

खूनी–(ना०) हत्यारो; घातक।

खूब–(वि०) धेरै; प्रशस्त; ज्यादा।

खूबी–(ना०) कामको निपुणता; विशेषता; असल गुण।

खेचर–(वि०) आकाशमा घुम्ने।

खेत–(ना०) धान रोपिने जग्गा; पच्चीस रोपनीको परिमाण।

खेतालो–(ना०) ज्याला लिएर काम गर्ने ज्यामी।

खेती–(ना०) कृषि; किसानी।

खेतीपाती–(ना०) खेती; किसानी।

खेतीवाल–(ना०) खेती गर्ने मान्छे; किसान।

खेद–(ना०) अपसोच; दिक्दारी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खेदा–(ना०) हात्ती पक्रनु; पशु लखेटेर गरिने शिकार ।

खेदाइ–(ना०) खेद्ने किसिम, काम वा भाव ।

खेदुवा–(वि०) खेदिएको; धपाइएको; धेरै दिन हिंडाइएको ।

खेदो–(ना०) खेद्ने काम; कसैको पीछा लागेर निन्दा गर्नु; टोकसो ।

खेद्नु–(स० क्रि०) लखेट्नु; दपेट्नु; टोकस्नु ।

खेप–(ना०) एक पटकमा बोकिने वस्तु; व्यापारको यात्रा; पटक; बाजि ।

खेपाइ–(ना०) खेप्ने किसिम वा काम ।

खेपुवा–(वि०) खेपिएको; पटक-पटक गरी ओसारिएको ।

खेप्नु–(स० क्रि०) खेप गर्नु; निर्वाह गर्नु; धान्नु ।

खेर–(क्रि० यो०) अकार्थ; व्यर्थ । (ना०) समय; छिन ।

खेराइ–(ना०) खेर्ने काम ।

खेरि–(क्रि० यो०) समयमा; खेर ।

खेर्नु–(स० क्रि०) केरकार गर्नु; खोत्याउनु ।

खेल–(ना०) मन बहलाउने काम; कसरत; नाचतमाशा; क्रीडा; लीला; पेच; जालझेल; सजिलो काम ।

खेलकुद–(ना०) क्रीडा ।

खेलबाड–(ना०) खेल; ख्यालठट्टा ।

खेलाँची–(ना०) ख्यालठट्टा ।

खेला–(ना०) क्रीडा; खेल ।

खेलाडी–(वि०) खेल्ने; खेल्न सिपालु ।

खेलाहा–(वि०) धेरै खेल्ने ।

खेलो–(ना०) व्यापारमा रुपियाँ-पैसा लगाउनु; खरीद-बिक्री; जेथो; मूल धन ।

खेलोफुको–(ना०) खरीद-ब्रिक्रीको काम; फौबन्जारी ।

खेलौना–(ना०) पुतली; खेल्ने सामग्री ।

खेल्नु–(स० क्रि०) खेल गर्नु; खेलाँची गर्नु; कसरत गर्नु; नाचतमाशा गर्नु; चेष्टा गर्नु; व्यापारमा रुपियाँ लगाउनु ।

खेवा–(ना०) नाउ तार्ने काम; नाउ तार्ने ज्याला; व्यापारिक यात्रा; खेप; एक प्रकारको बिर्ता; जनावरको पदचिह्न ।

खेवारा–(ना०) थालनी; आरम्भ ।

खेस–(ना०) मोटो सूतले बनेको कपडा ।

खेसरी–(ना०) दाल खाइने एक अन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खेस्रा**–(ना०) मसौदा; प्रालेख ।

**खेस्रो**–(ना०) महत्त्व नभएको कागजको टुक्रो ।

**खैं**–( ना० ) सोधपूछ; केरकार; खबर । ( वि० बो० ) बेवास्ता, बिस्मात आदि जनाउने शब्द; खोइ ।

**खैंचनु**–( स० क्रि० ) खिच्नु; तान्नु; किफायत गर्नु; काबूमा राख्नु ।

**खैंजडी**–(ना०) बिटका ठाउँ-ठाउँमा छिन्द्रिङ्ग जडिएको एक प्रकारको वाद्य-यन्त्र ।

**खैंजडे**–(वि०) नडाकीकन आउने ।

**खैंखबर**–( ना० ) खोजखबर; हालखबर ।

**खैंमल**–(ना०) ढोकाको ताल्चा अड्याउने साधन ।

**खैराँत**–(ना०) दीन-दुःखीलाई खुशीले दिइएको दान ।

**खैराँती**–(वि०) रद्दी; काम नलाग्ने ।

**खैराँते**–(वि०) साधारण; मामूली; तल्लो दर्जाको; असभ्य ।

**खैरो**–(वि०) खयरजस्तो रङ्गको ।

**खैलाबैला**–(ना०) खलबल; हल्लाखल्ला ।

**खोंच**–(ना०) दुई पहाडका बीचको साँघुरो ठाउँ ।

**खोइ**–(वि० बो०) विस्मय, दिक्दारी प्रश्न आदि बुझाउने शब्द ।

**खोइरो**–(ना०) टाउकामा रौं झर्ने रोग; आलु, पिंडालु आदिमा लाग्ने कीरा; खेदो ।

**खोइलो**–(ना०) उखु पेली निकालिएको छोक्रा ।

**खोकलाइ**–(ना०) खोकल्ने काम ।

**खोकल्नु**–(स० क्रि०) मुखमा पानी हालेर हल्लाउनु; कुल्ला गर्नु ।

**खोकिलो**–( ना० ) छातीनिर लुगाभित्र जीउमाथिको खाली ठाउं ।

**खोकी**–( ना० ) कफसम्बन्धी रोग; खोक्ने रोग ।

**खोक्नु**–( स० क्रि० ) कफ निकाल्न खोज्नु; ख्याकख्याक गर्नु ।

**खोक्रे**–(वि०) खोक्रो ।

**खोक्रो**–(वि०) भित्र केही नभएको; गुदीबिनाको ।

**खोङ्गी**–(ना०) कुखुरा हाल्ने चोयाको कोक्रो ।

**खोचो**–(ना०) भूत मन्सिन बनाइने एकसरो पातको दुनु ।

**खोच्याउनु**–(स० क्रि०) गोडामा घाउ लागी हर बङ्ग्याएर हिंड्नु ।

**खोज**–(ना०) खोज्ने काम; अन्वेषण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खोजखबर**–(ना०) पत्तो; खँखबर ।

**खोजमेल**–(ना०) खोजी ।

**खोजाइ**–(ना०) खोज्ने किसिम वा काम ।

**खोजिनिती**–(ना०) कुनै कुराको बढी चासो लिएर गरिएको खोजी ।

**खोजी**–(ना०) खोज ।

**खोज्नु**–(स० क्रि०) हराएको माल आदि पत्ता लगाउन कोशिश गर्नु; चेष्टा गर्नु; तलाश गर्नु; अन्वेषण गर्नु ।

**खोट**–(ना०) दोष; औजस; अवगुण ।

**खोटाकीला**–(ना०) पहिरो रोक्न वा नदीका किनारको बचाउका निम्ति ठोकिने काठ वा बाँसका कीला ।

**खोटिनु**–(अ० क्रि०) घट्नु; कम हुनु; खनि हुनु; मासिनु ।

**खोटी**–(वि०) खोट भएको; दोषी; कपटी । (ना०) घाउमा लाउने खोटोबाट बनेको ओखती ।

**खोटेत्रो**–(ना०) फलमा खोटोजस्तो पदार्थ जम्ने फलको एक रोग ।

**खोटेसल्लो**–(ना०) खोटो निस्कने एक जातको सल्लो ।

**खोटो**–(ना०) रूखबाट निस्कने चोब । (वि०) व्यबहारमा नचल्ने; दागी; दोषी ।

**खोटचाउनु**–(स० क्रि०) खर्च गर्नु; मास्नु; कम गर्नु ।

**खोतलखाज**–(ना०) खन्नु; खोज-खाज ।

**खोतलाइ**–(ना०) खोतल्ने काम ।

**खोतल्नु**–(स० क्रि०) खनी-खनीकन कुनै वस्तु झिक्नु; खोस्रनु ।

**खोते**–(ना०) अड्को; खुँगे; विग-ठ्याइँ ।

**खोप**–(ना०) मनको घाउ; क्षोभ; शोक ।

**खोपडी**–(ना०) खप्पर; कपाल ।

**खोपाइ**–(ना०) खोपाउने किसिम वा काम ।

**खोपाउनु**–(स० क्रि०) खोप्न लगाउनु; शीतलाको टीका लगाएर घोचाउनु ।

**खोपिल्टो**–(ना०) सानो खोपो वा खाल्टो ।

**खोपी**–(ना०) पैसा बच्चेर खेलिने एक खेल; अन्तपुर; जनाना-महल ।

**खोपो**–(ना०) गाह्रामा बनाइएको प्वाल ।

**खोप्नु**–(स०क्रि०) प्वाल पार्नु; खोपिल्टो पार्नु; शीतलाको टीका लगाएर घोच्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खोप्रो**–(ना०) सानो खोप्रो ।

**खोप्रेबूढी**–(ना०) गर्दनका बीचमा परेको खोपिल्टो; खोप्रामा बस्ने बूढी ।

**खोप्रो**–(ना०) नोकरचाकर बस्ने सानो घर; झोपडी ।

**खोप्लो**–(ना०) सानो खाल्टो ।

**खोयो**–(ना०) मकैको दाना रहने भाग ।

**खोर**–(ना०) वस्तु थुन्ने घर; पिंजडा; पुर्पक्ष नहुन्जेल अभियुक्तलाई राखिने ठाउँ ।

**खोरन्डो**–(वि०) लङ्गडो ।

**खोरिया**–(ना०) बाली लाउन फाँडिएको बाँझो पाखो जग्गा ।

**खोरी**–(ना०) सानो डुनु ।

**खोरेंत**–(ना०) खोऱ्याँत ।

**खोरो**–(ना०) सानो पातलो रद्दी भाँडो; कुकुर्च्चा फुट्ने रोग ।

**खोर्ना**–(ना०) पैतालामा प्वाल पर्ने एक रोग ।

**खोऱ्याँत**–(ना०) गाई-गोरुका खुरमा घाउ हुने रोग ।

**खोल**–(ना०) कुनै वस्तुको बचाउका लागि बनाइएको थैलो; काठमा कपेर बनाइएको खोल्सो ।

**खोलखाल**–(ना०) खोल्ने-उघा... काम ।

**खोला**–(ना०) जाँड खाने सा... खालको कचौरा ।

**खोलानाला**–(ना०) नदीनाला; सान... नदी ।

**खोलिनु**–(स० क्रि०) उघ्रिनु ।

**खोलीबाँसुरी**–(ना०) भएभरका जम्... कुरा ।

**खोलुवा**–(ना०) चोरीका मालक... विवरण; पूर्ण बयान । (वि०) प्रतिबन्ध हटाउने; फुक्का गर्ने ।

**खोले**–(ना०) माडजस्तो पिउने पदार्थ; कुँडो । (वि०) सभ्यता नभएको ।

**खोलेफाँडो**–(वि०) गरीबको खाले... कुरा ।

**खोलो**–(ना०) सानो नदी; नदीक... वरपरको गाउँघर ।

**खोल्नु**–(स० क्रि०) खुला पार्नु; उघार्नु; उद्‌घाटन गर्नु; निकाल्नु; कुदाउनु; स्पष्ट गर्नु ।

**खोल्साखोल्सी**–(ना०) साना ठू... खोल्साहरू ।

**खोल्सी**–(वि०) सानो खोल्सो ।

**खोल्सो**–(ना०) सानो-सानो खोला... खहरे; खोंच; कुलेंसो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**खोसमोस**-(ना०) खोस्ने र मोस्ने काम ।
**खोसाइ**-(ना०) खोस्ने किसिम वा काम ।
**खोसाखोस**-(ना०) परस्परमा खोस्ने काम ।
**खोसुवा**-(ना०) खोसिएको; खोस्ने ।
**खोसेलो**-(ना०) छिरलिएको घाँस, पराल आदि ।
**खोसेल्टो**-( ना० ) च्यातिएको पात, बोक्रो, कागत आदि ।
**खोसेल्नु**-(स० क्रि०) खजमज्याउनु; यचतत्र पार्नु ।
**खोस्टो**-(ना०) अन्न, फल आदिको बोक्रो; मकैका घोगाको पात; खेस्रो; नोट ।
**खोस्नु**-(स० क्रि०) बलजफ्ती लिनु; हर्नु; जागीरबाट झिक्नु ।
**खोस्मेरो**-(ना०) काम नलाग्ने कागत, पात आदि ।
**खोस्रनु**-( स० क्रि० ) माथिको तह मात्र खन्नु; खोतल्नु; गोड्नु; खुट्टाले कोतर्नु ।
**खोस्रो**-( ना० ) मरेका पशुपक्षीको शरीरमा पराल कोचेर बनाएको आकृति; हतियारको खोल; ज्याभल हाल्ने थैलो; खोस्टो ।
**खौरनु**-(स० क्रि०) छुराले रौं खुर्कनु ।
**खौरिनु**-(स० क्रि०) खौरनु ।
**खौरेमसिनो**-(ना०) काम पूरा गर्न नसक्नेलाई भनिने हेय शब्द ।
**खौलिनु**-(अ० क्रि०) खौलामा पर्नु; भङ्खारोमा पर्नु ।
**खौलो**-(ना०) खाल्टो; भङखारो ।
**ख्याँच्नु**-( स० क्रि० ) प्रतियोगितामा जित्नु; उम्दा बन्नु; थिच्नु ।
**ख्याउटे**-( वि० ) दुब्लो; पातलो; सिकटे; ख्याउटे ।
**ख्याउटो**-(वि०) ख्याउटे ।
**ख्याउनु**-( स० क्रि० ) खियाउनु ।
**ख्याक**-(ना०) भूत; सार्‍है बूढो ।
**ख्यात**-(वि०) प्रसिद्ध; नामी ।
**ख्याति**-(ना०) प्रसिद्धि; नाउँ चल्नु ।
**ख्वाम्सो**-( वि० ) दह्रो नभएको; लुलो; पातलो ।
**ख्याल**-(ना०) ठट्टा; दिल्लगी; खेलबाड; समझ; विवेक ।
**ख्यालख्याल**-( ना० ) ख्यालठट्टा; हेलचेक्र्याइँ ।
**ख्याली**-(वि०) ख्याल गर्ने; ठटयौलो । (ना०) लोकगीतको एक लय ।
**ख्यासख्यास**-(क्रि० यो०) छिटो-छिटो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लेख्ने किसिम; घाँटी सगसगाउने किसिम ।

**खिृस्टीय**–(वि०) ईसवी ।

**ख्वाँट्टा**–(वि०) आखिरी पालो पर्ने ।

**ख्वाक्क**–(क्रि० यो०) खोक्ने वा कफ फिक्ने किसिम ।

**ख्वात्त**–(क्रि० यो०) गीलो पदार्थ खस्ने किसिम । (वि०) सबै जम्मै ।

**ख्वामित**–(ना०) मालिक; स्वामी; प्रभु ।

**ख्वाल्ल**–(क्रि० यो०) पानी आदि पन्यालो वस्तु पोखिने वा खनिने किसिम ।

# ग

**ग**– देवनागरी वर्णमालाको तेस्रो व्यञ्जनवर्ण, उच्चारणस्थान कण्ठ ।

**गँगटो**–(ना०) जलमा रहने एक प्राणी ।

**गँगरिनु**–(अ० क्रि०) जाडोले कठ्याङ्ग्रिनु; अररिनु ।

**गँगर्किनु**–(स० क्रि०) जाडोले कक्रक्क पर्नु ।

**गँजडी**–(वि०) गाँजाको अम्मली ।

**गँजाइ**–(ना०) गाँज्ने किसिम वा क्रिया ।

**गँज्याहा**–(वि०) गँजडी ।

**गँजौटो**–(ना०) एक हातको पन्जामा अटाएसम्मको परिमाण ।

**गँडाहा**–(वि०) गाँड भएको । पो० गँड्ही ।

**गँडेउलो**–(ना०) पानीमा वा हिलोमा बस्ने लामो कीरो; गँड्यौलो।

**गँड्यौलो**–(ना०) गँडेउलो ।

**गँथाइ**–(ना०) गुँथ्ने किसिम वा भाव ।

**गँवार**–(वि०) असभ्य; कोर्काली।

**गँवैया**–(वि०) गाउँले ।

**गँसाइ**–(ना०) गाँस्ने किसिम वा भाव ।

**गँसुवा**–(वि०) गाँसिएको; गाँसिन परेको ।

**गँसौट**–(ना०) गँसाइ ।

**गउँत**–(ना०) गाईको मूत ।

**गउँते**–(वि०) गउँतको जस्तो रङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएको ।

**गउँत्याउनु**–(अ० क्रि०) गाईले मुत्नु ।

**गउन**–(ना०) गौन; एकथरी रङ्गी-चङ्गी कपडा ।

**गकार**–(ना०) 'ग' अक्षर ।

**गगन**–(ना०) आकाश; नभ ।

**गगल**–(ना०) आँखाको सुरक्षाको लागि लाइने रङ्गीन चश्मा ।

**गग्रेटो**–(ना०) पानीको गाग्रो राख्ने ठाउँ ।

**गङ्गा**–(ना०) भागीरथी; पवित्र नदी ।

**गङ्गा-जमुना**–(ना०) गङ्गा र जमुना नदी; जुम्ल्याहा दिदी-बहिनी ।

**गङ्गाजमुनी**–(वि०) पूजा-आजामा प्रयोग गरिने (भाँडो) ।

**गङ्गाजल**–(ना०) गङ्गा नदीको पानी ।

**गच्कनु**–(अ० क्रि०) घमन्डले फुल्नु ।

**गच्काइ**–(ना०) गच्कने किसिम वा काम ।

**गच्छ-गच्छ**–(अ० क्रि०) आफ्नो-आफ्नो जानुपर्ने ठाउँमा जानु ।

**गच्छे**–(ना०) औकात; सावगास; पूँजी; सम्पत्ति ।

**गच्छयाउनु**–(स० क्रि०) गाँस्नु; जोड्नु; गाभ्नु; खाप्नु ।

**गज**–(ना०) हात्ती; दुई हात वा तीन फुट लमाइको नाप; त्यति लामो नाप्ने डन्डी; चौडाइ । (वि०) तीन फुटको ।

**गजक**–(ना०) रक्सी खाएपछि मुखको स्वाद फेर्न खाइने खानेकुरो ।

**गजक्क**–(क्रि० यो०) गम्कने किसिम, गमक्क ।

**गजगज**–(क्रि० यो०) फींज काढ्ने किसिम; गीलो वस्तु मुछिने किसिम ।

**गजगिरी**–(ना०) पुल आदिको लट्ठा ।

**गजघट्ट**–(क्रि० यो०) काममा नलागी मजासित बसिरहने किसिम; ठस-मस्स ।

**गजधम्म**–(क्रि० यो०) धुमधुमती परेर बस्ने किसिम; गजधुम्म ।

**गजधुम्म**–(क्रि० यो०) बादल धुम्मिने किसिम; गजधम्म ।

**गजब**–(वि०) अनौठो; विलक्षण; अद्भुत ।

**गजप**–(वि०) गजब ।

**गजपाल**–(ना०) माहुते ।

**गजबार**–(ना०) हात्ती छेक्ने बार; ढोका बन्द गर्ने दह्रो आग्लो; बिरे-आग्लो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गजमोती**–(ना०) हात्तीको मस्तकमा हुने मोती ।

**गजरा**–(ना०) फूलको मोटो माला ।

**गजल**–(ना०) गीति छन्दमा लेखिएको एक प्रकारको कविता ।

**गजा**–(वि०) गज भएको ।

**गजिलो**–(वि०) ठूलो गज भएको; फराकिलो चौडाइ भएको ।

**गजी**–(वि०) गजा ।

**गजुवा**-(वि०) कालो शरीर र खैरो टाउको भएको (गोरु) ।

**गजूर**–( ना० ) शिखर; कलश; मन्दिरको टुप्पो भाग ।

**गजेट**-(ना०) सर्वसाधारण जनतालाई सूचित गर्ने औपचारिक र आधिकारिक सरकारी पत्र; राजपत्र ।

**गजेटेड**–(वि०) गजेटमा प्रकाशित ।

**गजो**-(ना०) सारङ्गी, बेला, टयाम्को, दमाहा आदि बजाउने लट्ठीजस्तो वस्तु ।

**गज्मौरो**–(ना०) ठेलमठेल गरेर बस्ने सांघुरो ठाउँ वा अवस्था; बिथलो ।

**गज्याङगुजुङ**–(क्रि० यो०) धेरै थरी मालताल एकै ठाउँमा मिसिने किसिम, गोलमाल ।

**गज्यौंटो**–(ना०) गाजल राख्ने भांडो ।

**गट्टा**–(ना०) केटाकेटीले खेल्ने ढुङ्गाका साना टुक्रा; कमलको केशर रहने ठाउँ वा फल; डल्लो वस्तु; नरिवल; बेल आदिको फल ।

**गट्टी**–(ना०) गुच्चा खेल्दा शुरुमा हान्ने ठाउँमा राखिने ढुङ्गा वा अरु वस्तुको चिनु; खेल्ने गोल मिलेका ससाना ढुङ्गा ।

**गट्टे**–(ना०) गट्टाजस्तो; गेडा फरिसकेको तोरीको बोट ।

**गट्टो**–(ना०) फर्सी आदिको कलिलो गेडो ।

**गट्ठा**–(ना०) बन्दूक आदिका गोली र बारुदहरू; ठूलो मूठो; जम्मा; भेला ।

**गठ**–(ना०) भेला; मतो ।

**गठन**–(ना०) बनाउनु; रचना ।

**गठनी**–(ना०) दाम्लाको गांठो ।

**गठरिनु**–( अ० क्रि० ) गठरो हुनु; गाँठा-गाँठा पर्नु ; साह्रो हुनु ।

**गठरी**–(ना०) पोकोपन्तरो; कुम्लो। (वि०) गान्टी; डल्ली (आइमाई)।

**गठरो**–( वि० ) गांठा-गांठा परेको; नबढेको; पुड्को; गान्टे ।

**गठिलो**-(वि०) पोटिलो र दह्रिलो; खँदिलो; भरिलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गठे**–(ना०) नेवार जातिको एक थरी तान्त्रिक वर्ग ।

**गठेचा**–(ना०) लस्सादार र चिप्लो एक किसिमको माटो ।

**गठेमङ्गल**–(ना०) श्रावण कृष्ण चतुर्दशीको दिन; त्यस दिन राक्षसको पूजा गरिने पर्व; घण्टाकर्ण ।

**गठ्याङ्ग्रो**–(वि०) शरीरको कद नमिलेको; गठरो ।

**गडगड**–(क्रि० यो०) मेघ गर्जेजस्तो आवाज निस्कने किसिम ।

**गडगडाइ**–(ना०) गडगडाउने किसिम वा काम ।

**गडगडाउनु**–(अ० क्रि०) ठूलो स्वरले कराउनु; गर्जनु; फूर्तिसाथ आउनु-जानु ।

**गडगडाहट**-(ना०) गडगडाउने किसिम वा काम; गडगडाइ ।

**गडगडिनु**–(अ० क्रि०) अर्कालाई मन नपरेको कुरा गर्नु; बकबक गर्नु ।

**गडतीर**–(ना०) खोलाका तीरको कोप्चो जमीन; बगर ।

**गडप**–(ना०) गड्नु; अर्काको माल लिएर पचाउनु; डुब्नु; हडप ।

**गडबड**–(ना०) तलमाथि पर्नु; गोल-माल; खिचोला ।

**गडबडिनु**–(अ० क्रि०) गडबड हुनु ।

**गडल**–(वि०) गडेको; गाडिएको ।

**गडाइ**–(ना०) गड्ने वा गाड्ने काम ।

**गडाउ**–(वि०) गाडिएको; गड्वा ।

**गड्वा**–(ना०) करुवा; टुटी भएको पानीको भाँडो । (वि०) गड्ने किसिमको ।

**गड्कनु**–(अ० क्रि०) फूर्तिसाथ बोल्नु; कट्कनु; गर्जनु ।

**गड्नु**–(अ० क्रि०) गाडिनु; विचार गर्नु; रिनमा डुब्नु ।

**गड्याङ्गुडुङ**–(क्रि० यो०) मेघ गर्जंदा शब्द आउने किसिम । (ना०) मेघ गर्जेको शब्द; गडबड ।

**गड्याङ्ङ**–(क्रि० यो०) चटयाङ वा वज्र पर्दा आवाज आउने किसिम ।

**गढन्त**–(वि०) गढेर वा अजमाएर विचार गर्ने ।

**गढाइ**–(ना०) गढ्ने किसिम, काम वा भाव ।

**गढी**–(ना०) सानो गढ ।

**गढ्नु**–(अ० क्रि०) खूब विचार गर्नु; गहिरिएर सोच्नु; तन्मय हुनु; बना-वटी कुरा गर्नु ।

**गण**–(ना०) जमात; बथान; समूह ।

**गणतन्त्र**–(ना०) जनतन्त्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गणतन्त्रीय**–(वि०) गणतन्त्रसम्बन्धी ।

**गणतान्त्रिक**–(वि०) गणतन्त्रीय ।

**गणना**–(ना०) गन्नु; गन्ती; लेखो; हिसाब ।

**गणनायक**–(ना०) गणेश; कुनै गणको नायक वा नेता ।

**गणपति**–(ना०) गणेश; गणनायक ।

**गणराज्य**–(ना०) गणतन्त्रीय राज्य ।

**गणिका**–(ना०) वेश्या; रण्डी ।

**गणित**–(ना०) सङ्ख्याशास्त्र; हिसाब; हिसाब सिकाउने विद्या ।

**गणितज्ञ**–(वि०) गणितको ज्ञाता ।

**गणेश**–(ना०) गणको मालिक; गणपति; विनायक ।

**गण्डकी**–(ना०) पश्चिम नेपालको एक प्रसिद्ध नदी ।

**गण्डमाला**–(ना०) घाँटीमा मालाका रूपमा आउने गिर्खा ।

**गण्य**–(वि०) गनिन लायक; गनिनुपर्ने ।

**गण्यमान्य**–(वि०) गनिनु र मानिनुपर्ने; सम्मानित ।

**गत**–(ना०) खराब हालत; दुर्गति । (वि०) गएको; बितेको ।

**गताङ्क**–(ना०) अगिल्लो अङ्क; गएको अङ्क ।

**गति**–(ना०) हिँडाइ; चाल; हालत; अवस्था ।

**गतिछाडा**–(वि०) गतिपति नभएको ।

**गतिपति**–(ना०) हालत; अवस्था ।

**गतिमति**–(ना०) बुद्धिअनुसारको स्थिति ।

**गतिमान**–(वि०) चलायमान; गतिशील; हिँडडुल गर्ने ।

**गतिलो**–(वि०) बलियो र असल; गहकिलो ।

**गतिशील**–(वि०) गतिमान ।

**गते**–(ना०) महीनाको प्रत्येक दिन ।

**गत्तम**–(वि०) गए-गुज्रेको; गति नभएको ।

**गथासो**–(ना०) मनमा जमेको सुख-दुःखको कुरो; गन्थन ।

**गदरा**–(ना०) ठूलो फराकिलो डोरे सुकुल ।

**गदा**–(ना०) प्राचीन कालको मुङ्ग्रो-जस्तो हतियार ।

**गद्कनु**–(अ० क्रि०) राम्ररी छड्कनु ।

**गद्काइ**–(ना०) गद्कने किसिम वा काम ।

**गद्गद**–(वि०) हर्षित; प्रसन्न ।

**गद्दर**–(ना०) फोहोर-मैला; हिलो । (वि०) फोहोरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गद्दरपोश**–( ना० ) पाउ पुछ्नका निम्ति ढोकामा बिछ्याइने कपडा ।

**गद्दा**–(ना०) बाक्लो नरम बिछ्याउना ।

**गद्दी**–(ना०) राजसिंहासन; गादी ।

**गद्दीनशीन**–( वि० ) सिंहासनमा बसेको ।

**गद्दीबैठक**–(ना०) श्री ५ महाराजाधिराजको गद्दी रहेको हनुमान ढोका स्थित बैठक ।

**गद्दू**–(ना०) भालुको बच्चो ।(वि०) काम नलाग्ने; रद्दी ।

**गद्य**–(ना०) छन्दमा नबाँधिएको रचना; काव्यको एक भेद ।

**गधा**–(ना०) भारी बोकाइने घोडाका जातिको जन्तु । (वि०) नीच ।

**गधापच्चीसी**–(ना०) मानिसको १६ देखि २५ वर्षसम्मको अनुभव नभएको र उत्ताउलो अवस्था ।

**गनगन**–( ना० ) झर्को लाग्ने गरी त्रिस्नारै बोलेको कुरो; फतफत ।

**गनगनाइ**–(ना०) गनगनाउने किसिम वा काम ।

**गनगनाउनु**–(अ० क्रि०) गनगन गर्नु; फतफताउनु ।

**गनगनाहट**–(ना०) गनगनाइ ।

**गनगने**–(वि०) गनगन गर्ने ।

**गनाइ**–(ना०) गन्ने किसिम वा भाव ।

**गनिगनाउ**–(ना०) हाताहाती ।

**गनिनु**–(स० क्रि०) गणना गरिनु; गन्तीमा परिनु ।

**गनौटो**–(ना०) गन्ने पाटी ।

**गन्ज**–(ना०) परेवा पाल्न बनाइएको खोपा-खोपा परेको बाकस ।

**गन्जागोल**–(ना०) धेरै माल छ्यासमिस भएर एकै ठाउँमा रहनु; भद्रगोल ।

**गन्जी**–(ना०) एक किसिमको सानो भोटो ।

**गन्ती**–(ना०) गिनती; गणना ।

**गन्थन**–(ना०) काम न काजको लामो कुरा ।

**गन्थमे**–(वि०) नचाहिंदो र लामो कुरो गर्ने ।

**गन्दगी**–(ना०) फोहोर; मैलो ।

**गन्ध**–(ना०) बास्ना; वास; महक; सुइँको । (वि०) थोरै ।

**गन्धक**–(ना०) बारुद औषधी आदिमा काम लिइने एक थरी खनिज पदार्थ; एक किसिमको उपधातु ।

**गन्धराज**–(ना०) एक जातको फूल ।

**गन्धर्व**–(ना०) गान-बजान गर्ने एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



देव-जाति, गाइने ।
**गन्धर्व-विद्या**–(ना०) सङ्गीत-विद्या ।
**गन्धर्व-विवाह**–(ना०) आमा-बाबुको मन्जूरीबिना युवक-युवतीले माया-पिर्तीबाट गर्ने बिहे ।
**गन्धालु**–(वि०) गन्ध भएको; गन्ध आउने ।
**गन्धे**–(ना०) एक प्रकारको व्याँर ।
**गन्नु**–(स० क्रि०) गन्ती गर्नु; गन्नु; हिसाब गर्नु ।
**गन्नेगान्ने**–(वि०) गण्यमान्य ।
**गप्फड**–(वि०) गफी; गफाडी ।
**गप्फा**–(ना०) ठूलो गाँस वा बूजो ।
**गप्फ्याउनु**–(स० क्रि०) ठूलो गाँस हालेर खानु ।
**गफ**–(ना०) मनोरञ्जनका कुरा; ठट्यौलो कुराकानी ।
**गफलत**–(ना०) गल्ती; भूलचूक ।
**गफाडी**–(वि०) खूब गफ गर्ने; गफी ।
**गफास्टक**–(वि०) गफी; गफाडी ।
**गफी**–(वि०) गफ गर्ने; गफाडी; फटाहा ।
**गबडू**–(वि०) भर्खर जबानी चढेको; सलसलाउँदो ।
**गबुवा**–(ना०) दूध दुहुने काठ, बाँस आदिको भाँडो; ढुङ्ग्रो ।
**गभर्नर**–(ना०) शासक; प्रशासक ।
**गम**–(ना०) गौर; विचार ।
**गमक्क**–(क्रि० यो०) गम्कने किसिम ।
**गमन**–(ना०) हिँड्नु; जवाइ ।
**गमक्र्याउनु**–(स० क्रि०) मुठीमा अटाई नअटाई हुने गरी लिनु ।
**गमला**–(ना०) माटाको भाँडोमा रोपिएको फूल वा त्यस्तो फूल रोप्ने भाँडो ।
**गमागम**–(वि०) भरिभराउ ।
**गमार**–(वि०) गँवार; फोहोरी ।
**गमिलो**–(वि०) गमी; धैर्यपूर्वक विचार गर्ने ।
**गमी**–(वि०) विचारशील; गमिलो ।
**गम्कनु**–(अ० क्रि०) रूप, सीपबाट गमक्क पर्नु; मस्त हुनु; बेसरी बाजा बज्नु ।
**गम्काइ**–(ना०) गम्कने किसिम वा काम ।
**गम्क्याहट**–(ना०) गम्काइ ।
**गम्छा**–(ना०) आङ पुछ्ने रुमाल; अँगोछा ।
**गम्भीर**–(वि०) गहिरो; धेर नबोल्ने शान्त स्वभावको ।
**गम्म**–(ना०) आनन्द; ध्यानो (क्रि० यो०) गम्कने वा भरिभराउ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुने किसिम ।

**गम्मागम्म**–(वि०) भरिभराउ ।

**गम्मागम्मी**–(वि०) गम्मागम्म ।

**गम्रङ्ङ**–(क्रि० यो०) राम्ररी अंगालो हाल्ने किसिम ।

**गयब**–(वि०) रद्दी; बेकम्मा ।

**गयल**–(ना०) हाजिर नहुनु; अनुपस्थित ।

**गरज**–(ना०) गर्ज ।

**गरम**–(ना०) तातोपन; गर्मी । (वि०) तातेको ।

**गरमागरम**–(वि०) खूब तातो; पाक्दा पाक्दैको ।

**गरमागरमी**–(ना०) जोशसाथको भनाभन ।

**गराइ**–(ना०) गर्ने किसिम वा भाव ।

**गरालो**–(ना०) पीङको काठ आदिमा तेर्स्याइएको लामो काठ ।

**गरियो**–(ना०) तेल राख्ने काठको भांडो ।

**गरिष्ठ**–(वि०) नपच्ने; ज्यादा गह्रौं; उम्दा; मान्य ।

**गरीब**–(वि०) निर्धन,; दरिद्र; दुःखी ।

**गरीबगुरुवा**–(ना०) गरीबहरूको समूह ।

**गरीब-परवर**–(वि०) गरीबको पालन-पोषण गर्ने ।

**गरीबमारा**–(वि०) गरीबहरूलाई सताउने; उनीहरूमाथि अन्याय गर्ने ।

**गरुड**–(ना०) पक्षीको राजा; विष्णुको वाहन ।

**गरो**–(ना०) वरिपरि डील वनाई पाटा पारिएको खेत ।

**गर्खा**–(ना०) गाउँहरूको समूह ।

**गर्खिनु**–(अ० क्रि) एकै ठाउंमा थुप्रिनु ।

**गर्ख्याइ**–(ना०) गर्खिने काम ।

**गर्चो**–(वि०) ग्याँचे; पुड्को ।

**गर्ज**–(ना०) खाँचो; आवश्यकता ।

**गर्जन**–(ना०) ठूलो शब्दले कराउनु; गर्जनाको शब्द ।

**गर्जनु**–(अ० क्रि०) ठूलो स्वरले बोल्नु; मेघ कराउनु; गड्कनु ।

**गर्दन**–(ना०) घाँटीको पिठ्यूँतिरको भाग ।

**गर्दनी**–(ना०) घोक्र्याइ; गलहत्ती ।

**गर्दने**–(वि०) ठूलो मोटो गर्दन हुने ।

**गर्धन**–(ना०) गर्दन ।

**गर्धन्याउनु**–(स० क्रि०) घोक्र्याउनु; मुन्टयाउनु ।

**गर्दागर्दी**–(ना०) ठूलो लडन्त वा घमा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सान ।

**गर्दीघमासान**–( ना० ) ठूलो युद्ध; घम्साघम्सी ।

**गर्नु**–(स० क्रि०) कुनै काम तामेल पार्नु; कुनै कुरो थाल्नु ।

**गर्भ**–(ना०) पेटमा नानी रहने ठाउँ; पाठेघर; गर्भाशय; पेटको नानी ।

**गर्भपात**–(ना०) गर्भ तुहुने वा तुहाउने काम ।

**गर्भवती**–(वि०) गर्भ भएकी ।

**गर्भाशय**–(ना०) गर्भमा नानी रहने ठाउँ; पाठेघर ।

**गर्भिणी**–(वि०) गर्भवती; दोजिया ।

**गर्भ्य**–(वि०) गर्भको; गर्भसम्बन्धी ।

**गर्माइ**–(ना०) गर्माउने किसिम वा काम ।

**गर्माउनु**–( स० क्रि० ) तातो पार्नु; न्यानो तुल्याउनु । (अ० क्रि०) तात्नु; रिसाउनु ।

**गर्माहट**–(ना०) गर्मी; उष्णता ।

**गर्मी**–(ना०) गरमी ।

**गल**–(ना०) गला; घांटी; गह्रौं वस्तु उखेल्ने वा पल्टाउने फलामे डन्डी ।

**गलक्क**–(क्रि० यो०) पाकेर वा सडेर ज्यादै गल्ने किसिम ।

**गलगिद्ध**–( क्रि० यो० ) घांटीसम्म आउने गरी खाने किसिम ।

**गलचेप**–( ना० ) करकाप; जबर जस्ती ।

**गलत**–(वि०) ठीक नभएको; असत्य; अशुद्ध ।

**गलती**–(ना०) भूल; अशुद्धि ।

**गलफदी**–( ना० ) फजूलको बहस; नचाहिँदो कुराको तर्क ।

**गलफन्दी**–(ना०) गलाको पासो ।

**गलफुलो**–(ना०) घांटीमा आउने एक रोग ।

**गलबदी**–(ना०) गलफदी ।

**गलबन्द**–(ना०) गलबन्दी ।

**गलबन्दी**–(ना०) गलामा बेर्ने वस्त्र ।

**गलमगाँठो**–(ना०) घांटीमा सुर्काउनी नपरोस् भनी दाम्लामा पारेको गाँठो ।

**गलहत्ती**–( ना० ) गलामा समातेर हुत्याउनु; गर्दनी ।

**गला**–(ना०) घाँटी; स्वर; आवाज ।

**गलास**–(ना०) पशुको गलो; वस्तु बाँध्ने दाम्लाको गलाभरिको फेरो ।

**गलेनी**–( ना० ) गोडाका औंलाको काप फुट्ने एक रोग ।

**गलैंचा**–( ना० ) रङ्गीचङ्गी बुट्टा भएको ऊनको बिछयाउना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गलो**–(ना०) गला ।

**गलोसेरा**–(वि०) गलो सेर्ने; गरीब-मारा ।

**गल्छेडो**–(ना०) खोच परेको छोटो बाटो; साँघुरो गल्ली ।

**गल्डचाङ्ग्रो**–(वि०) राम्ररी बोल्न नजान्ने; लठेप्रो ।

**गल्ती**–(ना०) गलती ।

**गल्थो**–(ना०) फरियाको ठूलो मुजा; घाँसको ठूलो मूठो ।

**गल्नु**–(अ० क्रि०) पग्लनु; नरम हुनु; विवश हुनु ।

**गल्याकगुलुक**–(क्रि० यो०) गलक्क; फतक्क ।

**गल्याङमल्याङ**–(क्रि० यौ०) गडबड वा खलबल हुने किसिम ।

**गल्ली**–(ना०) शहरभित्रको साँघुरो बाटो ।

**गवाइ**–(ना०) गाउने किसिम वा भाव ।

**गवाह**–(ना०) कुनै घटना देख्ने व्यक्ति; साक्षी ।

**गवाही**–(ना०) देखे-जानेका घटनाको विषयमा दिइने बयान ।

**गहकिलो**–(वि०) खँदिलो; महत्त्व-पूर्ण ।

**गहत**–(ना०) एक किसिमको दाल ।

**गहते**–(वि०) गहतजस्तो वर्ण भएको ।

**गहना**–(ना०) शोभाको लागि लगाइने सुनको माल; आभूषण ।

**गहिरो**–(वि०) माथ्को भाग भासिएको वा गाडिएको; अ्राँतभेउ नपाइने; भित्री अर्थ भएको ।

**गहीरो**–(वि०) गहिरो ।

**गहुँ**–(ना०) एक प्रसिद्ध अन्न ।

**गहुँगोरो**–(वि०) गहुँकोजस्तो वर्ण भएको ।

**गहुँत**–(ना०) गउँत ।

**गऱ्हुंगो**–(वि०) उचाल्न गाह्रो पर्ने; गह्रौं ।

**गऱ्हुङ्गो**–(वि०) गऱ्हुंगो ।

**गह्रौं**–(वि०) गऱ्हुंगो ।

**गाँज**–(ना०) धान, घाँस आदिको झाँग; झाँगिएको बूटो ।

**गाँज्नु**–(स० क्रि०) झम्टनु; छोप्नु; प्रभाव फैलाउनु ।

**गाँठ**–(ना०) धागो; कपडा आदिको तौल वा बाँधेको भारी ।

**गाँठगोभी**–(ना०) जरामा गांठो हुने तरकारीविशेष ।

**गाँठागँठी**–(ना०) साना-ठूला गाँठा-हरू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गाँठी**–(ना०) जुक्ति; खूबी; पूँजी; कद; भित्री कुरो ।

**गाँठे**–(वि० बो०) उदेक, उत्सुकता आदि बुझाउने शब्द । (वि०) गाँठे-गाँठा परेको; गान्टे ।

**गाँठो**–(ना०) मस्केको सुर्काउनी; डल्लो; आँख्लो; गानु ।

**गाँड**–(ना०) घाँटीमा रोगले निस्कने मासुको डल्लो ।

**गाँडू**–(ना०) गधाको बच्चो । (वि०) रद्दी ।

**गाँथ्नु**–(स० क्रि०) गुँथ्नु; गाँस्नु ।

**गाँस**–(ना०) एक चोटि मुखमा हालिने खानेकुरा; गप्फा; गाँसेको टुक्रा; गँसोट ।

**गाँसबास**–(ना०) खानेबस्ने व्यवस्था ।

**गाँस्नु**–(स० क्रि०) दुई बेग्ला वस्तु जोर्नु; गाँथ्नु; सिउनु ।

**गाइजात्रा**–(ना०) भदौ कृष्ण परेवाका दिन हुने एक पर्व ।

**गाइतिहार**–(ना०) कार्तिक कृष्ण औंसीको दिन र त्यो दिन गर्ने उत्सव ।

**गाइतिहारे**–(ना०) एक किसिमको रूख ।

**गाइने**–(ना०) सारङ्गी बजाएर गीत गाउने र घुम्दै जीविका गर्ने एक जाति ।

**गाइनेकीरो**–(ना०) सलहजस्तो एउ जातको कीरो ।

**गाई**–(ना०) घरपाला प्रसिद्ध पशु; गौ ।

**गाईवस्तु**–(ना०) गाई, भैँसी आदि समुदाय ।

**गाउँ**–(ना०) शहरबाहिरको पातलो बस्ती; सानो-सानो बस्ती; ग्राम ।

**गाउँघर**–(ना०) गाउँ; छिमेक; घरसार ।

**गाउँले**–(वि०) गाउँमा बस्ने; एउ गाउँको; छिमेकी ।

**गाउजो**–(ना०) एकजातको लहरे घाँस ।

**गाउन**–(ना०) स्नातकहरूलाई दि विशेष प्रकारको पोशाक ।

**गाउनु**–(स० क्रि०) गाउने काम गर्नु; गीत भन्नु; ताना छोड्नु ।

**गाग्री**–(ना०) पानी हाल्ने धातुको भाँडो ।

**गाग्रो**–(ना०) पानी हाल्ने माटाको भाँडो ।

**गाछी**–(ना०) बोट; रूख; काँग ।

**गाज**–(ना०) फीँज ।

**गाजर**–(ना०) सूपका जस्तो पात ह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एक जातको रातो, पहेंलो मूला ।

**गाजल**–( ना० ) आँखामा लगाउने कालो श्रृङ्गारको वस्तु ।

**गाजली**–(ना०) गाजल लाएकी स्त्री; आँखावरिपरि कालो भएकी गाई ।

**गाडा**–(ना०) बयल वा गोरु तान्ने सवारी ।

**गाडावान**–(वि०) गाडा हाँक्ने व्यक्ति ।

**गाडी**–(ना०) माल ओसार्ने र सवारीको साधन (मोटर, बग्गी, रेल आदि) ।

**गाढा**–(वि०) धेरै; खूब; चहकिलो; बाक्लो ।

**गाढे**–(वि०) सधैं रिसाएको वा बेखुशी रहने; घोसे ।

**गाता**–(ना०) पुस्तकको हिफाजतका निम्ति बाहिरपट्टि लगाइएको दह्लो कागज; जिल्द; आवरण ।

**गाथ**–(ना०) शरीर; जीउ ।

**गाथगादी**–(ना०) राजाको शरीर र राजसिंहासन ।

**गाथा**–( ना० ) कथन; कथा; वृत्तान्त; गीत; श्लोक ।

**गादी**–(ना०) सिंहासन; गद्दी ।

**गादो**–(ना०) शरीरमा दोहरो छड्के पारी लाइने लुगा ।

**गान**–(ना०) गीत ।

**गान-बजान**–(ना०) गवाइ र बजाइ ।

**गाना**–(ना०) गीत ।

**गानु**–(ना०) डल्लो; पिंडालु आदिको कन्द ।

**गानो**–(ना०) गानु ।

**गान्टे**–(वि०) गान्टो भएको; पुड्के; गाँठे ।

**गान्टेमूला**–( ना० ) सलगमजस्तो बाटुलो आकारको मूला ।

**गान्धीवाद**–(ना०) महात्मा गान्धीले चलाएको सत्य र अहिंसाका आधारमा अड्ने सिद्धान्त ।

**गान्धीवादी**–( वि० ) गान्धीवादमा चल्ने वा त्यो सिद्धान्त मान्ने ।

**गाप**–(ना०) घरको जगमा हालिने ढुङ्गो; जगको ढुङ्गो ।

**गाफिल**–(ना०) अवगाल; अवजस ।

**गाभा**–( ना० ) कर्कलाको भित्री पालुवा; अर्को रूखमा उम्रने लता र त्यसको फूलविशेष ।

**गाभिनी**–(ना०) गर्भिणी; गर्भवती; पेट बोकेकी स्त्री ।

**गाभो**–(ना०) टुसो; पिपिरो; धानको बीउको बोट ।

**गाभ्नु**–(स० क्रि०) खप्टनु; जोर्नु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



थप्नु ।

**गामगुम**–( ना० ) भित्रभित्रै चलेको हल्ला; खासखुस ।

**गामल**–(ना०) गाउँघर; छिमेक ।

**गायक**–( ना० ) गाउने व्यक्ति; गवैया ।

**गायत्री**–(ना०) बिहान-बेलुकी जपिने वैदिक मन्त्र ।

**गायन**–(ना०) गीत; गाना ।

**गायब**–(वि०) बेपत्ता; लुप्त; अलप ।

**गारत**–(ना०) पल्टनको पहरा; अङ्ग-रक्षक दल; खात ।

**गारद**–(ना०) गारत ।

**गारो**–(वि०) गाह्रो । (ना०) ईंट-ढुङ्गाले बनाइएको घर, पर्खाल आदिको भित्तो भाग ।

**गार्ड**–(ना०) पहरादार; रक्षक ।

**गाल**–(ना०) अन्नगाल; गाफिल ।

**गालपारा**–(वि०) गाल पार्ने ।

**गाला**–(ना०) मुखको दाहिने र देब्रे तिरको पाखा; कपोल ।

**गाली**–( ना० ) दुर्वाच्य; नराम्रो बोली ।

**गाहक**–(वि०) गाहकी ।

**गाहकी**–(वि०) ग्राहक; गाहक ।

**गाह्रो**–( ना० ) गारो । ( वि० ) कठिन; असजिलो ।

**गाह्रोसाँगुरो**–(वि०) अप्ठेरो; असजिलो ।

**गाह्रोसाङ्ग्रो**–(वि०) गाह्रोसाँगुरो ।

**गाह्रोसाह्रो**–( वि० ) खनखाँचो; गाह्रोसाँगुरो ।

**गिंड**–(वि०) टाउको नभएको शरीर; धड; गिंडुल्को ।

**गिंडाइ**–(ना०) गिंड्ने किसिम वा काम ।

**गिंडुल्को**–(ना०) रूख, उखु आदिको टुक्रो ।

**गिंडो**–(ना०) चन्दन घोट्ने श्रीखण्ड आदिको गिंड ।

**गिंड्नु**–( स० क्रि० ) गिंड पार्नु; टुक्र्याउनु ।

**गिजलाइ**–( ना० ) गिजल्ने किसिम वा काम ।

**गिजल्नु**–( स० क्रि० ) गोलो वस्तु हातले वेसरी मुछ्नु ।

**गिजा**–( ना० ) दाँत रहने मुखको भाग ।

**गिजिनु**–(अ० क्रि०) छिहिलिनु; इ...रिनु; जिस्किनु ।

**गिजीमिजी**–(क्रि० यो०) ढङ्ग नपुगेको काम गर्ने किसिम; गज्याङगुजुङ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गिजोलाइ–(ना०) गिजलाइ ।
गिजोल्नु–(स० क्रि०) गिजल्नु ।
गिज्ज–(क्रि० यो०) फींज काढ्ने किसिम ।
गिज्याउनु–(स० क्रि०) नाक; मुख आदि बङ्ग्याएर कसैलाई जिस्क्याउनु; हँस्सी उडाउनु; ख्याल गर्नु ।
गिठो–(ना०) तरुलका जस्तै पात भएको लहरामा फल्ने एक फल ।
गिताङ्गे–(ना०) गायक ।
गितार–(ना०) सितारका किसिमको रेटेर बजाइने एक बाजा ।
गिदी–(ना०) खप्परको भित्री भाग वा त्यसभित्र रहने पदार्थ; मथिङ्गल; मस्तिष्क ।
गिद्ध–(ना०) मरेका प्राणीको मासु खाने ठूलो पक्षी । (वि०) मासु खानमा साह्रै लोभ गर्ने ।
गिद्रो–(ना०) काँक्रा, फर्सी, बाँस आदिको भित्री भाग वा गुदी ।
गिनती–(ना०) गणना; गन्नु; गन्ती ।
गिनीफोर–(ना०) लौकाठ; एक किसिमको चरा ।
गिन्नी–(ना०) सुनको सिक्का ।
गिरफ्तार–(वि०) कुनै अभियोगमा समातिएको ।
गिरफ्तारी–(ना०) गिरफ्तार हुने क्रिया; पक्राउ ।
गिराइ–(ना०) गिर्ने किसिम ।
गिराउनु–(स० क्रि०) खसाल्नु; तल पार्ने चेष्टा गर्नु ।
गिरान–(ना०) हानि; नोक्सान; टुट्टा ।
गिरि–(ना०) पहाड; पर्वत ।
गिरी–(ना०) संन्यासीको एक थर ।
गिर्खो–(ना०) सानो फोको वा खटिरो; ढुङ्गा आदिको सानो टुक्रो ।
गिर्जाघर–(ना०) ईसाईहरूको प्रार्थना गर्ने घर ।
गिर्दा–(ना०) वरिपरिको घेरा; क्याम्पा; कुँडुलो ।
गिर्नु–(अ० क्रि०) खस्नु; झर्नु; तल पर्नु ।
गिर्री–(ना०) भकुण्डो खेल्ने टाउको भएको लट्ठी ।
गिलाफ–(ना०) पिजडाको खोल ।
गिलास–(ना०) पानी खाने शीशाको भाँडो ।
गिलिक्क–(क्रि० यो०) बेसरी पाक्ने किसिम ।
गिलिलिलि–(क्रि० यो०) खित्का छोडी हाँस्ने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गिल्टी**–( ना० ) धातुका भाँडामा लगाइने मोलम्बा; शरीरको जोर्नीमा निस्कने गाँठो ।

**गिल्याउनु**–(स० क्रि०) गीलो पार्नु; नरम तुल्याउनु ।

**गिल्ला**–(ना०) हेला; निन्दा; ठट्टा; हँस्सी ।

**गिल्ली**–(ना०) हँस्सी; ठट्टा; गिल्ला ।

**गिल्सिन**–(ना०) एक प्रकारको लेसाइलो औषधी ।

**गीत**–(ना०) गाना; भजन ।

**गीत गीतकार**–(ना०) लेख्ने व्यक्ति ।

**गीता**–(ना०) धर्म र दर्शनका श्लोक भएको ग्रन्थ (भगवद्गीता, रामगीता, शिवगीता आदि) ।

**गीद**–(ना०) गीत ।

**गीलो**–(वि०) बढ्ता पाकेको; पानीको मात्रा धेरै भएको; गलेको ।

**गुंजाइ**–(ना०) गुँज्ने किसिम, काम वा भाव ।

**गुंज्नु**–( अ० क्रि० ) गुञ्जन गर्नु; भुनभुनाउनु ।

**गुंड**–(ना०) चराको बस्ने बास वा ठाउँ ।

**गुंडुलिनु**–( अ० क्रि० ) खुम्चिएर बाटुलो हुनु; गुँडुलो पर्नु; घुंगुरिनु ।

**गंडुलो**–( ना० ) खुम्चिएर बाटु[illegible] भएको; घुँगुरिएको ।

**गुंडुल्किनु**–(अ० क्रि०) गुँडुलिनु ।

**गुँडुल्को**–(ना०) गुँडुलो ।

**गुँद**–(ना०) रूखको एक किसिम[illegible] चोप; खोटो ।

**गुँदरी**–(ना०) गुन्द्री ।

**गुइँठे**–(ना०) गुइँठाजस्तो ।

**गुइँठो**–(ना०) थेप्चो पारी सुका[illegible] गोबरको पाप्रो ।

**गुइँया**–(ना०) भित्री सल्लाह; म[illegible] घनिष्ठ मित्रता ।

**गुच्छा**–(ना०) फूलको झुप्पो; गु[illegible]

**गुच्छो**–(ना०) गुच्छा ।

**गुजमुज्ज**–( क्रि० यो० ) खु[illegible] किसिम; एकै ठाउँमा थुप्रिने कि[illegible]

**गुजरान**–(ना०) जीविका; निर्वा[illegible]

**गुजारा**–( ना० ) पेटपालो; जी[illegible] निर्वाह ।

**गुजारिनु**–(स० क्रि०) समय [illegible] हनु; बेला काटिनु ।

**गुजार्नु**–(स० क्रि०) समय बित[illegible] तारीखको दिन हाजिर नहुनु ।

**गुजी**–( ना० ) बाबोलीमा ज[illegible] कुरा; बुजी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गुजुमुजु–( क्रि० यो० ) खुम्चिने वा मुजा पर्ने किसिम ।
गुजेस्ता–(ना०) गुजरान ।
गुज्जा–(ना०) खेल्ने काँचको गोली ।
गुज्रनु–( अ० क्रि० ) समय नाघ्नु; बेला टर्नु; बित्नु; मर्नु ।
गुञ्जन–(ना०) भँवराको शब्द; मधुर ध्वनि ।
गुटमुटिनु–(अ० क्रि०) गुट्टुमुट्टु भएर छोपिनु; लडीबुडी हुनु; ।
गुटिका–(ना०) गोली; सानो चेप्टो आकारको पुस्तक ।
गुट्टुमुट्टु–( क्रि० यो० ) कपडा आदि ओढेर राम्ररी छोपिने किसिम ।
गुठियार–( ना० ) आलोपालो गुठी चलाउने व्यक्ति वा गुठीको हकदार ।
गुठिल–(वि०) लुकेको; छिपेको । (ना०) सम्पत्तिको पोको ।
गुठी–(ना०) गूठी ।
गुठुरो–(वि०) सानो पोको ।
गुड–(ना०) सखर; चाकु ।
गुड्डी–(ना०) नचाहिँदो फुइँ ।
गुड्नु–(अ० क्रि०) गोलो चीज भइँमा लड्दै जानु ।
गुण–(ना०) व्यक्ति वा वस्तुमा पाइने विशेषता; शील; लक्षण; विशिष्ट स्वभाव; सत्व, रज, तम—यी तीन प्रकृति; भलाइ; हित; गुन ।
गुणक–(ना०) गुन्ने अङ्क ।
गुणग्राही–(वि०) गुण सम्झने; गुणको आदर गर्ने ।
गुणन–(ना०) गुन्ने काम; गुणा गर्नु ।
गुणवाचक–(वि०) गुणको बोध गराउने ।
गुणा–(वि०) गुणन गरिएको; गुनिएको ।
गुणी–(वि०) गुण भएको; इलमी ।
गुत्थो–(ना०) फूलको झुप्पो; पोते आदिका लुङ्को गुच्छो ।
गुथ्नु–( अ० क्रि० ) पगरी, फेटा आदि पहिरनु; बाँध्नु; लपेट्नु ।
गुद–(ना०) मलद्वार; गुदा ।
गुदद्वार–(ना०) चाकको प्वाल; मलद्वार ।
गुदा–(ना०) गुदद्वार ।
गुदी–(ना०) फलहरूको सार वस्तु; भित्री तत्त्व वा पदार्थ; खूबी ।
गुन–( ना० ) उपकार; भलाइ; गुण ।
गुनकेसरी–(ना०) पहेँलो केशर हुने सेतो फूल फुल्ने एक फूल ।
गुनगुन–(क्रि० यो०) बिस्तारै बोल्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वा गुनगुनाउने किसिम ।

**गुनगुनाउनु**–(अ० क्रि०) अरूले नसुन्ने वा नबुझ्ने गरी बोल्नु वा गाउनु; गुनगुन गर्नु ।

**गुना**–( ना० ) पेच काटिएको रेखा । (वि०) गुणा ।

**गुनासो**–(ना०) मनको दुःख; गथासो ।

**गुनिउँ**–(ना०) छोटो फरिया ।

**गुनिउँचोलो**-(ना०) फरिया र चोलो ।

**गुनी**–(वि०) गुन भएको; गुणी ।

**गुनुगुनु**–(क्रि० यो०) बिस्तारै गाउने वा कुरा गर्ने किसिम ।

**गुन्टिनु**–(अ० क्रि०) गुन्टाजस्तो भई बेह्रिनु; असफल हुनु; नाश हुनु ।

**गुन्टो**–( ना० ) बिछ्याउना बेरेर डोरीले बाँधेको पोको ।

**गुन्डो**–(वि०) बदमास; रण्डीवाज; नक्कले ।

**गुन्द्री**–(ना०) तानको डोरीमा पराल आदिले बुनेको सुकुल ।

**गुन्द्रुक**–(ना०) साग सुकाई अमिल्याएर बनाएको तरकारी ।

**गुन्द्रुके**–(वि०) गुन्द्रुकजस्तो; रद्दी; वेकम्मा ।

**गुन्नु**-(स० क्रि०) विचार गर्नु; गुणा गर्नु ।

**गुपचूप**–(ना०) कुनै कुरो दवाउनु; ढाकछोप; चूपचाप; एक किसिमको मिठाई ।

**गुप्त**–( वि० ) लुकेको; छिपेको; गोप्य ।

**गुप्तचर**–(ना०) गुप्ती पुलिस; जासूस; चेवा ।

**गुप्ति**–(ना०) छिपाउनु; लुकाउनु; गुप्तपन ।

**गुप्ती**-(वि०) गुप्त; ढाकिएको ।

**गुफा**–(ना०) सुरुङ; ओढार ।

**गुब्बारा**–( ना० ) रबरको थैलामा हावा भरी उडाइने रङ्गीचङ्गी खेलौना ।

**गुभो**–(ना०) कर्कलो, मकै आदिको भित्री पात; पिपिरो; मुनु ।

**गुम**–(ना०) बेपत्ता; गायब; अलप ।

**गुमज**–( ना० ) झ्याल, ढोका र छतमा बनाइने गोलो परेको बान्की ।

**गुमनाम**–( वि० ) बेनामी; नाम नलेखिएको ।

**गुमस्ता**–(ना०) भित्री सल्लाह; कुरा वार्ता; एजेन्ट ।

**गुमाइ**–(ना०) गुमाउने किसिम वा काम ।

**गुम्बज**–(ना०) गुमज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गुम्बा**–(ना०) भोटेहरूको मन्दिर ।

**गुरगुर**–( क्रि० यो० ) आगो बल्ने किसिम ।

**गुराँस**–(ना०) रातो वा सेतो झुप्पाकार फूल फुल्ने एक वृक्ष ।

**गुराँसे**–(वि०) गुराँसजस्तो ।

**गुरु**–( ना० ) विद्या दिने व्यक्ति; शिक्षक; आचार्य; मन्त्रदाता; पूज्य व्यक्ति; दुई मात्राको अक्षर वा दीर्घ अक्षर । (वि०) ठूलो; मान्नुपर्ने ।

**गुरुकापी**–( ना० ) मूल पत्र; पाण्डुलिपि ।

**गुरुकुल**–( ना० ) गुरुघराना; गुरुको आश्रम; विद्याश्रम ।

**गुरुघराना**–( ना० ) पहिलेदेखि गुरु भएर आएको कुल वा खलक ।

**गुरुङ**–(ना०) नेपालको एक जाति ।

**गुरुङसेनी**–(ना०) गुरुङजातिकी स्त्री ।

**गुरुपूर्णिमा**–(ना०) गुरुको पूजाआजा गरिने पूर्णिमा; आषाढ शुक्ल पूर्णिमाको दिन ।

**गुरुमा**–( ना० ) गुरुकी पत्नी; स्त्री गुरु ।

**गुर्किनु**–(अ० क्रि०) मर्नु; मृत्यु हुनु ।

**गुर्जो**–(ना०) एक लहरो ।

**गुलाफ**–(ना०) एक किसिमको सुगन्धयुक्त फूल ।

**गुलाफजामुनु**–(ना०) एक किसिमको मिठाई वा फल ।

**गुलाफी**–(वि०) गुलाफजस्तो; गुलाफका रङ्गको ।

**गुलाब**–(ना०) गुलाफ ।

**गुलाबी**–(वि०) गुलाफी ।

**गुलाम**–(ना०) कमारो; दास ।

**गुलामी**–(ना०) चाकरी; कमार्तन ।

**गुलियो**–( वि० ) मीठो; मधुर । (वि०) त्यस्तो स्वाद ।

**गुलेली**–(ना०) धनुष; मटयाङग्राले हान्ने सानो धनुष, फित्कौली ।

**गुल्टिनु**–(स० क्रि०) पछारिनु; मर्नु; हार्नु; फेल हुनु ।

**गुहार**–(ना०) मद्दत; सहायता ।

**गुहारे**–(ना०) गुहार दिने; सहायक ।

**गुहु**–(ना०) विष्ठा ।

**गुहुधाई**–(ना०) दूध नखुवाई बालकको स्याहारसुसार गर्ने आइमाई ।

**गुहेधन्दा**–(ना०) मन नपर्दो झन्झटको काम ।

**गुहेली**–(ना०) एक किसिमको रूख ।

**गुह्य**–(वि०) खोल्न नहुने; गुप्त ।

**गुह्यकाली**–(ना०) गुह्येश्वरी ।

**गुह्येश्वरी**–(ना०) काठमाडौंको पूर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भेगमा रहेको प्रसिद्ध पीठ; गुह्य-काली ।

**गू**–(ना०) गुहु; विष्ठा ।

**गूँगो**–(वि०) बोल्न नसक्ने; लाटो ।

**गूठ**–(ना०) गूठी ।

**गूठी**–(ना०) कुनै कार्यका निम्ति स्थापित सङ्गठन वा संस्था; त्यस्तो संस्था चलाउन राखिएको सम्पत्ति ।

**गूढ**–(वि०) छिपेको; लुप्त; भित्री अर्थ भएको ।

**गृह**–(ना०) घर; बास; आलय; स्वास्नी; स्वदेश ।

**गृहकर्म**–(ना०) गृहस्थीले गर्नु पर्ने काम ।

**गृहकलह**–(ना०) घरझगडा ।

**गृहत्याग**–(ना०) घर छोड्नु ।

**गृहपति**–(ना०) घरको मालिक; घरपट्टी ।

**गृहप्रवेश**–(ना०) साइत पारी नयाँ घरमा प्रवेश गर्नु ।

**गृहमन्त्री**–(ना०) राज्यको आन्तरिक व्यवस्था मिलाउने मन्त्री ।

**गृहयुद्ध**–(ना०) घरझगडा; कुनै देशका बासिन्दाको आपसी लडाइँ ।

**गृहलक्ष्मी**–(ना०) घरकी लक्ष्मी; असल गृहिणी ।

**गृहस्थाश्रम**–(ना०) चार आश्रममध्ये दोस्रो आश्रम; गृहस्थी गरेर बस्ने आश्रम ।

**गृहिणी**–(ना०) घरकी मालिकनी; गृहलक्ष्मी ।

**गेगर**–(ना०) मसिना ढुङ्गा; ढुङ्गाका ससाना टुक्रा ।

**गेग्रान**–(वि०) ढुङ्गैढुङ्गा भएको (जमीन) ।

**गेडी** (ना०) सानो गेडी; बाल-बोलीमा गेडो; दाना; शरीरका हाडहरूको जोर्नी ।

**गेडो**–(ना०) दानु; अन्नहरूको बीज; फल ।

**गेय**–(वि०) गाउन सकिने; गाउन योग्य । (ना०) इबी; रिस ।

**गेरु**–(ना०) जोगीले लुगा रँगाउने रछ्याहा पहेंलो खालको माटो ।

**गेरुवा**–(वि०) गेरु रङ्गको; गेरु रङ्गले रँगाएको ।

**गेवँरा**–(ना०) सेतो मोटो असल खालको उखु; सेतो एक फूल ।

**गैंडा**–(ना०) मोटो ठूलो एक प्रसिद्ध जङ्गली जन्तु ।

**गैर**–(ना०) गयल ।

**गँवार**–(वि०) रद्दी; देहातमा;

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फोहरी ।

**गैह्ल**–(वि०) जम्मै; सबै ।

**गैह्लो**–(वि०) गहिरो ।

**गो**–(ना०) गाई ।

**गोकुल**–(ना०) कानमा लाउने एक गहना; भारतको एक प्रसिद्ध तीर्थ ।

**गोकुलधूप**–(ना०) खोटोजस्तो एक किसिमको धूप ।

**गोगन**–(ना०) एक जातको रूख ।

**गोग्रास**–(ना०) खानुभन्दा अघि गाइलाई दिइने भाग; गाईको मुखको बुजो ।

**गोजी**–(ना०) बगली; खल्ती; जेब ।

**गोज्याङग्रो**–(वि०) राम्ररी बोल्न नजान्ने; लठेब्रो ।

**गोटा**–(ना०) ओटा; थान; कब्जियत भएको दिसा ।

**गोटी**–(ना०) बुद्धिचाल; पासा आदिको सामान; खास गरी जालका छेउमा झुन्ड्याइने सीसा, फलाम आदिको गोली ।

**गोठ**–(ना०) गाईवस्तु राख्नेघर ।

**गोठाले**–(वि०) गोठालाको; गोठालाको जस्तो ।

**गोठालो**–(ना०) गाईवस्तु चराउने वा तिनको हेरचाह गर्ने व्यक्ति; धरालो । पो० गोठाल्नी ।

**गोड**–(ना०) वरिपरिको घाँस उखेली बोट-बिरुवामा उकेरा दिनु; गोड्ने काम ।

**गोडधुवा**–(ना०) बिहेमा दुलहा-दुलहीका गोडा धुँदा दुलहीतर्फकाले दिने उपहार ।

**गोडमेल**–(ना०) गोड्ने काम; गोड; काम लिनुपर्ने मानिसलाई ललाइफकाइ गर्नु ।

**गोडा**–(ना०) खुट्टा; पाउ; पयर ।

**गोडाइ**–(ना०) गोड्ने किसिम वा काम ।

**गोडी**–(ना०) सानो गोडो ।

**गोड्नु**–(स० क्रि०) गोड पुर्‍याउनु; गोडमेल गर्नु ।

**गोत**–(ना०) कुल; गोत्र ।

**गोता**–(ना०) शासना; हैरानी; कष्ट ।

**गोती**–(वि०) एकै गोत्रको; सम्बन्धी ।

**गोत्र**-(ना०) वंश; कुल; पुर्ख्यौली; ऋषिमुनि आदि पुर्खाबाट चलेको उपनाम ।

**गोद्नु**–(स० क्रि०) लात खाँद्नु; पिट्नु; ठोक्नु ।

**गोदागोद**–(ना०) परस्परमा गोद्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



काम; कुटाकुट ।

**गोदान**–(ना०) गाईको दान; गाईका मूल्यको दान; गौदान ।

**गोदाम**–(ना०) मालताल राख्ने ठाउँ वा घर ।

**गोप**–( ना० ) गाई पाल्ने व्यक्ति; गोरक्षक; ग्वाला ।

**गोपनीय**–(वि०) लुकाउन योग्य ।

**गोपा**–(ना०) गोपकी स्त्री ।

**गोपाल**–(ना०) गोठालो; गाई पाल्ने व्यक्ति; कृष्ण ।

**गोफ्ले**–( वि० ) भद्दा किसिमको; मोटोघाटो ।

**गोबर**–(ना०) गाईको मल ।

**गोबरगणेश**–( वि० ) केही नजान्ने; लट्ठक ।

**गोब्रे**–(वि०) बुद्धू; गोफ्ले ।

**गोब्र्याउनु**–( अ० क्रि० ) गाईले मल त्याग गर्नु; बिस्ट्याउनु ।

**गोभी**–(ना०) काउली; कोपी ।

**गोमन**–(ना०) ज्यादै विषालु कालो साँप ।

**गोमेद**–(ना०) एक किसिमको मणि ।

**गोरख**–(ना०) गोरखनाथ ।

**गोरखधन्दा**–( ना० ) गोरखनाथले रचेको चित्त एकाग्र पार्ने धन्दा; फुर्संद नपाइने काम ।

**गोरखनाथ**–(ना०) एक प्रसिद्ध साधु; चौरासी सिद्धमध्ये एक ।

**गोरखा**–(वि०) नेपालको एक जिल्ला।

**गोरखाली**–(वि०) गोरखामा रहने; नेपाली (पहिले-पहिले खास गरी विदेशीहरूले प्रयोग गर्ने अर्थमा)।

**गोरस**–(ना०) गाईको दूधका सम्बन्धद्वारा बन्ने— दूध, दही, घिउ, मही आदि ।

**गोरा**–(ना०) छाला सेतो हुने एक जाति ।

**गोरी**–(वि०) गोरो वर्ण भएकी ।

**गोरु**–(ना०) गाईको बाछो; बयल। (वि०) मूर्ख ।

**गोरेटो**–(ना०) सानो नखनेको बाटो; डोरेटो बाटो ।

**गोरो**–(वि०) सेतो वर्णको ।

**गोर्खा**–(ना०) गोरखा ।

**गोर्खेलौरी**–(ना०) काँध र घुँडामाथि गराला हालेर सास्ती दिने पहिलेको चलन ।

**गोल**–(ना०) अँगार; भकुन्डो आदि खेलमा भकुन्डो पुग्दा जितिने तोकिएको ठाउँ ।

**गोलझाँकी**–( ना० ) लहरामा फल्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सानो काँक्रोजस्तो एक किसिमको फल ।

**गोलघर**–(ना०) काठमाडौंमा रहेको बन्दीलाई कडा सास्ती दिएर राखिने घर ।

**गोलटिन**–(ना०) चुरोट हाल्ने टिनको गोलाकार बट्टा ।

**गोलफकी**–(ना०) खूब फूल उठेको चिनियाँ धानको खट्टे ।

**गोलभिंडा**–(ना०) गोल रातो एक थरी फल ।

**गोलमाल**–(ना०) गडबड ।

**गोलसिमल**-(ना०) एक जातको चरो ।

**गोला**–(ना०) वायुको एक रोग; कुनै कुरा टुङ्ग्याउँदा भित्र चिनु लगाएर टिप्न दिइने कागतको डल्लो; फलाम आदिको बाटुलो वस्तु ।

**गोलाइ**–(ना०) घेरो ।

**गोली**–(ना०) सानो गोला; बरी ।

**गोलीगट्ठा**–(ना०) लडाइँका सरसामान (गोला, बारुद आदि) ।

**गोलीगाँठो**–(ना०) कुर्कुच्चाभन्दा माथिको डल्लो हाड ।

**गोले**–(वि०) गोल परेको; कोइला बेच्ने ।

**गोलो**–(वि०) डोलो । (ना०) कमिला आदिको गुँड ।

**गोल्फु**–(ना०) माटाको सानो घैंटो ।

**गोष्ठी**–(ना०) थोरै मानिसहरूको सभा; सानो बैठक ।

**गोस्वारा**–(ना०) घेरेको केन्द्रीय अड्डा । (वि०) साझा; सगोल ।

**गोही**–(ना०) ठूलो एक जलजन्तु ।

**गोहोरो**–(ना०) करौंतीका आकारको पुच्छर हुने एक जङ्गली जन्तु ।

**गौंथली**–(वि०) वसन्त ऋतुमा देखापरी वर्षाको आखिरीमा हराउने एक जातको चरो ।

**गौगोटी**–(ना०) गाईवस्तुको घाँटीमा आउने एक रोग ।

**गौचर**–(ना०) गाईवस्तु चर्ने सधैंको बाँझो जमीन; गौचरन ।

**गौचरन**–(ना०) गौचर ।

**गौड**–(ना०) गौर ।

**गौदान**–(ना०) गोदान ।

**गौन**-(ना०) फरिया लगाउने एक किसिमको बाक्लो बुट्टे कपडा ।

**गौरव**-(ना०) गुरुको भाव; प्रतिष्ठा ।

**गौरीगाई**–(ना०) जीउ ठूलो हुने एक जातको गाई ।

**गौरीशङ्कर**–(ना०) शिव र पार्वतीको जोडा मूर्ति; एक हिमाली चुचुरो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**गौशाला**–(ना०) गाईगोठ ।

**ग्यांचे**–(वि०) गान्टो ।

**ग्याँस**–(ना०) विस्फोटक पदार्थ; बल्ने वा विषालु हावा ।

**ग्यान्टिस**–(ना०) मोजा तल झर्न नदिन पिडौँलामाथि बाँधिने फित्ता ।

**ग्रन्थ**–(ना०) शास्त्र; पुस्तक ।

**ग्रन्थि**–(ना०) गाँठो; सुर्काउनी ।

**ग्रस्त**–(वि०) सताइएको; ग्रास गरेको; अँठ्याएको ।

**ग्रह**–(ना०) चन्द्रमा, मङ्गल आदि ज्योति-पिण्ड ।

**ग्रहण**–(ना०) एक ग्रहको अर्को ग्रहमा पर्न जाने छाया ।

**ग्राम**–(ना०) गाउँ ।

**ग्रामोफोन**–(ना०) फोनो बाजा ।

**ग्राम्य**–(वि०) गाउँको; गाउँ-सम्बन्धी ।

**ग्रास**–(ना०) गाँस; बुजो ।

**ग्राह**–(ना०) गोही ।

**ग्राहक**–(वि०) किन्ने; गाहकी ।

**ग्रीष्म**–(ना०) गर्मी हुने ऋतु (जेठ-असार) ।

**ग्वाँजे**–(वि०) लठेब्रो; गूँगो ।

**ग्वाम्म**–(क्रि० यो०) धेरै दिने वा लिने किसिम ।

**ग्वारग्वारती**–(क्रि० यो०) धेरै मानिस हिँड्ने किसिम ।

**ग्वार्र**–(क्रि० यो०) डल्लो वस्तु खस्‍दा आवाज आउने किसिम ।

**ग्वाल्ल**–(क्रि० यो०) पेट कराउने किसिम; पानी बग्ने किसिम ।

# घ

**घ**– देवनागरी वर्णमालाको चौथो व्यञ्जनवर्ण, उच्चारणस्थान कण्ठ ।

**घँगारु**–(ना०) साना-साना पात हुने एक जातको वृक्ष वा त्यसको फूल ।

**घकार**–(ना०) 'घ' अक्षर ।

**घच**–(ना०) मौका; जोखना ।

**घचघच**–(ना०) ठेल्ने वा हल्लाउने काम ।

**घचघच्याइ**–(ना०) घचघच्याउने किसिम वा काम ।

**घचघच्याउनु**–(स० क्रि०) ठेली हल्लाइदिएर बिउँझाउनु; कर...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ढोका उघार्न घचघच पार्नु ।
**घचमच**–(ना०) घचारो; घुइँचो ।
**घचारो**–(ना०) घुइँचो; ठेलमठेल ।
**घचिलो**–(वि०) घच पर्ने खालको ।
**घचेटाइ**–(ना०) घचट्ने किसिम वा काम ।
**घचेटो**–(ना०) धक्का; ठेलाइ ।
**घचेट्नु**–(स० क्रि०) ठेल्नु; धकेल्नु ।
**घच्का**–(ना०) छनक; घोचपेच; छेडछाडको कुरा ।
**घच्को**–(ना०) अड्को; बाधा; विघ्न; घच्का ।
**घच्चा**–(ना०) ठेलाइ; भीड; धक्का ।
**घच्चाघच्ची**–(ना०) ठेलाठेल; रन्का-रन्की ।
**घट**–(ना०) गाग्रो; घडा; कलश; मन; कुम्भ ।
**घटकार**–(ना०) कुमाले ।
**घटना**–(ना०) हुने काम; हुनामी; काण्ड; पर्व; संयोग ।
**घटनाक्रम**–(ना०) घटनाको सिलसिला ।
**घटनाचक्र**–(ना०) घटनाहरूको तारतम्य ।
**घटनावली**–(ना०) घटनाहरूको समूह ।
**घटनास्थल**–(ना०) घटना घटेको ठाउँ ।
**घटबढ**–(ना०) कमबेसी; घटीबढी ।
**घटस्थापना**–(ना०) नव-दुर्गाको पूजाका निम्ति आश्विन शुक्ल प्रतिपदाका दिन गरिने घडाको स्थापना; कुनै पूजाका निम्ति विधिवत् जलपूर्ण घडाको स्थापना गर्नु ।
**घटा**–(ना०) प्रयत्न; बथान; बादलको समूह ।
**घटाइ**–(ना०) घटाउने काम वा किसिम ।
**घटाउ**–(ना०) घटाउने भाव वा क्रिया ।
**घटाउनु**–(स० क्रि०) कम गर्नु; ठूलो अङ्कबाट सानो अङ्क झिक्नु; दृष्टान्त दिनु; हुने पार्नु ।
**घटाघट**–(ना०) परस्परमा घटाउने काम; सिकिस्त बिरामी; घिटीघिटी; अन्त्य अवस्था ।
**घटाघटी**–(ना०) घटाघट ।
**घटित**–(वि०) घटेको; रचित ।
**घटिया**–(वि०) कमसल; खराब ।
**घटी**–(ना०) घडी; पानीको सानो भाँडो । (वि०) थोरै; कम ।
**घटीबढी**–(ना०) घटबढ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**घट्वा**–(वि०) घटेको; कम हुने ।

**घट्वारे**–(ना०) नदीमा नाउ तार्ने मान्छे ।

**घटेरो**–(ना०) घट्टको धनी; घट्ट राख्ने वा घट्टमा काम गर्ने व्यक्ति ।

**घट्घटी**–(क्रि० यो०) तरल पदार्थ पिउने किसिम ।

**घट्ट**–(ना०) पानीको जोडले घुम्ने र पीठो पिध्ने ठूलो जाँतो; घाट ।

**घट्टे**–(वि०) घट्टसम्बन्धी ।

**घट्ती**–(ना०) कमी; न्यूनता ।

**घट्नु**–(अ० क्रि०) घटित हुनु; जँच्नु; लागू हुनु; कम हुनु; मासिनु ।

**घडघडे**–(वि०) हठी; जिद्दीवाल ।

**घडघडो**–(वि०) लिँडेढपी गर्ने ।

**घडा**–(ना०) गाग्रो; कलश ।

**घडी**–(ना०) चौबीस मिनेटको समय; बेला; मौका; समय जनाउने यन्त्र ।

**घडी-घडी**–(क्रि० यो०) वार-वार ।

**घडीचरो**–(ना०) कुखुरो ।

**घडीसाज**–(ना०) घडी मर्मत गर्ने व्यक्ति ।

**घडीसाजी**–(ना०) घडीसाजको काम ।

**घडेरी**–(ना०) घर बनाउने ठाउँ ।

**घण्ट**–(ना०) पूजामा बजाइने एक प्रकारको बाजा ।

**घण्टा**–(ना०) साठी मिनेट वा अढाई घडीको समय; ठूलो घण्ट ।

**घण्टाकर्ण**–(ना०) साउनको कृष्ण चतुर्दशीका दिन पूजा गरिने एक राक्षस; गठेमङ्गल ।

**घण्टाघर**–(ना०) आफैं बज्ने घडी जडिएको अग्लो ठूलो घर ।

**घण्टी**–(ना०) सानो घण्ट; घोडा आदिका गलामा बाँधिने घण्टजस्तै सानो यन्त्र ।

**घत**–(ना०) छुक; लक्षण; जोखना ।

**घन**–(ना०) फलामको मुङ्ग्रो; बादल; झयाली; दृढता । (वि०) खँदिलो; बाक्लो ।

**घनक्क**–(क्रि० यो०) घन्कने वा घन्काउने किसिम ।

**घनघन**–(ना०) एक किसिमको डम्रु । (क्रि० यो०) घन्केर बज्ने किसिम ।

**घनघोर**–(वि०) खूब बाक्लो; भीषण; डरलाग्दो ।

**घनचक्कर**–(ना०) ठूलो भ्रम; माथापच्चीसी; टन्टा ।

**घनटाउके**–(वि०) घनजस्तो टाउको हुने; ठूलो टाउको हुने ।

**घनता**–(ना०) खँदिलोपन ।

**घनत्व**–(ना०) खँदिलोपन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**घना**–(वि०) झ्याम्म परेको; बाक्लो ।
**घनिष्ठ**–(वि०) निकटको; बाक्लो ।
**घनिष्ठता**–(ना०) घनिष्ठ हुने भाव; सामीप्य ।
**घनेरो**–(वि०) थुप्रो; प्रशस्त ।
**घन्कनु**–(अ० क्रि०) ध्वनित हुनु; घननन आवाज आउनु ।
**घन्किनु**–(अ० क्रि०) घन्कनु ।
**घन्काइ**–(ना०) घन्कने किसिम वा काम; गर्जन ।
**घन्को**–(ना०) घन्केको शब्द; प्रतिध्वनि ।
**घपना**–(ना०) घोप्टो पारी ढाक्ने बिर्को; घपनी ।
**घपनी**–(ना०) घपना ।
**घप्पु**–(ना०) जुवामा नगदी रुपैयाँ थाप्नु; थप ।
**घबराउनु**–(अ० क्रि०) भय वा दुःखले आत्तिनु; हडबडाउनु ।
**घबराहट**–(ना०) घबराउने किसिम; अत्यास ।
**घमन्ड**–(ना०) शेखी; अभिमान; तुजुक ।
**घमन्डी**–(वि०) अभिमानी; शेखीवाल ।
**घमाइलो**–(वि०) घाम लाग्ने; घाम लागेको ।
**घमासान**–(ना०) ठूलो लडाइँ; झगडा ।
**घमौरा**–(ना०) पसीना वा गर्मीबाट जीउमा उछ्रने मसिना बिमिरा ।
**घम्साघम्सी**–(ना०) कुम्टाकुम्टी; घमासान; ठूलो लडाइँ ।
**घर**–(ना०) मानिस बस्ने ठाउँ; गृह; आलय; पति-गृह ।
**घरकेटो**–(ना०) छोरी बिहे गरिदिन हेरिने केटो ।
**घरखेत**–(ना०) घर र जग्गा; घरबार ।
**घरगाउँले**–(ना०) घरनिरका गाउँले; बिहेमा दुलहीतिरका मान्छे ।
**घरगृहस्थ**–(वि०) घरजमवाला ।
**घरगृहस्थी**–(ना०) घरजम ।
**घरघडेरी**–(ना०) घर र त्यसले चर्चेको जग्गा ।
**घरघराना**–(ना०) घरसार; घर र जेथा ।
**घरजग्गा**–(ना०) घरखेत ।
**घरजुवाइँ**–(ना०) ससुरालीमा बस्ने जुवाइँ; कुमान्छे ।
**घरज्वाइँ**–(ना०) घरजुवाइँ ।
**घरझगडा**–(ना०) गृहकलह ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



घरद्वार–(ना०) घरबास ।
घरधनी–(ना०) घरको मालिक ।
घरधन्दा–(ना०) घरको धन्दा; कोते-धन्दा ।
घरपट्टी–(ना०) घरको मालिक ।
घरपाला–(वि०) घरेलु ।
घरबार–(ना०) घरजम; विवाह ।
घरबारी–(ना०) गृहस्थी ।
घरबास–(ना०) घरबार; वास ।
घरबुना–(ना०) खाँडी कपडा ।
घरसङ्गा–(ना०) घर बनाउने साधन ।
घरसाँढा–(वि०) घरमा मात्र डुक्रिने; पिँढीसाढे ।
घरसार–(ना०) घरायसी काम; घर-जम; घरायस ।
घरान–( ना० ) वंश; खानदान; कपडाको लम्बाइ-चौडाइको नाप ।
घराना–(ना०) उच्च र प्रसिद्ध कुल । (वि०) घरानियाँ ।
घरानियाँ–(वि०) उच्च घरानाको; कुलीन; खानदानी ।
घरायस-(ना०) घरसार ।
घरायसी–(वि०) घरेलु ।
घरिया–( ना० ) सुन-चाँदी गाल्ने माटाको भाँडो ।
घरी–(ना०) केराको सिङ्गो झुप्पो; छिन; घडी ।
घरी-घरी–(ना०) छिन-छिन; बर ।
घरुवा–(ना०) माछा मार्न बनाइ ठाउँ ।
घरेलु–(वि०) घरको; घरसम्बन्धी ।
घर्कनु–( अ० क्रि० ) घट्दै जानु; खस्कनु; टर्नु; ढल्कनु; बित्नु ।
घर्काइ–(ना०) घर्कने वा घर्का काम ।
घर्घर–(ना०) घसार्दा वा गर्जदा आउने शब्द ।
घर्तिनी–(ना०) घर्तीकी स्त्री, घर्तेना
घर्ती–( ना० ) दासत्वबाट मुक्ति पाएको एक वर्ग ।
घर्तेना–(ना०) घर्तीकी स्त्री; घर्तिनी
घर्रा–(ना०) तानेर खोलिने टेबिलको सानो खण्ड ।
घर्षण–( ना० ) घोटाइ; दलाइ पिँधाइ ।
घले–(ना०) मगर-जातिको एक थर
घलेक–(ना०) प्रायः गुरुङ्सेनीहरू पिठ्यूँमा बाँध्ने कपडा ।
घल्चा–(ना०) धातुको सानो गाग्री
घसघास–(ना०) घस्नेवर्ने काम ।
घसरपसर–(ना०) कसिङ्गर; लसर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चोत्रोमोचो । (क्रि० यो०) घस्याङ-घुसुङ ।

**घसाइ**–( ना० ) घस्ने काम वा किसिम ।

**घसाघस**–(ना०) पालैसितको घसाइ ।

**घसारपसार**–(ना०) घसार्ने र पसार्ने काम; बलैले तान्ने काम; कामचलाउ लिपघस ।

**घसार्नु**–(स० क्रि०) घस्रने गरी तान्नु; लिप्नु; घस्नु ।

**घसीट**-(ना०) खेस्रा लेखाइ ।

**घसेटाइ**–( ना० ) घसेट्ने किसिम; काम वा भाव ।

**घसेटो**–( ना० ) तेल घस्दा लाउने धोती ।

**घसेट्नु**–(स० क्रि०) छिटछिटो लेख्नु; घसार्नु ।

**घस्कनु**–( अ० क्रि० ) जानु (मन नपर्दा); अन्भरिनु ।

**घस्काइ**–(ना०) घस्कने वा घस्काउने काम ।

**घस्ट्याइ**–(ना०) घस्ट्याउने किसिम वा काम ।

**घस्ट्याउनु**–( स० क्रि० ) हिफाजत नगरी पुरानोजस्तो पार्नु; थोत्र्याउनु; मैल्याउनु ।

**घस्नु**–( स० क्रि० ) मालिस गर्नु; दल्नु; लिप्नु; चन्दन, तेल आदि लाउनु ।

**घस्याङघुसुङ**–(ना०) बेकम्मा माल । (क्रि० यो०) घसरपसर ।

**घस्रीपस्री**–( क्रि० यो० ) कष्टसित हिँड्ने किसिम ।

**घा**–(ना०) सन्धि; सम्झौता; घाउ; चोट ।

**घाँगर**–(ना०) केटीहरूको जामा ।

**घाँघर**–(ना०) घाँगर ।

**घाँच**–( ना० ) जङ्गलको छेउछाउ; पहाडको फेदी ।

**घाँटी**–(ना०) गर्दन; घिच्रो; गलो; छेडो; घाटी ।

**घाँटो**–(ना०) केराको काइँयो लाग्ने डाँठ ।

**घाँडो**–(ना०) कुकुर, गाई आदिका गलामा झुन्ड्याइने काठको ठेउको वा घण्टी; झन्झटको काम ।

**घाँस**–(ना०) गाईवस्तुले खाने झार-पात वा रूख लहराका पात; तृण ।

**घाँसपात**–(ना०) पातपतिङ्गर; रद्दी चीज ।

**घाँसफूस**–( ना० ) घाँसपात; रद्दी माल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**घाँसी**–(ना०) घाँस काटेर जीविका चलाउने व्यक्ति; घाँस काट्ने मान्छे ।
**घाँसेगीत**–(ना०) नेपाली एक लोकगीत ।
**घाइते**–( वि० ) चोट-पटक लागेको; घायल ।
**घाउ**–( ना० ) हतियारद्वारा लागेको चोट; खटिरो ।
**घागडान**–( वि० ) चतुर; पोख्त; अनुभवी ।
**घाट**–(ना०) नदीको किनार; तीर्थ; वनजाँचको चौकी; गाहकीहरूको भीड ।
**घाटा**–(ना०) हानि; टुट्टा ।
**घाटी**–(ना०) भञ्ज्याङ; चारैतिर पहाडले घेरिएको ठाउँ वा बाटो ।
**घाटु**–(ना०) गुरुङ जातिमा प्रचलित नेपालको एक लोकनृत्य ।
**घाटे**–(ना०) घाटमा बस्ने व्यक्ति; पण्डा; मुर्दा पालेर ज्यान पाल्ने व्यक्ति ।
**घाटेवैद्य**–(ना०) घाटमा ल्याइएका बिरामीको उपचार गर्ने वैद्य ।
**घात**–(ना०) चोट; धक्का; हत्या; हत्तेहलाइ ।
**घातक**–(वि०) घात गर्ने; मार्ने; हत्यारो ।
**घातकी**–(ना०) घातक; हत्यारो ।
**घाती**–(वि०) मार्ने; हान्ने; बिगार्ने पो० घातिनी ।
**घान**–( ना० ) एक पटकमा भुटिने कुटिने, पोलिने, सुकाइने अन्नको परिमाण ।
**घानी**–( ना० ) घान हाल्ने भाँडो कलको ओखल ।
**घाम**–(ना०) सूर्य; सूर्यको ताप ।
**घामड**-(वि०) घमन्डी; हत्तेरो ।
**घामछाया**–( ना० ) घाम लाग्दालाग्दै परेको छाया; घाम र छाया ।
**घामपानी**–(ना०) घाम लाग्दालाग्दै परेको पानी; घाम र पानी ।
**घायल**–(वि०) घाइते ।
**घार**–(ना०) सेचन; छम्काइ; माहुरीको गुँड; पोलो ।
**घारघुर**-(ना०) मही पार्दा डोरी तानिने शब्द वा चाल ।
**घारी**-(ना०) बाक्लो जङ्गल; फेदीको जमीन; केरा, बाँस आदिको झाङ ।
**घारो**–(ना०) लामो डोलो काठ; लाठो ।
**घालघुल**–(क्रि० यो०) झोल-चौटा तरल वस्तु मिलाउन हल्लाउ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिम; पखाला लाग्ने छाँटले पेट कराउने किसिम ।

**घिउ**–(ना०) खारेको नौनी; चोखेन; चिल्लो ।

**घिउकुमारी**–(ना०) एक जातको औषधीको बूटो ।

**घिउखानी**–(ना०) घिउ थुप्रै हुने ठाउँ; साहूले रिनीबाट लिने कोसेलीको धन ।

**घिउवाला**–(ना०) घिउ हुने वा बेच्ने मान्छे । पो० घिउवाल्नी ।

**घिचाइ**–(ना०) घिच्ने काम वा किसिम ।

**घिचास**–(वि०) घिच्ने; घिचाहा ।

**घिचाहा**–(वि०) घिच्ने; नराम्रो किसिमले वा मन नपरी खाने; घिचुवा ।

**घिचुवा**–(वि०) घिचाहा ।

**घिच्नु**–(स० क्रि०) मन नपरी वा नराम्रो ढङ्गले खानु; हसुनुँ ।

**घिच्रो**–(ना०) घोक्रो; घाँटी ।

**घिटीघिटी**–(क्रि० यो०) मरणासन्न व्यक्तिले थूक निल्ने किसिम ।

**घिडघिड**–(वि०) दिक्कलाग्दो प्रार्थना; धोको ।

**घिडघिडो**–(वि०) छोड्न वा समाउन नमिल्ने; एकोहोरो; अधमरो; (ना०) धोको; अन्तिम इच्छा ।

**घिनाइ**–(ना०) घिनाउने काम वा किसिम ।

**घिनाउनु**–(अ० क्रि०) घीन लाग्नु; घीन मान्नु ।

**घिनाहा**–(वि०) घीनलाग्दो ।

**घिन्तामुनी**–(ना०) मादल बजाएर नाच्ने एक नाच वा त्यस्तो नाच नाच्ने व्यक्ति ।

**घिरिङ**–(ना०) चिप्लेंटी खेल; घिर्रो; घिर्नी ।

**घिरौंलो**–(ना०) एक प्रकारको तरकारी फल ।

**घिर्नी**–(ना०) पाङ्ग्रो; घिर्रो ।

**घिर्रो**–(ना०) घुमाएर खेलिने एक थरी चक्राकार खेलौना ।

**घिसार्नु**–(स० क्रि०) घिच्याउनु; तान्नु ।

**घिस्रनु**–(अ० क्रि०) घस्रेर हिंड्नु; घिच्चिनु ।

**घिस्सिनु**–(अ० क्रि०) घस्र र सर्नु; घिच्चिनु ।

**घिस्स्याइ**–(ना०) घिस्स्याउने काम वा किसिम ।

**घीन**–(ना०) घृणा; दिगमिगी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**घीनलाग्दो**–(वि०) फोहोरी । पो० घीनलाग्दी ।

**घुँगी**–(ना०) निगाले चितुवा; एकोहोरो स्वभावको व्यक्ति ।

**घुँगुरा**–(ना०) छमछम आवाज आउने एक किसिमको गहना; कपाल आदिको मुन्द्रा ।

**घुँगुरिनु**–(अ० क्रि०) घुम्रिनु; बाटुलो पर्नु ।

**घुँगुरो**–( वि० ) घुमेको; बाटुलो परेको ।

**घुँगुर्किनु**–(अ० क्रि०) घुँगुरो पर्नु; मुन्द्रा पर्नु ।

**घुँगुर्क्याइ**–(ना०) घुँगुर्किने किसिम वा भाव ।

**घुँडा**–(ना०) तिघ्रा र पिँडौंलाको जोर्नी ।

**घुँडी**–(ना०) टाँकको सट्टा लगाउन बनाइने कपडाको डल्लो; एक किसिमको टाँक; दाम्लाको गाँठो ।

**घुँडे**–(वि०) घुँडासम्म आउने ।

**घुइँकिनु**–(अ० क्रि०) हुत्तिनु; हानिनु; सिद्धिनु; बित्नु; सजिलैसित काम टुङ्गिनु ।

**घुइँक्याइ**–(ना०) घुइँकिने किसिम वा भाव ।

**घुइँचो**–(ना०) भीड; घचारो ।

**घुइरो-घुइरो**–(ना०) भित्रभित्रै चलेको हल्ला ।

**घुकाइ**–(ना०) घुक्ने काम वा किसिम ।

**घुक्नु**–(स० क्रि०) कुकुर कराउनु; भुक्नु ।

**घुगुती**–(ना०) नानीहरूलाई गोडामा राखी उफार्दै खेलिने खेल; ढुकुर ।

**घुचेटाइ**–(ना०) घचेटाइ ।

**घुचेट्नु**–(स० क्रि०) घचेट्नु ।

**घुच्चा**–(ना०) ठाडो मुड्कीले हिर्काउने क्रिया; कुम वा कुहुनाको हनाइ; घुस्सा ।

**घुच्ची**–(ना०) सानो घुच्चा ।

**घुच्चुक**–(ना०) गर्दन; घिच्रो ।

**घुटुक्क**–(क्रि० यो०) निल्ने किसिम ।

**घुटुघुटु**–(क्रि० यो०) कुनै वस्तु निल्ने चाल वा किसिम ।

**घुट्की**–(ना०) सानो घुट्को ।

**घुट्को**–(ना०) निल्न सकिने तरल पदार्थको परिमाण वा खेप ।

**घुट्क्याउनु**–(स० क्रि०) घुटुक्क निल्नु; घुड्क्याउनु ।

**घुड्को**–(ना०) घुट्को ।

**घुड्क्याउनु**–(स० क्रि०) घुट्क्याउनु ।

**घुत्रुक्क**–(क्रि० यो०) खुत्रुक्क, घुप्लुक्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



घुन–( ना० ) अन्नमा लाग्ने सानो कालो कीरो ।

घुन्डी–(ना०) दम दिने र सुई मिलाउने घडीको डल्लो ।

घुन्याहा–( वि० ) घुन लाग्ने, घुनले खाएको ।

घुम–(ना०) चोया र पातले बनेको ओढो ।

घुमक्कड–(वि०) घुम्ने बानी भएको; घुमन्ता ।

घुमन्ता–(वि०) घुम्ने; डुलफिर गर्ने ।

घुमन्ते–(वि०) घुमन्ता ।

घुमफिर–(ना०) हिंडडुल; घुमफिर ।

घुमाइ–(ना०) घुम्ने काम वा किसिम ।

घुमाउनु–(स० क्रि०) घुम्ने पार्नु; घुम्न लाउनु ।

घुमाउरो–(वि०) घुम्नुपर्ने; घुमेको ।

घुमौटो–( ना० ) घुम्टो । (वि०) घुमाउरो ।

घुम्टी–(ना०) बिहेमा दुलहीको टाउको छोप्ने झिलमिले पछ्यौरा ।

घुम्टो–( ना० ) स्त्रीहरूको कपाल छोप्ने पछ्यौरा; आशौच ।

घुम्ती–(वि०) यताउति घुम्ने; घुमाउरो । (ना०) घुम्नुपर्ने ठाउँ; मोड ।

घुम्नु–( अ० क्रि० ) चक्कर खानु; रिङ्नु; टहल्नु ।

घुयेंत्रो–(ना०) डोरीमा ढुङ्गा अल्झाई घुमाएर हानिने एक शस्त्र ।

घुर–(ना०) गुँड ।

घुराइ–(ना०) घुर्ने किसिम वा काम ।

घुरान–(ना०) कसिङ्गर; धूलोमूलो ।

घुर्की–(ना०) देखौवा रिस; उल्टो धम्काइ ।

घुर्क्याइ–(ना०) घुर्क्याउने किसिम वा काम ।

घुर्क्याउनु–(अ० क्रि०) घुर्की लाउनु; उल्टो रिस देखाउनु ।

घुर्चो–(ना०) घुच्चुक; घिच्रो ।

घुर्नु–( अ० क्रि० ) निदाएको बेला सासले नाक बज्नु ।

घुर्र–(ना०) घुराइको शब्द ।

घुर्रो–(ना०) घुमाएर खेलिने पाङ्ग्रो; मही पार्दा मदानी अड्याउने साधन ।

घुसघुस–(क्रि० यो०) चुक्ली लाउने किसिम ।

घुसघुसे–( वि० ) भित्रभित्रै कुरा लाउने; मुसमुन्द्रो ।

घुसमुन्टो–(ना०) तलतिर मुख फर्केको; घोप्टो; उभिन्डो ।

घुसाइ–( ना० ) घुसाउने काम वा किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**घुसार्नु**–(स० क्रि०) खाँदेर हाल्नु; पसाउनु; छिराउनु; सिउरनु ।

**घुसौटी**–(ना०) पेट; भुँडी ।

**घुस्नु**–(स० क्रि०) पस्नु; पीछा पर्नु; ओत लाग्नु; आश्रय लिनु ।

**घुस्रनु**–(अ० क्रि०) घुस्नु; सुटुक्क पस्नु; आश्रय लिनु ।

**घुस्रुक्क**–(क्रि० यो०) घुस्रने किसिम; खुत्रुक्क ।

**घुस्स**–(क्रि० यो०) घुस्सा हान्ने किसिम; ठुस्स ।

**घुस्सा**–(ना०) खूब कसिएको मुक्का; घुच्चा ।

**घुस्सिनु**–(अ० क्रि०) ठुस्स परेर बस्नु; ठुस्सिनु ।

**घुस्सी**–(ना०) घुस्सा ।

**घूर**–(ना०) जाँघ; काख; ओछ्यान; घुरान ।

**घूस**–(ना०) काम पटचाउन अवैध रूपमा कर्मचारीलाई दिइने धन ।

**घृणा**–(ना०) घीन; सिकसिको; नराम्रो कुराप्रति मनमा उठ्ने अरुचिको भावना ।

**घृणित**–(वि०) घृणा गर्न योग्य; घीनलाग्दो ।

**घृत**–(ना०) घिउ; चोखेन ।

**घेरा**–(ना०) चारैतिरबाट लगाइएर छेको; फेरो; कुँडुलो ।

**घेरो**–(ना०) घेरा ।

**घेवर**–(ना०) एक प्रकारको रोटी; बाबर ।

**घेवा**–(ना०) भोटे जातिको अन्त्येष्टि क्रिया ।

**घेवारे**–(ना०) घिउको व्यापारी ।

**घैंटी**–(ना०) सानो घैंटो । (वि०) घैंटोजस्ती; डल्ली (आइमाई) ।

**घैंटे**–(वि०) घैंटोजस्तो; पुड्को; डल्ले ।

**घैंटो**–(ना०) सानो गाग्रो; गोल्टो ।

**घैमल**–(ना०) धूलोमूलो; कसिङ्गर ।

**घैया**–(ना०) पाखाबारीमा रोपिने एक प्रकारको धान ।

**घैला**–(ना०) गाग्रो ।

**घैले**–(वि०) ठूलठूला कल्चौंडा हुने (गाईवस्तु) ।

**घोकना**–(ना०) यौटै कुरा बारम्बार भन्नु ।

**घोकन्ते**–(वि०) नबुझीकन घोक्ने; खूब घोकेर पढ्ने ।

**घोकाइ**–(ना०) घोक्ने काम वा किसिम ।

**घोकुवा**–(वि०) घोक्ने; घोकन्ते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



घोक्नु–(स० क्रि०) वारवार भन्नु; आउँदो पार्नु; रट्नु ।
घोक्रे–(वि०) घोक्रोजस्तो ।
घोक्रेसुत्ती–(ना०) गलहत्ती; ठ्याक ।
घोक्रो–(ना०) घाँटी; घिर्चो; गलो ।
घोक्र्याइ–(ना०) घोक्र्याउने काम वा किसिम ।
घोक्र्याइमुन्ट्याइ–(ना०) घोक्र्याउने र मुन्ट्याउने काम ।
घोगे–(ना०) एक प्रकारको व्वार । (वि०) घोगो भएको ।
घोगो–(ना०) मकै आदिको गेडा रहने घर ।
घोचपेच–(ना०) बिझने कुरो ।
घोचो–(ना०) तीखो पारेको लामो काठ ।
घोच्नु–(स० क्रि०) घोप्नु; रोप्नु; ठोस्नु; प्रेरित गर्नु; शिक्षा दिनु ।
घोट–(ना०) घोटेको टलक; घोटाइ ।
घोटाइ–(ना०) घोट्ने काम वा किसिम ।
घोटी–(ना०) दूधे बालकलाई खुवाइने एक ओखती ।
घोट्टा–(ना०) भाङ पिंधी छानेर बनाइएको सर्बत; घोटाइ; मेहनत; रफ्त ।
घोडचढी–(वि०) घोडामा सवार हुने; अश्वारोही ।
घोडताप्रे–(ना०) एक जातको भुइँ-व्वार ।
घोडा–(ना०) घोडो; बन्दूक चलाउने वा छाता उघार्दा अड्काउने यन्त्र; कलकाँटाको पुर्जा ।
घोडेजात्रा–(ना०) घोडा दौडाइने नेपालको प्रसिद्ध एक जात्रा ।
घोडे-साबुन–(ना०) एक प्रकारको लुगा धुने साबुन ।
घोडो–(ना०) सवारीका निम्ति प्रसिद्ध पशु; अश्व ।
घोप–(ना०) घाउ; घोपाइको डोब ।
घोप्टिनु–(अ० क्रि०) घोप्टो पर्नु; उभिन्डिनु; पस्रनु ।
घोप्टे–(ना०) भऱ्याङको मुखमा रहने खापा । (वि०) घोप्टो परेको ।
घोप्टो–(वि०) मुख तलतिर फर्केको; उभिन्डो ।
घोप्नु–(स० क्रि०) घोच्नु; खोप्नु ।
घोर–(वि०) डरलाग्दो; भयङ्कर; ज्यादा ।
घोरनुखा–(वि०) घोडाको जस्तो मुख भएको; नराम्रो अनुहारको ।
घोरल–(ना०) एक जातको जङ्गली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मृग ।

**घोराइ**–( ना॰ ) घोरिने काम वा किसिम ।

**घोरिनु**–(अ॰ क्रि॰) गम्नु; विचार गर्नु; घोत्लिनु ।

**घोरी**–(ना॰) रक्त-विकार वा छाला-बाट उत्पन्न हुने एक रोग । (वि॰) त्यस्तो रोग लागेको; घोऱ्याहा ।

**घोऱ्याहा**–(वि॰) घोरी ।

**घोर्ले**–(वि॰) ठूलो; डँडाक; जख-मले ।

**घोल**–(ना॰) मही; तरल पदार्थ ।

**घोलाइ**–( ना॰ ) घोल्ने काम वा किसिम ।

**घोल्नु**–( स॰ क्रि॰ ) तरल पदार्थ रयालिने गरी चलाउनु; घालघुल पार्नु; बेसरी हुँडल्नु; मथ्नु ।

**घोष**–( ना॰ ) आवाज; घोषणा; खैलाबैला; मेघगर्जन ।

**घोषणा**–( ना॰ ) राजकीय सूचना; सार्वजनिक विज्ञप्ति ।

**घोसे**–(वि॰) अँध्यारो मुख भएको; अँध्यारमुखे; कुप्रिएको ।

**घ्या**–(ना॰) घेवा ।

**घ्याँक्नु**–(स॰ क्रि॰) गर्दनमा समातेर गाड्नु; फ्म्टनु; गाँज्नु; दबाउनु ।

**घ्याइँघ्याइँ**–(क्रि॰ यो॰) बाजा बज्दा वा धेरै मानिस कराउँदा आवाज आउने किसिम; कान कराउने किसिम ।

**घ्याच्च**–(क्रि॰ यो॰) ठक्कर लाग्दा वा टक्क अडिँदाको किसिम ।

**घ्याम्पी**–(ना॰) सानो घ्याम्पो ।

**घ्याम्पे**–( वि॰ ) घ्याम्पोजस्तो पेट भएको ।

**घ्याम्पो**–( ना॰ ) अन्न राख्ने ठूलो गाग्रो ।

**घ्यारघ्यार**–( क्रि॰ यो॰ ) घाँटीमा कफ जमी गाह्रोसित सास चल्दाको किसिम ।

**घ्यार्र**–(क्रि॰ यो॰) कुनै वस्तु चल्दा गुड्दा र घिच्याउँदा शब्द आउने किसिम ।

**घ्राण**–( ना॰ ) गन्ध; नाक ।

**घ्वाइँ**–(ना॰) लक्ष्यभेद गर्ने ठूलो खेलौना । (वि॰) ठूलो; ढब्बू ।

**घ्वाङघ्वाङ**–(क्रि॰ यो॰) कुकुर, घोडा आदि ठूलो आवाजले कराउने किसिम ।

**घ्वाल्ल**–(क्रि॰ यो॰) पन्यालो वस्तु खन्याउने वा पोखिने किसिम; ठूलो कराउने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ङ

**ङ–** देवनागरी वर्णमालाको पाँचौं अक्षर; उच्चारणस्थान नासिका ।

**ङकार–**(ना०) 'ङ' अक्षर ।

**ङर्र–**( क्रि० यो० ) बिरालो, बाघ आदि रिसाउँदा कराउने किसिम ।

**ङारङ्‌ुर–**(क्रि० यो०) बिरालो आदि जुधेर कराउने किसिम । (ना०) झगडा ।

**ङार्रङ्‌ुर्र–**(क्रि० यो०) ङारङ्‌ुर ।

**ङिच्च–**( क्रि० यो० ) दाँत देखाएर हाँस्ने किसिम; ङिस्स; वाल्ल; हिस्स । (ना०) निराशा; जिल्लाराम ।

**ङिच्चिनु–**(अ० क्रि०) ङिच्च पर्नु; हिस्सिनु ।

**ङिच्चे–**(वि०) दाँत ङिच्च पारेर हाँस्ने वा बोल्ने; ङिच्च परेको ।

**ङिच्याइ–**(ना०) ङिच्च हुने काम वा किसिम ।

**ङिच्चिक–**(ना०) निराश हुने किसिम; ङिस्स ।

**ङिस्स–**( क्रि० यो० ) दाँत देखाएर मुसुक्क हाँस्ने किसिम । (वि०) निराश भएको ।

**ङिस्सिनु–**(अ० क्रि०) ङिस्स पर्नु; हिस्सिनु ।

**ङिस्स्याइ–**(ना०) ङिस्स हुने किसिम वा भाव ।

**ङ्‌चकाइ–**(ना०) ङ्याक्ने किसिम वा काम ।

**ङ्याउँ–**(ना०) म्याउँ; बालबोलीमा बिरालो ।

**ङ्याउरो–**(ना०) बिरालाको बच्चो; ङ्याङरो ।

**ङ्याउलीबाजा–**(ना०) एक किसिमको बाजा ।

**ङ्याउलो–**(ना०) न्याउलो ।

**ङ्याकङ्याक–**( क्रि० यो० ) गर्दन अँठ्याएर गाड्ने किसिम; कुकुर आदिले वारवार टोक्ने किसिम ।

**ङ्याक्क–**(क्रि० यो०) कुकुर आदिले एक्कासि टोक्ने किसिम ।

**ङ्याक्नु–**(स० क्रि०) गर्दनमा समातेर थिच्नु; ङ्याचङ्याच पार्नु ।

**ङ्याङ–**(क्रि० यो०) टोक्ने किसिम; ङ्याक्क ।

**ङ्याङङ्याङ–**( क्रि० यो० ) बीचबीचमा अडेर नबुझिने गरी कुरा गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिम ।

**ङ्याङङ्याङ**–(वि०) नाके स्वरले बोल्ने ।

**ङ्याचङ्याच**–( क्रि० यो० ) गर्दन समाती थिच्ने किसिम; घ्याँक्ने किसिम ।

**ङ्याच्च**–(क्रि० यो०) थेप्चिने वा थिचिने किसिम ।

**ङ्याच्चे**–( वि० ) गर्दन छोटो भएको ।

**ङ्याच्नु**–(स० क्रि०) गर्दनमा समाउ तेर गाड्नु; घ्याँच्नु ।

**ङ्यार्र**–( क्रि० यो० ) कुकुर, बिराला रिसाएर कराउने किसिम ।

**ङ्यार्रङ्र्र**–( क्रि० यो० ) कुकुर, बिराला आदि जुद्धा आवाज निकाल्ने किसिम ।

**ङ्वार्र**–(क्रि० यो०) ङ्यार्र ।

**ङ्वास्स**–(क्रि० यो०) अँध्यारो मुख लाएर बस्ने किसिम ।

# च

**च**– देवनागरी वर्णमालाको छैटौं व्यञ्जनवर्ण; उच्चारणस्थान तालव्य ।

**चँगेरी**–( ना० ) बाँसको चोयाद्वारा बनेको टोकरीजस्तो भांडो ।

**चँदुवा**–( ना० ) चाँदनी; यज्ञमण्डप आदिका माथि टाँगिने झल्लरदार कपडा ।

**चँवर**–(ना०) चमर ।

**चउ**–( ना० ) बिट नभएको खुला खर्पन ।

**चउर**–( ना० ) घाँस मात्र उम्रेको बाँझो भूमि; गौचर ।

**चक**–( ना० ) कालो पाटीमा लेख्ने कमेराको खरी ।

**चकचक**–(ना०) चञ्चलता; छुकछुक ।

**चकचकाइ**–( ना० ) चकचक गर्ने काम ।

**चकचकाउनु**–( अ० क्रि० ) चकचक गर्नु ।

**चकचकी**–( ना० ) उन्नति; धाक; रवाफ ।

**चकचके**–( वि० ) चकचक गर्ने; चञ्चले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चकटी**–(ना०) एकजना मात्र बस्न हुने लम्पट; चारपाटे आसनी ।

**चकना**–(ना०) टुक्राटाक्री; चाना ।

**चकनाचूर**–(वि०) टुक्रा-टुक्रा भएको; धूलोपीठो भएको ।

**चकमक**–(ना०) आगो निस्कने साह्लो ढुङ्गो; दर्शनढुङ्गो ।

**चकमन्द**–(वि०) सूनसान; निःशब्द ।

**चकरी**–(ना०) दुई पाङ्ग्रालाई धागोले वेरेर खेलिने एक खेल ।

**चकला**–(ना०) रोटी पथार्ने पिर्का-जस्तो बाटुलो चक्का; जमीनको एउटा ठूलो हिस्सा ।

**चकलेट**–(ना०) एक प्रकारको मीठो खानेकुरा ।

**चकाचक**-(वि०) चहकिलो; उज्यालो; भरपूर ।

**चकानु**–(ना०) चानु; चक्कादार टुक्रो ।

**चकार**–(ना०) 'च' अक्षर; चोर-माथिको पनि चोर ।

**चकार्नु**–(स० क्रि०) लाजभांड हुने गरी मनपरी गाली गर्नु ।

**चकित**–(वि०) छक्क परेको; विस्मित; दङ्ग; हैरान ।

**चकुई**–(ना०) साधुले जार काटेपछि बिजोगमा पर्ने स्त्री ।

**चक्कर**–(ना०) फेरो; घेरो; फन्को; रिङ्टा ।

**चक्का**–(ना०) चाको; पाङ्ग्रो ।

**चक्की**–(ना०) सानो चक्का; टिकिया; तास आदिको पत्ती ।

**चक्कू**–(ना०) दोब्रचाएर बींडमा घुसारी खल्तीमा राख्न हुने कर्द-जस्तो सानो हतियार ।

**चक्र**–(ना०) चक्का; पाङ्ग्रो; विष्णुको हतियार ।

**चक्रवर्ती**–(ना०) सम्राट्; समूहको नायक ।

**चक्रवृद्धि**–(ना०) ब्याजको पनि बढेर जम्मा हुने ब्याज ।

**चक्रव्यूह**–(ना०) प्राचीन कालको युद्ध मोर्चा ।

**चक्षु**–(ना०) आँखा; दृष्टि ।

**चखन्चो**–(ना०) एक चौथाई नाप्ने भाँडो ।

**चखलो**–(वि०) उत्ताउलो; भड्-किलो ।

**चखाइ**–(ना०) चाख्ने काम वा किसिम ।

**चखुवा**–(वि०) चाख्ने खालको; जिबुल्ले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चखेटो**–(ना०) राङीको सानो लाम्चो टुक्रो ।

**चखेत्रो**–(ना०) निबुवाजस्तो एक प्रकारको फल ।

**चखेल**–(ना०) झूसे करेलो; बन-करेलो ।

**चखेवा**–(ना०) खोलाका किनारमा डुल्ने एक प्रकारको चरो ।

**चङ्ख**–(वि०) बाठो; चलाख ।

**चङखु**–(ना०) सुर्काउने तुनु भएको, रुपियाँ हाल्ने थैली ।

**चङ्खे**–(वि०) बिछट्टै चलाख । (ना०) फिस्टोजस्टो एक चरो ।

**चङ्गा**–(ना०) धागोमा बाँधी उडाएर खेलिने कागजको खेलौना । (वि०) स्वस्थ; फुर्तिलो; हल्का ।

**चचहै**–(ना०) पीङमा झुलेर आनन्द लिंदा भनिने शब्द ।

**चञ्चल**–(वि०) चकचके; चपल; कामुक ।

**चञ्चला**–(ना०) लक्ष्मी; पिप्ला ।

**चञ्चले**–(वि०) छुकछुके; चनमते ।

**चट**–(ना०) खतम; नाश; सबै खाने काम ।

**चटक**–(ना०) हातसफाइको खेल; इन्द्रजाल; भंगेरो ।

**चटका**–(वि०) तेजिलो; कडा; चर्को ।

**चटकिलो**–(वि०) कडा रङ्गको, उज्जर ।

**चटकी**–(ना०) चटक गर्ने वा देखाउने व्यक्ति ।

**चटक्क**–(क्रि० यो०) एकदम छुट्टिने किसिम; चुँडिने वा छिन्ने किसिम

**चटचट**–(क्रि० यो०) चुँडिने वा भाँचिने किसिम ।

**चटनी**–(ना०) लेदो चाट्ने वस्तु; अचार ।

**चटपट**–(ना०) हतपत; चटारो ।

**चटपटाइ**–(ना०) चटपटाउने किसिम वा काम ।

**चटपटाउनु**–(अ० क्रि०) छटपटाउनु; अस्पटाउनु; छिटो गर्न खोज्नु ।

**चटपटे**–(वि०) चटपट गर्ने; हडबडे

**चटाई**–(ना०) गुन्द्री; सुकुल ।

**चटाक**–(क्रि० यो०) चाँडो; छिटो

**चटाचट**–(क्रि० यो०) चाँडचाँडै; धमाधम; सरासर ।

**चटामरी**–(ना०) चामल र मासु राखी बनाइने एक प्रकारको रोटी ।

**चटारिनु**–(अ० क्रि०) हडबडाउनु; हतारिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चटारो–(ना०) ज्यादै हतार; हड-बडी ।

चट्ट–( क्रि० यो० ) फट्ट; फटपट; चाँडो ।

चट्टा–( ना० ) बीस फुट लम्बाइ र पाँच-पांच फुट चौडाइ अग्लाइ भएको काठको चाङ ।

चट्टान–(ना०) ठूलो शिला ।

चट्टी–(ना०) कुर्कुच्चा खुला भएको जुत्ता; चप्पल ।

चट्टू–(वि०) धूर्त; चलाख ।

चटचाङ–(ना०) चड्को; बज्रपात ।

चटचाङचुटुङ–( क्रि० यो० ) मेघ गर्जंदा आउने आवाज ।

चटचाङ्ग–( क्रि० यो० ) गालामा थप्पड हान्दा शब्द आउने किसिम ।

चड्कन–( ना० ) गालामा लबटाको हिर्काइ ।

चड्कनु–(अ० क्रि०) चर्केर बोल्नु; वज्रपातको आवाज आउनु ।

चड्काउनु–(स० क्रि०) चड्कन दिनु; पिट्नु ।

चड्के–(वि०) चाँडै रिसाउने स्वभावको ।

चड्को–( ना० ) चटचाङ; वज्र; चर्को ।

चढाइ–( ना० ) चढाउने काम वा किसिम; फम्टा; हमला ।

चढाउ–(ना०) उकालो; उन्नति ।

चढ्नु–( स० क्रि० ) उक्लनु; उँभो लाग्नु; मात्तिनु; अर्पित हुनु ।

चण्ड–(ना०) तीखो; उग्र; प्रखर ।

चण्डी–(ना०) दुर्गा; सप्तशती स्तोत्र; क्रोधी आइमाई ।

चतुर–(वि०) बाठा; चलाख; होसियार ।

चतुरो–(वि०) चतुर ।

चतुर्थ–(वि०) चौथो ।

चतुर्थी–(ना०) चौथो तिथि ।

चतुर्दशी–(ना०) पूर्णिमाको अघिल्लो दिनको तिथि ।

चतुर्भुज–(ना०) चारकुने क्षेत्र ।

चतुर्मास–(ना०) आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्मका चार महीना ।

चद्दर–(ना०) पछेउरा; चादर ।

चनमते–(वि०) चुलबुले; चञ्चले ।

चना–( ना० ) एक प्रकारको दालजातीय अन्न ।

चनाखो–(वि०) चङ्ख; चतुरो ।

चनारो–(ना०) काठका भाँडा बनाउने एक जाति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चनौटो**–(ना०) चन्दन घोट्ने बाटुलो ढुङ्गो ।

**चन्जा**–( ना० ) प्रबन्ध; खटन; अह्रोट ।

**चन्द**–(ना०) कपूर ।

**चन्दन**–(ना०) श्रीखण्ड ।

**चन्दा**–(ना०) विशेष कामका लागि सहायतास्वरूप दिइने धन ।

**चन्द्र**–(ना०) चन्द्रमा; जून ।

**चन्द्रग्रहण**–(ना०) चन्द्रमामा लाग्ने ग्रहण ।

**चन्द्रघण्टा**–(ना०) नवदुर्गामध्ये एक ।

**चन्द्रमा**–(ना०) चन्द्र; जून ।

**चन्द्रविन्दु**–(ना०) अक्षरमाथि दिइने यस्तो चिनो (ँ); जूनटीकी ।

**चन्द्रहार**–(ना०) गलामा लाउने एक गहना ।

**चप**–( ना० ) एक प्रकारको खाद्य पदार्थ; पचाउने किसिम ।

**चपचप**–(क्रि० यो०) च्याटच्याट ।

**चपट**–(ना०) पहरा; पालो ।

**चपटे**–(वि०) पाले; पहरादार ।

**चपरासी**–(ना०) पहरेदार; पियन; पाले ।

**चपरी**–( ना० ) प्रायः क्षार हुने माटाको ढेलो ।

**चपरो**–(ना०) ठूलो चपरी ।

**चपर्चन्ड**–( वि० ) कडा स्वभावको मापाको; प्रचण्ड ।

**चपल**–( वि० ) अस्थिर; हल्लने हडबडे ।

**चपलता**–(ना०) चञ्चलता ।

**चपला**–( वि० ) चञ्चल; चपल (ना०) लक्ष्मी; वेश्या ।

**चपाइ**–(ना०) चपाउने किसिम; काम ।

**चपाउनु**–(स० क्रि०) मुखमा हाली दाँतले पिस्नु ।

**चपेट**–( ना० ) हत्केलाले दिएको थप्पड ।

**चपेटा**–(ना०) कुनै काम चाँडो गर उने प्रेरणा; ताकिता; लबटो।

**चप्काइ**–(ना०) चप्काउने किसिम; काम ।

**चप्काउनु**–(स० क्रि०) अरूको ! अन्यायसित खानु ।

**चप्पन**–( ना० ) पचाउनु; हत् सित्तैंको खुवाइ ।

**चप्पल**–(ना०) चट्टी ।

**चप्पू**–(ना०) चप्पन ।

**चप्लेटी**–(वि०) च्याप्टो र फराकि

**चमक**–(ना०) उज्यालो; प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चमकदमक**–(ना०) चहकमहक; रोब-रवाफ ।

**चमकदार**–(वि०) चम्कने; उज्यालो ।

**चमकली**–( वि० ) चनमते (आइ-माई) ।

**चमकिलो**–( वि० ) चमक भएको; चहकिलो ।

**चमक्क**–( क्रि० यो० ) चम्कने वा च्याप्ने किसिम ।

**चमचम**–( ना० ) छेनाको लाम्चो आकार बनाई पागमा पकाएको मिठाई ।

**चमचमाउनु**–(अ० क्रि०) फलफलाउनु ।

**चमचमाहट**–( ना० ) चमचमाउने किसिम ।

**चमचा**–(ना०) चम्चा ।

**चमजुम्रो**–(ना०) कालो किर्नुजस्तो जुम्रो ।

**चमडा**–(ना०) छाला; बोक्रो ।

**चमत्कार**–( ना० ) आश्चर्यको काम वा कुरा ।

**चमत्कारी**–( वि० ) चमत्कार गर्ने; अनौठो काम गर्ने ।

**चमत्कृत**–(वि०) चमत्कार भएको; अचम्ममा परेको ।

**चमर**–(ना०) चौंरी गाईको पुच्छरको थुँगो; चँवर ।

**चमरी**–(ना०) चौंरी गाई ।

**चमाचम**–(क्रि० यो०) खूब चम्कने किसिम; धमाधम खाने किसिम; कपाकप ।

**चमार**–(ना०) छालाको काम गर्ने एक जाति; सार्कीलाई होच्याएर भनिने शब्द ।

**चमेना**–(ना०) अर्नी; खाजा ।

**चमेरो**–(ना०) राति उड्ने छालाको प्वाँख-पखेटा भएको एक चरो-जाति । (वि०) औसरवादी; सिकुटे ।

**चमेली**–(ना०) लहरामा फुल्ने एक प्रकारको फूल ।

**चम्कनु**–(अ० क्रि०) चमकिलो हुनु; फल्कनु । (ना०) जुम्राको बच्चो ।

**चम्काइ**–(ना०) चम्कने किसिम वा काम ।

**चम्काउनु**–(स० क्रि०) चम्कने पार्नु ।

**चम्के**–(वि०) चम्को भएको ।

**चम्को**–(ना०) चुल्लाको थुम्को ।

**चम्क्याहट**–(ना०) चम्कने काम वा किसिम ।

**चम्चा**–(ना०) टुप्पो चुच्चो परेको सानो डाडु ।

**चम्चौ**–(ना०) सानो चम्चा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चम्पत**–(ना०) अलप; गायब; कुलेलम ठोक्नु ।

**चम्पा**–(ना०) फूलको एक जात ।

**चम्पू**–(ना०) गद्य-पद्य दुवै मिसिएको काव्य ।

**चम्बू**–( ना० ) एक प्रकारको जलपात्र ।

**चम्सुर**–(ना०) एक जातको तरकारी साग ।

**चय**–(ना०) समूह; राशि ।

**चयक**–(वि०) जम्मा गर्ने ।

**चयन**–(ना०) जम्मा गर्नु; सङ्ग्रह गर्नु; खोज्नु; रोज्नु ।

**चर**–(ना०) दूत; सजीव ।

**चरक्क**–( क्रि० यो० ) चर्कंदा वा चिर्रिंदाको किसिम ।

**चरचर**–( क्रि० यो० ) चिरिने वा फाट्ने किसिम ।

**चरचरी**–(क्रि० यो०) चरचर ।

**चरण**–(ना०) पाउ; पयर ।

**चरणकमल**–(ना०) कमलजस्ता पाउ ।

**चरन**–(ना०) गाई-वस्तुहरू चर्ने ठाउँ ।

**चरम**–(वि०) अन्तिम; अन्त ।

**चराइ**–(ना०) चराउने किसिम वा काम ।

**चराउनु**–(स० क्रि०) गाई-वस्तु चउरमा घाँस खुवाउनु ।

**चराचर**–(वि०) चर र अचर ।

**चराचुरुङ्गी**–(ना०) चराहरूको समुदाय ।

**चरिअमिलो**–( ना० ) एक प्रकारको अमिलो स्वाद हुने क्षार ।

**चरित**–(ना०) चरित्र ।

**चरितार्थ**–( वि० ) कृतार्थ; सङ्कल्प पूरा भएको ।

**चरित्र**–( ना० ) बानीबेहोर; चाल-चलन ।

**चरित्रवान्**–( वि० ) असल चरित्र भएको ।

**चरित्रहीन**–(वि०) दुश्चरित्र ।

**चरी**–(ना०) सानो चरो; पोथी चरो ।

**चरीनङ्ग्रे**–( वि० ) चराका जस्ता नङ्ग्रा भएको; खीना हात-खुट्टा भएको ।

**चरीनाङ्गो**–(वि०) प्वाँख उखेलिएको चरोजस्तो ।

**चरु**–(ना०) होम गर्ने अन्न; एक किसिमको ठूलो भाँडो ।

**चरुवा**–(ना०) गोठालो । (वि०) चराउने गरेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चरेस**–(ना०) एक प्रकारको धातु; गाँजाको चोब ।

**चरो**–(ना०) पखेटा र चुच्चो भएको उड्ने प्राणी; पन्छी; पक्षी ।

**चर्कनु**–(अ० क्रि०) कडा हुनु; घाम-रापिलो हुनु; सोला हान्नु; ठूलो स्वरले बोल्नु ।

**चर्काइ**-(ना०) चर्कने किसिम वा काम ।

**चर्काउनु**–(स० क्रि०) चर्कने पार्नु ।

**चर्काचर्की**–( ना० ) ठूलठूलो स्वरले गरेको झगडा ।

**चर्किनु**–(अ० क्रि०) चिरा पर्नु ।

**चर्को**–(वि०) साह्रो; कडा; बढ्ता; ज्यादा ।

**चर्खा**–(ना०) धागो कात्ने यन्त्र ।

**चर्च**-(ना०) गिर्जाघर ।

**चर्चनु**-(स० क्रि०) भोगचलन गर्नु; सुम्नु ।

**चर्चरे**–( वि० ) बाझने स्वभावको; झगडालु; एक प्रकारको लहरा ।

**चर्चा**–(ना०) कुनै विषयमा चलेको कुराकानी; विवरण; पाठ; बारम्बार सोध्नु; कथन ।

**चर्चित**–(वि०) चर्चा गरिएको; मनन गरिएको ।

**चर्तिकला**–(ना०) सप्रँदो बेला; रोबरवाफ; चकचकी ।

**चर्तिकाला**–(ना०) उधूम; मनपरी ।

**चर्नु**–(अ० क्रि०) गाईवस्तुले चरनमा गई घाँस खानु ।

**चर्पट**–( ना० ) औंलाहरू फिंजाएको हत्केला; चपेटा; थप्पड; आतुरी; हडबड ।

**चर्पटे**–(वि०) चटपटे ।

**चर्पी**–(ना०) पाइखाना ।

**चर्म**–(ना०) छाला; चमडा; ढाल ।

**चर्मकार**–(ना०) छालासम्बन्धी काम गर्ने व्यक्ति ।

**चर्मचक्षु**–(ना०) स्थूल दृष्टि; छालारूपी आँखा ।

**चर्या**–( ना० ) काम; आचरण; जीविका; सेवा ।

**चर्सा**–( ना० ) छाला; छालाका ठेक्काको रकम ।

**चल**–(वि०) हल्लिएको; अस्थिर; क्षणिक । (ना०) रुपियाँ, सुन इत्यादि सम्पत्ति ।

**चलचित्र**–(ना०) सिनेमा ।

**चलतापुर्जा**-( वि० ) जाँगरिलो; खूब चलाख; चलतीफिर्ती गर्ने; डुलफिर गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चलती**–(ना०) आवतजावत; चलन; प्रचार ।

**चलतीफिर्ती**–( ना० ) आवतजावत; आवागमन ।

**चलन**–( ना० ) व्यवहार; प्रथा; रिवाज ।

**चलनचलती**–(ना०) व्यवहार; चलन ।

**चलनचाँजो**–( ना० ) रीतिरिवाज; व्यवहार; व्यवस्था र पुरुषार्थ ।

**चलनो**–(ना०) सानो चाल्नु ।

**चलबल**–( ना० ) चञ्चलता; छुकछुकेपन ।

**चलबले**–(वि०) चञ्चले; छुकछुके ।

**चलमल**–(ना०) चल्ने क्रिया ।

**चलमलाउनु**–( अ० क्रि० ) चल्नु; हल्लनु ।

**चलाइ**–( ना० ) चल्ने किसिम वा भाव ।

**चलाउनु**–( स० क्रि० ) हल्लाउनु; पठाउनु; प्रयोग गर्नु; जिस्क्याउनु; शुरू गर्नु; हिंडाउनु; टिक्नु ।

**चलाक**–(वि०) चलाख ।

**चलाकी**–(ना०) चलाखी ।

**चलाख**–(वि०) बाठो; चङ्ख ।

**चलाखी**-( ना० ) चलाख हुनाको भाव ।

**चलान**–(ना०) एक ठाउँबाट अ… ठाउँमा पठाउने काम ।

**चलानी**–(ना०) एक ठाउँबाट अ… ठाउँमा पठाउँदा लेखिने पुर्जा; निस्सा ।

**चलिचलाउ**–(वि०) हिंड्न लागेको

**चलुवा**-(वि०) छुकछुके; चकचके

**चल्ती**–(ना०) चलती ।

**चल्दो**–(वि०) चलेको; चल्न सक्ने

**चल्दोमिल्दो**–( वि० ) व्यवहारसु… उँदो; हारमा लिन हुने ।

**चल्नु**–( अ० क्रि० ) हल्लनु; चल… हुनु; लागि पर्नु; तल्लीन हु… जिस्किनु ।

**चल्लो**–( ना० ) कुखुराको बच्चो… चिङ्नु ।

**चवन्न**–( वि० ) पचास र चार… जोडमा हुने सङ्ख्या ।

**चवन्नी**–(ना०) एक सुकी ।

**चवालीस**–(वि०) चालीस र चार… जोडमा हुने सङ्ख्या ।

**चश्मा**–( ना० ) आँखाको सुरक्षा… निम्ति लगाइने काँचको ढकना ।

**चसक्क**–(क्रि० यो०) शरीरमा रो… दुख्ने, घोच्ने किसिम ।

**चसचस**–(क्रि० यो०) बिझाउने…

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दुख्ने किसिम ।
चस्कनु–( अ० क्रि० ) चसक्क घोच्ने गरी दुख्नु; बिझाउनु; टन्कनु ।
चस्काइ–(ना०) चस्कने किसिम वा काम ।
चस्को–(ना०) चस्काइ ।
चस्स–( क्रि० यो० ) मसिनो काँढा बिझने किसिम ।
चहक–(ना०) चमक; तेज; टलक ।
चहकदार–( वि० ) चमकिलो; उज्यालो ।
चहकिनु–( अ० क्रि० ) जगमगाउनु; झल्कनु; टल्काउनु ।
चर्हारिदो–( वि० ) नून वा अमिलोको अधिकताले चर्को स्वादको ।
चहलपहल–( ना० ) रमणीयता; आमोद-प्रमोदको चटारो ।
चहार्नु–( स० क्रि० ) ठाउँ-ठाउँमा डुल्नु ।
चाँगे–(ना०) एक प्रकारको वृक्ष ।
चाँचर–(ना०) भँगेरोजत्रो एक प्रकारको चरो ।
चाँजो–(ना०) बन्दोवस्त; व्यवस्था ।
चाँजोपाँजो–(ना०) बरबन्दोबस्त ।
चाँडो–(क्रि० यो०) छिटो; तुरुन्त; फट्ट ।
चाँद–( ना० ) चन्द्रमा; सरकारी कर्मचारीको दर्जा जनाउने ब्याज ।
चाँदनी–(ना०) चन्द्रमाको प्रकाश; चँदुवा ।
चाँदमरुवा–( ना० ) एक प्रकारको कन्दमूल ।
चाँदमारी–(ना०) तारो हान्ने काम ।
चाँदी–(ना०) एक प्रसिद्ध मूल्यवान् सेतो धातु ।
चाँदे–(ना०) ठूलो कोदालो ।
चाँदेमाछो–( ना० ) टाउकामा सेता कत्ला हुने एक जातको माछो ।
चाँदो–( ना० ) बाखा वा भैंसीका निधारको सेतो टीको; कोदालीको पातो; भाग्य ।
चाँप–(ना०) घुँगुरा; एक वृक्ष ।
चाँपो–(ना०) एक वृक्ष ।
चाइँचुइँ–(क्रि० यो०) हिचकिचाएर नामन्जूरी प्रकट गर्ने किसिम ।
चाउरिनु–(अ० क्रि०) चाउरी पर्नु; खुम्चिनु; असक्त हुनु ।
चाउरी–(ना०) बुढयाइँमा वा दुब्लाउँदा पर्ने छालाको खुम्च्याइ; चाउरेको पोथीरूप ।
चाउरे–(वि०) दुब्लो-पातलो; चाउरी परेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चाउलो**–( ना० ) टोपीको घेरा-मास्तिरको भाग ।

**चाक**–(ना०) फिलासमेतको शरीरको पछिल्लो भाग; नितम्ब ।

**चाकर**–( ना० ) दास; कमारो; नोकर; सेवक ।

**चाकरी**–(ना०) चाकरको काम ।

**चाकरीबाज**–( वि० ) खूब चाकरी गर्ने ।

**चाकल**–(ना०) चारै सुर मिलेको समथर ठाउँ ।

**चाकलमाडी**–( ना० ) काम नगरी खालि पलेंटी मारेर बस्ने काम ।

**चाकलमाडे**–(वि०) अल्सी ।

**चाकी**–(ना०) घाँसको मूठो; मूठो ।

**चाकू**–( ना० ) पाकेको सखरको डल्लो ।

**चाके**–(वि०) ठूलो चाक हुने ।

**चाको**–(ना०) चक्का; चपरी; माहुरीको मह र बच्चा रहने घर ।

**चाक्लो**–(वि०) फराकिलो; चापट ।

**चाक्सी**–( ना० ) मोसमजस्तो एक जातको फल ।

**चाख**–(ना०) रुचि; इच्छा; चाहना ।

**चाखुरा**–(ना०) च्याखुरा ।

**चाख्नु**–( स० क्रि० ) स्वाद लिनु; मीठो-नमीठो थाहा पाउनु; थोरै खाइहेर्नु; रस लिनु ।

**चाङ**–(ना०) खात; तह ।

**चाचा**–(ना०) बालबोलीमा खेलौना ।

**चाट**–(ना०) चाट्ने क्रिया; चा-जस्तो मसलादार खानेकुरा ।

**चाटचुट**–(क्रि० यो०) झटपट; तुरुन्त; चाटेर खाने किसिम ।

**चाटाचाट**–(ना०) परस्परमा चाट्ने काम ।

**चाटीचुटी**–(क्रि० यो०) चाटचुट पारी खाने किसिम ।

**चाटु**–( ना० ) खुशामद; झूटो प्रशंसा ।

**चाटुकार**–(वि०) कुरा बढी गर्ने; झूटो प्रशंसा गर्ने ।

**चाटुकारी**–(ना०) चापलुसी ।

**चाड**–(ना०) पर्व; उत्साव; मेला ।

**चाडबाड**–(ना०) विशेष दिनमा मनाइने उत्सव; पर्व; समारोह ।

**चाणक्य**–(ना०) नीति र अर्थ विषयका प्राचीन एक ज्ञाता; कौटिल्य (वि०) नीतिवान्; कूटनीतिज्ञ ।

**चाणक्यनीति**–(ना०) कूटनीति ।

**चाण्डाल**–(ना०) हीन जाति; पोडे स्त्री० चाण्डाली ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चातक–(ना०) वर्सेको पानी खाने भनी प्रख्यात एक चरो; काकाकुल।
चातुर्य–(ना०) चलाखी।
चादर– (ना०) पछ्यौरा, ओढ्ने एक सरो लुगा।
चानचुन–(वि०) खुद्रा; चानचुने।
चानचुने–(वि०) सानोतिनो; तल्लो श्रेणीको।
चानस–(ना०) मौका; संयोग।
चानु–(ना०) मूला आदि पदार्थको सुकाइएको टुक्रा।
चान्द्रायण–(ना०) महीना दिनसम्म बस्ने एक व्रत।
चाप–(ना०) थिचाइ; साल; तोरी थिचेर तेल निचोर्ने यन्त्र।
चापलुसी–(ना०) खुशामद।
चापुल्लो–(ना०) घिउ-तेल आदि चिल्लो वस्तु।
चाप्नु–(स० क्रि०) थिचोमिचो गर्नु; दबाउनु; खप्टनु; साँध मिचेर लाउनु।
चाबी–(ना०) ताल्चा खोल्ने यन्त्र; साँचो।
चाबुक–(ना०) कोर्रा; छडी।
चामल–(ना०) धानका गेडाको गुदी।
चाम्रिनु–(अ० क्रि०) चाम्रो हुनु; मसाङ्ग्रिनु; जाँगर मर्नु।
चाम्रे–(वि०) पानीमा भिजेको चामललाई घिउमा पकाएको खाद्य पदार्थ; ढकनी।
चाम्रो–(वि०) भाँच्न वा चुँड्न गाह्रो पर्ने; साह्रो; बलियो; काममा अड्न सक्ने; दिन गाह्रो मान्ने।
चाया–(ना०) टाउकोमा जम्ने एक प्रकारको मैलो पदार्थ।
चार–(वि०) तीनपछिको सङ्ख्या वा गन्ती।
चारकाने–(वि०) घाँटीमा कानजस्तै दुई लोप्रा हुने (बाख्रो)।
चारखाने–(वि०) चारकुने बुट्टा भएको (घरेलु कपडा)।
चारखुट्टे–(वि०) चारवटा खुट्टा हुने।
चारदाम–(ना०) नयाँ जग्गा कमाउँदा मोहीले जग्गा धनीलाई तिर्ने दस्तुर।
चारधाम–(ना०) भारतका प्रसिद्ध चार तीर्थस्थल (बदरी, जगन्नाथ, रामेश्वर र द्वारिका); नेपालका चार प्रसिद्ध तीर्थस्थान (वराहक्षेत्र, जनकपुर, पशुपति र लुम्बिनी)।
चारपाटे–(वि०) चारपाटा परेको। (ना०) पराल कोचेर बनाएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बोराको ओछ्यान; कानमा लाउने गहनाविशेष ।

**चारभञ्ज्याङ**–(ना०) काठमाडौं उपत्यका वरिपरिका चार वटा भञ्ज्याङ (साँगा, पाँचमाने, पाटी र खरी भञ्ज्याङ ।)

**चारवर्ण**–( ना० ) ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र— चार जाति ।

**चारा**–(ना०) चराहरूको आहार; उपाय ।

**चारु**–(ना०) प्यारो; मन परेको; राम्रो ।

**चाल**–(ना०) गति; चलाइ; चेष्टा; थाहा; प्रथा ।

**चालक**–(वि०) हँकुवा; चलाउने; ड्राइभर ।

**चालचलन**–( ना० ) रीतिस्थिति; रीतिरिवाज ।

**चालढाल**–( ना० ) कामगराइको ढाँचा; कद ।

**चालबाज**–(वि०) धूर्त; छली ।

**चालबाजी**–(ना०) छल; धोखा ।

**चाला**–( ना० ) व्यवहार; चरित्र; चेष्टा ।

**चालामाला**–( ना० ) रीतिस्थिति; चालढाल; चाला ।

**चालीस**–(वि०) दुई बीस ।

**चालू**–(वि०) चलेको; चलती ।

**चालो**–(ना०) शरीरमा एकै ठाउँमा गुजुमुजु रहने खटिराको समूह ।

**चाल्नु**–(ना०) छान्ने साधन ।

**चासनी**–( ना० ) चीनी वा मिस्री पानीमा पकाएको लेदो; नमूना जाँच्न राखिने धातु (सुन, चाँदी इ०) को टुक्रो ।

**चासो**–(ना०) वास्ता; प्रयोजन ।

**चास्नु**–(स० क्रि०) जमीन खनजोत आदि गर्नु ।

**चाह**–( ना० ) इच्छा; अभिलाषा; चाहना ।

**चाहना**–(ना०) इच्छा; अभिलाषा ।

**चाहा**–(ना०) इच्छा; चाह ।

**चाहिँ**–(अव्य०) धेरैमध्ये एउटा जनाउने शब्द ।

**चाहिँदो**–(वि०) चाहिएजति; लाग्दो; आवश्यकतानुसारको; ठिक्क ।

**चाहे**–(संयो०) प्रयोजन नभएको कुरा व्यक्त गर्ने शब्द ।

**चिग्नु**– (ना०) कुखुराको चल्लो ।

**चिउँटी**–(ना०) चिम्टी; बूढी र चोरऔंलाले समात्दा आउने परिमाण ।

**चिउँडो**–(ना०) मुखमनिको अवयव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चिउरा**–(ना०) धान भिजाई भुटी कुटेर बनाइने खाद्य पदार्थ ।

**चिउरी**–(ना०) सनजस्तो टल्कने पात निस्कने एक बोट; एक प्रकारको खाने फल ।

**चिउली**–(ना०) फलको बीयाँबाट घिउ बनाइने एक प्रकारको वृक्ष ।

**चिउलो**–(ना०) मुन्टु; टुसो; अङ्कुर ।

**चिकित्सक**–(ना०) डाक्टर; वैद्य; कविराज ।

**चिकित्सा**–(ना०) उपचार ।

**चिघ्राइ**–(ना०) चिघ्रने काम ।

**चिघ्रनु**–(अ० क्रि०) च्याँठिनु; ठर्कनु; हात्ती कराउनु ।

**चिचिमोटे**–(वि०) चञ्चले; छुकछुके ।

**चिचिलो**–(ना०) भर्खर फलेको फल; भर्खर जन्मेको बच्चा ।

**चिची**–(ना०) बालबोलीमा मासु ।

**चिचीभुँडी**–(ना०) नसप्लाएका बालक ।

**चिट**–(ना०) कागतको सानो टुक्रा ।

**चिटचिट**–(क्रि० यो०) कष्टले पसीना आउने किसिम ।

**चिटिक्क**–(क्रि० यो०) छरितो र छाँट मिलेको किसिम ।

**चिट्ठा**–(ना०) संयोगअनुसारको पुरस्कार वा आम्दानी ।

**चिट्ठी**–(ना०) चिठी; पत्र ।

**चिठी**–(ना०) चिट्ठी ।

**चिडिया**–(ना०) चरो; पक्षी; पन्छी ।

**चिडियाखाना**–(ना०) पशु-पक्षी रहने ठाउँ ।

**चिढाइ**–(ना०) चिढाउने किसिम ।

**चिढिनु**–(अ० क्रि०) रिसाउनु; क्रुद्ध हुनु ।

**चिण्डे**–(ना०) एक प्रकारको वृक्ष; त्यसैको पात ।

**चिण्डो**–(ना०) लामो घाँटी हुने एक प्रकारको तुम्बा; काठ वा माटाको थोत्रो भाँडो ।

**चित्**–(ना०) उत्तानो पछारिनु । (क्रि० यो०) जिल्लाराम ।

**चिता**–(ना०) मसानमा मुर्दा जलाउने ठाउँ वा दाउराको खलियो ।

**चिताइ**–(ना०) चिताउने काम; हेरचाह; रखवारी ।

**चिताउनु**–(स० क्रि०) मनले चाहनु; कल्पना गर्नु ।

**चितुवा**–(ना०) जीउ टाटेपाङ्ग्रे हुने सानो जातको बाघ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चित्त**–( ना० ) मन; हृदय; अन्तः-करण ।

**चित्तल**–(ना०) एक जातको मृग ।

**चित्र**–( ना० ) फोटो; तसवीर; आकृति ।

**चित्रकला**–( ना० ) चित्र बनाउने विद्या ।

**चित्रकार**–(ना०) चित्र लेख्ने व्यक्ति ।

**चित्रकारी**–(ना०) चित्र लेख्ने काम; बुट्टाकटाइ आदि ।

**चित्रगुप्त**–(ना०) पाप-पुण्यको लेखा राख्ने भनिएका देवता ।

**चित्रमय**–(वि०) चित्रैचित्रले भरि-एको ।

**चित्रिणी**–( ना० ) चार किसिमका स्त्रीमध्ये एक ।

**चित्रे**–(वि०) चित्रोजस्तै पातलो ।

**चित्रो**–(ना०) बाँस, निगाला आदिको चोया; त्यसैले बनेको पातलो वस्तु (भकारी, मान्द्रो, चटाइ) ।

**चिथडो**–( ना० ) थाङ्नो कपडा ।

**चिथोराइ**–(ना०) चिथोर्ने काम वा किसिम ।

**चिथोर्नु**–(स० क्रि०) नङले कोपर्नु; फहराउनु ।

**चिथ्रो**–(ना०) चिथडो ।

**चिनजान**–(ना०) चिनापर्ची ।

**चिना**–(ना०) जन्मपत्रिका ।

**चिनाकाठी**–(ना०) डकर्मीको ज्यावल ।

**चिनाजानी**–(ना०) चिनजान ।

**चिनारी**–(ना०) परिचय; चिना...

**चिनारु**–( वि० ) परिचित; जानेको ।

**चिनियाँगुराँस**–(ना०) एक ... फूल ।

**चिनियाँचम्पा**–( ना० ) सेतो ... सुगन्धित फूल ।

**चिनियाँच्याण्टा**–(ना०) एक ... चिटिक्क परेको घोडा ।

**चिनु**–(ना०) चिह्न; लक्षण; ...

**चिनो**–(ना०) चिनु ।

**चिन्तन**–( ना० ) ध्यान; ... मनन ।

**चिन्तनीय**–(वि०) चिन्तन योग्य...

**चिन्ता**–( ना० ) ध्याउन्न; ... फिक्री; मनन ।

**चिन्तित**–(वि०) चिन्ता भएको...

**चिन्नु**–( स० क्रि० ) पहि... चिनारी हुनु; खात मिलाएर ...

**चिपट**–(वि०) नेप्टो; चेप्टो ।

**चिपिचल्लो**–(वि०) चुपिचल्लो...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चिप्रिक्क**–( क्रि० यो० ) थोरै दिने किसिम ।
**चिप्रे**–(वि०) आँखामा चिप्रा जम्ने ।
**चिप्रो**–(ना०) आँखाको मल; कचेरा ।
**चिप्लनु**–( अ० क्रि० ) सुलुत्त हुनु; चिप्लो भएर खुट्टा खुस्कनु ।
**चिप्ले**–(वि०) लोलोपोतो गरेर कुरा गर्ने; वेसारे ।
**चिप्लेकीरो**–( ना० ) घस्रँदै जाँदा भुइँमा र्‍याल छोड्ने कीरो ।
**चिप्लेटी**–( ना० ) चिप्लिएर खेलने खेल वा ठाउँ ।
**चिप्लो**–(वि०) सुलुत्त जाने; खस्रो नभएको; चिल्लो ।
**चिबिल्ले**–(वि०) गफी; चञ्चल ।
**चिबे**–(ना०) चिभे ।
**चिभे**–(ना०) कालो सानो एक चरो; क्याँपी चरो ।
**चिभेनकटो**–(ना०) तरुनी स्त्रीहरूका बीच रहने पुरुष । (वि०) निर्लज्ज ।
**चिम**–( ना० ) बिजुलीको बल्ब; बत्तीमा जड्ने काँचको ढकना; चिम्नी ।
**चिमचिम**–(क्रि० यो) आँखा झिम्क्याउने किसिम ।
**चिमचिमे**–(वि०) आँखा झिम्क्याइरहने ।
**चिमिक्क**–(क्रि०यो०) चिम्लने किसिम ।
**चिमोटाइ**–(ना०) चिमोट्ने किसिम वा काम ।
**चिमोट्नु**–(स० क्रि०) नङले च्याप्नु; खोस्नु ।
**चिम्टा**–( ना० ) दुई लामा पाता भएको च्याप्ने फलामे साधन ।
**चिम्टी**–(ना०) चिउँटी ।
**चिम्टे**–(वि०) चिम्टाजस्तो ।
**चिम्टचाहा**–( वि० ) एक प्रकारको चिप्लो लस्सादार (माटो) ।
**चिम्नी**–( ना० ) इन्जिन वा कारखानाको धूवाँ निस्कने ।
**चिम्पान्जी**–(ना०) अफ्रिकामा पाइने वनमान्छे ।
**चिम्लनु**–( स० क्रि० ) आँखा बन्द गर्नु; झिमिक्क पार्नु ।
**चिम्लाइ**–(ना०) चिम्लने किसिम वा काम ।
**चिम्से**–(वि०) आँखा सानो हुने ।
**चिया**–(ना०) एक प्रसिद्ध झाङ्गिलो बोटको पात; त्यो पात पकाएको पानी ।
**चियाइ**–(ना०) चियाउने काम वा किसिम ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**चियाउनु**–(स० क्रि०) थाहा नपाउने गरी लुकेर हेर्नु ।
**चियो**–(ना०) चेवा; सुराक ।
**चिर**–(वि०) पुरानो; प्राचीन ।
**चिरफार**–(ना०) चिर्ने र फार्ने काम; घाउ-खटिरा चिरी सफा पार्ने काम ।
**चिरञ्जीवी**–(वि०) दीर्घजीवी; धेरै वर्ष बाँच्ने ।
**चिरबिरे**–(वि०) चकचके ।
**चिराइ**–(ना०) चिर्ने काम वा किसिम ।
**चिराइतो**–(ना०) औषधीमा काम लाग्ने एक बोट ।
**चिराक**–(ना०) मशाल ।
**चिरानी**–(ना०) चिर्ने काम; चिराइ ।
**चिराफारा**–(ना०) चिरफार ।
**चिरायु**–(वि०) दीर्घायु ।
**चिरुवा**–(वि०) चिरा परेको; चिरेको ।
**चिरुवादार**–(ना०) सइस; घोडाको काम गर्ने नोकर ।
**चिरो**–(ना०) चिरिएको वा धाँजो फाटेको टुक्रा ।
**चिर्कटो**–(ना०) काठ, बाँस आदिका टुक्राटाक्री; टिप्पन ।
**चिर्को**–(ना०) आपत्तिजनक घटना; वज्रपात ।
**चिर्घट**–(ना०) कात्रो ।
**चिर्नु**–(स० क्रि०) चिरा। छुट्टिने गरी काट्नु; चिरफार
**चिर्पट**–(ना०) दलिनमाथि ि इने काठको फल्याक ।
**चिलचिलाइ**–(ना०) चिलचि किसिम ।
**चिलचिलाउनु**–(अ० क्रि०) चि हुनु; आङ सगसगाउनु ।
**चिलबिल**–(ना०) बिचल्ली ।
**चिलाउनु**–(अ० क्रि०) जीउमा चिलाइ पैदा हुनु; सगसगाउनु गरूँ गरूँ लाग्नु ।
**चिलाउने**–(ना०) ठूलो जातको रूख ।
**चिलिम**–(ना०) तमाखु हाल्ने माटाको भाँडो । (क्रि० वि०) खत्तम ।
**चिलेसो**–(ना०) चामल, पीठो कीरो; सिलेसो ।
**चिलो**–(ना०) जुम्रा, मसिना आदिको बगुन्द्रो ।
**चिल्नु**–(स० क्रि०) कमिला, आदि कीराले टोक्नु; डस्नु ।
**चिल्लीबिल्ली**–(ना०) वि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिल्लवाठ ।

**चिल्लो**–(ना०) घिउ, तेल आदि पदार्थ । (वि०) घिउ-तेल भएको; चिप्लो र टलकदार भएको ।

**चिसिनु**–(अ० क्रि०) चिसो हुनु ।

**चिसो**–(वि०) नओबाएको; ठिहिं-न्याउंदो; जाडो हुने; शीतल । (ना०) सर्दी; सन्देह; शङ्का ।

**चिस्याइ**–(ना०) चिसो पार्ने काम वा किसिम ।

**चिस्याउनु**–(स० क्रि०) चिसो पार्नु; सेलाउनु; शङ्का गर्नु ।

**चिस्यान**–(ना०) सधैं चिसो रहने ठाउँ ।

**चिहान**–(ना०) मसान ।

**चिहाने**–(वि०) मसाने ।

**चिह्न**–(ना०) चिनु; लक्षण; निशाना ।

**चीज**–(ना०) माल; वस्तु; पदार्थ ।

**चीन**–(ना०) एशियाको एक प्रसिद्ध महादेश; नेपालको उत्तरमा रहेको छिमेकी देश ।

**चीनियाँ**–(वि०) चीन देशको ।

**चीनी**–(ना०) गुलियो पदार्थ; उखुको रस जमाई बनाएको सेतो धूलो ।

**चीर**–(ना०) फागुमा उभ्याइने छत्राकार ध्वजा; लुगाको धरो ।

**चील**–(ना०) ठूलो र हिंसक एक चरा ।

**चुंक्क**–(क्रि० यो०) अनकनाएर बिस्तार बोल्ने किसिम ।

**चुंडिनु**–(अ० क्रि०) छिन्नु; टुट्नु ।

**चुंदरी**–(ना०) रङ्गीचङ्गी बुट्टा भएको कपडा (पटुका, फरिया आदि) ।

**चुइँ**–(क्रि० यो०) चुंक्क ।

**चुइँकिनु**–(अ० क्रि०) चुइँक्क पर्नु; लुत्रुक्क हुनु ।

**चुइँकी**–(ना०) सरकारी उर्दी ।

**चुइँक्क**–(क्रि० यो०) चुइँकिने किसिम ।

**चुइँया**–(वि०) आफ्नो चीज खर्च नगर्ने; कन्जूस; लोभी ।

**चुकचुकाइ**–(ना०) चुकचुकाउने किसिम वा काम ।

**चुकचुकाउनु**–(अ० क्रि०) पछुताउनु; थकथकाउनु ।

**चुकाइ**–(ना०) चुक्ने किसिम वा काम ।

**चुकाउनु**–(स० क्रि०) तिर्नु; फच्छे गर्नु; पूरा गराउनु; साबित पार्नु ।

**चुकुल**–(ना०) कस्न र बलियो पार्नका निम्ति ढोका आदिमा ठोकिने काठको कीलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चुक्ती–( ना० ) फछ्र्यौट; फच्छे; समाप्ति ।

चुक्त्याउनु–(स० क्रि०) चुक्ती पार्नु; फछर्याउनु ।

चुक्नु–(स० क्रि०) भूल गर्नु; बिराउनु; खुस्कनु; गुम्नु ।

चुक्ली-( ना० ) पोल; छुल्याइँ; छुस्केरा ।

चुङ्गी–( ना० ) भन्सार; महसूल; चोयाले बुनेको र बिर्को भएको बाटुलो भाँडो ।

चुचुरो–( ना० ) पहाडको टुप्पो; टाकुरो ।

चुच्चे–(वि०) चुच्चो परेको; तीखो ।

चुच्चो–(ना०) टुप्पो; सुइरो; चराको मुख ।

चुटकिलो-(वि०) छोटो; घतलाग्दो । (ना०) छोटो सानो कथा ।

चुटकी–(ना०) थोरै समय; छिन; बूढीऔंला र माझीऔंलाका रगडाइको शब्द ।

चुट्नु–(स० क्रि०) खूबसित पिट्नु; गोद्नु ।

चुठ्नु–(स० क्रि०) खाएपछि हातमुख धुनु ।

चुडकिलो–(वि०) चुटकिलो ।

चुडकी–(ना०) चुटकी ।

चुडारो–(ना०) ढुङ्गाको कर्मी ।

चुड्का–(ना०) एक लोकगीत ।

चुतिया–(वि०) चुत्थो; नीच ।

चुत्के–(वि०) कन्जूस; खर्च नगर्ने ।

चुत्थिनु–( अ० क्रि० ) चुत्थो ह होचिनु ।

चुत्थो–(वि०) रद्दी; बेकम्मा ।

चुत्रो–(ना०) एक प्रकारको फल ।

चुनरी–(ना०) चुना-चुना पारी र एको एक थरी लुगा ।

चुनाइ–(ना०) चुन्ने काम ।

चुनाउ–(ना०) निर्वाचन; चुनाव ।

चुनोट–(ना०) चूनको लेदो; चुना

चुनौती–(ना०) हांक; ललकार ।

चुन्नु–(स० क्रि०) चुनाव गर्नु; रोज मन पराउनु ।

चुन्याउनु–(स० क्रि०) तह लगा मुज्याउनु ।

चुपी–(ना०) दाउरा काट्ने ह यार ।

चुभुरचुभुर–( क्रि० यो० ) अति- गरी खाने किसिम; बारम्बार ।

चुबुर्को–(ना०) चुभुर्को ।

चुभुर्को–(ना०) थोरै अनाज; चुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चुमाइ–( ना० ) चुम्ने किसिम वा काम ।

चुमुक्क–(क्रि० यो०) उत्साह मर्ने वा खुम्चिने किसिम ।

चुमुक्र्याइ–(ना०) चुमुक्र्याउने किसिम ।

चुमुक्र्याउनु–(स० क्रि०) कुरमुऱ्याउनु; मुठ्याउनु ।

चुम्बक–(ना०) फलाम आदि तान्ने पदार्थ ।

चुम्बन–(ना०) म्वाइँ; छुवाइ ।

चुरमुऱ्याउनु–(स० क्रि०) कुरमुऱ्याउनु; चुमुक्र्याउनु ।

चुरा–(ना०) सधवा स्त्रीले हातमा लाउने काँचको गहना; बाला ।

चुरिनु–(अ० क्रि०) रन्कनु; रिसले भुतुक्क हुनु ।

चुरो–(ना०) काठको भित्री भाग; ताकत; नपाकेको भातको अंश; चुरा ।

चुरोट–(ना०) सिगरेट ।

चुरौटे–(ना०) चुरा बेचेर जीविका गर्ने एक जाति । पो० चुरौटिनी ।

चुर्के–(वि०) चकचके; झगडालु ।

चुर्ना–(ना०) पेटमा पर्ने सेतो कीरा ।

चुर्मुऱ्याइ–(ना०) चुर्मुऱ्याउने काम ।

चुर्मुऱ्याउनु–( स० क्रि० ) राम्रोसित बाँध्नु ।

चुलबुल–(क्रि० यो०) चुकछुक गर्ने किसिम ।

चुलबुले–(वि०) छुकछुके; चनमते ।

चुलिनु–(अ० क्रि०) झुसिनु; अग्लो हुनु ।

चुली–( ना० ) पहाडको टुप्पो; चुचुरो । (वि०) झुसी ।

चुलेसी–(ना०) बाङ्गो टुप्पो भएको तरकारी काट्ने हतियार ।

चुल्ठी–(ना०) सानो चुल्ठो ।

चुल्ठो–(ना०) बाटेको कपाल, डोरी आदि ।

चुंवा–(ना०) एक प्रकारको सुगन्धित फूल ।

चुंवान–(ना०) श्री ५ को व्रतवन्धमा लाग्ने प्राचीन कालको दस्तूर ।

चुसाहा–(वि०) चुस्ने; शोषक ।

चुसुवा–(वि०) चुस्ने । पो० चुसुवी ।

चुस्त–(वि०) कसिएको; साँगुरो ।

चुस्नु–(स० क्रि०) छोक्रा फ्याँकेर रस लिनु; सोस्नु ।

चुस्स–(क्रि० यो०) झयास्स; ब्वास्स ।

चुहाउनी–(ना०) चुहान; तप्केनी । (वि०) चुहेको ।

चुहान–(ना०) चुहुने ठाउँ; निकास ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चुहिनु–(अ० क्रि०) प्वालबाट छिर्नु; तप्कनु; थोपा खस्नु ।

चुहुनु–(अ० क्रि०) चुहिनु ।

चुहेत्रो–( वि० ) चुहिने खालको; चुहिएको ।

चूँ–(ना०) बोल; चुइँक्क ।

चूँचूँ–( क्रि० यो० ) मुसा वा चरा कराउने किसिम ।

चूक–(ना०) निबुवा आदि पकाएको खेदो पदार्थ; भूल; कसूर ।

चून–(ना०) कृत्रिम रूपले निर्मित सेतो माटो ।

चूप–(ना०) नबोल्नु; मौन ।

चूपचाप–( ना० ) बोल्दै नबोल्नु; मौन ।

चूर–( वि० ) रिसले मुर्मुरिएको; लट्ठिएको ।

चूर्ण–(ना०) धूलो; पीठो ।

चूली–(ना०) चूल्ही ।

चूलो–(ना०) चूल्हो ।

चूल्ही–(ना०) सानो चूल्हो ।

चूल्हो–( ना० ) खानेकुरा पकाउने चम्का लागेको अगेनु ।

चूल्हेनिम्तो–(ना०) जहानैलाई गरिने निम्तो ।

चेइचेइ–(ना०) कुकुरको सम्बोधन; बालबोलीमा कुकुर ।

चेक–( ना० ) बैंकबाट पैसा झि[...] पुर्जा; निरीक्षण ।

चेत–( ना० ) चेतना; होश; ज्ञा[...] याद; मन ।

चेतना–(ना०) समझ; बुद्धि; हो[...]

चेतबाबा–(ना०) हायलकायल ।

चेताउनी–( ना० ) जनाउ; हो[...] यारी ।

चेप–(ना०) चेपुवा ।

चेपागाँडा–(ना०) भ्यागुताका बच्चा

चेपाङ–(ना०) नेपालको एक [...] जाति ।

चेपारे–(वि०) लोलोपोतो गर्ने; न[...] हिने स्वाङ पार्ने ।

चेपारो–(ना०) लोलोपोतो; चेप्या[...] धेरै साँघुरो ठाउँ ।

चेपुवा–(वि०) च्याप्ने; च्यापिएको (ना०) च्याप्ने ठाउँ वा वस्तु ।

चेप्टिनु–( अ० क्रि० ) चेप्टो [...] थेच्चिनु ।

चेप्टो–(वि०) थेप्चो; फैलिएको ।

चेप्रे–(वि०) चेपारे ।

चेप्याइँ–(वि०) चेपारो ।

चेप्प्याउनु–( स० क्रि० ) मन नपरे[...] कुरामा ओठ, मुख खुम्च्याउनु; चे[...]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पार्नु ।

**चेलाचाटी**–(ना०) चेलाचेलीहरूको समूह ।

**चेली**–(ना०) शिष्या; छोरी ।

**चेलो**–(ना०) शिष्य; विद्यार्थी; अनुयायी ।

**चेवा**–(ना०) चियो; जासूस ।

**चेष्टा**–(ना०) प्रयत्न; इच्छा; तर-खर; चाल ।

**चेहरा**–(ना०) मुखमण्डल; अनुहार ।

**चैंसो**–(ना०) दालको धूलो वा खोस्टो ।

**चैत**–(ना०) नेपालीको आखिरी महीना; चैत्र ।

**चैते**–(वि०) चैतको; चैतमा हुने वा पर्ने । (ना०) एक लोकगीत ।

**चैतेदसैं**–(ना०) चैतमा पर्ने दसैं ।

**चैत्य**–(ना०) बौद्धहरूको मठ; विहार ।

**चैत्र**–(ना०) विक्रम संवत्को बाह्रौं महीना ।

**चैन**–(ना०) आनन्द; सुख ।

**चोइटाचोइटी**–(ना०) साना-ठूला धेरै चोइटा ।

**चोइटो**–(ना०) कुनै कडा वस्तु फोर्दा निस्कने टुक्रो; काठको छोटो टुक्रो ।

**चोइटचाइ**–(ना०) चोइटा पार्ने काम ।

**चोइट्याउनु**–(स० क्रि०) चोइटा पार्नु ।

**चोइली**–(ना०) भात, ढिंडोको चपरी ।

**चोइलो**–(ना०) ठूलो चोइली; माटाको ढेलो ।

**चोक**–(ना०) आँगन; पटाङ्गिनी; चौबाटोको बजार ।

**चोकर**–(ना०) अन्नको भूस ।

**चोके**–(ना०) कापो; खामो; अप्ठेरो अवस्था ।

**चोक्टो**–(ना०) सानो टुक्रो वा कुड्को ।

**चोखिनिती**–(ना०) चोखो हुन गरिने निष्ठाकर्म ।

**चोखिनु**–(अ० क्रि०) चोखो हुनु; शुद्ध हुनु ।

**चोखेन**–(ना०) भोजन शुद्ध पार्न हालिने घिउ-तेल ।

**चोखो**–(वि०) शुद्ध; पवित्र ।

**चोचो**–(ना०) चुच्चो; मुख ।

**चोचोमोचो**–(ना०) मुख र मन ।

**चोचेमोचे**–(वि०) चोचोमोचो मिला-उने ।

**चोट**–(ना०) घाउ; प्रहार; परि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



णाम ।
**चोटपटक**–(ना०) घाउ र चोट ।
**चोटि**–(ना० यो०) पटक; बाजि ।
**चोटो**–(ना०) घरको माथिल्लो तला ।
**चोट्टा**–(ना०) ठग; धूर्त ।
**चोथाले**–( वि० ) मुखाले; बझुवा; झगडा गर्ने ।
**चोप**–(ना०) चोब ।
**चोब**–(ना०) रूखको रस; खोटो ।
**चोबदार**–( वि० ) चोब भएको । (ना०) श्री ५ को सवारीमा आसा-गुर्जा लिने व्यक्ति ।
**चोबलाइ**–(ना०) चोबल्ने किसिम वा काम ।
**चोबल्नु**–(स० क्रि०) पानीमा डुबा-उनु; चोप्नु ।
**चोभा**–(ना०) एक जातको धान ।
**चोयो**–(ना०) बाँस, निगालो आदिको कप्टेरो ।
**चोर**–( ना० ) चोर्ने व्यक्ति; घट्टू मान्छे ।
**चोरऔंलो**–(ना०) बूढीऔंलापछिको दोस्रो औंलो ।
**चोरचकार**–( ना० ) चोरको पनि चोर ।
**चोरबजार**–(ना०) कालोबजार ।
**चोरबाटो**–(ना०) लुकुवा बाटो ।
**चोरी**–(ना०) चोर्ने काम; चो[...] काम ।
**चोर्नु**–(स० क्रि०) थाहा नपाउने[...] अरूको सम्पत्ति लिनु; लामो [...] गर्नु ।
**चोला**–(ना०) जुनी; जन्म ।
**चोली**–(ना०) सानो चोलो ।
**चोले**–(वि०) चोलाको; चोलोजस्[...]
**चोसो**–( ना० ) भोटोका आकार[...] जनाना पोशाक ।
**चोसे**–(वि०) चुच्चो परेको; चो[...] परेको ।
**चोस्तो**–( मा० ) चुच्चोजस्तो मु[...] कुनु ।
**चौंठी**–(ना०) सानो चौंठी ।
**चौंठो**–(ना०) तेल हाल्ने ठेकी ।
**चौंरी**–(ना०) चमरी ।
**चौका**–(ना०) जुवाको एक [...] ताशमा चार फुट्टीको पत्ती; चौ[...]
**चौकाचँदुवा**–( ना० ) विवाह [...] शुभ कार्यमा बनाइने यज्ञको वे[...] बाँसका लिङ्गामा टाँगिएको चँदु[...]
**चौकी**–(ना०) सानो चौकी; [...] अड्डा; पुलीस बस्ने अखडा ।
**चौकीदार**–( ना० ) चौकीको [...]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दार; पाले ।

**चौकुने**–(वि०) चार कुना भएको; चारकुने ।

**चौको**–(ना०) भान्सा वा पूजा आदिको वेदी ।

**चौकोस**–(ना०) झ्या-लढोका आदिको चारैतिरको काठको बार ।

**चौखुऱ्याउनु**–(स० क्रि०) चारै खुट्टा बांधेर लडाउनु; पाता कस्नु ।

**चौगुना**–(वि०) चार दोबर; चार गुना ।

**चौगेडी**–(ना०) कानमा लाउने एक गहना ।

**चौघडा**–(ना०) खरायो ।

**चौचौ**–(ना०) उत्कण्ठा; तुलबुल ।

**चौटो**–(ना०) चोक्टो; चोइटो ।

**चौटयाउनु**–(स० क्रि०) चौटा पार्नु; टुक्रयाउनु ।

**चौडा**–(वि०) फराक; चेप्टो ।

**चौडाइ**–(ना०) गज़पट्टिको नापो ।

**चौतरिया**–(ना०) राजखलक; राजा मनिका पदाधिकारी ।

**चौतारा**–(ना०) मुख्य मन्त्री; प्रधान अमात्य ।

**चौतारे**–(वि०) नराम्रो स्वभाव र अनुहार भएको ।

**चौतीस**–(वि०) तीस र चारको जोड्मा हुने सङ्ख्या ।

**चौथाई**–(ना०) चार खण्डको एक खण्ड; त्यति नापोको भाँडो ।

**चौथी**–(ना०) चारौं तिथि; बालकहरूको एक ओखती । (वि०) तेस्रोपछिकी ।

**चौथो**–(वि०) चतुर्थ; चारौं ।

**चौध**–(वि०) दस र चारको योग ।

**चौधरी**–(ना०) गाउँ-प्रमुख; ठूलो जमीनदार ।

**चौधुन्द**–(क्रि० यो०) ज्यादै; चौपट्ट ।

**चौपट**–(ना०) नाश; सर्वनाश ।

**चौपट्ट**–(क्रि० यो०) बिछट्ट; ज्यादै । (वि०) खूब; अति ।

**चौपाया**–(वि०) चारखुट्टे । (ना०) वस्तुभाउ ।

**चौबन्दी**–(ना०) तुना बांध्ने नेपाली चोलो ।

**चौबीस**–(वि०) बीस र चार ।

**चौमासा**–(ना०) चतुर्मासा ।

**चौरानब्बे**–(वि०) नब्बे र चार ।

**चौरासी**–(वि०) असी र चार ।

**चौलानो**–(ना०) चामल पखालेको पानी ।

**चौशाला**–(ना०) चारैतिर चोक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएको घर आदि ।

**चौसाला**–(वि०) चार वर्षको ।

**चौहट्टी**–(ना०) चारतिरको सांध वा किल्ला ।

**चौहत्तर**–(वि०) सत्तरी र चार ।

**च्याँख**–(ना०) काठको चिरामा घुसारिने चुकुल ।

**च्यांखु**–(ना०) सेतो हिम-सिंह ।

**च्याँखे**–(ना०) दाउमा सघाएर थापिने धन; त्यस्तो धन थाप्ने मान्छे ।

**च्याँखेधर्ना**–(ना०) च्याँखेको जस्तो धर्नाकसाइ; डेग नचलीकनको कुह्लाइ ।

**च्याँख्ला**–(ना०) मकैको चामल; छोक्रा; छ्याकन ।

**च्याँठिनु**–(अ० क्रि०) झर्कनु; रिसाएर बोल्नु ।

**च्याँसे**–(वि०) दुब्लो; सिकुटे ।

**च्याउँच्याउँ**–(ना०) कचकच; करकर ।

**च्याउँतो**–(वि०) उराठलाग्दो ।

**च्याउ**–(ना०) एक जातको वनस्पति ।

**च्याकुलझ्याइँ**–(क्रि० यो०) दुईतिर समातेर झुन्डचाई लाने वा ल्याउने किसिम ।

**च्याखुरो**–(ना०) एक जातको पन्छी

**च्याङ्ग्रे**–(वि०) सिकुटे र खाता भएको ।

**च्याङ्ग्रो**–(ना०) हिम-प्रदेशमा एक थरी बाख्रो । (वि०) च्याङ

**च्यातचुत**–(क्रि० यो०) लुगा, क आदि धरा-धरा पार्ने किसिम ।

**च्यात्नु**–(स० क्रि०) टुक्रचाउनु; फ

**च्यान्टा**–(वि०) सानो कदको ।

**च्यापु**–(ना०) मुखभित्रको माथि भाग ।

**च्याप्नु**–(स० क्रि०) दुईतिर थिच्नु; अँठ्याउनु; आश्रय लिनु

**च्याप्प**–(क्रि० यो०) टाँसिने किसि

**च्याब्रुङ**–(ना०) एक नेपाली बाज

**च्यामे**–(ना०) सफाइ गर्ने एक जा

**च्याम्पटी**–(ना०) लप्सीको बीया

**च्याहाँच्याहाँ**–(क्रि० यो०) धेरै ह नानी रुँदाको किसिम ।

**च्वाँचे**–(ना०) सुँगुर ।

**च्वाट्ट**–(क्रि० यो०) झट्ट; एकदम

**च्वास्स**–(क्रि० यो०) आगो इत्यादि पोल्ने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# छ

छ– देवनागरी वर्णमालाको सातौं व्यञ्जनवर्ण । (ना०) तीन र तीन जोडिएको सङ्ख्या । (वि०) त्यत्ति सङ्ख्याको। (अ०क्रि०) 'हुनु' क्रियाको प्रथम पुरुष ।

छँटाइ–(ना०) छाँट्ने किसिम; छाँटकाँट पार्ने ढाँचा ।

छँटाउनु–( अ० क्रि० ) बहुलाउनु; सन्कनु ।

छँटाहा–(वि०) बहुलाहा, सन्काहा ।

छँड्ली–(वि०) उत्ताउली (स्त्री); छाले; छाडा ।

छँड्लो–( वि० ) उत्ताउलो; व्यभिचारी ।

छक–(ना०) आश्चर्य; उदेक ।

छकल्ली–(वि०) नकल पार्ने; चञ्चले (स्त्री); छ टुक्रा गाँसी सिएको टोपी ।

छकाइ–( ना० ) छकाउने काम वा किसिम ।

छकाउनु–(स० क्रि०) छल्नु; ढाँट्नु ।

छकाटूट–(ना०) केही पनि नहुनु; शून्यता ।

छकार–(ना०) 'छ' अक्षर ।

छकावट–(ना०) छकाइ ।

छकाल–(ना०) मध्याह्नकाल; सूनसान अवस्था; निछ्याम ।

छकिनु–( अ० क्रि० ) छलमा पर्नु; छलिनु; भुल्नु; जिल्लिनु; धोकामा पर्नु ।

छक्का–( ना० ) जूवाको एक दाउ; पासाको एक दाउ; तासको छ फुट्टीवाला पत्ती ।

छक्काल–(ना०) छकाल ।

छक्के–(वि०) छ दोबर ।

छचल्काइ–(ना०) छचल्किने किसिम वा काम ।

छचल्किनु–(अ० क्रि०) पन्यालो वस्तु ठक्कर खाएर हल्लनु ।

छचल्को–(ना०) छचल्काइ ।

छटक्क–( क्रि० यो० ) एकै पटकमा छिन्ने किसिम; छट्केर पन्छने किसिम ।

छटछटी–(क्रि० यो०) धमाधम काट्ने काम; छपछपी ।

छटनी–( ना० ) कुनै कार्यालयबाट अनावश्यक मानिसलाई निकाल्ने काम; छाँट्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



छटपट–(क्रि॰ यो॰) शारीरिक वा मानसिक पीडाबाट वेचैन हुने किसिम। (ना॰) बेचैनी; छटपटी।

छटपटी–(ना॰) बेचैनी; तुलबुली।

छटपटे–(वि॰) छटपट गर्ने; चटपटे; हुडबडे।

छटा–(ना॰) ढाँचा; सौन्दर्य।

छटाक–(ना॰) एक पाउको चतुर्थांश। (वि॰) त्यति परिमाणको।

छटाछटी–(क्रि॰ यो॰) धमाधम कुनै काम गर्ने किसिम; फटाफट।

छटेल–(वि॰) खूब चलाख; धूर्त; छट्टू।

छट्कनु–(अ॰ क्रि॰) पन्छनु; उम्कनु; बेग्लै हुनु; उछिट्टिनु।

छट्का–(ना॰) हात्तीका पछाडिका खुट्टा बाँध्ने डोरी।

छट्काइ–(ना॰) छट्कने काम वा किसिम।

छट्के–(वि॰) छड्के।

छट्टू–(वि॰) खूब बाठो; छटेल; चलाख।

छडी–(ना॰) सानो लट्ठी; सिर्कनु।

छड्के–(वि॰) तेर्सो; बाङ्गो। (ना॰) बीचको जाँच; छेकारो।

छड्किनु–(अ॰ क्रि॰) पानी आदि पन्यालो पदार्थ ठक्कर खाएर हल्लँदै छड्केर पाम्नु; फुत्कनु।

छत–(ना॰) छानु; धुरी; पाली।

छताछुल्ल–(क्रि॰ यो॰) तरल पदार्थ पोखिँदाको किसिम; छयालब्याल।

छतौरो–(ना॰) भेडा, बाख्रा आदिको पाठो।

छत्ता–(ना॰) छाता; छत्र।

छत्तीस–(वि॰) तीस र छ-को योग सङ्ख्या।

छत्तीसा–(वि॰) छत्तीस वा अनेक दाउपेच जान्ने; खूब बाठो; छटेल नखरमाउली (स्त्री)।

छत्र–(ना॰) छाता; सुनको र भएको, रत्नजडित र मोतीको झल्लर लागेको छाता; एक राज चिह्न।

छत्रछाया–(ना॰) आडभरोसा; बा पास।

छत्रधारी–(वि॰) छाता ओढ्ने छाता लिएर हिँड्ने। (ना॰) राजा।

छत्रपति–(ना॰) अधिपति; राजा।

छत्रिनु–(अ॰ क्रि॰) छकिनु; कुबिनु जिल्लिनु; हिस्सिनु।

छत्री–(ना॰) तुलसीको मठमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



देवताका माथि टाँग्न बनाइने फूल-मालाको मण्डप; चोयाको चित्रमा पात छापी बनाइएको बर्खे ओढो ।

छ्र्याइ–(ना०) छ्रिने काम वा किसिम; छकाइ ।

छ्र्याउनु–(स० क्रि०) छकाउनु; जिल्याउनु; ठग्नु ।

छदाइ–(ना०) छाद्ने काम वा किसिम; वमनगराइ ।

छद्म–(ना०) बदलेको रूप वा नकली भेष; छल ।

छद्मवेशी–(वि०) नकली रूप धारण गर्ने; भेष बदलेको ।

छन्–(अ० क्रि०) 'हुनु' क्रियाको प्रथम पुरुष, बहुवचनको वर्तमानकालिक रूप; 'छ' को बहुवचन आदरार्थी रूप ।

छनक–(ना०) एक जनालाई भनेझैं गरी अर्कोलाई गरिने छेड; घोच-पेच; सूचना ।

छनछन–(क्रि० यो०) रुपियाँ-पैसा आदि गन्दा वा बज्दाको किसिम; तातो धातुमा पानीका छिटा पर्दा आवाज आउने किसिम ।

छनछनाउँदो–(वि०) छनछन आवाज आउने; खोट नभएको ।

छनछनी–(क्रि० यो०) छनछन ।

छनुवा–(ना०) हात्तीका अगाडिका दुई खुट्टा जोल्टयाई बाँध्ने साङ्लो । (वि०) छानिएको ।

छनोट–(ना०) छान्ने, केलाउने र रोज्ने काम ।

छनौटो–(वि०) चालेको; छानेर बाँकी रहेको । (ना०) चाल्नु; छान्ने भाँडो ।

छन्द–(ना०) छाँट; ढङ्ग; बनौट; चालचलन; गणको नियमानुसार बनाइने वाक्य वा फाँकी ।

छन्दबन्द–(ना०) छाँटकाँट; ढाँचा-काँचा; रूपरङ्ग ।

छन्दशास्त्र–(ना०) छन्दको रचना गर्ने नियम र सिद्धान्तहरूको विवेचना गरिएको शास्त्र; पिङ्गलशास्त्र ।

छन्देइलो–(वि०) छन्द परेको; छाँट मिलेको ।

छन्दोभङ्ग–(ना०) छन्दमा मात्रा, वर्ण आदि नमिल्नु ।

छपक्क–(क्रि० यो०) हतियारले एकै बाजि काट्ने किसिम; छटक्क; वरि-परि ढाक्ने किसिम ।

छपछप–(क्रि० यो०) खुकुरी आदिले धमाधम काट्ने किसिम; लुगा धुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हातले थिच्ने किसिम ।

छपनी–(ना०) चोयाले बनेको सोलीका आकारको जाँड छान्ने चाल्नी ।

छपन्न–(वि०) पचास र छ-को जोडमा हुने सङ्ख्या वा गन्ती ।

छपाइ–(ना०) छाप्ने वा छपाउने काम; चित्र वा अक्षर निकाल्ने किसिम ।

छपाउनु–(स० क्रि०) मुद्रित गराउनु; छापा मार्न लाउनु ।

छप्काइ–(ना०) छप्काउने किसिम वा काम ।

छप्काउनु–(स० क्रि०) काट्नु; कत्तल गर्नु ।

छप्को–(ना०) छप्काउँदाको पटक; मौका; खेतमा धान रोप्ने काम ।

छप्पड–(ना०) छप्पर ।

छप्पर–(ना०) कुपडी; छाप्रो ।

छब्बीस–(वि०) बीस र छ ।

छमछम–(क्रि० यो०) चाँप; घुँगुरा आदि बज्ने किसिम ।

छमछमाउनु–(अ० क्रि०) पाउजेब, घुँगुरा आदि बज्नु; छमछम शब्द निस्कनु ।

छमछमी–(क्रि० यो०) छमछम ।

छम्कट्ट–(वि०) ठिक्कको; सुहाउँदो; छरितो ।

छम्कनु–(स० क्रि०) पानी व[illegible] पन्यालो पदार्थ छर्कनु; सेचन ग[illegible]

छम्को–(ना०) पानीले छयाप्ने का[illegible] छम्कनै क्रिया; सेचन ।

छयल्ल–(वि०) छाले; बयाले[illegible] बित्पाते ।

छयसट्ठी–(वि०) तीन बीस र छ।

छयहत्तर–(वि०) सत्तरी र छ।

छयानब्बे–(वि०) नब्बे र छ।

छयालीस–(वि०) दुई बीस र छ।

छयासी–(वि०) चार बीस र छ।

छरछिमेक–(ना०) गाउँघरको आ[illegible] पास; घरवरपरको ठाउँ ।

छरपुस्ट–(क्रि० यो०) यताउति भ[illegible] छरिने किसिम ।

छरिछट्ट–(क्रि० यो०) सानो र रा[illegible] हुने किसिम; चिटिक्क । (वि[illegible] चरिच्याँट्ट; राम्रो र छरितो ।

छरितो–(वि०) राम्रो छाँट परे[illegible] ठिक्कको ।

छरी–(ना०) एक किसिमले क[illegible] छाँट्ने काम, कन्चटनिर दाही कपाल छुट्टिने गरी काट्ने काम।

छरुवा–(वि०) छरेको; छर्ने ।

छर्कनु–(स० क्रि०) छर्नु; छम्क[illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



छिट्नु ।

छर्छर–(क्रि० यो०) पानी वा मसिना गेडाहरू अग्लो ठाउँबाट खस्दा आवाज आउने किसिम ।

छर्छराउँदो–(वि०) राम्ररी नपाकेको; जर्रो (भात आदि) ।

छर्छरी–( क्रि यो० ) शरीर कोरिएर वा फुटेर रगत निस्कने किसिम; छरिने किसिम ।

छर्छरे–(ना०) छहरा; झरना; निर्झर।

छर्छार–(ना०) बारीमा मकै आदि बीउहरू छर्ने काम ।

छर्रा–(ना०) बन्दूकका टोटामा भरिएका सीसाका ससाना गोली ।

छर्लङ्ग–(क्रि० यो०) स्पष्टसँग देखिने किसिम ।

छर्लङ्ङ–(क्रि० यो०) छर्लङ्ग ।

छल–(ना०) झुक्याउने काम; जाल; बेइमानी; वहाना ।

छलकपट–(ना०) जालझेल ।

छलकार–(ना०) बहाना; निहुँ ।

छलकारी–(वि०) झुक्यान पार्ने ।

छलछाम–(ना०) आलटाल; ढाँटछुँट; जालझेल ।

छलफल–(ना०) आफू-आफूमा गरिने विचार; बहस ।

छलबल–(ना०) कुनै कामका निम्तिको कपटपूर्ण व्यवहार; छलपूर्वकको बल ।

छलाइ–( ना० ) छल्ने काम वा किसिम ।

छलिनु–(अ० क्रि०) हूल वा समूहबाट अलमलिएर छुट्टिनु; एकलो पर्नु; हराउनु; लुक्नु ।

छली–(वि०) छल गर्ने; कपटी ।

छल्कनु–( अ० क्रि० ) छाल उठ्नु; छचल्किनु ।

छल्क्याइ–(ना०) छल्कने काम ।

छल्नु–(स० क्रि०) झुक्याउनु; छकाउनु; एकलो पारी हिंड्नु ।

छवाइ–(ना०) छाउने काम; छाना लगाउने काम ।

छवि–(ना०) शोभा; सौन्दर्य; कान्ति; चमक; झलक; प्रभा ।

छवियन्त्र–(ना०) फोटो खिच्ने वस्तु; क्यामरा ।

छसाइ–(ना०) रूखको टुप्पो आदि अलि-अलि काट्ने काम ।

छहरो–(ना०) अग्लो पहाडबाट झरेको पानी; झरना; छाँगो ।

छहारी–(ना०) सियाँल; रूख आदिको छाया ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



छाँगो–(ना०) छहरो ।

छाँट–(ना०) ढाँचा; चेष्टा; छाडन; बनोट ।

छाँटकाँट–(ना०) बनोटको ढङ्ग; काटकुट; चालचलन ।

छाँटछुँट–(ना०) छाँटेर ठीक पार्ने काम ।

छाँटा–(ना०) बहुलट्टी; स्वाङ; बोक्रा छुट्टयाएको दाल ।

छाँट्नु–(स० क्रि०) चामल राम्रोसँग ढिकीमा कुट्नु; रूखको हाँगा मिलाएर काट्नु; लामो कपाल अलि-अलि काट्नु ।

छाँद–(ना०) पाउ पर्ने काम; खुट्टामा हाल्ने बन्धन ।

छाँद्नु–(स० क्रि०) पशुलाई खुट्टामा बाँध्नु ।

छाइछुइ–(ना०) छातछूत; छुवाछूत ।

छाउनी–(ना०) सेना राख्ने वा रहने ठाउँ; शिविर; ब्यारेक ।

छाउरो–(ना०) कुकुर, स्याल आदि जनावरको बच्चो ।

छाक-(ना०) एक पटक खान पुग्ने आहारा; खाना ।

छाकखल्को–(ना०) आशौचका निम्ति खल्को हालेर छाडिने छाक; एक-दिने जुठो ।

छाको–(ना०) बियाएका गाईवस्तु खान दिइने नून; चरेर फर्के गोठमा खान दिइने खानेकुरो ।

छाडन–(ना०) छाँट; लक्षण; बा बानी ।

छाडा–(वि०) मर्यादामा नरहे आफूखुशी; स्वच्छन्द ।

छाड्नु–(स० क्रि०) त्याग गर्नु; बार्नु; मुक्त गराउनु ।

छातछूत–(ना०) लसपस; छुवाछूत

छाता–(ना०) घामपानीबाट बच्न निम्ति ओढिने ओढो; छत्र ।

छाती–(ना०) शरीरका अगाडिपट्टि अवयव; वक्षस्थल; हृदय; साह

छातीदार–(वि०) दिलदार; उदा

छाते–(वि०) छाता ओढाउने; छ वाला; पिठिउँमा बोकी हि नोकर ।

छातो (ना०) भाँडाबर्तनको गु फिंजिएको अंश ।

छात्र-(ना०) विद्यार्थी; चेलो ।

छात्रवृत्ति–(ना०) विद्यार्थीहरू विद्याध्ययनका निम्ति दिइने आर्थि काको साधन ।

छात्रा–(ना०) विद्याध्ययनमा ल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्त्री; स्त्री विद्यार्थी ।

छात्रालय–(ना०) छात्रावास ।

छात्रावास–(ना०) सामूहिक रूपमा विद्यार्थीहरू बस्ने घर ।

छाद–(ना०) वान्ता; वमन ।

छानछिन–(ना०) छिनाफाना ।

छानबीन–(ना०) छान्ने र बिन्ने काम; केलाइ; चुनाइ; खोजतलास ।

छाना–(ना०) छानु ।

छानु–(ना०) छत; धुरी ।

छान्नु–(स० क्रि०) कपडा; जाली आदिद्वारा चालेर खसाल्नु; चालनी-द्वारा छुट्याउनु; रोज्नु ।

छाप–(ना०) छापा; नाउँ लेखिएको औंठी वा त्यसको चिह्न; वाक्लो चन्दनको टीका ।

छापछापती–(क्रि० यो०) कुनै कुराको खोजीमा धेरै मानिस जताततै फैलिने किसिम ।

छापदानी–(ना०) छापामा लगाउने मसी हाल्ने भांडो ।

छापा–(ना०) छापिएका अक्षर वा चित्र; तसवीर; अखबार; कहिल्यै पनि नबिर्सिने काम; युद्धमा गरिएको रातारातको हमला ।

छापाखाना–(ना०) पुस्तक-पत्रिका छाप्ने ठाउँ; प्रेस; मुद्रणालय ।

छापामार–(वि०) छापा मार्ने; अचानक आक्रमण गर्ने (सैनिक) ।

छापे–(वि०) छाप लागेको; छाप भएको ।

छाप्नु–(स० क्रि०) ब्लक, टाइप आदिबाट चित्र वा अक्षर निकाल्नु; छाप लाउनु; ढुङ्गा, ईंट आदिले जमीन ढाक्नु ।

छाप्री–(ना०) पूजाका सामाग्रीहरू हाल्ने थालजस्तो भांडो ।

छाप्रो–(ना०) काठ, बांस, पराल आदिले बनाएको सानो घर; झुपडी ।

छामछुम–(ना०) छाम्ने काम ।

छाम्नु–(स० क्रि०) यताउति छामेर खोज्नु; छुनु ।

छाया–(ना०) ओझेल; सियाल; छहारी ।

छायाचित्र–(ना०) छायामा देखिने चलचित्र ।

छायामय–(वि०) छाया भएको; छायायुक्त ।

छायायन्त्र–(ना०) छायाद्वारा समय थाहा पाइने यन्त्र; धूपघडी ।

छायालोक–(ना०) स्वप्नजगत् ।

छारकाप्रो–(ना०) तातो खरानी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लोहोरो, ईंट आदि तातो चीज (कुनै शारीरिक पीडा भएमा सेक्ने); कपडाले बेरेको तातो कुरा; छारा-तिराइ ।

छारतोस–(ना०) बेगसित दौडने वा भाग्ने काम; सुइँकुच्चा ।

छारपन–( ना० ) हात्तीको एक पाखामा कडी लगाई हौदा कस्ने डोरी ।

छारस्ट–(ना०) खूबसित हप्काउने, मनपरी बोल्ने र जतातते चीजहरू पोखिने ढाँचा ।

छारेरोग–(ना०) मूर्छा पर्ने रोग ।

छारो–(ना०) धूलो; मसिनु कसिङ्गर ।

छाल–(ना०) नदीमा आएको पानीको लहर; लहरी ।

छाला–(ना०) शरीरलाई ढाकेर रहेको चाम्रो पातलो मासु; खाल ।

छाली–(ना०) दूध, दही आदिको तर; बोक्रो ।

छाले–(वि०) उत्ताउली; नखरमाउली (स्त्री) ।

छाल्याइँ–(ना०) छालेपन; उत्ताउलो-पन ।

छावा–(ना०) हात्तीको बच्चो ।

छासछुस–(क्रि० यो०) कुरा लाउने किसिम; चुक्ली हाल्ने किसिम ।

छासमिस–(वि०) मिस्कट; सबै ... एकै ठाउँ भएको ।

छास्नु–(स० क्रि०) बेसरी हप्का... काट्नु ।

छास्सछुस्स–(क्रि० यो०) हल्का त... यताउति छुने किसिम; अलि... दिने वा बोल्ने किसिम ।

छिक–(ना०) छिक्का; छिउँ ।

छिकुवा–(वि०) छिक गर्ने ।

छिक्का–(ना०) रुघा आदि ... नाकबाट निस्कने आवाज; छिउँ ।

छिक्नु–(अ० क्रि०) छिक गर्नु; ... गर्नु ।

छिड–( ना० ) भाँडाबर्तनमा ... सानो प्वाल ।

छिडी–(ना०) घरको सबैभन्दा ... तलो; भइँतलो ।

छिवल–(ना०) पटक; ताक; ... समय ।

छिवलाइ–( ना० ) हाँगा ... काट्ने किसिम वा काम ।

छिवल्नु–( स० क्रि० ) हाँगा... छाँट्नु; काम आधी पार्नु; ... छिन्नु ।

छिः–(वि० बो०) घीन वा ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बुझाउने शब्द ।
**छिचरो**–(वि०) दाँतका पङ्क्ति नमिलेको; लाज वा धक नमानी बोल्ने ।
**छिचन्याइँ**–( ना० ) छिचरो हुनाको भाव वा किसिम ।
**छिचलाइ**–(ना०) छिचल्ने किसिम; छिचोलाइ ।
**छिचल्नु**–(स० क्रि०) गाह्रो कामकुरा सकेर उत्रनु; छिनुँ; टुङ्गो लाउनु ।
**छिचोलाइ**–(ना०) छिचलाइ ।
**छिचोल्नु**-(स० क्रि०) छिचल्नु ।
**छिछिमटे**–(वि०) फुर्तिलो; छुकछुके ।
**छिटाइ**–( ना० ) छिट्ने काम वा क्रिया; छर्कने किसिम ।
**छिटो**–( ना० ) उछिट्टिएर गएको पानी; थोपो; बूँद । (क्रि० यो०) चाँडो; तुरुन्त । (वि०) चलाख ।
**छिटोछरितो**–(वि०) छिटो र छरितो ।
**छिट्नु**–( स० क्रि० ) पानी आदि पन्यालो पदार्थ छम्कनु; गेडा आदि छर्नु ।
**छिट्याउनु**–(अ० क्रि०) छिटा-छिटा परेर झर्नु; बूँद झर्नु; पानी पर्नु ।
**छितरबितर**–(क्रि० यो०) यताउता छरिने काम; छ्यासब्यास ।
**छितरिनु**–( अ० क्रि० ) इतरिनु; मात्तिनु; छिहिलिनु ।
**छितन्याइ**–(ना०) छितरिने किसिम वा काम ।
**छिद्र**–(ना०) प्वाल; दुलो; अन्तर; त्रुटि ।
**छिद्रान्वेषण**–( ना० ) अर्काको दोष निकाल्नु; दोष खोज्ने काम ।
**छिन**–( ना० ) थोरै समय; क्षण; निमेष ।
**छिनछान**–(ना०) छिन्ने काम; छिनाफाना; फछर्यौंट ।
**छिनछिन**–(क्रि० यो०) सुकेका कोसाहरू वा सान्साना मुजुरा बज्ने किसिम ।
**छिनाइ**(ना०) छिन्ने काम; टुङ्गो; खतम ।
**छिनापत्र**–( ना० ) छिनछान भएका कुराको कागत ।
**छिनाफाना**-( ना० ) लेनदेनको चुक्ता; फछर्यौंट ।
**छिनार**-(वि०) व्यभिचारी; रन्डो; फुँडो ।
**छिनाल्नु**–( स० क्रि० ) चुँडाल्नु; छिन्नु; टुक्र्याउनु ।
**छिनु**–(ना०) धातु काट्ने वा ढुङ्गा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुँद्ने हतियार ।

**छिन्कनु**–(स० क्रि०) ठूलो र सानो छुटयाउन नाङ्लो चलाउनु ।

**छिन्काइ**–(ना०) छिन्कने काम वा किसिम ।

**छिन्न**–( वि० ) काटिएको; खण्डित; बिग्रेको ।

**छिन्नभिन्न**–(वि०) काटकुट गरिएको; टुक्रयाइएको ।

**छिन्नु**–(अ० क्रि०) चुँड्नु; टुट्नु ।

**छिपछिप**–( क्रि० यो० ) अलिअलि पानी भएको वा चल्ने किसिम ।

**छिपछिपे**–( वि० ) थोर-बहुत झोल भएको ।

**छिपा**–(ना०) कपडा छिप्ने, रँगाउने एक जाति ।

**छिपाइ**–(ना०) छिप्ने-छिपाउने काम; कपडामा रङ्गीन बुट्टाहरू छाप्ने काम ।

**छिपाउनु**–(स० क्रि०) लुकाउनु; दबाउनु; कपडामा बुट्टा बनाउन लाउनु ।

**छिपुवा**–( वि० ) बुट्टा छापिएको; छिपेको (कपडा) ।

**छिप्नु**–(स० क्रि०) कपडामा बुट्टाछाप्नु; लुक्नु; दब्नु ।

**छिप्पिनु**-(अ० क्रि०) कलिलो अवस्थाबाट परिपक्व हुनु; प्रौढ बन्नु; खस्रिनु ।

**छिमल**–(ना०) छिँवल ।

**छिमलाइ**–(ना०) छिँवलाइ ।

**छिमल्नु**–(स० क्रि०) छिँवल्नु ।

**छिमेक**–(ना०) घर वा गाउँको वर-पर; आसपास ।

**छिमेकी**–(वि०) आफ्नो घर वरपरको; गाउँले ।

**छिम्कनु** -(स० क्रि०) खेल्दा हातको ढुङ्गा उल्टो उफारेर हातमा पार्नु ।

**छिम्केफार**–(ना०) नाकमा नस राल्ने र पिनासको औषधीमा काम लाग्ने एक झार ।

**छिया**–(ना०) चिरा; सानो टुक्रा ।

**छियाछिया**–( वि० ) प्वालैप्वाल भएको; धेरै ठाउँ फाटेको ।

**छिरबिर**–( क्रि० यो० ) रङ्गीचङ्गी वा मसिनु बुट्टा हुने किसिम ।

**छिरबिरे**–(वि०) थरी-थरी रङ्गको ।

**छिरलाइ**–( ना० ) छिरल्ने काम; पोखिने काम ।

**छिरलो**–( ना० ) यताउता छरिएर उठाउन असम्भव अवस्था ।

**छिरल्नु**–(स० क्रि०) छिरलो पार्नु ।

**छिराइ**–( ना० ) छिराउने काम;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्वालमा कुनै चीज राख्नु ।

**छिर्केदाउ**–(ना०) कुस्ती खेल्दा लडाउने दाउ ।

**छिर्को**–(ना०) छिटो; थोपो ।

**छिलाइ**–(ना०) छिल्ने काम; ताछ्ने काम ।

**छिल्कनु**–(स० क्रि०) छोडाउनु; ताछ्नु ।

**छिल्को**–(ना०) बोक्रो; खोस्टो ।

**छिल्नु**–(स० क्रि०) छिल्कनु ।

**छिस्किनी**–(ना०) छेस्किनी ।

**छिहिलिनु**–(स० क्रि०) लाज हुने कुरा बोल्नु; इतरिनु ।

**छीट**–(ना०) ससाना बुट्टा भएको खाँडीको छिपुवा कपडा ।

**छु**–(अ० क्रि०) 'हुनु' क्रियाको उत्तम पुरुष एक वचनको रूप ।

**छुई**–(ना०) बालबोलीमा छुवाइ ।

**छुक**–(ना०) मङ्गल; शुभ सकुन; घत ।

**छुकछुक**–(क्रि० यो०) चलिरहने किसिम ।

**छुकछुके**–(वि०) चञ्चले; चकचके ।

**छुकी**–(वि०) लच्छिनी; छुक भएको ।

**छुकुनी**–(ना०) कर्कलाको डाँठ सुकाएर बनाइएको मसिना टुक्रा; धूलो अचार ।

**छुची**–(ना०) बन्दुकका टोटाको केपका केन्द्रमा जडिएको भाग; तेल; मट्टीतेल हाल्ने सोली ।

**छुचुन्द्रो**–(ना०) मुसोजस्तो लामो थुतुनो भएको प्राणी ।

**छुच्चो**–(वि०) छोटो मिजासको; मानिसलाई नसहने; छुस्कर; कन्जूस ।

**छुच्च्याइँ**–(ना०) छुच्चो हुनाको भाव ।

**छुट**–(ना०) छुट्ने क्रिया; भूलबाट छुट्नु । (वि०) छुटेको; भुलेको ।

**छुटकारा**–(ना०) छुट्टी; मुक्ति; अवकाश; फुर्सद ।

**छुटछाट**–(ना०) छुटेर बाँकी रहेको वस्तु ।

**छुटफुट**–(ना०) छोडिने क्रिया; छूट ।

**छुटाइ**–(ना०) छुटाउने किसिम वा काम ।

**छुटाउनु**–(स० क्रि०) अलग गराउनु; बन्धनबाट मुक्त गराउनु ।

**छुटिनु**–(अ० क्रि०) अलग हुनु ।

**छुट्टा**–(वि०) फुट्टा; अलग; बेग्लै; एकलै ।

**छुट्टाछुट्टै**–(क्रि० यो०) बेग्लाबेग्लै;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अलग-अलग ।

छुट्टिनु–(अ० क्रि०) छुट्टा हुनु; अलग हुनु ।

छुट्टी–(ना०) बिदा; अवकाश; छुटकारा ।

छुट्टीछाट्टी–(ना०) सत्यानाश; बरबाद ।

छुट्नु–(अ० क्रि०) बिछोड हुनु; हराउनु; भुल्नु; छोडिनु ।

छुत्ती–(ना०) आफू-आफूमा छोएर खेलिने एक खेल; यताउतिको दौड ।

छुद्दे–(ना०) खाने इच्छा; रुचि ।

छुनु–(स० क्रि०) स्पर्श गर्नु; संसर्ग-गर्नु; साँघी लाग्नु ।

छुनुमुनु–(ना०) बच्चाको टाउको हल्लाउने खेल । (क्रि० यो०) मन्टो हल्लाउने किसिम ।

छुनुमुने–(वि०) छुनुमुनु गर्ने; चञ्चले ।

छुपछुप–(क्रि० यो०) लुगा धुँदा शब्द आउने किसिम ।

छुपुछुपु–(क्रि० यो०) धमाधम धान रोप्ने किसिम ।

छुरछुरे–(वि०) अलि-अलि चुहिने; चञ्चले ।

छुरा–(ना०) कपाल काट्ने हतियार ।

छुरी–(ना०) घोचेर प्रहार गरिने सानो लाग्ने हतियार ।

छुरो–(ना०) केही नमिसिएको निर्मल (रगत, बालुवा आदि) ।

छुर्पी–(ना०) दूध; महीको छोक्रा ।

छुर्र–(क्रि० यो०) अन्न र अरु मसिना चीज खस्ने किसिम ।

छुलछुली–(क्रि० यो०) पिसाब ... रहने किसिम ।

छुल्याइँ–(ना०) बदमासी; चुक्ली ।

छुल्याहा–(वि०) चुक्ली लाउने; पोलाहा ।

छुवाइ–(ना०) छुने काम; स्पर्श ।

छुवाछूत–(ना०) लसपस; छोतछा...

छुसी–(ना०) गोडाको औंलामा ... रौं; जाबो; गहुँको कुस ।

छुस्के–(वि०) छुकछुक गर्ने; ... उता पोल लगाई हिँड्ने ।

छुस्स–(क्रि० यो०) चुक्ली ... काम; हल्कासँग छुनु ।

छूट–(ना०) छाडिएको वा ... चीजवस्तु ।

छूत–(ना०) छुन नहुने वस्तु छुँदा... दोष ।

छेउ–(ना०) किनारा; ... (क्रि० यो०) सित; संग; ...

छेउछाउ–(क्रि० यो०) ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आसपास ।

**छेकथुन**–(ना०) छेक्ने र थुन्ने काम; अड्काउ ।

**छेकबार**–(ना०) छेकाबार ।

**छेकाइ**–(ना०) छेक्ने-छेकाउने काम ।

**छेकाबार**–(ना०) छेक्ने बार; पर्दा; छेको ।

**छेकारो**–(ना०) छोटो बाटो गई घुमाउरो बाटो जानेलाई भेट्टाउने काम; छड्के ।

**छेकुवा**–(वि०) छेक्ने; रोक्ने ।

**छेको**–(ना०) अरू नआऊन् भन्नाका लागि लगाइने अड्को; बार; रोकावट ।

**छेक्नु**–(स० क्रि०) रोक्नु; थुन्नु; बार्नु; पर्दा हाल्नु; नापो लिनु ।

**छेड**–(ना०) छनक; व्यङ्ग्य ।

**छेडखान**–(ना०) निधो; निश्चय ।

**छेडछाड**–(ना०) घोचपेच; छनक; प्वाल पार्ने काम ।

**छेडाइ**–(ना०) छेड्ने काम वा किसिम ।

**छेडो**–(ना०) सानो बाटो; गल्छेंडो ।

**छेड्नु**–(स० क्रि०) प्वाल पार्नु; घच्चा हान्नु ।

**छेत्री**–(ना०) हिन्दूका चार जातमध्ये एक; क्षत्रिय ।

**छेद**–(ना०) प्वाल; छिद्र; पिशाच; प्रेत । (वि०) अलच्छिनी; नीच ।

**छेदन**–(ना०) काट्ने काम; टुक्र्याउने काम; नाश ।

**छेना**–(ना०) फाटेको दूधको छोक्रा ।

**छेपन**–(ना०) कुनै किसिमले समय बिताउनु ।

**छेपारी**–(ना०) कुर्कुच्चा र गोली-गाँठाका बीचको भाग ।

**छेपारो**–(ना०) घाँटीमा माल हुने माउसुलीका आकारको एक जन्तु ।

**छेभडेल**–(ना०) सरकारी घर-सत्तल बनाउने काम गर्ने अड्डा ।

**छेम**–(ना०) सुख; आनन्द; भलो ।

**छेमकुशल**–(ना०) सुख-आनन्द; सन्चो-सुबिस्ता ।

**छेर**–(ना०) पखाला; पातलो दिसा ।

**छेरपटी**–(ना०) पातलो दिसा; छेर्ने रोग; हैजा ।

**छेराइ**–(ना०) छेर्ने काम वा किसिम ।

**छेराउटी**–(ना०) छेर्ने रोग; छेरपटी ।

**छेरुवा**–(वि०) छेर्ने रोग लागेको ।

**छेर्नु**–(स० क्रि०) अपच भई पातलो दिसा गर्नु; डराउनु; लाचार हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**छेलो**–(ना०) गह्लौं ढुङ्गा टाढा-टाढा फ्याँकी खेलिने एक खेल ।

**छेलोखेलो**–( वि० ) प्रशस्त; धेरै ।

**छेवर**–(ना०) जन्मेका छ महीनामा बालकको पैलो पाला कपाल खौरने काम; क्षौर ।

**छेस्किनी**–(ना०) अड्याउने साधन ।

**छेस्किनु**–( अ० क्रि० ) चोइटिनु; छेस्को निस्कनु ।

**छेस्को**–(ना०) काठ, बाँस आदिको मसिनु टुक्रो; सिन्को ।

**छेस्क्याइ**–(ना०) छेस्क्याउने काम ।

**छैटी**–(ना०) बालक जन्मेको छैटौं दिन गरिने उत्सव ।

**छैटौं**–(वि०) छ सङ्ख्याको ।

**छैमलो**–(ना०) डन्डीबियोको खेलमा नापमा छ पुग्दा भनिने शब्द ।

**छोइछिटो**–(ना०) अछूतीलाई छुँदा हुने अशुद्धि ।

**छोएफोए**–(ना०) घटीबढी; सापो-नापो ।

**छोक्रा**–(ना०) मसिनु नभएर खस्रो भएको भाग ।

**छोक्रिनु**–(अ० क्रि०) झोल र चोक्टा छुट्टिनु ।

**छोक्रिलो**–(वि०) छोक्रा भएको ।

**छोटकरी**–(वि०) छोटो पारि संक्षेप ।

**छोटिनु**–(अ० क्रि०) छोटो हुनु ।

**छोटी**–(ना०) जिल्लामा रहेका अड्डा ।

**छोटो**–(वि०) लामो नभएको; छोटकरी; संक्षिप्त ।

**छोटचाइ**–(ना०) छोटो पार्ने वा भाव ।

**छोडपत्र**–(वि०) आफ्नो हक लेखिदिने कागज ।

**छोड्नु**–( स० क्रि० ) त्याग स्वतन्त्र गर्नु; छुट्टी दिनु ।

**छोप**–(ना०) नदेखिने ठाउँ; धूलो अचार ।

**छोपछाप**–(ना०) छोप्ने काम; उने काम; ढाकछोप ।

**छोपाइ**–(ना०) छोप्ने किसि काम ।

**छोपी**–(ना०) एक किसिमको स्याखु ।

**छोप्नु**–( स० क्रि० ) कुनै चीज कपडा आदिले ढाक्नु; भूत-प्रेत लाग्नु ।

**छोराछोरी**–( ना० ) बाल सन्तान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**छोरी**–(ना०) आफूबाट जन्मेकी स्त्री; पुत्री; कन्या ।

**छोरीचेली**–(ना०) छोरीबेटी ।

**छोरीबेटी**–(ना०) छोरी र छोरी-समानका नातेदार स्त्री; चेलीबेटी ।

**छोस्नु**–(स० क्रि०) क्षोस्नु; ठोस्नु; चुक्ली लाउनु ।

**छोहोरा**–(ना०) खजूरजस्तो एक जातको खाने फल ।

**छौं**–(अ० क्रि०) हुनु क्रियाको वर्तमानकाल, उत्तम पुरुष बहुवचनको रूप ।

**छौंडाछौंडी**–(ना०) कमारा-कमारीका छोराछोरी ।

**छौंडो**–(ना०) कमाराको छोरो; ठिटो; बोक्सीको वाहन; बिरालो । पो० छौंडी ।

**छौंडयाहा**–(वि०) छौंडा पाल्ने; बोक्सो; टुन्याहा ।

**छ्या**–(वि० बो०) घीन लाग्दा बोलिने शब्द; छिः । (ना०) बाल-गोलीमा फाल्नु ।

**छ्याइँछ्याइँ**–(क्रि० यो०) रुपियाँ-पैसा गन्ने किसिम; बाजा बज्ने किसिम ।

**छ्याकछ्याक**–(क्रि० यो०) हतियारले वारवार काट्ने वा खस्रो हुने किसिम ।

**छ्याकटे**–(वि०) मुखमा बिफरका खत भएको; छ्याके ।

**छ्याकन**–(ना०) काठ काट्दा वा ताछ्दा निस्केका टुक्राटाक्री; चोइटा-चोइटी ।

**छ्याका**–(ना०) बिफरको खत । (वि०) छ्याकटे ।

**छ्याके**–(वि०) छ्याकटे; कोत्र्याहा ।

**छ्याक्क**–(क्रि० यो०) छिन्ने गरी काट्ने किसिम ।

**छ्याङ्गिनु**–(स० क्रि०) बिहिलिनु ।

**छ्याङङ**–(क्रि० यो०) छलंङङ ।

**छ्यान्नब्यान्न**–(क्रि० यो०) यत्रतत्र ।

**छ्याप्नु**–(स० क्रि०) पानीले हान्नु ।

**छ्यालब्याल**–(क्रि० यो०) पानी, रगत आदि पोखिने किसिम ।

**छ्यासमिस**–(क्रि० यो०) धेरै वस्तु मिसिने किसिम ।

**छ्यूँ**–(ना०) छिक्का; हाँछ्यूँ ।

**छ्वाँके**–(वि०) दाँत उछिट्टिएको ।

**छ्वाली**–(ना०) गहुँको सुकेको बोट ।

**छ्वाल्ल**–(क्रि० यो०) पन्यालो वस्तु पोखिदा वा खस्ताको किसिम ।

**छ्वास्स**–(क्रि० यो०) धूलो पदार्थ झरिने किसिम; सुस्तरी छुने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ज

**ज–** देवनागरी वर्णमालाको आठौं व्यञ्जन वर्ण, उच्चारणस्थान तालु ।

**जँगारी**-( ना० ) हल्का र उज्जर हरियो रङ्ग । ( वि० ) त्यस्तो रङ्गको ।

**जँघार–**(ना०) पैदलै खोला तर्ने काम वा त्यस्तो ठाउँ ।

**जँचाइ–**(ना०) जाँच्ने किसिम वा काम ।

**जँचुवा–**(वि०) जाँच्ने; जाँच गर्ने ।

**जँच्नु–**(अ० क्रि०) जाँच हुनु; पारख हुनु; ठहरिनु; मन पर्नु ।

**जँड्याहा**-( वि० ) धेरै जाँड खाने आदत बसेको; जाँडको अम्मली ।

**जकडबन्द–**(ना०) बेसरी कसिएको बन्धन; बिलकुल बन्द ।

**जकडिनु–**(अ० क्रि०) बन्धनमा पर्नु; बाँधिनु; रोकिनु ।

**जक्खु–**(वि०) जखमले; साह्रै ठूलो ।

**जखम–**( ना० ) अङ्गभङ्ग; घाउ; चोट-पटक ।

**जखमले–**(वि०) छिप्पिएको र ठूलो; जक्खु ।

**जखमी**-( वि० ) घाइते; घायल; जोखिम ।

**जग–**(ना०)घर वा परखालको गारो लाउने ठाउँ; कामको उठान; चाँ... सुर ।

**जगजगी–**( ना० ) चहलपहल; ... चकी; त्रास ।

**जगड्वाल–**( ना० ) ठूलो हलचल; ... तिर भएको हल्ला ।

**जगत्**-(ना०) संसार; विश्व; लो...

**जगरसेठ–**( वि० ) मापाको; ... ठालु; ठूलो सेठ ।

**जगल्टे–**(वि०) जगल्टा हुने ।

**जगल्टो–**(ना०) लामो पारी पा... जटा; घाँसको झिगल्टो ।

**जगल्टयाइ–**( ना० ) जगल्टया... किसिम वा काम ।

**जगल्टयाउनु–**( स० क्रि० ) ... समातेर तान्नु; भुत्ल्याउनु ।

**जगाइ–**( ना० ) जाग्ने किसिम ... काम ।

**जगाउनु–**( स० क्रि० ) बिउँझा... जागा गराउनु ।

**जगात**-(ना०) कर; महसूल ।

**जगाते**-(वि०) जगात उठाउने (...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वा व्यक्ति) ।

जगेडा–(वि०) जगेरा; साँचिएको ।

जग्गा–( ना० ) खेतबारी; जमीन; ठाउँ ।

जग्नु–(अ० क्रि०) बल्नु; दन्कनु ।

जघने–(वि०) काम नलाग्ने; बेकम्मा ।

जङ–(ना०) रिस; झोक; क्रोध ।

जङ्ग–(ना०) लडाइँ; युद्ध ।

जङ्गम–(वि०) हिंडडुल गर्ने; गतिशील ।

जङ्गल–(ना०) झाडी; वन ।

जङ्गली–(वि०) असभ्य; जङ्गलको; बनैयाँ; वनवासी ।

जङ्गाल–(ना०) पानी रोक्न बनाइएको डील; बाँध ।

जङ्गिनु–(अ० क्रि०) रिसाउनु; जाग्नु; झोक्किनु ।

जङ्गी–(वि०) पल्टनियाँ; लडाइँको; रिसाहा; झक्कड ।

जङ्गीपरेठ–( ना० ) फौजी तालीम; सैनिक शिक्षा; कवाज ।

जङ्गीलाठ–( ना० ) फौजको मुख्य हाकिम ।

जङ्गीसेल–( ना० ) एक किसिमको ठूलो सेल ।

जङ्गीहर्रो–(ना०) कालो सानो दाना हुने हर्रो ।

जङ्ग्याहट–(ना०) जङ्गिने काम ।

जङ्ग्याहा–(वि०) रिसाहा; क्रोधी ।

जङ्घा–( ना० ) पिडौंला; तिघ्रा; जाँघ ।

जजमान–(ना०) पूजा आदि धार्मिक काम गराउने व्यक्ति ।

जजमानी–(ना०) जजमानकहाँ कर्म गर्ने पेशा; पुरोहित्याइँ ।

जञ्जाल–(ना०) गृहस्थीको झन्झट; बन्धन; जहान ।

जटा–(ना०) नरिवल आदिको पाट; रूखको जरो; लट्टा परेको कपाल ।

जटाधारी–(वि०) जटा पाल्ने; जटे ।

जटिल–(वि०) कठिन; बुझ्न नसकिने; असजिलो ।

जटे–(वि०) जटा पाल्ने; जगल्टे ।

जठर–(वि०) कठिन; बूढो । (ना०) पेट; गर्भाशय; कुनै वस्तुको भित्री भाग ।

जड–(ना०) जरो; मुख्य ।

जडाइ–( ना० ) जड्ने किसिम वा काम ।

जडाउ–(वि०) जडान गरेको; जडेको ।

जडाउरी–( वि० ) लगाएर थर्धानो भइसकेपछि अरूलाई दिइएको वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दिन लायक (लुगाफाटो आदि)।
**जडान**–(ना०) जड्ने काम; जडाइ।
**जडिजडाउ**–(ना०) झकिझकाउ।
**जडिनी**–(ना०) भोटिनी; भोटेकी स्त्री।
**जडी**–(ना०) जरो; औषधीको जरो। (वि०) मुख्य।
**जतन**–(ना०) हिफाजत; बचाउ।
**जता**–(क्रि० यो०) जहाँ; जुन दिशातिर।
**जतातत्तै**–(क्रि० यो०) सबै ठाउँमा; सर्वत्र।
**जतासुकै**–(क्रि० यो०) जुन दिशातर्फ भए पनि; जहाँसुकै।
**जति**–(वि०) जेजति; चाहिएजति।
**जतिसुकै**–(वि०) जति धेरै।
**जत्रतत्र**–(क्रि० यो०) जतातत्तै; जतासुकै।
**जत्रो**–(वि०) जे जत्रो; जति ठूलो।
**जथाभावी**–(क्रि० यो०) मनपरी; जस्तो मनलाग्यो उस्तै।
**जदौ**–(ना०) दमाई, कामीले बाहुन, क्षत्रीलाई नमस्कार गर्दा भन्ने शब्द।
**जन**–(ना०) मानिस; जना; परिवार; प्रजा।
**जनआन्दोलन**–(ना०) कुनै उद्देश्य-प्राप्तिका निम्ति जनताद्वारा चलाइ[एको] आन्दोलन।
**जनक**–(ना०) बाबु; पिता; संस्था[प]क; रामायणप्रसिद्ध मिथिला[का] राजा; नेपालका एक राष्ट्[रिय] विभूति।
**जनकवि**–(ना०) नेपालका कविलाई दिइने एक पदवी।
**जनगणना**–(ना०) जनसङ्ख्या; देश[का] सबै मानिसको गणना।
**जनङ्गे**–(क्रि० यो०) मानिसपिच्छे; जनही।
**जनजागरण**–(ना०) देशका जनताम[ा] आफ्नो अधिकार र हित-अहितको ज्ञान हुनु।
**जनतन्त्र**–(ना०) प्रजातन्त्र; लोक[-] तन्त्र।
**जनता**–(ना०) दुनियाँ; लोक; ज[न] समूह।
**जनताजनार्दन**–(ना०) जनतारू[पी] ईश्वर।
**जननी**–(ना०) जन्म दिने स्त्री; आमा।
**जननेन्द्रिय**–(ना०) योनि; सन्तान जन्माउने इन्द्रिय।
**जनपद**–(ना०) देश; राज्य; ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दुनियाँ ।

**जनप्रिय**–(वि०) सबैलाई मन परेको; लोकप्रिय ।

**जनम**–(ना०) जन्म; उत्पत्ति; जुनी ।

**जनमत**–(ना०) जनसाधारणको राय; लोकमत ।

**जनवरी**–(ना०) पूस-माघमा पर्ने, ईसवी वर्षको पहिलो महीना ।

**जनश्रुति**–(वि०) अफवाह; हल्ला; किंवदन्ती ।

**जनसङ्ख्या**–(ना०) जनगणना ।

**जनसङ्घर्ष**–(ना०) जनआन्दोलन ।

**जनसमुदाय**–(ना०) जनताको समूह; भीड; हूल ।

**जनसाधारण**–(ना०) सामान्य जनता; सर्वसाधारण ।

**जनहित**–(ना०) जनतालाई असल हुने काम; लोकहित ।

**जनही**–(क्रि० यो०) मानिसपिच्छे; प्रतिव्यक्ति ।

**जना**–(ना०) मानिसको गणना गर्ने शब्द; व्यक्ति; जन ।

**जनाउ**–(ना०) सूचना; विज्ञप्ति ।

**जनाउनु**–(स० क्रि०) जनाउ दिनु; सूचित गर्नु; ज्ञात गराउनु ।

**जनाति**–(ना०) चार पुस्तापछिको नाति ।

**जनाना**–(ना०) महिला; आइमाई; स्वास्नीमान्छे ।

**जनार्दन**–(ना०) जनसाधारणको रक्षा गर्ने व्यक्ति; विष्णु; कृष्ण ।

**जनावर**–(ना०) जन्तु; पशु ।

**जनी**–(ना०) कुनै कामका निम्ति अनुरोध गर्दा भनिने शब्द; अनुग्रह ।

**जनै**–(ना०) ब्राह्मण, क्षत्री र वैश्य जातिले संस्कारपूर्वक धारणा गर्ने सूत्र; यज्ञोपवीत । (क्रि० यो०) जनही ।

**जन्जीर**–(ना०) साङ्लो; सिक्री ।

**जन्ड**–(वि०) कडा स्वभावको; प्रचण्ड; रिसाहा ।

**जन्त**–(ना०) विवाहमा घेरै इष्टमित्र-सहित दुलही लिन जाने यात्रा; वरयात्रा ।

**जन्तर**–(ना०) गला वा हातमा लाउने देवमूर्ति; शरीररक्षाका निम्ति लाइने तन्त्रमन्त्र र औषधीले युक्त यन्त्र ।

**जन्तरमन्तर**–(ना०) फारफुक गर्ने र बूटी बाँध्ने काम ।

**जन्तरे**–(वि०) जन्मका क्रमले आठौं; अन्तरेपछिको ।

**जन्ती**–(ना०) विवाहमा दुलही लिन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जाने लस्कर; बरियाँत ।

**जन्तीभोज**–(ना०) जन्तीलाई खुवाइने भोज; जन्तेबाखो ।

**जन्तु**–(ना०) पशु; जनावर; प्राणी ।

**जन्ते**–(वि०) जन्तसम्बन्धी; जन्तको ।

**जन्तेबाखो**–(ना०) दुलही ल्याउने दिन जन्तीलाई खुवाइने भोज ।

**जन्तेठट्टा**–(ना०) जन्ती जानेहरूले गर्ने अभद्र ठट्टा; अशिष्ट ठटचौली ।

**जन्म**–(ना०) गर्भबाट निस्केर जीवन धारण गर्नु; जनम; जुनी ।

**जन्मकुण्डली**–(ना०) ज्योतिष शास्त्रानुसार जन्मका समयमा भएका ग्रहहरूको स्थिति थाहा पाउन बनाइने चक्र; चिना ।

**जन्मजयन्ती**–(ना०) जन्मेका दिनमा मनाइने उत्सव ।

**जन्मथलो**–(ना०) पुर्खादेखि बसिआएको ठाउँ; जन्मेको ठाउँ ।

**जन्मदाता**–(वि०) जन्म दिने; जन्माउने ।

**जन्मदिवस**–(ना०) जन्मेको दिन ।

**जन्मथात**–(ना०) जन्मथलो ।

**जन्मभूमि**–(ना०) आफू जन्मेको देश वा स्थान; जन्मथलो ।

**जन्मस्थल**–(ना०) जन्मेको ठाउँ; जन्मथलो ।

**जन्माइ**–(ना०) जन्माउने किसिम वा काम ।

**जन्माउनु**–(स० क्रि०) पैदा गर्नु; जन्म दिनु ।

**जमान्ध**–(वि०) जन्मेदेखिकै अन्धो ।

**जन्मोत्सव**–(ना०) जन्मेको दिनमा गरिने उत्सव ।

**जन्मौती**–(ना०) टिप्पन; चिना ।

**जप**–(ना०) कुनै मन्त्र वा नामको पाठ वा आवृत्ति गर्नु; जपना ।

**जपतप**–(ना०) पूजापाठ ।

**जपना**–(ना०) ध्याउन्न; कसैलाई सम्झेर नाम लिइरहनु ।

**जपाइ**–(ना०) जप्ने किसिम वा काम ।

**जप्नु**–(स० क्रि०) जप गर्नु; ध्याउन्न गर्नु; चिन्तन गर्नु ।

**जफत**–(ना०) दण्डस्वरूप कुनै अपराधीको सम्पत्ति हरण गर्नु; हातमा परेको अर्काको वस्तु नफर्काउनु ।

**जबरजस्ती**–(ना०) बलको प्रयोग; बलजफत ।

**जब्बर**–(वि०) बलियो; दह्रिलो; दृढ ।

**जमघट**–(ना०) भेला; एकत्र हुनु ।

**जमजमाइ**–(ना०) 

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिम वा काम; तम्साइ ।

**जमजमाउनु**–(अ० क्रि०) उत्साहपूर्वक काम गर्न तम्सनु; झम्टन खोज्नु; चौचौ हुनु ।

**जमठ**–( वि० ) खूबसित जमेको; ठोस । (ना०) कसिएर जमेको वस्तु; जमाएर बनाइने बाक्लो ऊनी कपडा ।

**जमदार**–(ना०) जमादार ।

**जमरा**–( ना० ) विजयाको पूजाका निम्ति नवरात्रिमा उमारिने जौका कलिला बोट ।

**जमाइ**–(ना०) जमाउने किसिम वा काम ।

**जमाउनु**–(स० क्रि०) तरल पदार्थलाई बाक्लो ढिको बनाउनु ।

**जमादार**–( ना० ) सुवेदारभन्दा माथिको एक पल्टनियाँ दर्जा ।

**जमान**–(ना०) बोलेको कुरा; वचन ।

**जमानत**–(ना०) धितो; धरोट ।

**जमाना**–(ना०) समय; काल ।

**जमानी**–(ना०) कुनै व्यक्तिले गर्नु पर्ने काम नगरेमा आफूले गर्न कबूल गर्ने व्यक्ति; जमानत बस्ने व्यक्ति ।

**जमामर्द**–( वि० ) पौरख भएको; पुरुषार्थी; शक्तिशाली ।

**जमावट**–( ना० ) जम्ने क्रिया वा भाव ।

**जमुना**–(ना०) भारतको उत्तरप्रदेशमा बग्ने एक प्रसिद्ध नदी, यमुना ।

**जम्काभेट**–(ना०) संयोगवश भएको देखादेख ।

**जम्को**–(ना०) मौका; असर; बुढ्याइँमा गरिने एक उत्सव ।

**जम्बूमन्त्री**–( वि० ) खूब चलाख; धूर्त ।(ना०) स्याल ।

**जम्मा**–( वि० ) एकत्र पार्ने काम; हिसावको जोड ।

**जम्माजम्मी**–( ना० ) सबै अङ्क वा सङ्ख्याको जोड ।

**जम्रो**-(ना०) जुम्रो ।

**जम्ल्याहा**–( वि० ) एउटै कोखबाट एकैसाथ जन्मेका (बालक) ।

**जय**–(ना०) भलो; कल्याण; जित ।

**जयकार**–(ना०) जय होस् भन्नु; जयघोष; हर्कबढाइँ ।

**जरकमरक**–( क्रि० यो० ) शरीर थकित हुने गरी काम गर्ने किसिम ।

**जरदा**–( ना० ) पानका साथ खाने सुगन्धित सुर्ती ।

**जरायो**–(ना०) हाँगा फाटेका सीङ हुने एक जातको ठूलो मृग; बाह्रसिङ्गा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जरिया–(ना०) कारण; हेतु; सम्बन्ध।
जरी–(ना०) सुनौला, रूपौला आदि मसिना र पातला तार।
जरीगाँछ–(ना०) जरीले बुनेको बहुमूल्य कपडा; तास।
जरीमाना–(ना०) जरीवाना।
जरीवाना–(ना०) दण्डस्वरूप तिर्नुपर्ने रुपियाँ।
जरुवा–(ना०) पानी उम्रने ठाउँ; रसाएको पानी।
जरूर–(क्रि० यो०) अवश्य।
जरूरत–(ना०) आवश्यकता; दरकार।
जरूरी–(वि०) जरूरत परेको; आवश्यक; गर्ज परेको।
जरो–(ना०) आङ तातो हुने एक प्रसिद्ध रोग; ज्वर।
जर्कटिनु–(अ० क्रि०) छिप्पिनु; अटेर हुनु; बैंसले मस्त हुनु।
जर्कटो–(वि०) छिप्पिएको; जर्रो; भनेको नमान्ने; रिसाहा।
जर्कनु–(अ० क्रि०) झोकिनु; रिसाउनु; झर्कनु।
जर्काइ–(ना०) जर्कने किसिम वा काम।
जर्काजर्की–(ना०) राय नमिल्दा परस्परमा गरिने भनाभन।
जर्जर–(वि०) जीर्ण; अति वृद्ध; साह्रै दुब्लो।
जर्ता–(ना०) खडेरी; सुक्खा।
जर्नेल–(ना०) फौजको एक ठूलो दर्जा।
जर्रो–(वि०) छिप्पिएको; जर्कटो; कडा; अटेर; जिराहा।
जल–(ना०) चोखो पानी; पवित्र पानी; देवता वा पूज्यजनका पाउ धोएको पानी।
जलखाइ–(ना०) खाजा; जलपान।
जलजलाउँदो–(वि०) पानी भरिएको (फोको)।
जलदानी–(ना०) लोहोटासरहको पानीको भाँडो; जलपात्र।
जलन–(ना०) डाह; पोलाइ।
जलपात्र–(ना०) जलदानी।
जलपान–(ना०) पानीपियाइ; खाजा।
जलहरी–(ना०) शिवलिङ्गमाथि पानीको धारा लाइने पींधमा प्वाल भएको भाँडो।
जलाइ–(ना०) जल्ने-जलाउने काम।
जलामय–(वि०) जलाम्मे।
जलाम्मे–(वि०) सर्बतिर पानीले ढाकिएको; जलामय।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**जल्नु**–(अ० क्रि०) बल्नु; सल्कनु ।

**जवा**–(ना०) तारका बाजा बजाउने हस्तीहाड वा धातुको साधन; रोपनीको चौथाइ भाग ।

**जवाइ**–(ना०) जाने किसिम; हिंडाइ ।

**जवान**–(वि०) तरुनो; पट्ठो; युवक ।

**जवाफ**–(ना०) उत्तर; प्रतिवाद; जोडा ।

**जवाफदेही**–(ना०) जिम्मेदारी; उत्तर-दायित्व ।

**जवाफी**–(वि०) जवाफसम्बन्धी; जवाफ पठाइएको वा दिइएको ।

**जस**–(ना०) कीर्ति; प्रशंसा ।

**जसिलो**–(वि०) जस मिल्ने ।

**जसै**–(क्रि० यो०) कुनै किसमले; येनकेन; जब ।

**जसोतसो**–(क्रि० यो०) कुनै किसिमले ।

**जस्केलो**–(ना०) घरको मूलढोका-बाहेकको अर्को ढोका ।

**जस्तापाता**–(ना०) घर छाउने काममा प्रयोग गरिने टिन; कर्कटपाता ।

**जहन्नुम**–(ना०) नरक ।

**जहर**–(ना०) विष; हलाहल ।

**जहरबात**–(ना०) एक किसिमको विषाक्त खटिरो; अण्डकोश ठूलो हुने खटिरो ।

**जहाँ**–(क्रि० यो०) जुन ठाउँमा; जुन स्थानमा; जुन बखत ।

**जहाँकहीं**–(क्रि० यो०) जतासुकै; सबै ठाउँमा; सर्वत्र ।

**जहाँतहाँ**–(क्रि० यो०) जुन ठाउँमा पायो त्यसै ठाउँमा ।

**जहाज**–(ना०) समुद्र वा ठूलठूला नदीमा चल्ने सवारी; ठूलो डुङ्गा ।

**जहाजी** (वि०) जहाजसम्बन्धी । (ना०) जहाज चलाउने व्यक्ति; नाविक ।

**जहान**–(ना०) एकाघरका मानिसहरू; परिवार; पत्नी; स्वास्नी ।

**जहानियाँ**–(वि०) धेरै जहान भएको; जहानसम्बन्धी; खलकको ।

**जहिले**–(क्रि० यो०) जुन बखत; जुन समयमा; जुन बेला ।

**जहिलेसुकै** (क्रि० यो०) जुन बेला पनि; जहिले पनि ।

**जाँगर**–(ना०) उत्साह; मेहनत ।

**जाँगरमरुवा**–(वि०) जाँगर नभएको; अल्सी ।

**जाँगरिया**–(वि०) जाँगर भएको; जाँगरिलो; उत्साही ।

**जाँगरिलो**–(वि०) जाँगर भएको; जाँगरिया; फुर्तिलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**जाँघ**-(ना०) तिघ्रो; तिघ्राका बीचमा पर्ने सुरुवालको भाग ।

**जाँघिया**-(ना०) जाँघे ।

**जाँघे**-(ना०) ठुटे सुरुवाल; कट्टू ।

**जाँच**-(ना०) जाँच्ने काम; परीक्षा ।

**जाँचकी**-(वि०) जाँच्ने; परीक्षक ।

**जाँचपडताल**-(ना०) कुनै कुरो पत्ता लगाउन गरिने खोजी; अनुसन्धान; जाँचबुझ ।

**जाँचबुझ**-(ना०) जाँचपडताल ।

**जाँच्नु**-(स० क्रि०) जाँच गर्नु; परीक्षा गर्नु ।

**जाँड**-(ना०) उसिनेको अन्न कुहाएर बनाइने मद्य ।

**जाँते**-(वि०) जाँतोजस्तो चक्कादार वा घुमुवा ।

**जाँतेपीङ**-(ना०) जाँतोझैं घुमाइने एक किसिमको पीङ ।

**जाँतो**-(ना०) अनाजहरू पिध्ने ढुङ्गाको यन्त्र ।

**जाइपत्री**-(ना०) जाइफलको फूल वा बोक्रा ।

**जाइफल**-(ना०) जाइपत्रीको दाना ।

**जाई**-(ना०) लहरामा फुल्ने सेतो वा पहेंलो रङ्गको सुगन्धी फूल ।

**जाउलो**-(ना०) पानी धेरै हाली पकाएको गीलो भात ।

**जाकड**-(ना०) मन नपरेमा फिर्ता गर्ने गरी माल ल्याउने काम; जगेरा; धरोट ।

**जाक्नु**-(स० क्रि०) कुँद गर्नु; थुन्नु; खाँद्नु ।

**जागरण**-(ना०) जागा रहनु; ननिदाउनु; ब्यूँझाइ ।

**जागीर**-(ना०) नोकरी; सरकारी नोकरी; तलब ।

**जागीरदार**-(वि०) जागीर भएको वा जागीर खाएको ।

**जागृति**-(ना०) जागरण; ब्यूँझाइ ।

**जागो**-(ना०) बिउँझेको; चनाखो ।

**जाजुल्ले**-(वि०) प्रचण्ड; उग्र ।

**जाज्वल्य**-(वि०) दनदनाउँदो; प्रभावशाली; जल्दोबल्दो ।

**जाडे**-(ना०) भोटे । (वि०) जाडे हुने ।

**जाडो**-(ना०) चिसोको अनुभव; शीत; ठन्डी ।

**जात**-(ना०) जाति; प्रकार; किसिम ।

**जातक** (ना०) भर्खर जन्मेको बालक; नवजात शिशु ।

**जातकर्म**-(ना०) बालक जन्मँदा गरि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एक संस्कार ।

**जातपतित**–(वि०) जातबाट खसेको; जातिच्युत ।

**जातभात**–(ना०) जात र भातमा मानिने भेद वा एकता; भातभान्सा ।

**जाति**–(ना०) जन्म; उत्पत्ति; जात; किसिम ।

**जातिपाती**–(ना०) ब्राह्मण, क्षत्री आदि जातजातको विभाग ।

**जाती**-(ना०) असल; बेस; उत्तम ।

**जातीय** (वि०) जातको; जाति-सम्बन्धी ।

**जातीयता**–(ना०) जातिको भाव; जातीय गौरव ।

**जात्रा**–(ना०) देव-देवीहरूको पूजा-गरेर मनाइने उत्सव; यात्रा; मेला; दुर्दशा ।

**जात्रू**–(वि०) जात्रामा भेला हुने; यात्री ।

**जात्रे**-(वि०) जात्रामा जाने; जात्रू; इज्जत नभएको ।

**जादू**-(ना०) चटक; इन्द्रजाल; आश्चर्यजनक खेल ।

**जादूगर**-(ना०) जादू गर्ने व्यक्ति; चटकी; टुन्याहा ।

**जानकार**–(वि०) जान्ने; थाह्रा पाउने; सिपालु; जानिफकार ।

**जानकारी**–(ना०) ज्ञान; बोध; चिनाजानी; परिचय ।

**जानकी**–(ना०) जनककी छोरी; सीता ।

**जानपहिचान**–(ना०) चिनजान; चिनापर्ची ।

**जानवर**–(ना०) चौपाया प्राणी; जन्तु; पशु; प्राणी; जीव ।

**जानाजान**-(क्रि० यो०) थाहा पाउँदा-पाउँदै; जानीबुझी ।

**जानाजानी**–(क्रि० यो०) थाहा पाई-पाई; जानाजान ।

**जानिफकार**–(वि०) विशेष जान्ने; बुझक्कड; जानकार ।

**जानु**–(अ० क्रि०) यात्रा गर्नु; वित्नु; टर्नु; मर्नु ।

**जान्नु**–(अ० क्रि०) थाहा पाउनु; ज्ञान गर्नु ।

**जान्ने**–(वि०) सिपालु; पोख्त ।

**जापान**–(ना०) एशियाको सुदूर पूर्वमा रहेको एक प्रसिद्ध देश ।

**जापानी**–(वि०) जापान देशको; जापानसम्बन्धी ।

**जाफत**–(ना०) फर्मायसी भोज; उत्सवविशेषको भोज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**जाबो**–(ना०) कुममा भिर्ने जालीको झोली ।

**जाबो**–( वि० ) सानो; साधारण; बिचरो ।

**जाम**–(ना०) कसर; खिया; ठेलमठेल भएर हिँड्न नसक्ने हुनु ।

**जामा**–(ना०) कम्मरदेखि पैतलासम्म लट्कने एक किसिमको पोशाक ।

**जामुनु**–(ना०) गाढा प्याजी रङ्गको गुलियो एक फल ।

**जायजन्म**–(ना०) छोराछोरीको जन्म; सन्तानको उत्पत्ति ।

**जायजात**–(ना०) जेथा, श्रीसम्पत्ति; सर्वस्व गर्ने काम ।

**जार**–(ना०) नाठो; अर्काकी स्वास्नी लाने व्यक्ति ।

**जारी**–(ना०) अर्काकी स्वास्नी लाने काम; परस्त्री ल्याउने काम ।

**जाल**–(ना०) प्वालैप्वाल पर्ने धागो; माकुराको गुँड; जालो ।

**जालझेल**–( ना० ) जाली व्यक्तिको काम; झेल; बखेडा ।

**जालसाजी**–(वि०) जाल गर्ने; जाली ।

**जाली**–(वि०) झूटो कारवाई गर्ने; फटयाइँ गर्ने; कपटी; नकली ।

**जालीदार**–(वि०) प्वालैप्वाल परेको ।

**जासूस**–( ना० ) गुप्तचर; गुप्त पुलीस ।

**जाहेरी**–(ना०) जाहेर गर्ने काम; थाहा दिने काम ।

**जिंगल्टो**–(ना०) झिंगल्टो ।

**जिउँदो**–( वि० ) नमरेको; जीवित ।

**जिउनु**–(अ० क्रि०) बाँच्नु; जीवित रहनु ।

**जिउँती**–(ना०) विवाहमा मातृकापूजा गरेको ठाउँमा टाँगिने जन्ती लेखिएको चित्र ।

**जिउँदो**–(वि०) बाँचेको; जिएको; फुर्तिलो; साहसी । पो० जिउँदी ।

**जिकिर**–(ना०) चर्चा; प्रसङ्ग ।

**जिक्री**–(ना०) जिकिर ।

**जिजु**–(ना०) जिज्यू ।

**जिज्यू**–(ना०) बाजेको बाबु ।

**जिज्ञासा**–(ना०) जान्ने इच्छा; थाहा पाउने अभिलाषा ।

**जिताइ**–(ना०) जित्ने काम ।

**जिताउरी**–(ना०) जितेको खुशीयालीमा बाँडिने पैसा ।

**जितापत्र**–(ना०) जितबापत दिइने कागत; विजयको पत्र ।

**जितुवा**–(ना०) जित्ने व्यक्ति ।

**जिद्दी**–(ना०) हठ; ढिपी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जिद्दीवाल–(वि०) जिद्दी गर्ने; हठी ।
जिनतिन–(क्रि० यो०) जसरीतसरी; बल्लतल्ल ।
जिनिस–(ना०) मालताल; सामान ।
जिन्दगानी–(ना०) जिन्दगी; जीवन ।
जिन्दगी–(वि०) बाँचुन्जेलको समय ।
जिन्दावाद–(ना०) 'अमर होस्' भन्ने अर्थ जनाउने शब्द ।
जिबुल्ले–(वि०) मीठो-मीठो खान खोज्ने; स्वादे ।
जिब्री–(ना०) जिभ्री ।
जिब्रो-(ना०) जिभ्रो ।
जिभ्री–(ना०) जिभ्रो सफा गर्ने वस्तु ।
जिभ्रो-(ना०) स्वाद लिने इन्द्रिय ।
जिमाहा–(वि०) सधैं चिसो भइरहने; सेपिलो (जमीन) ।
जिमी–(ना०) जमीन; जग्गा ।
जिमीदार–(ना०) जमीनदार ।
जिम्मा–(ना०) बुझाउने काम; जवाफदेही ।
जिम्मावार–(वि०) जिम्मा लिने; जमानी हुने ।
जिरह–(ना०) सत्य कुरो पत्ता लाउन वारवार सोध्नु ।
जिराफ–(ना०) मरुभूमिमा पाइने एक जातको जनावर ।
जिरायत–(ना०) जिमीदारको खान्कीमा ठेकिएको जमीन ।
जिराहा–(वि०) भनेको नमान्ने; अटेर ।
जिरिङ्ग–(क्रि० यो०) डर, जाडो वा रोमाञ्च हुने किसिम ।
जिरिखिम्टे–(वि०) दुब्लो र पुड्को; पातलो र ख्याउटे ।
जिरी–(ना०) एक जातको साग ।
जिल–(क्रि० यो०) जिल्ल; छक्क ।
जिलो–(ना०) मूल जरो; सारतत्त्व ।
जिलीगाँठी–(ना०) जिली र त्यसको गाँठो; फेददेखि टुप्पोसम्मको कुरा; सर्वस्व ।
जिलीगान्टे–(वि०) साह्रै पुड्को; मसिनो कदको ।
जिलेबी–(ना०) बाटुलो घुम्रिदो पारी घिउमा पकाई पागमा डुबाइने एक किसिमको मिठाई ।
जिलो–(ना०) सानो पूँजी; खेलो; मूल धन; सावाँ ।
जिलौटो–(ना०) कोदो, मकै आदिको जरो; ठोसो ।
जिल्ल–(क्रि० यो०) छक्क पर्ने किसिम; वाल्ल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**जिल्ला**–(ना०) प्रगन्नाभन्दा ठूलो एक प्रशासकीय क्षेत्र; गाता ।

**जिल्लिनु**–( अ० क्रि० ) छक्क पर्नु; निराश पर्नु ।

**जिस्किनु**–( अ० क्रि० ) छिहिलिनु; इतरिनु ।

**जिस्क्याइ**–(ना०) जिस्किने किसिम वा काम ।

**जिस्ता**–(ना०) चौवीस ताउ कागतको ढेप ।

**जी**–(ना०) कसैको नामको पछाडि लाग्ने सम्मानसूचक शब्द; ज्यू ।

**जीआमा**–(ना०) आमा वा बाबुकी आमा; बज्यै ।

**जीउ**–(ना०) शरीर; देह; गाथ ।

**जीउनी**–( ना० ) बाँचुन्जेल उपभोग गर्न दिइने सम्पत्ति ।

**जीउपाला**–( वि० ) जहान-बच्चाको वास्ता नगरी आफ्नो मात्र जीउ पालेर हिँड्ने ।

**जीउमारा**–(वि०) स्वास्थको परवाह नगरी धेरै काम गर्ने; जीउलाई दु:ख दिने ।

**जीउसाँचा**–(ना०) शरीरलाई परिश्रम पर्ला भनी सक्तो काम पनि नगर्ने; कामठग ।

**जीप**–(ना०) एक प्रकारको मोटर।

**जीर्ण**–(वि०) धेरै दिनको; पुरानो; थोत्रो ।

**जीव**–(ना०) जीवन; प्राणी ।

**जीवन**–(ना०) जिउँदो रहेको समय।

**जीवनमृत्यु**–(ना०) बाँच्नु र मर्नु ।

**जीवनी**–(ना०) कुनै मानिसको जीवन-भरिको घटना र चित्र ।

**जीवविज्ञान**–( ना० ) जीव-जन्तुको उत्पत्ति, स्वरूप, विकास आदिको विवेचना गरिने विज्ञान ।

**जीवहत्या**–(ना०) प्राणीको हत्या।

**जीवाणु**–(ना०) अनेक प्रकारको रोग उत्पन्न गर्ने सजीव कीटाणु ।

**जीविका**–( ना० ) जीवन-यात्राको साधन; पेटपालो ।

**जीवित**–(वि०) जिउँदो; नमरेको।

**जुँगा**–(ना०) ओठ र नाकका बीचको रौंको समूह ।

**जुँगे**–(वि०) लामा र मोटा जुँगा भएको ।

**जुइनु**–(ना०) पराल आदिको भारी बाँध्न परालको एक पोयो मात्र बटारी बनाइएको डोरी ।

**जुक्तनु**–(अ० क्रि०) आवश्यक वस्तु आइपुग्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जुक्ति-(ना०) उपाय; युक्ति ।
जुग-(ना०) समय; जमाना; काल।
जुजुधौ-(ना०) लटक्क जमेको एक किसिमको असल दही ।
जुठेन-(ना०) जूठो फाल्ने गरेको ठाउँ; रछ्यान ।
जुठेल्नु-(ना०) जुठेन; (रछ्यान) ।
जुत्ता-(ना०) गोडामा लाउने एक वस्तु ।
जुत्ती-(ना०) सानो जुत्ता ।
जुत्तो-(ना०) जुत्ता; भेडा-बाख्राको विष्टा; मल ।
जुधाइ-( ना० ) जुध्ने किसिम वा काम ।
जुद्ध-(ना०) युद्ध; लडाइँ ।
जुध्नु-( अ० क्रि० ) परस्पर लड्नु; झगडा गर्नु ।
जुन-(सर्वना०) जो; जे ।
जुनिलो-(वि०) जुनेली ।
जुनेली-(वि०) जूनको कान्ति भएको; जुनिलो ।
जुनेलो-(ना०) एक प्रकारको भुटेर खाने अन्न ।
जुम्रो-(ना०) पसीनाबाट पैदा हुने सानो कीरो; जम्रो ।
जुम्सो-(वि०) काम गर्नमा ढिलो ।
जुरमुराउनु-( अ० क्रि० ) तम्सिनु; तत्पर हुनु ।
जुरुक्क-(क्रि० यो०) बसेको ठाउँबाट फुत्त उठ्ने किसिम ।
जुरे-(वि०) जुरो बाँधेको ।
जुरेली-(ना०) एक जातको चरो ।
जुरो-( ना० ) कपाल समेटेर एकै ठाउँमा पारेको गुजुल्टो ।
जुलाई-( ना० ) जेठ-असारमा पर्ने ईसवी वर्षको सातौं महीना ।
जुलाफ-( ना० ) दिसा खलास गर्ने औषधी ।
जुलाहा-( ना० ) कपडा बुन्ने एक जाति ।
जुलुम-(ना०) अत्याचार; अन्याय ।
जुलूस-( ना० ) मानिसहरूको एक-साथको यात्रा; समारोहमा एकत्रित यात्रा ।
जुवा-(ना०) गोरुको काँधमा रहने हलोको एक भाग; रुपियाँ-पैसाको बाजी थापेर कौडा आदि खेलिने खेल ।
जुवाइँ-(ना०) छोरी वा बहिनीको पति; ज्वाइँ ।
जुवाडे-(वि०) जुवा खेल्ने आदत बसेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जूको–(ना०) सिमसारमा हुने एक कीरो ।

जूठो–(ना०) कसैले खाएर बाँकी रहेको वस्तु; पुरा; आशौच ।

जून–(ना०) चन्द्रमाको किरण ।

जूनकीरी–(ना०) शरीरको पछिल्लो भाग आगोजस्तो फिलिक्क देखिने एक कीरो ।

जूस–(ना०) कुनै खाद्य पदार्थ पकाएको पानी ।

जूही–(ना०) साना-साना पात हुने एक जातको फूल ।

जे–(सर्वना०) जुन ।

जेठाजु–(ना०) पोइको दाजु ।

जेठान–(ना०) स्वास्नीको दाजु ।

जेठानी–(ना०) जेठाजुकी स्वास्नी; पोइकी भाउजू ।

जेठेक–(ना०) सबै भाइको अंशपछि जेठाले पाउने भाग ।

जेठो–(वि०) सबैभन्दा अघिको; पहिलो ।

जेठोबाटो–(वि०) उमेर र बुद्धिमा श्रेष्ठ ।

जेतेमेते–(ना०) चानचुन माल ।

जेथा–(ना०) चल र अचल सम्पत्ति ।

जेब–(ना०) खल्ती; बगली ।

जेबखर्च–(ना०) चुरोट, सुपारी आदिका निम्ति फर्मायसी खर्च ।

जेबघडी–(ना०) बगलीमा राख्ने घडी ।

जेबर–(ना०) गहनागुरिया ।

जेबी–(वि०) बगलीमा अटाउने; जेबमा राख्न हुने ।

जेल–(ना०) कयालखाना; खोर ।

जेहनदार–(वि०) बुद्धिमान् ।

जैरे–(ना०) काखीमा उम्रने रौं ।

जैसी–(ना०) एक वर्णसङ्कर बाहुन जाति; ज्योतिषी ।

जो–(सर्वना०) जे; जुन ।

जोइटिङ्ग्रे–(वि०) स्वास्नीको वशमा रहने ।

जोइल–(ना०) घरज्वाइँ बस्न जाने काम ।

जोई–(ना०) स्वास्नी; पत्नी ।

जोकर–(ना०) तासको अनौठो चित्र भएको चक्की; ठटयौलो व्यक्ति ।

जोखना–(ना०) ग्रह-नक्षत्र आदिबाट हुने शुभाशुभको विचार ।

जोखाइ–(ना०) जोखने किसिम वा काम ।

जोखिम–(ना०) शरीरको कुनै भागमा चोट-पटक लागी हुने क्षति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**जोखिमी**–(वि०) जोखिम हुने; डर-लाग्दो ।

**जोख्नु**–(स० क्रि०) तौलनु; जोखतौल गर्नु ।

**जोगाइ**–(ना०) जोगिने काम; बचाउ ।

**जोगार**–(ना०) बचाउ ।

**जोगिनी**–(ना०) संन्यास लिएकी स्त्री ।

**जोगी**–(ना०) योगी; संन्यासी ।

**जोड**–(ना०) गणितमा एकभन्दा बढी सङ्ख्या जोड्ने क्रिया; जोर; बल ।

**जोडतोड**–(ना०) भएभरको बलको प्रयोग ।

**जोडदार**–(वि०) जोरदार ।

**जोडा**–(ना०) समानता; उस्तै अर्को वस्तु; जोईपोइ; साथी ।

**जोडाइ**–(ना०) जोड्ने किसिम वा काम ।

**जोडी**–(ना०) जोडा; भालेपोथी ।

**जोड्नु**–(स० क्रि०) मिलाउनु; जम्मा गर्नु; जोर्नु ।

**जोत**–(ना०) हलाले खेतबारी खोस्रने काम ।

**जोताइ**–(ना०) जोत्ने किसिम वा काम ।

**जोतारो**–(ना०) जुवाको सोइलामा बाँधेर गोरुको गलामा बाँध्ने दाम्लो ।

**जोताहा**–(ना०) हलो जोत्ने व्यक्ति ।

**जोत्नु**–(स० क्रि०) हलाले खेतबारी खोस्रनु; लदाउनु; ठेल्नु; घचेट्नु ।

**जोबन**–(ना०) यौवन; जवानी ।

**जोधाहा**–(वि०) खूब जुध्ने; जोरी-खोज्ने व्यक्ति ।

**जोर**–(ना०) बल; तागत; वेग; जबर्जस्ती; मेहनत; जोडी ।

**जोरजाम**–(ना०) सरसामान जुटाउने काम; जोर्ने काम ।

**जोरदार**–(वि०) जोर भएको; बलियो ।

**जोरन**–(ना०) दहीको बीउ; संयोग ।

**जोरफोर**–(ना०) चित्त नबुझ्दो कुरो ।

**जोरही**–(ना०) हात्तीको पोथी बच्चो ।

**जोरी**–(ना०) जोडी; प्रतिद्वन्द्वी ।

**जोरीपारी**–(ना०) आफूसमानका व्यक्ति; प्रतिद्वन्द्वी छिमेकीहरू; जोरी ।

**जोर्नी**–(ना०) दुई वस्तु जोरिने ठाउँ ।

**जोर्नु**–(स० क्रि०) गाँस्नु; जम्मा गर्नु ।

**जोल्टिनु**–(अ० क्रि०) लठारिनु; मिल्नु; जोडिनु; खप्टिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**जोश**–(ना०) फूर्ति; मनको वेग ।
**जोशिलो**–( वि० ) जोश भएको; फुर्तिलो ।
**जोसुकै**–(सर्वना०) जो भए पनि ।
**जोह्**–(ना०) जोहो ।
**जोहो**–(ना०) बन्दोबस्त; जोरजाम ।
**जौ**–(ना०) टुँडा हुने एक जातको प्रसिद्ध अन्न ।
**जौहरी**–( ना० ) जुहारतको पारखी वा व्यापारी ।
**ज्ञ**– देवनागरी वर्णमालाको अन्तिम अक्षर; ज् र ञ-को संयुक्त रूप ।
**ज्ञात**–(वि०) जानिएको; विदित ।
**ज्ञातव्य**–(वि०) जान्न योग्य; ज्ञेय ।
**ज्ञाता**–(वि०) जान्ने; थाहा पाउने ।
**ज्ञाति**–(ना०) कुल; वंश; बन्धु-बान्धव ।
**ज्ञान**–(ना०) जानकारी; थाहा; बोध; आध्यात्मिक विचार ।
**ज्ञानगम्य**–( वि० ) ज्ञानद्वारा थाहा पाउन सकिने ।
**ज्ञानदाता**–(वि०) ज्ञान दिने । (ना०) गुरु ।
**ज्ञानपिपासा**–(ना०) ज्ञान प्राप्त गर्ने ।
**ज्ञानमय**–(वि०) ज्ञानले भरिएको; ज्ञानस्वरूप ।

**ज्ञानवान्**–(वि०) ज्ञान भएको ।
**ज्ञानी**–(वि०) ज्ञान भएको; ज्ञानवान् ।
**ज्ञानेन्द्रिय**–(ना०) आँखा, कान, नाक, जिभ्रो, छाला– यी भौतिक ज्ञान गराउने इन्द्रिय ।
**ज्ञापन**–(ना०) थाहा दिनु; जनाउने काम ।
**ज्ञापित**–(वि०) बताइएको; सूचित ।
**ज्ञाप्य**–(वि०) बताउन योग्य ।
**ज्ञेय**–(वि०) जान्न लायक; ज्ञातव्य ।
**ज्या**–(वि० बो०) बिर्संदा, पछुताउँदा र नाश हुँदा बोलिने शब्द ।
**ज्यादा**–(वि०) धेरै; अधिक ।
**ज्यान**–( ना० ) प्राण; जीवन; जीवात्मा ।
**ज्यानमारा**–( वि० ) मान्छे मार्ने; हत्यारा ।
**ज्यानसजाय**–(ना०) प्राणदण्ड ।
**ज्यापू**–( ना० ) कपासको बीउ; नेवारको एक जाति ।
**ज्याभल**–(ना०) औजार ।
**ज्यामिति**–(ना०) रेखागणित ।
**ज्यामिर**–( ना० ) एक किसिमको अमिलो फल ।
**ज्याला**–(ना०) मजदूरी; पारिश्रमिक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ज्यासल–( ना० ) बाँडा, कौ, कामीको काम गर्ने ठाउँ; आरन ।

ज्यास्ता–( वि० ) ज्यादा; खूबै ।

ज्युनार–( ना० ) भोजन; खाना; भोजन गर्ने काम ।

ज्यू–( ना० ) ढोग्ने काम; जीउ; कसैको नामपछाडि लाग्ने सम्मानसूचक शब्द ।

ज्यूँत्यूँ- (क्रि० यो०) जेनतेन; जसरीतसरी; येनकेन ।

ज्येष्ठ–(वि०) पहिलो; मुख्य । (ना०) जेठ महीना ।

ज्योति–(ना०) प्रकाश; उज्यालो; सूर्य; अग्नि ।

ज्योतिष–( ना० ) ग्रह-नक्षत्रहरूको गति ।

ज्योतिषी- (वि०) ज्योतिष-शास्त्रको ज्ञाता; दैवज्ञ ।

ज्वर–(ना०) जरो; मानसिक कष्ट; शरीरको अस्वस्थता जनाउने ताप ।

ज्वरो–(ना०) ज्वर; जरो ।

ज्वलन–( ना० ) वल्नु; चम्कनु; अग्नि ।

ज्वाइँ–(ना०) जुवाइँ ।

ज्वानु–(ना०) मसिनो पीरो गेडा हुने एक जातको मसला ।

ज्वार–(ना०) समुद्रको पानी चन्द्रमाका प्रभावले लहरी छुटेर माथि उठ्नु ।

ज्वारभाटा–( ना० ) समुद्री लहरको घटबढ ।

ज्वाला–( ना० ) आगाको लप्को; मुस्लो; राँको; ताप; सोला; ज्वलन ।

ज्वालामुखी–( ना० ) खरानी, आगो आदि निस्कने पर्वत ।

## झ

झ–देवनागरी वर्णमालाको नवौं अक्षर; उच्चारणस्थान तालु ।

झँक्रिनी–(ना०) झाँक्रीकी स्त्री ।

झँटाइ–( ना० ) झाँट्ने काम वा किसिम ।

झक–(ना०) मनको एकोहोरो वेग; उमङ्ग ।

झकझक–( ना० ) खराब कुरो हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आशङ्का ।

झकझकाउँदो–(वि०) झलझलाउँदो; चहकिलो ।

झकमक्क–(क्रि० यो०) झकिझकाउ हुने किसिम ।

झकाझक–(वि०) चम्किलो; झकझकाउँदो ।

झकार–(ना०) 'झ' अक्षर ।

झकिझकाउ(वि०) झकमक्क भएको; सिंगारिएको ।

झक्कड–(वि०) झोकी; रिसाहा ।

झक्की–(वि०) झक्कड; झोकी ।

झगडा–(ना०) कचिङ्गल; कलह; भनाभन ।

झगडालु–(वि०) बझुवा; झगडा गर्ने स्वभावको ।

झगडिया–(वि०) झगडालु । (ना०) परस्पर वादी र प्रतिवादी ।

झङ्कार–(ना०) तार-बाजा बजाउँदा निस्कने शब्द; माहुरी, भमरा आदिको शब्द ।

झझल्को–(ना०) भान; भ्रम; हल्का सम्झना ।

झट–(क्रि० यो०) चांडो; तुरुन्त ।

झटक–(ना०) सुनेका सम्झनाको खेप; झोक्का ।

झटनी–(ना०) एक पल्ट झांट्दा अन्नका बोटको भाग; झँटाइ ।

झटपट–(क्रि० यो०) चांडो; छिटो; तुरुन्त ।

झटाझट–(क्रि० यो०) छिटो-छिटो चाँडो-चांडो ।

झटाझटी–(क्रि० यो०) झटाझट ।

झटारो–(ना०) टाढाबाट फेंकेर हानेको लट्ठी ।

झट्काराइ–(ना०) झट्कार्ने किसिम वा काम ।

झट्कार्नु–(स० क्रि०) झट्को पार्नु; टकटक्याउनु; झाँट्नु; फट्कार्नु ।

झट्केलो–(वि०) स्वास्नीले अघिल्लो पतिबाट पाएको छोरो वा सौतानी छोरो । पो० झट्केली ।

झट्को–(ना०) झांट्ने काम; झट्कार्दाको चाल; झझल्को ।

झट्ट–(क्रि० यो०) चांडो; तुरुन्त; झटपट ।

झट्टी–(ना०) टाढाबाट हान्ने लट्ठी ।

झडङ्ग–(क्रि० यो०) झट्ट रिसाउने किसिम ।

झडङ्गी–(वि०) एक्कासि रिसाउने; झोकी ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



झङ्ङ्याहा–(वि०) झङ्ङी ।

झन्–(क्रि० यो०) धेरै मात्रामा; अझ बढी ।

झनक्क–(क्रि० यो०) तुरुन्तै रिसाउने किसिम ।

झनझन–(क्रि० यो०) चस्कने चाल ।

झनझनाइ–(ना०) झनझनाउने किसिम ।

झनझनाउनु–(अ० क्रि०) झनझन गर्नु; झमझमाउनु ।

झनाइ–(ना०) झान्ने काम वा किसिम ।

झन्काइ–(ना०) झन्किने काम वा किसिम ।

झन्काझन्की–(ना०) परस्परमा झन्कने काम; रिसारिस ।

झन्किनु–(अ० क्रि०) रन्कनु; रिसाउनु; झमझमाउनु ।

झन्को–(ना०) रिसको आवेग ।

झन्झट–(ना०) मन नलाग्दो काम; अल्झो; टन्टा ।

झन्झटिया–(वि०) झन्झटलाग्दो ।

झन्डा–(ना०) ध्वजा; पताका ।

झन्डी–(ना०) सानो झन्डा ।

झन्डै–(क्रि० यो०) करीब-करीब; नगभग ।

झन्न–(क्रि० यो०) तारका बाजाबाट शब्द आउने किसिम; झमझम गरी दुख्ने किसिम ।

झन्नै–(क्रि० यो०) झन्डै ।

झन्सारो–(क्रि० यो०) भन्दाभन्दै वा हुँदाहुँदै पनि भन्ने जनाउने शब्द ।

झपक्क–(क्रि० यो०) बिलकुल छोप्ने किसिम ।

झपझप–(क्रि० यो०) वारवार निद्रा लाग्ने किसिम ।

झपना–(ना०) छोप्ने वस्तु; ढकनी ।

झपार–(ना०) हप्की; खप्की ।

झपाराइ–(ना०) झपार्ने काम वा किसिम ।

झपार्नु–(स० क्रि०) काँट्नु; छाँस्नु; धमकाउनु ।

झपेत्रो–(ना०) क्र्यापुत्रीले टाउकोमा बाँध्ने रूमाल ।

झप्पु–(ना०) थप्पड ।

झप्री–(ना०) एक जातको केरा ।

झमक्क–(क्रि० यो०) बाक्लो साँझ पर्ने किसिम ।

झमझम–(क्रि० यो०) पानी पर्ने किसिम; चस्कने वा पोल्ने किसिम ।

झमझमाइ–(ना०) झमझमाउने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**झमझमाउनु**–( अ० क्रि० ) झस्कनु; झनझनाउनु ।

**झमट**–(ना०) पटक; चोटि ।

**झमेला**–(ना०) झन्झट; बखेडा ।

**झम्के**–(वि०) झम्का भएको ।

**झम्को**–(वि०) झुम्को; गुच्छो ।

**झम्टनु**–(स० क्रि०) उफ्रेर जाइलाग्नु; एक्कासि समात्नु ।

**झम्टाइ**–(ना०) झम्टने किसिम वा काम ।

**झम्पाट**–(ना०) झमेला; झन्झट ।

**झम्मार**–(ना०) झन्झट; झमेला ।

**झर**–(ना०) पानी पर्ने पटक; पानीको स्रोत ।

**झरना**–(ना०) छांगो; छहरो ।

**झरल**–(वि०) झरेको ।

**झरलपरल**–(वि०) बचेखुचेको ।

**झरिझुट्ट**–(क्रि० यो०) झकिझकाउ; छम्कट्ट ।

**झरिलो**–(वि०) चहकिलो; चमकदार ।

**झरी**–(ना०) मेघबाट बर्सेको पानी; वर्षा; वृष्टि ।

**झरुवा**–(वि०) झरेको ।

**झर्कनु**–( स० क्रि० ) झर्को मानेर बोल्नु; च्यांठ्िनु; झिजो मान्नु ।

**झर्को**–( ना० ) मन नपर्दो कुरा; झिझ्याहट ।

**झर्नु**–( अ० क्रि० ) खस्नु; गिर्नु; ओह्रालो लाग्नु; खस्कनु ।

**झर्रो**–(वि०) शुद्ध; चोखो ।

**झलक**–(ना०) आभास; झल्को ।

**झलकदार**–(वि०) झलक भएको ।

**झलक्क**–(क्रि० यो०) शोरै वेर मा एकै चोटि देखिने किसिम ।

**झलझल**–(क्रि० यो०) झलझली ।

**झलझलाउँदो**–(वि०) झलझल गर्ने; झकझकाउँदो ।

**झलझली**–(क्रि० यो०) वारवार सम्झने किसिम; झल्कने किसिम ।

**झलमल्ल**–( क्रि० यो० ) सफा उज्यालो हुने किसिम ।

**झल्को**–( ना० ) झझल्को; टल चमक; भान ।

**झल्याँस्स**–( क्रि० यो० ) अकस्मात ब्यूँझने वा मनमा फुर्ने किसिम ।

**झल्याकझुलुक**–(क्रि० यो०) आकस्मिक झुकल देखिने किसिम; पल्याकपुलुक

**झल्लर**–(ना०) चँदुवा, छाता आदिको छेउमा शोभाका निम्ति लर्केको फुर्को

**झल्लरदार**–( वि० ) झल्लर भएको; झल्लरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



झल्लरी–( वि० ) झल्लर भएको; झल्लरदार ।

झसक–(ना०) वायु बिग्रेर हाडमा पस्दा हुने पीडा; झस्को ।

झसक्क–( क्रि० यो० ) झस्को पस्ने किसिम; झस्कने किसिम ।

झसङ्ङ–(क्रि० यो०) झस्कने किसिम ।

झस्को–(ना०) मनको त्रास; झसक; भय; सम्झना ।

झाँक–(ना०) भाले मृग ।

झाँकी–(ना०) छाया; दर्शन; हेराइ ।

झाँक्री–(ना०) धामीको एक वर्ग ।

झाँक्रो–( ना० ) कोरीबाटी नगरी फिंजाएको कपाल; जगल्टा ।

झाँग–(ना०) लहरा वा बूटाहरूको समूह; घाँस, बिरुवा आदिको झाँगिएको बोट ।

झाँजर–( ना० ) प्वालैप्वाल भएको पनिउँ ।

झाँट–(ना०) झँटाइ; धम्की ।

झाँटझुँट–( ना० ) झाँट्ने काम; टकटक्याउनु ।

झाङ–(ना०) झाँग ।

झाटझुट–(क्रि० यो०) छिटै चुँडिने वा काम गर्ने किसिम ।

झाड–( ना० ) काँचको बत्तीदान; बूटा वा झाङहरूको समूह ।

झाडा–(ना०) पखाला; दिसा ।

झाडावान्ता–(ना०) धेरै पटक दिसा लाग्नु र वान्ता आउनु ।

झाडी–( ना० ) बाक्लो वन; घना जङ्गल ।

झाडु–(ना०) ठूलो कूचो ।

झानझुन–(ना०) झान्ने काम ।

झान्नु–(स० क्रि०) घिउ-तेल आदिमा मसला फुराएर दाल, अचारमा हाल्नु ।

झापझुप–( क्रि० यो० ) आगो, बत्ती आदि छिटै निभाउने किसिम ।

झापट–(ना०) धम्की; झँटाइ; लबटाको मार; थप्पड ।

झामक–(ना०) डढेको ईंट ।

झाम्टो–( ना० ) सग्लाएको बिरुवा, साग आदि; एक बाजा ।

झार–(ना०) घाँस; तृण ।

झारपात–(ना०) घाँसपात ।

झारफूक–(ना०) झार्ने र फुक्ने काम; फाकफूक ।

झारफूके–(ना०) झारफूक गर्ने व्यक्ति ।

झारा–( ना० ) ज्यालाबिनाको हारगुहार ।

झाराली–(ना०) झारामा काम गर्ने मान्छे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**झारी**–(ना०) सुलुत्त परेको घाँटी र टुटो हुने जलपात्र ।

**झारीखण्डे**-(ना०) जोगीका भेषको बेकामे मान्छे ।

**झाल**–(ना०) लहराको झाङ ।

**झालेमाले**–(वि०) रङविरङ्को; छिर-बिरे ।

**झिँजो**–( वि० ) सुकेका दाउराको टुक्रो ।

**झिकुवा**–(वि०) झिकिएको; हटाएको ।

**झिक्नु**–(स० क्रि०) निकाल्नु; उभाउनु; खारेज गर्नु; घटाउनु ।

**झिक्रो**–( ना० ) सुकेका दाउराको हाँगाबिगासहितको टुक्रो ।

**झिजो**–(ना०) झर्को; दिक्क ।

**झिटी**–(ना०) जेथा; मालताल ।

**झिटीमिटी**–(ना०) मालताल; मालसामान ।

**झिनुवा**–(ना०) एक जातको धान ।

**झिमझिम**–(क्रि० यो०) मसिनु पानी पर्ने किसिम; आँखा चिमचिम गरिरहने किसिम ।

**झिमिक्क**–(क्रि० यो०) आँखा चिम्लने किसिम ।

**झिम्को**–(ना०) आँखाको चिम्लाइ ।

**झिल्के**–(ना०) आंखा नचाएर कुरा गर्ने; स्वाङ पार्ने; सेतो थोप्ला भएको (गोरु) । पो० झिल्की ।

**झिल्को**–(ना०) आगोको सानो कण; चमत्कार ।

**झिल्ल**–(क्रि० यो०) आगो वा चम्किलो वस्तु चम्किने किसिम ।

**झिल्सिनु**-( अ० क्रि० ) पिल्सिनु; आधी मात्र पाक्नु ।

**झिसमिसे**-(ना०) बिहानीपखको समय ।

**झी**–( ना० ) बालबोलीमा घाउ-खटिरा ।

**झीँगो**–(ना०) फोहरमा उब्जने एक कीरो; माखो ।

**झीनो**–(वि०) मसिनु; पातलो ।

**झीर**-(ना०) फलामे सुइरो ।

**झील**-(ना०) प्राकृतिक ठूलो पोखरी; ताल; दह ।

**झुकाइ**–( ना० ) झुक्ने किसिम वा काम ।

**झुकाउ**–( ना० ) ढल्कनु; रुचि; प्रवृत्ति ।

**झुकान**-(ना०) भूल; झुकाउ ।

**झुक्किनु**–(अ० क्रि०) भुल्नु; छक्किनु; झुकानमा पर्नु ।

**झुक्नु**–(स० क्रि०) निहुरनु; नुहनु; ढल्कनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कुट्टो (वि०) कूटो; फटाहा; असत्य।

कुत्तिनु–(अ० क्रि०) कुम्मिनु; जम्मा हुनु; कुल्नु; कुत्ता लाग्नु।

कुत्तो–(ना०) कुप्पो; मुट्ठो।

कुत्रे–(वि०) कुत्रो लुगा लाउने; थाङ्ने; गरीब।

कुत्रो–(वि०) जीर्ण; पुरानो; तुच्छ।

कुन्डिनु–(अ० क्रि०) लट्कनु; झोलिनु; गलामा पासो लाएर मर्नु।

कुन्ड्याइ–(ना०) कुन्डिने किसिम।

कुपडी–(ना०) कुप्रो; छाप्रो।

कुप्पिनु–(अ० क्रि०) कुप्पा लाग्नु; लटरम्म हुनु।

कुप्पो-(ना०) फलफूलको गुच्छो।

कुप्रो–(ना०) कुपडी; खोप्रो।

कुमाइ–(ना०) कुम्ने किसिम।

कुम्के–(वि०) झुम्के।

कुम्को–(ना०) झुम्को।

कुम्नु–(अ० क्रि०) मादक पदार्थ लागेर लट्ठ पर्नु; कुल्नु; उँघ्नु।

कुम्मिनु–(अ० क्रि०) घेरा लाग्नु; कुत्तिनु; भीड लाग्नु।

कुम्रो–(ना०) कपडाको पुरानो टुक्रो; चिथ्थो।

कुराकुरी–(ना०) सानाठूला कुराहरू।

कुरिनु–(ना०) ज्यादा सुक्नु; खरिनु।

कुरो–(ना०) सेल, रोटी, जिलेबी आदि पकाउँदा पीठो खसी बनेका साना टुक्रा।

कुलना–(ना०) कुल्ने पलङ; कोक्रो; पीङ।

कुलुक्क–(क्रि० यो०) एकै पल्ट मात्र देखिने, झल्कने र बल्ने किसिम।

कुलो–(ना०) चकमक र ढुङ्गा घोटेर नेपाली कागजको आगो सल्काउने चीज।

कुल्के–(वि०) भर्खर उदाएको।

कुल्को–(ना०) कुल्कने काम; झलक।

कुसिलो–(वि०) कूस भएको। (ना०) बढी खाएर आउने अमिलो डकार।

कुसिल्कीरो–(ना०) कूस भएको लाम्चो कीरो।

कुसी–(ना०) मानु, पाथी आदिको अटुन्जेलको भराइ।

कुस्याहा–(वि०) कूस भएको।

कुस्स–(क्रि० यो०) रौं ठाडो हुने वा रौं बाक्लिएर दुब्लो देखिने किसिम।

कूट–(वि०) कूटो; असत्य।

कूटो–(वि०) असत्य; मिथ्या; कूट।

कूल–(ना०) पलङमाथि चारैतरफ टाँगिने कपड़ाको पर्दा; हात्तीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हौदामा रहने छत ।

**झूस**–( ना० ) भुवा; मसिनो रउँ । (वि०) तुच्छ ।

**झूसे**–(वि०) झूस भएको ।

**झूसेबारुलो**–( ना० ) अरिङ्गालजस्तो सानो कीरो ।

**झेल**–(ना०) जाल; बखेडा ।

**झेलाहा**–(वि०) झेली ।

**झेली**–(वि०) झेल गर्ने ।

**झैं**–(संयो०) जस्तै; तुल्य ।

**झैझगडा**–(ना०) मुद्दामामिला ।

**झोकिनु**–(अ० क्रि०) जङ्गिनु; रिसाउनु; च्याँठिनु ।

**झोकी**–(वि०) रिसाहा; क्रोधी ।

**झोक्का**–(ना०) ठूलो वेग; उच्चारणको एक तरीका ।

**झोक्रिनु**–(अ० क्रि०) घोत्लिनु; मलिन हुनु; निन्याउरो मुख लाउनु ।

**झोर**–( ना० ) चारैतिर जङ्गलले ढाकिएको औलिया जग्गा ।

**झोल**–( ना० ) तरकारीको रस; पन्यालो वस्तु ।

**झोला**–(ना०) उफ्रिन्डो लागेको कपडा आदिको थैलो ।

**झोलिनु**–( अ० क्रि० ) लच्कनु; फुन्डिनु ।

**झोलुङ्गो**–(ना०) केटाकेटीलाई हल्लाएर सुताउने कोक्रो; एक प्रकारको पुल ।

**झोसाइ**–( ना० ) झोस्ने काम वा किसिम ।

**झोसाहा**–(वि०) पोलाहा; छुल्याहा ।

**झोस्नु**–(स० क्रि०) बल्ने पदार्थमा आगो सल्काउनु; चुक्ली लाउनु ।

**झ्याँगा**–(ना०) भात आदि पकाउने खट्कौंलोका किसिमको भाँडो ।

**झ्याँपी**–(ना०) चिभे चरो ।

**झ्याँइँकुटी**–(क्रि० यो०) दुई जनाले दुईतिर समाती उचालेर लैजाने किसिम ।

**झ्याइँझ्याइँ**–(क्रि० यो०) बाजा बज्ने वा बाजाका आवाजको किसिम ।

**झ्याइयेँ**–( क्रि० यो० ) तातो घिउ तेलमा पानी पर्ने किसिम ।

**झ्याउँकीरो**–( ना० ) बेलुकीपख 'झ्याउँझ्याउँ' आवाजले कराउने एक कीरो ।

**झ्याउ**–(ना०) काठ, ढुङ्गा आदिमा उम्रने एक किसिमको झार ।

**झ्याउरिनु**–(अ० क्रि०) झोक्रिनु ।

**झ्याउरे**–(ना०) नेपाली लोकगीतको एक लय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



झयाउलो–(ना०) झन्झट; झमेला ।
झयाकझयाक–(ना०) करकर; झक-झक ।
झयाप्प–(क्रि० यो०) बत्ती वा आगो सहसा निभ्ने किसिम ।
झयाझ्यरि–(ना०) रातो मुच्चो हुने एक जातको चरो ।
झयाल–(ना०) घरमा हावाको आवत-जावतको लागि राखिएको द्वार ।
झयालखाना–(ना०) जेलखाना; कैद-खाना ।
झयालखाने–(वि०) झयालखानमा परेको ।
झयाली–(ना०) झयाम्टो; एक किसिमको बाजा ।
झयासझुस–(ना०) घाँसपात आदि वस्तु ।
झवाट्ट–(क्रि० यो०) कुनै काम एका-एक हुने किसिम ।
झवाप्प–(क्रि० यो०) सहसा छोप्ने किसिम; बत्ती निभ्ने किसिम ।
झवाम्म–(क्रि० यो०) पानी वा आगोमा हामफाल्ने किसिम ।
झवार्र–(क्रि० यो०) सुकेको पराल आदिमा आगो लाग्दा शब्द आउने किसिम ।

## ञ

ञ- देवनागरी वर्णमालाको दसौं व्यञ्जनवर्ण; चवर्गको आखिरी अक्षर; उच्चारणस्थान नासिका ।
ञकार– 'ञ' अक्षर ।

## ट

ट– देवनागरी वर्णमालाको एघारौं व्यञ्जनवर्ण; उच्चारणस्थान मूर्द्धा ।
टँकाइ–(ना०) टाँक्ने किसिम ।
टँगनो–(ना०) टँगाइ ।
टँगरो–(वि०) पातलो र अग्लो ।
टँगाइ–(ना०) टाँग्ने किसिम वा काम ।
टँसाइ–(ना०) टाँस्ने किसिम वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



काम ।

**टक**–(ना०) सूर्य वा बत्तीको प्रकाश; रुपियाँ-पैसामा लगाइएको सरकारी छाप; बिम्ब ।

**टकटका**–(वि०) धनसम्पत्ति र परिवार केही नभएको; एकलो ।

**टकटकाउँदो**–( वि० ) उज्ज्वल; निर्मल; राम्रो ।

**टकटकापुर**–( वि० ) बिलकुल सेतो; सफासुग्घर । ( ना० ) केही पनि नहुनु; शून्यता ।

**टकटकिनु**–( अ० क्रि० ) रित्तिनु; पन्छिनु; झारझुर हुनु; पछि हट्नु ।

**टकटकी**–(क्रि० यो०) एकोहोरो हेरिरहने किसिम ।

**टकटक्याउनु**–(स० क्रि०) कसिङ्गर; धूलो आदि झार्नु; झट्कार्नु; फट्कार्नु; सिरिखुरी पार्नु ।

**टकमरी**–(ना०) टक मार्ने काम ।

**टकराइ**–(ना०) टकराउने काम वा किसिम ।

**टकराउनु**–(अ० क्रि०) जुध्नु; ठक्कर लाग्नु ।

**टकसार**–(ना०) रुपियाँ-पैसाहरू बनाउने अड्डा ।

**टका**–(ना०) रुपियाँ, पैसा ।

**टकाटक**–(ना०) खाँचो; गर्ज ।

**टकार**–(ना०) 'ट' अक्षर ।

**टकेर्नु**–(ना०) थाक्ने बेला भएको ... वस्तु; बकेर्नुभन्दा पछिको वस्तु ।

**टक्क**–(क्रि० यो०) एक्कासि अड्... किसिम ।

**टक्कर**–( ना० ) दूध निस्कने ए... जातको फूल; ठक्कर ।

**टक्का**–(ना०) टका ।

**टक्रक्क**–( क्रि० यो० ) ठाडो भए... अडिने वा उभिने किसिम ।

**टक्र्याइ**–(ना०) टक्र्याउने किसिम व... काम ।

**टक्र्याउनु**–(स० क्रि०) अर्पण गर्नु; आदरपूर्वक दिनु; चढाउनु ।

**टङ्कण**–(ना०) छाप्ने-खोप्ने काम ।

**टङ्कार**–( ना० ) अभिमानपूर्वक... गर्जना; धनुको ताँदो झट्कार्दा... शब्द; चाल; ढाँजो ।

**टङ्गरो**–(वि०) टँगरो; टौवा ।

**टटरो**–( वि० ) ठुलो र अग्लो... टँगरो ।

**टटलो**–( ना० ) तरवारजस्तो कोस... फल्ने एक रूख ।

**टट्कारो**–(ना०) खुलस्त; प्रस्ट ।

**टट्टाइ**–(ना०) टट्टाउने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**टट्टाउनु**–(ना०) चह्र्याउनु; दुख्नु; उराठ हुनु; बस्न रुचि नहुनु ।

**टट्टी**– (ना०) बाँस र नर्कटले बनाइएको पर्दा; पाइखाना । (वि०) हल्लनटट्टी; ज्यादै दुब्लो ।

**टट्टू**–(ना०) सानो कदको घोडा । (वि०) साह्रै दुब्लो ।

**टठ**–( ना० ) शेखी; घमन्ड; टेक ।

**टठमराइ**–(ना०) टठमराउने चाल वा काम ।

**टठमराउनु**–(अ० क्रि०) टाठो हुनु; तरखराउनु; कामकुरामा अघि सर्नु ।

**टठिलो**–(वि०) मोटोघाटो; चलाख ।

**टड्कारो**–(ना०) टट्कारो ।

**टड्कालो**–( वि० ) प्रस्ट देखिने; छर्लङ्ङ; हुने ।

**टन**–(ना०) पुगनपुग अढाइ मनको तौल । (वि०) भरिभराउ; नशाले चूर भएको ।

**टनक्क**–( क्रि० यो० ) कसेर बाँध्ने किसिम; टन्केर दुख्ने किसिम ।

**टनटन**–( ना० ) व्यर्थको धम्की; फुँटाइ । (क्रि० यो०) घाउ-खटिरा टन्केर दुख्ने किसिम; घण्टाहरू बज्ने किसिम ।

**टनटनी**–( क्रि० यो० ) कसेर बाँध्ने किसिम; टनटन ।

**टनाटनी**–(वि०) भरिभराउ; परिपूर्ण ।

**टनेल**–( ना० ) सुरुङ खनी बनाएको बस्ने ठाउँ वा बाटो ।

**टन्काउनु**–( स० क्रि० ) मस्काउनु; बेसरी बाँध्नु ।

**टन्टलापुर**–( वि० ) ज्यादा चर्को (घाम) ।

**टन्टा**–(ना०) कामको बोझ; झोज; झमेला ।

**टप**–( ना० ) कानमा लाउने एक गहना; बग्गी; तामदान आदिको छत ।

**टपक्क**–(क्रि० यो०) टिप्ने किसिम ।

**टपटप**–(क्रि० यो०) थोपा-थोपा गरी चुहुने किसिम ।

**टपटपी**–(क्रि० यो०) धमाधम टिप्ने किसिम ।

**टपरी**–( ना० ) ठहर; पात गाँसेर बनाएको थाल ।

**टपरे**–( वि० ) सिधा बटुल्दै हिंड्ने पेशा भएको; पुरोहित्याइँको भरमा जीविका चलाउने (हेलाको अर्थमा)।

**टपर्टुय्याँ**–( वि० ) लालबुझक्कड; मौकाअनुसारको चतुरो; धूर्त;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उटपटयाङ ।

**टप्काइ**–(ना०) टप्काउने किसिम वा काम ।

**टप्काउनु**–(स० क्रि०) टपक्क टिपेर लानु; चुहाउनु; हातहाली गर्नु ।

**टप्नु**–( अ० क्रि० ) उछिन्नु; आफू ठूलो भई अरूलाई नटेर्नु ।

**टप्प**–(क्रि० यो०) टाँसिने वा बन्द हुने किसिम ।

**टप्पा**–(ना०) टुप्पो; टापू; शिखर।

**टप्पू**–(ना०) टप्पा ।

**टमक्क**–(क्रि० यो०) टम्म मिल्ने वा कसिने किसिम ।

**टमटम**–(क्रि० यो०) फूर्तिसाथ हिंड्ने किसिम ।(ना०) एकघोडे बग्गी ।

**टमाटर**–(ना०) गोलभेडा ।

**टमोटे**–(ना०) तमौटे ।

**टम्म**–(क्रि० यो०) मिल्ने, टाँसिने वा बन्द हुने किसिम ।

**टर्च**–(ना०) ब्याटरीद्वारा बल्ने हाते बत्ती ।

**टर्नु**–(अ० क्रि०) समय बित्नु ।

**टर्रिनु**–( अ० क्रि० ) टर्रो स्वादको हुनु; टेढिनु ।

**टर्रो**–(ना०) छ रसमध्ये एक । (वि०) नमीठो स्वादको; मिजास नभएको ।

**टलक**–( ना० ) चमक; प्रतिविम्ब; छाया; झलक ।

**टलक्क**–(क्रि० यो०) खूब राम्रोसित टल्कने किसिम ।

**टलटल**–(क्रि० यो०) सूर्य र बत्तीको प्रकाश पानीमा पर्दा टल्कने किसिम।

**टलपल**–(क्रि० यो) पानीमा तर पर्ने डुब्न खोज्ने किसिम; पानीमाथि हल्लने किसिम; टलपल ।

**टलाइ**–( ना० ) फाटेको वस्तु टाल्ने काम वा किसिम ।

**टल्कनु**–(अ० क्रि०) उज्यालो हुनु; चिल्लो हुनु; झल्कनु; प्रकाशित हुनु।

**टल्काइ**–(ना०) टल्कने किसिम वा काम ।

**टसक**–(ना०) टस्को ।

**टसक्क**–( क्रि० यो० ) ध्याच्च बस्ने किसिम ।

**टसर**–(ना०) बाक्लो र दह्रो एक प्रकारको सूती कपडा ।

**टस्को**–( ना० ) करैले मात्र गरेको ढोग ।

**टस्क्याउनु**–( स० क्रि० ) टस्स्याउनु मन नलागी दिनु वा राख्नु ।

**टस्स्याउनु**–(स० क्रि०) हेलासँग दिनु वा राख्नु; मन नपरी टीका लाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



टहकिनु–( अ० क्रि० ) तहरिनु; थिग्रिनु ।

टहटह–( क्रि० यो० ) कुलमल्ल जून लाग्ने किसिम ।

टहरो–(ना०) तलो नभएको लामो छाप्रो ।

टहल–(ना०) सेवा; शुश्रूषा; सुसार; चाकरी ।

टहलुवा–(ना०) टहल गर्ने व्यक्ति; दास; सेवक ।

टहल्नु–(अ० क्रि०) डुल्नु; बिस्तारै हिँड्नु; घुमफिर गर्नु ।

टाँक–(ना०) कोट, कमीज आदिमा तुनाको सट्टा लाउने वस्तु ।

टाँका–(ना०) लुगा सिउँदाको फड्को ।

टाँको–(ना०) एक जातको वृक्ष ।

टाँक्नु–( स० क्रि० ) फड्का हानेर सिउनु; दर्नु; नाउँ टिप्नु ।

टाँग–(ना०) पसारेको खुट्टो; तिघ्रो ।

टाँगटुँग–(ना०) टाँग्ने काम ।

टाँगन–(ना०) पहाडी टट्टू; होचो जातको घोडा । (वि०) गातलो र अग्लो ।

टाँगा–(ना०) पाङ्ग्रामा गुड्ने घोडाले तान्ने बग्गी; टमटम ।

टाँगो–( ना० ) जमीन नाप्ने लट्ठी; फलाम आदि वस्तुमा प्वाल पार्दा तल राख्ने ढिम्री; लामो घारो ।

टाँचा–(ना०) रुखहरू काट्न सरकारबाट लाइने चिनो ।

टाँड–(ना०) माथि खाटजस्तो पारी जमीनमा चार खुट्टा गाडी बनाएको ठाउँ; मुर्दा हाल्ने खाट ।

टाँडे–( वि० ) टाँडसम्बन्धी; टाँडजस्तो ।

टाँडेजात्रा–(ना०) मलाम; शवयात्रा ।

टाँडो–(ना०) मुर्दा बाँधेर लाने बाँस, मुर्दा सुताएर लाने खट ।

टाँपो–(ना०) करुवाजस्तो टुटो भएको पानीको भाँडो ।

टाँस–(ना०) विज्ञापनजस्तो कागतविशेष; घर वा बजारमा थाहा दिने किसिमले टाँसिएको लेखोट ।

टाँसपुर्जी–(ना०) पुर्जी र टाँस; टाँस भएको पुर्जी ।

टाँसो–(ना०) करकापसँग बुझाएको वस्तु; चाह नभईकन दिएको चीज ।

टाँस्नु–(स० क्रि०) एउटा र अर्कोमा जोड्नु; लेसिलो वस्तुद्वारा मिलाउनु; गाँस्नु ।

टाइँटुइँ–(ना०) अलि-अलि ज्ञान; कामचलाउ जानकारी । (क्रि० यो०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वायु निस्कने एक किसिम ।

**टाइँफाइँ**–(ना०) चुरीफुरी ।

**टाइप**–(ना०) टाइपद्वारा छाप्ने काम; पुस्तक छाप्ने सीसाको ढलुवा अक्षर ।

**टाइपराइटर**–(ना०) अक्षरहरू छाप्ने यन्त्र; टङ्कण-यन्त्र ।

**टाइपिस्ट**–(ना०) टाइपराइटर चलाउने व्यक्ति ।

**टाइफाइड**–(ना०) म्यादी ज्वर ।

**टाइम**–(ना०) समय; बखत; बेला ।

**टाइल**–(ना०) छानामा लाउने ठूलो झिँगटी ।

**टाउके**–(वि०) प्रतिष्ठित; ठूलो टाउको भएको ।

**टाउको**–(ना०) माथ; शिर ।

**टाकटुक**–(क्रि० यो०) जसोतसो; ठीकठाक; भएजति सबै ।

**टाकनटुकन**–(क्रि० यो०) यताउता; टाकटुक; जसोतसो ।

**टाकुचे**–(ना०) रोपाइँ गर्ने बेला डल्ला फोरी हिल्याउने काम ।

**टाकुरी**–(ना०) माटाको सानो ढिस्को; सानो टाकुरो ।

**टाकुरो**–(ना०) पर्वतको टुप्पो; चुचुरो; टापू ।

**टाक्से**–(वि०) ख्याउटे; दुब्लो ।

**टाङ**–(ना०) तिघ्रो; टाँग ।

**टाङटुङ**–(क्रि० यो०) घण्टा … बज्ने किसिम ।

**टाङ्नु**–(स० क्रि०) टाँग्नु ।

**टाट**–(ना०) सन-सुतहरूको … कपडा । (वि०) केही नभए… गरीब ।

**टाटी**-(वि०) टाटो भएकी । (ना… एकछिनको विश्राम ।

**टाटे**–(ना०) एक जातको सिमी … (वि०) दागी ।

**टाटेपाङ्ग्रे**–(वि०) कालेमाले; … बिरे ।

**टाटेपाटे**–(ना०) धेरै रङ्ग भए… कालेमाले ।

**टाटो**–(ना०) घाउ-खटिरा… भएको दाग; खत; चिह्न ।

**टाट्नु**–(ना०) गाईवस्तुलाई … पराल हालिदिने ठाउँ ।

**टाट्नो**–(ना०) टाट्नु ।

**टाठो**–(वि०) बाठो; चलाख; … (नून); फुर्तिलो ।

**टाढा**–(क्रि० यो०) धेरैपर; … (ना०) फरक; अन्तर ।

**टाप**–(ना०) घोडाको नङ वा खुर… 

**टापटिप**–(ना०) सानोतिनो …

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



घेरथोर टिप्ने काम ।

टापटिपे–(वि०) चानचुने (चोर); सानोतिनो वस्तु चोर्ने ।

टापुरो–(ना०) टापू ।

टापू–(ना०) चारैतिर पानीले घेरेको भूभाग; टाकुरो; द्वीप ।

टामटुम–(क्रि० यो०) किफायतसाथ काम चलाउने किसिम; गहना आदिले सजिने र तयार हुने किसिम ।

टायर–(ना०) मोटर आदिका पाङ्ग्राको बाहिरी रबर ।

टायल–(ना०) टाइल ।

टार–(ना०) उँचो ठाउँको समथर जग्गा; पानी नलाग्ने जमीन ।

टारी–(वि०) सुक्खा (जमीन); वर्षाको भरले मात्र रोपिने खेत ।

टार्नु–(स० क्रि०) काम चलाउनु; निर्वाह गर्नु; आलटाल गरेर फिसोल्नु ।

टालटुल–(ना०) टाल्ने काम; धाँदो; प्वाल टालेर पूरा गर्ने काम ।

टालाटुली–(ना०) कपडाका ससाना टुक्राहरू ।

टालो–(ना०) कपडाको टुक्रो; धरो ।

टाल्नु–(स० क्रि०) प्वाल परेको ठाउँ छोप्नु; टुक्रा गाँसेर मर्मत गर्नु ।

टिकट–(ना०) चिठी आदिमा टाँस्ने सरकारिया छाप भएको टुक्रे कागत; महसूल आदि बुझाएको प्रमाण ।

टिकटिके–(ना०) फिस्टोजस्तो एक एक जातको चरा ।

टिकनबजी–(ना०) असल जातको चिउरा ।

टिकाउ–(वि०) खपुवा; धेरै अड्ने; खप्ने ।

टिकिया–(ना०) थेप्चो चक्की; गोबरको गुइँठाजस्तै धूलो अंगारले बनाएको चक्का ।

टिकुवा–(वि०) टिकाउ; धेरै टिक्न सक्ने; खपुवा ।

टिङ्गरो–(वि०) टटरो; झीनो वा पातलो र अग्लो ।

टिन–(ना०) एक किसिमको जस्ताजस्तो धातु ।

टिनु–(ना०) भीड; समूह ।

टिन्न–(क्रि० यो०) रुपियाँ-पैसा वा धातुका भाँडा बज्ने किसिम ।

टिप–(ना०) टिप्पन; पोतामा लाग्ने दस्तूर; गन्जिफाको खेल; स्रेस्तामा टिपोटको कागत ।

टिपटाप–(ना०) टिप्ने काम; टिपन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



टापन ।

**टिपनटापन**–(ना०) बटुलबाटुल ।

**टिपुवा**–(वि०) गाढा गरी सिएको; टिपिएको; एक किसिमको भुटुवा (तरकारी); कलम-कलम गरी लेखेको ।

**टिपोट**–(ना०) सारांश; सार; टिपेर संक्षेपसँग लेखेको लेख ।

**टिप्नु**–(स० क्रि०) रौं ढखेलेर झिक्नु; टप्काउनु; उठाउनु ।

**टिप्पणी**–(ना०) टिप्पन; विवरण; एक किसिमको लेख; टीका ।

**टिप्पन**–(ना०) टिप्पणी; स्रेस्तामा एक किसिमको कागत; टिपोट; जन्मपत्रिका ।

**टिप्पा**–(ना०) हुर्मत; टापू; अग्लो ठाउँ; तरताफिता ।

**टिम्विक**–(क्रि० यो०) टिम्कने किसिम; टिम्म टाँसिदा वा कसिदाको किसिम ।

**टिमिलो**–(ना०) फूलै नभई फल्ने खनिउँजस्तो एक फल ।

**टिमुर**–(ना०) एक जातको फल ।

**टिमुरिनु**–(अ० क्रि०) टिम्कनु ।

**टिम्कनु**–(अ० क्रि०) गम्कनु; आफैं ठूलो बनेर हिड्नु ।

**टिम्के**–(वि०) बिनाखुबीले चर्केर टिम्किएको ।

**टिम्बा**–(ना०) लाम्चो तछ्... काठ ।

**टिम्म**–(क्रि० यो०) टम्म ।

**टिलपिल**–(क्रि० यो०) मधुरो ... बलिरहने किसिम ।

**टीक**–(ना०) घाँटीमा लाइने मा... (गहना) ।

**टीका**–(ना०) टीको; थोप्लो; ति... दाग; मूल ग्रन्थको व्याख्या ।

**टीकाटाला**–(ना०) टीका ला... लुगा, टीका र गहना ।

**टीकाटिप्पणी**–(ना०) चर्चा; व्या... माथि व्याख्या ।

**टीकी**–(ना०) सानो टीको ।

**टीको**–(ना०) टीका बनाइएको ... टीका; तिलक ।

**टीठ**–(ना०) धीत; दया; करु...

**टीठलाग्दो**–(वि०) मायाला... टीठो ।

**टीठो**–(वि०) मायालाग्दो; ... लाग्दो ।

**टीपकार**–(ना०) ईंटहरूका बो... वज्र लगाएर सिंगार्ने काम ।

**टीपकारी**–(ना०) टीपकार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**टीलो**-(ना०) मरेको दिनदेखि दस दिनसम्म मृतकका उद्देश्यले ढिकुरामा चढाइने फलामको भेटी ।

**टुँडिखेल**-(ना०) कवाज खेल्ने र अरू खेल खेल्ने मैदान ।

**टुइँटुइँ**-(क्रि० यो०) फूर्तिसाथ लम्केर हिँड्ने किसिम ।

**टुइँटुइँती**-(क्रि० यो०) बेसरी बाँध्ने वा फटाफट हिँड्ने किसिम ।

**टुकटुक**-(क्रि० यो०) सानो नानी भर्खर हिँड्न लागेको किसिम ।

**टुकडा**-(ना०) टुक्रा ।

**टुकी**-(ना०) बत्तीको भाँडो; कानमा लाउने सुनको एक गहना ।

**टुकुनी**-(ना०) ठीक परिमाण; पाउ-भरको तौल; आधामाने भाँडो । (वि०) त्यति परिमाणको ।

**टुक्का**-(ना०) अनुप्रास मिलेको वाक्य वा कविता; तुक्का ।

**टुक्रुक्क**-(क्रि० यो०) एक किसिम-सँग बस्ने वा अडिने किसिम ।

**टुक्रो**-(ना०) टुकडा; कुड्को ।

**टुक्र्याउनु**-(स० क्रि०) टुक्रा-टुक्रा पार्नु; कुड्का पार्नु ।

**टुङ्गो**-(ना०) कामको निधो; सीमा; हद; अवधि ।

**टुटाइ**-(ना०) टुट्ने किसिम वा काम ।

**टुटिलो**-(ना०) टुटिल्को ।

**टुटिल्को**-(ना०) फुँडुल्को; टुटिल्को ।

**टुटी**-(ना०) सानो टुटो; करुवा, कमण्डलु आदिको टुटो ।

**टुटे**-(वि०) टुटी भएको; टुटीबाल ।

**टुट्टा**-(ना०) घाटा; ड्याक; हानि ।

**टुट्नु**-(अ० क्रि०) छुट्टिनु; चुँडा-लिनु ।

**टुना**-(ना०) मोहनी; जादू ।

**टुनी**-(ना०) एक जातको वृक्ष ।

**टुन्न**-(क्रि० यो०) बेसरी खाँदा पेट फुल्ने किसिम ।

**टुन्याहा**-(वि०) टुना गर्ने; मोहनी लाउने ।

**टुपी**-(ना०) शिखा; टाउकाको बीचमा छोडिएको कपालको गुच्छो वा मूठो ।

**टुपीकट्टा**-(वि०) टुपी काटेको (सन्यासी आदि) ।

**टुपुक्क**-(क्रि० यो०) हल्कासित राख्ने किसिम ।

**टुपुटुपु**-(क्रि० यो०) फलफूल आदि घमाघम टिप्ने किसिम ।

**टुप्पाटुप्पी**-(ना०) टुप्पाहरूको वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सानातिना हांगाहरूको समुदाय ।

टुप्पो–(ना०) कुनै वस्तुको माथिल्लो भाग; छेउ; शिखर ।

टुप्लुक्क–(क्रि० यो०) अनायास देखा पर्ने किसिम ।

टुमुक्क–(क्रि० यो०) टम्म मिल्ने वा छरितो हुने किसिम ।

टुमौटे–(ना०) तमौटे ।(वि०) सानो चित्तको ।

टुम्म–(क्रि० यो०) टम्म ।

टुर्र–(क्रि० यो०) हुक्का घुराउने किसिम ।

टुर्रे–(वि०) पन्यालो; तरल ।

टुर्रो–(ना०) सानो हुक्का; पातलो वा स्वाद नभएको झोल ।

टुर्र्याउनु–(स० क्रि०) कसिने गरी बाँध्नु; मस्काउनु ।

टुलुक्क–(क्रि० यो०) एक पटक मात्र हेर्ने किसिम; पुलुक्क ।

टुलुटुल–(क्रि० यो०) एकटकसंग हेर्ने किसिम ।

टुल्के–(वि०) टुलटुल हेर्ने । पो० टुल्की ।

टुसा–(ना०) तरकारी खाइने एक किसिमको निगालाको टुसा ।

टुसाउनु–(अ० क्रि०) अङ्कुर निस्कनु ।

टुसुक्क–(क्रि० यो०) टुक्रुक्क ।

टुसाइ–(ना०) टुसाउने किसिम ।

टुसो–(ना०) पिपिरो; अङ्कुर ।

टूट–(वि०) छुटेको; टुटेको ।

टूटफूट–(वि०) नोक्सानी; भत्के बिग्रेको; खण्डित ।

टुहुरो–(वि०) आमाबाबु मरेको अनाथ; बिचरो ।

टेक–(ना०) टेकेर अडिने काम; ठाउँ; शेखी; गीत; भजन आदि दोहरिने गेडो ।

टेकन–(ना०) टेको; बिसौनी; चुकुल ।

टेकाइ–(ना०) टेक्ने किसिम वा काम ।

टेकी–(वि०) टेक गर्ने; हठी; आफ्नो विचारमा अडिने ।

टेकुवा–(ना०) सानो खांबो; टेको ।

टेको–(ना०) कुनै वस्तु अड्याउने बाँस वा काठको टेवा ।

टेक्नु–(स० क्रि०) कुल्चनु; हाल्नु ।

टेढिनु–(अ० क्रि०) टेढो हुनु; उनु; बाङ्गो हुनु; चिढिनु ।

टेढो–(वि०) टेढिएको; बाङ्गो; अमिल्दो । पो० टेढी ।

टेढोमेढो–(वि०) बाङ्गोटिङ्गो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



टेनिस–( ना० ) जालीदार डन्डाले भकुन्डो हानेर खेलिने युरोपेली खेल ।

टेबुल–(ना०) लेखपढ गर्ने खटिया; टेबिल ।

टेबुलपोश–(ना०) टेबुल छोप्ने कपडा ।

टेर–(ना०) टेर्ने काम; आज्ञापालन ।

टेरपुच्छर–(ना०) आदरभाउ; मान-मर्यादा ।

टेर्नु–(स० क्रि०) भनेको कुरा मान्नु ।

टेलिग्राम–(ना०) तार ।

टेलिफोन–(ना०) टाढाका मानिससँग कुरा गर्ने यन्त्र ।

टेलिभिजन–(ना०) बोल्ने मानिसको रूपसमेत देखिने रेडियोजस्तो यन्त्र ।

टोक–(ना०) हप्कीदप्की; टोकसो; टोकाइ ।

टोकरी–( ना० ) चोयाले बनेको झुन्डयाउने ढक्की ।

टोकसाइ–(ना०) टोकस्ने किसिम वा काम ।

टोकसो–(ना०) कचकच; करकर ।

टोकस्नु–(अ० क्रि०) कचकच गर्नु; वारवार भन्नु ।

टोका–(ना०) हात्तीलाई पिट्ने लट्ठी ।

टोकाइ–( ना० ) टोक्ने किसिम वा काम ।

टोकाहा–(वि०) टोक्ने स्वभावको ।

टोक्नु–(स० क्रि०) दाँतले च्याप्नु; दार्नु; खानु ।

टोक्रे–(वि०) टोक्रो भएको ।

टोक्रो–(ना०) टोकरी ।

टोटा–(ना०) बारूद भरिने ढुङ्ग्रो; कार्तूस ।

टोटावाल–(वि०) टोटा हालेर हान्ने (बन्दूक) ।

टोड्को–( ना० ) रूखभित्रको खोक्रो भाग ।

टोप–(ना०) युरोपेली ढाँचाको ठूलो टोपी ।

टोपलटापल–(ना०) कुनै काम गरे-जस्तो गर्ने चाल ।

टोपल्नु–( स० क्रि० ) प्रयत्न गरेकैं मात्र गर्नु ।

टोपी–(ना०) शिर छोप्नका लागि लगाइने वस्त्र; शिरपोश ।

टोप्रो–(ना०) ऐंसेलुको फल; औंलाको टुप्पो ।

टोल–( ना० ) मुहल्ला; शहरको एक खण्ड ।

टोलाइ–(ना०) टोलाउने किसिम वा काम ।

टोली–(ना०) जमात; दल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**टोले**–( वि० ) एकै टोलको; उही टोलको ।

**टोलो**–(वि०) टोलाएको ।

**टोस्ट**–( ना० ) पाउरोटी आगोमा सेकाएको खानेकुरो ।

**टौवा**–(वि०) खूब अग्लो; टँगरो । (ना०) माच ।

**ट्याउँट्याउँ**–(क्रि० यो०) बोलिरहने किसिम ।

**ट्याक्क**–( ना० ) ठीकसँग मिल्ने किसिम ।

**ट्याक्सी**-(वि०) भाडावाल मोटर ।

**ट्याङट्याङ**–(क्रि० यो०) घण्टा बज्ने किसिम ।

**ट्याङ्का**–( ना० ) फलामे बाकस; ट्रङ्क ।

**ट्याप्प**–(क्रि० यो०) लस्सादार वस्तु टाँसिने किसिम ।

**ट्याम्के**–(वि०) ट्याम्को बजाउने वा भिर्ने; पुड्को ।

**ट्याम्को**–(ना०) गजाले बजाइने सानो बाजा ।

**ट्याम्म**–(क्रि० यो०) जोडिने किसिम; टम्म ।

**ट्याम्मटर**–( ना० ) भण्टाको जस्तो भेट्नु र गोलभेंडाको जस्तो स्वाद हुने एक फल ।

**ट्यूब**–( ना० ) साइकल, मोटर आदिका पाङ्ग्रामा हावा भरिने साधन ।

**ट्रक**–( ना० ) एक किसिमको ठूलो मोटर ।

**ट्रेडिल**–(ना०) छाप्ने एक सानो यन्त्र ।

**ट्वाँक**–(वि०) ज्यादा अमिलो ।

**ट्वाँट**–(ना०) रक्सी, मदिरा ।

**ट्वाँटवाल**–(वि०) रक्सीबाज ।

**ट्वाँटी**–(ना०) बर्खे कीरो; प्वाल ।

**ट्वाक**–(ना०) अन्न भर्ने सानो भाँडो ।

**ट्वाकल**–(ना०) अचानु ।

**ट्वाक्क**–(क्रि० यो०) ठिक्कसँग मिल्ने किसिम ।

**ट्वारट्वार**–(क्रि० यो०) हुक्का घुराउँदा शब्द आउने किसिम ।

**ट्वाल्ल**–( क्रि० यो० ) टोलाइरहने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ठ

ठ– देवनागरी वर्णमालाको बाह्रौं व्यञ्जनवर्ण, उच्चारणस्थान मूर्द्धा ।

ठँटाइ–(ना०) ठाँट पार्ने किसिम ।

ठकठकाइ–( ना० ) ठकठकाउने किसिम ।

ठकठकाउनु–( अ० क्रि० ) जाडोले काम्नु ।

ठकार–(ना०) 'ठ' अक्षर ।

ठकुरी–(ना०) क्षत्रीय जातविशेष ।

ठक्क–(क्रि० यो०) टक्क ।

ठक्कर–(ना०) दुई वस्तुको जुधाइ; आघात; हन्डर; चोट ।

ठग–(वि०) ठग्ने; छल्ने; लुच्चो; छकाएर अर्काको वस्तु हडप्ने; ठगाहा ।

ठगविद्या–(ना०) ठग्ने अकिल ।

ठगाइ–(ना०) ठग्ने किसिम ।

ठगाहा–(ना०) लुच्याइँ गर्ने; ठग; काम छली हिँड्ने स्वभावको ।

ठगी–(ना०) ठगको काम; ठगविद्या ।

ठग्नु–( स० क्रि० ) छकाउनु; ठगी गर्नु ।

ठड्कार–( ना० ) ठूलो स्वर; ठाडो बोली ।

ठड्कार्नु–( स० क्रि० ) ठूलो स्वरले बोल्नु; हप्काउनु ।

ठङग्रङ्ग–(क्रि० यो०) एकलो उभिने किसिम ।

ठटाइ–(ना०) ठटाउने किसिम वा काम ।

ठटाउनु–(स० क्रि०) जोरसित पिट्नु; चुट्नु ।

ठटौले–(वि०) ठट्टा गर्ने स्वभावको; ख्याली ।

ठट्टा–(ना०) जिस्कने काम; हँस्सी; हाँसो ।

ठट्टाबाजी–( ना० ) हँस्सी-दिल्लगी; मन बहलाउने काम ।

ठट्याकठुटुक–(ना०) हल्का किसिमको झगडा ।

ठट्यौली-(वि०) ठट्यौलो भाव ।

ठट्यौलो–(वि०) ठट्टा गर्ने स्वभावको; ठटौले ।

ठडिनु–( अ० क्रि० ) ठाडो हुनु; अडिनु; उभिनु ।

ठडुल्लो–(वि०) थचक्क नबस्ने स्वभावको । (ना०) ठडचौरो ।

ठडेश्वर–( वि० ) नम्र नभएको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठाडो ।

**ठडचौरो**–(ना०) ठाडो उभ्याई बत्ती बाल्ने पानस ।

**ठनक्क**–(क्रि० यो०) भाँचिने किसिम (काठ आदि) ।

**ठनठन**–(क्रि० यो०) ठाडो हुने वा ठन्किने किसिम ।

**ठन्कनु**–(अ० क्रि०) ठाडो हुनु; रिसाएर हिड्नु ।

**ठन्डा**–(वि०) चिसो; शीतल । (ना०) जाडो; सर्दी ।

**ठन्डाराम**–(ना०) केही पनि नभएको बुझाउने शब्द । (वि०) होशहवास नभएको ।

**ठप**–(ना०) बन्द ।

**ठप्प**–(क्रि० यो०) बिलकुल बन्द ।

**ठमठम**–(क्रि० यो०) कसिएर हिड्ने किसिम ।

**ठमठमाउँदो**–( वि० ) मोटोघाटो; सारसौंदो ।

**ठमठमाउनु**–(स० क्रि०) तन्दुरुस्त हुनु; मोटोघाटो हुनु ।

**ठमाइ**–( ना० ) ठमाउने काम वा किसिम ।

**ठमाउनु**–(स० क्रि०) निधो पाउनु; राम्ररी हेर्नु; निश्चय गर्नु; पहिचान्नु ।

**ठम्याइ**–(ना०) ठम्याउने किसिम ।

**ठम्याउनु**–(स० क्रि०) चिन्नु; जान्नु ।

**ठर्रिनु**–(अ० क्रि०) ठर्रो हुनु; जर्रिनु ।

**ठर्रो**–(वि०) जर्रो; खस्रो वा कड किसिमको ।

**ठसक्क**–(क्रि० यो०) ठस्कने किसिम ।

**ठसाठस**–( क्रि० यो० ) भरिभराउ हुने किसिम; खाँदाखाँद ।

**ठस्कनु**–(ना०) रिसको भाव देखाउनु ।

**ठस्के**–(वि०) ठस्किरहने ।

**ठस्को**–(ना०) फर्को ।

**ठस्कोमस्को**–( ना० ) रिसको भाव, फर्कोफर्को ।

**ठस्क्याउनु**–( स० क्रि० ) ठस्याउनु मन नपरी दिनु; राख्नु ।

**ठस्याकठुसुक**–(ना०) रिस भए पनि बोलीचालीसम्म गर्ने किसिम । (ना०) त्यस्तो बोलचाल ।

**ठस्स**–(क्रि० यो०) ठुस्सिने किसिम ।

**ठस्सा**–(ना०) ठाँटबाँट; शान; धाक ।

**ठस्स्याउनु**–(स० क्रि०) ठस्क्याउनु ।

**ठहर**–( ना० ) निधो; निर्णय; सारांश; ठूलो टपरी ।

**ठहरिनु**–( अ० क्रि० ) ठहर्नु; ठहर हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठहरँ (क्रि० यो०) भुतुक्कै; खुत्रुक्कै (मनुंको अर्थमा)।

ठहर्नु–(ना०) अडिनु; साबित हुनु; निश्चय हुनु।

ठह्र्याउनु–(ना०) अठोट्नु; सफल हुनु।

ठाँगे-(ना०) एक किसिमको ज्वरो; आँठे।

ठाँट–(ना०) ढाँचाकाँचा; रवाफ; शृङ्गार; सजावट।

ठाँटबाँट–(ना०) कसिकसाउ।

ठाँटिनु–(स० क्रि०) ठाँट पार्नु; सिंगारिनु।

ठाँटिलो–(वि०) ठाँटिएको; ठाँटी।

ठाँटी–(ना०) पाटी; पौवा। (वि०) सुन्दर; राम्रो।

ठाँटो–(ना०) पानीका सतहमा जमेको तुषारो।

ठाँडो–(ना०) भाँडो र हतियारलाई हेला गरी भन्ने शब्द।

ठाइँलो–(वि०) जन्मक्रमले पांचौं। पो० ठाइँली।

ठाउँ–(ना०) मौका; अवस्था; जग्गा।

ठाकठुक–(ना०) सानोतिनो झगडा। (क्रि० यो०) सानोतिनो ठक्कर लाग्ने किसिम।

ठाकुर–(ना०) ईश्वर; स्वामी; पोइ।

ठाडिनु–(अ० क्रि०) ठडिनु; ठर्रो हुनु।

ठाडे–(वि०) रूखो स्वभावको; असभ्य; ननिहुरने; उभिइरहने।

ठाडो–(वि०) ढर्रो स्वभावको; नम्र नभएको; ठाडो।

ठान–(ना०) बाँसको फाँग।

ठाना-(ना०) थाना; कोतवाली; पुलिस चौकी।

ठानेदार–(ना०) पुलिस चौकीको मुख्य अधिकारी।

ठाम–(ना०) ठाउँ।

ठालू-(वि०) गाउँघरको प्रमुख; हैकम भएको; मुख्य; सेठ।

ठासठुस–(क्रि० यो०) बाहिर मात्र अलि-अलि बोल्ने वा काम गर्ने किसिम।

ठिगुरी–(ना०) काठमहलको रकम; काठका टुक्राटाक्री।

ठिंगुरो–(ना०) काठको ठूलो लिङ्लुको-मा अपराधीको गोडा छिराउने काम। (वि०) ठिङ्गो।

ठिगुन्याउनु–(स० क्रि०) सग्लाउन नसक्नु; ठिगुरामा हाल्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठिक्कँ–(वि०) मझौला किसिमको ।

ठिङ्ङ–(क्रि० यो०) ठाडो उभिने किसिम ।

ठिङ्ङे–(वि०) उभिइरहने; ठाडो; कोही नभएको; एकलो ।

ठिङ्गो–(वि०) स्वास्नी छोराछोरी कोही नभएको; एकलो ।

ठिटाठिटी–(ना०) केटाकेटी; युवक र युवती ।

ठिटी–(ना०) युवावस्थाकी वा सो अवस्थामा पुग्न लागेकी स्त्री ।

ठिटो–(ना०) भर्खरको तरुनो; तरुनो हुन लागेको केटो ।

ठिटौली–(वि०) युवावस्थाको; ठिटाठिटीसम्बन्धी ।

ठिटौलो–(ना०) ठिटोपन; जवानी । (वि०) ठिटौली ।

ठिट्याईं–(ना०) ठिटोपन ।

ठिनामिना–(ना०) सानासाना केटाकेटी वा वस्तु ।

ठिनी–(ना०) जूवाको खेलमा खालेले दाउमा राखी खेल्ने रुपियाँ-पैसा ।

ठिन्को–(ना०) वाणको टुक्रो; ठुन्को ।

ठिमाहा–(वि०) छुट्टाछुट्टै वीजको मेलबाट फलेको (अन्न); वेग्लावेग्लै आमाबाबुबाट जन्मेको (बालक) ।

ठिम्मल–(वि०) ठिमाहा ।

ठिहिँरिदो–(वि०) ठिहिऱ्याउने ।

ठिहिरो–(ना०) तुसारो; ठन्डी; जाडो ।

ठिहिऱ्याउनु–(अ० क्रि०) जाडोले हातगोडा कमकमाउनु; जाडोले काँप्नु ।

ठिहिऱ्याहट–(ना०) ठिहिऱ्याउने किसिम ।

ठीं–(क्रि० यो०) सिंगान पुछ्ता नाकबाट शब्द आउने किसिम ।

ठींठीं–(क्रि० यो०) गाई-गोरु आदि जुध्ने वेलामा नाक बजाउने किसिम ।

ठीक–(वि०) तयार; योग्य; सुहाउँदो; मनासिब ।

ठीकठाक–(वि०) तम्तयार; तन्दुरुस्त ।

ठुँगाइ–(ना०) ठुँग्ने किसिम ।

ठुँगाउनु–(स० क्रि०) ठुँग्न लाउनु ।

ठुँग्नु–(स० क्रि०) चुच्चाका टुप्पाले हान्नु ।

ठुँडुल्को–(ना०) काठको ठूलो गिंड; गिंडुल्को; ठुटो; ठुँडो ।

ठुँडे–(वि०) दुमुखा; दुच्छर मुख भएको ।

ठुँडो–(ना०) चुच्चो; ठुँड्को; ठुँडे

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चन बोल्ने मुख; टुक्रो काठ ।

ठुटी-(ना०) स्त्रीजातिलाई गाली गर्दा भनिने शब्द; विधुवा स्त्री ।

ठुटे-(ना०) कट्टू; चोलो । (वि०) ठुटो ।

ठुटो-(ना०) काटिएर वा भाँचिएर बचेको रूख वा अन्य वस्तुको अंश । (वि०) त्यस्तो वस्तु ।

ठुक्नु-(अ० क्रि०) ठूलो स्वरले बोल्नु; डुक्नु । (स० क्रि०) धम्काउनु; हकार्नु ।

ठुन्काइ-(ना०) ठुन्कने किसिम वा काम ।

ठुन्किनु-(अ० क्रि०) भाँचिनु; टुक्रिनु; गिँडिनु ।

ठुन्को-(ना०) तरुल-जातको टुक्रो; काटिएको गिँडुल्को ।

ठुमरी-(ना०) एक किसिमको गीत; एक राग ।

ठुसठुस-(क्रि० यो०) अलि-अलि रुने किसिम; गनाउने किसिम ।

ठुसठुसी-(क्रि० यो०) ठुसठुसती ।

ठुस्स-(क्रि० यो०) रिसले धुम्म बसेर बस्ने किसिम; ठसक्क ।

ठुस्सिनु-(ना०) ठुस्कनु; धुम्म परेर नबोली बस्नु ।

ठुस्याइ-(ना०) ठुस्सिने किसिम ।

ठूँग-(ना०) ठूङ ।

ठूङ-(ना०) कपालको चिलाइ मार्न दुई हातका नङ जोरी किच्ने काम; त्यस्तो कल्पित वस्तु ।

ठूली-(वि०) पहिले जन्मेकी; जेठो उमेरकी; इज्जतले बडी ।

ठूलीआमा-(ना०) आमाकी दिदी; ठूलाबाबुकी स्त्री ।

ठूलो-(वि०) पहिले जन्मेको बडे-माको; कद वा इज्जतले बडो ।

ठूलोओखती-(ना०) एक जातको प्रसिद्ध बूटी ।

ठेउला-(ना०) एक प्रकारको दादुरा-जस्तो रोग ।

ठेउलिनु-(अ० क्रि०) ठक्कर खाएर पन्छनु; नाजवाफ हुनु; उपाय नहुनु ।

ठेउल्याइ-(ना०) ठेउल्याउने किसिम ।

ठेउवा-(ना०) एक जातको पंक्षी ।

ठेक-(ना०) बर्सेनि बुझाइआएको तिरो वा दस्तूर; ठेक्का ।

ठेकदार-(ना०) ठेक्कामा काम गर्ने व्यक्ति ।

ठेकदारी-(ना०) ठेकदारको काम वा पेशा ।

ठेकन-(ना०) ठेडी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठेकाना–(ना०) ठेगाना ।

ठेकी–(ना०) घ्यू, तेल, दही आदि राख्ने काठको भाँडो; दस्तूरविशेष ।

ठेकीभेटी–( ना० ) एक किसिमको दस्तूर ।

ठेकुवा–(ना०) एक प्रकारको मिठाई । (वि०) ठेकिएको ।

ठेको–(ना०) काठको ठूलो ठेकी ।

ठेक्का–(ना०) ठेक ।

ठेक्नु–( स० क्रि० ) तोक्नु; नियत गर्नु; ठ्याँक्नु ।

ठेगान–( ना० ) थान्को; थिति ।

ठेगाना–(ना०) ठाउँ; थिति; नियत ठाउँ (घर वा डेरा) ।

ठेट–( वि० ) चोखो; नमिसिएको; शुद्ध ।

ठेटर–( ना० ) रङ्गमञ्चमा खेलाइने नाच ।

ठेट्ना–(ना०) अजकलटा वा नबुझ्ने ससाना केटाकेटी ।

ठेट्नु–(ना०) मकै आदि भुटता फूल नउठेको दानो ।

ठेड–(ना०) ठालू; नाइके; जोधाहा ।

ठेडी–(ना०) सानो बिर्को; बुजो; ठेकन ।

ठेलपेल–(ना०) बलतल; कोशिश ।

ठेलमठेल–(ना०) घुइँचो; भीड ।

ठेलमठेला–(ना०) ठेलमठेल ।

ठेला–(ना०) ठेलो; ठेलागाडी ।

ठेलाइ–(ना०) बलगराइ; कोचाइ; घँचेडाइ ।

ठेलागाडी–(ना०) मानिसले घचेटी चलाउने गाडी ।

ठेली–( ना० ) पुस्तकका पत्रहरू खात; ठूलो पुस्तक ।

ठेलो–( ना० ) ढोकाको चौकोस जमीनपट्टि राखेको तेर्सो काठ; धेरै काम गर्दा हातमा बसेको सानो डल्लो; भलायोको बीयाँ ।

ठेस–( ना० ) हिँड्दा गोडामा लाग्ने ठक्कर ।

ठेसमठेस–(क्रि० यो०) खाँदाखाँद भर रहने किसिम ।

ठेसाइ–(ना०) ठेस्ने किसिम वा काम ।

ठेस्नु–( स० क्रि० ) अटेसमटेस गर हाल्नु ।

ठोकठाक–(ना०) परस्परको ठोकाइ ।

ठोकाबाजी–(ना०) परस्परको हार थाप; होडबाजी ।

ठोकुवा–( वि० ) ठोकिएको; नसकिने; निश्चित ।

ठोक्नु–(स० क्रि०) जोडसित हान्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठोक्रे-(ना०) धातुका भाँडा बनाउने एक जाति ।

ठोक्रो-(ना०) वाण हालेर पिठ्यूँमा भिर्ने भाँडो ।

ठोटरी-(ना०) एक जातको कछुवा ।

ठोट्ने-(ना०) एक जातको तरकारी ।

ठोस-(ना०) जवाफ; ठक्कर। (वि०) खँदिलो ।

ठोसे-(ना०) घाँटीमा लाउने गहना । (वि०) ठोसोजस्ती; तीखा दूध भएकी (तरुनी) ।

ठोसो-(ना०) छेस्को; मकै, धान आदिको बोट काटी बाँकी रहेको भाग ।

ठोस्नु-(स० क्रि०) बलेको दाउरो आगो झार्न घोच्नु; खाँद्नु; कोच्नु; घच्का हान्नु ।

ठ्याँक-(ना०) ठक्कर; धक्का; गलहत्ती ।

ठ्याँक्नु-(स० क्रि०) ठ्याँक खुवाउनु; गलहत्ती दिनु ।

ठ्याउनु-(ना०) नियाल्नु; राम्ररी हेरी ठहऱ्याउनु; ठमाउनु ।

ठ्याक-(ना०) मतो; राय; खुर्पाको दाप ।

ठ्याक्क-(क्रि० यो०) ठीकसित मिल्ने किसिम ।

ठ्याङ्ग-(क्रि० यो०) ठोकिने वा ठक्कर लाग्ने किसिम ।

ठ्याङठ्याङ-(क्रि० यो०) धातुका भाँडाबर्तन ठोकिँदा शब्द आउने किसिम ।

ठ्याप्प-(क्रि० यो०) जोडिने किसिम ।

ठ्यामठ्याम-(क्रि० यो०) गालामा लपेटाले हान्ने किसिम ।

ठ्याम्म-(क्रि० यो०) गाला चड्काउने किसिम; ठीकठाक ।

ठ्यास्स-(क्रि० यो०) हल्कासँग ठक्कर लाग्ने किसिम ।

ठ्वाक्क-(क्रि० यो०) ठ्याक्क ।

ठ्वास्स-(क्रि० यो०) अँध्यारो मुख लाउने किसिम; ठाडो जवाफ दिने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ड

**ड–** देवनागरी वर्णमालाको तेह्रौं व्यञ्जनवर्ण, उच्चारणस्थान मूर्द्धा ।

**डँडाक–**(वि०) ठूलो; ढड्डू; अग्लो ।

**डँडाली–**( ना० ) झ्यालको कोटाल-मास्तिर हालिने तेर्सो डन्डी ।

**डँडालो–**( ना० ) डँडाल्नु; मेरुदण्ड-पछाडिको हाड ।

**डँडाल्नी–**(ना०) डँडाली ।

**डँडाल्नु–**(ना०) खस्रो भूस; शरीरको पछिल्लो भाग; पिठ्यूँ ।

**डँडेल–**(ना०) डोली, पालकी बोक्ने व्यक्ति ।

**डँडेलो–**(ना०) पराले घरका छानाको मुसी; चालेको खस्रो ढुटो ।

**डँड्याइ–**(ना०) डँड्याउने किसिम ।

**डँड्याउनु–**(स० क्रि०) छानामा डाँड हाली बेसरी बाँध्नु ।

**डकर्मी–**(ना०) गाह्रो लाउने कर्मी; घर बनाउने कालिगड ।

**डकाइ–**(ना०) डक्ने किसिम ।

**डकार–**(ना०) पेटको वायुलाई घाँटी-बाट निकाल्ने क्रिया; 'ड' अक्षर ।

**डकाराइ–**(ना०) डकार्ने किसिम ।

**डकार्नु–**(स० क्रि०) पेटको वायु शब्दका साथ घाँटीबाट निकाल्नु; धेरै खानु ।

**डकुल्ल्याउनु–**(स० क्रि०) अघाउन्जेल खानु; सित्तैमा पाए धेरै खानु ।

**डकैती–**(ना०) डाँका गर्ने काम; एक किसिमको चोरी ।

**डक्क–**( वि० ) ग्वाम्म; एकमुस्ट; प्रशस्त ।

**डक्नु–**( स० क्रि० ) कसैलाई दमन गर्नु ।

**डगडग–**(क्रि० यो०) हल्लने किसिम; डगमग ।

**डगडगाइ–**(ना०) डगमगाइ ।

**डगडगाहट–**( ना० ) डगमगाउने किसिम ।

**डगमग–**(क्रि० यो०) हल्लने किसिम; डगडग; ढलपल ।

**डगमगाउनु–**( क्रि० यो० ) डगमग गर्नु ।

**डगमगाइ–**(ना०) हल्लने किसिम वा भाव ।

**डगमगाहट–**(ना०) डगडगाहट ।

**डगर–**( ना० ) डहर; गौंडा वा गोरेटो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



डगाउनु–(स० क्रि०) हल्लाउनु ।

डङ्क–(ना०) बिच्छी, अरिङ्गाल आदिका पुच्छरको टुप्पो वा चाकमा हुने विष ।

डङ्का–(ना०) एक किसिमको दमाहा ।

डङ्किनी–(ना०) पिशाचिनी; स्त्री-जातिलाई गाली गर्दा भनिने शब्द ।

डङ्गुर–(ना०) धेरै; थुप्रै ।

डङ्गोल–(ना०) जग्गा, घर आदि नापी गर्ने व्यक्ति; नेवार-जातिको एक वर्ग ।

डग्नु–(अ० क्रि०) हल्लनु; डगमगाउनु ।

डटिडटाउ–(वि०) सजिसजाउ; लुगा-गहनाले पूर्ण ।

डट्टा–(ना०) हुक्काको सुमेरुको गट्टा ।

डट्नु–(अ० क्रि०) फूर्तिसाथ कुनै काम गर्नु; ठाँटिनु; गड्कनु ।

डढाइ–(ना०) डढाउने किसिम; डढ्ने किसिम ।

डढुल्लो–(वि०) डढेको; डढुवा ।

डढुवा–(वि०) बढ्ता पोलिएको ।

डढेलो–(ना०) जङ्गलमा लागेको आगो ।

डढ्नु–(स० क्रि०) आगोले पोलिनु; चिढिनु; कुँडिनु; खहरिनु ।

डढ्यौली–(ना०) रोटी पकाएर कराहीमा बाँकी रहेको घिउतेल ।

डन्ठी–(ना०) डाँठ; सागपात आदिको नरम डाँठ ।

डन्ड–(ना०) जरीवाना; दन्ड; सजाय ।

डन्डा–(ना०) लट्ठी; लाठो ।

डन्डी–(ना०) धातु, काठ आदिको सानो लट्ठी ।

डन्डीफोर–(ना०) जवानीको अवस्थामा मुखमा आउने बिमिरा ।

डन्डीबियो–(ना०) लट्ठीले बियालाई ठ्याक लाएर खेलिने एक खेल ।

डबको–(ना०) एक किसिमको ठूलो कचौरा ।

डबल–(वि०) दुगुना; दोबर । (ना०) एक रुपियाँको नेपाली सिक्का ।

डबलिनु–(अ० क्रि०) दोबर हुनु ।

डबली–(ना०) देव-देवीको पुरानो नाच नचाउन बनाइएको ठूलो चोक ।

डब्बा–(ना०) बिर्को लाउन हुने सानो भाँडो; बट्टा; रेल आदिको यात्रा गरिने कोठा ।

डब्बु–(ना०) ठूलो डाडु; कसौंडी ।

डमरु–(ना०) एक किसिमको बाजा; डिबडिबे; सिंह वा बाघको बच्चा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**डम्कनु**–(अ० क्रि०) टम्म हुनु; भरि-भराउ हुनु ।

**डम्क्याउनु**–(स० क्रि०) भरी पार्नु ।

**डम्फु**–(ना०) खैंजडीजस्तो एक प्रकारको ठूलो बाजा ।

**डम्बरकुमारी**–(ना०) रङ्गीचङ्गी बुट्टा छिपेको एक कपडा; नकली ढाका ।

**डम्म**–(क्रि० यो०) भरिने किसिम; मुड्कीले हान्ने किसिम ।

**डर**–(ना०) भय; त्रास ।

**डरछेरुवा**–(वि०) डराउने स्वभावको; कातर ।

**डरपोक**–(वि०) डरछेरुवा ।

**डराउनु**–(अ० क्रि०) डरको अनुभव गर्नु; आत्तिनु; भयभीत हुनु ।

**डलर**–(ना०) अमेरिकाली मुद्रा ।

**डल्याइ**–(ना०) डल्लिने किसिम ।

**डल्याहट**–(ना०) डल्लिने किसिम ।

**डल्लिनु**–(अ० क्रि०) डल्लो पर्नु ।

**डल्ली**–(वि०) पुड्की; डल्लोजस्तै (आइमाई) ।

**डल्ले**–(वि०) मोटो र होचो कदको ।

**डल्लेंठो**–(ना०) डल्ला फोर्ने काठको साधन ।

**डल्लो**–(ना०) माटो आदिको टुक्रो; ढिक्को । (वि०) पुड्को; डल्ले ।

**डसना**–(ना०) रूवा भरेको बाक्लो बिछ्यौना ।

**डसाइ**–(ना०) डस्ने काम वा किसिम ।

**डस्टर**–(ना०) धूलो झार्ने साधन ।

**डस्नु**–(स० क्रि०) विषालु कीराले टोक्नु ।

**डहना**–(ना०) लगाम झुन्ड्याउन घोडाको मुखभित्र रहने फलामको डन्डी वा सिक्री ।

**डहनु**–(अ० क्रि०) डाहा हुनु; भवाउनु; भतभती पोल्नु ।

**डहर**–(ना०) गोरेटो; दुवैतिर बार भएको सानो बाटो ।

**डाँक**–(ना०) हुलाक व्यवस्था; लिलाम; घटिघटाउ; बढिबढाउ ।

**डाँका**–(ना०) अरूको धनमाल लुट्ने व्यक्ति ।

**डाँके**–(वि०) ठूलो स्वरले बोल्ने ।

**डाँको**–(ना०) ठूलो स्वर ।

**डाँक्नु**–(स० क्रि०) उफ्रेर नाघ्नु ।

**डाँगो**–(ना०) भाले कुकुर । (वि०) जवान र धिरी ।

**डाँठ**–(ना०) साग-बिरुवाको डाँक्लो ।

**डाँड**–(ना०) जरीवाना; व्यर्थको खर्च ।

**डाँडा**–(ना०) पहाड-पर्वत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



डाँडाकाँडा–(ना०) छाताको मसिनो तार; परालले छाउने छानाको मुसी; साना-ठूला डाँडाहरू ।

डाँडी (ना०) डोलीको दरवार झुन्ड्याउने तेर्सो काठ ।

डाँडो–(ना०) पर्वत; पहाड; ठूलो डील ।

डाँड्नु–(स० क्रि०) डन्ड गर्नु; सितैंमा खर्च नराउनु ।

डाँढे–(वि०) काम गर्ने सीप नभएको ।

डाँफ–(ना०) फट्केर सिउने काम ।

डाँफे–(ना०) मोनाल चरो; नेपालको राष्ट्रिय चरो ।

डाँवाडोल–(वि०) यताउति डगमगाएको ।

डाँस (ना०) गाईवस्तुलाई लाग्ने एक जातको ठूलो झींगो ।

डाँस्नु–(स० क्रि०) डस्नु; ठग्नु; फकाएर लिनु ।

डाक–(ना०) वोलावट ।

डाकबोलाउ–(ना०) निम्त्याउनु; वोलाउनु ।

डाक्टर–(ना०) चिकित्सक; कुनै विषयका विशिष्ट विद्वान्लाई विश्वविद्यालयले दिने उपाधि; महाविद्यावारिधि ।

डाक्टरी–(ना०) डाक्टरको काम वा पेशा ।

डाक्नु–(स० क्रि०) वोलाउनु; निम्तो गर्नु ।

डाङ्ग्रे–(ना०) धामी-झाँक्रीको विद्या सिक्ने व्यक्ति ।

डाङ्ग्रो–(ना०) कामीलाई हेला गरी भनिने शब्द । (वि०) डँडाक ।

डाडनो–(ना०) वाली नकाट्दै अन्दाज गरी कृषकलाई पेस्कीका रूपमा दिइने मूल्य ।

डाडु–(ना०) तिहुन, तरकारी चलाउने र वाँड्ने भांडो ।

डाढ–(ना०) डाह; ईर्ष्या ।

डाढे–(वि०) डाढ गर्ने; असन्तोषी ।

डाढो–(ना०) ड ढ ।

डावर–(ना०) खटिरो निस्कने वेलाको चक्का; विषालु वस्तु लाग्दा शरीरमा देखिने रक्तविकारको दाग ।

डाइभर–(ना०) मोटर, रेल आदि सवारी हाँक्ने व्यक्ति ।

डाम–(ना०) घाउ-खटिराको दाग; पाइलाको चिह्न ।

डामल–(ना०) डाम्ने काम ।

डाम्नु–(स० क्रि०) आगो, तातो फलाम आदिले पोल्नु; चिह्न लाउनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



डाम्नो-(ना०) डामिएको साँढे; गाई-वस्तुलाई हेला गरी भनिने शब्द ।

डाम्रो-(ना०) फोस्रो; गुदी वा गेडा नभएको (कोसो, दाना आदि) ।

डायर-(ना०) दायर ।

डायरी-(ना०) दिनभरिका कामको विवरण लेखिने पुस्तिका; दैनिकी ।

डायल-(ना०) घडीको मुखको चक्का ।

डाल-(ना०) शरीर; ढाँचा; आदत; बानी ।

डालिनु-(अ० क्रि०) काम नगरी हल्लेर हिड्नु; अल्लारिनु ।

डाली-(ना०) सानो डालो ।

डाले-(वि०) ढाँचा देखाउने । (ना०) डालो बोकेर ढिकुरोमा लाने व्यक्ति ।

डालो-(ना०) बाँस, निगालोको चोयाले बनेको एक किसिमको टोकरी ।

डाह-(ना०) मानसिक पीडा; अर्काको उन्नति देख्न नसकेर भएको दुःख ।

डाहा-(ना०) डाह ।

डाहिल्ले-(वि०) डाह गर्ने; इखालु ।

डाही-(वि०) डाहा गर्ने स्वभावको; ईर्ष्यालु ।

डिगो-(ना०) गाई गोरुलाई मायाले वा रिसले भन्ने बोली ।

डिक-(ना०) बन्धकी; धितो ।

डिको-(ना०) तेर्सो रेखा; अक्षर माथिको धर्को ।

डिग-(ना०) तोप, बन्दूक आदि निशाना ।

डिग्री-(ना०) तापमान नाप्ने पत्र; विश्वविद्यालयको स्नातक वा स्नातक भन्दा माथिका परीक्षामा उत्तीर्ण हुनेले पाउने पदवि ।

डिङ्ना-(ना०) लाठो; लट्ठी ।

डिजाइन-(ना०) बनोट; छाँट; ढाँचा; आवरणको सज्जा; आकार रूपाङ्कन ।

डिट्ठो-(ना०) खरीदारसरहको दर्जा ।

डिपो-(ना०) भण्डार; गोदाम ।

डिबडिबे-(ना०) डमरु ।

डिबिया (ना०) सानो बट्टा; डिब्बा; मट्टीतेलको बत्ती बाल्ने भाँडो; कुपी ।

डिब्बा-(ना०) बिर्को भएको सानो भाँडो ।

डिम्को-(ना०) मुड्कीको हनाइ; मुक्की ।

डिम्क्याउनु-(स० क्रि०) मुक्याउनु; डिम्का दिनु ।

डिम्ब-(ना०) फुल; बीउ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



डिम्बा-(ना०) चराको फुल; अन्डा; मुक्का ।

डिल-( ना० ) कान्लो; जमीनको अग्लो भाग ।

डिल्ली-(ना०) दिल्ली ।

डिसमिस-(ना०) खारिजी; बर्खासी; खिसमिस ।

डिसेम्बर-( ना० ) ईसवी वर्षको अन्तिम महीना; मंसीर-पूसमा पर्ने अंग्रेजी महीना ।

डिही-(ना०) एकजनाको अधिकारमा रहेको पाखो जमीन; डाँडो ।

डील-(ना०) पानी पहिरो आदि रोक्न र साँध-सिमाना छुट्टयाउन बनाइने ठूलो आली; कद ।

डुँडुलो-(ना०) हर्थुङ्गो; हत्केलो; हातलाई हेलामा भनिने शब्द ।

डुँडे-(वि०) डुँडो; औंला-हात नभएको ।

डुँडो-(वि०) हात नभएको ।

डुकु-(ना०) रायो, मूलाको फूलसहितको डाँठ ।

डुकूलन्ठ (वि०) बेइज्जमी ।

डुक्नु-(अ० क्रि०) ठूलो डाँको गरी बोल्नु; साँढे वा बाघ कराउनु ।

डुङडुङ-(क्रि० यो०) ठठठस गह्लाउने किसिम ।

डुङडुङी-(क्रि० यो०) ज्यादै सडेगलेर गह्लाउने किसिम ।

डुङ्गा-(ना०) नौका; नाउ ।

डुङ्गी-(ना०) सानो डुङ्गा ।

डुङगुर-(ना०) ठूलो थुप्रो; रास ।

डुन्डु-(ना०) लसुनको पोटीमा गहुँ घुसारेर उमारिने साग ।

डुबुल्की-(ना०) पानीमा डुब्ने काम; गोता ।

डुब्नु-(अ० क्रि०) डुबेर बेपत्ता हुनु; पूरा नाश हुनु; बुड्नु ।

डुम-(ना०) चाण्डाल; डोम; केटा-केटीको एक किसिमको खेलमा अछूत बनेको व्यक्ति ।

डुमे-(ना०) दमाईंलाई हेला गरी भनिने शब्द; डुम ।

डुम्म-(क्रि० यो०) धेरै खाएर पेट फुल्ने किसिम ।

डुम्री-(ना०) एक वृक्ष वा त्यसको फल ।

डुलन्ता-(वि०) डुलन्ते ।

डुलन्ते-(वि०) डुलुवा; घुमन्ते ।

डुलाइ-(ना०) डुल्ने किसिम; डुलाउने किसिम ।

डुस-(ना०) दिसा लगाउन गुदद्वारबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



औषधी हाल्ने काम ।

डुहिया–(ना०) नेवार-जातिको एक वर्ग; पृतुवार ।

डुकुरे–(ना०) डुहुरे ।

डुहुरे–(वि०) सानो गाँठीको मूसो ।

डूँड–(ना०) नालाको पानी निस्कने प्वाल; तोरीको खोस्टो; पँनालो ।

डेउढा–(वि०) छड्के; टेढो ।

डेउढी–(ना०) ढोका; मोडिने ठाउँ ।

डेउढो–(वि०) मिलनसार नभएको ।

डेक्ची–(ना०) एक किसिमको भाँडो ।

डेग–(ना०) पाइलो; कदम ।

डेप्पा–(वि०) दाहिनेभन्दा देब्रे हात बेसी चलाउने; देब्रे ।

डेडे–(वि०) डेढो; टेढो; कर्के; बाङ्गो (आँखा) ।

डेढ–(वि०) एक र आधा; साढे एक ।

डेढअक्कली (वि०) बढ्ता अक्कल लाउने; पूरा अक्कलबुद्धि नभएको ।

डेढी–(वि०) एक र आधा ।

डेब्रिनु–(अ० क्रि०) डेब्रो हुनु; टेढिनु ।

डेब्रो–(वि०) भनेको कुरा नबुझ्ने; अधबैसे ।

डेब्र्याउनु–(स० क्रि०) डेब्रो पार्नु ।

डेरा–(ना०) अस्थायी वासस्थान ।

डेरी–(ना०) दूध, नौनी आदि बेच्ने ठाउँ; दुग्धशाला ।

डेली–(ना०) बाँसका चोया, बेत, छाला आदिको पेटारो ।

डेस्क–(ना०) लेखपढ गर्ने एक किसिमको सानो टेबिल ।

डोके–(ना०) डोको बोक्ने; यसैको भरमा जीविका चलाउने ।

डोकेसो–(ना०) डोकाले छोपेर गर्ने सजाय ।

डोको–(ना०) मालताल वा घाँस, दाउरा बोक्ने साधन ।

डोठचाङ–(ना०) दोठचाङ ।

डोब–(ना०) सियो, बन्चरो आदि हतियार लागेको चिह्न ।

डोबिल्को–(ना०) सानो जलाशय; कूवा ।

डोम–(वि०) डुम ।

डोर–(वि०) केही समयका लागि अड्डाबाट खटाइएको बाहिरी काम गर्ने कर्मचारीहरूको दल ।

डोरी–(ना०) बाबियो, पाट आदिको दुई पोया गरी बाटेको डोरो ।

डोरेंटो–(ना०) सानो बाटो; गोरेटो ।

डोरे–(वि०) डोरो भएको ।

डोरो–(ना०) धर्को; रेखा; सूत;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बाटो ।
डोऱ्याइ–(ना०) डोऱ्याउने किसिम ।
डोऱ्याउनु–(स० क्रि०) समातेर हिंडाउनु ।
डोल–(ना०) दुई डाँडाका बीचको लामो जमीन; इनारबाट पानी झिक्ने भाँडो ।
डोला–(ना०) विवाह गर्नका निम्ति घरमा ल्याएर राखेकी कन्या; डोली ।
डोलाइ–(ना०) डोलाउने किसिम ।
डोलाउनु–(स० क्रि०) बिस्तारै हल्लाउनु, नाङ्लामा हालेर अन्नमा मिसिएको वस्तु छुट्ट्याउनु ।
डोलाजी–(ना०) विवाहका निम्ति घरमा ल्याएर राखिने वर वा वधू ।
डोलामी–(ना०) सलक्क परेको लामो चुल्ठो ।
डोलिनु–(अ० क्रि०) हल्लिनु ।
डोली–(ना०) मानिसद्वारा बोकिने एक किसिमको सवारी ।
डोले–(ना०) डोली बोक्ने व्यक्ति; भान्साका माल बोकेर ल्याउने वा भाँडा माझ्ने एक जाति ।
डोहो–(ना०) खाँचो; हर्जा; रिस; डाह ।
डौंडारे–(वि०) काम गर्ने ढङ्ग नभएको; भङ्गरभाउलो ।
डौंडारो–(ना०) ठूलो प्वाल; ह्वाङ्ग परेको ठाउँ ।
डौल–(ना०) कुनै रचनाको बनोट; आकारप्रकार ।
ड्याक–(ना०) व्यापारमा भएको हानि ।
ड्याङ–(ना०) खेती लाउनाका निम्ति खनेर बनाएको डील ।
ड्याम्म–(क्रि० यो०) पछारिने किसिम ।
ड्राइभर–(वि०) चालक; हँकुवा ।
ड्राम–(ना०) आउन्सको आठौं भाग ।
ड्वाँड्वाँ–(क्रि० यो०) गाईवस्तु कराउने किसिम; ठूलो डांको छोडेर रुने किसिम ।
ड्वाङ्ङ–(क्रि० यो०) पछारिने किसिम ।
ड्वाङ्ङ्वाङ्ती–(क्रि० यो०) झ्याल-ढोका आदि बिलकुल खुला रहने किसिम ।
ड्वाङ्ङ्ङ–(क्रि० यो०) जोडसित पछारिने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ढ

ढ– देवनागरी वर्णमालाको चौधौं व्यञ्जनवर्ण, उच्चारणस्थान मूर्द्धा ।

ढँटाइ–(ना०) ढाँट्ने किसिम ।

ढँटुवा–(वि०) ढाँट्ने; ढाँट्ने बानी भएको ।

ढक-(ना०) धार्नी, पाउको जोखतौल गर्ने साधन ।

ढकढक–(क्रि० यो०) ढोकामा हान्ने वा कुनै साह्रो वस्तुमा ठोक्ने किसिम ।

ढकढक्याइ–(ना०) ढकढक्याउने किसिम वा काम ।

ढकढक्याउनु–(स० क्रि०) ढकढक आवाज आउने गरी खाँद्ने किसिम ।

ढकना–(ना०) ढाक्ने साधन; छपनी; बिर्को ।

ढकनी–(ना०) घिउमा चामल भुटी दूधमा फर्र हुने गरी पकाएको खानेकुरो; चाम्रे ।

ढकमक्क–(क्रि० यो०) राम्ररी ढाक्ने किसिम; फूलहरू फुल्ने किसिम ।

ढकार–(ना०) 'ढ' अक्षर ।

ढक्क–(क्रि० यो०) आत्तिदा वा तर्सिदा जीउ फुल्ने किसिम ।

ढङ्ग–(ना०) स्वभाव; सीप; बानी-बेहोर ।

ढडिया–(ना०) माछा थाप्ने बाँसका कप्टेराको सोली ।

ढडेन–(ना०) पर्ती जग्गामा सप्रेको खर वा घाँस ।

ढड्डा–(ना०) ठूलो बहीखाता ।

ढड्डी–(ना०) खरजस्तो बाक्लो घाँस ।

ढड्डु–(वि०) खूब अग्लो र मोटो; ढाडी ।

ढड्याउनु–(स० क्रि०) पानीमा राखेर फुलाउनु; हड्याउनु ।

ढड्यान-(ना०) उब्जा नहुने जमीन ।

ढपोट–(ना०) एक किसिमको वासिल बाँकी ।

ढब–(ना०) छाँट; ढाँचा; चाला-माला ।

ढब्बू-(वि०) ज्यादै ठूलो; भद्दा कदको ।

ढम्म–(क्रि० यो०) पछारिने किसिम ।

ढर्र–(क्रि० यो०) लहरे बढाईं हुने किसिम; बाजा बज्ने किसिम ।

ढर्रढम–(क्रि० यो०) दमाहा आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बाजा बज्ने किसिम ।

ढर्रा-(ना०) पर्रा; हूल; जमात ।

ढल-(ना०) फोहर पानी बग्ने नाली; निकास ।

ढलक्क-(क्रि० यो०) ढल्कने किसिम ।

ढलपल-(ना०) टलपल ।

ढलपलाउनु-(अ० क्रि०) टलपलाउनु ।

ढलमल-(क्रि० यो०) लड्न खोज्ने किसिम ।

ढलाइ-(ना०) ढल्ने किसिम वा काम ।

ढलाउनु-(स० क्रि०) ढाल्नु ।

ढलान-(ना०) धातु, सिमन्टी आदि ढाल्ने काम ।

ढलीमली-(ना०) रजाइँ, निस्फिक्री-सँग उपभोग गर्ने काम ।

ढलुवा-(वि०) ढालिएको; भिरालो ।

ढलौट-(ना०) धातुविशेष; ढालिने धातु ।

ढलौटे-(वि०) ढालेर बनाइएको; ढलौटको ।

ढल्कनु-(अ० क्रि०) नुहुनु; झुक्नु; कराईं पर्नु ।

ढल्काउनु (स० क्रि०) निहुराउनु; झुकाउनु ।

ढसमस्स-(क्रि० यो०) निस्फिक्रीसंग बस्ने किसिम ।

ढाँचा-(ना०) किसिम; ढङ्ग; तरीका ।

ढाँचाकाँचा-(ना०) फूर्ति देखाउनेपन; रोवरवाफ ।

ढाँट-(वि०) झूटो बोल्ने; फटाहा ।

ढाँटढुँट-(ना०). ढाँट्ने काम ।

ढाक-(ना०) मुख्य नाउँ, रकम वा बेहोरामनि दिइने तेर्सो धर्को ।

ढाकछोप-(ना०) ढाक्ने र छोप्ने काम ।

ढाकढुक-(क्रि० यो०) यस्तै शब्द गर्ने किसिम ।

ढाकर-(ना०) ठूलो थेप्चे डोको; बोरामा बन्द गरिएको ठूलो भारी; गाँठ ।

ढाका-(ना०) रङ्गीबिरङ्गी बुट्टा हुने एक प्रकारको मिहीन कपडा ।

ढाक्रे-(ना०) ढाकर बोक्ने व्यक्ति; भरिया । (वि०) जागीर नभएको ।

ढाड-(ना०) पिठ्यूँ; गिंड; कम्मर्-पछाडिको भाग ।

ढाडस-(ना०) सहानुभूति; भरोसा ।

ढाडिनु-(अ० क्रि०) बेसरी खानु; ढुस्स पर्नु ।

ढाडी-(वि०) मोटो; ठूलो ।

ढाडे-(वि०) मोटो; जब्बर ।

ढाप-(ना०) पानी नसुक्ने जमीन;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



थलथले सीम ।

**ढाप्नु**–(अ० क्रि०) ओगट्नु; धेरै ठाउँ लिनु ।

**ढामढुम**–( क्रि० यो० ) बन्दूकहरू पड्कने किसिम; झ्यालढोका थुन्ने किसिम ।

**ढाल**–(ना०) गैंडाको छालाले बनाएको थालजस्तो वस्तु ।

**ढिंडी**–(ना०) सिङ्गो खुर्सानी ।

**ढिंडे**–(वि०) ढिंडो खाएर जीविका गर्ने; असभ्य ।

**ढिंडो**–(ना०) पानी उमाली पीठो हाली ओडालेर पकाएको खानेकुरो ।

**ढिक**–( ना० ) पसलमा तेर्सो पारेर छिराई लाउने द्वार वा कोटाल; ढेलो; थुम्को । (वि०) मोटोघाटो भए पनि कामकाज नगर्ने; अलसी ।

**ढिकी**–(ना०) धान कुट्ने काठको यन्त्र ।

**ढिकीच्याउँ**–( ना० ) माकुरोजस्तो कालो कीरो । (क्रि० यो०) धानकुट्दा ढिकीबाट आवाज निस्कने किसिम ।

**ढिकुरो**–( ना० ) माटाको ढिस्को; प्रेतक्रियामा दस दिनसम्म पिण्ड दिइने वेदी ।

**ढिकुवा**–(ना०) कोलको एक सामान।

**ढिको**–(ना०) ठूलो डल्लो; ढेलो।

**ढिठो**–(वि०) बोलक्कड; पुखलो।

**ढिठ्याइँ**–( ना० ) धृष्टता; ढीठ भाव ।

**ढिपी**–( ना० ) जिद्दी; हठ; एकोहो-याइँ ।

**ढिपीवाल**–(वि०) एकोहोरो; जिद्दी गर्ने ।

**ढिम्री**–(ना०) पेचदार रिङको चक्का।

**ढिलाइ**–(ना०) ढिलाउने किसिम।

**ढिलाउनु**–( स० क्रि० ) ढीलो हुनु; विलम्ब गर्नु; सुस्ती गर्नु ।

**ढील**–(ना०) ठूलो जुम्रो ।

**ढीला**–(वि०) विलम्ब गर्ने; खुकुलो; जुम्सो ।

**ढीलो**–(वि०) अबेला गर्ने स्वभाव भएको; जुम्सो ।(क्रि० यो०) बेर; सुस्ती; बियाँलो ।

**ढुँडी**–(ना०) ढुसी; ओसिलो ठाउँमा निस्केको झूस ।

**ढुकढुक**–(क्रि० यो०) ढाकढुक शब्द आउने किसिम; मुटु हल्लने किसिम।

**ढुकढुक्याउनु**–(स० क्रि०) डिमडिम उनु; ढुकढुक शब्द आउने गरी कुट्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ढुकना–(ना०) घर्ना; अर्काको आसले ढुक्ने काम ।

ढुकन्ते–(वि०) ढुक्ने स्वभाव भएको; ढुकुवा ।

ढुकुटी–(ना०) रुपियाँ-पैसा नगद आदि राख्ने कोठा; भँडार ।

ढुकुर–(ना०) ढुकुरकुर गरेर कुर्लने एक चरो ।

ढुकुवा–(वि०) ढुकन्ते ।

ढुक्क–(क्रि० यो०) ढुङ्ग गरी शब्द आउने किसिम । (ना०) निश्चय; पक्का ।

ढुक्क्याउनु–(स० क्रि०) डिम्क्याउनु; ढुक्क शब्द आउने गरी हिर्काउनु ।

ढुङ्गे–(वि०) ढुङ्गाले बनेको ।

ढुङ्गेधारो–(ना०) ढुङ्गाको धारो ।

ढुङ्गो–(ना०) शिला; पत्थर ।

ढुङ्ग्री–(ना०) कानमा लाउने एक गहना ।

ढुङ्ग्रो–(ना०) बाँस आदिको भित्र खोक्रो भएको नलीजस्तो वस्तु ।

ढुङ्ग्र्याउनु–(स० क्रि०) ढुङ्ग्रोजस्तै पार्नु; नेठ्नु; फूर्ति लाएर पनि काम गर्न नसक्नु ।

ढुटीमाटी–(ना०) भएभरको धन मालको नाश; सिरिखुरी ।

ढुटेन–(वि०) धेरै ढुटो भएको ।

ढुटो–(ना०) मसिनो भूस ।

ढुनमुनिनु–(अ० क्रि०) अकस्मात् लड्नु; धच्याङमच्याङ हुनु; पछारिन खोज्नु ।

ढुनुमुनु–(ना०) बालक रमाउँदै वरि-परि घुमेर खेल्ने किसिम; यताउति घुम्ने किसिम ।

ढुवाइ–(ना०) ढुवाउने किसिम ।

ढुवाउनु–(स० क्रि०) मालताल ओसार्नु ।

ढुवानी–(ना०) ढुवाउने काम ।

ढुसी–(ना०) ढुँडी ।

ढुस्स–(क्रि० यो०) फुल्ने वा सुनिने किसिम ।

ढुस्सा–(ना०) मुक्काको हनाइ; डिम्को ।

ढेडु–(ना०) हात, गोडा, मुख र पुच्छर कालो हुने वानर ।

ढेप–(ना०) दस ताउ नेपाली कागतको ठेली ।

ढेप्नु–(अ० क्रि०) भेड्क्याउनु; धक्का लाउनु; ढेस्सिनु ।

ढेर–(ना०) थुप्रो; रास ।

ढेलो–(ना०) ठूलो डल्लो; चपरो ।

ढेसरो–(वि०) भद्दा; बाक्लो; छन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



न बन्दको ।
**ढेस्सा**-(ना०) ढेपिन आउने काम ।
**ढोंग**-(ना०) स्वाँग; आडम्बर ।
**ढोंगी**-(वि०) आडम्बरी ।
**ढोई**-(ना०) पोथी हात्ती; मोटी स्त्री ।
**ढोक**-(ना०) ढोग ।
**ढोकभेट**-(ना०) ढोगभेट ।
**ढोके**-(ना०) ढोकामा पालो बस्नें व्यक्ति; द्वारपाल ।
**ढोक्से**-(ना०) चोयाले बनेको एक किसिमको घ्याम्पोजस्तो भाँडो ।
**ढोको**-(ना०) द्वार; दैलो ।
**ढोग**-(ना०) प्रणाम; नमस्कार; सलाम ।
**ढोगभेट**-(ना०) ढोग्ने र भेट्ने काम ।
**ढोगाउनी**-(ना०) ढोग्दाको पुरस्कार ।
**ढोड**-(ना०) मकैको बोट ।
**ढोडनसो**-(ना०) कुर्कुच्चाको माथि देखिने मोटो नसो ।
**ढोडेउखु**-(ना०) रस कम हुने एक जातको साह्रो उखु ।
**ढोल**-(ना०) एक किसिमको बाजा ।
**ढोली**-(ना०) दुई सयवटा पानका पातको मूठो ।
**ढोले**-(ना०) एक जातको कालो जङ्गली कौवा ।
**ढोसे**-(वि०) ढ्याब्रो; चेप्टो नभएको बाक्लो ।
**ढोसो**-(वि०) ढोसे ।
**ढौंटारिनु**-(अ० क्रि०) बिनसित्ति डुलिरहनु; बेकाममा जताततै पुग्नु ।
**ढौंटारी**-(ना०) बिनसित्ति डुलिरहने काम ।
**ढ्याक**-(ना०) दुई वा दुईभन्दा बढी पैसाको मूल्यको सिक्का; ढ्याक पैसा ।
**ढ्याके**-(वि०) ढ्याक मूल्यबराबरको; दुईपैसे ।
**ढ्याक्क**-(क्रि० यो०) ठूलो र गह्रुङ्गो वस्तु ठक्कर खाँदा शब्द आउने किसिम ।
**ढ्याङ्ङ**-(क्रि० यो०) पछारिँदा ... किसिम; बन्दूक पड्कँदा आवाज आउने किसिम ।
**ढ्याङ्ग्रे**-(वि०) ढ्याङ्ग्रो बजाउने । (ना०) धामी; झाँक्री ।
**ढ्याङ्ग्रो**-(ना०) खैँजडीजस्तो ... भएको धामीले बजाउने एक किसिमको बाजा । (वि०) ह्वाङ्ग परेको र ठूलो (घर आदि) ।
**ढ्याप्प**-(क्रि० यो०) छोप्दाको ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिर्को लाउँदाको किसिम ।

**ढ्याब्रो**–( वि० ) भद्दा किसिमको; ढब्बू ।

**ढ्याम्म**–(क्रि० यो०) लड्दाको वा बन्दूक पड्किंदाको किसिम ।

**ढ्याम्रो**–(वि०) ढ्याब्रो ।

**ढ्वाँक**-(वि०) ढ्वाँसे; डँडाक ।

**ढ्वाँसे**–(वि०) ढ्वाँक ।

**ढ्वाङ**–(ना०) एक किसिमको टिनको भाँडो; पानीको पाइप ।

**ढ्वाङढ्वाङ**–(ना०) पिट्दाको किसिम; कुनै चीज ठक्कर लाग्दाको किसिम; कडा पाइला गरी हिँड्दाको किसिम ।

**ढ्वास्स**–(क्रि० यो०) ढुस्स ।

# ण

**ण**- देवनागरी वर्णमालाको पन्ध्रौं व्यञ्जनवर्ण, टवर्गको अन्तिम अक्षर, उच्चारणस्थान नासिका ।

**णकार**–(ना०) 'ण' अक्षर ।

# त

**त**– देवनागरी वर्णमालाको सोह्रौं व्यञ्जनवर्ण, उच्चारणस्थान दन्त ।

**त**–(संयो०) कुनै शब्द वा वाक्यलाई जोड दिन प्रयोग हुने शब्द ।

**तँ**–(सर्वना०) मध्यम पुरुष एक वचनमा आउने सर्वनाम शब्द, तिमीभन्दा सानोलाई बुझाउने शब्द ।

**तक**–(ना०) कुनै वस्तु वा कामको सीमा वा अवधि सूचित गर्ने शब्द; सम्म; पर्यन्त ।

**तकदीर**–(ना०) भाग्य; प्रारब्ध ।

**तकरार**–(ना०) भनाभन; ठाकठुक; झगडा ।

**तकलीफ**–( ना० ) कष्ट; दुःख; हैरानी ।

**तकाइ**–( ना० ) तग हालेर सिउने किसिम; ताक्ने किसिम ।

**तकार**–(ना०) 'त' अक्षर ।

**तकिया**–(ना०) सिरानी; कपडाको थैलोमा रुवा वा भुवा भरेको थैलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तक्मा–(ना०) प्रशंसनीय काम गर्ने व्यक्तिलाई सरकार वा संस्थाबाट दिइने कुनै किसिमको चिह्न भएको मुद्रा; पदक ।

तखत–(ना०) राजगद्दी; अनुकूल; पाही; पाइक ।

तखता– मालसामान राख्न भित्तामा ठोकिएको फल्याक; फूल रोपेको ड्याङ ।

तख्ता–(ना०) तखता ।

तग–(ना०) भित्र अस्तर हालेको एक किसिमको खण्ड परेको सिलाइ ।

तगडा–(वि०) ताजा; तन्दुरुस्त; बिरामीबाट तङ्ग्रिएको ।

तगर–(ना०) एक किसिमको सेतो फूल ।

तगारो–(ना०) बाँस वा काठ घुसारी घर वा खेतीमा वस्तु पस्न नपाऊन् भनी बनाएको छेको ।

तगुवा–(वि०) रुइदारी; तगेको ।

तङ्गी–(ना०) खात; चाङ ।

तङ्ग्रनु–(स० क्रि०) बिरामी निको हुनु ।

तछाइ–(ना०) ताछ्ने किसिम ।

तछार्नु–(स० क्रि०) ताछ्नु; खुत्या-उनु; अर्कालाई खिसी गर्ने काम गर्नु; तिखार्नु ।

तजवीज–(ना०) बन्दोबस्त; फैसला ।

तट–(ना०) नदीको किनारा; छेउ ।

तटस्थ–(वि०) कसैको पक्ष पनि नलि-एर फुट्टा रहेको; किनारामा रहेको; बीचमा नफसेको ।

तडकभडक–(ना०) ठाँटबाँट ।

तडातड–(स० क्रि०) फूर्तिसाथ हिँड्ने किसिम ।

तड्कनु–(अ० क्रि०) लम्केर छिट्छिटो हिँड्नु; फूर्तिसँग हिँड्नु ।

तड्का–(वि०) साह्रो; चर्को ।

तड्कारै–(क्रि० यो०) एकाबिहानै; सबेरै ।

तड्कातड्की–(ना०) भनाभन; परस्परको छिट्छिटो हिँडाइ ।

तड्के–(वि०) एकलै फटाफट हिँड्ने स्वभावको; अरूको वास्ता नगर्ने; अरूलाई नटेर्ने ।

तड्पनु–(अ० क्रि०) शारीरिक वा मानसिक वेदनाले दुःखित हुनु ।

तड्पाइ–(ना०) तड्पने किसिम वा भाव ।

ततर्को–(ना०) फतफत; फर्कोफर्को ।

ततर्कोफतर्को–(ना०) फर्को मार्ने फतफत गर्ने काम, फर्कोफर्को ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ताताउनु-(स० क्रि०) तातो पार्नु; गरम गर्नु; प्रोत्साहन दिनु; जङ्गयाउनु; बाटो लाउनु ।

तथा-(संयो०) त्यस्तै; एवं; र ।

तन-(ना०) जीउ; शरीर ।

तनक्क-(क्रि० यो०) तानिने किसिम; तान्ने किसिम ।

तनखा-(ना०) मासिक वेतन; तलब ।

तनाहा-(वि०) गरीब; तन्नम ।

तन्कनु-(अ० क्रि०) मस्कनु; खूबसँग तानिनु; रिस चढ्ने गरी जानु ।

तन्काइ-(ना०) तन्कने काम ।

तन्तरमन्तर-(ना०) तन्त्रमन्त्र ।

तन्तु-(ना०) डोरो; धागो ।

तन्तुकार-(ना०) जुलाहा; लुगा बुन्ने एक जाति ।

तन्त्र-(ना०) एक विद्या; छल; नियम; निश्चय भएको सिद्धान्त ।

तन्त्रमन्त्र-(ना०) झारफूक; तन्त्रमन्त्र ।

तन्दुरुस्त-(वि०) सारसौंदो; निरोगी ।

तन्दुरुस्ती-(ना०) आरोग्य ।

तन्द्रा-(ना०) निद्राको पहिलो अवस्था; उँघ; झकाइ ।

तन्दूक-(ना०) विशेष किसिमले पकाएको मासुको एक परिकार ।

तन्न-(क्रि० यो०) खूबसँग तान्ने वा तन्काउने किसिम ।

तन्नम-(वि०) तनाहा; गरीब ।

तन्ना-(ना०) बिछ्याउना ढाक्ने एकसरो कपडा ।

तन्नेरी-(ना०) जवान; तरुनो; तरुण ।

तन्मय-(वि०) तनमन लगाएको; त्यसैमा लट्ठ भएको ।

तप-(ना०) तपस्या; तपस ।

तपतप-(क्रि० यो०) थोपा-थोपा गरी चुहुने किसिम ।

तपतपाउनु-(क्रि० यो०) खप्नु; तपतप चुहनु ।

तपन-(ना०) गर्मी; ताप; सूर्य ।

तपस-(ना०) तप; तपस्या ।

तपसील-(ना०) विवरण लेख्ने खण्ड; स्रेस्तामा तलतिर लेखिने फाँटवारी ।

तपस्वी-(वि०) तापस; तपस्या गर्ने ।

तपाईं-(स० ना०) तिमीको आदरार्थी शब्द; मान्य व्यक्तिलाई प्रयोग गरिने सर्वनाम शब्द ।

तपी-(वि०) तापस; तपस्वी ।

तपेस-(ना०) एक किसिमको पकाउने भांडो ।

तपोबल-(ना०) तपस्याको बल; तपस्वी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**तप्कनु**-(अ० क्रि०) रसाउनु; तपतप चुहुनु ।

**तप्काइ**-(ना०) तप्कने किसिम ।

**तप्केनी**-(ना०) तपतप चुहेको बूँद ।

**तब**-(क्रि० यो०) त्यस बेला; त्यसपछि; अनि ।

**तबक**-(ना०) सुन-चाँदी आदिको पातलो गरी बनाएको पत्र ।

**तबलची**-(ना०) तबला बजाउने व्यक्ति ।

**तबला**-(ना०) एक किसिमको बाजा

**तबाह**-(ना०) भताभुङ्ग; बरबाद । (वि०) हैरान; नष्टभ्रष्ट ।

**तबेला**-(ना०) अस्तबलखाना; घोडा बाँध्ने ठाउँ ।

**तबै**-(क्रि० यो०) त्यसै बेला; तब ।

**तबैतारे**-(वि० बो०) ठीक हो भनी सही थाप्ने; थेगोजस्तो शब्द ।

**तम**-(ना०) सत्व, रज, तम- तीन गुणमध्ये एक; अन्धकार ।

**तमक**-(ना०) फूर्ति; अभिमान; जोश ।

**तमतमाउनु**-(अ० क्रि०) तलतल लाग्नु; तिरमिराउनु; एक तमासको स्वाद हुनु ।

**तमन**-(ना०) तामाका भाँडाकुँडा ।

**तमसुक**-(ना०) असामीले साहूलाई लेखिदिने कागत ।

**तमाखु**-(ना०) खुदोमा पकाइएको सुर्ती ।

**तमाखे**-(ना०) तमाखु खाने बानी भएको ।

**तमाम**-(ना०) समाप्ति । (वि०) खतम; सबै; सम्पूर्ण ।

**तमामी**-(ना०) समाप्ति; खतमी ।

**तमाशा**-(ना०) रमाइलो घटना; अनौठो कुरा; जात्रा; मन बहलाउने दृश्य ।

**तमाशे**-(वि०) तमाशा भएको ठाउँमा जाने र हेर्ने; आफू नबेहोर्ने ।

**तमोली**-(ना०) बरही; पान बेच्ने जाति ।

**तमौटे**-(ना०) तामाका भाँडा बनाउने एक जाति ।

**तम्बू**-(ना०) सामियाना; पाल ।

**तम्साइ**-(ना०) तम्सने काम वा किसिम ।

**तम्सिनु**-(अ० क्रि०) सुरिनु; जमजमाउनु; मैमत्त हुनु ।

**तय**-(वि०) समाप्त; तामेल; सिद्ध ।

**तयार**-(वि०) दुरुस्त; ठीक; तम्यार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तयारी-(ना०) तन्दुरुस्ती ।

तर-(ना०) उमालेको दूध सेलाउँदा लाग्ने जालो; दहीमाथिको जालो; तह; थान्को । (संयो०) किन्तु; परन्तु । (क्रि० यो०) निश्रुक्क; निथाचूर्ण ।

तरक-(ना०) धनु ।

तरकस-(ना०) बाण हाल्ने ठोक्रो ।

तरकारी-(ना०) पकाएर खाइने सागपात आदि ।

तरकीब-(ना०) तरीका; युक्ति; सीप ।

तरक्क-(क्रि० यो०) चुहुने वा आँखा तर्ने किसिम ।

तरक्की-(ना०) उन्नति; वृद्धि; तरकीब ।

तरखर-(ना०) तत्परता; काम गर्ने चेष्टा; कामको आरम्भ ।

तरखराउनु-(अ० क्रि०) अघि सर्नु; तम्सनु; तरखर गर्नु ।

तरङ्ग-(ना०) बौल्हट्टी; छाँहा; पानीको लहरी; छाल; मनको तर्कना ।

तरङ्गी-(वि०) अर्धसिल्ली; तरङ्ग चढेको; छँटाहा ।

तरज-(ना०) गानाको ताल वा शैली ।

तरतीब-(ना०) जुक्ति; उपाय; वस्तुहरू ठीक ठाउँमा लाउने क्रिया; बन्दोबस्त ।

तरनतारन-(ना०) तार्ने वा तर्ने काम ।

तरफ-(ना० यो०) पक्ष; तिर; तर्फ ।

तरफदारी-(ना०) पक्षपात; तरफ लाग्ने काम ।

तरबर-(ना०) सगसग; चञ्चलता ।

तरबरे-(वि०) चकचके; चञ्चले ।

तरबूजो-(ना०) फर्सीजस्तो राता र गुलियो गुदी हुने एक जातको फल ।

तरल-(वि०) पन्यालो ।

तरवार-(ना०) एक किसिमको धारिलो शस्त्र ।

तरवारे-(ना०) तरवारजस्तो पात भएको नीलो वा रातो फुल्ने एक किसिमको फूल ।

तरह-(ना०) प्रकार; किसिम; भाँती ।

तराइ-(ना०) छाला तर्ने किसिम; नदी आदि तर्ने किसिम; आँखा तर्ने किसिम ।

तराइली-(वि०) तराईको बासिन्दा; तराईबासी ।

तराई-(ना०) पहाडका फेंदीतिरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फराकिलो जमीन; कछाड ।

**तराजु**–(ना०) तौलने यन्त्र; काँटा; तुलो ।

**तरान**–(ना०) रोगले छाडेपछिको एक किसिमको तागत ।

**तरावटी**–(ना०) सरसता; मिठास; ताकतदार ।

**तरास**–( ना० ) कहाली; डर; झस्को ।

**तरी**-(ना०) पाटा; खण्ड; आँखलाको बीचको भाग ।

**तरीका**–( ना० ) सीप; नियम; किसिम ।

**तरुणी**–(वि०) युवती; पट्ठी; ठिटी ।

**तरुणो**–(ना०) युवा; पट्ठो; ठिटो ।

**तरुल**–(ना०) तरकारी खाने एक किसिमको कन्द ।

**तरेली**–(ना०) सिलसिला; क्रम; तह; खण्ड ।

**तर्क**–(ना०) अडकल; गौर; न्यायशास्त्र; विवाद ।

**तर्कना**-(ना०) सोचविचार ।

**तर्कनु**–(अ० क्रि०) तहरिएर जानु; तेर्सो भएर जानु; टेढिनु ।

**तर्कवितर्क**–(ना०) तर्क; छलफल ।

**तर्कु**–(ना०) कतुवा; चर्खाको सुइरो ।

**तर्कुल्ले**–(ना०) उकारको चिह्न; ( ु ) यो चिह्न ।

**तर्को**–(ना०) झर्को; भुतभुताइ ।

**तर्पण**–(ना०) देवता तथा पितृलाई कुशसहित जल दिने काम ।

**तर्र**–(क्रि० यो०) पानी, आँसु, पसिना आदि तरल पदार्थ चुहुने किसिम ।

**तर्लङ्ग**–(क्रि० यो०) झुन्डिने किसिम ।

**तल**–(ना०) तल्लो भाग; पींध । (क्रि० यो०) उँधो; तलतिर ।

**तलक**-( ना० यो० ) सम्म; पर्यन्त; तक ।

**तलतल**–(ना०) अम्मल सेवन गर्ने इच्छा; तिर्सना ।

**तलब**–(ना०) वेतन; तनखा; महीनावारी; किस्ता; खोज; तलाश ।

**तलबल**–(ना०) तलतल ।

**तलबदार**–(वि०) तलबमा काम गर्ने ।

**तलबलाइ**-(ना०) तलबलाउने काम वा किसिम ।

**तलबलाउनु**-(अ० क्रि०) छटपटिनु; सगसगी लाग्नु ।

**तलबितल**–( क्रि० यो० ) घटीबढी; ऊचनीच ।

**तलवार**–(ना०) तरवार ।

**तला**–(ना०) चोटो; मन्जिल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तलाउ–(ना०) पोखरी; जलाशय ।
तलाश–(ना०) खोज; अनुसन्धान ।
तलाशी–(ना०) तायदादी; खोजी ।
तलास–(ना०) कपाल कोरी सम्म्याउने काम; ठाँट; श्रृङ्गार ।
तलासी (वि०) श्रृङ्गार पार्ने; छिल्के ।
तलास्नु–(स० क्रि०) तलास गर्नु; सिंगार्नु; ठाँट पार्नु ।
तलुवा–(ना०) जुत्ताको पैँतालाको अवयव ।
तले–(वि०) तला भएको; चोटो भएको ।
तलेत्रो–(ना०) सुकुल; सतरन्जा ।
तल्लो–(वि०) निम्न श्रेणीको; तलतिरको ।
तल्सिङ–(ना०) ठेक्किएको कूत लिने गरी मोहीलाई जग्गा कमाउन दिने व्यक्ति ।
तवर–(ना०) जुक्ति; किसिम; तरीका ।
तसर्थ–(क्रि० यो०) त्यस कारणले ।
तसला–(ना०) पींध फराकिलो भई कोखा परेको खुला मुख हुने तामा वा पित्तलको भाँडो ।
तसल्ली–(ना०) सरसल्लाह; ठीकठाक ।
तसवीर–(ना०) फोटो; चित्र ।
तस्कर–(ना०) अवैध र चोरी व्यापार गर्ने व्यक्ति वा दल; कालोबजारी ।
तस्मात्–(क्रि० यो०) त्यस कारण ।
तस्मै–(ना०) खीर; पायस ।
तस्वीर–(ना०) तसवीर ।
तह–(ना०) खात; चाङ; पत्र ।
तहकीकात–(ना०) खतोखात; पक्कापक्की ।
तहखाना–(ना०) जमीनमुनिको कोठा वा बस्ने ठाउँ; सुरुङघर ।
तहबह–(ना०) बन्दोबस्त; तजुमा ।
तहरिनु–(अ० क्रि०) पानी तर्केर जानु; पानी, तेल आदि बचेखुचेको पनि आउनु ।
तहरीर–(ना०) हाकिममनिको मुख्य कारिन्दा ।
तहबील–(न०) अड्डाखानाको रुपियाँ राख्ने ढुकुटी ।
तहबीलदार–(ना०) तहबीलको जिम्मा लिने व्यक्ति ।
तहसील–(ना०) उठ्तीपुठ्ती गर्ने अड्डा वा काम ।
तहसीलदार–(ना०) तहसील गर्ने व्यक्ति ।
तहिले–(क्रि० यो०) त्यस बेला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**ता**–(संयो॰) चाहिं; त ।
**ताँती**–(ना॰) लहर; लाम; पंक्ति ।
**ताँदो**–(ना॰) धनुको परिन्जो; कामको बन्दोबस्त; नश्तर ।
**ताँबो**–(ना॰) तामो ।
**ताइँ**–(ना॰) शक्ति; फूर्ति; पाईं ।
**ताई**–(ना॰) सेल, रोटी आदि पकाउने एक किसिमको फलामे भाँडो ।
**ताउ**–(ना॰) रोटी पकाउने बिट नभएको ताईजस्तो भाँडो; कागतको सिङ्गो पत्र ।
**ताउली**–(ना॰) सानो ताउलो ।
**ताउलो**–(ना॰) भात आदि पकाउने सानो भाँडो; पाकपत्र ।
**ताक**–(ना॰) समय; मौका; लक्ष्य; दृष्टिपात; उद्देश्य ।
**ताकाताक**–(ना॰) मौका खोज्नु; परस्पर ताक्ने काम ।
**ताकिता**–(ना॰) कुनै काम चाँडो गराउन दिइने प्रेरणा ।
**तागत**–(ना॰) शक्ति; सामर्थ्य; बल ।
**तागतदार**–(वि॰) बलियो; समर्थवान्; शक्तिशाली ।
**तागतिलो**–(वि॰) पौष्टिक पदार्थ भएको; तागत दिने ।
**तागाधारी**–(ना॰) जनै लाउने जाति ।
**तागोतगारो**–(ना॰) घरजग्गाको डील; बार वा गौंडो ।
**ताछ**–(ना॰) खुर्काइ ।
**ताछीतुछी**–(क्रि॰ यो॰) ताछेर राम्रो पार्ने किसिम ।
**ताछ्नु**–(स॰ क्रि॰) बोक्रा फाल्नु; तछार्नु ।
**ताज**–(ना॰) राजमुकुट; शिरपेच । (वि॰) श्रेष्ठ; उम्दा ।
**ताजा**–(वि॰) भर्खर तयार भएको; नओइलेको; नसडेको; सार्जो ।
**ताजी**–(ना॰) अरब देशमा हुने एक जातको घोडा; एक जातको कुकुर ।
**ताजूब**–(ना॰) आश्चर्य; अचम्म । (वि॰) छक्कलाग्दो; अनौठो; गजब ।
**ताड**–(ना॰) तगरजस्तो एक किसिमको रूख ।
**ताडना**–(ना॰) कुटपीट गरी तह लाउने काम; शिक्षा; शासना ।
**ताडपत्र**–(ना॰) ताडको पात; प्राचीन कालमा लेखिएका कागतपत्र ।
**ताडी**–(ना॰) ताडका रूखबाट निकालिएको एक किसिमको मद्य ।
**ताड्नु**–(स॰ क्रि॰) ताडना गर्नु; यस्तो रहेछ भनी चिन्नु; तौलनु ।
**ताती**–(ना॰) बालकलाई हात समाते

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हिँडाउने क्रिया ।

तातील–(ना०) बिदा; छुट्टी ।

तातो–(वि०) न्यानो; गरम; ऊष्ण ।

तात्तातो–(वि०) अलि-अलि तातो; भरखरैको; लगत्तैको (पीर आदि)।

तात्नु–(अ० क्रि०) तातो हुनु; तङ्खराउनु; रिसाउनु ।

तान–(ना०) कपडा बुन्नका लागि फैलाएको धागो; मनको एक सुर ।

तानतुन–(ना०) हलुका किसिमले तान्नु वा आम्दानी गर्नु ।

तानपूरा–(ना०) गाउँदा स्वर दिने चारवटा तार लागेको एक बाजा ।

ताना–(ना०) गानाको तान; लय; मनको लहड; एकाग्रता; धुन ।

तानातान–(ना०) जसले सक्यो उसले तान्ने काम ।

तानामाना–(ना०) जङ्गी, निजामती दुवैतिरका जागीरदारको पेटी, पगरी, पोशाक आदि ।

तानाशाही–(वि०) राज्यको सारा अधिकार एउटै व्यक्तिमा रहने एक राज्यव्यवस्था ।

तानेमाने–(ना०) सानोतिनो काम-धन्दा; तरखर ।

तान्त्रिक–(वि०) तन्त्रसम्बन्धी; तन्त्रको काम गर्ने; तन्त्रमन्त्र जान्ने ।

तान्द्रा–(ना०) अर्द्ध निद्रित अवस्था; तन्द्रा ।

तान्द्रो–(ना०) सानो डोरो; सागपातको नसो वा पात; त्यान्द्रो ।

तान्नु–(स० क्रि०) घिच्याउनु; थुत्नु; आकर्षित गर्नु; घिच्याउनु ।

ताप–(ना०) तातो; आँच; पीर ।

तापनि–(संयो०) तैपनि; भए पनि ।

तापस–(वि०) तपस्वी; तप गर्ने ।

ताप्के–(ना०) तरकारी पकाउने बिँड भएको भाँडो ।

ताप्नु–(स० क्रि०) आगो वा घामद्वारा गर्माउनु; तात्नु ।

ताबेदार–(ना०) सेवक; नोकर ।

तामचिन–(ना०) फलामका भाँडामा लगाइने चिनियाँ इनामेल; चिनियाँ रोगन ।

तामदान–(ना०) मानिसले बोक्ने एक किसिमको सवारी; उलिन्काठ ।

तामस–(ना०) शेखी; घमन्ड; अहमत्याइँ ।

तामसी–(वि०) तमोगुण भएको; शेखीवाल ।

तामा–(ना०) रातो रङ्गको एक प्रसिद्ध खनिज धातु; बाँस; निगालो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**ताम्माङ–**(ना०) नेपालको एक प्रसिद्ध जाति ।

**ताम्रापत्र–**( ना० ) तामाको पातो; ताम्रपत्र; लेखहरू लेखिएको तामाको पातो ।

**तामे–**(वि०) तामासम्बन्धी; तामाको । (ना०) ढुकुरको एक जाति ।

**तामेल–**(ना०) आज्ञापालन; तयार; समाप्ति ।

**तामेली**–(ना०) तामेल गर्ने काम ।

**तामो–**(ना०) रातो किसिमको धातु; ताँबो ।

**ताम्बूल–**(ना०) पानको पातमा चुन, खयर हाली बनाएको बीडा ।

**तायदात–**(ना०) जायजात; सर्वस्व; गन्ती ।

**तार–**( ना० ) सुन, चाँदी तामा आदिको सूत; टेलिग्राम; कामको सफलता ।

**तारतम्य–**(ना०) बन्दोबस्त; संयोग; क्रम; तालमेल; टाकटुक ।

**तारनतार–**( क्रि० यो० ) बारबार; लगातार ।

**तारपीन–**(ना०) पीड नाउँको रूखबाट निकालिने एक किसिमको तेल ।

**तारसुर–**(ना०) पूर्वरङ्ग; तरखर ।

**तारा–**( ना० ) नक्षत्र; आकाशमा चम्कने तेज; सितारा ।

**तारीख–**(ना०) मिति; किटेको दिन ।

**तारे–**(वि०) तार भएको; निधारमा सेतो टाटो भएको; ताराजस्तो ।

**तारेभीर–**(ना०) ज्यादै अग्लो ठाडो भीर ।

**तारैतार–**( क्रि० यो० ) लगातार; तारनतार ।

**तार्नु–**( स० क्रि० ) पार लगाउनु; पानी नहाली घिउ-तेल आदिमा तरकारी पकाउनु ।

**ताल–**( ना० ) दुई हत्केला जुधाएर निकालिने शब्द; प्राकृतिक पोखरी ।

**तालगाँठी**-( ना० ) कामकाजको प्रबन्ध; बरबन्दोबस्त ।

**तालद्वार–**(ना०) झ्याल-ढोकाको द्वार र तिनलाई बन्द गर्ने साधन ।

**तालमेल–**(ना०) तारतम्य; संयोग ।

**तालसुर–**(ना०) कामको रूपरङ्ग ।

**ताला–**(ना०) ताल्चा ।

**तालाकुञ्जी–**(ना०) ताल्चा र साँचो ।

**तालावाला–**(ना०) अत्यास ।

**ताली–**( ना० ) थपडीको शब्द; आँखाको लठ्याइ ।

**तालीम–**(ना०) अभ्यासका निम्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उपदेश; शिक्षा; दलेली ।

तालीमी–(वि०) तालीम पाएको ।

तालीमे–(ना०) गानाबजानामा तालीम भएकी दरबारिया सुसारे ।

तालु–(ना०) मुखभित्रको माथिल्लो अवयव; निधारदेखि टुपीसम्मको टाउकाको भाग; चवर्गका वर्ण उच्चारण हुने ठाउँ ।

तालुक (ना०) तैनाथ; सरोकार; इलाका ।

तालुकदार–(ना०) तैनाथवाला; गाउँको मुखिया ।

तालुकदारी–(ना०) तालुकदारको काम वा पेशा ।

तालुकवाल–(ना०) तालुकदार; जिम्मावाल ।

तालुकवाला–(ना०) तालुकवाल ।

ताल्चा–(ना०) ढोका, सन्दूक आदि बन्द गर्ने एक किसिमको यन्त्र ।

ताल्चे–(क्रि० यो०) गुच्चा नगुडाई ठाडै हान्ने किसिम । (ना०) कुरकुरे; एक किसिमको आँखिला भएको क्षार ।

ताश–(ना०) तास ।

तास–(ना०) चाँदीका तारले बुनेको बहुमूल्य कपडा; एक किसिमको खेल खेल्ने कागतका पत्ती ।

तासा–(ना०) एक किसिमको बाजा; किनमेलमा दिइने फोसा । (वि०) निकै दुब्लो; पातलो ।

तासीर–(ना०) असर; प्रभाव ।

तिउरे–(ना०) एक किसिमको फूल ।

तिक्खर–(वि०) चर्को; कडा; चखिलो स्वाद भएको ।

तिखार्नु–(स० क्रि०) तीखो पार्नु; चुच्चो तुल्याउनु ।

तिगुना–(वि०) तीनगुना; तेब्बर ।

तिघ्रे–(वि०) मोटा तिघ्रा हुने; भुस-तिघ्रे ।

तिघ्रो–(ना०) घुँडामाथि फिला-मनिको भाग ।

तिच्छर–(वि०) अलि-अलि तीतो ।

तितरबितर–(क्रि० यो०) यत्रतत्र; जताततै छरिने किसिम ।

तितौरा–(ना०) भिजाएको मुगी, चना आदि पिंधी फाएर ससाना डल्ला पारी सुकाएको तरकारी; त्यसै गरी बनाएको आँप, अमलाको खानेकुरो ।

तित्री–(ना०) अमिली ।

तित्रो–(ना०) एक किसिमको चरा ।

तिथिमिति–(ना०) महीना, गते र बार ।

तिन–(सर्व०) 'तो' को प्रथमावाहेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अन्य विभक्तिमा हुने रूप ।

**तिना**–(ना०) तलाउ वा खाडीहरूमा आफैं उम्रने वा खेती गरिने एक जातको धान ।

**तिनी**–(सर्व०) 'त्यो' को आदरार्थी शब्द ।

**तिनौटा**–(ना०) तीनगोटा ।

**तिपाई**–(ना०) त्रिपाई ।

**तिमिलो**–(ना०) टिमिलो ।

**तिमी**–(सर्व०) तपाईं भन्दा अलि कमलाई भनिने आदरार्थी शब्द ।

**तियाँ**–(वि०) तीनगुना; तेब्बर ।

**तिया**–(ना०) जूवाको एक दाउ; तिर्की; तीन फुट्टी भएको पत्ती ।

**तिर**–(ना० यो०) पक्ष; तर्फ ।

**तिरन**–(ना०) तृण; त्यान्द्रो ।

**तिरनतारन**–(ना०) सापटी लिएको धनमाल तिर्ने काम ।

**तिरमिर**–(क्रि० यो०) आँखाअगाडि धमिलो देखिने किसिम ।

**तिरमिराइ**–(ना०) तिरमिराउने किसिम वा काम ।

**तिरमिराउनु**–(अ० क्रि०) आँखाले राम्रो नदेख्नु; तिरमिर गर्नु ।

**तिरस्कार**–(ना०) अपमान; हेला; निन्दा ।

**तिरान**–(ना०) तिरो; कूत; तिरो तिर्ने काम ।

**तिरिमिरी**–(क्रि० यो०) तिरमिर ।

**तिरुवा**–(वि०) तिरो लागेको; तिरो तिर्नुपर्ने ।

**तिरो**–(ना०) पोत; कूत; बाली ।

**तिरोतारो**–(ना०) तिरनतारन ।

**तिरोभरो**–(ना०) निश्चित ठाउँमा पुऱ्याई भरी तिर्ने काम ।

**तिर्की**–(ना०) तिया ।

**तिर्खा**–(ना०) पानी खाने इच्छा; प्यास ।

**तिर्जा**–(ना०) तिरो तिर्ने विषयको एक किसिमको रसीद ।

**तिर्सना**–(ना०) खाने वा पिउने इच्छा; तृष्णा ।

**तिल**–(ना०) तेल झिक्ने र पूजा आदिमा प्रयोग गरिने मसिना थेप्चा गेडा भएको एक फल ।

**तिलक**–(ना०) होम गर्दा डढेका चरुको खरानीको टीको; निधारमा लाउने टीको ।

**तिलकाने**–(ना०) एक किसिमको ख्रार ।

**तिलचाँवल**–(ना०) छ्यसिमिसे वस्तु । (वि०) तिल र चाँवल मिसाउँदा हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रङ्गको; केही कालो केही फुलेको ।

**तिलमिल**–(क्रि० यो०) चुटाइपिटाइले वा लड्दा हुने अवस्थाको किसिम ।

**तिलस्मी**–( वि० ) असम्भव घट्ना भएको; पत्यार नलाग्दो ।

**तिलहरी**–( ना० ) गलामा लाउने पोतेको बीचमा सुनको लामो गट्टा उनिएको गहना ।

**तिलानी**–(ना०) कर्मपात्र ।

**तिलिङ्गो**–(ना०) पल्टनियाँ सिपाही; कम्पु ।

**तिलौरी**–( ना० ) सखरको पाकमा तिल टाँसेको एक किसिमको खाने-कुरो ।

**तिल्के**–(ना०) एक किसिमको क्रार । ( वि० ) निधारमा सेतो फ्लिल्को भएको; चनमते; फ्लिल्के ।

**तिल्को**-(ना०) एक जातिको रूख ।

**तिसी**–(ना०) तेल आउने किसिमको अन्न; आलस ।

**तिहार**–(ना०) कार्तिक कृष्ण त्रयोदशी-देखि शुक्ल द्वितीयासम्म मनाइने चाड वा उत्सव ।

**तिहुन**–(ना०) भातसित मुछेर खाने दाल वा रसदार तरकारी ।

**तिहुने**–(वि०) धेरै तिहुन खाने ।

**ती**–(सर्व०) 'त्यो' शब्को प्रथमाको बहुवचन, 'त्यो' को आदरार्थी शब्द ।

**तीखो**–( वि० ) घोच्ने सुइरोजस्तो; तीक्ष्ण ।

**तीज**–(ना०) भाद्र शुक्ल तृतीया; हरितालिका ।

**तीजरो**-(ना०) तीन दिनमा एक पटक आउने ज्वरो ।

**तीतेपाती**-(ना०) तीतो हुने एक क्रार ।

**तीतो**–( ना० ) छ रसमध्ये एक । (वि०) त्यस्तो रस भएको ।

**तीन**-(वि०) दुईपछिको सङ्ख्या; तेस्रो ।

**तीनतारे**–( ना० ) आकाशका तीन नक्षत्र । (वि०) तीन तारा भएको ।

**तीनत्रिलोक**–( ना० ) स्वर्ग, मर्त्य, पाताल सबै ।

**तीनन्नी**–(ना०) तीन आनाको सिक्का ।

**तीनपाते**–(ना०) तीनौटा पात गाँसेर बनाएको टपरी । (वि०) बित्पाते; खूब बाठो ।

**तीर**–(ना०) खोलाको किनार; बाण ।

**तीरन्दाज** (ना०) बाण हान्ने; धनु-र्धारी ।

**तीर्थ**–(ना०) पुण्यस्थान; देवस्थल; संस्कृत परीक्षाको एक उपाधि;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



संन्यासीको एक भेद ।

तीव्र–(वि०) कडा; उग्र; चर्को; खरो ।

तीस–(वि०) उनन्तीसपछिको अक्षर ।

तुइन–(ना०) खोलाको वारपार ठूलो लखाको टाँगो घुर्रा लगाएर झुन्डिने डोरी ।

तुक्का–(ना०) टुक्का ।

तुच्छ–(वि०) क्षुद्र; नीच; छोटो ।

तुजुक–(ना०) शान; घमन्ड ।

तुनतान–(ना०) थाङ्नाहरू टाल्ने, सिउने काम ।

तुनु–(ना०) कपडा ठीक ठाउँमा कस्ने एक किसिमको फित्ता ।

तुने–(वि०) तुना भएको ।

तुमडी–(ना०) भिक्षा माग्ने भाँडो ।

तुम्बा–(ना०) एक जातको लौका ।

तुम्बी–(ना०) सानो तुम्बा; त्यस्तै आकारको धातुको भाँडो ।

तुरही–(ना०) सनईजस्ती फुकेर बजाउने एक किसिमको बाजा ।

तुरुक्क–(क्रि० यो०) बिस्तारै आँसु वा थोपा चुहाउने किसिम ।

तुरुतुरु–(क्रि० यो०) धेरै पटक आँसु वा पानी चुहाउने किसिम ।

तुरुन्त–(क्रि० यो०) चाँडै; छिट्टै; तत्काल ।

तुर्को–(ना०) पानी वा दूधको सानो धारो ।

तुर्क्याउनु–(स० क्रि०) अलिकति चुहाउनु ।

तुर्र–(क्रि० यो०) लगातार सानो धारो लाग्ने किसिम ।

तुलना–(ना०) सादृश्य; दाँजो; बराबरी ।

तुलबुल–(ना०) मनको तर्क; चिन्ता; हडबड ।

तुलबुलाइ–(ना०) तुलबुलाउने किसिम वा भाव ।

तुलबुलाउनु–(अ० क्रि०) आत्तिनु; हडबडाउनु ।

तुलबुली–(ना०) तुलबुल ।

तुलसी–(ना०) ससाना फूल फुल्ने सुगन्धी र पवित्र मानिएको एक जातको झार ।

तुला–(ना०) तौल; बाह्र रासमध्ये एक ।

तुलेगाँडो–(वि०) बेमेलको; डेब्रो ।

तुलो–(ना०) तराजु; काँटा; तुला ।

तुल्य–(ना० यो०) सादृश्य; बराबर; सरह ।

तुल्याइ–(ना०) तुल्याउने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तुल्याउनु–(स० क्रि०) तयार पार्नु; जोरजाम गर्नु ।

तुवाँलो–(ना०) गर्मी महीनामा आकाशमा उड्ने धूलिमण्डल ।

तुष्ट–(वि०) तृप्त; सन्तुष्ट ।

तुस–(ना०) मनको नमेटिने वैरभाव; शेष; क़सर ।

तुसारो–(ना०) जाडो याममा जमेको शीत; ठाँटो ।

तुहिन–(ना०) तुइन ।

तुहुनु–(अ० क्रि०) समय नपुगी गर्भपात हुनु ।

तुहेत्रो–(ना०) सडेगलेको बेकम्मा चीज; तुहिएको गर्भ ।

तूखल–(ना०) उखु पेल्दा निस्केको छोक्रा ।

तूफान–(ना०) कडा हावा; समुद्री आँधी ।

तूल–(ना०) कपास; कपालमा लाउने जनाना धागाको सूत; गाढा रङ्गको रातो कपडा ।

तृण–(ना०) घाँसपात; त्यान्द्रो; तिरन ।

तृतीय–(ना०) तेस्रो ।

तृतीया–(ना०) तेस्रो तिथि । (वि०) तेस्री (स्त्री) ।

तृप्त–(वि०) अघाएको; सन्तुष्ट भएको ।

तृषा–(ना०) प्यास; तिर्खा ।

तृष्णा–(ना०) तिर्सना; तिर्खा; मनको इच्छा ।

तेइस–(वि०) बीस र तीन ।

तेज–(वि०) छिटो हिंड्ने । (ना०) पराक्रम; ताप; गर्मी; कान्ति; चहक; प्रकाश; फूर्ति ।

तेजपात–(ना०) दालचीनीका जातको एक प्रकारको रुखको पात ।

तेजस्वी–(वि०) प्रकाशवान्; चमकिलो; फुर्तिलो; तेजिलो ।

तेजाब–(ना०) धातुहरू गलाउने शक्ति भएको तरल क्षार पदार्थ ।

तेजारत–(ना०) ब्याजबट्टामा पैसा लगाएर लेनदेन गर्ने व्यापार; त्यस्तो काम गर्ने अड्डा ।

तेजिलो–(वि०) चमकिलो; फुर्तिलो ।

तेत्तीस–(वि०) तीस र तीन ।

तेबर–(वि०) तीनगुना; तिगुना ।

तेब्र्याउनु–(स० क्रि०) तेहर्‍याउनु; तिगुना गर्नु ।

तेरीज–(ना०) मजबूत; सारांश ।

तेरोमेरो–(ना०) झगडा; भनाभन ।

तेर्सो–(वि०) ठाडो वा घोप्टो नभ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एको; उकालो-ओरालो नभएको ।

**तेर्स्याउनु** (स० क्रि०) पसारो पार्नु; तेर्सो पारेर राख्नु ।

**तेल**–(ना०) तोरी; तिल; सर्स्यूं आदि पेलेर निकालिएको चिल्लो पदार्थ ।

**तेलचुपर**–(ना०) तालुमा तेल हाली हत्केलाले ठोक्ने काम ।

**तेलारी**–(ना०) तेल घस्ने काम; मर्दन ।

**तेली**–(ना०) तेलको काम गर्ने एक जाति ।

**तेस्रो**–(वि०) तीन सङ्ख्यावाला ।

**तेहरो**–(वि०) तिगुना; तेबर ।

**तेहऱ्याइ**–(ना०) तेहऱ्याउने काम ।

**तेहऱ्याउनु**–(स० क्रि०) तीन पटक गर्नु; तेब्र्याउनु ।

**तेह्र**–(वि०) दस र तीन ।

**तेर्होते**–(ना०) तिरहुत प्रान्तका एक ब्राह्मण जाति ।

**तै**–(क्रि० यो०) तर; तथापि; तैपनि ।

**तैकात**–(ना०) तहकीकात; खतोखात; निश्चय ।

**तैतै**–(क्रि० यो०) तै; तैपनि; तथापि ।

**तैनाथ**–(ना०) हैकम; तालुक; मातहत ।

**तैनाथवाला**–(ना०) तैनाथ लिएको व्यक्ति ।

**तैपनि**–(क्रि० यो०) जे भए पनि; त्यसै पनि ।

**तैबिसेक**–(अव्य०) थोरै सन्च ।

**तोक**–(ना०) तोक्ने काम; सरकारी आज्ञा वा निकासा ।

**तोक्मा**–(ना०) भरियाले भारी अड्याउने तेर्सो हातो भएको लट्ठी ।

**तोकुवा**–(वि०) किटानसाथको; तोकेर लेखेको ।

**तोड**–(ना०) मानसिक चोट; परस्परको जोड; तोडेको कागतको खण्ड ।

**तोडफोड**–(ना०) जोरफोर; सबै जम्मा भएर गरेको निर्णय ।

**तोडा**–(ना०) कर्मचारीको पगरीको वरिपरि वा किनारामा जडिएको सुन-चाँदीको सिक्री वा तारको घेरा; अघि मोफसलका अड्डाबाट मुलुकीखाना चलान भई आउने रुपियाँ ।

**तोडाइ**–(ना०) तोड्ने किसिम वा काम ।

**तोडिम**–(ना०) मनोमालिन्य; वैमनस्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तोड्नु-(स० क्रि०) छिनछान पार्नु; कागत पट्याएर डोबका धर्का बसाल्नु ।

तोते-(वि०) स्पष्ट नभएको ।

तोतेबोली-(ना०) भर्खर बोल्न लागेको केटाकेटीको बोली ।

तोप-(ना०) ठूलो गोला हान्ने एक किसिमको अस्त्र ।

तोपखाना-(ना०) तोप राख्ने ठाउँ; तोपघर ।

तोपचरो-(ना०) रूखमा थैलोजस्तो गुण बनाई बस्ने एक किसिमको चरो ।

तोबा-(ना०) हैरानी; कामको भीडले लागेको दिक्क ।

तोमर-(ना०) प्राचीन कालको एक प्रकारको शस्त्र ।

तोरण-(ना०) देवताको प्रसाद मानी घाँटीमा बाँधिने कपडाको धरो; उत्सवमा सजावटका निम्ति टाँगिने ध्वजा ।

तोरणद्वार-(ना०) मूल ढोका ।

तोरियाँ-(ना०) [illegible] ।

तोरी-(ना०) एक किसिमको फल ।

तोला-(ना०) छयानब्बे वा सय लालको परिमाण ।

तोशदान-(ना०) कारतूस हालेर भिर्ने छालाको थैलीदार पेटी ।

तोशाखाना-(ना०) सरकारी ढुकुटी-घर ।

तोस्रो-(ना०) डोरी, दाम्लो आदिको लुँडी बाट्ने बाँसको साधन ।

तौर-(ना०) ढाँचा; किसिम ।

तौलनु-(स० क्रि०) जोख्नु; तुलना गर्नु; दाँज्नु; पहिचान्नु ।

तौली-(ना०) एक जातको धान ।

त्यता-(क्रि० यो०) त्यस ठाउँतिर ।

त्यति-(वि०) त्यस परिमाणको; थोरै ।

त्यतिको-(वि०) त्यति धेरै; त्यो-जतिको ।

त्यत्ति-(वि०) त्यतिमा जोड दिने शब्द ।

त्यत्तिको-(वि०) त्यतिकोमा जोड दिने शब्द ।

त्यत्रो-(वि०) त्योजत्रो ठूलो वा सानो ।

त्यस-(सर्व०) त्यो शब्दको प्रथमाको एक वचन रूप ।

त्यसरी-(क्रि० यो०) त्यस्तो किसिम-सँग ।

त्यसो-(सर्व०) त्यो; त्यो कुरा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**त्यस्तो**–(वि०) त्योजस्तो ।

**त्यहाँ**–(क्रि० यो०) त्यस ठाउँमा ।

**त्यहीं**–(क्रि० यो०) त्यस ठाउँमा नै ।

**त्यही**–(सर्व०) त्यो नै; त्यै ।

**त्याग**–(ना०) कुनै चीज छोड्नु; राजीनामा; बिछोड ।

**त्यागपत्र**–(ना०) कुनै पद वा स्थान छोड्न लेखिएको कागत; राजीनामा ।

**त्यागी**–(वि०) लोभ-लालच केही नभएको ।

**त्यान्द्रातुन्द्री**–(ना०) मसिना त्यान्द्राहरू ।

**त्यान्द्रो**–(ना०) तृण; तिरन ।

**त्र**– देवनागरी वर्णमालाको पैंतीसौं व्यञ्जनवर्ण । 'त्' र 'र' को संयुक्त रूप ।

**त्रयी**–(ना०) तीनको समुदाय ।

**त्रयोदशी**–(ना०) कुनै पक्षको तेह्रौं तिथि ।

**त्रसित**–(वि०) डराइएको ।

**त्रस्त**–(वि०) डराइएको; त्रसित ।

**त्राण**–(ना०) भयका कारणको निवारण, बचाउ ।

**त्रास**–(ना०) डर; भय ।

**त्रासित**–(ना०) डर देखाइएको; तर्साइएको ।

**त्राहि**–(वि० बो०) आफ्नो रक्षाका लागि कसैसित प्रार्थना गर्ने क्रिया ।

**त्रिकाल**–(ना०) तीन काल ।

**त्रिकूटी**–(ना०) तीन खुट्टा भएको पूजाको भाँडो ।

**त्रिकोण**–(ना०) तीन कुना परेको ।

**त्रिगुण**–(ना०) सत्व, रज, तम– यी तीनै गुणको समुदाय ।

**त्रितालीस**–(वि०) चालीस र तीन ।

**त्रिदेव**–(ना०) ब्रह्मा, विष्णु, महेश्वर ।

**त्रिनेत्र**–(ना०) शिव ।

**त्रिपट**–(ना०) बनाएको राम्रो काठ घाम-पानीले बाङ्गिने अवस्था ।

**त्रिपद**–(ना०) तीनवटा पद वा शब्दको समूह ।

**त्रिपन्न**–(ना०) पचास र तीनका योगसङ्ख्याको ।

**त्रिपाई**–(ना०) स्टूल, मेच ।

**त्रिपासा**–(ना०) एक किसिमको खेल ।

**त्रिपुरसुन्दरी**–(ना०) दुर्गा ।

**त्रिफला**–(ना०) हर्रो, बर्रो र अमलाको मेल ।

**त्रिभुज**–(ना०) त्रिकोण ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**त्रिभुवन**–( ना० ) स्वर्ग, मर्त्य र पाताल– यी तीन लोक; संसार; नेपालमा प्रजातन्त्र ल्याउन योगदान गर्ने राजा ।

**त्रिमधु**–(ना०) घिउ, चीनी र मह ।

**त्रियान्नब्बे**–(वि०) नब्बे र तीनको योगसङ्ख्या ।

**त्रियासी**–(ना०) असी र तीन ।

**त्रियुग**–(ना०) सत्य, त्रेता र द्वापर– तीन युगको समूह ।

**त्रिलोचन**–(ना०) शिव ।

**त्रिवेणी**–( ना० ) तीनवटा नदीको सङ्गम ।

**त्रिशूल**–(ना०) तीन चुच्चा परेको शिवजीको शस्त्र ।

**त्रिशूली**–(ना०) एक प्रसिद्ध नदी ।

**त्रिसट्ठी**–( वि० ) साठी र तीनको जोडमा हुने अङ्क ।

**त्रिसाला**–(ना०) तीन वर्ष हद राखी गरेको काम ।

**त्रिहत्तर**–(वि०) सत्तरी र तीनका योगसङ्ख्याको ।

**त्रुटि**–(ना०) भूल; चूक; कमी ।

**त्रेतायुग**–(ना०) चार युगमध्ये एक ।

**त्रैमासिक**–(वि०) तीन महीनाको ।

**त्रैरासिक**–( ना० ) एक किसिमको हिसाब ।

**त्वचा**–(ना०) छाला; चर्म ।

**त्वारं**·(क्रि० यो·) पानी आदिको धारो खस्ने किसिम ।

# थ

**थ**– देवनागरी वर्णमालाको सत्रौं व्यञ्जनवर्ण, उच्चारणस्थान तालु ।

**थइँ**–(ना० यो०) सँग; सित; साथ ।

**थकथक**–(ना०) पछुताउ; चुकचुकी; पश्चात्ताप ।

**थकथकाइ**–(ना०) थकथकाउने काम ।

**थकथकाउनु**–(स० क्रि०) पछुताउनु; चुकचुकाउनु ।

**थकथकी**–(ना०) थकथक ।

**थकाइ**–(ना०) परिश्रम; ग्लानि ।

**थकाउनु**–(स० क्रि०) थाक्ने गराउनु; ग्रस्त पार्नु ।

**थकान** (ना०) थकावट; थकाइ ।

**थकावट**–(ना०) थकाइ ।

**थकार**–(ना०) 'थ' अक्षर ।

**थकाली**–( ना० ) कुलमा सबभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बूढो; कुलको अगुवा व्यक्ति।

**थकित**–( वि० ) थकाइ लागेको; हैरान; आजित।

**थकुल्लो**–(ना०) रद्दी; बेकम्मा।

**थकुवा**–(वि०) दूध दिन छोडेको; थाकेको (गाई-भैंसी)।

**थकौटो**–( वि० ) थाक्न आँटेको; थकुवा।

**थक्क**–(क्रि० यो०) पछुताउने किसिम। (वि० बो०) पछुताउ बुझाउने शब्द।

**थक्नु**–(स० क्रि०) लट्टा परेको कपाल थाँक्रोले कोर्नु।

**थङ्न्याइ**–(ना०) थङ्न्याउने काम।

**थङ्न्याउनु**–(स० क्रि०) आलटाल गरी ढीला गराउनु।

**थचक्क**–(क्रि० यो०) चाक टेकाएर बस्ने किसिम।

**थचाराइ**–( ना० ) थचार्ने काम वा किसिम।

**थचार्नु**–(अ० क्रि०) थ्याच्च आवाज आउने गरी बसाल्नु; जोडसँग बसाउनु।

**थनरो**–(ना०) कौको एक हतियार। (वि०) सहनशील; जतिभने-गरे पनि नरिसाउने।

**थनौरो**–(ना०) कल्चौंडो; थुनौरो।

**थन्कनु**–( अ० क्रि० ) ठीक ठाउँमा रहनु।

**थन्क्याइ**–(ना०) थन्क्याउने काम।

**थन्क्याउनु**–(स० क्रि०) ठीक ठाउँमा राख्नु।

**थप**–(ना०) थप्ने काम; साबिकभन्दा बढी।

**थपक्क**–(क्रि० यो०) बिस्तारै; सुरक्षापूर्वक काम गर्ने किसिम।

**थपडी**–( ना० ) दुई हत्केला जुधाई आवाज निकाल्ने चाल; ताली।

**थपथपी**–(क्रि० यो०) थपथप राख्ने काम।

**थपना**–(ना०) स्थापना; काम केही नगर्ने अधिकार मात्र लिएको व्यक्ति।

**थपनी**–(ना०) थपिने कुरो; थप्ने काम; थपाइ।

**थपाथप**–(ना०) प्रशस्त थप; अलिअलि थप। (क्रि० यो०) थपथपी।

**थपुवा**–( वि० ) थपिएको; बढी। (ना०) फोसा।

**थप्नु**–(स० कि०) थप गर्नु; भएमाथि अरू बढाउनु।

**थप्पड**–(ना०) लबटाको प्रहार।

**थमौती**–(ना०) जहाँको तहीं रहने काम; थामिने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**थम्बा**-(ना०) केराको खम्बा; केराको स्तम्भ ।

**थर**-(ना०) कुल-परम्परादेखि चलेको नाम; उपनाम ।

**थरक**-(ना०) सुस्ताउने वा थकाइ मार्ने काम ।

**थरघर**-(ना०) थर र घर; जग्गा नाप्ने कारिन्दा; डङ्गोलको नाइके ।

**थरथर**-(क्रि० यो०) डर, जाडो वा रोगले काम्ने किसिम ।

**थरथराइ**-(ना०) थरथराउने किसिम वा काम ।

**थरथराउनु** (अ० क्रि०) काँप्नु; थर-थरी हल्लनु ।

**थरहरी**-(वि०) आपत्ति वा आशङ्काले कामेको ।

**थरी**-(वि०) एक प्रकारको । (ना०) गाउँको एक किसिमको कर्मचारी ।

**थरुनी**-(ना०) थारु जातिकी स्त्री ।

**थर्कनु**-(अ० क्रि०) हल्लनु; थरहरी हुनु ।

**थर्कमान**-(वि०) एकदम आत्तिएको ।

**थर्काइ**-(ना०) थर्काउने काम वा किसिम ।

**थर्की**-(ना०) पासा खेल्दा गोटी चाल्ने रङ्गीचङ्गी चारकुने खण्ड परेको कपडाको साधन ।

**थर्पु**-(ना०) सडकका किनारको हिउँदे पसल वा छाप्रो ।

**थर्मस**-(ना०) भित्र हालेका वस्तुको तातो वा चिसोपन धेरै समय अड्ने एक किसिमको भाँडो ।

**थर्मामीटर**-(ना०) ज्वर वा गर्मीको तापमान नाप्ने यन्त्र; डिग्री ।

**थर्र**-(क्रि० यो०) डरले काँप्ने किसिम ।

**थल**-(ना०) जमीन; स्थलभूमि ।

**थलकमल**-(ना०) सुगन्धी फूल फुल्ने एक जातको रूख ।

**थलथल** (क्रि० यो०) ज्यादै हिलो वा गिलो हुने किसिम; शरीरका लुँदा-हरू हल्लने किसिम ।

**थलथले**-(वि०) गीलो वस्तु हल्लने किसिम ।

**थला**-(ना०) बिरामीको ओछ्यान; रोगशैय्या; पथरा ।

**थलिनु**-(अ० क्रि०) थला पर्नु; धेरै बिरामी हुनु ।

**थलिया**-(ना०) थाली, सानो थाल ।

**थलो**-(ना०) बस्ती बस्नलायक उँचो ठाउँको समथर भूमि ।

**थलो**-(ना०) पहिलेदेखि बसेको ठाउँ;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



थात ।

**थसुल्लो**–( वि० ) भद्दा; मोटो; कुरूप ।

**थस्स्याइ**–(ना०) थस्स्याउने किसिम ।

**थस्स्याउनु** (स० क्रि०) बेवास्तासँग राख्नु । (अ० क्रि०) दिसा गर्नु ।

**थाँक्रो**–( ना० ) काँक्रा, घिरौंला आदिका लहरा चढाउने झिक्रे बाँस वा रूख; कपाल थक्रने कूची ।

**थाउलो**–( ना० ) जमीनको सानो टुक्रो; थोरै जमीन ।

**थाक्नु**–(अ० क्रि०) परिश्रमले लस्त हुनु ।

**थाक्से**–( ना० ) तिब्बततिरको एक जाति ।

**थाङ्ग्रो**–( ना० ) थाँक्राको बीचमा मकैको ढुत्ता आदि हाली बनाएको कुनिउँ ।

**थाङ्ने**–(वि०) फाटेको, च्यातिएको लुगा लाउने; रद्दी; जुम्सो ।

**थाङ्नो**–(ना०) पुराना लुगा वा त्यस्ता लुगाको बिछ्यौना । (वि०) थाङ्ने; थोत्रो ।

**थात**–(ना०) बस्ने ठाउँ वा वतन ।

**थातथलो**–(ना०) बस्नका निम्तिको ठाउँ; घरद्वार ।

**थातबास**–(ना०) थातथलो ।

**थाती**–( ना० ) धरौटी; जमानत; नासो; जगेरा ।

**थान**–( ना० ) देव-देवीको मन्दिर; कपडाको सिङ्गो फर्दा; गोटा; अदत ।

**थाना**–(ना०) पुलिस चौकी; पुलिस-अड्डा; ठाना ।

**थानेदार**–(ना०) थानाको हाकिम ।

**थान्को**–(ना०) ठीक ठाउँमा यत्नसँग राख्ने काम; टुङ्गो लाउने काम ।

**थान्कोमान्को**–( ना० ) हिफाजतसँग राख्ने काम ।

**थापना**–(ना०) देवताहरू थाप्ने काम । (वि०) थापेको ।

**थापाथाप**–(ना०) तँछाडमछाड गरी परस्परमा थाप्ने काम ।

**थापित**–(ना०) थापना गरिएको; कसैले राखेको ।

**थाप्नु**–(स० क्रि०) थापना गर्नु; लिन भाँडो वा हात पसार्नु ।

**थाप्रो**–(ना०) गोबर, विष्टा आदिको थुप्रो; थासो ।

**थाप्लो**–( वि० ) टाउको; शिर; माथा; खप्पर ।

**थाम**–(ना०) खम्बा; खामो; स्तम्भ ।

**थामखट्टे**–(वि०) सुनिएर थामजस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खुट्टो हुने ।
**थामथुम**–(ना०) चित्त बुझाउने काम; केही बेर अरूलाई धैर्य दिई रोक्ने काम ।
**थाम्नु**–(स० क्रि०) रोकथाम गर्नु; रोक्नु; छेक्नु ।
**थाम्मरथुम्मर**–(वि०) मोटोघाटो ।
**थारी**–(वि०) छोराछोरी नपाउने; बैली ।
**थारु**–(ना०) मदेसमा बस्ने एक जाति ।
**थारो**–(ना०) बाँझो; सरकारी रोक्काको चिह्न । (वि०) नबियाएको; दूध नदिने (पशु) ।
**थाल**–(ना०) खाना खाने ठूलो, वाटुलो र विट भएको भाँडो ।
**थालनी**–(ना०) थाल्नी ।
**थाली**–(ना०) सानो थाल; थालजस्तो सानो भाँडो ।
**थाल्नी**–(ना०) आरम्भ; खेवारा ।
**थासे**–(वि०) मोटो र भद्दा शरीर भएकी; ठूलो नितम्ब भएकी (स्त्री) ।
**थासो** (ना०) विष्ठा आदिको थुप्रो ।
**थाहा**–(ना०) ज्ञान; जानकारी ।
**थिएटर**–(ना०) नाटक; ठेटर ।
**थिगार**–(ना०) कसर ।
**थिग्रनु**–(ना०) नउत्रीकन पींधमा गएर वस्नु; थिग्रेनी हुनु; छुट्टिनु ।
**थिग्रेनी**–(ना०) पानी आदिको कसर छुट्टिई पींधमा थिग्रेको वस्तु ।
**थिग्रो**–(ना०) थिग्रिएको वस्तु; बचेखुचेको वस्तु; नगद; पूँजी ।
**थिचथाच**–(ना०) थिच्ने काम; बेवास्तासँग थिच्ने काम ।
**थिचाइ**–(ना०) थिच्ने काम वा किसिम ।
**थिचीमिची**–(ना०) बेसरी थिच्ने र मिच्ने काम ।
**थिचोमिचो**–(ना०) थिचाइ र मिचाइ; जोरजुलुम; अत्याचार ।
**थिचाहा**–(वि०) थिचोमिचो गर्ने ।
**थिच्नु**–(स० क्रि०) धूलो हुने गरी कुट्नु; अचेट्नु; दबाउनु ।
**थितिरीति**–(ना०) परम्परागत रीतिरिवाज; रीतिस्थिति ।
**थिर**–(वि०) स्थिर; अचल; नडग्ने; नसर्ने ।
**थिरी**–(ना०) केटाकेटीको उभ्याइ ।
**थिलथिलो**–(वि०) थिचोमिचो भएर वा थाकेर शिथिल भएको ।
**थिलथिल्याइ**–(स० क्रि०) थिलथिलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पार्ने काम ।

थिलथिल्याउनु–(ना०) थिलथिलो हुने काम गर्नु ।

थुँगे–(वि०) ठूलठूला थुँगा हुने ।

थुँगो–(ना०) फूलको गुच्छो; सिङ्गो फल ।

थुक–(ना०) मुखभित्र रसाउने बाक्लो पानी; र्‍याल ।

थुकथुकी–(ना०) थुक्ने इच्छा हुनु; मुखमा कफको भाग आएर थुकूँ-थुकूँ लाग्नु ।

थुकदानी–(ना०) थुक्ने भाँडो ।

थुकाइ–(ना०) थुक्ने किसिम वा काम ।

थुक्क–(क्रि० यो०) थुक्दाको किसिम ।

थुक्नु–(स० क्रि०) थुक फाल्नु; धिक्कार्नु ।

थुङथुङ्याइ–(ना०) थुङथुङ्याउने किसिम वा काम ।

थुङथुङ्याउनु–(स०क्रि०) ससाना चौटा हुने गरी अचानोमा राखी काट्नु ।

थुङनी–(ना०) अचानु ।

थुङनु–(स० क्रि०) लगातार भनेर छाँसिरहनु वा धम्काइरहनु ।

थुचुक्क–(क्रि० यो०) थ्याच्च; थचक्क ।

थुताइ–(ना०) थुत्ने काम वा किसिम ।

थुतुनु–(ना०) पशुजातिको मुख; मानिसको मुख ।

थुतुने–(वि०) चोथाले; मुखाले ।

थुत्त–(क्रि० यो०) एकदम झिक्ने वा तान्ने किसिम ।

थुत्नु–(स० क्रि०) तान्नु; झिक्नु; थुत्नु ।

थुन–(ना०) दूधको मुन्टो ।

थुना–(ना०) बन्दीगृह; हल्का कैद; अवरोध ।

थुनिलो (ना०) दूध जमेर थुन पाक्ने एक किसिमको रोग ।

थुनुवा–(ना०) थुनिएको; अस्थायी रूपको कैद ।

थुन्नु–(स० क्रि०) कैद गर्नु; उम्कन नपाउने गरी बन्द गर्नु; जान नदिनु ।

थुन्से–(ना०) चोयाले बुनेको डोको-जस्तो प्वाल नभएको भाँडो ।

थुप्रनु–(अ० क्रि०) थुप्रो लाग्नु; जम्मा हुनु ।

थुप्रो–(ना०) रास; डङगुर; समूह ।

थुमथुम्याइ–(ना०) थुमथुम्याउने काम ।

थुमथुम्याउनु–(स० क्रि०) केटाकेटी फुल्याउन बिस्तारै लबटाले हान्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



थुमा–(ना०) भाले भेडो ।

थुम्काथुम्की–( ना० ) सानातिना थुम्काको समुदाय ।

थुम्को–( ना० ) ढिस्कुरो; अग्लो डील; चुली ।

थुय्य–(वि० बो०) कसैलाई निन्दा गरी थुक्दा बोल्ने शब्द ।

थुर–(ना०) रूखमा सुकेको हाँगा ।

थुराइ–(ना०) थुर्ने काम वा किसिम ।

थुरी–(ना०) तानमा लुगा बुन्दा धागो हालेर छिराउने साधन ।

थुर्नु–(क्रि० यो०) हाँगा खसी वा एक्कासि कुनै वस्तुले चोट पर्ने गरी लाग्नु; टोकस्नु; थुङ्नु ।

थुर्पी–(ना०) घिउ झिक्ने सानो डाडु; क्षार खुर्कने एक किसिमको साल ।

थुस्सा–(ना०) थुप्रो; विष्ठाको थुप्रो ।

थुस्स्याउनु–(अ० क्रि०) थुप्रो लाग्ने गरी दिसा गर्नु ।

थूम–( ना० ) जिल्लाको एक सानो इलाका; थुम्को ।

थेगाइ–(ना०) थेग्ने काम वा किसिम ।

थेगो–(ना०) कु^ पा^नि^ले कुरा गर्दा बीच-बीचमा दोहोऱ्याइने निरर्थक शब्द ।

थेग्नु–(स० क्रि०) जिनतिन आखिरी अवस्थामा पुग्नु; जसरीतसरी पूरा गर्नु ।

थेचरो–( वि० ) जति भने पनि नलाग्ने; थत्तरो ।

थेप्चे–(वि०) थ्याच्च परेको; थेप्चो ।

थेप्चो–(वि०) थ्याच्च परेको; चेप्टो ।

थेबे–(ना०) आँप आदिको टुक्रा थिची वा कोरेसोमा कोरी बनाइएको चटनी ।

थैथै–(ना०) नानीलाई खेलाउँदा वा उभ्याउन खोज्दा भनिने शब्द; रमाएर जीउ हल्लाउने चाल ।

थैली–(ना०) बन्द गर्न हुने सानो झोली; साहूको धन; पूँजी; मूलधन ।

थोक–(ना०) किसिम; प्रकार; थरी ।

थोते–(वि०) दाँत खसेको वा नभएको; थोतो ।

थोतो–(वि०) दाँत नभएको ।

थोत्रिनु–( अ० क्रि० ) पुरानो हुनु; बूढो हुनु; कुत्रिनु ।

थोत्रोमोत्रो–( वि० ) फाटेटुटेको; पुरानोफाटो ।

थोपर–(ना०) थोपर्ने काम ।

थोपरथापर–( ना० ) जसरीतसरी थोपर्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**थोपर्नु**–(स० क्रि०) एकमाथि अर्को लगाउनु वा टाँस्नु ।

**थोपाथोपी**–(ना०) साना-ठूला थोपाको समूह ।

**थोपो**–(ना०) एक पटकमा टप्कने पानी आदि ।

**थोप्लाथोप्ली**–(ना०) साना र ठूला थोपाहरूको समूह ।

**थोप्ली**–(ना०) सानो थोप्लो; टीकी वा बिन्दु ।

**थोप्लो**–(ना०) थोपो; बिन्दु; पानी आदिको ठूलो थोपो ।

**थोर**–(वि०) थोरै; कम ।

**थोरै**–(वि०) कम; अलिकति ।

**थ्याच्च**–(क्रि० यो०) थचक्क ।

**थ्याप्प**–(क्रि० यो०) थोपर्ने किसिम ।

# द्

**द**– देवनागरी वर्णमालाको अठारौं व्यञ्जनवर्ण, उच्चारणस्थान दन्त ।

**दँजाइ**–(ना०) दाँज्ने किसिम ।

**दँतार**–(ना०) लामा ठूला दाह्रा भएको हात्ती । (वि०) लामा र ठूला दाँत हुने; दाह्रे; धुतार ।

**दँतुली**–(ना०) दाँत तलतिर फर्केकी ढोई; लकुना ।

**दँसो**–(ना०) थोरै; लेश; कम मात्र ।

**दँहेरो**–(ना०) दाइँ गर्ने खेतालो ।

**दकार**–(ना०) 'द' अक्षर ।

**दक्खिन**–(ना०) उत्तरसोझीको दिशा; दक्षिण ।

**दक्ष**–(वि०) निपुण; कुशल; सिपालु; जान्ने ।

**दक्षता**–(ना०) दक्ष हुनाको भाव ।

**दक्षिण**–(ना०) दक्खिन; दाहिने । (वि०) अनुकूल ।

**दक्षिणा**–(ना०) भेटी; पाठ-पूजा आदिमा ब्राह्मणलाई दिइने रुपियाँ-पैसा ।

**दक्षिणायन**–(ना०) श्रावण सङ्क्रान्तिदेखि पौष मसान्तसम्म सूर्य दक्षिणतिर लाग्ने छ महीनाको समय ।

**दखल**–(ना०) कब्जा; अधिकार; प्रवेश; ज्ञान ।

**दगलफसल**–(ना०) बाझाबाझ; दङ्गा; फैझगडा ।

**दगल्चिनु**–(अ० क्रि०) दगल्चो हुनु; राम्ररी पुरा नहुनु; धेरथोर हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दगल्चो–(वि०) अपूरो; अधकल्चो ।
दगल्च्याइ–(ना०) दगल्चिने किसिम वा काम ।
दगा–(ना०) छल; कपट; रिस; ईर्वी ।
दगावाज–(वि०) दगा गर्ने; धोखेवाज ।
दगुराइ–(ना०) दगुर्ने किसिम वा काम ।
दगुरादगुर–(ना०) यताउति दगुर्ने काम ।
दगुर्नु–(स० क्रि०) चांडो हिंड्नु; कुद्नु; भाग्नु ।
दग्ध–(वि०) डढेको; जलेको ।
दग्नु–(अ० क्रि०) तोप, बन्दूक आदिले ताक्नु ।
दङ–(ना०) खुशी; दङ्ग ।
दङदङ–(क्रि० यो०) खुट्टा बजारेर हिंड्दा शब्द आउने किसिम ।
दङदास–(वि०) दङ परेको; खूब खुशी भएको ।
दङ्ग–(ना०) दंङ्ग; तोप पड्कँदाको किसिम ।
दङ्गल–(ना०) दङ्गा भएको ठाउ; धेरै मानिसको भीड; कठिन स्थितिको अनुभव ।

दङ्गा–(ना०) झगडा; कलह ।
दङ्ग्याइ–(ना०) दङग्याउने किसिम ।
दङ्ग्याउनु–(स० क्रि०) फुरफुर्याउनु; रिझाउनु; खुशी पार्नु ।
दच्कनु–(अ० क्रि०) तर्सनु; झस्कनु ।
दच्काइ–(ना०) दच्कने काम वा किसिम ।
दछिना–(ना०) दक्षिणा ।
दण्ड–(ना०) अपराधीलाई गरिने सजाय; हर्जाना; लट्ठी; डाँठ ।
दण्डक–(ना०) एक किसिमको गद्य कविता ।
दण्डकुण्ड–(ना०) दण्डसजाय; जरीवाना ।
दण्डनीय–(वि०) दण्ड दिन योग्य; सजाय गर्न लायक ।
दण्डपेलाइ–(ना०) व्यायाम; कसरत ।
दण्डवत्–(ना०) ढोग्ने काम; साष्टाङ्ग प्रमाण ।
दण्डित–(वि०) दण्ड दिइएको; सजाय पाएको ।
दण्डी (ना०) डाँडी; फलाम वा काठको सानो लौरो; संन्यासीको एक सम्प्रदाय । (वि०) दण्ड लिने ।
दण्डीबियो–(ना०) दण्डी र बियोद्वारा खेल्ने केटाकेटीको एक खेल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**दतिवन**–( ना० ) दांत सफा गर्ने काठको टुक्रो ।

**ददा**–(ना०) केटाकेटीको हेरचाह गर्न राखिएको व्यक्ति; धरालो ।

**दनक**–(ना०) कुटाइको चोट; प्रहार; हिर्काइ ।

**दनदन**–(क्रि० यो०) आगो बल्दाको किसिम; ह्वारह्वार ।

**दनदनाइ**–(ना०) दनदनाउने काम वा किसिम ।

**दनदनाउँदो**–( वि० ) उज्ज्वल; तेजिलो; बल्दो ।

**दनदनाउनु**–( अ० क्रि० ) ह्वारह्वार बल्नु; खूब तेजस्वी हुनु; चढ्दोबढ्दो हुनु ।

**दनादन**–( क्रि० यो० ) दनदन शब्द आउने किसिम; फूर्तिसाथ कुनै काम गर्ने किसिम ।

**दनासो**–( ना० ) गिजा; दाँत रहने ठाउँ ।

**दनुवार**–(ना०) पहाडी प्रदेशमा बस्ने नेपालको एक जाति ।

**दनेउरो**–(ना०) सोक्रो आकारको एक किसिमको सानो सेल ।

**दन्कनु**–(अ० क्रि०) खूबसित आगो बल्नु; दनदनाउनु ।

**दन्काइ**–(ना०) दन्कने किसिम वा काम ।

**दन्त**–(ना०) दाँत ।

**दन्तद्वारी**–( ना० ) अघिल्लो दाँतको बीचमा परेको छिद्र ।

**दन्तबझान**–(ना०) दाँतसमेत बज्ने गरी बोलेर गरेको झगडा; बाझाबाझ ।

**दन्तीस**–(ना०) दाँतको औषधी गर्ने चिकित्सक ।

**दन्ते**–(वि०) दाँतको ।

**दन्त्यकथा**–(ना०) काल्पनिक कथा; सुन्ने कथा ।

**दपेटा**–(ना०) लखेटाइ; धम्की ।

**दपेटाइ**–( ना० ) दपेट्ने काम वा किसिम ।

**दपेट्नु**–(स० क्रि०) डाँट्नु; छाँस्नु; लखेट्नु ।

**दपोट**–(ना०) अर्काको धनमाल दबाएर आफ्नो अधीन गर्ने काम ।

**दप्कनु**–( अ० क्रि० ) लुकेझैं गर्नु; हच्कनु ।

**दप्की**–(ना०) हप्की; धम्की; दपेटा ।

**दफा**–(ना०) लेख वा उक्तिको एक अंश; अनुच्छेद; कण्डिका; धारा । (ना० यो०) पटक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दफे-( संयो० ) फेरि; अरू । (ना० यो०) पटक ।

दबदब-(क्रि० यो०) धेरै लेसाइलो वा हिलो भएर हल्लने किसिम; थल-थल ।

दबदबा-( ना० ) चकचकी; बढि-बढाउ ।

दबदबाउँदो-( वि० ) झोल-चोक्टा नछुट्टिएको; दबदब परेको ।

दबदबाउनु-(स० क्रि०) दबदब हुनु; चकचकी हुनु; बढ्दोचढ्दो हुनु ।

दबदबे-(वि०) दबदब परेको; दब-दबाउँदो ।

दबाइ-(ना०) दब्ने किसिम ।

दबाउ-(ना०) दबाउने वा च्याप्ने काम; ऐंच ।

दबाउनु-(स० क्रि०) ऐंचनु; थिच्नु; छिपाउनु; लुकाउनु ।

दब्नु-(अ० क्रि०) थिचिनु; लुक्नु; लत्रनु; ढाकछोपमा पर्नु ।

दम-(ना०) रोग वा श्रमले छिटछिटो चलेको सास; कमानी कस्नु; शक्ति; तागत; दण्ड; सजाय; यन्त्रको हावा; दमन क्रिया ।

दमक-( ना० ) तेज; चमचमाहट; दम्को ।

दमकल-(ना०) आगो निभाउने यन्त्र; वारुणयन्त्र ।

दमचूल्हो-(ना०) गोल, कोइला, भूस आदि बाल्ने चूल्हो; दम दिएर बाल्ने चूल्हो ।

दमडी-(ना०) एक पैसाको चौथाइ मूल्यको पुरानो सिक्का; चुनदाम ।

दमन-(ना०) दबाउ; दबाउने काम; दम ।

दमपच-(ना०) कसैको माल लिएर नफर्काउने काम वा त्यस्तो चाल ।

दमिनी-(ना०) दमाईंकी स्त्री ।

दम्कनु-(अ० क्रि०) दप्कनु ।

दम्को-(ना०) पैतलामा पर्ने हिंडाइको तोड ।

दम्पती-(ना०) जोई र पोइ; लोग्ने-स्वास्नीको जोडी ।

दम्भ-(ना०) शेखी; घमन्ड ।

दयनीय-(वि०) दया गर्न योग्य ।

दया-(ना०) अरूको दुःखमा दुःखी भै उद्धार गर्ने भाव; कृपा; माया; सहानुभूति ।

दयालु-(वि०) दया भएको; दया-वान् ।

दयावान्-(वि०) दयालु ।

दर-(ना०) भाउ; रेट; तीजको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आघल्लो दिन बेलुका आइमाईहरूले खाने विशेष खानेकुरा ।

**दरकार**–(वि०) आवश्यक; जरूरी । (ना०) आवश्यकता ।

**दरखन्याइ**–(ना०) दरखन्याउने काम वा किसिम ।

**दरखन्याउनु**–( स० क्रि० ) पाछ्नु; चहन्याउनु; कोर्नु ।

**दरखास्त**–(ना०) कुनै कामका निम्ति लेखेर दिइने पत्र; निवेदनपत्र ।

**दरगाह**–(ना०) पुनर्जन्म; परलोक ।

**दरबान**–(ना०) सिपाही; ढोकापाले ।

**दरबार**–(ना०) राजमहल; भवन; महल; राजा र भारदार बसेको ठूलो सभा ।

**दरबारिया**–(वि०) दरबारसम्बन्धी; दरबारजस्तो; दरबारमा काम गर्ने; दरबारी ।

**दरबारी**–(वि०) दरबारिया ।

**दरफन्याइ**–(ना०) दरफन्याउने काम वा किसिम ।

**दरफन्याउनु**–( अ० क्रि० ) जीउमा यत्रतत्र कोर्नु ।

**दरसाबिक**–( ना० ) साबिकभन्दा अघिको कुरो ।

**दरसुको**–(वि०) राम्ररी नसुकेको; अलि-अलि सुकेको ।

**दराज**–(ना०) आलमारी; तखता ।

**दरिद्र**–( वि० ) निर्धन; गरीब; कङ्गाल ।

**दरी**–(ना०) बिछ्याउना; सतरञ्जा ।

**दर्कनु**–(अ० क्रि०) खूब तेजसँग पानी पर्नु; झम्कनु ।

**दर्को**-(ना०) परेको पानीको धारा; वृष्टिको वेग ।

**दर्जन**–(ना०) बाह्र गोटाको समूह ।

**दर्जा**–(ना०) पद; ओहदा; श्रेणी; स्तर; कक्षा ।

**दर्जी**–(ना०) सूचीकार ।

**दर्ता**–(ना०) दर्ने काम; दराइ ।

**दर्द**–(ना०) पीडा; वेदना; व्यथा; क्लेश; दुःख ।

**दर्नु**–(स० ना०) दर्ता गर्नु; टाँक्नु; ठेक्नु ।

**दर्प**–(ना०) घमन्ड; गर्व; अभिमान ।

**दर्पण**–(ना०) ऐना ।

**दर्बार**–(ना०) डोलीमा मानिस सुत्ने झोलुङ्गोजस्तो कपडा ।

**दर्बिलो**-( वि० ) दह्रो; ठर्रो; मजबूत ।

**दर्शक**–(वि०) देख्ने; हेर्ने; तमासे ।

**दर्शन**–(ना०) देख्ने वा हेर्ने काम;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एक विद्या; बुद्धि; ढोंग।

दर्शनी–(ना०) दर्शनका निम्तिको भेट।

दर्शनीय–(वि०) दर्शन गर्नुपर्ने; हेर्नुपर्ने।

दर्शाउनु–(स० क्रि०) प्रकट गराउनु; फल्काउनु।

दल–(ना०) सेनाको एक विभाग; जमात; फूलको पत्ती।

दलान–(ना०) खुला गरी बनाएको छिँडी।

दलाल–(ना०) किन्ने र बेच्नेको कुरा मिलाई बीचमा नाफा खाने व्यक्ति।

दलाली–(ना०) दलालको काम वा पेशा; त्यसबाट हुने लाभ।

दलित–(वि०) पतित; दलिएको।

दलिन–(ना०) घरको चोटा अडचाउन लामो तेर्सो काठ।

दलेल–(ना०) कवाजको अभ्यास।

दलेली–(ना०) रफत; शिक्षा; तालीम।

दल्नु–(स० क्रि०) दाल आदि अन्न दुई फ्याक हुने गरी जाँतोमा पिंध्नु; रगट्नु; मल्नु; लदाउनु।

दश–(त्रि०) नौ र एक।

दशमी–(ना०) दशौं तिथि।

दशकर्म–(ना०) गर्भाधानदेखि विवाहसम्मका द्विजातिका संस्कार।

दशदान–(ना०) प्राय: मर्ने वेला गरिने दश वस्तुहरूको दान (गाई, तिल, सुन, भूमि, घिउ, कपडा, चाँदी, नून, सखर र फलाम)।

दशहरा–(ना०) ज्येष्ठ शुक्ल दशमी; गङ्गादशमी।

दशा–(ना०) अवस्था; हालत।

दशाहा–(ना०) दश दिन आसौच लाग्ने बन्धुवर्ग।

दशैं–(ना०) दसैं।

दस–(वि०) दस।

दसदिने–(वि०) दस रात सूतक लाग्ने (बन्धु)।

दसी–(ना०) प्रमाणस्वरूप बरामद भएको चोरीको माल; सबूत; साक्षी।

दसैं–(ना०) आश्विन शुक्ल दशमी; विजयादशमी; आश्विन शुक्ल सप्तमीदेखि दशमीसम्म मनाइने प्रसिद्ध चाड।

दसौंद–(ना०) सयकडा दसका दरले लाग्ने ब्याज; दस खण्डको एक खण्ड।

दसौंदी–(वि०) दसौंद दरको; दस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भागको एक भागको ।

**दस्तकारी**–( ना० ) हातको काली-गडी ।

**दस्खत**–(ना०) सही; हस्ताक्षर ।

**दस्तखत**-(ना०) सही; हस्ताक्षर ।

**दस्तूर**-(ना०) रीति; चलन; प्रथा; व्यवहार; दँदस्तुर ।

**दह**–(ना०) पोखरी; नदीमा गहिरो भई एक ठाउँमा जमेको पानी ।

**दहऱ्याइ**-(ना०) दहऱ्याउने किसिम ।

**दहऱ्याउनु**–(स० क्रि०) दरखऱ्याउनु; पाछ्नु ।

**दही**–(ना०) दूध जमाएर बनाइएको खाद्य पदार्थ ।

**दहीठेको**–( ना० ) बिहाहरूमा दही हालेर जन्तमा लाने काठको ठेको ।

**दमाईं**–( ना० ) लुगा सिउने पेशा भएको एक जाति ।

**दमाहा**–( ना० ) दमाईंले बजाउने मझौला किसिमको बाजा ।

**दहिलो**-(ना०) ढोका; द्वार ।

**दह्रो**-(वि०) लुलो नभएको; बलियो; दर्बिलो ।

**दाँज**–( ना० ) तुलना; बराबरी; सादृश्य ।

**दाँजो**–(ना०) दाँज्ने काम ।

**दाँज्नु**–( स० क्रि० ) दृष्टान्त दिनु; तुलना गर्नु ; उपमा दिनु ।

**दाँत**-(ना०) खाने वस्तु चपाउने मुख-भित्रको हाडको अवयव ।

**दाँती**–(ना०) करौंती आदिको दाँत-जस्तो पंक्ति; घेराको छेउ; छानाको छेउ ।

**दाँते**–( वि० ) लामा-लामा दाँत भएको ।

**दाँतेओखर**–(ना०) पातलो बोक्रो र धेरै गुदी हुने असल जातको ओखर।

**दाँदे**-(ना०) धानका बीउको माटो पन्छाउने काँढादार डल्ल्याँठोजस्तो साधन ।

**दाँवल**–( ना० ) बराबरी उमेरका व्यक्ति; दौंतर ।

**दाइँ**–(ना०) गोरुद्वारा अनाजका बोटहरू कुल्चाई अनाज झार्ने काम ।

**दाइ**–(ना०) आफूभन्दा जेठो व्यक्ति; दाज्यू ।

**दाइजो**–(ना०) विवाहमा दुलहीका बाबुले दुलहीलाई दिएर पठाउने धनमाल ।

**दाउ**–(ना०) खेलको नियत सङ्ख्या; मतलब साध्य गर्ने मौका ।

**दाउन**–(ना०) सेल पकाउँदा फुला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उनका लागि हालिने घिउतेल ।

दाउनी–(ना०) दाइँ गर्ने ठाउँ ।

दाउनु–( स० क्रि० ) गोरुलाई हलो तान्न लाउनु ।

दाउपेच–( ना० ) अरूलाई हराउने जुक्ति; छलछाम ।

दाउरा–(ना०) बाल्ने काठ; समिधा ।

दाउरे–(ना०) दाउरा बेचेर जीविका गर्ने; पातलो र अग्लो ।

दाउरो–(वि०) दाउरे; सिट्ठो ।

दाख–(ना०) अङ्गूर; मुनक्का ।

दाखिल–( ना० ) पुग्ने वा आउने काम ।

दाखिला ( वि० ) दाखिल भएको; असूल वा भर्ना भएको ।

दाग–(ना०) पोल्ने काम; टाटो; कलङ्क ।

दागबत्ती–( ना० ) दाह-संस्कारका निम्ति छोरा वा नजीकका नातादारले शवको मुखमा राख्ने बत्ती ।

दागा–(ना०) ईर्ष्या; रिस; इबी; प्रतिशोध ।

दागी–(वि०) दाग भएको; कलङ्कित ।

दाग्नु–( स क्रि० ) आँखा गाड्नु; लक्ष्य गर्नु ।

दाजु–( ना० ) भाइ-भाइमा पहिले जन्मेको व्यक्ति; दाइ ।

दाज्यै–( ना० ) दाज्यूको आदरार्थी शब्द ।

दाढी–(ना०) दाह्री ।

दातव्य–(वि०) दाने; दिनुपर्ने ।

दाता–(ना०) दिने; दानी; उदार ।

दाद–(ना०) छालामा खस्रो र चिलाउने चक्का परेर हुने एक सरुवा रोग ।

दादुरा–(ना०) शीतलाको एक भेद ।

दादै–( क्रि० यो० ) उप्रान्त; अब; आगे ।

दान ( ना० ) आफ्नो हकको धनसम्पत्ति आदि संकल्प गरेर दिने काम; सितैं दिने काम ।

दानदातव्य–(वि०) संकल्प गरेर वा बकस दिइएको ।

दानपात्र–( ना० ) दान दिन योग्य व्यक्ति ।

दानपारमिता–( ना० ) दिने काममा पूर्णता ।

दानधर्म–(ना०) दान र अरू पुण्यका काम ।

दानव–(ना०) कश्यपकी दनु नाम गरेकी पत्नीबाट पैदा भएका सन्तान; राक्षस; असुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दाना–(ना०) अनाजको बीज; बीयाँ; पशुपक्षीको खुराक; अन्न।

दानापानी–(ना०) खानपान; अन्न-पानी।

दानी–(वि०) दान गर्ने; दाता।

दाने–(वि०) दान गर्ने कामको।

दाप–(ना०) खुकुरी, तरवार आदिको खोल; म्यान।

दाप्नु–(स० क्रि०) सताउनु; दुःख दिनु; ग्रस्त गर्नु।

दाबिलो–(ना०) काठ वा धातुको ढिँडो पकाउने पन्यूँ।

दाबी–(ना०) पाउनको लागि जिकिर; अधिकार।

दाब्नु–(स० क्रि०) आङ अँठ्याउनु; गोडा मल्नु।

दाम–(ना०) रुपियाँ-पैसा; मोल; एक पैसाको चौथाई भाग; फुका-दाम।

दामकाम–(ना०) रुपियाँ-पैसाको काम।

दामल–(ना०) ठूलो अपराधीलाई खोप्ने मुड्ने र जन्मकैद समेत गरिने सजाय। (वि०) दौंतर।

दामली–(ना०) पक्रिने प्राणीलाई बाँधिराख्ने एक प्रकारको पासो।

दामासाही–(ना०) भागशान्ति; ति[र्नु]
दिनु पर्नेमा बराबर गरिने भागवण्डा।

दामी–(वि०) धेरै मोल पर्ने।

दामोदर–(ना०) कृष्ण; नारायण।

दाम्रो–(वि०) भित्र गुदी नभएको (फलको कोसा आदि)।

दाम्पत्य–(ना०) पति-पत्नीको सम्बन्ध। (वि०) दम्पतीको।

दाम्लो–(ना०) पशुलाई बाँध्ने डोरी।

दाय–(ना०) अरूलाई दिइने धन; दाइजो; श्रीसम्पत्ति।

दायर–(वि०) चलिरहेको; जारी; बहाल।

दायाँ–(वि०) दाहिने; मिल्दो; सह-योगी।

दायाद–(ना०) कुनै व्यक्तिको मृत्यु पछि उसका सम्पत्तिको अधिकारी हुने व्यक्ति; उत्तराधिकारी।

दार–(ना०) ठेकी आदि बुन्ने बलियो जातको काठ; कद; चेहरा; लत। (प्रत्य०) शब्दका पछाडि लागेर 'युक्त' वा 'भएको' अर्थ बुझाउने शब्द। जस्तो– पानीदार, भुवादार आदि।

दारिम–(ना०) रसदार दाना हुने एक प्रकारको फल; अनार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दारुण-(ना०) कडा; कठोर; कँपाउने; उग्र ।

दार्शनिक-( ना० ) दर्शनशास्त्रको ज्ञाता; दर्शनशास्त्रसम्बन्धी ।

दाल-(ना०) भोजनका निम्ति पन्यालो तिहुन ।

दालचीनी-(ना०) मसलाको रूपमा खाइने एक किसिमको रूखको बोक्रा ।

दावा-(ना०) रोगले वा खान नपाएर पेट सुक्ने चाल; हक; हैकम ।

दास-(ना०) नोकर; कमारो ।

दासी-(ना०) सुसारे; कमारी ।

दाह-(ना०) डाहा; ताप; जलाउने काम ।

दाहिने-(ना०) दायाँतिर; अनुकूल । (क्रि० यो०) दायाँ ।

दाहिनो-(वि०) दाहिने ।

दाह्री-(ना०) खातापाता; गाला र चिउँडातिर उम्रने रउँ ।

दाह्रे-( वि० ) दाँत उछिट्टिएको; दाह्रो भएको ।

दाह्रो-(ना०) एक किसिमको लामो दाँत; हिंस्रक जन्तुको दाँत ।

दिउँसो-(क्रि० यो०) दिनमा; दिउसो ।

दिउरी-(ना०) सानो खालको ताप्के ।

दिउल-(ना०) मास, रहर, केराउ आदिको फल्याँटो ।

दिउस-(क्रि० यो०) दिउँसो ।

दिउसेरो-( ना० ) दिउँसोको रामरउस ।

दिउसो-(क्रि० यो०) दिनमा ।

दिक्-(वि०) दिक्क; हैरान; चिन्ता ।

दिक्कत-(ना०) हैरानी; मुश्किल ।

दिक्दार-( वि० ) दुःखित; खिन्न; चिन्तित ।

दिक्दारी-( ना० ) दिक्क; शोक; मनको पीर ।

दिक्पाल-(ना०) दिशाको मालिक वा रक्षक ।

दिगमिगाउनु-(स० क्रि०) दिगमिग गर्नु; दिगमिग लाग्नु ।

दिगमिगी-(ना०) सिकसिको; घीन ।

दिगम्बर-( वि० ) नाङ्गो; निकै ठूलो; तिघ्रे ।

दिगो-(वि०) धेरै दिनसम्म रहने; चिरस्थायी ।

दिग्विजय-( ना० ) सबैलाई जित्ने काम ।

दिज्यू-(ना०) दिदीलाई सम्मानपूर्वक भनिने शब्द ।

दिति-(ना०) दैत्यहरूकी आमा ।

दिदी-( ना० ) आफूभन्दा पहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जन्मेकी स्त्री ।

**दिन**–( ना० ) घाम लागेदेखि सांझसम्मको समय; मिति ।

**दिनकटनी**-( ना० ) दिन बियाँल्ने मेलो; अनिश्चित काम ।

**दिनदशा**–(ना०) दुर्दशा ।

**दिनदिन**–(क्रि० यो०) प्रतिदिन ।

**दिनरात**–( क्रि० यो० ) सधैंजसो; अहोरात्र ।

**दिनहुँ**–(क्रि० यो०) दिनदिन; प्रतिदिन ।

**दिनाई**–(ना०) प्रायः काछमा आउने एक प्रकारको लूतो वा दाद ।

**दिनाङ्क**–(ना०) मितिः; तारीख ।

**दिनैपिच्छे**–(क्रि० यो०) दिनहुँ; प्रतिदिन ।

**दिमाग**–(ना०) गिदी; मस्तिष्क; घमन्ड; तुजुक ।

**दिमागदार**–(वि०) दिमाग भएको; समझदार; घमन्डी ।

**दिमागी**–( वि० ) दिमागसम्बन्धी; घमन्डी ।

**दियाइ**-(ना०) दिलाइ; दिने काम ।

**दियालेकाठ**–(ना०) खोटेसल्लो ।

**दियालो**–(ना०) खोटेसल्लाको काठ वा चुरो ।

**दियासलाई**–(ना०) सलाई ।

**दियो**–(ना०) तिल, तोरी आदिको तेल हाली बत्ती बाल्ने धातु वा माटाको सानो भाँडो; दीपदानी ।

**दिल**–( ना० ) मन; चित्त; अन्तःकरण ।

**दिलचस्प**–( वि० ) मनपर्दो; मनोरञ्जक; मनोहर ।

**दिलचस्पी**-(ना०) अभिरुचि; इच्छा ।

**दिलदार**–( वि० ) दाता; रसिक; मनकारी ।

**दिलबहलाउ**–( ना० ) लहडबाजी; आमोदप्रमोद ।

**दिलबहार**–(ना०) दिलबहलाउ ।

**दिलाइ**–(ना०) दिलाउने काम ।

**दिलाउनु**–(स० क्रि०) दिन लाउनु; अरूद्वार पाउने गराउनु ।

**दिलासा**–(ना०) सान्त्वना; आड; भरोसा ।

**दिलोज्यान**–( ना० ) सकेसम्मको प्रयत्न; तनमन ।

**दिल्लगी**–(ना०) मन बहलाउने वा हँसाउने कुरो; ख्यालठट्टा; हँस्सी ।

**दिल्लगीबाज**–( ना० ) हँसी-दिल्लगी गर्ने व्यक्ति ।

**दिल्ली**–(ना०) भारत देशको राज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



धानी; डिल्ली ।
दिवङ्गत–(वि०) स्वर्गवास भएको; स्वर्गीय ।
दिवस–( ना० ) दिन; दिउँसोको समय; वासर ।
दिवा–(ना०) दिन; दिवस ।
दिवाला–( ना० ) टाट उल्टेको अवस्था ।
दिवालिया–(वि०) टाट पल्टेको ।
दिवास्वप्न–(ना०) दिउँसै स्वप्न देख्नु; असम्भव कल्पना ।
दिव्य–(वि०) स्वर्गीय; उत्तम ।
दिव्यचक्षु–(ना०) गुप्त वा अदृश्य वस्तु देख्न सक्ने आँखा ।
दिव्यरत्न–(ना०) मनले चिताएको कुरा पुऱ्याउने कल्पित मणि ।
दिशा–( ना० ) तिर; तर्फ; पूर्व, पश्चिम, उत्तर र दक्षिण ।
दिसा–(ना०) झाडा; विष्ठा; गुरु ।
दीक्षक–(ना०) दीक्षा दिने गुरु ।
दीक्षा–(ना०) गुरु वा आचार्यबाट दिइने मन्त्र; यज्ञको अनुष्ठान ।
दीक्षित–(वि०) दीक्षा प्राप्त गरेको; दीक्षा लिएको ।
दीठ–(ना०) दृष्टि; हेराइ; आँखा ।
दीन–(वि०) दुःखी; निर्धन; दयनीय ।
दीनता–(ना०) दीन हुनाको भाव ।
दीनदयालु–( वि० ) दीन-दुःखीलाई दया गर्ने । (ना०) परमेश्वर ।
दीननाथ–(ना०) दुःखीहरूका रक्षक; ईश्वर ।
दीप–(ना०) बत्ती; उज्यालो ।
दीपक–( ना० ) दीप; बत्ती; एक काव्यालङ्कार ।
दीपमालिका–(ना०) दीपावली ।
दीपावली–( ना० ) बत्तीको पङ्क्ति; तिहारको चाड ।
दीप्ति–(ना०) चमक; कान्ति; शोभा ।
दीर्घ–(वि०) लम्बा; लामो ।
दीर्घजीवी–(वि०) धेरै समय बाँच्ने; दीर्घायु ।
दीर्घशङ्का–(ना०) दिसा गर्ने काम ।
दीर्घसूत्री–(वि०) काम ढीलोसित गर्ने; जुम्सो ।
दीर्घाइ-(ना०) धेरै दिन बाँच्ने शक्ति; तागत ।
दीर्घाकार–( वि० ) बडेमाको; ठूलो आकारको ।
दीर्घायु–(ना०) लामो आयु । (वि०) लामो आयु भएको ।
दुःख–(ना०) कष्ट; सास्ती; क्लेश;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पीडा; वेदना ।

**दुःखदायक**–(वि०) दुःख दिने; दुःखदायी ।

**दुःखदायी**–(वि०) दुःखदायक ।

**दुःखशान्ति**–(क्रि० यो०) दुःख गरेअनुसार ।

**दुःखित**–(वि०) दुःख पाएको; हैरान; पीडित ।

**दुअन्नी**–(ना०) दुई आनाको सिक्का ।

**दुइ**–(वि०) दुई ।

**दुइखुट्टे**–(वि०) दुईखुट्टा हुने ।

**दुइजिभ्रे**–(वि०) दुइटा जिभ्रो भएको; बोलीको ठेगान नभएको ।

**दुइटा**–(वि०) दुई सङ्ख्यावाला ।

**दुइमुखे**–(वि०) दुइजिभ्रे ।

**दुख**–(ना०) दुःख ।

**दुखजिलो**–(ना०) दुःखसँग जीविका गर्ने काम ।

**दुखाइ**–(ना०) दुखाउने किसिम; दुख्ने किसिम ।

**दुखिया**–(वि०) दुःखी ।

**दुखेसो**-(ना०) मानसिक दुःख; दुःखका कुराहरू ।

**दुख्नु**–(अ० क्रि०) दुःख हुनु; पीडा हुनु ।

**दुगुना**–(वि०) दुई गुना; दोबर ।

**दुगुराइ**–(ना०) दुगुर्ने किसिम ।

**दुगुरादुगुर**–(ना०) दौडादौड; परस्परमा दुगुर्ने काम ।

**दुग्ध**–(ना०) दूध । (वि०) दुहेको ।

**दुङदुङ**–(क्रि० यो०) लट्ठीले वा मुड्कीले बेसरी हान्ने किसिम; त्यसरी हान्दा शब्द आउने किसिम ।

**दुच्छर**–(वि०) मुखाले; दुर्मुखा; दुष्ट स्वभावको ।

**दुदु**–(ना०) बालबोलीमा दूध ।

**दुधालु**–(वि०) धेरै दूध आउने; दुधिलो ।

**दुधिलो**–(ना०) एक किसिमको दूध आउने रूख । (वि०) दूध भएको ।

**दुना**–(ना०) दुगुना; दोबर ।

**दुनाइ**–(ना०) दुनोट; पहाडा ।

**दुनियाँ**–(ना०) सर्वसाधारण जनता; रैती; लोक ।

**दुनियाँदार**–(ना०) प्रजागण; रैती ।

**दुनु**–(ना०) पातले बनाइएको कचौरा; खोचो ।

**दुनोट**–(ना०) दुनाइ ।

**दुपट्टा**–(ना०) दोपट्टा; पछेउरा । (वि०) दुई पत्र भएको (ओढ्ने) ।

**दुविधा**–(ना०) दोधार; द्विविधा ।

**दुब्लाइ**–(ना०) दुब्लाउने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दुब्लाउनु–(अ० क्रि०) शरीरको मासु घट्नु; दुब्लो वा निर्धो हुनु ।

दुब्लो–(वि०) शरीरमा मासु कम भएको; ख्याउटे; सिकटे; निर्धो; निर्बल; कमजोर ।

दुभी–(ना०) छालामा सेतो टाटा हुने एक किसिमको कुष्ठ; पाण्डुरोग ।

दुम–(ना०) पुच्छर ।

दुमो–(ना०) कसैलाई केही अनाज दिंदा घरको सह नजाओस् भनी झिकेर राखेको चीज ।

दुम्बा–(ना०) एक किसिमको भेडो ।

दुम्ची–(ना०) घोडाको पुच्छरमा अड्काइने काठीको भाग ।

दुम्सी–(ना०) जीउभरि टाटा परेको काँढेकाँढा हुने एक जङ्गली जन्तु ।

दुरदुर–(ना०) तिरस्कार वा घीन बुझाउने शब्द ।

दुराचार–(ना०) खराब आचरण; निन्दनीय आचार ।

दुराचारी–(वि०) खराब चालचलन भएको; दुराचार गर्ने ।

दुराशय–(ना०) खराब आशय; नराम्रो अभिप्राय ।

दुराशा–(ना०) पूरा नहुने आशा; खराब इच्छा ।

दुरुस्त–(वि०) सादृश्य; तयार; उस्तै; ठीक ।

दुर्गति–(ना०) खराब गति; दुःख; अपगति ।

दुर्गन्ध–(ना०) नमीठो गन्ध; खराब गन्ध ।

दुर्गम–(वि०) पुग्न वा जान कठिन; बुझ्न धेरै गाह्रो ।

दुर्गा–(ना०) आदि शक्ति; देवी ।

दुर्गुण–(ना०) खराब गुण ।

दुर्गुणी–(वि०) खराब गुण भएको ।

दुर्घटना–(ना०) अकस्मात् भएको शोक वा कष्टपूर्ण घटना; अशुभ घटना ।

दुर्छे–(वि०) दुष्ट; दुर्जन ।

दुर्जन–(वि०) दुष्ट; बदमास; उल्लू ।

दुर्दशा–(ना०) खराब अवस्था; फजिती; नराम्रो हालत ।

दुर्नाम–(ना०) बदनाम; अपजस ।

दुर्नामी–(ना०) दुर्नाम ।

दुर्बल–(वि०) बल नभएको; निर्धो ।

दुर्बुद्धि (वि०) खराब बुद्धि भएको ।

दुर्भाग्य–(ना०) दुःखी कर्म; प्रतिकूल भाग्य ।

दुर्भावना–(ना०) खराब भावना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**दुर्भिक्ष**–(ना०) अन्न दुलभ हुने समय; अकाल; अनिकाल ।

**दुर्भेद्य**–(वि०) मुश्किलसित भेदन गर्न सकिने ।

**दुर्मति**–(वि०) दुष्ट; दुर्जन ।

**दुर्मुख**–(वि०) नराम्रो अनुहारको; कुरूप; मुखाले ।

**दुर्मुखा**–(वि०) बढ़ौटे; मुखाले ।

**दुर्वासा**–(ना०) पुराणकालीन एक ऋषि । (वि०) रिसाहा; क्रोधी ।

**दुर्व्यवस्था**–(ना०) खराब व्यवस्था; कुप्रबन्ध ।

**दुर्व्यवहार**–(ना०) खराब व्यवहार ।

**दुलहाजी**–(ना०) घरज्वाइँ; डोलाजी ।

**दुलही**–(ना०) विवाहकी कन्या; पत्नी; बुहारी ।

**दुलहो**–(ना०) विवाह गर्ने व्यक्ति; पति; वर ।

**दुलो**–(ना०) डौंडारो; सुरुङ; प्वाल ।

**दुलान**–(ना०) नयाँ दुलही ।

**दुवा**–(ना०) पासा, पच्चीस आदि खेलमा दुई पोटको दाउ ।

**दुवाल** (ना०) तेल हाल्ने काठको ठूलो भाँडो ।

**दुवाली**–(ना०) एक किसिमको ढडिया ।

**दुवै**–(क्रि० यो०) दुईवटा नै ।

**दुवो**–(ना०) दण्डीबियोका खेलमा 'दुई'-लाई भन्ने शब्द ।

**दुश्चरित्र**–(वि०) खराब चरित्र भएको; चरित्रहीन ।

**दुश्मन**–(ना०) शत्रु; वैरी ।

**दुश्मनी**–(ना०) मनोमालिन्य; शत्रुता ।

**दुश्शील**–(वि०) खराब स्वभावको ।

**दुष्कर्म**–(ना०) खराब काम ।

**दुष्कर्मी**–(वि०) कुकर्मी; पापी; अपराधी ।

**दुष्ट**–(वि०) अर्कालाई दुःख दिने स्वभावको ।

**दुष्टता**–(ना०) दुष्ट हुनाको भाव ।

**दुष्टचाइँ**–(ना०) दुष्टता; कुकर्म ।

**दुष्प्रकृति**–(ना०) खराब प्रकृति ।

**दुष्प्रवृत्ति**–(ना०) खराब प्रवृत्ति; नराम्रो बानी ।

**दुसाध**–(वि०) दुष्ट; दुर्जन । (ना०) नेपालको तराई क्षेत्रमा बस्ने एक जाति ।

**दुहाइ**–(ना०) दुहुने किसिम वा काम ।

**दुहाई**–(त्रि० बो०) आफ्नो बचाउका निम्ति ठूलो स्वरले अरूलाई बोलाउने शब्द; गुहार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दुहिता–( ना० ) छोरी; विवाहमा दुलहा र दुलहीका शिरमाथि राखी लाजा भुटिने कपडा ।

दुहुनु–(स० क्रि०) कुरा धुत्नु; धागो फुकाउँदा हातले सेप्नु; गाईवस्तुका थुनबाट दूध निकाल्नु ।

दुहुनो–(वि०) दूध दिने; बियाएको; नथाकेको (गाईवस्तु) ।

दूज-(ना०) द्वितीयाका चन्द्रमा ।

दूत–(ना०) खबर ओहोरदोहर गर्ने व्यक्ति; सिपाही ।

दूतावास–(ना०) राजप्रतिनिधि रहने ठाउँ ।

दूती–(ना०) प्रेमी-प्रेमिकाका सन्देश ओसार्ने स्त्री; कुटुनी ।

दूध-(ना०) स्तनबाट निस्केको सेतो पन्यालो पदार्थ; स्तन; रूख वा घाँस-हरूबाट निस्केको सेतो रूोल ।

दूधकटुवा–(वि०) आमाको दूध पूरा खान नपाएको; दूध चाँडै छटेको ।

दूधकेँवरा–( ना० ) एक किसिमको सेतो फूल ।

दूधमुखे–(वि०) आमाको दूध खान छोडिनसकेको; दूधे ।

दूधराज–( ना० ) एक किसिमको धान ।

दूधेभाइ–(ना०) धाई आमाको छोरो; बुबूको छोरो ।

दून–(ना०) आवाद नभएको जमीन; प्रदेश वा ठाउँ ।

दूबो–( ना० ) खास गरी गणेशलाई चढाइने पवित्र मानिएको भइँझार ।

दूर–(क्रि० यो०) टाढा ।

दूरगामी–(वि०) धेरै टाढा जाने ।

दूरदर्शक–( वि० ) टाढासम्म देख्न सक्ने ।

दूरदर्शिता–(ना०) धेरै पछिका कुराको विचार गर्ने शक्ति ।

बूरदर्शी–(वि०) धेरै पछिको विचार गर्ने शक्ति भएको ।

दूरदुहाइ–(ना०) डराएर पर भाग्ने काम; हायलकायल ।

दूरबीन–(ना०) टाढाको वस्तु नजीक देखाउने एक किसिमको यन्त्र ।

दूरी–( ना० ) दुई वस्तुका बीचको स्थान; अन्तर ।

दूषित–(वि०) दोष भएको; दागी; खराब; बिग्रेको ।

दृढ–(वि०) अचल; मजबूत; अडिग; बलियो ।

दृढप्रतिज्ञ–(वि०) आफ्नो प्रतिज्ञामा अटल रहने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दृश्य–(वि०) हेर्न योग्य; दर्शनीय; रमणीय ।

दृष्टान्त–(ना०) उदाहरण; नमूना ।

दृष्टि–(ना०) हेर्ने काम; आँखा; विचार ।

दृष्टिकोण–(ना०) कुनै कुरा विचार गर्ने वा सोच्ने तरीका ।

दृष्टिबन्धक–(ना०) व्याज नबुझाएमा धितो चलन गर्ने गरी राखिएको बन्धकी ।

देउची–(ना०) एक किसिमको पकाउने भाँडो ।

देउता–(ना०) देवता ।

देउती–(ना०) देउताको पोथीरूप ।

देउतीर्थ–(ना०) देउताको मन्दिर भएको ठाउँ ।

देउरानी–(ना०) देवरानी; देवरकी पत्नी ।

देउराली–(ना०) भञ्ज्याङ; पहाडको उकालो सिद्धिने ठाउँ; वनदेवी ।

देउसी–(ना०) कार्तिक शुक्ल प्रतिपदाको दिन बेलुकी गाइने गाथा ।

देउसे–(ना०) देउसी खेल्ने व्यक्ति वा कत्थक ।

देखरेख–(ना०) रेखदेख; हेरविचार ।

देखा–(क्रि० यो०) देखिने ठाउँ; सम्मुख; सामुन्ने ।

देखादेख–(ना०) हेराहेर ।

देखादेखी–(क्रि० यो०) हेर्दाहेर्दै ।

देखान–(ना०) अर्काको दुःख खुशी भएर हेर्ने काम; आफ्नै आँखाले अरूको दुःख देख्नु ।

देखासिकी–(ना०) अनुकरण; नक्कल ।

देखावट–(ना०) देखाउनाको भाव ।

देखावटी–(वि०) देखौवा ।

देखाहा–(ना०) हेर्ने काम; हेर्ने मानिस ।

देखि–(विभ०) पञ्चमी विभक्तिको रूप; बाट ।

देखी–(वि०) देख्न पाइने; निश्चय; पक्का ।

देखौवा–(वि०) देखाउनका लागि मात्रको; आडम्बरी; बोक्रे ।

देख्नु–(अ० क्रि०) विचार गर्नु; ठान्नु; आँखाले प्रत्यक्ष अनुभव गर्नु ।

देन–(ना०) दिनाको क्रिया वा भाव; उघाउनी ।

देब्रे–(वि०) बायाँ; प्रतिकूल ।

देय–(वि०) दिन योग्य; दातव्य ।

देव–(ना०) मालिक; राजा; देवता ।

देवकी–(ना०) वसुदेवकी पत्नी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कृष्णकी आमा ।

देवता-(ना०) स्वर्गमा रहने अमर प्राणी; देव ।

देवतीर्थ-(ना०) देउतीर्थ ।

देवदारु-(ना०) एक किसिमको रूख; सल्लो ।

देवनागरी-(ना०) संस्कृत, नेपाली, हिन्दी आदि भाषा लेखिने लिपि ।

देवभूमि-(ना०) स्वर्ग ।

देवमन्दिर-(ना०) देवस्थान; देवल; मन्दिर ।

देवमाता-(ना०) देवताकी माता; अदिति ।

देवर-(ना०) पोइको भाइ ।

देवरानी-(ना०) देवरकी पत्नी; देउरानी ।

देवर्षि-(ना०) देवताका ऋषि (नारद र पर्वत) ।

देवल-(ना०) देवालय; मन्दिर ।

देवलोक-(ना०) देवभूमि; स्वर्ग ।

देवान-(ना०) मन्त्री; अमात्य ।

देवानी-(वि०) धन-मालसम्बन्धी (मुद्दा) ।

देवालय-(ना०) देवल; मन्दिर ।

देवाली-(ना०) कुल-परम्परादेखि मानिआएका देवतालाई निश्चित समयमा गरिने पूजा ।

देवी-(ना०) देवताको पोथीरूप; विवाहिता स्त्रीका पछि लाग्ने उपपद ।

देश-(ना०) अनेक प्रान्त, शहर र गाउँहरूसहितको विशेष भूभाग ।

देशनिकाला-(ना०) ठूलो अपराधमा अपराधीलाई देशबाट निकाला गर्ने सजाय ।

देशाटन-(ना०) देशदेशावर घुम्नु ।

देशान्तर-(ना०) अर्को देश; विदेश; परदेश; भूगोलको चित्रमा उत्तर-दक्षिण तानिएको कल्पित रेखा ।

देशावर-(ना०) भिन्न-भिन्न देश ।

देह-(ना०) जीउ; शरीर; जीवन ।

देहात-(ना०) शहर नभएको बस्ती; काँठ वा कछाड ।

देहाती-(वि०) देहातमा बस्ने ।

देहान्त-(ना०) मृत्यु ।

देही-(ना०) आत्मा; शरीरधारी ।

दैत्य-(ना०) राक्षस; असुर ।

दैदस्तुर-(ना०) परम्परादेखि चलिआएको रीतिरिवाज वा दस्तूर ।

दैनिक-(वि०) प्रतिदिनको ।

दैनिको-(ना०) दिनदिनको विवरण; डायरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**दैया**–(ना०) हक; दावा ।

**दैयादार**–(वि०) हकदार; अंशियार।

**दैलेठेलो**–( ना० ) ढोकाको टेक्ने ठाउँ ।

**दैलो**–(ना०) ढोका; द्वार ।

**दैवात**–( ना० ) अपझ्टमा परेको घटना; दैवी घटना ।

**दैत्री**–(ना०) दैवात ।

**दोकला**–(ना०) दुई जना; जोईपोइ; दम्पती ।

**दोकान**–(ना०) पसल; कोठी ।

**दोकानदार**–( ना० ) कोठीवाल; पसले ।

**दोख**–(ना०) ज्वर बिग्रेर हुने एक किसिमको रोग; एक प्रकारको सन्निपात ।

**दोखी**–(वि०) अभागी; प्रारब्धहीन।

**दोचा**–(ना०) घुँडासम्म आउने एक किसिमको ऊनी जुत्ता ।

**दोछायाँ**–(ना०) उज्यालो र अँध्यारोको मिलन; स्पष्ट नदेखिने गरी परेको छाया ।

**दोजाई**–(वि०) दोजिया; गर्भवती ।

**दोजिया**–(वि०) गर्भिणी; गर्भवती ।

**दोटा**–(वि०) दुइटा ।

**दोठ्याङ**–(ना०) दोधार; यो गरूँ कि त्यो गरूँ हुनु; राय बाऊनु ।

**दोदन्त**–(वि०) दुइटा दाँत भएको ।

**दोधार**-(ना०) बीच; संशय; सन्देह।

**दोधारे**–( वि० ) दुईतिर ढल्केको; बीचको; निश्चय भएको ।

**दोपट्टा**–(ना०) दुपट्टा ।

**दोपहर**–(ना०) दोस्रो प्रहर; मध्याह्न; दिनको मध्य भाग ।

**दोपाया**–(वि०) दुइटा खुट्टाले हिंड्ने; दुइखुट्टे ।

**दोबर**-(वि०) डबल; दुई गुना ।

**दोबरी**–(वि०) दुई तह भएको ।

**दोबाच**–(ना०) दण्डीबियोका खेलको एक दाउ ।

**दोबाटे**–(वि०) दोबाटोमा बस्ने ।

**दोबाटो**-(ना०) दुइटा बाटो जोरिएको ठाउँ ।

**दोब्याउनु**–(स० क्रि०) दोबरी गराउनु; डबल पार्नु ।

**दोभान**–(ना०) दुई नदी मिसिएको ठाउँ; दुई नदीको सङ्गमस्थल ।

**दोभासे** (वि०) दुई भाषा जान्ने; दुई भाषाको ज्ञाता; यताउँता दुवैतिर सम्बन्ध राख्ने ।

**दोमन**–( ना० ) दोधार; मनको तर्कना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**दोमने**–(वि०) दोधारमा परेको ।

**दोमासे**–(वि०) यता पनि उता पनि सम्बन्ध राख्ने; दुवैतिर सम्पर्क जोड्ने ।

**दोयम**–(वि०) दोस्रो श्रेणीको (जग्गा-जमीन) ।

**दोरङ्गा**–(वि०) दुई रङ्ग भएको ।

**दोलख**–(ना०) वर्णको शिरमा लगाइने मात्रा चिह्न; ऐकार ( ै ) ।

**दोलखकन्ना**–(ना०) दुई लख र कान्दानी; औकार ( ौ ) ।

**दोलाई**–(ना०) पातलो सिरकजस्तो एक किसिमको ओढ्ने ।

**दोष**–(ना०) अवगुण; दाग; कलङ्क ।

**दोषारोपण**–(ना०) दोष लगाउने काम ।

**दोषी**–(वि०) दागी; कलङ्की ।

**दोसल्ला**–(ना०) ऊनीको मूल्यवान् ओढ्ने ।

**दोसाँध**–(ना०) दुई राज्यको भूभाग छुट्ट्याउने साँध; सिमाना ।

**दोस्त**–(ना०) साथी; मित्र ।

**दोस्ती**–(ना०) मित्रता ।

**दोस्रो**–(वि०) पहिलोभन्दा पछिको ।

**दोहा**–(ना०) एक किसिमको छन्द ।

**दोहोरी**–(वि०) विवाहमा जन्तीलाई बेलुका र विहान दुलहीका तर्फबाट खुवाइने (भोजन); दुवैतिरको । (ना०) लिनेदिने दुवैतर्फकाले सही-छाप गरेको कागत ।

**दोहोरे**–(ना०) दुई जनाले एकै चोटि खेलिने पीङको खेल ।

**दोहोलो**–(ना०) फेरि कहिल्यै नगर्ने गरी कायल हुने काम ।

**दौंतर**–(वि०) बराबर उमेरको; उमेरमिल्दो ।

**दौंतरी**–(ना०) उमेरमिल्दो साथी ।

**दौंतेर**–(ना०) समान उमेर; समवयस्क ।

**दौड**–(ना०) दौडने काम; कुदाइ ।

**दौडधूप**–(ना०) कुनै काम फत्ते गर्न यताउति गई प्रयत्न गर्ने काम ।

**दौडनु**–(अ० क्रि०) वेगसँग जानु; कुद्नु; दगुर्नु ।

**दौडादौडी**–(ना०) कुदाकुद; हतार ।

**दौडाहा**–(ना०) आफ्ना मातहतका इलाकाको देखरेखका निम्ति अधिकारीहरू घुम्न जाने काम ।

**दौरा**–(ना०) लबेदा; मयलपोश; यताउता घुम्ने काम; भ्रमण ।

**दौलत**–(ना०) धन; सम्पत्ति; द्रव्य ।

**द्युति**–(ना०) शोभा; कान्ति; छवि;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लावण्य ।
द्युतिमान्–(वि०) द्युति भएको ।
द्यूत–(ना०) जूवा ।
द्योतक–(वि०) प्रकाश पार्ने; प्रकाशक; सूचक ।
द्योतन–(ना०) प्रकाश; सूचना दिने काम; बत्ती ।
द्यौता–(ना०) देउता ।
द्यौरानी–(ना०) देउरानी ।
द्यौराली–(ना०) देउराली ।
द्यौसी–(ना०) देउसी ।
द्यौसे–(ना०) देउसे ।
द्रव–(ना०) पग्लनु; चुहुनु; बग्नु; पन्यालो वस्तु । (वि०) पन्यालो; तरल ।
द्रवीभूत–(वि०) पग्लेको; गलेको; दयालु ।
द्रव्य–(ना०) वस्तु; पदार्थ; धन; सम्पत्ति; अरू माल तयार पार्ने वस्तु ।
द्रव्यपिचास–(वि०) द्रव्यपिशाच ।
द्रव्यपिशाच–(वि०) साह्रै कन्जूस; किरन्टोकी ।
द्रष्टव्य–(वि०) हेर्न लायक; देख्न योग्य; दर्शनीय ।
द्रष्टा–(वि०) हेर्ने; देख्ने; दर्शक ।
द्रुत–(वि०) छिटो; चाँडो; शीघ्र ।
द्रुतगामी–(वि०) छिटो हिँड्ने ।
द्रोणाचल–(ना०) रामायणप्रसिद्ध एक पर्वत ।
द्रोह–(ना०) द्वेष; वैरभाव; शत्रुता ।
द्रौपदी–(ना०) पञ्चपाण्डवकी रानी ।
द्वन्द–(ना०) जोडा; प्रतिद्वन्दी; झगडा ।
द्वन्द्व–(ना०) जोडा; दम्पती; कलह; झगडा; रहस्य ।
द्वन्द्वी–(वि०) जोडा पार्ने; परस्पर विरोधी; झगडालु ।
द्वादशी–(ना०) शुक्ल वा कृष्णपक्षको बाह्रौं तिथि ।
द्वापर–(ना०) चार युगमध्ये तेस्रो युग ।
द्वार–(ना०) दैलो; ढोका; खापा; युक्ति ।
द्वारपाल (ना०) ढोके ।
द्वारा–(विभ०) मार्फत; बाट ।
द्वारिका–(ना०) भारतको एक प्राचीन नगरी; हिन्दूका सात पुरीमध्ये एक; चार-धाममध्ये एक ।
द्वारे–(ना०) गाउँको मुखिया; दरबारिया केटी-सुसारेको नाइकेनी;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ढोके ।

**द्वि**–(वि०) दुई ।

**द्विज**–(ना०) दुई पल्ट जन्मेको प्राणी; फुलबाट पैदा हुने प्राणी; हिन्दूहरूको तागाधारीवर्ग (ब्राह्मण, क्षत्री, वैश्य); ब्राह्मण; चन्द्रमा ।

**द्वितीय**–(वि०) दोस्रो; अर्को ।

**द्वितीया**–(ना०) शुक्ल वा कृष्णपक्षको दोस्रो तिथि; पत्नी ।

**द्वित्व**–(ना०) दुइटा हुनाको भाव; जोडा ।

**द्विदल**–(ना०) दुई दल हुने (चना, केराउ कादि) ।

**द्विवचन**–(ना०) व्याकरणमा दुइटालाई बुझाउने वचन ।

**द्वीप**–(ना०) चारैतिर पानीले ढाकेको भाग; टापू ।

**द्वेष**–(ना०) डाहा; ईर्ष्या; दुश्मनी ।

**द्वेषी**–(वि०) द्वेष गर्ने । (ना०) शत्रु; वैरी ।

**द्वैत**–(ना०) दुइटा हुनाको भाव; जोडा; भेदभाव ।

**द्वैतवाद**–(ना०) जीव र ईश्वरलाई बेग्लै तत्त्व मान्ने दार्शनिक सिद्धान्त; वेदान्तको एक शाखा ।

**द्वैतवादी**–(वि०) द्वैतवादको अनुयायी ।

# ध

**ध**– देवनागरी वर्णमालाको उन्नाइसौं व्यञ्जनवर्ण, उच्चारणस्थान दन्त ।

**धक**–(ना०) डर; सङ्कोच; लाज ।

**धकधक**–(क्रि० यो०) मुटु हल्लने किसिम; धुकधुक ।

**धकाइ**–(ना०) धकाउने काम वा किसिम ।

**धकाउनु**–(अ० क्रि०) रोग वा परिश्रमले लामो सास फेर्नु ।

**धकार**–(ना०) 'ध' अक्षर ।

**धकुवा**–(वि०) धकाउने; धम्कीको रोग भएको ।

**धकेरा**–(ना०) स्वाँस्वाँ; दम ।

**धकेला**–(वि०) घँचेटाइ; धक्का ।

**धकेलाधकेल**–(ना०) परस्परमा धकेल्ने काम; पेलापेल ।

**धकेल्नु**–(स० क्रि०) धकेल्ने काम गर्नु; धक्का दिनु; घँचेट्नु; ठेल्नु ।

**धक्कमधक्का**–(ना०) धक्काधक्की ।

**धक्का**–(ना०) एक वस्तु अर्को वस्तु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सँग जोडसित जुध्नु; ठक्कर ।

**धक्काधक्की**-(ना०) परस्परमा धक्का लाउने काम; धकेलाधकेल ।

**धक्काधार**-(ना०) धक्का र भय ।

**धक्कु**-( ना० ) फोस्रो धाक; बोक्रे फूर्ति; प्रभाव ।

**धक्क्याइ**-(ना०) धक्का दिने काम ।

**धक्क्याउनु**-(स० क्रि०) धक्का दिनु; पन्छाउनु ।

**धक्नु**-( अ० क्रि० ) परिश्रमले दम बढ्नु; स्वाँस्त्राँ हुनु ।

**धजिलो**-(वि०) शेखीवाल; घमन्डी ।

**धजो**-(ना०) ध्वजा; झन्डा; पताका; धरो ।

**धड**-(ना०) गींड, घाँटीमनिको भाग ।

**धडकन**-( ना० ) मुटुको कम्प वा चलाइ ।

**धडपकड**-(ना०) कडाइसाथ समाउने वा ताकिता गर्ने काम ।

**धडाइ**-( ना० ) धड्ने काम वा किसिम ।

**धडाधड**-( क्रि० यो० ) नरोकीकन; धमाधम; खराखर । (ना०) परस्परको धडाइ ।

**धड्काइ**-( ना० ) धड्कने काम वा किसिम ।

**धड्कनु**-( अ० क्रि० ) मुटु हान्नु; मुटु ढुकढुक गर्नु ।

**धड्नु**-(स० क्रि०) रोगले ग्रस्त पार्नु; आक्रमण गर्नु; धडपकड गर्नु ।

**धड्याम्म**-( क्रि० यो० ) कुनै गर्हुँगो वस्तु खस्ता वा पछारिँदा शब्द आउने किसिम; तोप आदि पड्कँदा आवाज आउने किसिम ।

**धत्**-(वि० बो०) तिरस्कार गरी पर हटाउँदा वा नराम्रो काम गर्नेलाई भनिने शब्द ।

**धतुङ्ग्रो**-( वि० ) अर्थसिल्ली; उटुङ्ग्याहा ।

**धतूरो**-( ना० ) एक जातको विषालु बोट वा त्यसको फल ।

**धत्तेरी**-(ना०) नचाहिँदो वा खराब काम गर्नेलाई हप्काउने शब्द । ( वि० बो० ) तिरस्कार वा घृणा बुझाउने शब्द ।

**धन**-(ना०) भौतिक सुख दिने साधनभूत द्रव्य; सम्पत्ति; पूँजी ।

**धनकुबेर**-( वि० ) औलादौला; धनाढ्य ।

**धनजमानी**-(ना०) सरकार वा साहूलाई बुझाउनुपर्ने रकम वा पूरा गर्नुपर्ने काम नगरेमा सो रकम बुझा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



उँला भनी गरिने कबूल; त्यस्तो अङभर गर्ने मानिस ।

**धनञ्जय**–(ना०) शरीरलाई मनतातो गर्ने वायु; अर्जुन; अग्नि ।

**धनधान्य**–(ना०) धन, अन्न आदि; श्रीसम्पत्ति ।

**धनपति**–(ना०) धनी व्यक्ति; कुबेर ।

**धनपिशाच**–(ना०) द्रव्यपिशाच ।

**धनमत्त**–(वि०) धनले मात्तिएको; सम्पत्तिको घमन्ड भएको ।

**धनराशि**–(ना०) धनको थुप्रो ।

**धनवान्**–(वि०) धनी; धनाढ्य ।

**धनसार**–(ना०) अनाज राख्ने ढुकुटी; रसदगोदाम ।

**धनाइ**–(ना०) धान्ने काम वा किसिम ।

**धनाउनु**–(स० क्रि०) धान्न लाउनु ।

**धनाढ्य**–(वि०) खूब धनी ।

**धनाश्री**–(ना०) एक किसिमको वीर रसप्रधान राग; रुद्राक्षका आकारको माला लाइने एक फल ।

**धनियाँ**–(ना०) बास्ना आउने एक जातको साग वा त्यसैको गेडा ।

**धनी**–(वि०) धनवान्; साहू; मालिक ।

**धनीबोटी**–(ना०) मोहीबाट जग्गा धनीले पाउने उब्जनीको भाग ।

**धनीमानी**–(वि०) धन र मान पाएको; धनी र प्रतिष्ठित ।

**धनु**–(ना०) बाण हान्ने शस्त्र; एकताले गुलेली; रुवा फड्कने वस्तु ।

**धनुबाँस**–(ना०) मोटो लामो एक जातको बाँस ।

**धनुर्धारी**–(वि०) धनु लिने ।

**धनुर्वात**–(ना०) शरीर कुप्रिने एक किसिमको रोग; धनुष्टङ्कार ।

**धनुर्विद्या**–(ना०) धनुसम्बन्धी कला सिकाउने विद्या ।

**धनुर्वेद**–(ना०) धनु आदि शस्त्रअस्त्र चलाउन विधिको वर्णन भएको यजुर्वेदको एक उपवेद ।

**धनुष्टङ्कार**–(ना०) धनु चलाउँदा आउने शब्द; धनुर्वात ।

**धनुस्**–(ना०) धनु ।

**धनेस**–(ना०) चुच्चो र गर्धन लामो हुने एक जातको चरो ।

**धन्दा**–(ना०) चिन्ता; फिक्री; काम ।

**धन्धा**–(ना०) उद्योग; काम; पेशा ।

**धन्य**–(वि०) प्रशंसा गर्न योग्य ।

**धन्यवाद**–(ना०) कृतज्ञता जनाउने शब्द; साधुवाद ।

**धपक्क**–(क्रि० यो०) फकिफकाउ हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिम; बत्ती, आगो आदि बल्ने वा निभ्ने किसिम ।

**धपाइ**–(ना०) धपाउने काम, किसिम ।

**धपाउनु**–(स० क्रि०) कुनै ठाउँबाट कसैलाई हटाउनु; लखेट्नु; निर्वासित गर्नु ।

**धपेडी**–( ना० ) ज्यादा परिश्रम; लछारो ।

**धपोट**–(ना०) ढपोट ।

**धप्प**–( क्रि० यो० ) एकाएक आगो, बत्ती आदि बल्ने वा निभ्ने किसिम; फकिफकाउने हुने किसिम; धपक्क ।

**धब्बा**–(ना०) दाग; टाटो; दोष ।

**धमाधम**–( क्रि० यो० ) लगातार; निरन्तर ।

**धमिनी**–(ना०) धामीको काम गर्ने स्त्री; धामीकी स्त्री ।

**धमिरो**–(ना०) काठ, कागज वा माटो आदिमा लाग्ने खैरो एक जातको कीरा ।

**धमिलो**–(वि०) धमिलिएको; राम्ररी नदेखिने; कसर आदि धेरै भएको (पानी आदि पन्यालो वस्तु) ।

**धमेलो**–(ना०) कुनै काममा एकाग्र भएर लाग्नु ।

**धम्काइ**–(ना०) धम्काउने काम वा किसिम ।

**धम्काउनु**–( स० क्रि० ) डर देखाई हप्काउनु ।

**धम्की**–(ना०) खप्की; दप्की; दमको व्यथा ।

**धम्मरधूस**–( वि० ) मोटोघाटो र अग्लो; भुसतिघ्रे ।

**धयेंरो**–(ना०) रातो फूल फुल्ने एक जातको बोट ।

**धर**–( ना० ) वाध्य भएर गर्नुपर्ने कुनै काम; कपडा वा कागतको टुक्रो । (वि०) लिने; धारण गर्ने ।

**धरणी**–(ना०) पृथ्वी; नसा; नाडी ।

**धरती**–(ना०) पृथ्वी ।

**धरपकड**–(ना०) धमाधम पक्रने काम; धडपकड ।

**धरमर**–(क्रि० यो०) कमजोरीले वा रिंगटा लागेर लड्न खोज्ने किसिम; दोधार ।

**धरमराइ**–(ना०) धरमराउने काम वा किसिम ।

**धरमराउनु**–(अ० क्रि०) धरमर गर्नु; ढुनमुनिनु ।

**धरमराहट**–( ना० ) धरमराउने किसिम; धरमराइ ।

**धरहरा**–(ना०) भित्रपट्टि सिंढी भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



निकै अग्लो स्तम्भ ।

धराप–(ना०) प्राणीहरूलाई पक्रनाका निम्ति थापिने खाडल; जोखिम वस्तु ।

धरालो–(ना०) केटाकेटीको हेरविचार गर्ने व्यक्ति ।

धरित्री–(ना०) धर्ती; पृथ्वी ।

धरोट–(ना०) चाहिएको बेला फिर्ता लिने गरी कसैलाई विश्वासपूर्वक राख्न दिएको वस्तु; नासो ।

धरोटी–(ना०) धरोट ।

धरोधर्म–(ना०) धर्म भाकेर खाएको किरिया ।

धर्कनु–(अ० क्रि०) च्यातिनु; धस्कनु ।

धर्काइ–(ना०) धर्कने काम वा किसिम ।

धर्काधर्की–(ना०) धेरै धर्का ।

धर्के–(वि०) डोरो परेको; धर्का परेको ।

धर्को–(ना०) रेखो; डोरो; डिको ।

धर्ती–(ना०) धरती ।

धर्ना-(ना०) प्यादा; प्रतीक्षा; ढुक्ने काम ।

धर्नु-(स० क्रि०) धारण गर्नु; लिनु; थाम्नु; थेग्नु ।

धर्म–(ना०) मर्यादाको पालन; पुण्यकर्म; सत्कर्म; वस्तुहरूको स्वाभाविक गुण; सदाचार ।

धर्मकर्म–(ना०) धर्मग्रन्थमा वर्णित कर्म; पुण्यकर्म ।

धर्मक्षेत्र–(ना०) कुरुक्षेत्र ।

धर्मग्रन्थ–(ना०) धर्मका कुरा वा नियमहरूले लेखिएको ग्रन्थ; धर्मशास्त्र; पुराण आदि ।

धर्मच्युत–(वि०) आफ्नो धर्मबाट च्युत भएको ।

धर्मज्ञ–(वि०) धर्म जान्ने; धर्मविद् ।

धर्मनिष्ठ–(वि०) धर्ममा आस्था भएको; धार्मिक ।

धर्मपत्नी–(ना०) विवाहिता स्त्री ।

धर्मपत्र–(ना०) धर्म वा देवदेवीलाई साक्षी राखी विश्वासका निम्ति लेखिएको कागतपत्र; धर्मसम्बन्धी व्यवस्थाको कागत ।

धर्मपुत्र–(ना०) छोरो नहुनेले आफ्नो छोरोसरह गरी पालेको अर्काको छोरो ।

धर्मपुत्री-(ना०) आफ्नी छोरी तुल्याई पालेकी अर्काकी छोरी ।

धर्मभकारी–(ना०) गाउँघरमा आपत् परेको बेलामा उपयोग गर्ने गरी जम्मा गरिएको सामूहिक सम्पत्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



धर्मयुग–(ना०) सत्ययुग ।
धर्मराज–(ना०) युधिष्ठिर; यमराज; राजा ।
धर्मविद्–(वि०) धर्मज्ञाता; धर्म जान्ने ।
धर्मशाला–(ना०) बटुवा, यात्री वा गरीबहरू बस्नाका निम्ति बनाइएको घर; पाटीपौवा ।
धर्मशास्त्र–(ना०) धर्मग्रन्थ ।
धर्मसङ्कट–(ना०) धर्म र पापका बीचमा परेको अवस्था ।
धर्मात्मा–(वि०) पुण्यात्मा; धर्म गर्ने ।
धर्मान्ध–(वि०) आफ्नो मर्ममा अन्ध श्रद्धा राखी अरूको धर्मलाई तिरस्कार गर्ने ।
धर्मिणी–(ना०) पत्नी; स्वास्नी । (वि०) धर्म गर्ने स्त्री ।
धर्मी–(वि०) धर्म गर्ने; कुनै धर्मको अनुयायी ।
धऱ्याङमऱ्याङ–(क्रि० यो०) लरखराउने किसिम ।
धर्सो–(ना०) रेखा; धर्को ।
धवल–(ना०) सेतो; स्वच्छ; निर्मल; सुन्दर ।
धवलागिरि–(ना०) नेपालको पश्चिमी क्षेत्रमा रहेको एक प्रसिद्ध हिमपर्वत ।
धसाइ–(ना०) धस्ने काम वा किसिम ।
धसान–(ना०) धस्ने काम; धसाइ; धाप ।
धसिङ्गरे–(वि०) कालो र मोटीघाटो; फुस्रोधुस्रो ।
धस्कनु–(अ० क्रि०) धसिएर फाट्नु आँट्नु ।
धस्क्याइ–(ना०) धस्किने किसिम वा काम ।
धस्नु–(स० क्रि०) घोट्नु; रगड्नु; ठेल्नु; थिच्नु; घोच्नु; भाँसिनु ।
धस्रो–(ना०) सागपात आदिमा हुने पातलो बोक्रो वा नसो; धर्सो ।
धाँगर–(ना०) तराई प्रदेशमा बस्ने एक जाति । (वि०) ढड्डू; धिरी ।
धाँजो–(ना०) जमीन, भित्ती आदिमा परेको चिरो; धाँदो ।
धाँदो–(ना०) धाँजो ।
धाँधली–(ना०) अनैतिक काम; अनियमित कुरा ।
धाइलरी–(ना०) गट्टाको खेलमा भनिने एक बोली ।
धाई–(ना०) बालकलाई दूध खुवाउने र स्याहारसुसार गर्ने स्त्री ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



धाईआमा–(ना०) धाई; बुवू ।

धाउ–(ना०) भखंर खानिबाट झिकेको धातुको भाग ।

धाउनु–(स० क्रि०) बराबर जानु; टाढादेखि आउनु ।

धाक–(ना०) झुट्टो रवाफ; प्रभाव; आडम्वर ।

धाकधुक–(ना०) फाइँफुट्टी; धाक-पाक ।

धाकपाक–(ना०) अर्काका भरको धाक; रोबरवाफ ।

धाकिलो–(वि०) धाक भएको ।

धाकी–(वि०) धाक लाउने ।

धागो–(ना०) सूत; स्त्रीले केश बाँध्ने जरी आदि लागेको सूतको गुन्छो ।

धातधुत–(ना०) धुत्ने काम ।

धातु–(ना०) सुन, चाँदी, फलाम, तामा आदि चहकिलो खनिज पदार्थ ।

धात्री–(ना०) धाई; पृथ्वी; गायत्री देवी; गङ्गा ।

धान–(ना०) एक प्रसिद्ध अन्न; धान्य ।

धानचमर–(ना०) मकैको बोटमा निस्कने चमरजस्तो फूल ।

धानचरी–(ना०) धान खाने चरी; मूसो ।

धाननाच–(ना०) धानको बाली काट्ने बेलामा नाचिने एक लोकनाच ।

धानेब्याज–(ना०) ब्याजका रूपमा लिइने धान ।

धान्य–(ना०) धान; अनाज; अन्न; धनियाँ ।

धाप–(ना०) थलथले जमीन; दल-दल; धन्यवाद दिंदा वा शान्त गरा-उंदा पिठ्यूँमा दिने हल्का प्रहार ।

धापिनु–(अ० क्रि०) धेरै हिंडाइ वा चर्को घामले थाक्नु ।

धाप्नु–(स० क्रि०) टाढासम्मको हिंडाइ वा कामकाज तय गर्नु ।

धाम–(ना०) पुण्यक्षेत्र; देवस्थल; चार-धाम ।

धामा–(ना०) परिश्रम; मेहनत; कठिनाइ ।

धामी–(ना०) मन्त्रतन्त्रद्वारा भूत, प्रेत आदिको बाधा हटाउने व्यक्ति; झाँक्री ।

धार–(ना०) खोलाको वेग; हति-यारको पातलो किनारा ।

धारक–(वि०) धारण गर्ने; छेक्ने; ऋण लिने ।

धारण–(ना०) कुनै वस्तु ग्रहण गर्नु; सम्झनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**धारणा**–(ना०) धारण गर्ने भाव; कुनै विषयको विचार; सम्झना।

**धारणीय**–(वि०) धारण गर्न योग्य।

**धारा**–(ना०) पानी खस्ने नली; प्रवाह; लहर।

**धारावाहिक**–(वि०) अविरल गतिको; एकपछि अर्कोको क्रममा।

**धारावाही**–(वि०) धारावाहिक।

**धारिउँ**–(वि०) धाराजस्तो।

**धारिलो**–(वि०) तीखो धार भएको; खूब लाग्ने।

**धारो**–(ना०) डूँड, टुटी आदिबाट लगातार खसेको पानीको प्रवाह।

**धार्नी**–(ना०) बाह्र पाउ वा तीन सेरको तौल वा ढक। (वि०) त्यति तौलको।

**धार्मिक**–(वि०) धर्मशास्त्रले मानेको; धर्म गर्ने।

**धावन्ती**–(वि०) मेहनत गरिएको; धावा गरिने।

**धावा**–(ना०) धपेडी; दौडधूप; लडाइँ; आक्रमण।

**धिक्कार**–(वि० बो०) तिरस्कार, अनादर वा घृणा गरेर भनिने शब्द।

**धिक्कार्नु**–(स० क्रि०) धिक्कार भन्नु; खराब काम गर्नेलाई निन्दा गर्नु।

**धिङ्ग्याइँ**–(ना०) धिङ्ग्याहा हुनाको भाव।

**धिङ्ग्याहा**–(वि०) बलपेल गर्ने स्वभावको; लोक्तो; जुम्सो।

**धितो**–(ना०) बन्धक; धरोट।

**धिपधिप**–(क्रि० यो०) मधुरो किसिमले बत्ती बल्ने किसिम।

**धिपधिपे**–(वि०) धिपधिप गर्ने; पिलपिले; मधुरो (बत्ती आदि)।

**धिपिक्क**–(क्रि० यो०) पहिलो पटक ज्वाला आई बल्ने वा निभ्ने किसिम।

**धिप्को**–(ना०) धिपिक्क बलेको पैलो ज्वाला।

**धिरी**–(वि०) टिङ्गरो; धेरै अग्लो। (ना०) पानी हाल्ने बाँसको ढुङ्ग्रो।

**धीत**–(ना०) इच्छा; अभिलाषा; तिर्खा; प्यास।

**धीमा**–(वि०) मन्द चालको; मधुरो; मन्द गतिको।

**धीर**–(वि०) दृढ र शान्त चित्तको; गम्भीर।

**धीरता**–(ना०) धीर हुनाको भाव; धैर्य; स्थिरता।

**धुइँधुइँ**–(क्रि० यो०) धेरै लागिपरेर कुनै बस्तु खोज्ने काम।

**धुइँधुइँती**–(क्रि० यो०) धुइँधुइँ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



धुइंपत्ता–(ना०) ज्यादै खोज्ने काम।
धुइरिनु–(अ०क्रि०) एकै ठाउँमा धेरै जना जम्मा हुनु; भीड लाग्नु; धुइरो लाग्नु।
धुइरो–(ना०) ताँती; धारो; फौज।
धुकचुक–(ना०) शङ्का; संशय; सन्देह।
धुकचुकी–(ना०) धुकचुक।
धुकचुके–(ना०) धुकचुक मान्ने; हिच-किचाउने।
धुकधुक–(क्रि० यो०) मुटु चल्दा शब्द आउने किसिम।
धुकधुकी–(ना०) मुटुको गति; प्राण; ज्यान।
धुजा–(ना०) धरो; चिरो; टुक्रो।
धुजापाती–(ना०) धुजा-धुजा परेको।
धुत्–(वि० बो०) धत्।
धुतधात–(ना०) कुरो वा धनमाल अरूसँग फुत्काउने काम; धुत्ने काम।
धुताइ–(ना० धुत्ने काम वा किसिम।
धुतार–(वि०) अर्कासँग धनमाल वा कुरो धुत्ने; धुताहा।
धुताहा–(वि०) धुतार।
धुतुवा–(वि०) धुताहा; धुतार।
धुत्नु–(स० क्रि०) फकाएर वा स्वार्थ देखाई अरूको धनमाल लिनु; फुत्काउनु; खिच्नु।
धुन–(ना०) मनको वेग; ताना; कामकाजबारेको चेष्टा; गीतको स्वरकम्पन।
धुनचक्कर–(ना०) घूमचक्र।
धुना–(ना०) धुने काम; धुवाइ।
धुनियाँ–(ना०) रुवा फट्कने पेशा भएको मान्छे।
धुनी–(ना०) जोगीहरूको आगो बाल्ने ठाउँ; अगेनो।
धुन्धुकारी–(ना०) उल्लू मानिस, खराब छोरो।
धुन्नु–(स० क्रि०) रुवा फड्कनु।
धुपौरे–(वि०) बेमतलबको; धूप हाल्ने। (ना०) अर्कोलाई खुशी पार्न नअह्राए पनि सानातिना काम गरी हिँड्ने व्यक्ति।
धुपौरो–(ना०) आगो राखी धूप सल्काउने भाँडो।
धुमधुमती–(क्रि० यो०) रिसले बोल-चाल नगरी अँध्यारो मुख लगाई बस्ने किसिम।
धुम्म–(क्रि० यो०) आकाशमा चारै-तिर बादलले ढाक्ने किसिम।
धुम्मिनु–(अ० क्रि०) खूब बादल लाग्नु; रिसाएर बस्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



धुर–( ना० ) एक कट्ठा जमीनको बीसौं भाग ।

धुरन्धर–(वि०) प्रकाण्ड; पोख्त ।

धुरा–( ना० ) रथ वा बग्गीहरूको पाङ्ग्रा; ससाना घरको समूह; एक पक्षको हुँदो गर्न अर्कोतर्फ जाइलाग्ने काम; हूल ।

धुरी–( ना० ) छानाको सबभन्दा माथिल्लो भाग ।

धुरीबलो–( ना० ) धुरी अड्याउने निदाल ।

धुरुक्क–(क्रि० यो०) साह्रै रुवाउने वा दुःख दिने किसिम ।

धुरुधुरु–(क्रि० यो०) धेरै चित्त दुख्ता आंसु खसालेर रुने किसिम ।

धुर्को–( ना० ) कपडा वा कागतको लामो टुक्रो; धर्को ।

धुलाइ–( ना० ) धुलाउने काम वा किसिम ।

धुलौटो–(ना०) माटाको धूलो छरेर सिन्काले लेख्ने पाटी ।

धुल्याइ–(ना०) धुल्याउने काम वा किसिम ।

धुल्याउनु–( स० क्रि० ) धूलो पार्नु; मिहीन पार्नु ।

धुल्याहा–(ना०) किताब, कागत आदि नोक्सान पार्ने एक जातको कीरो ।

धुवाँउनु–(अ० क्रि०) धूवाँ निस्कनु; धूवाँ उठ्नु । (स० क्रि०) धूवाँ पार्नु; धूवाँ निकाल्नु ।

धुवा–( ना० ) गीत वा कवितामा दोहऱ्याएर भनिने चरण; टेक ।

धुवाइ–(ना०) धुने काम वा किसिम; धोएको ज्याला ।

धुवान–(ना०) धुवाइको पटक ।

धुस्नु–(ना०) परालका खजमजिएका टुक्राटाक्रीको थुप्रो । (वि०) लेथ्नो; थाङ्नो ।

धुस्रोफुस्रो–(वि०) धूलो लागेर फुस्रो भएको ।

धुस्सा–(ना०) मोटो जातको ओढ्ने वस्त्र ।

धुआँ–(ना०) धूम; धूवाँ ।

धूप–(ना०) घाम; आगोमा सल्काएर धूवाँको सुगन्ध फिंजाइने चीज ।

धूपदानी–(ना०) धूप सल्काएर राख्ने भाँडो ।

धूपधुवाँर–(ना०) धूप बाल्ने काम ।

धूपी–(ना०) एक जातको बोट ।

धूमधाम–( क्रि० यो० ) अत्यन्त; ज्यादा ।

धूमचक्कर–(ना०) धूवाँको जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फनफनी घुमाइ । (क्रि० यो०) खूब; ज्यादा ।

धूमचक्र (ना०) ठूलो झगडा; रडाको । (क्रि० यो०) धूमधाम ।

धूम्र–(ना०) धूवाँ ।

धूम्रपान–(ना०) चुरोट, तमाखु आदिको धूवाँ सेवन गर्ने काम ।

धूर्त–(वि०) ठग; छटेल; छट्टू ।

धूले–(वि०) धूलोसम्बन्धी; धूलाको ।

धूलेदर्शन–(ना०) तीर्थयात्रीले गोडा नधोईकन सोझै मन्दिरमा गएर देव-देवीको दर्शन गर्ने काम ।

धूलो–(ना०) मिहीन वस्तु; चूर्ण; पीठो; बढार्दा निस्कने कसिङ्गर ।

धूलोपीठो–(वि०) अत्यन्त मसिनो चूर्ण ।

धूलोमूलो–(ना०) कसिङ्गर ।

धूवाँ–(ना०) आगो आदि बाल्दा निस्कने कालो वा खैरो रङको बाफ ।

धृति–(ना०) धारण; धैर्य; स्थिरता ।

धृष्ट–(वि०) ढीठो; पुक्खलो; निलज्ज; अ[illegible] ।

धेनु–(ना०) भर्खर बियाएकी गाई; दुहुनु गाई; गाई ।

धेर–(वि०) धेरै; ज्यादा ।

धेरथोर–(ना०) थोरबहुत ।

धेरै–(वि०) बहुतै; निकै ।

धेरैजसो–(क्रि० यो०) प्राय: प्रायश:; बहुधा ।

धैंसो–(ना०) ध्वाँसो; मोसो ।

धैर्य–(ना०) सङ्कट वा कठिनाइको बेला मनमा लिइने स्थिरता; धीरता; खामस ।

धोइ–(ना०) धुने काम ।

धोइपखाली–(ना०) धुने र पखाल्ने काम ।

धोइफोइ–(ना०) स्पष्टता; यथार्थता; राम्रोसँग धुने-पखाल्ने काम; मनो-मालिन्य भएका विषयमा स्पष्टतासाथ कुरा गर्नु ।

धोका–(ना०) अरूलाई झुक्याउने व्यवहार; छल; कपट ।

धोकाबाज–(वि०) धोका दिने काम ।

धोकेबाज–(वि०) धोकाबाज ।

धोकाहा -(वि०) धेरै पिउने वा खाने; धोक्ने ।

धोको–(ना०) मनको प्रबल इच्छा; चाह; प्रीत ।

धोक्रे–(वि०) भद्दा र मोटो; धोक्रो बोक्ने; ढाक्रे; ठूलठूला मोहोता हुने; ह्वाङ्ग्रे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**धोक्रो**–(ना०) अनाजहरू भरेर बोक्ने ठूलो थैलो ।

**धोक्च्याउनु**–(स० क्रि०) वेसरी खानु; अटाई-नअटाई खानु ।

**धोखा**–(ना०) बेइमानी; छलपकट ।

**धोखाबाज**–(वि०) धोकाबाज ।

**धोखेबाज**–(वि०) धोकेबाज ।

**धोती**–(ना०) कमरमनि बेरेर लाइने वस्त्र; फरिया; सारी; कछाड; लगौंटी ।

**धोत्रिनु**–(अ० क्रि०) जवानी चढ्दा स्वर बिग्रेर ठूलो हुनु ।

**धोत्रो**–(ना०) रूख आदिमा भित्र खोक्रो हुनु ।

**धोबी**-(ना०) कपडा धुने पेशा भएको एक जाति । पो० धोबिनी ।

**धौ**-(ना०) धामा; मुश्किल; कठिन ।

**धौधौ**–(वि०) मुश्किल; कठिन; नपुग्लाजस्तो ।

**धौले**–(वि०) ठूलो; बडेमाको ।

**ध्यान**–(ना०) सम्झना; विचार; कुनै कामकुरोमा तल्लीन भएर लाग्ने भाव; एकाग्र चित्तले गरेको आराधना ।

**ध्यानी**–(वि०) ध्यान गर्ने; तपस्वी ।

**ध्यापध्याप**–(क्रि० यो०) बारबार बत्ती निभ्ने खोज्ने किसिम ।

**ध्येय**–(ना०) लक्ष्य; उद्देश्य । (वि०) ध्यान गर्न योग्य ।

**ध्वजा**–(ना०) धजो; झन्डा ।

**ध्वनि**–(ना०) शब्द; आवाज; प्रतिध्वनि ।

**ध्वनित**–(वि०) ध्वनिको रूपमा व्यक्तिएको; शब्द निस्केको ।

**ध्वनात्मक**–(वि०) ध्वनि भएको; ध्वनिमय ।

**ध्वस्त**–(वि०) भत्केको; नाश भएको ।

**ध्वाँसे**–(वि०) ध्वाँसोजस्तो; कालो ।

**ध्वाँसो**–(ना०) धूवाँको कस; धैंसो ।

# न

**न**– देवनागरी वर्णमालाको बीसौं व्यञ्जनवर्ण, चौथो अनुनासिक वर्ण, उच्चारणस्थान दन्त ।

**न**–(अव्य०) निशेध जनाउने शब्द; अहँ; नाइँ; शब्द वा वाक्यलाई जोड दिने शब्द ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नकच्चरिनु–( अ० क्रि० ) नकच्चरो हुनु; निर्लज्ज हुनु ।

नकच्चरो–(वि०) निर्लज्ज; बेशरमी ।

नकच्चऱ्याइँ–( ना० ) नकच्चराको भाव ।

नकच्चऱ्याउनु–(स० क्रि०) अरूलाई शरम लाग्ने पार्नु; लज्जित गराउनु; बूझ पचाएर भन्नु ।

नकटो–( वि० ) नाक काटिएको; नेप्टो; छाँट नमिलेको; नकच्चरो; निर्लज्ज ।

नकडा (ना०) गोरुको नाकमा हुने एक रोग ।

नकवजनी–(ना०) भित्ता फोरी चोर्ने काम ।

नकरा–(वि०) झूटो; ढँटुवा; कच्चा ।

नकल–( ना० ) अनुकरण; सिको; अभिनय; स्वाङ; ढाँचाकाँचा; प्रतिलिपि ।

नकलझकल–(ना०) उत्ताउलो सिंगारपटार; बढी ठाँटबाट; स्वाङ ।

नकली–( वि० ) बनाबटी; कृत्रिम; नकल पार्ने ।

नकले–(वि०) ढाँचा पार्ने; स्वाँगी; ढोंगी; नकल गर्ने ।

नकश–(ना०) तासको एक कसिमको खेल; गन्जीफा ।

नकाइ–( ना० ) नकाउने काम वा किसिम ।

नकाउनु–(स० क्रि०) अनकनाउनु ।

नकाब–( ना० ) बुर्का; नचिनिनका लागि मुखमा लाउने एक किसिमको सामान ।

नकार–(ना०) 'न' अक्षर ।

नकारात्मक–(वि०) नाइँ जनाउने; निषेधात्मक ।

नक्कल–(ना०) नकल; देखासिकी ।

नक्कलझक्कल-(ना०) झलकमलक; स्वाङ; हाउभाउ ।

नक्कली–(वि०) स्वाँगी; बनावटी; नकली ।

नक्कासी–(ना०) पत्थर वा धातुमा कुँदेर बेलबुट्टा बनाउने काम ।

नक्कासीदार–(वि०) बेलबुट्टा बनाइएको ।

नक्खी–(ना०) सितार आदि बजाउँदा नङमा लाउने मुन्द्रो ।

नक्शा–(ना०) रेखाद्वारा तयार गरिएको चित्र; मानचित्र ।

नक्षत्र–(ना०) तारा; सत्ताईस ताराहरूको समूह; ज्योतिषशास्त्रअनुसार मानिसका असल वा खराब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्थिति जनाउने ताराहरू ।

**नख**–(ना०) नङ; नङ्ग्रा; नक्खी ।

**नखरमाउलो**–( वि० ) उत्ताउलो स्वभावको; नखरा पार्ने । पो० नखरमाउली ।

**नखरा**–(ना०) चढ्दो जवानीमा हुने चुलबुलेपन; छालेपन ।

**नखरे**–(वि०) नखरा भएको ।

**नखी**–( वि० ) लामा नङ्ग्रा हुने । (ना०) सुगन्धित एक बूटी ।

**नगद**–( ना० ) रुपियाँ पैसा आदि; सिक्कारूपी धन ।

**नगदी**–(ना०) नगद । (वि०) असल; बहुमूल्य; मोलदार ।

**नगर**–(ना०) शहर; पुर ।

**नगरा**–(ना०) ठूलो दमाहा; ठूलो ढोल; डङ्का ।

**नगरी**–(ना०) शहर; नगर ।

**नगर्ची**–(ना०) दमाईंको मानबोधक शब्द; नगरा बजाउने व्यक्ति ।

**नगीच**–(ना०) समीप; निकट ।

**नग्न**–(वि०) नाङ्गो; निर्वस्त्र; खसोखास ।

**नघाइ**–( ना० ) नाघ्ने काम वा किसिम ।

**नङ**–(ना०) औंलाका टुप्पामा हुने एक प्रकारको पातलो हाड; नङ्ग्रो; टाप ।

**नङछुरी**–( ना० ) नङनिर औंलाका टुप्पामा ठिहिऱ्याउँदा हुने पीडा ।

**नङिनी**–(ना०) नाउ जातिकी स्त्री; नङ काट्ने एक हतियार ।

**नङ्गा**–(वि०) लुगाफाटो केही नलगाएको; धनजन वा परिवार केही नभएको ।

**नङ्गानाच** (ना०) लाजै नमानी मनपरी गरिने दोषी काम ।

**नङ्गी**–(वि०) नग्न (स्त्री); दाप वा म्यानबाट झिकिएको (खुकुरी, तरवार आदि) ।

**नङ्गेठो**–( ना० ) भेट्नु भाँचेर सहऱ्याएको मकैको घोगो ।

**नङ्ग्याइ**–(ना०) नाङ्गिने काम वा किसिम ।

**नङ्ग्याउनु**–(स० क्रि०) नाङ्गो पार्नु; सिरिखुरी पारेर लिनु; छोडाउनु; खोस्ट्याउनु ।

**नङ्ग्रा**–(ना०) लामा-लामा गरी पालिएका नङ; पशुपक्षीको नङ; लहराको नङजस्तो भाग ।

**नङ्ग्रो**–(ना०) नङ्ग्रा ।

**नचनी**–(ना०) लट्टेको लावा; मचरी;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नर्तकी ।

**नचरो**–(ना०) नटुवा; नर्तक ।

**नचाइ**–( ना० ) नाच्ने काम वा किसिम ।

**नचाउनु**–(स० क्रि०) नाच्न लाउनु; घुमाउनु; यताउति हिँडाएर दुःख दिनु ।

**नचुवा**–(ना०) नटुवा; नाच्ने व्यक्ति । (वि०) नाच्ने; नृत्य गर्ने । पो० नचुवी ।

**नछुने**–(वि०) रजस्वला; रजवती; छुन नहुने ।

**नछेत्र**–(ना०) नक्षत्र ।

**नजर**–(ना०) आँखा; नेत्र; नयन; दृष्टि; हेराइ; रेखदेख ।

**नजरबन्द**–(ना०) नजरबन्दीमा राखिएको ।

**नजरबन्दी**–(ना०) तोकिएको ठाउँबाट बाहिर निस्कन नपाउने गरी गरिएको एक किसिमको कैद ।

**नजराना**–(ना०) उपहार; सौगात; कोसेली ।

**नजीक**–(ना० यो०) समीप; नजीक ।

**नजीर**–(ना०) उदाहरण; दृष्टान्त; उपमा ।

**नट**–(ना०) नटुवा; नाच्ने व्यक्ति । पो० नटी ।

**नटुक**–(ना०) चर्खामा धागो कातेर बेर्ने लामो सुइरो ।

**नटुवा**–(ना०) नट; नचुवा; नट ।

**नत**–(वि०) नुहेको; निहुरेको; नम्र ।

**नतमस्तक** ( वि० ) शिर झुकेको; विवश; लाचार; लज्जित ।

**नतीजा**–( ना० ) परिणाम; फल; निचोर ।

**नत्थ**–(ना०) नाकमा लाउने मुन्द्रोजस्तो एक प्रकारको गहना ।

**नत्थिनु**–( अ० क्रि० ) नाकमा मुन्द्रो डोरी आदि लाग्नु; नत्थ लाग्नु; अल्झनु; करैसँग स्वीकार्नु; वाध्य हुनु ।

**नत्थी**–(ना०) धागो, पिन आदिले अल्झाउने काम; नत्थ्याउने चाल; गोरु आदिका नाकमा लाउने मुन्द्रोसहितको डोरी; नत्थ ।

**नत्थ्याइ**–(ना०) नत्थिने काम वा किसिम ।

**नत्र**–(संयो०) होइन भने; अन्यथा ।

**नद**–(ना०) नदीको पुलिङ्ग ।

**नदारत**–(ना०) अभाव; शून्यता ।

**नदी**–(ना०) ठूलो खोलो; नाला ।

**नदीकाट**–(ना०) नदीले खाएको वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पुरेको जमीन; बगर ।
**ननिको**–(वि०) नराम्रो; खराब ।
**नन्खटाइ**–(ना०) बिस्कुटजस्तो कमलो गुलियो एक रोटी ।
**नन्द**–(ना०) पतिकी बहिनी ।
**नन्दन**–(ना०) स्वर्गको बगैंचा; इन्द्रको फूलबारी; छोरो; विष्णु; बादल ।
**नन्दी**–(ना०) शिवको वाहन; बसाहा; साँढे; शिवको द्वारपाल ।
**नन्देभाइ**–(ना०) नन्दको पति ।
**नपना**–(ना०) नाप; नापो; नमूना ।
**नपाइ**–(ना०) नाप्ने काम वा किसिम ।
**नपाउनु**–(स० क्रि०) नाप्न लाउनु; हात नलाग्नु ।
**नपुंसक**–(ना०) स्त्री पुरुष नछुट्टिएको प्राणी; हिजडा; आँट नभएको व्यक्ति ।
**नपुंसकता**–(ना०) नपुंसक हुनाको भाव ।
**नफा**–(ना०) लाभ; नाफा; आम्दानी । (वि०) त्यस्तो भएको ।
**नफाखोरी**–(ना०) अनुचित नाफा लिने काम ।
**नब्बे**–(वि०) दस कम सय ।
**नभ**–(ना०) गगन; आकाश; मेघ ।
**नभन्दै**–(संयो०) आफूले कल्पना गरेको कुरो सत्य निस्कँदा भनिने शब्द ।
**नमक**–(ना०) नून; खानदान; निमक ।
**नमन**–(ना०) प्रणाम; ढोग; नम्रता ।
**नमनीय**–(वि०) नमस्कार गर्न योग्य; आदरणीय; निहुराउन सकिने ।
**नमस्कार**–(ना०) निहुरेर आदरसाथ अभिवादन गर्नु; प्रणाम; ढोग ।
**नमस्कृत**–(वि०) नमस्कार गरिएको ।
**नमस्ते**–(वि० बो०) 'तपाईंलाई नमस्कार छ' भन्ने अर्थ जनाउने शब्द ।
**नमुग**–(ना०) दुइटा जिभ्रो भएको एक किसिमको कीला उखेल्ने ज्यावल ।
**नमूना**–(ना०) कुनै वस्तुको गुण, आकारप्रकार आदि जान्न झिकिएको वा बनाइएको थोरै अंश ।
**नम्बर**–(ना०) सङ्ख्या; अङ्क; अदत; थान ।
**नम्बरी**–(वि०) नम्बर भएको; उत्तम किसिमको; उम्दा कक्षाको । (ना०) सय रुपियाँको नोट ।
**नम्बु**–(ना०) भोटे जातिले लाउने एक किसिमको कपडा ।
**नम्र**–(वि०) नुहेको; निहुरेको; सरल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्वभावको ।

**नयन**–(ना०) आँखा; नेत्र; लैजाने काम; यापन ।

**नयनजल**–(ना०) अश्रु; आँसु ।

**नयना**-( ना० ) आँखाको पुतली; नानी ।

**नयनाभिराम**–(ना०) साह्रै सुन्दर; मनोहर । (ना०) प्रियदर्शन; चन्द्रमा ।

**नयाँ**–( वि० ) भर्खरको; नवीन; नौलो; कोरा; सिकारु ।

**नर**–(ना०) मानिस; ढिम्रीको भित्र-पट्टिको पेच ।

**नरक**–( ना० ) धार्मिक सिद्धान्तमा पापी वा दुराचारीलाई मरेपछि सजाय दिइने ठाउँ; कष्ट वा पीडा हुने ठाउँ; मल; विष्ठा ।

**नरकचतुर्दशी**–(ना०) कार्तिक कृष्ण चतुर्दशी ।

**नरनारी**–(ना०) नर र नारी; स्त्री-पुरुष ।

**नरपति**–(ना०) राजा ।

**नरपशु**-(ना०) पशुबराबरको मानिस ।

**नरपिशाच**–(ना०) पिशाचको जस्तो स्वभाव भएको मानिस; दुष्ट मानिस ।

**नरबलि**–( ना० ) मानिसको हत्या गरेर दिइने बलि; मानिसको बलि ।

**नरम**-(वि०) मुलायम; नम्र ।

**नरमतेल**–( ना० ) एक किसिमको औषधिमा काम आउने तेल ।

**नरमी**–(ना०) नम्रता; कोमलता ।

**नरसिंह**-( ना० ) नरसिङ्गा; श्रेष्ठ पुरुष; नारायणको अवतार ।

**नरसिङ्गा**-( ना० ) फुकेर बजाइने एक प्रकारको कर्नालजस्तो लामो बाजा ।

**नरहत्या**–(ना०) मानिस मार्ने काम; मानिसको हत्या ।

**नराइ**–(ना०) नार्ने काम वा किसिम ।

**नराधम**–( ना० ) मानिसमध्येको अधम ।

**नरिवल**-(ना०) ठूलठूला दाना हुने तारका जातको बोट वा त्यसको फल ।

**नरेश**–(ना०) राजा; नृप ।

**नर्क**–(ना०) नरक ।

**नर्कट**–(ना०) एक किसिमको निगालो-जस्तो बोट ।

**नर्तक**–(ना०) नाच्ने व्यक्ति; नटुवा; अभिनेता । पो० नर्तकी ।

**नर्तन**-(ना०) नाच्ने काम; नृत्य;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नाच ।

**नर्मदा**–(ना०) भारतको मध्य प्रदेशको एक नदी; हिन्दूका प्रसिद्ध सात नदीमध्ये एक ।

**नर्स**–(ना०) अस्पतालमा रोगीहरूको स्याहारसुसार गर्ने व्यक्ति; धाई; सुसारे; उपचारिका ।

**नल**–(ना०) नली; ढुङ्ग्रो; झारिसकेको धान वा कोदाको बोट; ढल ।

**नली**–(ना०) ढुङ्ग्रो; पाइप; हुक्काबाट धूवाँ तान्ने लामो मसिनु ढुङ्ग्रो ।

**नलीखुट्टो**–(ना०) घुँडादेखि गोलीगाँठासम्मको खुट्टाको भाग ।

**नलुवा**–(ना०) धान, कोदो आदि अन्नको हरियो बोट; नल ।

**नव**–(वि०) नयाँ; नौलो; नवीन; नयाँ ।

**नवग्रह**–(ना०) नौ ग्रह (सूर्य, चन्द्र, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु र केतु) ।

**नवजात**–(वि०) भर्खर जन्मेको; नौलो ।

**नवदुर्गा**–(ना०) नवरात्रमा पूजा गरिने दुर्गादेवीका नौ रूप (शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी र सिद्धिदा) ।

**नवनी**–(ना०) नौनी; नवनीत ।

**नवनीत**–(ना०) ताजा मक्खन; नवनी; नौनी ।

**नवमी**–(ना०) नवौं तिथि ।

**नवयुवक**–(ना०) भर्खरको तरुनो; नौजवान ।

**नवयुवती**–(ना०) भर्खरकी तरुनी; युवती स्त्री ।

**नवयुवा**–(ना०) नवयुवक ।

**नवयौवन**–(ना०) भर्खरको यौवन; चढ्दो जवानी ।

**नवयौवना**–(ना०) चढ्दो उमेरकी स्त्री; नवयुवती ।

**नवरत्न**–(ना०) नौ किसिमका जुहारत (हीरा, पन्ना, मोती, माणिक, गोमेद, मुगा, लसुने, नीर, पद्मराग) ।

**नवरस**–(ना०) साहित्यप्रसिद्ध नौ किसिमका रस (शृङ्गार, हास्य, करुण, वीर, रौद्र, भयानक, वीभत्स, अद्‌भुत र शान्त); एक प्रसिद्ध आयुर्वेदीय औषधी ।

**नवरात्रि**–(ना०) आश्विन शुक्ल परेवादेखि नवमीसम्मका नौ अहोरात्र ।

**नववधू**–(ना०) नयाँ दुलही; बेहुली ।

**नवाफ**–(ना०) मुसलमानी बादशाहको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रतिनिधि । (वि०) ठाँटबाँटमा रहने; धनवान् ।

**नवाफी**–(ना०) नवाफको काम वा पद ।

**नवाह**–(ना०) नौ दिन; नौ दिनमा पूरा हुने रामायण, देवीभागवत आदिको पारायण ।

**नवीकरण**–(ना०) नयाँ पार्नु; अवधि पुगिसकेको कुनै कुरा फेरि कार्यान्वित गर्नु ।

**नवीन**–(वि०) नयाँ; नौलो ।

**नवीनीकरण**–(ना०) नवीकरण ।

**नव्य**–(वि०) नयाँ; नौलो; ताजा; स्तुत्य ।

**नशा**–(ना०) अम्मल; लत; लागू वस्तु; मात लागेको अवस्था; अभिमान; घमन्ड ।

**नशाबाज**–(वि०) नशा खाने; अम्मली ।

**नशेबाज**–(वि०) नशा खाने बानी भएको; नशाबाज ।

**नश्तर**–(ना०) चिरफार गर्ने सानो चक्कू ।

**नश्वर**–(वि०) नाश हुने; नाशवान् ।

**नश्वरता**–(ना०) नश्वर हुनाको भाव ।

**नष्ट**–(वि०) बिग्रेको; नाशिएको; ध्वस्त; निष्फल ।

**नष्टभ्रष्ट**–(वि०) भताभुङ्ग; बरबाद ।

**नस**–(ना०) नाकमा हाल्ने एक किसिमको धूलो; दलिनमनि वा अन्यत्र आधारका निम्ति हालिने काठ ।

**नसीब**–(ना०) भाग्य; प्रारब्ध ।

**नसीहत**–(ना०) चेतावनी; हप्की; अर्ती ।

**नसो**–(ना०) रक्तवाहिनी नाडी; शरीरका मांसपेशीहरू जोडिने तन्तु; सागपातको भित्रपट्टि रहने एक किसिमको लामो धर्सो ।

**नस्तर**–(ना०) अरूले चाल नपाउने कारवाई; सुराग ।

**नहर**–(ना०) ठूलो कुलो; नौ फुट्टी भएको पत्ती; नसाबाट बनेको जुत्ता आदि सिउने बलियो धागो ।

**नहरनी**–(ना०) नङ्िनी; नाउले नङ काट्ने हतियार ।

**ना**–(अव्य०) निषेध वा अस्वीकृति जनाउने शब्द; न; नाइँ । (प्रत्य०) नकारात्मक जनाउने एक प्रत्यय । जस्तो– नामन्जूरी, नासमझ ।

**नाइँ**–(वि० बो०) निषेध वा अस्वीकृति बुझाउने शब्द; अहँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**नाइँनास्ति**–(ना०) बेमन्जूरी; अस्वीकृति ।

**नाइके**–(ना०) कुनै दल वा समूहको अगुवा व्यक्ति; नेता; ज्यामी; खेतालाहरूलाई काम लगाउने व्यक्ति; नायक । पो० नाइकेनी ।

**नाइटो**–(ना०) पेटका बीचको खाल्टो; नाभि ।

**नाइट्रोजन**–(ना०) एक किसिमको ग्याँस ।

**नाउँ**–(ना०) नाम ।

**नाउँनामेसी**–(ना०) नाउँ, जात, थर वा वतन ।

**नाउ**–(ना०) डुङ्गा; नौका ।

**नाऊ**–(ना०) हजाम; कपाल र नङ काट्ने जाति ।

**नाक**–(ना०) सुँघ्ने र सास फेर्ने इन्द्रिय; मान; प्रतिष्ठा; इज्जत ।

**नाककोरे**–(ना०) एक किसिमको भइँक्रार ।

**नाका**–(ना०) कुनै ठाउँमा पस्ने मुख्य ठाउँ; गौंडो; दोबाटो; मुहान ।

**नाकाबन्दी**–(ना०) बाटो वा गौंडो थुन्ने काम ।

**नाके**–(वि०) लामो र ठूलो नाक हुने; नाकको; नाकसम्बन्धी ।

**नाखुश**–(वि०) खुशी नभएको; अप्रसन्न ।

**नाखुशी**–(ना०) अप्रसन्नता; खुशी नहुनु ।

**नाग**–(ना०) सर्प; लाम्कीरो; आठ नाग (वासुकि, तक्षक, कुलिक, कर्कोटक, पद्म, शङ्खचूड, महापद्म र धनञ्जय) ।

**नागकन्या**–(ना०) नागजातिकी कन्या; माथिल्लो आधा शरीर स्त्रीको अनि तल्लो आधा शरीर नागको हुने काल्पनिक जीव ।

**नागदन्त**–(ना०) हात्तीको दाँत; भित्तामा गाडिएको कीलो ।

**नागपञ्चमी**–(ना०) श्रावण शुक्ल पञ्चमी, जुन दिन नागको पूजा गरिन्छ ।

**नागपाश**–(ना०) प्राचीन कालको एक पासो ।

**नागफणी**–(ना०) जोगीहरूले बजाउने एक किसिमको बाजा; एक किसिमको सिउँडी ।

**नागबेली**–(ना०) पानको लहरो; बाङ्गोटिङ्गो परेको रेखा, बुट्टा आदि ।

**नागराज**–(ना०) शेषनाग; ऐरावत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हात्ती ।

**नागरिक**–( वि० ) नगरको; नगर-सम्बन्धी । (ना०) कुनै देशको विधानअनुसार अधिकारप्राप्त व्यक्ति ।

**नागरिकता**–(ना०) नागरिक हुनाको भाव; नागरिक जीवन ।

**नागलोक**–(ना०) पाताल ।

**नागह्रद**–(ना०) काठमाडौं खाल्डाको पौराणिक नाउँ ।

**नागा**–( ना० ) नाङ्गो हिँड्ने एक जाति वा सम्प्रदाय; भारतको नागा क्षेत्रका बासिन्दा ।

**नागिनी**–(ना०) नागजातकी स्त्री; सर्पिनी; पिठ्यूँमा नागबेली रौं-रेखा हुने स्त्री ।

**नागी**–(ना०) ठूलो चौर ।

**नागो**-(वि०) स्त्री-पुत्र कोही नभ-एको; परिवार नभएको; नङ्गा ।

**नागोल**–(ना०) पसलको ढिक; कोटाल अडाउने माथिलो लामो काठ ।

**नाघ्नु**–(स० क्रि०) फड्कनु; भनेको नटेनुं; क्रमभङ्ग गर्नु ।

**नाङ्गिनु**–( अ० क्रि० ) नाङ्गो हुनु; नङ्गिनु ।

**नाङ्गो**–( वि० ) जीउमा लुगाफाटा केही नभएको; नङ्गा; ठिङ्गो ।

**नाङ्लो**–(ना०) सानो नाङ्लो ।

**नाङ्ले**–(वि०) नाङ्लाको; नाङ्लामा मालसामान बेच्ने ।

**नाङ्लो**–( ना० ) अनाज निफन्ने, चोयाले बुनेको र बिट भएको थेप्चो आकारको वस्तु ।

**नाच**–(ना०) सङ्गीतका ताल लयमा हाउभाउ देखाई नाच्ने काम; नृत्य; नाट्य; खुशीले उफ्रनु ।

**नाचकीर्तन**–(ना०) नाच र कीर्तन; नाचगान ।

**नाचगान**–(ना०) नाच्ने-गाउने काम; नाच र गान ।

**नाचघर**–(ना०) नाचगान गर्ने घर; नाट्यशाला ।

**नाच्नु**–(अ० क्रि०) नाच गर्नु; नृत्य गर्नु; भौंतारिनु; अरूको इशारामा चल्नु; घुम्नु ।

**नाजायज**–(वि०) बेमुनासिब; अनुचित; अवैध ।

**नाजुक**–( वि० ) कमजोर; निर्धो; कमलो; निफर ।

**नाजोर**–(वि०) कमजोर ।

**नाटक**–(ना०) रङ्गमञ्चमा प्रदर्शित गरिने काव्यरूप; दृश्यकाव्य ।

**नाटीकुटी**–( ना० ) धार्मिक ढांचा;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नचाहिंदो स्वाङ ।

**नाट्यशाला**–(ना०) नाचघर ।

**नाठो**–(वि०) जार; परपुरुष ।

**नाडी**–(ना०) शरीरको रगत सर्ने नसो ।

**नाता**–(ना०) स्नेह; सम्बन्ध; साइनो ।

**नातागत**–(ना०) ग्लानि; कमजोर ।

**नातागोता**–(वि०) टाढाका नाता पर्ने समेतका नातेदार; बन्धुवर्ग ।

**नातादार**–(वि०) साइनु पर्ने; सम्बन्ध भएको । (ना०) बान्धव ।

**नाति**–(ना०) छोरा वा छोरीको छोरो ।

**नातिनातिना**–(ना०) नाति र नातिनीको समुदाय ।

**नातिनी**–(ना०) छोरा वा छोरीकी छोरी ।

**नातेदार**–(वि०) नातादार । (ना०) बन्धुबान्धव ।

**नातो**–(ना०) भरिएको भाँडोको मुख टाल्ने टालो; शिर ढाक्ने कपडा ।

**नाथ**–(ना०) मालिक; स्वामी; पति ।

**नाथू**–(वि०) नीच; तुच्छ; जाबो ।

**नाथे**–(ना०) नाकभित्रको रउँ ।

(वि०) नाथू; जाबो ।

**नाथ्री**–(ना०) सियोको धागो उने प्वाल ।

**नाथ्रो**–(ना०) नाकभित्रको सन्धिस्थान ।

**नादान**–(वि०) नासमझ; मूर्ख ।

**नाना**–(ना०) केटाकेटीको बोलीमा लुगा । (वि०) अनेक ।

**नानी**–(ना०) साना केटाकेटी; सानालाई बोलाउने मायाको बोली; भाउजूले देवरलाई बोलाउने शब्द ।

**नानीसाहेब**–(ना०) राणाहरूले राखेकी रखौटी स्वास्नी; भित्रिनी ।

**नाप**–(ना०) कुनै चीजको लमाइचौडाइको परिणाम; नापो ।

**नापी**–(ना०) जग्गा-जमीन आदि नाप्ने काम ।

**नापो**–(ना०) नाप ।

**नाप्नु**–(अ० क्रि०) नापो लिनु; नापी गर्नु; खुत्याउनु ।

**नाफा**–(ना०) व्यापार वा लेनदेनबाट भएको आम्दानी; लाभ ।

**नाबालक**–(ना०) बालक; बच्चो; अनजान; नाबालख ।

**नाबालख**–(ना०) नाबालक ।

**नाभि**–(ना०) नाइटो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**नाभिच्छेदन**–( ना० ) नाल काट्ने काम ।
**नाभो**–(ना०) ठिम्मल अनाज; फरल-परलबाट त्यसै उम्रेको धान आदि अनाज ।
**नाम**–(ना०) कुनै व्यक्तिलाई बुझाउने वा बोलाउने शब्द; नाउँ; संज्ञा ।
**नामकरण**–(ना०) बच्चाको नाम राख्ने संस्कार; नामकर्म ।
**नामकर्म**–(ना०) नामकरण ।
**नामदार**–(वि०) नाउँ चलेको ।
**नामनिशाना**–(ना०) नाउँ र चिनो; अत्तोपत्तो; नामनिसान ।
**नामनिसान**–(ना०) नामनिशाना ।
**नामन्जूर**–(वि०) मन्जूर नभएको; वेमन्जूर; अस्वीकार ।
**नामर्द**–(वि०) नपुंसक; डरछेरुवा; पानीआन्द्रे; कातर ।
**नामर्दी**–(ना०) नामर्द हुनाको भाव ।
**नामा**–(ना०) पत्र; चिठी ।
**नामाङ्कित**–(वि०) नाउँ लेखिएको; नाम खोपिएको ।
**नामी**–(वि०) नाम चलेको; नामुद; प्रसिद्ध ।
**नामुद**–(वि०) कहलिएको; प्रसिद्ध; नामी ।
**नामुद्दार**–(वि०) नामी; नामुद ।
**नामेट** (ना०) नामनिशाना नहुनु; सर्वनाश ।
**नाम्जो**–( ना० ) पाटको घोक्रो वा थैलो ।
**नाम्लो**–( ना० ) थाप्लामा राखी पिठ्यूँको भारी बोक्ने डोरी ।
**नायक**–(ना०) नेता; नाइके; प्रधान; मुख्य पात्र; अगुवा ।
**नायब**–(ना०) मुख्य हाकिममनिको कर्मचारी; सहायक कामदार ।
**नारद**–(ना०) एक देवर्षि । (वि०) कुरौटे; छुल्याहा ।
**नारा**–(ना०) ठूलो आवाज; हलाको सोइलामा झुन्ड्याइएको गोरु बाँध्ने डोरी; जोतारो ।
**नाराज**–( वि० ) अप्रसन्न; बेखुश ।
**नाराजी**–(ना०) अप्रसन्नता; बेखुशी ।
**नारान**–(ना०) नारायण; ज्वाइँलाई आदरपूर्वक भनिने शब्द ।
**नारानपाती**–( ना० ) भूवादार पात भएको एक किसिमको बोट, त्यसैको मसिना झुप्पादार फूल ।
**नारायण**–( ना० ) भगवान्; विष्णु; हरि ।
**नारायणबलि**–(ना०) अगति परेको वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बेपत्ता भएकाको लागि दाहदेखि सपिण्डीसम्म एकै पल्ट गरिने कार्य ।

**नारी**–(ना०) आइमाई; हत्केलाको फेद; घोडाको मुखभित्र हालिने लगामको काँढादार फलामे डन्डी ।

**नारीरत्न**–(ना०) अति गुणवती स्त्री ।

**नार्नु**–(स० क्रि०) जोत्नाका निम्ति गोरुहरूका काँधमा जुवा राखी नाराले बाँध्नु: जुटाउनु ।

**नाल**-(ना०) घरको फोहर फाल्ने ठाउँ; रछान; कोदालीको टाउको र पाताका बीचको भाग; घोडाका टापमा ठोकिने फलामे साधन; बालकको नाभिको आन्द्रो ।

**नालबन्दी**–(ना०) घोडाको टापमा नाल ठोक्ने व्यक्ति वा काम ।

**नाला**–(ना०) पानीको सोतो; कुलो; आगो फिक्ने दाबिलोजस्तो भाँडो ।

**नालायक**–(वि०) लायक नभएको; अयोग्य; बेकम्मा ।

**नालिश**–(ना०) न्याय गर्ने अड्डा वा अधिकारीसमक्ष गरिने उजूर; फिराद ।

**नालीबेली**–(ना०) विस्तारपूर्वक गरिने कुनै घटना वा कुराको वर्णन; पुख्यौंली ।

**नालु**–(ना०) एक प्रकारको सन; पाट ।

**नाविक**–(ना०) मल्लाह; माझी ।

**नाश**-(ना०) बरबाद; विध्वंश; बिगार ।

**नाशक**–(वि०) नाश गर्ने ।

**नाशबिगार**–(ना०) बिगार वा खराबी; असावधानीद्वारा परेको बिगार ।

**नासमझ**–(ना०) अज्ञान; नराम्रो विचार । (वि०) मूर्ख; भनेको नबुझ्ने ।

**नासो**–(ना०) धरौट; पछि फिर्ता लिने गरी कसैलाई राख्न दिएको वस्तु ।

**नास्ति**–(ना०) बिलकुल नभएको भाव बुझाउने शब्द ।

**नास्तिक**–(वि०) ईश्वर, वेद आदि नमान्ने ।

**नास्तिकता**–(ना०) नास्तिक हुनाको भाव ।

**नास्नु**–(स० क्रि०) नाश गर्नु; बिगार्नु; बन्न नदिनु; मास्नु ।

**नास्पाती**–(ना०) एक जातको ठूलो गोलो फल ।

**नाहक**–(क्रि० यो०) बिनसित्ति;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



व्यर्थ ।

**नाहीं**–(संयो) 'होइन' वा 'छैन' भन्ने अर्थ बुझाउने शब्द ।

**नि**–(अव्य०) लाचारी, झिझयाहट, प्रश्न आदि बुझाउने शब्द ।

**निकम्मा**–(वि०) अयोग्य; नालायक ।

**निकानन्द**–(वि०) सन्चो र आनन्द भएको ।

**निकाला**–(ना०) निकाल्ने वा निकालिने काम ।

**निकालाबास**–(ना०) कुनै ठाउँ वा वासबाट हटाइएर बस्ने काम; निकाला ।

**निकाल्नु**–(स० क्रि०) भित्रबाट बाहिर ल्याउनु; बन्धनबाट मुक्त गर्नु; कुनै ठाउँबाट हटाउनु ।

**निकास**–(ना०) निकासा; बाहिर जाने वा भित्र आउने बाटो; नाल; पानी निस्कने ठाउँ ।

**निकासा**–(ना०) तोक; खुला जवाफ ।

**निकासापुकासा**–(ना०) जाहेरी; निकासा वा वोलबिन्ती गर्ने काम ।

**निकासीपुकासी**–(ना०) निकासापुकासा ।

**निकासीपैठारी**–(ना०) देशविदेशमा मालताल पठाउने र त्यहाँबाट ल्याउने काम ।

**निकृष्ट**–(वि०) तुच्छ; नीच; तल्लो स्तरको ।

**निकै**–(वि०) धेर; प्रशस्त; असल । (क्रि० यो०) प्रशस्तै; धेरै ।

**निको**–(ना०) आरोग्यलाभ; प्रेम; रुचि; वेस; जाती ।

**निकोर्सि**–(क्रि० यो०) निपर्सि; पर्सिको भोलिपल्ट ।

**निक्खर**–(वि०) मिस्कट नभएको; एकै रङ्गको; शुद्ध; निक्खुर ।

**निक्खुर**–(वि०) निक्खर ।

**निक्लनु**–(अ० क्रि०) देखा पर्नु; टुसाउनु; धप्किनु; बाहिर हुनु ।

**निक्षिप्त**–(वि०) फ्याँकिएको; बन्धकी परेको; धरौटी राखिएको ।

**निक्षेप**–(ना०) फ्याँक्ने वा फाल्ने काम; धरोट राख्ने काम ।

**निक्सारी**–(ना०) निकासा दिने ठाउँ वा अड्डा ।

**निखट्टु**–(वि०) निकम्मा; बेकम्मा; वानीव्यहोरले कहीं टिक्न नसक्ने ।

**निखन्नु** (स० क्रि०) वेचिएको जग्गा-जमीन हकवालाले रुपैयाँ तिरी फिर्ता लिनु; बन्धकीमा परेको माल दाम तिरेर फिर्ता लिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**निखरा**–(वि०) बिनाकसरको; चोखो; शुद्ध; बेदागी ।

**निखलास**–(ना०) केही पनि नखाने काम; निराहार ।

**निखार**–(ना०) थिग्रेनी; थिगर; निथार ।

**निखार्नु**–(स० क्रि०) अलि-अलि गरी सिध्याउनु; थोरथोरै गरेर रित्याउनु ।

**निखिल**–(वि०) सम्पूर्ण; तमाम; अखिल ।

**निखुनी**–(वि०) बेदाग; केही खुन नभएको ।

**निखुनु**–(अ० क्रि०) भएभरको सकिनु; रित्तिनु; सिद्धिनु; सफा हुनु ।

**निगम**–(ना०) वेद; वेदको कुनै अंश; संस्थान; बाटो ।

**निगरानी**–(ना०) हेरविचार; रेख-देख; चेवा ।

**निगार**–(ना०) छानेको जाँड ।

**निगाले**–(वि०) निगालोजस्तै क्षीनो । (ना०) एक किसिमको उखु; चितुवा ।

**निगालो**–(ना०) कलम आदि बनाउने एक जातको मसिनु बाँस ।

**निगाह**–(ना०) दया-दृष्टि; अनुग्रह ।

**निगुरो**–(ना०) निहुरो ।

**निग्रह**–(ना०) दण्ड; सजाय ।

**निघण्टु**–(ना०) वैदिक शब्दकोश; शब्दका पर्याय सङ्कलन गरिएको कोश ।

**निचर्नु**–(स० क्रि०) निचोर्नु ।

**निचोड**–(ना०) निचोर; सारांश; तेरीज ।

**निचोर्नु**–(स० क्रि०) थिचेर रस निकाल्नु; पेल्नु; थिच्नु; निथार्नु ।

**निछाउनु**–(अ० क्रि०) ढिलाउनु; आलस्य गर्नु; नीच मार्नु; उपेक्षा गर्नु ।

**निछ्याम**–(ना०) मध्याह्न; सन्नाटा ।

**निज**–(सर्वना०) आफू; ऐजन; सो ।

**निजामती**–(ना०) जङ्गीबाहेकको कर्मचारी; प्रशासकीय र अदालती ।

**निजायत**–(ना०) घरायस; आफ्नो तर्फको काम; निजी काम ।

**निजायती**–(वि०) निजायतको; निजी; घरायसी ।

**निजी**–(वि०) आफ्नो; व्यक्तिगत; स्वकीय ।

**निजु**–(क्रि० यो०) नित्य; निरन्तर; सधैं ।

**निट्ठा**–(वि०) निखुर ।

**निठुर**–(वि०) कठोर मन भएको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



क्रूर; निर्दयी ।
**निठुरी**–(वि०) कठोर मन भएको; निर्दयी; क्रूर ।
**निडर**–(वि०) डर नभएको; शूरो ।
**नितान्त**–( क्रि० यो० ) बिलकुल; सर्वथा; अत्यन्त ।
**नितिखुती**-(क्रि० यो०) नाटीकुटी; चासो ।
**नित्य**–(क्रि० यो०) दिनहुँ; दिनदिनै; प्रतिदिन। (ना०) ईश्वर; आत्मा। (वि०) अविनाशी ।
**नित्यकर्म**–(ना०) दैनिक कर्म; स्नान; पूजापाठ आदि सधैं वेलामा गरिने काम ।
**नित्रेनी**–(ना०) लस्त हुनु; ग्लानि; शिथिलता ।
**नित्र्यानी**–(ना०) नित्रेनी ।
**नित्र्यान्न**–(वि०) नित्र्यानी भएको ।
**निथाचूर्ण**–(क्रि० यो०) खूनसँग भिज्ने किसिम ।
**निथार**–(ना०) निथ्रेर बाँकी रहेको वस्तु; रहलपहल; शेष ।
**निथार्नु**–( स० क्रि० ) पानी आदि पन्यालो वस्तु सबै चुहाउनु ।
**निथ्रनु**–( अ० क्रि० ) पन्यालो पदार्थ राखेको ठाउँबाट जम्मै चुहुनु वा बग्नु; टह्किनु ।
**निथ्रुक्क**–(क्रि० यो०) पानी वा पसीनाले सर्वाङ्ग भिज्ने किसिम ।
**निथ्रेनी**–( ना० ) निथ्रेर बचेको थिग्रेनी; निथार ।
**निदाउनु**-(अ० क्रि०) भुसुक्क हुनु; निद्रामा पर्नु ।
**निदाउरो**-(वि०) मलिन मुख भएको; निदाउलाजस्तो; नीदले गाँजेको; निद्रालु । पो० निदाउरी ।
**निदान**–(ना०) चिकित्सा; परिणाम ।
**निदाल**-(ना०) दलिनहरू अडयाउन दुई गाह्लाका बीचमा राखिने काठ ।
**निद्रा**–(ना०) नीद; स्वप्नावस्था ।
**निद्रालु**–(वि०) धेरै सुत्ने; सुताहा; निद्राले गाँजेको ।
**निधन**–(ना०) मृत्यु; मरण; अन्त ।
**निधार**–( ना० ) ललाट; पूर्पुरो; चाँदो ।
**निधि**–(ना०) कुनै वस्तु धेरै भएको ठाउँ; खानि; गडल धन; सम्पत्ति ।
**निधो**–( ना० ) निश्चय; निर्णय; पक्कापक्की ।
**निध्याउनु**–(स० क्रि०) सोधपूछ गरी पक्कापक्की पार्नु ।
**निनी**–(ना०) केटाकेटीको सुताइ वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



निद्रा ।

**निनु**–(ना०) निनी ।

**निन्दा**–(ना०) तिरस्कार; हेला ।

**निन्दित**–( वि० ) हेला गरिएको; तुच्छ ।

**निन्दोचर्चो**–(ना०) नाटीकुटी; बदखवाइँ ।

**निन्याउरो**–(वि०) मलिन; कान्ति नभएको । पो० निन्याउरी ।

**निपर्सि**–(क्रि० यो०) पर्सिको भोलिपल्ट ।

**निपात**–(ना०) खस्नु; गिर्नु; पतन; नाश; आहाने प्रयोगका निम्ति आउने शब्द ( त, नि, पो, लौ, रे आदि) ।

**निपाने**–(ना०) खेतीपातीको काममा प्रयोग हुने एक किसिमको हतियार ।

**निपुण**–( वि० ) कुशल; सिपालु; जान्ने ।

**निफनाइ**–( ना० ) निफन्ने काम वा किसिम ।

**निफन्नु**–(स० क्रि०) नाङ्लामा राखी राम्रो नराम्रो छुट्याउनु; अरूको कुरा काट्नु; निन्दोचर्चो गर्नु ।

**निफर**–(वि०) धक्का वा चोट सहन नसक्ने; फितलो; कमजोर ।

**निब**–(ना०) होल्डरमा जडेर लेख्ने धातुको टाँका ।

**निबन्ध**–(ना०) कुनै विषयमा विचार, सिद्धान्त आदिको विवेचना गरिएको भावनाप्रधान लेख ।

**निबुवा**–( ना० ) एक किसिमको अमिलो ठूलो फल ।

**निब्टयाइ**–(ना०) निब्टयाउने काम वा किसिम ।

**निब्टयाउनु**–(स० क्रि०) तामेल गर्नु; खतम गर्नु ।

**निभाइ**–(ना०) निभाउने काम वा किसिम ।

**निभाउनु**–( स० क्रि० ) बत्ती, आगो आदि मार्नु; मरेजस्तो पार्नु ।

**निभ्नु**–( अ० क्रि० ) कयाप्प हुनु; निस्तेज हुनु; बल्न छोड्नु ।

**निमक**–( ना० ) नून; सरकार; मालिक आदिबाट पाएको अन्नपानी; जीविका ।

**निमकहराम**–(वि०) निमकको सोझो नचिताउने; बेईमान ।

**निमन**–(ना०) सन्चो; नीरोग हुनु; (वि०) सफा; चोखो ।

**निमन्त्रण**–( ना० ) निमन्त्रणा; निम्तो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



निमन्त्रणा–(ना०) भोज-उत्सव आदि-मा कसैलाई बोलाउने काम; आमन्त्रण; निम्तो ।

निमन्त्रित–(वि०) निम्तो गरिएको; डाकिएको ।

निमित्त–(ना०) प्रयोजन; कारण; निम्ति; उद्देश्य ।

निमुखा–(वि०) मौकामा बोल्न नसक्ने; सोझोसाझो ।

निमेक–(ना०) नून; ज्याला; तलब ।

निमेष-(ना०) छिन; क्षण ।

निमोठाइ–(ना०) निमोठ्ने काम वा किसिम ।

निमोठ्नु–(स० क्रि०) बेसरी समातेर बाटिने गरी घुमाउनु; मुन्टोसमेत छुट्टिने गरी भाँच्नु; अँठ्याई बटारेर चुँडाल्नु । (अ० क्रि०) आन्द्राभुँडी बटारिएर दुख्नु ।

निमोनियाँ–(ना०) छातीभित्र चिसो पसेर फोक्सोमा सूज भई दम र कडा ज्वर हुने एक रोग ।

निम्की–(ना०) मैदाको एक किसिमको रोटी; नून मात्र हालेर बनाएको कागतीको अचार ।

निम्ठो–(ना०) भाँडामा कुसी नभई बिटसम्मको भराइ ।

निम्ठ्याइ–(ना०) निम्ठाउने काम वा किसिम ।

निम्ठ्याउनु–(स० क्रि०) निम्ठो पार्नु ।

निम्तारु–(ना०) निमन्त्रित व्यक्ति; निम्तिएको व्यक्ति ।

निम्ति–(ना० यो०) निमित्त; लागि ।

निम्तो–(ना०) निमन्त्रणा; कुनै उत्सव वा काममा इज्जतसाथ बोलाउने काम ।

निम्त्याइ–(ना०) निम्त्याउने काम ।

निम्त्याउनु-(स० क्रि०) निम्तो गर्नु; डाकबोलाउ गर्नु ।

नियत-(ना०) नियुक्त गर्ने काम । (वि०) ठीक; ठेकिएको; निश्चित; निर्धारित; नियमबद्ध ।

नियति–(ना०) नियत हुनाको भाव; भाग्य; प्रकृति ।

नियम–(ना०) फायदा; रूल; कानून; व्यवस्था ।

नियाँ–(ना०) न्याय; अपराधीको परीक्षाको पुरानो रीत ।

नियालाइ–(ना०) नियाल्ने काम वा किसिम ।

नियाल्नु–(स० क्रि०) ठम्याउनु; तीखो दृष्टि दिएर हेर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नियुक्त–(वि०) भर्ना गरिएको; लगाइएको ।
नियुक्ति–(ना०) नियुक्त गर्ने काम; भर्ना ।
नियोजन–(ना०) काममा लाउनु; नियुक्त गर्नु; रोक्नु; थाम्नु ।
नियोजित–(वि०) नियोजन गरिएको ।
निर–(ना०) नजीक; नेर ।
निरक्षर–(वि०) अक्षर नजान्ने; अपढ ।
निरक्षरी–(ना०) अक्षर नजान्ने व्यक्ति ।
निरच्छेर–(वि०) निरक्षर; अक्षर नजान्ने ।
निरच्छेरी–(ना०) निरक्षरी ।
निरन्तर–(क्रि० यो०) लगातार; सधैं ।
निरर्थक–(वि०) अर्थ न बर्थको; बेमतलबको; बेकम्मा ।
निराकरण–(ना०) सोचविचारसाथ कुनै कुराको निर्णय गर्नु; ठीक परिणाम निकाल्नु; छँटाइ; खण्डन ।
निराकार–(वि०) आकार वा रूप नभएको । (ना०) ब्रह्म, ईश्वर ।
निराधार–(वि०) आधार केही नभएको; निस्सहाय ।
निराला–(ना०) एकान्त ठाउँ; निर्जन । (वि०) आफ्नै किसिमको; विलक्षण; अपूर्व ।
निराश–(वि०) आशा नभएको ।
निराशा–(ना०) आशाको अभाव; आस मर्नु ।
निराश्रय–(वि०) आश्रय नभएको; असहाय ।
निराहार–(ना०) केही नखानु; व्रत बस्नु । (वि०) भोको ।
निरीक्षक–(ना०) निरीक्षण गर्ने व्यक्ति; जाँचकी ।
निरीक्षण–(ना०) जाँच गर्नु; रेखदेख गर्नु; परीक्षण ।
निरूपण–(ना०) निश्चय; छलफलबाट भएको यथार्थ ज्ञान ।
निरूपाय–(वि०) उपाय नलाग्ने ।
निरोगी–(वि०) रोग नभएको ।
निर्गुण–(ना०) एक किसिमको भजन; परमात्मा । (वि०) बेगुन; असल गुण नभएको ।
निर्घात–(क्रि० यो०) बेसरी; खूबसँग; धूमधाम ।
निर्घिनी–(वि०) इज्जत नभएको; नीच ।
निर्छलो–(वि०) निर्लज्ज; लाजशरम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



केही नभएको ।
**निर्जला**–(ना०) पानी पनि नखाई गर्ने एक किसिमको व्रत ।
**निर्णय**–(ना०) इन्साफ; निश्चय; निरूपण ।
**निर्दय**–(वि०) दया नभएको; निर्दयी ।
**निर्दयता**–(ना०) निर्दय हुनाको भाव ।
**निर्दयी**–(वि०) निठुर; दयामाया नभएको ।
**निर्दिष्ट**–(वि०) निर्देश गरिएको; तोकिएको; निश्चित ।
**निर्देश**–(ना०) विशेष किसिमले कुनै काम भन्नु वा गराउनु; आदेश; आज्ञा; देखाउनु; उल्लेख; वर्णन ।
**निर्देशक**–(ना०) कुनै विभागको प्रमुख; निर्देशन दिने व्यक्ति ।
**निर्देशन**–(ना०) निर्देश दिने काम ।
**निर्दोष**–(वि०) दोष नभएको; दोषरहित; निष्कलङ्क ।
**निर्दोषी**–(वि०) निर्दोष ।
**निर्धक्क**–(वि०) धक नमान्ने; निश्शङ्क । (क्रि० यो०) धक वा डर नमानीकन ।
**निर्धन**–(वि०) कङ्गाल; गरीब ।
**निर्धारण**–(ना०) तोक्ने काम; ठहर; निश्चय ।
**निर्धारित**–(वि०) तोकिएको; निश्चित ।
**निर्धो**–(वि०) बल नभएको; कमजोर; गरीब ।
**निर्वाङ्ग**–(वि०) निर्वस्त्र; नाङ्गो ।
**निर्बुद्धि**–(वि०) बुद्धि नभएको; विचार नभएको ।
**निर्ब्याजी**–(त्रि०) ब्याज नलाग्ने ।
**निर्भय**–(वि०) भय नभएको; डर नमान्ने; निडर; निर्धक्क ।
**निर्भर**–(वि०) भरोसामा रहेको; आश्रित; मिलेको; खूब ।
**निर्भीक**–(वि०) डर नभएको ।
**निर्मम**–(वि०) ममता नभएको; निर्दय; निष्ठुर ।
**निर्मल**–(ना०) स्वच्छ पानी । (वि०) निर्दोष; वेदाग; स्वच्छ ।
**निर्माण**–(ना०) बनाउने काम; रचना ।
**निर्माणात्मक**–(वि०) निर्माणसम्बन्धी; रचनात्मक ।
**निर्माता**–(वि०) बनाउने; रचना गर्ने ।
**निर्माया**–(वि०) माया नभएको; प्रेम नभएको ।
**निर्मित**–(वि०) बनाइएको; रचित ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**निर्मूल**–( वि० ) मूलसमेत नष्ट गरिएको; फेदसम्म उखेलिएको ।

**निर्मोही**–( वि० ) मोह नभएको; निठुरी ।

**निर्यात**–(वि०) बाहिर गएको; बाहिर पठाइएको । (ना०) अरू देशमा मालसामान पठाउने काम ।

**निर्लज्ज**–(वि०) निर्छलो; लाज पचाउने ।

**निर्लिप्त**–( वि० ) कसैसित सम्बन्ध नभएको; कुनै विषयमा आसक्ति नभएको ।

**निर्वाचन**–(ना०) छान्ने काम; चुन्ने काम; चुनाव ।

**निर्वाचित**–(वि०) छानिएको; चुनिएको ।

**निर्वासन**–( ना० ) देशबाट निकाल्ने काम; देशनिकाला ।

**निर्वासित**–( वि० ) देशबाट निकालिएको; देशनिकाला गरिएको ।

**निर्वाह**–(ना०) जीविका; गुजरान; कामचलाउ ।

**निर्विघ्न**–(वि०) सजिलैसँगको ।

**निलाइ**–( ना० ) निल्ने काम वा किसिम ।

**निराहार**–(ना०) केही नखाई व्रत बस्ने काम । (वि०) त्यसरी बसेको व्रत ।

**निल्नु**–( अ० क्रि० ) खाएको वस्तु घाँटीबाट ओराल्नु; खानु ।

**निवारण**–(ना०) छेक्ने काम; रोकावट; पन्साउने काम ।

**निवास**–(ना०) बस्ने वा रहने काम; स्थान; बास; घर; आश्रम ।

**निवासी**–(वि०) निवास गर्ने; बस्ने।

**निवृत्त**–( वि० ) छुटकारा पाएको; मुक्त; सिध्याइएको ।

**निवृत्ति**–(ना०) छुटकारा; मुक्ति; समाप्ति ।

**निवेदक**–(ना०) निवेदन दिने वा गर्ने व्यक्ति ।

**निवेदन**–(ना०) बिन्तीभाउ; प्रार्थना।

**निवेदित**–(वि०) निवेदन गरिएको ।

**निशाना**–( ना० ) चिह्न; लक्ष्य; तारो ।

**निश्चय**–(ना०) निस्सन्देह; पक्का ।

**निश्चल**–(वि०) चल्दै नचल्ने; नहल्लने; नडग्ने ।

**निश्चित**–(वि०) निश्चित भएको; निर्धारित; पक्का ।

**निश्चिन्त**–( वि० ) चिन्ता नभएको; निस्फिक्रीको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**निश्छल**–( वि० ) छलकपट नगर्ने; निष्कपट ।

**निशशस्त्र**–(वि०) शस्त्र नभएको ।

**निशशस्त्रीकरण**–(ना०) शस्त्र नभएको पार्नु ।

**निषेध**–(ना०) रोक लगाउने काम; बाधा; मनाई ।

**निष्कपट**–( वि० ) कपट नभएको; निश्छल ।

**निष्कलङ्क**–(वि०) कलङ्क नभएको; निर्दोष ।

**निष्कासन** (ना०) बाहिर निकाल्नु ।

**निष्कासित** ( वि० ) बाहिर निकालिएको ।

**निष्क्रिय**–(वि०) कुनै काम वा चेष्टा नभएको; कामकाज केही नगर्ने ।

**निष्ठा**–(ना०) कुनै काम वा कुराप्रतिको भक्तिभाव; आस्था; श्रद्धा; विश्वास; आधार ।

**निष्ठाकर्म**–( ना० ) आचारविचार; चोखीनिती ।

**निष्ठुर**–(वि०) कठोर हृदय भएको ।

**निष्ठुरता**–(ना०) निष्ठुर हुने भाव ।

**निष्पक्ष**–( वि० ) पक्षपात केही नभएको; कसैको पक्षमा नलागेको ।

**निष्पाप**–(वि०) पाप नभएको ।

**निष्फल**–( वि० ) विनामतलबको; बेकम्मा ।

**निसान**–(ना०) पल्टनियाँ झन्डा वा त्यो बोक्ने दर्जाको व्यक्ति ।

**निसाफ**–(ना०) इन्साफ; नियाँ ।

**निसाफी**–( वि० ) निसाफ गर्ने ।

**निसासिनु**–(अ० क्रि०) सास थुनिनु; अतालिनु ।

**निस्कनु**-(अ० क्रि०) बाहिर जानु; निक्लनु; उम्रनु ।

**निस्तब्ध**-(वि०) हलचल नभएको; स्थिर ।

**निस्तार**–( ना० ) उद्योग; उपाय; छुटकारा ।

**निस्तुक**-(ना०) पक्कापक्की; निधो; छेडखान ।

**निस्तो**–(वि०) बिनासितनको; नमुछिएको ।

**निस्त्याहट**–(ना०) निस्तो हुने किसिम; न्यास्रो; उत्कण्ठा ।

**निस्पट्ट**-(वि०) ज्यादै अँधेरो; देख्तै नदेखिने ।

**निस्याइलो**–(वि०) उराठलाग्दो ।

**निस्लोट**–( वि० ) खूबसित जरो आएको ।

**निस्सन्तान**–( वि० ) अपूतो; छोरा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



छोरी कोही नभएको ।

**निस्सन्देह**–(वि०) सन्देह नभएको । (क्रि० यो०) सन्देह नगरीकन; अवश्य ।

**निस्सहाय**–(वि०) सहाय कोही नभएको; असहाय ।

**निस्सा**–(ना०) निसाना; चिह्न वा प्रमाण ।

**निस्से**–(ना०) निश्चय ।

**निहायत**–(वि०) खूब । (ना०) टुङ्गो; आखिरी छेउ ।

**निहाल**–(बि०) परिपूर्ण; सम्पूर्ण ।

**निहित**–(वि०) रहेको; राखिएको; स्थापित ।

**निहीन**–(ना०) दाइँलाई अन्नका मुठा केही दिन सुकाउने काम ।

**निहुँ**–(ना०) देखावटी कारण; बहाना ।

**निहुँखोजाहा**–(वि०) झगडा गर्न निहुँ खोज्ने ।

**निहुरनु**–(अ० क्रि०) नम्र हुनु; झुक्नु; पस्रनु ।

**निहुराइ**–(ना०) निहुरने काम वा किसिम ।

**निहुरो**–(ना०) तरकारी र अचार खाइने एक किसिमको बनँया झार वा टुसो ।

**निहोरा**–(ना०) खुशामद; चाकरी ।

**नीच**–(वि०) तुच्छ; चुत्थो; क्षुद्र; जाँगर; उपेक्षा ।

**नीचमारा**–(वि०) काममा ध्यान नदिने; वास्ता नगर्ने; जाँगरमरुवा ।

**नीचो**–(वि०) होचो; ओरालो ।

**नीति**–(ना०) कामको नियम वा सिद्धान्त; व्यवहारको परिपाटी; उपाय ।

**नीतिज्ञ**–(वि०) नीति जान्ने ।

**नीद**–(ना०) निद्रा ।

**नीम**–(ना०) एक किसिमको रूख ।

**नीयत**–(ना०) स्वभाव; बानी; आशय; इच्छा ।

**नीर**–(ना०) नीलो रङ्ग; एक किसिमको मणि ।

**नीरस**–(वि०) बिरसिलो; रस नभएको ।

**नीरोग**–(वि०) रोग नभएको; निरोगी ।

**नील**–(ना०) रगत फुट्न नसक्ने जीउको डाम । (वि०) नीलो ।

**नीलगाई**–(ना०) एक जातको जङ्गली गाई ।

**नीलाम्मे**–(वि०) नीलँनीलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नीलिमा–(ना०) नीलो रङ्ग; नीलोपन।

नीलो–(वि०) नीरको जस्तो रङ्ग भएको। (ना०) त्यस्तो रङ्ग।

नीलोतूथो–(ना०) तामाको उपधातु।

नीवार–(ना०) नाभोबाट उत्पन्न हुने धान।

नुनिलो–(वि०) नून भएको।

नुनु–(ना०) बालबोलीमा सुत्ने काम वा निद्रा; निनी; चिउँ।

नुवागी–(ना०) न्वागी।

नुस्खा–(ना०) चिकित्सकद्वारा औषधीको नाउँ र सेवनविधि लेखिएको कागत।

नुहाइ–(ना०) नुहाउने काम वा किसिम।

नुहाउनु–(स० क्रि०) निहुराउनु; पानीले शरीर पखाल्नु।

नुहुनु–(अ० क्रि०) नम्र हुनु; नचकनु।

नूतन–(वि०) नयाँ; नवीन; ताजा; अपूर्व।

नून–(ना०) खानिबाट निस्कने क्षार पदार्थ; लवण।

नूनचूक–(ना०) नून र अमिलो; चोटमाथिको चोट।

नूनढिको–(ना०) नूनको ढिको; एक किसिमको क्षार।

नूने–(वि०) नूनको; नून हालेको।

नूपुर–(ना०) पाउजेब।

नूर–(ना०) शि ; अनुहारको फूर्ति; तेज।

नृत्य–(ना०) नाच्ने काम; नाच।

नृत्यशाला–(ना०) नाचघर।

नृप–(ना०) राजा; नरेश।

नृसिंह–(ना०) सिंहको रूप लिएका बिष्णु; दस अवतारमध्ये एक; पराक्रमी व्यक्ति।

नेउको–(ना०) नेफा; फरियामाथि गाँसेको घरो।

नेक–(वि०) असल; बेस।

नेकनाम–(वि०) नामी; यशस्वी।

नेकनामी–(ना०) श्याबासी; कीर्ति; सुनाम।

नेकनीयत–(ना०) भलो विचार; ईमानदारी।

नेकी–(ना०) सौजन्य; उत्तम; व्यवहार।

नेकु–(ना०) फुकेर बजाइने एक किसिमको पुरानो बाजा।

नेग–(ना०) विवाह आदि शुभ कार्यमा मदत गर्नेलाई दिइने दस्तूर।

नेगी–(ना०) नेग पाउन योग्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नेगीजोगी–(ना०) नेग पाउने व्यक्ति-हरूको समूह ।

नेटो (ना०) आँखाले देखिनेसम्मको ठाउँ; सिमाना; साँध ।

नेठ्नु–(स० क्रि०) खुत्याउनु; ढुङग्या-उनु ।

नेठ्याइ–(ना०) नेठिने काम वा किसिम ।

नेता–(ना०) नायक; अगुवा; बाटो देखाउने व्यक्ति ।

नेतिबिरालो–(ना०) नाभिछेउ कस्तूरी मृगको जस्तो सुगन्धी विना हुने एक जातको बिरालो ।

नेती–(ना०) मधानीको डोरी ।

नेतृत्व–(ना०) नेता हुनाको भाव; नेताको पद वा काम ।

नेत्र–(ना०) नयन; आँखा ।

नेपच्यून–(ना०) सौरमण्डलको एक ग्रह ।

नेपथ्य–(ना०) नाटकका पात्रहरूको ठाउँ बदल्ने कोठा; वेश ।

नेपाल–(ना०) एशिया महादेशमा हिमालको काखमा रहेको सार्वभौम-सत्तासम्पन्न एक राष्ट्र ।

नेपाली–(वि०) नेपालमा बस्ने; नेपा-लमा उत्पन्न ।

नेपुल–(ना०) जुत्तामा फुलीको प्वाल पार्ने साँचो ।

नेप्टिनु–(अ० क्रि०) नेप्टो हुनु; थिचिएर बाङ्गो वा चेप्टो हुनु ।

नेप्टो–(वि०) थेप्चो नाक भएको ।

नेप्ट्याइ–(ना०) नेप्टिने काम वा किसिम ।

नेफा–(ना०) सुरुवाल आदिमा इँजार हाल्ने घर ।

नेमुनि–(ना०) नेपालका प्राचीन एक मुनि ।

नेर–(ना० यो०) निर; समीप; नजीक ।

नेरि–(ना० यो०) नेर ।

नेल–(ना०) कैदीको गोडामा लाउने फलामे कडा ।

नेवर–(ना०) नूपुर; पाउजेब ।

नेवार–(ना०) नेपालको एक जाति ।

नेवारी–(वि०) नेवारसम्बन्धी; नेवा-रको ।

नेहुर–(ना०) हिमाली भेगमा हुने एक जातको भेडो ।

नै–(सं० यो०) पक्कापक्की वा जोड बुझाउने शब्द ।

नैकाउन–(ना०) नाइकेलाई दिइने दस्तूर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नैकिनी–(ना०) नाइकेकी स्त्री ।

नैचा–(ना०) हुक्काको घुँघुरिएको नली ।

नैनसूत–(ना०) एक प्रकारको सेतो कपडा ।

नैनी-(ना०) नाउ-जातकी स्त्री; नडिन्नी ।

नैर्ऋत्य–(ना०) दक्षिण र पश्चिम दिशाको कुनु ।

नैवेद–(ना०) नैवेद्य ।

नैवेद्य–(ना०) देवतालाई चढाइएको खानेकुरो; प्रसाद ।

नोकर–(ना०) कुनै कामको लागि तलब दिएर राखेको व्यक्ति; सेवक ।

नोकरी–(ना०) तलब लिएर गरेको काम; जागीर; सेवा ।

नोक्सान–(ना०) हानि; कमी; घाटा ।

नोक्सानी–(ना०) हानि; टुट्टा । (वि०) नोक्सान हुने किसिमको ।

नोट–(ना०) कागतको रुपियाँ; सम्झौटो लेख्ने काम; टीका ।

नोबटाँ–(ना०) काठका सामानको सुर हेर्ने फलामे साधन ।

नोभेम्बर–(ना०) ईसवी वर्षको एघारौं महीना ।

नोल-(ना०) खर्पन बोक्दा काँधमा राखने काठको सामान ।

नौ-(वि०) आठपछिको सङ्ख्या ।

नौका–(ना०) डुङ्गा; नाउ; जहाज ।

नौगेडी–(ना०) सुनका बुट्टेदार गेडी पोते, मूगा आदिमा उनेको गहना ।

नौजवान–(वि०) तरुनो; नवयुवक ।

नौनी–(ना०) दही वा दूध मथेर झिकेको घिउ; नतताएको घिउ ।

नौमत-(ना०) खराब हालत; दुर्दशा ।

नौमतोबाजा-(ना०) मङ्गलसूचक प्राचीन शाही बाजा ।

नौरङ्गी–(ना०) अनेक भाँतिको; नाना रङ्गको ।

नौरथा–(ना०) नवरात्रि ।

नौली–(वि०) भर्खर चिनिएकी वा आएकी; नयाँ (स्त्री) ।

नौलो-(वि०) नयाँ; नवीन; अज्ञात ।

नौसेना-(ना०) समुद्री जहाजमा बसी लडाइँ गर्ने सेना; जलसेना ।

न्याउँ–(क्रि० यो०) बिरालो, न्याउलो आदि कराउने किसिम; म्याउँ ।

न्याउरी (ना०) एक किसिमको जङ्गली मुसो ।

न्याउरो–(ना०) बिरालाको छाउरो ।

न्याउली-(ना०) एक किसिमको स्वर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बाजा।

**न्याउलो**–( ना० ) विरक्तलाग्दो गरी कराउने एक जातको जङ्गली चरो।

**न्यानू**–(वि०) न्यानो।

**न्यानो**–(वि०) न्यानू; तातो।

**न्याय**–(ना०) दोष र निर्दोष, उचित र अनुचित कुराको विवेकपूर्ण विचार; निसाफ; इन्साफ; नियाँ।

**न्यायकर्ता**–(वि०) न्याय गर्ने।

**न्यायाधीश**–( ना० ) न्यायालयका प्रमुख अधिकारी।

**न्यायालय** (ना०) इन्साफ हुने ठाउँ वा अड्डा; अदालत।

**न्यायी**–(वि०) न्याय गर्ने; इन्साफ गर्ने।

**न्यायोचित**–( वि० ) न्यायअनुसार मिल्दो; न्यायपूर्वकको।

**न्यास्रो**–(वि०) दिक्दारी; उराठपन।

**न्यून**–(वि०) अल्प; थोरै।

**न्यूनता**-(ना०) न्यून हुनाको भाव।

**न्वागी**-(ना०) धान, गहुँ आदि नयाँ अन्न दुधिलो छँदैमा पहिलो पल्ट चढाई खाने काम वा चीज।

**न्वारान**–( ना० ) बालक जन्मेको एघारौं दिनमा गरिने संस्कार; नामकरण।

# प

**प**–देवनागरी वर्णमालाको एक्काइसौं व्यञ्जनवर्ण, उच्चारणस्थान ओष्ठ।

**पँजाइ**–( ना० ) पाँज्ने काम वा किसिम।

**पँज्याइ**–( ना० ) पँज्याउने काम वा किसिम।

**पँज्याउनु**–(स० क्रि०) पाँजा पार्नु; पाँजा बनाउनु।

**पँदाइ**–( ना० ) पाँदने काम वा किसिम।

**पँधेरो**–(ना०) कुवा; पनेरो।

**पँधेर्नी**–(ना०) पानी लिन जाने स्त्री।

**पउन**–(ना०) सास; प्राणवायु।

**पकड**–(ना०) समात्ने काम; नछाडी अँठ्याउने काम; जिद्दी; हठ।

**पकडाइ**–(ना०) पक्डने काम; पकड;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पक्राउ ।

पकपकी–( क्रि० यो० ) पकापक मर्ने किसिम; भोक-तिर्खाले मुख बाउने किसिम ।

पकला–( ना० ) सुकेका गोबरको थाप्रो ।

पकाइ–( ना० ) पकाउने वा पाक्ने काम ।

पकाउनु–(ना०) पाक्ने पार्नु; खान योग्य बनाउनु; खानेकुरो गलाउनु; खटिरा आदिमा उपचारद्वारा पीप भरिने पार्नु; पाकेको तलब वा ज्याला पाउने तुल्याउनु ।

पकापक–(क्रि० यो०) धमाधम खाने वा काम गर्ने किसिम ।

पकार–(ना०) 'प' अक्षर ।

पकुवा–( वि० ) पाकेको । (ना०) कवाफ; पक्कु ।

पकौडी–(ना०) प्याज आदि हालेर बेसनको पीठो घिउ-तेलमा पकाएको फुरौला ।

पक्क–(क्रि० यो०) जिल्ल; अलमल्ल; वाल्ल ।

पक्का–( ना० ) निधो; निश्चय । (वि०) पाको; होशियार; पोख्त ।

पक्कापक्की–(ना०) पूरा निश्चय ।

पक्की–(वि०) रँगाएपछि रङ्ग नजाने; पाको ईंटलेबनेको (घर आदि); ढुङ्गा, कङ्क्रीट आदि पेली बनाइएको (बाटो); असल; पक्का ।

पक्कु–(वि०) खूब पाकेको । (ना०) कवाफ ।

पक्ड्नु–(स० क्रि०) पक्रनु; समात्नु ।

पक्याउनु–(स० क्रि०) पकापक खानु ।

पक्रनु–(स० क्रि०) गाँज्नु; समात्नु; लिनु; फम्टनु; गिरफ्तार गर्नु; कडाइसाथ कुनै धनमाल असूल गर्न खोज्नु; आश्रय लिनु ।

पक्राइ–( ना० ) पक्रने काम वा किसिम ।

पक्राउ–(ना०) पक्रने काम ।

पक्लक्क–(क्रि० यो०) जरैदेखि उखेल्ने किसिम ।

पक्वान्न–(ना०) पाकेको खानेकुरो ।

पक्ष–(ना०) महीनाको आधा भाग; परेवादेखि पूर्णिमा वा औंसीसम्मका पपन्ध्र दिन; आधा खण्ड; मदतगार वा बरोबरीको जमात; दल; तट; किनारा । (ना० यो०) तिर; तर्फ ।

पक्षपात–(ना०) पनपच्छे; ओड ।

पक्षपाती–(वि०) पक्षपात गर्ने; पनपच्छेमा लाग्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पक्षवात**–(ना०) शरीरको कुनै भाग नचल्ने एक किसिमको रोग; पक्षाघात ।

**पक्षाघात**–(ना०) पक्षवात ।

**पक्षी**–(ना०) चरो; पक्ष लिने व्यक्ति। (वि०) पक्षसम्बन्धी; पखेटा भएको।

**पक्षीय**–(वि०) पक्षसम्बन्धी; पक्षको।

**पखालपुखुल**–(ना०) भाँडाभित्र लागेको वस्तु पखाली झिक्ने काम ।

**पखाला**–( ना० ) पातलो दिसा; झाडा ।

**पखाल्नु**–(स० क्रि०) पानीले सफा गर्नु; खकाल्नु; धुनु; कुरा काट्नु; बदनाम गर्नु ।

**पखिनी**–(ना० ) पाखेको पोथीरूप; पाखामा बस्ने स्त्री ।(वि०) असभ्य; गँवार (स्त्री) ।

**पखेटा**–(ना०) चराको उड्ने साधन; पक्ष ।

**पखेरु**–(ना०) चरो; पंछी; सास; प्राण ।

**पखेरो**–(ना०) सानो पाखो; सबैतिर अग्लो र गहिरो भएको जमीन ।

**पर्खनु**–(अ० क्रि०) बाटो हेर्नु; प्रतीक्षा गर्नु ।

**पगरी**–(ना०) एक किसिमको टोपी; फेटा ।

**पगला**–(वि०) पागल ।

**पगार**–(ना०) थुनबाट दूध रसाएर आउनु; पग्रने काम ।

**पगाहा**–(ना०) पशुलाई वरिपरि चर्न हुने र टाढा जान नसक्ने किसिमले बाँध्ने लामो डोरी ।

**पग्लँदो**–(वि०) पग्लन लागेको ।

**पग्लनु**–(स० क्रि०) साह्रो वस्तु गीलो हुनु; रसाउनु; दिलमा दया उठ्ने गरी असर पर्नु ।

**पग्लाइ**–( ना० ) पग्लने वा पगाल्ने काम ।

**पग्लिदो**–( वि० ) पग्लन लागेको; नुनिलो र अमिलो मिली नमीठो स्वाद भएको ।

**पघारो**–(ना०) दूध पघार्नका निम्ति थुनमा लाउने चिल्लो (नौनी वा घिउ) ।

**पघितो**–(वि०) धेरै; औधी; पउल।

**पघ्रनु**–( अ० क्रि० ) थुनबाट दूध राम्ररी आउनु; रसाउनु ।

**पघ्राइ**–( ना० ) पघ्रने काम वा किसिम ।

**पङ्कज**–(ना०) कमल; पद्म ।

**पङ्क्ति**–(ना०) लाम; लहर; हार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पङ्क्तिबद्ध**–(वि०) पङ्क्तिमा मिलाइएको; हार लगाइएको ।
**पङ्ख**–(ना०) पखेटा ।
**पङ्खा**–(ना०) हावा दिने वा हम्कने साधन ।
**पङ्खी**–(ना०) चरो; पखेरु ।
**पच**–(ना०) हजम; चम्पत ।
**पचका**–(ना०) पानी भरेर छिर्का हान्ने ढुङ्गोजस्तो वस्तु; पिचकारी ।
**पचनी**–(ना०) पचाउने काम; पच ।
**पचपच**–(क्रि० यो०) धमाधम किरिया हाल्ने किसिम ।
**पचपचाइ**–(ना०) पचपचाउने काम ।
**पचपचाउँदो**–(वि०) नमीठो स्वादको; पानी वा पीप बग्ने ।
**पचपचाउनु**–(अ० क्रि०) ज्वरो आदिले मुखको स्वाद बिग्रनु; घाउ-खटिरा बिग्रेर पानी आइरहनु ।
**पचपन्न**–(वि०) पचास र पाँच ।
**पचरङ्गी**–(वि०) पाँच प्रकारका रङ्ग र बुट्टा भएको ।
**पचहत्तर**–(वि०) सत्तरी र पाँच ।
**पचाइ**–(ना०) पच्ने-पचाउने काम वा किसिम ।
**पचाउनु**–(स० क्रि०) खाएको पदार्थ पेटभित्र हजम गर्नु; अर्काको वस्तु फिर्ता नगर्नु; पच पार्नु ।
**पचापच**–(क्रि० यो०) धक नमानी धमाधम किरिया हाल्ने किसिम ।
**पचास**–(वि०) सयको आधा; दसको पाँच गुना ।
**पचासी**–(वि०) असी र पांच ।
**पचाहा**–(वि०) अरूको धनमाल लिएर फिर्ता नदिने खालको; पचाउने स्वभावको; बूझ पेल्ने; हेपाहा ।
**पचेटा**–(ना०) धपेडी; धामा ।
**पच्काराइ**–(ना०) पच्कार्ने काम वा किसिम ।
**पच्कार्नु**–(स० क्रि०) धक नमानीकन अरूको गुण-दोष स्पष्ट रूपमा भन्नु; तोकेर भन्नु; प्याच्च भन्नु ।
**पच्चीस**–(वि०) बीस र पांच ।
**पच्छिम**–(ना०) पश्चिम ।
**पच्छिमा**–(वि०) पच्छिमको ।
**पच्छिमे**–(वि०) पच्छिमा ।
**पच्छे**–(ना०) पक्ष; पक्षपात; पन-पच्छे ।
**पच्नु**–(अ० क्रि०) खाएको सफल हुनु; हजम हुनु; पच हुनु; लीन हुनु ।
**पच्याङ**–(ना०) अग्लो-होचो र ढुङ्गा भएको जमीन वा बाटो ।
**पछ्याइ**–(ना०) पछ्याउने वा पाछ्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



काम ।

**पछ्याउनु**–( अ० क्रि० ) पछि लाग्नु; पछेटा लाग्नु; पछाडि पर्नु; ढीलो हुनु ।

**पछाडि**–(ना० यो०) पछिल्तिर; पछि ।

**पछार**–(ना०) पछार्ने काम; लडाउने काम; लुगा सफा गर्न ढुङ्गा आदिमा थिचथाच गर्ने वा पिट्ने काम ।

**पछार्नु**–(स०क्रि०) भुइँमा लडाउनु; ढाल्नु; जित्नु; साबुन नलगाई पानीमा मात्र लुगा धुनु; लुगा भिजाएर थिचथाच वा पिट्ने काम गर्नु ।

**पछि**–( ना० यो० ) पछाडि; पछिल्तिर ।

**पछितो**–(ना०) पछुताउ; थकथकी ।

**पछिल्तिर**–(ना० यो०) पछाडितिर ।

**पछिल्लो**–(वि०) पछिल्तिरको ।

**पछुताउ**–(ना०) चुकचुकाउ; थकथकी ।

**पछुताउनु**–(स० क्रि०) पछुतो मान्नु; चुकचुकाउनु; थकथकाउनु ।

**पछुतो**-(ना०) पश्चात्ताप; पछुताउ; थकथकी ।

**पछुवा**-(वि०) पछाडि रहने; पछाडिको । (वि०) माहुतेभन्दा मनिको व्यक्ति ।

**पछेउरा**-(ना०) ओढ्ने वस्त्र; दुपट्टा आदि ।

**पछेटो**–(वि०) पछेडो ।

**पछेटा**–( ना० ) पीछा; पछि लाग्ने काम ।

**पछेडो**–(वि०) पछि लाग्ने; अनुगामी ।

**पछोड**–(ना०) कडी लगाएर हात्तीको पछिल्तिर कस्ने डोरी ।

**पछौटे**–(वि०) अरूभन्दा पछि परेको ।

**पछ्याइ**–(ना०) पछ्याउने काम ।

**पछ्याउनु**–(स० क्रि०) पछि लाग्नु; झयाम्मिनु; केटाकेटी आदिले माया गरेर पछि लाग्न खोज्नु; रत्तिनु ।

**पजनी**–(ना०) सरुवा-बढुवा वा थाम्ने-खोस्ने काम ।

**पञ्च**-(ना०) पाँच भलादमीको समुदाय; पञ्चायतका सदस्य; पञ्चायतका सदस्यको समष्टि ।

**पञ्चक** (ना०) कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मका पाँच दिन; यमपञ्चक ।

**पञ्चकन्या**–(ना०) अहल्या, द्रौपदी, कुन्ती, तारा र मन्दोदरी– यी पाँचवटी सधैं कन्या मानिने स्त्री ।

**पञ्चकिर्ती**-(ना०) पञ्चकृति ।

**पञ्चकृति**–( ना० ) पञ्च-भलादमीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठह्र्याएको; पञ्चले गरेको ।

**पञ्चगव्य**–(ना०) गाईको दही, दूध, घिउ, गउँत, गोबर– यी पाँच मिलाएर बनाइएको चोखो वस्तु ।

**पञ्चतन्त्र**–(ना०) नीतिका कथा लेखिएको संस्कृत भाषाको प्रसिद्ध ग्रन्थ ।

**पञ्चपात्र**–(ना०) जप, पूजा आदि गर्ने जलपात्र ।

**पञ्चपात्रो**–(ना०) पञ्चपात्र ।

**पञ्चपाला**–(ना०) पाँच वा धेरै खण्ड भएको पूजासामा हाल्ने भाँडो ।

**पञ्चभलादमी**–(ना०) कुनै कामकुरो मिलाउन जम्मा भएका पाँच जना वा सोभन्दा बढी सङ्ख्याका भलादमीको समुदाय ।

**पञ्चम**–(वि०) पाँचौं । (ना०) सात स्वरमध्ये एक ।

**पञ्चमी** (ना०) पाचौं तिथि ।

**पञ्चवटी**–(ना०) पाँच रूख भएको ठाउँ (अमला, अशोक, वर, पीपल र वेल); रावणले सीता हरेको ठाउँ ।

**पञ्चशील**–(ना०) बुद्धका पाँच उपदेश— हिंसा नगर्नु, नचोर्नु, साँचो बोल्नु, मद्यपान नगर्नु, ब्रह्मचर्यमा रहनु; राष्ट्रहरूका आधुनिक राजनीतिका पांच मुख्य सिद्धान्त–क्षेत्रीय अखण्डता र सार्वभौमिकताको कदर, परस्परमा अनाक्रमण, अरूको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, समानता र पारस्परिक हित, शान्तिपूर्ण सहअस्तित्व ।

**पञ्चस्नान**–(ना०) मुख र हातगोडा धुने काम ।

**पञ्चाङ्ग**–(ना०) गते, बार, तिथि लेखिएको पुस्तिका; पात्रो; रूखका पांचौटा अङ्गको समूह– जरा, बोक्रो, पात, फूल र फल ।

**पञ्चानब्बे**–(वि०) नब्बे र पांच ।

**पञ्चामृत**–(ना०) पांच प्रकारका अमृतको समुदाय; दूध, दही, घिउ, मह र चीनीको मेलमा बनेको चीज ।

**पञ्चायत**–(ना०) पञ्चहरूको सभा; पञ्चहरूद्वारा गरिने काम, व्यवस्था वा सङ्गठन ।

**पञ्चायती**–(वि०) पञ्चायतसम्बन्धी; पञ्चायतको ।

**पञ्चैबाजा**–(ना०) शुभ कार्यमा बजाइने पाँच थरी पुराना बाजा (सनाई; ढोलकी, टयाम्को, करनाल र दमाहा) ।

**पट**–(ना०) देवताको चित्र; सिहा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सन; कपडा । (वि०) केही नजान्ने; महामूर्ख; समतल ।

**पटक**–( क्रि० यो० ) चोटि; पल्ट; ताल ।

**पटका**–(ना०) भुइँमा खस्दा आउने आवाज ।

**पटके**–( वि० ) पटकैपिच्छे काममा चुक्ने ।

**पटक्क**–(क्रि० यो०) दुई टुक्रा भएर भाँचिने किसिम; ठहरै मर्ने किसिम; रुचि नहुने किसिम; अलिकति पनि; ठ्याम्मै ।

**पटटट**–(क्रि० यो०) बन्दूकहरू लगातार पड्कँदाको किसिम ।

**पटपट**–(क्रि० यो०) भाँचिने, फुट्ने, पड्कने, मार्ने आदि किसिम; पटपटी ।

**पटपटाइ**–(ना०) पटपटाउने काम ।

**पटपटाउनु**–( अ० क्रि० ) अस्पष्ट बोल्नु; पट्कनु; भटभटाउनु; फलाक्नु ।

**पटपटी**–( क्रि० यो० ) भाँचिने वा टुक्रिने किसिम; शरीरको छाला फुट्ने किसिम ।

**पटपटे**–(ना०) पटपट शब्द गर्ने; फटफटे; भटभटाउने ।

**पटबाँझो**–( ना० ) कहिल्यै खनजोत नभएको बाँझो जमीन ।

**पटमूर्ख**–(वि०) महामूर्ख; अति मूर्ख।

**पटरानी**–(ना०) राजाका साथ राज्याभिषेक भएकी रानी; बडामहारानी।

**पटरी**–( ना० ) रेलमा ओछ्याएको दलिनजस्तो काठ वा फलाम; फल्याक; लीक ।

**पटल**–(ना०) आँखाको पलक; पर्दा; छानु; पत्र; मण्डल वा समूह ।

**पटवारी**–(ना०) जमीनको उठ्ती गर्ने र हिसाब राख्ने एक किसिमको कारिन्दा ।

**पटाइ**– (ना० ) खनजोत, बाँधपैंनी आदि गर्ने काम ।

**पटाउनु**–( स० क्रि० ) खेतबारीमा पानी लाउनु; सिंचाइ गर्नु; खाल्टो पुर्नु; सम्म पार्नु; काम पूरा गर्नु।

**पटाङ्गिनी**–( ना० ) घरअगाडिको खुला मैदान; आँगन ।

**पटापट**–(क्रि० यो०) फटाफट काम गर्ने किसिम; पढ्ने, पिट्ने वा भन्ने किसिम ।

**पटार**–(ना०) घोडाको काठी कस्ने फित्ता; पेटीजस्तो पारी बुनेको फित्ता; 'सिंगार'को पूरक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पटासी–(ना०) रातो किनारा हुने एक किसिमको कालो फरिया।

पटुका–(ना०) कमरमा बाँध्ने कपडा; कमरबन्दी।

पटे–(ना०) बाल-बोलीमा पटुका।

पटेर–(वि०) प्रशस्त; थुप्रो। (ना०) घुइँचो।

पटेलो–(ना०) फराकिलो पींध भएको एक किसिमको डुङ्गा।

पट्कनु–( अ० क्रि० ) पटपट शब्द निस्कनु; बन्दूक आदि चल्नु; पछार्नु; पच्कार्नु।

पट्कारो–(वि०) स्पष्ट; टड्कारो।

पट्के–(वि०) कसैको धक नमानी आफ्नो कुरा निर्धक्कसँग भन्ने। (ना०) ठहरै मर्ने एक किसिमको रोग।

पट्ट–( क्रि० यो० ) एकदम फुट्ने, खोलिने वा भाँचिने किसिम।

पट्टल–(ना०) पर्दा; पट्टी।

पट्टा–(ना०) ठेकदार आदिलाई सरकारतर्फबाट दिइने बहाली पुर्जी; तरवारको खोल; एक किसिमको खेल।

पट्टाइ–(ना०) पट्टाउने काम; उराठलाग्दोपन; उच्चाट।

पट्टाउनु–(अ० क्रि०) धेरै बेर यस्ता वा काम गर्दा उच्चाट लाग्नु; उराठ लाग्नु; आलस्य लाग्नु।

पट्टि–(ना० यो०) तर्फ; तिर; पक्ष।

पट्टी–( ना० ) घाउ-खटिरामा बाँध्ने कपडाको धरो वा टुक्रो; लेख्ने पाटी; सानो टोली।

पट्टू–(ना०) एक किसिमको ऊनी कपडा; मीठो बोल्ने एक जातको चरो; सुगा।

पट्ठा–(ना०) रङ्गीचङ्गी बुट्टे रेशम आदिको फित्ता।

पट्ठी–(वि०) तरुनी; युवती; ठिटी।

पट्ठो–(वि०) तरुनो; युवक; ठिटो।

पट्याँस–( ना० ) नाङ्लो निफन्दा पींधमा औंलाले हानेर निस्कने शब्द; निफन्ने एक चाल।

पट्याइ–(ना०) पट्याउने काम वा किसिम।

पट्याउनु–(स० क्रि०) लुगा, कागत आदि दोब्ब्याएर तहतह पार्नु।

पट्याकपुटुक -(क्रि० यो०) भाँचिने वा फुट्ने किसिम; पानी छिट्याउने किसिम; भुट्ता पड्कने किसिम।

पट्याक्क–( क्रि० यो० ) एक्कासि भाँचिने वा पट्कने किसिम।

पठन–(ना०) पढ्ने काम; पढाइ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पठनपाठन**–(ना०) पढ्ने र पढाउने काम; अध्यापन; लेखपढ ।

**पठनीय**–(वि०) पढ्न लायक; पाठ गर्न योग्य ।

**पठनशील**–(वि०) खूब पढ्ने; पढैया ।

**पठाइ**–(ना०) पठाउने काम वा किसिम ।

**पठाउनु**–(स० क्रि०) कुनै ठाउँमा जान लगाउनु; बिदा गर्नु; अन्भाउनु ।

**पठित**–(वि०) पढेलेखेको ।

**पठुवा**–(ना०) हरियो बोटैसमेत गुम्स्याएर राखेको रहलपहल धान ।

**प्रठेग्रो**–(ना०) भेडा बाखूको ठूलो पाठो ।

**पड्काइ**–(ना०) पड्काउने काम ।

**पड्काउनु**–(स० क्रि०) चड्काउनु ।

**पड्कारो**–(ना०) अक्षर छिचोल्ने; स्पस्ट; बुझिने ।

**पड्को**–(वि०) पड्केर भाँचिने खालको ।

**पड्नु**–(अ० क्रि०) त्यसै मिल्किएजस्तो भएर रहनु ।

**पढाइ**–(ना०) पढ्ने किसिम वा काम ।

**पढाउनु**–(स० क्रि०) पुस्तकको कुरा बुझाउनु; सिकाउनु ।

**पढैया**–(वि०) खूब मेहनतसँग पढ्ने

**पढ्नु**–(स० क्रि०) विद्याभ्यास गर्नु; पाठ गर्नु; सिक्नु; अध्ययन गर्नु ।

**पण**–(ना०) बाजी; अड्को ।

**पण्डा**–(ना०) तीर्थमा धार्मिक का[र्य] गराउने ब्राह्मण; तीर्थका पुरोहित

**पण्डित**–(ना०) शास्त्र जान्ने व्यक्ति; सत् र असत् छुट्टयाउने बुद्धि भएको व्यक्ति; संस्कृत भाषाको विद्वान्; ब्राह्मणको आदरवाची शब्द । (वि०) विद्वान्; निपुण; जान्ने; पोख्त ।

**पण्डितराज**–(ना०) ठूलो विद्वान्; ठूला पण्डितले पाउने एक उपाधि ।

**पण्डित्याइँ**–(ना०) पण्डित हुनाको भाव; विद्वत्ता ।

**पतन**–(ना०) माथिबाट तल ख[स्ने] काम; बरबाद; नाश ।

**पतपत**–(क्रि० यो०) धूवाँ निस्कने किसिम; धुवाँउने किसिम ।

**पतपती**–(क्रि० यो०) पतपत ।

**पतरी**–(ना०) टपरी; साह्रै पुरानो टालेको वस्तु; वेश्या; पातर ।

**पतला**–(वि०) पन्यालो; पातलो; दुब्लो ।

**पतलाइ**–(ना०) पातलोपन ।

**पतलून**–(ना०) खुकुला मोहोता ह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



युरोपेली ढाँचाको एक किसिमको सुरुवाल ।

**पतवार**–( ना० ) डुङ्गा खियाउने दाबिलो; बहना ।

**पता**–(ना०) ठेगाना; परिस्थितिको ज्ञान ।

**पताका**–(ना०) झन्डा; ध्वजा ।

**पताल**–(ना०) पाताल ।

**पतासी**–(ना०) पटासी ।

**पति**–( ना० ) कुनै वस्तुको धनी; स्वामी; विवाहिता स्त्रीको लोग्ने; पोइ ।

**पतिकामा**-( ना० ) पतिको कामना गर्ने स्त्री ।

**पतिङ्गर**–(ना०) मिल्किइरहेका झारपातहरू; पत्कर ।

**पतित**–(वि०) भ्रष्ट ।

**पतिव्रता**–(वि०) परपुरुषमा नलाग्ने स्त्री; सती ।

**पत्कर**–(ना०) सुकेर झरेका पात; पतिङ्गर ।

**पत्ता**–(ना०) ज्ञान; थाह ।

**पत्ताइ**-( ना० ) पत्ताउने काम वा किसिम ।

**पत्ताउनु**–( अ० क्रि० ) बत्ताउनु; हलुको भई जता लग्यो उतै जानु; पातको रूपमा आउनु ।

**पत्ताल**–(ना०) पाताल ।

**पत्ति**–( ना० ) पैदल यात्री; पैदल सिपाही; योद्धा ।

**पत्ती**-(ना०) सानो पात; तास आदिको चक्की; कागत आदिको टुक्रो; पत्र ।

**पत्तु**-(ना०) रुपियाँ-पैसा वा सिक्का (हेलाको अर्थमा) ।

**पत्तो**–(ना०) पत्ता ।

**पत्थर**-( ना० ) ढुङ्गो; शिला; चम्किलो एक प्रकारको नकली रत्न ।

**पत्थरकला**–(ना०) एक किसिमको पुरानो बन्दूक ।

**पत्थरकोइला**-( ना० ) कोइलाजस्तो एक किसिमको बल्ने ढुङ्गा ।

**पत्थरिलो**–(वि०) धेरै पत्थर भएको; ढुङ्ग्यान ।

**पत्थरी**–(ना०) ढुङ्गे कचौरा; मूत्राशयमा पत्थरजस्तै भई जम्ने एक किसिमको रोग ।

**पत्थ्रेन**–(वि०) ढुङ्गेन ।

**पत्नी**–( ना० ) विवाहिता स्त्री; स्वास्नी ।

**पत्याइ**–( ना० ) पत्याउने काम वा किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पत्याउनु**–(स० क्रि०) पत्यार गर्नु; विश्वास मान्नु; साँचो ठान्नु।

**पत्यार**–(ना०) विश्वास; भरोसा; श्राङ।

**पत्र**–(ना०) चिठी; पाना; पात; पत्ती; खबरकागत; तह; खात; फूलको दल।

**पत्रकार**–(ना०) समाचारपत्रको व्यवसाय गर्ने मान्छे; पत्र-पत्रिकासम्बन्धी काम गर्ने व्यक्ति।

**पत्रकारिता**–(ना०) पत्रकारको काम वा गुण; समाचारपत्रको व्यवसाय।

**पत्रकारी**–(वि०) पत्रकारसम्बन्धी; पत्रकारको।

**पत्रम्पुष्पम्**–(ना०) सामान्य उपहार; अरूलाई नम्रतापूर्वक दिइने थोरबहुत चीज वा नगद।

**पत्रव्यवहार**–(ना०) आपसमा चिठीपत्रहरू लेखेर पठाउने काम।

**पत्रिका**–(ना०) नियमित समयमा निस्कने प्रकाशन; टिप्पन; फूलपाती।

**पत्रू**–(वि०) धेरै पुरानो भएको; बेकम्मा; थोत्रो।

**पत्रे**–(वि०) पत्रैपत्र भएको; खात लागेको।

**पत्रैपत्र**–(ना०) धेरैपत्रको समूह।

**पथ**–(ना०) बाटो; रोगीको उपयोगी खानेकुरा; पथ्य।

**पथपरहेज**–(ना०) रोगीले गर्नुपर्ने आहारविहारको संयम; मुख बार्ने काम।

**पथरा**–(ना०) रोगीको अवस्था वा रोगशैय्या; ओछ्यान; बिस्तरा।

**पथारा**–(ना०) पथरा।

**पथाराइ**–(ना०) पथार्ने काम वा किसिम।

**पथार्नु**–(स० क्रि०) पाँज्नु; फिजाउनु; रोटी बनाउनु; गीलो गोबरको गुइँठा बनाउनु।

**पथिक**–(वि०) बटुवा, बाटोमा हिँड्ने व्यक्ति; परदेशी।

**पथ्य**–(ना०) उपयोगी आहारविहार; बिरामीलाई खुवाइने हल्का खाना। (वि०) लाभदायक; गुणकारी।

**पद**–(ना०) दर्जा; ठाउँ; स्थान; श्लोकको चरण; पाउ।

**पदक**–(ना०) तक्मा; उपाधि।

**पदचिह्न**–(ना०) पैतालाको चिह्न; पाइलो।

**पदच्युत**–(वि०) पद वा नोकरीबाट हटाइएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पदत्याग–(ना०) पद छोड्ने काम; जागीर छोड्ने काम ।
पददान–(ना०) शुद्धशान्तिका दिन गरिने एक किसिमको दान ।
पदवी–(ना०) सरकार वा संस्थाबाट दिइने प्रतिष्ठाको पद; उपाधि; ओहदा; दर्जा ।
पदार्पण–(ना०) पाउ राख्ने काम; आगमन ।
पदावली–(ना०) पदहरूको समूह; वाक्यको श्रेणी ।
पदेन–(वि०) पदमा रहेसम्मको; पदको हैसियतले ।
पदोन्नति–(ना०) पदको वृद्धि; दर्जा बढ्नु ।
पद्धति–(ना०) तरीका; बाटो; उपाय ।
पद्धू–(वि०) बेकम्मा; रद्दी ।
पद्मकेशर–(ना०) एक किसिमको बूटी ।
पद्मराग–(ना०) एक किसिमको मणि ।
पद्मासन–(ना०) योगीहरूले पलेंटी मारेर गर्ने एक आसन ।
पद्मिनी–(ना०) कमलिनी; लक्ष्मी; चार किसिमका स्त्रीमध्ये एक; उत्तम श्रेणीकी स्त्री ।
पद्य–(ना०) नियमित मात्रा वा वर्ण भएका वाक्य-रचना; छन्द भएको कविता ।
पन–(ना०) गुण; पना ।
पनडुब्बी–(ना०) पानीभित्रै हिँड्न सक्ने एक किसिमको पानीजहाज ।
पनपक्ष–(ना०) ओब; पक्षपात ।
पनपच्छे–(ना०) पनपक्ष ।
पना–(ना०) पन; बहाना ।
पनाति–(ना०) नाति वा नातिनीको छोरो ।
पनालो–(ना०) पानी बग्ने डूंड वा नल ।
पनि–(संयो०) तक; समेत; सहित; लगायत ।
पनिउँ–(ना०) भात बदि पस्कने भाँडो ।
पनेरु–(ना०) एक किसिमको फल ।
पनेरो–(ना०) पानीघाट; कूवा ।
पनेर्नी–(ना०) पनेराबाट पानी बोक्ने स्त्री ।
पनेलो–(ना०) पन्यालो ।
पनौतो–(वि०) चाहिँदो पानी भएको ।
पनौनी–(ना०) हराएको वस्तु पाइदिएबापत दिइने इनाम ।
पन्छनु–(अ० क्रि०) हट्नु; अलग हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पन्छाइ**–( ना० ) पन्छने-पन्छाउने काम ।

**पन्छाउनु**–( स० क्रि० ) हटाउनु; टार्नु; तिर्नु; दिनु ।

**पन्छी**–(ना०) पङ्क्षी; चरा ।

**पन्जा**–(ना०) हात वा गोडाका पांच औंलाको समूह; हातमा लाउने एक किसिमको खोल; जूवाको एक दाउ ।

**पन्जाबी**–(ना०) एक किसिमको रोटी । (वि०) पन्जाब देशका निवासी ।

**पन्जिका**–(ना०) फायलभित्र रहेका चिठीपत्रहरूको उल्लेख भएको सूची ।

**पन्तरो**–(ना०) पोको; कुटुरो ।

**पन्ध्र**–(वि०) दस र पाँच ।

**पन्ना**–(ना०) हरियो रङ्गको एक रत्न ।

**पन्यालो**–(वि०) पानीजस्तै पातलो; तरल ।

**पपिता**–(ना०) मेवा ।

**पम्प**–(ना०) पानीको नल; पाइप; हावा भर्ने साधन; पम्फू; पिचकारी ।

**पम्फा**–(ना०) मसिनु भूवाजस्तो एक किसिमको लेकाली फूल ।

**पम्फू** (ना०) एक किसिमको हावा भर्ने साधन ।

**पयठ**–(ना०) पैठ ।

**पयर**–(ना०) गोडा; पाउ ।

**पयो**–(ना०) आँठो; डोरीको तह ।

**पर**–(क्रि० यो०) टाढा; दूर । (ना०) शत्रु; बैरी । (वि०) अर्को; पराई ।

**परकाल**–( ना० ) वृत्त वा गोलाइ खिच्ने एक सामान ।

**परकीय**–(वि०) अर्काको; पराईको ।

**परक्क**–(क्रि० यो०) निमोठ्ने, बटार्ने, भाँच्ने, भुट्ने आदि किसिम ।

**परगन्ना**–(ना०) प्रगन्ना; धेरै गाउँ भएको प्रान्त ।

**परगेल**–( ना० ) बेग्लाबेग्लै राख्ने काम ।

**परगेलाइ**–(ना०) परगेल्ने काम ।

**परगेल्नु**–( स० क्रि० ) नाउँ तोकेर बोलाउनु; नाउँ काटेर भन्नु ।

**परचक्री**–(वि०) पराई; बिरानो । (ना०) पराई मानिस; जोरीपारी ।

**परतन्त्र**–( वि० ) अर्काको अधीनमा रहेको; स्वतन्त्र नभएको ।

**परत्र**–(ना०) पुनर्जन्म; परलोक ।

**परदेश**–(ना०) दूरदेश; बिरानो देश ।

**परदेशी**–(वि०) परदेशको; विदेशी; प्रवासी ।

**परधन**–(ना०) पराईको धन; अर्काको सम्पत्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



परपर–( क्रि० यो० ) तरकारीहरू घिउतेलमा भुट्ता शब्द आउने किसिम; बटारिएर भाँचिने किसिम; बिगठिने किसिम; रमरम ।

परपरती–(क्रि० यो०) परपर ।

परपरी–( क्रि० यो० ) परपर; परपरती ।

परपन्याउनु–(अ० क्रि०) परपर गर्नु; टिमुर आदि खाँदा जिब्रोमा रमरमी लाग्नु ।

परपुरुष–(ना०) स्त्रीका निम्ति लोग्नेबाहेक अर्को पुरुष ।

परब्रह्म–( ना० ) परमेश्वर; परमात्मा ।

परम–(वि०) खूब; बेस; उम्दा ।

परमधाम-(ना०) मरण; स्वर्गवास; परलोक ।

परमाङ्गी-(ना०) प्रमाङ्गी ।

परमाणु–(ना०) एकदम सानो नदेखिने टुक्रा; अत्यन्त सूक्ष्म कण ।

परमात्मा–( ना० ) परमेश्वर; परब्रह्म ।

परमार्थ–( ना० ) परमेश्वरसम्बन्धी ज्ञान; यथार्थ ज्ञान; मोक्ष; मुक्ति।

परमार्थी–( वि० ) परमार्थं जान्न चाहने; मोक्षको इच्छा गर्ने ।

परमेश्वर–(ना०) परमात्मा; ईश्वर ।

परम्परा–( ना० ) पहिलेदेखि चलिआएको चालचलन; प्रथा; वंश ।

परल–(ना०) मोल; साउँ वा पर्ता ।

परलोक–( ना० ) मरण; स्वर्गादि लोक ।

परवर-(ना०) तरकारी खाइने एक किसिमको हरियो फल ।

परवर्ती–(वि०) पछि रहेको; पछि हुने ।

परवस्ती–(ना०) जीवनवृत्ति; गुजारा ।

परशुराम–(ना०) जन्मदग्नि ऋषिका छोरा; विष्णुका दस अवतारमा एक ।

परस्त्री–(ना०) पुरुषका निम्ति आफ्नी स्त्रीबाहेक अरू स्त्री ।

परस्पर–(ना०) आफू-आफू; आफन्त । (क्रि० यो०) आफू-आफूमा; आपसमा ।

परहेज- (ना०) हानि गर्ने वस्तु नखाने काम; मुख बार्ने काम ।

परहेजी–(वि०) परहेज गर्ने; परहेजमा बस्ने ।

पराइ–(ना०) पर्ने काम वा किसिम ।

पराई–(वि०) नचिनेको; बिरानो; अर्काको ।

पराक्रम–( ना० ) खूबी; पुरुषार्थ;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पौरख; बहादुरी ।

**पराग**–(ना०) फूलको सुगन्धी धूलो; नुहाउनुअघि जीउमा घसिने सुगन्धी चूर्ण ।

**पराघौं**–( क्रि० यो० ) आउँदो तेस्रो वर्ष ।

**पराजय**–(ना०) हार; लाचारी ।

**पराजित**–( वि० ) पराजय भएको; हारेको ।

**परापूर्व**–( ना० ) कुल-परम्परा । (क्रि० यो०) धेरै अघि; उहिल्यै ।

**परामर्श**–(ना०) सल्लाह; छलफल ।

**परार**–( क्रि० यो० ) बितेको तेस्रो वर्ष ।

**परार्ध**–(वि०) अन्तिम सङ्ख्या; कुनै अङ्कपछि सत्रवटा शून्य थप्ता हुने अङ्क ।

**पराल**–(ना०) धानको सुकेको बोट ।

**पराले**–( वि० ) परालको; परालले बनेको ।

**परास्त**–(वि०) पराजित; हारेको; दबाइएको ।

**परिकार**–( ना० ) खानेकुराका धेरै किसिम; अचार, तरकारी आदि अनेक प्रकार ।

**परिक्रमा**–(ना०) वरिपरिबाट घुम्ने काम; चक्कर; प्रदक्षिणा ।

**परिङ**–(ना०) एक किसिमको बाँसको बेत ।

**परिचय**–(ना०) राम्ररी जान्ने काम; चिनारी; चिनापर्ची ।

**परिचयपत्र**–(ना०) परिचय लेखिएको पत्र वा पुस्तिका ।

**परिचित**–( वि० ) जान-पहिचान भएको; चिनारी भएको ।

**परिणाम**–( ना० ) नतीजा; फल; निष्कर्ष ।

**परिन्जो**–(ना०) ताँदो ।

**परिभाषा**–(ना०) कुनै विषयको अर्थ वा भाव स्पष्ट गरिएको कथन; लक्षण; खुला बयान ।

**परिभ्राट**–(ना०) कठिनाइ; कष्ट; हैरानी; अभिभारा; कामको भीड ।

**परिमाण**–( ना० ) नाप; जोखतौल तथा भराइको प्रमाण; मात्रा ।

**परियार**–(ना०) परिवार; दमाईंको एक थर ।

**परिवर्तन**–(ना०) उलटपलट; अदलीबदली; हेरफेर; फेरफार; चक्कर; फेरो ।

**परिवार**–(ना०) जहान; स्त्रीपुत्रादि वर्ग; खलक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



परिवेश–( ना० ) चारैतिरबाट घेर्ने काम; परिधि ।

परिशिष्ट–(ना०) बचत; शेष; पूरक अंश ।

परिश्रम-(ना०) मेहनत; उद्यम ।

परिषद्–( ना० ) सभा; समिति; मण्डली ।

परिष्कार–( ना० ) संस्कार; शुद्धि; सजावट ।

परिस्थिति-( ना० ) वास्तविक; स्थिति; अवस्था; समय; काल ।

परी–(ना०) अप्सरा; खूब राम्री तरुनी; थरी; प्रकार; काइदा ।

परीक्षा-(ना०) जाँच; पारख ।

परीक्षार्थी–(ना०) परीक्षा दिने व्यक्ति; जाँच दिने मान्छे ।

परेठ–(ना०) सैनिक शिक्षा; कबाज ।

परेता–(वि०) सार्कीले छाला राखी पिट्ने ढुङ्गो ।

परेती -(ना०) एक किसिमको लट्टाई ।

परेली–( ना० ) परेलो (मायालु अर्थमा) ।

परेलो–(ना०) आँखाका डिलको रौं ।

परेवा–(ना०) प्रतिपदा तिथि; एक प्रसिद्ध चरो ।

परोक्ष–(वि०) आँखापछाडिको; अप्रत्यक्ष; छिपेको ।

पर्खनु–(स० क्रि०) कसैको बाटो हेर्नु; प्रतीक्षा गर्नु ।

पर्खाल–(ना०) ईंट, ढुङ्गा आदिले बनाएको बार ।

पर्चा–(ना०) सानो लेखको टुक्रो; तारीखको पुर्जा; मुद्दामामिलाको टिप्पणी; फैसला ।

पर्ता–(ना०) परल; परेको मोल । (वि०) पर्ती ।

पर्ती–( वि० ) आबाद नभएको; पटबाँझो ।

पर्दा–(ना०) एक किसिमको कपडाको छेकबार; इज्जत; जालो; बाजाको स्वर निस्कने ठाउँ ।

पर्धानी–( ना० ) डोली अड्याउने टुप्पामा कापे परेको लट्ठीजस्तो साधन ।

पर्नु–( अ० क्रि० ) खस्नु; व्हनु; मिल्नु; आवश्यक हुनु; तयार हुनु; आइलाग्नु ।

पर्म–(ना०) बिनाज्यालामा मानिसको सट्टा मानिसद्वारा काम गर्ने-गराउने चलन; पालो ।

पर्यन्त–(ना० यो०) सम्म; तक ।

पन्याकपुरुक–(क्रि० यो०) तरकारी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हरू भुट्ने किसिम ।

**पर्याप्त**–(वि०) चाहिएजति; प्रशस्त ।

**पर्याय**–(ना०) बदला; सट्टा; पालो; उस्तै अर्थ बुझाउने शब्द ।

**पर्र**–(क्रि० यो०) परपर गरी शब्द आउने किसिम ।

**पर्रा**–(ना०) प्रवाह; ताँती; धुइरो ।

**पर्व**–(ना०) पुण्यकर्म वा उत्सव गर्ने समय; चाड; कुनै विशेष घटना; महाभारत आदिको खण्ड ।

**पर्वत**–(ना०) डाँडो; पहाड ।

**पर्वतिया**–(वि०) पर्वतसम्बन्धी; पर्वतमा रहने ।

**पर्वते**–(वि०) पर्वतमा रहने; पर्वतीय ।

**पर्सनु**–(स० क्रि०) शुभकार्यमा ल्याएका वस्तुलाई पूजा गर्नु । (अ० क्रि०) बलि दिइने पशुले पानी छर्कनु ।

**पर्साइ**–(ना०) पसर्ने काम वा किसिम ।

**पर्सि**–(क्रि० यो०) आउने तेस्रो दिन ।

**पल**–(ना०) पलक; पला; छिन; चौबीस सेकेन्डको समय ।

**पलक**–(ना०) आँखा झिम्म गर्दा लाग्ने समय; आँखाको ढकनी; परेलो; छिन ।

**पलङ**–(ना०) सुत्ने उम्दा खालको खाट ।

**पलट**–(ना०) पल्टने काम; पल्टा ।

**पलाँसी**–(ना०) गुम्बजहरू बनाउँदा पल्ला राख्ने काठ ।

**पला**–(ना०) छिन; पल ।

**पलाँस**–(ना०) एक किसिमको रुख ।

**पलाइ**–(ना०) पलाउने वा पाल्ने काम ।

**पलाउनु**–(अ० क्रि०) पालुवा हाल्नु; टुसाउनु; ; घाउको मासु पुरिनु; प्रसन्न हुनु; उँभो लाग्नु ।

**पलुवा**–(वि०) पालिएको; पालेको ।

**पलेंटी**–(ना०) आसन; पद्मासन ।

**पलेसो**–(ना०) सट्टा; बदला ।

**पलौनी**–(ना०) गाईवस्तु पालिदिए बापत दिइने खर्च ।

**पल्कनु**–(अ० क्रि०) आसक्त हुनु; लोभिनु; बराबर लाग्नु ।

**पल्ट**–(ना० यो०) पालो; पटक; चोटि ।

**पल्टन**–(ना०) सिपाहीको दल; सैन्य ।

**पल्टनबाजी**–(ना०) घुसमुन्टिने, गुल्टिने वा पछारिने काम ।

**पल्टनिया**–(वि०) पल्टनको; फौजी । (ना०) सैनिक; सिपाही ।

**पल्टा**–(ना०) पछार; पलट ।

**पल्टाइ**–(ना०) पल्टने-पल्टाइने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पल्टाउनु–( स० क्रि० ) उल्टाउनु; लडाउनु; ढाल्नु; सुताउनु ।

पल्याकपुलुक–( क्रि० यो० ) डरले यताउति हेर्ने किसिम ।

पल्लव–(ना०) पालुवा; नयाँ निस्केको पात ।

पल्ला–(ना०) सिरक, डस्ना आदि छाप्ने कपडा; ढोकाको फग्लेंटो; तराजूको टोकरी वा ताउ ।

पल्लो–(वि०) अर्को; परतिरको ।

पवटा–( ना० ) भित्र गुदी नभएको सग्लो धानको भूस ।

पवल–(वि०) पूरापूर; प्रशस्त ।

पवित्र–(ना०) एक किसिमको कुशको ग्रन्थी । (वि०) चोखो; शुद्ध ।

पशु–(ना०) चार खुट्टा र पुच्छर हुने जन्तु; चौपाया; जनावर । (वि०) ज्ञान, विवेक केही नभएको; मूर्ख; स्वाँठ ।

पशुपति–(ना०) काठमाडौंमा रहेको शिवको प्रसिद्ध मूर्ति; नेपालका एक प्रसिद्ध देवता; शिव; महादेव ।

पश्चात्ताप–( ना० ) मनको खेद; पछुतो; थकथकी ।

पश्चिम–(ना०) सूर्य अस्ताउने दिशा ।

पश्चिमा–(वि०) पश्चिमी ।

पश्चिमी–(वि०) पश्चिम दिशाको; पश्चिमेली ।

पश्चिमेली–(वि०) पश्चिमी; युरोपेली ।

पश्मीना–(ना०) दोसल्ला, गलबन्दी आदि बनाइने उम्दा खालको ऊन; त्यसबाट बनेको कपडा ।

पसर–(ना०) केही थाप्दाको हत्केलाको खाल्टो । ( वि० ) त्यसमा अटाउने जति ।

पसल–(ना०) मालमत्ता बिक्री हुने ठाउँ; दुकान ।

पसले -(ना०) पसल थाप्ने व्यक्ति; दुकानदार ।

पसाँगिनु–(अ० क्रि०) काठहरू सुकेर बाङ्गो हुनु; त्रिपट हुनु ।

पसाइ–(ना०) पस्ने-पसाउने काम ।

पसाउनु–(स० क्रि०) भित्र पठाउनु; घुसार्नु; सामेल गराउनु । (अ० क्रि०) अन्नको बोटमा बाला, घोगा आदि निस्कनु ।

पसारो-(वि०) छरपस्ट भएको; छिरलिएको ।

पसार्नु -(स० क्रि०) सुताउनु; तेर्स्याउनु; फैलाउनु ।

पसाल्नु–(स० क्रि०) पसाउनु; हुल्नु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



घुसाउनु; कोच्नु ।

**पसीना**–(ना०) शरीरबाट गर्मी वा परिश्रमले निस्कने पानी; बाफबाट निस्कने पानी ।

**पसेरी**–(ना०) पाँच सेरको तौल वा ढक ।

**पस्कनु**–(स० क्रि०) पाकेको खानेकुरा थाल आदिमा हाल्नु ।

**पस्काइ**–(ना०) पस्कने काम वा किसिम ।

**पस्नु**–(अ० क्रि०) भित्र जानु; घुस्नु; छिर्नु; सामेल हुनु; अल्झिनु ।

**पस्रनु**–(अ० क्रि०) पसारिनु; सुत्नु; शरण पर्नु; पाउ पर्नु ।

**पस्सिम**–(ना०) पश्चिम ।

**पस्सिमा**–(वि०) पश्चिमा ।

**पहर**–(ना०) दिन वा रातको चतुर्थांश; प्रहर ।

**पहरा**–(ना०) रेखदेख गर्ने काम; रखवारी ।

**पहरी**–(ना०) पहाडी भागमा बस्ने एक जाति ।

**पहरेदार**–(ना०) पहरा दिने व्यक्ति ।

**पहरो**–(ना०) अप्ठेरो पहाडी भाग; भीर; टाकुरो ।

**पहल**–(ना०) कार्यसिद्धिको ठीक मौका ।

**पहलमान**–(ना०) पहलवान ।

**पहलमानी**–(ना०) पहलवानी ।

**पहलवान**–(ना०) हृष्टपुष्ट र बलियो; कुश्ती खेल्ने कसरत भएको ।

**पहलवानी**–(ना०) पहलमान हुनाको भाव; कुश्ती खेल्ने काम वा पेशा ।

**पहलिया**–(वि०) मौका हेरी काम गर्न जान्ने; ताकछोपुवा ।

**पहाड**–(ना०) पर्वत; डाँडो ।

**पहाडा**–(ना०) दुनोट ।

**पहाडिया**–(वि०) पहाडसम्बन्धी; पहाडमा रहने ।

**पहाडी**–(ना०) पहाडिया ।

**पहाडे** (वि०) पहाडी; पर्वते ।

**पहार**–(ना०) घामको आँच; सूर्यको राप ।

**पहारिलो**–(वि०) पहार लाग्ने; घाम लाग्ने ।

**पहिचान**–(ना०) चिनाजानी; पारख।

**पहिया**–(ना०) चक्र; पाङ्ग्रो ।

**पहिरन**–(ना०) लुगा, गहना आदि लाउने काम; पहिरने सामान ।

**पहिरनु**–(स० क्रि०) जीउमा लुगा, गहना आदि लाउनु; भिर्नु ।

**पहिराइ**–(ना०) पहिरने काम वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिम ।
पहिरो–(ना०) पहाड भत्केर बनेको भीर; डांडो भत्केर खसेको भाग ।
पहिले–(क्रि० यो०) अगाडि; उहिले ।
पहिलो–(वि०) प्रथम; अघिल्लो ।
पहिल्याइ–( ना० ) पहिल्याउने काम वा किसिम ।
पहिल्याउनु–( स० क्रि० ) भेट्टाउनु; फेला पार्नु; चिन्नु ।
पहुँच-( ना० ) सामर्थ्य; परिचय; पुगेको निशाना ।
पहुँचनामा–( ना० ) पुगेको प्रमाण-कागत ।
पहुँचनु–(अ० क्रि०) प्रवेश हुनु; पुग्नु ।
पहेंलपुर–(वि०) एकदम पहेंलो ।
पहेंलाम्मे–(ना०) पहेंलपुर ।
पहेंलिनु–(अ० क्रि०) पहेंलो हुनु ।
पहेंले–(ना०) मुखमा पहेंलो चढ्ने एक रोग ।
पहेंलो–(वि०) सुनको जस्तो रङ्गको । (ना०) त्यस्तो रङ्ग ।
पहेली–(ना०) फट्ट बुझ्न नसकिने कठिन कुरो; प्रहेलिका; उखान-टुक्का आदि ।
पाँगो–(ना०) बाढीले ल्याएको मसिनो मलिलो माटो; बलौटे माटो ।
पाँच–(ना०) चार र एक ।
पाँचसरकार–(ना०) नेपालका श्री ५ महाराजाधिराज ।
पाँजो–(ना०) मुट्ठीमा लिंदा ठिक्क हुने मुठो नबाएको घाँस, बीउ आदि ।
पाँज्नु–( ना० ) धानको बीउलाई खेतमा फिजाउनु ।
पाँडेगाली–( ना० ) नाउँ नतोकीकन कसैमाथि गरिएको गाली ।
पाँडेपजनी–( ना० ) योग्य-अयोग्यको ख्यालै नगरी मनपरी गरिने पजनी ।
पाँती–(ना०) लहर; पंक्ति ।
पाँसुलो–(ना०) हात वा गोडा (तुच्छ अर्थमा) ।
पाइखाना–(ना०) चर्पी; विष्ठा ।
पाइजामा–(ना०) ठूलठुला मोहोता हुने एक किसिमको सुरुवाल ।
पाइतो–( ना० ) घर छोडी अन्यत्र प्रस्थान गर्ने साइत; साइतसराइ ।
पाइन–( ना० ) धातुको भाँडा वा हतियारमा लगाइने तेज; सामर्थ्य ।
पाइप–(ना०) पानी वा ढलनिकासको रबर; फलाम वा सिमेन्टको ढुङ्ग्रो ।
पाइलो–( ना० ) पैतालो; त्यसैको डोब; फड्को ।
पाईं–(ना०) जोश; शक्ति; पाइन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पाई**–( ना० ) एक पैसाको चौथाइ भाग; पूर्ण विरामचिह्न (।) ।

**पाउ**–(ना०) गोडो; श्लोकको चरण; चौडाइ ।

**पाउजेब**–(ना०) गोडामा लाउने एक किसिमको गहना ।

**पाउडर**–( ना० ) सौन्दर्यका निम्ति घसिने प्रसिद्ध चूर्ण; धूलो ।

**पाउदान**–(ना०) गोडाले टेक्ने ठाउँ ।

**पाउनु**–( स० क्रि ) भेट्टाउनु; फेला पार्नु; प्राप्त हुनु; जन्माउनु; सुख-दु:खको अनुभव गर्नु ।

**पाउन्ड** (ना०) आधा सेरलगभगको अङ्ग्रेजी तौल; बेलायती मुद्रा ।

**पाउपोश**–(ना०) जुत्ता ।

**पाउरोटी**-( ना० ) एक प्रकारको रोटी।

**पाउलागी**–( ना० ) गोडामा ढोग; प्रणाम ।

**पाउलो**-(ना०) पालुवा; पल्लव ।

**पाक**–(ना०) पकाउने काम; पौष्टिक औषधी ।

**पाकताउली**–(ना०) चिताएको खानेकुरो तुरुन्तै दिन सक्ने ताउली ।

**पाकपुक**–(ना०) विस्तार पिट्ने काम ।

**पाकलपुकल**–(वि०) हृष्टपुष्ट (बालक)। (ना०) केटाकेटीको एक खेल ।

**पाकशाला**–( ना० ) पकाउने ठाउँ; भान्साघर ।

**पाको**–( वि० ) बैंस ढलेको; बूढो; अनुभवी ।

**पाक्नु**–(अ० क्रि०) पाक पुग्नु; परिपक्व हुनु; घाउमा पीप भरिनु; तलब, ज्याला पाउने हुनु; रौं फुल्नु; पिरिनु ।

**पाक्य**–( वि० ) पकाएको; पकाउनुपर्ने ।

**पाक्षिक**–(वि०) पक्षको; पक्ष-पक्षमा हुने वा निस्कने ।

**पाखण्ड**–( ना० ) आडम्बर; नास्तिकता; बखेडा; छल ।

**पाखण्डी**–( वि० ) आडम्बरी; अनाचारी; स्वाँगी; धूर्त ।

**पाखनभेद**–(ना०) एक जातको बूटी।

**पाखाखेती**–(ना०) धानबाहेकको अरु खेती ।

**पाखाबाली**-(ना०) धानबाहेकको अरु बाली ।

**पाखाभित्ता**-(ना०) पहाडको फेदी वा छेउछाउ ।

**पाखी**–(ना०) बाक्लो र खस्रो ऊनीको ओढ्ने वस्त्र; काम्लो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पाखुरी**–(ना०) सानो पाखुरो ।

**पाखुरे**–( वि० ) आफ्नै हातले काम गर्ने ।

**पाखुरो**–(ना०) काखीमनि हर्थुङ्गा-माथिको हातको भाग ।

**पाखे**–(वि०) पाखोमा बस्ने; असभ्य; गंवार ।

**पाखो**–(ना०) बाँझो भिरालो जमीन; पानी नलाग्ने र धानको खेती नहुने जग्गा । ( वि० ) कोल्टो; पायक नपरेको ।

**पाखोपखेरो**–( ना० ) ठूलो भिरालो टार र त्यसका छेउछाउको सानो पाखो ।

**पाग**–(ना०) चीनी पकाएको झोल; चास्नी; पाक ।

**पागल**–( ना० ) गदाहाको बच्चो । (वि०) बहुलाहा; सनकी ।

**पागलखाना**–( ना० ) पागलहरूलाई औषधी गर्न राखिने ठाउँ वा घर ।

**पागलपन**–(ना०) पग्लाहि; बौलट्टी ।

**पागुर**–(ना०) पशुको उग्राइ; उग्राउने काम ।

**पाङग्रे**–(वि०) पाङग्रा भएको ।

**पाङग्रो**–(ना०) चक्का; पहिया ।

**पाङदुर**–( ना० ) एक किसिमको कोदो ।

**पाङदुरे**–(वि०) कोदो खाने; असभ्य; पाखे ।

**पाचक**–(ना०) खाएको वस्तु पचाउने एक किसिमको धूलो औषधी ।

**पाचन**–(ना०) पचाउने काम ।

**पाचुके**–( ना० ) विवाहिता लोग्ने-स्वास्नीको सम्बन्ध विच्छेद; पार-पाचुके ।

**पाछ्नु**–(स० क्रि०) बाँस, मर्का आदिका धारले छाला कोर्नु; दरखन्याउनु ।

**पाजी**–(ना०) गधाको बच्चो ।(वि०) दुष्ट; नीच ।

**पाञ्चायन**–( ना० ) गणेश, सूर्य, देवी, शिव र विष्णु- हिन्दूहरूका प्रमुख यी पाँच देवता ।

**पाट**–(ना०) सन; रेशम; फैलावट ।

**पाटपिट**–( ना० ) हल्का किसिमको पिटाइ ।

**पाटा**-(ना०) भाँडा पिट्ता बसेको घनको डाम; टाटापाटा; चेप्टो वस्तुको एकापट्टिको भाग ।

**पाटी**–(ना०) अक्षर लेख्ने काठको फल्याक; बटुवाको विश्रामका निम्ति बनेको घर; पौवा ।

**पाटे**–(वि०) पाटा परेको; चेप्टो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पाटेअल्सी**–(वि०) साह्रै अल्सी ।

**पाटो**–(ना०) बारीको चकला; छेउ-कुनाबीचको जमीन ।

**पाठ**–(ना०) पढ्ने काम; पढाइ; बाच्नु; पढ्ने-पढाउने विषय; अर्ती; पद्धति ।

**पाठक**–(ना०) पढ्ने व्यक्ति; पाठ गर्ने व्यक्ति; विद्यार्थी ।

**पाठन**–(ना०) पढाउने काम ।

**पाठशाला**–(ना०) विद्यार्थीहरूलाई शिक्षा दिने ठाउँ; विद्यालय ।

**पाठी**–(ना०) बाख्रा, सुँगुर आदिको पोथी बच्चो । (वि०) पाठ गर्ने ।

**पाठेघर**–(ना०) स्त्रीहरूका पेटभित्रको बालक रहने थैली; गर्भाशय ।

**पाठेभाइ**–(ना०) एउटै पाठ पढ्ने; सहपाठी ।

**पाठो**–(ना०) बाख्रा, भेडा आदिको भाले बच्चो ।

**पाठ्य**–(वि०) पढ्न योग्य; पठनीय ।

**पाठ्यक्रम**–(ना०) पढ्न-पढाउनका निम्ति निर्धारित अंश वा विषयहरूको क्रम ।

**पाठ्यग्रन्थ**–(ना०) पाठ्यपुस्तक ।

**पाठ्यपुस्तक**–(ना०) विद्यालय र कक्षामा पढाउन निर्धारित पुस्तक ।

**पाडी**–(ना०) भैंसीको पोथी बच्चो ।

**पाडो**–(ना०) भैंसीको भाले बच्चो; राँगो ।

**पाणि**–(ना०) हात; हस्त ।

**पाणिग्रहण**––(ना०) विवाह ।

**पाण्डव**–(ना०) महाभारतप्रसिद्ध पाँच भाइ (युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेव) ।

**पाण्डित्य**–(ना०) पण्डित हुनाको भाव; पण्डित्याइँ ।

**पाण्डु**–(ना०) शरीर सेतो हुने एक रोग ।

**पाण्डुलिपि**–(ना०) पुस्तक वा लेखको हस्तलिखित प्रति; मसौदा; खेस्रा ।

**पात**–(ना०) बोट-बिरुवा आदिको पत्र ।

**पातक**–(ना०) अपराध; ठूलो पाप; कुकर्म ।

**पातकी**–(वि०) अपराधी; पापी; कुकर्मी ।

**पातपतिङ्गर**–(ना०) झरेका पातं-पातहरू ।

**पातर**–(ना०) रण्डी; वेश्या; फुँडी ।

**पातर्नी**–(ना०) पातर; रण्डी; फुँडी ।

**पातली**–(वि०) पातलो शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएकी; दुब्ली ।

**पातलो**–( वि० ) पन्यालो; बाक्लो नभएको; दुब्लो ।

**पाताल**–(ना०) पृथ्वीमनिको भाग; पत्ताल; नागलोक ।

**पाती**–(वि०) पात; देवतालाई चढाइएको फूल; जस दिंदा वा छनक हान्दा प्रयोग गरिने शब्द; पितृप्रसाद लगाउँदा पुरेतले पढ्ने मन्त्र ।

**पातैंपात**–(ना०) धेरै पातको समूह ।

**पातो**–(ना०) धातुको पातलो पत्र; तमाखु टाँस्ने माटाको चक्का; नाम्लाको टाउकोमा राख्ने भाग; कुमदेखि कमरसम्मको पछिल्लो अवयव ।

**पात्तिनु**–(अ० क्रि०) मात्तिनु; छिहिलिनु; इतरिनु; फुरफुरिनु ।

**पात्र**–(ना०) नाटकमा अभिनय गर्ने व्यक्ति; कथा आदिमा चरित्र वर्णन गरिने नायक; भाँडो; योग्यता ।

**पात्रो**–(ना०) संवत्सरका गते, वार, तिथि आदि लेखिएको पुस्तिका ।

**पाथी**–(ना०) आठ माना भर्ने भाँडो । (वि०) त्यति परिमाणको ।

**पाथेभाइ** (ना०) एउटै हिस्सा लाग्ने व्यक्ति ।

**पाथेयश्राद्ध**–( ना० ) क्रयाका वेला सातौं र बाह्रौं दिनमा गरिने श्राद्ध ।

**पाद**–(ना०) पाउ; चरण; चतुर्थांश ।

**पादविराम**–(ना०) पद वा वाक्यांशलाई छुट्टयाउने एक किसिमको विरामचिह्न ( , ) ।

**पान**–(ना०) एक प्रसिद्ध लता र त्यसैको पात; पन्यालो पदार्थ निल्ने काम ।

**पानपाते**–(वि०) पानका पातजस्तो (बुट्टा, रूप आदि) ।

**पानफूल**–(ना०) अल्प उपहार ।

**पानबट्टा**–(ना०) खाने मसाला हाल्ने बट्टा ।

**पानबुट्टे**–(वि०) पानका पातजस्तो बुट्टा भएको ।

**पानस**–( ना० ) तेलको बत्ती बाल्ने ठाडो अग्लो दियो ।

**पाना**–(ना०) पुस्तक आदिको पन्ना; पातो ।

**पानी**–(ना०) प्रसिद्ध तरल पदार्थ; जल; रस; झरी; तेज; चमक; पुरुषार्थ ।

**पानीअमला**–(ना०) भुइँक्षारमा फल्ने एक किसिमको अमला; भुइँअमला ।

**पानीआन्द्रे**–( वि० ) पादी[illegible];

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कातर ।

**पानीकल**–(ना०) पानीबाट चल्ने कल-कारखाना ।

**पानीकाग**–(ना०) पानीघाटको नजीक बस्ने एक किसिमको काग ।

**पानीघाट**–(ना०) पनेरो; कूवा ।

**पानीढलो**–(ना०) पानी बग्ने भिरालो खालको जग्गा ।

**पानीदार**–(वि०) चमकदार; तेजिलो; साहसी ।

**पानीदूबो**–(ना०) पानीमा हुने एक किसिमको दूबोजस्तो झार; करौंते ।

**पानीपँधेरो**–(ना०) ज्यादै आवत-जावत भएको ठाउँ; जाइरहने ठाउँ; सबैको साझा ठाउँ ।

**पानीफोको**–(ना०) सुत्केरी बेलामा बालक जन्मनुभन्दा पहिले निस्कने पानीको थैलो ।

**पानीबाराबार**–(ना०) परस्परमा भएको ठूलो विरोध ।

**पानीमरुवा**–(वि०) शक्तिहीन; हुती-हारा; पानीआन्द्रे ।

**पानीरोटी**–(ना०) उम्लेको पानीमा ससाना रोटीजस्ता टुक्रा हाली पकाइ-एको दबदबे खानेकुरो ।

**पानीहाँस**–(ना०) सधैं पानीमा बस्ने हाँस ।

**पाप**–(ना०) अकर्तव्य; अनाचार; खराब कामको फल; कुविचार ।

**पापड**–(ना०) एक किसिमको पातलो रोटी ।

**पापा**–(ना०) केटाकेटीको बोलीमा रोटी, मिठा आदिई खानेकुरो ।

**पापिष्ठ**–(वि०) पाप गर्ने; पातकी; दुष्ट ।

**पाप्रे**–(वि०) पाप्रो भएको; पाप्रैपाप्रा परेको ।

**पाप्रो**–(ना०) पातलो चोइटो; पत्र ।

**पामर**–(वि०) कातर; मूर्ख; दुष्ट ।

**पायक**–(ना०) पाहिक ।

**पायन्ट**–(ना०) खुकुलो सुरुवाल-खाले यूरोपेली पोशाक; पतलून ।

**पायस**–(वि०) दूधमा पकाएको खाने-कुरो; खीर ।

**पार**–(ना०) पल्लो छेउ; समाप्ति; छुटकारा; नकल ।

**पारख**–(ना०) परीक्षा; असल-खराब-को ज्ञान ।

**पारङ्गत** (वि०) पार भएको; पूरा-पूर जानेबुझेको; पोख्त ।

**पारदर्शक**–(वि०) वारपार देखिने; स्फटिक, कांच, पानीजस्तो स्वच्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पारदर्शी**–( वि० ) पल्लोपट्टिसम्म देखिने; दूरदर्शी; बुद्धिमान् ।

**पारपत्र**–(ना०) दासत्वबाट मोचन गर्दा लेखिदिने प्रमाणपत्र; पारपाचुके-को कागत; राहदानी ।

**पारसमणि**–(ना०) फलामलाई छुवा-उँदा सुन हुने एक कल्पित मणि; अत्यन्त उत्तम वस्तु ।

**पारा**–( ना० ) प्रकार; किसिम; ढाँचा; छाँट ।

**पारावार**–(ना०) लेखोजोखो ।

**पारि**–(ना०) पार; पल्लो किनारा ।

**पारिजात**–( ना० ) एक किसिमको सुगन्धी फूल ।

**पारितोषिक**–(ना०) पुरस्कार; बकस ।

**पारिश्रमिक**–(ना०) परिश्रमको सट्टा पाइने वा दिइने धन; ज्याला ।

**पारी**–(ना०) सारी, धोती आदिको किनार ।

**पारेघर्ती**–(ना०) पार भएको दास; अमलेख भएको कमारो ।

**पारो**–( ना० ) पानीमा रहने सेतो चम्किलो वस्तु; हतियारको बींडमा पस्ने तीखो भाग ।

**पार्थिव**–( वि० ) पृथ्वीसम्बन्धी; भौतिक । (ना०) सांसारिक जड-पदार्थ; शरीर ।

**पार्नु**–(स० क्रि०) पर्ने गराउनु; तयार गर्नु; तुल्याउनु; बनाउनु; लगाउनु; हाल्नु; दिलाउनु; खानु; सेवन गराउनु; बच्चा, फूल आदि पैदा गर्नु ।

**पार्वण**–(ना०) सोह्र श्राद्धमा गरिने श्राद्ध ।

**पार्वती**–( ना० ) हिमालय पर्वतकी छोरी; शिवकी अर्द्धाङ्गिनी; गौरी ।

**पाल**–(ना०) कपडाको अस्थायी घर; बग्गी, पालकी आदिमाथि लगाइने छुल; फल गुम्स्याई पकाउने तरीका; रक्षक ।

**पालकी**–( ना० ) म्याना; मानिसले बोक्ने विशेष सवारी ।

**पालन**–(ना०) पाल्ने काम; स्याहार ।

**पालपुल**–(ना०) आगोमा अलिकति पोल्ने काम ।

**पाला**–(ना०) कचौरीजस्तो माटाको सानो भाँडो ।

**पालिस**–( ना० ) चमक; टलक; छाला, धातु आदि टल्काउने मसला ।

**पाली**–(ना०) पालो; बौद्धग्रन्थ लेखि-एको एक प्राचीन भाषा; घरको

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



तल्लो छाना; अर्माली ।
**पालुङ्गो**–( ना० ) कमलो जरा हुने एक जातको साग ।
**पालुवा**–(ना०) बोट-बिरुवामा आएको नयाँ पात; पाउला ।
**पाले**–(ना०) पालो बस्ने व्यक्ति; पहरेदार; अर्दली ।
**पालो**-(ना०) पटक; चोटि; सिलसिला; पाली ।
**पाल्की**–(ना०) पालकी ।
**पाल्नु**-(स० क्रि०) खान-लाउन दिई कसैलाई आफ्नो घरमा राख्नु; पालना गर्नु; मान्नु; सुसार गर्नु; मान्यजन आउनु वा जानु ।
**पाल्सीकुरो**–( ना० ) अरूले नबुझ्ने किसिमले शब्दका अक्षर उल्टापाल्टी पारी गरिने कुरो; व्यङ्ग्य; छनक ।
**पाश**–(ना०) डोरी; बन्धन; पासो ।
**पाश्चात्य**–(वि०) पश्चिमी; पश्चिमदिशातर्फ रहने; पछिल्तिरको ।
**पाषाण**–(ना०) ढुङ्गो; शिला ।
**पास**–( ना० ) उत्तीर्ण; सफलता; सामीप्य । (ना० यो०) साथ; सँग; निकट । (वि०) स्वीकृत; मन्जूर ।
**पासा**–( ना० ) खेल खेल्ने एक सामान ।
**पासो**-(ना०) सुर्काउनी पारेको डोरो; जाल; बन्चरो, कोदालो आदिको टाउको; गाईवस्तुका कल्चौंडाको दायाँ वा बायाँ भाग; जन्तुलाई थुन्ने खोर; धराप ।
**पास्नी**-( ना० ) बालकलाई पहिलो पल्ट अन्न खुवाउने संस्कार; अन्नप्राशन ।
**पाहा**-(ना०) ठूलो भ्यागुतो । (वि०) फर्ति नभएको; सुताहा ।
**पाहिक**–( ना० ) अनुकूलको ठाउँ; पायक ।
**पाहुनापाछा**–(ना०) पाहुनाको समुदाय ।
**पाहुनु**–( ना० ) घरमा केही दिन वा केही बेरका निम्ति आएको व्यक्ति।
**पाहुर**–( ना० ) सौगात; उपहार; कोसेली ।
**पिंजडा** (ना०) पिंजरा ।
**पिंजरा**–( ना० ) चराचुरुङ्गी पाल्ने खोर ।
**पिंडालु**–(ना०) कर्कलाको सेलो वा गानु ।
**पिंडी** (ना०) पिंढी ।
**पिंढी**-(वि०) पुस्ता; घरको पातीमनिको पेटी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पिढीसाँढे-(वि०) बाहिर लुत्रुक्क परी घरमा मात्र फूर्ति गर्ने; घरसाँढा ।
पिधाइ-( ना० ) पिंध्ने काम वा किसिम ।
पिध्नु-(स० क्रि०) अनाजहरू पीठो पार्नु; मैदा तुल्याउनु; पिस्नु; थिचोमिचो पार्नु ।
पिउठ-(ना०) पल्टनियाँ सिपाहीको एक दर्जा ।
पिउन-(ना०) अड्डाखानाको अर्दली ।
पिउनु-( स० क्रि० ) घुड्क्याउनु; मादक पदार्थ सेवन गर्नु; गल्नु; मर्नु ।
पिउरी-(ना०) कपासको लामो लुर्को ।
पिउसो-(ना०) अजान बालक; भुसुनो-जस्तो एक किसिमको कीरा ।
पिचकारी-(ना०) पचका ।
पिचास-(ना०) पिशाच ।
पिचिक्क ( क्रि० यो० ) घाउ-खटिरा निचोर्दा पानी निस्कने किसिम ।
पिच्च-(क्रि० यो०) पिचिक्क; थुक्ने किसिम ।
पिच्छे-(ना० यो०) जनही; प्रत्येक ।
पिटाइ-( ना० ) पिट्ने काम वा किसिम ।
पिटिक्क-( क्रि० यो० ) पट्ट भाँचिने किसम ।
पिट्ठू-(वि०) विचारै नगरी अरूको पछि लाग्ने (व्यक्ति) ।
पिट्नु-(स० क्रि०) चुट्नु; ठटाउनु; हल्ला मच्चाउनु; जित्नु ।
पिठिउँ-(ना०) शरीरको पछाडिको भाग; पीठ ।
पिठौली-(ना०) एक किसिमको सानो बयर ।
पिठ्यूँ-(ना०) पिठिउँ ।
पिडा-(ना०) अर्नाको बच्चो ।
पिण्ड-(ना०) श्राद्धमा पितृका निम्ति दिइने भात वा जौका पीठाको डल्लो ।
पिता-( ना० ) आफूलाई जन्माउने व्यक्ति; बाबु ।
पितामह-(ना०) बाबु वा आमाको बाबु; बाजे ।
पितामही-( ना० ) बाबुकी आमा; बज्यै ।
पितिक्क-( क्रि० यो० ) निचोरिएर निस्कने किसिम ।
पितृ-( ना० ) मरेका बाबु-बाजे आदि ।
पितृकार्य-(ना०) पितृका निम्ति गर्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**पितृपक्ष**–(ना०) आश्विन कृष्णपक्ष ।

**पित्त**–(ना०) शरीरमा उष्णता राख्ने पहेंलो एक पदार्थ ।

**पित्तल**–(ना०) पहेंलो वर्णको धातु ।

**पित्तले**–(वि०) पित्तलको; पित्तलबाट बनेको ।

**पित्ले**–(वि०) पित्तले ।

**पिन**–(ना०) नाथ्री नभएको कागत नत्थ्याउने सियो ।

**पिपलमेन्ट**–(ना०) एक किसिमको टुक्रे मिठाई ।

**पिपिरो**–(ना०) आँकुरो; मुनो; एक किसिमको चरो ।

**पिप्ला**–(ना०) पीरो स्वाद हुने एक किसिमको फल ।

**पियाइ**–(ना०) पिउने काम वा किसिम ।

**पियानो**–(ना०) एक किसिमको बाजा ।

**पिरलो**–(ना०) मानसिक चिन्ता; पीर; टोकसो ।

**पिरा**–(ना०) काठको बस्ने आसन; पिर्का ।

**पिराउनु**–(स० क्रि०) पिरलो पार्नु; सताउनु; अफाप गर्नु ।

**पिराहा** (वि०) पिर्ने स्वभावको; पिरोलाहा; पिर्ने ग्रह भएको; न- फाप्ने ।

**पिरो**–(ना०) छ रसमध्ये एक । (वि०) त्यसै रसको ।

**पिरोलाइ**–(ना०) पिरोल्ने काम वा किसिम ।

**पिरोलाहा**–(वि०) पिराहा ।

**पिरोल्नु**–(स० क्रि०) पिर्नु; सताउनु; दु:ख दिनु; कचकच गर्नु ।

**पिर्का**–(ना०) पिरा ।

**पिर्नु**–(स० क्रि०) दु:ख दिनु; झिझोल्नु; पिरोल्नु; नफाप्नु ।

**पिलन्धरे**–(वि०) रोगी; बिरामी; कमजोर ।

**पिलपिल**–(क्रि० यो०) बत्ती मधुरो बल्ने किसिम; आंसु चुहाई रोइरहने किसिम ।

**पिलपिलाइ**–(ना०) पिलपिलाउने काम वा किसिम ।

**पिलपिलाउँदो**–(वि०) मायालाग्दो; पिलपिल गरी बलेको ।

**पिलपिलाउनु**–(अ० क्रि०) पिलपिल हुनु; आंसु चुहाउनु; मधुरो किसिमले बल्नु; टाढाको वस्तु अलिअलि झल्कनु ।

**पिलपिले**–(वि०) पिलपिल गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वल्ने; पिलपिल स्वभावको ।

**पिलो**–( ना० ) चाकमा आउने एक किसिमको खटिरो ।

**पिल्सनु**–(अ० क्रि०) ताप वा रापले डढेर्फै हुनु; मनमा पीर हुनु ।

**पिल्स्याइ**–( ना० ) पिल्सने काम वा किसिम ।

**पिशाच**–(ना०) घीनलाग्दो काम गर्ने हीन देवयोनि; भूत प्रेत आदि; खराब मान्छे ।

**पिसाइ**–(ना०) पिस्ने काम ।

**पिसानी**–( ना० ) पीठो पिंधाइको ज्याला ।

**पिसाप**–(ना०) पिसाब; मूत; मूत्र ।

**पिसाब**–(ना०) पिसाब ।

**पिस्तौल**–(ना०) एक हातले चला इने शस्त्र; तमन्चा ।

**पिस्नु**-( स० क्रि० ) पिंध्नु; दल्नु; ताश आदिका पत्ती फेट्नु र बाँड्नु ।

**पीं** (क्रि० यो०) केटाकेटी रुने किसिम; ग–ई आदि वजने किसिम ।

**पींध**-( ना० ) वस्तुको तल्लो भाग; भुइँ ।

**पीक**–(ना०) थूक; तीखो चुच्चो भएको एक किसिमको खन्ने हतियार ।

**पीकदान**–(ना०) थुक्ने भाँडो; पीकदानी ।

**पीकदानी**–(ना०) पीकदान ।

**पीङ**–( ना० ) रुखको हाँगामा वा खम्बा गाडिएको गरालोमा डोरी झुन्ड्याई झुलेर खेल्ने एक खेल ।

**पीछा**–( ना० ) शरण; पछि लाग्ने काम ।

**पीटपाट**–(ना०) पाटपिट ।

**पीठ**–( ना० ) देवता रहने ठाउँ; पिठ्यूँ; डंडाल्नु; विद्यार्थीहरू पढ्ने ठाउँ ।

**पीठो**–(ना०) अन्न पिंधेको धूलो; मैदा ।

**पीडा**–(ना०) बाधा; कष्ट ।

**पीडादायी**–(वि०) पीडा दिने; दुःख दिने ।

**पीडित**–( वि० ) पीडा दिइएको; थिचिएको; दुःखित ।

**पीतल**–( ना० ) एक प्रसिद्ध पहेंलो धातु; पित्तल ।

**पीताम्बर**–(ना०) पहेंलो वस्त्र ।

**पीना** (ना०) तोरी, तिल आदि पेलेर झिकिएको सिट्ठी वा छोक्रा ।

**पीनास**–(ना०) नाकको एक प्रसिद्ध रोग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पीनासे–( वि० ) पीनासको रोग लागेको; साह्रै दुब्लो ।

पीप–(ना०) पाकेको घाउ-खटिराबाट निस्कने विषालु पदार्थ ।

पीपल–(ना०) एक प्रसिद्ध वृक्ष ।

पीर–(ना०) मानसिक ताप; मुसलमानहरूका धर्मगुरु ।

पुँडो–( ना० यो० ) पछि; तिर । (क्रि० यो०) टाढा ।

पुकपुक–(क्रि० यो०) आवाज आउने किसिम ।

पुकार–(ना०) कसैको नाउँ लिएर बोलाउनु; पुकारा ।

पुकारा–(ना०) पुकार ।

पुकार्नु–(स० क्रि०) बोलाउनु; डाक्नु ।

पुकुपुकु–(क्रि० यो०) धमाधम खाने वा कुट्ने किसिम ।

पुक्क–( क्रि० यो० ) उक्सँदाको किसिम ।

पुक्खली–(वि०) पेटमा केही नराखी बोल्ने र फकासिलो; मिजासिलो; प्रसन्न; हँसिलो ।

पुगनपुग–(वि०) लगभग पुगिहाल्ने; पुगे वा नपुगेजस्तो ।

पुगीसरी–(क्रि० यो०) धेरै आम्दानी भई सम्पन्न भएर; उन्नति हुँदै ।

पुगेसपुगेस–( वि० ) अलि नपुग्ने; जिउँतिउँ हुने ।

पुग्नु–(अ० क्रि०) पहुँचनु; सिद्ध हुनु; ठिक्क हुनु; चाहेको कुरो प्राप्त हुनु ।

पुङ–(ना०) एक किसिमको भाँडो ।

पुङमाङ–(ना०) दुवैतिर खुला पींध नभएको भाँडो । ( वि० ) हुस्सु; बेहोशी ।

पुच्छर–(ना०) पशुपक्षीको पछाडिको लामो भाग; पुछार । (वि०) तुच्छ; पछि लाग्ने ।

पुच्छ्रेतारो–(ना०) धूम्रकेतु ।

पुछनी–(ना०) सोधनी ।

पुछाउनी–( ना० ) आँसु पुछ्ने वा सन्तोष गराउने काम ।

पुछार–(ना०) आखिरी ठाउँ ।

पुछुवा–( वि० ) पुछ्ने स्वभावको ।

पुजारी–(ना०) देवताको पूजा गर्ने व्यक्ति ।

पुज्नु–(स० क्रि०) पूजा गर्नु; सत्कार वा मानभाउ गर्नु ।

पुटुक्क–(क्रि० यो०) उक्सने किसिम ।

पुटुपुटु–(क्रि० यो०) पटापटी बोल्ने किसिम ।

पुट्ट–(क्रि० यो०) पुटुक्क ।

पुट्ठा–(ना०) फिलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पुडिया-(ना०) सानो पोको ।
पुड्के-(वि०) छोटो कदको; डल्ले ।
पुण्य-( ना० ) शुभ-कार्य । ( वि० ) शुद्ध; पवित्र ।
पुण्यभूमि-(ना०) धर्म गर्ने योग्य ठाउँ ।
पुतपुत-(क्रि० यो०) थोरथोरै धूवाँ आउने किसिम ।
पुतपुताउनु-(अ० क्रि०) पुतपुत धूवाँ आउनु ।
पुतली-(ना०) एक किसिमको उड्ने कीरो; खेलौना; आँखाको नानी; झ्याल-ढोकाको बुट्टा आदि ।
पुत्ताउनु-(अ० क्रि०) भित्रभित्रै मुर-मुरिनु ।
पुत्र-(ना०) छोरो ।
पुत्री-(वि०) छोरी; दुहिता ।
पुत्लो-(ना०) कपडाको टुक्रो; सातो; केराको टुसो वा गुभो ।
पुनः-(संयो०) बारबार; फेरि ।
पुनर्जन्म-(ना०) दोस्रो जन्म ।
पुनस-(ना०) पूर्वजन्म ।
पुर-(ना०) नगर; शहर ।
पुरपार-(ना०) पुर्ने काम ।
पुरस्कार-( ना० ) इनाम; पारि-तोषिक; सम्मान ।
पुरस्कृत-( वि० ) पुरस्कार पाएको; इनाम पाएको ।
पुरा-(ना०) बाँकी रहेको जूठो खाने-कुरो ।
पुराण-(वि०) परम्परादेखि चलेको देवता, मनुष्य, दानव आदिको कथा; प्रसिद्ध अठार हिन्दू धर्मग्रन्थ । (वि०) प्राचीन; पुरानो ।
पुरातत्त्व-(ना०) पुराना कला-संस्कृतिको अध्ययन-अनुसन्धानमा सम्बन्ध राख्ने विशेष विद्या ।
पुरानियाँ-(वि०) अघिदेखिको ।
पुरानो-(वि०) पहिलेको; थोत्रो ।
पुरानोफाटो-( वि० ) थोत्रोमोत्रो; फाटेटुटेको ।
पुरिया-(ना०) सानो पोको; पुडिया ।
पुरी-(ना०) शहर; संन्यासीको एक भेद; पातलो एक किसिमको रोटी ।
पुरुखा-( ना० ) वंशका पूर्व पुरुष; बाबु, बाजे, बराजु आदि; पुर्खा ।
पुरुवा-(वि०) पुरिएको ।
पुरुष-(ना०) भाले; लोग्नेमानिस ।
पुरुषार्थ-(ना०) पौरख; पराक्रम ।
पुरुषोत्तम-(ना०) श्रेष्ठ पुरुष; विष्णु ।
पुरेत-(ना०) पुरोहित ।
पुरोहित-(ना०) जजमानी काम गर्ने मानिस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पुर्खा-(ना०) पुरुखा ।
पुर्ख्यौली-(वि०) पुर्खाको । (ना०) पुर्खाहरूको जीवनी वा घटना; बाजे-बराजुको नालीबेली; वंशावली ।
पुर्जा-(ना०) लेखिएको कागतको टुक्रो ।
पुर्जो-(ना०) कसैलाई लेख्ने पत्र ।
पुर्पक्ष-(ना०) छलफल; बहस ।
पुर्पच्छे-(ना०) पुर्पक्ष ।
पुर्पुरो-(ना०) निधार; भाग्य; प्रारब्ध ।
पुर्‍याउनु-(स० क्रि०) पूरा गर्नु; टार्नु; पुग्ने ठाउँमा लैजानु ।
पुर्लुक्क-(क्रि० यो०) बसेको ठाउँबाट पल्टने किसिम ।
पुर्बिया-(वि०) पूर्व दिशाको; पूर्वमा रहने ।
पुर्बेली-(वि०) पूर्वको । (ना०) पुर्ख्यौली ।
पुल-(ना०) नदीनाला वारपार गर्न खम्बा गाडी बनाइएको बाटो; पक्की साँघु ।
पुलपुल-(ना०) छोरोछोरीलाई बढ्ता प्यारो गर्ने काम; लाडप्यार ।
पुलपुल्याइ-(ना०) पुलपुल्याउने काम वा किसिम ।
पुलपुल्याउनु-(स० क्रि०) केटाकेटी-लाई बेसी माया गर्नु; मत्याउनु ।
पुलस्त्याइँ-(ना०) अरूको कुरो लाउने काम; चिप्लो घस्ने काम; खुशामद; चुक्ली ।
पुलाउ-(ना०) भिजाएको चामल र मासु घिउतेलमा पकाएको खाद्य ।
पुलिक-(ना०) गहना उजिल्याउने पत्थर ।
पुलिन्दा-(ना०) पार्सल ।
पुलीचक्का-(ना०) कल-कारखानामा लोता लागेर घुम्ने चक्का ।
पुलिस-(ना०) जनताको जीउ-धनको रक्षा र देशको शान्तिका निम्ति नियुक्त सरकारी कर्मचारी ।
पुलुक्क-(क्रि० यो०) यसो हेर्ने किसिम ।
पुवाँलो-(ना०) माला उनेर लगाइने एक प्रकारको गेडा ।
पुश्ती-(ना०) कागतका पोकाको जिल्द; खोल र पुस्तकका बीचमा टाँसिने कागत ।
पुष्ट-(वि०) मोटो; पोटिलो ।
पुष्टकारी-(ना०) पौष्टिक खानेकुरो वा औषधी ।
पुष्पवृष्टि-(ना०) फूलको वर्षा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पुस्टचाइँ–(ना०) पुष्ट हुनाको भाव; पुष्ट पार्ने वा हुने काम-कुरो; समर्थन ।

पुस्ट्याउनु–(स० क्रि०) पुष्ट पार्नु; हृष्टपुष्ट तुल्याउनु ।

पुस्तक–(ना०) किताब; ग्रन्थ ।

पुस्तकखाना–(ना०) पुस्तकालय ।

पुस्तकालय–(ना०) पुस्तकहरू राखिएको घर; पुस्तकखाना ।

पुस्ता–(ना०) पुर्खा ।

पुस्त्यौली–(वि०) पुस्ताको । (ना०) पुर्ख्यौली; वंशावली ।

पुहुन्की–(ना०) दमाईं, कामीले पाउने सिधा ।

पूँजी–(ना०) सञ्चित धन; मूल धन; सम्पत्ति; रुपियाँ-पैसा; नगद; द्रव्य; खूबी ।

पूँजीपति–(ना०) धनी व्यक्ति; उद्योग-व्यवसायमा पूँजी लगाउने व्यक्ति ।

पूछपाछ–(ना०) सोधसाध ।

पूजा–(ना०) देवदेवीलाई श्रद्धा र भक्तिसाथ प्रसन्न पार्ने काम; आदर-सेवा; समर्पण; सजाय ।

पूजाआजा–(ना०) पूजा गर्ने काम; पाठपूजा ।

पूजाकोठा–(ना०) पूजा गर्ने ठाउँ ।

पूजासामा–(ना०) पूजा गर्ने सामग्री ।

पूजाहारी–(ना०) पुजारी ।

पूजित–(वि०) पुजिएको ।

पूज्य–(वि०) पुज्न योग्य; मान्य ।

पूठ–(ना०) आड; भरोसा; प्रेरणा ।

पूत–(ना०) पुत्र; छोरो ।

पूरा–(वि०) सग्लो; सिङ्गो; पुग्दो ।

पूरापूर–(वि०) चाहिएजति ।

पूर्ण–(वि०) पूरा; सिङ्गो; भरिभराउ; सम्पन्न; तृप्त ।

पूर्णता–(ना०) पूर्ण हुनाको भाव ।

पूर्णपात्र–(ना०) पूर्ण गराउनका लागि गरिने दान ।

पूर्णिमा–(ना०) शुक्लपक्षको आखिरी तिथि; जून भरी भएको दिन ।

पूर्ति–(ना०) पूरा गर्ने काम; पूर्णता; समाप्ति ।

पूर्नियाँ–(ना०) पूर्णिमा ।

पूर्व–(ना०) सूर्य उदाउने दिशा । (क्रि० यो०) पहिलो; अगाडि ।

पूर्वजन्म–(ना०) अघिल्लो जन्म ।

पूर्वरङ्ग–(ना०) पहिलेको छाँटा; तालसुर; तारतम्य ।

पूर्वाङ्ग–(ना०) कुनै कामको पहिले गरिने कर्म ।

पूर्वाञ्चल–(ना०) पूर्वतर्फको अञ्चल वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



क्षेत्र; पूर्वी छेउ ।

पूर्वार्द्ध–( ना० ) अघिल्लो आधा भाग ।

पूर्वी (वि०) पूर्व दिशाको; पूर्वीय ।

पूर्वीय–(वि०) पूर्व दिशाको; पूर्वी; एशियाली ।

पूवा–(ना०) घीउमा पीठो भुटेर बनाइने एक किसिमको खानेकुरो ।

पूस–(ना०) वर्षको नवौं महीना; पौष ।

पृथ्वी-(ना०) मनुष्यहरू बसेको सौरजगत्‌को ग्रह; धरती; माटो ।

पृष्ठ–(ना०) पिठिउँ; डँडालनु; पत्र; पन्ना । (ना० यो०) पछाडि ।

पृष्ठभूमि ( ना० ) कुनै वस्तुको पछिल्लो भाग; कुनै कुरा वा घटनाको पूर्वस्थिति; आधारभूत कुरो ।

पेच–( ना० ) घुमाउ; छनक; एक किसिमको कीला ।

पेचकश–(ना०) पेच कस्ने ज्यावल ।

पेचकीलो ( ना० ) घुमाएर कस्ने कीलो ।

पेचवाल-(वि०) पेच भएको; पेच गर्ने ।

पेचिलो–(वि०) पेच भएको; पेचवाल; जाली ।

पेची–(वि०) पेच लडाउने; जाली ।

पेट (ना०) भुँडी; उदर ।

पेटपाला–(वि०) पेट पाल्ने धन्दामा मात्र लागेको ।

पेटपालो–(ना०) जीविका; निर्वाह ।

पेटलाग्दो–( वि० ) पेटमा अटाउने जति ।

पेटानो–(ना०) गुन्यूँ !

पेटारी -(ना०) सानो पेटारो ।

पेटारो–(ना०) चोयाले बुनेको सानो सन्दुक ।

पेटाहा–( वि० ) पेटमा कुरा राख्ने; कपटी ।

पेटी–(ना०) कमरमा बाँध्ने फित्ता; कमरपेटी; पेटारी ।

पेटीकोट–(ना०) सारीभित्र लगाइने जामाजस्तो जनाना पोशाक ।

पेटेभोटो–( ना० ) बाहुला नभएको ठाडो भोटो ।

पेट्रोल (ना०) मोटर र अरू यन्त्रहरू चलाउने एक प्रसिद्ध खनिज पदार्थ ।

पेडा–(ना०) खुवा र चीनी मिलाई बनाइएको एक मिठाई ।

पेन्शन–(ना०) निर्धारित समयसम्म नोकरी गरेका जागीरदारलाई नागीर छुटेपछि सरकारबाट दिइने भत्ता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पेन्सिल–(ना०) सीसाकलम ।
पेला–(ना०) जोड दिइएको प्रेरणा; ढिपी; कर ।
पेलापेल–( ना० ) परस्परमा पेल्ने काम ।
पेलाहा–(ना०) मिचाहा ।
पेवा–( ना० ) खास गरी स्वाम्नी-मानिसको आफ्नै हक वा दाइजोको सम्पत्ति; कमारा-कमारीको सम्पत्ति ।
पेश–(ना०) उपस्थिति; हाजिर ।
पेशा–(ना०) इलम; व्यवसाय ।
पेस्की–(ना०) पहिले लिइने तलब-भत्ता आदि; बैना ।
पेस्ता–(ना०) खाने एक मसला ।
पेस्नु–(स० क्रि०) सामेल गराउनु; जाहेर गर्नु ।
पेंचो (ना०) सापट; ऋण ।
पेंतालीस–(वि०) चालीस र पाँच ।
पेंतीस–(वि०) तीस र पाँच ।
पेंसट्ठी–(ना०) साठी र पाँच ।
पैंजनी–(ना०) पाउमा लाउने एक किसिमको गहना; पाउजेब ।
पैंठ–(ना०) ठेलाइ; पयठ ।
पैंठारी-(ना०) विदेशबाट मालताल झिकाउने काम ।
पैंतालो–(ना०) पाउको भुइँमा टेकिने भाग ।
पैतृक–(वि०) बाबु-बाजेबाट प्राप्त; बाबुको ।
पैदा–(वि०) जन्मेको; उत्पन्न ।
पैदाइश–(ना०) उत्पत्ति ।
पैन–(ना०) कुलो; नहर; रक्सी पार्दा चुहेको रक्सी थाप्ने भाँडो ।
पैयाँ–(ना०) घोडाको छिटो हिँड्ने एक चाल; पाङ्ग्रा ।
पैरा–(ना०) पाउजेब; पैंजनी ।
पैसा–(ना०) पित्तल, तामा आदिको सिक्का; नगद धन ।
पैसावाल–( वि० ) धेरै धन हुने; धनी ।
पैह्रो–(ना०) पहिरो ।
पैह्ले-(क्रि० यो०) पहिले ।
पो–(संयो०) त्यसो होइन यसो भन्ने बुझाउने शब्द ।
पोइ–(ना०) लोग्ने; खसम; पति ।
पोइल–( ना० ) स्त्रीले आफूखुशी गएको पोइको घर ।
पोइले–(वि०) धेरै पोइ भएकी ।
पोके–(वि०) पोको बोक्ने; पोको निस्केको; पोकाको ।
पोको–(ना०) कुट्टुरो; गठरी ।
पोक्ती–( ना० ) विर्को भएको एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिमको ढक्की ।
पोखढोल–(वि०) छरिए-पोखिएको ।
पोखरी–(ना०) तलाउ; दह ।
पोख्त–(वि०) कुशल; सिपालु ।
पोगटो–(ना०) चामल नभएको सेप्रो धान; पवटा ।
पोटवाल–(वि०) खूब धनी ।
पोटाउनु–( अ० क्रि० ) पुष्ट भएर आउनु; उक्सनु; कोथोबाट धानको बाला निस्कन खोज्नु ।
पोटास–( ना० ) एक किसिमको कीटाणुनाशक औषधी ।
पोटिलो–(वि०) पुष्ट ।
पोटी–(ना०) लसुनको केस्रो ।
पोडे-(ना०) नेवार जातिको एक वर्ग ।
पोत–(ना०) जग्गाको कर; तिरो; नाउ; जहाज ।
पोतपात–(ना०) पोत्ने काम ।
पोतर्नु–(स० क्रि०) लिप्नु; पोत्नु ।
पोता– ना०) भूमिकर; तिरो ।
पोते–(ना०) स्त्रीहरूले गलामा लगाउने माला; सौभाग्यसूचक माला ।
पोतो–(ना०) मुखमा बसेको चायाको दाग ।
पोथी–( ना० ) किताब, पशुपक्षीको स्त्रीजाति ।
पोथ्रो–(ना०) सानातिनो रूख; बूटो; बच्चो ।
पोरो–(ना०) नाकको प्वाल; मथानीको तल्लो भागमा मथनका निम्ति कपेर गाँसिएका दुई पाटा ।
पोल -( वि० ) अर्काको गोप्य कुरो खोल्ने काम ।
पोलपाल–(ना०) पोल्ने काम ।
पोलाहा–(वि०) पोल गर्ने स्वभावको; छुल्याहा ।
पोलो–(ना०) आगाको खरो ज्वाला; अरिङ्गाल आदिको गोलो; चटारो; पीर ।
पोश- ( ना० ) वस्त्र; लुगाफाटो; ढाक्ने वस्तु ।
पोशाक–(ना०) लगाउने लुगा; वस्त्र।
पोशाकखाना-( ना० ) सैनिकहरूको पोशाक राख्ने घर ।
पोशाके–(वि०) पोशाक पहिराउने; पोशाकसम्बन्धी काम गर्ने ।
पोषण-(ना०) लालनपालन ।
पोस–(ना०) तागत र पुस्टयाइँ बढाउने काम वा खानेकुरो ।
पोसिलो–( वि० ) पोस लाग्ने; पौष्टिक ।
पोहोर–(ना०) बितेको बर्ष ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पौंजा-(ना०) औंलासहितको हत्केलो ।
पौंठा-(ना०) हातको नारी ।
पौडनु-(अ० क्रि०) हातगोडा चलाई पानीमा उत्रेर खेल्नु; पौडिनु ।
पौडिनु-(अ० क्रि०) पौडनु ।
पौडी-(ना०) हातखुट्टा चलाई पानीमा उत्रने खेल; पौडने काम ।
पौने-(वि०) कुनै सङ्ख्या वा नापोको तीन चौथाइ ।
पौरख-(ना०) पुरुषार्थ; सामर्थ्य ।
पौरखी-(वि०) पौरख भएको; पुरुषार्थी ।
पौलो-(ना०) भाँडाको प्वाल वा मुख थुन्ने ठेडी ।
पौवा-(ना०) पानीसमेत भएको पाटी ।
पौवाली-(ना०) पौवाको हेरविचार गर्ने व्यक्ति ।
पौशाला-(ना०) बटुवालाई पानी खुवाउने ठाउँ वा घर ।
पौष-(ना०) मङ्सीर र माघका बीचमा बर्ने महीना; पूस ।
प्याङ-(ना०) बाँसका गिद्राको बट्टा ।
प्याच्च-(क्रि० यो०) प्वाक्क बोल्ने किसिम ।
प्याज-(ना०) तरकारी र मसलाको काममा आउने गन्धदार एक प्रसिद्ध कन्द ।
प्याट्ट-(क्रि० यो०) हिंर्काउने किसिम ।
प्यादा-(ना०) पीछा; पहरा; दूत ।
प्यार-(ना०) प्रेम ।
प्याराशूट-(ना०) उडेको हवाईजहाज आदि अग्लो ठाउँबाट सुरक्षित रूपमा उत्रने छाताजस्तो वस्तु ।
प्यारी-(वि०) मन परेकी स्त्री; प्रियतमा ।
प्यारो-(वि०) मन परेको; प्रेमपात्र ।
प्याला-(ना०) सानो कचौराजस्तो माटाको भाँडो ।
प्यास-(ना०) पानी पिउने इच्छा; तिर्खा ।
प्यूठानेमूला-(ना०) एक जातको ठूलो मूला ।
प्रकट-(ना०) उत्पति; जन्म; निस्कने काम ।
प्रकरण-(ना०) सिलसिला; प्रसङ्ग ।
प्रकार-(ना०) थरी; किसिम ।
प्रकाश-(ना०) उज्यालो; आलोक; घाम; प्रसिद्धि; पुस्तकको खण्ड ।
प्रकाशक-(वि०) प्रकाश गर्ने; छपाउने । (ना०) पुस्तक-पत्रिका छपाउने र बिक्री-वितरण गर्ने व्यक्ति ।
प्रकाशकीय-(वि०) प्रकाशकसम्बन्धी;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रकाशकको ।

**प्रकाशन**–(ना०) प्रकाशित गर्ने काम; प्रकाशित गरिएको पुस्तक-पत्रिका आदि; सूचना दिने काम ।

**प्रकृति**–(ना०) मूल गुण वा तत्त्व; स्वभाव; दृश्यरूपमा देखिने शक्ति; माया; प्रपञ्च ।

**प्रख्यात**–(वि०) अति प्रसिद्ध; कहलिएको ।

**प्रगति**–(ना०) अगाडि लम्कनु; उन्नति ।

**प्रगन्ना**–(ना०) धेरै गाउँको एउटा प्रदेश ।

**प्रचलन**–(ना०) चलन; रीति; प्रथा ।

**प्रचलित**–(वि०) चल्तीफिर्तीको ।

**प्रचार**–(ना०) फैलाउने काम; सम्बन्धित विषयमा अरूलाई थाहा दिने वा प्रकट गर्ने काम कुरो ।

**प्रचुर**–(वि०) धेरै; प्रशस्त; परिपूर्ण ।

**प्रचुरता**–(ना०) प्रचुर हुनाको भाव ।

**प्रजा**–(ना०) रैती; दुनियाँ; सन्तान; प्राणी ।

**प्रजातन्त्र**–(ना०) प्रजा वा प्रजाका प्रतिनिधिहरूद्वारा चल्ने शासन-प्रणाली ।

**प्रजातान्त्रिक**–(वि०) प्रजातन्त्र-सम्बन्धी; प्रजातन्त्रको ।

**प्रज्ञा**–(ना०) बुद्धि; ज्ञान; विवेक; तीव्र मानसिक शक्ति; सरस्वती ।

**प्रज्ञा-प्रतिष्ठान**–(ना०) विद्वान्‌हरूको सभा, विद्वत्सभा, एकेडेमी ।

**प्रण**–(ना०) प्रतिज्ञा; दृढ निश्चय ।

**प्रणय**–(ना०) प्रेमपूर्वक गरिएको प्रार्थना; प्रेम; प्रीति; विश्वास ।

**प्रणयन**–(ना०) रचना; निर्माण; लेख्नु; लैजानु ।

**प्रणव**–(ना०) ॐकार; परमेश्वर ।

**प्रणाम**–(ना०) नमस्कार; दण्डवत्; ढोग; झुक्नु; नुहुनु ।

**प्रताप**–(ना०) शत्रुलाई दबाउन सक्ने शक्ति; वीरता; पराक्रम ।

**प्रतापी**–(वि०) ठूलो प्रताप भएको; पराक्रमी; शक्तिशाली ।

**प्रति**–(ना०यो०) तिर । (ना०) गोटा ।

**प्रतिज्ञा**–(ना०) कुनै काम गर्न गरिएको निश्चय; कबूल; क्रिया; स्वीकृति ।

**प्रतिदिन**–(क्रि० यो०) हररोज; दिनहुँ; प्रत्येक दिनमा ।

**प्रतिद्वन्द्वी**–(वि०) होडबाजी गर्ने; विपक्षी; विरोधी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रतिध्वनि–( ना० ) फिर्ती आवाज; घन्काइ ।

प्रतिनिधि–(वि०) वारीस; सट्टा ।

प्रतिपदा–( ना० ) पहिलो तिथि; परेवा ।

प्रतिबन्ध–( ना० ) बाँध्ने क्रिया; बन्धन; रोकावट; बाधा; कुनै काम-कुरोमा लगाइएको शर्त ।

प्रतिबन्धित–( वि० ) रोकिएको; बाँधिएको; प्रतिबन्ध लगाइएको ।

प्रतिभा–(ना०) बुद्धि; समझ; प्रभा; चमक ।

प्रतिमा–( ना० ) कसैको स्वरूपअनुसार बनाइएको मूर्ति ।

प्रतियोगिता–( ना० ) कुनै कुरामा कसैलाई जित्ने काम; होडबाजी ।

प्रतियोगी–( ना० ) प्रतियोगितामा भाग लिने व्यक्ति; दाँजिने व्यक्ति । (वि०) समान; बराबरको ।

प्रतिवाद–(ना०) खण्डन; विरोध ।

प्रतिवादी–(ना०) प्रत्युत्तरपत्र । (वि०) विरोधी ।

प्रतिबिम्ब -(ना०) छाया; आकृति; प्रतिभा; चित्र; ऐना ।

प्रतिशोध ( ना० ) कुनै काम वा कुराको बदला लिन गरेको काम; साटोफेराइ ।

प्रतिष्ठा–( ना० ) मान; गौरव; कीर्ति ।

प्रतिष्ठित–(वि०) प्रतिष्ठा पाएको; सम्मानित ।

प्रतीक–( वि० ) चिह्न; लक्षण; निशाना; मुख; चेहरा; मूर्ति; प्रतिमा ।

प्रतीक्षा–(ना०) आशामा बसेर बाटो हेर्नु; पर्खनु; पर्खाइ ।

प्रत्यक्ष–( वि० ) आँखाले देखिने; आँखासामुन्नेको; टड्कारो; खुलस्त; साफ । ( ना० यो० ) सामुन्ने; अगिल्तिर ।

प्रथम–(वि०) पहिलो; मुख्य ।

प्रथा–(ना०) रीतिथिति; चलन ।

प्रदक्षिणा–( ना० ) घुम्ने काम; चक्कर; घुमाइ ।

प्रदर–(ना०) स्त्रीहरूको एक रोग ।

प्रदर्शक–( वि० ) देखाउने; प्रदर्शन गराउने ।

प्रदर्शन–(ना०) देखाउने काम ।

प्रदर्शनी–(ना०) विभिन्न वस्तु सजाएर देखाइने ठाउँ; रमाइलो मेला ।

प्रदर्शित–(वि०) प्रदर्शन गरिएको; देखाइएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रधान–(वि०) सबभन्दा ठूलो; मुख्य; ठालु। (ना०) मुख्य अधिकारी; मन्त्री; नेवार-जातिको एक थर।

प्रपञ्च–(ना०) जन्जाल; झमेला; छल; बन्दोबस्त; प्रबन्ध।

प्रबन्ध–(ना०) तजबीज; इन्तिजाम; बन्दोबस्त।

प्रबन्धक–(वि०) प्रबन्ध गर्ने; व्यवस्थापक।

प्रभात–(ना०) प्रातः; बिहान।

प्रभाव–(ना०) असर; सामर्थ्य।

प्रभु–(ना०) ईश्वर; मालिक; स्वामी।

प्रभुत्व–(ना०) प्रभुको भाव; अधिकार; महत्त्व; ऐश्वर्य।

प्रमाङ्गी-(ना०) विशेष आदेश।

प्रमाण–(ना०) सबूत; परिचय।

प्रमाणपत्र-(ना०) कुनै कुराको प्रमाण मानिने पत्र वा लेख।

प्रमाणित–(वि०) प्रमाणद्वारा सिद्ध भएको।

प्रयत्न–(ना०) यत्न; कोशिश।

प्रयोग–(ना०) कुनै वस्तु काममा लगाउनु।

प्रयोजन–(ना०) मतलब; हेतु; आवश्यकता; उपयोग।

प्रलोभन–(ना०) लोभ्याउने काम।

प्रवक्ता–(ना०) राम्ररी बोध गराएर भन्ने व्यक्ति; आधिकारिक रूपमा बोल्ने व्यक्ति; वक्ता।

प्रवचन–(ना०) कुनै विषयमा गरिने भाषण; व्याख्यान; वेद-पुराण आदिको उपदेश।

प्रवास–(ना०) परदेश; विदेशको बास।

प्रवाह–(ना०) पानीको धार; अटूट क्रम।

प्रवृत्ति–(ना०) कुनै काममा मन लाग्नु; स्वभाव; बानी; चालचलन।

प्रवेश–(ना०) भित्र जानु; संलग्न हुनु।

प्रवेशिका–(ना०) विद्यालयस्तरको अन्तिम परीक्षा; विश्वविद्यालयमा प्रवेश गर्न उत्तीर्ण हुनुपर्ने परीक्षा।

प्रशंसा–(ना०) स्याबासी; गुणको बखान; तारीफ।

प्रशस्त–(वि०) खूब; धेरै।

प्रशस्ति–(ना०) कीर्ति आदिको वर्णन भएको प्रशंसासूचक वाक्य; प्रशंसा; स्तुति।

प्रशासक–(ना०) शासन वा व्यवस्था गर्ने व्यक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**प्रशासकीय**–(वि०) प्रशासक वा प्रशासनसम्बन्धी; प्रशासक र प्रशासनको।

**प्रशासन**–(ना०) राज्य चलाउने प्रबन्ध; शासनको काम।

**प्रश्न**–(ना०) सोधनी; सोधपूछ; सवाल।

**प्रसङ्ग**–(ना०) सम्बन्ध; सिलसिला; चर्चा; वार्ता; संसर्ग; आसक्ति।

**प्रसन्न**-(वि०) खुश; सन्तुष्ट; हँसिलो।

**प्रसव**–(ना०) नानी जन्मनु; बालक पैदा हुनु; प्रसूति; उत्पत्ति; सन्तान।

**प्रसाद**–(ना०) देवतालाई चढाइएको फलफूल वा खानेकुरो; प्रसन्नता; हर्ष; कृपा; मेहरबानी; रचनालाई सरल र सुबोध पार्ने काव्यको एक गुण।

**प्रसार**–(ना०) फैलाउने काम; सञ्चार।

**प्रसारण**-(ना०) प्रसार गर्ने काम।

**प्रसारित**–(वि०) प्रसार गरिएको; फैलाइएको।

**प्रसिद्ध**–(वि०) प्रख्यात; नामुद; कहलिएको।

**प्रसिद्धि**-(ना०) प्रसिद्ध हुनाको भाव।

**प्रसूति**–(ना०) बालक जन्माउने काम; प्रसव; सुत्केरी।

**प्रस्तार**–(ना०) विस्तार; फैलोट; सम्म फराक ठाउँ।

**प्रस्थान**–(ना०) गमन; यात्रा; हिँडाइ; साइत।

**प्रहर**–(ना०) रात वा दिनको चौथाइ भाग।

**प्रहार**–(ना०) हिर्काउने काम; हिर्काइ; आघात।

**प्राक्तन**–(ना०) पुनस; प्रारब्ध।

**प्राचीन**–(वि०) पुरानो; पहिलेको।

**प्राज्ञ**–(वि०) बुद्धिमान्; सिपालु; विज्ञ; विद्वान्। (ना०) प्रज्ञा-प्रतिष्ठानका सदस्य।

**प्राण**-(ना०) सास; ज्यान; वायु; जीव; शक्ति।

**प्राणदण्ड**–(ना०) ज्यान सजाय।

**प्राणान्त**–(ना०) ठूलो सङ्कट; मरण।

**प्राणी**–(ना०) जीव; देहधारी।

**प्रातः**-(ना०) बिहान; प्रभात। (क्रि० यो०) सबेरै; एकाबिहानै।

**प्राथमिक**–(वि०) शुरूको; पहिलेको; प्रारम्भिक।

**प्राध्यापक**–(ना०) उच्च स्तरमा पढाउने शिक्षक; विश्वविद्यालयका मुख्य शिक्षक।

**प्रान्त**–(ना०) कुनै देशको ठूलो विभाग; प्रदेश; सीमा; किनार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**प्राप्त**–(वि०) पाइएको; आइपुगेको; मिलेको; उपलब्ध ।

**प्राप्ति**–(ना०) प्राप्त हुनु; पाउनु; लाभ ।

**प्राप्य**–(वि०) प्राप्त गर्न योग्य; पाउन लायक; पाउनुपर्ने; पाइने ।

**प्रामाणिक**–(वि०) प्रमाणसम्बन्धी; प्रमाणबाट सिद्ध भएको; सत्य ।

**प्रायः**–(क्रि० यो०) धेरैजसो; बहुधा ।

**प्रायशः**–(क्रि० यो०) धेरैजसो; प्रायः ।

**प्रायश्चित्त**–(ना०) पापको दोष हटाउन गरिने धार्मिक काम; पापकटनी ।

**प्रारब्ध**–(ना०) भाग्य ।

**प्रारम्भ**–(ना०) उठान; थाल्नी ।

**प्रारम्भिक** (वि०) प्रारम्भको; शुरूको ।

**प्रार्थना**–(ना०) ईश्वरको पुकार; याचना; बिन्तीबिसाइ; वन्दना ।

**प्रियतमा** (ना०) प्रिया; प्रेमिका; प्यारी ।

**प्रिया**–(ना०) प्रियतमा ।

**प्रीति**–(ना०) स्नेह; प्रेम ।

**प्रीतिभोज**–(ना०) प्रियजनहरू सम्मिलित भई प्रेमपूर्वक गरिने भोजन ।

**प्रेम**–(ना०) प्रीति; स्नेह ।

**प्रेमालाप**–(ना०) प्रेमपूर्वक गरिने कुराकानी ।

**प्रेमिका**–(ना०) प्रेम भएकी स्त्री; प्रिया ।

**प्रेमी**–(ना०) प्रेम गर्ने व्यक्ति ।

**प्रेयसी**–(ना०) प्रेमिका; पत्नी ।

**प्रेरणा**–(ना०) हौसला; अह्रौट ।

**प्रेरित**–(वि०) प्रेरणा दिइएको; हौस्याइएको ।

**प्रेषक**–(ना०) पठाउने ।

**प्रेषित**–(वि०) पठाइएको ।

**प्रेस**–(ना०) छापाखाना; मुद्रणालय ।

**प्रौढ**–(वि०) युवावस्था नाघेको; अनुभवी; निपुण; पुष्ट ।

**प्रौढा**–(ना०) तरुण अवस्था नाघेकी स्त्री ।

**प्लेग**–(ना०) एक किसिमको सरुवा रोग ।

**प्लेट**–(ना०) एक किसिमको ठूलो रिकापी; तस्वीरको बिम्ब्याँटो रूप आउने काँच आदिको पत्र ।

**प्लेटफार्म**–(ना०) रेलका स्टेशनमा बनेको लामो पेटी ।

**प्वाँख**–(ना०) पखेटाको भुत्ला ।

**प्वाकल**–(ना०) खोपिल्टो; [illegible]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्वाक्क–( क्रि० यो० ) हिर्काउने किसिम ।

प्वाङ्ग-(क्रि० यो०) माटाका भाँडा-हरू एक्कासि फुट्ने किसिम ।

प्वाल–(ना०) दुलो; छिद्र; अन्तर; धाँदो ।

# फ

फ- देवनागरी वर्णमालाको बाइसौं व्यञ्जनवर्ण, उच्चारणस्थान ओष्ठ ।

फँकाइ–(ना०) फँक्याउने काम वा किसिम ।

फँक्याउनु-(अ० क्रि०) फक्याउनु ।

फँडाइ–(ना०) फाँड्ने काम ।

फँडीर–(ना०) जामुनु ।

फकफकाउँदो–(वि०) गीलो नभएको; बुरबुराउंदो ।

फकफकाउनु–(अ० क्रि०) बुरबुराउँदो हुनु ।

फकफकी–(क्रि० यो०) कपाकप खाने किसिम ।

फकरताउलो–( वि० ) फोस्रो कुरा गर्ने ।

फकाइ–( ना० ) फकाउने काम वा किसिम ।

फकाउनु–( स० क्रि० ) फुस्ल्याउनु; लोभ्याउनु; मनाउनु ।

फकाफक–(क्रि० यो०) फाँको हालेर खाने किसिम; फकफकी ।

फकार–(ना०) 'फ' अक्षर ।

फकावट–( ना० ) फक्किने काम; फक्याइ ।

फकीर–(वि०) संन्यासी; भिखारी; गरीब मान्छे ।

फकीरी–(ना०) फकीरको अवस्था । (वि०) फकीरको ।

फकुन्डो–(ना०) टुटुल्को; फोको ।

फकौरी–(ना०) फकाउने काम ।

फकौरे–(वि०) फकाउने ।

फक्कड–(वि०) फकीर ।

फक्याइ–(ना०) फक्याउने काम वा किसिम ।

फक्याउनु–(स० क्रि०) फाँको मार्नु ।

फक्याहट–(ना०) फकाइ ।

फक्रनु–(अ० क्रि०) राम्ररी फुल्नु; पूरा फुल्नु ।

फक्राइ–( ना० ) फक्रने काम वा किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फगटो–(ना०) खेतको ससानो गह्रो ।
फगत–(क्रि० यो०) खालि; मात्र ।
फगल्टा–(क्रि० यो०) व्यर्थमा; बेकाममा । (ना०) बिनसित्तिको काम ।
फग्लेंटो–(ना०) फग्ल्याँटो ।
फग्ल्याँटो–(ना०) पाटा परेको काठको टुक्रा ।
फच्चे–(ना०) चुक्ती; फछर्योट ।
फच्छे–(ना०) फच्चे ।
फच्छ्याइ–(ना०) फच्छ्याउने काम ।
फच्छ्याउनु (स क्रि०) चुक्ता गराउनु; तिरिसक्नु ।
फजिती–(वि०) सास्ती; हैरानी ।
फजूल–(वि०) बिनसित्तिको; नचाहिंदो; बेप्रयोजनको ।
फट-(वि०) फुट्टा; छुट्टा ।
फटक्क–(क्रि० यो०) फट्कने किसिम ।
फटफटाइ–(ना०) फटफटाउने काम वा किसिम ।
फटफटाउनु–(अ० क्रि०) तुलबुलाउनु; हतपताउनु; छटपटाउनु ।
फटाइ–(ना०) फटाउने काम वा किसिम ।
फटाउनु–(स० क्रि०) धाँदो पार्नु; छुट्ट्याउनु; फार्नु; च्यात्नु; फाटो पार्नु ।
फटाफट–(क्रि० यो०) लामा फड्का चालेर हिंड्ने किसिम ।
फटाहा–(वि०) बढाएर-चढाएर धेरै कुरो गर्ने; ढँटुवा; गफी ।
फटेङ्ग्रो–(ना०) एक किसिमको कीरो ।
फट्कनु–(अ० क्रि०) उछिट्टिनु । (स० क्रि०) नाघ्नु; कपास सफा गर्नु ।
फट्काइ–(ना०) फट्कने काम वा किसिम ।
फट्कार–(ना०) फट्कार्ने काम; हप्की ।
फट्कार्नु-(स० क्रि०) पच्कार्नु; झाँट्नु ।
फट्किरी–(ना०) पगिलदो स्वाद हुने एक किसिमको खनिज क्षार पदार्थ ।
फट्के–(ना०) काठको साँघु; टाढाको फुटकर जग्गाको कमोत ।
फट्को–(ना०) हिंड्दा एक पटक सारेको पाइलो; लामो पाइलो ।
फट्ट–(क्रि० यो०) फट्कने वा फुट्टा हुने किसिम ।
फट्टा–(वि०) च्यातिएको ।
फट्टाउनु–(स० क्रि०) छुट्ट्याउनु; अलग पार्नु । (अ० क्रि०) धाँदो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पर्नु; चिरिनु ।

फण–(ना०) फणा ।

फणा–(ना०) नागका शिरको छत्राकार मण्डल ।

फतक्क–(स० क्रि०) धेरै पाकेर वा गलेर गीलो हुने किसिम; थाकेर लस्त हुने किसिम ।

फतफत–(क्रि० यो०) एकलै बोलिरहने किसिम; कचकच; धेरै पाक्ने, छड्कने वा सडेर झर्ने किसिम ।

फतफताइ–(ना०) फतफताउने काम ।

फतफताउनु–(अ० क्रि०) कचकच गर्नु; भुतभुताउनु ।

फतफती–(क्रि० यो०) बढ्ता पाकेर वा सडेर झरिरहने किसिम ।

फतफते–(वि०) फतफताउने; फतरो ।

फतरफतर–(ना०) फतफत; कचकच ।

फतरो–(वि०) फतफते; कुरौटे ।

फतल्नु–(स० क्रि०) फेट्नु; फांड्नु ।

फतुरो–(वि०) फतरो ।

फतूर–(ना०) दोष; खोट; अभियोग ।

फत्कनु–(अ० क्रि०) छट्कनु; गद्कनु ।

फत्काइ–(ना०) फत्कने काम वा किसिम ।

फत्को–(ना०) एक खेपको फत्काइ ।

फत्तूर–(ना०) फतूर ।

फत्ते–(ना०) सफलता; सिद्धि; विजय ।

फत्रक्क–(क्रि० यो०) जीउ वा हातगोडा गल्ने किसिम; कुनै वस्तु एक्कासि खस्ने किसिम ।

फत्र्याक्क–(क्रि० यो०) कुनै वस्तु गल्ने किसिम; फत्रक्क ।

फत्र्याकफुत्रुक–(क्रि० यो०) एक किसिमले उफ्रने किसिम; उफ्रेर खेल्ने किसिम ।

फनक्क–(क्रि० यो०) घुम्ने वा फन्को मार्ने किसिम ।

फनफन–(क्रि० यो०) घुम्ने वा घुमाउने किसिम ।

फनफनाइ–(ना०) फनफनाउने काम वा किसिम ।

फनफनाउनु–(अ० क्रि०) फन्कनु; रिङनु; रिसाउनु ।

फनफनी–(क्रि० यो०) घुमिरहने किसिम ।

फनफने–(वि०) फनफन घुम्ने; रिङने; फन्कने ।

फन्कनु–(अ० क्रि०) रिसले मुन्टो बटार्नु; जङ्ग बल्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फन्काइ-( ना० ) फन्कने काम वा किसिम ।

फन्को-(ना०) फेरो; घेरो ।

फन्दा-(ना०) छल; कपट; धोका; कष्ट ।

फयल-(वि०) प्रकाशित; हल्लाखल्ला भएको ।

फर-(ना०) ढाल ।

फरक-( ना० ) भिन्नता; अन्तर । (वि०) अलग; बेग्लो ।

फरक्क-(क्रि० यो०) तुरुन्त फर्कने किसिम ।

फरफर-(क्रि० यो०) हावाले कपडा फरफराउने किसिम; फुर्ने किसिम ।

फरफराइ-(ना०) फरफराउने काम वा किसिम ।

फरफराउँदो (वि०) अन्नका गेडा वा सिता पाक्ता गीलो भई नटाँसिएको; ओबानो; फरफर गर्ने (फन्डा) ।

फरफराउनु-( अ० क्रि० ) हावाले कपडा आदि हल्लनु; फरफर गनुं; अङ्गस्फुरण हुनु ।

फरफरे-(वि०) फटफटे ।

फराक-(वि०) विशाल; बिस्तृत ।

फराकिलो-(वि०) फराक भएको ।

फरार-(वि०) बेपत्ता भएको; भागेको ।

फरासिलो-(ना०) बोलैया; उदार ।

फरिको (ना०) छाप्रोमा लाइने बाँस, निगालो वा फुराको ढोका ।

फरिया-(ना०) जनाना धोती ।

फरेब-(ना०) अत्तो; दोष ।

फरेबी-(वि०) फरेब लाउने; फत्तुर लाउने; जाली ।

फर्कनु-(अ० क्रि०) ठाउँमा पुगेर वा बीचबाटै फिर्नु; उल्टिनु; गुमिसकेको वस्तु फेरि आउनु ।

फर्काइ-(ना०) फर्कने काम ।

फछर्याउनु-( स० क्रि० ) फर्स्याउनु; चुक्त्याउनु ।

फछर्यौट-(ना०) चुक्ति; छिनाफाना ।

फर्दा-( ना० ) कपडा वा कागतको अलग टुक्रो ।

फर्मा- (ना०) एक पटकमा छापिने कागतको सिङ्गो ताउ वा छापिने अक्षरको फैलोट ।

फर्माइ-( ना० ) फर्माउने काम वा किसिम ।

फर्माइश-(ना०) कुनै कुरो फर्माएर बनाउन दिने आज्ञा वा काम; अह्रोट ।

फर्माइशी-(वि०) फर्माइश गरिएको; खास किसिमको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फर्माउनु–( स० क्रि० ) आज्ञा दिनु; विशेष किसिमले बनाउन लाउनु; नभएमा फुरा बनाउनु ।

फन्याकफुरुक–( क्रि० यो० ) खुशी भएर यताउति गर्ने किसिम ।

फर्र–( क्रि० यो० ) फरफराउने किसिम ।

फर्लक्क–( क्रि० यो० ) फग्लेंटो छुट्टिने किसिम ।

फर्सा–( ना० ) कुठार; बन्चरो ।

फर्सी–( ना० ) लहरामा फल्ने एक जातको ठूलो फल ।

फर्स्याइ–( ना० ) फर्स्याउने काम वा किसिम ।

फर्स्याउनु–( स० क्रि० ) चुक्ति पार्नु ।

फर्स्यौट–( ना० ) फर्स्याउने काम; चुक्त्याउने काम ।

फल–( ना० ) बोट-बिरुवाहरूमा फल्ने वस्तु; दाना; लाभ; परिणाम; उद्देश्य; हिसाबको उत्तर; भाला आदिको धारिलो भाग; अण्डकोश ।

फलतः–( क्रि० यो० ) फलस्वरूप ।

फलफूल–( ना० ) फलहरूको समुदाय; फल र फूलको समुदाय ।

फलाँट–( ना० ) साह्रो काठ हुने एक जातको रूख ।

फलाँसी–( ना० ) काठ चिर्ने एक किसिमको रामो ।

फलाइ–( ना० ) फल्ने काम वा किसिम ।

फलाइलो–( वि० ) फल्ने खालको ।

फलाउनु–( स० क्रि० ) फल लाग्ने गराउनु; अनाज ढिकीमा कुटाउनु ।

फलाको–( ना० ) भन्नुपर्ने कुरो; भनेको कुरो ।

फलाक्नु–( अ० क्रि० ) ठूलो स्वरले कुनै कुरा भन्नु; भट्टयाउनु ।

फलाटिन–( ना० ) एक किसिमको भूवादार नरम कपडा ।

फलानो–( सर्वना० ) नाम नतोकिएको व्यक्ति; ढिकानो; अमुक ।

फलाम–( ना० ) कालो र साह्रो एक प्रसिद्ध धातु; लोहा ।

फलालो–( वि० ) फल्ने खालको; फल्ने वस्तु फोस्रो नभएको ।

फलाहार–( ना० ) व्रत बस्ता खाइने फलफूलको खाना ।

फलित–( वि० ) फल लागेको; सफल ।

फलिफाप–( वि० ) अनुकूल परेको; राम्ररी पाकेको । ( ना० ) उन्नति; सिद्धि ।

फली–( ना० ) रन्दाको भित्री सानो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फाली ।

फलीभूत–(वि०) सफल; फलित ।

फलुवा–(वि०) फलेको; बोक्रो, भूस सबै जाने गरी कुटिएको ।

फलेक–(ना०) काठको लामो पातलो टुक्रो ।

फलैंचा–(ना०) भित्तामा जोरेर बनाइएको एक किसिमको खाट; टाँड ।

फल्नु–(अ० क्रि०) फल लाग्नु; उत्पन्न हुनु; सफल हुनु । (स० क्रि०) ढिकीमा कुटेर अन्नको भूस आदि सफा गर्नु ।

फल्याक–(ना०) फलेक ।

फसफसी–(क्रि० यो०) सरासर; धमाधम; फस्को वस्तु फुट्ने किसिम; मस्तसित निदाउने किसिम ।

फसफसे–(वि०) फसफसी फुट्ने; फस्को ।

फसल–(ना०) खेतबारीमा उब्जेको अन्न; बाली ।

फसाइ–(ना०) फस्ने-फसाउने काम ।

फसाउनु–(स० क्रि०) जालमा पार्नु; झुक्याउनु; अल्झाउनु; पक्षमा ल्याउनु ।

फसाद–(ना०) झमेला; अप्ठेरो ।

फसेल–(वि०) प्रशस्त; धेरै ।

फसेला–(ना०) टुङ्गो; फैसला ।

फस्कनु–(अ० क्रि०) खुकुलो हुनु; फस्स फुट्नु ।

फस्को–(वि०) हल्का चालले फुट्ने किसिमको; खुकुलो; नबाटिएको ।

फस्टाइ–(ना०) फस्टने काम वा किसिम ।

फस्टाउनु–(अ० क्रि०) मोटो हुनु; मोटाउनु; पुष्ट हुनु; पोटिलो हुनु ।

फस्नु–(अ० क्रि०) पासोमा पर्नु; अल्झनु; फकिनु; धोकामा पर्नु; भासिनु ।

फस्याङफुसुङ–(ना०) यताउता देखाएर वा फकाएर अलमल्याउने काम; सानोतिनो वस्तु; सार नभएको काम-कुरो ।

फस्योल–(ना०) फसेल ।

फहराइ–(ना०) फहराउने काम वा किसिम ।

फहराउनु–(स० क्रि०) चियोर्नु; नङ्ले कोपर्नु ।

फा–(ना०) बालबोलीमा फाल्ने काम; मुखमा पाउडर घस्ने भूवा ।

फाँक–(ना०) फाँको; ओबानो खाने कुराको गाँस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फाँकमुठी–(ना०) अन्नको थोरबहुत परिमाण; एक फाँको र एक मुठी ।

फाँकी–(ना०) छन्दको लय छन्द; तुक ।

फाँको–(ना०) फाँक ।

फाँच–( ना० ) फाँज; फाँद; कुनै वस्तुको फैलावट ।

फाँचो–(ना०) ठूलो पोको; पोल्टा-भरिएको केही चीज; ठूलो कल्चौंडो ।

फाँज–(ना०) फाँच ।

फाँज्नु–(स० क्रि०) पाँज्नु; फिंजाउनु; फैलाउनु ।

फाँट–( ना० ) खेतैंखेतको मैदान; विभाग; कित्ता ।

फाँटवाला–( वि० ) फाँटको जिम्मा लिएको ।

फाँटवारी–(ना०) विषयको विभाजन; विवरण; सूची ।

फाँडफुँड–( ना० ) फाँड्ने काम; फँडाइ ।

फाँडो–(ना०) दुधिलो मकै आदिको लेदो पारी तुल्याइएको खानेकुरो; खोले; नहुँदो कुरो । (वि०) माड-जस्तो पातलो; दबदबे ।

फाँड्नु–(स० क्रि०) रूखहरू काट्नु र उखेल्नु; वन-जङ्गल मास्नु; छिमल्नु ।

फाँद–(ना०) फट्को; फँच; जङ्गली हात्ती फसाउने पासो; फन्दा ।

फाँदिलो–(वि०) फराकिलो ।

फाँद्नु–(ना०) फाल हाल्नु; बुकुंसी मार्नु ।

फाँसी–( ना० ) पासोमा झुन्ड्याएर मार्ने सजाय; पासो; झमेला ।

फाइँफुट्टी–(ना०) धाक; आडम्बर ।

फाइँफुट्टे–(वि०) फाइँफुट्टी गर्ने ।

फाइदा–(ना०) लाभ; नाफा; परि-णाम ।

फाइल–( ना० ) कागतपत्रहरू हिफा-जतसाथ राख्ने जिल्दजस्तो वस्तु ।

फाउनु–(स० क्रि०) फिट्नु; हुँडल्नु; घोत्नु ।

फाकन–(ना०) कर्कलो ।

फाकफूक–(ना०) तन्त्रमन्त्रको प्रयोग; झारफूक ।

फागु–( ना० ) अबीर खेल्ने पर्व; होली ।

फागुन–(ना०) वर्षको एघारौं महीना; फाल्गुन ।

फाङ्फुङ–( क्रि० यो० ) एक-एकवटा खण्ड छुट्ट्याउने किसिम ।

फाटफुट–( क्रि० यो० ) एउटा-दुइटा मात्र देखिने किसिम; फाट्टफुट्ट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(वि०) फाटफुटे; चानचुने ।

**फाटफुटे**–( वि० ) चानचुने; सानो-तिनो; फुटकर; अपूरो ।

**फाट्टफुट्ट**–( क्रि० यो० ) कतै-कतै; फाटफुट ।

**फाट्नु**–(अ० क्रि०) चिरिनु; च्यातिनु; छुट्टिनु; नमिल्नु ।

**फानुस**–( ना० ) एक किसिमको काँचको दीपपात्र ।

**फाप** (वि०) पीरपिराउ केही नभएको; फाप्ने । ( ना० ) फाप्ने अवस्था ।

**फापर**-(ना०) एक किसिमको अन्न ।

**फाप्नु**-(अ० क्रि०) शुभ-फल दिने हुनु; फलिफाप हुनु ।

**फाम**–(ना०) काठको पाथी; दही-दूध राख्ने भाँडो ।

**फायर**–(ना०) बन्दूक, तोप आदिको हनाइ; गोली चलाउने काम ।

**फारख**–(ना०) जम्मा खर्च; बही बुझी रकमीलाई गरिदिने फुर्सत ।

**फारफेर**–(ना०) फेरफार ।

**फाराम**-( ना० ) दरखास्त, खाता, रसीद आमिको नमूना; फर्मा ।

**फारु**–(ना०) फारो ।

**फारो**–( ना० ) फारु; कुनै वस्तुको ।कफायत; खचका कमी ।

**फारोतिनो**–(ना०) फारो गर्ने काम; थोरैले पुऱ्याउने काम ।

**फार्छे**–(ना०) फार्से ।

**फार्नु**–( स० क्रि० ) चिरा पार्नु; घस्काउनु; फटाउनु ।

**फार्से**-( ना० ) छिनाफाना; सुत्री-बिक्री; फछ्रयौंट ।

**फाल**–(ना०) फलामे वस्तु; फाली; लामो फट्को; मौका; औसर ।

**फालाफाल**–( वि० ) आफलताफल; छेलोखेलो । (ना०) यताउति फाल्ने काम; फ्याँकाफ्याँक ।

**फाली**–(ना०) गाईवस्तु दुहुँदा खुट्टा बाँध्ने डोरी; छाँद; रन्दाको काट्ने फलामे पत्ती; हलाका टुप्पामा जडिएको फलामे सुइरो ।

**फाल्गुन**–(ना०) फागुन ।

**फाल्टू**–( वि० ) उनाऊ; नचाहिँदो; वेकम्मा ।

**फाल्तू**–(वि०) फाल्टू ।

**फाल्नु**-(स० क्रि०) फ्याँक्नु; मिल्काउनु; हुत्याउनु; त्याग्नु ।

**फाल्सो**–(ना०) रगत जमेको ढिको; लुगाफाटाको ससानो टुक्रो ।

**फासफूस**-(ना०) बिनामहत्त्वको वस्तु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



त्यसै सेलाउने काम ।

**फासफूसे**–(वि०) केही महत्त्व नभएको ।

**फास्टो**–(ना०) झमेला; झन्झट ।

**फाहा**–(ना०) फा ।

**फिँजाइ**–(ना०) फिँज्ने काम वा किसिम ।

**फिँजाउनु**–(स० क्रि०) प्रचार गर्नु; फैलाउनु; फिँज्नु; छर्नु ।

**फिँज्नु**–(स० क्रि०) फिँजाउनु; फैलाउनु; बिस्कुन पार्नु; नाम चलाउनु ।

**फिक**–(ना०) थूक; पान चपाएको सिट्ठी ।

**फिकदानी**–(ना०) थुक्ने भाँडो; पीकदानी ।

**फिक्का**–(वि०) खल्लो; स्वाद नभएको; हल्का; मलिन ।

**फिक्री**–(ना०) सुर्ता; वास्ता ।

**फिटाइ**–(ना०) फिट्ने काम वा किसिम ।

**फिट्टे**–(वि०) एक्लो; ठिङ्गा; मक्खौला ।

**फिट्नु**–(स० क्रि०) पन्यालो वस्तुमा कुनै वस्तु हाली खूब चलाउनु; फेट्नु; तलास्नु ।

**फितलो**–(वि०) लुलो; निर्धो; कमजोर ।

**फितिक्क**–(क्रि० यो०) फतक्क ।

**फित्कौली**–(ना०) मटयाङग्रा हान्ने बाँसको पातलो कप्टेरो ।

**फित्ता**–(ना०) तनाजस्तै बाँध्ने वा कस्ने वस्तु ।

**फिनी**–(ना०) एक किसिमको रोटी ।

**फिनेल**–(ना०) विषालु कीटाणु मार्ने एक किसिमको औषधी ।

**फिपी**–(ना०) चोयाले बुनेको एक किसिमको बट्टा ।

**फियो**–(ना०) पेटभित्र पाकस्थलीको बायाँतिर हुने एक अवयव ।

**फिरङ्गी**–(ना०) फिरङ्ग महादेशको बासिन्दा; अङ्ग्रेज; गोरा ।

**फिरन्ता**–(वि०) भिखारी; डुलुवा । (ना०) जोगी; संन्यासी; यात्री ।

**फिरन्ते** (वि०) फिरन्ता । (ना०) जोगी; संन्यासी ।

**फिरफिर**–(क्रि० यो०) बिस्तारै हावा चल्ने किसिम; त्यस्तो हावामा पात आदि हल्लने किसिम ।

**फिरफिरे**–(वि०) फिरफिर हल्लने वा चल्ने; चल्तापुर्जा । (ना०) हावाको वेगले घुम्ने पङ्खाजस्तो सानो खेलौना; एक जातको कीरो ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फिराइ-(ना०) फिर्ने वा फिराउने काम ।

फिराउनु-(स० क्रि०) डुलाउनु; घुमाउनु; फैलाउनु; फिजाउनु ।

फिराद-( ना० ) उजूर; पुकार; नालिश ।

फिरादपत्र-(ना०) उजूरपत्र; नालिशपत्र ।

फिर्ता-(ना०) फर्कन-फर्काउने काम ।

फिर्ती-(वि०) फिर्ता आउने; फर्कने ।

फिर्नु-(अ० क्रि०) फर्कनु; उल्टनु; डुल्नु ।

फिलिङ्गो-(ना०) आगो भएको गोल वा कोइला ।

फिस-(ना०) तृण । (वि०) फुस्सा; अति तुच्छ ।

फिसफिस-(क्रि० यो०) फस्को वस्तु फुट्ने किसिम; मसिनो पानी पर्ने किसिम ।

फिसफिसे-(वि०) फिसफिस फुस्कने वा फुट्ने किसिम ।

फिसोलाइ-(ना०) फिसोल्ने काम वा किसिम ।

फिसोल्नु-(स० क्रि०) आलटाल गर्नु; अलमल्याउनु; फासफूस गर्नु ।

फिसौटो-(ना०) सानो वस्तु; तुच्छ चीज ।

फिस्टे-( वि० ) फिस्टोजस्तो; धेरै सानो ।

फिस्टो-(ना०) सानो एक जातको चरो ।

फिस्स-(क्रि० यो०) फ्यास्स ।

फी-( ना० ) फीस; दस्तूर । (क्रि० यो०) प्रत्येक; जनही ।

फीँज-(ना०) पानी, साबुन आदिको फोका; गाज ।

फीका-(ना०) फिक्का ।

फीलवान-(ना०) माहुते ।

फीस-(ना०) शुल्क; पारिश्रमिक; मेहनताना ।

फुँकाइ-(ना०) फुँक्ने काम ।

फुँक्नु-(अ० क्रि०) गाईवस्तुले हुङ्कारेर धम्काउनु ।

फुँडी-(०ना) पातर; रण्डी ।

फुँडो-(वि०) रण्डीबाज; बेसुल्लो ।

फुँदा-( ना० ) झल्लर; झुप्पा; किनारा ।

फुइँ-(ना०) घमन्ड; शेखी ।

फुइँकी-( ना० ) हावाको झोक्का; हल्ला ।

फुई-( ना० ) केटाकेटीको बोलीमा बल्ने चीज; पोल्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फुकाइ–( ना० ) फुक्ने काम वा किसिम ।

फुकाउनु–( स० क्रि० ) बन्धनबाट छुटाउनु; फुस्काउनु; फुनु ।

फुकाउरो–(ना०) सित्तँमा घरै खर्च गर्ने खालको ।

फुकादाम–(ना०) एक दामको पुरानो सिक्का; पैसाको चतुर्थांश मूल्यको सिक्का ।

फुकाल्नु–(स० क्रि०) फुकाउनु; फुनु; उखेल्नु; खुस्काउनु ।

फुकाहा–(वि०) फुकाउरो ।

फुकी–(ना०) बन्धुवर्ग; दाजुभाइ ।

फुकुन्डो–( ना० ) जीउमा आएको डल्लो ।

फुकुवा–(वि०) बाधा-अड्काउ नभएको; खुला ।

फुको–(वि०) निस्तो; सुक्खा ।

फुक्का–(वि०) स्वतन्त्र; आफूखुशी; बन्धनबाट मुक्त भएको ।

फुक्लनु–(अ० क्रि०) छुट्टिनु; अलग्ग हुनु; खुस्कनु ।

फुक्लो (वि०) मुक्त; बन्धन नभएको; निस्तो; फुको ।

फुङ–(ना०) फेरमा गाँसिने कपडा ।

फुङ्कार–(ना०) सर्प आदिले रिसले मुख वा नाकबाट निकाल्ने शब्द ।

फुङ्ग–(क्रि० यो०) उड्ने किसिम; फिक्का पर्ने किसिम; उजार हुने किसिम ।

फुङ्गिन–(वि०) तन्नम; धन-सम्पति केही नभएको ।

फुङ्ङ–(क्रि० यो०) फुङ्ङ ।

फुचाफुची–(ना०) ससाना केटाकेटी ।

फुचुनु–(वि०) फुचुनो ।

फुचुनो–(वि०) चमेरे; सानो फुच्चो ।

फुच्ची–(ना०) सानी केटी ।

फुच्चे–(वि०) फुच्चो; सानो केटो ।

फुच्चो–(वि०) सानो केटो ।

फुट–(ना०) बाह्र इन्चको नाप; त्यो नाप्ने नापो ।

फुटकर–( वि० ) चानचुन; खुद्रा; अलग ।

फुटबल–(ना०) गोडाले हानेर खेलिने ठूलो भकुन्डो ।

फुटाइ–(ना०) फुट्ने-फुटाउने काम वा किसिम ।

फुटाउनु–( स० क्रि० ) टुक्रा पार्नु; फुटाल्नु; चर्काउनु; फाटो गराउनु ।

फुट्टा–(वि०) अलग; एक्लो; ठिङ्गो ।

फुट्टो–(ना०) थोप्लो; बिन्दु; लेश; एकजात ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फुट्टो–(वि०) छुट्टो; एकलो।

फुट्नु–(अ० क्रि०) टुक्राटुक्रा हुनु; चर्कनु; छुट्टिनु; प्वाल पर्नु; मेल नहुनु।

फुतफुत–(क्रि० यो०) एक-एक गरी निस्कने वा पस्ने किसिम; धमाधम मिल्काउने किसिम।

फुतफुती–(क्रि० यो०) फुतफुत।

फुत्कनु–(अ० क्रि०) उम्कनु; छुट्नु; फुस्कनु; निस्कनु।

फुत्काइ–(ना०) फुत्कने काम।

फुत्त–(क्रि० यो०) एक्कासि निस्कने वा पस्ने किसिम।

फुत्रुक्क–(क्रि० यो०) सहसा खस्ने वा उफ्रने किसिम।

फुनु–(स० क्रि०) फुकाल्नु; फुकाउनु; बाधा-अड्काउ हटाउनु।

फुपाजु–(ना०) फुपूको लोग्ने।

फुपू–(ना०) बाबुकी दिदी वा बहिनी।

फुरफुर–(क्रि० यो०) फुर्किने किसिम; मक्ख पर्ने किसिम।

फुरफुराहट–(ना०) फुर्किने किसिम।

फुरफुरिनु–(अ० क्रि०) फुरुक्क पर्नु; फुर्किनु।

फुराइ–(ना०) फुर्ने काम वा किसिम।

फुरु–(ना०) काठको बट्को।

फुरुक्क–(क्रि० यो०) फुर्कने किसिम; दङ्ङ पर्ने किसिम।

फुरौलो-(ना०) घिउ-तेलमा पकाएको मासका पीठाको डल्लो रोटी।

फुर्कनु–(अ० क्रि०) फुरफुर हुनु; फुरुक्क पर्नु।

फुर्के–(वि०) फुर्को भएको।

फुर्को–(ना०) कपालमा लाउने धागो; धरो।

फुर्क्याइ–(ना०) फुर्किने काम वा किसिम।

फुर्क्याहट–(ना०) फुर्किने किसिम।

फुर्तिलो–(वि०) फुर्तिवाल; फूर्ति भएको।

फुर्नु–(अ० क्रि०) मनमा नयाँ विचार आउनु; सम्झनु; फरफराउनु; आगाको तापले फर्र फुकेर फुल्नु।

फुर्माइस-(ना०) बढ्ता खर्च; विशेष कुरो बनाउन दिइने आज्ञा।

फुर्माइसी–(वि०) फुर्माइस गरिएको।

फुर्माउनु–(स० क्रि०) फर्माउनु।

फुर्र–(क्रि० यो०) पानी आदिको धारा फुक्ने किसिम; पात, चरा आदि उड्ने किसिम।

फुर्लुङ्ग–(ना०) फुराउनी, माछा आदि हाल्ने चोयाको भाँडो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फुर्संत-(ना०) काम नभएको समय ।
फुर्संद-(ना०) फुर्संत ।
फुल-(ना०) अण्डा; डिम्वा ।
फुलाइ-(ना०) फुल्ने काम वा किसिम ।
फुलेल-(वि०) प्रसन्न; खुशी; फूलको बास्ना आउने तेल ।
फुल्नु-(अ० क्रि०) कोपिला फुट्नु; फक्रनु; उक्सनु; गम्कनु; धुम्मिनु ।
फुल्याउनु-(स० क्रि०) सान्त्वना दिनु; भरोसा दिनु; सम्झाउनु ।
फुसफुस-(क्रि० यो०) फुस्कने किसिम सुरसुर पानी पर्ने किसिम; फसफस ।
फुस्कनु-(अ०क्रि०) फुस्कनु; खुस्कनु; उम्कनु ।
फुस्रो-(वि०) खैरो किसिमको; चिल्लो नभएको ।
फुस्लिनु-(स० क्रि०) अरूको परिपाठले जिल्लिनु; फकिनु; फुर्किनु ।
फुस्स-(क्रि० यो०) फुस्कने वा खुस्कने किसिम । (वि०) फुस्सा ।
फुस्सा-(वि०) केही पनि नहुने ।
फूँ-(क्रि० यो०) गाईवस्तुले हान्न खोज्दा नाक बजाउने किसिम ।
फू-(क्रि० यो०) फुक्ने किसिम । (ना०) बालबोलीमा फुकफाक ।
फूकफाक-(ना०) फुक्ने काम; फाकफूक ।
फूट-(ना०) वैमनस्य; फाटो ।
फूमन्तर (ना०) जादू; छक्क पार्ने गरी कुनै काम तुरुन्त हुनु; बेपत्ता ।
फूर्ति-(ना०) चहलपहल; उल्लास; उत्साह ।
फूर्तिवाल-(वि०) फुर्तिलो ।
फूल-(ना०) फुलेको कोपिलो; भुट्ता फुलेको मकै, धान आदिको दाना; लावा ।
फूलकीलो-(ना०) एक किसिमको कीलो; ल्वाङकीलो ।
फूलकोपी-(ना०) काउली; फूलगोभी ।
फूलगोभी-(ना०) फूलकोपी ।
फूलझरी-(ना०) फूलको जस्तो झिल्का निस्कने आतशबाजी ।
फूलदान-(ना०) फूलको गुच्छा सजाउने भाँडो; फूलदानी ।
फूलदानी-(ना०) फूलदान ।
फूलपाती-(ना०) फूल र पात; आश्विन शुक्ल सप्तमीका दिन दुर्गापूजामा भित्र्याउने बेलपत्र, फूल आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फूलबारी–( ना० ) फूल लाएको बगैंचा ।

फूली–(ना०) स्त्रीले नाकमा लाउने सानो फूलजस्तो गहना; जुत्ताको फित्ता घुसार्ने ठाउँमा जड्ने धातुको सामान ।

फूले–(ना०) आँखामा फूलो परेको ।

फूलो–(ना०) तोरीको धूलो; आँखाको एक रोग; भात पकाएको भाँडामा लागेको सिताको दाग ।

फेका–(ना०) कुनै उत्सवमा दिइने प्रशंसासूचक ताली ।

फेचो–(ना०) तेल झिक्न वा पेल्न फूलो माडमुड गर्ने काम ।

फेट–(ना०) घेरो; गिर्दा ।

फेटा–( ना० ) शिरमा बेरेर बाँध्ने कपडा; एक ढाँचाको पगरी ।

फेटाइ–( ना० ) फेट्ने काम वा किसिम ।

फेट्नु–(स० क्रि०) फाउनु; घोल्नु; फिट्नु ।

फेद–( ना० ) रुखको तल्लो भाग; शुरू ।

फेदी–( ना० ) पहाडमनिको भाग; वेसी ।

फेर–(ना०) चक्का; फेरा; छेउ; धोका; मयलपोशको कल्ली ।

फेरफार–(ना०) अदलीबदली; हेरफेर ।

फेरा–( क्रि० यो० ) चोटि; पल्ट; पटक ।

फेराइ–(ना०) फेर्ने काम वा किसिम

फेरि–( संयो० ) अब; पनि; अनि ।

फेरी–(ना०) माल बिक्री गर्ने व्यापारीले गाउँशहर घुम्ने काम; गोरखमतका साधुले राती घरमा फलाक्दै हिंड्ने एक प्रकारको गाथा; घुम्ने काम ।

फेरो–(ना०) चक्कर; अँगालाभरको नापो । (वि०) घुमाउरो ।

फेर्नु–( स० क्रि० ) सट्टापट्टा गर्नु; अदलीबदली गर्नु; बदल्नु; सा गर्नु; माला घुमाउनु; मलमू त्याग्नु ।

फेल–( वि० ) असफल; अनुत्तीर्ण । (ना०) कामको असफलता ।

फेला–(वि०) भेट्ने काम; संयोग; प्राप्ति ।

फेशन–(ना०) शृङ्गारको ढाँचा ।

फेशनदार–( वि० ) फेशन गर्ने ठाँटिलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



फैलनु–( अ० क्रि० ) सबै ठाउँमा फिजिनु; प्रचार हुनु ।

फैलाउ–( ना० ) फैलिएको नापो; फैलावट; विस्तार ।

फैलावट–(ना०) फैलाउ ।

फैलोट–(ना०) फैलाउने काम; फैलावट; विस्तार ।

फैसला–( ना० ) मुद्दा-मामिलाको निर्णय; फसेला ।

फोके–(वि०) फोको भएको ।

फोको–( ना० ) उक्सेको खटिरो; फुकुन्डो ।

फोक्से–(वि०) फुलेर पहेंलिएको ।

फोक्सो–(ना०) सास फेर्ने अवयव ।

फोगटिया–(वि०) बेकामको ।

फोगटो–(ना०) खेतको सानो गरो वा बारीको सानो पाटो ।

फोगल्टो–( ना० ) फुक्लो; बेकामको वस्तु; बिनसित्तिको कामकुरो ।

फोटो–(ना०) तस्वीर; छायाचित्र ।

फोडा–(ना०) गिर्खा; खटिरो ।

फोड्नु–(स० क्रि०) फुटाउनु; चिर्नु ।

फोन–(ना०) टेलिफोन; ग्रामोफोन ।

फोरफार–( ना० ) फोर्ने वा चिर्ने काम ।

फोराइ–( ना० ) फोर्ने काम वा किसिम ।

फोराफोर–( ना० ) परस्परमा फोर्ने काम ।

फोसा–( ना० ) सित्तैंको काम वा आम्दानी; कुनै चीज किनेपछि सित्तैं मागिने सानोतिनो वस्तु ।

फोसी–(ना०) तामा वा पित्तलको एक किसिमको ठूलो भाँडो ।

फोस्रिनु–( अ० क्रि० ) फोस्रो हुनु; हिस्सिनु ।

फोस्रो–(वि०) बेकम्मा; केही सार नभएको; गुदीबिनाको; रद्दी ।

फोहर–(ना०) फोहर ।

फोहोर–(वि०) सफा नभएको; मैलो; घीनलाग्दो; अश्लील । ( ना० ) विष्टा; मैलो वस्तु ।

फोहोरा–( ना० ) जमीनमा जडेको पाइपबाट वेगले निस्कने पानीको धारा ।

फोहोरी–(वि०) फोहर गर्ने; मैलो; लाजभाँडको ।

फौज–(ना०) सेना; पल्टन; समूह; जमात ।

फौजदारी–( ना० ) चोरी, डकैती, मारपीट आदिको घटना वा मुद्दा; त्यस्तो मुद्दा हेर्ने अदालत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**फौजी**–(वि०) फौजसम्बन्धी ।

**फौबन्जार**–(ना०) मालमत्ता लिएर घुमी-घुमी बेच्ने व्यापारी ।

**फ्याँक्नु**–( स० क्रि० ) हटाउनु; मिल्काउनु; फाल्नु; छोड्नु ।

**फ्याउरी**–( ना० ) अनाज सुकाउँदा फिंजाउने काठको हतियार; खुई ।

**फ्याउरो**–( ना० ) स्यालजस्तो सानो हिंस्रक जन्तु ।

**फ्याक**–( ना० ) केस्रा; आधा भाग; फग्ल्याँटो ।

**फ्याक्क**–(क्रि० यो०) फग्ल्याँटो पार्ने किसिम ।

**फ्याङ्ङ**–(क्रि० यो०) उदाङ्ग पारी देखाउने किसिम; धारिलो वस्तुले हिर्काउने किसिम ।

**फ्याङलो**–(ना०) थोत्रो ओछ्यान वा पुरानो चिथ्रो लुगा ।

**फ्याटफ्याटे**–( ना० ) चट्टी जुत्ता; चप्पल ।

**फ्यातफ्यात**–(क्रि० यो०) गीलो वस्तु खस्ने किसिम; पाक्दा छड्कने किसिम ।

**फ्यात्त**–(क्रि० यो०) एकपल्ट फाल्ने वा खस्ने किसिम ।

**फ्यात्लो**–(ना०) लेदो; खोले ।

**फ्यारफ्यार**–(क्रि० यो०) पन्छीले पखेटा चलाउने किसिम ।

**फ्यार्र**–( क्रि० यो० ) फर्र; फ्यार-फ्यार ।

**फ्यास्स**–(क्रि० यो०) फुस्स । (वि०) यसो न उसो ।

**फ्यूज**–(ना०) बिजुलीको चर्को तापले पग्लेर गल्ने धातुको तार ।

**फ्रक**–(ना०) घाँगर; जामा ।

**फ्रान्स**–(ना०) यूरोपको एक प्रसिद्ध देश ।

**फ्रान्सेली**–( वि० ) फ्रान्स देशको; फ्रान्ससम्बन्धी ।

**फ्रेम**–(ना०) तस्वीर आदिको चौतर्फी बार; चौकोस ।

**फ्वाँक**–( वि० ) व्यर्थ; अनाहक ।

**फ्वाँफ्वाँ**–(क्रि० यो०) सुत्दा लामो-लामो सास फेर्ने किसिम ।

**फ्वाङ्ङ**–(क्रि० यो०) काँच वा माटाका भाँडाहरू अपक्कट फुट्ने किसिम ।

**फ्वास्स**–(क्रि० यो०) फुस्कने किसिम; फस्को वस्तु फुट्ने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ब

ब- देवनागरी वर्णमालाको तेइसौं व्यञ्जनवर्ण, उच्चारणस्थान ओष्ठ ।
बँऴयाइ-(ना०) बँऴयाउने काम ।
बँऴयाउनु-(स० क्रि०) खेतबारीमा बालीनाली नलगाई बाँऴो पार्नु; गर्भ नरहने पार्नु ।
बँदिया-(ना०) छाना उचेर्दाको पुरानो खर, पराल आदि ।
बँदेल-(ना०) बनेल ।
बँधितेनो-(ना०) बँधिनी ।
बँधिनी-(ना०) बाँधा बसेकी स्त्री; स्त्री बाँधा ।
बँधुवा-(वि०) बाँधिएको; बन्धनमा परेको; बाँधेर पालेको । पो० बँधुवी ।
बकपत्र-(ना०) मुद्दामा साक्षीले बकेका कुरा लेखेको कागत; बयानको कागत ।
बकबक-(ना०) नचाहिँदो कुरो ।
बकबकाइ-(ना०) बकबकाउने काम वा किसिम ।
बकबकाउनु-(अ० क्रि०) बकबक गर्नु; नचाहिँदा कुरा बोल्नु ।
बकबके-(वि०) बकबक गर्ने; नचाहिँदो कुरा गर्ने बानी भएको ।
बकम्फुस-(वि०) नचाहिँदा धेरै कुरा गर्ने; हलम्बू; निरर्थक ।
बकरे-(ना०) खसी, बोका काटेर मासु बेच्ने पेशा भएको व्यक्ति; मासुपसले ।
बकवाद-(ना०) नचाहिँदो कुरो; बदख्वाइँ ।
बकवादी-(वि०) बकवाद गर्ने; अरूको बदख्याइँ गर्ने ।
बकवेदान्ती-(वि०) अरूलाई ठग्न वेदान्त छारेर कुरा गर्ने ।
बकस-(ना०) खुशी भएर अरूलाई केही चीज दिने काम; इनाम; पुरस्कार ।
बकाइ-(ना०) बक्ने काम वा किसिम ।
बकाउनु-(स० क्रि०) बयान गराउनु; बक्न लाउनु; भनाउनु ।
बकार-(ना०) 'ब' अक्षर ।
बकितम्-(ना०) बकेको वा बोलेको कुरो ।
बकुला-(ना०) एक जातको बोट र तरकारी खाइने त्यसैका गेडा ।
बकुल्लाभगत-(ना०) साधु वेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कपटी; आडम्बरी; ढोंगी ।

बफुल्लो–(ना०) घाँटी र खुट्टा लामा हुने एक जातको चरो ।

बकेनु–( वि० ) थाक्ने वेलाको; दुह्नु ।

बक्खु-(ना०) लामो कोटजस्तो वस्त्र; जूवामा च्याँखेले थाप्ने धन । (क्रि० यो०) व्यर्थ; बिनसित्ति ।

बक्नु–(स० क्रि०) आफ्नै मुखले भन्नु; बयान गर्नु; बरबराउनु ।

बक्यौता–(वि०) असूल-तहसील गर्न बाँकी रहेको; जाँचबुझ गर्न बाँकी रहेको ।

बक्रम–(ना०) कोट आदिमा कुनै भाग दह्रो पार्न भित्र लगाइने ठर्रो कपडा ।

बक्सनु–(स० क्रि०) खुशी भएर केही वस्तु दिनु; बकस दिनु; दिनु (सम्मा-नार्थमा) ।

बक्साइ–( ना० ) बक्सने काम वा किसिम ।

बक्साउनी–(ना०) मुद्दा-मिलापत्र गर्दा लाग्ने दस्तूर; बकस पाएबापत लाग्ने दस्तूर ।

बक्साउनु–( स० क्रि० ) माथिल्ला अधिकारीबाट स्वीकृति लिनु; आदेश गराउनु; बक्सन लाउनु ।

बक्सिस–(ना०) बकस ।

बखत–(ना०) समय; वेला; जमाना।

बखता–(ना०) घिउमा भुटेको चनाको दाल ।

बखान–(ना०) बयान; वर्णन ।

बखान्नु–(स० क्रि०) बखान गर्नु; बयान गर्नु ।

बखिया–( ना० ) टाँका लगाएको लुगामा पछि सिइने मसिनु सिलाइ।

बखेडा–(ना०) झगडा; कचिङ्गल।

बखेडिया–(वि०) झगडा गर्ने स्वभा-वको ।

बखेत्रो–(ना०) चुत्थो खालको बाखो।

बख्तर–( ना० ) लडाइँमा हातमा लाउने फलामको तारको एक परी कवच ।

बगरे–(ना०) बकरे ।

बगलिस–(ना०) जुत्ता लाउँदा सजिलो पार्न घुसार्ने सामान ।

बगली–(ना०) खल्ती; जेब ।

बगलीमारा–(ना०) बगलीका रुपियाँ-पैसा चोर्ने चोर; पाकेटमारा ।

बगाइ–(ना०) बग्ने काम वा किसिम।

बगाल–(ना०) पशुको समूह; बथान

बगालिनु–( अ० क्रि० ) बगाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हिँड्नु; बाटो बिराउनु; भालेपोथी मिसिनु ।

बगाले–( वि० ) बगालमा बस्ने वा हिँड्ने; बगालको ।

बगिरल्ल–( क्रि० यो० ) वेथितिसँग छरिने किसिम; छ्यान्नब्यान्न ।

बगुन्द्रो–( वि० ) प्रशस्त; थुप्रो; मनग्यै ।

बगुवा–(वि०) बगेर जाने; बग्ने ।

बगेरी–(ना०) एक जातको चरो ।

बगैंचा–( ना० ) फलफूल लगाइएको बारी; फूलबारी ।

बगैंचे–( ना० ) बगैंचासम्बन्धी काम गर्ने व्यक्ति; माली ।

बग्गी–( ना० ) घोडाले तान्ने एक किसिमको सवारी ।

बग्नु–( स० क्रि० ) पन्यालो पदार्थ तलतिर सर्दै जानु; तरल पदार्थ निस्कनु; चिप्लिएर सर्नु; घस्रने प्राणी हिँड्नु; बहकिनु ।

बग्रेठो–(ना०) खोलाले बगाई तीरमा फालिएको काठ ।

बग्यान–(ना०) बगरको जमीन ।

बघम्बर–( ना० ) बाघका छालाको लुगा ।

बघार्नु–( स० क्रि० ) छान्नु; फाइँफुट्टी लाउनु ।

बघिनी–(ना०) बघेनी; पोथी बाघ ।

बघेनी–(ना०) बघिनी ।

बङ्गला–(ना०) हावादार घर; बङ्गला देशको भाषा । ( वि० ) बङ्गालको ।

बङ्गारो–(ना०) गिजाको आखिरीमा रहेको चपाउने दाँत ।

बङ्ग्याइ–(ना०) बाङ्गिने काम वा किसिम ।

बचकना–(वि०) सानोतिनो; बालकहरूलाई योग्य ।

बचत–(ना०) खर्च गरेर बाँकी रहेको धन वा लाभ ।

बचरो–(ना०) चराको बच्चो ।

बचाइ–( ना० ) बच्ने काम वा किसिम ।

बचाउ–(ना०) बचाउने काम; रक्षा ।

बचाउनु–(स० क्रि०) दुःख आदिबाट जोगाउनु; बचाउ गर्नु; रक्षा गर्नु; उबार्नु ।

बचावट–( ना० ) बचाउने काम; बचाउ ।

बचोट–(ना०) बचाउनु; बाँकी रहेको अंश ।

बच्चनु–( स० क्रि० ) खोपी खेल्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पैसा खोपीमा हुत्याउनु ।

**बच्चाबच्ची**–(ना०) केटाकेटी; बाल-बच्चा ।

**बच्चेट**–(वि० बो०) पाखुरा सुर्केर गरेको झगडामा जोशले भन्ने शब्द ।

**बच्चो**–(ना०) बचरो; बालक; केटो । (वि०) सानो; ज्यादै कम उमेरको ।

**बच्छी**–(वि०) साजा; आधा; सधियाँ ।

**बच्छ्यूँ**–(वि०) एक जातको विषालु खील गाड्ने कीरो ।

**बच्नु**–(अ० क्रि०) जिउँदो रहनु; बाँच्नु; खराब वा जोखिमका काम-कुराबाट जोगिनु; बाँकी रहनु; उब्रनु ।

**बछेडो**–(ना०) घोडाको बच्चो ।

**बजरङ्ग**–(ना०) कुरङ्ग; ताश आदि खेलमा एक किसिमको बिरुद्ध रङ्ग ।

**बजाइ**–(ना०) बजाउने काम वा किसिम ।

**बजाउनु**–(स० क्रि०) घण्ट; शङ्ख आदिबाट शब्द निकाल्नु; ठोक्नु; थुप्रै खानु; ; हातलागी गर्नु ।

**बजान**–(ना०) बाजा आदि बजाउँदा निस्कने शब्द; बजाउने काम ।

**बजार**–(ना०) पसलहरूको समुदाय; दुकानहरू भएको ठाउँ; मालसामान किनबेच हुने ठाउँ ।

**बजारिया**-(वि०) बजारसित सम्बन्ध भएको; बजारमा पाइने; बजारको

**बजार्नु**-(स० क्रि०) जोडसित पर्याङ वा राख्नु; थचार्नु; अरूमाथि ... आदि थोपर्नु ।

**बजिनी**–(ना०) स्वास्नीमानिसलाई गाली गर्ने शब्द; कमारी ।

**बजिया**–(ना०) लोग्नेमानिसलाई गाली गर्ने शब्द; कमारो ।

**बजीर**–(ना०) ताशको एक किसिमको मूर्तिदार पत्ती; अमात्य; भारदार

**बजेवा**–(ना०) पानीमा हिँड्ने ... किसिमको जङ्गली परेवा ।

**बजैया**-(वि०) बजाउने ।

**बज्नु**-(अ० क्रि०) घन्कनु; ... बाजा आदिबाट शब्द निस्कनु; ... द्वारा समय जनिनु ।

**बज्यू**–(ना०) बज्यै ।

**बज्यै**–(ना०) आमा वा बाबुको आमा; बज्यू ।

**बज्रनु**–(अ० क्रि०) जोडसित ठोक्कर खानु; बजारिनु ।

**बझाइ**–(ना०) बझाउने काम ...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिम ।

बझाउनु (स० क्रि०) जुधाउनु; राय नमिल्ने पार्नु; फसाउनु ।

बझुवा-( वि० ) झगडिया; बाझने स्वभावको ।

बझौंटे-(वि०) बझुवा; बाझने स्वभावको; मुखाले ।

बटाइ-(ना०) बाट्ने ढङ्ग वा काम ।

बटाम ( ना० ) डकर्मीको सुर-कुना जाँच्ने एक प्रकारको साधन ।

बटार्नु-(स० क्रि०) निमोठ्नु; बाङ्गो पार्नु; बटार्नु ।

बटी-(ना०) बरी; गोली ।

बटुकी-( ना० ) कचौरी; सानो बटुको ।

बटुको-(ना०) कचौरा ।

बटुल्नु-(स० क्रि०) छरिएका वस्तुहरू जम्मा गर्नु; समेट्नु; सङ्ग्रह गर्नु; ल्याउनु ।

बटुवा (ना०) बाटो हिंड्ने मानिस; यात्री; एक किसिमको थैली । (वि०) बाटेको ।

बटुवारे-(ना०) बटुवा ।

बटे-(ना०) बालबोलीमा बटुको ।

बटैया-(ना०) जग्गाधनी र मोहीले थाली बाँडेर लिने काम वा प्रथा ।

बटोही-(ना०) बटुवा ।

बट्टा-(ना०) नोट, रुपियाँ साट्ता लाग्ने दस्तूर; घाटा; बिर्को भएको सानो भाँडो ।

बट्टाई-(ना०) एक किसिमको चरा ।

बठ्याइँ-(ना०) चतुऱ्याइँ; चलाखी; बाठोको काम ।

बडप्पन-( ना० ) ठूलो हुन खोज्ने भाव; महत्त्व ।

बडबड-( ना० ) बकबक; व्यर्थको बोलाइ ।

बडबडाइ-(ना०) बडबडाउने काम वा किसिम ।

बडबडाउनु-(अ० क्रि०) बरबराउनु ।

बडवानल-( ना० ) समुद्रभित्र बल्ने आगो ।

बडहर-(ना०) एक किसिमको फल ।

बडाकाजी-(ना०) नेपालको पुरानो सर्वोच्च निजामती दर्जा ।

बडागुरुज्यू-(ना०) राजगुरु ।

बडादमी-( ना० ) भलादमी; ठूलो मानिस ।

बडादसैं (ना०) विजया-दशमी; दसैं ।

बडापत्र-(ना०) सरकारबाट कसैलाई भएको आदेशको ठाडो कागत; कुनै अति विशिष्ट व्यक्ति वा सङ्गठनद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दिइएको निर्णयपत्र ।

**बडामहाराज**–(ना०) श्री ५ महाराजधिराज पृथ्वीनारायण शाह ।

**बडामहारानी**–(ना०) श्री ५ महाराजधिराजकी महारानी; महाराजकी मुख्य महारानी ।

**बडाहाकिम**–(ना०) पहिले जिल्लाको सर्वोच्च निजामती अधिकारी (हाल प्रचलनमा छैन) ।

**बडेमा**–(वि०) ठूलो; बडोमा ।

**बडो**–(वि०) खूब; विशाल; ठूलो । (ना०) भलादमी ।

**बडोमा**–(वि०) धेरै ठूलो; अजङ्को; ढब्बू ।

**बड्कौंलो**–(ना०) खसी-बाख्राको विष्ठा ।

**बढ**–(वि०) धेरै; बढेको; बढी ।

**बढकरार**–(ना०) सरकारी ठेक्का, तिरो आदि बढी तिर्ने एक किसिमको प्रतिज्ञा वा त्यस्तो कागत ।

**बढाइँ**–(ना०) तोप वा बन्दूकको सामूहिक शब्द; हर्षप्रकट ।

**बढाइ**–(ना०) बढ्ने काम; वृद्धि ।

**बढाउ**–(ना०) वृद्धि; विस्तार ।

**बडाउनु**–(स० क्रि०) बढ्न लाउनु; वृद्धि गराउनु ।

**बढाबढ**–(ना०) धमाधम बढ्ने काम; बढावढी ।

**बढाबढी**–(ना०) बढाबढ ।

**बढारकुँढार**–(ना०) धूलो, कसिङ्गर आदि बढारेर सफा गर्ने काम ।

**बढारु**–(ना०) बढार्ने काम ।

**बढार्नु**–(स० क्रि०) कूचो लाउनु; कूचाले कसिङ्गर, धूलो आदि हटाउनु ।

**बढालु**–(वि०) बढ्ने जातको; सप्रेको ।

**बढिबढाउ**–(ना०) खूब बढाइ; धन-मान आदि बढ्ने काम; वृद्धि ।

**बढिया**–(वि०) असल; उत्तम ।

**बढी**–(वि०) धेरै; बढ्ता ।

**बढुवा**–(वि०) बढेको; बढ्ने किसिमको ।

**बढ्ता**–(वि०) बढी; अर्घेलो ।

**बढ्ती**–(ना०) बढ्ने काम; वृद्धि; बढिबढाउ ।

**बढ्नु**–(अ० क्रि०) पहिलेभन्दा बढ्ता हुनु; ठूलो वा अग्लो हुनु; मात्तिनु; अघि सर्नु; फैलिनु ।

**बताउनु**–(स० क्रि०) कुनै कुरो भन्नु; बयान गर्नु; सम्झाउनु; अन्तर्धारोमा नाङ्लाले हम्किनु; बताउनु ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बतास–(ना०) हावा; वायु ।
बतासा–(ना०) चीनीको एक किसिमको मिठाई ।
बतासिनु–(अ० क्रि०) हावाको साथै उड्नु; बतासमा पर्नु; हल्लामा हिँड्नु; फुलबाट बच्चा नहुनु ।
बतासिलो–(वि०) चाहिँदो बतास लाग्ने ।
बतासी–(ना०) पाखाको दलिन ।
बतासे–(वि०) भित्र हावा मात्र भएको; धेरै नतग्ने; हलुङ्गो र पातलो ।
बतिया–(ना०) सापट खाएको अनाज ।
बतुरो–(ना०) धेरै कुरा गर्ने; कुरौटे ।
बत्ता–(ना०) खलको लामो लोहोरो ।
बत्ताइ–(ना०) बत्ताउने काम वा किसिम ।
बत्ताउनु–(अ० क्रि०) हावाका साथै उडेर जानु; बतासिनु; बेपत्ता हुनु । (स० क्रि०) अन्नको कसिङ्गर हावाद्वारा उडाउनु ।
बत्ती–(ना०) उज्यालो पार्ने साधन; दियो; लालटिन; चिराक; धागो दोब्र्याएर बनाइएको त्यान्द्रो ।
बत्तीस–(वि०) तीस र दुई ।
बत्तीसा–(ना०) बत्तीस किसिमका जरीबूटी, मसला आदि मिलाएको सुत्केरीले खाने पौष्टिक औषधी ।
बत्तू–(ना०) मसिनु एक किसिमको फल्कने तार ।
बथान–(ना०) बगाल; फौज ।
बथान्नु–(अ० क्रि०) पर्खेर बस्नु; ढुक्नु; बथानमा मिल्नका निम्ति कुर्नु ।
बथ्याहा–(वि०) बाथको रोग लागेको ।
बदख्वाइँ–(ना०) अर्काको नचाहिँदो कुरा वा निन्दा; बदनामी ।
बदचलन–(वि०) बदमाश; खराब चालचलनको ।
बदनाम–(वि०) सबैले निन्दा गरिएको; कुख्यात ।
बदनामी–(ना०) बदख्वाइँ; निन्दा; अपकीर्ति ।
बदनीयत–(ना०) खराब नीयत भएको; दुराचारी ।
बदमाश–(वि०) खराब काम गरेर पेट पाल्ने; दुराचारी; दुष्ट ।
बदमाशी (ना०) बदमाशको काम; दुष्टता; खराब काम; व्यभिचार ।
बदर–(वि०) प्रमाण नलिइएको; 'सदर'को उल्टो; खारिज ।
बदरङ्ग–(वि०) खराब रङ्गको ।
बदल–(ना०) बदल्ने काम; हेरफेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बदला–( ना० ) सट्टा दिने काम; साटो; हर्जानामा दिइएको माल; कुनै कामको निम्ति गरिने त्यस्तै काम; प्रतिकार ।

बदली–( ना० ) आकाश ढाकेको बादल; बदल्ने काम ।

बदल्नु–(स० क्रि०) साटफेर गर्नु; फेर्नु; परिवर्तन गर्नु; उल्टाउनु ।

बदाम–(ना०) कोसाका रूपमा फल्ने एक किसिमको फल ।

बदामी–(ना०) बदामजस्तो रङ्ग । (वि०) त्यस्तो रङ्गको ।

बदी–( ना० ) खराबी; पापकर्म; कृष्णपक्ष ।

बद्ध–( वि० ) बाँधेको; बाँधिएको; नियमित ।

बद्लनु–(स० क्रि०) बदल्नु ।

बधाई–(ना०) आफन्तहरूको सफलतामा प्रकट गरिने खुशीको उद्गार; प्रशंसा; स्याबासी ।

बधू–(ना०) दुलही; बुहारी ।

बन–(ना०) वन ।

बनाइ–( ना० ) बनाउने काम वा किसिम ।

बनाउनु–( स० क्रि० ) रचना गर्नु; तुल्याउनु; मर्मत गर्नु; कल्पना गर्नु; अजमाउनु; उन्नत पार्नु ।

बनावट–( ना० ) बनोट; बान्की; रचना; बनाउने काम ।

बनिबनाउ–( ना० ) बढिबढाउ; उन्नति । ( वि० ) तयार; राम्रोसित बनेको ।

बनियाँ–(ना०) व्यापार गर्ने जाति; व्यापारी; पसल ।

बनियार–(ना०) बनी गर्ने मान्छे ।

बनियारी–(ना०) बनियारको काम ।

बनी–(ना०) ज्याला; मजदूरी ।

बनुवा–(वि०) बनैया ।

बनेल–(ना०) जङ्गली सुँगुर; बँदेल ।

बनैया–(वि०) वनको; जङ्गली ।

बनोट–(ना०) तरीका वा कल्पना; रचना; बनावट ।

बनौट–(ना०) बनोट ।

बनौटे–(वि०) बनेको वा बनाइएको; निर्मित ।

बन्चरो–(ना०) एक किसिमको हतियार ।

बन्चन्याउनु–(अ० क्रि०) टस्क्याउनु; करकापसँग ढोग्नु ।

बन्जर–(ना०) बालीनाली केही नउम्रने जमीन; बाँझो, जमीन; ऊसर जमीन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बन्डल–(ना०) गाँठ; पोको ।

बन्डा–(ना०) बाँड्ने काम; हिस्सा; भाग ।

बन्डाचुन्डा–(ना०) भागशान्ति बाँड्ने काम; बाँडचुँड ।

बन्डापत्र–(ना०) अंश बाँड्दा फाँट लेखिएको कागत ।

बन्द–(ना०) रोकावट; थुन्ने काम; कागतको आधा ताउ । (वि०) थुनिएको; रोकिएको ।

बन्दकोपी–(ना०) बन्दगोभी ।

बन्दगोभी–(ना०) पत्र-पत्र परेको र डल्लो तरकारी खाइने एक वनस्पति ।

बन्दर–(ना०) बाँदर; वानर ।

बन्दरगाह–(ना०) पानीजहाजको घाट ।

बन्दसवाल–(ना०) एक अड्डाले अर्को अड्डाद्वारा बकाएको मानिसको कागत ।

बन्दा–(ना०) बन्दागोभी ।

बन्दाबन्दी–(वि०) बिलकुल बन्द । (ना०) झ्याल-ढोका आदि सबै बन्द हुनु; ठ्याम्मै बन्द हुने काम ।

बन्दी–(ना०) थुनुवा; कैदी; स्त्रीहरूले कपालमा लाउने सुनको गहना; बन्द गरिएको क्रम बुझाउने शब्द। जस्तो– खामबन्दी; बोराबन्दी ।

बन्दीखाना–(ना०) झ्यालखाना; जेलखाना ।

बन्दीगृह–(ना०) बन्दीखाना ।

बन्दूक–(ना०) गोली चलाइने एक प्रसिद्ध शस्त्र ।

बन्देज–(ना०) तिथि; हैकम; बन्दोबस्त ।

बन्दोबस्त–(ना०) प्रबन्ध; व्यवस्था ।

बन्धक–(वि०) बन्धन; डोरी; ऋण लिएबापत राखिएको धितो । (वि०) बाँध्ने ।

बन्धकी–(वि०) बन्धक परेको ।

बन्धन–(ना०) बाँध्ने काम; अल्झो; रोकावट ।

बन्धु–(ना०) दाजुभाइ; इष्टमित्र; आत्मीय जन; साथी ।

बन्धुवर्ग–(ना०) दाजुभाइहरूको समूह; फुकी ।

बन्धुत्व–(ना०) बन्धु हुनाको भाव ।

बन्ध्या–(वि०) बाँझी (स्त्री); निःसन्तान ।

बन्सो–(ना०) एक किसिमको दूनोजस्तो क्षार ।

बफाइ–(ना०) बफाउने काम ।

बफाउनु–(स० क्रि०) गुम्स्याउनु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पानी नहाली उसिन्नु ।

**बबुरो**–(वि०) बरो; बिचरो ।

**बम**–(ना०) बैंलहरूको बीचमा रहने लामो काठ; एक ध्वंसक अस्त्र; बमगोला ।

**बमगोला**–(ना०) बम ।

**बमन**–(ना०) बान्ता; वमन ।

**बमोजिम**–(ना० यो०) मुताबिक; सदृश; अनुसार ।

**बम्कनु**–(अ० क्रि०) कुर्लनु; रिसले चुर्रिएर बाऊनु ।

**बम्काइ**-(ना०) बम्कने काम वा किसिम ।

**बम्क्याहट**–(ना०) फोस्रो धाक ।

**बम्फसेल**–(वि०) छेलोखेला; पउल ।

**बम्बईसन**–(ना०) एक किसिमको मिठाई ।

**बम्बाड**–(ना०) हलचल; धूमधाम ।

**बम्भोला**–(ना०) महादेव ।

**बयर**–(ना०) एक किसिमको दानादार फल ।

**बयलपाते**–(वि०) छाले; बित्पाते ।

**बयान**–(ना०) विवरण; वर्णन ।

**बयानब्बे**–(वि०) नब्बे र दुई ।

**बयालीस**–(वि०) चालीस र दुई ।

**बयासी**–(वि०) असी र दुई ।

**बर**–(ना०) एक किसिमको प्रसिद्ध रूख ।

**बरखास्त**–(वि०) खोसुवा; खारिज ।

**बरखिलाप**–(वि०) प्रतिकूल ।

**बरन्डा**–(ना०) छानामनिको बाहिरी खण्ड ।

**बरफ**–(ना०) हिउँ ।

**बरबर**–(ना०) प्रलाप; बडबड । (क्रि० यो०) आँसु चुहुने किसिम ।

**बरबराइ**–(ना०) बरबराउने काम वा किसिम ।

**बरबराउनु**–(अ० क्रि०) बेहोशी अवस्थामा कराउनु; फतफताउनु ।

**बरबरे**–(वि०) बरबराउने ।

**बरबाद**–(ना०) नाश; हानि; बिगार । (वि०) एकदम खराब; नष्टभ्रष्ट ।

**बरही**-(ना०) पानपसले ।

**बरा**–(वि०) बबुरो; बिचरो ।

**बराँठ**–(ना०) एक जातको मृग । (वि०) हृष्टपुष्ट र बलियो; तरुनी भए पनि पेट नबोक्ने (स्त्री) ।

**बराज्यू**–(ना०) पुर्खा; बाजेका बाबु ।

**बरादो**–(ना०) दाइँका गोरु घपाउँदा भन्ने बोली ।

**बराबर**–(वि०) उत्ति-उत्ति; तुल्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



(क्रि० यो०) पटकैपिच्छे; बारबार; निरन्तन ।
**बराबरी**–(ना०) सादृश्य; समानता ।
**बरामद**–(वि०) खानतलासी गर्दा भएको दाखिला; उपर ।
**बराहा**–(वि०) अधियाँ; साजा; बच्छी ।
**बरियाँत**–(ना०) वरयात्री; जन्ती ।
**बरियो**–(ना०) नाम्लामा गाँस्ने लामो डोरी ।
**बरी**–(ना०) बटी; गोली ।
**बरु**–(संयो०) अथवा; होइन भने ।
**बरुवाल**–(ना०) लेकाली जातको ठूलो भेडो ।
**बरैं**–(ना०) बरही ।
**बरो**–(वि०) विचरो; बबुरो ।
**बरोबर**–(वि०) बराबर। (क्रि० यो०) निरन्तर; पटकैपिच्छे ।
**बरोबरी**–(ना०) बराबरी ।
**बर्कत**–(ना०) खूबी; सामर्थ्य; शक्ति ।
**बर्कनु**–(अ० क्रि०) फुनुँ; छिरलो हुनु; मसिना दानादार वस्तु छर्नु ।
**बर्काइ**–(ना०) बर्कने काम वा किसिम ।
**बर्काउनु**–(स० क्रि०) बीउ छर्नु; छिरलो पार्नु; बर्कनु ।
**बर्को**–(ना०) सानो एकसरो पछ्यौरा; मजेत्रो ।
**बर्कौंलो**–(ना०) बड्कौंलो ।
**बर्कौंल्याउनु**–(स० क्रि०) भेडा-बाख्रा आदिले हग्नु ।
**बर्ख**–(ना०) साल; वर्ष; उमेर ।
**बर्खा**–(ना०) वर्षा ।
**बर्खासी**–(ना०) खारेजी ।
**बर्खास्त**–(ना०) खारेज ।
**बर्खी**–(ना०) बरखी ।
**बर्ख्याउनु**–(स० क्रि०) बर्खाभरि राख्नु; वर्षाभरि थाम्नु ।
**बर्छा**–(ना०) एक किसिमको प्राचीन हतियार ।
**बर्छी**–(ना०) बर्छा ।
**बर्त**–(ना०) व्रत; उपवास ।
**बर्तन**–(ना०) जीउमा घस्ने, कपालमा हाल्ने आदि मात्रको तेल; भाँडो ।
**बर्तमन**–(ना०) व्रतबन्ध ।
**बर्ता**–(वि०) बढ्ता; जगेरा ।
**बर्तालु**–(वि०) व्रत बसेको; व्रत गर्ने ।
**बर्घन्ने**–(ना०) दीर्घ उकारको चिह्न ( ू ) ।
**बर्नु**–(स० क्रि०) वरण गर्नु; पति मान्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**बर्फी**–(ना०) खुवा र चीनी मिलाई बनाएको एक किसिमको मिठाई ।

**बर्मा**–(ना०) प्वाल छेड्ने सुइरोजस्तो एक हतियार ।

**बर्र**–(क्रि० यो०) बस्ने वा दर्कने किसिम ।

**बर्रो**–(ना०) त्रिफलामध्येको एक फल ।

**बर्स**–(ना०) साल; बर्ख; उमेर ।

**बर्सनु**–(अ० क्रि०) वृष्टि हुनु; वर्षा हुनु; झर्नु; पर्रा छुट्नु ।

**बर्साइ**–(ना०) बर्सने काम वा किसिम ।

**बर्सात**–(ना०) पानी ज्यादा पर्ने महीना; वर्षायाम ।

**बर्साद**–(ना०) बर्सात ।

**बर्सादी**–(ना०) पानीबाट ओतिन लाइने कोटजस्तो लामो लुगा ।

**बर्सेनि**–(क्रि० यो०) हरेक वर्षमा; प्रतिवर्ष; सालिन्दा ।

**बर्सौंदी**–(ना०) प्रतिवर्ष लिने वा दिने रकम; वर्षबन्दी ।

**बर्स्यौलो**–(ना०) वर्षामा बर्सने एक किसिमको कीरो; गँड्यौलो ।

**बल**–(ना०) ताकत; बर्कत; शक्ति; भकुन्डो ।

**बलक**–(ना०) सुन-चाँदीमा पाइन चढाइने एक किसिमको पत्थर; पुलिक ।

**बलकबलक**–(क्रि० यो०) घाउ-खटिरा वा नसाहरू बल्कने किसिम ।

**बलजफत**–(ना०) जबर्जस्ती; बलात्कार; बलजफती ।

**बलजफती**–(ना०) बलजफत ।

**बलतल**–(क्रि० यो०) बलले भेटेतक; सकेसम्म ।

**बलपेल**–(ना०) बलले पेल्ने काम; बलको पेलाइ ।

**बलबल**–(ना०) उत्ताउलो स्वभाव; बकबक ।

**बलमिच्याइँ**–(ना०) बलले मिच्ने काम; बलजफत ।

**बलवान्**–(वि०) खूब बलियो ।

**बलात्कार**–(ना०) बलजफती; जबर्जस्ती ।

**बलाबल**–(ना०) परस्परको बल; खिचातानी ।

**बलि**–(ना०) देवतालाई भोग दिइने पशु; पूजा, होम आदिमा क्षेत्रपाल वा अन्य देवतालाई चढाइने दान-चामल; कागलाई दिने आहार; वैश्वदेव कर्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**बलिन्द्र**–(ना०) एकनाससित आएको आँसुको धारा; बलेंसीका पानीको धार।

**बलियो**–(वि०) बलवान्; कराँतिलो; जोरदार।

**बलिष्ठ**–(वि०) बलवान्।

**बलिदान**–(ना०) कुनै उद्देश्यले देव-देवीलाई दिइने पशुको बलि; त्याग।

**बलु**–(ना०) एक जल-जन्तु।

**बलेंसी**–(ना०) बलेनीको पानी झरेर पर्ने ठाउँ; बलेनी।

**बलेख्रो**–(ना०) पठेंग्रो; भेडाबाख्राको ठूलो पाठो।

**बलेनी**–(ना०) छानाको छेउबाट झरेको पानी।

**बलो**–(ना०) धुरीको थाम वा टुँडाल-भन्दा माथि रहने लामो काठ।

**बलौटे**–(वि०) बालुवा धेरै भएको।

**बलौटो**–(वि०) बलौटे।

**बल्कनु**–(अ० क्रि०) घाउ-खटिरा चर्कनु; टन्कनु।

**बल्छी**–(ना०) माछा मार्ने एक साधन।

**बल्झनु**–(अ० क्रि०) उल्टनु; दाउ लाग्नु; बन्धनमा फस्नु; गर्भ रहनु।

**बल्झाइ**–(सं० क्रि०) बल्झने काम वा किसिम।

**बल्ड्याङ्ग्रे**–(वि०) बल्ड्याङ्ग्रा भएको; आँखले।

**बल्ड्याङ्ग्रो**–(ना०) बाहिर निस्केझैं देखिने ठूलो आँखा।

**बल्नु**–(अ० क्रि०) आगाको ज्वाला उठ्नु; सल्कनु; दन्कनु; भाग्य चम्कनु।

**बल्याउनु**–(स० क्रि०) धान, कोदो आदि अन्नका बाला बीउलाई छानेर काट्नु।

**बल्ल**–(क्रि० यो०) मुश्किलसँग, कठिन-सित; धेरै कालमा।

**बल्लतल्ल**–(क्रि० यो०) धेरै मुश्किल-सँग; हैरानीसाथ; बल्लबल्ल।

**बल्सी**–(ना०) बल्छी।

**बस**–(संयो०) भयो, पुग्यो आदि जनाउने शब्द। (वि०) भरपूर। (ना०) यात्रीहरू ओसार्ने ठूलो मोटर।

**बसउठ**–(ना०) हिमचिम; आवत-जावत; सङ्गत।

**बसन्त**–(ना०) वसन्त।

**बसन्ती**–(ना०) एकजातको लहरे फूल। (वि०) त्यस्तो रङ्को।

**बसाइ**–(ना०) बस्ने काम; बस्ने पालो!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बसाउनु–(स० क्रि०) बसाल्नु; राख्नु। (अ० क्रि०) सडेगलेको नराम्रो बास्ना आउनु।
बसाहा–(ना०) साँढे आकारको ढुङ्गे मूर्ति; महादेवको वाहन।
बसिबसाउ–(ना०) आनन्दसाथ बस्ने काम; सुबिस्तासँगको बसाइ।
बसिला–(ना०) काठ ताछ्ने कुटो-जस्तो हतियार।
बसोबास-(ना०) धेरैजसो जाने र बस्ने काम; रासोबासो; वासस्थान।
बसौंधी–(ना०) दुग्ध को तरमा चीनी सुकुमेल आदि हाली बनाइने एक किसिमको खानेकुरो।
बस्ता–(ना०) पुस्तकहरू पोको पार्ने कपडा।
बस्ती–(ना०) घरहरू भएको ठाउँ; आवादी; गाउँ।
बस्तुभाउ–(ना०) गाई-भैंसीको समुदाय; गाईवस्तु।
बस्नु–(अ० क्रि०) कुनै आसनमा पलेंटी कस्नु; टुक्रुक्क अड्नु; रहनु; टिक्नु; निवास गर्नु; थिति वा क्रम मिल्नु; टुङ्गो लाग्नु; अभ्यास हुनु।
बस्नौटो–(ना०) विवाहमा दुलहालाई बसाउने आसन; चकटी आदि।
बह–(ना०) एक प्रकारको रोग; मनको पीर।
बहकाउ–(ना०) बहकिने काम; बहकावट।
बहकाउनु–(स० क्रि०) अरूलाई नचाहिंदो कुरामा लाउनु; बराल्नु।
बहकावट–(ना०) बहकाउ।
बहकिनु–(अ० क्रि०) काम न काजसित रल्लिनु; बरालिनु।
बहक्याइ–(ना०) बहकिने काम वा किसिम।
बहत्तर–(ना०) सत्तरी र दुई।
बहना–(ना०) डुङ्गा खियाउने काठको एक किसिमको दाबिलो; पतवार।
बहनु-(अ० क्रि०) बग्नु; पानी तलतिर जानु; हावा चल्नु।
बहर–(ना०) नसुमरेको गोरु; बयल।
बहलाइ-(ना०) बहलाउने काम।
बहलाउनु–(स० क्रि०) मनलाई आनन्दित पार्नु; खुशी तुल्याउनु। (अ० क्रि०) आनन्दित हुनु; प्रसन्न हुनु।
बहस–(ना०) सवालजवाफ; वादविवाद; छलफल।
बहाइ–(ना०) बहने काम वा किसिम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बहाउ–(ना०) बहने काम वा भाव; बगाइ; प्रवाह ।

बहाउनु–( स० क्रि० ) बगाउनु; बराल्नु ।

बहाड–(ना०) बहार ।

बहाडिलो–(वि०) रमाइलो ।

बहादुर–(वि०) शूरो; वीर; पराक्रमी; साहसी ।

बहादुरी–(ना०) वीरता; पराक्रम ।

बहाना–( ना० ) बनावटी कारण; निहुँ ।

बहार–( वि० ) मनोविनोद; रमरमिता; शोभा; वसन्त ऋतु ।

बहाल–(ना०) आफ्नो पद वा स्थानमा पहिलेजस्तै कायम रहनु; सँभाल्ने काम; बौद्धहरूको मठ; विहार; घरको महसूल ।

बहालगिरी–( वि० ) बहालमा दिने-लिने; भाडावाल ।

बहालवाला–( वि० ) आफ्नो पद वा ठाउँमा बहाल रहेको ।

बहाली–( ना० ) बहाल गर्ने काम; पद वा कार्यभार सँभाल्ने काम ।

बहालीपुर्जी–(ना०) बहाली गर्नका निम्ति दिइने लिखित कागत ।

बहिनी–(ना०) एकै पेटबाट आफूभन्दा पछि जन्मेकी स्त्री; बैनी; आफूभन्दा कम उमेरकी त्यस्तै नाता पर्ने स्त्री; कम उमेरकी स्त्रीलाई स्नेहपूर्वक बोलाइने शब्द ।

बहिरो–(वि०) कान नसुन्ने ।

बहिष्कार–(ना०) बाहिर निकाल्नु; सम्बन्ध टुटाउने काम; त्याग ।

बहिष्कृत–( वि० ) बहिष्कार गरिएको; निकालिएको; त्यागिएको ।

बही–(ना०) आम्दानी-खर्चको हिसाब लेख्ने पुस्तक ।

बहीखाता-(ना०) बहीका पुस्तकहरू ।

बहीदार–(ना०) अड्डाखानामा बहीसम्बन्धी काम गर्ने कारिन्दा ।

बहीपत्र–(ना०) बहीसम्बन्धी कागत ।

बहु–( वि० ) एक वा दुईभन्दा बढ्ता; अनेक ।

बहुत–(वि०) निकै; ज्यादा; धेरै ।

बहुधा–(क्रि० यो०) धेरैजसो; प्रायः ।

बहुमत–( ना० ) धेरैको एकमत; आधाभन्दा बढीको एउटै राय । (वि०) अत्यन्त मान्य ।

बहुमूल्य–( वि० ) धेरै मोल पर्ने; किम्मती ।

बहुरङ्गी–( वि० ) धेरै थरी रङ्ग भएको; बहुरूपी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**बहुरूपी**–(वि०) अनेक रूपको; रङ्गी-चङ्गी ।

**बहुलट्टी**–(ना०) घाँटा; सनक; पागल-पन ।

**बहुला**–( वि० ) दिमाग बिग्रेको; पागल; छँटाहा ।

**बहुलाउनु**–(अ० क्रि०) बहुला हुनु; पागल हुनु ।

**बहुवचन**–( ना० ) व्याकरणअनुसार एकभन्दा वढीलाई बुझाउने शब्द ।

**बहू**-(ना०) बुहारी; दुलही ।

**बहूभतेर**–(ना०) दुलही भित्र्याएका भोलिपल्ट खुवाइने भोज ।

**बाँ**-(क्रि० यो०) गाई-गोरु कराउने किसिम ।

**बाँकटे**–(ना०) छड्के पौडी । (वि०) आधाबाहुले ।

**बाँकी**–(वि०) खर्च गरेर रहेको; बचत । (ना०) गणितमा घटाउने क्रिया; काम गर्दा तिर्नु पर्ने भएको रकम ।

**बाँके**–(वि०) टेढो पारी गाँसेको ।

**बाँको**–(ना०) सार्कीले छाला काट्ने हतियार ।

**बाँचुन्जेल**–(क्रि० यो०) बाँचेसम्म ।

**बाँच्नु**–(अ० क्रि०) जिउँदो रहनु; जोगिनु; बाँकी रहनु ।

**बाँझी**–(वि०) सन्तान पैदा नगरेको; छोराछोरी नपाउने; वन्ध्या ।

**बाँझो**–(वि०) आबाद नभएको ।

**बाँड**–(ना०) बन्डा; बाँड्ने काम ।

**बाँडचुँड**–( ना० ) परस्परमा भा[ग] लगाउने काम ।

**बाँडा**–(ना०) प्रायः गहना बना[उने] बौद्धमार्गी नेवारको एक जाति ।

**बाँड्नु**–( स० क्रि ) भाग लगाउनु; बन्डा गर्नु ।

**बाँदर**–(ना०) वानर ।

**बाँध**–(ना०) खोलाको पानी रो[क्न] बनाइएको डिल वा बार ।

**बाँधछाँद**–( ना० ) बाँध्नेबेर्ने का[म]; छेकथुन ।

**बाँधपैन**–(ना०) बाँध र कुलो ।

**बाँधा**-(ना०) बन्धक बसेको नोक[र]; कमारो ।

**बाँध्नु**–( स० क्रि० ) डोरी आ[दि]ले कस्नु; मस्काउनु; बन्धनमा पा[र्नु]; बेर्नु; क्रम मिलाउनु; मर्याद[ा] राख्नु; मन्त्रका बलले कुनै काम [गर्न] नदिनु; बनाउनु ।

**बाँस**–( ना० ) आँख्लादार र [खोक्रो] डाँठ हुने एक जातको अग्लो बोट ।

**बाँसुरी**–(ना०) फुकेर बजाइने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिमको स्वर-बाजा ।

**बाँह**-(ना०) हात; भुजा; अँगालो ।

**बाः**-( वि० बो० ) प्रशंसा, आश्चर्य, हर्ष आदिमा भनिने शब्द ।

**बा**-(ना०) पिता; बाबु; स्नेहपूर्वक कसैलाई सम्बोधन गर्ने शब्द ।

**बाइपङ्खी**-( वि० ) हावाजस्तै भई छिटो उड्ने वा दौडने (घोडा) ।

**बाइफाला**-(वि०) बाइफाले ।

**बाइफाले**-(वि०) उत्ताउली; नखर-माउली ।

**बाइबल**-(ना०) ईसाईहरूको प्रख्यात धर्मग्रन्थ ।

**बाइमात्रा**-( ना० ) व्यञ्जनवर्णमा लाग्ने इकारको चिह्न ( ि ) ।

**बाइस**-(ना०) बीस र दुई ।

**बाइसकल**-(ना०) दुईपाङ्ग्रे प्रसिद्ध एक सवारी; साइकल ।

**बाउँ**-(वि०) बायाँ; देब्रे । (ना०) हात; बाहु ।

**बाउँटिनु**-(अ० क्रि०) बाउँटो हुनु; टेढिनु; चिढिनु ।

**बाउँटो**-( ना० ) कसैसित नमिल्ने स्वभावको; टेढो; कोग्लेंटो; डेब्रो ।

**बाउँडिनु**-(अ० क्रि०) शरीरका जोर्नी दुख्ने गरी बटारिनु; बाउँडो हुनु; बाउँटिनु ।

**बाउँडो**-(वि०) बाउँटो ।

**बाउनु**-(स० क्रि०) मुख खोल्नु; आँ गर्नु ।

**बाउन्न**-( वि० ) पचास र दुईको योगमा हुने सङ्ख्या ।

**बाउन्ने**-(वि०) होचो; बामपुड्के ।

**बाउसे**-(ना०) रोपाइँमा हिलो सम्म्याउने खेतालो; त्यस्तो काम ।

**बाउसो**-(ना०) कोदाली ।

**बाउं**-(वि०) बायां; डेब्रो ।

**बाकस**-(ना०) सन्दूक ।

**बाकायदा**-(क्रि० यो०) काइदासाथ; नियमानुसार ।

**बाक्लो**-(वि०) मोटो; घना; गाढा; जमोठ ।

**बाक्सी**-(ना०) कस; खिया; ढुँडी ।

**बाख्री**-(ना०) पोथी बाख्रो ।

**बाख्रे**-(वि०) बाख्रो पाल्ने; बाख्राको; इज्जत, शरम केही नभएको ।

**बाख्रो**-(ना०) एक किसिमको घर-पाला पशु; बोको; बाख्री ।

**बाग**-(ना०) बगैंचा; फूलबारी ।

**बागडोर**-(ना०) कामको अभिभारा ।

**बागियान**-(वि०) बागी; विद्रोही ।

**बागी**-( वि० ) राज्यको द्रोही;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



विद्रोही ।

**बाघ**–(ना०) बलियो र प्रसिद्ध सिंहका जातको जङ्गली हिंस्रक प्राणी; कालीगडको च्याप्ने एक हतियार ।

**बाघचाल**–(ना०) गोटी बनाई बाख्राले बाघ थुन्ने वा बाघले बाख्रा खाने गरी कोठा चालेर खेल्ने खेल ।

**बाघजुँघे**–(वि०) बाघको जस्तो जुँघा भएको ।

**बाघझमट**–(ना०) खूब रिसाएर आइलाग्ने काम; बाघको जस्तो झम्टाइ ।

**बाघमुखे**–(वि०) बाघको जस्तो मुख भएको ।

**बाघे**–(वि०) बाघजस्तो; बाघको छालाजस्तै टाटेपाटे । (ना०) गोठालाले गाईवस्तुलाई गाली गर्दा भन्ने शब्द ।

**बाङखुट्टे**–(वि०) बाङ्गा खुट्टा हुने; खुट्टा बाङ्गा पारी टेक्ने ।

**बाङखुरे**–(वि०) बाङ्गा खुर हुने; खुर बाङ्गा पारी टेक्ने ।

**बाङ्गिनु**–(अ० क्रि०) बाङ्गो हुनु; टेढिनु ।

**बाङ्गे**-(वि०) टेढो चालको; बाउँटो ।

**बाङ्गो** (वि०) बाङ्गे ।

**बाचा**–(वि०) थ.रै; चिउँटी । (ना०) कबूल; प्रतिज्ञा ।

**बाच्नु**–(स० क्रि०) पाठ गर्नु; पढ्नु

**बाछिटा**–(ना०) हावाले हुत्याए पानीका छिटा ।

**बाछो**–(ना०) गाईको बच्चो; सा बहर । पो० बाछी ।

**बाज**–(ना०) चीलजस्तो एक हिंस् पक्षी ।

**बाजरा**–(ना०) एक किसिमको का मसिना दाना हुने अन्न ।

**बाजा**–(ना०) रेटेर, फुकेर वा ठोके बजाइने यन्त्र; वाद्य ।

**बाजि**–(क्रि० यो०) पटक, चोटि ।

**बाजी** (ना०) होड; प्रतिज्ञा; शर्त (प्रत्य०) नाममा लागी कर्ता भाव बुझाउने शब्द । जस्तो–झ बाजी; नाराबाजी ।

**बाजीमाथ**–(ना०) युक्तिसँग काम चाल; बाजी जित्ने वा हार्ने काम

**बाजुरो**–(ना०) बाजुरा ।

**बाजू**–(ना०) पाखुरामा लाइने आभूषण ।

**बाजे**–(ना०) बाबु वा आमाको बा ससुरो; ब्राह्मणको मानबोधक श

**बाजेबराजु**–(ना०) बाबु, बाजे आ पुर्खा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बाझाबाझ–(ना०) परस्परमा बाझने काम; भनावैरी ।

बाझो-(ना०) कलह; भनाभन ।

बाझनु–(स० क्रि०) भनावैरी गर्नु; झगडा गर्नु; मतभेद हुनु; राय वा प्रसङ्ग नमिल्नु ।

बाटा–(ना०) फराक मुख भएको गोलो भाँडो ।

बाटुलो–(वि०) गोल; डल्लो ।

बाटो–(ना०) मानिसहरू हिँड्न बनाइएको ठाउँ; सडक, गल्ली, गोरेटो आदि; पथ; मार्ग; तरीका; पद्धति; जीविका; शुरू ।

बाट्नु-(स० क्रि०) डोरी बनाउनु; बटार्नु; चुल्ठी पार्नु; निमोठ्नु ।

बाठो–(वि०) चलाक; चतुर; धूर्त ।

बाड–(ना०) खुकुरी, तरवार आदिको धार ।

बाडुली–(ना०) हिक्का ।

बाढ–(ना०) बाढी ।

बाढी–(ना०) भेल; बाढ ।

बाण (ना०) धनुले हानिने एक प्राचीन हतियार; तीर ।

बात-(ना०) कुरो; वार्ता; वचन; प्रसङ्ग; समाचार; अभियोग; शरीरका जोर्नी सुनिएर दुख्ने एक रोग ।

बातचीत–(ना०) वार्तालाप; कुराकानी ।

बाता-(ना०) डाँडाभाटा बाँध्न बनाएको चोयाको मूठो ।

बाती–(ना०) बत्ती ।

बातो–(ना०) पींधबाट रोपी यातना दिने वा मार्ने एक हतियार; शूली; कोदाला-कोदालीको पातो ।

बाथ–(ना०) बात रोग; बनेलको बोसो ।

बादल–(ना०) मेघ; मेहरो; आँखामा लाग्ने जालो ।

बादशाह–(ना०) सम्राट्; चक्रवर्ती ।

बादशाही–(वि०) बादशाहको; बादशाहलाई सुहाउने ।

बाद्दे–(ना०) पक्का; निश्चय ।

बाधक–(वि०) बाधा पुऱ्याउने; विघ्न पार्ने ।

बाधा–(ना०) अड्काउ; रोकावट; खिचोला; विघ्न; दुःख; भूत-प्रेत आदिबाट हुने भय ।

बाध्य–(वि०) विवश तुल्याइएको; रोक लगाइएको; नियम-विधिद्वारा बाँधिएको ।

बाध्यता–(ना०) बाध्य हुनाको भाव ।

बानगी–(ना०) नमूना; ढाँचा;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आकारप्रकार; बान्की ।

**बाना**–( ना० ) पहिरन; पोशाक; किसिम ।

**बानी**–(ना०) स्वभाव; लत; बेहोरा ।

**बान्की**–(ना०) बानगी ।

**बान्ता**–(ना०) वमन; छाद ।

**बान्धव**–(ना०) नातेदार; इष्टमित्र; दाजुभाइ; बन्धुवर्ग ।

**बापत**–( ना० यो० ) सम्बन्धमा; विषयमा; निम्ति; लागि । (ना०) कसूर; दोष; बदला ।

**बापती**–( वि० ) कसूरदार; दोषी; अपराधी ।

**बाफ**–(ना०) तातेर निस्केको धूवाँ; गर्मी; बाबु; पिता ।

**बाफिनु**–(अ० क्रि०) बाफ निस्कनु; गुम्सिनु; उसिनिनु ।

**बाफिलो**–(वि०) धेरै बाफ भएको; गर्मी ।

**बाबर**–(ना०) पातलो पारी घिउमा पकाएको रोटी ।

**बाबरलेट**–( ना० ) एक किसिमको जालीदार मिहीन कपडा ।

**बाबरी**–( ना० ) बास्नादार एक जातको झार ।

**बाबा**–( ना० ) बाबु; बच्चालाई मायाले भनिने सम्बोधन; साधु-संन्यासीलाई गरिने आदरको सम्बोधन । ( वि० बो० ) आश्चर्य, डर आदिमा भनिने शब्द ।

**बाबाजी**–( ना० ) साधु; संन्यासी; साधु-संन्यासीको आदरवाची शब्द ।

**बाबियो**–(ना०) एक जातको लामो झार ।

**बाबु**–(ना०) बुवा; पिता; छोराछोरी वा प्रिय व्यक्तिलाई सम्बोधन गरिने शब्द; बाबा ।

**बाबुबाजे**-(ना०) बाबु, बाजे आदि; पुर्खा ।

**बाबू**–(ना०) भलादमी र ठूलाबडा मानिसलाई आदरपूर्वक भन्ने शब्द ।

**बाबूसाहेब**–( ना० ) राजघराना वा त्यस्तै खानदानका व्यक्तिलाई मानपूर्वक भनिने शब्द ।

**बाबै**–( वि० बो० ) हर्ष, भय, दुःख आदि बुझाउने शब्द ।

**बामपुड्के**–( वि० ) ज्यादै पुड्को; बाउन्ने ।

**बामेसराइ**–(ना०) नानीहरूले चार हातखुट्टा टेकेर हिंड्ने काम ।

**बायाँ**–(वि०) देब्रे; उल्टो ।

**बायुपङ्खी**–(वि०) बाइपङ्खी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बार-(ना०) रोक्ने कुरा; छेका; समय; साताको कुनै दिन (आइतबार, सोमबार, मङ्गलबार, बुधबार, बिहिबार, शुक्रबार, शनिबार); वार; पटक।

बारना-(ना०) बार्ने काम; पथपरहेज।

बारबार-(क्रि० यो०) पटकैपिच्छे; वारवार।

बारबुर-(ना०) बार्ने र लपेट्ने काम।

बारा-(ना०) मास, मुगी आदिका पीठाको रोटी; झ्याल-ढोका आदिको चौकोस।

बाराबार-(ना०) परस्परमा पानी, आवतजावत आदि बार्ने काम।

बारी-(ना०) पाखाबाली लाग्ने जग्गा; बगैंचा।

बारुले-(वि०) बारुलोसम्बन्धी; बारुलाको जस्तो झीनो।

बारुलो-(ना०) एक किसिमको सानो चिल्ने कीरो।

बारुद-(ना०) एक किसिमको विस्फोटक धूलो वस्तु।

बारूदखाना-(ना०) बारुद बनाउने वा राख्ने घर।

बारे-(ना० यो०) विषयमा; प्रसङ्गमा। (ना०) सम्बन्ध; विषय।

बार्दली-(ना०) घरको छानामनि बारेको बुर्जा।

बार्निस-(ना०) टलकदार तेल वा रोगन।

बार्नु-(स० क्रि०) बार लाउनु; छेक्नु; पथपरहेज गर्नु; बारना गर्नु; नियम पुऱ्याई कुनै कामकुरो त्याग्नु।

बाल-(ना०) बालक; शिशु; रौं; कपाल। (वि०) भर्खर जन्मेको; कम उमेरको; नासमझ।

बालक-(ना०) बच्चो; शिशु; छोरो; अनजान मानिस; हात्तीको बच्चो।

बालख-(ना०) बालक।

बालगिरो-(वि०) भाडावाल; बहालगिरी।

बालघर-(ना०) अनाथ बालकहरूलाई राखी पालनपोषण र संरक्षण गरिने घर।

बालचर-(ना०) सच्चरित्रता, स्वावलम्बन, सेवाभावना सिकाउने सैनिक ढाँचाको शिक्षा।

बालतोड-(ना०) रौंका जराको विकारबाट आउने एक किसिमको खटिरो।

बालपोश्रो-(ना०) सानोतिनो बोट-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिरुवा; सानो बालक ।

**बालपोस**-(ना०) बालकलाई खुवाउने एक प्रकारको पोसिलो औषधी ।

**बालबच्चा**-(ना०) केटाकेटी; भुराभुरी; सन्तान; परिवार ।

**बाललीला**-(ना०) केटाकेटीको खेल ।

**बालसङ्गाती**-(ना०) बालकको साथी; केटाकेटीदेखिको साथी ।

**बाला**-(ना०) तरुनी; युवती; स्त्री; पत्नी; केटी; कन्या; सुनचाँदीको चुरो ।

**बालाचतुर्दशी**-(ना०) मार्ग कृष्ण चतुर्दशी (शतबीज छर्ने दिन) ।

**बालापोथरी**-(ना०) ससाना केटाकेटी ।

**बालिका**-(ना०) बच्ची; कन्या; केटी; कुमारी; छोरी ।

**बालिग**-(वि०) वयस्क ।

**बालिस्ट**-(ना०) अडेस लाग्ने ठूलो तकिया ।

**बाली**-(ना०) खेतबारीमा उब्जेको अन्न; खेती; तल्सिङ वा सरकारलाई बुझाइने कूत ।

**बालीनाली**-(ना०) फसल; बालीबिरुवा ।

**बालुन**-(ना०) दुई डफफा परस्परमा मिलेर गाउने लोक गीतको एक भाका ।

**बालुवा**-(ना०) ढुङ्गाका मसिना कण ।

**बालो**-(ना०) धान, गहुँ आदिको झुप्पो; सुनचाँदीको मोटो चुरो; बालक ।

**बाल्टिन**-(ना०) पानी हाल्ने एक किसिमको भाँडो ।

**बाल्टी**-(ना०) बाल्टिन ।

**बाल्नु** (स० क्रि०) बल्ने पार्नु; सल्काउनु; ज्वाला निकाल्नु ।

**बासट्ठी**-(वि०) बयसट्ठी ।

**बासमती**-(वि०) बास्ना आउने उत्तम (धान, चामल) ।

**बासा**-(ना०) पुस्तक बांध्ने रुमाल; बस्ता ।

**बासिन्दा**-(वि०) कुनै ठाउंमा रहने; निवासी; रैथाने ।

**बासिबिदो**-(ना०) धेरै दिन पानी परेर एक रात रहेको अडान ।

**बासी**-(वि०) धेरै समय पहिलेको; एक रात रहेको; ताजा नभएको ।

**बास्ना**-(ना०) सुगन्ध; वास ।

**बास्नु**-(अ० क्रि०) पक्षीहरू प्रहर प्रहरमा कराउनु (कुखुरा, तित्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आदि)।

**बाहाँ**–(ना०) पाखुरा; बाहु।

**बाहाँकटे**–(ना०) बाँकटे।

**बाहाँजोरी**–(ना०) परस्पर बाहाँ जोरेर लाएको मितेरी; अँगालो; कुश्ती।

**बाहान**–(ना०) पटक; चोटि।

**बाहिर**–(ना० यो०) भित्रदेखि बाहेक; अरू ठाउँमा। (वि०) अलग; भिन्न।

**बाहिरफेरा**–(क्रि० यो०) शहरदेखि बाहिर; बाहिरतिर।

**बाहिरिनु**–(अ० क्रि०) बाहिर निस्कनु।

**बाहिरिया**–(वि०) बाहिरको; बाहिरी; परचक्री; विदेशी।

**बाहिरी**–(वि०) बाहिरको; बाहिरिया। (ना०) लुगाफाटाको बाहिरी तह; सबभन्दा माथि लाइने लुगा।

**बाहीं**–(ना०) सुनचाँदी आदिको चुरो; बाला।

**बाहु**–(ना०) हात; बाहुली।

**बाहुन**–(ना०) ब्राह्मण।

**बाहुनचरी**–(ना०) गरीब बाहुन।

**बाहुली**–(ना०) पाखुरा वा हात (आदरार्थमा)।

**बाहुलो**–(ना०) हातगोडा पसाउने लुगाको भाग।

**बाहेक**–(ना० यो०) सिवाय; बिना। (वि०) छुट्टा; अलग। (क्रि० यो०) छोडेर; अलग पारेर।

**बाह्र**–(ना०) दस र दुई।

**बाह्रखरी**–(ना०) स्वर मात्राको रूपमा लगाएर बोल्ने वा लेख्ने प्रक्रिया; साउँ-अक्षर।

**बाह्रमासे**–(ना०) बाह्र महीना फल्ने वा फुल्ने; बराँठिएकी। (ना०) अवैधानिक वा चोर-जूवा; बाह्र महीना गाइने एक किसिमको गीत; बाह्र महीना फुल्ने एक प्रकारको फूल।

**बाह्रसत्तरी**–(ना०) अनेक भाँती।

**बाह्रसिङ्गा**–(ना०) हाँगा फाटेका सीङ हुने एक जातको मृग; जरायो।

**बाह्रौं**–(वि०) बाह्र सङ्ख्यावाला। (ना०) मरेको बाह्र दिनमा गरिने कर्म।

**बिँगठो**–(वि०) बाउँटो; बिँगठ्याहा।

**बिँगो**–(ना०) हाँगाबाट निस्केको हाँगो; सानो हाँगो।

**बिँगठ्याइँ**–(ना०) निहुँ; खोते।

**बिँगठ्याहा**–(वि०) बाउँटो; टेढो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिडी–(ना०) पातमा सुर्ती लपेटेर बनाइएको एक किसिमको चुरोट ।

बिडो–(ना०) घाँस परालको चक्का (गाग्रो, घ्याम्पा आदिको पींधमा राखिने); कुलधर्म; पुर्खाको इज्जत; चाँदतोडाबिनाको पगरी ।

बिउँ–(ना०) चामल निस्केको सग्लो धान ।

बिउँझनु–(अ० क्रि०) निद्रा खुल्नु; जाग्नु; बिउँतनु; होश आउनु ।

बिउँझाइ–(ना०) बिउँझने काम वा किसिम ।

बिउँझो–(वि०) जागो; निद्रा खुलेको; सचेत ।

बिउँतनु–(अ० क्रि०) बेहोश अवस्थाबाट होशमा आउनु; बौरनु; बिउँझनु ।

बिउँताइ–(ना०) बिउँतने काम वा किसिम ।

बिकट–(ना०) रातको पहरा ।

बिकटे–(वि०) राती पहरा बस्ने ।

बिकाइ–(ना०) बिक्ने काम वा किसिम ।

बिकाउ–(वि०) बिक्ने; बेच्ने (माल) ।

बिकाउनु–(स० क्रि०) बिक्री गर्नु; बेच्नु; काममा उपयोग गर्नु; बदनामी कमाउनु ।

बिक्री–(ना०) बेच्ने काम; व्यापार ।

बिक्रीकर–(ना०) बिक्रीमा लाग्ने कर ।

बिख–(ना०) विष ।

बिखर्ची–(वि०) खर्च नभएको ।

बिगबिगी–(क्रि० यो०) आतङ्क; कुनै वस्तुको उपध्रो ।

बिगहट्टी–(ना०) जग्गाजमीनको लगत; बिघापिच्छे लाग्ने रकम ।

बिगार–(ना०) बित्यास; बितल; नाश; बरबादी ।

बिगार्नु–(स० क्रि०) बिगार गर्नु; नास्नु; टूटफूट पार्नु; खराब आचरणमा लगाउनु; खराबी गर्नु; पतित गर्नु; सडाउनु; कौमार्य वा सतीत्व हर्नु ।

बिगुल–(ना०) सङ्केत वा खुशीका निम्ति फुकेर बजाइने एक किसिमको बाजा ।

बिगुले–(ना०) बिगुल बजाउने मान्छे; बिगुल फुक्ने पल्टनिया जवान ।

बिगूत–(ना०) यज्ञकुण्डको खरानी; विभूत ।

बिगो–(ना०) कसूर; अपराध; दोष;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिगार; बदमासी ।

बिगौती–(ना०) बिघौती ।

बिग्याहा–(वि०) विगो गर्ने स्वभावको; उपद्रचाहा ।

बिग्रनु–(अ० क्रि०) नासिनु; बरबाद हुनु; भत्कनु; खस्कनु; सड्नु; बदलिनु; खराब आचरणमा लाग्नु ।

बिघा–(ना०) सवा तेह्र रोपनीजति वा बीस कट्ठा जग्गाको परिमाण ।

बिघात–(ना०) अति प्रेरणा; हत्तेहलाइ । (क्रि०यो०) बेसरी; बिछट्ट ।

बिघौती–(ना०) भर्खर वियाएका गाईको पकाउँदा जमेको दूध ।

बिघ्न–(ना०) अड्काउ; बाधा । (वि०) अतिशय; धेरै । (क्रि० यो०) बिछट्ट; खूब ।

बिङ्गो–(ना०) बहाना; निहुँ ।

बिचरो–(वि०) बबुरो; टुहुरो ।

बिचल्ली–(ना०) बिल्लबाठ; विजोग; आपत्ति ।

बिच्कनु–(अ० क्रि०) दच्कनु; तर्सनु; भड्कनु ।

बिच्काइ–(ना०) बिच्कने काम ।

बिच्छी–(ना०) एक किसिमको विषालु कीरो ।

बिच्छुक–(ना०) अलच्छिन; अपशकुन ।

बिच्छुकी–(ना०) अलच्छिनी ।

बिछट्ट–(वि०) अत्यन्त; ज्यादा ।

बिछोड–(ना०) छुट्टिम; वियोग ।

बिछ्याइ–(ना०) विछ्याउने काम वा किसिम ।

बिछ्याउना–(ना०) विछ्यौना ।

बिछ्याउनु–(अ० क्रि०) पसार्नु; ओछ्याउनु ।

बिछ्याउने–(ना०) ओछ्याउने वस्तु; बिछ्यौना ।

बिछ्यौना–(ना०) विछ्याउने वस्तु; ओछ्यान ।

बिजन–(ना०) धेरै थरीका वीउ ।

बिजाइँ–(ना०) उपद्रो; अत्याचार; बिगो ।

बिजात–(ना०) अर्को जात; भिन्न जात ।

बिजुली–(वि०) आकाशमा चम्किने उज्यालो; चुम्बकद्वारा उत्पन्न हुने शक्ति; विद्युत् । (वि०) खूब चलाख ।

बिजुलो–(ना०) ज्यामीर आदि फलभित्रको दाना ।

बिजोग–(ना०) बिल्लबाठ; बिचल्ली ।

बिजोडा–(वि०) अगल्चो; जोड़ा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नभएको ।

**बिजोर**–(वि०) जोर नभएको; बराबर हुने; बिजोडा ।

**बिज्जू**–(ना०) एक किसिमको आँप ।

**बिझाइ**–(ना०) बिझने काम वा किसिम ।

**बिझनु**–(अ० क्रि०) काँढो आदि घोपिनु; गड्नु; अरूको तीतो कुरा वा नराम्रो कामबाट चित्त दुख्नु ।

**बिट** (ना०) भाँडाका मुखको घेरा ।

**बिटुलो**–(वि०) अपवित्र ।

**बिटुलिनु**–(स० क्रि०) बिटुलो हुनु; जूठो हुनु; अशुद्ध हुनु; लसपसिनु ।

**बिटुल्नु**–(स० क्रि०) थोरै खानु; मुख जूठो पार्नु ।

**बिटुल्याइ**–(ना०) बिटुलिने काम वा किसिम ।

**बिटो**–(ना०) घाँस-पराल आदिको मूठो ।

**बिढङ्ग**–(वि०) उल्टोपन; ढङ्ग नहुनु ।

**बिढङ्गी**–(वि०) ढङ्ग नमिलेको; बिढङ्गको; एकोहोरो; अनौठो ।

**बिताइ**–(ना०) बिताउने काम ।

**बिताउनु**–(स० क्रि०) समय;गुजार्नु; आपत् पार्नु; मार्नु ।

**बित्ता**–(ना०) हातको बूढी औंलादेखि कान्छी औंलासम्मको नाप ।

**बित्तिकै**–(ना० यो०) साथै; तत्कालै ।

**बित्ते**–(वि०) एक बित्ताको ।

**बित्पात**–(ना०) बठचाइँ; चञ्चलता ।

**बित्पाते**–(वि०) बित्पातको; साह्रै चतुरो; बाइफाले ।

**बित्यास**–(ना०) बिगार; तलमाथि ।

**बिथात**–(वि०) थातथलो नभएको ।

**बिथिति**–(ना०) बेथिति ।

**बिथोला**–(ना०) बाधा; खिचोला ।

**बिथोलाइ**–(ना०) बिथोल्ने काम ।

**बिथोल्नु**–(स० क्रि०) भाँजी हाल्नु; भाँड्नु; बिगार्नु ।

**बिथोल्याइँ**–(ना०) बिथोल्ने काम ।

**बिदा**–(ना०) प्रस्थानको आज्ञा; अवकाश; छुट्टी ।

**बिदाइ**–(ना०) बिदा हुने काम वा आज्ञा ।

**बिदाबारी**–(वि०) बिदा हुने वा त्यसबारे सल्लाह गर्ने काम ।

**बिनसित्ति**–(क्रि० यो०) सित्तै; अकार्थ; बित्था ।

**बिना**–(ना०) कस्तूरीको थैली; मृगनाभी । (ना० यो०) विना ।

**बिनाबि**–(ना०) बाटो छोड भन्ने अर्थ बुझाउने शब्द ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिनु-(ना० यो०) बिना; बेगर ।

बिन्ती-( ना० ) प्रार्थना; निवेदन; विनति ।

बिन्तीपत्र (ना०) सरकार वा मान्य-जनलाई लेखिने पत्र; निवेदन ।

बिन्तीभाउ-(ना०) भनसुन ।

बिन्दु-( ना० ) सानो थोपा; बूँद; थोप्लो वा दाग; छिटो ।

बिन्द्रालो-( ना० ) दाजुभाइहरूको समूह; बन्धुवर्ग ।

बिपना-(ना०) जागा अवस्था; बिउँझेको बेला ।

बिफर-( ना० ) एक किसिमको खटिरो ।

बिल्लेंटो-(ना०) कागत, लुगा आदिको भित्री भाग । (वि०) उल्टो ।

बिल्ल्याँटो-(ना०) बिल्लेंटो ।

बिभिन्डिनु-( अ० क्रि० ) भड्कनु; वाउँटिनु ।

बिमाख-(ना०) भुसुक्क; सर्वनाश ।

बिमिरो-(ना०) एक किसिमको ठूलो फल; घाउको सानो फोको ।

बिम्ब-(ना०) प्रकाश; छायामण्डल; आभास ।

बियाँलो-(क्रि० यो०) अबेर; अलमल ।

बियाँल्नु-(स० क्रि०) बियाँलो गर्नु; अबेर गर्नु ।

बियाइ-(ना०) बियाउने काम ।

बियाउनु-(अ० क्रि०) बच्चा जन्माउनु ।

बियो-(ना०) डन्डीबियोको खेलमा डन्डीले हिर्काइने काठका सानो टुक्रो; कोलका धुरीको चुकुल ।

बिरबिर-( ना० ) मसिनु पानी पर्ने किसिम ।

बिरबिरे-(वि०) सिमसिमे (पानी) ।

बिरलाकोटी-(क्रि० यो०) फाट्टफुट्ट । (वि०) ज्यादै कम ।

बिरसिक्का-( ना० ) धूर्त व्यक्ति; छकाउने मान्छे ।

बिरसिलो-(वि०) ठर्रो; नीरस ।

बिराइ-( ना० ) बिराउने काम वा किसिम ।

बिराउनु-(अ० क्रि०) कसूर गर्नु; चुक्नु; नयाँ जग्गा आबाद गर्नु ।

बिराजी-(वि०) बेखुश; राजी नभएको ।

बिरानो-(वि०) पराई; अर्को ।

बिराम-( वि० ) बिसन्चो; कसूर; अपराध ।

बिरामी-(वि०) रोगी; मघौरु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बिराली–( ना० ) पोथी बिरालो; धेरै आगो ताप्दा छालामा उब्जने टाटो ।

बिरालो–( ना० ) मुसा मार्ने एक प्रसिद्ध जन्तु ।

बिरी–(ना०) एक जातको लता ।

बिरीत–(ना०) बेरीत ।

बिरुवा–(ना०) रूखको बोट; पोथ्रो ।

बिरूप–(वि०) कुरूप; नराम्रो ।

बिरेआग्लो–(ना०) गजबार ।

बिरेनून–(ना०) एक किसिमको नून ।

बिरो–(ना०) बीडा ।

बिरोलाइ–(ना०) बिरोल्ने काम ।

बिरोल्नु–(स० क्रि०) सरोबर पारी मुछ्नु; साँध्नु; बिथोल्नु ।

बिरौटो–(ना०) आबादी जग्गा ।

बिर्के–(वि०) बिर्को भएको ।

बिर्को–(ना०) ढकना ।

बिर्ता–( ना० ) तिरो तिर्नु नपर्ने जग्गा ।

बिर्तावाल–(ना०) बिर्ताको धनी ।

बिर्सनु–(स० क्रि०) सम्झना नहुनु; भुल्नु ।

बिर्साइ–( ना० ) बिर्सने काम वा किसिम ।

बिलकुल–( वि० ) जम्मै; सबै । (क्रि० यो०) एकदम ।

बिलखबन्द–(वि०) पक्क; झक्क; जिल्ल ।

बिलना–(ना०) विलाप; शोक ।

बिलाइ–(ना०) बिलाउने काम वा किसिम ।

बिलाउनु–( अ० क्रि० ) लोप हुनु; अलिपनु; पग्लनु; विलीन हुनु ।

बिलिनो–( वि० ) अलिनो; नु… नपुगेको ।

बिलो–(ना०) शिकार गरी ल्याइएको जन्तुका मासुको भाग ।

बिलौना–( ना० ) रोएर दुःखप्रकाश गर्ने काम; विलाप ।

बिलौनी–(ना०) नौनी खारेको कसा…

बिल्टी–(ना०) मालमत्ता चलान … बुझाउँदा दिइने रसीद ।

बिल्लबाठ–(ना०) विजोग; दुर्दशा; बिचल्ली ।

बिसन्चो–(ना०) व्यथा; बेचैनी ।

बिसम्भार–(ना०) सँभाल्न नसक्नु ।

बिसाइँ–(ना०) विश्राम; आराम ।

बिसाइ–( ना० ) बिसाउने काम वा किसिम ।

बिसाइत–(ना०) खराब साइत ।

बिसाउनु–( स० क्रि० ) सुस्ताउनु…

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



निम्ति भारी अड्याउनु; विश्राम गर्नु; आफ्नो कामको बोझ अरूलाई दिनु; दुःख पोख्नु। (अ० क्रि०) घाउखटिरामा पानी पसेर विषालुपन हुनु; चस्कनु।

बिसासय–(ना०) लामो आयु (एक सय बीस वर्ष)!

बिसेक–(वि०) सन्चो; निको भएको; घटेको।

बिसौंद–(ना०) बीस भागको एक भाग।

बिसौनी–(ना०) बिसाउने वा अड्ने ठाउँ; अडान।

बिसौली–(ना०) आधा धार्नी।

बिस्कुट–(ना०) हल्का एक किसिमको रोटी।

बिस्कुन–(ना०) सुकाउन फिंजाएको अन्न; भुइँमा फिंजाउने काम।

बिस्तार–(क्रि० यो०) सुस्तरी; मन्द किसिमले; ढीलो।

बिस्तारै–(क्रि० यो०) कसैले नसुन्ने गरेर; सुस्तरी।

बिस्तुर–(ना०) फरक; नटुट्ने क्रम।

बिस्मात–(ना०) अपसोच; शोक।

बिस्याहार–(ना०) स्याहारसम्भार नहुनु।

बिहा–(ना०) विवाह; बिहे।

बिहान–(ना०) दिनको पहिलो प्रहर; सबेर।

बिहानीपख–(क्रि० यो०) बिहानको समयमा; सबेरै।

बिहाबारी–(ना०) विवाहको सम्बन्ध।

बिहाल–(ना०) दुर्दशा; बिचल्ली; बिल्लबाठ।

बिहीबार–(ना०) बृहस्पतिवार।

बिहे–(ना०) विवाह; बिहा।

बींड–(ना०) खुकुरीको समात्ने ठाउँ; भाँडाबर्तनको लामो कडा।

बीउ–(ना०) बीयाँ; बीज; आगोको फिलिङ्गो; दहीको जोरन।

बीच–(ना०) माझ; अन्तर।

बीज–(ना०) बीयाँ; दाना; बीउ; कारण; हेतु।

बीडा–(ना०) पानको खान तयार पारेको खिल्ली।

बीडो–(ना०) तरबार कमरमा भिर्ने डोरी वा रूमाल।

बीयाँ–(ना०) बीउ; बीज; दाना।

बीभत्स–(वि०) घीनलाग्दो, सडेगलेको।

बीमा–(ना०) हानि-नोक्सानी भएमा डाकखानाले भर्ना गर्ने गरी पठाइने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पत्र वा रुपियाँ ।
बीमार–(वि०) रोगी; बिरामी ।
बीमारी–(ना०) रोग; व्यथा ।
बीस–(ना०) पन्ध्र र पांच; एक बीस ।
बुइँगल–(ना०) बुइगल ।
बुइगल–(ना०) माथिल्लो तल्ला; छानामर्निको तला ।
बुई–(ना०) बालबोलीमा पिठिउँ; पीठ; बोकाइ ।
बुकाउनु–(स० क्रि०) फक्याउनु; फाँको मार्नु ।
बुकिफूल–(ना०) नरम फूल हुने एक जातको बोट वा त्यसको फूल ।
बुकुनी–(ना०) पिँधेको मिहीन धूलो; छोप ।
बुकुनु–(ना०) सानो कुनिउँ ।
बुकुल्टो–(वि०) रसिलो नभएको; बुको ।
बुकुवा–(ना०) मैलो हटाउन बनाइएको शरीरमा घसिने पदार्थ ।
बुको–(ना०) बुरबुराउँदो ।
बुक्याउनु–(स० क्रि०) फाँको हाल्नु; फक्याउनु ।
बुङ्गो–(ना०) केराको फूल; मकैको ठूलो खोस्टो । (वि०) निर्वाङ्ग; नाङ्गो ।
बुङ्ग्याउनु–(अ० क्रि०) छोडाउनु; नाङ्गो पार्नु ।
बुङ्चे–(वि०) पुड्को; फूर्ति नभएको ।
बुचकाबुच्की–(ना०) बूटाबूटी ।
बुच्को–(ना०) सानो बूटो ।
बुच्चो–(वि०) हाँगाबिगा नभएको; रित्तो; गहना नभएको । पो० बुच्ची ।
बुजिनु–(अ० क्रि०) प्वाल थुनिनु; बुजो लाग्नु ।
बुजी–(ना०) बालबोलीमा कीरा; गुजी; हाउ ।
बुजो–(ना०) प्वाल थुन्ने लुँडो; ठेडी; खाने कुराको ठूलो गाँस ।
बुझ्रुक–(वि०) बुझक्कड; जानिफकार ।
बुझक्कड–(वि०) बुझ्रुग; समझदार ।
बुझाइ–(ना०) बुझ्ने काम ।
बुझाउनु–(स० क्रि०) बोध गराउनु; सम्झाउनु; तिर्नु; जिम्मा दिनु; बेहोर्नु ।
बुझ्नु–(स० क्रि०) जान्नु; सम्झनु; पत्ता लाउनु; विचार गर्नु ।
बुटेन–(ना०) पोथ्रो; बूटो ।
बुट्टा–(ना०) चित्रकला; कार्चोप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बुट्टे-(वि०) बुट्टा भएको; सचित्र ।
बुढन्ती-(ना०) बूढो अवस्थाको धर्म-चिह्न ।
बुढिया-(ना०) घरकी माउ, वृद्धा स्त्री; पत्नी ।
बुढौती-(वि०) बुढ्याइँ; बुढ्यौली ।
बुढ्याइँ-(ना०) बूढो हुनाको भाव; बुढ्यौली ।
बुढ्यौली-(ना०) बूढो अवस्था ।
बुत्याउनु-(स० क्रि०) खाइसक्नु; आफन्तले पाउने गराउनु ।
बुद्ध-(वि०) जानेको; बिउँझेको; बुद्धिमान् । (ना०) पण्डित; बौद्ध धर्मका प्रवर्तक एक महात्मा ।
बुद्धि-(ना०) समझ; अन्तःकरणको-विचार; बुझ्ने शक्ति; मति ।
बुद्धिचाल-(ना०) एक किसिमको खेल ।
बुद्धिजीवी-(वि०) बुद्धिले वा बौद्धिक कामद्वारा जीविका गर्ने ।
बुद्धिबल-(वि०) अक्कली; समझदार ।
बुद्धिमान्-(वि०) बुद्धि भएको; समझदार ।
बुद्धिहीन-(वि०) बुद्धि नभएको ।
बुद्धू-(वि०) रद्दी; समझ नभएको; बोधो ।
बुध-(ना०) नौ ग्रहमध्ये एक । (वि०) पण्डित; जान्ने बुझ्ने ।
बुनाइ-(ना०) बुन्ने काम वा किसिम ।
बुनोट-(ना०) बुनाइ; बुन्ने ढाँचा ।
बुनौट-(ना०) बुनोट ।
बुन्नु-(स० क्रि०) कपडा, स्वीटर, मोजा, गुन्द्री, डोको आदि तयार गर्नु वा बनाउनु ।
बुबा-(ना०) बाबु; पिता ।
बुबु-(ना०) बालबोलीमा दूध ।
बुबू-(ना०) दूध खुवाउने धाई; धाईआमा ।
बुरबुर-(क्रि० यो०) फुको वा धूलो वस्तु खस्ने किसिम ।
बुरबुरती-(क्रि० यो०) बुरबुर गरेर झर्ने किसिम ।
बुरबुराउँदो-(वि०) बुरबुर गर्ने ।
बुरबुर-(वि०) बुरबुर गर्ने (धूलो) ।
बुरुक्क-(क्रि० यो०) उफ्रने किसिम ।
बुरुस-(ना०) दाँत माझ्ने, धूलो झार्ने, कपाल कोर्ने आदिको साधन ।
बुर्का-(ना०) मुसलमान स्त्रीले सर्वाङ्ग ढाक्ने जामाजस्तो वस्त्र ।
बुर्काउनु-(स० क्रि०) दानादार चीज छर्नु; धूलो छर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बुर्की–(ना०) लाशको छातीमा राख्ने अन्न (धान, लावा आदि)।

बुर्कुन्चो–(वि०) सानो गाँठीको; पुड्को।

बुर्कुसी–(ना०) छिटोसँग फट्का हाली दौड्ने काम।

बुर्चे–(वि०) बुर्कुन्चो।

बुर्जा–(ना०) कौसी; अटाली।

बुर्लुक्क–(क्रि० यो०) उफ्रेर फट्कने किसिम।

बुलबुल–(ना०) जुरेली चरो।

बुलबुले–(ना०) अगाडिका रौं छोडी कपाल काट्ने ढाँचा।

बुलाकी–(ना०) नाकमा लाउने सुनको मुन्द्रो।

बुहारी–(ना०) छोराकी पत्नी; बधू; भाइ-भतिजा आदि नातादारकी स्त्री।

बुहार्तन–(ना०) बुहारीले गर्ने घर-धन्दा।

बूँद–(ना०) थोपो; छिटो।

बूझ–(ना०) समझ; आशय; गौर।

बूझपचाहा–(वि०) बुझेर पनि नबुझैं गर्ने; बूझ पचाउने।

बूझपेलाहा–(वि०) बुझेर पनि नटेर्ने।

बूझबुझारथ–(ना०) आफसमा बुझने वा बुझाउने काम; जाँचबुझ गर्ने काम।

बूट–(ना०) एक किसिमको माथि-सम्म आउने जुत्ता।

बूटी–(ना०) औषधीको काममा आउने झारपात; ओखती; केटाकेटीलाई बाँधिदिने सानो जन्त्र।

बूटो–(ना०) सानो बोट।

बूढाबा–(ना०) बूढालाई भन्ने आदरार्थी शब्द।

बूढाबूढी–(ना०) बूढो र बूढी; लोग्ने-स्वास्नी।

बूढी–(वि०) बृद्धा; धेरै उमेर भएकी। (ना०) स्वास्नी।

बूढीऔंलो–(ना०) हात वा गोडाको सबभन्दा मोटोचाहिं औंला; औंठो।

बूढीमाउ–(ना०) घरकी मुख्य स्त्री वा सबभन्दा बूढी; केटाकेटीको खेलमा मुख्य हुने खेलाडी।

बूढीरूढि–(ना०) शिष्टाचार; कुलधर्म; परम्परा; चालचलन।

बूढो–(वि०) धेरै उमेर पुगेको; वृद्ध। (ना०) पति; लोग्ने।

बूढोपाको–(वि०) बूढो र पाको; जानिफकार।

बूता–(ना०) सामर्थ्य; शक्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बृहस्पति–(ना०) एक प्रसिद्ध ग्रह, देवताका गुरु ।

बेँसी–(ना०) चारैतिर पहाडले घेरिएको फेदी वा फाँट; उपत्यका ।

बेअदब–(वि०) मान्यजनको आदर नगर्ने; अदब नभएको; अशिष्ट ।

बेअदबी–( ना० ) अदब नहुनाको भाव ।

बेइज्जत–(ना०) अपमान; अनादर ।

बेइज्जती–(ना०) बेइज्जत ।

बेइन्साफ–(ना०) अन्याय ।

बेइलम–(ना०) इलम नहुनु; त्यसै रहनु ।

बेइलमी–(वि०) इलम केही नभएको; उद्योग नगर्ने ।

बेउजूर–(वि०) बिनाउजूरको ।

बेकदर–(ना०) हेलाँ; अपमान ।

बेकम्मा–(वि०) रद्दी; निकम्मा ।

बेकसूर–( वि० ) कसूर नभएको; निर्दोष ।

बेकाइदा–( वि० ) मन नपर्दो; जथाभावी ।

बेकाम–( ना० ) व्यथा । ( वि० ) बिनाकामको; बेकार ।

बेकार–(वि०) निकम्मा; बेइलमी । (क्रि० यो०) बिनसित्ति; व्यर्थ ।

बेकारी–(ना०) बेकार हुनु ।

बेख–( ना० ) सरकारद्वारा रीकबापत कसैलाई बकस दिएको जग्गा ।

बेखबर–(वि०) बेपत्ता; बेहोश ।

बेखबिर्ता–(ना०) बेख र बिर्ताको समुदाय ।

बेखर्ची–(वि०) खर्च सिद्धिएको ।

बेखुश–(वि०) रिसाएको; अप्रसन्न ।

बेगर–(ना० यो०) सिवाय; बिना । (वि०) बेग्लै ।

बेगल–(वि०) छुट्टो; भिन्न; अर्को ।

बेगार–( ना० ) बिनाज्यालामा काम लाउनु; मन नलगाई गरेको काम ।

बेगारी–( ना० ) बेगारमा लगाइने काम; बेगारमा काम गर्ने मान्छे ।

बेगिन्ती–(वि०) चौपट्ट; अनगन्ती ।

बेग्लिनु–( अ० क्रि० ) बेगल हुनु; छुट्टिनु ।

बेग्लो–(वि०) बेगल; छुट्टो ।

बेचबिखन–( ना० ) बेच्ने र बन्धक राख्ने काम ।

बेचाइ–( ना० ) बेच्ने काम वा किसिम ।

बेचाहा–(वि०) बेच्ने ।

बेचुवा–(वि०) बेचिएको ।

बेचैन–( वि० ) व्याकुल; उराठ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लाग्दो ।

**बेचैनी**–(ना०) उराठिलोपन; व्याकुलता ।

**बेजो**–(ना०) आम्दानी-खर्चको बराबरी; बदला; नोक्सान भएबापत भर्ना ।

**बेठी**–(ना०) जग्गा कमाएबापत मोहीले सरकार वा तल्सिङलाई दिने रकम वा खेताला; रोपाइँमा बाजा बजाई गरिने उत्सव ।

**बेठीक**–(वि०) अनुचित; बेमुनासिब ।

**बेठेगान**–(वि०) गनिनसकिने; ठेगान नभएको ।

**बेडा**–(ना०) डुङ्गा; जहाजको समूह; झमेला ।

**बेडौल**–(वि०) देख्दा नै नराम्रो; भद्दा ।

**बेढङ्ग**-(ना०) बेढब; बेढङ्गी ।

**बेढङ्गी**–(वि०) ढङ्ग नभएको; अर्थङ्गी ।

**बेढब**–(वि०) भद्दा; नसुहाउँदो ।

**बेढाइ**–(ना०) बेढाउने काम ।

**बेढाउनु**–(स० क्रि०) बिरुवाहरू छाँट्नु; बच्चाको नाल काट्नु ।

**बेत**–(ना०) सुत्केरी हुनाको पटक; एक जातको लता ।

**बेताल**–(ना०) ताल नमिलेको ।

**बेतालुक**–(वि०) बिनाअधिकारको ।

**बेताल**–(ना०) ताल चुक्नु । (वि०) बेढङ्ग ।

**बेताले**–(ना०) धेरै कुरा जान्ने; वेसारे; ताल नमिलेको ।

**बेथा**–(ना०) व्यथा; प्रसूति हुने वेलाको पीडा ।

**बेथिति**–(ना०) थिति नमिल्नु; कुप्रबन्ध ।

**बेदाग**–(वि०) निष्कलङ्क; निर्दोष ।

**बेदाना**–(वि०) असल जातको अनार ।

**बेदाम**-(ना०) मूल्य केही नभएको; बिनामूल्यको ।

**बेध्नु**–(स० क्रि०) तारो मार्नु; छेड्नु ।

**बेन**–(ना०) एक किसिमको बाजा ।

**बेनामी**-(वि०) नाम नभएको ।

**बेन्च**-(ना०) जमीन ठोक्ने फलामे हतियार ।

**बेपत्ता**–(वि०) अत्तोपत्तो नभएको ।

**बेपार**–(ना०) बेपार; वाणिज्य ।

**बेपारी**-(ना०) व्यापार गर्ने व्यक्ति ।

**बेफाइदा**–(ना०) हानि; नोक्सानी ।

**बेफिक्री**–(वि०) पीर नहुनु; निश्चि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



न्तता ।

वेपर्वाक–(क्रि० यो०) अकार्थ; वेमतलव ।

वेमज्जा–( ना० ) नरमाइलो; मज्जा नहुनु; नमज्जा ।

वेमतलब–(वि०) मतलब नभएको ।

वेमाख–(वि०) चुक्ति ।

वेमालूम–(वि०) थाहा वा पत्ता नभएको; अज्ञात ।

वेमेल–(ना०) फाटो; वैरभाव ।

वेमौका–(ना०) खराब बेला; कुवेला ।

वेर–(क्रि० यो०) हतपत; अवेर ।

वेरबार–( ना० ) जसरीतसरी वेर्ने काम ।

वेरस–(वि०) खल्लो; स्वाद नभएको ।

वेराजी–( वि० ) बिराजी; राजी नभएको ।

वेरामी–(वि०) बिरामी ।

वेरीज–(ना०) स्रेस्ताको आम्दानी-खर्चको जम्मा अङ्क ।

वेरीत–( वि० ) काइदा नमिलेको; रीत नपुगेको ।

वेरीति–(ना०) रीति नपुग्नु ।

वेरुजू (वि०) रुजू नभएको; हाजिर नभएको ।

वेरुवा–(वि०) वेरिएको । (ना०) वेर्ने वस्तु ।

वेर्नु–(ना०) एक प्रकारको रोग; वेर्नो । (स० क्रि०) लपेट्नु; बाँधेर घुमाउनु ।

वेर्नो–(ना०) रायो, खुर्सानी आदिको सानो बोट; बिरुवा ।

वेल–(ना०) साह्रो, ठूलो र गोलो एक फल ।

वेलदार–(वि०) वेलबुट्टे ।

वेलन–( ना० ) वेल्ने र पेल्ने एक साधन; वेलना ।

वेलना–(ना०) रोटी पयार्ने लोहोरो-जस्तो साधन ।

वेलपत्र–(ना०) वेलका रूखको पात ।

वेला–( ना० ) समय; अम्खोरा, लोहोटा आदि पानीको भाँडो; रेटेर बजाइने एक बाजा ।

वेलायक–(वि०) नालायक ।

वेली–(ना०) एक किसिमको फूल ।

वेलीबिस्तार–(ना०) वेहोरा बुझाएर विस्तार गरेको वर्णन ।

वेलुका–(ना०) घाम अस्ताएपछिको वेला; साँझ । (क्रि० यो०) साँझ-पख; सन्ध्याकालमा ।

वेलुकी–(ना०) वेलुका ।

वेलून–(ना०) एक प्रकारको फुक्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चीज ।

बेलो–(ना०) लहरो; लता ।

बेलौती–(ना०) अम्बा ।

बेल्नु–( स० क्रि० ) बेलनाले पेल्नु; पथार्नु ।

बेवकूफ–(वि०) बेकूफ; मूर्ख ।

बेवारिस–(वि०) वारिस नभएको; हकदार नभएको ।

बेवारिसी–(वि०) बेवारिस ।

बेवास्ता–(ना०) वास्ता नहुनु ।

बेशरम–(वि०) नकच्चरो; निर्लज्ज ।

बेस–(वि०) असल; उम्दा ।

बेसन–(ना०) चनाको पीठो ।

बेसरी–( क्रि० यो० ) खूबसँग; राम्ररी ।

बेसाउनु–(स० क्रि०) किन्नु; शिर थाप्नु ।

बेसाउनी–(ना०) बेसाउने काम ।

बेसार–(ना०) हलेदोको धूलो ।

बेसारे–(वि०) बेसारजस्तो पहेंलो; लोलोपोतो गर्न जान्ने; सिंगारपटार वा नकलझकल गर्ने ।

बेसाहा–(ना०) भाउ; बेसौटी ।

बेसुर–(ना०) बिनासुरको ।

बेसुल्लो–(वि०) रण्डीबाज ।

बेसूर–(वि०) बेहोश; विचेत ।

बेसौटी–(ना०) बेसाउने काम; बेसा-एको वस्तु ।

बेस्वाद–(वि०) खल्लो, विरसिलो ।

बेहक–(वि०) अधिकार नपुग्ने ।

बेहद–(वि०) सीमा नभएको ।

बेहान–(क्रि० यो०) बिहान; सबेरै ।

बेहिसाब–(वि०) हिसाब गरेरै नस-किने ।

बेहोर–(ना०) स्वभाव; बानी ।

बेहोरा–(ना०) लेखाइका कुरा वा बुँदाहरू; लेखाइको तरीका ।

बेहोश–( वि० ) होश नभएको; बिचेत ।

बैंस–(ना०) जवानी; यौवन; उमेर; तरुनोपन ।

बैंसालु–(वि०) जवान; तरुनो; उमेर पुगेको ।

बैंगुन–(ना०) गुन नहुनु; खराब गुण; कुफत ।

बैंगुनी–(वि०) गुन नसम्झने; कृतघ्न; बेकाइदा गर्ने ।

बैङ्क–( ना० ) रुपियाँ-पैसाको लेन-देन, कारोबार आदि गर्ने विशेष प्रकारको सङ्गठन ।

बैंजनी–(ना०) रातो र नीलो मिलेर बन्ने रङ्ग । ( वि० ) त्यस्तो रङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएको ।

**बैठक**–(ना०) भेटघाट गर्ने कोठा; सभा, समिति आदिका सदस्यको बटुलो; देवप्रतिमा बसाउने साधन; भाँडा-कुँडाको भुइँमा टेकिने घेरो ।

**बैठके**–(ना०) बैठक सजाउने वा बैठकको काम गर्ने व्यक्ति ।

**बैठान**–(ना०) रहने ठाउँ; टुङ्गो; ठेगान ।

**बैठचाउनु**–(स० क्रि०) बेसरी पिट्नु; बजाउनु; खूब खानु ।

**बैना**–(ना०) पेस्की; अग्रिम दिइने नगद ।

**बैल**–(ना०) गोरु; बयल ।

**बैला**–(वि०) कहिल्यै नबियाउने; बाँझी; थारी । (ना०) तरुनी; युवती ।

**बोकाइ**–(ना०) बोक्ने काम वा किसिम ।

**बोकाबोक**–(ना०) आपसमा बोक्ने काम ।

**बोकाहा**–(वि०) अर्काका मुद्दाको अभिभारा लिने; काँधे ।

**बोकुवा**–(वि०) बोकिएको; बोक्ने ।

**बोके**–(वि०) बोकाको जस्तो । (ना०) बोको ।

**बोकेदाह्री**–(ना०) बोकाको जस्तो चिउँडोमा मात्र चुस्स परेको दाह्री ।

**बोको**–(ना०) बाख्राको भाले; नसुमरेको पाठो ।

**बोक्नु**–(स० क्रि०) भारी उठाउनु; उचाल्नु; जवाफदेही लिनु; गर्भ धारण गर्नु ।

**बोक्रिनु**–(अ० क्रि०) हिस्सिनु; निराश हुनु; ठगिनु ।

**बोक्रे**–(वि०) गुदी नभएको; देखौवा; बोक्राको ।

**बोक्रो**–(ना०) फलको गुदीभन्दा बाहिरको भाग; रूखको छाला ।

**बोक्सेरो**–(ना०) बोक्सीको विद्या; टुनामुना ।

**बोक्सो**–(ना०) टुनामुना जान्ने व्यक्ति; टुन्याहा । पो० बोक्सी ।

**बोझ**–(ना०) भारी; वजन; बोझा; जिम्मेदारी ।

**बोझा**–(ना०) बोझ ।

**बोझिलो**–(वि०) बोझ भएको; गह्रौं ।

**बोझो**–(ना०) गन्ध आउने एक कन्द ।

**बोट**–(ना०) रूख; वृक्ष; पोथ्रो; बिरुवा ।

**बोटी**–(ना० यो०) मोही र तल्सिङले पाउने उब्जनीको भाग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बोडी–(ना०) कोसा वा कोसाभित्र दाना फल्ने एक प्रसिद्ध तरकारी ।
बोतल–(ना०) लामो ठूलो शीशी ।
बोतलबाज–(वि०) रक्सीबाज ।
बोता–(ना०) बच्चो ऊँट ।
बोतो–(ना०) पातको कचौरो ।
बोध–(ना०) जानकारी; ज्ञान ।
बोधगम्य–(वि०) बुझ्न सकिने ।
बोधार्थ–(ना०) जानकारीका निम्ति ।
बोधो–(वि०) भद्दा; धार नभएको; बुद्धू ।
बोर–(ना०) छूतछात; लसपस । (वि०) सँभाल्न नसकिने ।
बोरा–(ना०) अनाज हाल्ने ठूलो थैलो ।
बोराइ–(ना०) बोर्ने काम ।
बोराहा–(वि०) सरोबर पार्ने; बोर्ने ।
बोर्नु–(स० क्रि०) छुवाछूतमा पार्नु; लसपस गर्नु; मुछ्नु ।
बोर्सी–(ना०) एक प्रकारको फलामे मकल ।
बोल–(ना०) बोलीवचन; बोली; सङ्गीतको टुक्का; बाजाको ध्वनि; प्रतिज्ञा ।
बोलकबोल–(ना०) प्रतिज्ञा ।
बोलक्कड–(वि०) ढीठो; बोलैया ।
बोलचाल–(ना०) कुराकानी; बातचीत; आवतजावत ।
बोलबाला–(ना०) सबैलाई ऐंचने शक्ति ।
बोलाइ–(ना०) बोलाउने काम ।
बोलाउ–(ना०) बोलावट ।
बोलाउनु–(स० क्रि०) आऊ भन्नु; डाक्नु; निम्ता गर्नु; आपत्मा परेकालाई सान्त्वना दिनु ।
बोलावट–(ना०) बोलाउने काम; निम्तो ।
बोलाहट–(ना०) बोलावट ।
बोली–(ना०) भाषा; वाणी; वचन; कुरो; डाँक ।
बोलैया–(वि०) बोल्न सक्ने; बोलक्कड; खूब ।
बोल्नु–(ना०) मुखबाट शब्द निकाल्नु; भन्नु; बोलचाल गर्नु; चरा बास्नु ।
बोसी–(ना०) काठ चिर्ने एक जाति ।
बोसेआन्द्रो–(ना०) पेटभित्र बोसै-बोसोले भरिएको आन्द्रो ।
बोसो–(ना०) शरीरमा हुने सेतो चिल्लो पदार्थ ।
बोहोतो–(ना०) बोतो ।
बौद्ध–(ना०) बुद्धको सम्प्रदाय वा धर्म । (वि०) बुद्धसम्बन्धी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बौद्धिक ।

बौरनु–(अ० क्रि०) मरेजस्तै भइसकेर बाँच्नु; होश फिर्नु; बिउँतनु ।

बौराइ–(ना०) बौरने काम ।

बौलट्टी–(ना०) पागलपन ।

बौलाइ–(ना०) बौलाउने काम वा किसिम ।

बौलाउनु–(अ० क्रि०) सन्कनु; भरमाउनु; छँटाउनु ।

बौलाहा–(वि०) पागल; सन्काहा ।

ब्याँलो–(क्रि० यो०) बियाँलो ।

ब्याउनु–(अ० क्रि०) बच्चा पैदा हुनु ।

ब्याग–(ना०) छाला, कपडा आदिको सानो झोला वा थैलो ।

ब्याङ–(ना०) खस्रे भ्यागुतो ।

ब्याङ्क–(ना०) बैङ्क ।

ब्याज–(ना०) एक किसिमको चिह्न; रिन नतिरुन्जेल कबूलअनुसार लाग्ने रुपियाँ ।

ब्याजबट्टा–(ना०) ब्याजमा लिइने दस्तूर ।

ब्याट्री–(ना०) बत्ती बल्ने तथा कारखाना, रेडियो आदि सञ्चालनका निम्ति हाल्ने एक प्रकारको मसला ।

ब्याड–(ना०) अन्नहरूको बीउ राखेको ठाउँ ।

ब्याडे–(ना०) रोप्ने वेला बीउ काढ्ने व्यक्ति ।

ब्यारे–(वि० बो०) निषेध वा समर्थनको भाव देखाउने शब्द ।

ब्यारेक–(ना०) फौज बस्ने विशेष घर; छाउनी ।

ब्याहुली–(ना०) विवाहकी कन्या ।

ब्याहुलीभतेर–(ना०) जन्त जाँदा दुलहीको घरमा जन्तीले खाने भोज ।

ब्याहुलो–(ना०) विवाहको कुमार; दुलहो ।

ब्यूँझनु–(स० क्रि०) बिउँझनु ।

ब्यूँझाइ–(ना०) बिउँझाइ ।

ब्यूँझो–(वि०) बिउँझो ।

ब्यौली–(ना०) ब्याहुली ।

ब्रह्म–(ना०) जीवात्मा; ईश्वर; ब्राह्मण; सत्य ।

ब्रह्मचर्य–(ना०) स्त्रीप्रसङ्गबाट अलग रही अध्ययन मात्र गर्ने एक व्रत; हिन्दूका चार आश्रममध्ये पहिलो आश्रम ।

ब्रह्मचारी–(ना०) ब्रह्मचर्यमा रहेको व्यक्ति; अविवाहित पुरुष ।

ब्रह्मज्ञान–(ना०) ब्रह्मसम्बन्धी ज्ञान ।

ब्रह्मस्व–(ना०) ब्राह्मणको धन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ब्रह्महत्या–(ना०) ब्राह्मणको वध ।
ब्रह्मा–(ना०) सृष्टिकर्ता; देवता ।
ब्रह्माण्ड–(ना०) चौध भुवन; सम्पूर्ण विश्व; खप्पर ।
ब्राह्मण–(ना०) वेदको एक भाग; ब्रह्मज्ञान भएको व्यक्ति; हिन्दूका चार मध्ये पहिलो वर्ण वा जाति; बाहुन ।
ब्वाँसो–(ना०) एक हिंस्रक पशु; जङ्गली कुकुर; चिप्लो घसी अरूको बिगार गर्ने मान्छे ।

# भ

भ–देवनागरी वर्णमालाको चौबीसौँ व्यञ्जनवर्ण, उच्चारणस्थान ओष्ठ ।
भँगडची–(वि०) भँग्याहा ।
भँगालो–(ना०) भङ्गालो ।
भँगेरी–(ना०) भँगेराकी पोथी । (वि०) पुड्की र पातली (स्त्री) ।
भँगेरो–(ना०) एक जातको चरो ।
भँग्याहा–(वि०) भाङको अम्मली; भाङ खाने लत भएको ।
भँचाइ–(ना०) भाँच्ने काम ।
भँडार–(ना०) भण्डार; जिन्सी ढुकुटी ।
भँडारे–(ना०) भँडारको काम गर्ने ।
भँडालो–(ना०) भँडाल्नु; पाठेघर ।
भँडिनी–(ना०) भाँड स्त्री; भाँडिएकी स्त्री ।
भँडुवा–(वि०) भाँड्ने स्वभावको; अश्ली व्यवहार गर्ने ।
भँडेनी–(ना०) भँडिनी ।
भइँ–(ना०) भुइँ ।
भकभक–(ना०) पाक्ने वा वा... निस्कने किसिम; बोल्दा बीच-बीचमा रोकिने किसिम ।
भकभकाउनु–(ना०) बोल्दा बीच-बीचमा रोकिनु वा दोहोरिनु; भकभक गर्नु; पानी उम्ली उम्ली पाक्नु ।
भकभकी–(क्रि० यो०) बेसरी पाक्ने किसिम; भकाभक खन्ने किसिम ।
भकभके–(वि०) बोल्दा भकभक गर्ने ।
भकाइ–(ना०) भकाउने काम ... किसिम ।
भकाउनु–(स० क्रि०) अज्ञात ... कुरो एक्कासि मुखबाट निस्कनु... फिरिया हुलाउनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भकानु–(ना०) दुःख वा हर्षले मनमा परेको गाँठो; ठूलो गानु; ठूलो डल्लो वा चपरी ।

भकाभक–( क्रि० यो० ) धमाधम; खुरुखुरु ।

भकार–(ना०) 'भ' अक्षर ।

भकारी–( ना० ) मान्द्रोजस्तो पारी बुनेको धान राख्ने ठूलो भाँडो ।

भकारो–( ना० ) गाई, भैंसी आदि पशुहरूको मल ।

भकिअमिलो–( ना० ) एकजातको वृक्ष; एक किसिमको मसिनु दानादार अमिलो ।

भकुन्डे–(वि०) भकुन्डोजस्तो; पुड्के ।

भकुन्ड्याउनु–(स० क्रि०) हुत्याउनु; लत्याउनु ।

भकुराइ–( ना० ) भकुर्ने काम वा किसिम ।

भकुर्नु–(स० क्रि०) खूबसित पिट्नु; ठटाउनु; गोद्नु; बेसरी खानु ।

भकुल्ले–(वि०) मोटोघाटो; भकुल्लो ।

भकुल्लो–(ना०) भात वा ढिंडोको डल्लो । (वि०) हृष्टपुष्ट; थामरथुमर ।

भक्कानु–(ना०) भकानु ।

भक्कु–(ना०) भैरवी नाचमा नाच्ने राँगोको बलि खाने एक गण ।

भक्कू–(वि०) मोटोघाटो र मूर्ख; डल्ले; बोधो ।

भक्खर–(क्रि० यो०) भर्खर ।

भक्खरको–(वि०) भर्खरको ।

भक्त–(वि०) भक्ति गर्ने; श्रद्धालु । (ना०) सेवक ।

भक्ति–(ना०) श्रद्धा; सेवा; विश्वास ।

भक्याउनु–(स० क्रि०) डल्ला छिकेर खन्नु ।

भक्षन–(वि०) रोगको पीडाले बेचैन भएको ।

भक्ष्य–(ना०) खान योग्य ।

भगवती–(ना०) दुर्गा; लक्ष्मी; मान्य स्त्री ।

भगवान्–(ना०) ईश्वर; परमात्मा; मान्य पुरुष ।

भगाइ–( ना० ) भाग्ने काम वा किसिम ।

भगाउनु–(स० क्रि०) भाग्न लाउनु; अन्त लैजानु ।

भगुवा–(वि०) भाग्ने; भागेको ।

भङ्ग–(ना०) नाश; टूटफूट ।

भङ्गरभाउलो–( ना० ) उत्ताउलो; उच्छृङ्खल ।

भङ्गालो–(ना०) कुनै खोलाबाट छुट्टि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एको एक शाखा वा धारा; भड्खारो ।

**भङ्ज्याहा**–(वि०) उपद्रयाहा ।

**भच्छे**–(वि०) खान हुने ।

**भजन**–(ना०) स्तुति गान; बारबार देवदेवीको नाम लिनु ।

**भजनियाँ**–(ना०) भजन गर्ने जमात । (वि०) भजन गर्ने ।

**भजाउनु**–(स० क्रि०) रुपियाँ-पैसा साट्नु; सटही गर्नु ।

**भज्नु**–(स० क्रि०) भजन गर्नु; भक्ति गर्नु; सेवा गर्नु ।

**भञ्ज्याङ**–(ना०) पकाडका दुई चुचुराका बीचको गल्छेंडो; देउराली ।

**भटभट**–(क्रि० यो०) अस्पष्ट र अमिल्दा कुरा बोल्ने किसिम; फतफत; अन्न भुट्ता शब्द आउने किसिम ।

**भटभटाउनु**–(अ० क्रि०) जथाभाबी बोल्नु; फतफताउनु; भटभट शब्द गर्नु ।

**भटमास**–(ना०) एक जातको प्रसिद्ध अन्न ।

**भटमासे**–(वि०) असभ्य; दुःखी अवस्थाको ।

**भटाभट**–(क्रि० यो०) धमाधम; खुरुखुरु ।

**भटार**–(ना०) पुवा आदि पकाउने काम ।

**भटार्नु**–(स० क्रि०) थोरै चिल्लोमा कनिका वा पुवा पकाउनु ।

**भट्टा**–(ना०) भट्टी ।

**भट्टी**–(ना०) जांड-रक्सी बनाउने वा बेच्ने पसल ।

**भट्टीवाल**–(ना०) भट्टीको धनी । पो० भट्टीवाल्नी ।

**भट्ट्याइ**–(ना०) भट्ट्याउने काम वा किसिम ।

**भट्ट्याउनु**–(स० क्रि०) भन्नुपर्ने कुरा धमाधम भन्नु; भूमिका बांध्नु; शुरु गर्नु ।

**भडक**–(ना०) ढांचा; स्वाङ ।

**भडकदार**–(वि०) भड्किलो; चमकदमक भएको ।

**भड्कनु**–(अ० क्रि०) तर्सिनु; बिच्कनु; भाग्नु; बाउँटिनु; बाटो बिराउनु ।

**भड्काइ**–(ना०) भड्कने काम वा किसिम ।

**भड्किलो**–(वि०) ढांचावाल ।

**भड्खारो**–(ना०) खाल्टो; भ्वाङ; विघ्नबाधा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भण्टा–(ना०) एक किसिमको तरकारी।

भण्डार–(ना०) भँडार।

भण्डारा–(ना०) साधु-संन्यासीहरूको भोज।

भण्डारी–(ना०) भँडारको काम गर्ने व्यक्ति; ब्राह्मण-क्षेत्रीको एक थर।

भण्डारे–(ना०) भँडारे।

भतक्क–(क्रि० यो०) रिसाउने किसिम।

भतभत–(क्रि० यो०) पोल्ने वा डह्ने किसिम।

भतभताउनु–(अ० क्रि०) चह्र्याउनु; बडबडाउनु।

भताभुङ्ग–(ना०) लथालिङ्ग; नाश।

भताहा–(वि०) भातभान्सा मिल्ने; पाकेको कुरो चल्ने।

भतिज–(ना०) आफूभन्दा जेठो भतिजोलाई मानपूर्वक भन्ने शब्द।

भतिजी–(ना०) दाजुभाइकी छोरी।

भतिजो (ना०) दाजुभाइको छोरो।

भतुवा–(ना०) अर्काका घरमा मन नपर्ने गरी सित्तैँ खाएर बस्ने।

भतेर-(ना०) प्रशस्त भोज।

भत्कनु–(अ० क्रि०) मासिनु; बिग्रनु।

भत्क[illegible]–(ना०) जन्ती आएको खबर लिई दुलहीका घर जाने दुलहातर्फको व्यक्ति।

भत्काउनु–(स० क्रि०) घर, पर्खाल आदि बिगार्नु।

भत्ता–(ना०) कुनै कामविशेषले कर्मचारीले पाउने तलबबाहेकको खर्च।

भदाहा–(ना०) स्त्रीहरूका भाइ वा दाजुको छोरो।

भदै–(ना०) स्त्रीका दाजु वा भाइकी छोरी।

भदैया–(ना०) भदौमा पाक्ने बाली।

भदो–(ना०) भदाहा।

भदौ–(ना०) श्रावण र आश्विन महीनाका बीचको महीना; भाद्र।

भदौरे–(वि०) भदौमा ब्याउने (गाई-वस्तु); भदौ महीनाको।

भद्दा–(वि०) छाँट न छन्दको।

भद्रकाली–(ना०) दुर्गाको एक रूप।

भद्रगोल–(वि०) गन्जागोल।

भद्राइ–(ना०) एक किसिमको चरा।

भद्राक्ष–(ना०) रुद्राक्ष।

भनक्क–(क्रि० यो०) भन्कने काम वा किसिम।

भनभन–(क्रि० यो०) भन्कने किसिम।

भनभनाउनु–(अ० क्रि०) भन्कनु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भनसुन–(ना०) अनुरोध; प्रयत्न ।

भनाइ–( ना० ) भन्ने काम वा किसिम ।

भनाउ–(ना०) गाल; अपजस ।

भनाउँदो–(वि०) नाम मात्रको; तथाकथित ।

भनाभन–( ना० ) जथाभावी भन्ने काम ।

भनावैरी–(ना०) बाफाबाफ ।

भने–(सं० यो०) त्यसो भए; यदि; तुलनामा ।

भनौरी–( ना० ) भनाइ; भनेको कुरो ।

भन्कनु–( स० क्रि० ) भनक्क रिस उठ्नु; फन्कनु; कुनै वस्तुमा झींगा, माहुरी आदि बस्नु ।

भन्टयाङभुन्टुङ–(ना०) चिचीभुँडी ।

भन्डाफोर–(ना०) गुप्त रहस्य प्रकट हुनु; भेद खुल्नु ।

भन्दा–(ना यो०) दुई वस्तुको तुलनामा प्रयोग हुने शब्द; लेखा ।

भन्नु–(स० क्रि०) कुनै कुरो कसैलाई सुनाउनु; कहनु; बोल्नु; बाच्नु, आज्ञा दिनु; पढ्नु; निन्दा गर्नु ।

भन्ने–(वि०) नाउँ गरेको; नामक ।

भन्सार–(ना०) आयात वा निर्यातको कर; त्यस्तो कर असूल गर्ने अड्डा ।

भबाउनु–( अ० क्रि० ) घाउ-खटिरा वेसरी दुख्नु; टट्टाउनु ।

भमरो–(ना०) फूलको रस चुस्ने एक जातको कीरो ।

भय–(ना०) त्रास; डर ।

भयङ्कर–(वि०) अजङ्को; ठूलो ।

भयानक–( वि० ) भयङ्कर; डर लाग्दो ।

भयो–(वि० बो०) निषेध, आश्चर्य आदि बुझाउने शब्द ।

भर–(ना०) आड, भरोसा ।

भरङ्ग–(बि०) बरबाद; निराश ।

भरपाई–(ना०) भर्पाई ।

भरपूर–(वि०) परिपूर्ण; भरिभराउ ।

भरभर–( क्रि० यो० ) हावा लाग्दा बल्दो दाउराको ज्वालाबाट शब्द आउने किसिम ।

भरभराउँदो–( वि० ) धूवाँ नलागी बलेको; झरझराउँदो ।

भरभित्तो–(क्रि० बो०) सकेसम्म; भरमगदूर ।

भरमगदूर–(क्रि० यो०) सकभर ।

भरमार–( वि० ) धेरै; प्रशस्त ।

भरमुलुक–(क्रि० यो०) सबै दुनियाँ ।

भरसक–( क्रि० बो० ) सकेसम्म;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सकभर ।
भराइ–(ना०) भर्ने काम वा किसिम ।
भराउनु–(स० क्रि०) पूरा गराउनु; तिराउनु; रफ्फू, बुट्टा आदि बनाउन लाउनु ।
भराभर–(ना०) परस्पर भर्ने काम । (वि०) भरिभराउ ।
भरि–(वि०) भरिपूर्ण । (क्रि० यो०) भर; तक । (ना०) शब्दका पछाडि लागेर जति, सम्म, सम्पूर्ण आदि बुझाउने शब्द ।
भरिपूर्ण–(वि०) भरपूर; परिपूर्ण ।
भरिभन्ड–(क्रि० यो०) जथाभावी; मनपरी; छ्यासमिस ।
भरिभराउ–(वि०) पूर्ण रूपले भरिएको; टनाटन ।
भरिया–(ना०) कुल्ली; भारी बोक्ने पेशा भएको व्यक्ति ।
भरिलो–(वि०) पोटिलो; पुष्ट ।
भरिसक्के–(वि० बो०) भरसक ।
भरी–(वि०) पूरा; पूर्ण ।
भरुवा–(वि०) भरिने; भर्नुपर्ने; भरिएको; नाप्ने (मानापाथी) ।
भरे–(क्रि० यो०) दिनको आखिरी समयमा; बेलुकीपख ।
भरेङ–(ना०) भऱ्याङ ।
भरेभोलि–(क्रि० यो०) अलिबेर पछि; निकट भविष्यमा ।
भरेली–(ना०) पूर्ण रूपमा पाकेको अवस्था ।
भरोसा–(ना०) आडभरोस; सहाय; अवलम्बन ।
भरौटे–(ना०) भरिया; कुल्ली । (वि०) भाडा वा ज्यालामा ल्याइएको ।
भर्कनु–(अ० क्रि०) भड्कनु; भर्र उड्नु ।
भर्खर–(क्रि० यो०) थोरै समयअघि ।
भर्खरको–(वि०) थोरै समयअघिको; नौजवान ।
भर्जनी–(ना०) ठूलो नदी; महानदी ।
भर्ताल–(ना०) भर्ती ।
भर्ती–(ना०) काममा हुने नियुक्ति ।
भर्त्सना–(ना०) निन्दा; गाली; हप्की ।
भर्ना–(ना०) एक वस्तुको सट्टा अर्को वस्तु दिने काम; बदला; भर्ती; नियुक्ति ।
भर्नु–(स० क्रि०) भाँडामा कुनै वस्तु भरी हाल्नु; भर्ना गर्नु; तिर्नु; बुट्टा भर्नु; पाल्नु ।
भर्पाई–(ना०) नगदी वा जिन्सी माल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बुझाउँदा बुझनेले बुझाउनेलाई प्रमाणका निम्ति लेखिदिने कागत; रसीद ।

**भर्मन**–(ना०) पागलपन; भाउन्न ।

**भर्माउनु**–(अ० क्रि०) भूलमा पर्नु; भौंतारिनु ।

**भऱ्याङ**–(ना०) घरको चोटा आदिमा उक्लने सिंढी; भरेङ ।

**भऱ्याङभुरुङ**–(क्रि० यो०) एकै पल्ट उठ्ने चाल । (ना०) भुरा; केटाकेटी ।

**भर्साइ**–(ना०) अगेनु; तातेको बालुवाद्वारा अन्न भुट्ने एक किसिमको ठूलो चूलो ।

**भर्सेली**–(ना०) चूलोमाथिको सम्म परेको भाग; भर्सेलो ।

**भर्सेलो**–(ना०) भर्सेली ।

**भर्स्याउनु**–(स० क्रि०) पकाएको अन्न भुङ्ग्रामा राखेर राम्रोसित पाक्न दिनु; ओथाउनु ।

**भल**–(ना०) पानी पर्दा पाखामा बगेको पानी; आँसु, रगत आदिको धारो ।

**भला**–(ना०) असल; बढिया । (संयो०) आंशिक सन्तोष व्यक्त गर्दा भनिने शब्द ।

**भलाइ**–(ना०) उपकार; कल्याण; हित ।

**भलाकुसारी**–(ना०) दुःखसुख, सन्चोबिसन्चोको सोधनी ।

**भलादमी**–(ना०) सज्जन; जानिफकार ।

**भलायो**–(ना०) एक जातको रूख र त्यसैको फल ।

**भलीभाँती**–(क्रि० यो०) मनपरीसँग; खूबसित ।

**भलो**–(वि०) असल; उत्तम । (ना०) भलाइ ।

**भल्को**–(ना०) पानीको उम्लाइ; भुल्को; भेलको कित्ता ।

**भव**–(ना०) संसार; जगत् ।

**भवजाल**–(ना०) संसाररूपी जाल; मायाजाल ।

**भवदीय**–(ना०) तपाईंको; यहांको। पो० भवदीया ।

**भवन**–(ना०) घर, महल, दरबार ।

**भवसागर**–(ना०) संसाररूपी समुद्र; भवजाल ।

**भवितव्य**–(वि०) पछि हुने । (ना०) हुनुहुनामी ।

**भविष्य** (वि०) पछि हुने; भावी । (ना०) आउँदो समय ।

**भव्य**–(वि०) देख्तैमा राम्रो र महान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भसक्क–(क्रि० यो०) भुसुक्क ।
भसभसी–(क्रि० यो०) डढ्ने किसिम ।
भसाउनु–( स० क्रि० ) गहिऱ्याउनु; भास्नु ।
भसाभस–(क्रि० यो०) भसभसी ।
भसार–( वि० ) स्याहारसम्भार गर्न नजान्ने; अलपत्र । पो० भसार्नी ।
भसारे–(वि०) भसार ।
भस्कनु–(अ० क्रि०) फस्को जमीन भासिनु ।
भस्म–(ना०) डढेको वस्तु; खरानी; नाश ।
भस्मखरानी–( ना० ) सराप्ता नाश होस् भनेर प्रयोग हुने शब्द ।
भस्मासुर–(ना०) शिरमा हात राख्ना-साथ भस्म गर्ने शिवजीबाट वरदान पाएको एक राक्षस ।
भाँचकुँच–(ना०) भाँचेर टुक्र्याउने काम ।
भाँचभुँच–( ना० ) भाँच्ने काम; भाँचकुँच ।
भाँचो–(ना०) दण्डीबियोका खेलको हनाइ ।
भाँच्नु–( स क्रि० ) टुक्र्याउनु; तोड्नु ।
भाँजो–(ना०) बाधा; भाञ्जो ।

भाँड–(ना०) एक जाति । (वि०) छिनार; भँडुवा ।
भाँडभैलो–(ना०) भाँड्ने वा जथा-भावी हुने कामकुरो; फोहोर बोली ।
भाँडाकुँडा–(ना०) भाँडाहरूको समुदाय; भाँडाबर्तन ।
भाँडिउँ–(ना०) भाँड्ने निहुँ; भाँड-भैलो ।
भाँडो–(ना०) पकाउने धातु, माटो आदिको पात्र ।
भाँड्नु–( स० क्रि० ) कामकुरो बिगार्नु; बराल्नु; भड्काउनु; बिथोल्नु ।
भाँति–( ना० ) ढङ्ग; किसिम; तरीका ।
भाइ–( ना० ) आफूभन्दा कान्छो व्यक्ति; एउटै आमाले पाएको आफू-भन्दा कान्छो व्यक्ति; बन्धुवर्ग ।
भाइटीका–( ना० ) दिदी-बहिनीले यमराजको पूजा गरी दाजुभाइलाई टीका लगाई दिने दिन ।
भाइबुहारी–( ना० ) भाइकी पत्नी; भाइ र बुहारी ।
भाउँटो–( ना० ) फन्फट; टन्टा; आपत्ति ।
भाउ–(ना०) मोल; दर; आदर;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नाचगान आदिको आन्तरिक अभिप्राय वा विचार प्रकट गर्ने अङ्ग-प्रत्यङ्गको चेष्टा ।

**भाउजू**–(ना०) दाजूकी पत्नी ।

**भाउजेलो**–( ना० ) देवर-भाउजूको अनैतिक सम्बन्धबाट जन्मेको छोरो ।

**भाउन्न**–( ना० ) कमजोरी आदिले लाग्ने रिङ्टा ।

**भाकभुक**–(ना०) पिटपाट; पाकपुक ।

**भाकल**–(ना०) कुनै कामको लागि देवदेवी आदिलाई पूजा गर्ने प्रतिज्ञा ।

**भाका**–(ना०) भाखा ।

**भाक्नु**–( स० क्रि० ) इष्टसिद्धिका निम्ति कुनै देवदेवीलाई पूजा गर्ने प्रतिज्ञा गर्नु ।

**भाखा**–( ना० ) प्रतिज्ञाको अवधि; कबूल पूरा गर्ने समय; गीत वा पढाइको लय; भाका ।

**भाखापत्र**–( ना० ) भाका लेखिएको कागत ।

**भाग**–(ना०) खण्ड; अंश; टुक्रा ।

**भागफल**–(ना०) गणितमा भाग गर्दा निस्कने अङ्क; लब्धि ।

**भागबन्डा**–(ना०) अंश वा भाग लगाउने काम ।

**भागभरो**–(ना०) भागबन्डा ।

**भागवत**–( ना० ) अठार महापुराण मध्ये एक ।

**भागशान्ति**–(क्रि० यो०) भागबन्डामा आएअनुसार; दामासाहीबमोजिम ।

**भागहार**–( ना० ) हिसाबमा भाग लाउने कार्य ।

**भागाभाग**–( ना० ) यत्रतत्र भाग्ने काम ।

**भागी**–(वि०) हिस्सेदार ।

**भाग्नु**–(अ० क्रि०) डराएर आफ्नो सुरक्षाका लागि कतै जानु; गायब हुनु; थाहा नपाइने गरी हिंड्नु ।

**भाग्गे**–(ना०) भाग्य ।

**भाग्य**–(ना०) तकदीर; प्रारब्ध ।

**भाग्यजोग्य**–( क्रि० यो० ) भाग्यअनुसार ।

**भाग्यमानी**–( वि० ) भाग्य भएको; भाग्यवान् ।

**भाग्यलेखा**–( ना० ) भाग्यमा रहेको कुरो ।

**भाग्यवान्**–(ना०) भाग्यमानी ।

**भाग्यशाली**–( वि० ) भाग्यमानी; भाग्यवान् ।

**भाग्यहीन**–( वि० ) अभागी; खराब भाग्य भएको ।

**भाङ**–( ना० ) नशा लाग्ने गांजा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



जातको बोट वा पात; घोट्टा।

भाङभुङ-(ना०) तोडफोड; पीटपाट। (वि०) भताभुङ्ग ।

भाङभुजो-( वि० ) खतम । (ना०) बाँडचुँड ।

भाङ्ग्रो-(ना०) पाटको एक किसिमको खस्रो कपडा; टाट ।

भाङ्जो-(ना०) झमेला; अल्झो ।

भाजक-(ना०) गणितमा कुनै राशिलाई भाग गर्ने अङ्क ।

भाजन-(ना०) भाग लगाउने काम ।

भाट-(वि०) कुनै एक जाति ।

भाटभुट-( ना० ) थोरबहुत भुट्ने काम ।

भाटा-(ना०) समुद्रको तरङ्ग; बाँसको चिरेको साटो ।

भाटी-(ना०) धोबीले कपडा सफा पार्न प्रयोग गर्ने वस्तु ।

भाटो-(ना०) भाटा ।

भाडा-( ना० ) बहाल; किराया; महसूल ।

भात-(ना०) चामल पकाएको खाद्य पदार्थ ।

भातभान्सा-(ना०) भात पकाउने र खाने मेलो ।

भातमारा -(वि०) कामबिना अरूको घरमा गई खाएर बस्ने ।

भाते-(वि०) भात मात्र खान पाउने गरी नोकरी गर्ने; भतुवा ।

भाद्र-(ना०) विक्रम संवत्को पाँचौ महीना; भदौ ।

भान-(ना०) भ्रम; झल्को ।

भानिज-(ना०) दिदी वा बहिनीको छोरो ।

भान्छा-(ना०) भान्सा ।

भान्छे-(ना०) भान्से ।

भान्जी-(ना०) दिदीबहिनी वा नन्द र आमाज्यूको छोरो ।

भान्जो-(ना०) दिदीबहिनी वा नन्द र आमाज्यूका छोरा ।

भान्सा-(ना०) खानेकुरो आदि पकाइतुल्याइ गर्ने ठाउँ ।

भान्से-(ना०) भान्साको काम गर्ने व्यक्ति ।

भाफ-(ना०) उष्णता; बाफ ।

भाबर-(ना०) असाध्य गर्मी हुने ठाउँ ।

भाम्लो-(ना०) उत्पात ।

भार-(ना०) बोझ; भारी ।

भारजीवी-( ना० ) अर्काको भारी बोकेर पेट पाल्ने व्यक्ति ।

भारत-(ना०) हिन्दुस्थानको संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नाउँ ।

**भारती**–(ना०) सरस्वती ।

**भारदार**–(ना०) उच्च राजकर्मचारी ।

**भारदारी**-(ना०) भारदारको बहस; छलफल ।

**भारतीय**–(वि०) भारतसम्बन्धी; भारतको ।

**भारतेली**–(वि०) भारतीय ।

**भारोपेली**-(वि०) भारतेली-युरोपेली-को छोटकरी रूप ।

**भारा**–(ना०) उपकारको ऋण ।

**भारी**–(ना०) एक मानिसले बोक्न सक्ने बोझ ।

**भारेभुरे**–(वि०) साधारण; चानचुन ।

**भारोभुरो**–(ना०) चानचुन ।

**भार्या**–(ना०) पत्नी ।

**भार्रंभुर्रं**-(क्रि० यो०) चराचुरुङ्गी उड्दा शब्द आउने किसिम ।

**भाला**–(ना०) घोच्ने एक प्रकारको शस्त्र ।

**भालु**-(ना०) एक जातको हिंस्रक बनैयाँ जन्तु ।

**भालुथुने**-(वि०) ठूलठूला स्तन भएकी (आइमाई) ।

**भाले**–(ना०) पुरुष-जातिको प्राणी; मर्द जीव ।

**भालेपोथी**–(ना०) भाले र पोथी; टांक, ढिम्री आदि वस्तु ।

**भाव**–(ना०) विचार; अभिप्राय; सत्ता; अस्तित्व; चेष्टा ।

**भावना**–(ना०) अनुभव र सम्झनाद्वारा उत्पन्न हुने मनको स्थिति; भाव; कल्पना; विचार; ध्यान; प्रेम ।

**भावी**–(ना०) पछि हुने कुरो; हुने-हुनामी । (वि०) भविष्यमा हुने; पछि हुने ।

**भाषण**–(ना०) कुनै सभा-समारोह आदिमा बोलिएको कुरो; वक्तव्य; व्याख्यान ।

**भाषा**–(ना०) बोलेर, लेखेर वा सङ्केतद्वारा व्यक्त गरिने मनको भाव; त्यस्तो भाव व्यक्त गर्ने शब्द-समूह; वाणी; शैली; परिभाषा ।

**भाषातत्त्व**-(ना०) रचना तथा व्याक-रण; भाषाविज्ञान ।

**भाषान्तर**-(ना०) अनुवाद; उल्था ।

**भाषाविज्ञान**–(ना०) भाषासम्बन्धी ध्वनि, उत्पत्ति, प्रक्रिया आदिका विषयमा ज्ञान गराउने विज्ञान ।

**भाषिका**–(ना०) उपभाषा ।

**भाषी**–(वि०) बोल्ने; कहने ।

**भाषे** (वि०) भाषासम्बन्धी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भास–(ना०) सिम; धाप; दलदल ।
भासभुस–(क्रि० यो०) फासफुष ।
भासेभुसे ·(वि०) भारेभुरे ।
भास्नु–(स० क्रि०) गहिऱ्याउनु ।
भिउँट (ना०) माटाको थेप्चो भांडो ।
भिउँटे–(वि०) ठूलो र चेप्टो ।
भिडेखुर्सानी–( ना० ) ठूलो जातको खुर्सानी ।
भिक्षा–(ना०) माग्ने काम; भीख ।
भिक्षापात्र–( ना० ) भिक्षा माग्ने भाँडो ।
भिक्षुक–( ना० ) जोगी, संन्यासी । (वि०) भीख माग्ने ।
भिखारी–(वि०) भीखमङ्गा; गरीव ।
भिज्नु–( अ० क्रि० ) रुझ्नु; पानीमा पर्नु; तन्मय हुनु ।
भित्तो–( ना० ) गाह्रोको पाखो; पर्वतको काख ।
भित्र–(ना० यो०) पस्ने ठाउँ; बाहिरको उल्टो; माझ; बीच ।
भित्रिनी–(ना०) ल्याइते; रखौटी ।
भित्रिया–(वि०) भित्र रहने ।
भित्री–( ना० ) भित्रपट्टिको तह । (वि०) प्रकाश नगरिएको ।
भित्रेनी–(ना०) भित्रिनी ।
भित्र्याउनु–(स० क्रि०) भित्र ल्याउनु; थन्क्याउनु ।
भिनाजु–(ना०) दिदीका पति ।
भिनु–(ना०) नासपाती वा निवुवाको कोया ।
भिन्न–(वि०) अलग; छुट्टा ।
भिराउनु–(स० क्रि०) जिम्मा लाउनु ।
भिरालो–( वि० ) भीर परेको; करालो ।
भिरिङ्गी–( ना० ) एक किसिमको सङ्क्रामक रोग; गर्मी-खटिरो ।
भिर्कौलो–( ना० ) एक किसिमको फल ।
भिर्नु–( स० क्रि० ) धारणा गर्नु; लाउनु ।
भिल्ल–(ना०) एक जङ्गली जाति ।
भीउँसिन–(ना०) भीमसेन ।
भीउँसेनपाती–(ना०) भीमसेनपाती ।
भीक–(ना०) भिक्षा ।
भीखमङ्गा–(ना०) निर्धन; गरीब ।
भीड–(ना०) जमात; हूल ।
भीडभाड–(ना०) हूलमूल; घुइंचो; घचारो ।
भीडाभीड–(ना०) परस्परको भीड; घुइँचो; घन्चमन्च ।
भीत–(ना०) भित्तो छोप्ने वा घाम छेक्ने कपडाको वार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भीम–(वि०) डरलाग्दो; भयङ्कर ।
भीमसेन–(ना०) युधिष्ठिरका भाइ । (वि०) बलवान् ।
भीमसेनपाती–(ना०) एक थरी बोट ।
भीर–(ना०) ठाडो करालो परेको ठाउँ; पहिरो ।
भीषण–(वि०) डरलाग्दो; भयानक ।
भीष्म–(ना०) गङ्गाका गर्भबाट जन्मेका राजा शन्तनुका छोरा ।
भीष्मप्रतिज्ञा–(ना०) भीष्मले गरे-जस्तो कठोर प्रतिज्ञा; कठिन काम गर्ने अठोट ।
भुँडी–(ना०) पेट; उदर; लाद्रो ।
भुँडीफोर–(ना०) खुट्टा हुने एक चरो ।
भुँडीवाल–(वि०) भुँडे ।
भुँडुल्के–(वि०) पुड्को; भुँड्को-जस्तो ।
भुँडुल्को–(ना०) सानो घैंटो । (वि०) भुँडुल्के ।
भुँडे–(वि०) भुँडीवाल; धेरै खाने ।
भुँड्को–(ना०) भुँडुल्को ।
भुँवरी–(ना०) भुमरी ।
भुइँ–(ना०) भूमि; जमीन ।
भुइँकटहर–(ना०) एक खस्रो फल ।
भुइँचालो–(ना०) भूकम्प; भैंचालो ।
भुइँझार (ना०) भइँझार ।
भुइँफुट्टा–(वि०) अरूसित नमिल्ने स्वभावको ।
भुइँभुइँ–(क्रि० यो०) माहुरी, भमरा आदि उड्दा शब्द आउने किसिम ।
भुकभुक–(क्रि० यो०) कुकुर भुक्ने किसिम; मुड्कीले हान्दा शब्द निस्कने किसिम ।
भुकाइ–(ना०) भुक्ने काम वा किसिम ।
भुक्क–(क्रि० यो०) उक्सने, सुनिने र फुल्ने किसिम ।
भुक्तभोगी–(वि०) कुनै कामकुराको अनुभव पाएको; अनुभवी ।
भुक्तमान–(ना०) दुःख; हैरानी; सास्ती ।
भुक्तान–(ना०)) फछ्र्यौट ।
भुक्नु–(स० क्रि०) कुकुर कराउनु; घुक्नु ।
भुक्लुक्क–(क्रि० यो०) एक्कासि लड्ने वा मर्ने किसिम ।
भुङ्ग्रालो–(ना०) ठूलो उपद्रो; उत्पात; आगाको भुङ्ग्रो; भुङ्-रालो ।
भुङ्ग्रे–(ना०) ताप खूब चढेको; भुङ्ग्रोजस्तो; भुङ्ग्रोमा पाकेको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भुङग्रो–(ना०) ज्वालोबिनाको फरिलो आगो; फिलिङ्गाको थुप्रो ।

भुङरालो–(ना०) भुङराको ताप; अकस्मात् परेको फमेला ।

भुच्चुक–(वि०) असभ्य; अधबेस्रो; हुस्सू ।

भुज–(ना०) हात; बाहुली ।

भुजा–(ना०) रेखागणितमा कोण बनाउने सरल रेखा; खट्टे; भात ।

भुजुङ्गो–(ना०) बाराजस्तो ठाडो तामा वा पित्तलको पकाउने भाँडो ।

भुजुरी–(ना०) कोरेंसोमा कोरेको वा मसिनु पारी काटेको मूला, आलु, कुभिन्डो आदिको चाना; तिनैबाट बनेको अचार ।

भुटन–(ना०) तरकारी पकाउने घिउ-तेल ।

भुटभाट–(ना०) भुट्ने काम ।

भुटभुटिनु–(अ० क्रि०) मानसिक चिन्ताले छटपटिनु; पिरिनु ।

भुटभुटी–(ना०) मानसिक चिन्ताले भएको छटपटी; व्याकुलता ।

भुटाइ–(ना०) भुट्ने काम वा किसिम ।

भुटीभाटी–(ना०) राम्ररी भुट्ने काम ।

भुट्टुवा–(वि०) भुटेको; तारेको ।

भुटो–(ना०) फमेला; फन्झट; टन्टा; भाउँटो; फिक्री ।

भुट्नु–(स० क्रि०) मकै, भटमास आदि सुक्खा गरी पकाउनु; अराल्नु; घिउ-तेलमा तार्नु; बन्दूक, तोप आदिद्वारा धेरै मानिस मार्नु ।

भुतभुत–(ना०) रिसले गरिने एकोहोरो गनगन; फतफत । (क्रि० यो०) भुतभुताउने किसिम; भुङग्रो सल्कने किसिम ।

भुतभुताइ-(ना०) भुतभुताउने काम वा किसिम ।

भुतभुताउनु–(अ० क्रि०) रिसको झोकमा एक्लै फतफताउनु; बडबडाउनु ।

भुतभुते–(ना०) भित्रभित्रै रहेको आगो र तातो खरानीको थुप्रो ।

भुतुक्क–(क्रि० यो०) साह्रै थकित हुने किसिम; ठहरै मर्ने किसिम; रिसले चूर हुने किसिम ।

भुतुङ्गो–(वि०) निर्वाङ्ग; नाङ्गो ।

भुतुभुतु–(क्रि० यो०) धमाधम मर्ने किसिम ।

भुतेग्रो–(ना०) भूतजस्तो वस्तु: धेरै दुःख दिने भेडो-बाखो आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भुत्तिनु–(अ० क्रि०) भुत्ते हुनु ।

भुत्ते–( वि० ) धारिलो नभएको; नलाग्ने; मुडिएको ।

भुत्रंसित–( वि० बो० ) बेवास्ता वा उपेक्षामा भनिने शब्द ।

भुत्रो–(वि०) केही न केही; फुस्सा ।

भुत्लावाल–(वि०) लामा-लामा भुत्ला भएको; झ्यापुल्लो ।

भुत्ले–(वि०) भुत्ला भएको; भुत्लावाल ।

भुत्लो–(ना०) रउँ; भुवा; चिल्थो; सानो टुक्रो वा थोरै वस्तु ।

भुत्ल्याइ–(ना०) भुत्ल्याउने काम वा किसिम ।

भुत्ल्याउनु–(स० क्रि०) भुत्ला, रउँ लुछ्नु; जगल्टयाउनु; झुत्र्याउनु; उखेल्नु ।

भुनभुन–( क्रि० यो० ) भँवरा वा माहुरी कराउने किसिम; भुतभुताउने किसिम ।

भुनभुनाइ–(ना०) भुनभुनाउने काम वा किसिम ।

भुनभुनाउनु–( अ० क्रि० ) भुनभुन गर्नु ।

भुनी–( ना० ) सुँगुर वा बनेलको पोथी ।

भुन्टाभुन्टी–(ना०) ससाना केटाकेटीको समुदाय ।

भुन्टे–( ना० ) सानो नानी; भुन्टो बच्चो ।

भुन्टो–(वि०) पुड्को; छोटो कदको ।

भुमरी–( ना० ) हावा वा पानीको चक्कर; भुँवरी ।

भुरा–( ना० ) सानो केटो; ससाना माछा ।

भुराभुरी (ना०) सान्साना केटाकेटी; बालबच्चा; जम्राका बच्चाहरू ।

भुरुक्क–( क्रि० यो० ) जुरुक्क उठ्ने किसिम; एक्कासि उठ्ने किसिम ।

भुरुङ–(ना०) घुमाएर खेलिने एक किसिमको खेलौना । (वि०) डल्ले; पुड्के ।

भुरेभारे–(वि०) चानचुने ।

भुरो–(ना०) केटो; बच्चो ।

भुर्कुट–( ना० ) बेमाख; सर्वनाश; बरबादी ।

भुर्नहत्ते–(ना०) भ्रूणहत्या; कन्कट; झ्याउलो ।

भुर्र–( क्रि० यो० ) चराहरू उड्ने किसिम ।

भुलभुल–( क्रि० यो० ) जमीनबाट पानी उम्रने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भुलभुलाउनु–( अ० क्रि० ) भुलभुल गरेर जमीनबाट पानी निस्कनु ।

भुलभुले–(ना०) थलथले; धाप ।

भुलाइ–(ना०) भुल्ने वा भुलाउने काम ।

भुलाउनु–(स० क्रि०) अलमल्याउनु; छकाउनु ।

भुलुक्क–( क्रि० यो० ) दूध, पानी आदि उम्लने वा एक्कासि निस्कने किसिम ।

भुल्कनु–(अ० क्रि०) भुलुक्क उम्लनु; पानी, रगत आदि थोरथोरै तर वेगले निस्कनु ।

भुल्को–(ना०) दूध, पानी आदिको उमाल; पानी भुलुक्क निस्कने काम वा त्यस्तो ठाउँ ।

भुवन–(ना०) जगत्; संसार; दुनियाँ; चौध लोक ।

भुवा–( ना० ) मसिनु नरम रौं; फूलको नरम रुवा ।

भुवादार–(वि०) भुवैभुवा भएको ।

भुवादारी–( ना० ) भुवाजस्तै धागो उठाई बुनेको लुगा आदि ।

भुस-(ना०) फुस्सा; धान आदिको बाहिरी बोक्रो ।

भुसतिघ्रे–(वि०) ठूलो र नराम्रो तिघ्रा भएको ।

भुसाउरो–(ना०) भुस्सा काट्ने यन्त्र ।

भुसुक्क–(क्रि० यो०) बिर्सने किसिम । (ना०) नाश ।

भुसुनु–(ना०) एक किसिमको कीरो ।

भुसुभुसु–( क्रि० यो० ) सल्कँदै जाने किसिम ।

भुसुल्टिनु–( अ० क्रि० ) निदाउनु; सुत्नु; घुसमुन्टिनु ।

भुस्याहा–(वि०) भुसजस्तै; सार वा खूबी केही नभएको ।

भुस्सा–(ना०) पशुलाई खुवाउन टुक्रा पारी काटेको पराल ।

भुस्सिनु–(अ० क्रि०) बोक्रिनु; ठगिनु; केही पनि नपाउनु ।

भू–(ना०) भूमि; भुइँ; स्थान ।

भूँभूँ–(क्रि० यो०) माहुरी वा भमरा कराउने किसिम ।

भूकम्प–( ना० ) जमीनको हल्लाइ; भुइँचालो ।

भूखण्ड–( ना० ) जमीनको टुक्रो; झमेलाको काम ।

भूगर्भ–(ना०) पृथ्वीको भित्री भाग ।

भूगोल–(ना०) पृथ्वीको परिचय लिने एक विद्या ।

भूचित्र–(ना०) मानचित्र; नक्सा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भूत–(ना०) प्राणी; पृथ्वी; तेज; जल। (वि०) भएको; बितेको।

भूतप्रेत–(ना०) भूत, प्रेत, पिशाच आदिको समूह।

भूपति–(ना०) राजा।

भूमि–(ना०) पृथ्वी; जमीन; आधार; देश।

भूमिका–(ना०) ग्रन्थका आधारमा लेखिएको वक्तव्य; प्राक्कथन; कुनै कामको रूपरेखा वा रचना।

भूरा–(ना०) एक प्रकारको रङ्ग। (वि०) त्यस्तो रङ्गको।

भूल–(ना०) भुल्ने काम; विस्मृति; भ्रम; बिराम; अशुद्धि।

भूलचूक–(ना०) भूल र कसूर; भूलबाट भएको त्रुटि वा दोष।

भूलभुलैया–(ना०) अलमलिने घुमाउरो वा पेचिलो कुनै कामकुरो।

भूषण–(ना०) गहना; शोभा बढाउने पहिरनको वस्तु।

भेउ–(ना०) याद; बोध; साँधी।

भेक–(ना०) छिमेक; ठाउँ।

भेख–(ना०) भेष; पहिरन।

भेट–(ना०) भेट्ने काम; मिलन; भेटी।

भेटघाट–(ना०) भेट्ने काम; समागम।

भेटाइ–(ना०) भेट्ने काम।

भेटी–(ना०) देवता वा पूज्य व्यक्तिलाई चढाइने धन।

भेट्नु–(स० क्रि०) भेट गर्नु; पाउनु; फेला पार्नु। (अ० क्रि०) भेट हुनु; मिल्नु; पुग्नु। (ना०) फलफूल आदिको फेदको डाँठ।

भेडो (ना०) बाक्ला रौंले ढाकिएको प्रसिद्ध घरवाला पशु। पो० भेडी।

भेड्किनु–(अ० क्रि०) काम गर्ने समय बित्न लाग्नु; घर्किनु।

भेड्क्याउनु–(स० क्रि०) समय बिताउनु; ढीलो गर्नु।

भेदभाव–(ना०) भेदको भावना; पनपच्छे।

भेल–(ना०) नदीको प्रवाह; बाढी।

भेला–(ना०) जम्मा हुने काम; बटुलो।

भैं–(ना०) भुइँ।

भैंचम्पा–(ना०) एक फूल वा खेलौना।

भैंचालो–(ना०) भूकम्प।

भैंसी–(ना०) घरपाला प्रसिद्ध पशु।

भैयात–(ना०) बन्धुवर्ग; दाजुभाइ।

भैरव–(ना०) शिवको एक गण; भय; सङ्गीतका ६ रागमध्ये एक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भैलिनी–(ना०) भैलो खेल्ने स्त्री ।

भैले–(ना०) भैलो गाउने वा माग्ने ।

भैलो–(ना०) लक्ष्मीपूजाको राति गाइने एक किसिमको गाथा; त्यस्तो गाथा गाएर माग्ने काम ।

भो–(वि० वा०) अरुचि वा भयो भन्ने बुझाउने शब्द ।

भोक–(ना०) खाने इच्छा; छुद्रे ।

भोकाइ–(ना०) भोकाउने काम वा किसिम ।

भोकाउनु–(अ० क्रि०) भोक लाग्नु; खाने इच्छा हुनु ।

भोको–(वि०) भोकाएको; नखाएको; खान नपाएको ।

भोक्ता–(वि०) भोग गर्ने; भोग्ने ।

भोग–(ना०) सांसारिक दु:खसुखको अनुभव; उपभोग; अधिकार; देवतालाई चढाइएको खानेकुरो ।

भोगचलन–(ना०) भोग्ने र चलन गर्ने काम ।

भोगटे–(ना०) एक किसिमको ठूलो गोलदार फल ।

भोगबन्धक–(ना०) रुपियाँ सापटी दिएका ब्याजको बदलामा साहूले बन्धक राखिएको मालै भोगचलन गर्ने एक किसिमको बन्धक ।

भोगबन्धकी-(वि०) भोगबन्धकमा परेको ।

भोगी–(वि०) भोग गर्ने; खाने; भोजी ।

भोज–(ना०) कुनै उत्सवका उपलक्ष्यमा धेरैले मिलेर खाने भान्सा; भतेर ।

भोजन-(ना०) खानपीन ।

भोजभतेर–(ना०) धेरैले मिली खान पकाइएको भातभान्सा ।

भोट–(ना०) तिब्बत प्रदेश; कुनै कुरा वा व्यक्तिलाई रोज्दा दिइने मत ।

भोटे-(ना०) भोटको निवासी; भोटसम्बन्धी ।

भोटेनून–(ना०) भोटतिरबाट आउने एक किसिमको नून ।

भोटेसेलो–(ना०) भोटे जातिले गाउने लोकगीतको एक लय ।

भोटो–(ना०) दौराका ढाँचाको तर फेर नभएको एक पोशाक ।

भोर–(ना०) हूलमूल । (क्रि० यो०) बिहान; सबेर ।

भोर्ला–(ना०) ठूलठूला पात भएको लहरो ।

भोला–(वि०) सरल स्वभावको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सोक्रो । (ना०) महादेव ।

भोलानाथ–(ना०) शिव, शम्भु ।

भोलाभाला–( वि० ) सीधासाधा; सरल स्वभावको ।

भोलि–(ना०) आउँदो दिन; दोस्रो दिन ।

भौं–(ना०) आँखिभौं ।

भ्याङलुङ–( ना० ) एक जातको लेकाली भेडो ।

भ्याम्या–(क्रि० यो०) भेडाको आवाज आउने किसिम ।

भ्याकुर–( ना० ) एक प्रकारको कन्द ।

भ्यागुते–(ना०) एक प्रकारको रोग ।

भ्यागुतो–( ना० ) टरटर आवाज निकाल्ने एक किसिमको कीरो ।

भ्याटभ्याट–( क्रि० यो० ) चराले पखेटा चलाउँदा शब्द आउने किसिम ।

भ्यातल–( ना० ) धेरै चीज मिलाई बनाइएको गीलो खाना ।

भ्रम–(ना०) भ्रान्ति; दोधार ।

भ्रमण–(ना०) घुमफिर गर्ने काम; यात्रा ।

भ्रष्ट–( वि० ) पतित; दुराचारी; खुस्केको ।

भ्रान्ति–(ना०) दोधार; फकल्को ।

भ्रामरी–(ना०) योगिनीको दशा ।

भ्रूणहत्या–( ना० ) गर्भ नाश गर्ने काम; गर्भे बालकको हत्या ।

भ्वाँक्क–(क्रि० यो०) एक्कासि मोटरको हर्न बज्ने किसिम ।

भ्वाङ–(ना०) ठूलो प्वाल ।

भ्वाङ्ङ–(क्रि० यो०) एकाएक लड्ने वा कुनै ठूलो वस्तु खस्ने किसिम ।

# म

म– देवनागरी वर्णमालाको पच्चीसौं व्यञ्जनवर्ण, उच्चारणस्थान ओष्ठ ।

म–(सर्वना०) उत्तम पुरुष, एकवचनमा प्रयोग हुने शब्द; आफू; स्वयम् ।

मइन–( ना० ) माहुरीका चाकाबाट पाइने नरम चिल्लो पदार्थ; मैन; महको सिट्ठी गाली बनाएको वस्तु ।

मइनकपडा–(ना०) एक किसिमको रोगन लगाइएको पानी नछिर्ने कपडा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**मइनबती**–(ना०) बीचमा धागो हालेर बनाइएको लट्ठीका आकारको मइनको बत्ती ।

**मई**–(ना०) ईसवी वर्षको पाँचौ महीना ।

**मकमकाइ**–(ना०) मकमकाउने काम वा किसिम ।

**मकमकाउनु**–(स० क्रि०) जरो, सर्दी, वात, आदिवाट शिथिल भई दुख्नु ।

**मकमक्याउनु**–(अ० क्रि०) दाँत नहुनेले दनासाले चपाउनु; मक्ल्याकमुक्लुक गरी खानु ।

**मकर**–(ना०) वाह्र राशिमध्ये एक; माघ महीना; माछो; ग्राह ।

**मकरसङ्क्रान्ति**–(ना०) माघे सङ्क्रान्ति; सूर्य उत्तरायण हुने दिन ।

**मकल**–(ना०) आगो राख्ने अटलका छाँटको माटाको भाँडो; अँगेठी ।

**मकाइ**–(ना०) मकाउने काम वा किसिम ।

**मकाउनु**–(अ० क्रि०) माटो, पानी आदिले कुनै वस्तु थोत्रिनु; सड्न लाग्नु; बिग्रनु ।

**मकालु**–(ना०) नेपालको पूर्वोत्तर सिमानामा रहेको कुम्भकर्ण हिमालको एक प्रसिद्ध चुचुरो ।

**मकुनु**–(ना०) दाह्रा नभएको पट्ठो हात्ती ।

**मकुन्डो**–(ना०) नाच्ने मानिसले मुखमा लाउने चेहराका आकारको साधन; मखुन्डो ।

**मकै**–(ना०) घोगा फल्ने एक जातको बोट वा त्यसैको दानादार अन्न ।

**मकैचरी**–(ना०) मकैको ढिंडो मात्र खाई जीविका गर्ने व्यक्ति ।

**मक्ख**–(वि०) लट्ठ; दङ्ग; मस्त ।

**मक्खी**–(ना०) झींगो; माखो; काँक्रो आदि खाँदा अड्को थाप्न लगाइने अंश वा त्यस्तो एक खेल ।

**मक्खीचूस**–(वि०) द्रव्यपिशाच; कन्जूस ।

**मक्ल्याकमुक्लुक**–(क्रि० यो०) मकमक्याउने किसिम ।

**मखन**–(ना०) नौनी; नवनीत ।

**मखमल**–(ना०) एक जातको मोटो रेशमी कपडा ।

**मखमली**–(ना०) एक किसिमको फूल । (वि०) अति नरम ।

**मखुन्डो**-(ना०) सीप नभएको; काम गर्ने ढङ्ग नभएको ।

**मखौरी**–(ना०) लामखुट्टे, झींगाहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



धपाउने चमरजस्तो साधन ।
मगज–( ना० ) दिमाग; मस्तिष्क; गिदी; अक्कल; बुद्धि ।
मगन–(ना०) मग्न ।
मगनमस्त–( वि० ) निस्फिक्रीको; आनन्दी ।
मगनी–(ना०) मागेर ल्याएको चीज; माग्ने काम ।
मगन्ता–( वि० ) माग्ने; याचक; कङ्गाल ।
मगन्ते–( वि० ) मगन्ता; याचक; गरीब ।
मगमग–(क्रि० यो०) बास्ना आउने किसिम ।
मगरात–( ना० ) मगर जातिका मानिस बसेको क्षेत्र ।
मगाइ–( ना० ) माग्ने काम वा किसिम ।
मगाउनु–( स० क्रि० ) मालमत्ता आयात गर्नु; झिकाउनु; माग्न लाउनु ।
मग्न–(वि०) सुखचैनमा लट्ठ ।
मग्नमस्त–(वि०) मगनमस्त ।
मघैया–(ना०) असल जातको पान ।
मङ्गल–( ना० ) भलाइ; कल्याण; हित; सौभाग्य; शुभ शकुन; नवग्रहमध्ये एक प्रसिद्ध ग्रह । (वि०) कल्याणकारी; शुभ लक्षणले युक्त; भलो ।
मङ्गलकर्म–(ना०) कुनै कार्य सम्पन्न होस् भनी गरिने गणेश, सरस्वती आदिको प्रार्थना ।
मङ्गलकारी–( वि० ) मङ्गल गर्ने; कल्याणकारी ।
मङ्गलगान–( ना० ) मङ्गलका अवसरमा गाइने गीत, मङ्गलाचरण ।
मङ्गलाचरण–(ना०) शुभ कार्य थाल्दा पढिने कुनै देवताको स्तुति; ग्रन्थको प्रारम्भमा लेखिने माङ्गलिक श्लोक वा वाक्य ।
मङ्गाल–(ना०) ढलबाट पानी छानी पठाइने खाल्टो ।
मङ्सीर–( ना० ) नेपालीको आठौं महीना; मार्ग ।
मचक्क–( क्रि० यो० ) कुनै ठाउँमा गोडा अड्याएर वा दह्रोसँग टेक्ने किसिम; मच्याक्क ।
मचमच–(क्रि० यो०) राम्ररी टेकेर हिँड्ने किसिम; मचमची ।
मचमची–(क्रि० यो०) मचमच ।
मचान–( वि० ) घाँस, पराल आदि राख्न बनाइएको अग्लो टौवा; ठूलो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अग्लो टाँड ।

**मच्कनु**–( अ० क्रि० ) लाचार हुनु; खुम्चनु ।

**मच्काइ**–( ना० ) मच्कने काम वा किसिम ।

**मच्चनु**–(अ० क्रि०) खूबसित हल्लनु; झुल्नु; तरखराउनु; चौचौ हुनु; झँझगडा चर्कनु; हल्ला चल्नु ।

**मच्चाइ**–(ना०) मच्चने वा मच्चाउने काम ।

**मच्चाउनु**–(स० क्रि०) खूबसित हल्लाउनु; पीङ उफारेर लैजानु; होहल्ला गर्नु; झँझगडा चर्काउनु; चौचौ पार्नु ।

**मच्चामच्ची**–(ना०) परम्परमा मच्चने काम ।

**मच्छर**–(ना०) लामखुट्टे ।

**मछली**–(ना०) माछा । जस्तो– कहाँ जालास् मछली मेरै ढडिया ।

**मछाइनु**–(ना०) एक किसिमको बोट वा त्यसैका काला दाना हुने फल ।

**मच्याकमुचुक**–( क्रि० यो० ) टेकेर खुम्च्याउने किसिम; कच्याककुचुक ।

**मच्याक्क**–(क्रि० यो०) मचक्क ।

**मजदूर**–(ना०) कारखाना आदिमा शारीरिक श्रमको काम गर्ने मान्छे; ज्यामी; कुल्ली ।

**मजदूरी**–( ना० ) ज्याला; पारिश्रमिक; मजदूरको काम ।

**मजबूत**–(वि०) बलियो; शक्तिवान्; पक्का ।

**मजबून**–( ना० ) लेखको सारांश; सार ।

**मजा**–(ना०) आनन्द; रमाइलो । (वि०) राम्रो; बेस ।

**मजाको**–(वि०) मजा लाग्ने; आनन्ददायक ।

**मजाल**–(ना०) ताकत; शक्ति ।

**मजेत्रो**–(ना०) एकसरो पछ्यौरा ।

**मज्जा**–(ना०) नलीहाडभित्रको गीलो पदार्थ; चुरो ( बोट-बिरुवाको ); आनन्द; मजा ।

**मझाइ**–( ना० ) माझने काम वा किसिम ।

**मझुवा**–(वि०) माझिएको; माझिने । (ना०) एकातिर डाँडो जोरिएको दुई खोलाका माझको ठाउँ ।

**मझेरी**–(ना०) घरभित्रको जमीन; छिँडीको भुइँ ।

**मझौला**–(वि०) बीचको; ठिक्कको; न ठूलो न सानो ।

**मञ्च**–(ना०) सभा र कार्यक्रम गरिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वा नाटक आदि प्रदर्शित हुने अग्लो ठाउँ; रङ्गभूमि; सिंहासन; मण्डप।

**मञ्जरी**–(ना०) मुजुरा; पालुवा।

**मञ्जुश्री**–(ना०) एक प्रसिद्ध बौद्ध आचार्य; नेपालको प्रसिद्ध एक देव-स्थल।

**मटकिलो**–(ना०) माटाको ढिस्को। (वि०) माटो मिसिएको; माटाका रङ्गको।

**मटक्क**–(क्रि० यो०) बेसरी निचोर्ने किसिम।

**मटर**–(ना०) ठूलो दाना हुने केराउ।

**मटान**–(ना०) कोठाबाहिरको चोटा।

**मटिलो**–(वि०) खूब माटो भएको; मटचाइलो।

**मटीतेल**–(ना०) बालिने प्रसिद्ध तरल पदार्थ; बाल्ने तेल।

**मट्टी**–(ना०) माटो; मृत्युस्थान।

**मट्टीतेल**–(ना०) मटीतेल।

**मट्ठा**–(ना०) पानीमा दही, बरफ आदि घोलेर बनाइएको पेय पदार्थ; मही।

**मट्याङ्ग्रो**–(ना०) माटाको गुच्चा वा गोली।

**मठ**–(ना०) जोगी-संन्यासीहरू बस्ने ठाउँ; तुलसीको चौकी।

**मठ्याहा**–(वि०) ल्याइतेपट्टिपाट जन्मेको सन्तान; ठिम्मल।

**मडाइ**–(ना०) माड्ने काम वा किसिम।

**मडारिनु**–(अ० क्रि०) आकाशमा घना बादल खेल्नु; मनमा कुरा खेल्नु; भेल उर्लेर बग्नु; डाह हुनु; उम-ठिनु।

**मडुवा**–(वि०) माडेको; पेलेको; दाइँ गरेको। (ना०) एक जातको कोदो।

**मडेउली**–(ना०) बिहेमा बेहुलीका साथी; कल्स्यौलीकी साथी।

**मड्कनु**–(अ० क्रि०) घस्टनु; बिग्रनु।

**मड्किलो**–(वि०) मटकिलो; घस्टि-एको।

**मड्याउनु**–(स० क्रि०) कागत आदि-मा माड लगाई दह्रो पार्नु।

**मड्यौली**–(ना०) मडेउली।

**मढाइ**–(ना०) मढाउने काम वा किसिम।

**मढाउनु**–(स० क्रि०) मढ्न वा मोहोर्न लाउनु।

**मणि**–(ना०) बहुमूल्य चमकदार पत्थर; एक रत्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मण्डप–( ना० ) पूजाघर; मन्दिर; यज्ञ, पुराण आदि लाग्ने छाप्रो ।

मण्डल–(ना०) गोल घेरा; फेट; कुँडुलो; समूह; मण्डली ।

मण्डलाकार–(वि०) मण्डलका आकारको; बाटुलो ढाँचाको; गोलाकार ।

मण्डली–(ना०) सानो समूह; समाज । (वि०) जमातमा सर्वश्रेष्ठ ।

मत–(ना०) विचार; राय; सम्प्रदाय ।

मतगणना–( ना० ) मतगणना गर्ने काम; मतको गन्ती ।

मतदाता–(ना०) मत दिने व्यक्ति ।

मतपत्र–( ना० ) मत दिइनेपत्र; प्रतिनिधि छान्ने टिकट ।

मतभेद–(ना०) मत नमिल्नु; बाङ्गेको राय ।

मतमताइ–(ना०) मतमताउने काम ।

मतमताउनु–( अ० क्रि० ) घमन्डले मात्तिनु; मैंमत्त हुनु ।

मतलब–( ना० ) आशय; प्रयोजन; अभिप्राय ।

मतलबी–( वि० ) स्वार्थी; आफ्नो मतलब साध्ने ।

मतवाली–( ना० ) जाँड-रक्सी खाने जाति ।

मतान्तर–(ना०) अर्कै मत; फरक मत ।

मताप–( ना० ) एकनासको कार्यवाही ।

मतापी–(वि०) सुहाउँदो; बढेचढेको नभएको ।

मति–(ना०) बुद्धि; समझ; ज्ञान ।

मतियार–( वि० ) अरूको खराब मतिमा लाग्ने; सहायता दिने ।

मतियारी–( ना० ) कसैको खराब मतोमा मिल्ने काम; सहायक ।

मतो–( ना० ) सल्लाह; परामर्श; मिल्दो विचार ।

मतोजतो–(ना०) सरसल्लाह; छलफल ।

मत्त–(वि०) मात्तिएको; बौलाहा; घमन्डी ।

मत्ता–(ना०) जवान हात्ती ।

मत्ताउनु–( अ० क्रि० ) मत्त हुनु; बहुलाउनु ।

मत्थर–(वि०) मन्द; सुस्त; मलिन; निस्तेज ।

मत्याइ–(ना०) मत्याउने काम वा किसिम ।

मत्याउनु–(स० क्रि०) पुलपुल्याउनु; उमाल्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मत्याहा–(वि०) मतियार ।

मथन–(ना०) मन्थन; कुरा आदि साध्ने काम; दही मथ्ने काम ।

मथाइ–(ना०) मथ्ने काम वा किसिम ।

मथानु–(स० क्रि०) सार वस्तु निकाल्नु ।

मथिङ्गल–(ना०) गिदी; मस्तिष्क; दिमाग ।

मथेलो–(ना०) मथिएको वस्तु ।

मथ्नु–(स० क्रि०) हुँडल्नु; मन्थन गर्नु; राम्रोसँग अध्ययन वा मनन गर्नु ।

मद–(ना०) घमन्ड; शेखी; मदिरा ।

मदत–(ना०) सहायता; सघाइ ।

मदतगार–(वि०) मदत दिने; सहायक; साथी; मतियार ।

मदती–(वि०) मदत दिने ।

मदमत्त–(वि०) धनजनका नशाले मात्तिएको; मैंमत्त ।

मदिरा–(ना०) रक्सी; ट्वाँट ।

मदिसे–(वि०) मधेसमा बस्ने; मधेसको ।

मध्दे–(ना० यो०) मध्ये ।

मधानी–(ना०) दही मथ्ने साधन ।

मधाने–(वि०) ठूलो; चाक्लो ।

मधु–(ना०) मह; अमृत; गुलियो मदिरा ।

मधुपर्क–(ना०) मह, घिउ, चिनी, जल मिलाएर बनाइएको देवता आदिलाई चढाइने पदार्थ ।

मधुर–(ना०) मीठो; स्वादिष्ट; कोमल; सुन्दा आनन्द लाग्ने ।

मधुरता–(ना०) मधुर हुनाको भाव ।

मधुरो–(वि०) हल्का किसिमको; मत्थर; मीठो ।

मधौरु–(वि०) अस्वस्थ; रोगी; बिरामी ।

मध्य–(ना०) अन्तर; बीच; माझ ।

मध्यम–(वि०) मझौला; बीचको ।

मध्यस्थ–(वि०) कसैको पक्षमा नलाग्ने; तटस्थ ।

मध्याह्न–(ना०) दिनको माझ; आधा दिनको समय ।

मध्ये–(ना० यो०) मध्दे; धेरैको बीचमा ।

मन–(ना०) चित्त; हृदय ।

मनकल्थे–(ना०) मनमा कथेको; मनगढन्त ।

मनकान्छे–(ना०) मनको धोको; मनोरथ ।

मनकामना–(ना०) मनको धोको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मनकाञ्छे; नेपालको गोरखा जिल्लामा रहेकी एक प्रसिद्ध देवी।

**मनकारी**–(वि०) उदार मन भएको; फुक्का दिलको।

**मनगढन्त**–(वि०) मनले कथेको; कपोलकल्पित।

**मनग्गे**–(वि०) धेरै; प्रशस्त; मनले चिताएजति।

**मनग्य**–(वि०) मनग्गे।

**मनचिन्ते**–(वि०) काल्पनिक; मनले चिताएको; इच्छामाफिकको।

**मनतातो**–(वि०) अलिअलि तातो; थोरै तातो।

**मनन**–(ना०) सोच्ने काम; ध्यान; विचार।

**मनपरी**–(क्रि० यो०) जथाभावी; मनपर्दो।

**मनपर्दी**–(क्रि० यो०) मनपरी।

**मनपर्दो**–(वि०) मनमिल्दो; मनले चाहेजस्तो; प्यारो।

**मनपेट**–(ना०) भित्री अभिलाषा; बूझ।

**मनभोग**-(ना०) हलुवा।

**मनमानी**–(ना० यो०) मनपरी; जथाभावी।

**मनमोज** (ना०) मनमाफिकको सुख। (वि०) मनले चिताएजस्तो।

**मनलागी**–(क्रि० यो०) मनपरी; मनपर्दी।

**मनसाय**–(ना०) अभिप्राय; इच्छा।

**मनसुबा**–(ना०) इच्छा; मनसाय।

**मनस्वी**–(वि०) मनकारी; बुद्धिमान्; ठूलो विचारको।

**मनाई** (ना०) रोक्का; मनाही।

**मनाउनु**–(स० क्रि०) फकाइफुलाइ गर्नु, खुशी पार्नु; सम्झाउनु; हातमा लिनु; खुशी वा शोक मनाउनु।

**मनाक**–(अव्य०) थोरै मात्रामा; बडै।

**मनासलु**–(ना०) नेपालको ८१५७ मीटर अग्लो एउटा हिमाली चुचुरो।

**मनासिब**- (वि०) ठीक, उचित।

**मनाही**–(ना०) मनाई।

**मनि**–(ना० यो०) तल; पींध।

**मनिमनि**-(ना०) भेडा-बाखालाई बोलाउने शब्द।

**मनुवा**–(ना०) मानिस; मान्छे।

**मनुष्य**–(ना०) मानव; मानिस।

**मनुष्यता**–(ना०) मनुष्य हुनाको भाव; मानवता।

**मने**–(ना०) केटाकेटीको बोलीमा भेडाबाखा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**मनोनयन**–( ना० ) आफ्नै इच्छाले नियुक्त गर्नु ; चुन्नु ।

**मनोनीत**–(वि०) नियुक्तिका निम्ति छानिएको; रोजिएको; चुनिएको ।

**मनोभाव**–(ना०) मनको भाव; अभिप्राय ।

**मनोमान**–(ना०) मनले मान्ने काम; मन्जूरी । (क्रि० यो०) राजीखुशीसँग ।

**मनोरञ्जक**–(वि०) मन प्रसन्न पार्ने; खुशी तुल्याउने ।

**मनोरञ्जन**–( ना० ) मन वहलाउने काम ।

**मनोरथ**–(ना०) इच्छा; कामना ।

**मनोरम**–(वि०) मनलाई रमाउने; सुन्दर ।

**मनोविज्ञान**–(ना०) मनको वृत्ति वा विचारको विवेचना गरिएको शास्त्र ।

**मनोवृत्ति**–( ना० ) मनको वृत्ति; मनमा उठ्ने भावना वा आवेग ।

**मनोवैज्ञानिक**–( वि० ) मनोविज्ञानसम्बन्धी; मनोविज्ञानको ।

**मनोव्यथा**–( ना० ) मनको ताप; जिन्ता ।

**मनोहर**–( वि० ) मन लोभ्याउने; साह्रै राम्रो; अति सुन्दर ।

**मन्छनु**–(स० क्रि०) भूत-प्रेत आदिका निम्ति दोबाटामा बलि दिनु; मन्सनु; पन्साउनु ।

**मन्छाइ**( ना० ) मन्छने काम वा किसिम ।

**मन्जन**–(ना०) दाँत माझ्ने धूलो वा लेदो पदार्थ ।

**मन्जूर**–(ना०) स्वीकृति; अनुमति । (वि०) साबित; स्वीकार गरिएको ।

**मन्जूरनामा**–(ना०) मन्जूर भै लेखिदिएको कागत ।

**मन्जूरी**–(ना०) साबिती ।

**मन्टो**–(ना०) मुन्टो ।

**मन्डी**–(ना०) खस्रो खालको ऊनी ओढ्ने; धुस्सा; एक किसिमको साँघुरो प्रान्त ।

**मन्तर**–(ना०) मन्त्र ।

**मन्तर्नु**– (स० क्रि०) मन्त्रनु ।

**मन्त्र**–( ना० ) गुप्त कुरो; वैदिक ऋचा; बीज अक्षर ।

**मन्त्रणा**–(ना०) सल्लाह; परामर्श ।

**मन्त्रनु**–(ना०) मन्त्र प्रयोग गर्नु; सल्लाह गर्नु; कुरो सिकाउनु ।

**मन्तव्य** -(ना०) मत; राय; विचार ।

**मन्त्रालय**-(ना०) मन्त्री बसेर काम गर्ने घर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मन्त्रिणी–(ना०) स्त्री मन्त्री; सल्लाह दिने स्त्री; मन्त्रीको पोथीरूप।

मन्त्री–(ना०) सल्लाह दिने व्यक्ति; कुनै विभागको सञ्चालन गर्ने प्रधान अधिकारी; सचिव।

मन्थन–(ना०) मथ्ने र मिसाउने काम; रयालाइ।

मन्द–(वि०) ढीलो; मत्थर; जुम्सो; मूर्ख।

मन्दिर–(ना०) देवालय; मण्डप।

मन्सनु–(स० क्रि०) मन्छनु।

मन्साइ–(ना०) मन्सने काम।

मपाईं–(ना०) घमन्ड; अहङ्कार।

मफत–(क्रि० यो०) व्यर्थ; सित्तैं।

ममता–(ना०) आफ्नो सम्झनाको भाव; माया; अनुराग; मपाईं।

मयलपोश–(ना०) लबेदा-सुरुवाल।

मयूर–(ना०) मुजूर।

मरक्क–(क्रि० यो०) मर्कने वा मर्काउने किसिम।

मरण–(ना०) मृत्यु।

मरन्च्याँसे–(वि०) साह्रै कुब्लो।

मरमर–(क्रि० यो०) कुनै वस्तु कुल्चँदा खाँदा वा हावाले आवाज निस्कने किसिम।

मरमर्मत–(ना०) मर्मत गरी सद्दे पार्नु।

मरमसला–(ना०) मसलाहरूको समूह।

मरमोलाहिजा–(ना०) नेहोरा; मोलाहिजा।

मरम्मत–(ना०) सुधार गर्ने काम; मर्मत।

मराइ–(ना०) मर्ने काम वा किसिम।

मरीच–(ना०) एक किसिमको मसला।

मरीमरी–(क्रि० यो०) मरिएलाजस्तो दुःख गरेर।

मरुभूमि–(ना०) पानी नभएको बलौटे जमीन।

मरुवा–(वि०) मरेर खाली हुन आएको; मरेर जाने।

मरौटे–(वि०) मर्ने रोग।

मर्कनु–(अ० क्रि०) निमठिनु; बटारिनु।

मर्का–(ना०) भित्री वेदना; मर्म; खति; बाधा।

मर्काइ–(ना०) मर्काउने काम वा किसिम।

मर्काउनु–(स० क्रि०) टेढ्याउनु; भाँचिएलाजस्तो पार्नु; बटार्नु आङ; तान्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**मर्चा**–( ना० ) जाँड बनाउने एक किसिमको मसला ।

**मर्जी**–(ना०) आज्ञा; भनाइ ।

**मर्द**–(ना०) पुरुष; भाले । (वि०) बहादुर ।

**मर्दन**–(ना०) माड्ने वा धुल्याउने काम ।

**मर्दाना**–(वि०) पुरुष योग्य; लोग्ने-मान्छेलाई सुहाउने ।

**मर्नु**–(अ० क्रि०) प्राण त्याग गर्नु; काममा मरिमेट्नु; लाजले भुतुक्क हुनु; वैलाउनु; खेलमा हारेर अलग हुनु; मन नपरी आउनु वा जानु ।

**मर्म**–(ना०) भित्री वेदना; मर्का; रहस्य; तात्पर्य ।

**मर्मत**–(ना०) मरम्मत ।

**मर्माहत**– (वि०) ठूलो चोट लागेको ।

**मऱ्याकमुरुक**–( क्रि० यो० ) भाँच्ने, चपाउने वा दोब्र्याउने किसिम ।

**मऱ्याक्क**–(क्रि० यो०) चपाउने वा मर्कने किसिम ।

**मर्यादा**–(ना०) सीमा; रीतिस्थिति; नियम; आचरण; मान ।

**मर्लान्त**–(वि०) मरणान्त; मर्ने अव-स्थामा पुगेको; लत्र्याँस्स ।

**मल**–(ना०) मयल; मैल; विष्टा ।

**मलद्वार**–(ना०) गुदद्वार ।

**मलम**–(ना०) घाउ-खटिरामा लाउने लेप ।

**मलमल**–( ना० ) एक किसिमको कपडा ।

**मलमास**–(ना०) पुरुषोत्तम महीना ।

**मलसाँप्रो**–(ना०) फ्याउरोजस्तो एक जातको जन्तु ।

**मलाइ**–( ना० ) मल्ने काम वा किसिम ।

**मलाई**–(ना०) दूधको तर ।

**मलाम**-(ना०) मुर्दा जलाउन लैजाने काम; शवयात्रा ।

**मलामी**–(ना०) मलाम जाने व्यक्ति ।

**मलाहा**-(ना०) माझी ।

**मलिन**–( वि० ) तेजविनाको; फूर्ति नभएको ।

**मलिलो**–( वि० ) मल भएको; खूब उब्जा हुने ।

**मलुक्को**–(वि०) धार कडा नभएको (हतियार) ।

**मलुवा**–( वि० ) हल्का स्वादको; मलेको; माझिएको ।

**मलेदा**–(ना०) एक किसिमको ऊनी बर्को ।

**मलेवा**–(ना०) एक जातको परेवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मलौटो–(वि०) एक्लो; ठिङ्गो ।
मल्को–(ना०) फाइदा हुने कामकुरो; प्राप्ति हुने ठाउँ ।
मल्नु–( स० क्रि० ) मालिस गर्नु; जीउ वा गोडा मिच्नु; माञ्नु; मुछ्नु ।
मल्याकमिलिक–(क्रि० यो०) आकाशमा बिजुली चम्कने किसिम ।
मल्ल–(वि०) जोधाहा; पहलमान ।
मल्लविद्या–(ना०) पहलवानी विद्या ।
मशहूर–(वि०) प्रख्यात; महसूर ।
मशाल–(ना०) चिराक ।
मसक्क–( क्रि० यो० ) मस्कने वा लजाउने किसिम ।
मसलन्द–(ना०) अड्डाखानामा लेखपढ र फुटकर कामका निम्तिको खर्च ।
मसला–( ना० ) सुकाएका काजू, पेस्ता आदि फलहरू; तरकारी स्वादिष्ट पार्न मिलाइने पदार्थ; रासायनिक वस्तुको मिश्रण; ब्याटरी; एक जातको सुगन्धी फूल ।
मसाङ्ग्रिनु–( अ० क्रि० ) कम हुनु; मत्थर हुनु; चाउरिनु ।
मसान–(ना०) मुर्दा जलाउने ठाउँ; चिहान ।
मसाने–(ना०) एक किसिमको नजाती खटिरो । (वि०) मसानमा वस्ने ।
मसान्त–(ना०) महीनाको आखिरी दिन ।
मसिनी–(वि०) मसिनो स्वरले बोल्ने (स्त्री) । मसी हाल्ने भाँडो; मसीदानी ।
मसिनो (वि०) नरम; मिहिन ।
मसिन्याउनु–( स० क्रि० ) मसिनो पार्नु ।
मसीदानी–(ना०) मसीको भाँडो ।
मसौदा–(ना०) पछि छाँटछुँट गरिने लेख; खेस्रा ।
मस्कनु–(अ० क्रि०) टन्कनु; कसिनु ।
मस्काइ–(ना०) मस्काउने काम वा किसिम ।
मस्काउनु–(स० क्रि०) कसेर बाँध्नु; ढिडो ओडाल्नु; भाँडा सफा गर्नु ।
मस्त–(वि०) यौवनपूर्ण; तृप्त ।
मस्तक–(ना०) शिर; टाउको ।
मस्तराम–(वि०) धनजनको नशाले मस्त ।
मस्तिष्क–( ना० ) गिदी; मगज; विचार; बुद्धि ।
मस्ती–(ना०) मात; घमन्ड; फूर्ति ।
मस्तूल–(ना०) डुङ्गामा जडेको पाल बाँध्ने लट्ठा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मस्याइलो–(वि०) लेसाइलो; लस्सादार ।

मस्याङ–(ना०) एक जातको दाल ।

मस्यौटो–( ना० ) भिजाएको मास पिँधेको लेदो ।

मस्यौरा–(ना०) भिजाएको मास दलेपछि कर्कलो आदि मिलाई बनाएर सुकाइएको तरकारी खाइने डल्ला ।

महँगी–(ना०) महँगी भएको समय; महँगोपन ।

महँगो–(वि०) बढ्ता मोलको; धेरै पैसा पर्ने; चर्को ।

मह–(ना०) माहुरीले फूलको रसबाट चाकामा जम्मा गर्ने गुलियो तरल पदार्थ; मधु ।

महक–( ना० ) फूलहरूको सुवास; बास्ना ।

महकाउनु–(अ० क्रि०) महक आउनु; बास्ना आउनु ।

महतारी–(ना०) आमा; माता ।

महत्तम–(वि०) सबभन्दा ठूलो ।

महत्ता–(ना०) महत्त्व ।

महत्त्व–(ना०) श्रेष्ठता; विशालता; महत्ता; ठूलो हुनाको भाव; बडप्पन्न ।

महत्त्वपूर्ण-( वि० ) विशेष महत्त्व भएको; बढी प्रभावकारी वा उपयोगी ।

महन्त–(ना०) साधु-समाज वा मठका प्रमुख ।

महर्षि–(ना०) ठूलो ऋषि ।

महल–( ना० ) दरबार; प्रासाद; खण्ड; क्रम ।

महसूर ( वि० ) बदमाश; धूर्त; नडराउने; निपुण ।

महसूल–(ना०) कर; भाडा; दस्तूर ।

महा–(ना०) शब्दको अगाडि लागेर 'ठूलो' वा 'महान्' को अर्थ बुझाउने शब्द । जस्तो– महाकवि, महाकाव्य, महादेश, महाद्वीप, महानदी, महापुरुष, महामन्त्री, महायुद्ध, महाशक्ति, महासागर आदि ।

महाकाली–(ना०) दुर्गाको एक रूप; नेपालको पश्चिमी सिमानामा बग्ने एउटा नदी ।

महाजन–(ना०) श्रेष्ठ पुरुष; धनी व्यक्ति; व्यापारी ।

महाजनी–(ना०) महाजनको पेशा वा व्यवसाय ।

महात्मा–(ना०) साधु; सन्त; सिद्ध पुरुष; महापुरुष ।

महादेव–(ना०) शिव; शङ्कर ।

महादेवी–( ना० ) दुर्गा; पार्वती;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



महारानी ।

**महानता**–(ना०) महान् हुनाको भाव; महत्ता ।

**महानुभाव**–(वि०) ठूलो वा उदार विचार भएको ।

**महाने**–(ना०) मातहती सिपाही ।

**महाभारत**–(ना०) कौरव र पाण्डवको युद्धका साथै त्यस बेलाको सभ्यता र राजनीतिको वर्णन भएको पुराणप्रसिद्ध एक संस्कृतग्रन्थ; महायुद्ध; साह्रै ठूलो परिश्रम; नेपालको पूर्व पश्चिम पसारिएको हिमालयभन्दा होचो पर्वत-शृङ्खला ।

**महामहिम**–(वि०) ठूलो महिमा भएको (विशेष गरी मन्त्री, राजदूत आदिलाई सम्मानपूर्वक प्रयोग गरिने शब्द) ।

**महामात्य**–(ना०) प्रधान मन्त्री ।

**महामाया**–(ना०) देवी; दुर्गा; प्रकृति ।

**महामारी**–(ना०) सङ्क्रामक रोग (हैजा, शीतला, प्लेग आदि); भीडाभीड ।

**महारथी**–(ना०) प्रधान सेनापति ।

**महाराज**–(ना०) ठूला राजा; राजा; साधु-संन्यासी, गुरु र राजालाई भन्ने मानको बोली ।

**महाराजाधिराज**–(ना०) सबभन्दा ठूला राजा; बादशाह ।

**महाराज्ञी**–(ना०) महारानी; पट्टरानी ।

**महालङ्गुर**–(ना०) काठमाडौंदेखि पूर्वपट्टि पर्ने हिमालको एक शृङ्खला ।

**महारोग**–(ना०) कुष्ट रोग; कोर ।

**महारोगी**–(वि०) महारोग भएको ।

**महाशय**–(वि०) भलादमी; महानुभाव । (ना०) उच्च विचारको व्यक्ति; सज्जन ।

**महिमा**–(ना०) माहात्म्य; ख्याति; प्रशंसा; प्रभाव ।

**महिला**–(ना०) स्त्री-जाति; नारी; आइमाई ।

**मही**–(ना०) दही मथेर नौनी झिकी बचेको तरल पदार्थ ।

**महीना**–(ना०) मैह्ना; मास ।

**महीनावारी**–(ना०) महीनामा चाहिने वस्तु; तलब । (वि०) हरेक महीनाको ।

**महीन्द्रमल्ल**–(ना०) महीन्द्र मल्लले छापेको मोहर; नेपाली रुपियाँ (मोहर वा डबल) ।

**महुवा**–(ना०) एक किसिमको रुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वा त्यसको फल ।

**महेश्वर**–(ना०) शिव; परमेश्वर ।

**महोदय**–(वि०) मान्य जनलाई गरिने आदरवाची सम्बोधन; महाशय ।

**माइजू**–(ना०) मामाकी पत्नी ।

**माइत**–(ना०) विवाहिता स्त्रीका बाबु-आमाको घर; माइतीको घर ।

**माइती**–(ना०) विवाहिता छोरी-चेलीको पितृकुल ।

**माइल**–(ना०) मील ।

**माई**–(ना०) देवी; जोगिनी; माता ।

**माउसुली**–(ना०) छेपारोजस्तो एक कीरो ।

**माउ**–(ना०) पोथी पशु वा वनजन्तु । (वि०) मुख्य; श्रेष्ठ; ठालु ।

**माकुरो**–(ना०) एक जातको आठ-खुट्टे कीरो ।

**माखेसाङ्लो**–(ना०) एक किसिमको साङ्ली परेको यन्त्र; फुकाउन नसकिने मेसो वा रहस्य; जटिल समस्या ।

**माखो**–(ना०) झींगा; नाकमा लाउने एक किसिमको गहना ।

**माग**–(ना०) माग्ने काम; कुनै कुराको चाहना वा आवश्यकता; हकले नै मागिएको कुरो ।

**मागढोल**–(ना०) डुलेर जे पाए पनि माग्ने काम ।

**मागल**–(ना०) शुभ गीत ।

**माग्नु**–(स० क्रि०) माग गर्नु; हात थापी पाऊँ भन्नु; प्रार्थना गर्नु ।

**माग्ने**–(वि०) मागेर पेट पाल्ने; मगन्ते; भिखारी ।

**माघ**–(ना०) नेपालीको दसौं महीना; पौषभन्दा पछिको महीना ।

**माघे**–(ना०) माघ महीनाको ।

**माच**–(ना०) घाँस, पराल राख्न बनाइएको टौवा ।

**माछाकाँडे**–(वि०) माछाको काँडाजस्तो भएको ।

**माछापुछ्रे**–(ना०) गण्डकी अञ्चलमा पर्ने पोखरादेखि उत्तरको प्रसिद्ध हिमाली चुचुरो । (वि०) माछाको पुच्छरजस्तो ।

**माछाबुट्टे**–(ना०) माछाका बुट्टाजस्तो वा आकार भएको ।

**माछो**–(ना०) प्रसिद्ध जलजन्तु; मत्स्य ।

**माझ**–(ना०) बीच; अन्तर ।

**माझा**–(ना०) काँच, सरेसको धूलो आदि मसला; मादा ।

**माझामाझी**–(ना० यो०) बीचोबीच ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**माझी**–(ना०) डुङ्गा खियाउने एक जाति; मलाहा । (वि०) बीचको; माझको । जस्तो– माझीआँलो, माझी-घरे ।

**माझ्नु**–(स० क्रि०) भाँडा सफा गर्नु; पखाल्नु; चहक्याउनु ।

**माटी**–(ना०) मट्टी; माटो ।

**माटीकोरे**–(ना०) खेतीपाती गरेर पेट पाल्ने व्यक्ति; किसान ।

**माटे**–(वि०) माटोसम्बन्धी; माटो वा हिलाको काम गर्ने; माटो खाने ।

**माटो**–(ना०) प्रसिद्ध पार्थिव पदार्थ; मृत्तिका ।

**माड**–(ना०) भात पकाउँदा निस्कने चिल्लो र बाक्लो झोल; कागत आदि टाँस्ने मैदा आदिको लेदो; रोगीले खाने झोले ।

**माडमुड**–(ना०) वेसरी माड्ने काम ।

**माडा**–(ना०) लप्सी वा आँपको गुदी माड बनाई सुकाएको खानेकुरो ।

**माडी**–(ना०) फराकिलो समथर फाँट ।

**माडो**–(ना०) बिवाह आदिको यज्ञ-मण्डप ।

**माणिक्**–(ना०) एक मणि वा रत्न ।

**मात**–(ना०) मद; अम्मल; घमन्ड (धन, मान, यौवन आदिको) ।

**मातहत**–(ना०) अख्तियार; तालुक; इलाका; अधीन ।

**माता**–(ना०) आमा; महतारी ।

**मातामह**–(ना०) आमाको बाबु ।

**मातृभाषा**–(ना०) आमाले काखैदेखि सिकाएको भाषा; आफ्ना जाति वा देशको भाषा ।

**मात्तिनु**–(अ० क्रि०) मात चढ्नु; पात्तिनु; निहुँ खोज्नु ।

**मात्तै**–(क्रि० यो०) मात्र नै; केवल ।

**मात्र**–(क्रि० यो०) केवल; खालि; मात्तै ।

**मात्रा**–(ना०) परिमाण; व्यञ्जन-वर्णमा लाग्ने स्वरसङ्केतको चिह्न ।

**माथ**–(ना०) शिर; विजय; परास्त ।

**माथवर**–(वि०) भरपर्दो; पत्यार-लाग्दो; पूँजीवाल; भलादमी ।

**माथा**–(ना०) शिर; टाउको; माथ ।

**माथि**–(ना० यो०) उँभो; उपर । (ना०) चोटो; थप ।

**माथिल्लो**–(क्रि० यो०) उपल्लो ।

**माद**–(ना०) मद्य; नशा; घमन्ड ।

**मादक**–(वि०) नशादार; बेहोश पार्ने ।

**मादल**–(ना०) एक किसिमको प्रसिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



नेपाली ताल-बाजा ।

मादले–(वि०) मादलजस्तो; मादल बजाउने ।

मादा–(ना०) हात्तीका पिठ्यूँमा पछाडि पछुवा अडिन कसेको डोरी; माक्रा ।

माधुर्य–(ना०) मधुरता ।

माध्यमिक–(वि०) मध्यको; बीचको ।

मान–(ना०) आदर; सम्मान; नाप-जोख ।

मानचित्र–(ना०) नक्शा; भूचित्र ।

माननीय–(वि०) मान गर्न योग्य ।

मानभाउ–(ना०) मान र कदर; शिष्टाचार ।

मानमनितो–(ना०) मानभाउ ।

मानव–(ना०) मानिस; मनुष्य ।

मानवीय–(वि०) मानवसम्बन्धी ।

मानस–(ना०) मन; हृदय ।

मानसिक (वि०) मनसम्बन्धी; मनको ।

मानाचामल–(ना०) पेटिया; जीवन-वृत्तिका निम्ति दिने रकम वा जग्गा-जमीन ।

मानिता–(ना०) मानभाउ ।

मानिस–(ना०) मान्छे; मनुष्य ।

मानु–(ना०) अनाज भर्ने एक किसिमको भाँडो ।

मानुमुठी–(ना०) दुई-चार मुठी ।

मानूँ–(संयो०) जस्तो; सादृश्य ।

माने–(ना०) अर्थ; मतलब । (वि०) एक माना परिमाणको ।

मान्छे–(ना०) मनुष्य; मानिस ।

मान्द्रिलो–(ना०) मान्द्रोका आकारको ।

मान्द्री–(ना०) सानो मान्द्रो ।

मान्द्रे–(वि०) मान्द्रोजस्तो ।

मान्द्रेमेसो–(ना०) मान्द्राको जस्तो क्रम; ताँती; पालो ।

मान्द्रो–(ना०) बाँसका चोयाले बनेको भकारीजस्तो वस्तु ।

मान्नु–(स० क्रि०) मान गर्नु; सकार्नु; पुज्नु; टेर्नु; पत्याउनु; चाडपर्व मनाउनु ।

मान्य–(वि०) पूज्य; मान्नुपर्ने ।

माप–(ना०) परिमाण; नापो ।

मापाको (वि०) कडा स्वभावको; कडङ्गी ।

माफ–(ना०) क्षमा; मिनाहा ।

माफिक–(ना० यो०) अनुसार; बमोजिम ।

माफी (वि०) माफ भएको; तिरो-भरो नलाग्ने । (ना०) मुक्त गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



काम; मिनाहा ।

**माम**–( ना० ) कैटाकेटीको बोलीमा भात ।

**मामलो**–(ना०) काम-कारवाई ।

**मामा**–( ना० ) आमाका दाजु वा भाइ ।

**मामिला**–(ना०) झगडा; मुद्दा ।

**मामूली**–(वि०) साधारण; सामान्य ।

**माम्री**–(ना०) भात, ढिडो पकाउँदा भाँडामा टाँसिएको पाप्रो ।

**माया**-(ना०) प्रेम; स्नेह; छल; निहुँ; धन; लक्ष्मी; लीला ।

**मायाजाल**–(ना०) जन्जाल ।

**मायामोह**–(ना०) माया र मोह ।

**मार**–( ना० ) मार्ने काम; चोट; हप्की ।

**मारकाट**–(ना०) मार्ने र काट्ने काम; काटमार ।

**मारपीट**–( ना० ) मारमुङ्ग्री; मारकाट ।

**मारमुङ्ग्री**–(ना०) मारपीट; मारामार ।

**मारामार**- (ना०) मार्ने वा पिटापिट गर्ने काम । ( वि० ) भरपूर; चाहिँदो ।

**मारीमेट्टी**–( ना० ) छिनाफाना; फछर्चौट ।

**मारुनी**–(ना०) स्त्रीको भेषमा डम्फुको तालमा नाच्ने र गाउने नट ।

**मार्ग**-(ना०) समुदाय; बाटो ।

**मार्गशीर्ष**-(ना०) मङसीर महीना ।

**मार्च**- ( ना० ) ईसवी सन्को तेस्रो महीना ।

**मार्जन**–(ना०) सेचन; छर्कनु; शुद्ध गर्नु ।

**मार्तोल**-(ना०) पेच कीला कस्ने एक औजार ।

**मार्नु**–(स० क्रि०) ज्यान लिनु; हत्या गर्नु; हड्प्नु; शोधन गर्नु; लज्जित पार्नु; जित्नु ।

**मार्फत**–(ना०) द्वारा; बाट ।

**मार्बल**–(ना०) सिङ्गमरमर ।

**माल**–(ना०) वस्तु; गाईका घाँटीको छालाको लुर्को; पोत तिर्ने अड्डा; असल खालको गाँजा ।

**मालचरी**–(ना०) कन्याङकुरुङ चरा ।

**मालताल**–(ना०) मालमत्ता ।

**मालती**–(ना०) एक जातको फूल ।

**मालदह**–(ना०) एक जातको आँप ।

**मालदाम्लो**-(ना०) दाइँ गर्दा सबै गोरु एउटैमा बाँध्ने दाम्लो ।

**मालपुवा**–( ना० ) एक किसिमको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रोटी ।

**मालभोग**–( ना० ) असल जातको केरा ।

**मालमत्ता**–(ना०) मालसामान; मालताल ।

**मालश्री**–(ना०) सङ्गीतको एक राग ।

**माला**–(ना०) हार; लहर वा समूह ।

**मालामाल**–( वि० ) सम्पन्न; धनधान्यले पूर्ण ।

**मालिक**–(ना०) स्वामी; नायक ।

**मालिङ्गो**–( ना० ) बलियो जातको निगालो ।

**मालिस**–(ना०) तेल, औषधी आदि घस्ने काम ।

**मालो**–(वि०) मालवाल । (ना०) फूल र मालाको काम गर्ने व्यक्ति; बगैंचे । पो० मालिनी ।

**माले**–(वि०) मालावाल; छिरबिरे ।

**मावल**–( ना० ) मामाको घर; मावली ।

**मावली**–(ना०) मामासम्बन्धी बन्धु वर्ग ।

**मास**–(ना०) दाल खाइने एक प्रकारको अन्न; महीना ।

**मासतमाम**–(ना०) स्रेस्तामा महीनाभरको काम ।

**मासा**–(ना०) आठ वा दस रतीको तौल ।

**मासिक**–( वि० ) महीनाभरको । (ना०) मृत व्यक्तिका नाममा महीनैपिच्छे गर्ने कार्य ।

**मासी**–( ना० ) नलीहाडभित्र हुने बोसोजस्तो पदार्थ ।

**मासु**–(ना०) प्राणीको शरीरमा हुने हाडछालाका बीचको नरम पदार्थ ।

**मास्केवारी**–( ना० ) महीनाभरको कामको फाँटवारी ।

**मास्टर**–( ना० ) अंग्रेजी ढाँचाका विद्यालयको शिक्षक; सङ्गीतकार, सूचीकार आदिलाई भन्ने मानको शब्द ।

**मास्टरी**–(ना०) मास्टरको काम वा पेशा ।

**मास्तिर**–( ना० ) माथितिर; उँभोतिर ।

**मास्नु**–(स० क्रि०) खर्च गर्नु; सटही गर्नु; नष्ट गर्नु; मार्नु ।

**माहात्म्य**–(ना०) महिमा; महत्त्व; गौरव; धार्मिक कार्यको गुणगान वा त्यस्तो ग्रन्थ ।

**माहिलो**–(वि०) दाजुभाइमा दोस्रो; जेठोभन्दा मनिको । पो० माहिली ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**माहुते**–(ना०) हात्ती हाँक्ने मानिस ।

**माहुर**–(ना०) एक प्रकारको रङ्ग; विवाहमा पुरोहितले वरवधूलाई लेखेर दिने आशीर्वादपत्र; दुलहा-दुलहीले जग्गेमा परस्पर खुवाउने खानेकुरो; मधुपर्क ।

**मिचमाच**–(ना०) जसरीतसरी मिच्ने काम ।

**मिचाइ**–(ना०) मिच्ने काम वा किसिम ।

**मिचामिच**–(ना०) परस्परको मिचाइ ।

**मिचाहा**–(वि०) मिच्ने स्वभावको; पेलाहा; भनेको नटेर्ने ।

**मिचो**–(ना०) घुइँचो; कामको भीड ।

**मिजास**–(ना०) बानी; स्वभाव ।

**मिजासिलो**–(वि०) राम्रो मिजास भएको ।

**मिझार**–(ना०) सार्कीको मान जनाउने शब्द; गाउँको एक किसिमको मुखिया ।

**मिटर**–(ना०) एक प्रकारको घडी-जस्तो यन्त्र ।

**मिठाई**–(ना०) हलुवाइँरोटी ।

**मिठास**–(ना०) माधुर्य; सरसता; मीठोपना ।

**मिठ्याइ**–(ना०) मिठ्याउने काम वा किसिम ।

**मिठ्याउनु**–(स० क्रि०) मीठो वस्तु खाई नमीठो खाँदाको जिभ्रो मीठो पार्नु; मीठो वस्तु खाएर वा सम्झेर जिभ्रो खेलाउनु ।

**मिति**–(ना०) गते, वार, महीना आदि; तारीख ।

**मितिनी**–(ना०) मितेरी लाएकी स्त्री; सँगिनी; मीतको पोथीरूप ।

**मितेरी**–(ना०) मित्रको भाव; मित्रता ।

**मित्र**–(ना०) मीत; हितचिन्तक ।

**मित्रता**–(ना०) मितेरी ।

**मिथ्या**–(वि०) कूट; असत्य ।

**मिनाहा**–(ना०) माफ; क्षमा ।

**मिनेट**–(ना०) घण्टाको साठियौं भाग ।

**मियाँ**–(ना०) चामलमा निस्कने धानको नाभ्री ।

**मियो**–(ना०) दाइँ गर्दा खलाको वीचमा गाडिने कीलो ।

**मिरमिर**–(क्रि० यो०) उज्यालो हुन हुन खोज्ने किसिम । (ना०) मिरमिरे ।

**मिरमिरे**–(ना०) बिहानीपख; सखार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मिर्ग–(ना०) मृग ।
मिर्गौलो–(ना०) कमरभित्र दायाँ-बायाँ रहने दुई नरम डल्ला ।
मिलजुल–( ना० ) मित्रता; मिलो-मतो ।
मिलनसार–( वि० ) सबैसँग मिल्ने खालको; मिलजुल गर्न रुचाउने ।
मिलाउनु–(स० क्रि०) मेल गराउनु; जोड्नु; प्रवन्ध गर्नु; बिग्रेको वस्तु राम्रो पार्नु; ग्रहदशा आदि दाँजेर हेर्नु ।
मिलान–(ना०) मेल; सम्बन्ध; भेट ।
मिलाप–(ना०) मेल; मित्रता ।
मिलापत्र–(न०) झगडाको सट्टा मेल-मिलाप गरी लेखिदिने कागत ।
मिलावट–(ना०) मिसिएको खराब वस्तु; मिलाउने काम; मिलावट ।
मिलिक्क–(क्रि०यो०) एक्कासि देखिने वा हराउने किसिम ।
मिलिसिया–(ना०) मोफसलको फौज ।
मिलीजुली–(क्रि० यो०) मेलमिलाप गरेर ।
मिल्काउनु–( स० क्रि० ) फ्याँक्नु; हुर्र्याउनु ।
मिल्ती–(ना०) मिलाप ।
मिल्दो–(वि०) योग्य; सुहाउँदो ।
मिल्नु–(अ० क्रि०) भेट हुनु; जोडिनु; पाउनु; मेल हुनु; मिसिनु; मेल खानु ।
मिष्टान्न–( ना० ) मीठो खाना; मिठाई ।
मिसमास–(ना०) जसरीतसरी मिस्ने काम ।
मिसाइ–( ना० ) मिस्ने काम वा किसिम ।
मिसाउनु–( स० क्रि० ) छ्यासमिस पार्नु; मिस्नु ।
मिसावट–( ना० ) मिस्ने काम; मिसाइ ।
मिसाहा–(वि०) छ्यासमिसे; मिसि-एको ।
मिसिल–( ना० ) मुद्दामा कारवाई भएका कागतपत्रको ठेली ।
मिस्त्री–(ना०) कालीगड; कर्मी ।
मिस्री–(ना०) चीनी पगाली ढिका वा चक्कीको रूपमा बनाएको खाद्य पदार्थ ।
मिहिनेत–(ना०) यत्न; परिश्रम ।
मिहीन–(वि०) मसिनो; नरम ।
मीठो–( वि० ) गुलियो; मधुर; स्वादिलो ।
मीत–(ना०) मित्र; साथी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**मीनपचास**–(ना०) मङ्सीर एक्काइस-देखि माघ दससम्मका जाडोका पचास दिन ।

**मीमांसा**–(ना०) षड्दर्शन शास्त्रमध्ये एक; तत्त्व-निर्णय; विवेचना ।

**मीर**–(वि०) मुख्य; प्रधान । जस्तो–मीर सुब्बा ।

**मील**–(ना०) आधा कोसको लमाइ ।

**मुकर**–(वि०) निधो; नियुक्त ।

**मुकाबिला**–(ना०) लडाइँ; होड-बाजी; बराबरी ।

**मुकाम**–(ना०) विश्राम, वासस्थान ।

**मुकुट**–(ना०) देवता वा राजाले लगाउने श्रीपेच ।

**मुकुन्याइ**–(ना०) मुकुन्याउने काम वा किसिम ।

**मुकुन्याउनु**–(स० क्रि०) खाँदेर पका-उनु; उकुसमुकुस पार्नु; भटार्नु ।

**मुक्का**–(ना०) मुड्की; मुक्की; घुस्सा ।

**मुक्कामुक्की**–(ना०) मुक्काले हाना-हान गर्ने काम; पिटापिट ।

**मुक्की**–(ना०) मुक्का; मुड्की ।

**मुक्क्याउनु**–(स०क्रि०) मुक्काले हान्नु ।

**मुक्त**–(वि०) मुक्ति पाएको; छुटेको; मरेको ।

**मुक्ति**–(ना०) उम्कने काम ।

**मुख**–(ना०) चेहरा; अनुहार ।

**मुखतोड**–(वि०) जवाफ फर्काउन नसक्ने गरी तत्काल दिइएको (उत्तर) ।

**मुखपत्र**–(ना०) कुनै संस्थाद्वारा प्रका-शित पत्र ।

**मुखपृष्ठ**–(वि०) पुस्तक वा पत्रको बाहिरी पृष्ठ ।

**मुखसारी**–(वि०) अर्काका झगडामा अघि सरेर बोल्ने; लाफ्रे ।

**मुखाग्र**–(वि०) कण्ठस्थ; कण्ठाग्र ।

**मुखामुख**–(ना०) परस्परमा मुख हेरा-हेर गर्नु ।

**मुखारी**–(ना०) मुख मात्र धुने काम ।

**मुखाले**–(वि०) मर्यादा नराखीकन बोल्ने; ठाडठाडै जवाफ दिने; चोथाले ।

**मुखिन्जेल**–(अ० क्रि०) सम्मुख; सामुन्ने ।

**मुखिया**–(ना०) सरकारिया एक दर्जा; गाउँको तालुकदार ।

**मुखेन्जी**–(क्रि० यो०) मुखिन्जेल ।

**मुख्तियार**–(ना०) प्रतिनिधि; वारिस ।

**मुख्य**–(वि०) सबभन्दा ठूलो; प्रधान; अगुवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मुगलान–(वि०) मुगलकालको भारत।
मुगलानिया–(वि०) मुगलानसम्बन्धी; मुगलानको।
मुगी–(ना०) एक जातको दाल।
मुग्दल–(ना०) मुगीका दालको हलुवाई रोटी।
मुङग्रे–( वि० ) मुङग्रोजस्तो; मुङग्राको।
मुङग्रेलो–( ना० ) एक किसिमको ज्वानुका जस्ता गेडा हुने मसला।
मुङग्रो–(ना०) काठको ठोक्ने हतियार; एक प्रकारको धन।
मुचुल्का–( ना० ) काम-कारवाईको बयान लेखिदिएको कागत।
मुछमाछ–(ना०) मुछ्ने काम।
मुछाइ–( ना० ) मुछ्ने काम वा किसिम।
मुछ्नु–(स० क्रि०) फेट्नु; घोल्नु; वोनुं।
मुजुरा–(ना०) एक किसिमको सानो बाजा।
मुजुरो–( ना० ) मञ्जरी; रूखको लहरा वा मुन्टो।
मुजूर–(ना०) एक जातको प्रसिद्ध पन्छी; मयूर।
मुजो–(ना०) कपडा चुन्याउँदा परेको गुजुल्टो।
मुटु–(ना०) छातीभित्र देब्रेतर्फ हुने रक्तसंचार गर्ने मांसपिण्ड; हृदय।
मुट्ठी–(ना०) हात बन्द गर्ने क्रिया वा त्यसमा अटाउने वस्तुको परिणाम; मूठी।
मुट्ठो–(ना०) कागज वा घाँसपरालको बिटो; मूठो।
मुठभेट–(ना०) भिडन्त; हानाहान; जम्काभेट।
मुठल–(ना०) छानाको दाँतीनेर रहने तेर्सो फल्याकजस्तो लामो काठ।
मुठ्याइ–(ना०) मुठ्याउने काम वा किसिम।
मुठ्याउनु–(स० क्रि०) मुट्ठीले बलियोसित समाउनु; मुट्ठीमा अटाएसम्म लिनु।
मुडीहात–( ना० ) कुहुनादेखि मुट्ठी पारेका हातसम्मको नापो।
मुडुली–(ना०) पोथी मृग। (वि०) कपाल काटेकी (स्त्री)।
मुडुलो–( वि० ) टोपी नलाएको; कपाल काटेको।
मुड्की–(ना०) मुक्की; मुक्का।
मुड्क्याउनु–( स० क्रि० ) मुड्कीले हान्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मुण्डन–(ना०) क्षौर; कपाल खौरने काम।

मुताबिक–(ना० यो०) अनुसार; बमोजिम।

मुद्दती–(वि०) सबभन्दा मुख्य; प्रधान; निश्चित अवधिका मात्र झिकिने (धन)।

मुद्दा–(ना०) झगडा; मामिला।

मुद्रण–(ना०) छाप्ने काम; छपाइ।

मुद्रा–(ना०) रुपियाँ-पैसा आदि सिक्का; नाउँ काटेको छाप वा औंठी; हाउभाउ; औंलाहरूको विन्यास।

मुद्रित(वि०) मुद्रण गरिएको; छाप लगाइएको।

मुनक्का–(ना०) एक किसिमको दाख।

मुनाफा–(ना०) लाभ; नाफा।

मुनासिब–(वि०) ठीक; उचित।

मुनि–(क्रि० यो०) मनि; तल। (ना०) ऋषि; तपस्वी; विचारशील; बुद्ध।

मुनियाँ–(ना०) एक जातको चरो।

मुन्टनु–(अ० क्रि०) रिस वा घमन्डले फन्कनु।

मुन्टो–(ना०) टाउको; शिर; मुना।

मुन्टयाउनु–(स० क्रि०) घोक्रयाउनु।

मुन्डा–(वि०) छाना नभएको।

मुन्द्री–(ना०) आइमाईले कानमा लाउने एक किसिमको गहना; सानो मुन्द्रो।

मुन्द्रे–(वि०) मुन्द्रा भएको; मुन्द्रा-जस्तो।

मुन्द्रो–(ना०) कुनै तार आदिको टुप्पा जोडिएको गोलाकार वस्तु; कानमा लाउने त्यस्तै गहना; औंठी।

मुन्सी–(ना०) लेखापढीको काम गर्ने कर्मचारी वा कारिन्दा।

मुफत–(ना०) मफत।

मुमा–(ना०) आमा; माता।

मुरब्बा–(ना०) चासनीमा डुबाएर बनाएको फलको पाक।

मुरली–(ना०) एक किसिमको फुकेर बजाइने स्वर-बाजा।

मुरलीमकै–(ना०) मसिना गेडा हुने र खूब फूल उठ्ने एक जातको मकै।

मुराद–(ना०) मनसुबा; आशय।

मुरी–(ना०) बीस पाथीको परिमाण।

मुरुकमुरुक–(क्रि० यो०) साह्रो वस्तु चपाउने किसिम।

मुरुक्क–(क्रि० यो०) टोक्ने वा मर्का-उने किसिम।

मुर्कट्टा–(ना०) टाउको नभएको प्रेत। (वि०) टाउको काटिएको।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**मुर्दा**–(ना०) शव; लाश; सिनु ।

**मुर्रा**–(ना०) खराउको गट्टा; तार आदि कस्ने साँचोजस्तो साधन; हातो ।

**मुलाइजा**–(ना०) मुलाहिजा ।

**मुलाकात**–(ना०) भेट; बातचीत ।

**मुलायम**–(वि०) नरम; कोमल ।

**मुलाहिजा**–(ना०) नियम छोडेर गरिने पक्षपात; पनपच्छे ।

**मुलुक**–(ना०) देश; राज्य ।

**मुलुकी**–(वि०) मुलुकको; मुलुक-सम्बधी ।

**मुलुकीखाना**–(ना०) मुलुकभरको आम्दानी जम्मा हुने राष्ट्रिय ढुकुटी ।

**मुलुक्क**–(क्रि० यो०) एकै छिन मात्र देखा पर्ने किसिम; मुलुक्क ।

**मुल्किनु**–(अ० क्रि०) मुलुक्क देखा-पर्नु ।

**मुल्को**-(ना०) पहिलो प्रवाह वा ज्योति ।

**मुल्तबी**–(वि०) पछि कारवाही गर्ने गरी रोकिएको (मुद्दामामिला आदि) ।

**मुल्याहा**–(वि०) मूल नक्षत्रमा जन्मेको; अरूलाई दु ख दिने वा पिर्ने ।

**मुश्किल** (वि०) कठिन; गाह्रो ।

**मुष्टि**–(ना०) मुट्ठी ।

**मुसमुन्द्रे**–(वि०) पेटाहा; कपटी ।

**मुसमुन्द्रो**-(वि०) मुसमुन्द्रे ।

**मुसुमुस**–(क्रि० यो०) बिस्तारै हाँस्ने वा मीठो बास्ना आउने किसिम ।

**मुसमुसाउनु**-(अ० क्रि०) मुसुमुसु हाँस्नु ।

**मुसमुसे**–(वि०) मनपर्दो; मधुर (बास्ना) ।

**मुसल**–(ना०) धान आदि कुट्ने काठको साधन; लुसी; प्राचीन एक हतियार ।

**मुसलधारे**–(वि०) मुसलजस्तो धाराका रूपमा परेको (पानी) ।

**मुसलमान**(ना०) इस्लाम धर्म मान्ने एक जाति ।

**मुसलमानी**–(वि०) मुसलमान-सम्बन्धी ।

**मुसाफिर**–(ना०) सफर वा भ्रमण गर्ने व्यक्ति; यात्री ।

**मुसार्नु**-(स० क्रि०) तह लाउनु; सुमसु-म्याउनु ।

**मुसी**–(ना०) घरको छानो अड्याउने लामो दलिन ।

**मुसुक्क**–(क्रि० यो०) ओठ मात्र खोलेर हाँस्ने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मुसुरो–(ना०) एक जातको दाल ।
मुसो–( ना० ) कालो ध्वाँसो; खास गरी हातगोडामा उठ्ने र नपाक्ने बिमिरो; अन्न खाने एक जन्तु ।
मुस्कान–( ना० ) मुस्कुराउने काम; मुस्कुराहट ।
मुस्कुराइ–( ना० ) मुस्कुराउने काम वा किसिम ।
मुस्कुराउनु–( अ० क्रि० ) मुसुक्क हाँस्नु ।
मुस्कुराहट–(ना०) मुस्कुराउने काम; मुसुक्कको हँसाइ ।
मुस्लो–( ना० ) आगो, धूवाँ, कुहिरो आदिको पुञ्ज ।
मुहान–(ना०) पानी उम्रने ठाउँ ।
मुहार–(ना०) मुख; अनुहार ।
मुहुडा–( ना० ) अनुहार; मुख; मोहडा ।
मुहुनी–( ना० ) चरामा पार्ने टुना मन्त्र; मोहनी ।
मुहूर्त–( ना० ) दुई घडीको समय; लगन; साइत ।
मूगा–(ना०) एक प्रकारको रत्न ।
मूठ–(ना०) मुट्ठीले समात्ने ठाउँ ।
मूठी–(ना०) मुट्ठी ।
मूठो–(ना०) मुट्ठो ।
मूड–(ना०) शिर; टाउको ।
मूढ–(ना०) मूर्ख ।
मूढा–( ना० ) एक किसिमको बस्ने मेच ।
मूढेबल–(ना०) जुक्तिविनाको बुद्धि ।
मूढो–( ना० ) काठको ठूलो गिँड; विचेत भएको मान्छे ।
मूर्ख–(वि०) बुद्धि नभएको; मूढ; अशिक्षित ।
मूर्छा–( ना० ) छारेरोग; अचेत अवस्था; वेहोशी ।
मूर्छित–( वि० ) अचेत; मूर्छा परेको ।
मूर्त–(वि०) मूर्ति भएको; साकार ।
मूर्ति–( ना० ) देवदेवीको आकृति; प्रतिमा; तसवीर; शरीर; रूप ।
मूल–(ना०) फेद; पानी उम्रने ठाउँ (वि०) प्रधान; मुख्य ।
मूलबाटो–(ना०) ठूलो र फराकिलो बाटो ।
मूला–(ना०) एक किसिमको कन्द ।
मूली–(ना०) थकाली ।
मूल्य–(ना०) मोल; दाम; महत्त्व; पारिश्रमिक ।
मूल्यवान्–( वि० ) धेरै मोल पर्ने;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दामी ।

मृग–(ना०) एक थरी जङ्गली पशु; हरिण । पो. मृगी; मृगिणी ।

मृगचर्म–(ना०) मृगको छाला ।

मृगनाभि–(ना०) बिना ।

मृगया–(ना०) आखेट; शिकार ।

मृगासन–( ना० ) मृगका छालाको आसन ।

मृत–(ना०) मरेको ।

मृतक–(ना०) लाश; शव ।

मृत्तिका–(ना०) माटो; मट्टी ।

मृत्यु–(ना०) काल; मरण ।

मेखला–( ना० ) पटुका; कन्धनी; धागो; रेखा; डोरी; साङ्ली ।

मेघ–(ना०) बादल ।

मेच–(ना०) बस्ने आसन; कुर्सी ।

मेछे–(ना०) बेल्टमा किरिच घुसार्ने ठाउँ ।

मेजमानी–(ना०) पाहुनालाई खुवाउने विशेष भोजनको योजना ।

मेटमाट–(ना०) मेट्ने काम ।

मेटाइ–( ना० ) मेट्ने काम वा किसिम ।

मेट्नु–(स० क्रि०) घोटेर हटाउनु; पुछ्नु; फाल्नु ।

मेठ–( ना० ) नाइके; निदालमनि थाममाथि रहने काठको ठेउको ।

मेथी–(ना०) एक किसिमको साग वा त्यसका दाना ।

मेधा–(ना०) बुद्धि; स्मरणशक्ति ।

मेधावी–(वि०) मेधा भएको; बुद्धि भएको ।

मेल–(ना०) भेट्ने काम; मिलाप; डाँकगाडी ।

मेलापात–(ना०) खेतीको कामकाज ।

मेलो–(ना०) कामको सिलसिला ।

मेलोमेसो–(ना०) कामको सुर ।

मेवा–(ना०) एक जातको गुलियो फल ।

मेशीन–(ना०) काम छिटो गर्ने यन्त्र ।

मेसु–(ना०) तामाको अचार ।

मेहतर–(ना०) फोहर मैला सफा गर्ने व्यक्ति । पो० मेहतर्नी ।

मेहनत–(ना०) परिश्रम; कोशिश; प्रयत्न ।

मेहनताना–(ना०) मेहनतको ज्याला; पारिश्रमिक ।

मेहनती–(वि०) मेहनत गर्ने ।

मेहरो–(ना०) बादल; मेघ ।

मैकारो–(ना०) कुनै ठूलो कामको समाप्ति ।

मैतालु–( वि० ) माइतबाट भर्खर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आएकी बुहारी; धेरै माइत बस्ने (स्त्री) ।

मैत्री–(ना०) मित्रता; मितेरी ।

मैथुन–(ना०) सम्भोग; समागम ।

मैदा–(ना०) मिहीन पीठो ।

मैदान–(ना०) फराकिलो समथर जमीन; चउर ।

मैना–(ना०) एक प्रसिद्ध चरो ।

मैयाँ–(ना०) राजकुमारी; छोरी-चेलीलाई गरिने स्नेहको बोली ।

मैल–(ना०) मयल ।

मैलिनु–(अ० क्रि०) मैलो हुनु; फोहर लाग्नु ।

मैलो–(वि०) फोहर; मैल भएको ।

मोक्ष–(ना०) मुक्ति; निर्वाण; छुटकारा; मृत्यु ।

मोचन–(ना०) दुःख-कष्ट आदिबाट मुक्त हुने काम ।

मोज–(ना०) सुख; आनन्द; मनको लहड ।

मोजमज्जा–(ना०) सुख र चैन; भोग-विलास ।

मोजा–(ना०) खुट्टामा लगाइने एक किसिमको वस्त्र ।

मोजी–(वि०) मोज गर्ने; आनन्दी ।

मोटर–(ना०) एक प्रसिद्ध सवारी ।

मोटाइ–(ना०) मोटो हुने वा मोटाउने काम ।

मोटाउनु–(अ० क्रि०) मोटो हुनु; हृष्टपुष्ट हुनु ।

मोड–(ना०) मोडिने ठाउँ; घुम्ती ।

मोडाइ–(ना०) मोड्ने काम वा किसिम ।

मोड्नु–(स० क्रि०) घुमाउनु; दिशा बदल्नु; बङ्ग्याउनु ।

मोती–(ना०) एक प्रसिद्ध मूल्यवान् रत्न ।

मोतीबिन्दु–(ना०) आँखाको पुतलीमा सेतो जालो लाग्ने एक रोग ।

मोनाल–(ना०) एक जातको पक्षी ।

मोबिल–(ना०) एक प्रकारको गाढा तेल ।

मोरी–(ना०) स्त्रीलाई गाली गर्ने शब्द ।

मोरो–(ना०) पुरुषलाई गाली गर्ने शब्द ।

मोर्चा–(ना०) संघर्ष वा युद्धका निम्तिको सङ्गठन; प्रतियोगितापूर्वक गरिने सामना ।

मोल–(ना०) मूल्य; दाम ।

मोलतोल–(ना०) किनमेल गर्दा मोल मिलाउने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मोसम–( ना० ) चाक्सीजस्तो एक प्रकारको फल ।

मोस्नु–( स० क्रि० ) खोस्नु; भाग नदिनु ।

मोह–(ना०) लहसिने काम; प्यार; भ्रान्ति; अज्ञान ।

मोहनी–(ना०) मोहित पार्ने शक्ति; माया; मुहुनी ।

मोहर–(ना०) पचास पैसाको मुद्रा ।

मोहित–(वि०) मोहमा परेको; आकर्षित; लुब्ध ।

मोहोतो–(ना०) बाहुलाको मुख ।

मोहोलो–(ना०) पशुका मुखमा लाइदिने पेरुङ्गोजस्तो साधन ।

मौका–(ना०) अवसर; समय ।

मौखिक–(वि०) मुखसम्बन्धी; मुखले भनेको ।

मौलो–( ना० ) कोतहरूमा पशुवध गरिने ठाउँको कीलो ।

मौलसिरी–( ना० ) एक प्रकारको रूख; वज्रदन्ती ।

मौसूफ–( वि० ) महाराजाधिराज र राजपरिवारलाई सम्मान बुझाउने सर्वनाम शब्द ।

म्याँ–(क्रि० यो०) बाख्रा आदि कराउने किसिम ।

म्याउँ–(क्रि० यो०) बिरालो कराउने किसिम ।

म्याद–(ना०) कुनै कामका लागि तोकिएको समय ।

म्यादी–( वि० ) म्यादसम्म रहने; अस्थायी ।

म्यान-(ना०) तरवारको दाप ।

म्याना–( ना० ) एक किसिमको सवारी; पालकी ।

म्यूजियम ( ना० ) पुरातत्त्व, कला आदिसम्बन्धी राष्ट्रिय वस्तुको सङ्ग्रहालय ।

म्लान–(वि०) ओइलाएको; मलिन ।

म्वाइँ–(ना०) गाला, हात, ओठ आदिमा मायाले चुम्ने काम; चुम्बन ।

## य

य– देवनागरी वर्णमालाको छब्बीसौं व्यञ्जनवर्ण, उच्चारणस्थान तालु ।

यँचा–(वि०) सुपारी, नरिवल आदि ताछ्ने एक हतियार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



यकार–(ना०) 'य' अक्षर ।

यक़ीन–(ना०) निश्चय; पक्का; निधो ।

यकृत्–(ना०) पेटको दाहिनेतर्फ रहने पित्त पैदा गर्ने थैली; फियो ।

यक्ष–(ना०) एक देवयोनि; कुबेरका प्रजा । पो० यक्षिणी; यक्षी ।

यक्ष्मा–(ना०) क्षय रोग ।

यजमान–(ना०) यज्ञ गर्ने व्यक्ति; जजमान ।

यजुर्वेद–(ना०) चार वेदमध्ये एक ।

यज्ञ–(ना०) जग्गे; होमको काम ।

यज्ञकुण्ड–(ना०) यज्ञ गर्ने अग्निकुण्ड ।

यज्ञमण्डप–(ना०) होम गर्ने घर वा ठाउँ ।

यज्ञशाला–(ना०) यज्ञमण्डप ।

यज्ञोपवीत–(ना०) जनै; उपनयन ।

यता–(क्रि० यो०) आफूतिर; वर ।

यताउता-(ना० यो०) वरिपरि; यताउति । (ना०) हानि; हिनामिना ।

यताउति–(ना० यो०) यताउता । (ना०) हानि; गोलमाल ।

यति–(ना०) जोगी; अडान; विराम । (वि०) योजति; धेरै ।

यतिखेर–(क्रि० यो०) यस बेला; यस समयमा ।

यतिन्जेल–(क्रि० यो०) यस समयसम्म; अहिलेसम्म ।

यती–(ना०) हिम-मानव ।

यत्ति–(वि०) ज्यादै धेरै वा थोरै; ('यति' लाई जोड दिंदा भनिने शब्द) ।

यत्न–(ना०) प्रयत्न; उद्योग; जतन; हिफाजत ।

यत्रैंसित–(वि० बो०) बेवास्ता गरेर भनिने शब्द; भुत्रैंसित ।

यत्रो-(वि०) योजत्रो; यस नापको ।

यथा–(क्रि० यो०) जसरी; जुन प्रकारले । (वि०) जस्तो ।

यथायोग्य–(वि०) सुहाउँदो; यथोचित ।

यथार्थ–(वि०) जस्ताको तस्तो; वास्तविक; खसोखास ।

यथार्थता–(ना०) यथार्थ हुनाको भाव ।

यथावत्–(वि०) पहिलेजस्तै ।

यथाशक्ति–(क्रि० यो०) शक्तिले भ्याएसम्म; यथाशक्य ।

यथाशक्य–(क्रि० यो०) सकेसम्म; सकभर ।

यथासम्भव–(क्रि० यो०) भरसक; सकेसम्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



यथास्थिति–( वि० ) पूर्ववत् रहेको; पहिलाको जस्तै ।

यथेष्ट–(वि०) पर्याप्त; चाहिएजति; मनमाफिक ।

यथोचित–(वि०) उचितअनुसारको; यथायोग्य ।

यदाकदा–( ना० ) कहिलेकाहीं; आकलझुकल ।

यदि–(संयो०) यसो भए ।

यद्यपि–(संयो०) यसो भए तापनि; हुनत ।

यद्वा–(संयो) वा; अथवा ।

यन्त्र–(ना०) मेशीन; कल; जन्तर।

यन्त्रणा–(ना०) यातना; सास्ती ।

यम–(ना०) यमराज; संयम ।

यमदूत–(ना०) यमराजको दूत ।

यमद्वितीया–(ना०) भाइटीको ।

यमपञ्चक–( ना० ) तिहारका पाँच दिन । (त्रयोदशीदेखि द्वितीया-सम्म) ।

यमराज–(ना०) मरेपछि शुभ-अशुभ को फल दिने देवता; धर्मराज ।

यमपुरी–( ना० ) यमराजको शहर; यमलोक ।

यमलोक (ना०) मरेपछि जाने भनिएको लोक; नरक ।

यमुना–(ना०) यमराजकी बहिनी; उत्तर भारतको एक प्रसिद्ध नदी; जमुना ।

यवनिका–(ना०) नाटकका पर्दा ।

यश–(वि०) कीर्ति; सुनाम ।

यशस्वी–(वि०) कीर्ति वा यश भएको; ओजस्वी ।

यसरी–(क्रि० यो०) यस किसिमले; यसो गरेर ।

यहाँ–(ना० यो०) यता; यस ठाउँमा । (सर्वना०) मान्यजनलाई प्रयोग गरिने शब्द ।

याचक–( वि० ) भिखारी; माग्ने ।

याचना–(ना०) माग्ने काम; अनुरोध ।

यातना–( ना० ) भिखारी; कष्ट; पीडा ।

यातायात–(ना०) आवतजावत ।

यात्रा–( ना० ) सफर; भ्रमण; गमन; जात्रा ।

यात्री–( ना० ) यात्रा गर्ने व्यक्ति; जात्रू । (वि०) यात्रा गर्ने; बटुवा ।

यात्रु–(ना०) यात्री ।

याद–( ना० ) स्मृति; सम्झना; हेक्का ।

यादगार–( ना० ) स्मृतिचिह्न;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सम्फोटो ।

यान–(ना०) सवारी ।

यान्त्रिक–(वि०) यन्त्रसम्बन्धी ।

यापन–(ना०) बिताउनु; गुजार्नु; निर्वाह गर्नु ।

याम-(ना०) तीन घण्टाको समय; प्रहर; वेला ।

यायावर–(वि०) एकै ठाउँमा नबसी घुमेर हिँडिरहने; फिरन्ता ।

याल–(ना०) घोडाको गर्दनमा हुने लामा रौं ।

यारिङ–(ना०) यार्लिङ ।

यार्लिङ–( ना० ) कानमा लाउने एक गहना ।

यिनी-(सर्वना०) 'यो' को आदरार्थी शब्द ।

युक्त–(वि०) जोडिएको; सहित ।

युक्ति–(ना०) जुक्ति; उपाय ।

युगल–(ना०) जोडा; युग्म ।

युगलगीत–( ना० ) दुई जना मिली गाउने गीत; जुवारी ।

युगानुयुग-( ना० ) अनेक युग; धेरै युग ।

युगान्त–(ना०) युगको अन्तिम समय; युगको अन्त ।

युगान्तर–(ना०) युगको परिवर्तन; अर्को युग ।

युग्म–(ना०) युगल; जोडा ।

युद्ध–(ना०) लडाइँ; सङ्ग्राम ।

युद्धभूमि–( ना० ) युद्ध हुने ठाउँ; रणक्षेत्र ।

युवक–(ना०) तरुण; युवा ।

युवती–(ना०) जवान स्त्री; तरुणी ।

युवराज–( ना० ) राजाका उत्तराधिकारी ।

युवराज्ञी–(ना०) युवराजकी रानी ।

युवा–(ना०) तरुण; युवक ।

यूँ–(ना०) लतरो; चानचुने (व्यङ्ग्य रूपका प्रयोग हुने) ।

यू–( ना० ) एक प्रकारको हरियो रत्न; नीलो पत्थर ।

यूरोप-(ना०) उत्तरीय गोलार्द्धको पश्चिमी भागमा स्थित एक महाद्वीप ।

येती–(ना०) यती ।

येनकेन–(क्रि० यो०) जसरीतसरी ।

यै–(वि०) यो नै, यही ।

यो–( सर्वना० ) अगाडि रहेकोलाई नाउँ नकाटी भन्ने शब्द ।

योग–( ना० ) मिल्ने वा जोडिने काम; मिलन; षड्दर्शनमध्ये एक ।

योगफल–(ना०) गणितमा अङ्क वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राशि जोडेर निकालेको उत्तर ।

**योगिनी**–(ना०) जोगिनी; ज्योतिष-को दशा ।

**योगी**–( ना० ) संन्यासी; जोगी । (वि०) योग बुझेको ।

**योग्य**–(वि०) लायक; उपयुक्त ।

**योग्यता**–(ना०) योग्य हुनाको भाव; ल्याकत; ज्ञान ।

**योजक**–(वि०) जोड्ने; मिलाउने ।

**योजन**–(ना०) चार कोसको दूरी ।

**योजना**–(ना०) कुनै काम सिद्ध गर्ने उपाय; व्यवस्था; प्रबन्ध ।

**योद्धा**–( वि० ) युद्ध गर्ने; लडाका । (ना०) सैनिक; सिपाही ।

**योनि**–(ना०) उत्पत्तिस्थान; स्त्रीको जननेन्द्रिय; गर्भ; जन्म ।

**यौगिक**–( वि० ) जोडिएको; मिलेको ।

**यौटा**–(वि०) एउटा ।

**यौन**-(वि०) योनिको; विवाहको ।

**यौवन**–( ना० ) तरुण अवस्था; युवावस्था; जवानी; बैंस ।

# र

**र**– देवनागरी वर्णमालाको सत्ताइसौं व्यञ्जनवर्ण, उच्चारजस्थान मूर्द्धा ।

**र**-(संयो०) वाक्य वा पदहरूलाई जोड्ने शब्द; औ ।

**रँगाइ**–( ना० ) रँगाउने काम वा किसिम ।

**रँगाउनु**–( स० क्रि० ) रङ्ग लाउनु, सिगार्नु ।

**रँगिलो**-(वि०) रङ्गिलो ।

**रँगेटो**–( ना० ) कामको झमेला; चक्कर ।

**रँगेलाइ**-( ना० ) रँगेल्ने काम वा किसिम ।

**रँगेलो**–(ना०) रुमलो; झमेला ।

**रँगेल्नु**–( स० क्रि० ) रँगेलो पार्नु; बिरोल्नु; अलमल्याउनु ।

**रईस**–(ना०) धनी व्यक्ति; ठालू ।

**रउँ**–(ना०) शरीरमा उम्रने सूत्रजस्तो वस्तु; रौं ।

**रउस**–(ना०) रमिता; चौचौ ।

**रकम**–(ना०) धन-सम्पत्ति; रकम; रीतिरिवाज ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रकमकलम–(ना०) तिर्नु बुझाउनुपर्ने जिनिस र नगद ।

रकमी–(वि०) रकमको काम गर्ने ।

रकार–(ना०) 'र' अक्षर ।

रक्त–(ना०) रगत । (वि०) रातो; अनुरक्त ।

रक्तचाप–(ना०) चाहिनेभन्दा बढी रगत भएर हुने एक रोग; रगतको वेग ।

रक्तपात–(ना०) रगतपच्छे; काटमार ।

रक्ताम्मे–(वि०) रगतैरगत भएको; रातैरातो ।

रक्ती–(ना०) मासु खाइने पशुपन्छीको रगत; रगती ।

रक्त्योल–(वि०) रक्ताम्मे ।

रक्षक–(वि०) रक्षा गर्ने ।

रक्षण–(ना०) रक्षा गर्ने काम; रक्षा; बचाउ; पालनपोषण ।

रक्षा–(ना०) दुःख, आपत्ति आदिबाट बचाउने काम ।

रक्षाबन्धन–(ना०) जनै पूर्णिमा वा कुनै यज्ञपाठ आदिमा नारीमा बाँध्ने डोरो ।

रक्सी–(ना०) मदिरा; सोमरस ।

रक्सीबाज–(वि०) रक्सी खाने (मान्छे); रक्स्याहा ।

रक्स्याहा–(वि०) रक्सीबाज ।

रखवारी–(ना०) हेरविचार; देखरेख ।

रखवाला–(वि०) रक्षा वा बचाउ गर्ने; रक्षक । (ना०) पाले ।

रखाइ–(ना०) राख्ने काम; राखेको सम्पत्ति ।

रखुवा–(वि०) रखवाला । (ना०) पाले; कुरुवा ।

रखौटी–(वि०) ल्याइते; राखिएकी (पत्नी) ।

रखौटे–(वि०) राखेको (पति) ।

रग–(ना०) एक किसिमको ऊनी ओढ्ने ।

रगडाइ–(ना०) रगड्ने किसिम वा काम ।

रगड्नु–(स० क्रि०) घोट्नु; दल्नु; काममा खूब जोत्नु ।

रगत–(ना०) रक्त ।

रगतपच्छे–(ना०) रक्तपात ।

रगतमासी–(ना०) रगत र आउँ ।

रगती–(ना०) रक्ती ।

रगरग–(क्रि० यो०) ससाना केटाकेटी वा कीराफटयाङ्ग्रा बिस्तारै हिँड्ने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**रगरगी**–(क्रि० यो०) रगरग। (ना०) चहकमहक; बढिबढाउ।

**रगेडा**–( ना० ) रँगेटो; घोटाइ; दलाइ।

**रङ**–(ना०) रङ्ग; वर्ण; रूप; छाँट-काँट।

**रङमङाइ**–(ना०) रङमङाउने किसिम वा काम।

**रङमङाहट**–(ना०) रङमङाउने किसिम वा भाव।

**रङमङिनु**–( अ० क्रि० ) रुमलिनु; अलमलिनु।

**रङ्ग**-(ना०) आँखाबाट मात्र ज्ञान हुने पदार्थको गुण; वर्ण; रङ।

**रङ्गभवन**–(ना०) नाच-तमाशा आदि हुने घर; रङ्गभूमि।

**रङ्गभूमि**-(ना०) रङ्गमञ्च; रङ्ग-शाला।

**रङ्गमञ्च**–(ना०) अभिनय, खेल आदि गर्ने मञ्च।

**रङ्गमहल**–( ना० ) भोगविलास गर्ने घर; रङ्गभवन; राजमहल।

**रङ्गरस**–( ना० ) मोजमज्जा; रस-रङ्ग।

**रङ्गशाला**–( ना० ) खेलकुद, नाच-तमाशा आदि हुने घर; रङ्गभूमि।

**रङ्गित**–(वि०) रङ्गिएको।

**रङ्गीचङ्गी**–( वि० ) फकिफकाउ; झिलिमिली।

**रङ्गीन**–(वि०) रङ्ग लाइएको, रङ्गा-इएको।

**रङ्गीबिरङ्गी**–(वि०) रङ्गीचङ्गी।

**रचना**-(ना०) बनाउने काम; बनाइ-एको वस्तु; कल्पना; तर्जुमा।

**रचनात्मक**–(वि०) कुनै रचना वा निर्माणसित सम्बन्धित; निर्माण वा उन्नतिमा सहायक हुने।

**रचयिता**–(वि०) रचना गर्ने। (ना०) लेखक।

**रचित**–( वि० ) रचना गरिएको; रचिएको।

**रछ्यान**–(ना०) नाल; फोहोर फ्याँक्ने ठाउँ।

**रछ्याने**–(ना०) एक प्रकारको खटिरो। (वि०) रछ्यानजस्तो फोहरी।

**रछ्यायो**-(वि०) रातो भावको; रातो रङ्गको।

**रज**–(ना०) स्त्रीको मासिक धर्म हुँदा निस्कने रगत; चूर्ण; धूलो।

**रजगज**–(ना०) मोजमज्जा; ढली-मली; रजाइँ।

**रजतजयन्ती**–(ना०) पच्चीस वर्षमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मनाइने जयन्ती ।

रजनी–(ना०) रात ।

रजबन्धकी–(ना०) सरकारले बन्धक राखेको ।

रजबाडा–(ना०) रजौटो; ससानो राजा ।

रजस्वला–(वि०) असर्द; राजोवती ।

रजहाँस–(ना०) राजहंस; राम्रो जातको हाँस ।

रजाइँ–(ना०) एकलौटी अख्तियार; राज्यशासन ।

रजोगुण–(ना०) सत्व, रज, तम–तीन गुणमध्ये एक ।

रजोवती–(वि०) रजस्वला ।

रजौटो–(ना०) रजवाडा ।

रञ्जन–(ना०) आनन्द; प्रसन्नता; रङाउने काम ।

रञ्जना–(वि०) आनन्द दिने; प्रसन्न ।

रटना–(ना०) धुन; घोकना; काममा लगातारको लगाइ ।

रटन्त–(ना०) रटना; घोकन्त ।

रटाइ–(ना०) रट्ने काम वा किसिम ।

रट्नु–(अ० क्रि०) कराउनु; खूब अभ्यास गर्नु ।

रडाको–(ना०) परस्परको बेमेल; आफुसमा झगडा गर्ने काम ।

रड्कनु–(अ० क्रि०) टेकेको ठाउँबाट खुट्टा खुस्कनु ।

रण–(ना०) युद्ध; लडाइँ ।

रणक्षेत्र–(ना०) रणस्थल; लडाइँ हुने ठाउँ ।

रणसङ्ग्राम–(ना०) मारामार; घम्साघम्सी ।

रणस्थल–(ना०) रणक्षेत्र ।

रण्डी–(ना०) बेस्या; फुँडी ।

रण्डीबाज–(वि०) रण्डीहरूसित समागम गर्ने ।

रण्डो–(ना०) रण्डीबाजी गर्ने व्यक्ति; फुँडो; बेसुल्लो ।

रति–(ना०) कामदेवकी पत्नी; समागम; प्रेम; सौन्दर्य ।

रतन्धो–(वि०) राती आँखा नदेख्ने ।

रतिनु–(अ० क्रि०) लहसिनु; सधिनु; अनुरक्त हुनु; वशमा आउनु ।

रती–(ना०) तौलको परिमाण; लाल । (वि०) अलिकति; थोरै ।

रतुवा–(वि०) रतिएको; सधिएको ।

रतेउली–(ना०) विवाहमा दुलहा अन्माएपछि स्त्रीहरूले मिली राती गर्ने नाचगान ।

रत्ती–(वि०) अलिकति; थोरै । (ना०) रती; रातीगेडी; लाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रत्न–( ना० ) सुन, चाँदी, जुहारत आदि । (वि०) उम्दा; उत्तम ।

रत्याइ–( ना० ) रत्तिने काम वा किसिम ।

रथ–( ना० ) प्राचीनकालको एक यान; घोडा वा मानिसले तान्ने एक किसिमको सवारीसाधन; देह ।

रथयात्रा–( ना० ) देव-देवीलाई रथमा राखी घुमाएर गरिने उत्सव ।

रथी- (वि०) रथको सवारी भएको; रथमा चढ्ने ।

रद्दी–(वि०) काम नलाग्ने; बेकम्बा ।

रनक्क–(क्रि० यो०) एक्कासि रिसाउने किसिम ।

रनच्वाँक–( वि० ) अजङ्गको; बडेमाको ।

रनझुल्ल–(ना०) जिल्लिने काम ।

रनवन–(ना०) सेरोफेरो वन; सबैतिरको वन ।

रनिवास–( ना० ) रानीहरू बस्ने महल; अन्तपुर ।

रनाहा–(ना०) सहन नसकिने मनको ताप ।

रन्कनु–( अ० क्रि० ) डहनु; खूब तात्नु ।

रन्काइ–( ना० ) रन्कने काम वा किसिम ।

रन्काउनु–(स० क्रि०) बाजा आदि बजाउनु; क्रुद्ध पार्नु ।

रन्कारन्की–(ना०) चर्काचर्की; खूब रिसाई गरेको बाक्ाबाक ।

रन्काहा–(वि०) रन्कने स्वभावको; क्रोकी ।

रन्को–(ना०) रिसको आवेग; रनाहा; फन्को ।

रन्डा–(ना०) काठ ताछेर चिल्लो पार्ने एक हतियार ।

रन्दा–(ना०) रन्डा ।

रन्न–(क्रि० यो०) रनक्क ।

रपोट-(ना०) जाहेरी; रिपोट ।

रफ्फू–( ना० ) फाटे वा घस्टिएको कपडा टाल्ने ढाँचा वा काम ।

रफ्फूचक्कर (वि०) सुइँकुच्चा ठोक्ने; एकदम भाग्ने ।

रफत–(ना०) रटना; अभ्यास ।

रफू-(ना०) रफ्फू ।

रबर-(ना०) एक प्रकारको छालाजस्तो तन्कने र खुम्चने वस्तु ।

रबाफिलो–(वि०) रबाफ गर्नुपर्ने ।

रबाफी–( वि० ) रबाफ गर्ने; ढाँचावाल ।

रमझम-(ना०) रमाइलो; रमिता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रमणीय–(वि०) सुन्दर; खूब राम्रो।

रमन–(ना०) रक्षाका निम्ति पुलिस वा सिपाहीहरू राती घुम्ने काम।

रमरम–(वि०) अलि-अलि पीरो हुने किसिम।

रमरमाउनु–(अ० क्रि०) रमाइलो हुनु; रमरम पीरो हुनु।

रमरमिता–(ना०) रामरमिता।

रमारमी–(ना०) रमझम; रमाइलो।

रमाइ–(ना०) रमाउने काम वा किसिम।

रमाउनु–(अ० क्रि०) रमाइलो मान्नु; प्रसन्न हुनु।

रमाना–(वि०) प्रस्थान; चलान।

रमाहट–(ना०) रम्ने किसिम; प्रसन्नता।

रमिता–(ना०) रमाइलो हुने काम।

रमिते–(वि०) रमिता हेर्ने।

रयालाइ–(ना०) रयाल्ने काम वा किसिम।

रयाल्नु–(स० क्रि०) घोल्नु; मिलाउनु।

रल्ल–(वि०) जिल्ल; अलमल्ल।

रल्लनु–(अ० क्रि०) जिल्लनु; बिनाकाममा हल्लनु।

रस–(ना०) माधुर्य गुण; झोल; पानी; स्वाद; रुचि; काव्यबाट मनमा उत्पन्न हुने भाव वा आनन्दको अनुभव; पारस्परिक प्रेम।

रसगोला–(ना०) रसबरी।

रसदार–(वि०) रसिलो; रस भएको।

रसबरी–(ना०) एक प्रकारको मिठाई; रसगोला।

रसबस–(ना०) बसाउठ, सम्पर्क र आत्मीय हुने भाव।

रसरङ्–(ना०) भोगविलास।

रसाइ–(ना०) रसाउने काम वा किसिम।

रसाउनु–(स० क्रि०) धातुमा प्वाल परेको टाल्नु। (अ० क्रि०) रसले युक्त हुनु।

रसाञ्जन–(ना०) आँखामा लाउने एक प्रकारको औषधी।

रसातल–(ना०) पृथ्वीमुनिका सात लोकमध्ये एक।

रसात्मक–(वि०) रसयुक्त; रस भएको।

रसादि–(ना०) भस्म गरिएको आयुर्वेदीय औषधी।

रसायन–(ना०) पार्थिव वस्तुको सारतत्त्वको मिलावट; पन्यालो वस्तु चुहिने किसिम; रसाउने काम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रसिक–(वि०) रसरङ्ग; जाने वा बुझेको ।

रसिया–(ना०) एक किसिमको लोकगीत ।

रसियाली(–वि०) रूस देशका; रूसी ।

रसिलो–(वि०) रस भएको; रसदार ।

रसीद–(ना०) कुनै वस्तु दिए वा बुझाएको निस्साको कागत; भर्पाई ।

रस्ताकिस्ता–(ना०) लेनदेनको बन्दोबस्त; कामकाजको व्यवस्था ।

रस्याउनु–(स० क्रि०) थुप्र्याउनु; रास लाउनु ।

रह–(ना०) बग्दै गएर एक ठाउँमा जमेको पानीको भाग; दह ।

रहजनी–(वि०) एकान्तमा पारी चोर्ने वा लुट्ने काम ।

रहनहहन–( ना० ) चालचलन वा व्यवहार ।

रहनी–(ना०) रहने ठाउँ; अडान ।

रहनु–(अ० क्रि०) मौजुद हुनु; बस्नु ।

रहर–(ना०) चाह; उत्कण्ठा; एक प्रकारको अन्न ।

रहल–(वि०) बचत; शेष ।

रहलपहल–(वि०) बचेखुचेको; बाँकी रहेको ।

रहस्य–( ना० ) गुप्त तत्त्व; भित्री कुरो; मर्म ।

रहित–( वि० ) अभाव; नभएको । (ना० यो०) बाहेक ।

रहु–(ना०) एक जातको माछो ।

राँकी–(ना०) एक किसिमको मुसलमानी व्यापार ।

राँके–(वि०) राँको बाली हिंड्ने । (ना०) साउने सङ्क्रान्तिको भोलिपल्टको दिन; तातो हावा ।

राँको–( ना० ) आगाको मुस्लो; लप्को ।

राँगो–(ना०) भैंसीको भाले ।

राँटो–(ना०) टाटो; बाँझो ।

राँड–(ना०) पोइ मरेकी स्त्री ।

राँडभाँड–(वि०) राँड र भाँड ।

राँडी–(वि०) विधवा; पोइ मरेकी ।

राँडो–(वि०) स्वास्नी मरेको; विधुर ।

राँबो–(ना०) रामो ।

राइँदाइँ–( ना० ) ढलीमली गर्ने किसिम; अधिकार पाएको पन ।

राइफल–( ना० ) एक प्रकारको बन्दूक ।

राइबाघा–(ना०) राकस्नी; मापाकी ।

राई–( ना० ) रायो; मुडुलो गहुँ; किरात जातको एक वर्ग ।

राक्षस–( ना० ) राक्षस । पो०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राकस्नी ।

राक्षस–( वि० ) निशाचर; क्रूर ।

राक्षसी–( वि० ) राक्षससम्बन्धी, राक्षसको जस्तो ।

राख्नु–( स० क्रि० ) बसाल्नु थन्क्याउनु, थाप्नु; बिहे नै नगरी स्वास्नी बनाउनु ।

राग–( ना० ) सुरुवालको जाँघ, गीतको लय; नर्को गन्ध; घोडाको काठीमा बस्ने ढाँचा ।

राघे–( वि० ) रातो र कलेजी रङ मिसिएको; पाटे ।

राघेपाटे–(वि०) कालेमाले ।

राच्छेस–( ना० ) राक्षस । पो० राच्छेस्नी ।

राज–(ना०) मुलुक; राज्य ।

राजकन्या–( ना० ) राजाकी छोरी; राजकुमारी ।

राजकाज–( ना० ) राज्य वा शासन चलाउने काम ।

राजकुमार–(ना०) राजाको छोरो; शाहजादा ।

राजकुमारी–(ना०) राजाकी छोरी; राजकन्या; शाहजादी ।

राजखानी–( ना० ) बोका, खसी आदिको अण्डकोष ।

राजगद्दी–( ना० ) राजसिंहासन; राजाको गद्दी ।

राजगुठी–(ना०) सरकारबाट राखे-को वा चलाइएको गुठी ।

राजघराना–(ना०) राजाको वंश ।

राजतिलक–( ना० ) राजगद्दीमा पहिलो पटक बस्ता विधिपूर्वक राजालाई लगाइने तिलक ।

राजदण्ड–(ना०) राजाको आज्ञा वा राज्यको विधानअनुसार दिइने सजाय।

राजदरबार–( ना० ) राजाको दरबार; राजमहल ।

राजदूत–(ना०) एक राज्यबाट अर्को राज्यमा नियुक्त गरिएको राजनीतिक दूत ।

राजद्रोही–(वि०) राजा वा राज्यप्रति द्रोह गर्ने ।

राजधानी–( ना० ) राज्यका प्रमुख केन्द्र वा राजा रहेको शहर ।

राजनीति–( ना० ) राज्यको शासन-सम्बन्धी नीति वा व्यवस्था ।

राजनीतिक–( वि० ) राजनीति-सम्बन्धी ।

राजपथ–( ना० ) मूल सडक; राज-मार्ग ।

राजपाट–( ना० ) राज्यसम्बन्धी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



राज्यव्यवस्था ।

**राजबन्दी**-( वि० ) राजकाज मुद्दामा थुनिएको । (ना०) राजनीतिक कैदी ।

**राजबेली**-(ना०) एक प्रकारको बेली फूल ।

**राजमार्ग**-( ना० ) मूल सडक, राजपथ ।

**राजसिंहासन**-( ना० ) राजा बस्ने सिंहासन ।

**राजसी**-(वि०) राजाहरूको जस्तो; राजाहरूलाई सुहाउने; रजोगुण-सम्बन्धी ।

**राजा**-(ना०) भूपति; सरकार ।

**राजी**-(वि०) राजू; मन्जूर ।

**राजीखुशी** ( ना० ) खुशीराजी; प्रसन्न ।

**राजीनामा**-(ना०) आफ्ना हकको पद आदि खुशीसाथ छोड्ने काम वा त्यस्तो कागत; त्यागपत्र ।

**राजू**-(वि०) राजी ।

**राज्य**-(ना०) रजाइँ; देश, राष्ट्र ।

**राज्यलक्ष्मी**-( ना० ) राज्यकी अधिष्ठात्री देवी; राज्यको वैभव वा गौरव ।

**राज्याभिषेक**-( ना० ) राजगद्दीमा बस्दा मन्त्रपूर्वक गरिने अभिषेक ।

**राज्यारोहण**-(ना०) पहिलो पल्ट राजा सिंहासनमा विधिपूर्वक बस्ने काम ।

**राडी**-(ना०) ओछ्याइने ऊनी वस्त्र ।

**राडो**-(ना०) हल्ला; झगडा ।

**रात**-(ना०) रात्रि; रजनी ।

**रातारात**-( क्रि० यो० ) भररात; रातरातमा ।

**राति**-(ना०) राती ।

**राती**-(ना०) रात्रि (अ० क्रि० यो०) रातमा । (वि०) रातो वर्ण भएको ।

**रातीगेडी**-( ना० ) लालगेडी; थोरै धन ।

**रातो** (ना०) लाल रङ । (वि०) त्यस्तो रङको ।

**रातोदिन**-( क्रि० यो० ) दिनहुँ; दिनरात; सर्वदा ।

**रातोपीरो**-( वि० ) राम्रो स्वास्थ भएको; गालामा रगत चढेको ।

**रात्तै**-(वि० बो०) ए रात्तै ।

**रात्रि**-(ना०) रात; राती ।

**रानी**-(ना०) महारानी; राजाकी स्त्री; स्त्रीहरूलाई मान जनाउने शब्द ।

**रानीचरी**-(ना०) रङ्गीचङ्गी एक प्रकारको चरो ।

**रानु**-(ना०) मौरीको माउ; अगुवा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रानो–(ना०) मौरीको रानी; रानु; गुदी भएको ओखर ।

राप–(ना०) ताप; तातोपन; आँच ।

रापिनु–(अ० क्रि०) रापिलो हुनु; तात्नु; गर्माउनु ।

रापिलो–(वि०) राप भएको ।

राम–( ना० ) कौशल्याको गर्भबाट जन्मेका दशरथका जेठा छोरा; ईश्वर; एकको सङ्ख्या जनाउने शब्द । ( वि० ) मनोहर; प्रसन्न-कारक ।

रामतिलक–( ना० ) एक प्रकारको पहेंलो माटो ।

रामतोरियाँ–( ना० ) एक प्रकारको तरकारी ।

रामनवमी–( ना० ) रामको जन्म भएको दिन (चैत्र शुक्ल नवमी) ।

रामबाण–(ना०) अजीर्ण रोग हुँदा खुवाइने एक रसौषध । (वि०) अचूक; तुरुन्त असर गर्ने ।

रामरउस–( ना० ) रमाइलो; राम-रमिता ।

रामरमिता–(ना०) तमाशा; रमाइलो ।

रामराज्य -(ना०) रामचन्द्रको जस्तो आदर्श राज्य ।

रामराम–(ना०) परस्पर भेटघाट र बिदाबारीमा नमस्कारको सट्टा भन्ने शब्द; अपशोच प्रकट गर्दा सहानुभूतिपूर्वक भन्ने शब्द ।

रामारुमी–( वि० ) केही नदेखिने; निष्पट्ट । (ना०) झिसमिसे; पहर फाट्ने बेला ।

रामायण–(ना०) रामको चरित्र वर्णन भएको काव्यग्रन्थ; गाइजात्रामा मृत व्यक्तिको शोक प्रकट गरेर शहर घुम्दै गाइने गीत वा त्यस्तो गाउने मण्डली ।

रामो–(ना०) एक किसिमको काठ खोप्ने हतियार ।

राम्ररी–(क्रि० यो०) सुहाउँदो गरी; राम्रो गरी ।

राम्रै–(वि०) केही राम्रो; अलि राम्रो ।

राय–( ना० ) विचार; मनसुबा; आशय ।

रायो–(ना०) तरकारी खाने एक जातको साग ।

राल–(ना०) मुखमा रसाउने लेसाइलो पदार्थ; न्याल ।

राले ( ना० ) केटाकेटीका गलामा लगाइने वस्त्र ।

रालो–(ना०) घण्टाको लङ्गूर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**रावण**–( ना० ) लङ्काको राजा । (वि०) दुष्ट ।

**राशि**–(ना०) ज्योतिष शास्त्रअनुसार बाह्र ताराको समूह– मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धन, मकर, कुम्भ र मीन; थुप्रो; रास; सङ्ख्या ।

**राष्ट्र**–(ना०) देश; मुलुक ।

**राष्ट्रनायक**–( ना० ) राष्ट्रका नायक वा प्रधान नेता ।

**राष्ट्रपति**–(ना०) आधुनिक गणतन्त्र देशका निर्वाचित प्रमुख प्रतिनिधि वा शासक ।

**राष्ट्रपिता**–(ना०) राष्ट्रका पिता; श्री ५ त्रिभुवनको सम्मानसूचक पद ।

**राष्ट्रिय**–( वि० ) राष्ट्रसम्बन्धी; राष्ट्रको ।

**राष्ट्रियता**–( ना० ) कुनै राष्ट्रको हुनाको भाव ।

**रास**–(ना०) थुप्रो; लगाम; कोलाहल ।

**रासन**–( ना० ) खानेपिउने सामग्री; अन्नपात ।

**रासलीला**–( ना० ) एक किसिमको नाचगान ।

**रासोबासो**–(ना०) बसोबास ।

**राहदानी**–( ना० ) विदेशमा जाँदा-आउँदा सरकारसँग लिइने अनुमतिपत्र ।

**राहु**–( ना० ) नौ ग्रहमध्ये एक । (वि०) पछेटा लाग्ने; ज्यादै करेप्ने ।

**रिंगटा**–(ना०) गर्मी; कमजोरी ।

**रिंगाइ**–(ना०) रिंग्ने वा रिंगाउने काम ।

**रिंग्नु**–(स० क्रि०) फेरो मार्नु; प्रदक्षिणा गर्नु । ( अ० क्रि० ) चक्कर खानु; फनफनी घुम्नु ।

**रिकापी**–(ना०) रिकाबी ।

**रिकाब**–( ना० ) घोडा चढ्दा गोडा अड्याउने ठाउँ ।

**रिकाबद्वार**–( ना० ) रिकाब अड्ने छालाको फित्ता ।

**रिकाबी**–(ना०) एक प्रकारको सानो थाल; रिकापी ।

**रिक्त**–(वि०) रित्तो; खाली ।

**रिक्सा**–(ना०) प्रायः तीनपाङ्ग्रे सानो एक किसिमको सवारी ।

**रिखिडोरो**–(ना०) रक्षाबन्धन ।

**रिङ्ग**–(ना०) डन्डी; तार आदिको वाटुलो चक्का ।

**रिङ्गै**–(क्रि०यो०) वरिपरि; चारैतिर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रिजिमेन्ट–(वि०) बिलकुल; सब ।
रिझाइ–( ना० ) रिझाउने काम वा किसिम ।
रिझाउनु–(स० क्रि०) प्रसन्न गराउनु; खुशी तुल्याउनु ।
रिटाउनु–(स० क्रि०) राम्रो पार्नु; सिंगार्नु ।
रिटायर–(वि०) म्याद पुगी नोकरी छुटेको; कामबाट अवकाश लिएको ।
रिटिक्क–( क्रि० यो० ) छाँटिने वा चिटिक्क पर्ने किसिम ।
रिट्ठे–(वि०) निक्खर कालो ।
रिट्ठो–(ना०) एक किसिमको रूख वा धुने काममा लगाइने त्यसको गोल फल ।
रित्तिनु–( अ० क्रि० ) रित्तो हुनु; सिद्धिनु ।
रित्तो–(वि०) केही नभएको; खाली; निस्सार; खोक्रो ।
रित्याइ–(ना०) रित्तिने वा रित्याउने काम ।
रित्याउनु–(स० क्रि०) रित्तो पार्नु; सिध्याउनु ।
रिनी–(वि०) रुपियाँ सापट लिने; ऋणी ।
रिप–(ना०) ज्यादै ओसिलो ठाउँ; चिसो जमीन ।
रिपु–(ना०) वैरी; शत्रु । ( वि० ) सिपालु; निपुण ।
रिपोट–(ना०) जाहेरी; विवरण ।
रिभल्भर–(ना०) पिस्तौलजस्तो एक शस्त्र ।
रिमझिम–(ना०) उत्सव; रमाइलो । (क्रि० यो०) रिमझिम; सिमसिम ।
रिमोझिमो–( ना० ) रमिता; रमाइलो ।
रिमरिम–(क्रि० यो०) हल्का पानी पर्ने किसिम; मिरमिर ।
रिमरिमे–( वि० ) रिमरिम परेको; सिमसिमे ।
रियासत–(ना०) सानो राज्य ।
रिवाज–(ना०) चालचलन; रीति ।
रिश्वत–(ना०) घूस ।
रिस–(ना०) क्रोध; रन्को ।
रिसल्ला- (ना०) घोडचढीको फौज ।
रिसाउनु–( अ० क्रि० ) रिस उठ्नु; क्रोधिनु ।
रिसानी–(ना०) रिस; नाराजी ।
रिसारिस–(ना०) परस्परको रिस ।
रिसाहा–( वि० ) ज्यादा रिसाउने स्वभावको; क्रोधी ।
रिहर्सल–(ना०) नाटक आदि देखाउनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अघि गरिने अभ्यास वा त्यस्तो काम ।
रिहाई-(ना०) छुटकारा; मिनाहा; माफी ।
रीझ-(ना०) प्रसन्नता ।
रीत-(ना०) तरीका; काइदा ।
रीतभाँत-(ना०) रीतिस्थिति; चालचलन ।
रीति-(ना०) काम गर्ने काइदा; तरीका; प्रथा; गति; नियम; साहित्यको ओज, माधुर्य, प्रसाद आदि गुण पैदा गर्ने एक परिपाटी ।
रीतिथिति-(ना०) रीतिस्थिति ।
रीतिरिवाज-(ना०) चालचलन ।
रीतिस्थिति-(ना०) चलेर आएको प्रथा; विधि-विधान; नीति-नियम ।
रील-(ना०) धागो बेरिएर आउने लट्टाईजस्तो साधन वा त्यसमा बेरिएको धागो; टिनबाट मटीतेल झिक्ने पम्प ।
रुँगाइ-(ना०) रुँग्ने काम वा किसिम ।
रुँग्नु-(स० क्रि०) कुर्नु; रक्षा गर्नु ।
रुँद-(ना०) धुम्मिएको बादल; बदली ।
रुँदिनु-(अ० क्रि०) आकाशमा कालो बादल लाग्नु; धुम्म हुनु ।
रुइदार-(वि०) रुवा भएको ।
रुइदारी-(वि०) तकुवा ।
रुई-(ना०) कपास; रुवो ।
रुक्का-(ना०) हुकुमी आज्ञा ।
रुक्खो-(वि०) रूखो ।
रुखिनु-(अ० क्रि०) रूखो हुनु; फुस्रिनु; मलिलो नहुनु; औताउनु ।
रुगरुग-(क्रि० यो०) रगरग ।
रुगरुगाउँदो-(वि०) चिल्लोचापुल्लो नभएको; मायालाग्दो; फुस्रो ।
रुगरुगे-(वि०) मायालाग्दो; फुस्रो; जाबो ।
रुगा-(ना०) रुघा ।
रुगा-(ना०) नाकबाट पातलो सिँघान आउने एक रोग ।
रुङाइ-(ना०) रुँगाइ ।
रुङ्नु-(स० क्रि०) रुँग्नु ।
रुचाइ-(ना०) रुचाउने काम वा किसिम ।
रुचाउनु-(स० क्रि०) मन पराउनु ।
रुचि-(ना०) चाह; इच्छा; स्वाद; भोक ।
रुचिकर-(वि०) रुचि हुने; रुचिकारी ।
रुचिकारक-(वि०) रुचि पैदा गर्ने; रुचिकर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रुचिर–(वि०) मनपर्दो; राम्रो ।
रुजू–(ना०) लेखको सकल र नकल भिडाउने काम ।
रुझाइ–(ना०) रुझने वा रुझाउने काम ।
रुझनु–(स० क्रि०) भिज्नु; निथ्रुक्क हुनु ।
रुद्र–(ना०) संसारको प्रलयकारी शिवको एक रूप ।
रुद्रघण्टी–(ना०) घाँटीभित्रको गोलाकार हाठ ।
रुद्राक्ष–(ना०) एक प्रकारको फल ।
रुद्री–(ना०) यजुर्वेदको रुद्राध्याय ।
रुनु–(अ० क्रि०) मन दुःखित भएर विलाप गर्नु; रोदन गर्नु ।
रुन्चे–(वि०) रुने स्वभावको; पिन्चे ।
रुपियाँ–(ना०) सय पैसाको सिक्का; नगद ।
रुपौलो–(वि०) सफा; सेतो ।
रुबल–(ना०) रुस देशको सिक्का ।
रुमलिनु–(अ० क्रि०) रूमलोमा पर्नु; अलमलमा पर्नु ।
रुमलो–(ना०) झमेलो; अल्झो ।
रुम्टारास्टी–(ना०) घेरथोर पानी जमेको खोपिल्टो ।
रुम्टो–(ना०) राह्रांटो; सानोतिनो फोगटो ।
रुलाइ–(ना०) रुने काम ।
रुवाइ–(ना०) रुने काम वा किसिम ।
रुवाइलो–(वि०) रुने स्वभावको; रुवाइ मिसिएको (आवाज, स्वर आदि) ।
रुवाबासी–(ना०)धेरै जनाको रुवाइ ।
रुवो–(ना०) कपास; रुई ।
रुष्ट–(वि०) रिसाएको ।
रुहाइ–(ना०)सप्रने काम वा किसिम ।
रुहुनु–(स० क्रि०) दुहेर्झैं गरी तानेर निकाल्नु ।
रूख–(वि०) बोट ।
रूखोसुखो–(वि०) रुखो र सुक्खा; चिल्लोचापुल्लो नभएको ।
रूखो–(वि०) खस्रो ।
रूढि–(ना०) चलेर आएको प्रथा; पुरानो चलन ।
रूढिबूढी–(ना०) धेरै दिनदेखि बूढापाकामा चलिआएको प्रथा; पुरानो रीतिथिति ।
रूढी–(ना०) सङ्क्रामक रोगको प्रकोप; महामारी; देशान ।
रूप–(ना०) अनुहार; चेहरा; वर्ण; रङ्ग ।
रूपक–(ना०) अभिनय काव्य; दृश्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



काव्य; एक अर्थालङ्कार ।

रूपरेखा–(ना०) रूप र रेखा; पछि गर्ने कामको अनुमान; योजना; खाका; खेस्रा ।

रूपवती (वि०) अति राम्री; सुन्दरी ।

रूपवान्–(वि०) अति राम्रो; सुन्दर ।

रूपसी–(ना०) रूपवती नारी ।

रूपान्तर–(ना०) अर्को रूप; भिन्न रूप ।

रूपान्तरित–(वि०) रूपान्तर भएको; रूप बदलिएको ।

रूमाल–(ना०) हातमुख पुछ्ने कपडाको टुक्रो; तौलिया ।

रूल–(ना०) नियम; रीति; काइदा ।

रूलर–(ना०) सोझो रेखा तान्ने काठ वा प्लास्टिक ।

रूलदार–(वि०) रूल भएको ।

रूस–(ना०) एशियादेखि यूरोपसम्म फैलेको एक देश ।

रूसी–(ना०) रूससम्बन्धी; रूसको (भाषा, निवासी आदि) ।

रे–(अव्य०) संशय, शङ्का आदि जनाउँदा प्रयोग हुने निपात शब्द; अरे ।

रेखदेख–(ना०) हेरविचार; देखरेख ।

रेखा–(ना०) धर्को वा डोरो ।

रेखी–(ना०) यज्ञमा बनाएको बुट्टा; भर्खर आउन थालेका जुँगाको पङ्क्ति ।

रेखो–(ना०) डोरो; धर्सो ।

रेखोपाखो–(ना०) प्रशस्त पाखो जमीन ।

रेचक–(ना०) दिशा लगाउने काम; कुनै पदार्थको खराब तत्त्व छुट्याउने क्रिया ।

रेट–(ना०) भाउ; दर ।

रेटाइ–(ना०) रेट्ने काम वा किसिम ।

रेटाउनु–(स० क्रि०) रेट्न लाउनु; सेराउनु ।

रेटाहा–(वि०) कन्जूस; रेटने स्वभावको ।

रेडियम–(ना०) एक प्रकारको प्रकाशमय धातु ।

रेडियो–(ना०) एक यन्त्र ।

रेन्चु–(ना०) एक प्रकारको ढिम्री कस्ने साधन ।

रेत–(ना०) काठ खुर्कने एक ज्यावल ।

रेतिलो–(वि०) रेतको जस्तो धार भएको; बलौटे ।

रेत्नु–(स० क्रि०) रेतले खुर्कनु; रेत लाउनु ।

रेफ–(ना०) अक्षरको माथि रहने 'र'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



को चिह्न ( ̊ ) ।

रेफरी–(ना०) खेलकुदको सञ्चालन र त्यसका समस्याको निर्णय गर्न नियुक्त; व्यक्ति ।

रेल–(ना०) लीकमा चल्ने डिब्बैडिब्बा जोडिएको सवारीसाधन ।

रेलगाडी–(ना०) रेल ।

रेलाइ–(ना०) रेल्ने काम वा किसिम ।

रेलीमाई–(ना०) लोकगीतको एक भाका ।

रेलो–(ना०) थुप्रो; घुइँचो । (वि०) प्रशस्त खर्चिएको; छरिएको ।

रेल्नु–(स० क्रि०) ठेल्नु; हुल्नु; हुरेल्नु; वैरनु ।

रेशम–(ना०) कीराबाट निस्केको सूत्र ।

रेशमी–(वि०) रेशमसम्बन्धी; रेशमको ।

रैकर–(ना०) रैतीले नै सरकारमा तिरो तिरेर कमाउने जग्गा ।

रैक्रिया–(ना०) मरेको दस रातपछि ढिकुरो उठाई एक-दुई दिनमै गरिने क्रिया; छोटो क्रिया ।

रैतान (ना०) मोहिया; रैती ।

रैतानी–(ना०) रैतानको काम । (वि०) रैतानको; रैतीको ।

रैती–(ना०) प्रजा; दुनियाँ ।

रैथाने–(वि०) कुनै ठाउँको पुरानो बासिन्दा ।

रैन–(ना०) छारो; धूलो ।

रैबन्दी–(ना०) एकनासको भाग; दामासाही ।

रैमट्ट–(ना०) छ्यासमिस; सरोवर ।

रैयत–(ना०) रैती; दुनियाँ ।

रोक–(ना०) रोक्का; रोकावट ।

रोकटोक–(ना०) मनाई; रोक्का ।

रोकड–(ना०) नगद; धन; धरौट; नासो ।

रोकथाम–(ना०) रोक्ने र थाम्ने काम; रोक्ने प्रयत्न ।

रोकाइ–(ना०) रोक्ने काम वा किसिम ।

रोकारोक–(ना०) परस्परको रोकावट ।

रोकावट–(ना०) मनाई; रोक्ने काम ।

रोकाहा (वि०) रोक लगाउने; रोक्ने ।

रोक्नु–(स० क्रि०) थाम्नु; अड्याउनु; रोक्का गर्नु; छेक्नु; थुन्नु; प्रतिबन्ध लगाउनु ।

रोखपोख–(ना०) सापोनापो ।

रोग–(ना०) व्यथा; बिमारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**रोगन**–( ना० ) रङ्ग; रङाउने वस्तु ।

**रोगाइ**–( ना० ) रोगाउने काम वा किसिम ।

**रोगाउनु**–( अ० क्रि० ) रोगी हुनु; बिरामी पर्नु; अस्वस्थ हुनु ।

**रोगाहा**–(वि०) दीर्घरोगी; बिरामी भइरहने ।

**रोगी**–(वि०) रोग लागेको; अस्वस्थ ।

**रोचक**–(वि०) रुचि लाग्ने; रुच्ने; स्वादिलो; आकर्षक; रमाइलो ।

**रोज**–(ना०) दिन; वार वा तारीख । (क्रि० यो०) प्रतिदिन; दिनहुँ ।

**रोजगार**–(ना०) पेशा; इलम ।

**रोजगारी**–(वि०) रोजगार गर्ने ।

**रोजा**–(वि०) उम्दा; रोज्न लायक ।

**रोजाइ**–( ना० ) रोज्ने; रोजाउने काम ।

**रोजिन्दा**–(क्रि० यो०) हरेक दिन; सधैं ।

**रोजी**–( ना० ) जीविका; पेटपालो । (वि०) रोजेको; मन परेको ।

**रोजीछाडी**–(ना०) रोज्ने र छाड्ने काम ।

**रोट**–(ना०) ठूलो रोटी ।

**रोटी**–( ना० ) पीठो बेलेर वा रयालेर बनाएको खानेकुरो; सेल, पुरी आदि ।

**रोटो**–(ना०) रोटी आकारको जमेको ढेलो; पाप्रो; मोटो रोटी ।

**रोडा**–(ना०) ढुङ्गाको टुक्रा ।

**रोदन**–(ना०) रुने काम; रुवाइ ।

**रोपनी**–( ना० ) ५४७६ वर्गफुट जमीनको नापो ।

**रोपलाइन**–(ना०) मालसामान ओसार्न टाँगिएको फलामे तारले बनेको डोरी; रज्जुमार्ग ।

**रोपाइँ**–(ना०) खेत रोप्ने काम ।

**रोपाहार**–( ना० ) खेतमा धानका बीउहरू रोप्ने स्त्री ।

**रोपुवा**–(वि०) बीउ उखेलेर फेरि रोपेको ।

**रोपो**–( ना० ) अङ्कुराएको रोप्ने बीउ; रोप्ता नसरुन्जेलको बोट ।

**रोब**–(ना०) रवाफ; धाक ।

**रोबकार**- (ना०) रोहबर ।

**रोबरबाफ**–(ना०) ढाँचाकाँचा; धाक रवाफ ।

**रोम**–(ना०) रौं; केश; प्वाँख ।

**रोमन**–(ना०) अङग्रेजी आदि भाषा लेखिने एक लिपि ।

**रोमाञ्च**–(ना०) शरीर जुरुङ्ग हुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एक क्रिया ।

रोमाञ्चित–(वि०) रोमाञ्च भएको ।

रोरी–(ना०) टीका लाउने सिम्रिक ।

रोरे–(वि०) पिन्चे; रुन्चे ।

रोऱ्याइँ–(ना०) निहुँ पारे केटाकेटी रोइरहने काम; रोरे हुनाको भाव ।

रोल–(ना०) उन्नतिको क्रम; सिलसिला ।

रोलदार–(वि०) रोलमा पुगेको ।

रोलवाला–(वि०) रोलको हक पाएको ।

रोशनी–(ना०) प्रकाश; कान्ति; उज्यालो ।

रोष–(ना०) रिस; क्रोध ।

रोह–(ना०) सिलसिला; विधि ।

रोहबर–(क्रि० यो०) सामुन्ने; अगिल्तिर ।

रौं–(ना०) रउँ; केश ।

रौदाखो–(ना०) निकास नपाई खाँदिएर घुस्रेको स्थिति; मेलोमेसो हराएको अवस्था ।

रौद्र–(ना०) साहित्यको एक रस । (वि०) डरलाग्दो ।

रौरव(ना०) एक नरक । (वि०) भयङ्कर; डरलाग्दो ।

रौसिनु–(अ० क्रि०) रउसिनु ।

रौसिलो–(वि०) रउस मान्ने ।

रौस्याइँ–(ना०) रउस्याइँ; रौसिने भाव वा काम ।

ऱ्याइँऱ्याइँ–(क्रि० यो०) सारङ्गी बजाउँने वा करौंतीले काट्दा शब्द आउने किसिम ।

ऱ्याखऱ्याखती–(क्रि० यो०) रुपार्ने किसिम; हायलकायल ।

ऱ्याङठ्याङ–(ना०) तारतम्य; ठीकठाक ।

ऱ्याल–(ना०) राल ।

ऱ्याले–(ना०) राले ।

ऱ्याल्ल–(क्रि० यो०) लेदो वस्तु खस्ने वा चुहुने किसिम ।

ऱ्वाइँऱ्वाइँ–(क्रि० यो०) घट्ट, जाँतो आदि घुम्दा शब्द आउने किसिम ।

ऱ्वाम्म–(क्रि० यो०) वेसरी रोप्ने वा गाड्ने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ल

ल– देवनागरी वर्णमालाको अट्ठाइसौं व्यञ्जनवर्ण, उच्चारणस्थान दन्त्य ।

ल–( अव्य० ) स्वीकृति, प्रेरणा, आश्चर्य आदि जनाउँदा प्रकट गर्ने शब्द; लौ ।

लँगडो–(वि०) लङ्गडो ।

लँगडाइ–(ना०) लङ्गडाइ ।

लँगडाउनु–(अ० क्रि०) लङ्गडाउनु ।

लँगौटिया–(ना०) लँगौटीसम्बन्धी ।

लँगौटी–(ना०) सानो ठाडो धोती ।

लकडी–(ना०) कोटको ठूलो मूढो ।

लकपक–(ना०) हिँड्दा धरमराउने काम; बोल्दा लरबराउने काम ।

लकपकाइ–(ना०) लकपकाउने काम वा किसिम ।

लकपकाउनु–(अ०क्रि०) अस्पष्ट रूपले बोल्नु; लरबराउनु; धरमराउनु ।

लकपकाहट–( ना० ) लकपकाउने किसिम वा भाव; लकपकाइ ।

लकपके–(वि०) लकपक गर्ने ।

लकार–(ना०) 'ल' अक्षर ।

लकीर–(ना०) धर्को; धर्सो ।

लक्का–( ना० ) परेवा वा बाजको भाले । ( वि० ) जवान; लायक; तरुनो ।

लक्कु–(ना०) रुपियाँ-पैसाको खात; तङ्गी ।

लक्खु–(ना०) अम्तनु ।

लक्खौं–(वि०) कैयौं; लाखौं ।

लक्षण–( ना० ) पूर्वाङ्ग; ढाँचा; शकुन; छाँट ।

लक्ष्मण–( ना० ) सुमित्राका गर्भबाट जन्मेका दशरथका छोरा ।

लक्ष्मी–(ना०) विष्णुकी पत्नी; श्रीसम्पत्ति ।

लक्ष्मीनारायण–(ना०)लक्ष्मी र नारायण ।

लक्ष्मीपूजा–( ना० ) कार्तिक कृष्ण औंसीको दिन ।

लक्ष्य–(ना०) ताक; ध्येय; निशाना ।

लख–( ना० ) अडकल; अन्जाम; विचार; जोख ।

लखकानो–(ना०) अक्षरमा लगाइने 'ओ' को चिह्न ( ो ) ।

लखतरान–( वि० ) थाकेर लस्त भएको; धेरै थकित ।

लखने–(वि०) कामकाज नभएको; डुलेर पेट पाल्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लखपति-( वि० ) लाखौं रुपियाँको सम्पत्ति भएको; ठूलो धनाढ्य ।

लखपातर-(वि०) धेरै नाठा राखेकी; वेश्या ।

लखबन्धक-(ना०) बन्धक लिनेले पनि अर्कातिर फेरि बन्धक राख्ने काम ।

लखरलखर-(क्रि० यो०) ओहरदोहर गरी हिँडिरहने किसिम ।

लखेटाइ-(स० क्रि०) लखेट्ने काम वा किसिम ।

लखेटो-(ना०) लखेट्ने काम; खेदो ।

लखौटी-( वि० ) ल्याइते स्वास्नी; फुँडी ।

लखेट्नु-(स० क्रि०) लघार्नु; पीछा गर्नु ।

लखौरी-(वि०) घर चहार्ने; पोइल गइरहने; लखौटी ।

लग-(ना०) नियत काम; मेलो ।

लगत-( ना० ) ठेकिएको दरबन्दी अङ्क; कामका निम्ति चाहिने नगद वा जिन्सी मालको जम्माजम्मी विवरण ।

लगत्त-( क्रि० यो० ) उत्तिखेरै; तुरुन्तै ।

लगन-(ना०) साइत; शुभ मुहूर्त ।

लगनगाँठो-(ना०) कन्यादानको बेला दुलहीको कमरमा बाँधिने मन्त्रपूर्वक पारिएको गाँठो ।

लगभग-(सं० यो०) पुगनपुग; करिब ।

लगल-(वि०) बाजी जित्दाको उधारो; ऋण ।

लगलगी-( क्रि० यो० ) हल्लने वा काँप्ने किसिम ।

लगा-(ना०) सीमा; इलाका ।

लगाउनु-( स० क्रि० ) कुनै काममा प्रवृत्त गराउनु; पहिरन गर्नु; हात पार्नु; स्पष्ट गर्नु; भाग मिलाउनु ।

लगातार-( क्रि० यो० ) सिलसिला मिलेर; लगातार ।

लगान-( ना० ) कुनै काममा लाग्ने खर्च; लगानी ।

लगानी-(ना०) कर्जा लगाइएको धन; सरसापट दिइएको धन; मालपोत ।

लगापात-( ना० ) छेउछाउको जमीन; सेरोफेरो ।

लगाम-(ना०) घोडाको बाग्डोर ।

लगायत-(ना० यो०) यावत; समेत ।

लगाराइ-( ना० ) लगार्ने काम वा किसिम ।

लगार्नु-(स० क्रि०) लखेट्नु; दपेट्नु; पीछा गर्नु; भगाउनु ।

लगालग-( क्रि० यो० ) धमाधम;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पटकैंपिच्छे ।

लगेदा–( ना० ) हौदा; गद्दी आदि कस्दा पिठ्यूँमा लाइने जीनपोश ।

लग्गा–(ना०) जिम्मा; हिस्सा ।

लग्गू-(वि०) खूब लागेको; ज्यादै तत्पर ।

लग्न–(ना०) लगन; साइत । (वि०) जोरिएको; टाँसिएको ।

लग्नु–( स० क्रि० ) लिएर जानु; लैजानु; लानु ।

लघाराइ–(ना०) लगाराइ ।

लघार्नु–(स० क्रि०) लगार्नु ।

लघु–(वि०) छोटो; सानो ।

लघुता–(ना०) लघु हुनाको भाव ।

लघुशङ्का–(ना०) पिसाब ।

लङ–(ना०) पङ्क्ति; लाम; लहर ।

लङ्का–( ना० ) भारतको दक्षिततर्फ रहेको एक टापू ।

लङ्कासानी–( ना० ) एक प्रकारको फूल ।

लङ्गडाइ–(ना०) लङ्गडाउने काम वा किसिम ।

लङ्गडाउनु–(अ० क्रि०) खोच्याउनु; लेच्याउनु ।

लङ्गडो–( वि० ) खुट्टो खोच्याएर हिँड्ने ।

लङगुर–(ना०) घडीको सुई; एक जातको बाँदर वा त्यसको पुच्छर ।

लङ्घन–(ना०) नाघ्ने काम ।

लचक्क–(क्रि० यो०) लच्कने काम वा किसिम ।

लचक्नु–(अ० क्रि०) नुहुनु; झोलिनु; निहुरनु; ढल्कनु ।

लच्काइ–(स० क्रि०) लच्कने काम वा किसिम ।

लच्छा–( ना० ) गाँछ; जरी वा गोडामा लाउने चाँदीको गहना ।

लच्छिन–(ना०) लक्षण; शुभ ।

लच्छिनी–(वि०) लच्छिन भएको वा भएकी ।

लच्छिमी–(ना०) लक्ष्मी ।

लच्याक्क–(क्रि० यो०) लचक्क ।

लछारपछार–(ना०) लछार्नेपछार्ने वा घिस्याउने काम ।

लछारपाटो–(वि० बो०) व्यङ्ग्य वा तुच्छार्थमा अरूलाई खिज्याउने शब्द ।

लछाराइ–(ना०) लछार्ने काम वा किसिम ।

लछारो–(ना०) कामको परिश्रम वा हैरानी ।

लछार्नु–(स० क्रि०) बोक्रोसमेत छुट्टिने गरी तान्नु; ताछ्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लछुमन–(ना०) लक्ष्मण ।

लजाइ–( ना० ) लजाउने काम वा किसिम ।

लजाउनु–( अ० क्रि० ) लाज मान्नु; शरमाउनु; विवश हुनु ।

लज्ज–(ना०) लाज; शरम ।

लज्जालु–(ना०) एक किसिमको फूल । (वि०) खूब लाज मान्ने स्वभावको ।

लज्जावती–( वि० ) लज्जा मान्ने । (ना०) खुम्चने एक जातको झार ।

लज्जित–(वि०) लजाएको; लाजमा परेको ।

लटकन–(ना०) लुर्को; झल्लर ।

लटक्क–(क्रि० यो०) पन्यालो वस्तु खूबसित जम्ने किसिम ।

लटपट–(ना०) गोलमाल; छूतछात; लसपस ।

लटपटिनु–( अ० क्रि० ) अलमलिनु; लपेटिनु; अल्झनु; मिसिनु; लसपस हुनु ।

लटपटे–( वि० ) लटपट गर्ने स्वभावको ।

लटमुखा–( वि० ) मौकामा बोल्न नसक्ने ।

लटरपटर– (ना०) गोलमाल; गडबडी; लसपस; छ्यासमिस ।

लटरम्म–(क्रि० यो०) झ्याम्म भई प्रशस्त फल लाग्ने किसिम ।

लट्कनु–( अ० क्रि० ) झुन्डिनु; झोलिनु ।

लट्काइ–(ना०) लट्कने काम वा किसिम ।

लट्टा–(ना०) जमेको रउँ; जटा; जमोट भएको वस्तु वा डल्लो ।

लट्टाई–(ना०) चङ्गा उडाउँदा धागो बेर्ने साधन ।

लट्टी–( ना० ) लरिया; धागाको ससानो गाँठ ।

लट्टीपट्टी–(ना०) सर्वस्व; सिरीखुरी; जेथाजग्गा ।

लट्टु–(वि०) लग्गू; आसक्त । (वि०) घुमाई खेल्ने घुर्रा ।

लट्टे–(ना०) एक किसिमको दाना । (वि०) लट्टा परेको ।

लट्ठ–(वि०) मदमस्त; रद्द; निद्रा वा आलस्यले ग्रस्त ।

लट्ठक–(वि०) मूर्ख; लन्ठ ।

लट्ठा–(ना०) ईंट आदिको एक किसिमको थाम ।

लट्ठिनु–(अ० क्रि०) लट्ठ पर्नु; मोहित हुनु; नशा, निद्रा, आदिले ग्रस्त हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लट्ठी–(ना०) लहुरो; लाठो ।

लट्ठीकासा–( ना० ) लट्ठी हुत्याएर खेलिने एक किसिमको खेल ।

लट्ठू–(वि०) लठुवा; लट्ठक ।

लटचाङपटचाङ–(क्रि० यो०) लोटाइ-पोताइ; लटपट; लन्याङलुरुङ ।

लठ–(वि०) लट्ठ ।

लठाबज्र–(वि०) सँभाल्न नसकिने; भताभुङ्ग भएर बिग्रेको; असम्भार ।

लठारिनु–( अ० क्रि० ) लठारोजस्तै बटारिनु; झगडा गर्नु ।

लठारो–( ना० ) लखाकी; लामो झगडा ।

लठिङ्गरे–( वि० ) लट्ठकजस्तो; लठचाम्रो ।

लठिबज्र -(वि०) लठाबज्र ।

लठुवा–(वि०) मूर्ख; लट्ठके ।

लठेउरो–( वि० ) लाटो स्वभावको; लठेप्रो; लठचौरो ।

लठेप्रो–(वि०) लटमुखा; लाटोजस्तो ।

लठचाङग्रो-(वि०) लठेउरो ।

लठचौरो– (वि०) लठेउरो ।

लडकपन–(वि०) लडकाको भाव वा स्वभाव ।

लडकी–( ना० ) केटी; बच्ची; छोरी ।

लडको–(ना०) ठिटो; केटी; छोरो ।

लडन्त–(ना०) लडाइँ; घम्साघम्सी ।

लडन्ते–( वि० ) लडाका; लड्ने स्वभावको ।

लडाइँ–( ना० ) दुई थरी सेनाको पारस्परिक आक्रमण; युद्ध ।

लडाउनु–( स० क्रि० ) पल्टाउनु; सुताउनु; जुधाउनु; झगडा पार्नु ।

लडाका-( वि० ) योद्धा; बहादुर; लडाका ।

लडीबुडी -(ना०) भुइँमा लडेर गुड्ने काम; लोटपोट; ढलीमली ।

लड्डू-( ना० ) गोलाकार एक प्रकारको मिठाई ।

लत–(ना०) बानी; आदत ।

लतक्क–( क्रि० यो० ) ज्यादा पाकेर गल्ने किसिम ।

लतपत -(क्रि० यो०)जथाभाबी पोत्ने किसिम ।

लतपत–( ना० ) गल्ने, पग्लने वा छेर्ने किसिम ।

लता–(ना०) लहरो; बेलो ।

लतार्नु–(स० क्रि०) घिसार्नु, पछार्नु; नुहाउनु; घिउतेलमा सागपात पकाउनु ।

लताहा–( वि० ) लात्तीले हान्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्वभावको (वस्तुभाउ) ।

लत्को–(ना०) जमेको तरल वस्तु; सिंगानको आँठो ।

लत्ता-(ना०) लोता; फित्ता; कपडा-को टुक्रो ।

लत्ताकपडा–(ना०) लुगाफाटो ।

लत्तो–(ना०) प्रयत्न; हिम्मत ।

लत्याउनु–( स० क्रि० ) कुल्चनु; गोडाले छुनु ।

लत्रनु–(अ० क्रि०) झुक्नु, निहुरनु; तुहुनु ।

लत्र्याँस्स–(क्रि० यो०) ओइलाएर वा तेज हराई लत्रिने किसिम ।

लत्र्याइ–( ना० ) लत्रिने काम वा किसिम ।

लथालिङ्ग–( क्रि० यो० ) मालताल बेथितिसँग फिँजिएर रहने किसिम; छरपुस्ट । ( ना० ) भताभुङ्ग; वरबादी ।

लदबद–(क्रि० यो०) लेदो वा गीलो हुने किसिम ।

लदाइ–(ना०) लाद्ने काम ।

लदाउनु–( स० क्रि० ) गह्रौं भारी बोकाउनु; काममा बेसरी जोत्नु ।

लदाबदी–( वि० ) आफलताफल; प्रशस्त; छेलोखेलो ।

लद्दी–( वि० ) गलेर ह्लिलोजस्तो भएको ।

लद्दू–(वि०)लन्ठ; बेकम्मा ।

लन्ठ–(वि०) लट्ठक; मूर्ख ।

लन्ठा–(ना०) कामको अलमल ।

लन्ठिनु–( अ० क्रि० ) काम नगरी यताउति हल्लनु; काम सिद्ध नहुनु ।

लपक्क-(क्रि० यो०) चाट्ने किसिम; ल्याप्प ।

लपनछपन–( ना० ) लुकाउने र छिपाउने काम ।

लपेटाइ–( ना० ) लपेट्ने काम वा किसिम ।

लपेटुवा–(वि०) लपेटिने खालको; लपेट्ने ।

लपेटो–( ना० ) हत्केलाले दिएको थप्पड; लपेट्ने काम ।

लपेस–(ना०) बिट नउठाएको टपरी ।

लप्काइ–( ना० ) लप्कने काम वा किसिम ।

लप्काउनु–( स० क्रि० ) ठगेर खानु; खूब खानु; चाट्नु ।

लप्को–(ना०) आगाको ज्वाला ।

लप्टन–(ना०) एक जङ्गी अधिकृत ।

लप्टनी–( ना० ) लप्टनको दर्जा वा काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लप्सी–(ना०) एक जातको फल ।
लफङ्गो–(वि०) रद्दी; बेकम्मा ।
लफलफ–(क्रि० यो०) भिजेको लुगा शरीरमा बराबर टाँसिने किसिम ।
लफलफाइ–( ना० ) लफलफाउने काम ।
लफलफाउनु–( अ० क्रि० ) निथ्रुक्क भिज्नु; लफलफ गर्नु ।
लफ्र्याकलफ्र्याक–(क्रि० यो०) भिजेर लफलफाउँदो हुने किसिम; कामकाजविना हल्लेर हिँड्ने किसिम ।
लबज–( ना० ) भनाइ; भनाइको कित्ता; बोली; बचन; शब्द ।
लबटो–( ना० ) थप्पड; हत्केलो; लपेटो ।
लबरपाँडे–( ना० ) ठटचौलो; कुरा ओसारपसार गर्ने मान्छे; गफी; कुराले ठिक्क पार्ने ।
लबर्चट्टा–(वि०) लाउके; ठग ।
लबर्चट्टू–( वि० ) ढँटुवा; चोट्टा; ठग; लफङ्गो; लाउके ।
लबस्तरो–( वि० ) लाज नभएको; निर्लज्ज । ( ना० ) छुरा उध्वाउने छाला ।
लबस्तऱ्याइँ–( ना० ) लबस्तराको भाव ।
लबिधरे–( वि० ) मोटो र अग्लो; लर्ठू ।
लबेदा–( ना० ) मयलपोश; दौरा-सुरुवाल ।
लब्धि–(ना०) आमद; प्राप्ति ।
लमकझमक–( ना० ) झम्टन खोज्ने काम; लम्कीझम्की ।
लमकलमक–( क्रि० यो० ) लम्केर हिँड्ने किसिम ।
लमक्क–(क्रि० यो०) लम्कने किसिम ।
लमतन्न–( क्रि० यो० ) हात गोडा फिजाएर सुत्ने किसिम ।
लमलम–(क्रि० यो०) सरासर लम्कने किसिम ।
लमिनी–(ना०) लामा जातकी स्त्री ।
लमी–(ना०) वर र वधू दुवै पक्षमा विहेको कुरा मिलाउने व्यक्ति ।
लम्कनु–( अ० क्रि० ) लामो-लामो पाइलो गरी हिँड्नु ।
लम्कन्ने–(वि०) लामा कान हुने ।
लम्कीझम्की–(ना०) पिट्ने र समाउन खोज्ने काम ।
लम्काइ–( ना० ) लम्कने काम वा किसिम ।
लम्च्याइलो–(वि०) लाम्चिलो ।
लम्पट–( वि० ) विषय-वासनामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आसक्त; कामी । (ना०) सानो हसिया ।

लम्पसार–(वि०) लमतन्न भै सुतेको । (क्रि० यो०) लमतन्न भै सुत्ने किसिम ।

लम्फा–(ना०) एक किसिमको बत्तीको भाँडो ।

लम्फू–( वि० ) काम गर्न नजान्ने; लट्ठक ।

लम्ब–(वि०) लामो; ठूलो ।

लम्बरी–(वि०) नम्बर भएको, उम्दा किसिमको । (ना०) सय रुपियाँ वा त्यसभन्दा बढीको नोट ।

लम्बा–(वि०) लामो; दीर्घ ।

लम्बाइ–(ना०) लामोपन; लमाइ ।

लम्बेतान–(वि०) खूब लामो ।

लम्बोदर–(ना०) गणेश । ( वि० ) ठूलो पेट भएको ।

लम्लस्ट–(ना०) झमेला: अलमल । (वि०) लामो किसिमको ।

लय-(ना०) गीत गाउँदा र सिलोक भन्दाको स्वर; लेघ्रो; प्रलय एक रूप हुनु: तल्लीन भएर लाग्ने काम; लयो ।

लयदार–(वि०) मीठो लय; सुरिलो स्वर भएको ।

लयालु–( वि० ) झोल र चोक्टा नछुट्टिने; लीन भएको; गाढा पन्यालो; लयदार ।

लयालो–(वि०) लयालु ।

लयो–( ना० ) काममा मनोयोग; जाँगर; तल्लीनता; जिज्ञासु भाव ।

लरक्क–(क्रि० यो०) लट्कने वा लर्कने किसिम ।

लरखर–(स० क्रि०) बेकामका हिँड्ने किसिम ।

लरखराइ–(ना०) लरखराउने काम वा किसिम ।

लरखराउनु–( अ० क्रि० ) बेकाममा हिँड्नु; अलमलिएर हिँड्नु ।

लरबर–(ना०) लटपट; अलमल ।

लरलर–( क्रि० यो० ) लरखर; लमकलमक ।

लरियो–( ना० ) धागाको सानो लर्को ।

लरी–(ना०) लरियो ।

लर्कन–(ना०) धान गोड्दा ज्यामीले हातमा लाउने साधन; लटकन ।

लर्कनु–( अ० क्रि० ) निष्फल हुनु; लट्कनु ।

लर्को-( ना० ) मानिसको लश्कर; लत्को; धुइरो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लर्तरो–(वि०) चानचुने; सामान्य ।
लर्दू–(वि०) धिरी; लविधरे ।
लन्याङ्लुरूङ–(ना०) अल्याङमल्याङ ।
लल–( ना० ) लौलौ; कुनै कुराका निम्ति होस्याउँदा र मन्जूरी बिगार आदिमा बोलिने शब्द ।
ललकार–(ना०) हाँक; हप्की ।
ललकार्नु–( स० क्रि० ) हप्काउनु; हाँक दिनु ।
ललाट–(ना०) निधार ।
ललहरी–(ना०) बिलौना ।
लल्याकलुलुक–( क्रि० यो० ) कमजोरीले फिसलो हुने किसिम ।
लवण–(ना०) नून ।
लश्कर–(ना०) समूह; फौज ।
लसक्क–( क्रि० यो० ) लस्कने किसिम ।
लसपस–( ना० ) छुवाछूत; संसर्ग; स्त्रीसमागम ।
लसपसिनु–(स० क्रि०) लसपस गर्नु; बिटुलिनु ।
लसुन–(ना०) तरकारी खाइने एक किसिमको बोट वा त्यसको पोटी ।
लस्कनु–(अ० क्रि०) हात्ती हिंड्नु; हात्ती हिंडेझैं गरी हिंड्नु ।
लस्को–(ना०) लस्कने काम ।
लस्त–(वि०) थकित; परिश्रम वा रोगले थाकेको ।
लस्सा–( ना० ) च्याटच्याट लाग्ने वस्तु ।
लस्सादार–( वि० ) लस्सा भएको; लस्सावाल ।
लस्सावाल–(वि०) लस्सादार ।
लस्सी–( ना० ) दूध वा दहीको एक किसिमको सर्बत ।
लहँगा–( ना० ) कमरमा इँजारले बाँधी फरियाको सट्टा लाइने जामा ।
लहटे–(ना०) लाहाको काम गर्ने एक जाति ।
लहड–(ना०) इच्छा: खेलबाड ।
लहडबाजी–(ना०) लहड ।
लहडी–( वि० ) लहडबाजी गर्ने; बहलाउने स्वभावको; कल्पनामा बग्ने ।
लहना–(ना०) लगानी; सम्बन्ध ।
लहर–(ना०) पङ्क्ति; लाम; ताँती ।
लहरे–(वि०) लहरा भएको ।
लहरो–(ना०) बेलो; ताना ।
लहलह–( वि० ) घाँस वा अन्नको सप्रेको बोट । (वि०) लहलहाउँदो ।
लहलहाइ–(ना०) लहलहाउने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लहलहाउँदो-(वि०) लहलह भएको; लहलहाएको।

लहलहाउनु-( अ० क्रि० ) हरिलो-भरिलो हुनु; लहलह हुनु।

लहसतहस-( ना० ) खासखुस; लसपस।

लहसिनु-( अ० क्रि० ) आसक्त हुनु; रतिनु।

लहुरी-(ना०) लौरी।

लहुरो-(ना०) लट्ठी; लौरो।

लहैबरी-( ना० ) लोकगीतको एक किसिमको भाका वा थेगो।

लहैलहै-( ना० ) अर्काको हल्ला; वहकाइ।

लाँकुरी-(ना०) एक जातको रूख।

लाँक्रो-(ना०) उखुको डाँठ।

लाइन-(ना०) ताँती; लाम; हरफ।

लाई-(ना०) सागापातमा लाग्ने एक जातको कीरो।

लाउके-( वि० ) अर्काले लगाएको काम मात्र गर्ने अह्लौटे; बेसरोकारको काममा हात हाल्ने; लाभ्रे।

लाक-( ना० ) मनपेट; भित्री अभिप्राय।

लाकपाक-(ना०) हात हालाहाल; कुटाकुट।

लाख-(ना०) सय हजारको सङ्ख्या। (वि०) प्रशस्त।

लाखन्-(वि०) लाखौं; प्रशस्त।

लाखा-(ना०) एक किसिमको खाने मिठाई।

लाखापाखा-( वि० ) भत्के-बिग्रेर यत्रतत्र भएको।

लाखे-(ना०) एक किसिमको नट्वा।

लाखौं-(वि०) लाखन।

लाग-(ना०) हकदावी; लगान।

लागछोड-( वि० ) कहिले लाग्ने कहिले छाड्ने काम।

लागत-(ना०) मोल; लाग्ने खर्च।

लागि-(ना० यो०) निम्ति; खातिर।

लागू-( ना० ) नशादार वस्तु; (वि०) लाग्ने स्वभावको।

लाग्दो-(वि०) चाहिँदो।

लाग्नु-( अ० क्रि० ) लागि पर्नु; प्रवृत्त हुनु।

लाचार-(वि०) असमर्थ; अशक्त; विवश।

लाचारी-( ना० ) लाचार हुनाको भाव।

लाछ्नु-( स० क्रि० ) बोक्रै समेत चुँड्नु; लुछ्नु।

लाछ्लूछ-(वि०) च्यातचुत; लाछ्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



र लुछ्ने काम ।

**लाछा**–( ना० ) लच्छा; गँसुवा कपाल ।

**लाछी**–( वि० ) नामर्द; काँतर । (ना०) कुकुर ।

**लाज**–( ना० ) शरम; लज्जा; सङ्कोच ।

**लाजगाल**–( क्रि० यो० ) करवलले; जसोतसो; लाज र गाल टार्नका निम्ति ।

**लाजभाँड**–(ना०) कसैका सामु बोल्न नहुने कुरो; फोहर बोली ।

**लाजमर्दो**–(वि०) साह्रै लाज लाग्ने ।

**लाजलाग्दो**–(वि०) लाज मान्नुपर्ने ।

**लाजा**–( ना० ) धान भुटेको फूल; लावा ।

**लाटलूट**–(ना०) लुट्ने काम ।

**लाटी**–(वि०) बोल्ने शक्ति नभएकी (स्त्री) ।

**लाटो**–(वि०) बोल्न नसक्ने; सूधो ।

**लाटोकोसेरो**–(ना०) पक्षी; उल्लू ।

**लाठ**–( ना० ) पल्टनको प्रधान । (वि०) घस्टिएको ।

**लाठी**–( ना० ) सानो छोटो मोटो लट्ठी ।

**लाठीचार्ज**–(ना०) जुलूस, भीड आदि हटाउन पुलिसले गर्ने लाठीको प्रहार; लाठीमुङ्ग्री ।

**लाठीमुङ्ग्री**–( ना० ) मारपीट; लाठीचार्ज ।

**लाठे**–( ना० ) पुरुष खेतालो । (वि०) जवान ।

**लाठो**–(ना०) घारो; ठूलो वलियो लट्ठी ।

**लाड**–(ना०) प्रेमपूर्ण व्यवहार; प्यार ।

**लाडप्यार**–( ना० ) केटाकेटीलाई गरिने लालना र प्यार ।

**लाडे**–(वि०) केटाकेटी स्वभावको ।

**लात**–( ना० ) गोडाको हिर्काइ; पाउ; पैताला ।

**लात्ती**–(ना०) लाम ।

**लात्तीकुत्ती**-(वि०) चाहिएजति ।

**लाथ्रो**–(ना०) काँचो काठको लाठो ।

**लादी**–(ना०) भुँडीभित्र रहेको मल ।

**लादे**–(वि०) लादी धेरै भएको ।

**लाद्रो**–(ना०) भुँडी ।

**लापरबाही**–(ना०) बेवास्ता ।

**लापलिप**–(क्रि० यो०) चाँडचाँडै वा सुटुक्क खाने किसिम; नराम्रोसित लिप्ने किसिम ।

**लापलिपे**( वि० ) धेरै वस्तु चाहन खोज्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लाप्सो–(ना०) सुन-चाँदी आदिको पातो ।
लाफे–(वि०) लाउके; लाभ्रे ।
लाफो–(ना०) पातँपातको घूम ।
लाभ–(वि०) आम्दानी; फाइदा ।
लाभे–(ना०) एक किसिम चरो ।
लाभ्रे–(ना०) एक प्रकारको कीरा । (वि०) अर्काको वारेस भई बीचैमा बोल्ने; लाउके ।
लाम–(ना०) पङ्क्ति; ताँती ।
लामा–(ना०) भोटेजातिको मानबोधक शब्द ।
लामो–(वि०) लम्बा; धेरै परसम्म फैलिने ।
लाम्कीरो–(ना०) सर्प; साँप ।
लाम्खुट्टे–(ना०) एक प्रकारको कीरा । (वि०) लामा खुट्टा हुने ।
लाम्चिलो–(वि०) लामो किसिमको ।
लाम्चो–(वि०) लामो कदको ।
लाम्टो–(ना०) दूध निस्कने शरीरको अवयव ।
लाम्पाते–(ना०) लामो पात हुने सुर्तीको एक जात । (वि०) लामो पात हुने ।
लाम्पुच्छ्रे–(ना०) लामो पुच्छर भएको एक तारा । (वि०) लामो पुच्छर हुने ।
लायक–(वि०) उपयुक्त; योग्य ।
लाल–(ना०) रत्तो; छोराछोरी; रत्न । (वि०) रातो ।
लालच–(ना०) लोभ; लालसा ।
लालची–(वि०) लोभी; लालसी ।
लालटीन–(ना०) एक किसिमको बत्ती बाल्ने भाँडो ।
लालन–(ना०) स्नेहको व्यवहार ।
लालनपालन–(ना०) पालनपोषण; स्नेहपूर्वकको प्रतिपालन ।
लालपाते–(ना०) एक किसिमको फूल ।
लालबुझक्कड–(वि०) कुरै नबुझी अडकल लाउने ।
लालमोहर–(ना०) ऐन वा विशेष कागतपत्रमा लगाइने श्री ५ महाराजाधिराजको रातो छाप ।
लालमोहरिया–(वि०) लालमोहर भएको वा लागेको ।
लालसा–(ना०) लालच; लोभ ।
लालसी–(वि०) लालची; लोभी ।
लाला–(ना०) बालक; केटाकेटी ।
लालाबाला–(ना०) बालबच्चा; केटाकेटी ।
लालायित–(वि०) साह्रै लोभी; राल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चुहाउने ।

लाली–(ना०) रातोपन; लालिमा ।

लावण्य–(ना०) सौन्दर्य ।

लावा-(ना०) धान भुटेको फूल; लाजा ।

लावालश्कर–(ना०) हातहतियार समेतको फौज ।

लाश–(ना०) मृत शरीर; मुर्दा; सिनु ।

लाहा–(ना०) पग्लने लस्सादार वस्तु ।

लाहाँचे–(ना०) एक किसिमको चरो ।

लाहुरे–(ना०) एक जातको भैंसी; एक प्रकारको फूल; भारततिर नोकरी गरेर आएको नेपाली ।

लिँड–(ना०) लिन्डो; मुसाको विष्टा; रुपियाँको लक्कु ।

लिँडुल्को–(ना०) काठको डल्लो गिँड । (वि०) लिँडो ।

लिँडे–(वि०) पुच्छर नभएको; एको-होरो स्वभावको ।

लिँडेढिपी–(ना०) हठ; ज्यादै ढिपी ।

लिँडो–(वि०) पुच्छर नभएको; एको-होरो ।

लिउन–(ना०) भित्तो सम्म पार्न बनाएको माटो ।

लिखत–(ना०) लेखिएको कागत ।

लिखाटिपाइ–(ना०) चानचुने लाभ; धेरैतिरबाट बटुल्ने काम ।

लिखित–(वि०) लेखिएको ।

लिखितम्–(ना०) लेखिएको कागत; तमसुकको शुरूमै लेख्ने शब्द । (वि०) लेखिएको ।

लिखुरो-(वि०) दुब्लो; लुखुरे (बाख्रो, पाडो) ।

लिखो–(ना०) जुम्रा, उडुस आदिको फुल ।

लिगलिगे–(ना०) किलकिले; घाँटी भित्रको अवयव ।

लिङ्ग-(ना०) चिह्न; पुरुषको जन-नेन्द्रिय; स्त्रीपुरुष छुट्टयाउने शब्दको रूप ।

लिङ्गी–(वि०) लिङ्गसम्बन्धी ।

लिङ्गेपीङ–(ना०) चार कुनामा चारौटा बाँसका लिङ्गा गाडेर हालिने पीङ ।

लिङ्गो–(ना०) उभ्याइने लामो र मोटो बाँस वा काठ ।

लिटो–(ना०) बालकलाई खुवाउने खाना ।

लितिक्क–(क्रि० यो०) गीलो पदार्थ थोरै निस्कने किसिम ।

लितोलिती–(क्रि० यो०) पातलो दिसा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गर्ने किसिम; पन्यालो वस्तु हल्कासित चुहुने किसिम ।

लिथो–(ना०) पत्थरको छापा ।

लिदी–(ना०) हात्ती, घोडा आदिको विष्टा ।

लिनु–(स० क्रि०) ग्रहण गर्नु; समाउनु; प्राप्त गर्नु; मान्नु ।

लिपघस–(ना०) लिप्ने र घस्ने काम; लिपपोत ।

लिपपोत–(ना०) लिप्ने वा पोत्ने काम; लिपघस ।

लिपाइ–(ना०) लिप्ने काम वा किसिम ।

लिपि–(ना०) अक्षर लेख्ने प्रणाली ।

लिपिस्स–(क्रि० यो०) टाँसिने किसिम ।

लिप्टो–(ना०) सानोतिनो कपडाको टुक्रो ।

लिप्नु–(स० क्रि०) पोत्नु; पोतनु; लेपन गर्नु ।

लिप्सनु–(स० क्रि०) बाक्लो लेदोले लिप्नु ।

लिप्साइ–(ना०) लिप्सने काम वा किसिम ।

लिप्सो–(ना०) ज्यादै सानो ।

लिफा–(ना०) छापा फाराम ।

लिफाफा–(ना०) चिठीको खाम ।

लिब्री–(ना०) सानो जिब्री; लिगलिगे ।

लिम्बू–(ना०) नेपालको एक जाति ।

लिलाम–(ना०) डाँक बोलेर मोल वढावढ गरी वेच्ने काम ।

लिसेटाँगो–(ना०) लिसो र टाँगो; सानो तुच्छ कामधन्दा ।

लिसो–(ना०) टाँस्ने लस्सादार वस्तु ।

लिस्नु–(ना०) भऱ्याङ; अखटो, खुट्किलो ।

लिही–(ना०) कुखुराको सुली; आरनमा राख्ने फलामे अचानु ।

लीक (ना०) रेल हिँड्ने फलामे बाटो ।

लीचड–(ना०) लेनाइलो; कन्जूस ।

लीची–(ना०) एक जातको फल ।

लीन–(वि०) टाँसिएको; मिलेको; तल्लीन; तन्मय ।

लीला–(ना०) खेलवहाड; चरित्रको अभिनय ।

लुँग–(ना०) पोते आदिको गुच्छाको लहर ।

लुँडिनु–(अ० क्रि०) बटारिनु; निमोठिनु; लुँडोजस्तो हुनु ।

लुँडी–(ना०) पराल बटारी पारेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



एकसरो डोरी ।

लुँडे–(ना०) एक किसिमको साग ।

लुँडो–(ना०) धेरै मानिसको घुइँचो; भाँडा माझ्ने वा भुइँ पोत्ने पात, कुम्रो आदिको गुजुल्टो ।

लुँड्याउनु–(स० क्रि०) लुँडो बनाउनु; जेजति पाए पनि टिप्नु ।

लुँदो–(ना०) कोलिएका छाला वा मासु ।

लुइँचे–(ना०) वनमा रहने कुखुरो ।

लुकाइ–(ना०) लुक्ने काम वा किसिम ।

लुकाउनु–(स० क्रि०) गायब गर्नु; दबाउनु; छिपाउनु ।

लुकामारी–(ना०) परस्परमा लुकेर खेलिने एक खेल; लुकालुक ।

लुकालुक–(ना०) परस्पर लुक्ने काम ।

लुकुवा (वि०) लुक्ने स्वभावको ।

लुक्नु–(अ० क्रि०) छिप्नु; अलिपनु; छेकिनु ।

लुखुरलुखुर–(क्रि० यो०) विस्तारै हिँड्ने किसिम ।

लुखुरे–(वि०) नट्री; दुब्लो ।

लुगलुग–(क्रि० यो०) जाडो वा कमजोरीले काम्ने किसिम ।

लुगलुगे–(वि०) लुगलुग काम्ने; थुरथुर पार्ने ।

लुगा–(ना०) शरीरमा लाउने कपडा; पोशाक ।

लुगाफाटो–(ना०) लुगाको समूह ।

लुच्चो–(वि०) ठग; धूर्त ।

लुच्च्याइँ–(ना०) लुच्चोपन; एक किसिमको पुरी ।

लुछलाछ–(ना०) लुछेर फिक्ने काम ।

लुछाइ–(ना०) लुछ्ने काम वा किसिम ।

लुछाचुँडी–(ना०) जसले सक्यो उसले बलजफत गर्ने काम; लुछालुछ ।

लुछाफहरी–(ना०) लुछ्ने र फहराउने गरी गरेको कुटाकुट ।

लुछालुछ–(ना०) परस्पर लुछ्ने वा तान्ने काम ।

लुछ्नु–(स० क्रि) लुछाचुँडी गर्नु; समातेर तान्नु; चुँड्नु; लाछ्नु; खोस्नु; भुत्ल्याउनु ।

लुटपुट–(ना०) नयाँचै आएर ढुनुमुनु गर्ने काम; लुटुपुटु ।

लुटपुटिनु–(अ० क्रि०) लुटपुट गरी खेलिनु; लोटपोट गर्नु; लहसिनु ।

लुटाइ–(ना०) लुट्ने काम वा किसिम ।

लुटान–(ना०) लुटिने वस्तु; लुट्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दिने काम; लुटाइ ।

लुटालुट–(ना०) हारालुछ; परस्परमा लुट्ने काम ।

लुटाहा–(वि०) लुट्ने; लुटेर जीविका गर्ने ।

लुटुपुटु–(ना०) लुटपुट ।

लुटेरो–(वि०) लुट्ने; लुटाहा ।

लुट्नु–(स० क्रि०) खोस्नु; जबर-जस्ती लिनु ।

लुठी–(ना०) व्यभिचारिणी स्त्री ।

लुठो–(ना०) नाठो; जार ।

लुतुरो–(ना०) लुगा आदिको सानो धरो । (वि०) लुखुरे ।

लुतेङ्ग्रो–(वि०) रोगी; कमजोर ।

लुत्त–(क्रि० यो०) चाँडो पस्ने वा निस्कने किसिम ।

लुत्तिनु–(अ० क्रि०) खुत्तिनु; बिग्रनु ।

लुत्याहा–(वि०) निर्धो; लूतोको रोग भएको ।

लुत्रनु–(अ० क्रि०) लाचार हुनु; घमण्ड छोड्नु ।

लुत्रुक्क–(क्रि० यो०) लत्रने वा विवश हुने किसिम ।

लुत्रेलात्रे–(वि०) लुतुरे ।

लुत्रो–(ना०) धरो; लुतुरो ।

लुथुर्के–(ना०) एक जातको चरो ।

लुपुक्क–(क्रि० यो०) गीलो पदार्थ चाटेर खाने किसिम ।

लुपुलुपु–(क्रि० यो०) खुरुखुरु खाने किसिम ।

लुब्ध–(वि०) लोभी; लालची ।

लुम्बिनी–(ना०) एक प्राचीन वन; गौतम बुद्ध जन्मेको प्रसिद्ध ठाउँ ।

लुम्रे–(वि०) लोसो; कुम्रेकाम्रे ।

लुम्रो–(ना०) चिल्थो; धरो । (वि०) लुरे; लोसो ।

लुरीचुरी–(ना०) ताकत कम हुनेको बिस्तारैको कामगराइ ।

लुरुलुरु–(क्रि० यो०) सुरुसुरु हिंड्ने वा जाने किसिम ।

लुरे–(वि०) पातलो शरीर भएको; दुब्लो ।

लुर्कन–(ना०) एक प्रकारको गहना ।

लुर्को–(ना०) झुम्का; मुन्द्रो; कुण्डि-एको वस्तु वा डल्लो ।

लुले–(वि०) लुलो ।

लुलो–(वि०) दह्रो नभएको; लुले ।

लुसिनु–(अ० क्रि०) लोसो हुनु; जुम्सो हुनु ।

लुसी–(ना०) चिउरा कुट्ने मुसल ।

लुसुक्क–(क्रि० यो०) लाचार भै खुरुक्क हिंड्ने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**लुसेत्रो**–( वि० ) जति हटाए पनि नहट्ने; लोसो ।
**लूट**–( ना० ) हाकाहाकीको चोरी; लुट्ने काम ।
**लूटपीट**–(ना०) लुट्ने र पिट्ने काम ।
**लूटलाट**–(ना०) धेरै मिली भरेको लूट वा लुट्ने काम ।
**लूते**–(वि०) लूताको रोगी; नामर्द ।
**लूतो**–(ना०) ज्यादा चिलाउने एक प्रकारको रोग; साउने सङ्क्रान्तिमा कण्डकारकको पूजा गरी अगुल्टो फ्याँक्ने विधि ।
**लेउ**–(ना०) हरियो झयाउ; काई ।
**लेक**–(ना०) पर्वतको उच्च शिखर ।
**लेकाली**–(वि०) लेकमा हुने वा रहने ।
**लेख**–(ना०) लेखेर व्यक्त गरिएको विचार वा कुरा; लेखोट; लिपि ।
**लेखक**–(ना०) लेख्ने व्यक्ति; ग्रन्थ-कर्ता; लिपिकार ।
**लेखत**–(ना०) लिखत ।
**लेखन**–(ना०) लेख्ने काम वा कला ।
**लेखनदास**–(ना०) लेखापढीको काम गर्ने व्यक्ति वा कारिन्दा ।
**लेखन्ते**–(ना०) लेख्ने; लेखक ।
**लेखपढ** (ना०) लेख्ने र पढ्ने काम ।
**लेखा**–(ना०) आयव्ययको विवरण; हिसाब; सङ्ख्या; सम्झना ।
**लेखाइ**–( ना० ) लेख्ने काम वा किसिम ।
**लेखाउनी**–(ना०) लेख्नेलाई दिने खर्च वा ज्याला ।
**लेखान्त**–(ना०) भाग्य; भावी ।
**लेखान्तर**–( ना० ) भाग्य; प्रारब्ध; एक लेखबाट अर्को लेखमा परिणत हुने काम ।
**लेखापढी**–( ना० ) पत्रद्वारा सवाल-जवाफ गर्ने काम; पत्रव्यवहार; लेखोट ।
**लेखापरीक्षक**–(ना०) आयव्यय जाँच्ने अधिकारी ।
**लेखापाल**–(ना०) लेखासम्बन्धी काम गर्ने व्यक्ति ।
**लेखिका**–(ना०) कुनै लेख वा ग्रन्थ लेख्ने स्त्री ।
**लेखो**–( ना० ) सङ्ख्या; हिसाबको गणना; सम्झना ।
**लेखोजोखो**–(ना०) नगद वा जिनिसको फाँटबारी; गिन्ती; मूल्याङ्कन ।
**लेखोट**–( ना० ) चिठीपुर्जी आदि लेखिएको कागत ।
**लेख्य**–( वि० ) लेखिने; लेखिनुपर्ने; लेखिन लायक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



लेग्रो–(ना०) लेघ्रो ।

लेघ्रो–(ना०) तुस; घाँटी; कामको शेष; स्वरको तन्काइ ।

लेट्नु–(अ० क्रि०) आनन्दसँग पल्टनु; ढल्कनु ।

लेठन–(ना०) धर्ना; अड्डी; च्याँखे-धर्ना ।

लेथ्नो–(वि०) थाङ्नो; थिलथिलो; ध्वस्त; जीर्ण ।

लेदो–(ना०) बाक्लो तरल वस्तु ।

लेनदेन–(ना०) सरसापट; लिनेदिने काम ।

लेप–(ना०) मलम; लेदो वस्तु ।

लेपन–(ना०) लेप्ने काम; मलम आदि लाउने काम; लिपपोत ।

लेप्नु–(स० क्रि०) लिप्नु वा धस्नु; लिपपोत गर्नु ।

लेभेन्डर–(ना०) एक किसिमको अत्तर ।

लेश–(ना०) तुस; एकदम थोरै वस्तु ।

लेसाइलो–(ना०) लस्सादार; लेसिने खालको ।

लेसार्नु–(अ० क्रि०) च्याटच्याट लाग्ने पारी टाँस्नु; लेस्नु; लिप्नु; पोत्नु ।

लेसिलो–(वि०) लेसाइलो ।

लेस्नु–(स० क्रि०) लेसार्नु ।

लैजानु–(स० क्रि०) लिएर जानु; लानु ।

लैनू–(वि०) लैनो ।

लैनो–(वि०) भर्खर वियाएको; लैनू ।

लैस–(ना०) जरीको कार्चोप वा पट्टा । (वि०) गहना वा पोशाकले तयार ।

लोक–(ना०) दुनियाँ; संसार; भुवन; प्रजा ।

लोककथा–(ना०) परम्परादेखि चलिआएको कथा; दन्त्यकथा ।

लोकगाथा–(ना०) लोकले गाउने सिलोक, गीत आदि ।

लोकगीत–(ना०) जनसाधारणमा प्रचलित गीत ।

लोकतो–(ना०) पाटको डोरी । (वि०) ढीलो; जुम्सो ।

लोकनृत्य–(ना०) परम्परादेखि चलिआएको नाच; सांस्कृतिक नाच ।

लोकन्ती–(ना०) बिवाहमा दुलहीका साथ जाने सुसारे स्त्री ।

लोकप्रिय–(ना०) लोकमा प्रिय; सबैको प्यारो ।

लोकमत–(ना०) दुनियाँको राय; जनमत ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**लोकसभा**-(ना०) प्रतिनिधिसभा ।

**लोकापवाद**-(ना०) लोकको अपवाद; दुनियाँमा भएको बदनामी ।

**लोकोक्ति**-(ना०) उखान; आहान ।

**लोखर्के**-(ना०) मुसाका जातको एक प्राणी ।

**लोग्ने**-(ना०) स्वामी; पति; दुलहा ।

**लोग्नेमानिस**-(ना०) लोग्नेमान्छे; भाले जातको मानिस; नर ।

**लोचन**-(ना०) नजर; आँखा ।

**लोटपोट**-(ना०) ढलीमली; लुटपुटु गर्ने काम ।

**लोटा**-(ना०) लोहोटा ।

**लोटाइ**-(ना०) लोटाउने काम वा किसिम ।

**लोटाउनु**-(स० क्रि०) लडाउनु; पछार्नु; गोबरले जूठो सफा गर्नु ।

**लोता**-(ना०) छाला वा कपडाको फित्ता ।

**लोतिनु**-(अ० क्रि०) लोतो भई बस्नु; लुत्रिनु ।

**लोती**-(ना०) कानको सबभन्दा तलको भाग ।

**लोते**-(वि०) आँट नभएको; नामर्द ।

**लोतो**-(वि०) लोते; लोकतो । (ना०) रुपियाँ-पैसा हाल्ने छालाको थैलो ।

**लोत्से**-(ना०) हिमालको एक चुचुरो ।

**लोत्रिनु**-(अ० क्रि०) लुत्रे हुनु; निर्बल हुनु ।

**लोत्रे**-(वि०) लोते; लूते ।

**लोथ्रो**-(ना०) काँचो काठको लाठो; लाथ्रो ।

**लोदर**-(वि०) अलच्छिन ।

**लोप**-(वि०) गायब; अलप ।

**लोपार्नु**-(स० क्रि०) लोप्पा खुवाउनु; हिस्स्याउनु; लिप्सनु ।

**लोप्पा**-(ना०) निन्दाको रूपमा अरूको मुखमा लोपार्ने हातको मुद्रा ।

**लोप्रालोप्री**-(ना०) पाप्रापाप्री ।

**लोप्रिनु**-(अ० क्रि०) निराशा हुनु; लोप्पा खानु; लोप्रो बन्नु ।

**लोप्रो**-(ना०) पातलो पाप्रो; खुर्सानीको टुक्रो ।

**लोफ्रे**-(वि०) निराशाले लुत्रुक्क परेको ।

**लोभ**-(ना०) अर्काको धनमाल लिने इच्छा; लालच ।

**लोभानीपापानी**-(ना०) लोभ र पाप ।

**लोभिनु**-(अ० क्रि०) आसक्त हुनु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri,Funding: MIDF



लोभमा पर्नु ।

लोभी-(वि०) लोभ गर्ने; लालची ।

लोला-(ना०) अबीर भरेको लाहाको पात्र ।

लोलाइ-(ना०) लोलाउने काम वा किसिम ।

लोलाउनु-( अ० क्रि० ) फकाउनु; तन्द्रा लाग्नु; निदाउन थाल्नु ।

लोलिनु-(अ० क्रि०) लोलाउनु ।

लोली-(ना०) अरूसँग भाका वा लय मिलाई गाएको स्वर; अरूको बोलीमा सार मिलाउने काम ।

लोलो-(ना०) लुँदो; लोला ।

लोलोपोतो-(ना०) फकाउने कुरो; फुस्ल्याहट ।

लोसन-( ना० ) एक प्रकारको औषधी ।

लोसिनु-(अ० क्रि०) जुम्सो हुनु ।

लोसो-(वि०) ढीलो; जुम्सो ।

लोह-(ना०) फलाम ।

लोहकर्मी-(ना०) ढुङ्गाको काम गर्ने कालिगड ।

लोहा-(ना०) फलाम ।

लोहभस्म-(ना०) फलामको खरानी; एक औषधी ।

लोहाङ-( ना० ) हात्तीको खुट्टामा ठोकिएको पछुवाले हात्ती कुट्ने फलाम मुङ्ग्रो ।

लोहार-(ना०) फलामको काम गर्ने व्यक्ति ।

लोहोटा-(ना०) पानी सार्ने प्रसिद्ध गोलो ठाडो भाँडो ।

लोहोरी-(ना०) सानो लोहोरो ।

लोहोरो-(ना०) फलाम वा पत्थरको पिँध्ने साधन वा बेलना ।

लौ-(वि० बो०) अत्याहट, स्वीकृति, आश्चर्य, शोक आदि जनाउने शब्द ।

लौका-(ना०) तरकारी खाइने एक किसिमको लामो आकारको फल ।

लौकाट-(ना०) कुखुरा जातको चरो ।

लौंडे-(ना०) एक प्रकारको भुजुङ्गो ।

लौरीपिञ्जर-(वि०) सिट्ठी; ज्यादै दुब्लो ।

लौलौ-( वि० बो० ) स्वीकृति वा अत्याहट बुझाउने शब्द ।

लौसो-(ना०) लप्सी ।

ल्याइते-( वि० ) बिहे नगरी त्यसै ल्याइएकी ।

ल्याउनु-(स० क्रि०) लिएर आउनु ।

ल्याकत-( ना० ) योग्यता; उपयोगिता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ल्याङल्याङ–(क्रि० यो०) हल्लने वा हल्लाउने किसिम ।

ल्यात्त–(क्रि० यो०) लेसारिने वा टाँसिने किसिम ।

ल्यापल्याप–(क्रि० यो०) जिभ्राले चाट्ने किसिम ।

ल्याप्चे–(ना०) औंलाको सहीछाप ।

ल्याप्प–(ना०) टाँसिने वा चाट्ने किसिम ।

ल्यास्स–(क्रि० यो०) टाँसिने किसिम ।

ल्वांग–(ना०) ल्वाङ ।

ल्वाँगे–(वि०) काम गर्ने ढङ्ग नभएको ।

ल्वाङ–(ना०) एक जातको बोट वा त्यसको फल ।

ल्वाङकीलो–(ना०) ल्वाङका आकारको सानो कीलो ।

ल्वाङफूल–(ना०) ल्वाङका आकारको गहना ।

ल्वाक्क–(क्रि० यो०) एकलौटी पाउने वा लिने किसिम ।

ल्वात्त–(क्रि० यो०) लुत्त; सुत्त ।

ल्वाप्प–(क्रि० यो०) एकै चोटि चाटेर खाने किसिम ।

ल्वाम्म–(क्रि० यो०) एकै चोटि हिलोमा पस्ने किसिम ।

# व

व–वर्णमालाको उनन्तीसौं व्यञ्जनवर्ण, उच्चारणस्थान दन्त-ओष्ठ ।

वंश–(ना०) कुल; परिवार; खलक; खानदान; सन्तति ।

वंशज–(ना०) कुनै वंशमा उत्पन्न । (वि०) बाँसले बनेको ।

वंशपरम्परा–(ना०) कुनै वंशको चलिरहेको परम्परा वा क्रम ।

वंशलोचन–(ना०) बाँसभित्र पैदा हुने सेतो एक पदार्थ ।

वंशवृक्ष–(ना०) बाँसको बोट; कुल वा खलकको हाँगो ।

वंशावली–(ना०) कुनै वंशका मानिसको समयक्रमानुसार बनाइएको सूची; पुख्यौंली ।

वंशी–(ना०) फुकेर बजाइने मुरलीजस्तो एक बाजा; कुलमा उत्पन्न । जस्तो वग्रवंशी राजवंशी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वकभक्त–(ना०) आडम्बरी; ढोंगी ।

वकार–(ना०) 'व' अक्षर ।

वकालत-(ना०) अर्काको प्रतिनिधि भई मुद्दामामिलामा वहस गर्ने काम; वकिलको काम ।

वकिल-(ना०) सुद्दा-मामिलाका निम्तिको प्रतिनिधि ।

वक्तव्य–(ना०) भाषण; भनाइ । (वि०) भन्न लायक ।

वक्ता–(ना०) भन्ने; कहने ।

वक्र–(वि०) बाङ्गो; टेढो ।

वचन–(ना०) बोली; कथन; भनेको कुरो; कबूल; आज्ञा; व्याकरणमा एक वा एकभन्दा धेरै बुझाउने नियम ।

वजन–(ना०) परिमाज, तौल ।

वजनदार–(वि०) गहृकिलो; भारी; गह्रौं ।

वज्र–(ना०) चटयाङ; चून र सुर्वी मिलाई बनाएको लेदो ।

वज्रदन्ती–(ना०) एक प्रकारको रूख; मौलसिरी ।

वज्रपात–(ना०) एक्कासि आइपरेको ठूलो विपत्ति ।

वज्रलेप–(ना०) खूब वलियो; अविनाशी ।

वञ्चित–(वि०) झुक्याइएको; ठगिएको; निराश पारिएको ।

वटवृक्ष-(ना०) वरको रूख ।

वडवानल–(ना०) समुद्रभित्रको आगो ।

वतन–(ना०) आफू जन्मेको ठाउँ वा देश; जन्मस्थल; ठेगाना ।

वदि–(ना०) कृष्णपक्ष । (क्रि० यो०) कृष्णपक्षमा ।

वध–(ना०) हत्या; हिंसा ।

वधू–(ना०) बुहारी; दुलही; नवविवाहिता स्त्री ।

वन-(ना०) धेरै रूख उम्रेको भूमि; अरण्य; जङ्गल; झाडी ।

वनकर–(ना०) वानर । (वि०) जङ्गली ।

वनकरेलो–(ना०) वनमा आफैं उम्रने झुसे करेलो ।

वनकस–(ना०) वनका घाँसपात आदिको रकम ।

वनकेरा–(ना०) वनमा आफैं उम्रने केराको एक जात ।

वनजाँच–(ना०) वनका काठहरूको काम गर्ने अड्डा ।

वनबिरालो–(ना०) एक किसियको ह्राप्सिलो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**वनभतेर**–( ना० ) वनमा लगाएको भोज ।

**वनभात**–(ना०) वनमा खाने भात ।

**वनस्पति**–( ना० ) फूल नफुली फल लाग्ने वृक्ष, बिरुवा, बोट, लता आदि ।

**वनौषधी** (ना०) बूटी ।

**वन्दना**–(ना०) ढोग; नमस्कार ।

**वपी**–(ना०) सानो जलाशय; कूवा; पनेरो ।

**वफादार**–(वि०) आफ्नो कर्तव्य पूरा गर्ने ।

**वफादारी**–( ना० ) वफादार हुने भाव ।

**वमन**–(ना०) छाद्ने काम; वान्ता ।

**वयस्क**–( वि० ) निश्चित उमेर पुगेको; उमेरदार; बालिग ।

**वर**–( ना० ) विवाह गर्न निश्चय भएको केटो; बेहुलो; वरदान । ( क्रि० यो० ) आफूतिर; नजीक । (वि०) उत्तम; श्रेष्ठ ।

**वरण**–(ना०) कन्याले वरलाई गर्ने मन्जूरी; कामको शुरुआतमा टीका लाउने काम ।

**वरणी**–(ना०) विवाहोत्सवमा जन्ती पुग्नेबित्तिकै दुलही का बाबुले दुलहालाई गर्ने पूजाविधि ।

**वरत्र**–( क्रि० यो० ) यस लोकमा; यस लोकका निम्ति ।

**वरदान**–(ना०) देवता आदिले खुशी भएर दिएको सिद्धि वा फल ।

**वरपर**–( क्रि० यो० ) नजीकमा; यताउति । (ना०) छरछिमेक ।

**वरमाला**–(ना०) स्वयम्वरको समयमा दुलहीले दुलहालाई लगाइदिने माला ।

**वरयात्रा**–(ना०) जन्त ।

**वरयात्री**–(ना०) जन्ती ।

**वराह**–(ना०) विष्णुको एक अवतार; बँदेल ।

**वरिपरि**–( क्रि० यो० ) चारैतिर; यताउति; नजीकमा ।

**वर्कनु**–( ना० ) वरतिर आउनु; फर्कनु ।

**वर्ग**–(ना०) जाति, धर्म, पेशा आदि दृष्टिले समान वस्तुहरूको समूह। जस्तो–ब्राह्मणवर्ग, महिलावर्ग शिष्य-वर्ग । दुई समान सङ्ख्याले गुन्ने रीत, श्रेणी; कक्षा; जमात ।

**वर्गीकरण**–( ना० ) भाग छुट्ट्याउने काम; वर्गको विभाजन ।

**वर्जित**–(वि०) एकदम त्यागिएको ।

**वर्ण**–( ना० ) पदार्थमा हुने रातो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कालो, पहेंलो आदि रूप भेद; जाति; पंक्ति; अक्षर ।

वर्णन-( ना० ) विवरण; वयान, कथन; प्रशंसा ।

वर्णपट-( ना० ) अक्षर चिनाउनका निम्ति साउँअक्षर भएको काठको पाटी वा छापिएको कागतको ठूलो पत्र ।

वर्णपरिचय-(ना०) अक्षरको ज्ञान ।

वर्णसङ्कर-(ना०) ठिमाहा ।

वर्णाश्रम-( ना० ) चार आश्रम- ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास ।

वर्तमान-( क्रि० यो० ) विद्यमान; भइरहेको । (वि०) मौजूद; उपस्थिति ।

वर्ष-(ना०) वाह्र महीनाको समय; साल ।

वर्षा-(ना०) पानी पर्ने काम वा समय; वर्सात; झरी ।

वर्षाकाल-(ना०) पानी पर्ने समय ।

वर्षाशन-( ना० ) वृत्ति; वर्ष दिन-सम्म खानको वृत्ति ।

वलक-(ना०) मोहीले तल्सिङलाई दिने दस्तूर ।

वल्लो-(वि०) वरतिरको ।

वसन्त-(ना०) चैत र वैशाख महीनामा पर्ने ऋतु ।

वसन्तपञ्चमी-( ना० ) माघ शुक्ल पञ्चमी ।

वसुन्धरा-(ना०) एक देवी; पृथ्वी ।

वस्ताज-( ना० ) गानबजानको विद्वान् । (वि०) पोख्त; सिपालु ।

वस्ताजी-(ना०) वस्ताजको कला वा काम; निपुणता ।

वस्तु-( ना० ) कुनै पनि माल वा चीज; गाईवस्तु आदि घरपाला जीव; पशुधन ।

वस्तुत:-(संयो०) वास्तवमा ।

वस्तुभाउ-(ना०) गाईभैंसी आदिको समूह ।

वस्त्र-(ना०) कपडा; लुगा; पहिरन।

वा:-(वि० बो०) आश्चर्य, विस्मय, शेखी, प्रशंसा आदि जनाउने शब्द ।

वा-(संयो०) अथवा; या ।

वाकवाकी-(क्रि० यो०) वान्ता हुन खोज्ने किसिम ।

वाक्क-(ना०) वमन । (वि०) एक-दम तृप्त ।

वाक्य-(ना०) वाणी; वचन ।

वाग्दान-( ना० ) वचनको दान; केटीको कुरो छिन्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वाङ–(ना०) विफलता ।

वाङ्मय–( ना० ) बोली; भाषा; साहित्य; ग्रन्थ ।

वाचक–(ना०) वाच्ने व्यक्ति; मुख्य पण्डित; पाठक; पढाइ । (वि०) भन्ने; पढेर सुनाउने ।

वाचकी–( वि० ) पुराणमा मुख्य पण्डित ।

वाचन–(ना०) पढेर सुनाउने काम; कथन; घोषणा ।

वाचनालय–(ना०) पत्र-पत्रिका आदि पढ्ने ठाउँ ।

वाचा–( ना० ) वचन; बोली; प्रतिज्ञा; किरिया ।

वाचाबन्धन–( ना० ) वचनमा बाँध्ने काम ।

वाट–( ना० ) बिजुलीमा खर्च हुने शक्ति ।

वाड–(ना०) ओडा ।

वाण–(ना०) काण; शर ।

वाणिज्य–(ना०) व्यापार ।

वाणी–(ना०) वचन; वाक्य; सरस्वती ।

वात–(ना०) वायु; हावा ।

वातावरण–(ना०) चारैतिरको हावा; प्रभावकारी अवस्था; परिस्थिति ।

वाद–(ना०) कुनै मत वा सिद्धान्त; निरूपण; कथन ।

वादक–(वि०) बाजा बजाउने; वादविवाद गर्ने ।

वादन–(ना०) बाजा बजाउने काम ।

वादविवाद–( ना० ) कुनै पक्षको खण्डनमण्डन; तत्त्वनिरूपणको तर्कवितर्क; वाकाबाक ।

वादी–( ना० ) उजूरवाला व्यक्ति; नालिश । ( वि० ) बोल्ने; न्याय माग्ने; झगडा गर्ने ।

वाद्य–(ना०) बाजा; बाद्दे ।

वानप्रस्थ–(ना०) जंगलमा गई तप गर्ने तेस्रो आश्रम ।

वानर–(ना०) बाँदर । (यसका लाखु आदि जात छन्) ।

वान्–(वि०) हुने; भएको । जस्तो-शीलवान्, रूपवान् ।

वान्ता–(ना०) छाद; वमन ।

वापस–(वि०) फर्केर आएको; फिर्ता जाएको ।

वापसी–(वि०) फिर्ता आएको वा पठाइएको ।

वाम–(वि०) वायाँ; देब्रे; डेब्रो ।

वामन–(ना०) विष्णुको एक अवतार । (त्रि०) बाउन्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वाममार्गी–(ना०) उल्टो विधिविधान-मा लागेको व्यक्ति ।

वामाङ्गी–(ना०) गृहलक्ष्मी; गृहिणी; धर्मपत्नी ।

वायु–(ना०) पृथ्वीको चारैतिर ढाकेर रहेको हावा; बतास; शरीरका यी पाँच किसिमका प्राणवायु– प्राण, अपान, समान, व्यान र उदान ।

वायुपुत्र–(ना०) हनुमान; भीमसेन ।

वायुयान–(वि०) हावामा उडेर जाने यान ।

वायुवेग–(ना०) हावाको जस्तो छिटो गति ।

वार–(ना०) दिन; वारि ।

वारंवार–(क्रि० यो०) पटक्कैपिच्छे; लगातार ।

वारदात–(ना०) मारपीट; दुर्घटना ।

वारन्ट–(ना०) एक किसिमको समन; सरकारी अड्डाबाट लेखिएको पक्राउ पुर्जी ।

वारपार–(ना०) छेडखान; वल्लो र पल्लो किनार ।

वारबार–(क्रि० यो०) धेरै पल्ट; वारंवार ।

वारि–(क्रि० यो०) वल्लो किनार; वरतिर ।

वारिपारि–(ना०) वारि र पारि; वल्लोपल्लो किनार ।

वारिस–(ना०) प्रतिनिधि; सट्टा; हकदार ।

वारिसनामा–(ना०) इच्छापत्र ।

वारुणयन्त्र–(ना०) दमकल ।

वारे– (वि० बो०) घृणा, आश्चर्य वा अपसोच बुझाउने शब्द ।

वार्ता–(ना०) सम्वाद; कुरा; बात; समाचार ।

वार्तालाप–(ना०) कुराकानी; वातचीत ।

वार्षिक–(वि०) वर्षसम्बन्धी; वर्ष दिनको ।

वाल्ल–(क्रि० यो०) जिल्ल; एकोहोरो टोलाउने किसिम; पक्क ।

वास–(ना०) रक्सी, मदिरा ।

वासना–(ना०) सांसारिक सुखभोग; भोगविलास; चाह; कामना; अज्ञान ।

वासर–(ना०) दिन; बार ।

वासस्थान–(ना०) वास गरेको ठाउँ ।

वासिल–(ना०) असूल भएको ।

वासुकी–(ना०) नागका राजा ।

वास्तव–(वि०) मुख्य; यथार्थ ।

वास्तविक–(वि०) वास्तवको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



यथार्थको ।

वास्ता–(ना०) सरोकार; प्रयोजन ।

वास्ताव्यास्ता–(ना०) वास्ता; चासो, हेरविचार ।

वास्तु–(ना०) नयाँ घरको प्रतिष्ठा कर्म ।

वास्लात–(ना०) एक प्रकारको अकर्ण ।

वाहन–(ना०) सवारी साधन ।

वाहवाह–(वि० बो०) कसैले असल वा प्रशंसनीय काम गर्दा भनिने शब्द; धन्य-धन्य ।

वाहियात–(वि०) नचाहिँदो; फजूल; अनावश्यक ।

विकट–(वि०) भयङ्कर; डरलाग्दो; अप्ठ्यारो ।

विकल–(वि०) व्याकुल; व्यग्र ।

विकल्प–(ना०) दोधार; अनिश्चय ।

विकसित–(वि०) विकास भएको; फुलेको; प्रसन्न ।

विकार–(ना०) नराम्रोतर्फको परिवर्तन; दोष; बिगार; सडाइ ।

विकारी–(वि०) परिवर्तनशील; फेरिइरहने ।

विकास–(ना०) फुल्नु; उज्यालो; सुधार; फैलावट ।

विकृत–(वि०) बिग्रेको; विकार पैदा भएको ।

विकृति–(ना०) बिगार; खराबी; विकार ।

विक्री–(ना०) मोल लिएर कुनै वस्तु दिने काम ।

विक्षिप्त–(वि०) सिल्ली; छँटाहा ।

विगत–(वि०) बितेको, अतीत ।

विग्रह–(ना०) नाश; हानि; विभाजन ।

विघटन–(ना०) अलग-अलग पार्नु ।

विघटित–(वि०) विघटन गरिएको; छिन्नभिन्न पारिएको ।

विघ्न–(ना०) बाधा; अडकाउ; रोकावट; छेकथुन ।

विघ्नको–(वि०) बढिया; ठूलो; राम्रो ।

विचरण–(ना०) घुमफिर गर्ने काम; हिँड्नु; गमन ।

विचार–(ना०) कुनै विषयमा गम्भीरतापूर्वक सोच्ने काम ।

विचारवान्–(वि०) विचार पुऱ्याउन सक्ने ।

विचारी–(वि०) विचारवान् । (ना०) न्यायविभागको एक कर्मचारी । पो० विचार्नी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


विचित्र–(वि०) अनेक रङ्गको ।

विचेत–(वि०) अचेत; होश नभएको; विसुर ।

विच्छेद–(ना०) छोड्ने, छुट्टिने, फोर्ने, टुटाउने आदि काम; भङ्ग ।

विजन–(वि०) केही नभएको ।

विजय–( ना० ) जितवाजी; जय; सफलता ।

विजया–(ना०) दसैंको दशमी तिथि; दसैंको टीको लाउने दिन ।

विजयी–(वि०) विजेता; जित्ने ।

विज्ञप्ति–(ना०) अनुरोध; सूचना; घोषणा ।

विज्ञान–(ना०) लौकिक विषयहरूको तत्त्व, सिद्धान्त आदि विवेचना भएको शास्त्र; प्रज्ञा; ज्ञान ।

विज्ञानी–( वि० ) कुनै विषयको विशेष ज्ञाता; विज्ञान जान्ने; वैज्ञानिक ।

विज्ञापन–(ना०) सूचना जानकारी ।

विडम्बना–( ना० ) देखौवा काम; नकल ।

वितर्क–(ना०) तर्कना; बढ्ता तर्क ।

वितृष्णा–(वि०) तृष्णा नभएको ।

वित्त–(ना०) धन-सम्पत्ति ।

वित्तीय–(वि०) वित्तसम्बन्धी; धन-सम्पत्तिको ।

विदुर–(वि०) चलाक; चतुर ।

विदूषक–(ना०) नाटकमा ठट्यौलो पात्र ।

विदेश–(ना०) आफ्नो देशदेखि भिन्न ।

विदेशी–(वि०) अर्काका देशको ।

विद्यमान–(वि०) उपस्थित; मौजूद ।

विद्या–( ना० ) शिक्षाबाट हासिल गरिने ज्ञान; ज्ञानको विवेचना गरिएको शास्त्र; जादू; टुना ।

विद्यागृह–(ना०) विद्या पढाउने ठाउँ ।

विद्यार्थी-(ना०) विद्या आर्जन गर्ने व्यक्ति; शिष्य; छात्र ।

विद्यालय–(ना०) पाठशाला; विद्यागृह ।

विद्युत्–( ना० ) आकाशमा चम्कने प्रकाश; उज्यालो पैदा गर्ने शक्ति; बिजुली ।

विद्रोह–(ना०) झगडा; द्वेष; वैरभाव ।

विद्वत्ता–(ना०) विद्वान् हुनाको भाव; पाण्डित्य ।

विद्वान्–( वि० ) शिक्षित; जान्ने; पण्डित ।

विद्वेष–(ना०) डाह; रिस; वैमनस्य; शत्रुता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



विधर्मी- (वि०) उल्टो धर्म मान्ने ।

विधवा–(ना०) पति मरेकी स्त्री ।

विधाता–( वि० ) व्यवस्था गर्ने; सृष्टिकर्ता । (ना०) ईश्वर ।

विधान–(ना०) कुनै कामको आयोजना; विधि; व्यवस्था ।

विधि -(ना०) पद्धति; काइदा ।

विधु– (ना०) चन्द्रमा ।

विधुर–( वि० ) दुःखी; व्याकुल; स्वास्नी मरेको (व्यक्ति) ।

विध्वंस–( ना० ) भताभुङ्ग; नाश; उत्पात ।

विनत–(वि०) नुहेको; झुकेको ।

विनत्ति–(ना०) नम्रतापूर्वको प्रार्थना ।

विनतिपत्र–(ना०) बिन्तीपत्र; प्रार्थना गरी लेखेको पत्र ।

विनम्र–(वि०) धेरै नम्र ।

विनय–(वि०) नम्रतमा; प्रार्थना ।

विना–(ना०) नाम शब्दको अगाडि वा पछाडि लागेर नभईकन, अभाव आदि बुझाउने शब्द । जस्तै– विनापरिश्रम, विनामूल्य, कामविना ।

विनाश–(ना०) ठूलो बरबादी ।

विनिमय–(ना०) एक वस्तु दिएर अर्को वस्तु साट्ने काम ।

विन्दु–(ना०) थोपो; थोप्लो ।

विपक्ष–(ना०) विरोधी पक्ष ।

विपक्षी–(वि०) विरोधी पक्षको ।

विपत्ति–( ना० ) आपद्; सङ्कट; कठिनाइ; नाश; बरबादी ।

विपथ–(ना०) खराब बाटो ।

विपद- (ना०) आपत्ति ।

विपन्न -( वि० ) विपद्मा परेको; दुःखी; नष्ट ।

विपरीत (वि०) विरुद्ध; प्रतिकूल; उल्टो ।

विप्र–(ना०) ब्राह्मण; बाहुन ।

विप्लव–( ना० ) विद्रोह; दङ्गा; उत्पात ।

विफल–(वि०) फल नभएको ।

विभक्ति–(ना०) शब्दको पछाडि लाग्ने ले, लाई, को आदि अक्षर ।

विभा- (ना०) प्रभा; कान्ति ।

विभाग–(ना०) बांड्ने काम, खण्ड ।

विभिन्न-(वि०) भिन्नाभिन्नै; बेग्लाबेग्लै ।

विभिन्नता–( ना० ) विभिन्न हुनाको भाव; अन्तर; फरक ।

विभूत–(ना०) खरानी ।

विभूति–( ना० ) महत्ता; ऐश्वर्य; समृद्धि; खरानी ।

विमर्श–( ना० ) कुनै तथ्य कुराको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खोजी ।
विमल–(वि०) मलरहित ।
विमला–(ना०) सरस्वती ।
विमाता-(ना०) सौतेनी आमा ।
विमान–(ना०) वायुयान; हवाइ-जहाज; मुर्दा लाने खट ।
विमुख–(वि०) मुख पछिल्तिर फर्काएको ।
विम्ब–(ना०) तेजपुञ्ज प्रतिमा ।
वियोग–(ना०) छुट्टिनु; बिछोड ।
वियोगी–(ना०) वियोग भएको; विछोड परेको । पो० वियोगिनी ।
विरक्त–(वि०) विरक्ति आएको; वैरागी; खिन्न; उदासीन; असन्तुष्ट ।
विरक्ति–(ना०) सांसारिक सुखभोगबाट अलग्ग रहनु; वैराग्य; उदासीनता; खिन्नता ।
विरलै–(वि०) विरलाकोटी; एकदम कम ।
विरह–(ना०) बिछोडको पीर; दिग्दारी ।
विरही–(वि०) विरक्त; विरहमा परेको ।
विराग–(ना०) राग वा इच्छा नहुनु ।
विराट्–(ना०) महान्; अति ठूलो ।
विराम–(ना०) विजाइँ; अपराध; विश्राम ।
विरुदावलि–(ना०) बल-पुरुषार्थको प्रशस्ति ।
विरुद्ध–(वि०) उल्टो; विपरीत ।
विरूप–(वि०) नराम्रो रूपको ।
विरोध–(ना०) कुनै काम रोक्नका निम्ति गरिने कोशिश ।
विरोधी–(वि०) वैरी; द्वेषी ।
विलक्षण–(वि०) उदेकलाग्दो; अनौठो ।
विलम्ब–(ना०) बियाँलो; ढीलो ।
विलयन–(ना०) एक अर्कासित मिल्नु; एकीकरण हुनु; गामिनु ।
विलाप–(ना०) दु:ख प्रकट गरी-गरी रुने काम ।
विलास–(ना०) शरीर वा मनलाई आनन्द दिने काम ।
विलासी–(वि०) खूब विलास गर्नुपर्ने ।
विवरण–(ना०) कुनै विषय वा वस्तुको विस्तृत वर्णन; बयान; वृत्तान्त; व्याख्या ।
विवश–(वि०) साबित; लाचार ।
विवाद–(ना०) तर्क; बाझाबाझ ।
विवाह–(ना०) विधिवत् दाम्पत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सम्वन्ध जोड्ने काम ।

**विवाहित**–( वि० ) विबाह भएको । पो० विवाहिता ।

**विविध**–(वि०) अनेक किसिमको; नानाभाँतिको ।

**विविधता**–( ना० ) विविध हुनाको भाव ।

**विवेक**–(ना०) विवेचना; विचार ।

**विवेकी**–( वि० )असल र खराबको विचार राख्ने ।

**विशाल**–(वि०) ठूलो; फैलिएको ।

**विशिष्ट**–(वि०) विशेष किसिमको; विशेषतायुक्त; सर्वोत्तम; अद्‌भुत ।

**विशिष्टता**–(ना०) विशिष्ट हुनाको भाव; वैशिष्टय ।

**विशेष** ( ना० ) किसिम; प्रकार । (वि०) भिन्न; फरक; अधिक ।

**विशेषज्ञ**– (वि०) कुनै कामको विशेष ज्ञाता; कुनै विपयमा विशेष ज्ञान भएको ।

**विशेषण**–( ना० ) विशेष्यको गुण जाहेर गर्ने शब्द ।

**विशेषतः**–(क्रि० यो०) प्रायः; विशेष गरेर ।

**विशेष्य**–(ना०) कुनै वस्तु वा व सैको नाउँ ।

**विश्रान्ति**–(ना०) आराम; विश्राम; बिसाइँ ।

**विश्राम**–(ना०) बसाइँ; अडान ।

**विश्लेषण**–(ना०) छुट्ट्याउने काम; वेग्ल्याउने काम ।

**विश्व**–( ना० ) समस्त ब्रह्माण्ड; जगत्; संसार; दुनियाँ ।

**विश्वकर्मा**–(ना०) कर्मी; कारीगर; शिल्पशास्त्रका आविष्कर्ता एक देवता ।

**विश्वास**–(ना०) भरोसा; पत्यार; पेटको कुरो ।

**विश्वासपात्र**–( ना० ) विश्वास गर्न लायक वा गर्न हुने व्यक्ति ।

**विष**–(ना०) खाँदा मरिने वस्तु ।

**विषम**–(वि०) बिजोर; उल्टो ।

**विषमज्वर**–(ना०) कडा र खराब ज्वरो ।

**विषमता**–( ना० ) विषम हुनाको भाव; वैषम्य ।

**विषय**–(ना० यो०) आपत; बारे । (ना०) संसारिक भोग्य पदार्थ ।

**विषयसुख**–(ना०) सांसारिक सुख ।

**विषाद**–( ना० ) पश्चात्ताप; खेद; अफसोच ।

**विषालु**–(वि०) विष बएको ।

**विषुवतरेखा**–(ना०) भूगोलको बीचमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रहेको लामो कल्पित एक रेखा ।

विषुवत्संक्रान्ति–(ना०) वैशाख वा कार्तिक संक्रान्ति ।

विष्टर–(ना०) कार्यविशेषका वेला ओछ्याइने कुश वा आसन ।

विष्टा–(ना०) मल; गुहु ।

विष्णु–(ना०) नारायण; परमेश्वर ।

विसर्ग–(ना०) त्याग; अक्षरको पछाडि रहने दुई विन्दु ।

विसर्जन–(वि०) छोड्ने काम; बिदाइ; समाप्ति ।

विस्तार–(ना०) बयान; विवरण; फैलावट । (वि०) फैलिएको ।

विस्फोटक–(वि०) पड्कने; भताभुङ्ग हुने । (ना०) बिफर वा खटिरा ।

विस्मय–(ना०) आश्चर्य; छक्क ।

विहार–(ना०) खेलबहाड; घुमफिर ।

विह्वल–(वि०) तुलबुलिएको; दिक्दार ।

वीज–(ना०) दाना वा बीउ ।

वीणा–(ना०) एकतारे; सितार ।

वीर–(वि०) पराक्रमी; बहादुर ।

वीरता–(ना०) वीर हुनाको भाव ।

वीर्य–(ना०) पराक्रम; शक्ति; शुक्र ।

वीर्यवान्–(वि०) पराक्रमी; पुरुषार्थी ।

वृक्ष–(ना०) रूख; बोट ।

वृत्त–(वि०) ढाकिएको । (ना०) घेरो ।

वृत्तान्त–(ना०) वर्णन; हालखबर ।

वृत्ति–(ना०) जागीर; भत्ता; पेशा; व्यापार; स्वभाव; चलन ।

वृथा–(वि०) झूटो; व्यर्थ । (क्रि० यो०) बिनसित्ति; व्यर्थ ।

वृद्ध–(वि०) बूढो; पुरानो; पाको; अनुभवी ।

वृद्धकाल–(वि०) बूढो अवस्था ।

वृद्धि–(वि०) बढिबढाउ; बढ्ने काम; उन्नति; ब्याज ।

वृष–(वि०) साँढे; महादेवको वाहन ।

वृषोत्सर्ग–(ना०) सन्तान नहुनेले वा मरेकाको कृया गर्दा एघारौँका दिन बहर डामी छाड्ने प्रथा ।

वृष्टि–(ना०) झरी; वर्षा ।

वेग–(ना०) झोक्का; जोर ।

वेतन–(ना०) मजदूरी; ज्याला ।

वेद–(ना०) श्रुति; अति प्राचीन र प्रसिद्ध चार ग्रन्थको नाम (ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद) ।

वेदपाठ–(ना०) वेदको पाठ ।

वेदान्त–(ना०) षड्दर्शनमध्ये एक ।

वेदान्ती–(वि०) वेदान्त जान्ने वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



बुझेको ।

वेदी–(ना०) यज्ञ; देवपूजाका निम्ति बनेको मण्डप ।

वेला–(ना०) समय; मौका; एक प्रकारको बाजा ।

वेश्या–(ना०) रण्डी ।

वेष्टन–(ना०) बेर्ने काम; घेराइ ।

वैकल्या–(वि०) वाग्दान भई विवाह नहुँदै वर मरेकी कन्या ।

वैकुण्ठ–(ना०) विष्णु; विष्णुलोक ।

वैचारिक–( वि० ) विचारसम्बन्धी; विचारको ।

वैज्ञानिक–(वि०) विज्ञानको; विज्ञान-सम्बन्धी ।

वैज्ञानिकता–(ना०) वैज्ञानिक हुनाको भाव ।

वैतरणी–(ना०) यमलोकका आस-पासको कल्पित नदी ।

वैदाङ्ग–(ना०) आयुर्वेद शास्त्र ।

वैदिक–(वि०) वेदसम्बन्धी; वेदको ।

वैद्य–(ना०) आयुर्वेदीय चिकित्सक; पण्डित ।

वैद्यखाना–(ना०) आयुर्वेदीय औषधी बनाउने ठाउँ वा त्यस्तो औषधालय ।

वैधानिक–( वि० ) विधानसम्बन्धी; विधानको ।

वैमनस्य–(ना०) शत्रुता; दुश्मनी ।

वैयक्तिक–(वि०) व्यक्तिगत; निजी ।

वैयाकरण–( ना० ) व्याकरणवेत्ता; व्याकरणको ज्ञाता । (वि०) व्याक-रणसम्बन्धी ।

वैर–(ना०) विरोध; शत्रुता ।

वैरनु–(स० क्रि०) पसारो हुने गरी पोख्नु; खूब दिनु ।

वैरभाव–(ना०) फाटो; दुश्मनी ।

वैराग–(ना०) वैराग्य ।

वैरागी–(वि०) विरक्त; वैष्णव सम्प्र-दाय ।

वैराग्य–(ना०) विरक्ति; उराठ ।

वैरान–(ना०) बेआबादी जग्गा ।

वैरी–(वि०) दुश्मन; शत्रु ।

बैरो–(ना०) धारो; ओइरो ।

वैरोपैरो–( ना० ) आफलताफल; छिरलो ।

वैला–(ना०) उम्दा जातको घोडा ।

वैलाइ–( ना० ) वैलाउने काम वा किसिम ।

वैलाउनु–(अ० क्रि०) बिरुवाहरू सुकेर जानु; शिथिल हुनु ।

वैवाहिक–( वि० ) विवाहसम्बन्धी; विवाहको ।

वैशाख–(ना०) वर्षको प्रथम महीना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वैशिष्ट्य–(ना०) विशिष्टता; विशेषता ।

वैश्य–(ना०) एक वर्ण ।

वैश्वदेव–(ना०) भोजनअघि गृहस्थीले गर्ने हवन आदि नित्य कर्म ।

वैषम्य–(ना०) विषम हुनाको भाव; विषमता ।

वैष्णव–(वि०) विष्णुभक्त; विष्णुको उपासना गर्ने ।

व्यक्त–(वि०) प्रकट; खुलस्त ।

व्यक्ति–(ना०) समूह वा जातिमा कुनै एउटा; चैतन्ययुक्त जीव; मानिस; मान्छे ।

व्यक्तिगत–(वि०) निजी; आफ्नो ।

व्यक्तित्व–( वि० ) व्यक्तिगतमा हुने गुण, भाव वा विशेषता ।

व्यग्र–(वि०) आत्तिएको; हडबडाएको; बिग्दार; व्याकुल ।

व्यङ्ग्य–(ना०) छड्के कुरो; छनक; आक्षेप; गूढार्थ ।

व्यञ्जन -(ना०) हल्वर्ण; खानेकुराको समुदाय ।

व्यतीत–(वि०) बितेको; गएको ।

व्यथा–(ना०) कष्ट; दुःख; पीडा; वेथा ।

व्यभिचार–(ना०) अनुचित काम; खराब आचरण; अनाचार; रण्डीबाजी ।

व्यभिचारी–(वि०) व्यभिचार गर्ने; चरित्रहीन । पो० व्यभिचारिणी ।

व्यय–(ना०) खर्च; खति; घटती ।

व्यर्थ–( क्रि० यो० ) सित्तैं; बिनसित्ति; अनाहक ।

व्यवसाय–(ना०) रोजगार; आर्जनको पेलो, खेती; व्यापार आदि जीविका चलाउने काम ।

व्यवस्था–( ना० ) प्रबन्ध; चाँजो; रीतिस्थिति; कारबाही ।

व्यवहार–( ना० ) समाजमा एकले अर्कोसित गर्ने आचरण; कामधन्दा; चालचलन; लगानी ।

व्यसन–(ना०) लत; बानी; कुरा ।

व्यसनी–(वि०) व्यसनमा लिप्त ।

व्यस्त–(वि०) काममा लागिरहेको; फुर्सद नभएको ।

व्याकरण–(ना०) शब्दको रूप, अर्थ, विभाग र वाक्यमा प्रयोग तथा सम्बन्धको व्यवस्था गर्ने प्रक्रिया; शब्दशास्त्र ।

व्याकुल–( वि० ) आत्तिएको; हडबडाएको; विह्वल ।

व्याकुलता–( ना० ) बेचैनी; उरा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठिलोपन ।

**व्याख्या**–( ना० ) खुलस्त वर्णन; व्याख्यान ।

**व्याख्यान**–( ना० ) सजिलो पारी सम्झाउने काम; भाषण; टिप्पणी; बखान ।

**व्याधि**–(ना०) रोग; व्यथा; बिसन्चो ।

**व्यापक**–(वि०) चारैतिर फैलिएको; फराकिलो; विस्तृत ।

**व्यापार**–(ना०) किनबेचको काम; पेशा; धन्दा; उद्योग ।

**व्यापारी**–(वि०) व्यापार गर्ने ।

**व्याप्त**–( वि० ) ढाकिएको; छोपिएको ।

**व्यायाम**–(ना०) कसरत ।

**व्यावहारिक**–(ना०) व्यवहारसम्बन्धी; व्यवहारको ।

**व्यावहारिकता**–(ना०) व्यावहारिक हुने भाव ।

**व्रत**–(ना०) धार्मिक दृष्टिले गरिने उपवास; निराहार; प्रतिज्ञा; सङ्कल्प ।

**व्रतवन्ध**–(ना०) पहिलो पल्ट विधिपूर्वक जनै लाउने काम; उपनयन; बर्तबन्ध ।

**व्यास**–(ना०) एक ऋषि ।

**व्युत्पत्ति**–(ना०) उत्पत्ति; मूल ।

**व्योमयान**–(ना०) बायुयान; विमान ।

# श

**श**–देवनागरी वर्णमालाको तीसौं व्यञ्जनवर्ण, उच्चारणस्थान तालु ।

**शक**–( ना० ) शङ्का; सन्देह; एक प्राचीन जाति ।

**शक्कर**–(ना०) सक्खर ।

**शकरकन्द**–(ना०) सक्खर खण्ड ।

**शकार**–(ना०) 'श' अक्षर ।

**शकुन**–(ना०) कुनै काम हुन लाग्दा देखिने लक्षण; शुभ मुहूर्त; माङ्गलिक कर्म; सगुन ।

**शकुनौती**–(ना०) प्रश्नविद्या ।

**शक्ति**–(ना०) सामर्थ्य; बल; क्षमता; जोड; आँट; खूबी; देवी ।

**शक्तिशाली**–( वि० ) शक्ति भएको; तागतदार; बलियो ।

**शङ्कर**–(ना०) शिव; महादेव ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF


शङ्का–( ना० ) संन्देह; सशय; दोधार; धरमर ।

शङ्ख–( ना० ) समुद्रमा हुने घुँगी जातका कीराको साह्रो र सेतो गुँड अथवा खबटा; औंलाको टुप्पामा हुने एकातिर बगेजस्तो आकृतिको चिह्न ।

शङ्खचक्र–( ना० ) पुराणअनुसार विष्णुको बाजा र हतियार; औंलाको टुप्पामा हुने शङ्ख र पाङ्ग्राकाआकार-को चिह्न ।

शठ–( वि० ) धूर्त; छली; स्वाँठ । ( ना० ) मूर्ख व्यक्ति; धोकेबाज मान्छे ।

शण्ठ–(वि०) स्वाँठ; लण्ठ ।

शताब्दी–(ना०) सय वर्षको समय ।

शत्रु–(ना०) वैरी; दुश्मन ।

शनि–(ना०) अशुभ र अनिष्टकारक मानिएको एक ग्रह ।

शनिबार–(ना०) सप्ताहको अन्तिम दिन ।

शनिश्चर–(ना०) शनि ।

शनैः–( क्रि० यो० ) बिस्तारै; मन्द-गतिले ।

शपथ–( ना० ) किरिया; कबूल; प्रतिज्ञा ।

शब्द–( ना० ) ध्वनि; आवाज; अक्षरहरूको सार्थक समूह; पद ।

शब्दकोश–(ना०) शब्दहरू अकारादि क्रमले बटुली तिनको अर्थ लेखिएको ग्रन्थ ।

शमी–( ना० ) मसिना पात हुने काँढादार एक जातको वृक्ष वा त्यसको फल ।

शम्भु–(ना०) महादेव; शिव ।

शय्या–(ना०) बिछ्याउना; शयन; खाट; पलङ ।

शय्यादान–( ना० ) शुभ कार्यको साङ्गका दिन वा मरेका एघारौं दिनमा ब्राह्मणलाई दिइने खाट, ओछ्यान आदिको दान ।

शर–(ना०) बाण; तीर; एक जातको निगालो ।

शरण–(ना०) आड; आधार; रक्षा; पाउ पर्ने काम ।

शरणार्थी–( वि० ) शरण माग्ने । (ना०) कारणवश आफ्नो देश छोडी अन्त आश्रय लिने व्यक्ति ।

शरत्–( ना० ) छ ऋतुमध्ये एक; असोज-कात्तिकमा पर्ने एक ऋतु ।

शरत्काल–( ना० ) शरत् ऋतुको समय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शरद्–(ना०) शरत् ।
शरबत–(ना०) सर्वत ।
शरम–(ना०) लाज; लज्जा ।
शरमाउनु–(अ० क्रि०) शरममा पर्नु; लज्जित हुनु ।
शरमिन्दा–(ना०) लाज मान्ने; सङ्कोची ।
शराब–(ना०) रक्सी; जाँड ।
शराबी–(वि०) नशाबाज ।
शरीक–(वि०) मुख्य; अगुवा ।
शरीफ–(ना०) सज्जन; भलादमी ।
शरीर–(ना०) जीउ; अङ्ग; गात्र ।
शर्त–(ना०) कबूल गरिने कामकुरो; सन्धि वा सम्झौताको प्रतिज्ञा; बाली ।
शर्म–(ना०) शरम; लाज ।
शर्मा–(ना०) ब्राह्मणहरूको नामका पछाडि लगाइने एक उपाधि ।
शर्मालु–(वि०) लज्जालु ।
शलवार–(ना०) एक प्रकारको खुकुलो सुरुवाल ।
शव–(ना०) लाश; मुर्दा; मृतक ।
शशी–(ना०) चन्द्रमा; जून ।
शस्त्र–(ना०) हातमा लिएर मार्ने वा काट्ने हतियार ।
शहर–(ना०) धेरै मानिस, ठूल्ठूला सडक र बजार भएको ठाउँ; नगर; पुर ।
शहरिया–(वि०) शहरको; नगर-सम्बन्धी । (ना०) शहरमा बस्ने व्यक्ति ।
शहीद–(ना०) देश र जनताको हितका निमित्त प्राण त्याग गर्ने व्यक्ति ।
शाकाहारी–(ना०) सागपात, अन्न आदि मात्र खाने; माछा-मासु नखाने ।
शाके–(ना०) शक संवत् ।
शाखा–(ना०) हाँगो; विभाग; फाटेर गएको कुल; वेदका संहिताको पाठ र क्रमभेद ।
शान–(ना०) हतियार उध्याउने ढुङ्गाको चक्का; साँध; गौरव; बडप्पन ।
शानदार–(वि०) काम भएको; प्रभावशाली ।
शान्त–(वि०) मनमा रिसराग, द्वेष, चिन्ता आदि नभएको ।
शान्ति–(ना०) शान्त अवस्था; चकमन्न; रिसराग वा तृष्णाको अभाव ।
शान्तिस्वस्ति–(ना०) अनिष्ट वा ग्रह-गोचरको दोष हटाउन गरिने पूजा ।
शाप–(ना०) श्राप ।
शामियाना–(ना०) चारैतिर खुला हुने पाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शामिल–(वि०) सामेल; उपस्थिति।

शाम्भवी–(ना०) दुर्गा; पार्वती; नीलो खालको दूबो।

शायद–(क्रि० यो०) सम्भवत; कदाचित्।

शारिका–(ना०) मैना चरो।

शारीरिक–(वि०) शरीरसम्बन्धी; शरीरको।

शाल–(ना०) ऊनी वा रेशमी ओढ्ने बस्त्र; एक जातको वृक्ष; साल।

शालधूप–(ना०) शालको खोटोको धूप।

शाला–(ना०) घर; पौवा वा पाटी।

शालिग्राम–(ना०) कृष्णागण्डकीमा पाइने एक किसिमको कालो ढुङ्गा।

शाश्वत–(वि०) सधैं रहिरहने; चिरस्थायी; नित्य।

शासक–(ना०) शासन गर्ने वा राज्य चलाउने व्यक्ति।

शासकीय–(वि०) शासकसम्बन्धी।

शासन–(ना०) राजकाज; हैकम; आज्ञा; आदेश।

शासना–(ना०) सास्ती; कष्ट।

शासित–(वि०) शासन गरिएको; सजाय दिइएको।

शास्त्र–(ना०) कुनै विषयको विधिविधान वा ज्ञानका कुराहरू लेखिएको ग्रन्थ; विद्या।

शास्त्री–(वि०) शास्त्र जान्ने। (ना०) संस्कृत परीक्षाको एक उपाधि।

शाह–(ना०) स्वामी; राजा; मालिक; बादशाह; राजा; ठकुरीको एक उपाधि।

शाहजादा–(ना०) राजाका छोरा; राजकुमार।

शाहजादी–(ना०) राजाकी छोरी; राजकुमारी।

शाही–(वि०) राजकीय; राजसी।

शिकायत–(ना०) उजूर; चुक्ली।

शिकार–(ना०) जङ्गली पशुपन्छी मार्ने काम; मारिने पशु; मरेका पशुपन्छीको मासु; आखेट; मृगया।

शिकारी–(ना०) शिकार गर्ने व्यक्ति। (वि०) शिकारसम्बन्धी; शिकार गर्ने।

शिक्षक–(ना०) शिक्षा दिने व्यक्ति; अध्यापक; गुरु।

शिक्षण–(ना०) शिक्षा दिने काम; अध्यापन; शिक्षा।

शिक्षा–(ना०) पढ्ने-पढाउने र पढाइको चाँजोपाँजो मिलाउने काम; विद्या; उपदेश; अर्ती।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**शिक्षाप्रद**–(वि०) शिक्षा दिने ।

**शिक्षित**–( वि० ) शिक्षा पाएको; सभ्य ।

**शिखर**–( ना० ) पहाड-पर्वतको माथिल्लो भाग; चुचुरो; टाकुरो ।

**शिखा**–(ना०) टुप्पो; सिउर; चुल्ठो; लप्को ।

**शिथिल**–(वि०) कमजोर; खुकुलो ।

**शिर**–(ना०) टाउको; माथा; खोला आदिको उद्गमस्थान ।

**शिरद्वार**–(ना०) घोडाको टाउकामा रहने छालाको वस्तु ।

**शिरपेच**–( ना० ) राजाले लाउने मुकुट; श्रीपेच ।

**शिरपोश**–(ना०) टोपी; पगरी ।

**शिरफूल**–( ना० ) एक किसिमको सुनको गहना ।

**शिरबन्दी**–( ना० ) शिरमा लाउने सुनको गहना ।

**शिरबिन्दु**–(ना०) अनुस्वार; अक्षरको माथि दिइने थोप्लो ( ं ) ।

**शिरोहोरा**–(ना०) शुरूमा लेखिने वेहोरा; प्रशस्ति; शीर्षक ।

**शिरा**–(ना०) रक्तसञ्चार हुने नाडी वा नसो ।

**शिरीष**–(ना०) एक जातको वृक्ष र त्यसको फूल ।

**शिला**–(ना०) ढुङ्गो; पत्थर; बाली काटिसकेपछि बाँकी रहेको अन्न खोज्ने काम ।

**शिलाजित्**–( ना० ) खनिज धातुको रस ।

**शिलान्यास**–( ना० ) घरको जग लाउँदा विधिपूर्वक ढुङ्गो आदि हाल्ने काम ।

**शिलापत्र**–(ना०) शिलालेख ।

**शिलालेख**–( ना० ) ढुङ्गामा खोपेर लेखिएको अक्षर; शिलापत्र ।

**शिल्प**–(ना०) हातले वस्तुहरू बनाउने काम वा कला; बुट्टा भर्ने ढङ्ग; हस्तकला ।

**शिल्पकला**–(ना०) कारीगरी; हस्तकला ।

**शिल्पकार**–( ना० ) सीपको काम गर्ने; शिल्पी ।

**शिल्पकारी**–( ना० ) शिल्पकारको काम; सीप ।

**शिव**–( ना० ) महादेव; शङ्कर; मङ्गल ।

**शिवरात्रि**–( ना० ) फागुन कृष्ण चतुर्दशीको रात । (यो दिन शिवको पूजा, व्रत आदि हुन्छ । )

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शिवलिङ्ग–(ना०) शिवको लिङ्गाकार रूप वा प्रतीक ।

शिवलोक–(ना०) कैलास ।

शिवालय–(ना०) शिवको मन्दिर ।

शिविर–( ना० ) सेना रहने ठाउँ; छाउनी; दुर्ग; किल्ला ।

शिशिर–(ना०) माघ-फागुनमा पर्ने एक ऋतु ।

शिशु–( ना० ) आठ वर्षसम्मको बालक; बच्चो; केटाकेटी ।

शिष्ट–(वि०) राम्रो बानीबेहोरको; साधिएको; शिक्षित; सभ्य ।

शिष्टाचार–( ना० ) आदर-सत्कार; मानभाउ ।

शिष्य–( ना० ) पढाएको व्यक्ति; विद्यार्थी; चेलो ।

शीकर–( ना० ) पानीका मसिना थोपा; छिटो; ओस; हिमालका तल्ला भेगको रसिलो र स्वास्थ्यकर ठाउँ ।

शीघ्र–(क्रि० यो०) छिटो; चाँडो ।

शीत–(वि०) चिसो; ठन्डी; जाडो । (ना०) तुषाराको कण; ओस ।

शीतल–( वि० ) चिसो; ठन्डी; सन्चलाग्दो ।

शीतला–( ना० ) एक किसिमको सङ्क्रामक खटिरो; विफरको रोग; त्यस रोगकी अधिष्ठात्री देवी ।

शीर्षक–( ना० ) टाउको; शिर; थाप्लो; लेख वा कविताको नाउँ ।

शील–( ना० ) स्वभाव; चरित्र; चालचलन ।

शीशमहल–(ना०) ऐनैऐनाको घर ।

शीशा-(ना०) काँच; ऐना ।

शीशी–(ना०) काँचको भाँडो ।

शुक–(ना०) सुगा; वस्त्र ।

शुक्र–( ना० ) सौर जगत्को एक प्रसिद्ध ग्रह; साताको छैटौं बार ।

शुक्ल–( वि० ) सेतो; उज्यालो; चोखो ।

शुक्लपक्ष–(ना०) परेवादेखि पूर्णिमासम्मका पन्ध्र दिन ।

शुक्लागण्डकी–(ना०) सात गण्डकीमध्ये एकको नाउँ; सेतीगण्डकी ।

शुचि–(वि०) चोखो; शुद्ध; पवित्र ।

शुदी–(ना०) शुक्लपक्ष ।

शुद्ध–( वि० ) निर्मल; पवित्र; चोखो ।

शुद्धशान्ति–( ना० ) मरेका बाह्र दिनमा गरिने कार्य ।

शुद्धि–(ना०) सफाइ; पवित्रता ।

शुभ–( वि० ) भलो; असल; हित-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कारी ।

शुभकामना–(ना०) भलो चिताउने; शुभेच्छा ।

शुभम्–(ना०) ग्रन्थ आदिको पुछारमा लेखिने मङ्गलवाचक शब्द ।

शुभाशुभ–(ना०) असल र खराब; राम्रो-नराम्रो ।

शुभेच्छा–(ना०) शुभ कुराको चाहना; असल चिताउनु ।

शुभेच्छु–(वि०) शुभ चिताउने; हितैषी ।

शुरू–(ना०) कुनै कामकुरो गर्न थाल्नु; आरम्भ; थाल्नी ।

शुरूआत–(ना०) शुरू; प्रारम्भ; थाल्नी ।

शुल्क–(ना०) दस्तुर; भाडा; कर; ज्याला; पारिश्रमिक ।

शुश्रूषा–(ना०) टहल; सेवा; सुसार ।

शुष्क–(वि०) सुकेको; सुक्खा; रूखो ।

शूद्र–(ना०) चार वर्णमध्ये एक ।

शून्य–(वि०) रित्तो; खाली । (ना०) अङ्क लेख्दा खाली बनाउने थोप्लो (०) ।

शूर–(वि०) सूरो; साहसी; बहादुर । (ना०) वीर पुरुष; योद्धा ।

शूरवीर–(ना०) साहसी; योद्धा; वीर । (वि०) आँटिलो; पराक्रमी ।

शूल–(ना०) शोला हान्ने रोग; पीडा; शूली ।

शूली–(ना०) भालाजस्तो तीखो एक प्राचीन अस्त्र; बातो ।

शृङ्खला–(ना०) सिलसिला; क्रमैले हुने घटना, काम आदि; परम्परा; सिक्री ।

शृङ्ग–(ना०) चुचुरो; सीङ ।

शृङ्गार–(ना०) शोभा; सिंगार; साहित्यका नौ रसमध्ये एक ।

शृङ्गारिक–(वि०) सिंगारिएको; शृङ्गारसम्बन्धी ।

शेखी–(ना०) घमन्ड; अभिमान ।

शेयर–(ना०) भाग; हिस्सा; साझा वेपारमा अंशियारले लाउने सम्पत्तिको भाग ।

शेर–(ना०) सिंह; बाघ; बहादुर मान्छे; दुई पङ्क्तिमा लेखिने उर्दू कविता ।

शेरवानी–(ना०) एक किसिमको कोटजस्तो पोशाक ।

शेष–(वि०) बाँकी रहेको । (ना०) जीवनकाल ।

शैक्षिक–(वि०) शिक्षासम्बन्धी ।

शैतान–(वि०) बदमाश; उल्लू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शैल-(वि०) पहाड; पर्वत; शिला; पत्थर ।
शैली-(ना०) काम गर्ने तरीका; बोल्ने वा भाव व्यक्त गर्ने प्रक्रिया ।
शोक-(ना०) प्रिय व्यक्तिको वियोगबाट मनमा हुने व्यथा; मनको पीर ।
शोच-(ना०) सोच्ने काम; सोच ।
शोचनीय-(वि०) चिन्ता गर्नुपर्ने; विचारणीय ।
शोध-(वि०) शुद्ध गर्ने वा चोख्याउने काम; शुद्धि; खोज; अनुसन्धान ।
शोधकर्ता-(ना०) शोध गर्ने व्यक्ति ।
शोभनीय-(वि०) सुहाउँदो; खुल्दो; सुन्दर; मनोहर ।
शोभा-(ना०) कान्ति; दीप्ति; प्रभा ।
शोभायमान-(वि०) शोभा बढाइरहेको; सजिसजाउ ।
शोभित-(वि०) सुहाएको; खुलेको ।
शोर-(ना०) हल्ला; कोलाहल ।
शोला-(ना०) मुर्दा पोल्ने चिता ।
शोषक-(वि०) शोषण गर्ने; चुसाहा ।
शोषण-(वि०) सोस्ने काम; तान्नु; सुकाउनु; चुसाइ; घुताइ ।
शोषित-(वि०) शोषण गरिएको; चुसिएको ।
शौक-(ना०) शोख ।
शौकीन-(वि०) शौकको; शोखीन ।
शौच-(ना०) शुद्धता; पवित्रता; दिसा-पिसाब त्यागेर शुद्ध हुने काम ।
शौर्य-(ना०) शूरता; वीरत्व; बहादुरी ।
श्मशान-(ना०) मुर्दा पोल्ने ठाउँ; मसान ।
श्याम-(वि०) साँवलो; कालो ।
श्रद्धा-(ना०) मान्यजनप्रतिको आदरभाउ; कुनै उत्तम विषयका प्रति हुने सद्भाव; भक्ति ।
श्रद्धालु-(वि०) श्रद्धा गर्ने; श्रद्धा भएको; भक्त ।
श्रद्धेय-(वि०) श्रद्धा गर्न लायक; आदरणीय ।
श्रम-(ना०) थकाइ लाग्ने गरी गरिएको कुनै काम ।
श्रव्य-(वि०) श्रवण गर्न योग्य; सुन्न लायक ।
श्राद्ध-(ना०) पितृहरूका निम्ति गरिने कार्य ।
श्राप-(ना०) दुर्वचन; गाली ।
श्रावण-(ना०) साउन ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री–(ना०) लक्ष्मी; शोभा; सौन्दर्य; विद्या-बुद्धि र धनसम्पत्तिका शक्तिले झल्कने तेज ।

श्रीखण्ड–(ना०) मगमग वास्ना आउने एक जातको रूख वा काठ र त्यसैको चन्दन ।

श्रीगणेश–(ना०) आरम्भ; शुरू; गणेश ।

श्रीपञ्चमी–(ना०) माघ शुक्ल पञ्चमी; वसन्त पञ्चमी; वसन्त ऋतु लाग्ने तथा मनाउने दिन; सरस्वती वा विद्याको पूजा गर्ने दिन ।

श्रीपेच–(ना०) शिरपेच ।

श्रीबन्दी–(ना०) शिरबन्दी ।

श्रीमती–(ना०) श्रीमान्‌को स्त्रीलिङ्गी रूप; पत्नी; भार्या ।

श्रीमान्–(वि०) पुरुषका नामको अगाडि लगाइने सम्मानसूचक शब्द ।

श्रीविन्दु–(ना०) शिरविन्दु ।

श्रीसम्पत्ति–(ना०) सर्वस्व; लट्टी-पट्टी ।

श्रुति–(ना०) सुन्ने इन्द्रिय; सुन्ने काम; सुनेको कुरो; वेद; जन-श्रुति ।

श्रुतिमधुर–(वि०) सुन्दा मन रमाउने; कर्णप्रिय ।

श्रेणी–(ना०) दर्जा; कक्षा; ताँती ।

श्रेय–(वि०) अरुभन्दा असल; उत्तम; हितकर; अनुकूल ।

श्रेयस्कर–(वि०) श्रेय गर्ने; हित-कारी ।

श्रेष्ठ–(वि०) उम्दा; उत्तम । (ना०) नेवार जातिको एउटा थर ।

श्रेष्ठता–(ना०) श्रेष्ठ हुनाको भाव ।

श्रोता–(वि०) पुराण वा उपदेश सुन्ने ।

श्लाघा–(ना०) प्रशंसा; गुणगान ।

श्लील–(ना०) शिष्ट; मङ्गलकारी; शुद्ध; शुभ ।

श्लेष–(ना०) दुई वा धेरै अर्थ आउने वाक्य; संयोग ।

श्लोक–(ना०) पद्य कविता; सिलोक ।

श्वास–(ना०) दम; सास; हावा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# ष

ष- देवनागरी वर्णमालाको एकतीसौं व्यञ्जनवर्ण, उच्चारणस्थान मूर्द्धा ।

षकार-(ना०) 'ष' अक्षर ।

षट्-(वि०) छ सङ्ख्याको ।

षट्कोण-(ना०) छवटा कुना परेको यन्त्र वा क्षेत्र ।

षट्चक्र-(ना०) कुण्डलिनीमा कल्पना गरिएका छवटा चक्र ।

षट्पद-(वि०) छवटा खुट्टा भएको; छखुट्टे (प्राणी) ।

षट्पदी-(ना०) छवटा पाउ वा चरण हुने छन्द ।

षड्दर्शन-(ना०) हिन्दूहरूका छवटा दार्शनिक सिद्धान्त- साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त ।

षड्यन्त्र-( ना० ) कसैको अनिष्ट गर्नाका निम्ति गुप्त रूपमा गरिने कारवाई; कपटी काम ।

षड्यन्त्री-(वि०) षड्यन्त्र गर्ने ।

षड्रस-(ना०) छ प्रकारका रस वा स्वाद- गुलियो, अमिलो, नुनिलो, तीतो, पीरो र टर्रो ।

षड्रिपु-( ना० ) मानिसका छवटा शत्रु वा विकार- काम, क्रोध, लोभ, मोह, मद र मत्सर ।

षण्ढ-(वि०) बदमाश; नपुंसक ।

षष्ठी-(ना०) शुक्ल वा कृष्णपक्षको छैटौं तिथि; छैटीमा पूजा गरिने देवी; व्याकरणअनुसार सम्बन्ध बुझाउने विभक्ति ।

षोडश-(ना०) सोह्रको सङ्ख्या ।

षोडशा-(वि०) षोडशी ।

षोडशी-(वि०) तरुनी; पट्ठी; सोह्र वर्ष उमेर पुगेकी (आइमाई) ।

# स

स-देवनागरी वर्णमालाको बत्तीसौं व्यञ्जनवर्ण; उच्चारणस्थान दन्त ।

सँग-(ना०) साथ; सित ।

सँगाल्नु-( स० क्रि० ) जोगाएर राख्नु; सञ्चित गर्नु ।

सँगिनी-( ना० ) साथी; आइमाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सखी ।

सँगिनै–(ना०) नेपाली लोकगीतको एक भाका ।

सँगी–(ना०) साथी; मीत ।

सँगेटाइ–( ना० ) सँगेट्ने काम वा किसिम ।

सँगेट्नु–( स० क्रि० ) सोहनुं; चारैतिरबाट बटुल्नु ।

सँगेलाइ–( ना० ) सँगेल्ने काम बा किसिम ।

सँगेल्नु–( स० क्रि० ) तह लाउनु; जम्मा गर्नु ।

सँग्राति–(ना०) सङ्क्रान्ति ।

सँघार–(ना०) ढोका, झ्याल आदिको तल्लो भाग ।

सँघारठेलो–(ना०) ढोकामनि तेर्स्याइने बाहिरी काठ ।

सँभाल्नु–(स० क्रि०) सम्मान गर्नु; घरगृस्थी चलाउनु; तह लाउनु; जोगाउनु ।

संक्षिप्त–( वि० ) छोटकरी; कम गरिएको ।

संक्षेप–(ना०) छोटकरी रूप; मजबून; सार । ( वि० ) छोटकरी; थोरै ।

संज्ञा–(ना०) होश; चेतना; बोध; नाम शब्द ।

संयत–( वि० ) मर्यादामा रहेको; संयमी; नियन्त्रित; तयार ।

संयम–(ना०) रोक्ने काम; मर्यादामा रहनु ।

संयमित–(वि०) संयममा रहेको ।

संयमी–(वि०) संयममा रहने ।

संयुक्त–(वि०) जोरिएको; मिलेको; एकै ठाउँमा बसेको (परिवार आदि) ।

संयोग–( ना० ) मिल्ने वा जोरिने काम; तारतम्य; सम्बन्ध; मेल ।

संयोजक–(वि०) जोर्ने; मिलाउने ।

संयोजित–( वि० ) संयोजन गरिएको; जोरिएको; मिलाइएको ।

संरक्षक–(वि०) रक्षा गर्ने; बचाउने ।

संरक्षण–(ना०) रेखदेख; हेरविचार ।

संलग्न–( वि० ) टाँसिएको; कुनै काममा लागेको ।

संलाप–( ना० ) कुराकानी; बातचीत ।

संवत्–(ना०) साल; बर्ष ।

संवत्सर–(ना०) साल; वर्ष; प्रभव आदि साठी संवत्सर ।

संवरण–(ना०) रोज्नु; मन पराउनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**संबर्द्धन**–(ना०) राम्ररी वृद्धि हुनु; पालनपोषण ।

**संवाद**–(ना०) कुराकानी; बातचीत ।

**संवाददाता**–(ना०) समाचार दिने वा पठाउने व्यक्ति ।

**संविधान**–(ना०) व्यवस्था; प्रबन्ध; मूल ऐन वा विधान ।

**संवृद्धि**–(ना०) बढिबढाउ ।

**संवेदना**–(ना०) अनुभूति; बोध; सूचित गर्नु ।

**संवैधानिक**–(वि०) संविधानसम्बन्धी ।

**संशय**–(ना०) सन्देह; दोधार ।

**संशोधक**–(वि०) शुद्ध पार्ने; भूल सच्याउने ।

**संशोधन**–(ना०) शुद्ध पार्ने काम ।

**संसद्**–(ना०) सभा; समिति; प्रतिनिधि-सभा ।

**संसर्ग**–(ना०) सम्बन्ध; बसउठ; छातछूत ।

**संसार**–(ना०) जगत्; दुनियाँ ।

**संसारी**–(वि०) संसारसम्बन्धी; दुनियाँसँग मिल्दो ।

**संस्करण**–(ना०) शुद्ध; पुस्तकका छपाइको खेप ।

**संस्कार**–(ना०) संशोधन; मरम्मत; गर्भाधान आदि कर्म ।

**संस्कृत**–(ना०) प्राचीन आर्य भाषा । (वि०) संस्कार गरिएको ।

**संस्कृति**–(ना०) शुद्ध गर्ने काम; संस्कार; पहिलेदेखिको रहनसहन; कलाकौशल; आचारविचार आदि ।

**संस्था**–(ना०) कुनै सङ्गठित सभा; सङ्घ ।

**संस्थान**–(ना०) कुनै खास कामका निम्तिको निकाय; निगम ।

**संस्थापक**–(ना०) कुनै कुराको स्थापना गर्ने व्यक्ति; मन्दिर, विद्यालय आदि बनाउने मान्छे; मत, सम्प्रदाय आदिको प्रवर्तक ।

**संस्थापन**–(ना०) स्थापना गर्नु; सभा, संस्था आदिको निर्माण गर्नु; नयाँ मत, सम्प्रदाय आदि चलाउनु ।

**संस्थापित**–(वि०) संस्थापन गरिएको ।

**संस्मरण**–(ना०) सम्झने काम; जप्नु; कुनै कुरा सम्झाउने वस्तु; सम्झौटो ।

**संहार**–(ना०) नाश; ध्वंस ।

**संहिता**–(ना०) वेदको मन्त्रखण्ड; सम्बन्ध ।

**सकर्मक**–(वि०) कर्म भएको; कर्म लिने (क्रिया) ।

**सकल**–(वि०) सबै; समस्त । (ना०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मूल प्रति; गुरुकापी ।
सकली–(वि०) उम्दा; सच्चा; शुद्ध ।
सकस–(ना०) शास्ती; सासना; हैरानी ।
सकार–(ना०) कबूल; प्रतिज्ञा; 'स' अक्षर ।
सकारनामा–(ना०) सकारेका कुरा लेखिएको कागत ।
सकार्नु–(स० क्रि०) सकार गर्नु; मन्जूर गर्नु ।
सकाल–(क्रि० यो०) सखार; सबेर ।
सके–(संयो०) भरसक; शायद ।
सक्नु–(स० क्रि०) कुनै काम गर्न योग्य हुनु; सिध्याउनु ।
सक्कल–(ना०) सकल ।
सक्कली–(वि०) सकली ।
सक्रिय–(वि०) क्रिया वा काम भएका ।
सक्रियता–(ना०) सक्रिय हुनाको भाव ।
सक्षम–(वि०) क्षमता भएको ।
सखर–(ना०) उखुको रस पकाएर बनाइएको गुलियो पदार्थ; गुड ।
सखरखण्ड–(ना०) एक किसिमको कन्द ।
सखरसोला–(ना०) सखरको पागबाट बनाइएको खाद्य पदार्थ ।
सखा–(ना०) साथी; सँगी ।
सखाप–(ना०) नाश; बरबाद; खतम ।
सखार–(क्रि० यो०) एकाबिहान; सबेर ।
सखी–(ना०) सँगिनी; सहेली ।
सखुवा–(ना०) शाल; साखुको रूख ।
सखत–(वि०) सिकिस्त; ज्यादै ।
सगबग–(क्रि० यो०) गँड्यौलो; सर्प चलमलाउने किसिम ।
सगबगाउनु–(अ० क्रि०) सगबग गर्नु; चलमलाउनु ।
सगर–(ना०) आकाश ।
सगसग–(ना०) रगरग । (क्रि० यो०) सगबग; चलमल ।
सगसगाउनु–(अ० क्रि०) सगसग गर्नु ।
सगसगे–(वि०) चुलबुले; तरबरे ।
सगुण–(वि०) असल गुणले युक्त । (ना०) साकार ब्रह्म ।
सगुन–(ना०) शुभ वा माङ्गलिक वस्तु ।
सगोत्री–(वि०) एउटै गोत्रको ।
सगोल–(वि०) एउटै परिवारको; बन्डा नभएको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सग्लो–(वि०) सिङ्गो; टूटफूट नभएको ।

सघाउ–(ना०) सघाउने काम; सहयोग ।

सघाउनु–(स० क्रि०) मद्दत गर्नु; अर्काको काममा हारगुहार गर्नु ।

सङ्कट–( ना० ) आपत्; विपत् । (वि०) साँघुरो ।

सङ्कटा–(ना०) सङ्कट हटाउने एक देवी, ज्योतिषमा एक योगिनी ।

सङ्कलन–(ना०) जम्मा गर्ने काम; सङ्ग्रह ।

सङ्कलित–(वि०) सङ्कलन गरिएको; सँगालिएको ।

सङ्कल्प–(ना०) दान आदि धार्मिक कार्य गर्दा तिल, कुश, जल आदि हातमा लिई पढिने वाक्य; प्रतिज्ञा; कबूल ।

सङ्कष्ट–(ना०) कष्ट; सङ्कट ।

सङ्कुचित-( वि० ) खुम्चिएको; सांघुरो ।

सङ्केत-(ना०) इशारा; सान ।

सङ्कोच–( ना० ) खुम्चिने क्रिया; साधारण शरम; लाज ।

सङ्कोची–(वि०) सङ्कोच मान्ने ।

सङ्क्रमणकाल-( ना० ) कुनै नियम, व्यवस्था आदि दिबो भइनसकेको बेला; सङ्क्रान्ति ।

सङ्क्रान्ति–(ना०) महीनाको पहिलो दिन; एक गते; सर्ने काम ।

सङ्खत्रो–(ना०) एक किसिमको फल ।

सङ्का–(ना०) शङ्का ।

सङ्ख्या–(ना०) हिसाब; गन्ती ।

सङ्ग–( ना० ) बसउठ; सहवास । (ना० यो०) सँग ।

सङ्गठन–(ना०) कुनै काम वा उद्देश्य पूरा गर्न बनाइएको सङ्घ ।

सङ्गठित–(वि०) सङ्गठन गरिएको; भेला पारिएको ।

सङ्गत–(वि०) मिलेको; जोडिएको ।

सङ्गति–(ना०) मेल; सम्बन्ध; सिलसिला; प्रसङ्ग ।

सङ्गम–(ना०) मिल्ने वा जुट्ने काम; दोभान ।

सङ्गमर्मर–( ना० ) एक किसिमको ढुङ्गा ।

सङ्गाती–(ना०) बालककालको साथी; सँगी; साथी ।

सङ्गी–(ना०) साथमा रहने व्यक्ति; साथी । स्त्री० सङ्गिनी ।

सङ्गीत–(ना०) लय; ताल; गानविद्या ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सङ्गीन–(ना०) बन्दूकमा जोडिएको भालाजस्तो हतियार ।

सङ्ग्रह–(ना०) जम्मा गर्नु; सङ्कलन ।

सङ्ग्रहालय–(ना०) विभिन्न प्रकारका धेरै वस्तु एकत्र गरी राखिएको स्थान ।

सङ्ग्राम–(ना०) युद्ध; लडाइँ ।

सङ्ग्रालो–(ना०) ठूलो झगडा वा विरोध; मुस्लो ।

सङ्घ–(ना०) संन्यासी वा बौद्धको जमात; संस्था ।

सङ्घर्ष–(ना०) भिडिने काम; मारपीट ।

सङ्घार–(ना०) श्रीसम्पत्ति; खर्च; संहार; सँघार ।

सङ्घारे–(वि०) सर्वनाशी; संहारे ।

सङलनु–(अ० क्रि०) सङ्लो हुनु; सफा हुनु । (स० क्रि०) तह लाउनु ।

सङलो–(वि०) निर्मल; स्वच्छ ।

सचिव–(ना०) विशिष्ट श्रेणीको कर्मचारी; मन्त्री ।

सचिवालय–(ना०) सचिवहरूको मुख्य कार्यालय ।

सचेत–(वि०) होशियार; सम्झना पाएको; चेत फर्केको ।

सच्चरित्र–(वि०) असल चालचलन भएको ।

सच्चा–(वि०) साँचो बोल्ने; यथार्थ ।

सच्याउनु–(स० क्रि०) सुधार्नु; सपार्नु ।

सजग–(ना०) सावधान; सतर्क ।

सजधज–(ना०) ठाँटबाँट; सजिसजाउ हुने क्रिया ।

सजा–(ना०) सजाय ।

सजाउनु–(स० क्रि०) सजिसजाउ पार्नु; ठीक ठाउँमा राखी मिलाउनु; जड्नु ।

सजाइ–(ना०) सजाउने काम ।

सजाती–(ना०) एउटै जाति ।

सजातीय–(वि०) एउटै जातको; धर्म, गुण, पेशा आदिले मिल्दो ।

सजाय–(ना०) सजा; दण्ड; शास्ती ।

सजावट–(ना०) सजिसजाउ हुनाको भाव ।

सजियाँ–(वि०) साजा; बन्डा नभएको ।

सजिलो–(वि०) सरल; सुगम ।

सजिसजाउ–(वि०) शोभाले सम्पन्न; तम्तयार; सुशोभित ।

सजीव–(वि०) प्राण भएको; देहधारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सज्जन–( ना० ) असल वा शिष्ट व्यवहार गर्ने व्यक्ति । (वि०) साधु; ज्ञानी ।

सञ्चय–(ना०) बटुलेर राखने काम ।

सञ्चार–( ना० ) हिँड्ने काम; फिजाउने काम; यातायात ।

सञ्चालक–( ना० ) कुनै काम राम्ररी चलाउने वा गतिशील पार्ने व्यक्ति ।

सञ्चालन–( ना० ) चलाउने काम; गतिशील पार्ने काम ।

सञ्चित–(वि०) सञ्चय गरिएको ।

सञ्जीवनी–(ना०) मरेकालाई जीवित पार्ने एक काल्पनिक बूटी वा मन्त्र ।

सटक–(ना०) सडक ।

सटक्क–( क्रि० यो० ) अरूले चाल नपाउने गरी भाग्ने किसिम ।

सटनी–(ना०) साट्ने काम; सटही ।

सटही–(ना०) साट्ने काम; साटफेर गर्दा लाग्ने दस्तूर ।

सटाइ–( ना० ) साट्ने काम वा किसिम ।

सटीक–(वि०) टीकासहितको ।

सट्कनु–( ना० ) सुइँकुच्चा ठोक्नु; भाग्नु ।

सट्टा–(वि०) बदला; साटो ।

सट्टापट्टा–(ना०) साटासाट ।

सट्यासुट्टुक–(क्रि० यो०) पत्तै नपाई घेरथोर चोर्ने किसिम; कहिलेकाहीं ।

सठिया–(ना०) रोपेको साठी दिनमा पाक्ने अनाज ।

सडक–(ना०) मूलबाटो; ठूलो मार्ग ।

सडाइ–( ना० ) सड्ने काम वा किसिम ।

सडाउनु–( स० क्रि० ) सड्ने पार्नु; कुहाउनु; बिगार्नु ।

सड्वा–(वि०) सडेगलेको; कुहेको ।

सड्नु–(अ० क्रि०) कुहिनु; बिग्रनु ।

सत्–(वि०) साँचो; भलो । (ना०) सत्यता; शक्ति ।

सतचालीस (वि०) चालीस र सात ।

सतभतारु–(ना०) बेछाँड्को; भद्दा ।

सतर्कता–( ना० ) सावधानी; होशियारी ।

सतसट्ठी -(वि०) तीन बीस र सात ।

सतह–(ना०) कुनै वस्तुको माथिल्लो भाग ।

सतहत्तर–(ना०) सत्तरी र सात ।

सतरञ्जा–( ना० ) एक किसिमको ओछ्याउने दरी ।

सताइ–( ना० ) सताउने काम वा किसिम ।

सताउनु–( स० क्रि० ) दुःख दिनु;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पिरोल्नु ।

सतार–(वि०) निर्लज्ज; नकचरो; खूब अम्लो वा सप्रेको ।

सतार्नी–( ना० ) अदालतमा बापती कोर्ने स्त्री । (वि०) निर्लज्ज (स्त्री)।

सतासी–(ना०) असी र सात ।

सतिबयर–(ना०) पिठाउली ।

सतिसाल–( ना० ) एक किसिमको रूख ।

सती–( ना० ) पतिव्रता; पतिसँगै चितामा जल्ने स्त्री; महादेवकी पत्नी ।

सतीत्व–(ना०) सती हुनाको भाव ।

सतुवा–(ना०) सातू ।

सत्कर्म–( ना० ) असल काम, पुण्यकर्म ।

सत्कार–(ना०) सम्मान; आदर ।

सत्तरी–(वि०) साठी र दस । (ना०) फलाम आदिको निशाल ।

सत्तल–(ना०) धर्मशाला; पाटी ।

सत्ता–(ना०) मूर्त रूपमा विद्यमान; शक्ति; स्वत्व; अधिकार ।

सत्ताइस–(वि०) बीस र सात ।

सत्ताधारी–( ना० ) शासनसत्ताको अधिकार प्राप्त व्यक्ति ।

सत्तु–(ना०) सातू ।

सत्ते–(वि०) दुनोटमा सातको साटो भनिने शब्द । ( ना० ) साँचो; सत्य ।

सत्त्व–(ना०) खूबी; बल; औषधिको सार; स्वभावका तीन गुणमध्ये एक ।

सत्पात्र–(ना०) योग्य व्यक्ति ।

सत्पुरुष–( वि० ) सच्चा पुरुष; सज्जन; भलादमी ।

सत्य–(वि०) साँचो; तथ्य ।

सत्यता–(ना०) सत्य हुनाको भाव ।

सत्यनारायण–( ना० ) विष्णुको एक नाम ।

सत्ययुग–(ना०) चार युगमध्ये एक ।

सत्यलोक–( ना० ) सात लोकमध्ये एक ।

सत्यवक्ता–(वि०) सत्यवादी ।

सत्यवादी–( वि० ) साँचो बोल्ने; सत्यवक्ता ।

सत्यानाश–( ना० ) ठूलो बरबादी; उछित्तो; सर्वनाश ।

सत्र–(वि०) दस र सात ।

सदर–( ना० ) खास ठाउँ; केन्द्र; मन्जूरी । (वि०) ठीक; मुख्य ।

सदरबदर–(ना०) सरेस्तामा स्याहा, डपोटहरूको ठाउँ; सदर र बदर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सदरिया–(वि०) सहरिया; शहरमा बस्ने; सभ्य ।

सदस्य–( ना० ) कुनै सभा-संस्थामा नियम र अधिकारपूर्वक रहेको व्यक्ति; सभासद् ।

सदस्यता–( ना० ) सदस्यको पद; स्थिति वा अधिकार ।

सदा–(क्रि० यो०) सधैं; नित्य ।

सदाचार–( ना० ) असल चालचलन भएको ।

सदाचारी–(वि०) सच्चरित्र ।

सदावर्त–(ना०) गरीब वा परदेशी-लाई खान दिइएको सिधा ।

सदाशिव–(ना०) महादेव ।

सदिच्छा–(ना०) असल इच्छा; शुभ अभिलाषा ।

सदुपयोग–( ना० ) राम्रो किसिमले उपयोग गर्नु ।

सदैव–(क्रि० यो०) सधैं ।

सदृश–(वि०) बराबर; उस्तै ।

सद्गति–( ना० ) मरेपछिको उत्तम गति; मुर्दा जलाउने काम; संस्कार; मोक्ष; मुक्ति ।

सद्दे–(वि०) निर्दोष; सकर्मी; तन्दुरुस्त ।

सद्भाव–(ना०) राम्रो भाव; स्वच्छ विचार; मैत्री ।

सद्मी–(ना०) मार्ग कृष्ण चतुर्दशीका दिन पशुपति आदि मन्दिरवरिपरि छरिने धेरै थरी अन्नको मिलावट । (वि०) धेरै थरी वस्तु मिलेको ।

सद्वीज–( ना० ) असल बीउ; सद्मी ।

सधर्मी–(वि०) समान धर्मको ।

सधवा–( ना० ) पति बाँचिरहेकी स्त्री; सौभाग्यवती ।

सधाइ–( ना० ) सधाउने काम वा किसिम ।

सधाउनु–(स० क्रि०) तालीम गर्नु; शिक्षा दिनु; सुधानु ।

सधुवा–(वि०) सधवा ।

सधैं–(क्रि० यो०) सदा; सर्वदा ।

सनई–(ना०) फुकेर बजाइने एक किसिमको बाजा ।

सनक–(ना०) रिसको आवेग; झोक ।

सनकी–(वि०) अर्धसिल्ली ।

सनक्क–(क्रि० यो०) सन्कने किसिम; सबै पिउने किसिम ।

सनद–(ना०) कुनै बन्दोबस्तका बारे-मा सरकारबाट गरिदिएको कागत; राजाज्ञापत्र ।

सनाखत–(ना०) पहिचान; किटान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गर्नु ।

**सनातन**–(वि०) अघिदेखिको; प्राचीन । (ना०) परापूर्वदेखि चलेको व्यवहार ।

**सनातनी**–(वि०) सनातन धर्मावलम्बी ।

**सनासो**–(ना०) एक किसिमको च्याप्ने हतियार ।

**सन्कनु**–(अ० क्रि०) उत्तेजित हुनु; बहुलाउनु ।

**सन्काउनु**–(अ०क्रि०) उत्तेजित पार्नु; इशारा गर्न हातमुख चलाउनु ।

**सन्कासन्की**–(ना०) जागाजाग; रन्कारन्की ।

**सन्काहा**–(वि०) अर्धसिल्ली ।

**सन्को**–(ना०) झनक; रिस, पिटाइको खेप ।

**सन्चो**–(ना०) रोग; पीडा आदिको छुट्कारा; आरोग्य; आराम; सुविस्ता ।

**सन्छेप**-(ना०) इशारा; संक्षेप ।

**सन्जाप**–(ना०) दौरा, सुरुवाल आदि लुगाको छेउमा गाँसिने कपडाको घरो ।

**सन्जे**–(ना०) सन्ध्याकाल ।

**सन्जोग**–(ना०) चानस; मौका; संयोग ।

**सन्जोगे**–(ना०) खण्डे पञ्चपाला ।

**सन्ठ**–(वि०) स्वाँठ; मूर्ख ।

**सन्त**–(ना०) साधु; संन्यासी । (वि०) शान्त; सज्जन ।

**सन्तति**–(ना०) सन्तान; छोराछोरी ।

**सन्ताउन्न**–(ना०) पचास र सात ।

**सन्तान** (ना०) वंश; खलक; छोराछोरी ।

**सन्ताप**–(ना०) चर्को गर्मी; ठूलोआँच; मनको पीर वा डाह ।

**सन्तुलन**–(ना०) दुई पक्षलाई समान स्थितिमा राख्नु; बराबर पार्नु ।

**सन्तुलित**-(वि०) सन्तुलन गरिएको ।

**सन्तुष्ट**–(वि०) सन्तोष भएको; तृप्त; खुशी ।

**सन्तोक**–(ना०) सन्तोष ।

**सन्तोकी**–(वि०) सन्तोषी ।

**सन्तोष**–(ना०) तृप्ति; आनन्द ।

**सन्तोषी**–(ना०) पाएको कुरामा खुशी हुने; लोभ-लालच नभएको ।

**सन्था**-(ना०) पढाइमा गुरुले दिएको एकदिने पाठ ।

**सन्दूक**–(ना०) काठको ठूलो बाकस ।

**सन्दूस**-(ना०) सन्दूक ।

**सन्देश**–(ना०) खबर; समाचार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सन्देह–( ना० ) शङ्का; संशय; दोधार ।

सन्धि–( ना० ) मेल; मर्मस्थान; सुलह ।

सन्धिसर्पन–(ना०) घरका नजीकको जग्गाजमीन; गौंडो, तगारो आदि; मर्का ।

सन्ध्या–( ना० ) साँझ; गायत्रीको मन्त्र ।

सन्ध्याकाल–(ना०) साँझको बखत; बेलुकीपख ।

सन्न–(क्रि० यो०) धूवाँ आदि वेगसित तान्ने किसिम; रिस उठ्ने किसिम ।

सन्नाटा–(ना०) सूनसान; एकान्त; एकलास ।

सन्निपात–(ना०) पित्त र कफ बिग्रेर हुने एक रोग; दोख ।

सन्मान–(ना०) सम्मान; मानभाउ ।

सन्मुख–( क्रि० यो० ) सामुन्ने; अगाडि ।

संन्यास–(ना०) त्याग; चार आश्रम-मध्ये एक ।

संन्यासी–( ना० ) जोगी; संन्यास लिएको व्यक्ति ।

सपक्क–( क्रि० यो० ) मिल्ने गरी लुगाफाटो लाउने किसिम ।

सपना–(ना०) मधुर निद्रामा देखिने मानसिक दृश्य वा घटना; शुभआशा ।

सपत्नी–(ना०) सौता; सौती ।

सपरिवार–(वि०) जहानबच्चाहरूले युक्त ।

सपार्नु–(स० क्रि०) सप्रने गराउनु; सच्याउनु; सुधार्नु; ठीकसित बनाउनु; उँभो लगाउनु ।

सपासप–( क्रि० यो० ) सप्को मारी धमाधम खाने किसिम ।

सपिण्डी–( ना० ) मरेका बाह्रौं दिनमा गरिने श्राद्ध । (वि०) धेरै पुस्ता नपुगेको; नजीकका कुलको ।

सपूत–(ना०) असल शीलस्वभावको छोरो; सुपुत्र ।

सपेटो–( ना० ) पशुहरूको काटेको तिघ्रो; सांप्रो; मानिसको तिघ्रो (निन्दार्थमा) ।

सपेता–(ना०) घर लितपोत गर्ने सेतो माटो ।

सपेरो–(ना०) सर्प समात्ने वा त्यसले टोकेको औषधी गर्ने व्यक्ति ।

सप्काउनु–(स० क्रि०) सप्को हाल्नु; सप्प्याक्क गाँस हाल्नु ।

सप्को–(ना०) लुगाको छेउको स्पर्श; सप्काएको गाँस ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सप्ठेरो–(वि०) भनेजस्तो; सजिलो। (वि०) राम्रो मौका।

सप्त–(ना०) सात।

सप्तकोसी-( ना० ) नेपालको पूर्वी क्षेत्रमा बग्ने प्रसिद्ध सातवटा नदी– सुनकोसी, इन्द्रावती, लिखु, दूधकोसी, तामाकोसी, अरुण, तमोर।

सप्तम–((वि०) सातौँ।

सप्तमी–(ना०) सातौँ तिथि।

सप्ताह–(ना०) सात दिनमा सिद्धिने पुराणको पाठ; साता; हप्ता।

सप्रक्क–(क्रि० यो०) सप्काएर खाने किसिम।

सप्रनु-( अ० क्रि० ) सुध्रनु; उँभो लाग्नु; मौलाउनु।

सप्र्याक्क-(क्रि० यो०) सप्रक्क।

सप्लाइ–(ना०) सप्लाउने काम।

सप्लाउनु–(अ० क्रि०) हरिलोभरिलो हुनु; सप्रनु।

सफर-(ना०) यात्रा; डुलफिर।

सफल–(वि०) फल भएको; सिद्ध।

सफलता–(ना०) सफल हुनाको भाव।

सफलीभूत–(वि०) काम सफल भइसकेको; पूर्ण।

सफा–( वि० ) साफ; फोहोर-मैला नभएको; शुद्ध।

सफाइ–(ना०) सफा हुनाको भाव; चोखीनिती।

सफाचट–( ना० ) भएको सबै चट पार्नु; बिलकुल साफ।

सफासफी (क्रि० यो०) एकदम सफासित; खुलस्त।

सफेद–(ना०) दाग नभएको; सुकिलो।

सब–( वि० ) भएभरको; सम्पूर्ण; सारा।

सबुजा–(ना०) कालो भाव मिसिएको सेतो घोडा।

सबूत–(ना०) निस्सा; प्रमाण।

सबेर–(ना०) उज्यालो हुने बेला; सखार।

सबै–(वि०) जम्मै; सम्पूर्ण।

सब्ल्यांटो–( वि० ) लुगाको सुल्टो (भाग); सुल्टो।

सभा-(ना०) भाषण, प्रवचन आदि गर्न भेला भएका मानिसहरूको समुदाय; कचहरी।

सभागृह–(ना०) सभा हुने ठाउँ वा घर।

सभाघर–(ना०) सभागृह।

सभापति–(ना०) सभा वा बहसको अध्यक्ष।

सभामुख–( ना० ) सभाको मुख्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



व्यक्ति; सभाको अध्यक्ष ।

**सभासद्**–( ना० ) सदस्य; सभामा भाग लिने व्यक्ति ।

**सभ्य**–(वि०) शिष्ट; भद्र ।

**सभ्यता**–(ना०) सज्जनता; शिष्टाचार; सौजन्य ।

**सम**–(वि०) समान; बराबर ।

**समकक्ष**–(वि०) समान दर्जाको; बराबरीको ।

**समकालीन**–(वि०) एकै समयको; उही बखतको ।

**समक्ष**–(ना०) अगाडि; सामुन्ने ।

**समग्र**–(वि०) सबै; जम्मै ।

**समझ**–( ना० ) जान्नेबुझ्ने शक्ति; विचार; ज्ञान; सम्झना ।

**समझदार**–(वि०) समझ भएको; बुद्धिमान् ।

**समतल**–(वि०) सतह सम्म भएको; समथर ।

**समता**–(ना०) सम हुनाको भाव; बराबरी ।

**समतुल्य**–( वि० ) बराबरीको; समान ।

**समथर**–(वि०) सम्म; होचो-अग्लो केही नभएको ।

**समदर्शी**–( वि० ) सबैलाई आफूजस्तै सम्झने ।

**समन**- (ना०) झाग्ति; मबर; म्याद-पुर्जी ।

**समय**–(ना०) बखत; बेला; मौका ।

**समर**–(ना०) युद्ध; लडाइँ ।

**समरजङ्ग**–(ना०) चप्रासीका पल्टनको एक नाउँ ।

**समरो**–(वि०) मोटाएर वा सुनिएर टुन्न परेको; नतुहिएको; सुडोल ।

**समर्थ**–(वि०) बल भएको; काम गर्न लायक । (ना०) तागत; बल ।

**समर्थक**–(वि०) समर्थन गर्ने ।

**समर्थन**–(ना०) सही थाप्ने काम; मञ्जूरी; सकार ।

**समर्पण**–( ना० ) चढाउने काम; सुम्पाइ; भेट ।

**समर्पित**–(वि०) सुम्पिएको; चढाइएको ।

**समष्टि**–( ना० ) भएभरका वस्तुको समुदाय ।

**समस्त**–(वि०) सम्पूर्ण; सबै ।

**समस्या**–(ना०) समाधान गर्न कठिन पर्ने विषय; अप्ठेरो अवस्था; अड्को ।

**समाउनु**–( स० क्रि० ) समात्नु; पक्रनु; ग्रहण गर्नु; लिनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**समागम**–( ना० ) भेट; भेला; सङ्गम ।

**समाचार**–(ना०) खबर; समाचार; संवाद ।

**समाचारपत्र**–(ना०) अखबार ।

**समाज**–(ना०) एउटै स्थान वा रहन-सहनमा रहने मानिसको समुदाय; दुनियाँ; जमात; डफ्फा ।

**समाजवाद**–(ना०) समाजमा आर्थिक विषमता हटाई समानता ल्याउनुपर्छ भन्ने राजनीतिक सिद्धान्त ।

**समाजवादी**–( वि० ) समाजवादको अनुयायी ।

**समाजशास्त्र**–(ना०)समाज र संस्कृति-सम्बन्धी उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र ।

**समाल्नु**–( स० क्रि० ) समाउनु; स्याहार्नु ।

**समाधान**–(ना०) निरूपण; शङ्का-निवारण ।

**समाधि**–(ना०) योगीले गर्ने योग; पलेंटी कसेर बस्ने काम; मरण ।

**समान**–(वि०) बराबर; तुल्य ।

**समानता**–(ना०) तुल्यता; बराबरी ।

**समाप्त**–( वि० ) सिद्धिएको; सकिएको ।

**समाप्ति**–( ना० ) सकिने काम; टुङ्गचाइ ।

**समारोह**–( ना० ) सजधजसित हुने ठूलो उत्सव वा काम ।

**समालोचक**–(ना०) समालोचना गर्ने व्यक्ति; समीक्षक ।

**समालोचना**–( ना० ) कुनै विषयका गुण-दोषको निष्पक्ष विवेचना गर्नु; समीक्षा ।

**समावर्तन**–( ना० ) व्रतबन्धको कर्म; दीक्षान्त-समारोह ।

**समाविष्ट**–(वि०) समावेश भएको ।

**समावेश**–(ना०) पस्ने काम; मिल्नु ।

**समास**–(ना०) दुई-तीन शब्द मिली एउटै शब्द हुने क्रिया; शब्दमेल ।

**समाहा**–(ना०) खेतमा बढी भएको पानी निकाल्ने निकास ।

**समिति**–(ना०) कुनै विशेष कामका निम्ति बनेको सानोतिनो सभा ।

**समिधा**–(ना०) होमका निमित्तको दाउरा ।

**समीक्षक**–(वि०) गडेर हेर्ने; समीक्षा गर्ने ।

**समीक्षा**–( ना० ) गडेर हेर्ने काम; आलोचना ।

**समीप**–(ना०) नजीक; वर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



समुदाय-(ना०) समूह; राशि; थुप्रो ।
समुद्र-(ना०) सागर ।
समूल-(क्रि० यो०) जरैदेखि; जरैसुद्ध ।
समूह-(ना०) धेरै वस्तुको थुप्रो; समुदाय ।
समेटाइ-(ना०) समेट्ने काम वा किसिम ।
समेट्नु-(स० क्रि०) बटुल्नु; स्याहार्नु ।
समेत-(ना०) सहित; सँग; साथ ।
समेना-(ना०) ठूलो पाल ।
सम्चार-(ना०) समाचार ।
सम्झना-(ना०) सम्झने काम; स्मरण ।
सम्झनु-(स० क्रि०) नबिर्सनु; हेक्का गर्नु; ध्यान गर्नु; जान्नु ।
सम्झौटो-(ना०) सम्झाइको सानो चिठी; टिपोट वा चिनु ।
सम्झौता-(ना०) सन्धि; मैत्री ।
सम्ठ्याउनु-(स० क्रि०) लट्ठीले वेसरी पिट्नु; अर्काको भागसमेत खानु ।
सम्धी-(ना०) छोरीको ससुरो; बुहारीको बाबु ।
सम्पत्ति-(ना०) चल वा अचल धन; ऐश्वर्य; पूँजी ।
सम्पन्न-(वि०) धनाढ्य; सबै कुराले परिपूर्ण ।
सम्पर्क-(ना०) सम्बन्ध; संयोग ।
सम्पादक-(वि०) पत्र-पत्रिका वा पुस्तकहरूको सम्पादन गर्ने व्यक्ति ।
सम्पादकीय-(वि०) सम्पादकसम्बन्धी; सम्पादकबाट लेखिएको (लेख) ।
सम्पादन-(ना०) कुनै काम राम्ररी पूरा गर्नु; रचनाको सुधार वा परिमार्जन; सम्पादकको काम ।
सम्पादिका-(ना०) सम्पादन गर्ने स्त्री ।
सम्पादित-(वि०) सम्पादन गरिएको ।
सम्पुट-(ना०) दुनु; बट्टा; कन्तुर आदि ।
सम्पूर्ण-(वि०) बिलकुल; सबै ।
सम्प्रदान-(ना०) व्याकरणको चौथो कारक ।
सम्प्रदाय-(ना०) धर्म; मत ।
सम्बद्ध-(वि०) संयुक्त; राम्ररी मिलेको ।
सम्बन्ध-(वि०) साइनो; परस्परको मेल ।
सम्बन्धित-(वि०) सम्बन्ध भएको;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सम्बन्धी ।

सम्बन्धी–( वि० ) सम्बन्ध भएको । (ना०) कुटुम्ब; नातागोता ।

सम्बोधन–(ना०) बोलाउनु; प्रथमा कारकको एक किसिम ।

सम्भव–( ना० ) जन्म; उत्पत्ति । (वि०) हुन सक्ने ।

सम्भार–( ना० ) पालनपोषण; स्याहार; धेरै सामग्री ।

सम्भावना–(ना०) हुन सक्ने कुरा; संशय ।

सम्भावित–( वि० ) सम्भव भएको; हुन सक्ने ।

सम्भाव्य–(वि०) सम्भावना भएको; हुन सक्ने ।

सम्भोग–(ना०) भोगविलास; रति ।

सम्म–( ना० यो० ) तक; पर्यन्त । (वि०) समथर; समतल ।

सम्मति–( ना० ) स्वीकृति; राय; मन्जूरी ।

सम्मन्–(ना० यो०) सम्म ।

सम्मान–(ना०) ठूलो मान ।

सम्माननीय–(वि०)सम्मान गर्न योग्य ।

सम्मानित–( वि० ) सम्मान गरिएको; प्रतिष्ठित ।

सम्मानपत्र–(ना०) प्रशंसापत्र ।

सम्मिलित–( वि० ) भेला भएको; युक्त; सामेल ।

सम्मेलन–(ना०) सबै सदस्य भेला हुने काम; जमघट; बैठक ।

सम्याउनु–(स० क्रि०) सम्म पार्नु ।

सम्राज्ञी–( ना० ) सम्राट्को पत्नी; साम्राज्यमा शासन गर्ने स्त्री; महारानी ।

सम्राट्–(ना०) बादशाह; महाराजाधिराज ।

सय–(ना०) नब्बे र दस ।

सयकडा–(ना०) सयको कुनै भाग ।

सयपत्री–( ना० ) एक जातको थुँगे फूल ।

सयल–(ना०) विहार; सफर ।

सयौं–( वि० ) सय सङ्ख्यावाला; धेरै ।

सर–(ना०) तलाउ; पोखरी; विजय; फत्ते; असर ।

सरकार–(ना०) राष्ट्रको शासक; शासनसत्ता; राज्यको प्रबन्धकर्ता ।

सरकारिया–(वि०) सरकारसम्बन्धी; सरकारी ।

सरकारी–(वि०) सरकारको; सरकारिया ।

सरगम–(ना०) सङ्गीतका सात स्वर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हरू– सा रे ग म प ध नि ।

सरजमीन–( ना० ) सांधसँधियार; घटना परेको स्थल ।

सरदार–(वि०) मुख्य; नाइके ।

सररर–(क्रि० यो०) चिप्लने, बग्ने वा सरासर जाने किसिम ।

सरल–(वि०) सोझो; सजिलो ।

सरसफाइ–( ना० ) सफासुग्घर; चोखीनिती ।

सरसर–( क्रि० यो० ) बिस्तारै सर्ने किसिम ।

सरसराइ–(ना०) सरसराउने काम ।

सरसराउनु–( प्र० क्रि० ) तम्सिनु; तरखराउनु ।

सरसराहट–( ना० ) सरसराउने किसिम; सरसराइ ।

सरसल्लाह–(ना०) विशेष सल्लाह ।

सरस्वती–(ना०) विद्या वा वाणीकी अधिष्ठात्री ।

सरह–( वि० ) तुल्य; बराबर । (ना० यो०) जस्तो ।

सरहद–( ना० ) मुलुक; सीमा; स्वदेश ।

सराङ–(ना०) दाउरा सुकाइने भान्सा-माथि बनाएको माच ।

सराप–(ना०) श्राप; गाली ।

सराप्नु–(स० क्रि०) अरूको खराब होस् भन्नु; गाली गर्नु ।

सराफी–(ना०) रुपियाँपैसाको चल्ती-फिर्ती गर्ने ।

सराबरी–(वि०) छ्यासमिस; सरोबर ।

सरासर–(क्रि० यो०) निरन्तर; सुरुसुरु ।

सरिता–(ना०) नदी; खोलो ।

सरी–(वि०) तुल्य; जस्तो ।

सरुवा–(वि०) सर्ने किसिमको; नफलिएको (चामल) ।

सरेस–(ना०) चिप्लो एक किसिमको टाँस्ने वस्तु ।

सरो-(ना० यो०) लुगा, पात आदिको तह वा पत्र ।

सरोकार–( ना० ) चासो; वास्ता; प्रयोजन ।

सरोबर–(वि०) सराबरी; छ्यासमिस ।

सरोबरी–(वि०) सरोबर ।

सरोवर–(ना०) ताल; ठूलो तलाउ ।

सरौटे–( वि० ) सर्ने किसिमको; सरुवा ।

सरौठो-(ना०) महामारी; सर्ने रोग ।

सरौतो–(ना०) सुपारी काट्ने एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



किसिमको हतियार ।

**सर्कनु**–(स० क्रि०) सर्प्रँदै जानु; सर्नु; सड्कनु; नाकबाट ब्रह्माण्डतिर लाग्नु ।

**सर्कस**–(ना०) खेलतमाशा ।

**सर्को**–(ना०) धूम्रपानको तनाइ ।

**सर्ग**–(ना०) काव्य आदिको अध्याय ।

**सर्जाम**–(ना०) सामग्री; सर्दाम ।

**सर्दी**–(वि०) जाडो; ठन्डी; चिसो ।

**सर्दो**–(वि०) सुहाउँदो; हुँदो; भनेजस्तो ।

**सर्धाईं**–(ना०) तिसंना; चाह ।

**सर्प**–(ना०) लामकीरो; साँप ।

**सर्पट**-(ना०) सर्भे नापी; साँधकिल्लासमेतको नाप ।

**सर्बत**–(ना०) फलको रसबाट बनाइएको पेय पदार्थ ।

**सर्भे**–(ना०) नापी; कुनै विषय वा काममा दृष्टि दिनु ।

**सऱ्याउनु**–(स० क्रि०) एकसरो गराउनु ।

**सर्वज्ञ**–(वि०) सबै कुरा जान्नेवुझ्ने ।

**सर्वज्ञता**–(ना०) सर्वज्ञ हुनाको भाव ।

**सर्वतोमुखी**–(वि०) चारैतिर मुख फर्केको; सबै विषयमा प्रतिभा भएको; सर्वव्यापक ।

**सर्वत्र**–(क्रि० यो०) सबैतिर; जतातत ।

**सर्वथा**–(संयो०) निश्चय; अथवा; पक्का ।

**सर्वदा**–(क्रि० यो०) निरन्तर; सधैं ।

**सर्वनाम**–(ना०) व्याकरणमा नामको सट्टामा आउने शब्द ।

**सर्वनाश**–(ना०) भएभरका वस्तुहरूको नाश; बरबादी ।

**सर्वप्रथम**–(वि०) सबभन्दा पहिलो । (वि०) सबभन्दा पहिले ।

**सर्वप्रिय**–(वि०) सबैलाई मन परेको ।

**सर्वभक्षी**–(वि०) सबै कुरा खाने ।

**सर्वमान्य**-(वि०) सबैलाई मान्य; सबैले मानेको ।

**सर्वश्रेष्ठ**–(वि०) सबैभन्दा श्रेष्ठ; सर्वोत्तम ।

**सर्वसाधारण**–(वि०) सबैतिर मिल्दो । (ना०) जनता ।

**सर्वस्व**–(ना०) सम्पूर्ण; भएभरको सम्पत्ति ।

**सर्वाङ्ग**–(ना०) सबै अङ्ग; सबै शरीर । (वि०) सिङ्गो; सग्लो ।

**सर्वाधिकार**–(ना०) सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



अधिकार; पूरा हक्क ।
सर्वोत्तम–( वि० ) सबभन्दा बेस; असलमा असल ।
सर्वोपरि–( क्रि० यो० ) सबैभन्दा माथि ।
सर्सिउँ–(ना०) तोरीका गेडाजस्तो सेतोपहेंलो दाना ।
सर्स्यूँ–(ना०) सर्सिउँ ।
सलकाइलो–(वि०) लहलहाउँदो ।
सलक्क–(क्रि० यो०) लहजह भैं बढ्ने वा सप्रने किसिम; निल्ने किसिम ।
सलगम–( ना० ) एक किसिमको डल्लो मूला; गान्टेमूला ।
सलतनत–(ना०) दुई राज्यको परस्पर सम्बन्ध; सल्लाह; बन्दोबस्त ।
सलबल–(ना०) चञ्चलता; चकचक; गँड्यौला वा सर्पको चलाइ ।
सलबलाउनु–(अ० धा०) सर्प, माछा आदि चल्नु; चलमलाउनु ।
सलबले–(वि०) चलबुले; चकचके ।
सलसलाउँदो–(वि०) सलक्क परेको; लहलहाउँदो; हल्केर राम्रो भएको ।
सलसलाउनु–(अ० क्रि०) सलकाइलो हुनु ।
सलह–(ना०) एक किसिमको कीरा ।
सलाई–( ना० ) घोटेर आगो पार्ने सिन्के टुक्रा ।
सलाम–(ना०) प्रणाम; नमस्कार ।
सलामी–( ना० ) सरकार वा उच्च सैनिकलाई सलाम गर्दा बजाइने बाजा; ढाल किसिमको जमीन ।
सलिफा–( ना० ) एक किसिमको फल ।
सलेदो–(ना०) लाल्टीन, टुकी आदि बालिने सुत्लो ।
सल्कनु–( अ० क्रि० ) जल्नु; बल्नु; कामको चेष्टाले लहसिनु; जुम्रा आदि लाग्नु ।
सल्याङबल्याङ–( ना० ) चलमलाइ-रहने किसिम ।
सल्लाह–( ना० ) सम्मति; अर्ती; मतो ।
सल्लाहकार–( ना० ) सल्लाह दिने व्यक्ति; परामर्शदाता ।
सल्लेनी–( ना० ) सल्लाको वन; सल्लाघारी ।
सल्लेवीर–(ना०) सल्लाको पात वा फल ।
सल्लो–(ना०) प्रसिद्ध रूख; देवदारु ।
सवर्ण–( ना० ) समान वर्ण; एकै वर्ण ।
सवा–(वि०) चतुर्थांश समेतको ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**सवाई**–( ना० ) चतुर्थांश; चौथाइ; एक लोकछन्द वा गीत ।

**सवार**–(ना०) घोडा चढ्ने व्यक्ति;

**सवारी**–(ना०) यान; वाहन; राजा वा प्रतिष्ठित व्यक्तिको यात्रा ।

**सवाल**–(ना०) सोध्ने काम; प्रश्न; अड्डाखानाका निम्ति सरकारबाट बनाइएको विधान ।

**सवालजवाफ**–( ना० ) सवाल र जवाफ; प्रश्नोत्तर; वादविवाद ।

**सव्य**–( ना० ) बायाँ अङ्ग; बायाँ काँधमा जनै राख्ने काम । (वि०) सर्दो; भनेजस्तो ।

**ससुराली**–( ना० ) पत्नीको माइती; ससुराको घर ।

**ससुरो**–( ना० ) स्वास्नी वा पतिको बाबु ।

**सस्तो**–(वि०) थोरै मोलमा पाइने; प्रशस्त; धेरै ।

**सह**–(ना०) प्रशस्तता; फारो ।

**सहकारिता**-( ना० ) मिलेर काम गर्नु; सहयोग ।

**सहकारी**-(वि०) साथमा काम गर्ने; सहायक ।

**सहक्मल**–( ना० ) उब्जा धेरै वा बेसाह्रा सस्तो भएको समय ।

**सहचर**–(वि०) साथमा हिँड्ने ।

**सहचरी**–(ना०) सखी; सँगी ।

**सहचारी**–( ना० ) राजदूत आदिको साथमा रही काम गर्ने अधिकारी ।

**सहज**–( वि० ) सजिलो; सरल; अल्लारेपन; सँगै जन्मेको ।

**सहजिनु**–( अ० क्रि० ) बरालिनु; अल्लारिनु ।

**सहन**–(ना०) सहने काम वा भाव ।

**सहनशील**–(वि०) सहने स्वभावको; क्षमाशील ।

**सहनाई**–(ना०) सनई ।

**सहनु**–(स० क्रि०) खप्नु; धैर्य गर्नु; माफ गर्नु ।

**सहपाठी**–( वि० ) एउटै पाठ पढ्ने (साथी) ।

**सहमत**–( वि० ) मत मिलेको; राय मिलेको; मन्जूर ।

**सहमति**–( ना० ) अनुमति; स्वीकृति ।

**सहयोग**–( ना० ) साथ; मद्दत; सहायता ।

**सहयोगी**–(वि०) साथ दिने; मद्दती; सहायक ।

**सहलिया**–(वि०) मामूली; सामान्य ।

**सहवास**–(ना०) साथमा रहने काम;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



प्रसङ्ग; सम्बन्ध ।

सहसा–( अ० क्रि० ) अचानक; अकस्मात्; हत्तपत्त ।

सहस्र–( वि० ) धेरै; प्रशस्त; हजारौं ।

सहस्रौं–(वि०) हजारन्; सहस्र ।

सहानुभूति–( ना० ) अरूको दुःख देखेर दुःखित हुनु ।

सहायक–(वि०) सहयोगी; साथी ।

सहायता–(ना०) सहयोग; मद्दत ।

सहारा–( ना० ) भरोसा; आड; आश्रय ।

सहित–(ना० यो०) समेत; सित ।

सहिष्णु–( वि० ) सहन सक्ने; सहनशील ।

सही–( ना० ) मन्जूरी; मन्जूरीको दस्खत ।

सहीछाप–( ना० ) मन्जूरी; सही; औंला वा मुद्राको छाप ।

सहेली (ना०) सँगिनी; सुसारे ।

सहोदर–(वि०) एकै आमाबाट जन्मेको; एउटै पेटको ।

सह्य ( वि० ) खप्न सकिने; सहन सकिने; क्षम्य ।

सह्यार–( ना० ) हिफाजत; हेरविचार; हुसार ।

सह्यार्नु–( स० क्रि० ) पालनपोषण गर्नु; सह्यार गर्नु; सकार्नु ।

सह्लनी–(ना०) प्रशंसा; तारीफ ।

सह्लाउनु–(स० क्रि०) सह्लनी गर्नु; अर्काको गुण बयान गर्नु ।

साँखिलो–( ना० ) पछाडि काम बिगारी अगाडि साँचिलो हुने ।

साँखुले–( ना० ) डुण्डुजस्तो जङ्गली साग । (वि०) साँखुसम्बन्धी ।

साँघी–( ना० ) तेर्सिएर छूतछात भएको घाँस, पराल आदि ।

साँघु–(ना०) काठको पुल; सेतु ।

साँघुरी–( ना० ) साँघुरोको सानो रूप ।

साँघुरो–(वि०) चोरै ठाउँ; कोप्चो । (ना०) आवश्यक ।

साँचासाँची–(ना०) झगडा; नराम्रो व्यवहार; मर्मको चोट ।

साँचिलो–(वि०) आफूलाई साँचो वा निरपराधीजस्तो देखाउने ।

साँची–(ना०) एक किसिमको पान ।

साँचो–(वि०) सच्चा; सत्य । (ना०) कुनै रूप वा आकार आदि ढाल्ने साधन; ताल्चा खोल्ने कुन्जी ।

सांचोमुचो–(ना०) तालद्वार; फाको; सञ्चितता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**सांच्चो**–(वि०) सत्य; यथार्थ ।

**साँच्चै**–(वि०) बिलकुल सांचो ।

**साँच्नु**–( स० क्रि० ) सञ्चिता गर्नु; सँगाल्नु; नमास्नु ।

**साँझ**–(ना०) दिन र रातका बीचको समय ।

**साँझबत्ती**–( ना० ) साँझमा धार्मिक भावले बालिने बत्ती ।

**साँढ**–( ना० ) सांढे । ( वि० ) नपुंसक; खूब मोटाएको ।

**साँढा**–(वि०) स्वतन्त्र; बलवान् ।

**साँढे**–(ना०) डामेको बहर । (वि०) बलवान्; हृष्टपुष्ट ।

**साँध**-(ना०) सिमाना; हद; सीमा ।

**साँधी**–(ना०) सीमा; साध्य ।

**साँध्नु**–( स० क्रि० ) अचार आदि बनाउनु ।

**साँप्रे**–( वि० ) ठूला तिघ्रा भएकी (युवती स्त्रीको निन्दार्थमा) ।

**साँप्रो**–( ना० ) पशुको तिघ्रो; सपेटो ।

**साँप्लो**–(ना०) सुन-चांदीको पातो ।

**साँवल**–(ना०) सामल ।

**सांसारिक**–( वि० ) संसारसम्बन्धी; लौकिक ।

**सांस्कृतिक**–(वि०) संस्कृतिसम्बन्धी ।

**साइँदुवा**–(वि०) ज्यानमारा; हत्यारो; अपराधी ।

**साइँली**–(वि०) साहिंली ।

**साइँलो**–(वि०) साहिंलो ।

**साइकल**–(ना०) बाइसकल ।

**साइत**–(ना०) शुभ मुहूर्त; प्रस्थानको समय ।

**साइन**–(ना०) सही; दस्तखत ।

**साइनु**–(ना०) साहिनु ।

**साइपाटो**–(ना०) विवाहमा दुलहातर्फबाट दुलहीकहाँ पठाइने मङ्गलवस्तु, कागेठेकी ।

**साउँ**–( ना० ) परल; वेपारमा लगाएको वा सापटो लिएदिएको मूलधन ।

**साउँअक्षर**–( ना० ) कखहरा; बाह्रखरी ।

**साउती**–( ना० ) कानेखुसी; गुप्त सल्लाह ।

**साउन**–(ना०) श्रावण महीना ।

**साउनेती**–( ना० ) दमाईं, कामी आदिलाई साउनमा दिइने दस्तूर ।

**साकार**–(वि०) आकारसहितको; पूर्ण हुने; सफलता मिल्ने ।

**साकिनी**–( वि० ) खिइएकी; नवढेकी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



साखँ–(वि०) खास (नाता)।
साक्षर–(वि०) अक्षर चिनेको।
साक्षरता–( ना० ) साक्षर हुनाको भाव।
साक्षात्–( वि० ) प्रत्यक्ष। (क्रि० यो०) हाकाहाकी।
साक्षी–( ना० ) कुनै घटना आफ्नै आँखाले देख्ने व्यक्ति; गवाही।
साख–( वि० ) स्नेह गर्ने; नजीकको नातादार।
साखु–(ना०) सालको रूख।
साखुल्ले–(वि०) साँखिलो।
साग–( ना० ) तरकारी खाने हरियो डाँठ, पात आदि।
सागपात–(ना०) हरियोपरियो।
सागर–(ना०) समुद्र; मसान।
साङ्केतिक–(वि०) सङ्केतसम्बन्धी; इशारा गरिएको।
साङ्ख्य–(ना०) षड्दर्शनमध्ये एक।
साङ्गे–(ना०) प्रतिष्ठा; उद्यापन।
साङ्ग्रिनु–(स० क्रि०) साँघुरिनु।
साङ्ग्रो–(वि०) साँघुरो।
साङ्लो–(ना०) जञ्जीर; सिक्री।
साज–(ना०) सरसामान; एक जातको वृक्ष।
साजबाज–( ना० ) सामग्रीको समुदाय।
साजा–( वि० ) ताजा; आलो; धेरै जनाका हकको।
साजी–(वि०) ताजा; आलो।
साटन–(ना०) एक प्रकारको भड्किलो कपडा।
साट्नु–( स० क्रि० ) फेर्नु; सट्टा गर्नु; एउटा दिएर अर्को लिनु।
साटफेर–( ना० ) साट्ने वा बदल्ने काम।
साटसुट–(ना०) गुप्त किसिमले लेन-देन गर्ने काम।
साटसुटे–( वि० ) फटपटे; सुटुक्क चोर्ने वा गर्ने।
साटसुट्ट–( क्रि० यो० ) फट्टपट्ट; सुटुक्क।
साटासाट–( ना० ) परस्परमा कुनै वस्तु साट्ने काम।
साटो–( ना० ) बदला; बार, बार्दा तेर्स्याउने काठ आदि।
साठी–(ना०) पचास र दस।
साढूदाज्यू–( ना० ) जेठान दिदीको लोग्ने।
साढूभाइ–(ना०) सालीको लोग्ने।
साढे–(ना०) एक र आधाको एक-मुस्ट।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**साढेसात**–(ना०) साढे सात वर्ष रहने एक किसिमको दशा; सात र आधा ।

**सातपत्रे**–(ना०) भुँडीको एक भाग ।

**साता**–(ना०) सात दिनको समय; हप्ता; सप्ताह ।

**सातू**–(ना०) भुटेको मकै, चना, आदिको पीठो ।

**सातो**–(ना०) होश; चेतना ।

**सात्त्विक**–(वि०) सत्त्वगुण भएको वा त्यससम्बन्धी ।

**साथ**–(ना०) सँग; सित । (ना० यो०) सहित ।

**साथी**-(ना०) साथमा रहने व्यक्ति; मित्र ।

**सादर**–(क्रि० यो०) आदरका साथ । (ना०) मानभाउ; आदर; सहायता ।

**सादा**–(वि०) साधारण; सामान्य ।

**सादृश्य**–(ना०) दाँजो; तुलना ।

**साधक**–(वि०) कार्यकर्ता; सिद्ध गर्ने; माथिल्लो तहको स्वीकृतिका निम्ति लेखिएको जाहेरी ।

**साधन**–(ना०) सामग्री; उपकरण ।

**साधना**–(ना०) अभ्यास; अनुष्ठान ।

**साधा**–(वि०) सामान्य; सादा ।

**साधारण**–(वि०) सामान्य; मामूली ।

**साधु**(वि०) सोझो; सीधा स्वभावको । (ना०) जोगी; संन्यासी ।

**सान**–(ना०) इशारा; सङ्केत ।

**सानी**–(वि०) कम उमेरकी (बालिका, केटी) ।

**सानीमा**–(ना०) सानी आमा; आमाकी बहिनी; सौतिनी आमा ।

**सानो**–(वि०) तुच्छ; नीच ।

**सानोतिनो**–(वि०) सानो; मामूली ।

**सान्त्वना**–(वि०) सम्झाउने-बुझाउने काम; आडभरोस; आश्वासन ।

**सापट**–(ना०) पैँचो; उधारो ।

**सापटी**–(वि०) सापट लिएको (वस्तु) ।

**सापोनापो**–(ना०) सरदर, रोखपोख ।

**साप्ताहिक**–(वि०) सात दिनमा हुने वा निस्कने ।

**साफ**–(क्रि० यो०) सफा; सुग्घर ।

**साफा**–(ना०) फेटा; पगरी ।

**साफी**–(ना०) मसौदाको शुद्ध प्रति । (वि०) सफासँग लेखिएको ।

**साबर**–(ना०) एक किसिमको खाल्ला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



साबिक–(वि०) अघिको; सनातन; पहिलेदेखि चलिआएको जस्तो ।

साबिकवाला–(ना०) पहिलेको वा पुरानो कामदार ।

साबित–(वि०) कायल; मन्जूर; प्रमाणित ।

साबिती–(ना०) साबित भएर लेखिदिएको बयान ।

साबुत–(वि०) जत्तिको तत्ति ।

साबूदाना–(ना०) एक किसिमको खाद्य वस्तु ।

साबेल–(ना०) ढुङ्गामाटो पन्छाउने कोदालीजस्तो साधन ।

सामग्री–(ना०) सर्जाम; सामान ।

सामदान–(ना०) बत्ती बाल्ने एक किसिमको पात्र ।

सामना–(ना०) सामने भएर भिड्ने काम; मुकाबिला ।

सामने–(क्रि० यो०) अगाडि; सन्मुख; मुखेञ्जी ।

सामयिक–(वि०) समयसम्बन्धी; समयानुकूल; वर्तमान समयसँग सम्बन्धित ।

सामर्थी–(वि०) सामर्थ्य भएको; खूबी भएको ।

सामर्थ्य–(ना०) बल; तागत; खूबी; प्रभाव ।

सामल–(ना०) चामल, पीठो आदि दैनिक खानेकुरो; बाटामा खाने सीदा वा खर्च ।

सामलतुमल–(ना०) सामलहरूको समुदाय; खर्चबर्च ।

सामसुम्म–(क्रि० यो०) आगो एकदमै निभ्ने वा चुप्प लाग्ने किसिम ।

सामसूम–(वि०) सन्नाटा; शून्य ।

सामाजिक–(वि०) समाजसम्बन्धी; समाजसुहाउँदो ।

सामान–(ना०) सामग्री; सार्दाम ।

सामान्य-(वि०) मामूली; साधारण ।

सामी–(ना०) ढिकीको धारिलो दाँती; चुकुल ।

सामु–(क्रि० यो०) सामुन्ने ।

सामुदायिक–(वि०) समुदायसम्बन्धी ।

सामुन्ने–(क्रि० यो०) सामु; सम्मुख; अगाडि ।

सामूहिक–(वि०) समूहको; समूह-सम्बन्धी ।

सामेल–(ना०) एकत्र हुने काम; भेला; हाजिर ।

सामेली–(ना०) हाजिरी; सम्मेलन ।

साम्य–(वि०) मथर; वेग शान्त भएको ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**साम्यवाद**–( ना० ) देशको उत्पादन तथा सम्पत्तिको समान वितरण गर्दै आर्थिक विषमता हटाउने र वर्गहीन समाजको सिर्जना गर्ने एक राजनीतिक सिद्धान्त ।

**साम्यवादी**-( वि० ) साम्यवादको अनुयायी ।

**साम्राज्य**–(ना०) धेरै राज्य सम्मिलित भएको ठूलो राज्य; एकच्छत्र शासन ।

**साम्राज्यवाद**–(ना०) साम्राज्य खडा गर्ने सिद्धान्त ।

**सायङ्काल**–(ना०) सन्ध्या; साँझ ।

**सायर**–(ना०) एक प्रकारको कपडाको बार ।

**सायुज्य**–(वि०) परमेश्वरमा लीन; मोक्ष ।

**सार**–( ना० ) गुदी; सत्त्व; सार्थकता ।

**सारङ्गी**–(ना०) प्रायः गाइनेले रेटेर बजाउने एक बाजा ।

**सारथि**–(ना०) सवार; रथ हाँक्ने व्यक्ति ।

**सारनतारन**–( ना० ) आवतजावत; लेनदेन ।

**सारफेर**–(ना०) घोनघास ।

**सारस**–(ना०) एक किसिमको चरो ।

**सारसुर**–(ना०) तरखर ।

**सारसौंदो**–(वि०) तन्दुरुस्त; निरोगी ।

**सारा**–(वि०) सम्पूर्ण; तमाम ।

**सारांश**–(ना०) सार भाग; निचोर; निष्कर्ष ।

**सारिका**–(ना०) मैना; पोथी सुगा ।

**सारी**–(ना०) जनाना धोती ।

**सारौं**–(ना०) एक किसिमको मैनाजत्रो चरा ।

**सार्की**–(ना०) प्रायः छालाको काम गर्ने एक जाति । पो० सर्किनी ।

**सार्जङ**–(ना०) एक फौजी दर्जा ।

**सार्थक**–(वि०) सफल; सिद्ध ।

**सार्वजनिक**–(वि०) सबैसँग सम्बन्ध भएको; सबैलाई काम लाग्ने ।

**सार्वभौम**–(वि०) सम्पूर्ण भूमि वा क्षेत्रसँग सम्बन्ध भएको ।

**साल**–(ना०) वर्ष; संवत्; औंरो; तेल पेल्ने कोल; एक वृक्ष ।

**सालतमाम**–(ना०) वर्षान्त; वर्षको समाप्ति ।

**सालनाल**–( ना० ) बच्चा जन्मदा निस्कने साल र नाल ।

**सालबसाल**–( क्रि० यो० ) प्रतिवर्ष; बर्सेनी; सालिन्दा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सालसुल–(वि०) फच्चे; चुक्ति।
सालाखाला–(ना०) चरदर; छ्यास-मिस।
सालिक–(ना०) ढलुवा मूर्ति; प्रतिमा।
सालिन्दा–(क्रि० यो०) सालबसाल; बर्सेनी।
सालियाना–(वि०) हरेक सालको।
साली–(ना०) पत्नीकी बहिनी।
सालो–(ना०) पत्नीको भाइ।
साल्मी–(ना०) तेलको काम गर्ने एक नेवार जाति।
सावगास–(ना०) सामर्थ्य; हैसियत; औकात।
सावधान–(वि०) सचेत; होशियार।
सावरी–(ना०) एक जातको नून।
सावाँ–(ना०) मूलधन; साउँ।
सावा–(ना०) कचहरी; सभा।
साष्टाङ्ग–(ना०) तन, मन, धन आदिले गरिने ढोग।
सास–(ना०) दम; श्वास।
सासना–(ना०) सास्ती; कष्ट।
सासू–(ना०) पति वा पत्नीकी आमा।
सास्तो–(ना०) फजिती; हैरानी; सासना।
साहस–(ना०) हौसला; आँट; हिक्मत।
साहसी–(वि०) सूरो; आँटिलो।
साहिँली–(वि०) माहिलीपछि जन्मेकी। (ना०) साहिँलाकी पत्नी।
साहिँलो–(वि०) माहिलोपछिको। (ना०) साहिँलीको लोग्ने।
साहित्य–(ना०) काव्य, नाटक आदि वाङ्मय।
साहित्यकार (ना०) साहित्यिक ग्रन्थ-हरू लेख्ने व्यक्ति।
साहित्यिक–(वि०) साहित्यसम्बन्धी।
साहिनु–(ना०) सम्बन्ध; नाता।
साहुती–(ना०) कानेखुसी।
साहू–(ना०) व्यापारी; ऋण सापट दिने धनी।
साहेब–(ना०) मालिक; हाकिमी स्तर जनाउने सम्मानसूचक शब्द।
साह्रै–(वि०) ज्यादै; अति; सिकिस्तै।
साह्रो–(वि०) खस्रो; दह्रो; कडा।
सिक्क–(क्रि० यो०) सिँगान माथि तान्ने वा निकाल्ने किसिम।
सिँगाडा–(ना०) एक किसिमको फल।
सिँगान–(ना०) नाकबाट निस्कने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मल ।

सिगाने–(वि०) सिगान बगाइरहने; लुरे ।

सिगार–( ना० ) शृङ्गार; शोभा; पहिरन ।

सिगारपटार–(ना०) राम्रो ढांचाको सिगार; ठाँटबाँट ।

सिगार्नु–(स० क्रि०) सिगार गर्नु; सजाउनु ।

सिगौरी–(ना०) पशुले सीङ जुधाएर खेल्ने वा जुध्ने चाल ।

सिगौरो–(ना०) मालसामान कुन्ड्याइने अङ्कुसे काठ; मूलाको कोसो ।

सिढी–(ना०) खुर्डाकिला; ढुङ्गा, ईंट आदिको भऱ्याङ; कक्षा; श्रेणी ।

सिदूर–(ना०) शोभाका निम्ति निधार वा सिउँदोमा लाइने एक किसिमको रातो धूलो; सिन्दूर; सरकारी कामको भार; सौभाग्य ।

सिदूरयात्रा–(ना०) राज्याभिषेकको यात्रा; उत्सवको यात्रा ।

सिदूरे–(ना०) एक जातको आँप; विवाहमा दुलहीलाई सिदूर हाल्दा थाप्ने कपडा । ( वि० ) सिदूरका रङ्को ।

सिधिया–(ना०) तेल हाल्ने आलाको थैलो ।

सिधेनून–( ना० ) सिन्ध नदी वा देशमा पाइने एक किसिमको नून ।

सिवाली–( ना० ) पानीको हरियो झयाउ ।

सिंह–( ना० ) बाघको राजा; शेर । (वि०) श्रेष्ठ । पो० सिंहिनी ।

सिंहदरबार–(ना०) काठमाडौं स्थित प्रसिद्ध र विशाल एक भवन ।

सिंहासन–( ना० ) राजा, देवता आदिको विशेष आसन; राजगद्दी ।

सिउँडी–(ना०) दूध निस्कने एक जातको काँढादार बोट ।

सिउँदो–(ना०) सीमान्त; कपालका बीचको ठाडो रेखा ।

सिउनी–(ना०) सिलाइ; सिलाइखर्च वा ज्याला ।

सिउनु–(ना०) कपडा आदि गाँस्नु; सुर्कनु ।

सिउर–( ना० ) पन्छीका टाउकाको शिखा; कल्की; एक किसिमले बाटेको चुल्ठो ।

सिउरनु–(ना०) अड्काउनु; घुसार्नु ।

सिकटे–(वि०) सिकुटे ।

सिकर्मी–(ना०) काठको काम गर्ने कालिगढ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सिकसिको–( ना० ) पानी, फोहर आदि कुनै वस्तु छुन मन नलाग्ने वा त्यसबाट जीउ सिरिङ्ग हुने प्रसन्निलोपन ।
सिकाउनु–(स०क्रि०) सधाउनु; पढाउनु; शिक्षा दिनु ।
सिकाव–( वि० ) भरखर सिक्न लागेको ।
सिकिस्त–(वि०) साह्रो; असवत्त ।
सिकिस्ती–( ना० ) साह्रै कठिन अवस्था; सिकिस्तपन ।
सिकुटे-(वि०) सुसुफाल; चमेरे ।
सिकुवा–( ना० ) पातको धूमजस्तो छाता; घरको चौडाइपट्टिको भाग ।
सिको–(ना०) अनुकरण; देखासिकी ।
सिक्का–(ना०) टक मारेको रुपयाँ ।
सिक्नु–( स० क्रि० ) शिक्षा लिनु; जान्नु; अनुकरण गर्नु ।
सिक्खे–(ना०) शिष्य; चेलो ।
सिक्री–(ना०) जन्जीर; साङ्लो ।
सिक्रो–(ना०) पात नभएको वा सुक्न लागेको बोट ।
सिख–(ना०) औषधी लाउने प्वाँख; फुन्ड्याइने डोरी; उफिन्डो ।
सिखर्नी–(ना०) दहीमा मसला हाली बनाइएको खाद्यपदार्थ ।
सिखल–(ना०) धान चुट्ने खलाको वरिपरि बनाइने नलको घेरा ।
सिगसिगो–(ना०) सिकसिको ।
सिङमाङ–( ना० ) घिउतेल राख्ने काठको भाँडो ।
सिङ्गमरमर–(ना०) एक किसिमको टल्कने ढुङ्गा ।
सिङाउरो–(ना०) सिंगौरो ।
सिङौरी–(ना०) सिंगौरी ।
सिङ्गुलै–(ना०) खास आफैं । (वि०) सिङ्गै ।
सिङ्गे–( ना० ) सीङ भएको एक जातको माछो ।
सिङ्गो–( वि० ) सग्लो; टूटफूट नभएको ।
सिच्नु–( स० क्रि० ) सेचन गर्नु; छर्कनु ।
सिटासिटो–( ना० ) सानातिना हाँगाबिगा; झिजाझिजी ।
सिटो–( ना० ) सानो हाँगो; झिम्किनु ।
सिट्ठी–( ना० ) तमाखुको गोल; सिठुवा । (वि०) साह्रै दुब्लो ।
सिट्ठो–(वि०) साह्रै दुब्लो; लौरीपिञ्जर ।
सिठी–( ना० ) जेष्ठ शुक्ल षष्ठीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



दिन ।

सिठुवा–(ना०) तमाखुको सिट्ठी ।

सित–(ना०) साथ; सँग ।

सितन–(ना०) भात, ढिडो, चिउरा आदिसँग खाइने अचार आदिको प्रकार ।

सितार–(ना०) रेटेर बजाइने एक प्रसिद्ध बाजा ।

सितारा–(ना०) चम्कने पातलो र सानो चक्की टीका ।

सितिमिति–(क्रि० यो०) सानोतिनो प्रयत्नद्वारा; हत्तपत्त; सजिलैसित ।

सितो–(ना०) भातको दाना ।

सित्तैं–(क्रि० यो०) बिनामोलमा; वेदाममा; व्यर्थ ।

सिद्ध–(बि०) पूरा गरिएको; सफल । (ना०) योगी ।

सिद्धान्त–(ना०) विचार र तर्कद्वारा निश्चय गरिएको कुरा; ठहर; राय ।

सिद्धि–(ना०) सफलता ।

सिद्धिदाता–(वि०) सिद्धि दिने; काम पूरा गराउने ।

सिद्धिनु–(अ० क्रि०) समाप्त हुनु; खतम हुनु; सकिनु ।

सिद्रो–(ना०) सिध्रो ।

सिधा–(ना०) नपाकेका खानेकुराको दान; खाने सामान; सौदा ।

सिध्रो–(ना०) सुकाएको माछाको सिन्की । (वि०) सिकुटे; दुब्लो ।

सिनाबिना–(ना०) सानातिना केटाकेटी; भन्टचाङभुन्टुङ ।

सिनाल–(ना०) एक जातको बेकाली बाख्रो ।

सिनित्त–(क्रि० यो०) सफा-सुग्घर हुने किसिम ।

सिनु–(ना०) मृत शरीर; लाश ।

सिनेमा–(ना०) सेतो पर्दामा देखिने छायाको चित्र; चलचित्र ।

सिन्काउली–(ना०) एक किसिमको रूख; तेजपातको रूख ।

सिन्की–(ना०) खाडलमा खाँदेर अमिल्याएको मूला ।

सिन्को–(ना०) पात सिउने बाँसको छेस्को; तृण; झारपात ।

सिन्दूर–(ना०) सिंदूर ।

सिपालु–(वि०) सीप भएको; निपुण; पोख्त ।

सिपाही–(ना०) सेना वा पुलीसका निम्न कक्षाको जागीरदार ।

सिप्रिक्क–(क्रि० यो०) सेप्रिने किसिम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सिफर–( ना० ) ज्वरबाट हातको जोर्नीमा आउने खटिरा; बिफरको घाउ ।

सिफारिश–(ना०) कसैको कुनै काम सफल पार्न गरिने मौखिक वा लिखित प्रशंसा ।

सिवाय–(ना० यो०) भिन्न; बाहेक ।

सिम–( ना० ) पानी खाली नहुने जमीन; चिसमिरो जग्गा ।

सिमकुखुरो–(ना०) सिमसारमा बस्ने एक जातको जङ्गली कुखुरो ।

सिमेन्टी–(ना०) सिमेन्ट ।

सिमल–(ना०) एक जातको रूख ।

सिमलकाँढे–( वि० ) सिमलका जस्तो काँढा भएको ।

सिमलचरी–( ना० ) अन्नहरूकी अधिष्ठात्री देवी ।

सिमसार–(ना०) भास; धाप; सिम भएको जग्गा ।

सिमसिम–( क्रि० यो० ) मसिनो र हल्का पानी पर्ने किसिम ।

सिमसिमे–( वि० ) सिमसिम गरी परेको पानी ।

सिमाना–(ना०) सीमा ।

सिमाली–(ना०) सिवाली ।

सिमी–( ना० ) एक किसिमको तरकारी ।

सिमे–( वि० ) सिमको; सिममा रहने ।

सिमेन्ट–(ना०) घर बनाउने काममा लगाइने विशेष ढुङ्गा र माटाले बनेको एक प्रकारको धूलो ।

सिमेभूमे–( ना० ) सिमसारमा रहने देवयोनिहरू ।

सिम्कनु–( ना० ) झिँजो; फितलो लट्ठी ।

सिम्टा–( ना० ) सल्लाको फल वा गानु ।

सिम्रिक–( ना० ) गाढा रातो रङ; नेपालको राष्ट्रिय रङ्ग ।

सियाँल–(ना०) घाम छेकिएको ठाउँ; छहारी ।

सियाइ–(ना०) सिउने काम ।

सियो–( ना० ) कपडा आदि सिउने मसिनु साधन; सुई ।

सिरक–( ना० ) भित्र रुवा भरेर तगेको बाक्लो ओढ्ने ।

सिरिङ्ग–(क्रि० यो०) जुरुङ्ग ।

सिरसिर–(क्रि० यो०) हल्का बतास चल्ने किसिम ।

सिरान–( ना० ) शिर; तकिया; सिरानी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सिरानी–( ना० ) तकिया; तकिया हाल्ने वस्तु ।

सिरी–( ना० ) श्री; शोभा; सौन्दर्य; लावण्य ।

सिरीखुरी–(ना०) भएभरको सम्पत्ति; सर्वस्व ।

सिरु(ना०) कुशजस्तो एक घाँस ।

सिरुपाते–(ना०) सिरुको पातजस्तो सानो लामो एक किसिमको खुकुरी ।

सिरेटो–(ना०) चिसो र कडा हावा; स्याँठ ।

सिरौंला–(ना०) काँचो वा धान भुटेर कुटेको चामल ।

सिर्को–( ना० ) दूध, पानी आदिको मसिनो धारो ।

सिर्जना–(ना०) रचना; निर्माण ।

सिर्र–( क्रि० यो० ) चिसो हावा बग्ने वा सिर्को आउने किसिम ।

सिलखान–( ना० ) जङ्गी असबाव-खाना; फौजी हातहतियार राख्ने ठाउँ ।

सिलखुट्टे–(वि०) दुब्लो; खीनो खुट्टा भएको ।

सिलसिला–(ना०) अनुक्रम; मेलो ।

सिला–(ना०) शिला ।

सिलाइ–( ना० ) सिएको डोब; सिउनी ।

सिलाम–(ना०) साबूदानाजस्तो सेतो दाना हुने अन्न ।

सिलिङ–( ना० ) दलिनमा ठोक्ने फल्याक छत, आदि ।

सिलिङबिलिङ–(क्रि० यो०) सिलिबिली ।

सिलिबिलि–( ना० ) सर्प, गँड्यौला आदिको चलाइ ।

सिली–(ना०) छुरा आदि उध्याउने सानो ढुङ्गो ।

सिलो–(ना०) पत्थर; शिला ।

सिलोट–(ना०) अक्षर लेख्ने कालो र पातलो ढुङ्गाको पाटी ।

सिलोबालो–(ना०) शिला; शिला खोजेको वालो ।

सिलौटो–(ना०) मसला पिँध्ने चेप्टो सम्म परेको ढुङ्गो ।

सिल्टिमुर–( ना० ) एक किसिमको जङ्गली टिमुर ।

सिल्पट–( वि० ) बेकम्मा; स्वाँठ । (ना०) चारपाटे काठको ठेउको ।

सिल्लड–( वि० ) केही बहुलापन भएको; अर्धसिल्ली; एकतराने ।

सिसोबासो–( ना० ) आफूले जिम्मा लिएका जहान वालबच्चा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सिसौ–(ना०) एक जातको वृक्ष ।

सिस्नु–( ना० ) बिझने र पोल्ने एक किसिमको घाँस; एक किसिमको झार ।

सीँ–( क्रि० यो० ) सिँगान निकाल्दा शब्द आउने किसिम ।

सीङ–( ना० ) प्रायः खुर भएका पशुहरूका टाउकामा हुने दुइटा तीखा वस्तु ।

सीट–(ना०) बस्ने ठाउँ; आसन ।

सीटी–(ना०) सूचना दिन जोडसित फुकेर तीखो आवाज निकालिने एक बाजा ।

सीता–(ना०) जोत्दा जमीनमा परेको हलाको रेखा; रामकी पत्नी ।

सीधा–(वि०) कपटी नभएको; सोझो ।

सीप–(ना०) ढङ्ग; शिल्प; विषयको ज्ञान ।

सीमन्त–(ना०) सिउँदो; सीमा ।

सीमा–(ना०) साँध; सिमाना ।

सीमान्त–( ना० ) सिमानाको ठाउँ; सीमा; हद ।

सीमित–( वि० ) सीमाभित्रको; हद किटिएको; थोरै ।

सील–(ना०) लाहाछाप; सुनचाँदीको साँप्लो; माछा उनेको सुइरो; ध्रुव-प्रदेशको समुद्रमा हुने स्तनपायी एक जन्तु ।

सीसा–(ना०) एक किसिमको कालो धातु ।

सीसाकलम–( ना० ) मसीबिनाले लेखिने एक किसिमको कलम ।

सुँक्क–( क्रि० यो० ) रुँदा नाकले जोडसित सास तान्ने किसिम ।

सुँगुर–(ना०) बनेलका जातको घर-पाला जन्तु ।

सुँघाइ–(ना०) सुँघ्ने काम ।

सुँघ्नु–(स० क्रि०) नाकद्वारा गन्धको अनुभव गर्नु; वास लिनु ।

सुँडिनी–( ना० ) सुत्केरीको स्याहार-सुसार वा उपचार गर्ने स्त्री ।

सुँडेनी–(ना०) सुँडिनी ।

सुइँकनु–( अ० क्रि० ) अरूले थाहा नपाउने गरी भाग्नु; सुइँकुच्चा ठोक्नु; दौडनु; मर्नु ।

सुइँकुच्चा (ना०) भगाइ; दौडाइ; सुटुक्कको हिँडाइ ।

सुइँको–(ना०) संकेत; इशारा; गुप्त खबर ।

सुइँक्याउनु–( स० क्रि० ) भगाउनु, चोर्नु; दौडाउनु; आँटले केही गर्नु ।

सुइँखुट्टे–( वि० ) लामा-लामा खुट्टा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



भएको ।

सुइँठिनु–(अ० क्रि०) खूब मोटाउनु; सम्पन्न हुनु ।

सुइटर–(ना०) स्वीटर ।

सुइत्त–(क्रि० यो०) छिटोसित जाने किसिम ।

सुइया–(ना०) सुस्केरा हाल्ने किसिम ।

सुइरे–(वि०) सुइरो भएको; अग्लो ।

सुइरो–(ना०) सियोजस्तो लामो घोच्ने हतियार ।

सुई–(ना०) एक किसिमको सियो; सुइरो ।

सुकला–(ना०) सुत्ने काम; लेटाइ ।

सुकसुकाउँदो–(वि०) सुग्घरी; सुकुमार ।

सुका–(ना०) रुपियांको चौथाई भाग ।

सुकाउनु–(स० क्रि०) पानी वा चिसोपन घाम, आगो आदिद्वारा सोसाउनु; पानी मार्नु ।

सुकिलो–(वि०) सेतो; सफा ।

सुको–(ना०) एक सुकाको सिक्का ।

सुकुटी–(ना०) सुकाएको मासु आदि ।

सुकुन्डो–(ना०) पुरानो ढांचाको वत्ती बाल्ने भाँडो ।

सुकुमबासी–(वि०) स्वदेशमा घर, जग्गा आदि सम्पत्ति नभएको; कुनै काम नगर्ने ।

सुकुमार–(वि०) कोमल; कमलो; सलसलाउँदो । यो० सुकुमारी ।

सुकुमेल–(ना०) अलैंचीजस्तो सानो सेतो सुगन्धी फल ।

सुकुल–(ना०) असल कुल वा वंश; परालको डोरीले बनाएको आसन ।

सुकुलगुन्डो–(ना०) घरमा केही नभई कन पनि बाहिर ठाँटबाँट देखाएर हिँड्ने व्यक्ति ।

सुकुवा–(ना०) शरीर सुकेर जाने एक रोग; सुकेनास ।

सुकेनास–(ना०) सुकुवा ।

सुक्खा–(वि०) सूखा ।

सुक्रीबिक्री–(ना०) खरीदबिक्री ।

सुख–(ना०) सुबिस्ता; आनन्द; सन्चो ।

सुखद–(वि०) सुख दिने ।

सुखिया–(वि०) सुख चाहने; सुखी ।

सुखी–(वि०) सुख पाएको; आनन्दी ।

सुगन्ध–(ना०) मीठो बास्ना; सुवास; महक ।

सुगन्धराज–(ना०) बास्नादार एक किसिमको फूल ।

सुगन्धित–(वि०) सुगन्ध भएको; सुवासयुक्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सुगन्धी–(वि०) सुवास भएको; सुगन्धित ।

सुगम–(वि०) सजिलो; सहज ।

सुगा–(ना०) हरियो शरीर र रातो चुच्चो हुने एक प्रसिद्ध चरो ।

सुग्घर–(ना०) सफाइ । (वि०) चोखो; पवित्र; फोहर नभएको ।

सुग्घरी–(वि०) सुग्घर गर्ने; सफा रहने ।

सुचो–(ना०) पिसाब ।

सुजनी–(ना०) चकटी; सानो लम्पट ।

सुजी–(ना०) एक जातको खस्रो पीठो ।

सुजीकार–(ना०) कपडा सिउने व्यक्ति ।

सुजेरो–(ना०) सूचीकारको कैंची; सियो राख्ने थैलो; तोपचरो ।

सुझाउ–(ना०) सम्झाउने काम; राय ।

सुझनु–(अ० क्रि०) उब्जनु; सम्झनु; आभास हुनु ।

सुट्टक्क–(क्रि० यो०) अरूले चाल नपाउने किसिमले; सुट्ट ।

सुट्ट–(क्रि० यो०) सुटुक्क ।

सुठनी–(ना०) एक जातको कन्द वा सखरखण्ड ।

सुडौल–(वि०) समरो; डोलो ।

सुत–(ना०) छोरो ।

सुतरी–(ना०) सनको मसिनो डोरी ।

सुतारो–(ना०) जुत्ता सिउने आरो ।

सुताहा–(वि०) धेरै बेरसम्म सुत्ने; खूब सुत्ने ।

सुतुवा–(वि०) सुताहा ।

सुत्केरी–(ना०) भर्खर बालक जन्माएकी स्त्री ।

सुत्केरो–(ना०) बालक जन्मदा बन्धुवर्गलाई लाग्ने सूतक ।

सुत्त–(क्रि० यो०) चाँडो र सजिलैसित पस्ने-निस्कने वा आउने-जाने किसिम ।

सुत्लो–(ना०) औषधी मिलाएर घाउमा कोच्ने कपडाको बुजो; कागत, कपडा आदि बाटेको टुक्रो; मकैको घोगा लाग्ने बेला निस्केको जुँगा ।

सुदर्शन–(ना०) विष्णुको चक्र ।

सुदिन–(ना०) असल दिन; सुखको दिन ।

सुद्ध–(ना० यो०) समेत; सहित ।

सुद्धी–(ना०) चैतन्य; होश ।

सुद्धयाउनु–(स० क्रि०) चोख्याउनु; शुद्ध पार्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सुधार–( ना० ) उद्धार; सँभाल्ने काम ।

सुधार्नु–( स० क्रि० ) सपानु; तर लाउनु ।

सुध्याउनु–(स० क्रि०) सोध्नु; प्रश्न गर्नु ।

सुध्रनु–( अ० क्रि० ) सँभालिनु; सप्रनु; तर लाउनु ।

सुन–( ना० ) उत्तम पहेंलो धातु; सुवर्ण ।

सुनगाभा–( ना० ) एक किसिमको प्रसिद्ध फूल ।

सुनवाइ-(ना०) उजूर सुन्ने काम ।

सुनाइ–(ना०) सुन्ने काम ।

सुनाउनु–(स० क्रि०) निवेदन गर्नु ।

सुनार–(ना०) सुनको गहना आदि बनाउने जाति । पो० सुनार्नी ।

सुनिनु–(अ० क्रि०) फुलेर आउनु; सूज उठ्नु । ( स० क्रि० ) श्रवण गरिनु; सुन्नु ।

सुनौला–(वि०) सुनको रङ्गको; सुन-जस्तो ।

सुन्नु–(ना०) श्रवण गर्नु ; ध्यान दिनु।

सुन्तला–(ना०) स्वादिलो एक प्रसिद्ध फल ।

सुन्दर–(वि०) हेर्दा राम्रो; राम्रो ।

सुन्दरी–(वि०) जीउडाल मिलेकी; सलसलाउँदी ।

सुपथ–( वि० ) असल; मनासिब (मोल) ।

सुपात्र–( वि० ) सज्जन; दान दिन योग्य ।

सुपारी–(वि०) एक किसिमको फल ।

सुपुक्क–(क्रि० यो०) खाने किसिम ।

सुपुत्र–(ना०) असल छोरो; सपूत ।

सुपुर्द–(ना०) जिम्मा; सुम्पाइ ।

सुप्तली–( ना० ) जुत्ताभित्र हालिने छालाको पत्र ।

सुप्रुक्क–(क्रि० यो०) सुपुक्क; सप्को मारी खाने किसिम ।

सुप्लो–( ना० ) बाँसको खबटो; केराका थामको पत्र ।

सुफल–(वि०) असल परिणामको; सफल ।

सुबान–(ना०) राम्रो आदत; असल बानी ।

सुविधा–(ना०) सुबिस्ता ।

सुबिस्ता–(ना०) आनन्द; सजिलो-पन ।

सुबुद्धि–(ना०) बेस स्वभाव; असल बुद्धि ।

सुबेदार–( ना० ) जमादारभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



माथिको पल्टनिया दर्जा ।

सुबोल–(ना०) राम्रो बोली; वेस वचन ।

सुब्बा–(ना०) एक दर्जा; लिम्बू वा किरांत जातिको मानबोधक शब्द ।

सुभाशङ्का–(ना०) घेरथोर शङ्का ।

सुभिक्ष–(ना०) सहकाल ।

सुभो (वि०) शुभ; कल्याण गर्ने; फाप्ने ।

सुभ्नु–(अ० क्रि०) भलो हुनु; फाप्नु ।

सुमर्नु–(स० क्रि०) खूब काममा लगाउनु; जोत्नु; खसी पार्नु ।

सुमसुम्याउनु–(स० क्रि०) हातले सुस्तरी मुसार्नु ।

सुमेरु–(ना०) सर्वोत्तम पर्वत; पृथ्वी-को उत्तर चोसो; हुक्काको ठाडो डांठ; सुमेर्नी ।

सुमेर्नी-(ना०) मालाका दुई मुख गांस्ने ठाउँमा मिलाई उनेको दानु वा थुँगा ।

सुम्पनु–(स० क्रि०) बुझाउनु; जिम्मा लाउनु; दिनु ।

सुम्पुवा–(त्रि०) बुझाइएको; जिम्मा लाइएको ।

सुम्बा (ना०) एक किसिमको सुइरो-जस्तो ज्याबल; अजङ्गको सर्प ।

सुम्भ–(वि०) हस्म न भस्मको ।

सुर–(ना०) छेउ वा कुनु; वाजाको स्वर; विचार; होश; देवता ।

सुरसार–(ना०) तरखर; याद-विचार ।

सुराख (ना०) भित्री खबर ।

सुराही–(ना०) सुरिलो घांटी भएको जलपात्र ।

सुरिनु–(ना०) तम्सिनु; शूरो हुनु ।

सुरिलो–(वि०) ठाडो; सोझो; तीखो; मधुर ।

सुरुक्क–(क्रि० यो०) पिउने किसिम; आनाकानी नगरी काम गर्ने किसिम ।

सुंरुङ–(ना०) गुफा; जमीनभित्र खनेर बनाएको ठाउँ ।

सुरुवा–(ना०) खूब पकाएको रस ।

सुरुवाल-(ना०) गोडामा लाउने एक किसिमको पोशाक ।

सुरुसुरु–(क्रि० यो०) खुरुखुरु ।

सुरेन्द्र–(ना०) देवताका राजा; इन्द्र ।

सुरेली–(ना०) रूख वा डोरीमा घस्रेर चढ्ने काम ।

सुरो–(ना०) एक किसिमको होम गर्ने साधन ।

सुर्कनु–(ना०) अलिकति सिउनु; लामो फट्का गरी सिउनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सुर्काउनी–(ना०) कस्न र फुकाउन सजिलो हुने गरी पारेको गाँठो ।

सुर्की–(ना०) ईंट कुटेको धूलो ।

सुर्के–(वि०) ठाडो पारी लाएको टीको ।

सुर्केनी–(ना०) सुर्काउनी ।

सुर्को–(ना०) खेतबारीको सानो टुक्रो ।

सुर्ता–(ना०) मानसिक पीर; शोक; फिक्री ।

सुर्ताउनु–(ना०) सुर्ता गर्नु; पीर गर्नु ।

सुर्ती–(ना०) काँचो पात गुम्स्याई बनाएको पात ।

सुर्मा–(ना०) आँखामा लाउने लेप वा गाजल ।

सुऱ्याइँ (ना०) निडर हुने काम; शूरता ।

सुर्र–(क्रि० यो०) सुर्कने, पिउने, खस्ने वा तान्ने किसिम ।

सुलभ–(वि०) सजिलैसित पाइने; सजिलो ।

सुलसुले–(ना०) बगिरहने दिसा; एक किसिमको कीरो ।

सुली–(ना०) लिही; कुखुराको विष्ठा ।

सुलुक्क–(क्रि० यो०) दाँतले नचपाई निल्ने किसिम ।

सुलुत्त–(क्रि० यो०) सुलुक्क ।

सुल्टो–(वि०) सब्ल्याटो ।

सुल्टयाउनु–(स० क्रि०) सुल्टो पार्नु ।

सुल्नु–(अ० क्रि०) फच्छे हुनु; चुक्ति हुनु ।

सुवर्ण–(ना०) सुन; राम्रो वर्ण ।

सुबास–(ना०) मीठो वास्ना ।

सुशील–(वि०) सच्चरित्र, असल बानीबेहोर भएको ।

सुशीलता–(ना०) सच्चरित्रता ।

सुशोभन–(वि०) उत्तम शोभाले युक्त; अति राम्रो ।

सुशोभित–(वि०) झकिझकाउ; सुहाएको ।

सुश्री–(ना०) कुमारी; मैयाँ ।

सुषुप्ति–(ना०) गाढा निद्रा ।

सुसाउनु–(अ० क्रि०) खोलो वा खरी कराउनु; सुस्केरा हाल्नु ।

सुसार–(ना०) टहल; सेवा ।

सुसारे–(ना०) सुसार गर्ने स्त्री ।

सुसे–(वि०) दुब्लो; पातलो ।

सुसेल्नु–(ना०) सुसेली हाल्नु ।

सुसेलो–(ना०) सासको चालमा गाएको गीत ।

सुस्केरा–(ना०) श्रम, शोक, चिन्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



आदिले लामो सास फेर्ने काम ।

सुस्तरी–(क्रि० यो०) बिस्तारै ।

सुस्ताउनु–( अ० क्रि० ) ढिलाउनु; थकाइ मानुं ।

सुस्ती–(ना०) हेलचेक्र्याइँबाट भएको ढीला ।

सुहाउनु ( अ० क्रि० ) शोभित हुनु; उचित हुनु ।

सूंड–( ना० ) हात्तीको नाकनेरको अवयव ।

सूंप–(ना०) एक किसिमको फल ।

सूक्त-(ना०) देवताको स्तुतिको रूपमा पढ्ने मन्त्र ।

सूक्ति–(ना०) असल उक्ति; राम्रो कथन ।

सूखा–(वि०) सुक्खा ।

सूक्ष्म–(वि०) धेरै सानो; मसिनो ।

सूचना-(ना०) जनाउ; विज्ञापन ।

सूचित–( वि० ) सूचना गरिएको; भनिएको ।

सूची–(ना०) विवरण; टिपोट ।

सूचीकार–( ना० ) लुगा सिउने पेशा भएको व्यक्ति वा जाति ।

सूज–( ना० ) शरीरको कुनै भाग फुल्नु ।

सूझ–( ना० ) उपायको सम्झना; विचारको फुराइ ।

सूझबूझ–(ना०) सम्झना र विचार; विवेक ।

सूठो–(ना०) अदुवाजस्तो मसला ।

सूत–(ना०) धागो; डोरो; रथ ।

सूतक–(ना०) सुत्केरो ।

सूतिका–( वि० ) सुत्केरी; अर्खर बालक जन्माएकी ।

सूती–( वि० ) सूतसम्बन्धी, धागाले बुनेको ।

सूत्र–(ना०) डोरो; धागो; संक्षिप्त वाक्य ।

सूत्रधार–( ना० ) नाटकको व्यवस्था मिलाउने मुख्य नट ।

सूत्रपात–( ना० ) कामको थालनी; प्रारम्भ ।

सूद–(ना०) ब्याज ।

सूदखोर–( ना० ) बर्ता ब्याज लिने व्यक्ति ।

सूध–(ना०) सुद्धी; चेतना; होश ।

सूधो–(वि०) सोझो; सीधा ।

सूनसान–( क्रि० यो० ) सन्नाटा । (वि०) निर्जन; कोही नभएको ।

सूरो–( वि० ) आँटी; हिक्मती, नडराउने ।

सूर्य–(ना०) सौरमण्डलको सबैभन्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ठूलो र उज्ज्वल ग्रह ।
सूर्यमण्डल–( ना० ) सूर्यको वरिपरि देखिने विम्ब ।
सूर्यमुखी–(ना०) एक जातको फूल ।
सूर्योदय–(ना०) सूर्य उदाउनु ।
सूऱ्याइँ–(ना०) शूरो हुनाको भाव ।
सूल–(ना०) असूल; फच्छे ।
सूल्साल–(वि०) फच्छेफाच्छे ।
सृजना–(ना०) सृष्टि; सिर्जना ।
सृष्टि–(ना०) सृजना ।
सृष्टिकर्ता–(ना०) सृष्टि गर्ने व्यक्ति ।
सेक–( ना० ) आगाको रापमा कुनै वस्तु तताउने काम; सेकाइ ।
सेकताप–( ना० ) सेक्ने र तताउने काम ।
सेकाइ–( ना० ) सेक्ने काम ।
सेकेन्ड–( ना० ) मिनेटको साठियौं भाग ।
सेख–(ना०) शेष ।
सेखी–(ना०) शेखी ।
सेचन–(ना०) छर्कने काम; अभिषेक ।
सेज–(ना०) शय्या; पलङ ।
सेठ–(ना०) धनवान् व्यक्ति ।
सेताम्मे–(वि०) सेतैसेतो भएको ।
सेतु–(ना०) पुल ।
सेतो–( ना० ) दूध, चाँदी, हिउँ आदिको जस्तो रङ्ग; सफेद । (वि०) त्यस्तो रङ्गको ।
सेना–(ना०) सिपाहीहरूको समूह; फौज; पल्टन ।
सेनामेना–(ना०) सेनाहरूको समूह; ससाना केटाकेटीहरूको समूह ।
सेन्ट–(ना०) सुगन्धित तरल पदार्थ; अत्तर ।
सेन्सर–(ना०) कुनै पुस्तक वा सिनेमा आदिमा भएको अवाञ्छित तत्त्वलाई हटाउने काम ।
सेप–(ना०) स्यांहाल; छाया; पशुको रज ।
सेपिलो–(वि०) सेप भएको; चिसो; सर्दी लाग्ने ।
सेप्टी–(ना०) सन्जाप ।
सेप्रिनु–( अ० क्रि० ) सेप्रो हुनु; दाम्रिनु ।
सेप्रो–(वि०) स्याप्प परेको; दाम्रिएको ।
सेफ–(ना०) एक किसिमको बलियो बाकस ।
सेफा–( ना० ) फरियामा नेफामुनि गज लामो पार्न गाँसिने कपडाको धरो ।
सेफ्टीपिन–(ना०) अल्झाउने वा सुर्काने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कांटा ।

सेर–(ना०) चार पाउको तौल ।

सेरा–(ना०) ठूलो फांट । (वि०) ठालू ।

सेरोफेरो–(ना०) घर वा जग्गाको वरिपरिको जमीन ।

सेनुं–(स० क्रि०) हतियार दलेर काट्नु; रेट्नु ।

सेर्मा–(वि०) पाखा जग्गाको नगदी तिरो ।

सेल–(ना०) चामलका पीठाको घुमाउरो रोटी ।

सेलाउनु–(अ० क्रि०) तातो वस्तु चिसो हुनु; जोश हराउनु; देवताको प्रसाद आदि चोखो ठाउँमा फ्याँक्नु; मुर्दाको सद्गति गर्नु ।

सेली–(ना०) पगरीवरिपरि लगाइने सुनको सिक्री वा मोतीको लहर; तोडा ।

सेलो–(ना०) पिंडालु आदिका बच्चाबच्ची; लोकगीतको एक शैली वा छन्द ।

सेवक–(ना०) सेवा गर्ने व्यक्ति; सहायक; टहलुवा । पो० सेविका ।

सेवनीय–(वि०) सेवा गर्न लायक ।

सेवा–(ना०) अरूलाई सुख-सन्च दिने काम; सुसार ।

सेवित–(वि०) सेवा गरिएको; टहल गरिएको ।

सैंतीस–(ना०) तीस र सात ।

सैद्धान्तिक–(वि०) सिद्धान्तसम्बन्धी; सिद्धान्तमा टिकेको ।

सैनिक–(ना०) पल्टनिया व्यक्ति ।

सैन्य–(ना०) फौज; सेना; योद्धा ।

सैर–(ना०) मन बहलाउन घुमफिर गर्ने काम ।

सैल–(ना०) सुख; भोग ।

सैसैला–(ना०) कुन्डिएर खेलिने एक खेल; चचह ।

सो–(ना०) त्यो; ऊ । (वि०) पहिले उल्लेख गरिएको ।

सोंठा-(ना०) मजबूत लट्ठी ।

सोइलो–(ना०) सोला; सुइरो; हलाको जुवामा घुसारिने दाम्लो लगाएको कीलो ।

सोख–(ना०) सुख; कुनै आनन्ददायक बस्तु उपभोग गर्ने इच्छा ।

सोखी–(वि०) ज्यादा ऐस-आराममा लागेको; सोख गर्ने; मोजी ।

सोखीन–(वि०) सोखी ।

सोख्ता–(ना०) सोस्ता ।

सोच–(ना०) सोच्ने काम; जोहो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**सोचविचार**–(ना०) सोच र विचार; गौर ।

**सोचाइ**–(ना०) सोच्ने काम वा किसिम ।

**सोच्नु**–(अ०क्रि०) घोरिनु । (स०क्रि०) विचार गर्नु; गौर गर्नु ।

**सोझ**–(ना०) जम्मा गर्ने काम; जोहो ।

**सोझासोझी**–(क्रि० यो०) एकदम सीधा; सामुन्ने ।

**सोझिनु**–(अ० क्रि०) सोझो हुनु; ठाउँमा आउनु ।

**सोझेरी**–(ना०) अडकल; अनुमान; लख ।

**सोझो**–(वि०) बाङ्गोटिङ्गो नभएको; सीधा ।

**सोट्ठा**–(ना०) सोंठा ।

**सोट्ठ्याउनु**–(स० क्रि०) सोट्ठा दिनु; सम्ठ्याउनु ।

**सोडा**–(ना०) एक प्रकारको क्षार-द्रव्य ।

**सोडापानी**–(ना०) सोडा र ग्यांस मिलाई बोतलमा भरिएको पानी ।

**सोतर**–(ना०) पशुलाई ओछ्याइने घाँस, पराल आदिको बिछ्यौना । (वि०) पसारिएको; लम्पसार परेको; सुस्त ।

**सोते**–(ना०) बाँसको एक किसिमको हुक्का ।

**सोतो**–(ना०) साँगुरो र लाम्चो परेको ठाउँ वा बाटो ।

**सोधनी**–(ना०) सोध्ने काम; पुछ्सी ।

**सोधपूछ**–(ना०) जवाफ र निकासा लिने काम ।

**सोधाइ**–(ना०) सोध्ने काम वा किसिम ।

**सोध्नु**–(स० क्रि०) प्रश्न गर्नु; जवाफ माग्नु ।

**सोप्न्याक्क**–(क्रि० यो०) सप्न्याक्क ।

**सोभाव**–(ना०) असल स्वभाव; शील ।

**सोम**–(ना०) सात वारमध्ये एक; चन्द्रमा ।

**सोमत**–(ना०) सोहोमत ।

**सोमरस**–(ना०) रक्सी; मदिरा ।

**सोर**–(ना०) स्वर; आवाज ।

**सोरठी**–(ना०) गुरुङ जातिमा चलेको एक लोकगीत ।

**सोल**–(ना०) पिँडालुको सुकाएको पाना ।

**सोला**–(ना०) सुइरो; सोइलो; पित्ता; आगाको ज्वाला ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सोलिनु–( अ० क्रि० ) चुलिनु; झुसिनु ।

सोली–( ना० ) सुलुत्त परेको एक प्रकारको थुन्से; तेल खन्याउन प्रयोग गरिने एक पात्र ।

सोल्टी–(ना०) जुवाइँका दिदीबहिनी र साला, जेठानका स्त्री ।

सोही-(सर्वना०) उही; त्यही ।

सोहोबत–(ना०) सभ्यता; शिष्टता ।

सोहोरसाहर–( ना० ) सोहोर्ने र स्याहार्ने काम ।

सोहोरा–( ना० ) भित्री हल्ला; घुइरो ।

सोह्र–(वि०) दस र छ ।

सोह्रश्राद्ध–( ना० ) आश्विन कृष्ण प्रतिपदादेखि अमावस्यासम्मका पन्ध्र दिन ।

सौंठनु–(स० क्रि०) सम्ठ्याउनु ।

सौख्य–(ना०) सुख; चैन ।

सौगात–(ना०) कोसेली; उपहार ।

सौता–(ना०) पतिकी अर्की स्वास्नी ।

सौताने–(वि०) सौताको ।

सौदा–(ना०) खरीदबिक्री गर्ने माल-सामान; व्यापारका मालमत्ता ।

सौदागर–(ना०) व्यापारी ।

सौदामिनी–(ना०) आकाशमा चम्कने बिजुली ।

सौन्दर्य–(ना०) सुन्दर हुनाको भाव; सुन्दरता; लावण्य; शृङ्गार ।

सौभाग्य–(ना०) असल भाग्य; सधवाका शृङ्गारको वस्तु ।

सौभाग्यवती–(ना०) सौभाग्य भएकी; सधवा ।

सौम्य–(वि०) वेस; सुन्दर; सज्जन ।

सौर–(वि०) सूर्यसम्बन्धी । (ना०) राम्ररी काम गर्ने योग्यता; सभ्यता ।

स्कूल–(ना०) पाठशाला; विद्यालय ।

स्खलन–(ना०) चुहुनु; खस्नु; चुक्नु ।

स्खलित–(वि०) चुहिएको; खसेको ।

स्टूल (ना०) अडेसो नभएको आसन; त्रिपाई ।

स्ट्रेचर–(ना०) बिरामीलाई सुताएर बोक्ने झोलुङ्गो ।

स्तन–(ना०) स्त्रीजातिको दूध रहने अवयव ।

स्तनपान–(ना०) दूध चुस्ने काम ।

स्तम्भ–(ना०) खम्बा; थाम; खामो ।

स्तुति–(ना०) तारीफ; प्रशंसा ।

स्तूप–(ना०) ढुङ्गो, माटो आदिको थुप्रो ।

स्तोत्र–(ना०) स्तुति ।

स्त्री–(ना०) स्वास्नीमान्छे; आइमाई;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पोथी प्राणी ।

स्त्रीपुरुष–(ना०) स्त्री र पुरुष; लोग्ने-मान्छे र स्वास्नीमान्छे ।

स्त्रीलम्पट–(वि०) स्त्रीमा ज्यादा आसक्त भएको ।

स्त्रीलिङ्ग–(ना०) व्याकरणमा स्त्री जनाउने लिङ्ग ।

स्थगित–(वि०) रोकिएको; अडेको ।

स्थल–(ना०) ठाउँ; थलो ।

स्थान–(ना०) ठाउँ; स्थल ।

स्थानान्तरण–(ना०) एक ठाउँबाट अर्को ठाउँमा जानु ।

स्थानीय–(वि०) सीमित वा निश्चित स्थानको ।

स्थापन–(ना०) थापना; थाप्ने काम ।

स्थायित्व–(ना०) दिगो; टिकाउपन ।

स्थायी–(वि०) स्थिर भएर रहने; टिकुवा ।

स्थाली–(ना०) माटाको भाँडो; थाली ।

स्थावर–(वि०) अचल ।

स्थिति–(ना०) थिति; नियम; सत्ता ।

स्थिर–(वि०) दिगो; कायम ।

स्थूल–(वि०) भद्दा; मोटो ।

स्नातक–(ना०) विश्वविद्यालयबाट उपाधि प्राप्त गरेको व्यक्ति ।

स्नान–(ना०) नुहाइधुवाइ ।

स्निग्ध–(वि०) चिल्लो; रसिलो; मधुरो; मनपर्दो ।

स्नेह–(ना०) ठूलाले सानाप्रति देखाउने प्रेम; माया ।

स्नेही–(वि०) मन परेको; प्यारो ।

स्नो–(ना०) मुखमा घस्ने सेतो लेदो ।

स्पष्ट–(वि०) राम्ररी देखिने; प्रकट; खुलस्त ।

स्पष्टवक्ता–(वि०) स्पष्ट बोल्ने; सत्यवक्ता ।

स्पष्टीकरण–(ना०) शङ्का लागेको वा नबुझिएको कुरा स्पष्ट गरी बताउने काम ।

स्पर्धा–(ना०) घमन्ड; टेक; प्रतियोगिता ।

स्पर्श–(ना०) छुवाइ; छुने काम ।

स्पृहा–(ना०) मनसुबा; धोको; इच्छा ।

स्फटिक–(ना०) फटिक; झल्कने मूल्यवान् एक पत्थर ।

स्फुरण–(ना०) फुर्ने काम; फरफराइ; मनमा कुनै कुरा उब्जनु ।

स्फूर्ति–(ना०) फूर्ति; जाँगर ।

स्मरण–(ना०) सम्झना; याद ।

स्मारक–(ना०) सम्झनाका निम्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



चिनो ।

स्मृति–(ना०) याद; सम्झना; धर्मशास्त्र ।

स्याँस्याँ–(क्रि० यो०) स्वाँस्वाँ सास फेर्ने किसिम ।

स्याँगी–(ना०) छुरीजस्तो सानो हतियार ।

स्याँठ–(ना०) सिग्रेटो ।

स्याँल–(ना०) सियाल ।

स्याउ–(ना०) नासपातीजस्तो एक फल; भुजुरीजस्तो हलुवाई रोटी ।

स्याइँ–(ना०) अर्काले लाएखाएको देखेर त्यस्तै गर्न मन लाग्ने इच्छा; सधाइँ ।

स्याइँस्याइँ–(क्रि० यो०) स्याँस्याँ ।

स्याउँस्याउँ–(क्रि० यो०) मसिना कीराका फौज चलिरहने किसिम ।

स्याउलो–(ना०) धेरै पात भएको हाँगो ।

स्याखु–(ना०) एक किसिमको घूम; दुब्लो च्याङ्ग्रो ।

स्याखू–(ना०) दुब्लो; सिट्ठो ।

स्यानस्यान-(ना०) केटाकेटीको जमात ।

स्याप्प–(क्रि० यो०) सेप्रो हुने, बस्ने आदि किसिम ।

स्याबजी–(ना०) चिउरा भुटेको खानेकुरो ।

स्याबास–(वि० बो०) राम्रो वा सह्रनीलाग्दो काम गर्दा भनिने शब्द ।

स्याबासी–(ना०) स्याबास भन्ने काम; धन्यवाद दिने काम ।

स्यार्पा–(ना०) पूर्वी नेपालको उत्तरी भागमा बस्ने एक जाति ।

स्याल–(ना०) एक जातको जङ्गली हिंस्रक जन्तु ।

स्याहा-(ना०) आम्दानी-खर्चको हरहिसाब लेखिएको बही ।

स्याहार–(ना०) पालनपोषण ।

स्याहार्नु–(स० क्रि०) स्याहार गर्नु; पालन गर्नु; अरूको अपुताली आदि लिनु ।

स्रेस्ता–(ना०) ऐनकानूनमा मिल्ने अड्डाखानाको लेखापढी; बहीखाता ।

स्रेस्तादार–(वि०) स्रेस्ता जानेबुझेको ।

स्रोत-(ना०) धारा; प्रवाह ।

स्व–(सर्वना०) आफू । (ना०) धन; आफन्त ।

स्वकीय–(वि०) आफ्नो; निजी ।

स्वगत–(ना०) नाटकमा कसैले नसुन्ने गरी मनमनै भन्ने कुरो वा काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्वचालित–(वि०) आफैं चल्ने ।
स्वच्छ–(वि०) पवित्र; शुद्ध; सफा ।
स्वच्छता–(ना०) सफाइ; पवित्रता ।
स्वच्छन्द–(ना०) अर्काको अधीनमा नरहेको; स्वतन्त्र; आफूखुशी ।
स्वछन्दता–(ना०) अर्काको वश नहुने काम; स्वतन्त्रता ।
स्वजाति–(ना०) आफ्नो जात ।
स्वतः–(क्रि० यो०) स्वयम्; आफैं-आफ ।
स्वतन्त्र–(वि०) कसैको अधीनमा नरहेको; स्वच्छन्द ।
स्वतन्त्रता–(ना०) स्वच्छन्दता; फुक्कापन ।
स्वदेश–(ना०) आफ्नो देश ।
स्वदेशी–(वि०) आफ्नो देशको ।
स्वधर्म–(ना०) आफ्नो पुर्खादेखि चलिआएको धर्म ।
स्वधा–(ना०) पितृलाई अर्पण गर्दा पढिने मन्त्र ।
स्वप्न–(ना०) सपना; निद्रा ।
स्वभाव–(ना०) बानी; आदत ।
स्वयम्–(सर्वना०) आफैं; आफू नै ।
स्वयम्पाकी–(वि०) आफ्नो भोजन आफैं पकाएर खाने ।
स्वयम्भू–(वि०) आफैं उत्पन्न भएको । (ना०) ब्रह्मा ।
स्वयम्वर–(ना०) कन्याले आफैं वर रोज्ने काम वा पद्धति ।
स्वयम्सिद्ध–(वि०) आफैं भएको; स्वतःसिद्ध ।
स्वयम्सेवक–(ना०) आफ्नो इच्छानुसार अवैतनिक रूपमा काम गर्ने व्यक्ति ।
स्वर–(ना०) शब्द; आवाज ।
स्वरूप–(ना०) आकार; आकृति ।
स्वर्ग–(ना०) देवलोक; अमरावती; इन्द्रपुरी ।
स्वर्गवास–(ना०) स्वर्गमा रहनु; मर्नु; मरण ।
स्वर्गारोहण–(ना०) स्वर्ग जानु; मर्नु ।
स्वर्ण–(ना०) सुन ।
स्वस्ति–(ना०) नमस्कार; आशीर्वादवचन ।
स्वस्तिवाचन–(ना०) कुनै कार्यको आरम्भमा मङ्गलका निम्ति वैदिक मन्त्र पाठ गर्ने काम ।
स्वस्थ–(वि०) रोग नलागेको; निरोगी ।
स्वाँग–(ना०) आडम्बर; नक्कल ।
स्वांगी–(वि०) नक्कल पार्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्वाँठ–(वि०) पटमूर्ख; लट्ठक ।
स्वाइँय–(क्रि० यो०) तातेको घिउ-तेलमा रोटी पकाउँदा शब्द आउने किसिम ।
स्वाग–(ना०) एक क्षारद्रव्य ।
स्वागत–(ना०) अतिथि वा मान्य-जन आउँदा गरिने शिष्टाचार; मान-भाउ ।
स्वाट्ट–(क्रि० यो०) एकाएक कुनै काम वा घटना हुने किसिम; सुटुक्क ।
स्वात्त–(क्रि० यो०) सुत्त ।
स्वाद–(ना०) कुनै वस्तु खाँदा वा पिउँदा जिभ्रामा हुने अनुभव; रस ।
स्वादिलो–( वि० ) स्वाद भएको; चखिलो ।
स्वादे–(वि०) मीठो खान खोज्ने ।
स्वाधीन–( वि० ) आफ्नै अधीनमा रहेको ।
स्वाभाविक–(वि०) स्वभावसम्बन्धी; प्राकृतिक; स्वतःसिद्ध ।
स्वाभिमान–(ना०) गौरवको अभि-मान; आफ्नो प्रतिष्ठा ।
स्वामी–(ना०) मालिक; प्रभु; पति । पो० स्वामिनी ।
स्वारस्वार–(क्रि० यो०) धागो, डोरो आदि धमाधम खुस्कने किसिम ।
स्वार्थ–( ना० ) आफ्नो काम; मत-लब ।
स्वार्थत्याग–(ना०) स्वार्थ छाड्नु ।
स्वार्थी–( वि० ) स्वार्थ सिद्ध गर्ने; मतलबी ।
स्वाल्ल–(क्रि० यो०) पन्यालो पदार्थ बग्ने किसिम ।
स्वावलम्बन–(ना०) आफ्नै पुरुषार्थमा अड्ने काम ।
स्वावलम्बी–(वि०) आफ्नै पुरुषार्थले जीविका गर्ने; आत्मनिर्भर ।
स्वास्थ्य–(ना०) शरीरको निरोगिता; आरामी ।
स्वास्नी–(ना०) पत्नी; भार्या ।
स्वास्नीमान्छे–(ना०) महिला; नारी ।
स्वाहा–( वि० ) सर्वनाश; उदास । (ना०) होम गर्दा मन्त्रको अन्तमा पढिने शब्द ।
स्विक्क–(क्रि० यो०) सिगान तान्ने वा फिक्ने किसिम ।
स्विच–(ना०) बिजुलीको प्रवाह रोक्ने वा खोल्ने एक किसिमको साधन ।
स्वीकार–(ना०) मान्ने क्रिया; सकार; मन्जूरी ।
स्वीकृत–(वि०) स्वीकार गरिएको ।
स्वीकृति–(ना०) स्वीकार; सकार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



स्वीटर–(ना०) ऊनीको गन्जीजस्तो पोशाक ।

स्वेच्छा–(ना०) आफ्नो इच्छा ।

स्वेच्छाचारी–(ना०) मनमानी गर्ने ।

# ह

ह–देवनागरी वर्णमालाको तेत्तीसौं व्यञ्जनवर्ण; उच्चारणस्थान कण्ठ ।

हं-( वि० वो० ) कसैले बोलाउँदा र आश्चर्य, सम्झना आदिमा भनिने शब्द ।

हँकाइ–(ना०) हाँक्ने काम ।

हँकुवा–(वि०) हाँक्ने; चालक ।

हँखी–(ना०) सिकर्मीले चिनु लाउने कालो धागो वा त्यो धागो बेरिएको लट्टाई ।

हँडिदो–(वि०) सडेर बिग्रेको ।

हँसमुख–( वि० ) हँसिलो मुख हुने; ठटचौलो ।

हँसाइ-( ना० ) हाँस्ने काम वा किसिम ।

हँसिया–( ना० ) घाँस आदि काट्ने घुमाउरो एक हतियार ।

हँसिलो-( वि० ) सधैं हाँसिरहेको जस्तो; हाँस्ने स्वभावको; उज्यालो । पो० हँसिली ।

हँसुली–(ना०) गलामा लाउने एक गहना । (वि०) हँसिली; ठटेउली (स्त्री) ।

हँसुवा–(वि०) हँसाउने ।

हँस्यौली–(ना०) हँस्सी; ठट्टा ।

हँस्सी-( ना० ) हाँसो; ठट्टा; दिल्लगी; निन्दा ।

हंस-( ना० ) प्राण; जीवनशक्ति; चेत; भाले हाँस । पो० हंसिनी ।

हक-(ना०) अधिकार; अख्तियार । (वि०) यथार्थ ।

हकदार–( वि० ) कुनै वस्तुमा हक भएको; हकवाला ।

हकार–(ना०) हप्की; धप्की; डांको; 'ह' अक्षर ।

हकारपकार–(ना०) झित्तबुझदो जवाफ नदिँदा गरिने साह्रो हप्काइ ।

हकार्नु–( स० क्रि० ) हप्काउनु; डाँकाले खानु;; गाली गर्नु; खै गर्नु ।

हकि–(वि० वो०) हगि ।

हकी–(ना०) हक्की; भकुन्डो हानेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



खेलिने एक खेल ।

हकीम–( ना० ) वैद्य; औषधी गर्ने व्यक्ति ।

हकुवा–( ना० ) बोटै समेत कुन्यू लगाई गुम्स्याएको धान ।

हगि–( वि० बो० ) आफ्नो कुरामा अरूलाई सही थपाउँदा बोल्ने शब्द; हो कि होइन ।

हगुरो–( वि० ) तारनतार हगिरहने; हगुवा ।

हगुवा–(वि०) हगिरहने; हगुरो ।

हग्नु–(स० क्रि०) दिसा गर्नु; झाडा फेर्नु; मल त्याग गर्नु ।

हचुवा–( ना० ) नापजोख नगरी अन्दाजैले गरिने मोल ।

हच्कनु–( अ० क्रि० ) सङ्कोच वा डर मानेर पछि हट्नु; रोकिनु ।

हजम–( ना० ) खाएको वस्तु पच्ने काम; पच; हडप ।

हजाम–( ना० ) कपाल काट्ने एक जाति; नाऊ ।

हजार–(वि०) दस सय ।

हजारन्–(वि०) हजारौंहजार ।

हजारिया–( वि० ) धेरै हजारको सम्पत्ति भएको; सेठ ।

हजुरिया–( वि० ) हजूरमा रहने (व्यक्ति); पार्श्ववर्ती ।

हजूर–(सर्वना०) ठूलाबडालाई सम्बोधन गर्ने शब्द । ( वि० बो० ) सही थाप्ता भन्ने शब्द; ज्यू । (क्रि० यो०) नजीक; समीप ।

हट्- (वि० बो०) हप्काउँदा र बेमन्जूरी देखाउँदा प्रयोग हुने शब्द; धत् ।

हटक–(ना०) हटाउने काम; मनाई; रोक्का ।

हटहट–( ना० ) बालबोलीमा घोडा; घोडा चढ्दा भन्ने शब्द ।

हटाउनु–( स० क्रि० ) पर सार्नु; अलग गराउनु; पन्छाउनु ।

हटारु–( ना० ) हाटमा जाने र बस्ने व्यक्ति ।

हटिया–( ना० ) सानो हाट; एक किसिमको सानो बजार ।

हटिलोमटिलो–( वि० ) मोटोघाटो; हट्ठाकट्ठा ।

हट्ट–(वि० बो०) हट् ।

हट्टी–( ना० ) ठेक्का; एकलौटी बेपार ।

हट्टीवाल–( ना० ) रक्सी, चुरोट आदिको ठेक्का लिने व्यक्ति ।

हट्ठाकट्ठा -( वि० ) हृष्टपुष्ट; मोटोघाटो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हठ–(ना०) जिद्दी; टेक ।

हठयोग–( ना० ) योगीले गर्ने एक प्रकारको साधना ।

हठी–(वि०) जिद्दीवाल; एकोहोरो ।

हडताल–( ना० ) सरकार वा कुनै कारखानाका मालिकको विरुद्ध असन्तोष व्यक्त गरी काम-कार्यालय आदि बन्द गर्नु ।

हडप–(ना०) अरूको धनमाल अनुचित रीतले लिनु ।

हडबड–(ना०) आतुरी; हतपत ।

हडबडी–(ना०) हडबड ।

हडबडे–(वि०) हतपते; चञ्चल ।

हड्कनु–( स० क्रि० ) रोक्नु; मनाई गर्नु ।

हड्डी–(ना०) हाड । ( वि० ) हाड मात्र रही दुब्लाएको ।

हड्याउनु–(स० धा०) धडपकड गरी लिनु; नलिईकन नछोड्नु ।

हड्याङहुड्ङ–( ना० ) हतपत; आतुरी ।

हण्डाचिण्डा–(ना०) थोत्राथाम्रा भांडाकुंडा ।

हण्डी–( ना० ) हाँडी; सरकारबाट गरीबगुरुबालाई नियमित रूपमा बाँडिने सिधा; सदावर्त ।

हत्–(वि० बो०) घीन, निन्दा वा बेमन्जूरी बुझाउने शब्द ।

हतकडी–( ना० ) कैदीका नारीमा लगाइने नेल ।

हतपत -(ना०) हडबडाउनु; आतुरी; हतार ।

हतपताउनु–(अ० क्रि०) काम छिटो हुनु खोज्नु; हतार हुनु ।

हतपती–( क्रि० यो० ) भन्नेबित्तिकै; छिटै ।

हतपते–(वि०) हतपत गर्ने स्वभावको; हडबडे ।

हतर–(ना०) तामाको सानो गाग्री; घल्चा ।

हतार–(ना०) हतपत; चटारो ।

हतारिनु–( ना० ) चटपटिनु; हतार गर्नु ।

हताश–(वि०) आशा टुटेको; भरङ्ग ।

हतासो–(ना०) गुन्द्री बुन्ने साँचो ।

हतियार–( ना० ) हातले समातेर चलाइने शस्त्र ।

हतुवा–( वि० ) बाछो-पाडो मरेको (गाई, भैंसी) ।

हत्केलो–( ना० ) हातको उत्तानो पार्दाको भाग ।

हत्तपत्त–(क्रि० यो०) चांडो; छिटो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हत्तिनी–(ना०) ढोई; पोथी हात्ती ।
हत्ते–(वि०) मार्ने काम; ज्यान; हिंसा; अति प्रेरणा ।
हत्तेरी–(वि०बो०) विस्मय, खेद आदि जनाउने शब्द ।
हत्तेरो–(वि०) हत्तेहाला; हठी ।
हत्तेहाला–(वि०) धेरै हत्ते हाल्ने ।
हत्या–(ना०) मार्ने काम; वध ।
हत्याउनु–(स० क्रि०) हात पार्नु; घोक्र्याउनु ।
हत्यारो–(वि०) हत्या गर्ने; ज्यानमारा ।
हत्यौडी–(ना०) हातले गर्ने काम; हत्यौरो ।
हत्यौरो–(ना०) हातले काम गर्दा प्रयोग हुने घन ।
हद–(ना०) सीमा; साँध; अन्त; अवधि ।
हदम्याद–(ना०) आखिरी म्याद ।
हद्द–(क्रि० यो०) हुनेसम्म ।
हनाइ–(ना०) हान्ने काम; ढङ्ग ।
हनुमन्ते–(ना०) पास्नीमा हनुमानका आकारले बालकसामु उभिने व्यक्ति ।
हन्डर (ना०) कामको दुःख; सास्ती ।
हन्तकाली–(वि०) जति खाए पनि नअघाउने; अगस्ती ।
हन्बेर्नो–(वि०) लिनु न छोड्नु भई टाँसो लागेको । (ना०) पकाएका ताता भाँडा झिक्दा समात्ने लुँडो ।
हपक्क–(क्रि० यो०) गर्मी, राप आदि हुने किसिम ।
हपहपी–(क्रि० यो०) ठूलो गाँस हालेर खाने वा पशुहरूले कुँडो खाने किसिम; घाम आदिको तातोले गुम्सिने किसिम ।
हपाहप–(क्रि० यो०) हपहपी ।
हप्काइ–(ना०) हप्काउने काम ।
हप्काउनु–(क्रि० यो०) गाली गर्नु; डर देखाउनु; हकार्नु ।
हप्की–(ना०) गाली; धम्की ।
हप्कीदप्की–(ना०) डर वा त्रास देखाई वश गर्न खोज्नु ।
हप्क्याहट–(ना०) खप्की; हप्की ।
हप्ता–(ना०) सात दिनको समय; साता ।
हप्तावारी–(वि०) प्रत्येक हप्तामा हुने ।
हबिगत–(ना०) शक्ति; सामर्थ्य; दयनीय अवस्था ।
हबुल्लो–(वि०) रङ्ग न ढङ्गको ।
हब्बे–(वि०) लाटो; बोल्न नसक्ने । (ना०) तागत; शक्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हब्सी–(ना०) पूर्वी अफ्रिकामा रहने अति कालो एक जाति ।

हमला–(ना०) झम्टाइ; आक्रमण ।

हमेशा–(क्रि० यो०) सधैं; सदा ।

हम्कनु–(स० क्रि०) हावा चलाउन पङ्खा आदि हल्लाउनु ।

हम्मेसो–(क्रि० यो०) सितिमिति; हत्तपत्त ।

हर–(ना०) काँधदेखि फिलासम्मको भाग; केटाकेटीको बोलीमा नुहाउने काम । (क्रि० यो०) हरएक ।

हरएक–(क्रि० यो०) प्रत्येक; हरेक ।

हरक–(ना०) नमीठो गन्ध, सडे वा गलेको गन्ध ।

हरघडी–(क्रि० यो०) सधैं; हमेशा ।

हरण–(ना०) लुट्ने वा चोर्ने काम ।

हरताल (ना०) सबै कुराले शून्य हुने ठाउँ; हडताल ।

हरदम–(क्रि० यो०) सधैं; सदा ।

हरफ–(ना०) अक्षरको पंक्ति ।

हरबखत–(क्रि० यो०) निरन्तर; सधैं ।

हरबर–(ना०) केटाकेटीले घुम्दै भन्ने बोली; ठूलो शासन ।

हररोज–(क्रि० यो०) प्रत्येक दिन; दिनहुँ ।

हरल–(वि०) हारेको अवस्था ।

हरहर–(ना०) नुहाउँदा महादेवको नाम उच्चारण गरिने शब्द; बालबोलीमा नुहाउने काम । (वि०) जलेको (आँत) । (क्रि० यो०) ज्वाला छुटेर बल्ने किसिम ।

हराउनु–(स० क्रि०) चोराउनु; गुमाउनु । (अ० क्रि०) अल्पनु; चोरिनु ।

हराउनी–(ना०) हारेबापतको दण्ड; हराउने काम ।

हराउरी–(ना०) हार्नेलाई गरिने दण्ड ।

हराम–(वि०) कसैको आज्ञा नमान्ने; घिडघिडो; हत्तेहाला ।

हरामजादा–(ना०) हरामको छोरो ।

हरि–(ना०) भगवान्; विष्णु ।

हरिकङ्गाल–(वि०) तरितन्नम; ज्यादै कङ्गाल ।

हरिण–(ना०) मृग; मिर्ग । पो० हरिणी ।

हरिनाम-(ना०) भगवान्को भजन वा नाउँ ।

हरिमुस्ले–(वि०) भुसतिघ्रे; लद्दू ।

हरिबोधिनी–(ना०) कार्तिक शुक्ल एकादशी ।

हरियाली–(ना०) हरियोपन वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



त्यस्तो दृश्य ।

हरियो-(ना०) सागपातको रङ्ग । (वि०) त्यस्तै रङ्गको ।

हरिशयनी-(ना०) आषाढ शुक्ल एकादशी ।

हरिस-(ना०) हलाको लामो तेर्सो काठ ।

हरिहर-(ना०) विष्णु र शिवको सम्मिलित रूप ।

हरीप-(वि०) हराम; हत्तेहाला ।

हरुवा-(वि०) हार्ने । (ना०) हली ।

हरे-(वि० बो०) अपशोच, शोक, निन्दा आदिमा बोलिने शब्द; ईश्वर ।

हरेउ-(ना०) एक किसिमको हरियो सर्प; काई ।

हरेस-(ना०) निरुत्साह ।

हरोहर-(ना०) बिलकुल नहुनु; खतम ।

हर्जा-(ना०) खाँचो; आवश्यक ।

हर्जाना-(ना०) क्षतिपूर्ति; नोक्सानी भर्ना ।

हर्ताकर्ता-(वि०) मुख्य प्रबन्धक ।

हर्युङ्गो-(ना०) हातको एक भाग ।

हर्ताठ-(ना०) पैंताला फुट्ने रोग ।

हर्निया-(ना०) अण्डकोशमा आन्द्रा बस्ने एक रोग ।

हर्पे-(ना०) घिउतेल राख्ने काठको भाँडो ।

हर्र-(क्रि० यो०) वेगसित हावा लाग्ने किसिम ।

हर्रा-(ना०) पातलो दिसा; पखाला ।

हर्रो-(ना०) एक जातको तीतो फल ।

हर्ष-(ना०) खुशीयाली ।

हर्षित-(वि०) दङ्दास; दङ्ग ।

हर्सन्दा-(ना०) सरकारी ढुकुटीको आवश्यक खर्च ।

हर्सा-(ना०) गुदद्वारमा खटिरो आउने र रगत दिसा हुने एक रोग; अलकाई ।

हल-(ना०) हलो ।

हलका-(वि०) हलुको ।

हलकारो-(ना०) चिठीपत्र बाँड्ने सिपाही; पिउन ।

हलक्क-(क्रि० यो०) सप्रेर चाँडो बढ्ने किसिम ।

हलचल-(ना०) हल्लने र चल्ने काम; ठूलो खलबल ।

हलम्बू-(वि०) लट्ठक केही नजान्ने; बेकम्मा ।

हलहली-(क्रि० यो०) छिटो खाने वा धेरै छाद्ने किसिम ।

हलाहल-(ना०) एक किसिमको धेरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



कडा विष ।

हली–( ना० ) हलो जोत्ने व्यक्ति; हरुवा ।

हलुको–(वि०) हलौं; हलका; बोझ नभएको ।

हलुवा–(ना०) मनभोग ।

हलुवाबेद–( ना० ) एक किसिमको फल ।

हलुवासन–(ना०) बम्बईसनजस्तो एक किसिमको मिठाई ।

हलेदो–(ना०) नकुटेको बेसार ।

हलेसो–(ना०) एक चरो ।

हलो–( ना० ) खेतबारी जोत्ने साधन; हल ।

हलोजोता–(ना०) हली ।

हलौं–( वि० बो० ) लौ, पर्खी, हुन्छ आदि बुझाउने शब्द ।

हल्ल–( क्रि० यो० ) खूबसित हांस्ने किसिम ।

हल्लनु–(अ० क्रि०) काम्नु; झुल्नु; चल्नु; डराउनु; लरखराउनु ।

हल्लखल्ल–(ना०) जताततै फिंजिएको खबर ।

हल्लनटाए–(वि०) काम न काजसित यताउता हिंड्ने; ज्यादा डुल्लो ।

हल्लनटट्टू–(वि०) हल्लनटाट ।

हल्ला–( ना० ) धेरै जना कराएको आवाज; खलबल; हौडा ।

हल्लाखल्ला–(ना०) हल्लाखल्ल ।

हल्लुँडो–( ना० ) हलाको हरिसमा जुवा झुन्ड्याउने छालाको डोरी । (वि०) भद्दा; बेकम्मा ।

हल्ले–(ना०) दुई थरी जमात मिली लट्ठीले भकुन्डोमा हानेर टुङ्गो नघाई खेलिने खेल ।

हल्सारो–(ना०) पहिलो पल्ट गोरु जोत्नु; कुनै काम शुरू गर्नु; कलिलो पाडो मरेपछि हातले पधारिने भैंसी; बुहारीले पत्यार गरी अरूलाई राख्न दिएको वस्तु ।

हवन–(ना०) होम; होम्ने काम ।

हवलदार–( ना० ) सिपाहीभन्दा माथिको जङ्गी जागीरदार ।

हवलदारी–(ना०) हवलदारको काम वा पद ।

हवा– वायु; बतास ।

हवाई–( वि० ) हावाको; हावामा उड्ने ।

हवाईअड्डा–(ना०) हवाईजहाज उड्ने वा बस्ने ठाउँ ।

हवाईजहाज–(ना०) हावामा उड्ने यान; चिलगाडी; वायुयान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हवाईडाँक–( ना० ) हवाईजहाजद्वारा चल्ने डाँक ।

हवाल–(ना०) दुर्दशा; हैरानी ।

हवास–(ना०) होश; चेतना ।

हविष्य–(वि०) व्रत, एकछाकी आदिमा खाइने सात्त्विक भोजन ।

हवेली–(ना०) विश्राम गर्ने ठूलो घर; महल ।

हव्य–( वि० ) हवन गर्न योग्य । (ना०) तागत; बर्कत ।

हव्यकव्य–(ना०) हव्वेकव्वे ।

हसक्क–( क्रि० यो० ) सडेगलेका वस्तुको दुर्गन्ध आउने किसिम ।

हसिना–(ना०) बास्ना आउने मसिनो फूल ।

हसुर्नु–( स० क्रि० ) सित्तँमा खानु; धेरै खानु ।

हस्त–(ना०) हात; बाहु ।

हस्तकला–(ना०) हातले कुनै वस्तुको निर्माण गर्ने सीप ।

हस्तक्षेप–(ना०) दखल; हात हाल्ने काम ।

हस्तलिपि–( ना० ) कसैका हातको लेखोट ।

हस्ताक्षर–(ना०) दस्तखत; सही ।

हस्तिहाड–(ना०) हात्तीको हाड ।

हस्तिनी–(ना०) ढोई; हात्तिनी ।

हस्ती–(ना०) हात्ती ।

हस्ते–(क्रि० यो०) मार्फत; कसैको हातबाट ।

हस्स–(क्रि० यो०) जिल्ल; वाल्ल; अक्क न बक्क ।

हाँ–(वि० बो०) अरूले गरेका काम-कुरामा सही थाप्ने वा मन्जूरी, निषेध आदि बुझाउने शब्द ।

हाँक–(ना०) लड्ने बोलाहट; हकार; चुनौती; आज्ञा ।

हाँक्नु–(ना०) शासन गर्नु; अह्राउनु; हाँक दिनु; दबाउनु; फर्माउनु ।

हाँगाबिगा–(ना०) हाँगाहरूको समुदाय ।

हाँगिनु–( अ० क्रि० ) फैलिनु; फाङ्गिनु ।

हाँगे–(वि०) धेरै हाँगा भएको ।

हाँगो–(ना०) रूखको सन्तान; शाखा ।

हाँडाचिन्डा–(ना०) माटाका भाँडा र तुम्बी लौकाका भाँडाहरू ।

हाँडो–(ना०) कसौंडीका आकारको माटाको भाँडो ।

हाँडे–(ना०) कानका फेदमा फुकुन्डो निस्कने एक रोग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**हाँडो**–( ना० ) माटाको वा थोत्रो भाँडो ।

**हाँडोभाँडो**–(ना०) भएभरका भाँडा-कुँडा; भाँडाबर्तन ।

**हाँपझाँप**–(ना०) असाध्यै चाख र चेष्टा ।

**हाँप्नु**–( अ० क्रि० ) घक्नु; स्वाँस्वाँ गर्नु ।

**हाँस**–(ना०) हंस; एक प्रसिद्ध चरो ।

**हाँसो**–(ना०) हास्य; हँसाइ ।

**हाँस्नु**–( अ० क्रि० ) खित्का छोड्नु; मुस्कुराउनु; हँस्सी गर्नु ।

**हाइ**–(वि० बो०) खेद; दया; सहानुभूति आदि जनाउने शब्द ।

**हाइहाइ**–(वि० बो०) हाइ; बा:बा: ।

**हाई**–(ना०) आलस्य, निद्रा आदिले मुख बाउने काम ।

**हाईहाई**–( वि० ) सबैले कुराउने; प्रशंसा योग्य ।

**हाउ**-(ना०) भाव; गुजी; केटाकेटीलाई डर देखाउने कल्पित जीव ।

**हाउभाउ**–(ना०) हावभाव ।

**हाकहुक**–( ना० ) यसोउसो; हाइँफाइँ ।

**हाकाहाकी**–( क्रि० यो० ) प्रत्यक्ष; खुल्लमखुला ।

**हाकिम**–(ना०) अड्डाको मुख्य पदाधिकारी; अध्यक्ष ।

**हाकी**–(ना०) दुवै हात फैलाएर केटाकेटीलाई बोलाउने शब्द ।

**हाको**–(ना०) डाँको; उच्च स्वरको बोली ।

**हाक्कहुक्क**–(ना०) हाकहुक ।

**हाच्छ्यूँ**–(क्रि० यो०) छिक्ने किसिम वा शब्द ।

**हाजिर**–(वि०) सामने रहेको; मौजूद; उपस्थित ।

**हाजिरजवाफ**–(ना०) तुरुन्त उपयुक्त उत्तर दिन सक्ने ।

**हाजिरी**–(ना०) हाजिर हुने क्रिया ।

**हाट**–(ना०) बजार; पसल ।

**हाड**–(ना०) हड्डी; ओखर आदिको बोक्रो ।

**हाडखोड**–( ना० ) सानातिना हाडहरू ।

**हाडनाता**–( ना० ) एउटै योनिको सम्बन्ध; नजीकको नाता ।

**हाडे**–(वि०) हाड भएको ।

**हात**–(ना०) हस्त ।

**हातपात**–( ना० ) कामवासनाको इच्छाले परस्त्रीमाथि हात हाल्ने काम; हस्तक्षेप; हातहलाइ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हातमुख–(ना०) मीठो बोल्न र खान दिन सक्ने क्रिया; हात र मुखसुहाउँदो काम ।

हातलागी–(ना०) प्राप्ति; आम्दानी ।

हातसारी–(ना०) मिलेर पालैसित काम गर्नु; थोरै दिनको सरसापटी ।

हातहतियार–(ना०) शस्त्रास्त्र; काटमारका साधन; ज्याभल ।

हाता-(ना०) ओडा; ठूलो प्रान्त ।

हाताहाती–(क्रि० यो०) माल र मोल एकै पटक लिनेदिने किसिम ।

हाते-(वि०) हातको लायक ।

हातेमालो-(ना०) परस्परमा हात समात्ने काम; सहायता ।

हातो–(ना०) जाँतो घुमाउँदा समाउने बिंड ।

हात्ती–(ना०) लामो सूँड भएको ठूलो जन्तु ।

हात्तीसार–(ना०) हात्ती बाँध्ने ठाउँ वा घर ।

हानथाप–(ना०) दुई-तीन जनाका बीचको हानाहान ।

हानाहान–(ना०) लुछाचुँडी ।

हानि–(ना०) नोक्सान; क्षति ।

हानिनु–(अ० क्रि०) बेगसित जानु; चटारिनु ।

हान्नु–(स० क्रि०) कुट्नु; हिर्काउनु; गोदनु; मार हान्नु; आँटले काम टुङ्ग्याउनु ।

हानेफाने-(ना०) काममा फूर्ति; हाइँफाइँ ।

हाप्सिलो-(ना०) फ्याउरोजस्तो जन्तु । (वि०) धेरै खाने ।

हाब्रे-(वि०) धेरै खाने; खन्चुरो ।

हाम–(ना०) बालबोलीमा खाने काम; खुवाइ ।

हामफलाइ–(ना०) हामफाल्ने किसिम ।

हामफाल्नु–(अ० क्रि०) फाल हाल्नु ।

हामी–(सर्वना०) 'म' को बहुबचन ।

हाम्म–(क्रि० यो०) खाने वा गाँस हाल्ने किसिम ।

हाय–(वि० बो०) शोक, विलाप, अपशोच आदि जनाउने शब्द ।

हायलकायल–(वि०) थरहरी ।

हायू–(वि०) धेरै खाने; खाइदेऊ ।

हार–(ना०) सुन, रत्न आदिको माला; लहर; हार्ने काम; लाचारी ।

हारहुर–(क्रि० यो०) हडबड ।

हाराबारा–(वि०) हावाकावा । (ना०) केटाकेटीको हात समाती घुमाउने एक खेल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हारालूछ–(ना०) जसले सक्यो उसले लुछ्ने वा लुटेर लिने काम ।
हाराहारी–( वि० ) आमुन्नेसामुन्ने; सोझासोझी ।
हार्द–(वि०) हृदयसम्बन्धी; हृदय-देखिको । (ना०) प्रेम; स्नेह ।
हार्दिक–(वि०) हार्द ।
हार्दिकता–( ना० ) हार्दिक हुनाको भाव ।
हार्बिन–(ना०) हार्मोनियम ।
हार्मोनियम–( ना० ) एक प्रकारको बाजा ।
हार्रहुर्र–(क्रि० यो०) छर्ने वा पोख-ढोल गर्ने किसिम ।
हाल–(ना०) अहिलेको समय ।
हालखबर–(ना०) समाचार; हाल-चाल ।
हालत–(ना०) परिस्थिति; अवस्था; हबिगत ।
हालवाला–( वि० ) हाल भएको; नयाँ ।
हालसाल–( क्रि० यो० ) हिजोआज; अचेल ।
हालहूल–(ना०) हूलदङ्गा ।
हाला–(वि०) हैरान; हायलकायल ।
हालाहाल–( ना० ) आफुसमा हाल्ने काम ।
हाल्नु–( ना० ) कोच्नु; घुसाउनु; राख्नु; किरिया खानु ।
हाल्लहुल्ल–( ना० ) हालहूल । (क्रि० यो०) पानी आदि पोख्ने किसिम ।
हावभाव–(ना०) हाउभाउ; हात; मुख, आँखा, आदि अङ्गका चेष्टा ।
हावा–(ना०) वायु; बतास ।
हावाकावा–( वि० ) हायलकायल; थरहरी ।
हावाघर–(ना०) हावा चल्ने घर ।
हावादारी–( वि० ) हावा छिर्ने; बेप्रमाणको ।
हावापानी–(ना०) हावा र पानी; परिस्थिति; वातावरण ।
हासिल–( वि० ) पाएको; प्राप्त । (ना०) सफलता; तामेल ।
हास्य–(ना०) हाँसो; साहित्यका नौ रसमध्ये एक ।
हाहा–( ना० ) ठूलो स्वरले हाँस्ने आवाज; हल्ला ।
हाहाकार-(ना०) शोकपूर्ण कोलाहल ।
हाहु-(ना०) हाटहुट; जमर्को ।
हिंडडुल– (ना०) यताउति हिंड्ने र डुल्ने काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हिंडन्ता–(वि०) खूब हिंडिरहने ।

हिंडन्ते–(वि०) हिंडन्ता ।

हिंडाउनु–(अ० क्रि०) लैजानु; चोर्नु; बिगार्नु ।

हिंड्वा–(वि०) हिंडन्ता ।

हिंड्नु–(अ० क्रि०) एक ठाउँबाट अर्को ठाउँमा जानु; गमन गर्नु; टहल्नु; बिग्रनु; पोइल जानु ।

हिउँ–(ना०) प्राकृतिक ठन्डीले जमेको पानी; बरफ ।

हिउँद–(ना०) जाडोको मौसम वा याम ।

हिंसा–(ना०) ज्यान लिने काम ।

हिंसालु–(वि०) हिंसा गर्ने ।

हिंस्रक–(ना०) मांसाहारी जनावर ।

हिक्मत–(ना०) बुद्धिमानी; हिम्मत; आँट ।

हिकमतदार–(वि०) हिकमती ।

हिकमतहारा–(वि०) हुती नभएको ।

हिकमती–(वि०) आँटी; आँटिलो ।

हिक्क–(ना०) हिक्का लाग्ने किसिम ।

हिक्का–(ना०) बाडुली; हिक्कहिक्क शब्द ।

हिङ–(ना०) गन्ध आउने एक पदार्थ ।

हिचकिचाइ–(ना०) हिचकिचाउने काम ।

हिचकिचाउनु–(अ० क्रि०) डर, आदर आदिले केही भन्न नसक्नु; हच्कनु ।

हिजडा–(ना०) नपुंसक ।

हिजो–(क्रि० यो०) गएको अघिल्लो दिन ।

हिजोआज–(क्रि० यो०) अचेल; वर्तमानमा ।

हिज्जे–(ना०) कुनै शब्दको अक्षरको क्रम; अक्षरविन्यास ।

हिटी–(ना०) पानीको धारो ।

हित–(ना०) भलाइ; उपकार ।

हितकारी–(वि०) हित गर्ने ।

हितचिन्तक–(वि०) भलो चिताउने; हितैषी ।

हितैषी–(वि०) शुभेच्छु; हितकारी ।

हित्तचित्त–(ना०) अन्तःकरण; दिल ।

हिनहिनाउनु–(अ० क्रि०) हिलिनु; घोडा कराउनु ।

हिनामिना–(ना०) मालसामानको बरबादी; हानि-नोक्सानी ।

हिन्दी–(ना०) हिन्दुस्थानको प्रमुख भाषा ।

हिन्दुस्तान–(ना०) हिन्दूहरूको निवास स्थान; भारत ।

हिन्दू–(ना०) आर्यजाति । (वि०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



सतातनी; धर्मशास्त्र मान्ने ।

हिफाजत–(ना०) जतन; बचाउ ।

हिफाजती–( वि० ) हिफाजत गर्ने; जतन गर्ने ।

हिम–(ना०) हिउँ; बरफ ।

हिमचिम–( ना० ) चिनाजानी; बसउठ ।

हिमाइते–( ना० ) हेपाहा; अटेर; उपद्रवी ।

हिमाल–(ना०) हिमालय ।

हिमालय–( ना० ) हिउँको प्रसिद्ध पर्वत ।

हिम्मत–(ना०) हिम्मत ।

हिम्मतदार–(वि०) हिम्मती ।

हिम्मतहारा–(वि०) हिम्मत नभएको ।

हिम्मती–(वि०) आँटिलो; हिकमती ।

हियो–(ना०) मन ।

हिरन–(ना०) मर्न लागेका मानिस-लाई खुवाउने अन्न, जल आदि ।

हिरासत–(ना०) कैद; थुना ।

हिरिक्क–( क्रि० यो० ) प्राण जाने किसिम ।

हिर्काउनु–(ना०) ठोक्नु; हान्नु ।

हिलमिल–( ना० ) मेलमिलाप; हिमचिम ।

हिलिनु–(अ० क्रि०) घोडा कराउनु; काम न काज गिजिएर हाँस्नु ।

हिलिमिली–( क्रि० यो० ) मिलजुल गरेर ।

हिले–(वि०) हिलाको; हिलोमा हुने । ( ना० ) रोपाइँमा हिलो छयापी खेलिने खेल; हिलोमा हुने एक जातको माछो ।

हिलो–( ना० ) माटाको लेदो; दबदब ।

हिल्याउनु–( ना० ) हिलो गराउनु; बाउसे आदि गर्नु ।

हिल्ल–( क्रि० यो० ) खित्का छोडेर हाँस्ने किसिम ।

हिल्ला–( ना० ) कुनै वस्तु अरूलाई बुझाइदिनु; जिम्मा ।

हिसाब–(ना०) लेनदेन; आयव्ययको लेखोजोखो; नियम; अपेक्षा ।

हिसाबकिताब–(ना०) हरहिसाब ।

हिसाबशान्ति–( क्रि० यो० ) हिसाब-अनुसार ।

हिसी–(ना०) सौन्दर्य; लावण्य ।

हिस्स–( क्रि० यो० ) जिलल; अलमल्ल ।

हिस्सा–(ना०) भाग; अंश ।

हिस्सिनु–( अ० क्रि० ) हिस्स पर्नु; निराश हुनु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हिस्सेदार–( ना० ) हिस्सा भएको व्यक्ति; अंशियार ।

हींहीं–( क्रि० यो० ) लाचार हुने वा खुशामद गर्ने किसिम; केटाकेटी रुने किसिम ।

हीन–(वि०) नीच; रहित; नभएको ।

हीरकजयन्ती–( ना० ) साठी वर्ष पुगेको उपलक्ष्यमा मनाइने उत्सव ।

हीरा–(ना०) कान्तियुक्त र बहुमूल्य एक प्रसिद्ध रत्न ।

हीराकसी–(ना०) कालो रङ आउने एक पत्थर ।

हीही–( क्रि० यो० ) हाँस्दा वा हिलिंदाको किसिम ।

हुँगिया–( ना० ) किस्सा-कहानीमा बताएको रूख ।

हुँडलो–(ना०) झगडा; राडो ।

हुँडल्नु–(स० क्रि०) घोल्नु; फाउनु; फेट्नु; हुँडुलो मच्चाउनु ।

हुँडार–(ना०) ब्वाँसो ।

हुँदि–(ना० यो०) तिर; तर्फ; भए वा गरेमा ।

हुँदो–(ना०) कल्याण; हित; भलाइ ।

हुँदोखाँदो–( वि० ) राम्रो अवस्था भएको; खाँदोपिँदो ।

हुकुम–( ना० ) सरकारको आज्ञा; आदेश; शासन ।

हुक्क–(क्रि० यो०) हिक्का; बाडुली ।

हुक्का–(ना०) तमाखु खाने भाँडो ।

हुक्के–( ना० ) हुक्का समात्ने वा तमाखु भरी खुवाउने व्यक्ति ।

हुक्नु–(अ० क्रि०) कुर्लनु; हकानु ।

हुङ्कार–(ना०) गर्जना; ठूलो स्वर ।

हुचील–(ना०) एक जातको चील ।

हुच्च–(क्रि० यो०) हुच्चिने किसिम ।

हुच्चनु–(अ० क्रि०) हुत्याउनु; लट्ठी आदिले प्याँक्नु ।

हुज्जत–(ना०) दङ्गा; फसाद ।

हुटिटचाउँ–(ना०) खोलाको किनारमा बस्ने एक जातको चरो ।

हुती–(ना०) सामर्थ्य; आँट; तागत ।

हुतीहारा–(वि०) हुती नभएको ।

हुतुतुतु–( क्रि० यो० ) पन्यालो वस्तु निस्कने वा पस्ने किसिम ।

हुत्त–( क्रि० यो० ) पस्ने वा निस्कने किसिम ।

हुनु–(अ० क्रि०) रहनु; बन्नु ।

हुन्डर–(ना०) उपद्रव; हूलदङ्गा ।

हुन्डरी–( वि० ) हुन्डर मच्चाउने; उपद्रवी ।

हुन्डी–( ना० ) अर्को ठाउँमा रुपियाँ पठाउने तरीका वा पत्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुप–(ना०) चस्केर दुख्ने एक व्यथा; फस्को; धातुको अङ्कुसेजस्तो साधन; घुँडी ।
हुपी–(ना०) मानसिक बल; खूबी ।
हुप्प–( क्रि० यो० ) फुल्ने वा उक्सने किसिम ।
हुमे–(ना०) पुरोहित; पुरेत ।
हुमेडुमे–(ना०) पुरोहित र दमाईं ।
हुमेलो–(ना०) हूलमूल; भीडभाड ।
हुरहुर–(क्रि० यो०) हावा चल्ने वा आगो बल्ने किसिम; एकै पल्ट धेरै मान्छे पस्ने वा निस्कने किसिम ।
हुरहुराउनु–(अ० क्रि०) दन्केर आगो बल्नु; बुरबुराउनु; मायालाग्दो हुनु ।
हुरी–(ना०) वेगसित चलेको हावा; भोजनको पटक ।
हुरुक्क–(क्रि० यो०) हिरिक्क ।
हुरेल्नु–( स० क्रि० ) बेकाममा धेरै खर्च गर्नु; जथाभावी पर्याँक्नु ।
हुरेलधुरेल-(ना०) फजूलमा धेरै खर्च गर्ने काम ।
हुर्कनु–(स० क्रि०) जवान हुनु ।
हुडुँङ्गे–(वि०) हुडबडे; फजूलखर्ची ।
हुडुँङ्ग्याहा–(वि०) हुडुँङ्गे ।
हुर्मत–(ना०) इज्जत; आबरू ।
हुर्र–(क्रि० यो०) पर्याँक्ने वा आगो बल्ने किसिम ।
हुर्रा–(ना०) हुर्‍याउने काम ।
हुर्रिनु–( अ० क्रि० ) दौडेर आउनु-जानु; चबारिनु ।
हुलाक–( ना० ) डाँकअड्डा; चिठी-पत्र ।
हुलाकघर–( ना० ) हुलाक रहेको घर ।
हुलाकी -(ना०) हुलाकको काम गर्ने व्यक्ति; हुलाक बोक्ने मान्छे ।
हुलिया–( ना० ) चिह्न आदिको बिवरण; चोरी भएमा दिने खोलुवा ।
हुलुक्क–( क्रि० यो० ) छाद्ने किसिम ।
हुल्नु–( स० क्रि० ) भित्र पसाउनु; छिराउनु ।
हुल्लड–(ना०) होहल्ला; दङ्गा ।
हुल्लडबाज–(वि०) हुल्याहा ।
हुल्याहा–(वि०) हूलदङ्गा मच्चाउने; हूल वा गोलमाल गराउने ।
हुस्स–(क्रि० यो०) बादल वा कुहिरो लाग्ने र फुल्ने, उक्सने वा उम्लने किसिम ।
हुस्सिनु-(ना०) हुस्स हुनु ।
हुस्सु–(ना०) कुहिरो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हुस्सू–(वि०) बेहोशी; होस्ल्याङ ।
हूल–(ना०) धेरै मानिसको समूह; जमात; भीड ।
हूलचाल–(ना०) हूलमूल; मारपीट ।
हूलदङ्गा–(ना०) भीडको दङ्गा; हूलचाल ।
हूलमूल–(ना०) भीडभाड; हूलदङ्गा ।
हृदय–(ना०) छाती; मन; मुटु; अन्तरात्मा; भित्री रहस्य ।
हृदयङ्गम–(ना०) हृदयमा घुस्ने काम; मनले लिने काम ।
हृदयविदारक–(वि०) मनमा ठूलो दुःख पैदा गर्ने ।
हृष्टपुष्ट–(वि०) मोटोघाटो; हट्टाकट्टा ।
हे–(वि० बो०) नाम लिएर बोलाउँदा अगिल्तिर लाग्ने शब्द; ए ।
हेइ–(ना०) भैंसीलाई बोलाउने शब्द; आइँ ।
हेक्का–(ना०) सम्झना; याद ।
हेतु–(ना०) कारण; प्रयोजन ।
हेपाइ–(ना०) हेप्ने काम वा किसिम ।
हेपाहा–(ना०) हेप्ने; अटेर; भिपाहा ।
हेप्नु–(स० क्रि०) अदब, डर केही नराख्नु; ह्याउनु; नटेर्नु हेला गर्नु ।
हेमन्त–(ना०) छ ऋतुमध्ये एक (मङ्सीर र पूस) ।
हेय–(वि०) तुच्छ; रद्दी ।
हेर–(वि० बो०) कसैलाई सावधान गराउँदा भनिने शब्द ।
हेरचाह–(ना०) रेखदेख; संरक्षण ।
हेरफेर–(ना०) साटफेर; अदलाबदली; अन्तर ।
हेरविचार–(ना०) पालनपोषण; हेरचाह ।
हेराइ–(ना०) हेर्ने काम वा किसिम ।
हेराहेर–(ना०) परस्परमा एकले अर्कोलाई हेर्ने काम; देखादेख ।
हेरि–(वि० बो०) जनाउ बुझाउने शब्द; हेर ।
हेरोफेरो–(ना०) देखिने र हेरिने सबै ठाउँ; सेरोफेरो ।
हेरुवा–(ना०) एक किसिमको गाईवस्तुको व्यापारी; खबर वा सूचना दिने काम ।
हेलचेक्र्याइँ–(ना०) बेवास्ता; उपेक्षा ।
हेलमेल–(ना०) मेलमिलाप ।
हेला–(ना०) अपमान; बेवास्ता ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**हेलिकोप्टर**–( ना० ) एक किसिमको सानो हवाईजहाज ।

**हेलिनु**–(अ० क्रि०) खोलाको बग्दो प्रवाहमा पस्नु ।

**हेलैं**–(क्रि० यो०) सजिलैसँग ।

**हेल्नु**–(स० क्रि०) खोलाको प्रवाहमा गाई-भैंसी पसाउनु ।

**हैं**–(ना०) मन्जूर गराउँदा वा जनाउ दिंदा भनिने शब्द ।

**हैंसे**–(ना०) होस्टेको पूरक शब्द; गुहार बुझाउने शब्द ।

**हैकम**–(ना०) प्रभाव; कब्जा ।

**हैजा**–(ना०) झाडावान्ताको रोग; छेराउटी ।

**हैरान**–(वि०) थकित; दिक्क ।

**हैरानी**–(ना०) अति परिश्रम; दिकदारी ।

**हैसियत**–(ना०) इज्जत; औकात ।

**हैसियतदार**–( वि० ) प्रतिष्ठित; इज्जतदार; औकातवाला ।

**हो**–(वि० बो०) ठीक छ, निश्चय आदि जनाउने शब्द ।

**होक्काँ**–( क्रि० यो० ) साँढे डुक्रने किसिम ।

**होचो**–( वि० ) अग्लो नभएको; पुड्को ।

**होच्याउनु**–(स० क्रि०) होचो गराउनु; निन्दा गर्नु ।

**होड**–(ना०) बाजी; दाउ । (वि०) टाँड परेको; केही टेढो ।

**होडबाजी**–(ना०) प्रतियोगिता; होड र बाजी ।

**होता**–(ना०) होम गर्ने ब्राह्मण ।

**होत्त**–( वि० बो० ) घृणा, फर्को आदि बुझाउने शब्द ।

**होत्रो**–(ना०) कामी र कौको ठूलो घन ।

**होनहार**–(वि०) हुनसम्मको राम्रो; असल हुने ।

**होपापावी**–( ना० ) हत्त र पत्त; तँछाडमछाड गर्ने काम ।

**होम**–(ना०) आगोमा घिउचरु हाल्ने काम; हवन ।

**होमियोप्याथी**–( ना० ) उपचारको एक प्राचीन तरीका ।

**होम्नु**–( स० क्रि० ) होम गर्नु; आगोमा आहुति दिनु ।

**होली**–( ना० ) रङ्ग, अबीर आदि परस्परमा लगाएर मनाइने उत्सव; फागु ।

**होलो**–(वि०) सजिलो; सरल ।

**होल्डर**–(ना०) एक किसिमको कलम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



होश–(ना०) चेतना; स्मरण; याद।

होशहवास–( ना० ) सुद्धीबुद्धि; चैतन्य।

होशियार–(वि०) होश वा चेतना भएको।

होस्टे–(ना०) गह्रौं माल तान्दा 'बल गर' भन्ने शब्द।

होस्ल्याङ–(वि०) हुस्सू; बेकूफ।

हौंडा–(ना०) हल्ला।

हौदा–( ना० ) हात्तीका पिठिउँमा कसिने आसन।

हौसला–(ना०) हिम्मत; आँट।

हौसिनु–(अ० क्रि०) सुरिनु।

हौस्याउनु–(स० क्रि०) हौसला दिने गर्नु, उत्साही गराउनु; प्रेरित गर्नु; ठूलो बनाई अघि सार्नु।

ह्याउ–(ना०) मानसिक बल; आँट।

ह्याउनु–( स० क्रि० ) हेला गर्नु; हेप्नु।

ह्याकुलो–( ना० ) छातीको उठेको भाग।

ह्रस्व–(वि०) लामो नभएको; सानो। (ना०) थोरै बेरमा उच्चारण गरिने स्वर।

ह्वाँ–(क्रि० यो०) डाँको छोडेर रुने किसिम।

ह्वाङह्वाङ–(ना०) कुकुर भुक्ने वा बाघ, खोलो आदि बेसरी कराउने किसिम।

ह्वाङह्वाङती–( क्रि० यो० ) घर, कोठा आदि छ्याङ्ङ खुला हुने किसिम।

ह्वाङह्वाङी–(क्रि०यो०) ह्वाङह्वाङती।

ह्वाङ्ङ–(क्रि० यो०) कुकुर, बाघ आदिले झम्टने किसिम; ठूलो प्वाल पर्ने किसिम।

ह्वाङ्ग्रे–(वि०) बडेमाको; ठूलो।

ह्वाङ्ङ–(क्रि० यो०) ह्वाङ्ङ।

ह्वात्त–(क्रि० यो०) भएभरको एकै पटक पोखिने किसिम।

ह्वातात्त–(क्रि० यो०) पन्यालो वस्तु लगातार थुप्रै पोखिने किसिम।

ह्वाप्प–(क्रि० यो०) एकै चोटि पस्ने किसिम।

ह्वामह्वामी–( क्रि० यो०) ठूलो गाँस हालेर झटपट खाने किसिम।

ह्वाम्म–(क्रि० यो०) ठूलो गाँस हाल्ने किसिम।

ह्वारह्वार–( क्रि० यो० ) आगाको ज्वाला निस्कने किसिम; पानी पर्ने किसिम; मानिसको ओइरो लाग्ने किसिम।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



ह्वारह्वारी–(क्रि० यो०) ह्वारह्वार ।

ह्वार्र–(क्रि० यो०) हुर्र ।

ह्वालह्वाल–( क्रि० यो० ) प्रशस्त पन्यालो पदार्थ एकनास बगिरहने किसिम ।

ह्वालह्वाली-(क्रि० यो०) ह्वालह्वाल ।

ह्वास्स-(क्रि० यो०) हरक आउने, झम्लने आदि किसिम ।

ह्विस्की–( ना० ) एक प्रकारको रक्सी ।

ह्वेल–( ना० ) पृथ्वीका जीवहरूमा सबभन्दा ठूलो स्तनपायी माछो ।

—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

# रूपान्तरित शब्दहरू

## A

Abstract - अमूर्त ।

Academician- प्राज्ञ ।

Academic Council- प्राज्ञ-परिषद् ।

Academy- प्रज्ञाप्रतिष्ठान ।

Accept- स्वीकार ।

Acceptability- स्वीकार्यता ।

Account- लेखा, हिसाब ।

Accountant- लेखापाल ।

Account Clerk- लेखा-कारिन्दा ।

Accountant General- महा-लेखापाल ।

Account Deposit- गणना धरौटी ।

Account Officer- लेखाधिकृत ।

Acknowledgement- प्राप्ति-स्वीकार ।

Act- ऐन ।

Acting- कार्यकारी ।

Action- कारवाही, कार्यवाही ।

Activity- गतिविधि ।

Adding Machine- जोड्ने यन्त्र ।

Additional- अतिरिक्त ।

Administration- प्रशासन ।

Administrative- प्रशासनिक ।

Administrative Officer- प्रशासन अधिकृत ।

Admission- प्रवेश, भर्ना ।

Admission Card- प्रवेशपत्र ।

Advance- बैना, पेश्की ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**Advocate**– अधिवक्ता ।
**Affidavit**– शपथिका, शपथपत्र ।
**Affiliation**– सम्बद्ध, सम्बन्ध ।
**Afforestation**– वनीकरण, वृक्षारोपण, वन पाल्नु ।
**Agency**– एजेन्सी, प्रतिनिधित्व, दलाली ।
**Agenda**– कार्यसूची ।
**Agent**– एजेन्ट, दलाल, प्रतिनिधि, वारिस ।
**Agro-economics**– कृषि-अर्थशास्त्र ।
**Agriculture**– कृषि, कृषिविज्ञान ।
**Agronomics**– बाली-विज्ञान ।
**Agro-economist**– कृषि-अर्थशास्त्री ।
**Air Document**– हवाई लिखत, हवाईलेखो ।
**Airlines**– हवाई-सेवा ।
**Air Parcel**– हवाई-पार्सल ।
**Allignment**– रेखाबन्ध ।
**Ambulance**– बिरामी गाडी ।
**Announcer**– उद्घोषक ।
**Antirabic**– बौलाहा पशुले टोकेको औषधी गर्ने ( शाखा) ।
**Application** दर्खास्त, आवेदनपत्र, निवेदन ।
**Appointment**– नियुक्ति ।
**Archeologist**– पुरातत्त्वविज्ञ ।
**Archeology**– पुरातत्त्व-विज्ञान ।
**Area**– क्षेत्रफल, क्षेत्र ।
**Area Office**– क्षेत्रीय कार्यालय ।
**Armed Police**– सशस्त्र प्रहरी ।
**Article of Agreement**– सम्झौतापत्र ।
**Artisan Well**– आर्टिजन कुवा ।
**Assembly**– सभा ।
**Assets**– जेथा, जायजेथा, मालताल ।
**Assistant**– सहायक, नायब ।
**Assistant Lecturer**– सहायक प्राध्यापक ।
**Assistant Sub-Inspector of Police**– प्रहरी सहायक निरीक्षक ।
**Attache**– सहचारी ।
**Audio-Visual**- दृश्य-श्रव्य ।
**Audit**– लेखापरीक्षण ।
**Auditing Assistant**– लेखापरीक्षण सहायक ।
**Auditor**– लेखापरीक्षक ।
**Auditorium**– सभाभवन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Authority– अख्तियार, अधिकार ।

Autograph– स्वाक्षर ।

Automatic– स्वचालित ।

Automation– स्वचालन ।

Auxiliary–Function– सहायक काम ।

Average– सरदर, सालाखाला, सामान्य ।

## B

Balance– मौज्दात, बाँकी ।

Balance of Payment– भुक्तानी सन्तुलन ।

Balance Sheet– लेनदेन सन्तुलिका वासलात ।

Bank– बैङ्क, ब्याङ्क ।

Bank Pass book– बैङ्क हिसाब पुस्तिका ।

Bar– वकिलवर्ग, वकालती आसन ।

Barrage– बाँध ।

Basket– डाली ।

Bench– न्यायासन (न्यायपालिकातर्फ) ।

Bill– पुर्जा, विधेयक, भरपाई ।

Bill of Exchange– सटही पुर्जा ।

Bio-Chemist– जीव तथा रसायन विज्ञ ।

Bio-Data– संक्षिप्त जीवनी ।

Black Board– कालोपाटी ।

Black-Market– कालोबजार ।

Black-smith– लौहकर्मी, फलामे कालीगड, कौ, सुनार, लोहार ।

Block– छपाइसाँचो, ब्लक ।

Blockmaker– साँचोकार ।

Blotting Paper– शोषणी, सोस्ता ।

Board– समिति, परिषद् ।

Board of Studies– शिक्षा व्यवस्थापक मण्डल ।

Bond– कबूलियत, ऋणपत्र, तमसुक ।

Bonus– लाभांश, पुरस्कार, इनाम ।

Book-binder– जिल्दकार, जिल्दसाज ।

Booth– स्थान, स्थल ।

Boring– प्वाल पार्नु ।

Botanical– वनस्पति सम्बन्धी ।

Botanist– वनस्पतिविज्ञ ।

Brigadier General– सहायक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



रथी ।

**Branch**– प्रशाखा ।

**Broadcast**– प्रसारण ।

**Budget**– आयव्ययक ।

**Bullet**– गोली ।

**Bureau**– विभाग, कार्यालय ।

**By-Products**– सहउत्पादन ।

# C

**Cabin**– खोपी, कोठा ।

**Cabinet**– मान्त्रिमण्डल, मन्त्रि-परिषद् ।

**Calculating machine**– गणित यन्त्र, हिसाब यन्त्र ।

**Calender**– भित्ते पात्रो, तालिका ।

**Calender of Operation**– कार्यतालिका ।

**Calling Bell**– घण्टी, बोलाउ-घण्टी ।

**Cancelled**– रद्द ।

**Camora**– क्यामरा, छवियन्त्र, छायायन्त्र ।

**Cameraman**– फोटोकार, क्याम-रावाल ।

**Camp**– क्याम्प, मुकाम, शिविर

**Campus**– विद्यापीठ ।

**Canteen**– खाजापसल, अर्नीघर ।

**Capital punishment**- ज्यान सजाय, मृत्युदण्ड ।

**Captain**– उपसेनानी ।

**Carbon**– अंगार ।

**Carbon Paper**– कालोकागत, अंगारपत्र ।

**Card**– पत्र, काड ।

**Carpenter**– सिकर्मी ।

**Cartographer**– नक्शाकार ।

**Case**– मुद्दा, मामिला ।

**Care history**– मामिला वृत्तान्त ।

**Case study**– मामिला अध्ययन ।

**Cash**– नगद ।

**Cash Box**– नगदी कन्तुर ।

**Cashier**– नगदी तहबीलदार, कोषाध्यक्ष ।

**Cashmemo**– नगदी पुर्जा, नगद रसीद ।

**Casual Leave**– भैपरीआउने बिदा, खण्डे छुट्टी ।

**Catalogue**– सूची; पन्जिका ।

**Cattle Farm** - पशुफार्म ।

**Centre**– केन्द्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Central केन्द्रीय ।
Certificate- प्रमाणपत्र ।
Chain- जन्जीर, सिक्री, साङ्लो ।
Chain man- जन्जीरदार ।
Chancellor- कुलपति ।
Charge d' Affaires- कार्यवाहक राजदूत ।
Chart- नक्शा ।
Charter- अधिकारपत्र, घोषणापत्र, बडापत्र ।
Chartered- अधिकारपत्र प्राप्त ।
Check- जांच, तहकीकात ।
Checkpost- चौकी ।
Chemical- रसायन ।
Chemical Laboratory- रसायनशाला ।
Chemist- रसायनविज्ञ ।
Cheque- चेक, धनादेश ।
Chief- मुख्य, प्रमुख, प्रधान ।
Chief Accountant- मुख्य लेखापाल ।
Chief Conservator of Forest- वनमहापाल ।
Chief of Protocol- शिष्टाचार महापाल ।
Cigarette Factory- चुरोट कारखाना ।
Circle- घेरा, मण्डल ।
Circular- परिपत्र ।
Circulation- चलनचल्ती ।
Civil- जानपद, निजामती ।
Civilian- निजामती ।
Classification- वर्गीकरण, श्रेणीकरण ।
Cleaner- किलिन्डर खलासी ।
Clerk- कारिन्दा ।
Clinic- उपचारघर ।
Clip- च्यापा, चिम्टी ।
Clip pin- च्याप्ने कांटा ।
Club- गोष्ठीगृह; रोदीघर ।
Code- सङ्केत ।
Code language- सङ्केत भाषा ।
Code of Conduct- आचारसंहिता ।
Code word- सङ्केत शब्द ।
Coin- सिक्का, टक ।
College- महाविद्यालय ।
College of Education- शिक्षा महाविद्यालय, शिक्षक तालीम महाविद्यालय ।
Colonel- सेनानी प्रमुख ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Colony– उपनिवेश, बस्ती ।
Column– महल, स्तम्भ ।
Command– हुकुम ।
Commander-inchief-General– प्रधान सेनापति, मुक्तियार (२००७ सालपूर्व) ।
Commanding Colonel– महासेनानी ।
Commerce– वाणिज्य ।
Commercial– वाणिज्य ।
Commercial Fish Farm– व्यावसायिक मत्स्यपालन केन्द्र ।
Commission– आयोग, दलाली, दस्तूरी ।
Commissioner– आयुक्त ।
Committee– समिति ।
Communication– संचार ।
Community– समाज, समुदाय ।
Company– कम्पनी ।
Compensation– क्षतिपूर्ति ।
Compositor– अक्षरयोजक ।
Confectionary Industry– मिठाई उद्योग ।
Conference– सम्मेलन ।
Conservator– वनपाल, वनसंरक्षक ।
Construction– निर्माण ।
Consolidated Fund– सर्वसंचित कोष ।
Constable– प्रहरी ।
Consulate– वाणिज्य दूतावास ।
Consulate General– महावाणिज्य दूतावास ।
Consul General– महावाणिज्यदूत ।
Consultant– सल्लाहकार ।
Contract– ठेक्का, करार ।
Control– नियन्त्रण ।
Controller– नियन्त्रक ।
Convention– सभा, नजीर, घोषणापत्र ।
Convocation– दीक्षान्त समारोह ।
Cook– खान्सामा, बाबर्ची, भान्से ।
Cooperation– सहयोग, सहकारिता ।
Cooperative– सहकारी, साझा ।
Coordination– समन्वय ।
Coordinator– समन्वयक ।
Copper and Tin Smith– कालिगड (टिनको ... इत्यादि) ।
Copy– नक्कल, प्रतिलिपि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Copy Right- प्रतिलिपि, अधिकार, कृतिस्वामित्व ।
Corporation- संस्थान, निगम ।
Cost- दाम, मोल ।
Council- परिषद् ।
Counsellor- सल्लाहकार ।
Course- पाठ्यक्रम ।
Credit- उधारो, जम्मा, सङ्कलन ।
Credit Memo- उधारो-टिपोट ।
Cultural- सांस्कृतिक ।
Culture- संस्कृति ।
Currencey- मुद्रा ।
Currency in Circulation- चल्ती मुद्रा ।
Curiculum- पाठ्यक्रम ।
Customs- भन्सार ।
Costoms Officer- भन्सार अधिकृत ।
Cyclostyle- दोहरी मसिन ।

# D

Dairy- दुग्धशाला, दूधघर ।
Dam- बाँध ।
Data- तथ्याङ्क ।
Date Line- म्याद, अवधि ।
Dean- सम्प्राज्ञ, प्रमुख, अग्रणी ।
Debenture- ऋणपत्र ।
Debit credit- खर्च-आम्दानी (वा जम्मा), लेनादेना ।
District Forest Officer- जिल्ला वनअधिकृत ।
Defence- प्रतिरक्षा, रक्षा, बचाउ ।
Deferred Payment- किस्ताबन्दी ।
Deficit- घाटा ।
Deficit Financing- घाटाको अर्थव्यवस्था ।
Degree- उपाधि, आस्पद ।
Degree College- स्नातक महाविद्यालय ।
Delegate- जिम्मा लगाउनु, प्रत्यायोजन गर्नु, प्रतिनिधि ।
Delegation of Authority- अधिकार प्रत्यायोजन ।
Demand- माग ।
Demand Deposit- चल्ती धरोट ।
Demarcation- रेखाङ्कन ।
Demonstrator- प्रदर्शक, प्रयोगशिक्षक ।
Demurrage- विलम्ब शुल्क,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



हर्जाना ।

Department– विभाग ।

Deposit– धरौट, जम्मा ।

Deposit Money– धरौट धन ।

Depot– खाना ।

Depreciation– घटती, ह्रास ।

Deputy– नायव, उप ।

Deputy inspector– उप निरीक्षक ।

Deputy InspectorGeneral– प्रहरी नायव महानिरीक्षक, उप महाप्रहरी निरीक्षक ।

Deputy Secretary– नायव सचिव ।

Deputy Superintendent of police– प्रहरी नायव उपरीक्षक ।

Design– रूपाङ्कन ।

Despatch– चलानी ।

Development– विकास ।

Diagram– आकृति, रेखाचित्र ।

Diary– डायरी, रोजनामचा ।

Dictionary– कोश, शब्दकोश ।

Die– सांचा ।

Diploma– प्रमाणिक, उपाधि ।

Direction– निर्देशन ।

Director– निर्देशक, संचालक ।

Directorate– निर्देशनालय ।

Disbursing Officer– भुक्तानी दिने अधिकृत ।

Discount– छूट ।

Disembarkation– ओर्लनु, आगमन ।

Dispensary– औषधालय, औषधीपसल ।

Distil– तप्क्याउनु ।

Distillery– भट्टी, मदिरालय ।

Distributor– वितरक ।

Dividend– लाभांश ।

Division– महाशाखा ।

Document– लिखत, कागजात ।

Draft - नक्सा, मसौदा, हुण्डी ।

Draftsman नक्शाकार, मसौदा लेखक ।

Dresser– ड्रेसर ।

Driver– चालक, ड्राइभर, हँकुवा ।

Drug– औषधी ।

Dual Currency– द्वैतमुद्रा, दुई मुद्रा ।

Duplicate– प्रतिलिपि, प्रति ।

Duplicating- Machine- दोहरी मसिन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# E

Earnest Money- धरौटी रकम ।

Eastern Zone- पूर्वाञ्चल ।

Economics- अर्थशास्त्र ।

Economy- अर्थतन्त्र ।

Education- शिक्षा ।

Efficiency Bar- दक्षतावार ।

Efficiency Rating- दक्षता जाँच ।

Electin- निर्वाचन; चुनाव ।

Election Booth- निर्वाचन स्थल ।

Electrician- बिजुली मिस्त्री ।

Electricity- बिजुली ।

Embarkation- चढ्नु, आरोहण, रमाना, बहिर्गमन ।

Emergency- सङ्कटकालीन, सङ्कटकाल ।

Employee- कर्मचारी ।

Endowment of Trust- गुठीधन ।

Engine- इन्जिन, यन्त्र ।

Engine Driver- यन्त्रचालक, इन्जिन चालक ।

Engineer- इन्जिनीयर ।

Entrepreneur- उद्योगी ।

Enterprise- उद्यम ।

Entomologist- कीराविज्ञ, कीटविज्ञ ।

Entomology- कीराविज्ञान, कीटविज्ञान ।

Eradication- उन्मूलन ।

Examination - परीक्षा ।

Examiner- परीक्षक ।

Excavate- उत्खनन गर्नु ।

Excavation- उत्खनन ।

Excavator- उत्खनक ।

Exchange- सटही, विनिमय ।

Exchange Counter- सटही घर ।

Exchange Post Office- विनिमय हुलाक ।

Excise Duty- अन्तःशुल्क ।

Executive- कार्यपालिका, कार्यकारिणी ।

Executive Engineer- कार्यपालक इन्जिनीयर ।

Expert- विशेषज्ञ ।

Export- निकासी, निर्यात ।

Extension- विस्तार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



# F

Fact- तथ्य ।
Factory- कारखाना ।
Faculty- महाविभाग ।
Family- परिवार ।
Farm- फार्म ।
Fee- शुल्क ।
Fellow- विद्वान् सदस्य ।
Fellowship- विद्वत्वृत्ति ।
Field Assistant- क्षेत्र सहायक ।
Field excavator- क्षेत्र उत्खनक ।
Field Marshal- महासेनाधिपति ।
Fieldman- नाइके ।
Field Office- क्षेत्र कार्यालय ।
File- मिसिल, कागजात, स्रेस्ता, नत्थी ।
File Cabinet- मिसिल-दराज ।
Film- फिलिम; चित्र ।
Final- अन्तिम, निर्णायक, आखिरी ।
Finance- अर्थ, वित्त ।
Finger Print Bureau- औंठा जाँच विभाग ।
Fire Extinguisher- आगो निभाउने ।
First-aid- प्राथमिक उपचार ।
First Secretary- प्रथम सचिव ।
Fiscal- आर्थिक, वित्तीय ।
Fiscal Management- वित्तीय व्यवस्थापन ।
Fiscal Officer- राजस्व अधिकृत, वित्तनियन्त्रक, वित्तीय अधिकृत ।
Fishery- मत्स्यपालन ।
Fish Farm- मत्स्य फार्म ।
Fitter- मिस्त्री, कालिगड ।
Flight- उडान ।
Footwear Project- जुत्ता निर्माण परियोजना ।
Foreign- परराष्ट्र ।
Foreign Exchange- विदेशी विनिमय ।
Foreign Post Office- वैदेशिक हुलाक ।
Foreman- नाइके ।
Forest- वन ।
Forester- वनरक्षक ।
Forest Guard- वनपाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Forest Officer- वनाधिकृत ।
Forestry- वनविज्ञान ।
Foreword- प्राक्कथन ।
Form- फर्म, फाराम ।
Formula- सूत्र ।
Fund- कोष ।
Furniture- फर्निचर, सजावट ।

## G

Garage- मोटरखाना ।
Gazette- राजपत्र ।
Gazetted- राजपत्राङ्कित ।
General- महारथी ।
Generalization- सामान्यीकरण, एकीकरण ।
General Manager- महाप्रबन्धक ।
General Post Office- गोश्वारा हुलाक ।
Generator- जनयित्र, विजुलीकारक ।
Geologist- भूगर्भविज्ञ ।
Governor- महापाल (राष्ट्र-बैङ्कका), राज्यपाल ।
Grading- वर्गीकरण ।
Graduate- स्नातक ।
Graph- विन्दुरेखा ।
Gratuity- उपदान ।
Group- समूह, समुदाय ।
Guarantee- जमानत, जमानी ।
Guard of Honour- सम्मान-गारद ।
Guess- अनुमान ।
Guest- अतिथि, पाहुना ।
Guest-house- अतिथि गृह, पाहुनाघर ।
Guide- प्रदर्शक, अगुवा ।
Guide book- प्रदर्शन पुस्तक, प्रदर्शिका ।
Gynaecologist- नारी रोग-विज्ञ ।
Gynaecology- नारी-रोग-विज्ञान ।

## H

Handicraft- हस्तशिल्प ।
Handwriting- हस्तलिपि ।
Head- प्रमुख, मुख्य, प्रधान ।
Head Constable- प्रहरी हवलदार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Head Master- प्रधानाध्यापक ।
Head post Office- मुख्य हुलाक अड्डा ।
Head Quarter- प्रधान कार्यालय ।
Health- स्वास्थ्य ।
Health Assistant- स्वास्थ्य सहायक ।
Health Educator- स्वास्थ्य शिक्षक ।
Herbal farm- जडीबूटी फार्म ।
Herbal Trading- जडीबूटी व्यापार ।
High Court- उच्च अदालत ।
High School- माध्यमिक विद्यालय ।
Honorarium- पारिश्रमिक ।
Honorary- अवैतनिक, सम्मानित, मानार्थ ।
Honorary Degree- सम्मानोपाधि ।
Honours- विशिष्टता ।
Honours Course- विशिष्ट पाठ्यक्रम ।
Horizon- क्षितिज ।
Horn- ध्वनियन्त्र ।
Horse Power- घोडाशक्ति, अश्वशक्ति ।
Horticulture- उद्यानविज्ञान, फलफूलविज्ञान ।
Horticulturist-उद्यानविज्ञ, फलफूलविज्ञ ।
Hospital- अस्पताल, औषधालय ।
Hostess- परिचारिका ।
Hotel- आवासगृह, भोजनालय ।
Housekeeping- गृहसम्भार ।
Hydrography- जलविवरण ।
Hydrology- जलविज्ञान ।
Hygiene- आरोग्यशास्त्र ।
Hysteria- मूर्छा रोग ।

## I

Illegal- अवैध, गैरकानूनी ।
Immigration- अध्यागमन ।
Import- पैठारी, आयात ।
Incentive- प्रोत्साहन ।
Inch- इन्ची, इन्च ।
In-charge- मुख्य, कार्यवाहक ।
Income- आय, आम्दानी ।
Income-tax- आयकर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Index- अनुक्रमणिका, सूचीपत्र ।
Index Number- सूचीसंख्या ।
Industry- उद्योग ।
Inflation- मुद्रास्फीति ।
Ingot- डल्लो ।
Informant- सूचक ।
Information - सूचना ।
Initiative- अगुवापन, चासो ।
Injection- सुई (लगाउने, दिने) इन्जेक्शन ।
Insecticide- कीटनाशक ।
In-Service Training- सेवाकालीन प्रशिक्षण ।
Inspection Bureau- निरीक्षण विभाग ।
Inspector- निरीक्षक, जाँचकी ।
Inspector General of Police- प्रहरी महानिरीक्षक, प्रहरी महापाल ।
Inspector of Police- प्रहरी निरीक्षक ।
Institute of public Administration- जनप्रशासन संस्थान ।
Institution- संस्था ।
Instructor- शिक्षक, प्रशिक्षक ।
Intelligence Officer- गुप्तचर अधिकृत ।
Intermediate College- उपस्नातक महाविद्यालय, प्रमाणपत्र विद्यापीठ ।
Internal Audit- आन्तरिक लेखापरीक्षण ।
Internal Auditor- आन्तरिक लेखापरीक्षक ।
Interpreter- दोभाषे ।
Investment- लगानी ।
Invoice- चलानी बिल ।
Iron and Steel Indudstries- फलाम तथा इस्पात उद्योग ।

## J

Job Description- कार्यविवरण ।
Joint Secretary- सहसचिव ।
Journal- सामयिक पत्रिका ।
Journalist- पत्रकार ।
Journalism- सम्पादनकला, पत्रकारिता ।
Junior- नायब, सानो ।
Junior Mechanics- नायब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



मिस्त्री ।

Junior Technician- नायब प्राविधिज्ञ ।

Jute Mills- सनपाट कारखाना ।

## K

Keeper- रक्षक ।

Kinder-garten- शिशु पाठशाला ।

Knowledge- ज्ञान, बोध, जानकारी ।

## L

Laboratory- प्रयोगशाला ।

Labour- मजदूर, ज्यामी, श्रम ।

Language- भाषा ।

Lapse- म्याद भुक्तान ।

Law- कानून ।

Lease- ठेकबन्धक ।

Lecture- व्याख्यान ।

Lecturer- उपप्राध्यापक ।

Ledger- स्याहा, लेखाबही ।

Legal- कानूनी ।

Leiftynant- सहायक सेनानी ।

Letter Box- पत्रमञ्जूषा, चिठी-बाकस ।

Letter of Credit- एल. सी., बैनाखाता ।

Letter of Recall- वापसीपत्र, खारेजीपत्र ।

Level- स्तर, तह ।

Liabilities- दायित्व ।

Liaison Officer- सम्पर्क अधिकृत ।

Library- पुस्तकालय ।

Librarian- पुस्तकाध्यक्ष, ग्रन्थपाल ।

Licence- अनुमतिपत्र ।

Lien- पदाधिकार ।

Light- तेज, ज्योति ।

Limited- सीमित ।

Line- पंक्ति, रेखा ।

Linguistic- भाषाविज्ञान ।

Liquidation- विलीनीकरण ।

Liquidator- समापक ।

List- सूची ।

Literature- साहित्य ।

Literary- साहित्यिक ।

Lithographer- लिथोकार ।

Livestock- Improvement- वस्तुभाउ सुधार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Loading– भर्नु, लाद्नु ।
Logic– तर्कशास्त्र, तर्कशक्ति ।

# M

Machine– यन्त्र, मसिन ।
Machinery– यन्त्र, मसिन ।
Mail– डाँक ।
Major– मेजर, सेनानी ।
Major General– उपरथी ।
Malaria– औलो ।
Malaria Analyst– औलो विश्लेषक ।
Management– व्यवस्था, प्रबन्ध ।
Manager– व्यवस्थापक, प्रबन्धक ।
Manual– दिग्दर्शन ।
Manufactures Private Ltd– तयारी सामान सीमित निजी कम्पनी ।
Manuscript– पाण्डुलिपि, गुरुकापी ।
Map– नक्शा ।
Mason– डकर्मी ।
Master Plan– गुरु योजना ।
Mechanic– कालिगड, मिस्त्री ।
Medal– तक्मा, पदक ।
Medical– स्वास्थ्यविज्ञान, आरोग्यविज्ञान ।
Medical College– स्वास्थ्यविज्ञान महाविद्यालय ।
Medical Science– आरोग्यविज्ञान, स्वास्थ्यविज्ञान ।
Memo– याददाश्त, टिप्पणी, सम्झौटो ।
Memorandum– प्रबन्धपत्र, स्मृतिलेख ।
Metallurgist– धातुविज्ञ ।
Meteorologist– जलवायुविज्ञ ।
Meteorology– जलवायु-विज्ञान ।
Meteorological– जलवायुविज्ञानसम्बन्धी ।
Micro– अणु, सूक्ष्म ।
Micro Biologist– जीवाणुविज्ञ ।
Microscope– सूक्ष्मविन ।
Microscopist– सूक्ष्मविनविद् ।
Middle– निम्न माध्यमिक (पाठशाला, विद्यालय) ।
Migration– बसाइँ सर्नु ।
Mike– माइक, ध्वनियन्त्र ।
Military– सेना, फौज, सैनिक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Mills– कलघर, कारखाना ।
Mine– खानी ।
Mining Engineer– खानी-इन्जिनीयर ।
Minister– मन्त्री ।
Minute Book– कार्यबही ।
Minutes– विवरण ।
Mission– नियोग ।
Mobile– घुम्ती ।
Monetary Policy– मुद्रा-नीति ।
Money Order– धनादेश ।
Monopoly– एकाधिपत्य, एका-धिकार ।
Motor Cycle– भ्याटभ्याटे, मोटर साइकल ।
Museum– संग्रहालय ।
Muster Roll– हाजिर किताब ।

## N

Name Card– नामपत्र ।
Name Plate– नामपाता, नाम-पाटी ।
National– राष्ट्रिय ।
National Trading Limited– राष्ट्रिय व्यापार कम्पनी, राष्ट्रिय व्यापार निगम ।
News Agency– समाचार-समिति ।
Nib– टाँका, निब ।
Non-Gazetted– राजपत्र अन-ङ्कित ।
Note– टिप्पणी, नोट (मुद्रा-सम्बन्धी) ।
Notice– सूचना, विज्ञप्ति ।
Notice Board– सूचनापाटी ।
Nurse– नर्स, धाई, उपचारिका, सुसारे ।
Nursing Section– धाईशाखा, उपचारिका शाखा ।

## O

Observation– पर्यवेक्षण ।
Observation Chart– पर्यवे-क्षण तालिका ।
Observation Tour– पर्यवे-क्षण-भ्रमण वा दौडाहा ।
Observatory– बेधशाला ।
Office– कार्यालय, अड्डा ।
Office of Controller of

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Post Offices- हुलाक नियन्त्रक कार्यालय ।

Officer- अधिकृत ।

Officer-in-Charge- अड्डा-प्रमुख ।

Office Secretary- कार्यालय-सचिव ।

Office Superintendent- कार्यालय उपरीक्षक ।

Office Supervisor- कार्यालय सुपरीक्षक ।

Officiating- कायममुकायम ।

On-the-job Training- कार्यस्थ तालीम वा प्रशिक्षण ।

Operetion- चालन, चिरफार ।

Operation Branch- चिरफार-शाखा ।

Operation Theatre- चिर-फारघर ।

Operator- चालक ।

Oral- मौखिक ।

Order- आदेश ।

Ordinance- अध्यादेश ।

Organisation- सङ्गठन ।

Organisation and Method- संगठन र कार्यविधि ।

Organisor- सङ्गठक, प्रवन्धक ।

Outdoor- बाहिरी ।

Outdoor Patient Section- बाहिरी मदोरु शाखा, बाहिरी बेरामी शाखा ।

Overseer- ओभरसियर ।

Overtime- बढी समय ।

## P

Packer- पुलिन्दाकार ।

Page- पृष्ठ, पातो ।

Painter- चित्रकारी, चित्रकार ।

Pamphlet- पुस्तिका ।

Paper weight- ढुङ्गी, कागत-ढुङ्गी ।

Par- सम, तुल्य ।

Paragraph- अनुच्छेद, प्रकरण ।

Parcel- पुलिन्दा, पार्सल ।

Parity- समानता ।

Par Rate- समदर ।

Par Value- सममूल्य ।

Pass- पास, पारित ।

Passport- राहदानी ।

Patron- संरक्षक ।

Patent- एकाधिकार ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Pathologist- रोग-निदानविज्ञ ।
Pathology - रोग निदान ।
Patient- बिमारी, मदौरु ।
Pay Commission- तलब आयोग ।
Payment- भुक्तानी ।
Pay-scale-तलबमान ।
Pencil- सीसाकलम ।
Penholder- होल्डर कलम ।
Pension- निवृत्तिभरण ।
Peon- पाले, टहलुवा ।
Peon Book- भरपाई किताब ।
Performance Rating- कामजांच ।
Permanent Mission- स्थायी नियोग ।
Personal- स्वकीय ।
Personal Assistant- निजी सहायक ।
Personnel- कर्मचारी ।
Personnel Administration- कर्मचारी प्रशासन ।
Personnel Management- कर्मचारी व्यवस्था ।
Per Value- मूल्यको हिसावले वा मा ।
Petrol- पेट्रोल ।
Petroleum- पेट्रोल ।
Pharmaceutice- औषधी प्रशोधन-विज्ञान ।
Pharmacist- भैषज्यविज्ञ ।
Pharmacologist- औषधीविज्ञ ।
Pharmacy- औषधालय, औषधी पसल ।
Phone- फोन ।
Photo- फोटो, छवि ।
Photographer- फोटोकार, छविकार ।
Photography- फोटोविज्ञान, फोटोकरण ।
Physician- डाक्टर ।
Physical- भौतिक, शारीरिक ।
Physics Laboratory- भौतिक प्रयोगशाला ।
Piggery- सुँगुरपालन, सुँगुरखोर ।
Pin- आलपिन ।
Pin Case- पिनदानी ।
Plan- योजना ।
Plant Pathologist- बिरुवा, रोग विज्ञ ।
Plate- रिकापी, पाटी, पट्टी, पातो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Pleader– अभिवक्ता, पैरवीदार ।
Plumber– नलमिस्त्री ।
Plywood and Bobin– पत्रे-फल्याक र लट्टाई ।
oint of order– नियमापत्ति ।
ole– खामो, लट्ठा, खम्बा ।
Police– प्रहरी ।
Police Head Quarter– प्रहरी प्रधान कार्यालय ।
Polling Centre– मतदान-केन्द्र ।
Porter– भरिया ।
Post– चौकी ।
Postage Stamp– डाकटिकट ।
Post-box– पत्रपेटी, चिठीबाकस, हुलाकबाकस ।
Poster– भित्तेपत्र ।
Postal Cooperative– सहकारी हुलाक ।
Post Graduate– स्नातकोत्तर, अधिस्नातक ।
Post-office– हुलाकघर ।
Postal Services– हुलाक सेवा ।
Postman– हल्कारा ।
Post Master– हुलाक हाकिम, पोस्टमास्टर ।
Poultry Farm– कुखुरा फर्म ।
Post Office– हुलाक ।
Power House– बिजुलीघर ।
Power Station– विद्युत्केन्द्र ।
Preface– प्रस्तावना, भूमिका ।
Preparatory– तयारी ।
Prerogative– विशेषाधिकार ।
Pre-Service Training– सेवा प्रवेश-प्रशिक्षण वा तालीम ।
Press– छापाखाना ।
Press Attache– समाचार सहचारी ।
Primary– प्राथमिक ।
Principal– प्रधानाचार्य ।
Private– निजी ।
Private Limited– निजी सीमित ।
Pro-Chancellor– सह-कुलपति ।
Proclamation– घोषणा ।
Procurement Management– संचय तथा उपलब्धि व्यवस्था ।
roduction– उत्पादन ।
products– उत्पादन ।
Productivity– उत्पादनशीलता ।
Professor– प्राध्यापक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Programme– कार्यक्रम ।

Programme Executive– कार्यक्रम चालक ।

Project– परियोजना, योजना ।

Projector– परियोजक ।

Promissory Note– भाकापत्र, प्रतिज्ञापत्र ।

romotion– बढुवा, पदोन्नति ।

Proprietor– स्वामी, मालिक ।

Proof Reader– रुजूकार ।

Property– सम्पत्ति ।

Prosecutor– अभियोक्ता, फौदार ।

Protocol– सन्धिपत्र, मूललिपि, शिष्टाचार ।

Protocol Divison– शिष्टाचार महाशाखा ।

Pro-Vice Chancellor– सह-उपकुलपति ।

Public Administration– जनप्रशासन ।

Public Service Commission– लोकसेवा आयोग ।

Publicity– प्रचार ।

Public Relations– जन-सम्पर्क ।

Public Works– सार्वजनिक कार्य ।

Publisher– प्रकाशक ।

Pump– पम्पू, पचका ।

Punching Machine– प्वाल-पार्ने मसिन, छेड्वा ।

Purchasing Power– क्रय-शक्ति ।

## Q

Quality– गुण ।

Quantity– मात्रा, परिमाण ।

Quarterly– त्रैमासिक, तीनमहीने ।

Queue– लाम, हार ।

Queue Leader– लाम नाइके ।

Quorum– गणपूरक संख्या ।

Quotation– दरभाउपत्र ।

## R

Radio– रेडियो ।

Ranger– वनसंरक्षक ।

Rank– दर्जा, पदवी ।

Rank Badge– पदवी-चिह्न ।

Rate– दर ।

Reader– सहप्राध्यापक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Reading-room– वाचनालय ।
Reconstruction– पुनर्निर्माण ।
Record– अभिलेख, रेकर्ड ।
Recorder– अभिलेखक ।
Record Player– फोनबाजा ।
Record Section– किताब फाँट ।
Rector– शिक्षाध्यक्ष ।
Red Cross– सेवासंस्थान ।
Refinery Centre– प्रशोधन-केन्द्र ।
Refresher Course– थप तालीम ।
Refrigerator– रेफ्रिजेटर ।
Register– दर्ता पुस्तक ।
Registrar- रजिस्ट्रार, कुलसचिव ।
Registration– दर्ता, रजिस्ट्रेशन ।
Registry– रजिस्टरी ।
Regular– रुजू, नियम ।
Regulation– विधि, विनियम, विधान (विश्वविद्यालयतर्फ) ।
Renew– नवीकरण ।
Reporter– प्रतिवेदक, जाहेरीवाला, रपोटकार, सम्वाददाता ।
Research– अन्वेषण, अनुसन्धान ।
Research- fellow– अनुसन्धान वृत्तिघर ।
Reserve– जगेडा ।
Reservoir– पोखरी, भण्डार ।
Residential Visa– आवासीय प्रवेशाज्ञा ।
Resolution– प्रस्ताव ।
Resource– साधन ।
Resources Survey– साधन सर्वेक्षण ।
Rest House– विश्रामगृह, आरामघर ।
Retired– अवकाश प्राप्त ।
Restaurant– चमेनाघर ।
Revenue– राजस्व ।
Rice,Oil and Flour Mills– चामल, तेल तथा पीठो कारखाना ।
Road Cess– सवारी कर, बाटोतिरो, सडक महसूल ।
Roller– बेल्नी ।
Routine– दैनिक कार्यक्रम ।
Royal– शाही, राजकीय ।
Royal Drug Research Lab.– शाही औषधी अनुसन्धान प्रयोगशाला ।
Royal Botanical Garden–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



शाही वनस्पति उद्यान ।

**Royal Guard**– शाही रक्षक, शाही गारद ।

**Royal Nepal Airlines Corp.**– शाही नेपाल वायुसेवा निगम ।

**Royalty**– रायल्टी, लेखकस्व, लाभांश ।

**Rubber Stamp**– रबर छाप ।

**Rule**– नियम, रूल ।

**Runner**– हुलाकी ।

## S

**Salt Trading**– नून-व्यापार ।

**Sanctuary**– सुरक्षित स्थल ।

**Sanitarian**– सफाइ प्राविधिक ।

**Sanitary**– सफाइसुग्घर ।

**Sanatorium**- स्वास्थ्य-निवास ।

**Saving**- बचत, बचौट ।

**Saw Mill**– चिरानी कारखाना ।

**Scale**– मान ।

**Schedule**– परिशिष्ट, अनुसूची ।

**Scheme**– परिकल्पना ।

**School**– पाठशाला, विद्यालय ।

**Science**– विज्ञान ।

**Scientific**– वैज्ञानिक ।

**Scientist**- वैज्ञानिक ।

**Script**– लिपि ।

**Scout**– बालचर ।

**Second Secretary**– द्वितीय सचिव ।

**Secretary**– सचिव ।

**Secretariat Training**– कार्यालय प्रशिक्षण ।

**Section**– शाखा, फांट ।

**Section Head**– शाखा प्रमुख ।

**Section-in-Charge**– शाखा कार्यवाहक ।

**Section Officer**– शाखा अधिकृत ।

**Security**– सुरक्षा, धितो ।

**Security Council**– सुरक्षा परिषद् ।

**Selling Rate**– बिक्रीदर ।

**Senate**– महासभा ।

**Seminar**– गोष्ठी ।

**Senior**– जेठो, महा, ठूलो, बडा ।

**Senior Accountant**– बडा लेखापाल ।

**Serial Number**– सिलसिलेवार सङ्ख्या, क्रमसङ्ख्या ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Session- अधिवेशन, सत्र ।

Settlement Officer- सर्वेक्षण अधिकृत ।

Share- हिस्सा, भाग ।

Share Holder- हिस्सेदार ।

Sheet Roll- सेवा अभिलेख ।

Signal- सङ्केत ।

Signature- हस्ताक्षर ।

Signboard- नामपाटी ।

Silk Serum Specialist- रेशम-विशेषज्ञ ।

Size- आकार, नापो ।

Soil Chemistry- माटो रसायन-विज्ञान ।

Soil Science- माटो-विज्ञान ।

Soil Studies- माटो-अध्ययन ।

Soldier- सिपाही ।

Sorter- छनौटकार ।

Source of Material- सामग्री स्रोत ।

Sound- ध्वनि ।

Sound Technician- ध्वनि प्राविधिज्ञ ।

Soundner- स्मृतिचिह्न, सम्झटो ।

Specialist- विशेषज्ञ ।

Spelling- वर्णविन्यास, हिज्जे ।

Sprayer- पचका, पिचकारी ।

Spray Man- पिचकारीदार ।

Staff- कर्मचारीवर्ग ।

Staff room- कर्मचारी-कोठा ।

Stamp- छाप, टिकट, मोहर ।

Stamper- टाँचा लगाउने ।

Stamp Pad- छापदानी ।

Stamp Vendor- टिकट विक्रेता ।

Sland- बिसौना ।

Standard- स्तर ।

Standing Committee- स्थायी समिति ।

State- देश, राज्य ।

Statement- विवरण, वक्तव्य, बयान ।

State Trading- राज्य व्यापार ।

Station- स्टेशन, टेसन, बिसौनी ।

Stationery- मसलन्द ।

Statute- कानून, परिनियम ।

Statutory- संवैधानिक ।

Statistician- तथ्याङ्कविज्ञ ।

Stencil- स्टेन्सिल ।

Stenographer- सङ्केत लेखक, स्टेनोग्राफर ।

Sterilisation- शोधन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Stitch- नत्थी ।
Stitching Machine- नत्थी यन्त्र ।
Stock- राशि ।
Stock Depot- जिन्सीखाना ।
Store- भण्डार ।
Store Keeper- भण्डाररक्षक, भँडारे ।
Storeman- भण्डारी, भण्डारे ।
Store Office- जिन्सी कार्यालय ।
Studio- कलामन्दिर, कलाकक्ष ।
Sub- नायब, छोटी, सानो ।
Sub Accountant- नायब लेखापाल ।
Sub Inspector- सहायक निरीक्षक ।
Sub Inspector of Police- प्रहरी नायब निरीक्षक ।
Sub Post Office- छोटी हुलाक ।
Subsection- फाँट ।
Sub Stituted- स्थानापन्न ।
Superintendent- उपरीक्षक ।
Superintendent of Police- प्रहरी उपरीक्षक ।
Supervisor- सुपरीक्षक ।
Supreme Court- सर्वोच्च अदालत ।
Survey- सर्वेक्षण, नापी ।
Surveyor- सर्बेक्षक ।
Suspension- स्थगन, निलम्बन ।
Supervision- सुपरीक्षण ।
Supply- पूर्ति ।
Surgeon- चिरफार डाक्टर ।
Surgery- चिरफार ।
Surplus बढी, बचत ।
Sweeper- कूचीकार ।
Symbol- प्रतीक ।
Symposium- अधिगोष्ठी ।
Syndicate- कार्यकारिणी परिषद् ।
System- प्रणाली ।

## T

Table- टेबिल, तालिका ।
Tabulator- तालिकाकार ।
Tape- टेप फित्ता ।
Tape Recorder- टेपबाजा, टेपरिकर्डर ।
Task List- कार्यसूची ।
Tax- कर ।
Teacher- अध्यापक, शिक्षक ।
Team- दल, टोली, जत्था ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Technic– सीप, प्रविधि, हत्योडी ।
Technical– प्राविधिक ।
Technical Training– प्राविधिक प्रशिक्षण, प्राविधिक तालीम ।
Technisian– प्राविधिज्ञ ।
Telecommunications– आकाशवाणी, दूर संचार, यान्त्रिक संचार ।
Telegram– तार ।
Timber Corporation– काठगोदाम ।
Telegraph तार ।
Telephone– फोन, टेलिफोन ।
Teleprinter– तारलेखो ।
Telescope– दूरबीन, दूरवीक्षण ।
Temporary– अस्थायी ।
Tender– घटाघट, बढाबढ (अवस्था हेरी) ।
Term– म्याद, अवधि, पालो, शर्त ।
Textile– कपडा ।
Theatre– नाचघर ।
Third Secretary– तृतीय सचिव ।
Ticket– टिकट ।
Time Deposit– म्याद बरौट ।
Time Scale– समयमान ।
Time Table– समयतालिका ।
Tobacco Company– सुर्ती उद्योग कम्पनी ।
Tour– दौडाहा, भ्रमण ।
Tourist Visa– पर्यटक प्रवेशाज्ञा ।
Tower– बुर्जाघर (हवाईअड्डाको) ।
Town Planning– नगरयोजना ।
Tractor– ट्रेक्टर ।
Trade– व्यापार, वेपार ।
Trade mark– व्यापारचिह्न वेपारचिनु ।
Trafic– आवतजावत, आवागमन, सवारी ।
Training– प्रशिक्षण, तालीम ।
Training Centre– प्रशिक्षण केन्द्र, तालीम केन्द्र ।
Transcription– आलेखन ।
Transfer– स्थानान्तरण ।
Translation– अनुवाद, उल्था ।
Translator– अनुवादक, उल्थागरुवा ।
Transitional– संक्रमणकालीन ।
Transit– पारवहन ।
Transmission Line– बिजुलीको लाइन ।
Transmitter– संचार-यन्त्र ।
Transport– सवारी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**Travel Agency**– भ्रमण प्रतिनिधि कार्यालय ।

**Traveller's Cheque**– यात्री चेक ।

**Treasurer**- कोषाध्यक्ष, खजान्ची ।

**Treasury** - तोषाखाना, ढुकुटी, कोष, खजाना ।

**Treasury Bill**– सरकारी ऋणपत्र ।

**Treaty**– सन्धि ।

**Treaty of Trade and Transit**–व्यापार पारवहन सन्धि ।

**Tribunal**– विशेष अदालत ।

**Trust**– गुठी ।

**Trustee**– गुठीयार ।

**Tubewell**– नलधारा ।

**Turbine**- बिजुलीघट्ट ।

**Type**– मुद्रा, टाइप, टङ्कन ।

**Type Writing** - टाइप गर्ने ।

**Type Writing Instructor**– टाइप–मास्टर ।

**Type Writer**– टइप मसिन ।

**Typist**– टाइपिष्ट ।

## U

**Under Graduate**-उपस्नातक ।

**Under Secretary**– उपसचिव ।

**Union** सङ्घ ।

**Unit**– एकाइ, मात्रा ।

**University**– विश्वविद्यालय ।

**Uptodate**– अद्यावत ।

## V

**Veterinary** पशुचिकित्सा ।

**Veterinary Doctor**– पशु-चिकित्सक ।

**Veterinary Hospital**– पशु-चिकित्सालय ।

**Vice-Chancellor**- उप-कुलपति ।

**V.I.P. Room**– विशिष्ट विश्रामालय ।

**V.I.P.**- विशिष्ट व्यक्ति ।

**V.I.P. Treatment**- विशिष्ट सत्कार, भारदारी सत्कार ।

**Visa**– प्रवेशाज्ञा ।

**Viva Voce**– मौखिक परीक्षा ।

**Vocation**– व्यवसाय ।

**Vocabulary**- शब्दभण्डार, शब्दढुकुटी ।

**Voltage** भोल्टेज ।

**Voucher**– बीजक, भाउचर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



## W

Wagon- डिब्बा ।

Ward- लड (अस्पतालमा), ओडा ।

Warehouse- गोदाम ।

Wasteland- मरुभूमि, बाँझो जमीन ।

Waste Paper Basket- घूर-डाली, कसिंगरडाली ।

Watch- घडी, पर्खनु ।

Watchman- पहरेदार, पाले, चौकीदार ।

Water Turbine- पानीघट्ट ।

Wealth- धन, सम्पत्ति ।

Welding- रसाउनु, रसाएर जोड्नु ।

Welfare Officer- कल्याण अधिकृत ।

Whistle- सिटी, सिटीको आवाज ।

Whole Sale-थोक बिक्री, [illegible] बिक्री ।

Wildlife Management- वन्यजन्तु व्यवस्था ।

Wing- पक्ष, पाखो, शाखा ।

Wire- तार ।

Wireless- आकाशवाणी ।

Wireless Set- आकाशवाणी सरसामान ।

Work Plan- कार्ययोजना ।

Workshop- कारखाना, ज्यासल ।

## X

Xebec- तीन मस्तूलको जहाज ।

X-Ray- एक्सरे ।

## Y

Yak- चौंरी गाई ।

Yearly- वार्षिक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



**Young**– जवान, युवा ।

**Youth**– युवावस्था, युवक-समुदाय ।

**Yours**– भवदीय, तपाईंको ।

## Z

**Zebra**– घोडगधा ।

**Zone**– अञ्चल ।

**Zonal**– अञ्चल ।

**Zonal Chief**– अञ्चल प्रमुख अञ्चल अधिकृत ।

**Zonal Commisioner**– अञ्चलाधीश ।

**Zonal Head**– अञ्चल प्रमुख

**Zonal Officer**-अञ्चल अधिकृत

**Zoo**– चिडियाखाना ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu